खगेन्द्रप्रसाद लुइटेलको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र
संकाय अन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर दोस्रो वर्षको दसौं पत्रको
प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र

द्रौपदी सुवेदी
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०७१

शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षका विद्यार्थी श्री द्रौपदी सुवेदीले **खगेन्द्रप्रसाद लुइटेलको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्यप्रति म पूर्ण सन्तुष्ट छु र यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७१/११/२८

.....

प्रा.डा.राजेन्द्रप्रसाद पौडेल

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ ।

स्वीकृतिपत्र

त्रिभुवन विशवविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागकी विद्यार्थी श्री द्रौपदी सुवेदी स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ प्रयोजनका लागि तयार पार्नुभएको **खगेन्द्रप्रसाद लुइटेलको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

१. प्रा.डा. देवीप्रसाद गौतम .....

(विभागीय प्रमुख)

२. प्रा.डा. राजेन्दप्रसाद पौडेल .....

(शोधनिर्देशक)

३. नरेन्द्रराज पौडेल .....

(बाह्य परीक्षक)

मिति २०७१/११/२८

कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु प्रा.डा. राजेन्द्रप्रसाद पौडेलज्यूको प्राज्ञिक निर्देशनमा तयार पारेकी हुँ । आफ्नो अति व्यस्त जीवनमा पनि अमूल्य समय दिई मलाई समुचित निर्देशन दिएर लेखनमा अभिप्रेरित गर्नुहुने शोधनिर्देशक श्रद्धेय गुरु प्रा.डा. राजेन्द्रप्रसाद पौडेलज्यूप्रति सर्वप्रथम म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यस शोधकार्यका क्रममा आवश्यक सामग्री सङ्कलन गरी उपलब्ध गराउनाका साथै आफ्नो व्यस्ततापूर्ण जीवनमा पनि उचित समय निकालेर यथावसर मौखिक तथा लिखित रूपमा आवश्यक जानकारी उपलब्ध गराई सहयोग गर्नुहुने शोधनायक खगेन्द्रप्रसाद लुइटेल र उहाँको परिवारजनप्रति म आभारी छु र यस कार्यका लागि उहाँहरूलाई हार्दिक धन्यवादज्ञापन गर्दछु ।

अध्ययनमा सधैँ प्रेरित गरी मलाई यस अवस्थासम्म आइपुग्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने मेरा पुजनीय बुबा गोपालप्रसाद सुवेदी, आमा सीता सुवेदी, गुरुजन तथा परिवारका सम्पूर्ण सदस्यप्रति आभार प्रकट गर्दछु । यसैगरी उचित समय मिलाई शोधनायकका बारेमा लिखित जानकारी दिई मेरो यस शोधकार्यमा महत्वपूर्ण सहयोग पुऱ्याउनुहुने विभिन्न क्षेत्रका अति विशिष्ट आदरणीय महानुभावहरू शोधनायक खगेन्द्रप्रसाद लुइटेलका बुबा इन्द्रप्रसाद लुइटेल, आमा योगमाया लुइटेल, पूर्वआई.जी.पी. खड्गजीत बराल, पूर्वाञ्चल विश्वविद्यालयका स्नातकोत्तर तहका शोधार्थी गोपीकृष्ण ढुङ्गाना, तेरथुम आम्बुङ निवासी पूर्वप्रशासक चन्द्रबहादुर कार्की, वरिष्ठ साहित्यकार डा. ध्रुवचन्द्र गौतम, साहित्यकार बखतबहादुर थापा, त्रि.वि.का पूर्वशिक्षाध्यक्ष प्रा.डा. महेन्द्रसिंह, पूर्वशिक्षामन्त्री तथा साहित्यकार मोदनाथ प्रश्रित, पूर्वविभागीय प्रमुख मोहनहिमांशु थापा, नेपाल सरकार शिक्षा मन्त्रालयका उपसचिव शिवप्रसाद उप्रेती, पूर्वए.आई.जी.पी. श्यामसिंह थापा, तेरथुम साब्ला निवासी साहित्यकार सूर्य सुवेदी, साहित्यकार तथा पूर्वप्रहरी निरीक्षक हरिभक्त बुढाथोकीप्रति कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी शोधनायका बारेमा मौखिक रूपमा आवश्यक जानकारी प्रदान गर्नुहुने परिशिष्ट खण्डमा समावेश गरिएका विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । यसका साथै यस कार्यमा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने मेरा सम्पूर्ण साथीहरूलाई हार्दिक धन्यवादज्ञापन गर्दछु ।

अन्त्यमा, यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग समक्ष पेस गर्दछु ।

.....

द्रौपदी सुवेदी

शैक्षिक सत्र : २०६८/०६९

क्रमाङ्क : १७८

मिति : २०७१/११/१९

विषयसूची

शोधनिर्देशकको मन्तव्य

स्वीकृतिपत्र

कृतज्ञताज्ञापन

सङ्क्षेपीकृत शब्दसूची

पहिलो परिच्छेद : शोधपरिचय

१.१ विषयपरिचय १

१.२ समस्याकथन ३

१.३ शोधकार्यको उद्देश्य ४

१.४ पूर्वकार्यको समीक्षा ४

१.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता ४०

१.६ शोधकार्यको सीमाङ्कन ४१

१.७ सामग्री सङ्कलनविधि ४१

१.८ शोधविधि ४१

१.९ शोधपत्रको रूपरेखा ४१

दोस्रो परिच्छेद : खगेन्द्रप्रसाद लुइटेलको जीवनी

२. विषयप्रवेश ४३

२.१ पारिवारिक पृष्ठभूमि ४३

२.२ जन्म, जन्मस्थान ४६

२.३ बाल्यकाल र स्वभाव ४६

२.४ शिक्षादीक्षा ४७

२.४.१ विद्यालयीय शिक्षा ४७

२.४.२ उच्चशिक्षा ५०

२.५ सामाजिक संस्कार ५२

२.५.१ उपनयन संस्कार ५३

२.५.२ विवाह संस्कार ५३

२.६ बसोबास र आजीविका ५३

२.७ पारिवारिक अवस्था ५४

२.७.१ शैक्षिक अवस्था ५४
२.७.२ आर्थिक अवस्था ५५
२.७.३ सामाजिक अवस्था ५६
२.८ कार्यक्षेत्रमा संलग्नता ५७
२.८.१ पेसागत संलग्नता ५७
२.८.२ राजनीतिक संलग्नता ६०
२.८.३ संस्थागत संलग्नता ६३
२.८.३.१ शैक्षिक-प्राज्ञिक संलग्नता ६३
२.८.३.२ साहित्यिक संलग्नता ६६
२.८.३.३ सामाजिक संलग्नता ६८
२.८.४ अनुसन्धान कार्यमा संलग्नता ६९
२.८.५ संस्थापन कार्यमा संलग्नता ७०
२.८.६ प्रवर्तन कार्यमा संलग्नता ७१
२.८.७ अतिरिक्त क्रियाकलापमा संलग्नता ७१
२.९ अन्तर्राष्ट्रिय क्षेत्रमा संलग्नता ७१
२.१० व्यक्तिगत रुचि ७२
२.११ व्यक्तिगत स्वभाव र बानीव्यवहार ७३
२.१२ भ्रमण ७७
२.१३ अविस्मरणीय क्षणहरू ७८
२.१४ सुखदुखका स्मरणीय क्षणहरू ८०
२.१५ जीवनदर्शन ८१
२.१६ साहित्यिक दृष्टिकोण ८३
२.१७ लेखन तथा प्रकाशन ८३
२.१७.१ लेखनका लागि प्रेरणा र प्रभाव ८४
२.१७.२ लेखनको प्रारम्भ र प्रकाशनको थालनी ८४
२.१८ प्रकाशित कृतिहरू ८५
२.१८.१ प्रकाशित पुस्तकाकार कृतिहरू ८५
२.१८.२ पत्रपत्रिका तथा पुस्तकमा प्रकाशित फुटकर लेखरचनाहरू ९१

२.१८.२.१ समालोचना ९१
२.१८.२.२ कृति समीक्षा १०२
२.१८.२.३ निबन्ध १०३
२.१८.२.४ प्रबन्ध १०६
२.१८.२.५ कविता १०७
२.१८.२.६ कथा १०८
२.१८.२.७ बालसाहित्यसम्बन्धी लेखरचनाहरू १०९
२.१८.३ अनलाइनमा प्रकाशित फुटकर लेखरचनाहरू ११२
२.१८.३.१ समकालीन साहित्य डट कममा प्रकाशित लेखरचनाहरू ११२
२.१८.३.२ पल्लव साहित्यिक ई पत्रिकामा प्रकाशित लेखरचनाहरू ११४
२.१९ भूमिका लेखन ११५
२.२० प्रकाशित एवं प्रसारित अन्तर्वार्ताहरू ११९
२.२१ व्यक्तित्व आलेख (फिचर) १२१
२.२२ शोधनिर्देशन १२१
२.२२.१ विद्यावारिधि शोधनिर्देशन १२२
२.२२.२ स्नातकोत्तर शोधनिर्देशन १२२
२.२३ कार्यपत्र प्रस्तुति १२७
२.२४ कार्यपत्रको टिप्पणी १३४
२.२५ सम्मान-अभिनन्दन तथा पुरस्कारहरू १३५

तेस्रो परिच्छेद : खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्व

३.१ विषयप्रवेश १४२
३.२ व्यक्तित्वका विभिन्न पाटाहरू १४२
३.२.१ शारीरिक व्यक्तित्व १४४
३.२.२ साहित्यिक व्यक्तित्व १४४
३.२.२.१ स्रष्टा व्यक्तित्व १४५
३.२.२.१.१ निबन्धकार व्यक्तित्व १४५
३.२.२.१.२ प्रबन्धकार व्यक्तित्व १४९
३.२.२.१.३ कवि व्यक्तित्व १४९

३.२.२.१.४ कथाकार व्यक्तित्व १५०
३.३.३.१.५ बालसाहित्यकार व्यक्तित्व १५१
३.२.२.१.६ अनुवादक व्यक्तित्व १५१
३.२.२.१.७ भाषिक व्यक्तित्व १५१
३.२.२.१.८ प्रवर्तक व्यक्तित्व १५३
३.२.२.१.८ नयाँ शब्दनिर्माता व्यक्तित्व १५४
३.२.२.२ द्रष्टा व्यक्तित्व १५४
३.२.२.२.१ समालोचक तथा समीक्षक व्यक्तित्व १५४
३.२.२.२.२ शैक्षिक-प्राज्ञिक व्यक्तित्व १५७
३.२.२.२.३ अनुसन्धाता तथा शोधविशेषज्ञ व्यक्तित्व १५८
३.२.२.२.४ डायस्पोराविज्ञ व्यक्तित्व १५९
३.२.२.२.५ साहित्यिक इतिहास लेखक व्यक्तित्व १६०
३.२.२.२.६ लोकवार्ताविज्ञानी व्यक्तित्व १६१
३.२.२.२.७ पाठ्यक्रम निर्माता व्यक्तित्व १६१
३.२.२.२.८ पाठ्यपुस्तक लेखक व्यक्तित्व १६२
३.२.२.२.९ सम्पादक तथा संशोधक-परिमार्जक व्यक्तित्व १६३
३.२.२.२.१० कार्यपत्र प्रस्तोता तथा टिप्पणीकार व्यक्तित्व १६४
३.२.२.२.११ शोध तथा सिर्जनापत्र निर्देशक व्यक्तित्व १६६
३.२.२.२.१२ भूमिका लेखक व्यक्तित्व १६७
३.२.३ साहित्येतर व्यक्तित्व १६९
३.२.३.१ शिक्षक तथा प्राध्यापक व्यक्तित्व १७०
३.२.३.२ साङ्गठनिक व्यक्तित्व १७१
३.२.३.३ सल्लाहकार व्यक्तित्व १७५
३.२.३.४ निर्णायक व्यक्तित्व १७५
३.२.३.५ अन्तर्वार्तादाता व्यक्तित्व १७५
३.२.३.६ प्रखर र स्पष्ट वक्ता तथा निर्भीक व्यक्तित्व १७६
३.२.३.७ राष्ट्रवादी व्यक्तित्व १७८
३.२.३.८ साहित्येतर लेखक व्यक्तित्व १७९
३.३ जीवनी, व्यक्तित्व र कृतित्वका बीच अन्तःसम्बन्ध १८०

चौथो परिच्छेद : खगेन्दप्रसाद लुइटेलको साहित्ययात्रा

४.१ परिचय १८३

४.२ खगेन्द्रप्रसाद लुइटेलको साहित्ययात्राको चरण विभाजन १८४

४.२.१ पहिलो चरण (२०२९ देखि २०५७ सम्म) १८४

४.२.१ दोस्रो चरण (२०५८ देखि यता) १८७

४.३ निष्कर्ष १९२

पाँचौं परिच्छेद : खगेन्द्रप्रसाद लुइटेलका समालोचनात्मक कृति, फुटकर समालोचना र समीक्षाहरूको अध्ययन

५.१ विषयप्रवेश १९४

५.२ समालोचनात्मक कृतिहरूको परिचयात्मक अध्ययन १९४

५.२.१ शोधविधि १९५

५.२.२ आधुनिक नेपाली समालोचना १९९

५.२.३ भाषासाहित्य सिद्धान्त २०४

५.२.४ कविता सिद्धान्त र नेपाली कविताको इतिहास २०७

५.२.५ पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त २१२

५.२.६ कविताको संरचनात्मक विश्लेषण २१५

५.२.७ लोकवार्ताविज्ञान र लोकसाहित्य २२२

५.२.८ नेपाली काव्य समालोचना २२८

५.२.९ नेपाली नाट्य समालोचना २३०

५.२.१० नेपाली निबन्ध समालोचना २३३

५.२.११ पाश्चात्य साहित्य सिद्धान्त २३५

५.२.१२ लोकसाहित्य परिचय २३८

५.२.१३ नेपाली उपन्यासको इतिहास २४०

५.३ फुटकर समालोचनाहरूको परिचयात्मक अध्ययन २४४

५.३.१ कविता विधासँग सम्बन्धित समालोचनाहरू २४५

५.३.२ संरचनावादसँग सम्बन्धित समालोचनाहरू २५४

५.३.३ सैद्धान्तिक समालोचनाहरू २५९

५.३.४ व्यक्ति र योगदानसँग सम्बन्धित समालोचनाहरू २६६

५.३.५ नाटक, एकाङ्कीसँग सम्बन्धित समालोचनाहरू २७१
५.३.६ उपन्यासविधासँग सम्बन्धित समालोचनाहरू २७४
५.३.७ कथाविधासँग सम्बन्धित समालोचनाहरू २७७
५.३.८ निबन्धसँग सम्बन्धित समालोचनाहरू २७९
५.३.९ लोकसाहित्यसम्बन्धी समालोचनाहरू २८२
५.३.१० इतिहाससँग सम्बन्धित समालोचनाहरू २८३
५.३.११ डायस्पोरासँग सम्बन्धित समालोचनाहरू २८५
५.४ पुस्तक समीक्षाहरूको परिचयात्मक अध्ययन २८७
५.५ निष्कर्ष २९२

छैटौँ परिच्छेद : खगेन्द्रप्रसाद लुइटेलका भाषाविज्ञान, कोश र व्याकरणका कृतिहरूको परिचयात्मक अध्ययन

६.१ विषयप्रवेश २९५
६.२ भाषाविज्ञानसँग सम्बन्धित पुस्तकहरूको परिचयात्मक अध्ययन २९५
६.२.१ ध्वनिविज्ञान र वर्णविज्ञान २९५
६.२.२ पहरी भाषा संस्कृति २९७
६.२.३ आधुनिक भाषाविज्ञान २९८
६.२.४ भाषाविज्ञानसँग सम्बन्धित समालोचनात्मक लेखहरूको परिचयात्मक अध्ययन ३०१
६.३ कोशसँग सम्बन्धित कृतिहरूको परिचयात्मक अध्ययन ३०३
६.३.१ नेपाली प्रकृति प्रत्यय कोश ३०३
६.३.२ नेपाली बृहत् शब्दकोश ३०४
६.३.३ कोशविज्ञान ३०४
६.४ व्याकरणसम्बन्धी पुस्तकको परिचयात्मक अध्ययन ३०६
६.५ निष्कर्ष ३०९

सातौँ परिच्छेद : खगेन्द्रप्रसाद लुइटेलका पाठ्यपुस्तकहरूको अध्ययन

७.१ विषयप्रवेश ३१०
७.२ विद्यालयतहका पाठ्यपुस्तकहरूको परिचयात्मक अध्ययन ३१०
७.२.१ हाम्रो नेपाली (नर्सरीदेखि कक्षा आठसम्म) ३१०
७.२.२ मेरो नेपाली किताब (नर्सरीदेखि कक्षा सातसम्म) ३१४

७.३ उच्च तहका पाठ्यपुस्तकहरूको परिचयात्मक अध्ययन ३१६
७.३.१ नेपाली एकाङ्की ३१७
७.३.२ नेपाली कविता ३१८
७.३.४ नेपाली कवि र कविता ३१९
७.३.५ नेपाली निबन्ध ३२०
७.३.६ नेपाली कविता र आख्यान ३२२
७.३.७ नेपाली गद्य, भाषासाहित्य र इतिहास ३२३
७.३.८ नेपाली गद्य र भाषासाहित्य ३२५
७.३.९ नेपाली कविता, नाटक र इतिहास ३२७
७.३.१० नेपाली काव्य र साहित्य ३२९
७.३.११ नेपाली भाषाव्याकरण र नाटक ३३०
७.३.१२ नेपाली गद्य ३३१
७.३.१३ प्रयोजनपरक विशेष नेपाली ३३३
७.३.१४ नेपाली गीत गजल भाग १ ३३४
७.४ विदेशी विश्वविद्यालयका पाठ्यपुस्तकहरुको परिचयात्मक अध्ययन ३३६
७.४.१ विषयपरिचय ३३६
७.४.२ पूर्वआधुनिक नेपाली साहित्यको इतिहास ३३९
७.४.३ आधुनिक नेपाली साहित्यको इतिहास (वि.सं. १९९१ पछि) ३४२
७.४.४ देवकोटापूर्वका नेपाली कविता ३४६
७.४.५ देवकोटाउत्तरका नेपाली कविता ३४९
७.४.६ मोहन कोइरालाउत्तरका नेपाली कविता ३५३
७.४.७ समपूर्वका नेपाली नाटक ३५६
७.४.८ समउत्तरका नेपाली नाटक ३५९
७.४.९ देवकोटापूर्वका नेपाली आख्यानेतर गद्य ३६२
७.४.१० लोकसाहित्य ३६६
७.४.११ पूर्वीय साहित्य सिद्धान्त ३६९
७.४.१२ पाश्चात्य साहित्य र समालोचना सिद्धान्त ३७२
७.५ समग्र निष्कर्ष ३७६

आठौँ परिच्छेद : खगेन्द्रप्रसाद लुइटेलका सम्पादित, संशोधित-परिमार्जित र अनूदित कृतिहरूको परिचयात्मक अध्ययन

८.१ विषयप्रवेश ३७९

८.२ सम्पादित कृतिहरूको परिचयात्मक अध्ययन ३७९

८.२.१ सनत रेग्मीका प्रतिनिधि कथा ३७९

८.२.२ डा. बल्लभमणि दाहालका भाषिक चिन्तन ३८१

८.२.३ डा. बल्लभमणि दाहालका रचनाहरू ३८३

८.२.४ हरिहर शास्त्रीका प्रमुख कविता ३८५

८.२.५ बरालको आँसु ३८७

८.३ संशोधित-परिमार्जित पाठ्यपुस्तकहरूको परिचयात्मक अध्ययन ३९१

८.३ .१ हाम्रो नेपाली किताब कक्षा ८ ३९१

८.३ .२ हाम्रो नेपाली किताब कक्षा ९ ३९१

८.३.३ हाम्रो नेपाली किताब कक्षा १० ३९२

८.३.४ हाम्रो नेपाली किताब कक्षा ६ ३९२

८.३.५ हाम्रो नेपाली किताब कक्षा ७ ३९२

८.४ अनूदित कृति गाइड उपन्यासको परिचयात्मक अध्ययन ३९४

८.५ निष्कर्ष ३९४

नवौँ परिच्छेद : खगेन्द्रप्रसाद लुइटेलका निबन्धात्मक र प्रबन्धात्मक कृतिहरूको परिचयात्मक अध्ययन

९.१ विषयप्रवेश ३९६

९.२ निबन्ध सङ्ग्रहहरूको परिचयात्मक अध्ययन ३९६

९.२.१ चाउरिएको जिन्दगी ३९६

९.२.२ बार वर्षपछि हनिमुन ४०४

९.३ पत्रपत्रिकामा प्रकाशित फुटकर निबन्धहरूको परिचयात्मक अध्ययन ४१२

९.४ विभिन्नतिर प्रकाशित संस्मरणात्मक निबन्धहरूको परिचयात्मक अध्ययन ४१३

११.५ विभिन्नतिर प्रकाशित प्रबन्धहरूको परिचयात्मक अध्ययन ४१६

९.६ निष्कर्ष ४२१

दसौँ परिच्छेद : साहित्यिक र साहित्येतर क्षेत्रमा खगेन्द्रप्रसाद लुइटेलको योगदान

१०.१ विषयप्रवेश ४२३

१०.२ साहित्यिक क्षेत्रमा योगदान ४२३

१०.२.१ नेपाली समालोचना र समीक्षामा योगदान ४२३

१०.२.२ निबन्ध र प्रबन्धमा योगदान ४२४

१०.२.३ भाषाविज्ञानमा योगदान ४२५

१०.२.४ कोशविज्ञानका क्षेत्रमा योगदान ४२५

१०.२.५ व्याकरणमा योगदान ४२६

१०.२.६ बालसाहित्यमा योगदान ४२६

१०.२.७ अनुवादमा योगदान ४२६

१०.२.८ प्रवर्तनका क्षेत्रमा योगदान ४२६

१०.२.९ शैक्षिक -प्राज्ञिक योगदान ४२७

१०.२.१० अनुसन्धानका क्षेत्रमा योगदान ४२७

१०.२.११ नयाँ शब्दनिर्माणमा योगदान ४२८

१०.२.१२ डायस्पोराका क्षेत्रमा योगदान ४२८

१०.२.१३ साहित्यिक इतिहास लेखनमा योगदान ४२९

१०.२.१४ लोकवार्ताविज्ञान र लोकसाहित्यमा योगदान ४२९

१०.२.१५ भूमिका लेखनमा योगदान ४३०

१०.२.१६ पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखनमा योगदान ४३०

१०.२.१७ सम्पादन कार्यमा योगदान ४३१

१०.२.१८ संशोधन-परिमार्जनमा योगदान ४३१

१०.२.१९ कार्यपत्र प्रस्तुति र टिप्पणीमा योगदान ४३१

१०.२.२० शोध तथा सिर्जनापत्र निर्देशनमा योगदान ४३२

१०.३ साहित्येतर क्षेत्रमा योगदान ४३२

१०.३.१ शिक्षण-प्राध्यापन क्षेत्रमा योगदान ४३३

१०.३.२ संस्थापन क्षेत्रमा योगदान ४३३

१०.४ उपसंहार ४३४

एघारौँ परिच्छेद : सारांश तथा निष्कर्ष

११.१ सारांश ३३५

११.२ निष्कर्ष ३४०

११.३ सम्भाव्य शोधशीर्षकहरु ३४३

परिशिष्ट : शोधका क्रममा विभिन्न व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ता

शोधनायक खगेन्द्रप्रसाद लुइटेल ४४५

शोधनायकका बुबा इन्द्रप्रसाद लुइटेल ४५६

शोधनायककी आमा योगमाया लुइटेल ४५९

पूर्वआई.जी.पी. खड्गजीत बरालसँग ४६०

पूर्वाञ्चल विश्वविद्यालयका स्नातकोत्तर तहका शोधार्थी गोपीकृष्ण ढुङ्गाना ४६२

तेरथुम आम्बुङ निवासी पूर्वप्रशासक चन्द्रबहादुर कार्की ४६४

वरिष्ठ साहित्यकार डा. ध्रुवचन्द्र गौतम ४६६

साहित्यकार बखतबहादुर थापा ४६८

त्रि.वि.का पूर्वशिक्षाध्यक्ष प्रा.डा. महेन्द्र सिंह ४६९

पूर्वशिक्षामन्त्री तथा साहित्यकार मोदनाथ प्रश्रित ४७२

पूर्वविभागीय प्रमुख मोहनहिमांशु थापा ४७३

नेपाल सरकार शिक्षा मन्त्रालयका उपसचिव शिवप्रसाद उप्रेती ४७५

पूर्वए.आई.जी.पी. श्यामसिंह थापा ४७७

तेरथुम साब्ला निवासी साहित्यकार सूर्य सुवेदी ४७९

साहित्यकार तथा पूर्वप्रहरी निरीक्षक हरिभक्त बुढाथोकी ४८१

सन्दर्भ सामग्रीसूची

१. पुस्तकसूची ४८३

२. पत्रपत्रिकासूची ४८८

३. शोधपत्रसूची ५०१

सन्दर्भ स्रोतव्यक्तिहरू ५०२

सङ्क्षेपीकृत शब्दसूची

सङ्क्षिप्त रुप	पूर्ण रुप
अनू.	अनूदित
अ.ने.सा.स	अन्तराष्ट्रिय नेपाली साहित्य समाज
आई.ए	इन्टरमिडिएट अफ आर्टस्.
आई.एड.	इन्टरमिडिएट अफ एजुकेसन
आई.जी.पी.	इन्सपेक्टर अफ जेनरल पुलिस
ए.आई.जी.पी.	एडिसनल इन्सपेक्टर अफ जेनरल पुलिस
एम.ए.	मास्टर अफ आर्टस्
एस.एल.सी.	स्कुल लिभिङ सर्टिफिकेट
क्र.स.	क्रम सङ्ख्या
क्षेशिनि	क्षेत्रीय शिक्षा निर्देशनालय
गा.वि.स.	गाउँ विकास समिति
त्रि.वि.	त्रिभुवन विश्वविद्यालय
नि.मा.वि.	निम्नमाध्यमिक विद्यालय
ने.प्र.प्र.	नेपाल प्रज्ञा प्रतिष्ठान
ने.रा.प्र.प्र.	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
प्रा.लि.	प्राइभेट लिमिटेड
प्रा.वि.	प्राथमिक विद्यालय
बि.ए.	ब्याचलर अफ आर्टस
बि.एड.	ब्याचलर अफ एजुकेसन
बिओटी	बोर्ड अफ ट्रस्टी
मा.वि	माध्यमिक विद्यालय
रा.वि.से.	राष्ट्रिय विकास सेवा
सम्पा.	सम्पादन
संशो.-परि.	संशोधन-परिमार्जन

पहिलो परिच्छेद

शोधपरिचय

१.१ विषयपरिचय

खगेन्द्रप्रसाद लुइटेलको जन्म वि.सं. २०१८ साल पुस २५ गते पिता पं. इन्द्रप्रसाद लुइटेल र माता योगमाया लुइटेलको जेठो छोराका रूपमा तेरथुम जिल्लाको सोल्मा-९ कालिमाटीमा भएको हो । उनले प्राथमिक तहदेखि उच्च तहसम्म सदैव सर्वप्रथम भई जेहेनदार छात्रवृत्ति तथा विद्वत्वृत्ति प्राप्त गरी उच्चतम शिक्षा हासिल गरेका छन् । त्रिभुवन विश्वविद्यालयको दीर्घावधिक विद्वत्वृत्तिमा विद्यावारिधि अनुसन्धान कार्य सम्पन्न गरेका लुइटेल नेपालमा संरचनावादमा प्रथम विद्यावारिधि उपाधि प्राप्त गर्ने व्यक्ति हुन् ।

२०२९ सालदेखि लेखन कार्य प्रारम्भ गरेका लुइटेलको पहिलो प्रकाशित रचना *विद्यार्थी* (**रत्नज्योति**, २०२९) शीर्षक कविता हो । साहित्यकार तथा समालोचक लुइटेलका हालसम्ममा विविध विधाका एक सयजति पुस्तकाकार कृति तथा विभिन्न पत्रपत्रिका तथा पुस्तकहरूमा प्रशस्तै समालोचनात्मक लेखहरूका साथै कविता, कथा, निबन्ध, प्रबन्धजस्ता विविध विधाका प्रशस्तै फुटकर लेखरचनाहरू प्रकाशित छन् । उनका एक दर्जनभन्दा बढी समालोचनात्मक कृतिहरू, विभिन्न तहका थुप्रै पाठ्यपुस्तकहरू, दुईवटा निबन्ध र नियात्रा सङ्ग्रह प्रकाशित छन् । यसका साथै उनले विभिन्न साहित्यकारका विविध विधासँग सम्बन्धित कृतिहरूको सम्पादनसमेत गरेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलको सबैभन्दा महत्वपूर्ण साहित्यिक पाटो समालोचना क्षेत्र हो । नेपाली समालोचनामा विश्वको आधुनिक संरचनावादी समालोचना पद्धतिको प्रवर्तन, विकास र मानक स्थापना गर्ने लुइटेलले नेपाली समालोचनामा सांस्कृतिक, सैद्धान्तिक, प्रायोगिक, ऐतिहासिक, तुलनात्मक, डायस्पोरिक, उत्तरआधुनिक, नारीवादी, पाठालोचन आदि विभिन्न प्रकारका समालोचना पनि लेखेका छन् । उनका **शोधविधि**, **आधुनिक नेपाली समालोचना**, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, **कविताको संरचनात्मक विश्लेषण**, **लोकवार्ताविज्ञान र लोकसाहित्य**, **उपन्यासको इतिहास** आदि जस्ता समालोचनात्मक कृतिहरू प्रकाशित हुनाका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरूमा दुई सयभन्दा बढी समालोचनात्मक लेखहरू प्रकाशित भइसकेका छन् । साहित्यका विविध विधासँग सम्बन्धित रहेका लुइटेलका प्रायः सबै समालोचनात्मक कृतिहरूमा विधा सिद्धान्त र विधागत इतिहास प्रस्तुत गरी त्यसैअनुरूप कृतिको विश्लेषण गरिएको पाइन्छ ।

खगेन्द्रप्रसाद लुइटेलको समालोचनापछिको अर्को महत्वपूर्ण पाटो निबन्ध सिर्जना हो । उनले थुप्रै निबन्धको सिर्जना गरेका छन् । उनका **चाउरिएको जिन्दगी** श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह र **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रहका साथै प्रशस्तै फुटकर निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । नेपालीमा श्यामव्यङ्ग्यात्मक निबन्ध लेखनको थालनी गर्ने निबन्धकार लुइटेलले **चाउरिएको जिन्दगी** श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रहमार्फत् राजनीतिक, शैक्षिक, साञ्चारिक, प्रशासनिकलगायत विभिन्न क्षेत्रमा व्याप्त विकृति र विसङ्गतिहरूप्रति कडा व्यङ्ग्य प्रहार गरेका छन् । **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रहमा नियात्राकार आफूले विभिन्न प्रयोजनका लागि स्वदेश र विदेशका विभिन्न ठाउँमा यात्रा गरेको समयका घटनाहरूलाई राष्ट्रवादी चिन्तनका साथ शृङ्खलाबद्ध ढङ्गबाट प्रस्तुत गरिएको छ ।

खगेन्द्रप्रसाद लुइटेलले विद्यालय तहदेखि स्वदेशी एवं विदेशी विश्वविद्यालय तहसम्मको विभिन्न तहका पाठ्यक्रमअनुरूपका थुप्रै पाठ्यपुस्तकहरू पनि लेखेका छन् । उनले **हाम्रो नेपाली**, **मेरो नेपाली किताब**जस्ता विद्यालय तहका पाठ्यपुस्तकहरूका साथै **नेपाली एकाङ्की**, **नेपाली कविता**, **नेपाली कवि र कविता**, **नेपाली निबन्ध**, **नेपाली कविता र आख्यान**, **नेपाली गद्य भाषासाहित्य र इतिहास**, **नेपाली गद्य र भाषासाहित्य**, **नेपाली कविता, नाटक र इतिहास**, **नेपाली भाषा व्याकरण र नाटक**, **नेपाली काव्य र साहित्य**, **नेपाली गद्य**, **प्रयोजनपरक विशेष नेपाली**, **नेपाली गीत गजल भाग १** जस्ता उच्चतहको पाठ्यक्रमअनुरूपका पाठ्यपुस्तक पनि लेखेका छन् । यसबाहेक उनले गौहाटी विश्वविद्यालयको एम.ए. नेपालीको पाठ्यक्रम निर्माण गरी त्यसैअनुरूपका **पूर्वआधुनिक नेपाली साहित्यको इतिहास, आधुनिक नेपाली साहित्यको इतिहास, देवकोटापूर्वका नेपाली कविता, देवकोटाउत्तरका नेपाली कविता, मोहन कोइरालाउत्तरका नेपाली कविता, समपूर्वका नेपाली नाटक, समउत्तरका नेपाली नाटक, देवकोटापूर्वका नेपाली आख्यानेतर गद्य, लोकसाहित्य, पूर्वीय साहित्य सिद्धान्त, पाश्चात्य साहित्य र समालोचना सिद्धान्त** आदि जस्ता एकदर्जन जति आधिकारिक पाठ्यपुस्तकहरूसमेत लेखेका छन् । विद्यालय तहदेखि स्वदेशी एवं विदेशी विश्वविद्यालय तहसम्मको पाठ्यक्रमअनुरूपका पाठ्यपुस्तकहरू लेखेका लुइटेलका सबै पुस्तकहरूमा तहगत स्तर र क्षमता सुहाउँदो भाषाशैलीको प्रयोग गरिएको पाइन्छ ।

यी विभिन्न विषयक्षेत्रका पुस्तकाकार कृतिहरूका लेखक लुइटेलले **नेपाली प्रकृति प्रत्यय कोश, सनत रेग्मीका प्रतिनिधि कथा**, **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन**, **डा. बल्लभमणि दाहालका रचनाहरू**, **हरिहर शास्त्रीका प्रमुख कविता**, **बरालको आँसु**जस्ता विविध विधाका कृतिहरूको सम्पादनसमेत गरेका छन् । उनले **नेपाली बृहत् शब्दकोश**का साथै श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित विद्यालय स्तरीय विभिन्न कक्षाका पाठ्यपुस्तकहरूको संशोधन-परिमार्जन पनि गरेका छन् भने **गाइड** नामक अङ्ग्रेजी उपन्यासको नेपालीमा अनुवाद पनि गरेका छन् । उनले भाषाविज्ञान, कोशविज्ञान व्याकरणसँग सम्बद्ध **आधुनिक भाषाविज्ञान, कोशविज्ञान, नेपाली व्याकरण**जस्ता पुस्तकका साथै बालसाहित्यसम्बन्धी प्रशस्तै रचनाहरू पनि लेखेका छन् ।

विभिन्न विधाका थुप्रै साहित्यिक कृतिहरू, पाठ्यपुस्तकहरू तथा फुटकर लेखरचनाहरूका स्रष्टा लुइटेलले विभिन्न व्यक्तिका कृतिको भूमिका लेखन र पुस्तक समीक्षा गर्नाका साथै लगभग डेढ सयजति शोधपत्र तथा शोधप्रबन्धको निर्देशन तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय गोष्ठीहरूमा त्यति नै सङ्ख्यामा विविध क्षेत्रसँग सम्बन्धित कार्यपत्रहरू पनि प्रस्तुत गरिसकेका छन् । स्नातकोत्तर स्तरीय थुप्रै शोधपत्रको निर्देशक, बाह्य परीक्षक, विद्यावारिधि शोधप्रबन्धको निर्देशक, विशेषज्ञ तथा मूल्याङ्कनकर्ताका साथै दर्शनाचार्य स्तरीय शोधपत्रको मूल्याङ्कनकर्तासमेत बनिसकेका लुइटेल शोधविशेषज्ञका रूपमा परिचित छन् ।

एस.एल.सी दिएपछि गौरीशङ्कर प्राथमिक विद्यालयबाट स्वयंसेवक शिक्षकका अध्यापन प्रारम्भ गरेका लुइटेलले आई.ए. उत्तीर्ण गरेपछि राजनीति गर्ने मनसायले शिक्षक बनेर छोटो समयमा नै विभिन्न विद्यालयमा शिक्षण गर्दै पढाइलाई अगि बढाएको देखिन्छ । स्नातकोत्तर तह उत्तीर्ण गरी २०४७ सालदेखि त्रि.वि. नेपाली केन्द्रीय विभागबाट प्राध्यापन कार्य प्रारम्भ गरेका लुइटेल हाल यही विभागमा प्राध्यापक पदमा प्राध्यापनरत छन् ।

शैक्षिक, राजनीतिक, सामाजिकजस्ता विविध क्षेत्रसँग सम्बद्ध विभिन्न सङ्घसंस्थामा आबद्ध लुइटेलको आबद्धता राष्ट्रिय रूपमा मात्र नभएर अन्तर्राष्ट्रिय क्षेत्रसम्म फैलिएको छ । नेपाली केन्द्रीय विभागका विभिन्न समितिको सदस्य, नेपाल प्रज्ञा प्रतिष्ठान कोश निर्माण समितिको सदस्य, श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्र माध्यमिक विद्यालय नेपाली विषय समितिको सदस्य, विभिन्न सङ्घसंस्थाको सल्लाहकार तथा आजीवन सदस्य, अनेकौँ साहित्यिक प्रतियोगिताको निर्णायक आदि विविध क्षेत्रका जिम्मेवार पदमा रहेर काम गरिसकेका लुइटेल विभिन्न पत्रिकाहरूको सम्पादक र सल्लाहकारसमेत रहेका छन् । उनी अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको केन्द्रीय सल्लाहकार, गौहाटी विश्वविद्यालयको नेपाली स्नातकोत्तर कार्यक्रमको विशिष्ट सल्लाहकार, पाठ्यक्रम निर्माणकर्ता तथा पाठ्यपुस्तक लेखक र संयोजकसमेत हुन् । उनले प्रमुख अतिथि, प्रमुख वक्ता, कार्यपत्र प्रस्तोता आदिका रूपमा विभिन्न मुलुकको भ्रमण पनि गरिसकेका छन् ।

भाषिक, साहित्यिक तथा अन्य विविध क्षेत्रमा पुऱ्याएको विशिष्ट योगदान र प्रतिभाको कदर गर्दै लुइटेललाई विभिन्न क्षेत्रबाट थुप्रै पुरस्कार तथा सम्मान प्रदान गरिएको छ । उनी प्राथमिक तहदेखि उच्च तहसम्म सर्वप्रथम भई जेहेनदार छात्रवृत्ति तथा विद्वत्वृत्ति प्राप्त गरेका व्यक्ति हुन् । महेन्द्र विद्याभूषण क श्रेणी, कृष्णाकुमारी स्मृति पुरस्कार, शिक्षा पुरस्कार, नेपाल प्रहरी सर्वोत्कृष्ट साहित्य पुरस्कारलगायत राष्ट्रिय स्तरका थुप्रै सम्मान र पुरस्कारद्वारा पुरस्कृत र सम्मानित लुइटेल अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज अमेरिकाबाट सर्वोत्कृष्ट कृति पुरस्कार, डायस्पोरा पुरस्कार आदि विभिन्न पुरस्कारका साथै असम, म्यान्मा, बेलायत, अमेरिका, क्यानडा, मध्यपूर्व आदि विभिन्न विदेशी मुलुकमा अवस्थित साहित्यिक एवं सामाजिक सङ्घसंस्थाहरूबाट पुरस्कृत र सम्मानित भएका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न क्षेत्रमा कलम चलाए पनि समालोचना र निबन्धका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका छन् । नेपाली समालोचनामा विश्वको आधुनिक संरचनावादी समालोचना पद्धतिको प्रवर्तन, विकास र मानक स्थापना गर्नाका साथै नेपाली समालोचनामा सांस्कृतिक समालोचनाको थालनीकर्ता समेत रहेका लुइटेल शोधविधि, कोशविज्ञान, भाषाविज्ञान तथा डायस्पोरा साहित्यको विशेषज्ञका रूपमा सुपरिचित छन् । उनी नेपाली निबन्धमा श्यामव्यङ्ग्यात्मक निबन्ध लेखनका प्रवर्तक हुन् । राष्ट्रिय स्तरमा मात्र नभएर अन्तर्राष्ट्रिय स्तरमा समेत उच्च शैक्षिक-प्राज्ञिक एवं साहित्यिक र समालोचकीय व्यक्तित्व निर्माण गरेका व्यक्ति लुइटेलको पठनपाठन लेखन आदि क्षेत्रमा उनको जीवनी र व्यक्तित्व प्रेरणादायी र अनुकरणीय भएकाले यी सबै पक्षलाई समेटेर प्रस्तुत शोधकार्य गरिएको हो ।

१.२ समस्याकथन

नेपाली साहित्यका विशिष्ट साहित्यकार, समालोचक तथा प्राध्यापक खगेन्द्रप्रसाद लुइटेलका विविध पक्ष बारेमा विभिन्न विद्वान्हरूले प्रशस्तै चर्चापरिचर्चा गरेको पाइए पनि उनको जीवनी, व्यक्तित्व र कृतित्व समग्र पक्षको सुव्यवस्थित र विस्तृत रूपमा कसैले अध्ययन गरेको पाइँदैन । यही कुरालाई समस्याकथन मानेर समाधानका निम्ति निम्नानुसारका समस्यामा केन्द्रित भई यो शोधकार्य सम्पन्न गरिएको छ :

(१) खगेन्द्रप्रसाद लुइटेलको जीवनी केकस्तो छ ?

(२) खगेन्द्रप्रसाद लुइटेलका व्यक्तित्वका पाटाहरू केकस्ता छन् ?

(३) खगेन्द्रप्रसाद लुइटेलको साहित्य यात्रा केकस्तो छ ?

(४) खगेन्द्रप्रसाद लुइटेलका हालसम्म प्रकाशित विभिन्न विधाका कृतिहरू केकस्ता छन् ?

(५) खगेन्द्रप्रसाद लुइटेलका हालसम्म प्रकाशित विभिन्न विधाका लेखरचनाहरू केकस्ता छन् ?

(६) खगेन्द्रप्रसाद लुइटेलको साहित्यिक र साहित्येतर क्षेत्रमा केकस्तो योगदान रहेको छ ?

१.३ शोधकार्यको उद्देश्य

विशेषतः शोधको समस्याकथनमा उल्लेख गरिएका समस्याहरूको सुव्यवस्थित एवं वैज्ञानिक ढङ्गले व्याख्या, विश्लेषण गरी ती समस्याको समाधानका साथ निष्कर्ष निकाल्नु नै यस शोधकार्यको मुख्य उद्देश्य रहेको हुँदा त्यसैमा केन्द्रित भई गरिने प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(१) खगेन्द्रप्रसाद लुइटेलको जीवनी प्रस्तुत गर्नु,

(२) खगेन्द्रप्रसाद लुइटेलका व्यक्तित्वका विभिन्न पाटाहरू प्रस्तुत गर्नु,

(३) खगेन्द्रप्रसाद लुइटेलको साहित्य यात्रा निरूपण गर्नु,

(४) खगेन्द्रप्रसाद लुइटेलका हालसम्म प्रकाशित विभिन्न विधाका कृतिहरूको अध्ययन गर्नु,

(५) खगेन्द्रप्रसाद लुइटेलका हालसम्म प्रकाशित विभिन्न विधाका लेखरचनाहरूको अध्ययन गर्नु,

(६) खगेन्द्रप्रसाद लुइटेलको साहित्यिक र साहित्येतर क्षेत्रको योगदान निरूपण गर्नु ।

१.४ पूर्वकार्यको समीक्षा

समालोचक, निबन्धकार, कवि, कथाकार, प्राध्यापक आदि व्यक्तित्वका विविध पाटा भएका बहुमुखी प्रतिभाशाली व्यक्तित्वका धनी खगेन्द्रप्रसाद लुइटेलको जीवनी, व्यक्तित्व र कृतित्वका समग्र पक्षको बारेमा यसअगि विस्तृत चर्चापरिचर्चा एवं अध्ययन-विश्लेषण नभए तापनि विभिन्न विद्वान्हरूद्वारा विभिन्न पुस्तक, पत्रपत्रिका आदिमा भने प्रशस्तै लेखिएको पाइन्छ । खगेन्द्रप्रसाद लुइटेलको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पक्षबारे विभिन्न विद्वान्हरूद्वारा गरिएका पूर्वकार्यहरूलाई कालक्रममा तल क्रमशः प्रस्तुत गरिएको छ :

यस अङ्कका रचना सहयोगी (**प्रज्ञा**, २२/७८, २०५० असार-असोज) शीर्षकअन्तर्गत जन्म, शिक्षा, कृति र हाल उपशीर्षकमा खगेन्द्रप्रसाद लुइटेलको परिचय दिइएको छ ।

अनुसन्धान र अनुसन्धान परम्पराका केही सन्दर्भ (**उकुसमुकुस**, १/१, २०५१ वैशाख-असार) शीर्षक लेखको प्रस्तुतिका क्रममा जन्म, शिक्षा, पेसा, पद, प्रकाशित कृतिजस्ता शीर्षकमा खगेन्द्रप्रसाद लुइटेलको परिचय प्रस्तुत गरिएको छ ।

भागवत ढकालले *अनुसन्धानको सैद्धान्तिक चिनारी : शोधविधि* (**साप्ताहिक सुरुचि**, २०५२ कार्तिक १९) शीर्षक लेखमा दुई खण्डमा विभाजित **शोधविधि** पुस्तक यस क्षेत्रको कोसेढुङ्गो साबित भएको र ज्ञानविज्ञानसम्बन्धी सम्पूर्ण विधाहरूमै नवीन प्रस्तुति बनेको छ भन्दै यस सिर्जना प्रतिभाको प्रस्फुटनले भावी पुस्तालाई विषयवस्तुमा अल्झिनुपर्ने विवशताबाट मुक्त गरेको कुरा प्रस्तुत गरेका छन् ।

ईश्वरीप्रसाद गैरेले *अध्ययन अनुसन्धान क्षितिजमा उपयोगी कृति शोधविधि* (**नेपाल जागरण**, २०५२ कार्तिक २०) शीर्षक लेखमा खगेन्द्रप्रसाद लुइटेललाई भाषासाहित्य भनेपछि हुरुक्क हुने बहुविध व्यक्तित्वका अमर प्रतिमूर्ति युवा ठिटा प्रतिभाका रूपमा चिनाउँदै **शोधविधि** पुस्तकको दुवै खण्डको विषयवस्तुको सामान्य परिचयसहित नेपाली संसारको अनुसन्धानको क्षितिजमा यो कृति एउटा नयाँ ऐतिहासिक दस्तावेज भएको कुरा उल्लेख गरेका छन् ।

सुष्मा बरालले *शोधविधि एउटा महŒवपूर्ण कृति* (**बाध्यता**, २०५२ पुस ३) शीर्षक लेखमा शोधका विधिहरूसम्बन्धी पुस्तकहरू विरलै देखिएको अवस्थामा सरल भाषाशैली अपनाएर लेखिएको **शोधविधि** पुस्तक पहिलो खण्ड सिद्धान्तसँग र दोस्रो खण्ड शोधकार्यसँग सम्बन्धित रहेको छ भन्दै यो पुस्तक विद्यार्थी वर्गका साथै शोधकार्य गर्न इच्छुक सबैका लागि उपयोगी रहेको बताएकी छिन् । नेपाली केन्द्रीय विभागको विद्यावारिधि शोधकार्य, स्नातकोत्तर शोधकार्य एवं सिर्जनात्मक लेखन विषयका सम्पूर्ण विषयका साथै अन्य विषयका शोधकार्य पनि राखिएको कुरा उल्लेख गरेकी छिन् ।

वासुदेव अधिकारीले *उपयोगी शोध पुस्तक* (**प्रतिपक्ष साप्ताहिक**, २०५२ पुस ७) शीर्षक लेखमा **शोधविधि** पुस्तकको सैद्धान्तिक खण्डमा प्रस्तुत विषयवस्तुबारे चर्चा गर्दै यो पुस्तक मानविकी, व्यवस्थापन, संस्कृतलगायतका विविध विषयमा अध्ययन-अनुसन्धान गर्न इच्छुक शिक्षक, विद्यार्थी, अनुसन्धाता सबैका लागि उपयोगी रहेको र भोलिका सन्दर्भमा पनि उत्तिकै महत्त्व रहने कुरामा निर्विवाद रहेको बताएका छन् ।

नेपालमा अङ्ग्रेजी भाषा : पाहुना, घरज्वाइँ कि धर्मपुत्र ? (**हिमालय टाइम्स**, २०५२ पुस १२) शीर्षक समाचारमा राष्ट्रिय भाषा गोष्ठीमा प्रा. तेजरत्न कंसाकारले *बहुभाषिकता र नेपालको भाषिक स्थिति* तथा विष्णुसिंह राईले *राष्ट्रभाषाको स्थिति* शीर्षकमा प्रस्तुत गरेको कार्यपत्रमाथि टिप्पणी गर्दै त्रि.वि. नेपाली केन्द्रीय विभागका उपप्राध्यापक खगेन्द्र लुइटेलको राष्ट्रिय भाषालाई लिएर आयोजित गोष्ठीमा अन्तर्राष्ट्रिय भाषामा कार्यपत्र प्रस्तुत गरिनु राष्ट्रिय भाषाकै उपेक्षा गर्नु हो भन्दै नेपालमा पाहुनाको रूपमा भित्रिएको अङ्ग्रेजी भाषा पछि घरज्वाइँमा परिणत भयो र अहिले धर्मपुत्र बन्ने प्रक्रियामा छ, धर्मपुत्रले सम्पत्तिमा पनि दाबी गर्नसक्छ भन्ने अभिव्यक्ति प्रकाशित छ ।

कृष्णहरि बरालले प्रकाशित *नयाँ कृति* (**गोरखापत्र**, २०५२ पुस २२) शीर्षक लेखमा दुई भागमा विभाजित सात शीर्षक र त्यसभित्रका विभिन्न उपशीर्षकमा **शोधविधि** पुस्तकको विषयवस्तु परिचयसहित शुद्ध तथा सरल भाषाको प्रयोग र सारपूर्ण प्रस्तुतिका कारण पनि यस पुस्तकको उपयोगिता रहेको बताएका छन् ।

महेश्वर न्यौपानेले *शोधविधिबारे नयाँ पुस्तक* (**कान्तिपुर**, २०५२ फागुन १९) शीर्षक लेखमा शोध सिद्धान्त र शोधकार्य गरी दुई खण्डमा विभाजित **शोधविधि** पुस्तकमा गम्भीर र गहनतम विषयलाई पनि अत्यन्तै सरल रूपमा प्रस्तुत गर्नु पुस्तकको अत्यधिक सफलता भएको कुरा उल्लेख गर्दै शोधकार्यमा लाग्न चाहनेहरूका लागि विषय छनोट गर्न र आफूद्वारा प्रस्तावित शोधकार्यसम्बन्धी अध्ययनका लागिसमेत प्रस्तुत पुस्तक सारै उपयोगी रहेको कुरा बताएका छन् ।

देवीप्रसाद गौतमले *सराहनीय कार्य* (**मधुपर्क**, २८/११, २०५२ चैत) शीर्षक लेखमा **शोधविधि** नामक कृति अनुसन्धानको सैद्धान्तिक परिचयदेखि लिएर अनुसन्धानका सबै चरणहरूको वर्णन र शोधार्थीलाई अनुसन्धानका सिलसिलामा आइपर्ने ससाना प्राविधिक समस्याहरूको निराकरण गर्ने उपायहरूको निर्देशनका

अतिरिक्त प्रस्तुतिको नवीनता, विषयगत स्पष्टता, भाषिक सरलता र शोधका सबै आयामहरूको प्रतिपादनमा कुशलताका कारणबाट नेपाली शोध वा अनुसन्धानका परम्परामा आफ्नै महत्व रहेको बताएका छन् । उनले **शोधविधि** नामक कृति शोधकार्य गरिरहेकाहरूका निम्ति गाइड, शोधकार्यतर्फ उन्मुख भएकाहरूका निम्ति निर्देशिका र शोध वा अनुसन्धान भन्ने कुन चराको नाम हो र यो कसरी गरिन्छ भन्ने थाहा नभएका अति सामान्य पाठकहरूका लागि भने विश्वकोश नै भएको कुरा उल्लेख गरेका छन् ।

शिवप्रसाद सत्यालले *गर्जो टार्ने प्रकाशन* (**गरिमा**, १४/४, २०५२ चैत) शीर्षक लेखमा **शोधविधि** पुस्तकमा हरेक विषयलाई प्रामाणिक बनाउन चाहिने आधार र विशेषताका साथै पुस्तकालयमा उपलब्ध सामग्रीको उपयोग गर्ने व्यावहारिक ज्ञान पनि यसबाट पाउन सकिने कुरा उल्लेख गरी यसको दोस्रो खण्डको विवरणले उपर्युक्त विषयका भावी शोधकर्ताले विषयवस्तु चयन गर्न र पूर्वकार्यको पुनरावलोकन गर्न सहयोग पुग्ने कुरा प्रस्तुत गर्दै अभावजस्तै भएको विधामा यसप्रकारको प्रकाशन नेपाली शोधार्थीका लागि अनमोल हीरा हुने कुरा उल्लेख गरेका छन् ।

मोहनराज शर्माले **ध्वनिविज्ञान र वर्णविज्ञान** (२०५३) को *दुई शब्द* शीर्षकको भूमिकामा ध्वनिविज्ञानजस्तो अत्यन्त जटिल एवं कठिन विषयलाई पनि सरल, सहज र वैज्ञानिक प्रस्तुति गरिएको, सैद्धान्तिक र प्रायोगिक दुवै पक्षको अधुनातन विवेचना गरिएको, नवीनतम विधि सिद्धान्त तथा प्रयोगलाई वैज्ञानिक पारा अँगालेर सरलतम ढङ्गमा विषयवस्तु प्रस्तुत गर्नु यस पुस्तकको विशेषता भएको बताउँदै नवीन धारणा र मौलिक विवेचना अगि सार्ने सन्दर्भमा पनि पुस्तक महत्त्वपूर्ण भएको कुरा बताएका छन् ।

ईश्वरीप्रसाद गैरेले *भाषाविज्ञानको कोसेढुङ्गो ध्वनिविज्ञान र वर्णविज्ञान* (**साप्ताहिक जनज्योति**, २०५३ असोज १४) शीर्षक लेखमा खगेन्द्रप्रसाद लुइटेललाई अङ्ग्रेजी भाषाका कृतिको अनुवाद, **शोधविधि** पुस्तकको लेखन तथा **नेपाली प्रकृति प्रत्यय कोश** लेखन-सम्पादन एवं भाषासाहित्यसम्बन्धी प्रशस्त अनुसन्धानात्मक रचनाका माध्यमबाट एक सिद्धहस्त प्रतिष्ठित प्रतिभा रहेको बताउँदै नेपाली भाषा वैज्ञानिक कृतिका रूपमा कोसेढुङ्गो हुने श्रेय प्राप्त गरेको **ध्वनिविज्ञान र वर्णविज्ञान** कृतिलाई वैज्ञानिक ढङ्गले ज्यादै सरल रूपमा विषयवस्तु प्रतिपादन गरिएको, सैद्धान्तिक अलमल र अस्पष्टता नभएको कृति भएको कुरा उल्लेख गरेका छन् ।

अङ्गद गौतमले *ध्वनिविज्ञान र वर्णविज्ञान* (**साप्ताहिक जनमत**, २०५३ असोज १९) शीर्षक लेखमा **ध्वनिविज्ञान र वर्णविज्ञान** पुस्तकका विषयवस्तुको परिचय दिँदै ध्वनिविज्ञान र वर्णविज्ञानका अध्ययन क्षेत्र, मान्यता र नेपाली भाषाका ध्वनिको विस्तृत अध्ययन एक ठाउँमा समेटी यसअगि लेखिएका कृतिभन्दा बढी सामग्री प्रस्तुत गरी ग्रन्थलाई पूर्णता दिने काम गरिएको यस पुस्तकले सम्बन्धित विषयका शिक्षक, विद्यार्थी सबैलाई सघाउ पुऱ्याउने हुनाले पुस्तक पठनीय र सङ्ग्रहणीय बन्न पुगेको कुरा बताएका छन् ।

कृष्णराज खनालले *ध्वनिविज्ञान र वर्णविज्ञान* (**गोरखापत्र**, २०५३ मङ्सिर २९) शीर्षक पुस्तक समीक्षामा भिन्नाभिन्नै दुई भागमा विभक्त **ध्वनिविज्ञान र वर्णविज्ञान** पुस्तक ध्वनिविज्ञान र वर्णविज्ञानसम्बन्धी यथातथ्य जानकारीहरू सिलसिलेवार किसिमले सरल र सुबोध ढङ्गबाट प्रस्तुत गरिएको, सबै आवश्यक अङ्गको समावेश र आवश्यक चर्चासमेत गरिएको आधिकारिक पुस्तक भएको कुरा उल्लेख गरेका छन् ।

माधव भँडारीले **नेपाली एकाङ्की** (२०५४) नामक पुस्तकको *मन्तव्य*मा विस्तृत अनुसन्धान, गहिरो चिन्तन तथा आधिकारिक प्रस्तुतिका कारण लुइटेलका नवप्रकाशित कृतिहरू आफ्नो क्षेत्रमा विशिष्ट ठाउँ

ओगट्नतर्फ लम्कँदैछन् । यस पुस्तकले नेपाली एकाङ्कीसम्बन्धी स्वतन्त्र अध्येताका निम्तिसमेत उपयोगी सामग्री प्रदान गरेर यस क्षेत्रमा अनुसन्धानको मार्गप्रशस्त गर्न सहयोग पुऱ्याउनेछ भन्दै एकाङ्कीमा प्रस्तुत विषयवस्तुको सामान्य परिचयसहित यस प्रकारका अध्ययनपूर्ण एवं उपयोगी ग्रन्थ तयार गर्ने समालोचक लुइटेलको प्रयासले निरन्तरता पाओस् भन्ने कामना गरेका छन् ।

कृष्णविलास पौड्यालले *सङ्ग्रहणीय पुस्तक नेपाली एकाङ्की* (**ज्ञानकुञ्ज**, १/१, २०५४) शीर्षक पुस्तक समीक्षामा पाठ्यक्रमले तय गरेको उद्देश्यअनुरूप निर्मित **नेपाली एकाङ्की** नामक पुस्तक त्रिविअन्तर्गतका सबै क्याम्पसका लागि तय गरिएको पाठ्यक्रममा आधारित आधिकारिक, सिङ्गो र भरपर्दो पाठ्यसामग्री हो भन्दै लेखकको अध्यवसायद्वारा सैद्धान्तिक आधारलाई चिरफार गरी सरल र सहज ढङ्गले प्रस्तुत गरिएको यो पुस्तक विद्यार्थी र शिक्षक सबैका लागि ज्यादै उपयोगी रहेको कुरा उल्लेख गरेका छन् ।

रामचन्द्र लम्सालले **नेपाली कवि र कविता** (२०५४) पुस्तकको *मन्तव्य*मा **नेपाली कवि र कविता** नामक कृति रचना गरी श्री खगेन्द्रप्रसाद लुइटेलले अतीव प्रशंसनीय कार्य गर्नुभएको र यसले शिक्षक तथा विद्यार्थीहरूका आकाङ्क्षा र आवश्यकता पूर्ण गर्नाका साथै प्रस्तुत कृतिमा पाइने विषयगत गहनता र प्रस्तुतिगत समीचीनताले अध्ययन-अध्यापनमा सुगमता थपेको कुरा बताएका छन् ।

मोहनहिमांशु थापाले **नेपाली कवि र कविता** (२०५४) पुस्तकको *भूमिका*मा तिन खण्डमा विभाजित प्रस्तुत पुस्तकको विषयवस्तुको सामान्य परिचयसहित व्यक्तिवृत्तको आधिकारिक र अद्यावधिक रूप पाइनु यस पुस्तकको आफ्नो विशेषता भएको बताउँदै प्रस्तुतिमा सरलता, सहजता र प्रवाहरूर्णताका साथै पुस्तकले नवीन विषय र मौलिक चिन्तनको क्षितिज उघारेको कुरा प्रस्तुत गरेका छन् ।

रोशन थापा 'नीरव'ले *एक उपलब्धिमूलक कोश* (**नेपाल समाचारपत्र**, २०५४ कार्तिक ७) शीर्षक लेखमा खगेन्द्रप्रसाद लुइटेलको प्रधान सम्पादकत्वमा सम्पादित **नेपाली प्रकृति प्रत्यय कोश** नेपाली भाषाका लागि थप इँटा भएको र यसले भाषाको उत्पत्ति र बुनोटलाई पनि निर्दिष्ट बाटो पहिल्याउन महत्त्वपूर्ण योगदान पुऱ्याएको भन्दै यो कृति नेपाली भाषाका लागि प्रथम व्युत्पत्तिमूलक कोश बन्नपुगेको कुरा उल्लेख गरेका छन् ।

घटराज भट्टराईले **नेपाली लेखक कोश** (२०५६) नामक पुस्तकमा हक्की स्वभावका केही गरूँ भन्ने भावना बोकेका लुइटेल प्रतिभाशाली र अध्ययनशील पनि छन् भन्ने कुरा विभिन्न प्रकाशित कृतिबाट बुझिन्छ भन्दै लुइटेलका प्रकाशित विभिन्न कृतिहरू र गहकिला फुटकर लेखरचनाहरूको विवरण प्रस्तुत गरेका छन् ।

माधवप्रसाद पोखरेलले *हास्यव्यङ्ग्य गोष्ठी दाङको घुइँया* (**कान्तिपुर**, २०५६ चैत ३) शीर्षक लेखमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान र लेखक सङ्घ दाङले दाङको घोराहीमा बृहत् हास्यव्यङ्ग्य गोष्ठीको आयोजना गरेको र त्यस गोष्ठीमा मोहनराज शर्मा र राजेन्द्र सुवेदीले लेखेका दुईवटा कार्यपत्रमाथि खगेन्द्रप्रसाद लुइटेलले टिप्पणी गरेको कुरा उल्लेख गरेका छन् ।

आधुनिक नेपाली समालोचना (२०५७) पुस्तकको *प्रकाशकीय*मा २०५२ देखि २०५४ सालसम्ममा **शोधविधि**, **नेपाली कविता**, **नेपाली एकाङ्की** आदि विभिन्न पुस्तकको प्रकाशन गरिसकेका लुइटेल आफ्नो प्रतिभा र परिश्रमले गर्दा छोटो अवधिमा नेपाली वाङ्मयका क्षेत्रमा स्थापित र प्रतिष्ठित हुनाका साथै संरचनावादी समालोचना पद्धतिप्रति आकर्षित लुइटेलको तुलनात्मक तथा निर्णयात्मक समालोचनामा पनि अभिरुचि देखिने कुरा उल्लेख गरिएको छ ।

केशवराज पोखेलले **नेपाली समालोचना र प्रतिनिधि समालोचक** (२०५८) पुस्तकमा नेपाली समालोचनाको प्रथम चरण २०४७ यता नेपाली समालोचनामा नयाँ आयाम थप्न उद्यत रहेका नवसमालोचकहरूमा खगेन्द्रप्रसाद लुइटेल उल्लेखनीय व्यक्ति भएको बताएका छन् ।

कोशविज्ञान (२०५८) पुस्तकको *प्रकाशकीय*मा नेपालीमा कोशविज्ञानसम्बन्धी पुस्तकको अभाव रहेको परिप्रेक्ष्यमा नेपाली भाषासाहित्यका विद्वान् खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **कोशविज्ञान** नामक पुस्तक अनुसन्धानमूलक रहेको र यस पुस्तकले नेपाली भाषाको वास्तविक रूप देखाउन पर्याप्त सहयोग पुऱ्याउने कुरामा विश्वस्त रहेको कुरा उल्लेख गरिएको छ ।

युवराज नयाँघरेले *लुइटेलको समालोचना केही प्रश्नहरू* (**जनभावना साप्ताहिक**, २०५८ वैशाख १७) शीर्षक लेखमा स्रष्टा र सिर्जनाको प्रवृत्ति अनि प्रभृत्तिलाई सूक्ष्म हेराइसाथ नियालिएको **आधुनिक नेपाली समालोचना** पुस्तक विविध किसिमले महत्त्वपूर्ण देखिन आएको छ भन्दै समालोचनात्मक पद्धतिबारे कृतिकारको अभिमतसहित मौलिक हेराइ, सुगठित अभिव्यक्ति, शालीन चिन्तन, प्रवाहमय भाषा, मिहीन चित्रण एवं कुशल प्रस्तुतिजस्ता कसिला विशेषणले कृतिकारको लेखनी डोरिएको उल्लेख गर्दै सम्पादन, संयोजन र समालोचनाका फाँटमा लुइटेलको महत्त्वपूर्ण योगदान रहेको बताएका छन् ।

यादव भण्डारीले *खगेन्द्रप्रसाद लुइटेलको समालोचना कला* (**हिमालय टाइम्स**, २०५८ भदौ २३) शीर्षक पुस्तक समीक्षामा **आधुनिक नेपाली समालोचना** नामक पुस्तक समालोचकहरू बीच निकै चर्चित भएको समालोचना विधाको विशिष्ट उपलब्धि भएको र कृतिभित्रको *नेपाली कवितामा आधुनिकता* शीर्षकको लेखले नेपाली कविताको आधुनिकताका बारेमा देखिएका अन्योल र वादविवादलाई समाप्त पारिदिएको कुरा उल्लेख गरेका छन् । प्रभावको मात्रा न्यून र वस्तुताप्रतिको आग्रह अधिक रहेको, हरेक पक्षको विश्लेषण र मूल्याङ्कन गर्दा वस्तुतामा जोड दिइएको, समालोचना धर्मको पूर्ण पालना गरिएको यस पुस्तकको उल्लेखनीय पक्ष भनेको 'श्यामव्यङ्ग्य' को सैद्धान्तिक एवं समालोचकीय स्थापना हो भनेका छन् ।

माधवप्रसाद पाण्डेयले *लुइटेलको कोशविज्ञान वैज्ञानिक दृष्टिकोण* (**राजधानी**, २०५८ असोज २५) शीर्षक कृति समीक्षामा अनुसन्धाता एवं वस्तुनिष्ठ समालोचक खगेन्द्रप्रसाद लुइटेललाई आफ्नो प्रतिभा र परिश्रमले गर्दा छोटो अवधिमा नै नेपाली वाङ्मयका क्षेत्रमा स्थापित र प्रतिष्ठित व्यक्तिका रूपमा चिनाउँदै शोध धर्मको पूर्ण निर्वाह गरी पाँच परिच्छेदमा संरचित **कोशविज्ञान** नामक कृति शिक्षक, विद्यार्थी, कोशकार, अनुसन्धातालगायत प्रबुद्ध पाठकका लागि अत्यन्तै उपयोगी र पठनीय मात्र नभई सङ्ग्रहणीय पनि रहेको कुरा निर्विवाद भएको बताएका छन् ।

हस्ताक्षर (**जनमत**, १९/१-२, २०५८ फागुन) शीर्षकमा नाम, साहित्यिक नाम, जन्ममिति, जन्मस्थान, हालको ठेगाना, मातापिता, श्रीमान्श्रीमती, छोराछोरी, शिक्षा, साहित्यिक लेखनको प्रेरणा, प्रथम प्रकाशित रचना, प्रकाशित कृतिहरू, सम्पादन, पुरस्कार/सम्मान, भ्रमण, संलग्नता, अनुभव/सेवा, विधागत योगदान, मनपर्ने साहित्यकार, मनपर्ने रङ, खानामा रुचि, अम्मल, भविष्यको इच्छा, जीवनप्रतिको दृष्टि, तपाईंको परिभाषामा साहित्यजस्ता उपशीर्षकमा खगेन्द्रप्रसाद लुइटेलको तस्बिरसहित उनकै हस्ताक्षरमा परिचय दिइएको छ ।

लुइटेललाई विद्यावारिधि, भाषासाहित्यमा नौलो प्रबन्ध (**हिमालय टाइम्स**, २०५९ असार १२) शीर्षक समाचारमा २०१८ सालमा तेरथुममा जन्मनुभएका त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागका उपप्राध्यापक खगेन्द्रप्रसाद लुइटेललाई **कविताको संरचनात्मक विश्लेषण** विषयमा विद्यावारिधि उपाधि प्रदान गरिएको र लुइटेल वस्तुवादी-भाषावादी आधुनिक पद्धति संरचनावादमा विद्यावारिधि गर्ने प्रथम व्यक्ति भएको उल्लेख गर्दै यो शोधप्रबन्ध नेपाली अनुसन्धान क्षेत्रको नौलो एवं गहकिलो उपलब्धि भएको र यसले नेपाली अनुसन्धानलाई नयाँ दिशा, प्रवृत्ति र आयाम दिएको सम्बन्धित विज्ञहरूको दृष्टिकोणसहित प्रकाशित छ ।

लुइटेललाई विद्यावारिधि (**गोरखापत्र**, २०५९ असार १५) शीर्षक समाचारमा नै त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायका खगेन्द्रप्रसाद लुइटेललाई **कविताको संरचनात्मक विश्लेषण** शीर्षकमा विद्यावारिधि उपाधि प्रदान गरिएको र शोधनिर्देशक मोहनराज शर्माका अनुसार डा. लुइटेलको शोधपत्रले कविताको विश्लेषण गर्ने नौलो पद्धति पहिचान गरेको कुरा प्रकाशित छ ।

लुइटेललाई विद्यावारिधि (**नेपाल समाचारपत्र**, २०५९ असार १५) शीर्षक समाचारमै तेरथुम जिल्लाको सोल्मा-९ कालिमाटीमा वि.सं.२०१८ मा जन्मनुभएका त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक खगेन्द्रप्रसाद लुइटेललाई **कविताको संरचनात्मक विश्लेषण** शोधप्रबन्धका लागि विद्यावारिधि प्रदान गरिएको कुरा शोधनिर्देशक मोहनराज शर्माको "प्रभाववादी भासमा आकण्ठ, निमग्न भएर मृत्युन्मुखी भएको नेपाली समालोचनालाई यसले स्वस्थ आधारभूमि दिने कुरामा कुनै शङ्का छैन" भन्ने मन्तव्यसहित प्रकाशित भएको छ ।

लुइटेललाई विद्यावारिधि (**स्पेसटाइम दैनिक**, २०५९ असार १७) शीर्षक समाचारमा त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागका उपप्राध्यापक खगेन्द्रप्रसाद लुइटेललाई **कविताको संरचनात्मक विश्लेषण** शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरिएको र उक्त शोधप्रबन्ध नेपालीको सबैभन्दा स्तरीय र मानक रहेको उल्लेख गरिएको छ ।

लुइटेललाई विद्यावारिधि (**राजधानी**, २०५९ असार १९) शीर्षक समाचारमै त्रिभुवन विश्वविद्यालयले उपप्राध्यापक खगेन्द्रप्रसाद लइटेललाई **कविताको संरचनात्मक विश्लेषण** विषयमा विद्यावारिधि उपाधि प्रदान गरेको र यो शोधप्रबन्ध नेपालीको सबैभन्दा स्तरीय र मानक रहेको कुरा शोधनिर्देशक तथा शोधविशेषज्ञको नामसहित प्रकाशित छ ।

Ph.D. degree conferred on Luintel, (**THE RISING NEPAL** 2002 June 29) शीर्षक समाचारमा Khagendra Prasad Luitel, lecturer at the Nepali Central Department of TU has been conferred with the doctor of philosophy for his thesis entitled **Structuralistic Analysis of Poetry**.The thesis is considered the first of the kind in the realm of Nepalese research. Prof. Mohan Raj Sharma, the thesi instructor, said that the book would give new dimention to research on Nepalese literature. The author has employed all tools available in Nepalese literatureto bring the book in the present form, said Sharma. प्रकाशित छ ।

विद्यावारिधि (**त्रिभुवन विश्वविद्यालय बुलेटिन**, ३५/१, २०५९ साउन) शीर्षकमा त्रि.वि.को दीर्घावधिक विद्वत्तवृत्तिमा विद्यावारिधि गरेका डा.लुइटेलको **कविताको संरचनात्मक विश्लेषण** विद्यावारिधि शोधप्रबन्ध नेपालीको प्रथम संरचनावादी शोधप्रबन्ध बन्नपुगेको छ । भाषाविज्ञान र साहित्यको सङ्गमस्थलका रूपमा देखापरेको यस शोधप्रबन्धबाट डा. लुइटेलले भाषाकेन्द्री र वस्तुवादी ढङ्गले सैद्धान्तिक र प्रायोगिक पक्षको

समन्वय गराई नेपालीमा संरचनावादी समालोचना पद्धतिको प्रारम्भ गर्नाका साथै प्रभाववादिताबाट मुक्त रही वैज्ञानिक र वस्तुगत ढङ्गले कृति विश्लेषणको प्रारूप तयार पारी त्यसैका आधारमा विश्लेषणसमेत गरिनुलाई नेपाली शोधकार्यका क्षेत्रमा विशिष्ट उपलब्धि र नौलो आयाम मानिएको कुरा प्रकाशित छ ।

मैले खोजेको आकाश धर्ती कृति सार्वजनिक (**कान्तिपुर**, २०५९ चैत २) शीर्षक समाचारमा रुसमा बस्दै आएका कवि डा. मधुकृष्ण श्रेष्ठको कविता सङ्ग्रह **मैले खोजको आकाश धर्ती** विमोचन गरिएको र यस कृतिमाथि खगेन्द्र लुइटेलले समीक्षा गरेको कुरा प्रकाशित छ ।

नेपाली केन्द्रीय विभागबाट प्रकाशित **वाङ्मय** (११/११, २०५९-२०६०) पत्रिकाको *लेखक परिचय* शीर्षकमा जन्म, पद, शिक्षा, कृति, हाल, निवास जस्ताउपशीर्षकमा खगेन्द्रप्रसाद लुइटेलको परिचय दिइएको छ ।

मोहन कोइरालाले **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) कृतिको *मन्तव्य*मा चर्चित एवं प्रखर समालोचक डा.खगेन्द्रप्रसाद लुइटेलद्वारा तयार पारिएको प्रस्तुत शोधग्रन्थ नेपाली काव्यजगत्का लागि पहिलो, नवीन र विशिष्ट कृति हो । कविता विधामै पीएच.डी. गरी विशेषज्ञता हासिल गरेका संरचनावादी विद्वान् समालोचक डा. लुइटेलद्वारा लेखिएको प्रस्तुत कृति यस विषयक्षेत्रको प्रथम, आधिकारिक, मौलिक र प्रामाणिक ग्रन्थ भएको र नेपाली कविताका इतिहासमा देखापरेका मतमतान्तरहरूलाई निराकरण गरी सैद्धान्तिक स्थिरीकरण गर्न सक्षम प्रस्तुत कृति नेपाली कविताका फाँटमा अति महत्त्वपूर्ण हुने कुरामा सन्देह नभएको बताउँदै पुस्तकको विषयवस्तुमाथि समेत प्रकाश पारेका छन् ।

तोया गुरुङले **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) कृतिको *मन्तव्य*मा विधागत सिद्धान्त र इतिहासलाई समेटी नेपाली कविताको सिङ्गो इतिहास प्रस्तुत गरिएको यो नेपालीकै पहिलो विशिष्ट कृति हो भन्दै यस शोधग्रन्थमा कविताका सैद्धान्तिक पक्षको वस्तुगत विश्लेषण तथा नेपाली कविताको इतिहाससम्बन्धी सुरुदेखि अहिलेसम्मको गहन खोजमूलक प्रस्तुति गरी आधुनिकतालाई विशेष ढङ्गले अर्थ्याएर यससम्बन्धी दिग्भ्रमहरूको निराकरण गरिएको छ भनेकी छन् । कवितालाई वैज्ञानिक ढङ्गले समग्र रूपमा चिनाउने र नेपाली कविताको विकासक्रमको समग्रता स्पष्ट्याउने यस्ता आधिकारिक र प्रामाणिक शोधग्रन्थको अत्यन्त अभाव भइरहेको समयमा प्रस्तुत कृति प्रकाशन हुनु हामी सबैका लागि गौरवको विषय हो भन्ने कुरा उल्लेख गरेकी छन् ।

सुदर्शन सिग्देलले *नेपाली बोर्डिङ स्कुलहरूमा भारतीय राष्ट्रियता* (**राजधानी**, २०६० जेठ १६) शीर्षक समाचारमा लुइटेलले 'हाम्रो देश भारत हो' भन्नेजस्ता भारतीय राष्ट्रियता सिकाउने वाक्यांश रहेको 'एसेन्सियल अफ इङ्लिस ग्रामर एन्ड कम्पोजिसन' पुस्तकलाई नेपालका निजी विद्यालयहरूले प्रमुख विषयका रूपमा पढाइरहेको जानकारीसहित निजी विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र पठनपाठन विषयक कार्यपत्र प्रस्तुत गरेको कुरा उल्लेख गर्दै नेपाली प्रकाशन संस्था हुँदाहुँदै कमिसनको खेलमा भारतबाट पाठ्यपुस्तक आयात गरिँदा यो स्थिति उत्पन्न भएको कुरा बताएका छन् भनी उल्लेख गरेका छन् ।

भ्रमपूर्ण पाठ्यक्रमप्रति विज्ञहरूको आपत्ति (**कान्तिपुर**, २०६० जेठ १६) शीर्षक समाचारमा डा. खगेन्द्रप्रसाद लुइटेलले *निजी विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र पठनपाठन* विषयक कार्यपत्रमा सबैजसो विद्यालयमा पढाइने विदेशी पुस्तकहरूबाट बच्चालाई के सिकाइँदैछ भन्नेतर्फ शिक्षक, अभिभावक तथा

विद्यालय सञ्चालक, सम्बद्ध निकायसमेतले चासो राखेका छैनन् भन्दै अहिले पठनपाठन हुँदै आएका केही पुस्तकहरूको उदाहरणका साथ त्यसमा हरेक व्यक्ति र ठाउँका नाम, भौगोलिक विभाजन, स्कुलका नाम, बस रूटलगायतका सबैजसो चित्र र विषयवस्तुसमेत भारतीय परिवेशमा रहेको कुरा उल्लेख गरेका छन् । यसमा उनले सबैभन्दा ठूलो र महत्वपूर्ण समस्याचाहिँ राष्ट्रियता र देशभक्तिसँग गाँसिएको बताएको समाचार प्रकाशित छ ।

मधुसूदन गिरीले *प्रज्ञा प्रतिष्ठान र प्राज्ञिक मर्यादाका कुरा* (**नेपाल समाचारपत्र**, २०६० चैत २७) शीर्षक लेखमा प्रज्ञा प्रतिष्ठानका विविध गतिविधिबारे चर्चा गर्दै प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित खगेन्द्रप्रसाद लुइटेलको **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** त आधिकारिक कोश नै हुनपुगेको कुरा उल्लेख गरेका छन् ।

केशव सुवेदी र अन्यले *नेपाली शोधपरक समालोचना : परम्परा र प्राप्ति* (२०६१) शीर्षक कार्यपत्रमा विद्यावारिधीय शोध समालोचना र तिनका समालोचनात्मक प्राप्तिहरूको चर्चा गर्ने क्रममा खगेन्द्रप्रसाद लुइटेलको विद्यावारिधि शोधप्रबन्ध **कविताको संरचनात्मक विश्लेषण**को पनि चर्चा गरेका छन् ।

नेत्र एटमले **समालोचनाको स्वरूप** (२०६१) नामक पुस्तकमा खगेन्द्रप्रसाद लुइटेलको **आधुनिक नेपाली समालोचना** कृति आधुनिक नेपाली समालोचनाको विस्तारकाल (२०४८ पछि) को उल्लेखनीय कृति भएको कुरा उल्लेख गरेका छन् ।

बाबुराम अधिकारीले **समालोचनाको सिद्धान्त र नेपाली समालोचना** (२०६१) पुस्तकमा नेपाली समालोचनाको तेस्रो चरणका प्रमुख समालोचकका रूपमा खगेन्द्रप्रसाद लुइटेलको नाम उल्लेख गरेका छन् ।

भरतकुमार भट्टराईले *विधागत इतिहास लेखनमा अद्वितीय कृति* (**सुनकोसी**, ५/२०६१) शीर्षक लेखमा भाषासाहित्यका सम्बन्धमा प्रशस्तै पुस्तक लेख्ने अत्यन्तै जाँगरिला र निडर व्यक्तिका रूपमा लुइटेललाई चिनाउँदै कालिक र धारणागत कविताको इतिहासलाई सकेसम्म तथ्यपरक, वैज्ञानिक, सामान्यीकृत तथा एकीकृत र सरल बनाउने प्रयास गरिएको **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** नामक कृति विधागत इतिहास लेखनको अद्वितीय र अतुलनीय कृतिका रूपमा रहनाका साथै संरचनावादी पद्धतिअनुरूप तयार पारिएको प्रस्तुत कृतिले कवितासिद्धान्त र नेपाली कविताको इतिहास अध्ययनमा समेत मौलिक तथा स्वतन्त्र दृष्टिकोण अगि सारेको कुरा प्रस्तुत गरेका छन् ।

कविता सिद्धान्तको क्षेत्रमा गहकिलो पुस्तक (**अन्नपूर्ण पोष्ट**, २०६१ वैशाख ५) शीर्षक समाचारमा **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** कृति कविताका बारेमा सामान्य जानकारी राख्ने पाठकदेखि लिएर विशेष अध्ययन-अनुसन्धान गर्न चाहनेहरूका लागि अत्यन्तै उपयोगी रहेको र कविताको इतिहासका बारेमा हालसम्म लेखिएका पुस्तकहरूमध्ये सर्वाधिक महत्त्वपूर्ण कृतिका रूपमा आएको कुरा उल्लेख गर्दै प्रस्तुत कृति लेखेर डा.लुइटेलले नेपाली कविताको क्षेत्रमा ठूलो कार्य गर्नुभएको कुरा प्रकाशित छ ।

कविता सिद्धान्त र नेपाली कविताको इतिहास ग्रन्थ प्रकाशित (**गोरखापत्र**, २०६१ वैशाख १६) शीर्षक समाचारमा **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** कृति खास गरेर कविताको संरचनालाई पहिल्याएर कविताको वर्गीकरण गर्ने र प्रवृत्तिका आधारमा फरक छुट्याउने नौलो प्रयास गरिएको विशिष्ट कृति भएको कुरा प्रकाशित छ ।

विकल कथा क्षेत्रका ग्रह (**नेपाल समाचारपत्र,** २०६१ असार १६) शीर्षक समाचारमा नेपाली आख्यान समाजले वरिष्ठ आख्यानकार रमेश विकललाई अभिनन्दन गरेको समारोहमा आख्यानकार विकलको लेखनयात्राबारे प्रकाश पार्दै समालोचक डा. खगेन्द्रप्रसाद लुइटेलले रमेश विकल नेपाली कथाका क्षेत्रमा वरिष्ठ ग्रह हुनुहुन्छ भनेको कुरा उद्धरणसहित प्रकाशित छ ।

कविता सिद्धान्त र नेपाली कविताको इतिहास ग्रन्थ प्रकाशित (**पोखरा**, २०६१ वैशाख १६) शीर्षक समाचारमा डा.लुइटेलद्वारा लिखित तथा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** कृतिलाई नेपाली कवितामा केन्द्रित पहिलो इतिहास तथा नेपाली काव्य जगत्का लागि प्रथम, नवीन र विशिष्ट कृतिका रूपमा लिइएको कुरा प्रकाशित छ ।

नेपाली कविताको इतिहास एउटै पुस्तकमा (**हिमालय टाइम्स**, २०६१ वैशाख १६) शीर्षक समाचारमा **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** कृति कविताको संरचनालाई पहिल्याएर कविताको वर्गीकरण गर्ने र प्रवृत्तिका आधारमा प्रकार छुट्ट्याउने नौलो प्रयास गरिएको सम्पूर्णमा कवितासम्बन्धी प्रचलित दृष्टिकोणमा संशोधन गरी नयाँ रूपरेखा बसालिएको कृति बन्न पुगेको कुरा विभिन्न विद्वान्का मन्तव्यसहित प्रकाशित छ ।

माधवप्रसाद पाण्डेयले *कविता विधामा आधुनिक विस्फोट* (**स्पेसटाइम**, २०६१ वैशाख १९) शीर्षक लेखमा नेपाली भाषासाहित्यका साधक, चर्चित एवं प्रखर समालोचक तथा अनुसन्धाताका रूपमा सुपरिचित त्रिभुवन विश्वविद्यालयमा प्राध्यापनरत खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** नामक पुस्तकमा लेखकले कालक्रमिक र वैज्ञानिक तरिकाले विना भेदभाव नेपालीका सम्पूर्ण कविहरूलाई समावेश गरेको कुरा उल्लेख गर्दै गहन अध्ययन, चिन्तनमनन, अनुसन्धान र लगनका साथ तयार पारिएको यो कृति नेपालीकै अद्वितीय ग्रन्थ तथा आधुनिक विस्फोट भएको कुरा उल्लेख गरेका छन् ।

मधुसूदन गिरीले *नेपाली काव्यको इन्साइक्लोपेडिया* (**राजधानी**, २०६१ जेठ २) शीर्षक लेखमा **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** पुस्तक पाठ्यक्रमको प्रयोजनका लागि लिखित पुस्तकबाहेक निरपेक्ष रूपमा लेखिएको नेपाली कविताको विधागत इतिहासको पहिलो आधिकारिक पुस्तक बन्न पुगेको र कृतिमा प्रस्तुत कालविभाजनसम्बन्धी लेखकको दृष्टिकोणलाई वैज्ञानिक मान्न सकिने कुरा प्रस्तुत गरेका छन् ।

गोविन्दराज भट्टराईले *कवितामाथि भिन्न हेराइ* (**कान्तिपुर**, २०६१ जेठ १६) शीर्षक लेखमा व्यापक विषयवस्तुलाई समेटेर निकै परिश्रमपूर्वक तयार पारिएको दुई खण्डमा विभाजित कृति **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** नामक पुस्तक अत्यन्तै प्रामाणिक र नौलो सैद्धान्तिक पृष्ठभूमि बन्नपुगेको कुरा उल्लेख गरेका छन् ।

विवश वस्तीले *कविता विधामा गहन दस्तावेज* (**बुधबार**, २०६१ जेठ २०) शीर्षक लेखमा नेपाली कविताको इतिहासलाई गहन र सुस्पष्ट ढङ्गले केलाउने प्रयत्न गरिएको **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** पुस्तकमा नेपाली कविता विधालाई समृद्ध तुल्याउन योगदान गर्ने हरेक स्रष्टाबारे उल्लेख गर्न डा. लुइटेलले कुनै कञ्जुस्याइँ नगर्नुभएको कुरालाई नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानकी तत्कालीन सदस्य तोया गुरुङको मन्तव्यसहित उल्लेख गरेका छन् ।

भरतकुमार भट्टराईले *कविता सिद्धान्त र नेपाली कविताको इतिहास* (**गोरखापत्र**, २०६१ असार १२) शीर्षक लेखमा दुई खण्डमा विभाजित **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** कृति दसौँ वर्षदेखिको

अध्ययन-अनुसन्धानमा संलग्न डा. लुइटेलको कठोर साधनाको एक गौरवपूर्ण प्रतिफल भएको भन्दै यस कृतिमा कालिक र धारणागत कविताको इतिहासलाई सकेसम्म तथ्यपरक, वैज्ञानिक, सामान्यीकृत तथा एकीकृत र सरल ढङ्गले प्रस्तुत गरिएको उल्लेख गरेका छन् । उनले "कवितालाई वैज्ञानिक ढङ्गले समग्र रूपमा चिनाउने र नेपाली कविताको विकासक्रमको समग्रता स्पष्ट्याउने यस्ता आधिकारिक र प्रामाणिक शोधग्रन्थको अत्यन्त अभाव भइरहेको समयमा प्रस्तुत कृति प्रकाशन हुनु हामी सबैका लागि गौरवको विषय हो" भन्ने प्राज्ञ सदस्य तोया गुरुङको मन्तव्यको उद्धरणका साथ प्रस्तुत गरेका छन् ।

सुकुम शर्माले *कविता सिद्धान्त र नेपाली इतिहासका सन्दर्भमा डा.खगेन्द्रप्रसाद लुइटेलको समालोचकीयता* (**समकालीन साहित्य**, १४/३, २०६१ वैशाख-असार) शीर्षक समालोचनामा लुइटेल लेखन क्षेत्रमा उर्वर कलम भएको नाम हो, निरन्तर लेखनमा लाग्नु उनको विशेषता हो आदि भन्दै उनको लेखनवृत्तलाई पाठ्यपुस्तक लेखन, भाषा विषयक लेखन, समालोचना लेखन, सिर्जना र अनुवाद गरी चार भँगालामा विभाजन गरी यी सबैको परिचयका साथ उनको **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** कृतिको विश्लेषण विभिन्न कोणबाट गरेका छन् । सिद्धान्त, विश्लेषणको आधार, कविता पहिचान गर्ने संरचनावादी दृष्टिकोण, नेपाली साहित्यको कालविभाजनको विश्लेषण भएको यस कृतिबाट कालविभाजनसम्बन्धी मतभेदलाई धेरै हदसम्म निराकरण भई स्थिरीकरण हुने स्थिति देखिएको बताउँदै कविता सिद्धान्त, संरचनावादी दृष्टिकोण र मान्यता र नेपाली कविताको यात्रा बुझ्न यो कृति आधिकारिक, प्रामाणिक, सरल, व्यवस्थित र सुस्पष्ट देखिन्छ भनेका छन् ।

रमेश तुफानले *निश्चित दिशा* (**मधुपर्क**, ३७/४, २०६१ भदौ) शीर्षक लेखमा **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** कृति नौलो प्रस्तुतिका रूपमा मात्र नआएर बेग्लै इतिहासका रूपमा आएकाले यसले विशिष्टता पाएको छ र यस कृतिमा प्रस्तुत पूर्वी र पश्चिमी एवं नेपाली विद्वान्को अवधारणाले केवल जानकारीको भूमिका मात्र निभाएको छैन, सँगै नयाँ सोच बनाउने क्षमता पनि राखेको छ भन्दै यस कार्यका लागि इतिहासकार लुइटेल बधाइको पात्र हुनुभएको कुरा प्रस्तुत गरेका छन् ।

लक्ष्मणप्रसाद गौतमले *कविता सिद्धान्त र नेपाली कविताको इतिहास* (**गरिमा**, २२/१२, २०६१ मङ्सिर) शीर्षक लेखमा यो ग्रन्थ एकातिर भएका सामग्रीहरूको व्यवस्थापनयुक्त सङ्गठन र अर्कातिर नवीन सिद्धान्तको प्रतिपादन, व्याख्या र विश्लेषण गरिएको बृहत् ग्रन्थका रूपमा आएको बताउँदै कविता सिद्धान्त र नेपाली कविताको इतिहासका बारेमा लेखिएको तयारी ग्रन्थका रूपमा यस पुस्तकको चिनारी दिएका छन् ।

तुलसीले *भाषाविज्ञानको गहन सँगालो* (**मधुपर्क**, ३७/१०, २०६१ फागुन) शीर्षक लेखमा त्रिभुवन विश्वविद्यालयमा लामो समयदेखि प्राध्यापन गर्दै आएका प्रा.डा.बल्लभमणि दाहालका विविध विषय र सन्दर्भमा छरिएर रहेका लेख्य सामग्रीहरूको भाषिक चिन्तनसँग सम्बन्धित विश्लेषणात्मक सामग्रीहरूलाई समेटेर **डा.बल्लभमणि दाहालका भाषिक चिन्तन** नामक कृतिको प्रकाशन गर्नु सराहनीय कार्य भएको भन्दै लुइटेलले वहन गरेको जिम्मेवारी उल्लेख्य भएको बताएका छन् ।

रेशम विरहीले *आञ्चलिक कथाहरूमा स्वादिलो बान्की* (**मधुपर्क**, ३७/१०, २०६१ फागुन) शीर्षकमा सनत रेग्मीका २५ वटा कथाहरूको सँगालो **सनत रेग्मीका प्रतिनिधि कथा** नामक कृतिको सम्पादन खगेन्द्रप्रसाद लुइटेलले गरेका हुन् र प्रस्तुत कृतिका कथाहरू नै सनत रेग्मीमा प्रतिनिधि कथा हुन् भन्ने समालोचकको ठम्याइसँग असहमत हुनुपर्ने ठाउँ नरहेको कुरा प्रस्तुत गरका छन् ।

राजु भुसालले *समालोचनाको स्वरूप र प्रकार* (**कुञ्जिनी**, १२/९, २०६१/२०६२) शीर्षक समालोचनामा नेपाली समालोचनाका क्षेत्रमा नवीनतम समालोचकीय पद्धतिलाई अँगालेर खास समालोचना गर्ने व्यक्ति खगेन्द्रप्रसाद लुइटेल नै भएका र यिनैको *आशिष कविताको संरचनावादी विश्लेषण* लेखबाट संरचनावादी समालोचनाको थालनी भएको बताएका छन् ।

मोहनराज शर्माले **कविताको संरचनात्मक विश्लेषण** (२०६२) कृतिको *कविताको नयाँ साहित्यशास्त्र* शीर्षक भूमिकामा नेपाली अनुसन्धान क्षेत्रको प्रथम, नौलो र गहकिलो उपलब्धि प्रमाणित भएको **कविताको संरचनात्मक विश्लेषण** कृतिले नेपाली अनुसन्धान तथा साहित्य चिन्तनलाई नयाँ दिशा, प्रवृत्ति र आयाम दिने कुरामा शङ्का लिनु नपर्ने कुरा उल्लेख गर्दै साहित्यशास्त्र र भाषाविज्ञानको सङ्गम स्थलका रूपमा देखापरेको संरचनावादी सिद्धान्त र प्रयोगमा केन्द्रित ऐतिहासिक महत्त्व राख्ने यो शोधग्रन्थ नेपालीको सबैभन्दा स्तरीय र मानक शोधप्रबन्ध तथा पुस्तकका रूपमा देखिएकाले यस प्रकारका कृतिको अर्को जोडा नेपालीमा नभएको कुरा उल्लेख गरेका छन् ।

बल्लभमणि दाहालले **कविताको संरचनात्मक विश्लेषण** (२०६२) कृतिको *नेपालीमा नौलो उपहार र प्रथम प्रयोग* शीर्षक भूमिकामा नेपालीमा संरचनावादी समालोचना पद्धतिको थालनी मात्र नभई एकसाथ यसको विकास र विस्तारसमेत गरिएको डा.लुइटेलको **कविताको संरचनात्मक विश्लेषण** शोधप्रबन्ध नेपाली साहित्यमा नौलो उपहार र संरचनावादी सिद्धान्त र विधिको प्रथम प्रयोग मात्र नभएर ब्रेक थ्रु नै हो भनी भाषाविज्ञान र साहित्यशास्त्रको अद्भुत सङ्गम बिन्दुका रूपमा रहेको यो शोधकार्यले नेपालीमा छुट्टै नवीन र विशिष्ट स्कुलको निर्माण गरी संरचनावादको जग बसाउने मात्र होइन सिङ्गो भवन नै निर्माण गरेको छ भन्दै यो शोधकार्य नेपालीमा संरचनावादी सिद्धान्त र प्रयोग दुवै क्षेत्रमा भएको विशिष्ट र अद्वितीय नवनिर्माण हो भनेका छन् ।

अभि सुवेदीले **कविताको संरचनात्मक विश्लेषण** (२०६२) पुस्तकको *साहित्य सिद्धान्त र नयाँ नेपाली समीक्षा* शीर्षक भूमिकामा नेपाली शोध र समालोचनाका क्षेत्रमा प्रचलित परम्पराभन्दा नितान्त भिन्न र नवीन ढङ्गले संरचनावादी पद्धतिका आधारमा सर्वप्रथम तयार पारिएको डा.लुइटेलको **कविताको संरचनात्मक विश्लेषण** शीर्षकको यो कृति यस दिशाको एउटा महत्त्वपूर्ण, विशिष्ट ऐतिहासिक साहित्य सिद्धान्त र समीक्षाको मानक ग्रन्थका रूपमा रहेको, यस क्षेत्रमा ग्राउन्ड ब्रेक गरेको ऐतिहासिक कृति भएको कुरामा आफूमा दृढ विश्वास रहेको कुरा बताएका छन् ।

गोविन्दराज भट्टराईले **कविताको संरचनात्मक विश्लेषण** (२०६२) पुस्तकको *सिद्धान्त र प्रयोगको अपूर्व मिलन* शीर्षक भूमिकामा सैद्धान्तिक र प्रायोगिक दुवै पक्षको विस्तृत र व्यापक अध्ययन गरिएको **कविताको संरचनात्मक विश्लेषण** नामक ग्रन्थ छुट्टाछुट्टै दुईवटा विद्यावारिधि स्तरीय मानक शोधग्रन्थको एकीकृत ग्रन्थ बन्न पुगेको र संरचनावादी समालोचना पद्धतिको नौलो जग बसाई समालोचना क्षेत्रमा नयाँ मोड ल्याएको यो ग्रन्थ ठोस प्रमाण र वस्तुगत विश्लेषणमा आधारित भएकाले यसको प्रभाव दूरगामी हुने कुरा निर्विवाद रहेको कुरा प्रस्तुत गरेका छन् ।

तुलसीप्रसाद भट्टराईले **कविताको संरचनात्मक विश्लेषण** (२०६२) पुस्तकको मन्तव्यमा अतीत र दूरवर्ती विषयवस्तुको नवीनतम व्याख्या विश्लेषण भएको **कविताको संरचनात्मक विश्लेषण** शोधग्रन्थले समालोचना गर्ने परम्परागत शैली र आत्मकेन्द्रित स्वाहलाई पगाल्न र समीक्षकहरूलाई अरू नयाँ खोज गर्न

प्रेरित गर्नेछ । समालोचना समीक्षाजस्ता विषय संस्थान बद्ध एवं रूढ र जड हुँदै गएको आजको व्यासासनीय निश्चल दहमा यो शोधग्रन्थ कोसेढुङ्गो भएर छाल तरङ्ग उठाउन सफल छ । शोधविधिको प्रयोग र भाषिक सम्प्रेषण अत्युत्तम रहेको यो ग्रन्थ समग्रतः सान्दर्भिक र उपयुक्त विषयवस्तु अङ्गीकार गरिएको स्तरीय, मानक एवं अद्वितीय शोधग्रन्थ भएको र यसमा खोट लगाउने ठाउँ कतै नभएको कुरा प्रस्तुत गरेका छन् ।

राजु भुसालले **मोहनराज शर्माको समालोचना प्रवृत्ति** (२०६२) शीर्षक स्नातकोत्तर शोधपत्रमा नेपाली समालोचना क्षेत्रमा नवीनतम समालोचकीय पद्धतिलाई अँगालेर खास समालोचना गर्ने व्यक्ति लुइटेल नै भएका र उनको **कविताको संरचनात्मक विश्लेषण** कृति समालोचनाका क्षेत्रमा कोसेढुङ्गो भएको कुरा उल्लेख गर्दै लुइटेलले संरचनावादी समालोचनाको थालनी मात्र नगरी विकास र विस्तारसमेत गरेको बताएका छन् ।

बालाकृष्ण अधिकारीले नेपाली *साहित्यको काल विभाजनसम्बन्धी विवादहरू* (**गरिमा**, २३/५, २०६२ वैशाख) शीर्षक समालोचनामा लुइटेलको **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** कृतिबारे चर्चा गर्दै उनले लेखनाथ आधुनिक कालका प्रवर्तक नभएर देवकोटा आधुनिक कालका प्रवर्तक भएको मत प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् ।

कविताको संरचनात्मक विश्लेषण पुस्तक (**गोरखापत्र**, २०६२ साउन ३२) शीर्षक समाचारमा नेपाली साहित्यको समालोचकीय फाँटमा संरचनावादको सर्वप्रथम प्रयोग भएको डा.लुइटेलको **कविताको संरचनात्मक विश्लेषण** कृतिले कविता विधालाई हेर्ने नयाँ दृष्टिकोणका साथै कविताको महत्वका सन्दर्भमा विशिष्ट स्थान ओगट्ने कुरा प्रकाशित छ ।

कवितामा संरचनावादको प्रयोग (**हिमालय टाइम्स**, २०६२ साउन ३२) शीर्षक समाचारमा चर्चित समालोचक खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **कविताको संरचनात्मक विश्लेषण** कृति प्रकाशित भएको र यस कृतिले कविता विधालाई हेर्ने नयाँ दृष्टिकोणका साथै कविताको महत्त्वका सन्दर्भमा समेत विशिष्ट स्थान ओगट्ने कुरा प्रकाशित छ ।

डा.लुइटेलको नयाँ कृति (**अन्नपूर्ण पोष्ट**, २०६२ भदौ २) शीर्षक समाचारमा नेपाली साहित्यका विविध विधामा खोज र अनुसन्धान गर्दै आउनुभएका डा.लुइटेलको नवीनतम कृति **कविताको संरचनात्मक विश्लेषण** सार्वजनिक भएको कुरासँगै कविताको सामान्य परिभाषादेखि वर्गीकरण र संरचनापक्षको चर्चा गरिएको उक्त कृति यस क्षेत्रको प्रथम आधिकारिक कृति भएको कुरा मोहनराज शर्मा, बल्लभमणि दाहाल, अभि सुवेदी, गोविन्दराज भट्टराई, तुलसी भट्टराई आदिका पुस्तकसम्बन्धी मन्तव्यसहित प्रकाशित छ ।

विमल बरालले *नेपाली कविताको संरचनात्मक विश्लेषण* (**नेपालीपत्र**, २०६२ भदौ ३) शीर्षक लेखमा पाश्चात्य जगत्मा साठीको दशकमा नै उत्कर्षमा पुगेको संरचनावाद नेपाली समालोचना क्षेत्रमा विमुखजस्तै रहेको अवस्थामा लुइटेलको **कविताको संरचनात्मक विश्लेषण** कृति संरचनात्मक पक्षबाट नेपाली कविताको अध्ययन र अनुसन्धान गरिएको पहिलो कृति भएको बताएका छन् ।

मोदनाथ प्रश्रितले *कविताको संरचनात्मक विश्लेषण* (**कान्तिपुर**, २०६२ असोज १) शीर्षक लेखमा **कविताको संरचनात्मक विश्लेषण** पुस्तक नयाँ विषयलाई पहिलोपालि सर्वाङ्ग रूपले नेपाली वाङ्मयमा अवतरण गराउने श्रेय डा.खगेन्द्र र उनको पुस्तकले पाएको बताएका छन् । उनले यस पुस्तकको भूमिका लेख्ने विद्वान्हरूका भनाइ उद्धरण गर्दै नेपालीमा यस कृतिको नवीनता र महत्व दर्साउन यहाँभन्दा बढी के थप्न

आवश्यक छ र ? नेपाली वाङ्मयमा साहित्यको संरचनापक्षको परिचय दिने उल्लेख्य सानै कृति पनि नभएको ठाउँमा यति गहन अध्ययन र विवेचनपूर्ण शोधग्रन्थ निर्माण र प्रकाशनले लेखकको अध्ययन, अनुसन्धान र लेखनको भगीरथ तपस्या दर्साएको छ । यसबाट कविता क्षेत्रका स्रष्टा मात्र होइन हरेक विधाका सर्जक संरचनामूलक ज्ञानको क्षेत्रमा पर्याप्त रूपले लाभान्वित हुनसक्ने कुरामा कुनै शङ्का छैन भन्ने कुरा उल्लेख गरेका छन् ।

राजेन्द्र श्रेष्ठले *नहारेको दिन नहारेको जीवन* (**अन्नपूर्ण पोष्ट**, २०६२ असोज ९) शीर्षक व्यक्तित्व आलेखमा झट्ट हेर्दा सामान्य लाग्ने तर कुरा गर्दै जाँदा असामान्य बौद्धिक व्यक्तित्वको स्वरूप भेटिने खगेन्द्रप्रसाद लुइटेलले जीवनमा हार्न कहिल्यै जान्नु भएन चाहे विद्यार्थी जीवनमा होस् वा जागिरे जीवनमा होस्, कहिल्यै हार्न नजानेको र सधैँ विजयी भएको, सधैँ कक्षामा प्रथम भएर छात्रवृत्ति प्राप्त गरेको र जागिरे जीवनमा पनि यस्तै सफलता भेट्टाएको आदि प्रसङ्ग उल्लेख गरेका छन् । यसमा लुइटेलले आफ्नो पुस्तकालयमा पुस्तक हेर्दै गरेको, विभागतिर जाँदै गरेको र कक्षामा पढाइरहेको ठूला रङ्गिन तस्बिरका साथ उनका दैनिकीको चर्चा गर्दै कसैको दबाबमा परेर काम नगर्ने तथा समय मागेर पनि ठीक समयमा नआउनेसँग कुरा पनि नगर्ने आदि उनका विभिन्न बानीव्यवहार र दैनन्दिनलाई समेत प्रस्तुत गरिएको छ ।

अनर्थको विमोचन (**चितवन पोस्ट**, २०६२ असोज २१) शीर्षक समाचारमा चितवन वाङ्मय प्रतिष्ठानको आयोजनामा कथाकार सीताराम कोइरालाको कथा सङ्ग्रह **अनर्थ**को विमोचन प्रमुख अतिथि वरिष्ठ समालोचक डा. खगेन्द्रप्रसाद लुइटेलले गरेको कुरा प्रकाशित छ ।

लक्ष्मणप्रसाद गौतमले *कविता सिद्धान्त र नेपाली कविताको इतिहास कविताका बारेमा लेखिएको एउटा मानक ग्रन्थ* (**नवप्रज्ञापन**, १३/२, २०६२ असोज) शीर्षक समालोचनामा विश्वविद्यालय स्तरीय पाठ्य प्रयोजनका लागि पाठ्य र सन्दर्भ पुस्तकका रूपमा लेखिएका विविधतामय र अन्योलग्रस्त सामग्रीबाहेक विधागत इतिहासको कुनै ठोस, वैज्ञानिक, वस्तुगत र व्यवस्थित अध्ययन लेखन नभइरहेको सन्दर्भमा डा.लुइटेलद्वारा लिखित **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** नामक ग्रन्थ एउटा आधिकारिक र मानक गुरुग्रन्थका रूपमा आएको बताउँदै यसलाई नेपाली कविताको मिनी इन्साइक्लोपेडिया भन्न सकिने कुरालाई कारणसहित प्रस्तुत गरेका छन् ।

डा.लुइटेललाई विद्वत्वृत्ति (**बुधबार**, २०६२ पुस ६) शीर्षक समाचारमा डा. खगेन्द्रप्रसाद लुइटेलको लेखन, प्रकाशनसम्बन्धी परिचयका साथै नेपालीमा संरचनावादी समालोचनाको प्रारम्भकर्ताका रूपमा चिनिनुहुने डा. लुइटेललाई साहित्यिक पत्रकार सङ्घले विष्णुराम वाङ्मय विद्वत्वृत्ति प्रदान गर्ने निर्णय गरेको छ, सङ्घका अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा बसेको बैठकले सो निर्णय गरेको हो भन्दै मैनाली कथा पुरस्कार प्राप्त स्रष्टाहरूबारे लेखनका लागि यो विद्वत्वृत्ति प्रदान गरिएको कुरा प्रकाशित छ ।

डा.लुइटेललाई विद्वत्वृत्ति (**अन्नपूर्ण पोस्ट**, २०६२ पुस १२) शीर्षक समाचारमै साहित्यिक पत्रकार सङ्घले डा. खगेन्द्र लुइटेललाई विष्णुराम वाङ्मय विद्वत्वृत्ति प्रदान गर्ने निर्णय गरेको छ, मैनाली कथा पुरस्कार प्राप्त स्रष्टाहरूबारे लेखनका लागि यो विद्वत्वृत्ति प्रदान गरिएको हो भन्ने कुरा प्रकाशित छ ।

उत्कृष्ट पुस्तक पुरस्कार (**कान्तिपुर**, २०६२ पुस २०) शीर्षक समाचारमा डा. खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **कविताको संरचनात्मक विश्लेषण** पुस्तकलाई उत्कृष्ट पुस्तक पुरस्कार प्रदान गरिने भएको छ । प्रत्येक

दुई वर्षमा चितवन साहित्य प्रतिष्ठानद्वारा प्रदान गरिने कृष्णाकुमारी गुरुङ पुरस्कार उत्कृष्ट पुस्तकलाई प्रदान गरिने र राशि दस हजार रहेको प्रतिष्ठानले जनाएको छ भन्ने प्रकाशित छ ।

लुइटेलाई पुरस्कार (**नेपाल समाचारपत्र**, २०६२ पुस २०) शीर्षक समाचारमा चितवन साहित्य परिषद्ले प्रत्येक दुई वर्षमा उत्कृष्ट पुस्तकका लागि प्रदान गर्ने कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार यस वर्ष डा. खगेन्द्रप्रसाद लुइटेललाई सम्मानित गर्ने भएको छ । लुइटेलको समालोचनात्मक ग्रन्थ **कविताको संरचनात्मक विश्लेषण** का लागि दस हजार राशिको उक्त पुरस्कार प्रदान गरिने भएको हो ।

डा. लुइटेल पुरस्कृत (**गोरखापत्र**, २०६२ पुस २१) शीर्षक समाचारमा त्रि.वि. का सहरूाध्यापक डा. खगेन्द्रप्रसाद लुइटेललाई चितवन साहित्य परिषद्ले कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ । उक्त पुरस्कार डा. लुइटेलको हालै प्रकाशित **कविताको संरचनात्मक विश्लेषण** नामक समालोचनात्मक ग्रन्थका लागि प्रदान गरिएको परिषद्ले जनाएको छ भन्दै उत्कृष्ट कृतिलाई प्रदान गरिने उक्त पुरस्कारको राशि दस हजार र प्रमाणपत्र रहनेछ, पुरस्कार आगामी राष्ट्रिय एकता दिवसका दिन दिइनेछ भन्ने प्रकाशित छ ।

डा. लुइटेललाई गुरुङ पुरस्कार (**अन्नपूर्ण पोस्ट**, २०६२ पुस २१) शीर्षक समाचारमा नेपाली कविताको अध्ययनमा तल्लीन डा. खगेन्द्रप्रसाद लुइटेललाई कृष्णाकुमारी गुरुङ पुरस्कार प्रदान गरिएको छ । लुइटेलको समालोचनात्मक कृति **कविताको संरचनात्मक विश्लेषण** का लागि दस हजार नगद र ताम्रपत्रसहित उक्त पुरस्कार प्रदान गरिएको हो । पुरस्कारले मलाई कविताको क्षेत्रमा खोज गर्ने अप हौसला प्रदान गरेको छ भन्ने लुइटेलको मन्तव्यसहित प्रकाशित छ ।

परिषद्द्वारा लुइटेल सम्मानित (**चितवन पोस्ट**, २०६२ पुस २८) शीर्षक समाचारमा चितवन साहित्य परिषद्द्वारा स्थापित कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कारबाट साहित्यकार खगेन्द्रप्रसाद लुइटेल सम्मानित हुनुभएको छ । लुइटेलको समालोचनात्मक कृति **कविताको संरचनात्मक विश्लेषण**का लागि परिषद्ले घोषणा गरेको पुरस्कारको राशि दस हजार र ताम्रपत्र रहेको छ भन्ने कुरा प्रकाशित छ ।

पुरस्कार प्रदान (**अन्नपूर्ण पोस्ट**, २०६२ माघ ५) शीर्षक समाचारमा चितवन वाङ्मय परिषद्द्वारा प्रत्येक दुईदुई वर्षमा प्रदान गरिँदै आएको दस हजार नगदसहित ताम्रपत्र रहेको कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार यस वर्ष डा. खगेन्द्रप्रसाद लुइटेलको समालोचनात्मक कृति **कविताको संरचनात्मक विश्लेषण**का लागि प्रदान गरिएको र विभिन्न व्यक्तिहरूले पुरस्कृत व्यक्तित्वका बारेमा मन्तव्य व्यक्त गरेको भन्ने कुरा प्रकाशित छ ।

बहादुरसिंह बरालका रचनाको संरचना विश्लेषण (**गरिमा**, २४/२, २०६२ माघ) शीर्षक लेखको सुरुमा खगेन्द्रप्रसाद लुइटेलको फोटोसहित जन्म, शिक्षा, प्रकाशित कृति, संलग्नता, पुरस्कार/सम्मान, ठेगाना आदि शीर्षकमा उनको परिचय दिइएको छ ।

एकतीसौँ शिक्षा दिवस, २०६२ अवसरमा पुरस्कृत हुनेहरूको नामावली विवरण पदक तथा प्रमाणपत्रबाट पुरस्कृत (**गोरखापत्र**, २०६२ फागुन १३) शीर्षक समाचारमा विश्वविद्यालयअन्तर्गत पुरस्कृत हुने प्राध्यापक तथा कर्मचारीहरूको सूचीमा डा. खगेन्द्रप्रसाद लुइटेलको नाम, पद र कार्यरत स्थानसहित प्रकाशित छ ।

कथा दिवसको अवसरमा विचार गोष्ठी (**अन्नपूर्ण पोस्ट**, २०६२ चैत २०) शीर्षक समाचारमा साहित्यिक पत्रकार सङ्घद्वारा आयोगित कथा दिवसको २५ वर्ष शीर्षक गोष्ठीमा डा. खगेन्द्रप्रसाद लुइटेलले

नेपाली कथाका विभिन्न स्वरूपको बारेमा चर्चा गर्नु भएको भन्दै डा. लुइटेलले बोल्दै गरेको रङ्गिन तस्बिरसहित प्रकाशित छ ।

लक्ष्मणप्रसाद गौतमले *संरचनावादी समालोचनाको पहिलो ग्रन्थ* (**मधुपर्क**, ३८/११, २०६२ चैत) शीर्षक लेखमा लुइटेलको **कविताको संरचनात्मक विश्लेषण** शीर्षकको यो गुरुत्तम कृति आयामका दृष्टिले मात्र नभई समालोचनाको विषयका दृष्टिले समेत अत्यन्त गम्भीरतम र सर्वथा नवीन ग्रन्थ भएको र डा.लुइटेलले आफैँले बाटो बनाएर हिँड्नु अत्यन्त कठिन चुनौतीपूर्ण कार्य भएको भन्दै पुस्तकको परिचयसहित यो ग्रन्थ पूर्णतया अनुसन्धान पद्धतिमा आधारित भएकाले यसमा भएका यावत् विषयवस्तु विश्वसनीय, वैध, प्रामाणिक, आधिकारिक र वस्तुतथ्यात्मक छन् भन्ने कुरा प्रस्तुत गरेका छन् ।

धर्मप्रसाद गौतमले **नेपाली साहित्यमा तेरथुम जिल्लाको योगदान** (२०६३) शीर्षक स्नातकोत्तर शोधपत्रमा डा.लुइटेलको जीवनी र व्यक्तित्वको परिचयसहित समालोचना क्षेत्रमा नवीनतम समालोचकीय पद्धति संरचनावादी समालोचना पद्धतिलाई अँगालेर सैद्धान्तिक र प्रायोगिक रूपमा समालोचना गर्ने डा.लुइटेल यस पद्धतिको थालनीकर्ता मात्र नभई विकास र विस्तारसमेत गर्ने तेरथुमे सफल समालोचक भएको कुरा उल्लेख गरेका छन् ।

राजु भुसालले *कविताको संरचनात्मक विश्लेषण : एक सङ्क्षिप्त अध्ययन* (**लुम्बिनी**, २०६३ असार २४) शीर्षक लेखमा **कविताको संरचनात्मक विश्लेषण** पुस्तकको चर्चा गर्दै संरचनावादमाथि केन्द्रित भई वस्तुगत र वैज्ञानिक ढङ्गले विश्लेषण गर्ने समालोचना पद्धतिको नेपाली समालोचनाका क्षेत्रमा थालनी मात्र नगरी यसको स्पष्ट प्रारूप तयार पारी सैद्धान्तिक र प्रायोगिक रूपमा समालोचना गर्ने व्यक्ति डा.लुइटेल नै हुन् र कविता विधामै केन्द्रित भएर त्यसका समग्र पक्षहरूको वस्तुगत अध्ययन, विश्लेषण गरी सैद्धान्तिक ढाँचा र स्पष्ट प्रारूप तयार पारी कविता सिद्धान्त र प्रयोग एकै ठाउँमा प्रयोग गर्न सकिने यो पुस्तक कविताको नयाँ, विशिष्ट र उल्लेखनीय साहित्यशास्त्र भएको कुरा उल्लेख गरेका छन् ।

पुरस्कार तथा सम्मानपत्र वितरण (**बागमती**, २००७ जुलाई) शीर्षक समाचारमा **लोकवार्ताविज्ञान र लोकसाहित्य** नामक पुस्तकका लागि खगेन्द्रप्रसाद लुइटेललाई **भगवती बुढाथोकी स्मृति पुरस्कार** प्रदान गरिएको र उक्त पुस्तक २०६३ सालभरिमा नेपाली भाषामा प्रकाशित पुस्तकहरूमा सर्वोत्कृष्ट ठहरिएको कुरा प्रकाशित छ ।

रामबहादुर बोगटीले *सिद्धान्त र संरचना विश्लेषणको एकीकृत प्रस्तुति* (**देशान्तर साप्ताहिक**, २०६३ साउन २८) शीर्षक लेखमा **कविताको संरचनात्मक विश्लेषण** कृतिलाई नयाँ आयाम र नौलो प्रस्तुति भएको वस्तुगत र वैज्ञानिक समालोचनाको आह्वान गर्ने कृतिका रूपमा चिनाउँदै परम्परित प्रभाववादी ढर्रालाई समाप्त पारी वैज्ञानिक समीक्षाका लागि संरचनावादी सिद्धान्तलाई आत्मसात् गर्नुपर्ने आह्वान र अवसर यस पुस्तकबाट एकसाथ प्रस्तुत भएको कुरा उल्लेख गरेका छन् ।

विश्वविमोहन श्रेष्ठको कवित्व (**गरिमा**, २४/८, २०६३ साउन) शीर्षक लेखको सुरुमा जन्म, प्रकाशित कृति, संलग्नता, पुरस्कार/सम्मान, ठेगानाजस्ता शीर्षकमा खगेन्द्रप्रसाद लुइटेलको परिचय दिइएको छ ।

उपयोगी कृति (**अन्नपूर्ण पोष्ट**, २०६३ भदौ १७) शीर्षक लेखमा **लोकवार्ताविज्ञान र लोकसाहित्य** पुस्तक अधिक महत्व रहेको गहकिलो उपयोगी कृति बनेको र सधैँ लोकवार्ता र लोकसाहित्य बीचको फरक

एकआपसमा जोडिएर आएको अवस्थामा डा.लुइटेलद्वारा लिखित यस कृतिले अध्येतालाई यससम्बन्धी सूक्ष्म विभेद छुट्ट्याउनका लागि सहयोग पु¥याउने कुरा प्रस्तुत गरिएको छ ।

लोकसाहित्यको आधिकारिक ग्रन्थ प्रकाशित (**साप्ताहिक चितवन**, २०६३ भदौ १८) शीर्षक समाचारमा नेपाली लोकसाहित्यका क्षेत्रमा वैज्ञानिक र व्यवस्थित अध्ययन र अनुसन्धान गरी डा.लुइटेलद्वारा तयार पारिएको **लोकवार्ताविज्ञान र लोकसाहित्य** कृति यस सम्बन्धमा लेखिएको पहिलो आधिकारिक र मानकसमेत भएकाले यसले नेपाली लोकसाहित्यिक क्षेत्रमा विशिष्ट सम्मान र पाठकीय स्नेह पाउने कुरालाई विज्ञहरूको भनाइसहित प्रकाशित गरिएको छ ।

धरातल र मलामी (**कान्तिपुर**, २०६३ भदौ २८) शीर्षक समाचारमा चन्द्रकला नेवारद्वारा लिखित कथा सङ्ग्रह **साँघुरो धरातल** लोकार्पण गरिएको र सो कृतिमाथि समीक्षात्मक टिप्पणी गर्दै समालोचक डा. खगेन्द्र लुइटेलले नारी समाजका समस्या उठाउँदै आएकी नेवारको लेखनलाई नारीवादी धारबाट मात्र बुझ्न हुन्न, यस कृतिमा पुरुष पीडा र समस्या पनि छन् भन्ने बताएको कुरा प्रकाशित छ ।

गोविन्दराज भट्टराईले *लोकवार्ता साहित्य र जीवन* (**कान्तिपुर**, २०६३ भदौ ३१) शीर्षक लेखमा **लोकवार्ताविज्ञान र लोकसाहित्य** कृति अत्यन्त वस्तुनिष्ठ र वैज्ञानिक आधार प्रस्तुत गरिएको नेपाली वाङ्मयको पहिलो उपहार भएको र शिक्षा, साहित्य र प्रज्ञामा लाग्ने प्रत्येकका लागि अनिवार्य रूपले पठनीय सङ्ग्रहणीय यस अमूल्य ग्रन्थमा प्रस्तुत विषयवस्तुको विविधता र व्यापकता हेर्दा प्रत्येकभित्र प्रवेश गर्ने जुक्ति गरेको देख्दा आश्चर्य लाग्ने कुरा प्रस्तुत गरेका छन् ।

रामबहादुर बोगटीले *लोकसाहित्यमा गतिलो अनुसन्धान* (**देशान्तर साप्ताहिक**, २०६३ असोज १) शीर्षक लेखमा **लोकवार्ताविज्ञान र लोकसाहित्य** कृति लोकवार्ताका क्षेत्रमा अत्याधुनिक, आधिकारिक एवं नवीन कृति भएको र लोकसाहित्य र संस्कृतिका अनुसन्धातालाई आधार पुस्तक भएको बताउँदै लोकसाहित्यको सैद्धान्तिक एवं व्यावहारिक पक्षको समग्र रूपरेखा प्रस्तुत गरिएको यो पुस्तक नेपाली लोकसाहित्यका क्षेत्रमा गहन खोज तथा वैज्ञानिक चिन्तनमा आधारित भएको कुरा बताएका छन् ।

मुनामदनमा लयविधानको वास्तविक स्थिति (**गरिमा**, २४/११, २०६३ कात्तिक) शीषर्क लेखको सुरुमा जन्म, प्रकाशित कृति, संलग्नता, पुरस्कार/सम्मान, ठेगानाजस्ता शीर्षकमा खगेन्द्रप्रसाद लुइटेलको परिचय दिइएको छ ।

राजु भुसालले *लोकसाहित्यको मानक ग्रन्थ : लोकवार्ताविज्ञान र लोकसाहित्य* (**लुम्बिनी दैनिक**, २०६३ मङ्सिर १६) शीर्षक लेखमा **कविताको संरचनात्मक विश्लेषण** शीर्षकमा विद्यावारिधि प्राप्त गर्नुभएका डा.खगेन्द्रप्रसाद लुइटेल वस्तुवादी, भाषावादी र संरचनावादी समालोचक भएको बताउँदै प्रकाशित **लोकवार्ताविज्ञान र लोकसाहित्य** पुस्तकको विषयवस्तुको चर्चासहित नवीनतम सूचना पाइने यस पुस्तकले लोकसाहित्यसम्बन्धी शोधकर्ता, शिक्षक, विद्यार्थी सबैका लागि पर्याप्त खुराक दिने कुरा उल्लेख गरेका छन् ।

पाँच स्रष्टाको आजको आकाश - २०६३ विमोचित (**गोरखापत्र**, २०६३ पुस २९) शीर्षक समाचारमा रमेश विकल, कृष्ण सिटौला, खगेन्द्र लुइटेलसहितको पुस्तक विमोचन गर्दै गरेको रङ्गीन तस्विरका साथ विभिन्न व्यक्तिका मन्तव्यसमेत दिइएको छ र पाँच स्रष्टाहरूको संयुक्त कविता सङ्ग्रह आजको आकाश-२०६३ को समालोचना डा. खगेन्द्रप्रसाद लुइटेलले गर्नु भएको भन्ने कुरा प्रकाशित छ ।

पुस्तक सार्वजनिक (**देशान्तर साप्ताहिक**, २०६३ माघ ७) शीर्षक समाचारमा दाहालको सङ्क्षिप्त जीवनीसहित उनका भाषा साहित्य तथा प्रबन्धात्मक लेखरचना तथा अन्तर्वार्ताहरू समेटी सम्पादन गरिएको **डा. बल्लभमणि दाहालका रचनाहरू** नामक पुस्तकमाथि चर्चा गर्ने व्यक्तिहरूको नामसहित कार्यक्रमका वक्ताहरूले डा. दाहालका छरिएका लेख रचनाहरू क्रमिक ढङ्गले पुस्तकका रूपमा आउनु सराहनीय कार्य भएको बताउँदै उक्त पुस्तकका सम्पादकको प्रशंसा गरेको कुरा प्रकाशित छ ।

डा. दहालका रचनाहरू प्रकाशित (**गोरखापत्र**, २०६३ माघ ८) शीर्षक समाचारमा जीवनभर भाषासाहित्य र शिक्षा विकासका क्षेत्रमा योगदान पुऱ्याएका स्व. बल्लभमणि दाहालका सिर्जनात्मक साहित्य, समालोचना र भाषा विषयमा गरिएका अनुसन्धानात्मक लेखहरूको सङ्ग्रह प्रकाशित भएको छ । दाहालले सिर्जना गरेर पनि पुस्तकका रूपमा प्रकाशित नभएका **बल्लभमणि दाहालका रचनाहरू** नामक पुस्तकको सार्वजनिकीकरण कार्यक्रममा भाषाविद्हरूले डा. दाहालको योगदानका विविध पक्षमा चर्चा गर्नुभयो । डा. खगेन्द्रप्रसाद लुइटेलले स्व. डा. दाहालले राजनैतिक, भाषिक, शैक्षिक जीवनका विविध पक्षहरूमा दिनुभएको योगदानको चर्चा गर्दै उहाँ व्यक्तिभन्दा पनि भाषासेवाका लागि संस्था भएको र उहाँले नेपाली भाषासाहित्यका क्षेत्रमा जति योगदान पुऱ्याउनु भएको भए पनि त्यसको सङ्ग्रह नभएको बताउनु भयो भन्ने कुरा प्रकाशित छ ।

रमेश शुभेच्छुले *डा.खगेन्द्रप्रसाद+लीला लुइटेल* (**शब्दाङ्कुर**, ६/४, २०६३ माघ) शीर्षक व्यक्तित्व आलेखमा खगेन्द्रप्रसाद लुइटेलको जन्म, मातापिता, दाजुभाइ, दिदीबहिनी, श्रीमती आदि पारिवारिक तथा जीवनीका विविध पक्षहरूको परिचयका साथ निबन्ध, हास्यव्यङ्ग्य, समालोचना, भाषाविज्ञान, कोशविज्ञान, लोकसाहित्य आदि क्षेत्रमा कलम चलाउने व्यक्तिका रूपमा चर्चा गर्दै उनलाई आर्थिक तडकभडकमा भन्दा प्राज्ञिक उन्नयनमा जोड दिने स्वाभिमानी प्राध्यापकका रूपमा चिनाएका छन् ।

लक्ष्मणप्रसाद गौतमले *लोकसाहित्यको मानक ग्रन्थ* (**मधुपर्क**, ३९/१०, २०६३ फागुन) शीर्षक लेखमा डा.लुइटेलको पछिल्लो नवीनतम ग्रन्थ **लोकवार्ताविज्ञान र लोकसाहित्य** लोकसाहित्यका क्षेत्रमा लेखिएको यस किसिमको अथ र इति भएको बताउँदै लोकसाहित्यको अध्ययन-अनुसन्धान पद्धति र यससम्बन्धी पूर्वीय पाश्चात्य सिद्धान्त, मत, दृष्टिकोण, मान्यता एवं विधिहरूको समेत विन्यास यस ग्रन्थको महत्वपूर्ण पक्ष भएको बताएका छन् । यो ग्रन्थ सङ्ग्रहणीय र पठनीय मात्र होइन, मननीयसमेत भएकाले लोकवाङ्मयको व्यवस्थित अध्ययन भएको पहिलो पुस्तक हुने अधिकार राख्ने कुरासमेत उल्लेख गरेका छन् ।

नेपाली केन्द्रीय विभागबाट प्रकाशित **वाङ्मय** (१३/१३, २०६३-२०६४) पत्रिकाको *लेखक परिचय* शीर्षकमा जन्म, शिक्षा, कृति, निवास, हाल कार्यरत उपशीर्षकमा खगेन्द्रप्रसाद लुइटेलको परिचय दिइएको छ ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज केन्द्रीय कार्यालय वासिङ्टन डी.सी संयुक्त राज्य अमेरिकाबाट प्रकाशित नेपाली **डायस्पोराका पुस्तकहरूको सिंहावलोकन** (२०६४) पुस्तकमा डा. लुइटेलको तस्बिरसहित सङ्क्षिप्त परिचय दिई उनको पुरस्कार विजेता कृति **कविताको संरचनात्मक विश्लेषण** कविताको सिद्धान्त र प्रयोग तथा संरचनावादको व्याख्या विश्लेषणमा केन्द्रित भएको कुरा उल्लेख गरिएको छ ।

यशोदा अधिकारीले **डी. पी. अधिकारीका समालोचनाको विश्लेषण** (२०६४) शीर्षक स्नातकोत्तर शोधपत्रमा नेपाली समालोचनाका क्षेत्रमा नवीनतम समालोचकीय पद्धतिको प्रवर्तन गर्ने व्यक्ति डा.लुइटेल नै भएका र उनको *आशिष कविताको संरचनावादी विश्लेषण* लेख यस क्षेत्रको पहिलो लेख भएको बताउँदै

डा.लुइटेलको **कविताको संरचनात्मक विश्लेषण** कृति प्रभाववादिताबाट मुक्त रही वैज्ञानिक र वस्तुगत ढङ्गले कृति विश्लेषणको प्रारूप तयार पारी त्यसका आधारमा नमुना विश्लेषणसमेत गरिएको नेपाली शोधका क्षेत्रमा विशिष्ट उपलब्धि र नौलो आयाम भएको कुरा प्रस्तुत गरेकी छिन् ।

ROTARY CLUB OF PASHUPATI-KATHMANDU DISTRICT (2008 July 11) पत्रिकामा Letter of Honour with Cash Prizes given to … Dr. Khagendra Pd. Luitel by Dr. Tikaman Vaidya, in the memory of Late Bhagawati Budhathoki, mother of Rtn. Haribhakta Budhathoki भन्ने समाचार खगेन्द्रप्रसाद लुइटेललाई सम्मानपत्र दिँदै गरेको तस्बिरसहित प्रकाशित छ ।

शर्मा र लुइटेल पुरस्कृत (**अन्नपूर्ण पोस्ट**, २०६४ असार १७) शीर्षक समाचारमा साहित्यकार मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुइटेललाई भगवती बुढाथोकी स्मृति पुरस्कार प्रदान गरिएको छ, उत्कृष्ट कृतिका रूपमा **लोकवार्ताविज्ञान र लोकसाहित्य** कृतिका लागि सो पुरस्कार प्रदान गरिएको हो भन्ने कुरा प्रकाशित छ ।

प्रा.शर्मा र डा. लुइटेल पुरस्कृत (**देशान्तर साप्ताहिक**, २०६४ असार १७) शीर्षक समाचारमा रेडियो नेपालकी सँगिनी गायिका भगवती बुढाथोकीको स्मृतिमा स्थापित भगवती बुढाथोकी स्मृति पुरस्कारद्वारा प्रा. मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुइटेल सम्मानित हुनु भएको छ । नेपाली लोकवाङ्मयका क्षेत्रमा विशिष्ट उपलब्धिका रूपमा रहेको सर्वोत्कृष्ट कृति **लोकवार्ताविज्ञान र लोकसाहित्य**का लागि सो पुरस्कार प्रदान गरिएको भन्ने कुरा प्रकाशित छ ।

लक्ष्मणप्रसाद गौतमले *प्रथम शोधग्रन्थका रूपमा नेपालीमा संरचनावादी समालोचना* (**मधुपर्क**, ४०/७, २०६४ मङ्सिर) शीर्षक समालोचनामा समालोचना लेखनमा वस्तुता, तटस्थ दृष्टिकोण, तार्किक शैली, वैज्ञानिकता, गम्भीर विश्लेषण क्षमता, वस्तुवादी र सूक्ष्म दृष्टिकोण समालोचक डा.लुइटेलका मुख्य विशेषता भएको बताउँदै **कविताको संरचनात्मक विश्लेषण** नेपाली साहित्यमा संरचनावादी समालोचनाको मानक ग्रन्थ भएको कुरा प्रस्तुत गरेका छन् ।

योगेन्द्रमणि दाहालले **नेपाली हास्यव्यङ्ग्य निबन्ध (२०४७ पछि)** (२०६५) शीर्षक स्नातकोत्तर शोधपत्रमा डा.लुइटेलका हास्यव्यङ्ग्य निबन्धको मुख्य विषयवस्तु परिचयसहित चर्चा गर्दै नाटकीय शैली र मानक भाषाको प्रयोग पाइने लुइटेलका निबन्धहरू सरल, स्पष्ट, प्रभावपूर्ण तार्किक तथा सत्यनिष्ठ अभिव्यक्तिबाट देशभित्रका विविध क्षेत्रमा व्याप्त विसङ्गतिलाई कडा व्यङ्ग्य गर्न सफल भएको कुरा प्रस्तुत गरेका छन् ।

कृष्णप्रसाद घिमिरेले *कथा विशेषाङ्कका रूपमा कथाहरूको आलोडन* (**मधुपर्क**, ४०/७, २०६५ साउन) शीर्षक समीक्षामा यस अङ्कको प्रारम्भमा डा. खगेन्द्रप्रसाद लुइटेलको 'वर्तमान नेपाली कथाको विकासमा समकालीन चेत' प्रस्तुत गरिएको छ र यसमा कथाको सामान्य परिचय दिँदै त्यसको वर्गीकरण गर्ने प्रयत्न भएको देखिन्छ भन्दै नेपाली कथाको विकास प्रक्रिया केलाउँदा चरणगत आधार मानी यहाँ आधुनिक नेपाली कथाका प्रमुख धारा र प्रवृत्तिलाई पनि अङ्कन गरिएको छ भन्ने उल्लेख गरिएको छ ।

दीपा जनमत सम्मान २०६४ डा.खगेन्द्रप्रसाद लुइटेल (**जनमत**, २०६५ माघ २५) शीर्षक व्यक्तित्व आलेखमा संरचनावादी समालोचना पद्धतिका प्रवर्तक समालोचना क्षेत्रका एक चर्चित विश्लेषक समीक्षक डा.

लुइटेलका प्रकाशित कृति र प्राप्त पुरस्कारहरूको विवरणसहित जनमतले डा. लुइटेललाई सम्मान गर्न पाउँदा खुसी भएको कुरा प्रकाशित छ ।

लक्ष्मणप्रसाद गौतमले **समकालीन नेपाली कविताका प्रवृत्ति** (२०६६) नामक पुस्तकमा नेपाली संरचनावादी समालोचनाका प्रवर्तक वरिष्ठ समालोचक डा.खगेन्द्रप्रसाद लुइटेलको कुशल निर्देशन, वस्तुगत र स्पष्ट सुझाउ एवं हार्दिकतापूर्ण सहयोगबाट नै यो शोधकार्य सुव्यवस्थित हुनसकेको हो भन्दै कृतज्ञताज्ञापन गरेका छन् ।

शैलेन्दुप्रकाश नेपालले **मुनामदन समालोचना** (२०६६) नामक पुस्तकमा खगेन्द्रप्रसाद लुइटेलले कविताको संरचनात्मक विश्लेषण शीर्षकका विद्यावारिधि शोधग्रन्थमा मुनामदनको सविस्तार अध्ययन-विश्लेषण गरेको कुरा उल्लेख गर्दै उनका मुनामदनबारेका विभिन्न लेखहरूको चर्चा गरी उनको *मुनामदनमा लयविधान* शीर्षक समालोचना सङ्कलन गरेका छन् ।

कोरियाली भाषामा प्रकाशित *नेपाली कविताका प्रमुख प्रवृत्ति* (**मुनहाकसन** २०६६, नेपाली काव्य विशेषाङ्क) शीर्षक लेखको प्रस्तुतिका क्रममा कोरियाली भाषामा खगेन्द्रप्रसाद लुइटेलको परिचय दिइएको छ ।

नेपाली काव्य समालोचना (२०६७) पुस्तकको *प्रकाशकीय*मा नेपालीमा संरचनावादी समालोचना पद्धतिका प्रवर्तक, विस्तारक र संबर्द्धकसमेत रहनुभएका सुप्रसिद्ध वरिष्ठ समालोचक तथा राष्ट्रिय स्तरमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याति कमाइसक्नुभएका विशिष्ट विद्वान् वरिष्ठ समालोचक तथा तहगत स्तरलाई ध्यानमा राखेर वस्तुगत ढङ्गबाट आधिकारिक र प्रामाणिक पाठ्यपुस्तक लेखकका रूपमा ख्याति कमाइसक्नुभएका डा.लुइटेलका कृतिहरूलाई सबैले आधिकारिक र प्रामाणिक गुरुग्रन्थका रूपमा लिने गरेको कुरा चर्चा गर्दै नेपाली समालोचनालाई प्रभाववादितावाट वस्तुवादितातर्फ अग्रसर गराउने कार्यमा डा.लुइटेलको अतुलनीय र अद्वितीय योगदान रहेको कुरा उल्लेख गरिएको छ । कविता विधाका विशेषज्ञका रूपमा सुपरिचित डा.लुइटेलको यस कृतिबाट शिक्षक विद्यार्थीलगायत सम्पूर्ण पाठकहरू लाभान्वित हुने र पठनपाठनमा समेत एकरूपता आउनका साथै यस कृतिले नेपाली वस्तुवादी समालोचनाका क्षेत्रमा नयाँ आयाम थप्ने कुरा उल्लेख गरिएको छ । यसै पुस्तकको पछाडि गातामा लुइटेलको तस्बिरसहित उनका समालोचना प्रवृत्ति, संलग्नता, सम्मान आदिबारे परिचय दिइएको छ ।

नेपाली गीत-गजल भाग १ (२०६७) कृतिको *प्रकाशकीय*मा तीन वर्षे स्नातक तहको आधिकारिक पाठ्यपुस्तकका रूपमा **नेपाली गीत-गजल भाग १** प्रकाशित भएको छ । डा.खगेन्द्रप्रसाद लुइटेलद्वारा नेपाली गीत-गजलसम्बन्धी सैद्धान्तिक, ऐतिहासिक तथा प्रायोगिक अध्ययनका सीमामा रहेर पाठ्सामग्री सङ्कलन एवं सम्पादन गरी तयार पारिएको छ । शैक्षिक तह र प्रयोजनअनुरूप दुई खण्डमा विभाजित यस पुस्तकमा गीत-गजलको सैद्धान्तिक पक्ष र विकास प्रक्रियाबारे प्रकाश पारिएको छ । समयको मागअनुसार गीत-गजल पाठ्यविषय बनेको सन्दर्भमा यसले सम्बन्धित विषयका अध्यापक तथा अध्येताहरूको विषयगत पाठ्यसामग्रीको अभावलाई धेरै हदसम्म पूरा गर्ने क्षमता राखेको कुरा प्रस्तुत गर्दै लेखकप्रति आभार प्रकट गरिएको छ ।

राजेन्द्र सुवेदीले **नेपाली गीत-गजल भाग १** (२०६७) कृतिको *सामग्रीको पूर्वसङ्केत* शीर्षकको भूमिकामा गीत र गजल गरी दुई खण्डमा विभाजित प्रस्तुत कृति लेखन-सम्पादनका क्रममा गीत-गजलको

सिद्धान्तलाई विभिन्न उपशीर्षकमा विभक्त गरी सैद्धान्तिक अध्ययनमा केन्द्रित भएको कुरा प्रस्तुत गर्दै कृतिभित्रका विषयवस्तुको चर्चाका साथ प्रस्तुत कृति विद्यार्थी, प्राध्यापक र अनुसन्धाताहरूलाई समेत उपयोगी र महत्वपूर्ण सामग्री बन्ने कुरामा विश्वस्त हुन सकिने कुरा उल्लेख गरिएको छ ।

नेपाली नाट्य समालोचना (२०६७) पुस्तकको *प्रकाशकीय*मा नेपालीमा संरचनावादी समालोचना पद्धतिका प्रवर्तक, विस्तारक र संबर्द्धकसमेत रहनुभएका सुप्रसिद्ध वरिष्ठ समालोचक तथा राष्ट्रिय स्तरमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याति कमाइसक्नुभएका विशिष्ट विद्वान् वरिष्ठ समालोचक तथा तहगत स्तरलाई ध्यानमा राखेर वस्तुगत ढङ्गबाट आधिकारिक र प्रामाणिक पाठ्यपुस्तक लेखकका रूपमा ख्याति कमाइसक्नुभएका डा.लुइटेलका कृतिहरूलाई सबैले आधिकारिक र प्रामाणिक गुरुग्रन्थका रूपमा लिने गरेको कुरा चर्चा गर्दै नेपाली समालोचनालाई प्रभाववादिताबाट वस्तुवादितातर्फ अग्रसर गराउने कार्यमा डा.लुइटेलको अतुलनीय र अद्वितीय योगदान रहेको कुरा उल्लेख गरिएको छ । यस कृतिबाट सम्बद्ध विषयका शिक्षक, विद्यार्थीलगायत सम्पूर्ण जिज्ञासु पाठकहरू लाभान्वित हुने र पठनपाठनमा समेत एकरूपता आउने विश्वास लिएको कुरा उल्लेख गरिएको छ । यसै पुस्तकको पछाडि गातामा लुइटेलको तस्बिरसहित उनका समालोचना प्रवृत्ति, संलग्नता, सम्मान आदिबारे परिचय दिइएको छ ।

मोहन दुवालको सङ्कलन/सम्पादनमा प्रकाशित **अक्षरभित्र : स्रष्टाहरू खण्ड १** (२०६७, वैशाख) नामक पुस्तकमा नाम, साहित्यिक नाम, जन्ममिति, जन्मस्थान, हालको ठेगाना, मातापिता, श्रीमान्श्रीमती, छोराछोरी, शिक्षा, साहित्यिक लेखनको प्रेरणा, प्रथम प्रकाशित रचना, प्रकाशित कृतिहरू, सम्पादन, पुरस्कार/सम्मान, भ्रमण, संलग्नता, अनुभव/सेवा, विधागत योगदान, मनपर्ने साहित्यकार, मनपर्ने रङ, खानामा रुचि, अम्मल, भविष्यको इच्छा, जीवनप्रतिको दृष्टि, तपाईंको परिभाषामा साहित्यजस्ता उपशीर्षकमा खगेन्द्रप्रसाद लुइटेलको तस्बिरसहित उनकै हस्ताक्षरमा परिचय दिइएको छ ।

गौहाटी विश्वविद्यालयबाट प्रकाशित **आधुनिक नेपाली साहित्यको इतिहास (वि.सं.१९९१ देखि यता)** (सन् २०१०) नामक पुस्तकको *आधुनिक नेपाली समालोचनाको इतिहास* शीर्षकमा सैद्धान्तिक, ऐतिहासिक, भाषावादी, निर्णयात्मक, तुलनात्मक आदि समालोचनामा खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित पुस्तकहरूको उल्लेख गर्दै उत्तरवर्ती नेपाली समालोचनाअन्तर्गत संरचनावादी समालोचनाको प्रवर्तन उपशीर्षकमा यसको सैद्धान्तिक परिचयका साथ नेपालीमा यस समालोचना पद्धतिको प्रवर्तन खगेन्द्रप्रसाद लुइटेलबाट वि.सं. २०५७ सालमा प्रकाशित *आशिष कविताको संरचनावादी विश्लेषण* शीर्षक समालोचनाबाट भएको हो । उनको संरचनावादी समालोचना पद्धतिको सिद्धान्त र प्रयोग दुवै भएको **कविताको संरचनात्मक विश्लेषण** (२०६२) यस क्षेत्रको विशिष्ट आधारग्रन्थ हो । यस समालोचना पद्धतिको विकास र विस्तारका लागि लुइटेल निरन्तर क्रियाशील छन् । उनकै निर्देशनमा कतिपय शोधार्थीहरूले यस समालोचनाको प्रयोग गरिरहेका छन् भन्ने कुरा उल्लेख गरिएको छ ।

प्रा. लुइटेल असममा अभिनन्दित (**गोरखापत्र**, २०६७ असार १५) शीर्षक समाचारमा नेपाली साहित्य परिषद् असम भारतले प्रा.डा. खगेन्द्रप्रसाद लुइटेललाई हालै गुहाटीमा अभिनन्दन गऱ्यो । त्रि. वि. नेपाली केन्द्रीय विभागका प्रा.डा. लुइटेललाई गुहाटी विश्वविद्यालयमा नेपाली भाषासाहित्यको अध्ययन अध्यापनमा उहाँले पुऱ्याउनु भएको योगदानको कदर गर्दै अभिनन्दन गरिएको हो । प्रा.डा. लुइटेलले गुहाटी विश्वविद्यालयको स्नातकोत्तर नेपाली विषयको पाठ्यक्रम निर्माण तथा तत्सम्बन्धी सामग्रीका लागि विशिष्ट

योगदान पुऱ्याउनु भएको छ ... प्रा.डा. लुइटेललाई अभिनन्दन गर्न पाएकोमा असम साहित्य परिषद्ले गौरवको अनुभूति गरेको भन्दै विभिन्न व्यक्तिहरूको मन्तव्यका साथ प्रकाशित छ ।

भाषिक तथा जातीय पहिचानको नाममा सद्भाव नखल्बलियोस् (**घोडाघोडी सन्देश**, २०६७ असार २०) शीर्षक समाचारमा नेपाल प्रज्ञा प्रतिष्ठान र सुदूरपश्चिमाञ्चल साहित्य समाजको संयुक्त आयोजनामा आयोजित भाषिक तथा साहित्यिक गोष्ठीमा विभिन्न व्यक्तिद्वारा प्रस्तुत कार्यपत्रमाथि डा. खगेन्द्र लुइटेलले टिप्पणी गरेको कुरा प्रकाशित छ ।

धनगढीमा भाषिक तथा साहित्यिक सम्मेलन सुरु (**मर्निङ बेल**, २०६७ असार २०) शीर्षक समाचारमा नेपाल प्रज्ञा प्रतिष्ठान र सुदूरपश्चिमाञ्चल साहित्य समाजको संयुक्त आयोजनामा धनगढीमा आयोजित भाषिक तथा साहित्यिक सम्मेलनमा विभिन्न व्यक्तिद्वारा प्रस्तुत भाषिक कार्यपत्रको टिप्पणी डा. खगेन्द्र लुइटेलले गरेको कुरा प्रकाशित छ ।

डोटेली साहित्यको विकासमा साहित्यकारहरू चिन्तित (**श्री नेपाल टाइम्स**, २०६७ असार २०) शीर्षक समाचारमा सुदूरपश्चिमाञ्चल साहित्य समाज र नेपाल प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा सञ्चालन भएको दुई दिने गोष्ठीमा विभिन्न व्यक्तिद्वारा प्रस्तुत गरिएका कार्यपत्रको टिप्पणी डा. खगेन्द्र लुइटेलले गरेको कुरा प्रकाशित छ ।

भाषिक तथा साहित्य सम्मेलन सुरु डोटेली भाषालाई राष्ट्रिय मान्यता माग (**हिमाल अपी**, २०६७ असार २०) शीर्षक समाचारमा नेपाल प्रज्ञा प्रतिष्ठान र सुदूरपश्चिमाञ्चल साहित्य समाजको संयुक्त आयोजनामा आयोजित भाषिक तथा साहित्यिक गोष्ठी समारोहमा त्रिभुवन विश्वविद्यालयका प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलले सुदूरपश्चिमाञ्चल साहित्य समाजले साहित्यिक र भाषिक विकासको योगदानको प्रशंसा गर्नुभयो र उद्घाटन सत्रपछि उहाँले प्रा.डा. योगेन्द्रप्रसाद यादव, प्रा.डा. चूडामणि बन्धु र डा. बद्रीविशाल भट्टराईले प्रस्तुत गर्नुभएको भाषिक कार्यपत्रमाथि टिप्पणी गर्नुभयो भन्ने प्रकाशित छ ।

अटलबहादुर नाटकको वस्तुवादी विश्लेषण (**भृकुटी**, पूर्णाङ्क ७, वैशाख-असार २०६७) शीर्षक लेखको लेखक परिचय शीर्षकमा लेखनमा निरन्तर सक्रिय रही लेखनमा खोज र अनुसन्धानलाई महŒव दिन रुचाउने समालोचक खगेन्द्रप्रसाद लुइटेल रूपवादी-संरचनावादी अध्ययन लेखनमा विशेष समर्पित देखिने कुरा प्रस्तुत गरिएको छ ।

मावली जिल्लामा पिएचडीको लर्को (**राजधानी**, २०६७ भदौ ६) शीर्षक समाचारमा तेरथुम सरोकार समाजले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि संविधान सभाका अध्यक्ष सुवास नेम्बाङले डा. खगेन्द्रप्रसाद लुइटेलसमेतलाई सम्मान गरेको र **कविताको संरचनात्मक विश्लेषण**मा पिएचडी गरी सम्मानित हुन आइपुगेका डा. खगेन्द्रप्रसाद लुइटेलले खुसीसँग छक्क पर्दै यति धेरै पिएचडी गर्नेको सङ्ख्या त मलाई पनि थाहा थिएन... भन्ने कुरा डा. लुइटेलसमेतको रङ्गिन तस्बिरसहित प्रकाशित छ ।

विमल आरोहीले *किन भइरहन्छ सिर्जनामा फट्याइँ* (**कान्तिपुर**, २०६७ भदौ २७) शीर्षक आलेखमा विभिन्न व्यक्तिहरूले अपको सार्ने वृत्तिको चर्चा गर्दै २०६७ असार महिनाको गरिमामा कमला रिसाल ज्योतिको नाममा प्रकाशित *नेपालका क्षेत्रीय भाषिका* नामक लेखमा विद्यार्थी पुस्तक भण्डारद्वारा २०६० मा प्रकाशित खगेन्द्रप्रसाद लुइटेलको **आधुनिक भाषाविज्ञान** पुस्तकको पृष्ठ २१ देखि २९ सम्मको पाठ्यांश आफ्ना नाममा छापेकी छन् भन्ने कुरा उल्लेख गरिएको छ ।

काव्य नाट्य सङ्ग्रह आयो (**राजधानी**, २०६७ भदौ २७) शीर्षक समाचारमा वरिष्ठ समालोचक डा. खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित दुई अनुसन्धानमूलक समालोचना सङ्ग्रह **नेपाली काव्य समालोचना** र **नेपाली नाट्य समालोचना** पैरवी प्रकाशनले बजारमा ल्याएको कुरा उल्लेख गर्दै नेपाली विषय लिई अध्ययन गर्ने छात्रछात्राका साथै अनुसन्धाताका लागि पनि यी कृति उपयोगी रहेको कुरासहित प्रकाशित छ ।

खगेन्द्रका दुई कृति (**अन्नपूर्ण पोष्ट**, २०६७ असोज ५) शीर्षक समाचारमा नेपाली समालोचनाका क्षेत्रमा निरन्तर कलम चलाइरहेका समालोचक डा.खगेन्द्रप्रसाद लुइटेलका दुई नवीनतम समालोचना कृति **नेपाली काव्य समालोचना** र **नेपाली नाट्य समालोचना** बजारमा आएका र तिनलाई पैरवी प्रकाशनले पाठक माझ ल्याएको कुरा प्रकाशित छ ।

मनोज वस्नेतले *मनास्लु हेर्दै कविता* (**कान्तिपुर**, २०६७ कार्तिक १४) शीर्षकमा काभ्रेको साँगामा भएको साँगा साहित्य यात्रा कार्यक्रमको चर्चा गर्दै डा.लुइटेलले आफू कविताको अप्रेसन गर्ने डाक्टर भएको भन्दै आफ्नो कविताका माध्यमबाट भुइँफुट्टे राजनीतिक प्रवृत्तिप्रति व्यङ्ग्य कसेको कुरा उल्लेख गरेका छन् ।

दुई जोडीलाई स्रष्टा सम्मान (**राजधानी**, २०६७ कात्तिक २४) शीर्षक समाचारमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको १०२ औँ जन्मजयन्तीको अवसरमा साहित्यकार खगेन्द्रका जोडीलाई सयपत्री राष्ट्रिय सम्मान-२०६७ बाट सम्मान गरिएको छ । काभ्रेको जनागालमा आयोजित कार्यक्रममा समालोचक डा.खगेन्द्रप्रसाद लुइटेल र उनकी जीवनसँगिनी समालोचक लीला लुइटेललाई साहित्यको क्षेत्रमा विशेष योगदान पुऱ्याएको भन्दै सम्मान गरिएको हो । अग्रज साहित्यकार श्यामप्रसाद शर्माले यी दम्पतीलाई दोसल्ला ओढाएर सम्मान गरेका थिए भन्ने कुरा प्रकाशित छ ।

गोपीकृष्ण ढुङ्गानाले *पुरानो कोट नयाँ पुस्तक* (**अन्नपूर्ण पोस्ट**, २०६७ मङ्सिर १) शीर्षक व्यक्तित्व आलेखमा पुस्तक र पुस्तकालयबारे चर्चा गर्दै त्रिभुवन विश्वविद्यालयमा अध्यापनरत डा. खगेन्द्रप्रसाद लुइटेलले २०५० सालमा घर बनाएपछि माथिल्लो तला पूरै पुस्तकलाई छुट्ट्याएका छन् । उनले लुगा किन्ने रकमसमेत पुस्तकमा खर्चेका छन् । त्यसो त अपले जस्तो टाइसुट लगाएर कारमा हिँडेको भए सबैले भव्य देख्थे होलान् तर मैले कुनै दिन एउटा गतिलो लुगा लगाइन, त्यो पैसा पुस्तकमा खर्चेको छु भन्ने लुइटेलको भनाइसहित पुस्तक र पुस्तकालयसम्बन्धी विभिन्न कुरा उल्लेख गरेका छन् ।

गोपीकृष्ण ढुङ्गानाले *हिमाल हेर्दै कविता वाचन गर्दै* (**अन्नपूर्ण पोष्ट**, २०६७ मङ्सिर ४) शीर्षक लेखमा लुइटेलद्वारा वाचित कविताका पङ्क्ति उद्धृत गर्दै शब्द चिरफार गर्ने डाक्टर एवं समालोचक लुइटेलले शब्दका झटारा हान्दै राजनीति र राजनेतालाई दनक दिएको कुरा उल्लेख गरेका छन् ।

रमेश तुफानले *नयाँ कृति* (**गोरखापत्र**, २०६७ मङ्सिर २५) शीर्षक लेखमा डा. लुइटेलका **नेपाली काव्य समालोचना** र **नेपाली नाट्य समालोचना** कृतिको समीक्षा गर्दै कविता विधाका विशिष्ट ज्ञाताका रूपमा प्रतिष्ठित रहेका वस्तुवादी समालोचक डा. लुइटेलका यी दुवै कृति पठनीय एवं उपयोगी रहेका र लुइटेलको विशेषज्ञ क्षमता अन्य विधामा पनि त्यतिकै प्रखर रहेको कुरा उल्लेख गरेका छन् ।

रत्नशमशेर थापाका गीति प्रवृत्ति र आँखैमा रात गली गीतको विश्लेषण, (**गरिमा**, २९/१, २०६७ पुस), शीर्षक लेखको प्रस्तुतिका क्रममा जन्म, शिक्षा, प्रकाशित कृति, पुरस्कार/सम्मान, ठेगाना, इमेल, सम्पर्कजस्ता शीर्षकमा खगेन्द्रप्रसाद लुइटेलको परिचय दिइएको छ ।

गुवाहाटीमा नेपाली साहित्य (**अन्नपूर्ण पोष्ट**, २०६७ माघ १५) शीर्षक समाचारमा गौहाटी विश्वविद्यालयमा यसै वर्षदेखि सञ्चालित नेपाली एम्. ए. कार्यक्रमको उद्घाटन कार्यक्रमका स्पेसल कोर्स एड्भाइजर तथा एकेडेमी एडभाइजरी बोर्ड (निनाद) का सदस्य एवं त्रि.वि.नेपाली केन्द्रीय विभागका डा. खगेन्द्रप्रसाद लुइटेलले गरेको र उनी उक्त पाठ्यक्रमका निर्माणकर्तासमेत भएको कुरा प्रकाशित छ ।

भारतको गौहाटी विश्वविद्यालयमा नेपाली एम्. ए. कार्यक्रम (**गोरखापत्र**, २०६७ माघ १५) शीर्षक समाचारमा गौहाटी विश्वविद्यालयमा विशिष्ट कोर्स एड्भाइजर तथा एकेडेमी एड्भाइजरी बोर्ड (निनाद) का सदस्य एवं त्रि.वि.नेपाली केन्द्रीय विभागका डा. खगेन्द्रप्रसाद लुइटेलले सो कार्यक्रमको उद्घाटन गर्नुभयो । उहाँले जियु आइडोलद्वारा सञ्चालन प्रारम्भ गरिएको रेडियो ज्योति तरङ्ग र भारत वर्षको अति पुरानो र प्रसिद्ध दरङ कलेज तेजपुर तथा ज्ञानपीठ डिग्री कलेज निकासीद्वारा आयोजित नेपाली एम्.ए. कार्यक्रमको समेत उद्घाटन गर्नुभयो । उहाँको योगदानको कदर गर्दै गौहाटी विश्वविद्यालय, विभिन्न कलेजलगायत असमका नेपाली साहित्यसभा, असम नेपाली साहित्य परिषद्, भारतीय गोर्खा परिसङ्घ आदिले सम्मान गरेका कुरासँगै कार्यक्रम संयोजक डा.शान्ति थापाले डा.लुइटेलको योगदानले मात्र यो कार्य सम्पन्न भएको र उहाँको योगदान नभएको भए यो कार्यक्रम नै सञ्चालन हुने थिएन भन्दै आभार प्रकट गरेको कुरा प्रकाशित छ ।

गुवाहाटी विश्वविद्यालयमा एम्. ए. पाठ्यक्रम तयार पारे नेपाली प्राध्यापकले (**अन्नपूर्ण पोष्ट**, २०६७ माघ २२) शीर्षक व्यक्तित्व आलेखमा नेपालको जेठो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयमा करिब दुई दशकदेखि सेवा गर्दै आएका नेपाली प्राध्यापक डा. लुइटेलले भारतको गुवाहाटी विश्वविद्यालयको स्नातकोत्तर पाठ्यक्रम तयार पारी त्यसको उद्घाटनसमेत गर्नुभएको कुरा उल्लेख गर्दै उहाँले नेपालको गौरव बढाउने मात्र होइन, विदेशमा नेपाली भाषा र साहित्यको जगेर्नाका लागि उच्च स्तरमा औपचारिक कार्य गरेको कुरा लुइटेलसँगको कुराकानीका आधारमा विस्तृत रूपमा सचित्र चर्चा गरिएको छ ।

Prof Luitel feted, (**Republica** 2010 June 29) शीर्षक समाचारमा Nepali Literature Council, Assam, felicitated Prof.Dr. Khagendra Prasad Luitel in Guwahati recently. Luitel a professor at TU's Nepali Department was feted for his contribution to teaching of Nepali language and literature at Guwahati University. भन्ने कुरा प्रकाशित छ ।

बद्री कोइरालाले *सटिक समालोचना* (**राजधानी**, २०६७ फागुन २७) शीर्षक लेखमा डा.लुइटेलका **नेपाली काव्य समालोचना** र **नेपाली नाट्य समालोचना** कृतिबारे चर्चा गर्दै यी कृति मोटा नभए पनि वजनदार र अनुसन्धानमूलक भएकाले दुवै कृति सम्बन्धित विषयमा शोधकार्य गर्ने शोधार्थी र कुनै पनि परीक्षाको तयारी गरिरहेका विद्यार्थीलाई उपयोगी हुने कुरा बताएका छन् ।

लेखक परिचय (**भृकुटी**, पू. १०, २०६७ माघ-चैत) शीर्षकमा सिर्जनात्मक लेखन तथा समालोचनामा सक्रिय डा.लुइटेल नेपाली समालोचनामा विश्व समालोचनाको आधुनिक समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिका प्रवर्तक र मानक स्थापना गर्ने व्यक्ति हुन् भन्दै त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन पेसामा संलग्न डा.लुइटेलका मुख्य विशेषता लेखनमा खोज र अनुसन्धानलाई महत्व दिनु रहेको कुरा उल्लेख गरिएको छ ।

गीता खत्री र अन्यले **अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन** (२०६८) नामक पुस्तकमा खगेन्द्रप्रसाद लुइटेलको जन्म, शिक्षा, पेसा, विशेष, लेखन/प्रकाशन, सम्मान तथा पुरस्कार आदि उपशीर्षकमा

तस्बिरसहित उनको परिचय दिँदै नेपाली समालोचनामा विश्वको आधुनिक संरचनावादी समालोचनाको प्रवर्तन, विकास र मानक स्थापना र डायस्पोरिक अध्ययनबारेको लेखनमा क्रियाशील भनी परिचय दिइएको छ ।

गोविन्दसिंह रावतले **नेपालीमा सडक नाटकको विकास प्रक्रिया** (२०६८) शीर्षक विद्यावारिधि शोधप्रबन्धमा नेपाली समालोचनामा संरचनावादी समालोचनाका प्रवर्तक वरिष्ठ समालोचक डा. खगेन्द्रप्रसाद लुइटेलको प्राज्ञिक निर्देशनमा शोधकार्यलाई सफलताका बिन्दुसम्म पुऱ्याउनमा उहाँबाट प्राप्त विद्वतापूर्ण मार्गनिर्देशन र आत्मीय व्यवहारप्रति हार्दिक कृतज्ञता तथा असीम श्रद्धाभाव प्रकट गर्दै उहाँको कुशल निर्देशन नभएको भए आफ्नो अनुसन्धान सम्भव नहुने उल्लेख गर्दै विशेष कृतज्ञता व्यक्त गरेका छन् ।

चेतनारायण भण्डारीले **देवीप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्व** (२०६८) शीर्षक स्नातकोत्तर शोधपत्रमा **ध्वनिविज्ञान र वर्णविज्ञान** कृतिको विश्लेषण गर्दै यो कृति निर्धारित तहका लागि आधिकारिक हुनका साथै भाषाविज्ञानका ध्वनिविज्ञान र वर्णविज्ञानमा रुचि लिने तथा यससम्बन्धी अन्वेषकहरूका लागि महत्वपूर्ण बनेको कुरा प्रस्तुत गरेका छन् । यसै शोधपत्रमा **नेपाली निबन्ध** पुस्तकबारे पृष्ठभूमि, विषयवस्तु, संरचना, प्राप्ति आदि शीर्षकमा सङ्क्षिप्त परिचय दिँदै यो पुस्तक विद्यार्थी, शिक्षक एवं निबन्धका विषयमा चासो राख्ने जो कोहीका लागि सामग्री स्रोत बन्नाका साथै सम्बन्धित विद्यार्थीहरूका लागि आधिकारिक पाठ्यपुस्तक भएको कुरा उल्लेख गरिएको छ ।

तारानाथ शर्माले **बार वर्षपछि हनिमुन** (२०६८) नियात्रा सङ्ग्रहको *अभिव्यक्तिका ज्युँदा उदाहरण डा.लुइटेल* शीर्षक भूमिकामा विभिन्न निबन्धहरूबारे चर्चा गर्दै लेखक जहा पुगे पनि, जहाँ बसे पनि र जहाँ भावनामा आलोडित भएर गद्‌गद भए पनि आफूलाई नेपालीत्वमा छताछुल्ल पार्दै प्रगतितिर लम्किरहेको देख्दा एकएक शब्द र एकएक वाक्य पढिरहूँजस्ता, आत्मसात् गरिरहुँजस्ता र प्रशंसा गरिरहूँजस्ता रूपले प्रकट भएका छन् । ... यो ग्रन्थ साँच्चै नै हामी सबै नेपाली जातिका लागि पठनीय मात्र होइन सधैँ स्वीकारयोग्य पनि भएको छ । लेखकले त्यहाँ नेपाली भाषा र जातिका लागि निस्वार्थ ढङ्गले गरेका कार्य र प्राप्त गरेका सम्मान सिङ्गो नेपाली जातिले नै गौरव गर्नुपर्ने खालका छन् । लेखकले आफ्नोपनाप्रति ठूलो आदर देखाई हामीमा नेपालीत्वको गौरव अनुभूति गर्ने र गर्न पाउने अवसर यस ग्रन्थबाट दिएका छन् । यस प्रकारका कृति नेपालीमा कमै लेखिएका छन् । समाजलाई अस्वस्थ तथा भ्रष्ट तुल्याउने अनेकौँ स्वार्थी तत्वहरूको खोइरो खन्न तथा व्यङ्ग्यका मुड्कीहरूले तिनलाई थिलथिलो पार्न नियात्राकार लुइटेलका यी नियात्राहरू पूरै सफल भएका छन् । प्रशंसा गर्नुपर्ने ठाउँमा खुला हृदयले समर्थन गर्ने अनि असामाजिक कुचक्रको भण्डाफोर निर्भीकतापूर्वक गर्ने यो लुइटेलीय शैली मापाको छ, प्रशंसनीय छ । अनेक प्रकारको प्रयोग पाइने यस सङ्ग्रहमा सङ्कलित सबै रचना उत्तिकै सशक्त र स्तरीय भएकाले यो नेपालीकै उत्कृष्ट नियात्रा सङ्ग्रह हो । यसको जति प्रशंसा गरे पनि कमै हुन्छ भनेका छन् । यसै पुस्तकको पछाडि गातामा लुइटेलको तस्बिरसहित नेपालीमा संरचनावादी समालोचना पद्धतिका प्रवर्तक, विस्तारक र संवर्द्धकसमेत रहनुभएका सुप्रसिद्ध वरिष्ठ समालोचक तथा राष्ट्रिय स्तरमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याति कमाइसक्नुभएका विशिष्ट विद्वान् वरिष्ठ समालोचक डा.लुइटेलको समालोचनालाई प्रभाववादितावाट वस्तुवादितातर्फ अग्रसर तुल्याउने कार्यमा अतुलनीय र अद्वितीय योगदान रहेको कुरा उल्लेख गर्दै उनका समालोचना प्रवृत्ति, संलग्नता, सम्मान आदिबारे परिचय दिइएको छ ।

नेपाली निबन्ध समालोचना (२०६८) पुस्तकको *प्रकाशकीय*मा नेपालीमा संरचनावादी समालोचना पद्धतिका प्रवर्तक, विस्तारक र संबर्द्धकसमेत रहनुभएका सुप्रसिद्ध वरिष्ठ समालोचक तथा राष्ट्रिय स्तरमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याति कमाइसक्नुभएका विशिष्ट विद्वान् वरिष्ठ समालोचक डा.लुइटेलको समालोचनालाई प्रभाववादितावाट वस्तुवादितातर्फ अग्रसर तुल्याउने कार्यमा अतुलनीय र अद्वितीय योगदान रहेको कुरा उल्लेख गर्दै यस कृतिबाट सम्बद्ध विषयका शिक्षक, विद्यार्थीलगायत सम्पूर्ण जिज्ञासु पाठकहरू लाभान्वित हुने र पठनपाठनमा समेत एकरूपता आउने विश्वास लिएको कुरा उल्लेख गरिएको छ । यसै पुस्तकको पछाडि गातामा लुइटेलको तस्विरसहित उनका समालोचना प्रवृत्ति, संलग्नता, सम्मान आदिबारे परिचय दिइएको छ ।

राजेन्द्र सुवेदीले **नेपाली समालोचना परम्परा र प्रवृत्ति** (२०६८) पुस्तकको नेपाली समालोचनाको उत्तरार्ध खण्डअन्तर्गतको प्रभावपरक समालोचना र नेपाली समालोचनाको पछिल्लो चरण शीर्षकअन्तर्गत पर्ने समालोचकहरूमा खगेन्द्रप्रसाद लुइटेलको नाम उल्लेख गर्दै लेखन र प्राध्यापन क्षेत्रमा क्रियाशील रहेका लुइटेल नेपाली समालोचनामा कविताको संरचनात्मक चिन्तनलाई प्राथमिकता दिने प्रयत्नमा जुटेको कुरा प्रस्तुत गरेका छन् । लुइटेलका कृति भाषाविज्ञान, शोध, समालोचना र अनुवादमा केन्द्रित भएका र उनको समालोचना कार्य भने कतै प्रभावपरक विषयमा र कतै संरचनात्मक शिल्पमा केन्द्रित रहेको बताएका छन् ।

राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित **रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड** (२०६८) पुस्तकमा आप्रवासीयतावादी समालोचना, सैद्धान्तिक समालोचना, विधा समालोचना, भाषापरक, संरचनापरक समालोचना, सांस्कृतिक नवउपनिवेशवादी समालोचना, सीमान्तीय समालोचना, कविता, काव्य, आख्यान विधा समालोचना आदि विभिन्न समालोचनाको विकास गर्ने साधक समालोचकहरूमा लुइटेलको योगदान उल्लेख्य रहेको बताएका छन् । यसमा खगेन्द्रप्रसाद लुइटेलको परिचय दिने क्रममा उनका प्रकाशित समालोचनात्मक कृतिहरूको विवरणका साथ नेपाली संरचनावादी समालोचनाको स्थापना र विस्तारका साथै सैद्धान्तिक तथा प्रायोगिक पक्षको निरूपणमा समेत उनको योगदान रहेको कुरा उल्लेख गरिएको छ । यसमा यिनी मूलतः वस्तुवादी र संरचनावादी समालोचक भएको कुरा उल्लेख गर्दै उनका समालोचनात्मक प्रवृत्तिहरू केलाइएको छ । यसमा यी विविध पक्षको चर्चा गर्दै *संरचनाको स्वरूप र विशेषता* शीर्षक समालोचना सङ्कलन गरिएको छ ।

राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित **रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड** (२०६८) पुस्तकमा समालोचनाको उत्तरवर्ती चरणमा काव्य, कविता, उपन्यास आदि विभिन्न विधामा केन्द्रित भई समालोचना लेख्नेहरूमा लुइटेलको योगदान रहेको बताइएको छ । यसमा डा.खगेन्द्रप्रसाद लुइटेलका प्रकाशित समालोचनात्मक कृतिहरूको विवरणका साथ नेपाली संरचनावादी समालोचनाको स्थापना र विस्तारका साथै सैद्धान्तिक तथा प्रायोगिक पक्षको निरूपणमा समेत उनको योगदान रहेको कुरा उल्लेख गरिएको छ । यसमा यिनी मूलतः वस्तुवादी र संरचनावादी समालोचक भएको कुरा उल्लेख गर्दै उनका समालोचनात्मक प्रवृत्तिहरू केलाइएको छ । यसमा यी विविध पक्षको चर्चा गर्दै *श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम* शीर्षक समालोचना सङ्कलन गरिएको छ ।

सुकुम शर्माले **कृति परिचय** (२०६८) *पुस्तकको नेपाली निबन्ध : उपयोगी पुस्तक* शीर्षकअन्तर्गत डा.लुइटेलको **नेपाली निबन्ध** नामक पुस्तक पाठ्यक्रममा आधारित नेपाली निबन्ध विधाको विहङ्गम अध्ययनको आधिकारिक प्राप्ति भएको कुरा उल्लेख गरेका छन् ।

सुकुम शर्माले **कृति परिचय** (२०६८) *समकालीन नेपाली कविताको अन्वेषणात्मक ग्रन्थ* शीर्षकमा समालोचक लक्ष्मणप्रसाद गौतमको **समकालीन नेपाली कविताका प्रवृत्ति** (२०६६) पुस्तकको आधार डा.लुइटेलकै अध्ययन परम्परा रहेको कुरा पनि उल्लेख गरेका छन् ।

ज्ञानु अधिकारीले *काव्य र नाट्य समालोचनाका नवीन कृति* (**जनमत**, २८/४, २०६८ वैशाख) शीर्षक लेखमा नेपाली साहित्य समालोचनाका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका वरिष्ठ समालोचक डा.लुइटेल वस्तुपरक तथा सैद्धान्तिक समालोचना क्षेत्रका अग्रणी व्यक्ति भएको बताएकी छन् । नेपाली साहित्यको विधागत अध्ययन तथा विश्लेषण गरी लेखिएका पुस्तकहरूको अभावका कारण साहित्यका पाठक तथा विद्यार्थीहरूलाई अन्योलको स्थिति देखिएको अवस्थामा प्रकाशित अनुसन्धानमूलक सङ्ग्रहहरू **नेपाली काव्य समालोचना** र **नेपाली नाट्य समालोचना** अत्यन्त समय सान्दर्भिक रहेको कुरासँगै उक्त कृतिहरूमा सङ्क्षिप्त रूपमा विधागत परिचयका साथै प्रतिनिधि स्रष्टा र तिनका प्रतिनिधि रचनाहरूको प्रवृत्ति विश्लेषण, तथा मूल्याङ्कनसमेत गरिएको कुरा उनले उल्लेख गरेकी छन् ।

आसाममा चम्किँदै नेपाली साहित्य (**अन्नपूर्ण पोष्ट**, २०६८ असार २५) शीर्षक व्यक्तित्व आलेखमा नेपालमै नेपाली भाषा उपेक्षित बनाउन खोजिएको बेला प्रवासमा धमाधम नेपाली भाषाको सम्मान हुन थालेको समाचारसहित गौहाटी विश्वविद्यालयको एम्. ए. नेपाली पहिलो र दोस्रो वर्षको सम्पूर्ण पाठ्यपुस्तक डा. लुइटेलले नै बनाइदिएका र यदि उहाँको उपस्थिति नभएको भए यो सम्भव थिएन भन्दै विश्वविद्यालयका निर्देशक डा. कन्दर्प दासले हृदयदेखि नै धन्यवाद प्रकट गरेको कुरा प्रकाशित छ ।

परशुराम शर्माले *गौहाटी विश्वविद्यालयमा नेपाली स्नातकोत्तर प्रथम वर्षको पाठदान र बिदाइ समारोह सम्पन्न* (**नवयात्रा त्रैमासिक**, ६/१२, २०११ अक्टोबर) शीर्षक लेखमा गौहाटी विश्वविद्यालयको दूर तथा खुला शिक्षा अध्ययन संस्थानको भवनमा स्नातकोत्तर नेपाली प्रथम वर्षको उद्घाटन स्नातकोत्तर नेपाली विषय पठन सामग्री निर्माता तथा मुख्य अतिथि डा. खगेन्द्रप्रसाद लुइटेलबाट भएको तथा त्यहाँ उनलाई दिइने सम्मानपत्र श्री दुर्गाप्रसाद उपाध्याय (दाहाल) ले पाठ गर्नुभएको तथा त्यहाँ विद्यार्थी वर्गबाट उनलाई असमिया गम्छा, नेपाली ढाकाटोपी र पुष्पगुच्छाले अभिनन्दन गरेको र डा. लुइटेलले पनि विद्यार्थीहरूको इच्छा र जाँगरलाई प्रोत्साहन दिँदै स्नातकोत्तर द्वितीय वर्षको पाठ्यक्रम पनि समय अगि नै तयार पारिदिने बचन दिएको कुरा उल्लेख गरेका छन् ।

लुइटेललाई पुरस्कार (**अन्नपूर्ण पोस्ट**, २०६८ कात्तिक २) शीर्षक समाचारमा प्रहरी दिवस २०६८ को अवसरमा राजधानीमा साहित्यकार एवं समालोचक डा. खगेन्द्रप्रसाद लुइटेललाई सर्वोत्कृष्ट साहित्य पुरस्कार प्रदान गरिएको छ । प्रहरी कार्यालयमा नक्सालमा आयोजित विशेष समारोहमा प्रहरी महानिरीक्षक रवीन्द्रप्रताप शाहले लुइटेललाई पुरस्कार र कदरपत्र प्रदान गरेका हुन् । नेपाल प्रहरीबाट डा. लुइटेललाई प्रदान गरिएको यो दोस्रो सम्मान हो । लुइटेलले महानगरीय प्रहरीको संरचना निर्माणमा विशिष्ट योगदान पुऱ्याएबापत यसअगि पनि नेपाली प्रहरीबाट विशेष सम्मान प्राप्त गरेका थिए भन्ने कुरा लुइटेललाई सम्मानपत्र प्रदान गर्दै गरेको रङ्गिन तस्बिरसहित प्रकाशित छ ।

१०२ औँ लक्ष्मी जयन्ती संस्थापक र साहित्यकार सम्मानित (**समृद्ध समाज**, २०६८ कात्तिक ६) शीर्षक समाचारमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको १०२ औँ जन्मजयन्तीमा युगप्रकाश क्लब नवलपुर र साहित्य सङ्गम मकवानपुरले कार्यक्रमका प्रमुख अतिथि साहित्यकार डा. खगेन्द्रप्रसाद लुइटेललाई सम्मानपत्रसहित दोसल्ला ओढाएर सम्मान गरिएको र प्रमुख अतिथि लुइटेलले आर.सी. रिजाललगायतका साहित्यकारहरूलाई सम्मानित गर्नु भएको भन्ने कुरा प्रकाशित छ ।

कवितामा भावना प्रथम (**साझा कुरा राष्ट्रिय दैनिक**, २०६८ कात्तिक ६) शीर्षक समाचारमा लक्ष्मीजयन्तीको अवसरमा हेटौँडामा आयोजित कार्यक्रममा प्रमुख अतिथि साहित्यकार खगेन्द्र लुइटेलले आर.सी. रिजाललाई नगद, ताम्रपत्र र दोसल्ला ओढाएर सम्मान गरेको तथा सोही कार्यक्रममा युगप्रकाश क्लब नवलपुर र साहित्य सङ्गम मकवानपुरले साहित्यकार डा. लुइटेललाई दोसल्ला र ताम्रपत्रसहित सम्मान गरेको कुरा प्रकाशित छ ।

देवकोटा जयन्तीमा सम्मान कार्यक्रम लुइटेल, रिजाल र बजगाईं सम्मानित (**हेटौँडा टुडे**, २०६८ कात्तिक ६) शीर्षक समाचारमा लक्ष्मी जयन्तीको अवसरमा युगप्रकाश क्लब नवलपुर र साहित्य सङ्गम मकवानपुरले नेपाली साहित्यिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएबापत साहित्य साधक डा. खगेन्द्रप्रसाद लुइटेललाई सम्मान गरिएको हो । लुइटेलले समालोचना, व्यङ्ग्य, निबन्ध र कोशरचना तथा प्राध्यापनको माध्यमबाट साहित्यमा योगदान पुऱ्याउनु भएको छ । सोही समारोहमा रिजाल र बजगाईंलाई पनि सम्मानित गरिएको कुरा तस्विरसहित प्रकाशित छ ।

रिजाल सम्मानित (**हेटौँडा सन्देश राष्ट्रिय दैनिक**, २०६८ कात्तिक ६) शीर्षक समाचारमा लक्ष्मीप्रसाद देवकोटाको १०२ औँ जन्मजयन्तीको अवसरमा हेटौँडामा आयोजित कार्यक्रममा प्रमुख अतिथि साहित्यकार खगेन्द्र लुइटेलले आर.सी. रिजाल र काशीनाथ बजगाईंलाई नगद, ताम्रपत्र र दोसल्ला ओढाएर सम्मान गरेको तथा सोही कार्यक्रममा डा. लुइटेललाई दोसल्ला र ताम्रपत्रसहित सम्मान गरेको कुरा प्रकाशित छ ।

मीना सिंहले *सबैको मन मखमलीमै* (**अन्नपूर्ण पोस्ट**, २०६८ कार्तिक ९) शीर्षक आलेखमा समालोचक खगेन्द्रप्रसाद लुइटेलका फूलको वर्षा हुने भएकाले तिहार आनन्दको चाड भएको बताउँदै तिहारले सम्बन्ध बिग्रिएका दिदीबहिनी र दाजुभाइलाई समेत एक ठाउँमा ल्याएर मिलाप गराइदिन्छ, दिदीभाइले आपसमा सहयोग गर्न चाडपर्व कुर्नुपर्दैन, परेको बेला जहिले पनि सहयोग गर्न सकिन्छ । तिहारको नाममा भित्रिएको विसङ्गतिप्रति चिन्तित हुँदै आउने पुस्ताले तिहारको महत्व नबिर्सिउन्, यस्तै हो भने कतै तिहारमा देउसी भैलो खेलिन्थ्यो रे भन्ने बेला आउन बेर लाग्दैन त्यसैले धर्म संस्कृतिको रक्षा गर्नु हाम्रो कर्तव्य हो भन्नेजस्ता कुरा उद्धरण गर्दै तिहारको बारेमा चर्चा गरेकी छन् ।

हाम्रो ध्वनिमा नेपाली कवि (**अन्नपूर्ण पोस्ट**, २०६८ मङ्सिर १) शीर्षक समाचारमा नवध्वनि सङ्गठन गुवाटी आसामले प्रकाशन गर्ने मासिक साहित्यिक पत्रिका **हाम्रो ध्वनि** अन्तर्राष्ट्रिय समकालीन नेपाली कविता विशेषाङ्कका रूपमा प्रकाशन भएको र यस अङ्कमा विश्वभरि छरिएर रहेका नेपाली कवितालाई समेटिएको कुरा उल्लेख गर्दै यसमा डा.खगेन्द्रप्रसाद लुइटेलको विशेष लेख समावेश भएको तथा नेपाल र विदेश खण्डको कविताको सङ्कलन डा. लुइटेलले गरेको कुरा प्रकाशित छ ।

निबन्धकार रिसाल पुरस्कृत (**कान्तिपुर**, २०६८ मङ्सिर ७) शीर्षक समाचारमा पहलमानसिंह स्मृति प्रतिष्ठानले प्रथम आधुनिक नाटककार पहलमानसिंह स्वाँरको १३३ औँ जन्मजयन्तीका अवसरमा समालोचक

डा. खगेन्द्रप्रसाद लुइटेललाई पहलमानसिंह साहित्य प्रतिभा सम्मानबाट नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति वैरागी काइँलाले सम्मानित गरेको कुरा रङ्गिन तस्बिरसहित प्रकाशित छ ।

साधक सिंहको स्मृति कार्यक्रम (**गोरखापत्र**, २०६८ मङ्सिर ७) शीर्षक समाचारमा पहलमानसिंह स्मृति प्रतिष्ठानले अमर साधक पहलमानसिंह स्वाँरको १३३ औँ जन्मजयन्तीका अवसरमा साहित्यकार डा. खगेन्द्र लुइटेललाई पहलमानसिंह साहित्य पुरस्कारबाट सम्मानित गरिएको कुरा तस्बिरसहित प्रकाशित छ ।

राजु भुसालले *लोकसाहित्यको मानक ग्रन्थ : लोकवार्ताविज्ञान र लोकसाहित्य* (**लुम्बिनी दैनिक**, २०६८ मङ्सिर १६) शीर्षक लेखमा पुस्तकमा प्रस्तुत विषयवस्तुको वर्णन गर्दै लोकसाहित्यसम्बन्धी वास्तविक ज्ञान दिने, सुगम तरिकाले विषयबोध गराउने, व्यापक विस्तृत र वैज्ञानिक तरिकाले निर्माण गरिएको **लोकवार्ताविज्ञान र लोकसाहित्य** पुस्तकमा सटिक परिभाषा, प्रामाणिक तथ्याङ्क, नवीनतम सूचना आदि पाइने कुरा उल्लेख गर्नका साथै डा.लुइटेलद्वारा लिखित यस पुस्तकले उच्चशिक्षाका शोधार्थी, विद्यावारिधिका शोधार्थी र अध्ययन अध्यापनरत शिक्षक, विद्यार्थी तथा लोकसाहित्यसम्बन्धी ज्ञान लिन चाहने सम्पूर्ण ज्ञानेच्छुकहरूलाई पर्याप्त खुराक दिने कुरामा द्विविधा नहुने कुरा उल्लेख गरेका छन् ।

रूपकको बिगबेन र समयमाथि चर्चा (**अन्नपूर्ण पोस्ट**, २०६८ पुस ६) शीर्षक समाचारमा समीक्षक एवं त्रिवि नेपाली विभागका प्राध्यापक डा. खगेन्द्र लुइटेलले रूपक श्रेष्ठको कविताकृतिलाई डायस्पोरिक सिर्जना नभनी चेतना र संवेदनायुक्त राष्ट्रिय चिन्तनको सङ्ग्रह भन्नु उपयुक्त हुने बताउँदै अहिले डायस्पोराका बारेमा धेरै अन्योल रहेको र कृतिको गम्भीर अध्ययनै नगरी हचुवाको भरमा केही समीक्षकले लेख्ने गरेकोमा चिन्ता प्रकट गर्दै विदेशमा रहेर लेख्ने कविको हुल अध्ययन गर्दा डा. रूपकमा धेरै सम्भावना देखिएको बताए भन्ने कुरा मञ्चासीन व्यक्तिहरूको रङ्गिन तस्बिरसहित प्रकाशित छ ।

समालोचनाको सङ्ग्रह (**अन्नपूर्ण पोष्ट**, २०६८ पुस २३) शीर्षक समाचारमा डा. खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित अनुसन्धानमूलक समालोचना सङ्ग्रह **नेपाली निबन्ध समालोचना** पाठक माझ आएको र उक्त कृतिमा नेपाली निबन्धको सैद्धान्तिक स्वरूप, निबन्धको विकासप्रक्रिया, प्रमुख नेपाली निबन्धकार र तिनका प्रमुख निबन्धको विश्लेषण र प्रमुख भारतीय निबन्धकार र तिनका प्रमुख निबन्धहरूको समेत विश्लेषण गरिएको कुरा प्रकाशित छ ।

गोपीकृष्ण ढुङ्गानाले *समर्पण गर्नेप्रति समर्पण* (**अन्नपूर्ण पोस्ट**, २०६८ माघ ६) शीर्षक व्यक्तित्व आलेखमा डा. खगेन्द्रप्रसाद लुइटेल आफ्ना गुरु वा सम्माननीयलाई जसको प्रेरणाबाट कसैको जीवन सार्थक भएको हुन्छ तिनलाई समर्पण गर्ने चलन छ, समर्पणलाई सेन्टिमेन्टल कुराको संज्ञा दिँदै समर्पण गरे पनि नगरे पनि खासै फरक नपर्ने बताउँछन् भन्दै उनले आफ्नो पुस्तक **कविता सिद्धान्त र नेपाली कविताका इतिहास**मा उहिलेदेखि अहिलेसम्मका कविहरूलाई भनी समर्पण गरेका छन् । समर्पण गर्नै पर्छ भने त्यो व्यक्तिगत वा निजी क्षेत्रका लागि नहोस् सामूहिक समर्पणको महत्त्व बढी हुन्छ भन्ने कुराको उद्धरणका साथ रङ्गिन तस्बिरसहित प्रकाशित छ ।

गौहाटीमा नेपाली एम्. ए. (**अन्नपूर्ण पोष्ट**, २०६८ माघ २२) शीर्षक समाचारमा गौहाटी विश्वविद्यालयमा नेपाली एम्. ए. सुरु भएको र कोर्सको औपचारिक सुरुआत कार्यक्रमका स्पेसल कोर्स एड्भाइजर तथा एकेडेमिक एड्भाइजरी वोर्ड (निनाद) का सदस्य एवं त्रि.वि नेपाली केन्द्रीय विभागका डा. खगेन्द्रप्रसाद लुइटेलबाट भएको कुरासँगै त्यस क्षेत्रमा उनको विशिष्ट योगदान रहेको तथा उनकै योगदानले

नेपाली एम.ए. को कार्यक्रम स्थापना भएको कुरा जियु आइडोलका डाइरेक्टर डा. कन्दर्प दास, कार्यक्रम संयोजक डा. शान्ति थापा र असम नेपाली साहित्य परिषद्का अध्यक्ष नव सापकोटा आदिको भनाइसहित प्रकाशित छ ।

साहित्य सम्मेलन धुमधाम आज कर्फोकमा समापन (**इलाम एक्सप्रेस**, २०६८ फागुन १६) शीर्षक समाचारमा इलाममा आयोजित अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा *समकालीन नेपाली साहित्यको प्रवृत्ति*का विषयमा कार्यपत्र प्रस्तुत गर्दै डा. खगेन्द्र लुइटेलले वर्तमान नेपाली साहित्यको अवस्था निराशाजनक नभए पनि सुधार गर्नुपर्ने पक्षका बारेमा धारणा राख्दै सङ्ख्यात्मकताभन्दा गुणात्मकतालाई ध्यान दिएर सिर्जना र समालोचना गर्नुपर्ने तर्क राख्दै डायस्पोरा र उत्तरआधुनिकतावादका नाममा विकृति आएको औँल्याए, समालोचनामा पनि राजनीति र अन्य क्षेत्रको प्रभाव रहेको भन्दै डा. लुइटेलले सर्जक र समालोचकले मवादी रोग हटाउनु पर्ने बताएको कुरा प्रकाशित छ ।

साहित्य सम्मेलन सम्पन्न (**कान्तिपुर**, २०६८ फागुन १७) शीर्षक समाचारमा अन्तर्राष्ट्रिय स्तरमा नेपाली साहित्यको अवस्था पहिचान र समस्या विषयमा छलफलका लागि इलाम सदरमुकाममा आयोजित अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा डा. खगेन्द्र लुइटेलले कार्यपत्र प्रस्तुत गरेको कुरा उल्लेख गर्दै यसको समापन पूर्वी कर्फोकमा गरिएको कुरा प्रकाशित छ ।

जयदेव भट्टराईले *इर्ष्यालाग्दो इलाममा सप्ताहरू* (**गोरखापत्र**, २०६८ फागुन २०) शीर्षक आलेखमा इलाममा आयोजित अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलनमा खगेन्द्रप्रसाद लुइटेलले *समकालीन नेपाली साहित्यका प्रवृत्ति* विषयक कार्यपत्र प्रस्तुत गरेको कुरा मञ्चासिन व्यक्तिहरूको रङ्गिन तस्बिरसहित प्रकाशित छ ।

वसन्त बस्नेतले *हरियो सहरमा शब्द उत्सव* (**नागरिक**, २०६८ फागुन २०) शीर्षक लेखमा इलाममा भएको प्रथम साहित्यिक अन्तराष्ट्रिय सम्मेलनका गतिविधिको चर्चा गर्दै डा.लुइटेलद्वारा प्रस्तुत गरिएको कार्यपत्रमाथि प्रकाश पार्दै लुइटेलको कडा टिप्पणीको उद्धरणसहित प्रस्तुत गरेका छन् ।

गोपीकृष्ण ढुङ्गानाले *सभामुखको दन्ते 'स' र साहित्य सम्मेलन* (**अन्नपूर्ण पोष्ट**, २०६८ फागुन २७) शीर्षक आलेखमा इलाममा आयोजित अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलनमा खगेन्द्रप्रसाद लुइटेलले *समकालीन नेपाली साहित्यका प्रवृत्ति* शीर्षक कार्यपत्र प्रस्तुत गरेको र उनीसहितका विभिन्न व्यक्तिले इलाम घोषणापत्र जारी गरेकोजस्ता कुरा ठूलो समूहको रङ्गिन तस्बिरसहित प्रस्तुत गरेका छन् ।

सिद्धिचरण चर्चा (**कान्तिपुर**, २०६८ चैत १६) शीर्षक समाचारमा सिद्धिचरण श्रेष्ठको शतवार्षिकीका अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठान परिसरमा आयोजित गोष्ठीमा खगेन्द्रप्रसाद लुइटेलले कार्यपत्र प्रस्तुत गर्दै सिद्धिचरणका पहिलो चरणका कवितामा प्रेमभाव, दोस्रो चरणमा क्रान्तिभाव र तेस्रो चरणमा शान्तिभाव झल्कने कुरा बताएको कुरा प्रकाशित छ ।

विशिष्ट खुबीका कारण युगकविको सम्मान (**गोरखापत्र**, २०६८ चैत १६) शीर्षक समाचारमा सिद्धिचरण श्रेष्ठको शतवार्षिकीका अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित गोष्ठीमा खगेन्द्रप्रसाद लुइटेलले युगकविका सम्बन्धमा प्रवचन दिएको कुरा तस्बिरसहित छापिएको छ ।

एकनारायण पौड्यालले **समकालीन नेपाली समालोचनाका प्रवृत्ति** (२०६९) शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा संरचनावादी समालोचनाको सैद्धान्तिक विवेचना गर्दै खगेन्द्रप्रसाद लुइटेलको **कविताको**

संरचनात्मक विश्लेषण कृतिलाई संरचनावादी समालोचना नै भनेर लेखिएको पहिलो कृतिका रूपमा व्याख्या गरेका छन् । यस क्रममा लुइटेलले संरचनावादी समालोचनालाई संरचना, संरचनावाद र संरचनावादी समालोचनाजस्ता मूल शीर्षकमा रहेर यसको सैद्धान्तिक व्याख्या र विश्लेषण गर्दै प्रगीतात्मक, आख्यानात्मक र नाटकीय संरचनायुक्त कविताहरूको विश्लेषण गरेका छन् । यसबाहेक लुइटेलका अन्य समालोचना र फुटकर समालोचना पनि संरचनावादी रहेको कुरा उल्लेख गरेका छन् ।

गङ्गादेवी कार्कीले **तेरथुम जिल्लाका उपन्यासकारहरूका उपन्यासहरूको अध्ययन** (२०६९) शीर्षक स्नातकोत्तर शोधपत्रमा डा.लुइटेल नेपाली साहित्यको निबन्ध क्षेत्रमा श्यामव्यङ्ग्यात्मक निबन्ध लेखनको थालनी गर्ने प्रथम निबन्धकार र समालोचना क्षेत्रमा नवीन समालोचकीय पद्धतिका प्रवर्तक, विस्तारक र संबर्द्धकसमेत रहेको कुरा बताउँदै समालोचनालाई प्रभाववादितातर्फ अग्रसर तुल्याउने कार्यमा डा.लुइटेलको अतुलनीय योगदान रहेको कुरा उल्लेख गरेकी छिन् ।

नवीन सापकोटाले **अनलाइन पत्रिकामा प्रकाशित नेपाली कथाको अध्ययन** (२०६९) शीर्षक स्नातकोत्तर शोधपत्रमा खगेन्द्रप्रसाद लुइटेलका *पल्लाघरकी ऊ*, *हाकिम साप र सेरु* र *पिउन साप* कथा **समकालीन साहित्य डट कम**मा प्रकाशित भएका र *पल्लाघरकी ऊ* नामक कथा पल्लव ई पत्रिकामा पनि प्रकाशित भएको कुरा प्रस्तुत गर्दै उक्त कथाको विश्लेषणसमेत गरेका छन् ।

बालाकृष्ण अधिकारीले **नेपाली साहित्यको कालविभाजन ऐतिहासिक विश्लेषण** (२०६९) मा खगेन्द्रप्रसाद लुइटेलको **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) कविता विधाको इतिहास खोजी गर्ने महŒवपूर्ण कृति भएको र यसमा कविता सिद्धान्त र नेपाली कविताको व्यापक इतिहासलाई समेटिएको कुरा प्रस्तुत गरेका छन् ।

खगेन्द्रको हनिमुन (**अन्नपूर्ण पोष्ट**, २०६९ वैशाख ३) शीर्षक समाचारमा डा. लुइटेलको **बार वर्षपछि हनिमुन** पाठक सामु आएको कुरालाई स्वराष्ट्रपरक र मित्रराष्ट्रपरक नियात्रा गरी दुई खण्डमा विभाजित यस नियात्रा सङ्ग्रहमा भएका निबन्धहरूको शीर्षक परिचयसहित प्रकाशित गरिएको छ ।

उपन्यासको इतिहास (**अन्नपूर्ण पोष्ट**, २०६९ जेठ ५) शीर्षक समाचारमा डा.खगेन्द्रप्रसाद लुइटेलको **नेपाली उपन्यासको इतिहास** पुस्तक पाठकमाझ आएको र नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित यस पुस्तकमा वि.स. १८२७ को शक्तिबल्लभको उपन्यासकारितादेखि वर्तमानसम्मको समयको प्रवृत्ति समेटिएको कुरा प्रकाशित छ ।

नछुट्नुपर्ने छुटेका छन् (**कान्तिपुर**, २०६९ असार ७) शीर्षक समाचारमा चार खण्डमा विभक्त **नेपाली उपन्यासको इतिहास** पुस्तकको विषयवस्तु परिचयसहित लुइटेलले एकातिर उपन्यास नपाइने र अर्कातिर उपन्यास ठूला आयामका हुने हुँदा पढेरै नसकिनेजस्ता कारणबाट पनि यो कार्य निकै कठिन भयो भनेर आफ्ना सीमा प्रस्ट्याए तापनि प्रज्ञा प्रतिष्ठानको विशेष परियोजनाअन्तर्गत निक्लेको इतिहास पुस्तकमा केही व्यक्ति छुटेका भए पनि यो सङ्ग्रहणीय छ भन्ने कुरा प्रकाशित छ ।

तुलसीले *डा.लुइटेलका दुई कृति* (**मधुपर्क**, ४५/३, २०६९ साउन) शीर्षक लेखमा डा.लुइटेलका पैरवी प्रकाशनबाट प्रकाशित **चाउरिएको जिन्दगी** श्यामव्यङ्ग्यात्मक निबन्धसङ्ग्रह र **बार वर्षपछि हनिमुन** नियात्रासङ्ग्रहभित्र सङ्गृहीत निबन्ध तथा नियात्राहरूको परिचयसहित डा.लुइटेलले **चाउरिएको जिन्दगी**

श्यामव्यङ्ग्यात्मक निबन्धसङ्ग्रहमार्फत हास्यव्यङ्ग्यभन्दा भिन्न श्यामव्यङ्ग्यको शब्दनिर्माण र प्रथम प्रयोगकर्ताका रूपमा आफूलाई उभ्याउनाका साथै **बार वर्षपछि हनिमुन** नियात्रासङ्ग्रहमा यात्राको समय तालिकामा ज्यादा जोड दिई विवरणात्मक पद्धतिलाई अँगालेको कुरा प्रस्तुत गरेका छन् ।

पारस नेपालले *आलोच्य उपलब्धि* (**कान्तिपुर**, २०६९ साउन २०) शीर्षक लेखमा **नेपाली उपन्यासको इतिहास** कृतिको विषयवस्तु परिचयसहित कतै सर्वसत्तावादी र कतै सम्झौतावादी देखिएका लेखक लुइटेलले प्रवृत्तिगत चर्चा गर्दा खास प्रवृत्तिको प्रारम्भ गर्ने वा प्रतिनिधित्व गर्ने उपन्यासकारहरूलाई बढी महत्व दिइएको भनेको कुरा उल्लेख गर्दै पाठकहरूले नामै नसुनेकाहरूलाई समेत स्थान दिएका छन् । अहिलेसम्मका ज्ञात उपन्यासकार र तिनका कृतिको उल्लेखले परिशिष्ट खण्ड लोभलाग्दो बनेको कुरा प्रस्तुत गरेका छन् ।

उपन्यासको इतिवृत्त (**अन्नपूर्ण पोष्ट**, २०६९ असोज २७) शीर्षक समाचारमा **नेपाली उपन्यासको इतिहास** कृतिको विषयवस्तुको परिचयसहित उपन्यासको सुरुआतदेखि हालसम्मको इतिहास गहन ढङ्गबाट लेखिएको यस कृतिले उपन्यासको साङ्गोपाङ्गो अवस्थालाई समेटेको कुरा प्रकाशित छ ।

गोपीकृष्ण ढुङ्गानाले *फड्को मार्दै गीतकार* (**अन्नपूर्ण पोष्ट**, २०६९ मङ्सिर ८) शीर्षक व्यक्तित्व आलेखमा जुनसुकै रूपबाट गीत लेखनको थालनी र विकास हुँदै आए पनि वर्तमानसम्म आइपुग्दा गीतले सिद्धान्त, आधार र मापदण्डहरू बनाइसकेको छ... भन्ने खगेन्द्रप्रसाद लुइटेलको भनाइ रङ्गिन तस्बिरसहित प्रकाशित छ ।

खिलानाथ अधिकारीले *उत्तर-पूर्वाञ्चलीय नेपाली साहित्यमा सामन्त पढेपछि* (**सपरिवार**, ५/१०, २०१२ जनवरी) शीर्षक लेखमा नेपाली साहित्य लेखनमा साहित्यका सबै विधालाई समेट्ने नेपाली साहित्य इतिहासको अर्को नाम डा. खगेन्द्रप्रसाद लुइटेल भएको र आइडल नेपाली एम.ए. कोर्स पनि उहाँकै देन भएको र उहाँको देन पाठ्यक्रम पढेर छात्रछात्राले उत्तर पूर्वाञ्चलका सामन्तको सेखी झार्नेछन् भन्ने कुरा उल्लेख गरेका छन् ।

लक्ष्मणप्रसाद गौतमले *दुर्लभ र ऐतिहासिक कृतिको कुशल सम्पादन : बरालको आँसु* (**गरिमा**, ३१/२, २०६९ माघ) शीर्षक लेखमा बहादुरसिंह बरालको कृतिलाई गहिरो अनुसन्धान गरी **बरालको आँसु** सम्पादन कार्यमा **बरालको आँसु**को पुनमुद्रित संस्करणलाई आधार नबनाएर सन् १९३२-१९३८ कै मूल कृतिहरूको खोजी गरी पाठालोचन र पाठानुसन्धानको पद्धतिलाई समेत अवलम्बन गरिएको हुँदा कृति बढी विश्वसनीय हुन पुगेको कुरा उल्लेख गर्दै यस कार्यबाट साहित्यका क्षेत्रमा उल्लेखनीय प्राप्ति थपिएको र यो कृति नेपाली साहित्यका अनुसन्धाता र पाठकहरूका लागि पठनीय र सङ्ग्रहणीय रहेको कुरा उल्लेख गरेका छन् ।

मोदनाथ प्रश्रितले *कोलकातामा साहित्य मेला* (**अन्नपूर्ण पोस्ट**, २०६९ फागुन १२) शीर्षक लेखमा कोलकातामा भारत-नेपाल जनमैत्री सांस्कृतिक मञ्च, अगमसिंह गिरी प्रतिष्ठानद्वारा आयोजित नेपाली साहित्य सम्मेलनको भव्यताबारे चर्चा गर्दै त्यसमा खगेन्द्र लुइटेलले *समकालीन नेपाली साहित्यको परिदृश्य* शीर्षक कार्यपत्र प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् ।

लक्ष्मणप्रसाद गौतमले *विधा साहित्येतिहास लेखनमा व्यवस्थित अध्ययन* (**मधुपर्क**, ४५/१०, २०६९) शीर्षक पुस्तक समीक्षामा नेपाली उपन्यासको अद्यावधिक सूचना र प्रतिनिधि उपन्यासकारका प्रवृत्ति र कृतित्वको विवेचना गरिएको **नेपाली उपन्यासको इतिहास** ग्रन्थ नेपाली उपन्यासको अध्ययन परम्परामा पृथक

पहिचान बोकेको व्यवस्थित अनुसन्धान हुन पुगेको छ भन्दै उपन्यास सिद्धान्त र इतिहास दुवैलाई समेटेर वस्तुनिष्ठ ढङ्गले लेखिएको यो नै नेपालीको पहिलो महŒवपूर्ण भएको कुरा उल्लेख गरेका छन् ।

पुरस्कार घोषणा (**अन्नपूर्ण पोस्ट**, २०६९ चैत १८) शीर्षक समाचारमा साहित्यिक पत्रकार सङ्घले यो वर्ष नेपाली कविता विधामा विद्यावारिधि गरेका खगेन्द्र लुइटेललाई हरिहर शास्त्री-सावित्रीदेवी साहित्य पुरस्कार प्रदान गर्ने निर्णय गरेको र यो पुरस्कारको राशि उन्नाइस हजार रहेको कुरा प्रकाशित छ ।

एकनारायण पौड्यालले **आधुनिक नेपाली समालोचनाको इतिहास** (२०७०) नामक समालोचनात्मक कृतिमा संरचनावादी समालोचना नभने पनि यसको एउटा ढाँचासँग मिल्ने केही बान्की मोहनराज शर्माको **शैलीविज्ञान** (२०४८) मा देख्न पाइए तापनि संरचनावादी समालोचना नै भनेर लेखिएको सिङ्गो कृति खगेन्द्रप्रसाद लुइटेलको **कविताको संरचनात्मक विश्लेषण** प्रकाशित भएको र यो अनुसन्धानमा आधारित संरचनावादको सिद्धान्त र प्रयोग पक्षसँग सम्बन्धित महŒवपूर्ण कृति भएको कुरा प्रस्तुत गरेका छन् ।

गोविन्दसिंह रावतले **विश्वरङ्गमञ्चमा सडक नाटक परम्परा** (२०७०) नामक शोधग्रन्थमा यो शोधग्रन्थ तयार गर्दा धेरै पटक सामग्रीको अभाव खट्किएको थियो र शोधकार्य सम्पन्न गर्ने क्रममा अनेक समस्याहरू आइपरेका थिए । जस्तासुकै समस्या आए पनि तिनका समाधानको बाटो देखाउँदै मलाई सदैव हरतरहले अभिप्रेरित गरी शोधकार्य सम्पन्न गर्नाका साथै सारगर्भित भूमिकासमेत लेखिदिनु हुने मेरा श्रद्धेय एवं आदरणीय गुरु नेपाली समालोचनामा संरचनावादी समालोचनाका प्रवर्तक वरिष्ठ समालोचक प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलज्यूको मप्रतिको सद्भाव अविस्मरणीय रहेको छ । उहाँले मलाई लगाउनु भएको यो गुन म कहिल्यै भुल्ने छैन र म उहाँप्रति सदैव ऋणी रहनेछु भन्ने कुरा उल्लेख गरेका छन् ।

टेकनारायण उपाध्यायले **नेपाली कविताको विकासमा मेघालयको योगदान** (२०७०) विद्यावारिधि शोधप्रबन्धमा त्रिभुवन विश्वविद्यालयका नेपाली केन्द्रीय विभागका प्रा.डा.खगेन्द्रप्रसाद लुइटेल गौहाटी विश्वविद्यालयका नेपाली एम. ए. का पाठ्यक्रम पाठ्यपुस्तक निर्माता र विशिष्ट सल्लाहकार रहनुका साथै नेपाली पाठ्यपुस्तक समिति सिलाङका विशिष्ट सल्लाहकार रही समितिलाई स्पष्ट ढङ्गले मार्गनिर्देश गरिरहेको कुरा प्रस्तुत गर्दै उनको यस क्षेत्रमा विशिष्ट योगदान रहेको कुरा उल्लेख गरेका छन् ।

लक्ष्मणप्रसाद गौतमले **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना** (२०७०) पुस्तकमा समालोचनामा पाश्चात्य उत्तरवर्ती समालोचनाको सैद्धान्तिक पक्षबारे लेख्ने प्रमुख समालोचकहरूमा खगेन्द्रप्रसाद लुइटेलको नाम उल्लेख गर्दै उनको **पाश्चात्य साहित्य सिद्धान्त** (२०६८) एरिस्टोटलको काव्य चिन्तनदेखि संरचनावादी चिन्तनसम्मको समालोचना प्रस्तुत गरिएको र उत्तरआधुनिकतावादलाई सरल तर वस्तुगत भाषामा सैद्धान्तिक चिनारी दिइएको उपयोगी कृति भएको कुरा उल्लेख गरेका छन् ।

विष्णु प्रभातले **साहित्यकार-कलाकार परिचय कोश** (२०७०) मा खगेन्द्रप्रसाद लुइटेलका डा. खलु, विज्ञान शर्मा, डार्बिन नेपालीजस्ता विभिन्न साहित्यिक नाम र फोटोसहित जन्म/स्थान, माता/पिता, शिक्षा, सेवा, पहिलो रचना, कृति/सिर्जना, सम्पादन/अनुवाद, पुरस्कार/सम्मानजस्ता शीर्षकमा उनको परिचय प्रस्तुत गरेका छन् ।

पचास वर्षपछि बरालको आँसु सङ्ग्रहित (**कपन बानेश्वर राष्ट्रिय साहित्यिक साप्ताहिक**, २०७० वैशाख १३) शीर्षक समाचारमा डा.लुइटेलद्वारा सम्पादित **बरालको आँसु** कृति विमोचन कार्यक्रमका विविध

गतिविधिको चर्चासहित पुस्तक समीक्षक डा.लक्ष्मणप्रसाद गौतमले यो पुस्तक ऐतिहासिक दस्तावेजको रूपमा रहेको जानकारी दिएको कुरा प्रकाशित छ ।

मैनालीले सम्झे सम र देवकोटा (**कपन बानेश्वर राष्ट्रिय साहित्यिक साप्ताहिक**, २०७० असार ७) शीर्षक समाचारमा युवराज मैनालीका **समको पौराणिक नाट्य कौशल** र **कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषण** नामक समालोचनात्मक कृति विमोचन गरिएको र विमोचित कृतिमाथि समीक्षा गर्दै वरिष्ठ समालोचक डा. खगेन्द्र लुइटेलले व्यक्तिकेन्द्री समालोचना कम भएकाले यी कृतिहरू अध्ययन गर्नाका लागि आधार सामग्री हुनसक्ने बताएको कुरा प्रकाशित छ ।

फणीन्द्र संगमले *कर्ममा जीवन्त भानु* (**नागरिक**, २०७० असार २९) शीर्षक आलेखमा खगेन्द्रप्रसाद लुइटेलले नेपालबाहिर भानुभक्तप्रति जसरी श्रद्धाभाव राखेर कार्यक्रम गरिन्छ त्यस्तो नेपालमा हुन नसकेको, अगिल्लो दिन सालिकको फोहोर पुछेर भोलिपल्ट जनजयन्ती मनाउनुको अर्थ छैन, स्रष्टाको नाम बेचेर आफू चर्चामा आउने गलत परम्परा देखापर्दैछ भन्ने कुरा बताएको प्रकाशित छ ।

गिरिराज न्यौपानेले *पठनीय कृति : नेपाली उपन्यासको इतिहास* (**नवप्रज्ञापन**, पू. ६१, २०७० साउन-असोज) शीर्षक कृति परिक्रमामा डा.लुइटेलको नवीन समालोचकीय ग्रन्थ **नेपाली उपन्यासको इतिहास** कृतिको विषयवस्तु परिचयसहित उपन्यास विधाको सैद्धान्तिक स्पष्टता, ऐतिहासिक प्रामाणिकता तथा कृतिगत विवेचनाको स्वरूप पाइने पूर्णतः शोधविधिको अवलम्बन गरिएको यो कृति आधिकारिक, प्रामाणिक, वैज्ञानिक एवं वस्तुनिष्ठ सामग्रीको प्रयोग गरिएको र उपन्यासको विधागत ज्ञान हासिल गर्न रुचि राख्ने जिज्ञासु पाठक, समालोचक, शिक्षक, विद्यार्थी सबैका लागि पठनीय र सङ्ग्रहणीय बनेको बताएका छन् ।

अनेक डायस्पोराको साहित्य (सन् २०१३) पुस्तकको *सम्पादकीय*मा अमेरिकाको वासिङ्टन डी. सी. मा सम्पन्न तेस्रो अन्तराष्ट्रिय साहित्य सम्मेलनका विशिष्ट अतिथि डा.खगेन्द्रप्रसाद लुइटेलज्यूको लेखले डायस्पोरा र डायस्पोरिक साहित्यको सीमा निर्धारणमा अझ बढी अध्ययन हुनुपर्ने कुरामा जोड दिइएको कुरा उल्लेख गरिएको छ ।

विजय थापा र प्रदीप थापा मगरले *अमेरिकामा अनेसासद्वारा तेस्रो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन सम्पन्न* (**USNepal online,** 2013 December 2) शीर्षक समाचारमा अनेसासका सल्लाहकार एवं त्रिभुवन विश्वविद्यालय नेपाली विभागका प्राध्यापक डा. खगेन्द्रप्रसाद लुइटेलले नेपाली भाषा महाभाषा भैसकेको उल्लेख गर्दै अमेरिकामा जातीय विभाजन नभएकोमा खुसी प्रकट गर्दै यही सन्देश लिएर आफू नेपाल जाने बताए भनेका छन् । खगेन्द्रप्रसाद लुइटेलका दौरासुरुवाल लगाएका प्रशस्तै फोटाहरू राखिएको यस समाचारमा डा. लुइटेललाई अनेसास डायस्पोरा अनुसन्धान पुरस्कार तथा भानुवर्ष सर्वोत्कृष्ट सल्लाहकार पुरस्कार प्रदान गरिएको कुरा उल्लेख गर्दै सोही कार्यक्रममा उनले होमनाथ सुवेदीका **नेपाली लोककथाको परम्परामा छन्त्याल लोककथाको अध्ययन** तथा **डायस्पोराबाट नेपालका समालोचना** पुस्तक विमोचन गरेको तथा Nepal Diaspora Literature Theories and Uses शीर्षक कार्यपत्र प्रस्तुत गरेको कुरासमेत उल्लेख गरिएको छ ।

शैलेश श्रेष्ठले अमेरिकाको न्युयोर्कबाट प्रसारण हुने ह्वाइट हिमाल टेलिभिजनको *सम्प्रेषणमा कविता : नियति र परिणाम* (सन् २०१३ डिसेम्बर २१) कार्यक्रमका लागि लिइएको विशेष अन्तर्वार्ताका क्रममा दिइएको परिचयमा हामीले सम्प्रेषणमा बेजोड व्यक्तित्व पाएकाछौं त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागका प्राध्यापक डा. खगेन्द्रप्रसाद लुइटेल, यति खरो र स्पष्ट बोल्नुहोला भन्ने मैलेचाहिँ कल्पनासम्म पनि गरेको

थिइन...च...चा...चि...ची...चिल्लो चाप्लो...उचाल्नेपछार्ने...घुर्क्याउने, फकाउने रिझाउने केही छैन, बस जे हो त्यही हो...वार्ता गरिसकिपछि मलाई लाग्यो, हाम्रो नेपालमा थप एक दुई दर्जन यस्ता स्पष्ट वक्ता र खरा गुरुहरू हुने हो भने देश उँभो लाग्न केही बेर लाग्दैन भन्ने कुरा उल्लेख गर्दै सो कार्यक्रम प्रसारण हुने समयबारे उल्लेख गरिएको छ ।

रविमान लमजेलले *बार वर्षपछि हनिमुनभित्र लुइटेलीय निबन्धको प्रस्तुति* (**मानाभराको कोशेली** २०७० पुस-चैत) शीर्षक समालोचानामा विशेष गरी साहित्यका प्राज्ञिक फाँटलाई केन्द्रबिन्दु बनाएर लेख्नेहरूको सङ्ख्या सीमित रहेको र त्यही सीमित सङ्ख्याभित्र झर्झराउँदो भएर देखापरेका लुइटेल त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन पेसामा संलग्न भएपछि लेखन क्षेत्रमा पनि जाँगरिला स्रष्टाका रूपमा देखापरेका र उनको कलम कोशविज्ञान, समालोचना, निबन्धमा केन्द्रित भए पनि निबन्ध र समालोचनामा सफल रहेको कुरा बताउँदै पाठ्यपुस्तकदेखि खोजपूर्ण विधागत पुस्तक सम्पादन र प्रकाशन गरेका लुइटेलका सबै विषयका साठीभन्दा बढी पुस्तक प्रकाशित भइसकेको कुरा प्रस्तुत गरेका छन् । लुइटेलको **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रहमा समावेश नियात्राहरूको विश्लेषण गर्दै यो कृति स्तरीय र राष्ट्रवादी भावनाले ओतप्रोत रहेको बताउँदै थोरै समयमा नेपाली निबन्ध जगत्मा आफ्नो पहिचान बनाउन सफल भएको कुरा उल्लेख गरेका छन् ।

हरिप्रसाद काफ्लेले **बोस्टन चौतारी** (सन् २०१४) मा प्रकाशित खगेन्द्रप्रसाद लुइटेलको *विश्वपरिप्रेक्ष्यमा उत्तरआधुनिकतासम्बन्धी दृष्टिकोण* शीर्षक लेखको अग्रभागमा लेखक परिचय दिने क्रममा त्रि. वि. कीर्तिपुर नेपाली विभागका प्राध्यापक तथा अनेसासका सल्लाहकार डा.खगेन्द्र लुइटेल नेपाली भाषा, व्याकरण, साहित्य र समालोचनाका क्षेत्रमा निकै चर्चाको नाम हो । ज्यादै खरो र स्पष्ट वक्ता र लेख्ता दुवैमा उत्तिकै समानता हुनु उहाँको मौलिकता हो । निकै जिम्मेवारीपूर्ण लेखहरूको प्रकाशनले नेपाली भाषा र साहित्यका साथै वर्णविन्यास र समालोचनाको संरक्षण भैरहेको मान्न सकिन्छ । मौलिक पुस्तकबाहेक पाठ्यपुस्तकसमेत प्रकाशन गरेर सिंगो देशकै सेवकमा उहाँलाई लिन सकिन्छ । प्रा.डा. खगेन्द्र लुइटेलका आधिकारिक महत्वपूर्ण वक्तव्यहरूबाहेक विभिन्न तहका पाठ्यपुस्तक र समालोचकीय कृति गरी झन्डै पाँच दर्जन पुस्तक प्रकाशित गर्नु नै नेपाली भाषा एवं नेपाली वाङ्गमयलाई ठूलो योगदान मान्नुपर्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

होमनाथ सुवेदी र अन्यले **अनेक डायस्पोराको साहित्य** (सन् २०१४) नामक पुस्तकमा सङ्कलित डा. खगेन्द्रप्रसाद लुइटेलको *नेपाली डायस्पोरिक साहित्य : सिद्धान्त र प्रयोग* शीर्षक लेखको अग्रभागमा नाम, जन्म, हाल, शिक्षा, पेसा, विशेष लेखन, प्रकाशन, पुरस्कार, सम्मान तथा अभिनन्दन उपशीर्षकमा परिचय दिँदै नेपाली समालोचनामा विश्वको आधुनिक संरचनावादी समालोचना पद्धतिको प्रवर्तन, विकास र मानक स्थापना र डायस्पोरिक लेखनबारेको अनुसन्धानमा क्रियाशील व्यक्ति भनी परिचय दिएको छ ।

अम्बिका लोहनीको *Felicitation to Professor Dr. Khagendra Prasad Luitel in Atlanta, USA* (**Janapukar.com**, 2014 January 4) शीर्षक आलेखमा NASeA sucessfully organized a Felicitation program Prof. Dr. Khagendra Prasad Luitel, a leading conserver and nurture of Nepali language and litreture, in Himalayan Restauratant, Atalanta, Georgia… NASeA was delighted to have an opportunity to honor Prof. Dr. Luitel for his outstanding service and valuable contribution to Nepali language and litreture. On the program, Dr. Luitel gave a very inspiring testimony of his success stories and requested all the Nepalese communities to live in harmony and contribute for the prosperity and development of Nepal. He reminded us that each individual living in foreign land represents Nepal and therefore be working sincerely and honestly in our professions भन्ने कुरा उल्लेख गरिएको छ ।

कमला बी. सरूपले *Writing For Life: Writing and Authoring* (**Media for Freedom**, 2014 june 11) शीर्षक व्यक्तित्व आलेखमा खगेन्द्रप्रसाद लुइटेलको लेखन, प्रकाशन, सम्मान, पुरस्कार आदिबारे परिचय दिँदै Dr. Khagendra Prasad Luitel, a leading Nepali writer and literature is a professor in Central Department of Nepali in Tribhuvan University, Nepal gives closure to continue recollection of literature, who has been on many writers mind. It must have been his status and many years that he helped the literature. Dr. Luintel is a good writer, that he always explained his willingness in so modest manner that no one questioned his writings. No doubt he kept his writing in a special place at the literature and is about to let it handled by a writer. …The literature and research of Dr. Luitel is very easy to read. Dr Luitel has always been closer to the writer's heart. His writing is the most continuous subject yet even he accepted life. I see lots of characters there on different pages. He change some parts of the characters to suit the available subjects. I read where Dr. Luitel has a specific research in mind for a premiere… भन्ने कुरा उल्लेख गरेकी छन् ।

नेपाली डायस्पोरा साहित्यको वर्तमान अवस्था (**डायस्पोरा विमर्श**, १/१, २०७१ असोज) शीर्षक लेखको सुरुमा दिइएको लेखक परिचयमा खोजमूलक समालोचक खगेन्द्रप्रसाद लुइटेल हाल विश्वसाहित्यको नवीन सिद्धान्त र अवधारणालाई नेपाली साहित्यमा प्रवेश गराउने अभियानमा रहेको कुरा प्रस्तुत गरिएको छ ।

आङछिरिङ शेर्पाले *नेपालमा अझैसम्म असल नेता जन्मेको छैन* (**एभरेस्ट टाइम्स**, सन् २०१४ डिसेम्बर २९) शीर्षक अन्तर्वार्ताको सुरुमा परिचय दिने क्रममा प्राध्यापक डा. खगेन्द्रप्रसाद लुइटेल कवितालाई भाषावैज्ञानिक दृष्टिकोणले संरचनात्मक र समालोचनात्मक पद्धतिको थालनी गर्ने व्यक्तिको रूपमा चिनिनु हुन्छ । उहाँ विद्यार्थी जीवनमा राजनैतिक नेतृत्व तहमा पुगे पनि उच्च अध्ययनपछि प्राज्ञिक व्यक्तित्वको रूपमा स्थापित हुनु भएको छ । नेपालको पाठ्यपुस्तक विकास केन्द्रमा लामो समय कार्य गरी नेपाली भाषासाहित्यको विकासमा योगदान पुऱ्याउँदै आउनु भएका उहाँले अहिलेसम्म नेपाली भाषाका थुप्रै पुस्तकहरू प्रकाशन गरिसक्नु भएको छ । नेपाली भाषासाहित्यको हितसँगै विगत २५ वर्षदेखि त्रिभुवन विश्वविद्यालयमा शिक्षा दिँदै आउनुभएको छ भन्ने कुरा उल्लेख गरिएको छ ।

पुस्तकमा सिडिओका सत्र वर्ष (**अन्नपूर्ण पोस्ट**, २०७१ पुस २५) शीर्षक समाचारमा मन्त्रीपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले करिब दुई दशकसम्म सिडिओ भएका नरेन्द्रराज पौडेलद्वारा लिखित **सिडिओका १७ वर्ष** नामक पुस्तक सार्वजनिक गरेको र त्यसमाथि प्रा. खगेन्द्रप्रसाद लुइटेलले प्रशासनिक र साहित्यिक व्यक्तित्व नरेन्द्रको पुस्तकले नेपालको प्रशासनिक निकायको यथार्थ प्रस्ट पारेको टिप्पणी गरे भन्ने कुरा रङ्गिन तस्बिरसहित प्रकाशित छ ।

सिडिओका संस्मरण (**कान्तिपुर**, २०७१ पुस २५) शीर्षक समाचारमा साहित्यकार नरेन्द्रराज पौडेलद्वारा लिखित **सिडिओका १७ वर्ष** नामक पुस्तक मन्त्रीपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले सार्वजनिक गरेको र त्यसमाथि प्रा. खगेन्द्र लुइटेलले व्यङ्ग्य लेखनमा सिद्धहस्त पौडेलको कलम यस कृतिमा पनि उत्तिकै दक्षताका साथ दौडेको, एउटा प्रशासकले भोगेको कालखण्डको कोरा चित्रण मात्र नभई ती भोगाइ साहित्यिक हिसाबले लेखिनु यो कृतिको विशेषता हो, सरकारको उपल्लो तहमा रहेका अप भूतपूर्वहरूले पनि उहाँबाट यो कुरा सिक्न सक्छन् भन्दै अहिले जीवनी, आत्मकथा र संस्मरणका किताब बढी प्रकाशन हुने गरेको र तिनमा आत्मप्रशंसाको आधिक्यबाहेक अप कुरा नपाइरहेको पृष्ठभूमिमा पौडेलको पुस्तक रोचक अनुभव रहेको र यो किताब औपन्यासिक संस्मरण हो भनेको कुरा पुस्तक विमोचन गर्दै गरेको रङ्गिन तस्बिरसहित प्रकाशित छ ।

खगेन्द्र र भैरवलाई भीमनिधि (**कान्तिपुर**, २०७१ फागुन २६) शीर्षक समाचारमा भीमनिधि तिवारी साहित्य समितिले समालोचक प्रा. खगेन्द्र लुइटेललाई भीमनिधि तिवारी पुरस्कार प्रदान गर्ने निर्णय गरेको कुरा प्रकाशित छ ।

भीमनिधि पुरस्कार लुइटेल र थापालाई (**गोरखापत्र**, २०७१ फागुन २६) शीर्षक समाचारमा साहित्यकार भीमनिधि तिवारीको जन्मजयन्तीका अवसरमा हरेक वर्ष प्रदान गरिने भीमनिधि तिवारी साहित्य पुरस्कार यस वर्ष प्रा. डा. खगेन्द्रप्रसाद लुइटेललाई प्रदान गरिने निर्णय भीमनिधि तिवारी साहित्य समितिले गरेको कुरा प्रकाशित छ ।

थानापति साहित्यिक महोत्सव २०७१ विशेष (**संसाक**, २०७१ फागुन १६-३०) लगायत विभिन्न शीर्षकका समाचारमा प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलले महोत्सवमा वाचित कविताको टिप्पणी गरेको, *मान्छेभित्रको मान्छेको लोकार्पण*मा मन्तव्य दिएकोजस्ता विविध सन्दर्भहरूको उल्लेख गरिएको छ ।

दिइयो भीमनिधि (**कान्तिपुर**, २०७१ चैत २) शीर्षक समाचारमा साहित्यकार भीमनिधि तिवारीको १०४ औँ जन्मजयन्तीका अवसरमा प्रा.डा. खगेन्द्रप्रसाद लुइटेललाई साहित्यमा पुऱ्याएको योगदानको कदर गर्दै भीमनिधि तिवारी साहित्य पुरस्कार पूर्वसभामुख तथा नेपाली काङ्ग्रेसका उपसभापति रामचन्द्र पौडेलले हस्तान्तरण गरेको कुरा रङ्गिन तस्बिरसहित प्रकाशित छ ।

खगेन्द्रप्रसाद लुइटेलका बारेमा माथि प्रस्तुत गरिएकाबाहेक गुगल, विभिन्न पत्रपत्रिका, अनलाइन, वेवसाइट, फेसबुकलगायत देशविदेशका अनेकौँ छापा तथा विद्युतीय सञ्चार माध्यममा तस्बिरसहित वा रहित ढङ्गले प्रशस्तै समाचार, वक्तव्य, अन्तर्वार्ता, टिप्पणी, चर्चापरिचर्चा आदि प्रकाशित एवं प्रसारित भएका छन् । यिनका बारेमा लेखिएका विभिन्न पत्रपत्रिका, पुस्तक आदिमा प्रकाशित विभिन्न सामग्रीहरूमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र पक्षको विस्तृत अध्ययन नभए तापनि यसअगि भएका लुइटेलको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित पूर्वकार्यहरूलाई विभिन्न आधारमा विभाजन गरी तल प्रस्तुत गरिन्छ :

१. खगेन्द्रप्रसाद लुइटेलको जीवनीसँग सम्बद्ध पूर्वकार्य

*नहारेको दिन नहारेको जीवन, दीपा जनमत सम्मान, डा.खगेन्द्रप्रसाद+लीला लुइटेल*जस्ता पूर्वकार्य जीवनीसँग सम्बन्धित रहेका छन् ।

२. खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्वसँग सम्बद्ध पूर्वकार्य

गुवाहाटीमा नेपाली साहित्य, भारतको गौहाटी विश्वविद्यालयमा नेपाली पाठ्यक्रम तयार पारे नेपाली प्राध्यापकले, आसाममा चम्किँदै नेपाली साहित्य आदि समाचारका रूपमा र **नेपाली हास्यव्यङ्ग्य निबन्ध** शोधपत्र आदि शीर्षकका रूपमा भएका पूर्वकार्यहरू व्यक्तित्वसँग सम्बन्धित रहेका छन् ।

३. खगेन्द्रप्रसाद लुइटेलको जीवनी र व्यक्तित्वसँग सम्बद्ध पूर्वकार्य

लुइटेललाई विद्यावारिधि, लुइटेललाई विद्यावारिधिः भाषा साहित्यमा नौलो प्रबन्ध आदि समाचारका रूपमा आएका पूर्वकार्यहरू भने जीवनी र कृतित्व दुवै पक्षसँग सम्बन्धित रहेका छन् ।

४. खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्व र कृतित्वसँग सम्बद्ध पूर्वकार्य

अध्ययन अनुसन्धानमा उपयोगी कृति शोधविधि, विधागत इतिहास लेखनमा अद्वितीय कृति, नयाँ कृति, खगेन्द्रका दुई कृति आदि शीर्षकमा भएका पूर्वकार्यहरू व्यक्तित्व र कृतित्व दुवै पक्षसँग सम्बन्धित रहेका छन् ।

५. खगेन्द्रप्रसाद लुइटेलको कृतित्वसँग सम्बद्ध पूर्वकार्य

अनुसन्धानको सैद्धान्तिक चिनारी : शोधविधि, अध्ययन अनुसन्धान क्षितिजमा उपयोगी कृति शोधविधि उपयोगी शोध पुस्तक, शोधविधि एउटा महŒवपूर्ण कृति, गर्जो टार्ने प्रकाशन, सत्र्हाहनीय कार्य, भाषा विज्ञानको कोसेढुङ्गो ध्वनिविज्ञान र वर्णविज्ञान, ध्वनिविज्ञान र वर्णविज्ञान, एक उपलब्धिमूलक कोश, लुइटेलको समालोचना केही प्रश्नहरू, लुइटेललाई विद्यावारिधि, कविता विधामा आधुनिक विष्फोट, कविता सिद्धान्तको क्षेत्रमा गहकिलो पुस्तक, नेपाली कविताको इतिहास एउटै पुस्तकमा कविता विधाको गहन दस्तावेज, कवितामा संरचनावादको प्रयोग,कविता सिद्धान्त र नेपाली कविताको इतिहास कविताका बारेमा लेखिएको एउटा मानक ग्रन्थ, सिद्धान्त र संरचना विश्लेषणको एकीकृत प्रस्तुति, लोकसाहित्यको आधिकारिक ग्रन्थ प्रकाशित, लोकवार्ता साहित्य र जीवन, काव्य नाट्य सङ्ग्रह आयो, खगेन्द्रको हनिमुन, उपन्यास इतिवृत्त, नछुट्नुपर्ने छुटेका छन्, आलोच्य उपलब्धि पचास वर्षपछि बरालको आँसु सङ्ग्रहित आदि शीर्षकका विभिन्न पत्रपत्रिकाहरूमा समाचारका रूपमा प्रकाशित पूर्वकार्यहरू कृतित्वसँग सम्बन्धित भएका छन् । यसका साथै **नेपाली एकाङ्की**, **नेपाली कवि र कविता**, **आधुनिक नेपाली समालोचना**, **कोशविज्ञान**, **नेपाली काव्य समालोचना**, **नेपाली गीत गजल भाग १** आदि पुस्तकमा प्रकाशकीय, सम्पादकीय आदिका रूपमा र **कृति परिचय**, **बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड**, **समालोचनाको सिद्धान्त र नेपाली समालोचना**, **समालोचनाको स्वरूप**, **नेपाली लेखक कोश** आदि कृतिहरूमा पनि उनको कृतित्वसम्बन्धी पूर्वकार्यहरू रहेका छन् ।

यस्ता विभिन्न शीर्षकहरूमा लुइटेलका बारेमा विभिन्न पत्रपत्रिका, पुस्तक आदिमा लेख, समाचार, प्रकाशकीय, सम्पादकीय आदिका रूपमा थुप्रै पूर्वकार्यहरू भएका छन् । ती पूर्वकार्यहरू कुनैले जीवनी, कुनैले व्यक्तित्व र कुनैले कृतित्व पक्षलाई समेटेको भए तापनि यी कुनै पनि पूर्वकार्यहरूले लुइटेलको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र पक्षलाई समेट्न नसकेको हुँदा यो शोधपत्र लुइटेलको जीवनी, व्यक्तित्व र कृतित्व समग्र पक्षको अध्ययनमा केन्द्रित रहेको छ ।

१.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

लगभग चार दशकदेखि नेपाली साहित्यका समालोचना, निबन्ध, कविता, कथा आदि विविध क्षेत्रमा क्रियाशील साहित्यकार एवं समालोचक खगेन्द्रप्रसाद लुइटेलका थुप्रै पुस्तकाकार कृति, समीक्षा, फुटकर लेखरचना आदि प्रकाशित छन् । यति धेरै कृति प्रकाशित भइसक्दा पनि लुइटेलका बारेमा समग्र पक्षको हालसम्म व्यवस्थित अध्ययन नभएको हुँदा सर्वप्रथम गरिएको प्रस्तुत शोधकार्य स्वाभाविक रूपमा औचित्यपूर्ण रहेको छ । नेपाली साहित्य र समालोचनाका क्षेत्रमा एउटा सिङ्गो संस्था बनिसकेका लुइटेलबारे गरिएको अध्ययनले समवर्ती र उत्तरवर्ती साहित्यकार, समालोचक तथा अन्य अनुसन्धाताका लागि प्रेरणादायी भूमिका खेल्ने हुँदा यस शोधकार्यको महत्त्व रहेको छ भने नेपाली साहित्यिक अनुसन्धान परम्पराको विकासमा पनि यसले सहयोग गर्ने हुनाले यस कार्यको उपयोगिता रहेको छ । यस शोधपत्रमा उनको प्रेरणादायी जीवनी र

व्यक्तित्व तथा उनको जीवन दर्शन, साहित्यिक दृष्टिकोण आदिका साथै समग्र कृतित्वको चर्चा गरिएको हुँदा उनका बारेमा जानकारी लिन चाहने शिक्षक, विद्यार्थी, साहित्यकार लगायत जिज्ञासु जोसुकै पनि प्रस्तुत शोधकार्यबाट लाभान्वित हुने हुँदा यो शोधकार्य स्वतः औचित्यपूर्ण, महत्वपूर्ण र उपयोगी रहेको स्पष्ट हुन्छ ।

१.६ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा खगेन्द्रप्रसाद लुइटेलको जीवनी, व्यक्तित्व र कृतित्वका विभिन्न पक्षबारे अध्ययन गरी सबै पुस्तकाकार कृतिका साथै विभिन्न लेख तथा फुटकर रचनाहरूको परिचयात्मक विश्लेषण गरिएको छ । डा. लुइटेलको व्यक्तित्व विराट् भएको र उनका कृतिहरू अत्यधिक भएकाले सबैको विश्लेषण गर्न कठिन भएको हुँदा यसमा सबैको परिचयात्मक विश्लेषण मात्र गरिएको हो । यसमा लुइटेलका हालसम्म प्रकाशित उपलब्ध भएजति सामग्रीहरू समेटिएको छ र अनलाइनमा प्रकाशित सामग्रीहरू यसका समेटिएको छैन । समग्रमा यो शोधकार्य खगेन्द्रप्रसाद लुइटेलको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित रहेको छ ।

१.७ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधपत्रका लागि आवश्यक सामग्रीको सङ्कलनमा मूलतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यसका अतिरिक्त शोधनायक खगेन्द्रप्रसाद लुइटेल तथा उनीसँग सम्बन्धित उनका परिवार, नातेदारका साथै अन्य विभिन्न विद्वान्, समालोचक, साहित्यकार, प्राध्यापक, सहपाठी, विद्यार्थी आदि व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट गरेर प्रश्नावलीका माध्यमबाट लिखित तथा मौखिक अन्तर्वार्ता लिई तिनबाट प्राप्त जानकारीलाई पनि सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । यसका साथै विभिन्न पत्रपत्रिकामा प्रकाशित समालोचना, कृति समीक्षा, प्रकाशकीय मन्तव्य, कृतज्ञताज्ञापन आदिका साथै उनी र उनका कृतिहरू बारेमा लेखिएका लेख, समाचार आदिलाई सन्दर्भसामग्रीका रूपमा प्रयोग गरिएको छ ।

१.८ शोधविधि

पुस्तकालयीय विधिका साथै अन्तर्वार्ता आदि विभिन्न ढङ्गबाट सङ्कलित सामग्रीलाई आगमनात्मक र निगमनात्मक विधिका साथै आवश्यकताअनुसार जीवनीपरक, ऐतिहासिक, वर्णनात्मक, विश्लेषणात्मक आदि विधिहरूको पनि प्रयोग गरिएको छ ।

१.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यसलाई निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

१. पहिलो परिच्छेद : शोधपरिचय
२. दोस्रो परिच्छेद : खगेन्द्रप्रसाद लुइटेलको जीवनी
३. तेस्रो परिच्छेद : खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्व
४. चौथो परिच्छेद : खगेन्द्रप्रसाद लुइटेलको साहित्य यात्रा
५. पाँचौं परिच्छेद : खगेन्द्रप्रसाद लुइटेलका समालोचनात्मक कृति, फुटकर समालोचना र समीक्षाहरूको परिचयात्मक अध्ययन

६. छैटौँ परिच्छेद : खगेन्द्रप्रसाद लुइटेलका भाषाविज्ञान, कोश र व्याकरणका कृतिहरूको परिचयात्मक अध्ययन

७. सातौँ परिच्छेद : खगेन्द्रप्रसाद लुइटेलका पाठ्यपुस्तकहरूको परिचयात्मक अध्ययन

८. आठौँ परिच्छेद : खगेन्द्रप्रसाद लुइटेलका सम्पादित, संशोधित-परिमार्जित र अनूदित कृतिहरूको परिचयात्मक अध्ययन

९. नवौँ परिच्छेद : खगेन्द्रप्रसाद लुइटेलका निबन्धात्मक र प्रबन्धात्मक कृतिहरूको परिचयात्मक अध्ययन

१०. दसौँ परिच्छेद : साहित्यिक र साहित्येतर क्षेत्रमा खगेन्द्रप्रसाद लुइटेलको योगदान

११. एघारौँ परिच्छेद : सारांश तथा निष्कर्ष

उपर्युक्त परिच्छेदहरूलाई विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरिएको छ । शोधपत्रको अन्तिम परिच्छेदपछि परिशिष्ट शीर्षकमा शोधलेखनका क्रममा शोधनायकका साथै अन्य विभिन्न व्यक्तिहरूसँग लिइएका लिखित अन्तर्वार्तालाई जस्ताको तस्तै राखिएको छ । शोधपत्रको अन्त्यमा शोधपत्र तयार पार्दा प्रयोग गरिएका सन्दर्भसामग्री र सन्दर्भ स्रोतव्यक्ति दिइएको छ ।

दोस्रो परिच्छेद

खगेन्द्रप्रसाद लुइटेलको जीवनी

२. विषयप्रवेश

यस परिच्छेदमा खगेन्द्रप्रसाद लुइटेलको जीवनीसँग सम्बन्धित पारिवारिक पृष्ठभूमि, जन्म र जन्मस्थान, बाल्यकाल र स्वभाव, शिक्षादीक्षा, सामाजिक संस्कार, बसोबास र आजीविका पारिवारिक अवस्था, कार्यक्षेत्रमा संलग्नता, अन्तर्राष्ट्रिय क्षेत्रमा संलग्नता, व्यक्तिगत रुचि, व्यक्तिगत स्वभाव र बानीव्यवहार, भ्रमण, अविस्मरणीय क्षणहरू, सुखदुखका स्मरणीय क्षणहरू, जीवनदर्शन, साहित्यिक दृष्टिकोण, लेखन तथा प्रकाशन, प्रकाशित कृतिहरू, प्रकाशित एवं प्रसारित अन्तर्वार्ताहरू, व्यक्तित्व आलेख (फिचर), शोधनिर्देशन, कार्यपत्र प्रस्तुति, कार्यपत्रको टिप्पणी, सम्मान-अभिनन्दन तथा पुरस्कारहरूजस्ता शीर्षकमा आधारित भएर उनको जीवनीपक्षको बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ ।

२.१ पारिवारिक पृष्ठभूमि

कौशिक ऋषिका सन्तान मानिने लुइटेलहरू कौशिक गोत्रीय हुन् । उनीहरूको पुर्ख्यौली थलो गोरखाको लुइटेल भन्ने ठाउँलाई मानिन्छ । खगेन्द्रप्रसाद लुइटेलका पुर्खाहरू गोरखा जिल्लाको आँपपिपलडाँडा भन्ने ठाउँबाट विभिन्न स्थानमा बसाइँ सर्दै जाने क्रममा तेरथुमको सोल्मा कालिमाटी भन्ने ठाउँमा आइपुगेका हुन् ।[१] पृथ्वीनारायण शाहले गोरखाबाट काठमाडौँ आउने क्रममा ब्राह्मण (लुइटेल र ढकाल), सुतारकार्की, कामी, दमाईं, सार्की आदि विभिन्न जातका व्यक्तिहरूलाई साथमा ल्याएका थिए । पृथ्वीनारायण शाहले गोरखाबाट आउँदा राजपुरोहितका रूपमा साथमा ल्याएका खगेन्द्रप्रसाद लुइटेलभन्दा बार पुस्ताअगिका विश्वनाथ लुइटेललाई काठमाडौँको कालिमाटीमा बसोबासको बन्दोबस्त गरिदिएका थिए । विश्वनाथ लुइटेलपछिका तिन पुस्ता सिद्धिखर, गृहपति, वसुदेव त्यहीँ बसे र त्यसपछिको पुस्ताका प्रजापति र उनका छोरा जनार्दन भोजपुरको याकु भन्ने ठाउँमा बसाइँ सरे ।[२] आफ्ना सन्तानसहित त्यहाँ पुगेका लुइटेल, ढकाल, सुतारकार्की, कामी, दमाईं र सार्कीमध्ये कोही त्यहीँ बसे र कोही धनकुटाको ओखे (हालको तेरथुम जिल्लाको ओखे) भन्ने ठाउँमा बसाइँ सरे । तिनमा ढकाल र दमाईं त्यहीँ बसे भने केही लुइटेल, सुतारकार्की, कामी र सार्की सोल्मा भन्ने ठाउँमा बसाइँ सरेर आए । त्यहाँ आउने लुइटेलमा जनार्दन र उनका छोरा नन्दीकेशर थिए । जनार्दन सोल्माबाट केही तल पर्ने कालिमाटी भन्ने ठाउँमा बसाइँ सरे । उनका तिन भाइ छोरा काशीनाथ, नन्दीकेशर र भुवानीशङ्करमध्ये काशीनाथका छोरा हेमसागर र गोविन्द थिए । हेमसागरका नौ छोराहरू धनपति, अनन्तराम, चन्द्रप्रकाश, मित्रलाल, दशरथ, हीरालाल, भीमलाल, गौरीशङ्कर र घनश्याममध्येका मन्तरे छोरा गौरीशङ्करका तीन छोराहरू इन्द्रप्रसाद, टङ्कप्रसाद र लक्ष्मीप्रसाद हुन् ।[३]

खगेन्द्रप्रसाद लुइटेल गौरीशङ्करका नाति र इन्द्रप्रसादका जेठा छोरा हुन् । जनार्दन, नन्दीकेशर, काशीनाथ, हेमसागर, गौरीशङ्कर, इन्द्रप्रसाद र खगेन्द्रप्रसाद गरी सात पुस्ता तेरथुमको सोल्मा कालिमाटीमै जन्मेहुर्केको पाइन्छ । यसै बीचमा उनीहरूले सुङ्नाम गाविसको बयरबोटे भन्ने ठाउँमा प्रशस्तै जग्गाजमिन किनेर खेतीपाती र गाईवस्तु पालन गरेको देखिन्छ । यसबाहेक त्यहाँबाट वरपरका विभिन्न ठाउँमा उनीहरूको

---

१. बुबा इन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

२. ऐजन ।

३. ऐजन ।

धनसार पनि थियो । खगेन्द्रप्रसाद लुइटेलका बुबाहरू छुट्टिभिन्न भएपछि यिनीहरूचाहिँ कालिमाटीको नजिकै पर्ने हात्तीआहाल भन्ने ठाउँमा थुप्रै जग्गाजमिन भएको घनश्यामको घरबारी किनेर त्यहीं बसोबास गर्न थाले र एक दशकभन्दा केही बढी समय त्यहाँ बसे । इन्द्रप्रसादको परिवार २०४० सालतिर तेरथुम सोल्मा कालिमाटी र हात्तीआहाल छोडेर काठमाडौँ बसाइँ सरे[४]र हाल उनीहरू सबै काठमाडौँमा बसोबास गर्छन् ।

खगेन्द्रप्रसाद लुइटेलका पुस्ताहरू शिक्षित पण्डित थिए र तिनीहरूले पैतृक रूपमै संस्कृतको राम्रो ज्ञान हासिल गरेका थिए । उनका पुर्खा हलो जोत्दैनथे । उनका हजुरबुबा गौरीशङ्कर त्यसबेलाका थोरै मात्र पढेलेखेका मानिसमा पर्ने जिल्लाका मात्र नभई त्यस क्षेत्रकै प्रख्यात विद्वान् पण्डित थिए । उनी त्यस क्षेत्रमा ठूलाघरे पण्डित, मन्तरे पण्डित र गौरीशङ्कर पण्डितका नामले सुप्रसिद्ध थिए । उनी चारै वेदको ज्ञाता भएकाले उनलाई चतुर्वेदी पण्डित पनि भन्ने गर्थे । खगेन्द्रको बुबा पनि शास्त्रीसम्मको अध्ययन गरेका त्यस्तै विद्वान्, आमा पनि साक्षर । उनीहरू वैदिक परम्पराको हिसाबले विद्वान् परिवारका सम्पन्न मान्छे हुन् ।[५] ठूलाघरे पण्डित, मन्तरे पण्डित त त्यस क्षेत्रमै कहलिएको सारै ठूलो विद्वान् हो र उहाँबाट मैले पनि धेरै कुरा सिकेको छु, म त उहाँलाई गुरु नै मान्छु नि[६] भन्ने डा. बल्लभमणि दाहालको भनाइले पनि खगेन्द्रका हजुरबुबा गौरीशङ्कर त्यस क्षेत्रका प्रकाण्ड विद्वान् भएको स्पष्ट हुन्छ । उनीहरूको कालिमाटी डाँडामा टाढैबाट देखिने घरभित्रै दाइँ गर्न मिल्ने निकै ठूलो घर थियो । १९९० सालको भूकम्पको बेला अरूका सबै घर भत्किएर नष्ट भए तापनि उनीहरूको घर भने भत्किएको थिएन तर २०४५ सालको भूकम्पले भने केही क्षति पुऱ्यायो । सम्पन्न पण्डित परिवारमा जन्मिएका खगेन्द्रप्रसाद लुइटेल खानलाउन र दिनसक्ने परिवारका मान्छे भएकाले उनलाई खानलाउनको दुख थिएन ।[७]

खगेन्द्रप्रसाद लुइटेलका पुर्खाहरू सम्पन्न परिवारका हुनाको साथै उनीहरू सामाजिक कार्यहरूमा सक्रिय भएको पाइन्छ । उनका पुर्खाहरू हेमसागर, दशरथ, हीरालाल, गौरीशङ्कर, घनश्यामलगायतले सालबोटे, चौरबारी, अन्तरी बुढीको, गैरीको, खिरखिरेका दुईवटा, नागेश्वरी, मुड्केजस्ता विभिन्न चौताराहरूको निर्माण[८] गर्नाका साथै उनका बुबा प.इन्द्रप्रसादले सोल्मा वडा नं ९ हात्तीआहाल भन्ने ठाउँमा रक्तकाली मन्दिरको समेत निर्माण गरेका छन् । उनको परिवार कालिमाटीमा बसुञ्जेल उक्त मन्दिरमा उनकै परिवारबाट दिनहुँ पूजापाठ हुने गर्दथ्यो ।[९]

राजपुरोहितका रूपमा पृथ्वीनारायण शाहले गोरखाबाट काठमाडौँ ल्याएपछि काठमाडौँको कालिमाटीमा बसोबास गरेका खगेन्द्रप्रसाद लुइटेलका पुर्खा त्यहाँबाट विभिन्न ठाउँमा बसाइँ सर्दै जाने क्रममा तेरथुम जिल्लाको कालिमाटी भन्ने ठाउँमै आइपुगेको देखिन्छ । खगेन्द्रप्रसाद लुइटेलको पारिवारिक आर्थिक, शैक्षिकलगायत सबै पृष्ठभूमि हरेक प्रकारले पहिलेदेखि नै सम्पन्न रहेको र अहिले पनि सम्पन्न नै रहेको छ । उनको वंशपरम्परालाई वृक्षारेखमा तल प्रस्तुत गरिएको छ :

---

४. ऐजन ।

५. तेरथुम आम्बुङ निवासी पूर्वप्रशासक चन्द्रबहादुर कार्कीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

६. खगेन्द्रप्रसाद लुइटेल, सम्पा., **डा. बल्लभमणि दाहालका रचनाहरू**, (काठमाडौँ : डा. सुभद्रा सुब्बा दाहाल, २०६३), पृ. २२ ।

७. तेरथुम साब्ला निवासी वरिष्ठ साहित्यकार सूर्य सुवेदीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

८. (क) खगेन्द्रप्रसाद लुइटेल, **सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवन**, (अप्रकाशित भिलेज प्रोफाइल, त्रिवि, राविसे कार्यक्रम, २०४५-२०४६), पृ. ३९-४० ।

(ख) तेरथुम आम्बुङ निवासी पूर्वप्रशासक चन्द्रबहादुर कार्कीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

९. ऐजन, (क) पृ. ३६ ।


विश्वनाथ लुइटेल
सिद्धिखर
मनोरथ
बुद्धिखर
जयपति
गृहपति
कमलकान्त
रामपति
वसुदेव
प्रजापति
जनार्दन
लछुमन
काशीनाथ
नन्दीकेशर
भुवानीशङ्कर
हेमसागर
गोविन्द
धनपति
अनन्तराम
चन्द्रप्रकाश
मित्रलाल
दशरथ
भीमलाल
हिरालाल
गौरीशङ्कर
घनश्याम
इन्द्रप्रसाद
टङ्कप्रसाद
लक्ष्मीप्रसाद
महेन्द्रकुमारी
खगेन्द्रप्रसाद
योगेन्द्रप्रसाद
तीर्थप्रसाद
प्रकाशप्रसाद
मोहनप्रसाद
सीता
गीता
विभु लुइटेल
ऋभु लुइटेल

२.२ जन्म, जन्मस्थान

खगेन्द्रप्रसाद लुइटेलको जन्म २०१८ साल पुस २५ गते सोमबारका दिन पूर्वाञ्चल विकासक्षेत्रमा पर्ने कोसी अञ्चलको तेरथुम जिल्लाअन्तर्गत सोल्मा गाविस वडा नं. ९ कालिमाटीमा भएको हो ।[१०] उनको जन्ममिति कतैकतै २०१८ पुस २४ रहेको छ भने नागरिकता र शैक्षिक प्रमाणपत्रमा २०१७ साल पुस १७ रहेको छ । उनका पिताको नाम पं. इन्द्रप्रसाद लुइटेल र माताको नाम योगमाया लुइटेल हो ।[११] यिनै लुइटेल दम्पतीका आठ सन्तानमध्ये एक दिदीपछिको दोस्रो सन्तान तथा ज्येष्ठ सुपुत्रका रूपमा खगेन्द्रप्रसाद लुइटेलको जन्म भएको हो । कतिपय व्यक्तिको न्वारानको नाम र पछिको प्रचलित नाम फरक हुनेगरेको पाइए तापनि खगेन्द्रप्रसाद लुइटेलको भने न्वारानको नाम र हाल प्रचलित नाम उही नै हो ।[१२] उनका चार भाइहरू योगेन्द्रप्रसाद, तीर्थप्रसाद, प्रकाशप्रसाद, मोहनप्रसाद तथा एक दिदी महेन्द्रकुमारी र दुई बहिनीहरू सीता र गीता रहेका छन् ।[१३] उनीहरू सबैजना तेरथुम कालिमाटीमै जन्मिहुर्किएका हुन् ।

२.३ बाल्यकाल र स्वभाव

प्रसिद्ध विद्वान् पण्डित परिवार अझ खानलाउन र दिनसक्ने परिवारमा जन्मिएका[१४] खगेन्द्रप्रसाद लुइटेलको बाल्यकाल सहज ढङ्गमा अगि बढेको पाइन्छ । उनका हजुरबुबा गौरीशङ्कर लुइटेल तेरथुम जिल्लाका मात्र नभएर त्यस क्षेत्रकै प्रसिद्ध विद्वान् पण्डित थिए भने बुबा पनि शास्त्रीसम्मको अध्ययन गरेका विद्वान् व्यक्ति तथा आमा पनि साक्षर भएको देखिन्छ । उनीहरूको घरको आर्थिक र शैक्षिक अवस्था पहिलेदेखि नै ज्यादै राम्रो थियो ।[१५] खगेन्द्रका माहिला काकाका दुई भाइ छोरा पहिले नै जन्मिएका भए तापनि खगेन्द्रको जन्म जेठो छोराका कुलको जेठा छोराका रूपमा भएकाले उनको जन्ममा परिवारका सबैजना सारै प्रसन्न भएका थिए र यो स्वाभाविक पनि थियो । उनी हजुरबुबाहजुरआमा, काकाकाकी र काकाका छोराहरूसहितको ठूलो संयुक्त परिवारमा हुर्केका हुन् ।[१६]

खगेन्द्रप्रसाद लुइटेल बाल्यकालदेखि नै पढाइमा एकदमै रुचि राख्थे । उनी सानैदेखि पढ्न मात्र ध्यान दिन्थे, कलझगडा कहिल्यै गर्दैनथे । उनी बेलुका भात खाएर एकछिन सुत्थे र सबैजना सुतिसकेपछि उठेर पढ्ने गर्थे । त्यतिखेर गाउँका सबैजसो घरमा दियालो बाल्ने चलन भए पनि उनका घरमा भने मट्टितेलको

---

१०. रमेश शुभेच्छु, *डा.खगेन्द्रप्रसाद + लीला लुइटेल*, **शब्दाङ्कुर**, (६/४, २०६३ माघ), पृ १० ।

११. ऐजन ।

१२. बुबा इन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

१३. रमेश शुभेच्छु, पूर्ववत् ।

१४. तेरथुम साब्ला निवासी वरिष्ठ साहित्यकार सूर्य सुवेदीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

१५. तेरथुम आम्बुङ निवासी पूर्वप्रशासक चन्द्रबहादुर कार्कीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

१६. आमा योगमाया लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

कुपी बाल्ने गरिन्थ्यो ।[१७] बाल्यकालदेखि नै उनलाई सबैले असाध्यै मन पराउने र मान्ने गर्थे भने वरपरका सबै साथीहरू उनकै पछि लागेर हिँड्ने गर्थे । दौँतरी मात्र होइन आफूभन्दा ठूला पनि उनले भनेको मान्थे । उनी सानैदेखि आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्थे । घरमा काम गर्ने र गरिबका छोराछोरीलाई पनि हेप्दैनथे, समान व्यवहार गर्थे र गाउँघरका सबैलाई साइनो लगाएर बोलाउँथे । उनी कसैले अन्याय गरेको भने पटक्कै सहँदैनथे ।[१८] कुनै व्यक्ति लड्दा अरू हाँसेको पटक्कै मन पराउँदैनथे र हाँस्ने व्यक्तिसँग सारै रिसाउँथे । लुइटेल भनेको कुरा मान्ने र फुर्सदको समयमा घरको काम पनि सघाउने गर्दथे तर घरमा काम गर्ने मान्छे भएकाले घरको काम उनले त्यति धेरै गर्नुपर्दैनथ्यो । घरको काम त्यति धेरै गर्नु नपर्ने भएकाले उनी बिदाको दिन कहिलेकाहीँ गाउँका साथीहरूसँग गाईवस्तु चराउन र पिङुवा खोलामा माछा मारेको हेर्न जान्थे । उनी खानामा मिठो नमिठोमा खासै ध्यान दिँदैनथे । त्यतिखेर खेल्ने चलन त्यति नभएकाले उनी त्यति धेरै खेल्दैनथे, धेरै समय अध्ययनमै बिताउँथे ।[१९] उनलाई धेरै पढ्नु पर्दैनथ्यो एकपटक पढेपछि सबै विषय कण्ठस्थै आउँथ्यो । आज दिएको पाठ भोलिपल्ट कण्ठ सुनाउँदा शिक्षकहरू पनि छक्क पर्थे र यो बालक भविष्यमा ठूलो विद्वान् हुन्छ भन्थे । एउटै कक्षामा अरू विद्यार्थीलाई भन्दा निकै अगाडिका पाठ उनलाई पढाइन्थ्यो र शिक्षक नआएका बेला ती पाठ पढाउन उनलाई लगाइन्थ्यो । उनले पढाउँदा सहपाठीहरू पनि खुसी हुन्थे ।[२०]

शिक्षित र सम्पन्न परिवारमा जन्मिएका खगेन्द्रप्रसाद लुइटेल बाल्यकालदेखि नै पढाइप्रति रुचि राख्ने, धेरै समय अध्ययनमै बिताउने, ठूलालाई आदर र सानालाई माया गर्ने, कसैसँग अनावश्यक झगडा नगर्ने, गरिबका छोराछोरीलाई पनि नहेप्ने र समान व्यवहार गर्ने, सहयोगी, मिलनसार, आज्ञाकारी स्वभाव र नेतृत्व गर्ने खुबी भएका व्यक्तिका रूपमा देखिन्छन् ।

२.४ शिक्षादीक्षा

खगेन्द्रप्रसाद लुइटेल शिक्षित, सुसंस्कृत एवं सम्पन्न पारिवारिक पृष्ठभूमिमा जन्मिहुर्किएका व्यक्ति भएकाले यिनको पढाइ कुनै अवरोधबिना नै अगि बढेको देखिन्छ । उनले प्राप्त गरेको शिक्षादीक्षालाई विद्यालयीय शिक्षा र उच्चशिक्षा गरी दुई भागमा छुट्ट्याएर तल प्रस्तुत गरिन्छ :

२.४.१ विद्यालयीय शिक्षा

खगेन्द्रप्रसाद लुइटेलको अक्षरारम्भ घरमै शिक्षित बुबा इन्द्रप्रसाद लुइटेलबाट भएको हो । उनले नेपाली र अङ्ग्रेजी वर्णमाला तथा गणितका अङ्कका साथै नेपाली, अङ्ग्रेजी र गणितसम्बन्धी प्रारम्भिक ज्ञान घरमा बुबाबाटै प्राप्त गरेका हुन् । उनको औपचारिक अध्ययन सर्वप्रथम वि.सं. २०२६ देखि आफ्नो घरनजिकै रहेको आफ्नै हजुरबुबाका नाममा स्थापित श्री गौरीशङ्कर प्रा.वि. कालिमाटीबाट प्रारम्भ भएको हो । उनलाई घरमा

---

१७. ऐजन ।

१८. (क) एउटै विद्यालयमा पढेका सुङ्नाम निवासी बिमा समितिका निर्देशक श्रीमान् कार्कीबाट प्राप्त जानकारी ।

(ख) एउटै विद्यालयमा पढेका कालिमाटी निवासी म्याङ्लुङ क्याम्पस प्रमुख दधिराम न्यौपानेबाट प्राप्त जानकारी ।

१९. आमा योगमाया लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

२०. विद्यालय तहका सहपाठी मानबहादुर भुजेलबाट प्राप्त जानकारी ।

नै नेपाली, अङ्ग्रेजी, गणितको प्रारम्भिक ज्ञान दिई स्कुलमा एकैपल्ट कक्षा तिनमा भर्ना गरिएको हो ।[२१] बार पुस्ता अगिदेखिको पण्डित परिवारमा जन्मिएका खगेन्द्रका बुबा पनि उच्चशिक्षित व्यक्ति भएकाले उनलाई समयअनुसार पढाउनुपर्ने दृष्टिकोण राखेर संस्कृत नपढाई अङ्ग्रेजी पढाएको देखिन्छ ।

श्री गौरीशङ्कर मिडिल स्कुल खगेन्द्रप्रसाद लुइटेलकै हजुरबुबा गौरीशङ्कर लुइटेलका नामबाट स्थापित विद्यालय हो । त्यसबेला कालिमाटीमा श्री गौरीशङ्कर मिडिल स्कुल र उनको घरदेखि निकै माथि सोल्मा भन्ने ठाउँमा रत्न मिडिल स्कुल गरी सोल्मा गाविसमा दुईवटा मात्र स्कुल थिए । गौरीशङ्कर लुइटेलले २००५ सालतिर पाठशालाका रूपमा कालिमाटीको आफ्नो घरकै छेउमा विद्यालयको स्थापना गरेका थिए । २००८ सालमा त्यसको नाम श्री नेपाल राष्ट्रिय गौरीशङ्कर प्राइमरी स्कुल राखियो । सुरुमा यस विद्यालयमा संस्कृत पढाइन्थ्यो भने २०१५ सालमा त्यस विद्यालयलाई त्यस क्षेत्रका सबैलाई पायक पर्ने गरी उनको घरनजिकबाट अलि पर मेघाडाँडा भन्ने ठाउँमा भवन बनाएर सारियो र अङ्ग्रेजी पढाउन थालियो ।[२२] त्यतिबेला यो विद्यालय कक्षा तिनसम्म मात्र सञ्चालित थियो । त्यस स्कुललाई कक्षा सातसम्म पुऱ्याउने मनसायले खगेन्द्रप्रसादका बुबा त्यस विद्यालयका सेक्रेटरी इन्द्रप्रसाद लुइटेलले त्यस क्षेत्रको बैठक बोलाई सर्वसम्मत निर्णय गराएर क्षे.शि.नि. कार्यालय धरानमा गई त्यहाँका हाकिम अम्बिकाप्रसाद रिजालसमक्ष निवेदन पेस गरी २०१७ सालमा श्री गौरीशङ्कर मिडिल स्कुलका नामबाट कक्षा सातसम्मको स्वीकृति लिएर आए ।[२३] त्यतिखेर सम्बद्ध क्षेत्रमा सबैले मानेका प्रतिष्ठित व्यक्तिका नामबाट विद्यालयको नाम राख्ने प्रचलनअनुरूप यसो गरिएको हो । गौरीशङ्कर मिडिल स्कुलका नामबाट स्वीकृति प्राप्त गरेको यो विद्यालय अहिले पनि त्यही नामबाट त्यही ठाउँमा सञ्चालित छ । २०१७ सालमा मिडिल स्कुलका रूपमा स्वीकृत भएको गौरीशङ्कर स्कुल केही समय कक्षा काटिएर पाँचसम्म झरेको थियो[२४] भने अहिले कक्षा सातसम्म नै सञ्चालित छ । यसरी हेर्दा उनका हजुरबुबा र बुबा त्यस क्षेत्रका सम्पन्न र प्रतिष्ठित हुनाका साथै शिक्षासेवी र समाजसेवी व्यक्ति भएको पनि देखिन्छ ।

औपचारिक रूपमा सुरुमा नै २०२६ सालमा आफ्नै हजुरबुबाका नाममा स्थापित गौरीशङ्कर प्रा.वि. मा कक्षा तिनमा भर्ना भएका खगेन्द्रप्रसाद लुइटेल कक्षा तिनमा स्कुल सर्वप्रथम भए । त्यसपछि उनलाई कक्षा चार नपढाई एकैपल्ट कक्षा पाँचमा लगियो । उनी कक्षा पाँचमा पनि स्कुल सर्वप्रथम नै भए ।[२५] त्यतिखेर त्यहाँ कक्षा पाँचसम्म मात्र भएकाले कक्षा पाँच उत्तीर्ण भएपछि यिनलाई कक्षा छ पढ्न जनता मा.वि. इटहरीमा लगियो । करिब छ महिना इटहरी बसेर पढेका लुइटेल कक्षा छ को अर्धवार्षिक परीक्षामा त्यहाँ पनि सर्वप्रथम भए । तराईको गर्मी खप्न नसकेकाले उनलाई पुनः तेरथुममै लगेर त्यसै वर्ष रत्न मिडिल स्कुल सोल्मामा कक्षा छमा

---

२१. बुबा इन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

२२. खगेन्द्रप्रसाद लुइटेल, **सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवन**, पूर्ववत्, पृ. ८२ ।

२३. बुबा इन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

२४. (क) ऐजन ।

(ख) खगेन्द्रप्रसाद लुइटेल, **सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवन**, पूर्ववत्, पृ. ८२ ।

२५. विद्यालय तहका सहपाठी श्रीमान् कार्की र मानबहादुर भुजेलबाट प्राप्त जानकारी ।

भर्ना गरिए पनि तत्कालै भएको अर्धवार्षिक परीक्षामा स्कुलमा सर्वप्रथम भएकाले उनलाई सात कक्षामा भर्ना गरियो, त्यसमा पनि उनले स्कुल सर्वप्रथम नै भएर २०२९ सालमा कक्षा सात उत्तीर्ण गरे ।[२६]

विद्यालय प्रवेश गरेको तिन वर्षमै सबै कक्षामा सर्वप्रथम हुँदै सात कक्षा उत्तीर्ण गरिसकेका खगेन्द्रप्रसाद लुइटेलले कक्षा आठदेखि दससम्म माध्यमिक तहको अध्ययन तेरथुम जिल्लाकै श्री नवीन शिक्षा मा.वि. फाक्चामारामा गरेका हुन् । सोल्मा कालिमाटीबाट जिल्ला सदरमुकाम म्याङ्लुङ नजिक पर्ने भए पनि फाक्चामाराका निरौला परिवारसँग लुइटेल परिवारको राम्रो सम्बन्ध भएको र त्यस स्कुलका शिक्षकहरू पनि योग्य भएका कारणले गर्दा उनलाई पढाउन फाक्चामारा लगिएको हो ।[२७] उनले फाक्चामारामा चक्रजङ निरौलाका घरमा बसेर पढेका लुइटेल त्यतिखेर आफैँ भात पकाएर खान्थे । सुरुमा उनलाई कहिले शुक्रबार आउला र घर जानुजस्तो हुन्थ्यो भने पछि क्रमशः बानी पर्दै गए । त्यहाँ पनि उनी पढाइ र अतिरिक्त क्रियाकलापमा समेत सधैँ प्रथम हुन्थे । उनी त्यस विद्यालयबाट एस.एल.सी.दिने नयाँ शिक्षाको तेरथुम जिल्लाकै पहिलो ब्याजका विद्यार्थी थिए । २०३३ सालमा उनको ब्याजमा त्यस स्कुलबाट उनले मात्र एस.एल.सी. उत्तीर्ण गरेका हुन् । त्यतिबेला कुनै स्कुलबाट एस.एल.सी. परीक्षामा तिन वर्षसम्म लगातार कुनै पनि विद्यार्थी उत्तीर्ण नभएमा वा स्कुल निल गएमा स्कुल नै काटिने नियम थियो । त्यो स्कुल उनीभन्दा दुई ब्याज अगि लगातार निल गइसकेको हुँदा त्यस वर्ष पनि निल गएमा काटिने अवस्थामा पुगेको थियो । त्यस वर्ष यिनले मात्र एस.एल.सी.उत्तीर्ण गरी स्कुल काटिनबाट जोगाइदिएको भन्दै सम्पूर्ण शिक्षक, अभिभावक सारै खुसी भई स्याबासी दिँदै पुरस्कृत गरेका थिए ।[२८] यसरी सबको वाहवाह, ताली, प्रशंसा पाउँदा उनी फुरुङ्ग भएका थिए जुनबेला उनी निकै सानो गाँठीका थिए । फाक्चामाराबाट एकजना मात्र एस.एल.सी. पास गर्ने मान्छे कस्तो होला भन्ने कुरा अनेकका मुखबाट आफ्नै अगि सुन्दा उनी मक्ख पर्थे तर त्यो मान्छे आफैँ भएको कुरा कसैलाई भन्दैनथे ।[२९]

खगेन्द्रप्रसाद लुइटेल विद्यालय तहमा पढ्दा प्रत्येक कक्षाको जाँच सकिनुभन्दा अगि नै उनले पढेका किताब माग्नेको ताँती नै लाग्थ्यो । उनी कहिल्यै पनि किताबमा केरमेट र फोहोर गर्दैनथे त्यसैले उनका किताब सधैँभरि नयाँजस्ता देखिन्थे । उनी सदैव सर्वप्रथम विद्यार्थी भएकाले उनका किताब पढेमा आफ्नो बच्चालाई पनि राम्रो पढ्न आउने विश्वासले सबैले उनका किताब माग्थे र गाउँका थुप्रैले उनकै किताब पढेर उत्तीर्ण गरेको जानकारी पाइन्छ ।[३०] लुइटेलको विद्यालय तहको पढाइलाई हेर्दा उनी सानैदेखि पढाइमा निकै तेज भएको कुरा सधैँ सर्वप्रथम भएबाटै स्पष्ट हुन्छ ।

---

२६. बुबा इन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

२७. ऐजन ।

२८. विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद दाहालबाट प्राप्त जानकारी ।

२९. खगेन्द्रप्रसाद लुइटेल, *जन्मभूमिमा नागरिक सम्मान पाउँदाको अनुभूति*, **तीनजुरे**, (४/१, २०६९), पृ. ५४ ।

३०. (क) एउटै विद्यालयमा पढेका कालिमाटी निवासी नरबहादुर लिम्बूबाट प्राप्त जानकारी ।

(ख) एउटै विद्यालयमा पढेका कालिमाटी निवासी म्याङ्लुङ क्याम्पस प्रमुख दधिराम न्यौपानेबाट प्राप्त जानकारी ।

२.४.२ उच्चशिक्षा

खगेन्द्रप्रसाद लुइटेल श्री नवीन शिक्षा सदन मा.वि. फाक्चामारा तेरथुमबाट २०३३ सालमा एस.एल.सी. उत्तीर्ण गरिसकेपछि आई.ए. पढ्न भनी धनकुटा बहुमुखी क्याम्पस धनकुटामा भर्ना हुन गए । त्यतिखेर क्याम्पसमा भर्ना हुन नागरिकताको प्रमाणपत्र पनि चाहिने रहेछ, त्यो उनीसँग थिएन । उनी तुरुन्त घर फर्केर नागरिकता बनाउन सदरमुकाम म्याङ्लुङ पुगे । फर्म भरेर बुझाए पनि उनलाई त्यहाँका कर्मचारीले यस्तो फुच्चेलाई नागरिकता दिन मिल्दैन भनी हप्काए । त्यतिखेर सिडिओलाई भेट्न सजिलो थिएन तर पनि उनी ढोकामा बसेका पुलिसको आँखा छलेर सुट्ट सिडिओको कोठामा पसे र आफूलाई नागरिकता चाहिएको कुरो बताए । सिडिओले हाँस्दै तिमीलाई किन चाहियो बाबु नागरिकता यति सानो बच्चालाई नागरिकता दिन त मिल्दैन नि भने । उनले क्याम्पस पढ्न नागरिकता चाहिएको बताएपछि त्यहाँ बसेका अरू पनि हाँसे । सिडिओले क्याम्पस पढ्न त एस.एल.सी. पास गर्नुपर्छ नि, एस.एल.सी. पास गरेपछि मात्र नागरिकता लिन आउनू अहिले घर जाऊ भने । लुइटेलले आफू एस.एल.सी. पास गरेरै त नागरिकता बनाउन आएको नि भनेपछि सिडिओले कहिले पास गरेको बाबु एस.एल.सी. भनी सोधे । उनले यसैपालि भन्नेबित्तिकै सिडिओले कहाँबाट भनेर सोधे । उनले नवीन शिक्षा सदन मा.वि. फाक्चामाराबाट पास गरेको भनेपछि सिडिओले त्यहाँबाट खगेन्द्रप्रसाद लुइटेल नाम गरेको एकजनाले मात्र पास गरेको होइन र भने । सिडिओलाई पास गर्नेको नामसमेत थाहा भएको तर पास गर्ने मान्छेचाहिँ थाहा नभएको कुरा बुझेपछि लुइटेलले यहाँ नागरिकता बनाउन दुईजना आएका छन् र भन्दै त्यो एकजना आफैँ भएको बताए । त्यसपछि सिडिओले तिम्रो रोलनम्बर कति हो बाबु भनी सोध्दा यिनले आफ्नो रोल नम्बर बताए । सिडिओले टेबुलमै राखेको एउटा पत्रिका पल्टाएर नम्बर खोजे र नम्बर भेट्टाएपछि बधाइ छ बाबु बस्नुहोस् भन्दै कर्मचारीलाई तुरुन्त नागरिकता बनाईदिन आदेश दिए र लुइटेललाई फाँटमा जान भने । लुइटेलले त्यतिखेरसम्म एस.एल.सी. को नम्बर छापिएको पत्रिका देखेकै थिएनन् र उनलाई पास गर्नेको नम्बर त्यसरी पत्रिकामा छापिन्छ भन्ने पनि थाहा थिएन । उनी छेउको सोफामा बसे । त्यो उनका जीवनमा ठूला मान्छेका अगि सोफामा बसेको पहिलोपटक थियो । त्यसपछि उनी त्यहाँबाट नागरिकता फाँटमा जाँदा त्यहाँको कर्मचारीले दुख दिएको कुरा उनले पुनः सिडिओलाई बताएपछि सिडिओले ती कर्मचारीलाई हप्काए र उनको नागरिकता तत्कालै दिँदै हात मिलाए र राम्रो पढ्नू है भने । उनी नागरिकताको प्रमाणपत्र लिएर घर आए र भोलिपल्ट बिहानै आई.ए. मा भर्ना हुन धनकुटातर्फ लागे ।[३१]

गाउँघरमा यो विषय यस्तो हो भनी सल्लाह दिनसक्ने उच्च शिक्षा हासिल गरेका व्यक्तिहरू नभएको र यसबारेमा आफूलाई पनि त्यति थाहा नभएको अनि एस.एल.सी. उत्तीर्ण गरेपछि आई.ए. पढ्नुपर्छ भन्ने गाउँको प्रचलन भएको हुनाले नै खगेन्द्रलाई आई.ए. मा भर्ना गरिएको हो ।[३२] खगेन्द्र पहिलो दिन कक्षामा जाँदा एकजना विद्यार्थीले कसलाई भेट्न आएको, मिस पढाउन आउने बेला भयो पछि आउनू भने । त्यत्तिकैमा मिस आएर हाजिर गर्दै जाँदा आफ्नो रोलनम्बर आएपछि उठेर बोल्दा उनलाई 'हिजोअस्ति किन नआएको' भनेर सोधिन् । खगेन्द्रले मेरो एड्मिसन नै आज मात्र भएको भने । त्यतिखेर अगि उनलाई बाहिर जा भन्ने

---

[३१]. खगेन्द्रप्रसाद लुइटेल, *जन्मभूमिमा नागरिक सम्मान पाउँदाको अनुभूति*, पूर्ववत्, पृ. ५५ ।

[३२]. बुबा इन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

साथीको अनुहार हेर्न लायकको देखियो । निकै समयसम्म उनको त्यो साथीसँग बोलचाल भएन । पहिलो सेमिस्टरमा लुइटेल सर्वप्रथम र ऊ फेल भएपछि उसले लुइटेलसँग माफी माग्यो र त्यसपछि उनीहरूको मित्रता बढ्यो ।[३३]

धनकुटा पढ्दा लुइटेल डेरा गरेर बस्थे र आफैँ भात पकाएर खान्थे । उनी सबैलाई आफ्ना नोट दिने हुँदा कक्षाका साथीहरू निकट हुन्थे । उनी त्यसबेला निकै साना भए पनि पढाइमा तेज भएकाले शिक्षक, विद्यार्थी सबैले यिनलाई माया गर्थे । नेपाली पढाउने हेमचन्द्र पोखरेल उनलाई मायालु पाराले जिरे खोर्सानी भन्थे । धनकुटा बहुमुखी क्याम्पसबाट २०३५ सालमा उनले प्रथम श्रेणीमा सर्वप्रथम भएर आई.ए. उत्तीर्ण गरे । आई.ए. उत्तीर्ण गरेपछि उनले सरकारी छात्रवृत्तिमा रुसमा पढ्ने अवसर (रस्सा प्लान) पाए तर गएनन् ।[३४]

खगेन्द्रप्रसाद लुइटेल आई.ए. उत्तीर्ण गरेपछि काठमाडौँ बि.ए. पढ्न गए । त्यतिखेरै २०३६ सालको विद्यार्थी आन्दोलन सुरु भयो र उनी त्यसैमा होमिए । जनमत सङ्ग्रहको घोषणापश्चात आन्दोलन केही मत्थर भएपछि बहुदलको प्रचारप्रसार गर्ने उद्देश्यले उनी तेरथुम फर्किए । जनमत सङ्ग्रह सकिएर परिणाम आएपछि पनि राजनीति गर्ने उद्देश्यबाट उनी शिक्षक बनेर विभिन्न ठाउँमा पुगे । २०३९ मा शिक्षण पेसा छोडेर लुइटेल बि.ए. पढ्न धनकुटा गए र २०३९-२०४१ शैक्षिक सत्रमा धनकुटा बहुमुखी क्याम्पसबाटै स्नातक तह सर्वप्रथम भएरै उत्तीर्ण गरे । अध्ययनसँगै राजनीतिलाई पनि अगि बढाएका लुइटेल त्यतिखेर छात्रावासमा बस्थे र त्यहाँको प्रिफेक्ट थिए । यिनी त्यही बेला स्वावियुको सभापति पनि भएका थिए । धनकुटा बहुमुखी क्याम्पसबाट बि.ए. उत्तीर्ण गरेपछि २०४२ सालमा त्रिभुवन विश्वविद्यालय राजनीतिशास्त्र केन्द्रीय विभागमा भर्ना भए र केही समयपछि नेपाली केन्द्रीय विभागमा सरुवा भए र नेपाली एम.ए. प्रथम वर्षमा सर्वप्रथम भए तर दोस्रो वर्षमा भने प्रस्तावित केही सर्त अस्वीकार गरेका कारण उनी कालकुटको सिकार हुन पुगेको कुरालाई डा. बल्लभमणि दाहालले पनि स्वीकार गरेको देखिन्छ ।[३५] उनी राजनीतिका साथै पढाइमा पनि अब्बल र अति तीक्ष्ण थिए तर तत्कालीन विभागीय प्रमुखले उनीमाथि अन्याय गरे ।[३६] उनले २०४५ साल (शैक्षिक सत्र भने २०४२-२०४४) मा प्रथम श्रेणीमा नेपालीमा स्नातकोत्तर तह उत्तीर्ण गरे । त्यसै समयमा त्रिभुवन विश्वविद्यालयबाटै अङ्ग्रेजी मुख्य विषय लिई एक वर्षे बि.एड. पनि उत्तीर्ण गरे ।[३७]

उच्च शिक्षा अध्ययनमा पनि खगेन्द्रप्रसाद लुइटेल सर्वोत्कृष्ट विद्यार्थी भएकाले उनीसँग पढाइमा प्रतिस्पर्धा गर्नसक्ने कोही थिएनन् र नोट एवं पाठ्यसामग्री प्राप्त गर्न सबैखाले विद्यार्थी लालायित हुन्थे । उनी पनि विना भेदभाव साथीहरूलाई नोट एवं पाठ्यसामग्री दिने गर्थे र धेरैले उनकै नोट पढेर उत्तीर्ण गरेका

---

[३३]. खगेन्द्रप्रसाद लुइटेल, *जन्मभूमिमा नागरिक सम्मान पाउँदाको अनुभूति*, पूर्ववत् ।

[३४]. खगेन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[३५]. (क) खगेन्द्रप्रसाद लुइटेल, खगेन्द्रप्रसाद लुइटेल, सम्पा., **डा. बल्लभमणि दाहालका रचनाहरू**, पूर्ववत्, पृ. २३ ।
(ख) खगेन्द्रप्रसाद लुइटेल, *दाहाल सरलाई श्रद्धाका दुई थोपा आँसु*, गङ्गाप्रसाद उप्रेती र अन्य, सम्पा., **कृति र स्मृतिमा डा. बल्लभमणि दाहाल**, (काडमाडौँ : सगरमाथा मल्टिपल कलेज, २०६४), पृ. २९४-२९५ ।

[३६]. सहपाठी अस्कल क्याम्पसका सहप्राध्यापक मदन गौतमबाट प्राप्त जानकारी ।

[३७]. खगेन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

छन् ।[३८] तेरथुम जिल्लाका अभिभावकहरूले आफ्ना सन्तानलाई खगेन्द्रप्रसाद लुइटेलले जस्तै गरी पढ्नुपर्छ भन्ने गर्थे र अहिले पनि त्यसै भन्छन् ।[३९] विद्यार्थी जीवनमा सधैँ सक्रिय राजनीति गरेर पनि उनी सधैँभरि सर्वप्रथम हुन्थे । उनी कुनै पनि विषय घोकेर पढ्दैनथे, राम्ररी पढेर बुझेपछि बिर्सदैनथे । विद्यार्थी कालमा राती सबै सुतेपछि शान्त वातावरणमा पढ्थे र बिहान अलि ढिलो उठ्थे । उनले राती पढेको कुरो कसैलाई पत्तै हुँदैनथ्यो ।[४०] बुर्जुवा शिक्षा बहिष्कार प्रकरणबाट भने जोगिएकोमा उनी हाल प्रसन्नता व्यक्त गर्छन् ।

स्नातकोत्तर गरेपछि २०४७ सालदेखि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागमै प्राध्यापन गर्न थालेका खगेन्द्रप्रसाद लुइटेलले त्रिभुवन विश्वविद्यालयबाट दीर्घावधिक विद्वत्वृत्ति प्राप्त गरी २०५८ सालमा **कविताको संरचनात्मक विश्लेषण** शीर्षकमा विद्यावारिधि हासिल गरे । उनको विद्यावारिधिलाई नेपालको राष्ट्रिय स्तरका सबैजसो पत्रपत्रिकाले अत्यन्त महत्वका साथ समाचार प्रकाशन गरेको देखिन्छ । हालसम्मका सबै विद्यावारिधिलाई यति महत्व दिएर समाचार प्रकाशन गरेको नदेखिनुले पनि उनको शोधप्रबन्ध नेपालीमा विशेष महत्वपूर्ण रहेको स्पष्ट हुन्छ । विद्यावारिधि हासिल गरेपश्चात औपचारिक अध्ययन समाप्त भए तापनि उनले खोज अध्ययन र अनुसन्धानलाई भने निरन्तरता दिइरहेका छन् ।

त्रिभुवन विश्वविद्यालयबाहेक अन्यत्र कुनै स्कुल एवं क्याम्पसमा आंशिक रूपमा नपढाउने लुइटेल प्राध्यापकले बोर्डिङ वा उच्चमा.वि.मा पढाउन जाँदा पछिल्लो पुस्ता बेरोजगार हुन्छ र प्राध्यापकको इज्जत पनि रहँदैन भन्ने दृष्टिकोण राख्छन् । त्रिभुवन विश्वविद्यालयमा पढाएर बचेको समयमा कहिलेकाहीँ महत्त्वपूर्ण साहित्यिक कार्यक्रमको प्रमुख अतिथि वा प्रमुख वक्ता भएर जानेबाहेक उनी प्रायः आफ्नै घरको तेस्रो तलामा निर्मित निजी पुस्तकालयमा अध्ययन-अनुसन्धानमा व्यस्त रहन्छन् ।[४१] आफूलाई आवश्यक पर्ने सबै पुस्तकहरू आफ्नै पुस्तकालयमा भएको बताउने लुइटेलको पुस्तकालयको भित्ता वरिपरि पूरै सम्मानपत्र टाँगिएका छन् । यी सबै सन्दर्भलाई हेर्दा विद्यालय तहदेखि उच्च तहसम्म सदैव सर्वप्रथम भई जेहेनदार छात्रवृत्ति एवं विद्वत्वृत्ति प्राप्त गरेका खगेन्द्रप्रसाद लुइटेलको विद्यार्थी जीवन र पठनपाठन सबैका लागि प्रेरणादायी र अनुकरणीय रहेको देखिन्छ ।

२.५ सामाजिक संस्कार

सामाजिक जनजीवनमा प्रचलित उपनयन, विवाह आदिलाई सामाजिक संस्कारअन्तर्गत राखिन्छ । खगेन्द्रप्रसाद लुइटेलको उपनयन संस्कार र विवाह संस्कारलाई तल प्रस्तुत गरिन्छ :

---

[३८]. (क) आई.ए. तहका सहपाठी अम्बरराज खनालबाट प्राप्त जानकारी ।

(ख) स्नातक तहका सहपाठी विनोद पोखरेलबाट प्राप्त जानकारी ।

(ग) स्नातकोत्तर तहका सहपाठी शिवप्रसाद उप्रेतीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[३९]. तेरथुम साब्ला निवासी वरिष्ठ साहित्यकार सूर्य सुवेदीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[४०]. स्नातकोतर तहका सहपाठी शिवप्रसाद उप्रेतीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[४१]. रमेश शुभेच्छु, पूर्ववत्, पृ. १२ ।

२.५.१ उपनयन संस्कार

खगेन्द्रप्रसाद लुइटेलको उपनयन संस्कार १२ वर्षको उमेरमा २०३० सालमा आफ्नै घर हात्तीआहालमा भएको हो । लुइटेललाई गायत्री मन्त्र बुबा इन्द्रप्रसाद लुइटेलले सुनाएका थिए ।[४२] उनको व्रतबन्ध ब्राह्मण संस्कृति र परम्पराअनुसार नै भएको हो ।

२.५.२ विवाह संस्कार

तेरथुम जिल्लाको एउटा प्रतिष्ठित परिवारमा जन्मिएका खगेन्द्रप्रसाद लुइटेलको विवाहका लागि एस.एल.सी. उत्तीर्ण गरेदेखि नै गाउँघर वरपरबाट अनेक प्रस्ताव आए पनि तिनलाई घरपरिवारबाटै अस्वीकार गरिएको थियो । उनी आई.ए. पास गरी विभिन्न विद्यालयमा शिक्षक भएका बेला ती ठाउँका अनेक व्यक्तिले बिहेको प्रस्ताव राख्थे तर उनी आफ्नो बिहे गर्ने बेलै भएको छैन भनी टारिदिन्थे । बि.ए. पढ्दा उनलाई धेरैले मन पराए पनि राजनैतिक नेतृत्वमा रहेका कारण सोझै प्रस्ताव राख्ने हिम्मत कसैले गर्दैनथे । एम.ए. पढ्दा प्रथम वर्षमा सर्वप्रथम भएपछि नेपाली विभागकै अग्रजहरूले समेत सोझै र अरू विभिन्न व्यक्तिका माध्यमबाट पटकपटक प्रस्ताव राख्दा पनि उनले त्यसलाई अस्वीकार गरिदिए । यसबाहेक एम.ए. पढ्दाका बखत बिहेका लागि अरू विभिन्न विषयमा पढ्ने थुप्रै व्यक्तिहरूबाट अनेकौं प्रस्ताव आए पनि लुइटेल आफूले तिनको वास्ता गगरेको बताउँछन् । उनले काठमाडौँमा बिहे नगर्ने पढाइ सकेर आफ्नै गृहजिल्लामा गई राजनीति गर्ने र उतै बिहे गर्ने योजना बनाएका थिए तर राजनीतिमा मूल्य र मान्यता स्खलित हुन थालेपछि उनी त्यतातिरबाट क्रमशः अलग्गिएर प्राध्यापन क्षेत्रमा प्रवेश गरे । काठमाडौँमा बिहे नगर्ने र आफ्नै गृहजिल्लामा गई राजनीति गर्ने सोचाइमा परिवर्तन आएपछि यिनले काठमाडौँमै बिहे गर्ने निधो गरे ।[४३] उनको विवाह काठमाडौँ कोटेश्वर निवासी श्री रामप्रसाद ढकाल तथा राम्री नानी ढकालकी एक्ली छोरी लीलाकुमारी ढकालसँग २०५० साल मङ्सिर २३ गते वैदिक विधिअनुसार मागी विवाह भएको हो ।[४४] यी दुवै अहिले सुखपूर्वक जीवन बिताइरहेका छन् ।

२.६ बसोबास र आजीविका

तेरथुम कालिमाटीमा जन्मिहुर्किएका खगेन्द्रप्रसाद लुइटेलको परिवार केही वर्ष कालिमाटीको नजिकै पर्ने हात्तीआहाल भन्ने ठाउँमा पनि बसोबास गरे । शिक्षा, जागिर, अवसरलगायतका परिवेशजन्य कारणबाट बसाइँ सर्न पुगेका उनीहरू सबै हाल काठमाडौँमा बसोबास गर्छन् । हाल यिनका बुबा र भाइहरू काठमाडौँ बालुवाटारमा, दिदीबहिनीहरू काठमाडौँ महाराजगन्जमा र उनी कीर्तिपुरमा अवस्थित आफ्नै निजी निवासमा बस्छन् । अध्ययनका क्रममा भने उनी केही समय कीर्तिपुर नयाँबजारमा र केही समय छात्रावासमा बसेका थिए । २०५१ सालमा कीर्तिपुर नगरपालिका-१ ट्याङ्लाफाँटमा घर बनाएर त्यहीँ बसोबास गर्न थालेका लुइटेल हाल पनि सपरिवार त्यहीँ बसोबास गर्छन् ।

---

[४२]. बुबा इन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[४३]. खगेन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[४४]. ससुरा रामप्रसाद ढकाल र सासू राम्रीनानी ढकालबाट प्राप्त जानकारी ।

खगेन्द्रप्रसाद लुइटेलका परिवारको आजीविकाको स्रोत कृषि व्यवसाय रहेको देखिन्छ । लुइटेलले अध्ययन सँगसँगै विभिन्न विद्यालयमा शिक्षण कार्य गरेको देखिए पनि त्यो आजीविकाको लागि नभएर राजनीति गर्ने उद्देश्यबाट प्रेरित थियो । स्नातकोत्तर तह उत्तीर्ण गरिसकेपछि आजीविकाको लागि त्रि.वि. नेपाली केन्द्रीय विभागमा सहायक प्राध्यापक पदमा काम गर्न थालेका लुइटेल हाल यहीँ प्राध्यापक पदमा प्राध्यापनरत छन् । यहीँ प्राध्यापन गर्दागर्दै उनको लेखन, प्रकाशन आदिका साथै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका अनेक साहित्यिक गतिविधिमा संलग्नता रहेको देखिन्छ । उनको संलग्नता अनेकतिर देखिए पनि आजीविकाको मुख्य पेसा भने प्राध्यापन नै रहेको छ ।

२.७ परिवार र पारिवारिक अवस्था

शिक्षित एवं सम्पन्न ब्राह्मण परिवारमा जन्मिएका खगेन्द्रप्रसाद लुइटेलको बाल्यकाल हजुरबुबा, हजुरआमा र काकाका छोराहरूसहितको संयुक्त परिवारमा बितेको देखिन्छ । यिनका बुबा र काकाहरू छुट्टिभिन्न भएपछि पनि यिनको परिवार ठूलै रहेको पाइन्छ । उनका चार भाइ, एक दिदी र दुई बहिनीहरू रहेका छन् र यिनीहरू सबै आआफ्नै क्षेत्रमा रहेर काम गरिरहेका छन् । खगेन्द्रप्रसाद लुइटेलका विभु र ऋभु नाम गरेका दुई छोरी छन् । जेठी छोरी विभु २०५३ साल असोज २० गते जन्मिएकी हुन् भने कान्छी छोरी ऋभु २०५४ साल मङ्सिर १७ गते जन्मिएकी हुन् ।[४५] खगेन्द्रप्रसाद लुइटेलको पारिवारिक अवस्थालाई निम्नानुसारका विभिन्न उपशीर्षकमा केन्द्रित भई चर्चा गरिन्छ :

२.७.१ शैक्षिक अवस्था

खगेन्द्रप्रसाद लुइटेलका हजुरबुबा गौरीशङ्कर लुइटेल जिल्लाका मात्र नभएर त्यस क्षेत्रकै विद्वान् पण्डित, बुबा इन्द्रप्रसादले शास्त्रीसम्मको अध्ययन गरेका शिक्षित व्यक्ति र आमा योगमाया पनि साक्षर भएको हुँदा यिनको परिवार शिक्षित रहेको देखिन्छ । उनका सबै भाइ र दिदीबहिनीहरू पढेलेखेका छन् । खगेन्द्रप्रसाद लुइटेलकी श्रीमती लीला लुइटेलले नेपालीमा एम.ए., बि.एड. गरेकी छन् र उनी पनि लेखनमै क्रियाशील छन् । उनकी जेठी छोरी विभु एस.एल.सी.र प्लस टु विशिष्ट श्रेणीमा उत्तीर्ण गरी हाल बिएस्सी.सी.एस.आइ.टी. पढ्दैछिन्[४६] भने कान्छी छोरी ऋभु पनि एस.एल.सी.र प्लस टु विशिष्ट श्रेणीमा उत्तीर्ण गरी हाल बि.आई.एम. पढ्दैछिन् ।[४७] पढाइमा तेज भएकाले हालसम्म उनीहरू पनि छात्रवृत्तिमै अध्ययन गरिरहेका छन् । नेपालीमा संरचनावादमा पहिलो विद्यावारिधि गरेका खगेन्द्रप्रसाद लुइटेलले प्रशस्तै पुस्तकहरू पनि लेखेका छन् । विभिन्न क्षेत्रमा उनले राष्ट्रिय स्तरमा मात्र नभएर अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याति कमाइसकेका छन् । यसरी हेर्दा उच्चशिक्षित पारिवारिक पृष्ठभूमि भएका लुइटेल उच्चतम शिक्षित व्यक्ति भएको स्पष्टै देखिन्छ ।

---

[४५]. श्रीमती लीला लुइटेलबाट प्राप्त जानकारी ।

[४६]. छोरी विभु लुइटेलबाट प्राप्त जानकारी ।

[४७]. छोरी ऋभु लुइटेलबाट प्राप्त जानकारी ।

२.७.२ आर्थिक अवस्था

सम्पन्न परिवारमा जन्मिएका खगेन्द्रप्रसाद लुइटेलका पुर्खाहरू नै सम्पन्न थिए । उनका हजुरबुबाको पनि प्रशस्तै सम्पत्ति थियो । सोल्माबेँसी र सुङ्नामको बयरबोटे भन्ने ठाउँमा उनीहरूका ठूलाठूला खेत र प्रशस्तै जग्गाजमिन तथा विभिन्न ठाउँमा धनसार पनि थियो । त्यस क्षेत्रकै समथर ठाउँमा यिनीहरूको खेतका साथै प्रशस्त बारी तथा फलफूल बगैँचा पनि थियो । उनीहरूको रैकर र किपट/बन्धकी दुवै खाले जग्गाजमिनमध्ये केही बन्धकी जग्गाचाहिँ सम्बन्धित व्यक्तिले उकासिसकेका छन् । उनीहरूको आफ्ना गाईवस्तु चराउन पुग्ने निजी वनसमेत थियो । लुइटेलका हजुरबुबाका पालामा भारतको असममा समेत खेतीपाती र पशुपालन थियो । त्यस क्षेत्रमै गुज्राँती भैँसी उनको घरमा मात्र पालिएको थियो भने गाई र बाख्रागोठका लागि छुट्टाछुट्टै घरै थिए । उनका घरमा ठूलाठूला भोटे कुकुर र घोडा पालिएको थियो । गाउँमा धुलो उडेको देखेपछि मन्तरे पण्डितका गाईवस्तु चराउन फुकाएको भन्ने सबैले बुझ्थे । उनको घरमा घरमुली, परिवारका अन्य सदस्य र काम गर्नेहरूका लागि बेग्लाबेग्लै खाना पाक्ने गर्थ्यो र घरमा प्रत्येकले निजी भाँडाकुँडा प्रयोग गर्ने गर्थे । पछि यो क्रम क्रमशः हट्दै गयो । आर्थिक रूपमा सम्पन्न भएर पनि सामाजिक रूपमा समेत लब्धप्रतिष्ठित भएकाले २००७ सालतिर गाउँका सबै घरमा आक्रमण हुँदा उनको घरमा भने आक्रमण भएको थिएन ।[४८] गाउँमा सबैतिर आक्रमण हुन थालेपछि उनको परिवारले सुन, पैसा आदि भएका सम्पत्तिहरू घर नजिककैको बारीमा खाल्डो खनेर लुकाई त्यसमाथि केरा रोपेका थिए जुन सम्पत्ति पछि खोज्दा पाइएन । त्यो कसले लग्यो वा के भयो थाहा नभएको [४९] यो एउटा अनौठो घटना भएको देखिन्छ ।

खगेन्द्रप्रसाद लुइटेलका बुबाहरू छुट्टिँदा पैतृक सम्पत्ति केही घटे पनि पर्याप्त नै थियो । बुबाहरू छुट्टिभिन्न भएपछि कालिमाटीबाट केही पर हात्तीआहाल भन्ने ठाउँमा थुप्रै जग्गा भएको घरबारी किनेर उनीहरू त्यहीँ सरे र त्यही ठाउँमा एल आकारको थुप्रै कोठा भएको तीन तले ठूलो घर बनाए । गाउँका घरमा प्रायः कोठा हुँदैनन् तर उनीहरूका घरमा परिवारका सबै सदस्यका लागि छुट्टाछुट्टै कोठा थिए । त्यो घर अहिले पनि सदरमुकाम म्याङ्लुङ बजारबाट छर्लङ्गै देखिन्छ । उनका हजुरबाका पालामा काम गर्ने मान्छे राखिएको खोप्राबारी अझै पनि छँदैछ । हाल उनको तेरथुम सोल्मा कालिमाटीमा रहेको कतिपय जग्गाजमिन बाँझै रहेको छ । खगेन्द्रका बुबाहरू छुट्टिभिन्न हुनुभन्दा अगि घरको सम्पूर्ण कारोबार हजुरबुबा र हजुरआमाले सम्हाल्थे भने छुट्टिभिन्न भएपछि त्यो काम बुबाआमाले सम्हाल्न थाले । बुबा समाजसेवी व्यक्ति भएकाले घरव्यवहार उति नहेर्ने हुँदा त्यसको पूरा जिम्मेवारी आमाले निर्वाह गर्थिन् । सामान्य साक्षर भए पनि पाँचथर रानीगाउँका सम्पन्न पौडेल परिवारकी छोरी भएकाले उनी कुशल गृहिणीका रूपमा घरव्यवहार चलाउँथिन् । अहिले भने सबै छोराछोरी हुर्किसकेका हुनाले सबैले आआफैँ घरव्यवहार चलाउँछन् ।

खगेन्द्रप्रसाद लुइटेल पढाइका सिलसिलामा काठमाडौँ आई आफ्नो पढाइ सम्पन्न गरेर यतै जागिर खान थालेपछि तेरथुम जान प्रायः छोडे र उनको परिवार पनि त्यहाँको ग्रामीण सम्पन्नतालाई छोडेर २०४० सालतिर काठमाडौँ बसाइँ सऱ्यो । २०४० सालपूर्व नै काठमाडौँको महाराजगन्जमा घर बनाइसकेका लुइटेल त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गर्न थालेपछि जागिरलाई पायक पर्ने गरी काठमाडौँको कीर्तिपुर

[४८]. तेरथुम साब्ला निवासी वरिष्ठ साहित्यकार सूर्य सुवेदीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[४९]. बुबा इन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

नगरपालिकास्थित ट्याङ्लाफाँटमा पहिले नै किनेको जग्गामा २०५१ सालमा चारकोठाको एकतले पक्की घर बनाएर आफ्नो निजी घरमा बस्न थाले । हाल उनी यहीँ अढाई तले पक्की घरमा बसोबास गर्छन् । प्रायः सबैजसो आधुनिक भौतिक सुविधा सम्पन्न यिनको घरमा उजी पुस्तकालयको समेत स्थापना गरिएको छ । यसै बीचमा उनले कीर्तिपुर नगाउँमा पनि घर बनाएका थिए । हाल त्यो घर बेचिसकेका छन् । उनको काठमाडौँ बालुवाटारमा चारतले पक्की घर छ र उनका बुबाआमा र भाइ त्यही घरमा बस्छन् भने महाराजगन्जको अढाई तले पक्की घरमा दिदीबहिनी बस्छन् ।

हाल खगेन्द्रप्रसाद लुइटेलको त्रिभुवन विश्वविद्यालयबाट प्राप्त हुने प्राध्यापकको तलब, विभिन्न तहका पाठ्यपुस्तक, अनुसन्धानमूलक पुस्तक, विभिन्न अनुसन्धान परियोजनाका साथै लेखरचनाबापत प्राप्त हुने लेखकस्व, शोधपत्र, अनुसन्धान प्रतिवेदन आदिको मूल्याङ्कनबापत प्राप्त पारिश्रमिक, गौहाटी विश्वविद्यालयको पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गरिदिएबापतको पारिश्रमिक, घरभाडा आदिबाट प्राप्त हुने रकम नै मूल आर्थिक स्रोत हो ।[५०] उनी आफ्ना कृतिका पाठक पूर्ण समर्थक, विरोधी र तटस्थ तीनै खालका व्यक्ति भएकाले आफ्ना जुनसुकै कृति पनि थुप्रै बिक्री हुने गरेको र त्यसबाट राम्रै आम्दानी हुने गरेको बताउँछन् । श्रीमती लीला लुइटेल पनि साहित्य समालोचना क्षेत्रमै सक्रिय रहेकाले उनका पुस्तक तथा लेखरचनाहरूबाट प्राप्त रकम पनि उनको आर्थिक स्रोतका रूपमा रहेको छ । यसबाहेक उनको चिलिमे हाइड्रो पावर, सनराइज बैंक, प्राइम कमर्सियल बैक, मेघा बैंक, ज्ञानकुञ्ज एजुकेसनल फाउन्डेसन आदिमा पनि केही सेयर रहेको छ । उनीहरूको कमाइ घरखर्च र छोरीहरू पढाउनका लागि पर्याप्त रहेको देखिन्छ । उनी घरखर्चबाट बचेको केही रकम जिल्लाका विभिन्न विद्यालय एवं सामाजिक सङ्घसंस्थामा र अन्यत्र पनि मन्दिर, पाटीपौवा आदि बनाउने काममा यथाशक्य चन्दा दिने गर्छन् । उनी विभिन्न व्यक्तिहरूलाई दिएको ऋणमध्ये कतिपयले नतिरेकोमा चिन्ता व्यक्त गर्दै अब प्रायः कसैलाई ऋण नदिने बताउँछन् । पैतृक सम्पत्ति प्रशस्त भए पनि उनको त्यसप्रति खासै चासो छैन ।[५१] पहिलेदेखि नै आर्थिक दृष्टिले सम्पन्न रहेका खगेन्द्रप्रसाद लुइटेलको पहिले र अहिलेको आर्थिक अवस्थामा खासै अन्तर पाइँदैन र उनले अहिलेसम्म खासै आर्थिक सङ्कट बेहोर्नु परेको छैन ।

२.७.३ सामाजिक अवस्था

खगेन्द्रप्रसाद लुइटेलको पारिवारिक सामाजिक अवस्था हेर्दा उनको परिवारलाई गाउँकै एउटा प्रतिष्ठित परिवारमा रूपमा लिइन्छ । लुइटेलका हजुरबुबा, काकाहजुरबुबा र बुबाले सोल्मा र सुङ्नाममा पानीको अभाव हुने तल्लो भेगका डोब्किले, मुङ्के, भालुखोप, सिरवानी, चितुवाखोर आदि विभिन्न ठाउँका जङ्गलमा गाईवस्तुलाई पानी खान ठूलाठूला आहाल खनिदिएका थिए । बुबाले हजुरबुबाका नाममा विद्यालयको स्थापना गरिदिएका छन् । गाउँमा प्रतिष्ठित परिवार भएकाले पहिले खेतीका समयमा गाउँका सबै मानिसहरू उनकोमा सघाउन आउने गर्दथे । गाउँमा कुनै पनि कुराको निर्णय लिनुपर्दा उनकै हजुरबुबा गौरीशङ्करसँग सल्लाह

---

[५०]. श्रीमती लीला लुइटेलबाट प्राप्त जानकारी ।

[५१]. बुबा इन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

लिन्थे र उनको सल्लाहलाई नै सबैले अन्तिम निर्णय मान्थे, उनका बुबाले पनि त्यो भूमिका निर्वाह गरे भने अहिले उनी पनि आफ्नो निर्णयमा अडिग रहन्छन् । [५२]

सुसंस्कृत ब्राह्मण कुलमा जन्मिएका खगेन्द्रप्रसाद लुइटेलको पारिवारिक पृष्ठभूमि शैक्षिक दृष्टिले उच्चशिक्षित वर्गमा तथा आर्थिक दृष्टिले सम्पन्न वर्गमा पर्छ भने सामाजिक दृष्टिले प्रतिष्ठित समाजसेवी वर्गमा पर्छ । धार्मिक दृष्टिले हिन्दु धर्मको अनुशरण गर्ने लुइटेल धर्मकर्ममै पूरै लीन नभए पनि त्यसप्रति अनास्था प्रकट गर्दैनन् । समग्रमा खगेन्द्रप्रसाद लुइटेलको पारिवारिक अवस्था शैक्षिक दृष्टिले उच्चशिक्षित, आर्थिक दृष्टिले सम्पन्न, सामाजिक दृष्टिले प्रतिष्ठित समाजसेवी तथा धार्मिक दृष्टिले सनातन हिन्दुधर्मका अनुयायी रहेको देखिन्छ ।

२.८ कार्यक्षेत्रमा संलग्नता

खगेन्द्रप्रसाद लुइटेल शैक्षिक, प्राज्ञिक, साहित्यिक, राजनैतिक अनेक क्षेत्रसँग सम्बद्ध रहेका बहुआयमिक व्यक्तित्व हुन् । उनी मूलतः प्राध्यापक, साहित्यकार एवं समालोचक भए पनि अन्य विविध क्षेत्रमा समेत यिनको संलग्नता रहेको देखिन्छ । शैक्षिक, साहित्यिक, राजनीतिक आदि अनेक क्षेत्रमा संलग्न रहेका उनी विभिन्न अनुसन्धान कार्यमा पनि उत्तिकै लागिपरेको देखिन्छ । लुइटेलको संलग्नता साहित्यका क्षेत्रमा मात्र नभएर साहित्येतर क्षेत्रमा पनि विस्तारित छ । उनको विभिन्न क्षेत्रमा रहेको संलग्नता र उनले गरेका कार्यहरूलाई तल छुट्टाछुट्टै उपशीर्षकमा राखेर चर्चा गरिन्छ ।

२.८.१ पेसागत संलग्नता

२०३३ सालमा एस.एल.सी. दिएपछि आफूले पहिले पढेको श्री गौरीशङ्कर प्रा.वि.मा स्वयंसेवक शिक्षकको रूपमा केही समय काम गरेका खगेन्द्रप्रसाद लुइटेलले छोटो समयमा नै विभिन्न विद्यालयहरूमा अध्यापन गराएको पाइन्छ । उनी शिक्षण पेसामा संलग्न विद्यालयहरू निम्नानुसार छन् :[५३]

१. श्री गौरीशङ्कर प्रा.वि.सोल्मा कालिमाटी, तेरथुम (२०३३, स्वयंसेवक शिक्षक),
२. श्री भगवती नि.मा.वि. छथर ओखे, तेरथुम (२०३६ साउन २८ देखि),
३. श्री सिद्धगणेश नि.मा.वि. छथर बतासे, तेरथुम (२०३६ मङ्सिर ३ देखि),
४. श्री मच्छिन्द्र नि.मा.वि. छथर सुदाप, तेरथुम (२०३६ फागुन १४ देखि),
५. श्री महाकाली नि.मा.वि. पुल्डुङ सिम्ले, तेरथुम (२०३७ जेठ १९ देखि),
६. श्री सरस्वती प्रस्तावित मा.वि. सिँदुवा मूर्तिढुङ्गा, धनकुटा (२०४१ मघ ८ देखि),
७. श्री सिद्धकाली प्रस्तावित मा.वि. एकतिन जोरपाटी, पाँचथर (२०४३ वैशाख २ देखि),
८. श्री सरस्वती मा.वि. मच्छेबुङ मेमेङ, पाँचथर (२०४३ भदौ ६ देखि) ।

आई.ए. को परीक्षा दिएको लगत्तैपछि अमिन पदमा पनि सर्वप्रथम भई एक नम्बरमा छानिएर केही समय अमिन भएका खगेन्द्रप्रसाद लुइटेलले त्यो जागिर खान रुचि राखेनन् र शिक्षण पेसामा संलग्न भई

---

[५२]. तेरथुम साब्ला निवासी वरिष्ठ साहित्यकार सूर्य सुवेदीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[५३]. खगेन्द्रप्रसाद लुइटेललाई विभिन्न मितिमा दिइएका नियुक्तिपत्रबाट प्राप्त जानकारी ।

विभिन्न विद्यालय पढाए ।[५४] लुइटेलले विभिन्न विद्यालयहरूमा अङ्ग्रेजी, गणित र विज्ञान शिक्षकका रूपमा काम गरेका थिए । विद्यार्थीको मनोविज्ञानअनुरूप पढाउने लुइटेलको पढाउने शैलीलाई सबैले मुक्तकण्ठले प्रशंसा गर्थे ।[५५] विद्यार्थी जीवनदेखि नै राजनीतिमा सक्रिय रहेको हुँदा राजनीति गर्ने क्रममा उनी पार्टीको निर्देशनअनुसार विभिन्न ठाउँका विद्यालयहरूमा शिक्षक बनेको देखिन्छ । लुइटेलले कुनै पनि विद्यालयमा लामो समय पढाएको देखिँदैन । यसको मूल कारण राजनीति नै थियो । राजनीति गर्नकै लागि जागिर खाएका उनी पञ्चायती व्यवस्था विरोधी राजनैतिक आन्दोलनमा सक्रिय रूपले लागिपरेको पाइन्छ । पञ्चायती व्यवस्था विरोधी आन्दोलनमा संलग्न भएको कुरा स्थानीय पञ्चहरूले थाहा पाएपछि त्यो ठाउँ छाड्नुपर्ने हुनाले पनि लुइटेल छोटोछोटै समयमा विभिन्न विद्यालयमा पुगेका हुन् ।[५६] सबैजसो विद्यालयमा अस्थायी शिक्षकका रूपमा काम गरेका लुइटेल श्री महाकाली नि.मा.वि. पुल्दुङमा हुँदा नि.मा.वि. तहको अङ्ग्रेजी विषयको स्थायी शिक्षकका रूपमा नाम निकालेर २०३९ भदौ ९ गते स्थायी शिक्षक भए तर तत्कालै पुलिस रिपोर्ट बिग्रिएको भनी प्रशासनले दुख दिन थाल्यो । उनलाई प्रशासनले पञ्चायती व्यवस्थाको समर्थनमा कागज गरे पुलिस रिपोर्ट सच्च्याइदिने भनेको थियो तर उनले ठाडै अस्वीकार गरी जागिर नै छोडिदिए र बि.ए. पढ्न धनकुटातिर लागे । धनकुटामा पढ्दापढ्दै यिनी त्यसै जिल्लाको सिँदुवा भन्ने ठाउँमा मा.वि. तहको अङ्ग्रेजी शिक्षक भए तर त्यसै बेला उनी जेल परेकाले उनको जागिर त्यत्तिकै गयो ।[५७]

खगेन्द्रप्रसाद लुइटेल बि.ए.को परीक्षा दिएपछि श्री ५ को सरकार वन मन्त्रालयअन्तर्गत वन विभाग हेटौडामा नायब सुब्बा भएका थिए । जागिर खान थालेको केही दिनमै अञ्चलाधीशको आदेशमा पथ्रीभन्दा केही परको जङ्गलमा रहेको सुकुम्बासी बस्ती हटाउन उनीसहितको टोली खटाइयो । त्यहाँ बसेका पुरुषजति सबै पहिले नै भागिसकेका रहेछन् । त्यहाँ हात्तीले घर भत्काएर आगो लगाइएको र महिला र केटाकेटीहरूप्रति गरिएको अमानवीय व्यवहार र तिनीहरूको दर्दनाक अवस्था देख्दा उनलाई त्यो जागिर खान मन लागेन र भोलिपल्टै त्यो जागिर छोडेर पुनः शिक्षण कार्यमै संलग्न भए ।[५८] पार्टीकै निर्देशनमा पाँचथर गएर केही समय पढाए । त्यहाँ पनि उनी राजनीति गर्न आएको थाहा पाएपछि त्यहाँबाट छोडेर एम.ए. पढ्न काठमाडौँ आए ।

कुनै विद्यालयबाट सरुवा मिलाउँदै र कुनैबाट राजिनामा दिँदै २०३३ देखि २०४३ सालसम्मको अवधिमा विभिन्न विद्यालयमा शिक्षण गरेका खगेन्द्रप्रसाद लुइटेल प्रायः सबै ठाउँमा विशुद्ध शिक्षकको रूपमा मात्र नभएर पञ्चायती व्यवस्था विरोधी राजनीति गर्न पुगेका थिए । उनी हरेक ठाउँमा उग्र पञ्चबाहेक शिक्षक, विद्यार्थी एवं अभिभावकका बीचमा निकै लोकप्रिय रहेका देखिन्छन् ।[५९]

---

५४. खगेन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

५५. विद्यालयका विद्यार्थी विजय अधिकारीबाट प्राप्त जानकारी ।

५६. तेरथुमका पूर्वसांसद् विजय सुब्बाबाट प्राप्त जानकारी ।

५७. खगेन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

५८. ऐजन ।

५९. जेबी अधिकारी, *भन्नै पर्दा,* **अनन्त सौरभ**, (काठमाडौँ : विजय/हेमन्त अधिकारी, २०६४), पृ. ट ।

खगेन्द्रप्रसाद लुइटेलले श्री सरस्वती मा.वि. मच्छेबुङ मेमेङ, पाँचथरमा पढाउँदापढाउँदै त्यो ठाउँ छोडी काठमाडौँ आएर त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा स्नातकोत्तर तह उत्तीर्ण गर्नेबित्तिकै मा.वि.नि वा सहायक जिल्ला शिक्षा अधिकारी हुने अवसर पाएका थिए तर त्यसलाई बेवास्ता गरी उनी राजनीतिमै क्रियाशील भएको देखिन्छ । मुख्य विषय अङ्ग्रेजी लिएर पढेका र पढाएका लुइटेलको अङ्ग्रेजी भाषामा राम्रो दखल भएकाले उनी विभिन्न विदेशी निकायमा पटकपटक जागिरका लागि छनोट भएका थिए । विश्वविद्यालय प्रवेश गरेकै बखत उनलाई अमेरिकी संस्थामा उहीँ गएर काम गर्ने र प्रशस्त पैसा कमाउन सकिने राम्रो जागिर मिलेको थियो । त्यसबेला त्रिभुवन विश्वविद्यालयका सहायक प्राध्यापकको तलब रु. २२७०/- थियो भने अमेरिकी संस्थामा निकै गुणा बढी थियो तर उनी अमेरिका नगएर त्रिभुवन विश्वविद्यालयमै पढाउन थाले । त्यतिखेर यिनका शुभचिन्तक साथीहरूले उनलाई अमेरिका जाने सल्लाह दिएका थिए तर उनी तिनीहरूको सल्लाह नमानी आफ्नै निर्णयबाट यहीँ जागिर खान थाले । यसमा आफूलाई अहिले पनि कुनै पछुतो नभएको बताउने लुइटेलमा राष्ट्रवादी चिन्तन पाइन्छ ।

खगेन्द्रप्रसाद लुइटेल स्नातकोत्तर तह उत्तीर्ण गरिसकेपछि पनि जागिरतिर भन्दा राजनीति गर्नेतर्फ रुचि राखे तापनि उनलाई विश्वविद्यालयमा प्रवेश दिन्न भनिएकाले उनी वासुदेव त्रिपाठीको ठाउँमा रहने गरी २०४७ साल साउन १ देखि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागमा सहायक प्राध्यापक पदमा करारमा प्राध्यापन गर्न थाले ।[६०] हाल उनी यहीँ प्राध्यापक पदमा कार्यरत छन् । उनले प्राध्यापन गरेका ठाउँ, समय र पद यसप्रकार रहेका छन् :[६१]

१. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, सहायक प्राध्यापक करार (२०४७ साउन १ देखि)
२. त्रिभुवन विश्वविद्यालय, रत्नराज्यलक्ष्मी क्याम्पस, सहायक प्राध्यापक स्थायी (२०५० जेठ १९ देखि),
३. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, उपप्राध्यापक (२०५० असोज २५ देखि),
४. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, सहप्राध्यापक (२०६६ असोज १९ देखि),
५. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, प्राध्यापक (२०७० जेठ १४ देखि) ।

गौहाटी विश्वविद्यालयको नेपाली एम.ए.कार्यक्रमको स्थापनामा विशिष्ट भूमिका निर्वाह गरेका डा. लुइटेलले त्यहाँ पनि भिजिटिङ प्रोफेसरका रूपमा समयसमयमा प्राध्यापन गरेका छन् । यस्तैगरी सिलोङमा समेत नेपाली विषयको पाठ्यक्रम निर्माण गर्ने तथा शिक्षकहरूलाई तालिम दिने कार्यमा उनको विशिष्ट योगदान रहेको छ ।

यसरी २०३३ सालदेखि शिक्षण पेसा प्रारम्भ गरी हालसम्म आइपुग्दा विभिन्न विद्यालयमा अध्यापन तथा विभिन्न विश्वविद्यालयमा प्राध्यापन गरेका खगेन्द्रप्रसाद लुइटेल एउटा कुशल शिक्षक एवं प्राध्यापकका रूपमा परिचित छन् । यिनी राजनीतिक, सामाजिक, साहित्यक आदि अनेक क्षेत्रमा संलग्न देखिए पनि उनका जीवनको मूल पेसा शिक्षण-प्राध्यापन नै रहेको देखिन्छ ।

---

६०. खगेन्द्रप्रसाद लुइटेललाई २०४७-४-१८ मा त्रिविले प्रदान गरेको नियुक्तिपत्रअनुसार ।

६१. खगेन्द्रप्रसाद लुइटेललाई विभिन्न मितिमा त्रिविले प्रदान गरेका नियुक्तिपत्रअनुसार ।

२.८.२ राजनीतिक संलग्नता

सम्पन्न परिवारमा जन्मिएर सानैदेखि वाम राजनीतिबाट प्रभावित भएका खगेन्द्रप्रसाद लुइटेलले विद्यालय तहबाटै राजनीति प्रारम्भ गरेको पाइन्छ । विद्यालय तहमा पढ्दादेखि नै राजनीतितर्फ आकर्षित भएका लुइटेल आई.ए. पढ्दा राजनीतिमा सक्रिय हुन थालिसकेका थिए । २०३६ सालमा बि.ए. पढ्न भनी काठमाडौँ आएका लुइटेल पार्टीको निर्देशनअनुसार पढाइ छाडी राजनीति गर्न फर्केर फेरि अध्यापन क्षेत्रतिरै लागेको देखिन्छ । उनको प्रमुख राजनीतिक संलग्नता यसप्रकार रहेको छ :[६२]

१. तेरथुम जिल्ला शिक्षक सङ्गठनको सदस्य (२०३६),
२. धनकुटा बहुमुखी क्याम्पस, अनेरास्ववियु प्रारम्भिक कमिटीको सदस्य (२०४०),
३. धनकुटा बहुमुखी क्याम्पस, स्ववियुको उपसभापति (२०४०),
४. धनकुटा बहुमुखी क्याम्पस, सल्लेरी छात्रावासको प्रिफेक्ट (२०४१),
५. धनकुटा बहुमुखी क्याम्पस, छात्रावास सञ्चालक समितिको सदस्य (२०४१),
६. धनकुटा बहुमुखी क्याम्पस, स्ववियुको सभापति (२०४१),
७. धनकुटा बहुमुखी क्याम्पस, छात्रवृत्ति निर्णायक समितिको सदस्य (२०४१),
८. त्रिभुवन विश्वविद्यालयमा अनेरास्ववियु प्रारम्भिक कमिटीको सदस्य (२०४३),
९. त्रिभुवन विश्वविद्यालय, कान्ति छात्रावासको प्रिफेक्ट (२०४४),
१०. त्रिभुवन विश्वविद्यालय, कान्ति छात्रावास सञ्चालक समितिको सदस्य (२०४४),
११. नेकपा एमाले पार्टी कमिटीको सदस्य (२०४५),
१२. तेरथुम-काठमाडौँ सम्पर्क मञ्चको अध्यक्ष (२०४६),
१३. नेपाल कम्युनिस्ट पार्टी एमाले तेरथुम-काठमाडौँ सम्पर्क मञ्चको सदस्य (२०५९) आदि ।

२०३६ सालको राजनीतिक आन्दोलनमा शिक्षक सङ्गठनका माध्यमबाट शिक्षकको नेतृत्व गरेर आन्दोलनमा सक्रिय रहेका लुइटेल राजनीति गर्नकै लागि शिक्षक बनेका थिए । प्रत्येक विद्यालयमा जाँदा उनी सबैका सामु एउटा शिक्षकको रूपमा देखिए पनि उनको मुख्य उद्देश्य राजनीतिक प्रचारप्रसार नै हुने गर्थ्यो । धनकुटा बहुमुखी क्याम्पसमा बि.ए. पढ्दाको समयमा अनेरास्ववियुको प्रारम्भिक कमिटीमा रहेर काम गरेका उनी त्यसै क्याम्पसको स्ववियु उपसभापतिको पदमा अत्यधिक बहुमतले विजयी भएका थिए । त्यसको केही समयपश्चात् सभापति कारवाहीमा परेपछि उनी सभापति बने र पढाइ सकेपछि पनि केही समय त्यहीँ बसेर राजनीति गरे । राजनीतिक रूपमा सक्रिय रहेका लुइटेल त्यसबेला साथीहरूलाई समेत पञ्चायती व्यवस्थाको विरुद्धमा सङ्गठित गर्ने गर्दथे ।[६३]

खगेन्द्रप्रसाद लुइटेल २०४२ सालमा धनकुटा बहुमुखी क्याम्पसका विद्यार्थीहरू लिएर शैक्षिक भ्रमणमा काठमाडौँ आएका बेला सिंहदरबारमा बम पड्कियो भनी खैलाबैला मच्चियो । उनलाई धनकुटादेखि नै

---

[६२]. खगेन्द्रप्रसाद लुइटेलको व्यक्तिगत विवरणबाट प्राप्त जानकारी ।

[६३]. कुमारप्रसाद कोइरालाबाट प्राप्त जानकारी ।

मण्डलेले सुराकी गरेका कारण काठमाडौँ विशालबजारमा घुमिरहेका बेला प्रहरीले पक्रन खोज्दा समूहका साथीहरू, क्याम्पस प्रमुख र लेखा अधिकृतसमेतले जोगाएर ट्याक्सीमा हाली अन्यत्र लगे । त्यसपछि उनी केही समय कीर्तिपुर नयाँबजारमा लुकेर बसे । त्यसको केही समयपछि धनकुटा फर्कने क्रममा थानकोट कट्ने बेलामा पुलिसले पिछा गरिरहेको थाहा पाई नागढुङ्गासम्म हिँड्दै गएर त्यहाँदेखि ढल्केबरसम्म एउटा ट्रकमा गए अनि त्यहाँदेखि उता इटहरीसम्म कसैले थाहा नपाई बसको छतमा बसेर गए । त्यहाँबाट पैदल यात्रा गरी लुक्दैछिप्दै धनकुटा पुगे ।[६४]

धनकुटा पढ्दा खगेन्द्रप्रसाद लुइटेल अनगिन्ती पटक पुलिस हिरासत परेका थिए । सामान्य केही घटना हुनेबित्तिकै स्थानीय प्रशासनले उनलाई पक्रेर लगी पञ्चायती व्यवस्था विरोधी, अराष्ट्रिय तत्त्व आदि भन्दै कठोर यातना दिने गर्थ्यो । उनी बि.ए. पढ्दापढ्दै पनि पार्टीको निर्देशनअनुसार सरस्वती प्रस्तावित मा.वि. सिँदुवामा पढाउने निहुँले राजनीति गर्न गए र शिक्षक भई केही समय राजनीति गरे । त्यसैबेला २०४२ सालको राष्ट्रव्यापी आन्दोलनमा धनकुटाबाट आन्दोलनको नेतृत्व गरेर विराटनगर पुगेका लुइटेल महेन्द्र मोरङ क्याम्पस विराटनगरको हाताबाटै भाषण गर्दागर्दै पक्राउ परे । प्रहरीको लाठीबाट तत्कालै बेहोस भएका उनलाई लामो समयसम्म कोसी अञ्चल अस्पताल विराटनगरमा भर्ना गरियो र केही बिसेक भएपछि जेल चलान गरियो । निकै समयसम्म विराटनगर जेलमा राखिएका लुइटेललाई जेलमा पनि कठोर यातना दिइएको थियो । आजका नेताहरूको चर्तीकला देखेर वाक्क भएका लुइटेल हाल त्यो घटना सम्झन पनि चाहँदैनन् । उनी त्यसबेला जेलमा बस्दा विभिन्न विद्यार्थीहरूलाई पढाउने गर्दथे ।[६५]

आफू विराटनगर जेलबाट छुट्नेबित्तिकै जेलमा रहेका साथीहरू छुटाउन अञ्चलाधीशकहाँ डेलिगेसन गएका बेला त्यहींबाट पक्रेर लुइटेललाई पुनः जेल चलान गरियो । केही समयपछि जेलबाट छुटेर बि.ए. को परीक्षा दिई लुइटेल फेरि राजनीति गर्न पाँचथर गए र सिद्धकाली र सरस्वती मा.वि.मा पढाउँदै पार्टीका नीतिको प्रचारप्रसारमा क्रियाशील भए । स्नातकोत्तर तह अध्ययनका समयमा त्रिभुवन विश्वविद्यालयको प्रारम्भिक कमिटीमा रहेर काम गरेका खगेन्द्रप्रसाद लुइटेल २०४६ सालमा नेकपा एमाले सम्बद्ध तेरथुम-काठमाडौँ सम्पर्क मञ्चको अध्यक्षसमेत बने ।[६६] २०४५-२०४६ सालको आन्दोलनमा नेतृत्व तहमै रहेर उनी सक्रिय रूपले लागिपरेको पाइन्छ । त्यसबेला कसलाई, कहाँबाट, कतिबेला पक्रन्छ टुङ्गो हुँदैनथ्यो । जसलाई, जहाँबाट, जतिबेला पनि पक्रन सक्थ्यो । त्यसैले गर्दा उनीलगायत पार्टीका साथीहरू सुत्दा पनि ज्याकेट लगाएरै सुत्थे र केही पैसा गोजीमै राख्ने गर्दथे । २०४६ साल फागुन ६ गते राती लुइटेललाई कीर्तिपुर नयाँबजारबाट पक्री महेन्द्र पुलिस क्लबमा लगेर कठोर यातनाका साथ हप्तादिनसम्म भोकभोकै राखियो । त्यसबेला उनी एस.एल.सी. परीक्षाको विशेष निरीक्षक भई पश्चिमाञ्चल क्षेत्रको निरीक्षण गरेर भर्खरै फर्किएका थिए । त्यहाँ पुलिसले गरेको सलुट र यहाँ दिएको यातना उनलाई विरोधाभासपूर्ण लाग्थ्यो । माफी मागेर कागज गरे तत्काल छोडिदिने भन्दा उनले कागज गर्न नमानेकाले त्यहाँ उनलाई धेरै दिनसम्म केरकार गरियो । एकदिन मध्यरातमा चारैतिर ढाकिएको ट्रकमा राखी उनीलगायत अन्य केहीलाई कता लगिँदैछ भन्ने

---

[६४]. खगेन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[६५]. विराटनगर जेलमा सँगै बसेका साथी हेमसागर ढुङ्गेलबाट प्राप्त जानकारी ।

[६६]. तेरथुम-काठमाडौँ सम्पर्क मञ्चका सदस्य गणेश खनालबाट प्राप्त जानकारी ।

सङ्केतसम्म नगरी महेन्द्र पुलिस क्लबबाट बाहिर निकालियो । त्यसबेला उनले आफूहरूलाई मार्नका लागि कतै लगिएको भन्ठाने र साथीहरूलाई खुसुक्क भने तर उनीहरूलाई छोड्न लगिएको रहेछ र मध्यरातमा कीर्तिपुर तिनकुनेमा ल्याएर छाडिदियो ।[६७] त्यतिखेर बाहिरको दबाब खप्न नसकेर सरकारले उनीहरूलाई छोडिदिएको थियो ।

आफू केही हुनुभन्दा अरूलाई केही बनाउन खोज्ने खगेन्द्रप्रसाद लुइटेल पार्टीका अरू साथीहरू भूमिगत भएका बेला तिनीहरूलाई शिक्षण पेसाबाट प्राप्त हुने सबैजसो तलब चन्दा दिने र तिनीहरूका कविता, लेखरचनाका साथै पार्टीका सबैखाले दस्ताबेजहरू संशोधन-परिमार्जन गर्ने कार्यमा सहयोग गर्थे । यिनी सदैव सङ्गठनको नीतिनियम पालन गरी त्यसैअनुसार चल्ने गर्थे । बि.ए. पढ्दासम्म फिल्म हेर्नु र केटीसँग बोल्नु सङ्गठनको नियम विपरीत मानिने हुँदा लुइटेल आफ्नो ध्यान त्यसतर्फ नगएको बताउँछन् । अहिले पनि उनी कुनै फिल्म ध्यान दिएर हेर्दैनन् । उनी कीर्तिपुरमा पढ्दा स्वयिु निर्वाचनमा विजय प्राप्त गर्ने उद्देश्यले अतिरिक्त विद्यार्थी भर्नाका लागि छुट्ट्याएको र सङ्गठनका नामको कुनै पनि पैसा कहिल्यै व्यक्तिगत खर्चमा प्रयोग गर्दैनथे, चियाखाजासमेत आफ्नै पैसाले खाने गर्थे ।[६८] यसबाट उनको राजनैतिक निष्ठा झल्कन्छ । उनी प्राध्यापन पेसामा संलग्न भएपछि नेपाल प्राध्यापक सङ्घ, त्रिवि प्राध्यापक सङ्घ, प्रगतिशील प्राध्यापक सङ्गठन आदिको सदस्य भए पनि तिनमा त्यति सक्रिय देखिँदैनन् । त्यतिखेर मूल्यमान्यता र अनुशासनमा आधारित राजनीति गरेका लुइटेल अहिलेको राजनीतिमा देखिएको चरम विकृतिप्रति चिन्ता व्यक्त गर्छन् । उनी यतिखेर सर्वत्र व्याप्त राजनीतिक भागबन्डाप्रति चरम असन्तुष्टि र राजनीतिक विकृतिप्रति आक्रोश व्यक्त गर्छन् ।

राजनीतिक जीवनमा जेल, नेल र यातना धेरैपटक भोगेका खगेन्द्रप्रसाद लुइटेल कहिले विद्यार्थीका रूपमा त कहिले शिक्षकको रूपमा राजनीतिमा संलग्न भएको पाइन्छ । राजनीति गर्नकै लागि जागिर खाएका लुइटेल छोटो समयमा विभिन्न विद्यालयमा पुग्नुको मुख्य कारण पनि राजनीति नै थियो । राजनीति गरेको कुरा त्यस ठाउँमा पञ्चहरूले थाहा पाएपछि त्यो ठाउँ छाड्नुपर्ने हुनाले कुनै पनि विद्यालयमा उनले लामो समय काम गरेको पाइँदैन । स्कुले जीवनबाटै राजनीति प्रारम्भ गरेका खगेन्द्रप्रसाद लुइटेलले बहुदलको आगमनपश्चात् मूल्य र मान्यताको राजनीतिको अन्त्य भई त्यस क्षेत्रमा व्यापक भ्रष्टाचार मौलाएको देखेपछि वाक्क भई २०५० सालपछि प्रत्यक्ष राजनीति गर्न छाडेको पाइए पनि २०६२-२०६३ जनआन्दोलनमा भने निरङ्कुशताका विरुद्ध भने उनी सक्रिय रहे । हाल उनी कुनै पनि पार्टीमा संलग्न नभई तटस्थ बुद्धिजीवीका रूपमा रहेका छन् । जुनसुकै पार्टीको राम्रो कुरामा समर्थन र नराम्रा कुरामा विरोध जनाउँछन् र उनी राजनैतिक आस्थाका आधारमा कसैप्रति भेदभाव गर्दैनन्, सबैलाई गुणदोषका आधारमा मूल्याङ्कन गर्नुपर्ने दृष्टिकोण राख्छन् ।[६९] यति हुँदाहुँदै पनि उनको झुकाव सच्चा वाम राजनीतिप्रति रहेको देखिन्छ ।

---

[६७]. ऐजन ।

[६८]. त्यतिखेर सँगै राजनीति गरेका शिवप्रसाद उप्रेतीबाट प्राप्त जानकारी ।

[६९]. खगेन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

२.८.३ संस्थागत संलग्नता

विभिन्न क्षेत्रमा संलग्न खगेन्द्रप्रसाद लुइटेल शैक्षिक प्राज्ञिक, साहित्यिक, सामाजिक, अनुसन्धानमूलक आदि विविध सङ्घसंस्थामा पनि संलग्न देखिन्छन् । यी विभिन्न क्षेत्रको संलग्नतालाई कतिपयले ईर्ष्याका रूपमा हेरे पनि लुइटेल आफू त्यसको वास्ता नगर्ने बताउँछन् । उनको विभिन्न क्षेत्रको संस्थागत संलग्नतालाई तल बेग्लाबेग्लै उपशीर्षकमा राखेर प्रस्तुत गरिन्छ :

२.८.३.१ शैक्षिक-प्राज्ञिक संलग्नता

खगेन्द्रप्रसाद लुइटेल शिक्षण-प्राध्यापनसँग सम्बद्ध विद्यालय र विश्वविद्यालयकासाथै विभिन्न विदेशी विश्वविद्यालय, श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्र, नेपाल प्रज्ञा प्रतिष्ठान आदि विभिन्न शैक्षिक-प्राज्ञिक क्षेत्रमा संलग्न छन् । उनी राष्ट्रिय स्तरका सङ्घसंस्थामा मात्र नभएर अन्तराष्ट्रिय स्तरका विभिन्न सङ्घसंस्थाहरूमा पनि संलग्न रहेका छन् । उनको शैक्षिक-प्राज्ञिक संलग्नता निम्नानुसार रहेको छ :[७०]

१. विभिन्न विद्यालयहरूमा अध्यापन (२०३३-२०४३),

२. शिक्षा स्रोत केन्द्र धनकुटाबाट इन्सर्भिस ट्रेनिङ कोर्स फर इङ्लिस ल्याङ्ग्वेज टिचर्स (२०३९),

३. काठमाडौँ उपत्यकाका विभिन्न विद्यालयमा विभिन्न तहका अङ्ग्रेजी कक्षाको पर्यवेक्षण (२०३९),

४. एस.एल.सी. परीक्षाको विशेष सुपरीवेक्षक (२०४६ देखि पटकपटक),

५. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागमा प्राध्यापन (२०४७),

६. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको शैक्षिक विशेष कार्यक्रम समितिको सदस्य (२०४७),

७. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको शैक्षिक व्यवस्थापन समितिको सदस्य (२०४७),

८. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको छात्रवृत्ति समितिको सदस्य (२०४७),

९. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको वैदेशिक कक्षा एकाइ समितिको सदस्य (२०४७),

१०. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको **वाङ्मय** पत्रिका प्रकाशन समितिको सदस्य (२०४७),

११. त्रिभुवन विश्वविद्यालयद्वारा सञ्चालित विभिन्न तहका परीक्षामा पर्यवेक्षक (२०४७ देखि पटकपटक),

१२. त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायद्वारा आयोजित अनुसन्धान प्रविधि कार्यशाला गोष्ठीमा विशेष सहभागिता (२०४७ देखि पटकपटक),

१३. त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायद्वारा सञ्चालित अभ्यास शिक्षणमा आन्तरिक परीक्षक (२०४८ देखि पटकपटक),

१४. त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायद्वारा सञ्चालित अभ्यास शिक्षणमा बाह्य परीक्षक (२०४८ देखि पटकपटक),

१५. त्रिभुवन विश्वविद्यालय, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँमा प्राध्यापन (२०५०),

१६. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागमा प्राध्यापन (२०५० देखि),

---

[७०]. खगेन्द्रप्रसाद लुइटेलको व्यक्तिगत विवरणबाट प्राप्त जानकारी ।

१७. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको **वाङ्मय** पत्रिकाको प्रबन्ध सम्पादक (२०४९/२०५०),

१८. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित कोशनिर्माण गोष्ठीमा संलग्न (२०५२),

१९. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको कोशनिर्माण समितिको सदस्य (२०५३),

२०. **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जन समितिको सदस्य (२०५३),

२१. **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जन (२०५३),

२२. श्री ५ को सरकार, पाठ्यक्रम विकास केन्द्र, माध्यमिक विद्यालय नेपाली विषय समितिको सदस्य (२०५४-२०६०),

२३. नेपाल भाषाविज्ञान समाजको आजीवन सदस्य (सन् २०००),

२४. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको अनुसन्धान समितिको सदस्य (२०५८),

२५. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको परीक्षा समितिको सदस्य (२०५८),

२६. त्रिभुवन विश्वविद्यालय, सिर्जनशील विद्यार्थी अनुसन्धान परिषद्को संरक्षक-सल्लाहकार (२०५९),

२७. नेपाल प्रज्ञा प्रतिष्ठान कोशनिर्माण समितिको सदस्य (२०६७),

२८. **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जन समितिको सदस्य (२०६७),

२९. **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जन (२०६७),

३०. गौहाटी विश्वविद्यालयको नेपाली एम.ए. कार्यक्रमको स्पेसल कोर्स एड्भाइजर (सन् २०१० देखि),

३१. गौहाटी विश्वविद्यालयको प्राज्ञिक सल्लाहकार परिषद् (निनाद) को सदस्य (सन् २०१० देखि),

३२. ज्ञानकुञ्ज एजुकेसनल फाउन्डेसनको संस्थापक (२०६८),

३३. ज्ञानकुञ्ज एजुकेसनल फाउन्डेसनको सञ्चालक समितिको सदस्य (२०६८),

३४. ज्ञानकुञ्ज एजुकेसनल फाउन्डेसनको प्रबन्ध समितिको सदस्य (२०६८),

३५. ज्ञानकुञ्ज कलेजको सल्लाहकार (२०६८),

३६. नेपाली पाठ्यपुस्तक समिति, सिलोङको विशिष्ट सल्लाहकार (सन् २०११ देखि),

३७. अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको सल्लाहकार (सन् २०११ देखि),

३८. ज्ञानकुञ्ज एजुकेसनल फाउन्डेसनको योजना तथा सुपरीवेक्षण समितिको सदस्य/संयोजक (२०७०),

३९. नेपाली डायस्पोरा वाङ्मय प्रतिष्ठानको सल्लाहकार (२०७१),

४०. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको वाङ्मय प्रकाशन समितिको सदस्य (२०७१),

४१. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको वाङ्मय प्रकाशन समितिको संयोजक (२०७१),

४२. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको **वाङ्मय** पत्रिकाको सम्पादक-संयोजक (२०७१),

४३. स्नातकोत्तर शोधपत्रहरूको शोधनिर्देशक (पटकपटक),

४४. स्नातकोत्तर शोधपत्रहरूको बाह्य परीक्षक (पटकपटक),

४५. दर्शनाचार्य शोधपत्रहरूको आन्तरिक परीक्षक (पटकपटक),

४६. विद्यावारिधि शोधप्रबन्धहरूको शोधनिर्देशक (पटकपटक),

४७. विद्यावारिधि शोधप्रबन्धहरूको आन्तरिक परीक्षक (पटकपटक),

४८. राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका विभिन्न साहित्यिक प्रतियोगितामा निर्णायक (पटकपटक),

४९. राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका विभिन्न कार्यक्रमहरूमा प्रमुख अतिथि (पटकपटक),

५०. राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका विभिन्न लेखकका कृतिहरूको विमोचन (पटकपटक),

५१. राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका विभिन्न कार्यक्रमहरूमा प्रमुख वक्ता (पटकपटक),

५२. राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका विभिन्न गोष्ठीहरूमा कार्यपत्र प्रस्तुत (पटकपटक),

५३. विभिन्न साहित्यिक, शैक्षिक-प्राज्ञिक एवं सामाजिक सङ्घसंस्थाहरूको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, सदस्य, सल्लाहकार, आजीवन सदस्य आदि ।

लुइटेलले माथि उल्लेख गरिएका विभिन्न शैक्षिक-प्राज्ञिक क्रियाकलापमा संस्थागत एवं व्यक्तिगत क्रियाकलापमा संलग्न रही विशिष्ट योगदान पुऱ्याएका छन् । विद्यालयदेखि विश्वविद्यालयसम्म अध्यापन-प्राध्यापन गरेका डा. लुइटेलको स्वदेशमा मात्र नभएर विदेशमा समेत शैक्षिक-प्राज्ञिक संलग्नता रहेको देखिन्छ । विद्यालयदेखि विश्वविद्यालय तहसम्मका पाठ्यपुस्तकहरू लेखेका लुइटेलले गौहाटी विश्वविद्यालयको विशिष्ट सल्लाहकारका रूपमा नेपाली एम.ए. को पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन तथा संयोजन पनि गरेका छन् । उनले गौहाटी विश्वविद्यालयको नेपाली एम.ए. कार्यक्रमको विशिष्ट सल्लाहकार भई त्यस विश्वविद्यालयमा एम.ए. नेपाली कार्यक्रमको स्थापना, उद्घाटन गर्नाका साथै उनकै नेतृत्वमा एक्काइसवटा पाठ्यपुस्तक तयार पारिएका छन् ।[७१] यसका साथै उनले नेपाली पाठ्यपुस्तक समिति सिलोङको विशिष्ट सल्लाहकारका रूपमा नेपाली पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माणमा विशिष्ट योगदान पुऱ्याएका छन् ।[७२] स्थानीय जनसमुदायको मागबमोजिम त्रिविद्वारा तेरथुम क्याम्पसलगायतका कतिपय क्याम्पसको प्रमुख बन्न आग्रह गर्दा पनि नमानेको बताउने लुइटेलले आफ्नो कार्यक्षेत्रबाहेक हालसम्म कतै पनि आंशिक शिक्षकका रूपमा पढाएका छैनन् र विशुद्ध शैक्षिक-प्राज्ञिक क्रियाकलापमै केन्द्रित भएर कार्य गरेका छन् । उनले त्रि.वि. नेपाली केन्द्रीय विभागअन्तर्गतका सबैजसो समितिमा रहेर काम गरिसकेका छन् र गरिरहेका पनि छन् ।

त्रिवि सेवा आयोगको २०५८-२०५९ को विज्ञापनको परिणाम अप्राज्ञिक र बदनियतपूर्ण भएकोमा 'त्रिवि सेवा आयोगका विरुद्ध नेपालीका शिक्षकहरूको सङ्घर्ष समिति' गठन गरी देशभरिका मूलतः नेपाली र अन्य विषयका समेत प्राध्यापकहरूको संलग्नतामा आन्दोलन चर्काउने क्रममा सो समितिको सचिवका हैसियतले खगेन्द्रप्रसाद लुइटेलले आन्दोलनको नेतृत्व गरेका थिए । यसमा सेवा आयोगद्वारा असफल तुल्याइएका व्यक्तिहरू मात्र नभएर अन्तर्वार्तामा बसेकै वरिष्ठ प्राध्यापकहरूबाट समेत 'त्रिवि नेपाली विषयका प्राध्यापक र सहप्राध्यापक पदोन्नतिसम्बन्धी सिर्जित समस्या अनुगमन समिति' गठन गर्ने वातावरण सिर्जना गर्ने काममा उनको विशिष्ट योगदान रहेको थियो । यससम्बन्धी मुद्दालाई त्रिवि पुनरावेदन आयोग तथा सर्वोच्च अदालतमा पुऱ्याउनमा पनि उनले महत्त्वपूर्ण भूमिका खेलेका थिए । सो मुद्दामा सर्वोच्च अदालतले

---

७१. गोपीकृष्ण ढुङ्गाना, *गुवाहाटी विश्वविद्यालयमा एमए नेपाली पाठ्यक्रम तयार पारे नेपाली प्राध्यापकले* **अन्नपूर्णपोस्ट**, (२०६७ माघ २५), पृ. ५ ।

७२. टेकनारायण उपाध्याय, **नेपाली कवितामा मेघालयको योगदान**, (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिवि, २०७०), पृ. ५९ ।

समेत उनीहरूकै पक्षमा अन्तरिम आदेश जारी गरेको थियो ।[७३] सो मुद्दामा आफ्नो पक्षमा अन्तरिम आदेश जारी हुँदाहुँदै पनि तत्कालीन विश्वविद्यालय प्रशासनले त्यसभन्दा अगाडिकै मितिमा नियुक्तिपत्र दिने गैरजिम्मेवारपूर्ण कार्य गरेको र अदालतले पनि लामो समयसम्म फैसला नगरेकोमा खिन्नता प्रकट गर्दै यसलाई त्रि.वि.को इतिहासमै दुर्भाग्यपूर्ण घटना भए पनि यस घटनाबाट असम्बद्ध विषय तथा नेपालीइतर हिन्दी भाषाका माध्यममा लेखिएको पिएच.डी. अमान्य हुनेलगायत विश्वविद्यालयमा कतिपय पक्षमा सकारात्मक सुधार भएको [७४] बताउँछन् ।

यसबाहेक लुइटेल विभिन्न शैक्षिक-प्राज्ञिक सङ्घसंस्थाहरूको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, सल्लाहकार तथा आजीवन सदस्य आदि पदमा पनि रहेका छन् । यी सबै कुरालाई हेर्दा उनको राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा फैलिएको शैक्षिक-प्राज्ञिक संलग्नता विविधतायुक्त र विशिष्ट रहेको देखिन्छ ।

२.८.३.२ साहित्यिक संलग्नता

नेपाली साहित्य र समालोचनाका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका खगेन्द्रप्रसाद लुइटेल विभिन्न साहित्यिक संस्थाहरूमा संलग्न रहेका छन् । उनको साहित्यिक संलग्नता यसप्रकार रहेको छ :[७५]

१. श्री रत्न मिडिल स्कुलबाट प्रकाशित **रत्नज्योति** पत्रिकाको सम्पादन (२०२९),

२. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको **वाङ्मय** पत्रिका प्रकाशन समितिको सदस्य (२०४७),

३. सिद्धिचरण श्रेष्ठ प्रतिष्ठानको सदस्य (२०४९),

४. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको **वाङ्मय** पत्रिकाको प्रबन्ध सम्पादक (२०४९/२०५०),

५. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको कोशनिर्माण समितिको सदस्य (२०५३),

६. **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जन समितिको सदस्य (२०५३),

७. **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जन (२०५३),

८. **ज्ञानकुञ्ज** पत्रिकाको सल्लाहकार (२०५४),

९. **राष्ट्रिय मामिला** पत्रिकाको विशेष सल्लाहकार (२०५६),

१०. त्रिभुवन विश्वविद्यालय, सिर्जनशील विद्यार्थी अनुसन्धान परिषद्को संरक्षक-सल्लाहकार (२०५९),

११. नेपाली आख्यान शतवार्षिकी समारोह समितिको सदस्य (२०६०),

१२. **रक्षाकवच** पत्रिकाको सल्लाहकार (२०६६),

---

७३. सङ्घर्ष समितिका सहसंयोजक जयराज पन्तबाट प्राप्त जानकारी ।

७४. ऐजन ।

७५. खगेन्द्रप्रसाद लुइटेलको व्यक्तिगत विवरणबाट प्राप्त जानकारी ।

१३. साहित्यिक पत्रकार सङ्घको आजीवन सदस्य (२०६७),

१४. नेपाल प्रज्ञा प्रतिष्ठान कोशनिर्माण समितिको सदस्य (२०६७),

१५. **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जन समितिको सदस्य (२०६७),

१६. **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जन (२०६७),

१७. **अङ्कुर** पत्रिकाको सल्लाहकार (२०६८),

१८. नेपाली पाठ्यपुस्तक समिति, सिलोङको विशिष्ट सल्लाहकार (सन् २०११ देखि),

१९. अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको सल्लाहकार (सन् २०११ देखि),

२०. अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको आजीवन सदस्य (सन् २०१२),

२१. **लुइटेल कल्प** पत्रिकाको सल्लाहकार (२०७०),

२२. नर विष्णुमाया-सनक भगवती स्मृति प्रतिष्ठानको सदस्य (२०७०),

२३. अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजबाट प्रकाशित **अन्तर्दृष्टि** पत्रिकाको सल्लाहकार (२०७१),

२४. नेपाली डायस्पोरा वाङ्मय प्रतिष्ठानको सल्लाहकार (२०७१),

२५. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको वाङ्मय प्रकाशन समितिको सदस्य (२०७१),

२६. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको वाङ्मय प्रकाशन समितिको संयोजक (२०७१),

२७. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको **वाङ्मय** पत्रिकाको सम्पादक-संयोजक (२०७१),

२८. अनेसास बुलेटिन प्रकाशन समितिको सल्लाहकार (सन् २०१५),

२९. हेम-सरिता पाठक फाउन्डेसनद्वारा आयोजित भ्रष्टाचार विरुद्ध बालकविता प्रतियोगिता आयोजक समितिको सल्लाहकार (सन् २०१५),

३०. अनेसास विधान संशोधन समितिको संयोजक (सन् २०१५),

३१. राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका विभिन्न साहित्यिक प्रतियोगितामा निर्णायक (पटकपटक),

३२. राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका विभिन्न कार्यक्रमहरूमा प्रमुख अतिथि (पटकपटक),

३३. राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका विभिन्न लेखकका कृतिहरूको विमोचन (पटकपटक),

३४. राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका विभिन्न कार्यक्रमहरूमा प्रमुख वक्ता (पटकपटक),

३५. राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका विभिन्न गोष्ठीहरूमा कार्यपत्र प्रस्तुत (पटकपटक) आदि ।

यस्ता विभिन्न साहित्यिक संस्था र पत्रपत्रिकाहरूका विभिन्न विभिन्न पदमा रहेर काम गरेका लुइटलले साहित्यिक क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । उनी राष्ट्रिय मात्र नभएर अन्तराष्ट्रिय स्तरका अनेक साहित्यिक कार्यक्रमहरूमा समेत प्रमुख अतिथि, प्रमुख वक्ता र कार्यपत्र प्रस्तोताका रूपमा संलग्न रहेका छन् ।

२.८.३.३ सामाजिक संलग्नता

खगेन्द्रप्रसाद लुइटेल विभिन्न सामाजिक संस्थाहरूमा संलग्न हुनाका साथै विभिन्न सामाजिक कार्यमा पनि संलग्न देखिन्छन् । विभिन्न क्षेत्रमा संलग्न लुइटेलको निम्नानुसारका सामाजिक संस्थाहरूमा पनि संलग्नता रहेको पाइन्छ :[७६]

१. लुइटेल वंशावली अनुसन्धान समितिको सचिव (२०५२),

२. युनिभर्सिटी हाइट (ट्याङ्लाफाँट) बहुउद्देश्यीय समाजको प्रमुख निर्वाचन आयुक्त (२०५६),

३. युनिभर्सिटी हाइट उपभोक्ता समितिको अध्यक्ष (२०६२),

४. ट्याङ्ला एकीकृत विकास समाजको महासचिव (२०६२),

५. तेरथुम सरोकार समाजको संस्थापक (२०६३),

६. तेरथुम सरोकार समाजको सल्लाहकार (२०६४),

७. तेरथुम सरोकार समाजको आजीवन सदस्य (२०६७),

८. लुइटेल बन्धु प्रतिष्ठानको आजीवन सदस्य (२०६९),

९. लुइटेल बन्धु प्रतिष्ठानको सल्लाहकार (२०७०) आदि ।

माथि उल्लेख गरिएका विभिन्न सामाजिक संस्थाहरूका विभिन्न पदमा रहेका लुइटेलको सामाजिक क्षेत्रको संलग्नता र कार्यले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । उनी तेरथुममै हुँदा पनि बाटो, कुलो, चौतारो, मन्दिर, पाटीपौवा बनाउने काममा सक्रिय हुन्थे भने गाउँघरमा भैपरी आउने जुनसुकै कार्यमा विना भेदभाव सक्रिय रूपमा खटेर काम गर्थे । क्याम्पस पढ्दा र विद्यालयमा पढाउँदा पनि उनी स्थानीय विकास निर्माणका कार्यमा सक्रिय रूपले संलग्न हुन्थे । यतिखेर पनि ट्याङलाफाँटमा बिजुलीको खम्बा गाड्ने, खानेपानीका लागि पाइप बिच्छ्याउने, ढल निर्माण गर्नेजस्ता कार्यमा आफैँ नेतृत्व गरेर संलग्न भएका पाइन्छन् ।[७७] उनी राजनीति गर्ने सिलसिलामा शिक्षकका रूपमा विभिन्न विद्यालयमा पुगेका बेला ती विद्यालयका कुनै विद्यार्थी एक हप्तासम्म स्कुल नआएमा तिनीहरूको घरमा पुगेर ऊ विद्यालय नआउनुका कारण बुझी यदि आर्थिक समस्याका कारण फि तिर्न नसकेर विद्यालय पठाउन नसकेको भए तिनीहरूको फि तिरिदिने पनि गर्दथे ।[७८] यी सबै सन्दर्भलाई हेर्दा विभिन्न सामाजिक गतिविधिमा रहेको उनको संलग्नता विशिष्ट रहेको देखिन्छ ।

---

७६. ऐजन ।

७७. खगेन्द्रप्रसाद लुइटेलका छिमेकीहरूबाट प्राप्त जानकारी ।

७८. विद्यालयका विद्यार्थी विजय अधिकारीबाट प्राप्त जानकारी ।

२.८.४ अनुसन्धान कार्यमा संलग्नता

नेपाली भाषा र साहित्यका क्षेत्रमा सक्रिय खगेन्द्रप्रसाद लुइटेल विभिन्न क्षेत्रको अनुसन्धान कार्यमा समेत संलग्न रहेका छन् । उनका अनुसन्धानमूलक कार्यहरूमा रहेको प्रमुख संलग्नता निम्नानुसार रहेको देखिन्छ :[७९]

१. विश्वविद्यालय अनुसन्धान महाशाखाबाट अनुसन्धान परियोजना सम्पन्न,
२. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान/नेपाल प्रज्ञा प्रतिष्ठानबाट थुप्रै अनुसन्धान परियोजना सम्पन्न,
३. अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजबाट अनुसन्धान परियोजना सम्पन्न,
४. त्रिभुवन विश्वविद्यालयको दीर्घावधिक विद्वत्वृत्तिमा विद्यावारिधि अनुसन्धानकार्य सम्पन्न,
५. नेपालमा संरचनावादमा प्रथम विद्यावारिधि उपाधि प्राप्त,
६. स्नातकोत्तर स्तरीय थुप्रै शोधपत्रको शोधनिर्देशन,
७. स्नातकोत्तर स्तरीय थुप्रै शोधपत्रको बाह्य परीक्षण,
८. दर्शनाचार्य स्तरीय थुप्रै शोधपत्रको मूल्याङ्कन,
९. विद्यावारिधि स्तरीय थुप्रै शोधप्रबन्धको विशेषज्ञ,
१०. विद्यावारिधि स्तरीय थुप्रै शोधप्रबन्धको शोधनिर्देशक,
११. विद्यावारिधि स्तरीय थुप्रै शोधप्रबन्धको मूल्याङ्कन,
१२. पूर्वाञ्चल विश्वविद्यालयको पत्रकारिता विषयको स्नातकोत्तर स्तरीय शोधपत्रको शोधनिर्देशन र मूल्याङ्कन,
१३. डायस्पोरिक लेखनबारेको अनुसन्धानमा क्रियाशील,
१४. व्यक्तिगत तथा संस्थागत रूपमा विविध प्रकारका अनेकौं अनुसन्धान कार्यमा संलग्न ।

विभिन्न सङ्घसंस्थाहरूबाट थुप्रै अनुसन्धान परियोजना सम्पन्न गरेका लुइटेल व्यक्तिगत रूपमा पनि विविध प्रकारका अनेकौं अनुसन्धान कार्यमा संलग्न छन् । उनले संस्थागत तथा व्यक्तिगत रूपमा थुप्रै अनुसन्धान कार्यमा संलग्न भई ती कार्य सम्पन्न गरेका छन् । लुइटेल स्नातकोत्तर र विद्यावारिधि शोधकार्यको निर्देशक, विशेषज्ञ, मूल्याङ्कनकर्ता, दर्शनाचार्य शोधकार्यको मूल्याङ्कनकर्ता तथा स्नातकोतर शोधपत्रको बाह्य परीक्षकसमेत बनेका छन् । उनले आफूभन्दा अग्रज, आफ्ना सहपाठीका साथै नेपाल संस्कृत, पूर्वाञ्चल आदि विश्वविद्यालयका शोधार्थीहरूको पनि शोधनिर्देशन गरेका छन् । हाल उनी डायस्पोरिक साहित्य लेखनबारेको अनुसन्धानमा क्रियाशील छन् । यसबाहेक खगेन्द्रप्रसाद लुइटेल व्यक्तिगत तथा संस्थागत रूपमा विविध प्रकारका अनुसन्धान कार्यमा संलग्न देखिन्छन् । विभिन्न संस्थाहरूद्वारा सञ्चालित अनुसन्धान परियोजना-अन्तर्गत रहेर पनि उनले काम गरेको पाइन्छ । तीमध्ये प्रमुख केही निम्नानुसार रहेका छन् :[८०]

शीर्षक	संस्था	सम्पन्न वर्ष
१. **आधुनिक नेपाली समालोचना**	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०५७
२. **पहरी भाषा संस्कृति**	त्रिभुवन विश्वविद्यालय, अनुसन्धान महाशाखा	२०५९

७९. खगेन्द्रप्रसाद लुइटेलको व्यक्तिगत विवरणबाट प्राप्त जानकारी ।

८०. सम्बद्ध निकायका विभिन्न मितिका पत्रहरूबाट प्राप्त जानकारी ।

३. **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०६०
४. **नेपाली कविताका प्रवृत्ति**	नेपाल प्रज्ञा प्रतिष्ठान	२०६७
५. **नेपाली उपन्यासको इतिहास**	नेपाल प्रज्ञा प्रतिष्ठान	२०६७-२०६८
६. **देवकोटाका काव्यकृतिमा सांस्कृतिक चेतना**	नेपाल प्रज्ञा प्रतिष्ठान	२०६८
७. **समकालीन नेपाली साहित्यका प्रवृत्ति**	अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज	२०६८-२०६९
८. **समकालीन नेपाली उपन्यासको प्रवृत्ति**	नेपाल प्रज्ञा प्रतिष्ठान	२०७०

लुइटेलद्वारा सम्पन्न गरिएका यी सबैजसो अनुसन्धान कार्य पुस्तकाकार कृतिका रूपमा प्रकाशित भइसकेका छन् । तिनमा कुनै उही शीर्षकमा प्रकाशित छन् भने कुनैको शीर्षक सामान्य परिवर्तन गरिएको पाइन्छ ।

२.८.५ संस्थापन कार्यमा संलग्नता

खगेन्द्रप्रसाद लुइटेल साहित्यका अतिरिक्त विभिन्न सामाजिक एवं शैक्षिक सङ्घसंस्थाहरूको संस्थापकका रूपमा पनि रहेका छन् । उनी संस्थापक रहेका प्रमुख केही सङ्घसंस्थाहरू निम्नलिखित छन् :

१. लुइटेल वंशावली अनुसन्धान समिति (२०५२),
२. युनिभर्सिटी हाइट उपभोक्ता समिति (२०५८),
३. ट्याङ्ला एकीकृत विकास समाज (२०६२),
४. तेरथुम सरोकार समाज (२०६३),
५. महानगरीय प्रहरी (२०६३),
६. गौहाटी विश्वविद्यालयको नेपाली एम.ए. कार्यकम (सन् २०१०),
७. ज्ञानकुञ्ज एजुकेसनल फाउन्डेसन (२०६८) आदि ।

यी विभिन्न सङ्घसंस्थाहरूको संस्थापकका रूपमा रहेका खगेन्द्रप्रसाद लुइटेल यी विभिन्न संस्थाको पदाधिकारी एवं सल्लाहकार पनि रहेका छन् । शैक्षिक संस्थाको संस्थापनमा पनि संलग्न रहेका लुइटेल ज्ञानकुञ्ज एजुकेसनल फाउन्डेसनको संस्थापकमध्येका एक हुन् र उनी त्यस संस्थाको सञ्चालक समितिको सदस्य, प्रबन्ध समितिको सदस्य एवं योजना तथा सुपरिवेक्षण समितिको सदस्य-संयोजकसमेत रहेका छन् ।[८१] महानगरीय प्रहरीको स्थापनामा पनि उनको विशिष्ट योगदान रहेको छ । नेपाल प्रहरीको महानगरीय प्रहरी प्रशासनका क्षेत्रमा हाल प्रचलित महानगरीय प्रहरी प्रभाग, वृत्त, परिसर, आयुक्तजस्ता शब्दहरूको निर्माण उनैले गरेका हुन् ।[८२] यसका साथै लुइटेल गौहाटी विश्वविद्यालयको नेपाली एम.ए.को पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन तथा संयोजनमा समेत संलग्न छन् । यी सबै सन्दर्भलाई हेर्दा संस्थापन कार्यमा पनि उनको योगदान उल्लेख्य रहेको देखिन्छ ।

---

८१. ज्ञानकुञ्ज एजुकेसनल फाउन्डेसनको सञ्चालक समिति सदस्य मदन गौतमबाट प्राप्त जानकारी ।

८२. पूर्वए.आई.जी.पी. श्यामसिंह थापासँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

२.८.६ प्रवर्तन कार्यमा संलग्नता

खगेन्द्रप्रसाद लुइटेलले नेपाली समालोचनाका क्षेत्रमा विश्वको आधुनिक संरचनावादी समालोचना पद्धतिको प्रवर्तन, विकास र मानक स्थापना गरेका छन् भने नेपाली समालोचनाका क्षेत्रमा सांस्कृतिक समालोचनाको पनि प्रवर्तन गरेका छन् । नेपालीमा संरचनावादी समालोचनाको प्रवर्तन गरेबापत तेरथुम सरोकार समाज, साहित्यिक पत्रकार सङ्घ, पहलमानसिंह स्वाँर स्मृति प्रतिष्ठान, तेरथुम महोत्सव मूल आयोजक समिति, साहित्य सङ्गम मकवानपुर एवं श्री युग प्रकाश क्लब नवलपुर आदि विभिन्न सङ्घसंस्थाबाट सम्मानित गरिनु तथा कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार, भगवती बुढाथोकी स्मृति पुरस्कार, हरिहर शास्त्री-सावित्रीदेवी साहित्य पुरस्कारलगायत विभिन्न पुरस्कारद्वारा पुरस्कृत[८३] हुनुले पनि यस कुराको पुष्टि हुन्छ ।

२.८.७ अतिरिक्त क्रियाकलापमा संलग्नता

खगेन्द्रप्रसाद लुइटेल सानैदेखि पढाइका साथसाथै अतिरिक्त क्रियाकलापमा पनि भाग लिने गर्दथे । माध्यमिक तहमा पढ्दा जिल्लास्तरीय निबन्ध प्रतियोगितामा भाग लिई पुरस्कृत भएका लुइटेल विद्यालयमा हुने सबैजसो अतिरिक्त क्रियाकलापमा पनि भाग लिन्थे । क्याम्पस स्तरीय वक्तृत्वकला, वादविवाद, हाजिरी जबाफका साथै चेस, भलिबल, फुटबल, क्यारमबोर्ड, ब्याडमिन्टन, टेबुलटेनिस आदि विभिन्न अतिरिक्त क्रियाकलापहरूमा भाग लिन्थे र विजयी पनि हुन्थे । उनले भाग लिएका क्रियाकलापहरूमा प्रायः उनी नै प्रथम हुने हुनाले उनले भाग लिएको कार्यक्रममा अरू भाग लिन डराउँथे ।[८४] यसका साथै उनी नाटक लेखन, मञ्चन र निर्देशनमा पनि क्रियाशील रहेको देखिन्छ । यस्ता विभिन्न क्रियालापहरूमा संलग्न लुइटेलले प्रशस्तै पदक, पुरस्कार, सिल्ड प्राप्त गरेको पाइन्छ ।

२.९ अन्तर्राष्ट्रिय क्षेत्रमा संलग्नता

खगेन्द्रप्रसाद लुइटेलले स्वदेशमा मात्र नभएर नेपालबाहिर अन्तर्राष्ट्रिय जगत्मा समेत नेपाली भाषासाहित्यको विकास, विस्तार एवं सम्वर्धनका लागि प्रशस्तै कार्य गरेका छन् । उनले गुवाहाटी विश्वविद्यालयको नेपाली एम.ए. को पाठ्यक्रम तयार पारी त्यसको उद्घाटनसमेत गरेको देखिन्छ ।[८५] उनी गुवाहाटी विश्वविद्यालयका एम.ए. नेपाली कार्यक्रमका स्पेसल कोर्स एड्भाइजर तथा एकेडेमिक एड्भाइजरी बोर्ड (निनाद) का सदस्य हुन् ।[८६] उनले त्यहाँको एम.ए. नेपाली पहिलो र दोस्रो वर्षका लागि आवश्यक पाठ्यसामग्री पनि निर्माण गरेका छन् । लुइटेलको नेतृत्वमा तयार पारिएका २१ वटा पुस्तक गुवाहाटी

---

८३. निजी पुस्तकालयमा टाँगिएका सम्मानपत्रबाट प्राप्त जानकारी ।

८४. समालोचक कुमारप्रसाद कोइरालाबाट प्राप्त जानकारी ।

८५. गोपीकृष्ण ढुङ्गाना, *गुवाहाटी विश्वविद्यालयमा एम्.ए. नेपाली पाठ्यक्रम तयार पारे नेपाली प्राध्यापकले,* पूर्ववत्, पृ. ४-५ ।

८६. *आसाममा चम्किँदै नेपाली साहित्य,* **अन्नपूर्ण पोष्ट,** (२०६८ असार २५), पृ. २ ।

विश्वविद्यालयबाट प्रकाशित छन् र उनी ती पुस्तक त्यहाँ अनिवार्य रूपमा पढाइ हुने बताउँछन् । उनले गुवाहाटी विश्वविद्यालय असमद्वारा सञ्चालन प्रारम्भ गरिएको रेडियो ज्योति तरङ्ग र भारत वर्षको अति पुरानो र प्रसिद्ध दरङ्ग कलेज तेजपुर तथा ज्ञानपीठ डिग्री कलेज निकासीद्वारा आयोजित नेपाली एम.ए. कार्यक्रमको उद्घाटन पनि गरेका छन् ।[८७] उनी सिलोङको नेपालीको पाठ्यपुस्तक निर्माण समितिको सल्लाहकारका रूपमा पनि कार्यरत छन् । यसका अतिरिक्त उनी अ.ने.सा.स.का केन्द्रीय सल्लाहकार तथा आजीवन सदस्य, अनेसासको बुलेटिन **अनेसास दर्पण** प्रकाशन समितिको सल्लाहकार (सन् २०१५), हेम-सरिता पाठक फाउन्डेसनद्वारा आयोजित भ्रष्टाचार विरुद्ध बालकविता प्रतियोगिता आयोजक समितिको सल्लाहकार (सन् २०१५), अनेसास विधान संशोधन समितिको संयोजक (सन् २०१५) पनि हुन् । कतिपय नामका मात्र सल्लाहकार हुन्छन् तर उनी भने अ.ने.सा.स.का कामैका सल्लाहकार बनेका छन् । उनी अ.ने.सा.स.का कतिपय आन्तरिक समस्या समाधानमा मध्यस्थकर्तासमेत बनेका छन् ।[८८] उनले एकातिर विशिष्ट सल्लाहकारको भूमिका निर्वाह गरेका छन् भने अर्कातिर अ.ने.सा.स.का कतिपय प्रकाशनमा उनका भूमिका तथा लेख, रचना प्रकाशित छन् । अमेरिकाको वासिङ्टन डिसीमा आयोजित ए.एन.ए. को सम्मेलनमा पनि उनको विशेष सक्रियता रहेको थियो । त्यहाँ र टेक्ससमा पनि उनले डायस्पोरासम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए । उनले अमेरिकामा भएको तेस्रो अन्तराष्ट्रिय साहित्य सम्मेलनलगायत अन्य थुप्रै कार्यक्रममा कार्यपत्रसमेत प्रस्तुत गरेका छन् ।[८९] उनले नेपाली साहित्य प्रतिष्ठान उत्तर अमेरिकाद्वारा अमेरिकाका विभिन्न ठाउँमा आयोजित गोष्ठीका साथै क्यानडा, बेलायत आदि ठाउँमा पनि विभिन्न सङ्घसंस्थाद्वारा आयोजित कार्यक्रममा प्रमुख अतिथि, प्रमुख वक्ता हुनाका साथै नेपाली डायस्पोरा साहित्यबारे कार्यपत्र पनि प्रस्तुत गरिसकेका छन् । विश्वका विभिन्न मुलुकबाट आयोजित साहित्यिक प्रतियोगितामा उनले निर्णायकको भूमिकासमेत निर्वाह गरेका छन् । यसरी हेर्दा लुइटेलले देशभित्र मात्र नभएर नेपाली भाषा र साहित्यसँग सम्बन्धित देशबाहिरका विभिन्न संस्था तथा विश्वविद्यालयका विभिन्न तहमा रहेर काम गरेको देखिन्छ ।

समग्रमा खगेन्द्रप्रसाद लुइटेलले विभिन्न शैक्षिक, प्राज्ञिक, सामाजिक, अनुसन्धानात्मक आदि विभिन्न क्षेत्रमा आफूलाई आबद्ध गरी ती संस्थाहरूमा आफ्नो विद्वता र विशेषज्ञता प्रदर्शन गरी तिनको उत्तरोत्तर विकासमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

२.१० व्यक्तिगत रुचि

खगेन्द्रप्रसाद लुइटेलको विशेष रुचि पढाइलेखाइ र अनुसन्धान कार्यमै बढी देखिन्छ । साहित्यका क्षेत्रमा यिनी विदेशी साहित्यकारहरूमा सेक्सपियर, चेखव, गोर्की, टल्सटाय, सस्युर, याकोब्सन, बार्थ, डेरिडा आदि मन पराउँछन् भने स्वदेशी साहित्यकारहरूमा देवकोटा, सम, रिमाल, भैरव अर्याललगायत स्पष्ट आधुनिक चिन्तन भएका साहित्यकारहरू बढी मन पराउँछन् ।[९०] उनलाई अनावश्यक प्रचार प्रसार गर्ने फाइँफुट्टीवाज

---

८७. *गौहाटीमा नेपाली एम्.ए.*, **अन्नपूर्ण पोष्ट,** (२०६८ माघ २२), पृ. १६ ।

८८. अ.ने.सा.स.का वरिष्ठ उपाध्यक्ष तथा साहित्यकार राधेश्याम लेकालीबाट प्राप्त जानकारी ।

८९. ऐजन ।

९०. मोहन दुवाल, सम्पा., **अक्षरभित्र स्रष्टाहरू खण्ड १**, (बनेपा : जनमत प्रकाशन, २०६७) पृ. ८९ ।

साहित्यकार मन पर्दैन । खगेन्द्रप्रसाद लुइटेलको रुचि अभिनय, मञ्चन र निर्देशनमा पनि रहेको पाइन्छ । विद्यालयमा पढाउँदा कतिपय आफैँ लेखेर अनि कतिपय अरूका नाटक आफ्नै निर्देशनमा मञ्चन गराउँथे । यी कार्यमा पनि पुलिससँग निकै जोगिनु पर्थ्यो तापनि उनी गरी छाड्थे । एम.ए. पढ्दा उनले अभिनय गरेको **हाम्रो देश खोई ?** शीर्षक नाटक निकै चर्चित रह्यो र त्यतिखेरका पत्रपत्रिकाले यिनको सबैभन्दा राम्रो मञ्चन रहेको भन्ने टिप्पणी पनि गरेको देखिन्छ ।

डा. लुइटेल खानपिनमा सादा खाना, हरिया मकै, दही, आलु पिरोरहित स्वच्छ खाना मन पराउँछन्[९१] भने धनियाँ र पुदिना मन पराउँदैनन् । उनका घरको भान्सामा पहिलेदेखि नै लसुन, प्याज, टमटर आदिको प्रयोग नहुने हुँदा अहिले पनि उनी त्यति मन पराउँदैनन् । बाल्यकालमा उनी जमेर डल्ला परेको घिउमा चिनी मिसाएर खान खुब मन पराउँथे भने यतिखेर नियमित रूपमा मौसमी फलफूल खान रुचाउँछन् । सम्पन्न परिवारमा जन्मेहुर्केका लुइटेलको परिवारमा पहिलेदेखि नै घरमा विशेष प्रकारको खाने प्रचलन रहेकोमा अहिले पनि उनी बजारमा पाइनेमध्येको राम्रो चामल खान रुचाउँछन् तर बाहिर जतासुकै खान रुचाउँदैनन् । अहिले पनि यिनी कतिपय चीज व्यक्तिगत रूपमा आफू मात्र प्रयोग गर्न रुचाउँछन् । जुनसुकै सामान चाहिएको बेला तत्कालै भेटिने गरी व्यवस्थित रूपमा राख्ने र जुन सामान जहाँबाट झिकेको हो काम सकिनासाथ त्यही ठाउँमा राख्ने गर्छन् ।[९२] संसारका सबैखाले समाचारबाट अद्यावधिक हुन रुचाउने लुइटेल रेडियो, टिभीका समाचार नियमित रूपमा सुन्नाका साथै फुर्सदमा फेसबुक पनि हेर्छन् । फुर्सदको समयमा गीतसङ्गीत सुन्न रुचि राख्ने लुइटेल मन छुने राष्ट्रिय गीत र शालीन खालका लोकगीत सुन्न मन पराउँछन् । धेरैजसोसँग औपचारिक कुरा मात्र गरे पनि यिनी मन मिल्ने साथीहरूसँग अनौपचारिक ढङ्गले खुलेर गफ गर्ने र ठट्टा गर्ने पनि गर्दछन् ।

लुइटेल पहिलेपहिले निकै महँगा घडी बाँध्न रुचाउँथे भने यतिखेर घडी बाँधे पनि त्यति महँगा बाँध्दैनन् । कपडामा त्यस्तो विशेष सोख देखिँदैन । यिनलाई हल्का खाले प्रायः सबै रङ मनपर्छ । उनी यतिखेर श्रीमती र अन्य साथीभाइहरूले ल्याइदिएका कपडामै सन्तुष्ट रहन्छन् । अध्ययनका क्रममा सानैदेखि बाहिर बाहिर हिँडेकाले घरमा बस्न उति नपाए पनि यिनी घर व्यवहारमा विशेष रुचि राख्छन् । पहिले घोडा चढ्न निकै रुचि राख्ने लुइटेल यतिखेर भने त्यो रुचि नभएको बताउँछन् ।

२.११ व्यक्तिगत स्वभाव र बानीव्यवहार

खगेन्द्रप्रसाद लुइटेल एक कुशल प्राध्यापक, प्रखर समालोचक र स्पष्ट वक्ता हुन् । आर्थिक तडकभडक उनको प्राथमिकतामा पर्दैन, उनी सरलतामै रमाउँछन् । उनी प्राज्ञिक उन्नयनमा जोड दिने स्वाभिमानी प्राध्यापक हुन् । उनमा कहीँ कतै कसैसँग नझुक्ने र अन्यायलाई नस्विकार्ने निर्भीक स्वभाव पाइन्छ ।[९३] कसैको दबाबमा परेर कुनै पनि काम नगर्ने लुइटेललाई ठेगान लगाउँछु भन्नेहरू आफैँ ठेगान लागेका छन् । समयको महत्त्व राम्ररी बुझेका यिनी समयको पूर्ण रूपमा परिपालन गर्दछन् । दिएको समयमा नआउनेसँग भेट गर्दैनन्

---

[९१]. ऐजन ।

[९२]. लीला लुइटेलबाट प्राप्त जानकारी ।

[९३]. रमेश शुभेच्छु, पूर्ववत् ।

त्यसैले उनीसँग समय लिएका व्यक्तिहरू समयमै आइपुग्छन् ।[९४] बोली र व्यवहार एकदमै खरो र स्पष्ट भएका कारण नजिकबाट नचिन्नेहरूका लागि उनी अलि खस्रो स्वभावका जस्तो लाग्ने गर्दछ भने नजिकबाट चिनेपछि सारै सरल लाग्छन् ।[९५] उनमा एकोहोरिएर काम गर्नसक्ने अध्ययनशील र तार्किक क्षमता पाइन्छ ।[९६] मनमा लागेको कुरा ठाडै भन्नसक्ने तथा कुरा नचपाई बोल्ने साहित्यकारका रूपमा चिनिने[९७] लुइटेलमा बोलीका हिसाबले, आवाजका हिसाबले र प्रस्तुति गर्ने कलाका हिसाबले सबैलाई आकर्षित गर्नसक्ने क्षमता रहेको छ ।[९८] आफ्नो अडान राख्ने क्रममा आफूभन्दा सिनियर-जुनियरको पनि वास्ता नगर्ने उनमा निर्भीक र खरो स्वभाव पाइन्छ, ढोँगी र आडम्बरीपन पाइन्न ।[९९] उनी कसैको सस्तो प्रशंसा गर्दैनन् । कसैले हेप्दा पनि हेप्दैनन् र हेपिँदैनन् अनि अरूका गल्ती कमजोरी पनि स्वीकार गर्दैनन् ।[१००] ओझेलमा परेकालाई प्रकाशमा ल्याउने र लडेकालाई उठाउने तथा सांस्कृतिक, पुरातात्विक, साहित्यिक कुरालाई खोजेर अगि बढाउने निस्वार्थी भावना उनमा पाइन्छ ।[१०१] उनी प्रखर वक्ता, सहयोगी र यथार्थवादी वस्तुगत दृष्टिकोण प्रस्तुत गर्ने खरो स्वभावका समालोचक हुन् ।[१०२] सामान्य र सरल व्यक्तित्व भएका लुइटेल परिश्रमी, मेहनती र पेसाप्रति जागरुक रहनाका साथै संस्थागत परिश्रम पनि गर्ने गर्दछन् ।[१०३] कुनै काममा उनी प्रत्यक्ष रूपमा देखापरेपछि पहिले त्यो काम नगर्ने अठोट गरेका र उनलाई रिस गर्नेहरूलाई समेत काम गरिदिऊँदिऊँ बनाउने विचित्रको खुबी उनमा पाइन्छ ।[१०४] उनी सहयोगी, टिमवर्क पनि गर्ने, लप्पनछप्पन नभएको, कुनैपनि कुराको तत्काल प्रतिकार गर्न र आवश्यक परे झगडा पनि गर्नसक्ने एक संवेदनशील, सङ्घर्षशील, लगनशील र अध्ययनशील

---

९४. राजेन्द्र श्रेष्ठ, *नहारेको दिन नहारेको जीवन*, **अन्नपूर्ण पोस्ट**, (२०६३ असोज ९), पृ. ७ ।

९५. (क) पूर्वशिक्षामन्त्री तथा वरिष्ठ साहित्यकार मोदनाथ प्रश्रितबाट प्राप्त जानकारी ।
(ख) एस.पी. तथा साहित्यकार राजुबाबु श्रेष्ठबाट प्राप्त जानकारी ।
(ग) कृष्णहरि बरालबाट प्राप्त जानकारी ।

९६. मोहनराज शर्माबाट प्राप्त जानकारी ।

९७. तेरथुम साब्ला निवासी वरिष्ठ साहित्यकार सूर्य सुवेदीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

९८. पूर्वए.आई.जी.पी. श्यामसिंह थापासँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

९९. (क) त्रिविका पूर्वशिक्षाध्यक्ष प्रा.डा.महेन्द्र सिंहसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।
(ख) एस.पी.तथा साहित्यकार राजुबाबु श्रेष्ठबाट प्राप्त जानकारी ।

१००. साहित्यकार गोपाल पराजुलीबाट प्राप्त जानकारी ।

१०१. पूर्वप्रहरी निरीक्षक हरिभक्त बुढाथोकीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

१०२. (क) एस.पी.तथा साहित्यकार राजुबाबु श्रेष्ठबाट प्राप्त जानकारी ।
(ख) साहित्यकार गोपाल पराजुलीबाट प्राप्त जानकारी ।

१०३. वरिष्ठ साहित्यकार ध्रुवचन्द्र गौतमसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

१०४. नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वप्राज्ञ सदस्य भाउपन्थीबाट प्राप्त जानकारी ।

प्राध्यापक हुन् ।[१०५] टिभी हेर्ने, रेडियो सुन्ने, मान्छेसँग गफ गर्ने र लेख लेख्ने काम एकै समयमा गर्नसक्ने विचित्रको खुबी भएका लुइटेल अध्ययनमा लागेपछि भोक, तिर्खा सबै बिर्सन्छन् । यति भएर पनि उनी घरपरिवारप्रति पनि जिम्मेवार र उत्तरदायी रहेका छन् ।[१०६] सारै मिठो हार्दिक र हँसमुख लाग्ने मान्छे[१०७] डा. लुइटेल क्षमता भएका एकजना राम्रो प्राध्यापक भएकाले उहाँसँग हामीले धेरै कुरा सिक्नुपर्छ[१०८] भन्ने अभिव्यक्तिले पनि उनको स्वभाव र बानीव्यवहारलाई दर्साउँछ । सुरुदेखि नै चित्त नबुझेका विषयमा कसैसँग सम्झौता नगर्ने बानी भएका लुइटेलले विद्यार्थीकालमा सुरुदेखि नै नेपाली विभागमा पहिचान बनाइसकेका थिए ।[१०९] अत्यन्त सहयोगी, मिलनसार, रसिलो एवं फर्स्याइलो स्वभावका व्यक्ति थिए । बीस बाइस वर्षअगि भेट भएको खगेन्द्र लुइटेल र अहिलेको डा. खगेन्द्र लुइटेलको बानीव्यवहारमा कति पनि फरक पाइन उस्तै सरल, उस्तै मिलनसार अनि उस्तै मिजासिलो, राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा ख्याति कमाइसकेको यति ठूलो मान्छे भइसक्दा पनि उहाँको व्यवहारमा अलिकिति पनि परिवर्तन नभएको देख्दा म छक्क पर्ें[११०] भन्ने भनाइले पनि उनको पहिलेदेखि अहिलेसम्मको बानीव्यवहार स्पष्ट हुन्छ । आफूलाई चित्त नबुझेको र मन नपरेको कुरामा खुलेर तत्काल प्रतिक्रिया व्यक्त गर्ने निर्भीक स्वभाव भएका डा. लुइटेलमा सहयोगी भावना पाइन्छ ।[१११] विभागीय प्रमुख भनेको शैक्षिक प्राज्ञिक व्यवस्थापक मात्र हो भन्ठान्ने लुइटेल यही निर्भीक स्वभावका कारणबाटै कतिपय विभागीय प्रमुखहरूसँग आफ्नो मनमुटाव पनि परेको बताउँछन् । उनको लुकाइछिपाई कुरा नगर्ने, आफ्नो साथी हो भन्ने विश्वास गरिसकेपछि जस्तोसुकै सहयोग गर्न पछि नपर्ने, साथीलाई विश्वास गर्ने तर कसैले विश्वासघात गरेमा खुब रिसाउने आदि बानीहरूबाट मानिसहरू उनीबाट प्रभावित हुन्छन् ।[११२] लुइटेल सत्ता र शक्तिमा हुँदा चाकडी गर्ने र अरू बेला बेवास्ता गर्ने र छेपाराले रङ फेरेजस्तो पटकपटक दलबदल गरिरहने अवसरवादी व्यक्तिलाई पटक्कै मन पराउँदैनन् । मानिससँग सीमारहित व्यवहार गरिनुहुन्न र कसैलाई पनि हैसियतभन्दा माथि सम्मान गर्नुहुन्न त्यसलाई उसले ग्रहण गर्न सक्दैन भन्ने लुइटेल आफूले केही व्यक्तिलाई हैसियतभन्दा बढी सम्मान गरेकाले त्यसबाट धोका पाएको बताउँछन् । जीवन सञ्चालनका क्रममा समयको पूर्ण रूपमा पालना गर्ने लुइटेल कसैसँग नडराउने तथा चाकडी, चाप्लुसी नगर्ने र आफूलाई मनमा लागेको कुरा स्पष्ट रूपमा तार्किकताका साथ प्रस्तुत गर्ने व्यक्तिका रूपमा चिनिन्छन् । उनी कसैले गल्ती गरेमा उसलाई क्षमा दिनसक्ने तर कसैले पेलेर तह लगाउँछु भन्ठान्यो भने त्यो कदापि सम्भव नहुने बताउँछन् । उनी अरूले निर्माण गरेको बाटोमा नहिँडी आफ्नो बाटो आफैँ निर्माण गरी हिँड्न रुचाउँछन् ।

---

१०५. नेपाली केन्द्रीय विभागका पूर्वप्रमुख मोहनहिमांशु थापासँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

१०६. श्रीमती लीला लुइटेलबाट प्राप्त जानकारी ।

१०७. खगेन्द्र गिरी कोपिलाद्वारा २०१४ जुन १७ मा फेसबुकमा गरिएको टिप्पणीबाट प्राप्त जानकारी ।

१०८. खगेन्द्र अधिकारी अमृतद्वारा २०१४ जुन १७ मा फेसबुकमा गरिएको टिप्पणीबाट प्राप्त जानकारी ।

१०९. सहपाठी अस्कल क्याम्पसका सहप्राध्यापक मदन गौतमबाट प्राप्त जानकारी ।

११०. जे.बी. अधिकारी, *भन्नै पर्दा,* **अनन्त सौरभ** पूर्ववत्, पृ. ट-ढ ।

१११. तेरथुम थोक्लुङ निवासी वरिष्ठ साहित्यकार रविमान लमजेलबाट प्राप्त जानकारी ।

११२. सहपाठी अस्कल क्याम्पसका सहप्राध्यापक मदन गौतमबाट प्राप्त जानकारी ।

उनी आफैँले बाटो बनाएर हिँड्ने अत्यन्त कठिन चुनौतीपूर्ण कार्य गर्ने [११३] व्यक्ति हुन् । उनमा आफ्नो हैसियतभन्दा माथिको काममा हात नहाल्ने तर आफूले हात हालेको काम फत्ते गरेरै छाड्ने प्रवृत्ति पाइन्छ । उनी आफूले थालेको काम पूरा नगरुन्जेलसम्म भोक, तिर्खा, निन्द्रा लागेको पनि वास्ता गर्दैनन् ।

विभिन्न आइडी बनाएर फेसबुकको वाल र इन्बक्समा अनावश्यक कुरा लेखेको पटक्कै मन नपराउने लुइटेल युगले दिएका सञ्चार माध्यम फेसबुक पनि चलाउँदा यसको सही सदुपयोग गर्नुपर्नेमा जोड दिन्छन् । यससम्बन्धी उनको भनाइ यस्तो छ :[११४]

> प्रोफाइलमा आफ्नो फोटो नराखी अनेक हिराहिरी, बच्चाबच्ची, मूर्ति आदि अनेक थोक राख्ने तथा आफ्नो यथार्थ लुकाउन चाहने व्यक्तिहरूले कृपया मलाई फ्रेन्ड रिक्वेस्ट पठाएर दुख दिने कष्ट नगर्नु होला । आफ्नो पहिचानमा समेत शङ्का भएका व्यक्ति साथी हुनुको कुनै अर्थ छैन । अपरिचित व्यक्ति पनि समयक्रममा परिचित भई साथी बन्न सक्छ तर आफूबारे नै आत्मविश्वास नभएकाहरू पूर्वपरिचित नै भए पनि कसैको साथी बन्न सक्दैन । आफ्नो काम नभएका बेला अरूलाई डिस्टर्ब गर्ने साधनका रूपमा फेसबुक चलाउने कष्ट नगरौं । फेसबुक सूचनाको सम्प्रेषण गर्ने राम्रो साधन हो यसर्थ यसलाई दुरूपयोग नगर्नु कल्याणकारी हुन्छ ।

पटकपटक आग्रह गरी लेख मागेर छाप्ने र त्यसको पारिश्रमिकको त के कुरा लेखक प्रतिसमेत नदिने व्यक्तिप्रति लुइटेल असन्तुष्ट देखिन्छन् । उनले आफ्नो असन्तुष्टि यसरी प्रस्तुत गरेका छन् : [११५]

> विभिन्न पत्रपत्रिका र पुस्तकमा प्रकाशनार्थ लेखरचना माग्ने आदरणीय महानुभावहरू, लेखरचना माग्ने बेलामा पटकपटक फोन वा इमेल गर्ने अनि लेखरचना छापिएपछि पारिश्रमिकको त के कुरा छापिएको एक प्रति पत्रिका वा पुस्तकसमेत उपलब्ध नगराउने प्रचलन बढ्दै गएकोमा म आश्चर्यचकित भएको छु । कतिपयलाई त पटकपटक फोन वा इमेल गर्दा पनि लेखक प्रति नपठाइदिँदा म झन् छक्क पर्छु । लेख टाइप गरेर इमेल गरी पठाउन कतिको कष्टकर हुन्छ त्यो भोग्नेलाई राम्रै जानकारी हुनुपर्छ । जुनसुकै लेखकलाई आफ्नो लेख छापिएको प्रति हेर्न र राख्न मन लाग्छ । दिनदिनैजस्तो लेख्नुपर्ने हुनाले कुन लेख कसलाई पठाइयो भन्ने सम्झना हुँदैन र कहिलेकाहीं उही लेख दोहोरिन पनि सक्छ । यस्ता समस्या मलाई मात्र होइन अरू लेखकलाई पनि आइपरेको हुनुपर्छ । लेखक प्रतिसमेत उपलब्ध गराउन नसक्ने महानुभावहरूले चाहिँ अब उप्रान्त मसँग लेख माग्ने कष्ट नगर्नु होला भन्ने मेरो विनम्र आग्रह छ ।

सम्पादनका नाममा आफ्ना लेखको शीर्षक फेरिदिने र अनावश्यक काटकुट गरी लेखको मूल अभिप्राय नै बिगारिदिने सम्पादक, अन्तर्वार्तामा आफूले नभनेका कुरा लेखिदिने पत्रकार, लेखाइएको भूमिकामा आलोचनात्मक टिप्पणी गरिएको अंश झिकेर प्रशंसामूलक टिप्पणी मात्र छाप्ने लेखकलाई लुइटेल पटक्कै मन पराउँदैनन् । लुइटेलको निम्नलिखित भनाइले पनि यही कुराको पुष्टि गर्छ ।

---

[११३]. लक्ष्मणप्रसाद गौतम, *संरचनावादी समालोचनाको पहिलो ग्रन्थ,* (**मधुपर्क**, ३८/११, २०६२ चैत), पृ.२२ ।

[११४]. खगेन्द्रप्रसाद लुइटेलद्वारा सन् २०१४ जनवरी ३० मा फेसबुकको वालमा लेखेको टिप्पणीबाट प्राप्त जानकारी ।

[११५]. खगेन्द्रप्रसाद लुइटेलद्वारा सन् २०१४ नोभेम्बर ३ मा फेसबुकको वालमा लेखेको टिप्पणीबाट प्राप्त जानकारी ।

समग्रमा खगेन्द्रप्रसाद लुइटेल खरो स्वभावका निर्भीक स्पष्ट र प्रखर वक्ता, अध्ययनशील र लगनशील प्राध्यापक, सिनियर-जुनियर नहेरी आफ्नो स्पष्ट दृष्टिकोण प्रस्तुत गर्ने, आर्थिक तडकभडकभन्दा प्राज्ञिक उन्नयनमा जोड दिने, समयको पूर्णरूपमा परिपालन गर्ने, कसैको दबाबमा परेर काम नगर्ने, भनाइ र गराइमा फरक नपार्ने बोली र व्यवहार एकदमै खरो र स्पष्ट भएका प्रतिभाशाली चिन्तक, प्राध्यापक तथा समालोचकका रूपमा चिनिन्छन् ।

२.१२ भ्रमण

खगेन्द्रप्रसाद लुइटेल भ्रमणप्रिय व्यक्ति भए पनि उनी कामको सिलसिलामा बाहेक विशुद्ध घुम्ने हिसाबले भने कतै गएका छैनन् ।[११६] उनी सर्वप्रथम २०२८ सालतिर आफ्नो गाउँ छोडेर धरान, धनकुटा हुँदै पैदल यात्रा गरी घरबाट निकै टाढा पर्ने इटहरी बजार गएका थिए । त्यहाँ पठनपाठनका क्रममा गएका भए पनि यसलाई उनको पहिलो पटकको भ्रमण नै मान्न सकिन्छ । साँगुरी डाँडाबाट धरान बजारमा गुडेका गाडी साना घरजस्तो लागेको बताउने लुइटेलले यही यात्राका क्रममा पहिलो पटक गाडी र बिजुलीबत्ती देखेका थिए । उनी आई.ए. परीक्षा दिएर शैक्षिक भ्रमणमा धरान, विराटनगरसम्म पुगेका थिए । आई.ए. उत्तीर्ण गरेपछि बी.ए. पढ्ने उद्देश्यले उनी २०३६ सालमा बाइरोडको बाटो हुँदै काठमाडौँ आएका थिए । २०३९ सालमा श्री ५ को सरकार शिक्षा मन्त्रालय शिक्षा स्रोत केन्द्र धनकुटाबाट तेरथुम जिल्लाका अङ्ग्रेजी भाषा शिक्षकहरूलाई दिइएको सेवाकालीन तालिम सम्पन्न भएपछि काठमाडौँ, पोखरालगायतका विभिन्न ठाउँमा पुगेका लुइटेलले काठमाडौँका विभिन्न विद्यालयमा पर्यवेक्षणसमेत गरेको पाइन्छ । विदेशी संस्थाको लागत रहेको उक्त भ्रमणमा भ्रमण भत्ता पनि मासिक तलबभन्दा निकै बढी रकम थियो ।

लुइटेलले नेपाल अधिराज्यका विभिन्न स्थानहरूको भ्रमण गरेका छन् । उनले एक वर्षे बि.एड् पढ्दा आफ्नै संयोजकत्वमा पोखरा, गोर्खालगायत बीचका महत्वपूर्ण स्थलहरूको भ्रमण गरेका छन् ।[११७] उनी एस.एल.सी.को विशेष पर्यवेक्षक तथा क्याम्पस स्तरीय विभिन्न तहको परीक्षा सञ्चालनमा पर्यवेक्षक, आन्तरिक र बाह्य निरीक्षक भएर नेपालका धेरै जिल्ला पुगेका छन् । विभिन्न साहित्यिक कार्यक्रमहरूमा प्रमुख अतिथि, प्रमुख वक्ता तथा कार्यपत्र प्रस्तोताका रूपमा पनि उनले थुप्रै ठाउँमा घुमेका छन् ।[११८] विशेष गरी पैदल कम घोडा, बस, रेल, हवाइजहाज आदिबाट स्वदेश तथा विदेशका विभिन्न ठाउँमा भ्रमण गरेको बताउने लुइटेल यतिखेर बसबाट यात्रा गर्न त्यति रुचि नलाग्ने बताउँछन् ।

स्वदेशका अतिरिक्त खगेन्द्रप्रसाद लुइटेलले भारत, चीन, भुटान, बर्मा, बेलायत, अमेरिका, क्यानडालगायत मध्यपूर्वका बहराइन, साउदी अरब, कतारलगायत थुप्रै देशहरूको भ्रमण गरेका छन् । उनले दक्षिण भारतको भ्रमण धार्मिक पर्यटकका रूपमा तथा उत्तरपूर्वी भारतको असम क्षेत्रका गुवाहाटी, तेजपुर, निकासी, सिलोङ आदि विभिन्न ठाउँको भ्रमण गौहाटी विश्वविद्यालयको नेपाली एम.ए.को पाठ्यक्रम एवं पाठ्यपुस्तक निर्माण तथा त्यस कार्यक्रमको उद्घाटनका क्रममा गरेका छन् । उनले चीन र भुटानको पनि

---

११६. खगेन्द्रप्रसाद लुइटेल, **बार वर्षपछि हनिमुन**, *मेरो भन्नु*, (काठमाडौँ : पैरवी प्रकाशन, २०६८) ।

११७. त्रिवि केन्द्रीय शिक्षण विभागका प्रमुखहरूको सभा सदस्यसचिवको कार्यालयको २०४४ फागुन २७ को पत्रानुसार ।

११८. विभिन्न संस्थाबाट विभिन्न मितिमा लेखिएका पत्रबाट प्राप्त जानकारी ।

भ्रमण गरेका छन् । नेपाली राजदूतावासको निमन्त्रणामा विशिष्ट आतिथ्य एवं साहित्यिक सम्मान ग्रहण गर्ने क्रममा बर्मा पुगेका लुइटेलले त्यस अवसरमा त्यहाँको याङ्गुन, नेपिटो, मान्डलेलगायतका विभिन्न ठाउँको अध्ययन भ्रमण गरेका छन् । अ.ने.सा.स., ए.एन.ए., गैरआवासीय नेपाली सङ्घ, नेपाली साहित्य प्रतिष्ठान उत्तर अमेरिकालगायतका साहित्यिक संस्थाहरूद्वारा आयोजित विभिन्न कार्यक्रमहरूमा प्रमुख अतिथि, प्रमुख वक्ता, कार्यपत्र प्रस्तोता र डायस्पोरा साहित्यको विशेषज्ञ भएर बेलायत, अमेरिका, क्यानडालगायतका मुलुकमा पुगेका लुइटेलले ती देशका विभिन्न ठाउँमा भ्रमण गरेका छन् ।[११९] यस्तैगरी उनले नेपाली राजदूतावास बहराइन र त्यहाँको नेपाली समाजको निमन्त्रणामा बहराइन, साउदी अरबलगायत मध्यपूर्वका विभिन्न खाडी मुलुकको पनि भ्रमण गरेका छन् । यसरी हेर्दा लुइटेलले विशुद्ध पर्यटक भएर नभई विभिन्न साहित्यिक, प्राज्ञिक, शैक्षिक कामकै सिलसिलामा स्वदेश तथा विदेशको थुप्रै ठाउँको भ्रमण गरेको देखिन्छ ।

भ्रमणबाट यताको साहित्यिक गतिविधिबारे यता जानकारी गराउन र उताको गतिविधिबारे जानकारी लिनका साथै उताकालाई उत्प्रेरणा पनि जगाउन सकिन्छ भन्ने धारणा रहेका लुइटेलको भ्रमणले साहित्यिक क्षेत्रमा पनि प्रशस्तै सहयोग पुऱ्याएको पाइन्छ । राष्ट्र, राष्ट्रियता र विश्वविद्यालयको गरिमाप्रति सदैव सचेत लुइटेल देशबाहिरका औपचारिक कार्यक्रमहरूमा सधैँ दौरासुरुवाल, कोट नै लगाउने गर्दछन् ।[१२०]

खगेन्द्रप्रसाद लुइटेलको भ्रमणमा भूगोल कस्तो छ भन्ने कुराले माने राख्दैन । उनी नेपाली भएको ठाउँ, नेपाली जाति, भाषा र संस्कृति जीवित भएको ठाउँका साथै त्यो हराउन लागिसकेको ठाउँमा त्यसको जगेर्ना गर्ने उद्देश्यबाट त्यस्ता क्षेत्रमा भ्रमण गर्ने गर्दछन् । उनले नेपाली भाषा र साहित्यको विकास र विस्तार गर्न तथा आप्रवासी नेपाली साहित्य/डायस्पोरिक नेपाली साहित्यलाई अर्थ्याउन र त्यसको अवस्थाबारे अध्ययन गर्नाका साथै नेपाली भाषासाहित्यको प्रचारप्रसार र विश्वव्यापीकरणका लागि भ्रमण गरेका छन् । विदेशबाट निमन्त्रणा आएजति सबै ठाउँमा भ्रमण गर्न समय नभएर कतिलाई टार्नपरेको बताउने लुइटेल सोद्देश्यमूलक ढङ्गबाट भ्रमण गर्छन् । व्यक्तिगत स्वार्थ पूर्तिका लागि संस्था र पदको दुरूपयोग गर्नु एकदमै बेठीक भएको बताउने लुइटेललाई विदेश भ्रमणका क्रममा त्यहाँका सबैजसो सङ्घसंस्थाले भव्यताका साथ सम्मान गरेका र सञ्चार माध्यमले पनि महत्त्वका साथ अन्तर्वार्ताका रूपमा उनका विचार प्रसारण गरेको पाइन्छ ।

स्वदेश र विदेश दुवै भ्रमणलाई विषयवस्तु बनाएर उनले थुप्रै नियात्रा लेखेका छन् । उनको **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रह भ्रमणमै आधारित कृति हो र अन्य नियात्रा पनि थुप्रै प्रकाशित छन् भने बेलायत, अमेरिका आदि देशका भ्रमणमा आधारित नियात्रा सङ्ग्रह प्रकाशोन्मुख रहेको जानकारी पाइन्छ । उनको स्वदेश तथा विदेश भ्रमण व्यक्तिगत नभएर साहित्यिक एवं संस्थागत रहेको र त्यसले नेपाली साहित्यको प्रचारप्रसार र अन्तर्राष्ट्रियकरणमा विशिष्ट भूमिका खेलेको देखिन्छ ।

२.१३ अविस्मरणीय क्षणहरू

खगेन्द्रप्रसाद लुइटेलको जीवनको सबैभन्दा अविस्मरणीय क्षण भनेको उनलाई जसले त्रिभुवन विश्वविद्यालयमा जागिर खान दिन्न भनेका थिए उनैको ठाउँमा नियुक्ति पाएको दिन हो । यो उनको अविस्मरणीय मात्र नभएर सफलताको क्षण पनि हो । कक्षा तीनमा स्कुलमा सर्वप्रथम भई एक रूपैयाँ पुरस्कार पाउँदा र सबैले अबिर लगाइदिँदा उनको खुसीको सीमा नै रहेको थिएन । त्यसपछि सधैँ सर्वप्रथम हुँदै छात्रवृत्ति र विद्वतवृत्ति पाइरहँदा पनि उनलाई सामान्य नै लाग्न थाल्यो । फाक्चामारामा अध्ययन गरेका बेला

---

११९. अ.ने.सा.स., ए.एन.ए.लगायतका विभिन्न संस्थाले विभिन्न मितिमा त्रिविलाई पठाएका पत्रबाट प्राप्त जानकारी ।

१२०. फेसबुकमा राखिएका फोटाहरूबाट प्राप्त जानकारी ।

शुक्रबार घर फर्किँदा त्यहीँ स्कुल नजिकैको अँधेरी खोलाका दहमा साथीहरूसँग पौडी खेल्न पस्दा डुबेको र साथीहरूले बचाएको क्षण तथा फाक्चामाराबाट घर फर्किँदा बीचबाट तिर पर्ने लम्बु खोलो एक्लै तर्न खोज्दा खोलाले बगाएको र केही तल लगेर पानीले हुत्याएर किनारातिर फ्याँकिदिएको क्षण पनि उनका जीवनका अविस्मरणीय क्षण नै हुन् । धनकुटा बहुमुखी क्याम्पसमा आई.ए. पढ्दा राजा वीरेन्द्रसँग भेट हुँदा उनले आफ्ना कुरा सुनेर हाँसीहाँसी अनेक प्रश्न सोधेको र आफूले सोभै उत्तर दिएको सुनी प्रभावित भएर अर्को दिन क्याम्पसका नाममा छात्रवृत्ति दिनू भन्ने चिठी आएको तर आफू प्रथम विद्यार्थी भएकाले जेहेनदार छात्रवृत्ति पाइरहेकोमा यसको खासै अर्थ नभए पनि यो एउटा स्मरणीय घटना भएको बताउने लुइटेलको धनकुटा बहुमुखी क्याम्पसको स्वर्वियुको निर्वाचनमा निर्वाचित भइसकेपछि सर्वप्रथम टेलिफोन समातेर कुराकानी गरेको क्षण पनि अविस्मरणीय नै रहेको छ । विद्यार्थी जीवनमा राजनीतिक कार्यक्रमको लागि जनकपुर जाँदा होटलमा सामान राखी पोखरीलाई सङ्केत चिह्न राखेर घुम्न निस्किएको र जताजतै पोखरी भएकोले गर्दा निकै बेर अल्मलिएर अर्को होटल खोज्ने तरखरमा लाग्दा आफू त्यही होटलमा आइपुगेको घटना पनि लुइटेलको जीवनको अविस्मरणीय क्षण नै बनेको छ ।[१२१]

अङ्ग्रेजी सेवाकालीन शिक्षकका रूपमा विभिन्न विद्यालयको अवलोकन गर्ने सिलसिलामा काठमाडौँ आउँदा धारामा तातोपानीले नुहाएको घटना पनि लुइटेलका लागि स्मरणीय रहेको छ । एकपटक पार्टीद्वारा दिइने राजनैतिक प्रशिक्षणका बेला भात काँचो भएकोमा विरोध जनाउँदा आफूलाई आत्मालोचना गर्नुपर्ने भनिएकोमा मार्क्सवादको कुन सिद्धान्तमा काँचो भात खानुपर्छ भन्ने प्रश्न गर्दै आफूले कुनै गल्ती नगरेको बताएपछि प्रशिक्षक नै आत्मालोचना गर्न बाध्य भएको घटना पनि लुइटेल स्मरणीय रहेको बताउँछन् । रसा प्लान पाउँदा त्यो छाडेर राजनीतिमा लाग्नु, अमेरिकी प्रोजेक्टमा जागिर पाई अमेरिका जाने अवसर र त्रिविको सहायक प्राध्यापक पदको नियुक्तिमध्ये कुनलाई छान्ने भन्ने कुरामा दोधार हुँदा त्रि.वि.को सहायक प्राध्यापक छान्नु पनि लुइटेलका जीवनका अविस्मरणीय क्षण नै हुन् । वासुदेव लुइटेलसँग पहिलो पटक मदन पुरस्कार गुठीमा भेट हुँदा तत्कालीन विभागीय प्रमुखसँग टक्कर लिएर युनिभर्सिटीमा पढाउने खगेन्द्र लुइटेल एउटा अजङ्ग जिउडालको धम्मरधुस र भुसतिघ्रे होला भन्ठानेको त त्यसको ठीक विपरीत दुब्लो, पातलो, गोरो चिटिक्क परेको पो रहेछ[१२२] भनेको प्रसङ्ग पनि उनका लागि अविस्मरणीय रहेको छ । जेलमा परेका साथीहरू छुटाउन डेलिगेसन गएका बेला तपाईंहरूका साथीलाई छोड्दिन्छु जानुहोस् भनेर बाहिर गेटमा नपुग्दै पक्रेर जेल चलान गरेको घटना पनि उनको अविस्मरणीय क्षण हो ।

श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्रको विषय समितिमा रहँदा कक्षा नौ र दसको पुस्तकका लेखकका रूपमा छानिएका व्यक्तिले निर्धारित समयमा पुस्तक लेखन कार्य सम्पन्न गर्न नसक्दा सम्बन्धित निकायले समस्या समाधानका लागि पहल गर्दा लुइटेलले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको प्रसङ्ग[१२३] लाई उनी अविस्मरणीय क्षणका रूपमा लिन्छन् । विद्यावारिधि गर्ने सिलसिलामा तत्कालीन अवस्थामा विभागबाट

---

१२१. खगेन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

१२२. खगेन्द्रप्रसाद लुइटेल, *नेपाली हास्यव्यङ्ग्यका जिजु वासुदेव लुइटेल– जिन्दावाद* सुषमा आचार्य, सम्पा. **वासुदेव लुइटेल स्मृतिग्रन्थ**, (अमेरिका : अनेसास, २०६८), पृ. ६८ ।

१२३. शिवप्रसाद उप्रेतीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

अध्ययन बिदा उपलब्ध नहुने अवस्थामा एकैचोटी त्रिभुवन विश्वविद्यालयबाट दीर्घावधिक विद्वत्वृत्तिमा छनोट भई स्वत: बिदा पाएको सन्दर्भ पनि उनका लागि स्मरणीय रहेको छ ।[१२४]

२.१४ सुखदुखका स्मरणीय क्षणहरू

सुखमा हाँस्नु र दुखमा रुनु मानवीय व्यवहार भए पनि आत्तिनु, पात्तिनु र मात्तिनु स्वास्थका लागि हानिकारक हुन्छ भन्ने खगेन्द्रप्रसाद लुइटेल कुनै बेला सुख पाइयो भनेर पात्तिने र मात्तिने अनि दुख पाइयो भनेर आत्तिने गर्दैनन् । सुखदुखलाई जीवनका सामान्य चक्रवत् घटना ठान्ने लुइटेल जीवनमा एकदमै सुख र एकदमै दुखकोक्षणको अनुभूति नभएको बताउँछन् । आफू फाक्चामारामा चक्रजङ निरौलाको घरमा बसेर पढ्दा उनकै छोरो आफ्नो सहपाठी साथीले कुप्पी छेलेर पढ्न बाधा पुऱ्याउँदा उनकी हजुरआमाले अर्कै कुपी बालिदिने गरेको र ती हजुरआमाले आफ्ना नातिलाई भन्दा आफूलाई बढ्ता माया गर्ने गरेको सुखद क्षण उनको मस्तिष्कमा ताजै छ । एस.एल.सी.को परीक्षाफल प्रकाशित हुँदाको समयका घटना उनको जीवनका विशेष सुख र दुखका क्षणहरू हुन् ।[१२५] आफ्नो विद्यालय आफूभन्दा दुई वर्षअगि लगातार निल गएको र त्यस वर्ष पनि निल गएमा काटिने अवस्थामा पुगेको थियो । एस.एल.सी. को परीक्षाफल प्रकाशित हुँदा सुरुमा त्यो वर्ष पनि निल गयो भन्ने समाचार आयो । त्यसबेला थप शोधखोजका लागि कुनै सञ्चार साधन थिएन । त्यस रात उनी निदाएनन्, यो यिनको जीवनको सबैभन्दा दुखको क्षण बनेको थियो तर त्यसको भोलिपल्ट त्यो ब्याजमा यिनी मात्र उत्तीर्ण भएको र स्कुल पनि काटिनबाट जोगिएको समाचार आयो र यो नै उनको जीवनको सबैभन्दा खुसीको क्षण पनि बन्यो र त्यस रात पनि उनी निदाएनन् ।[१२६] एस.एल.सी. उत्तीर्ण गरेपछि आई.ए. भर्नाका क्रममा नागरिकता लिने बेलामा सानो भएका कारण उत्पन्न झमेलालाई पनि उनी स्मरणीय क्षणका रूपमा लिन्छन् ।

कक्षा नौमा पढ्दा घरबाट खर्च गर्नाका लागि दिएको एकदुई पैसा जोगाएर जम्मा गरेको दस रूपैयाँ एकजना सहपाठी साथीले सापटी मागेको र त्यो पैसा नतिरेको घटना, एकजना मित्रले धनकुटा जेलमा रहेका बेला जेलबाट छुटकारा पाउनाका लागि धरौटीबापत तिरिदिएको पैसा अहिलेसम्म नतिरेको, सार्वजनिक रूपमा ठूलैमा नाम दरिएका थुप्रै व्यक्ति र नेताहरूले लिएको ऋण नतिरेको प्रसङ्ग, आफूले लेखेका किताबमा अरूको पनि नाम राखिदिएर सहलेखक बनाइदिएका व्यक्तिले सम्पूर्ण लेखकस्व एक्लै खाएको सन्दर्भ, जग्गा किन्न वा घर बनाउन लिएको ऋणसमेत नतिरेको र उल्टै सम्बन्ध विच्छेद गरेको प्रसङ्ग आदि उनको जीवनका दुखद स्मरणीय क्षणहरू हुन् । यस्तैगरी एकपटक आफू दुर्घटनामा पर्दा स्वास्थ्य उपचारका लागि दुर्घटना गर्ने व्यक्तिबाट प्राप्त भएको रकम आफूले उपलब्ध गराउन सहयोग पुऱ्याएको भन्दै केही अंश आफूले आदर गरेकै नजिकको ठानिएको मान्छेले लिएको घटनालाई उनी अत्यन्त अमानवीय र दुखद क्षण ठान्छन् ।[१२७] यसरी धेरैले आफ्नो कमाइको ठूलै रकम खाइदिए पनि उनी आफू कहिल्यै नआत्तिएको बताउँछन् ।

---

१२४. खगेन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

१२५. ऐजन ।

१२६. ऐजन ।

१२७. ऐजन ।

आफू जीवनमा प्राविदेखि उच्च तहसम्म नै सदैव सर्वप्रथम भएको र एम.ए. प्रथम वर्षमा पनि सर्वप्रथम भएको तर दोस्रो वर्षमा योजनाबद्ध रूपमा तत्कालीन विभागीय प्रमुखले प्रथम हुन नदिएको घटनालाई लुइटेल दुखद क्षण मान्दै त्यसपछाडिका घटनाक्रमले आफू नै प्रथम भएको पुष्टि भएको र आफूलाई त्यसो गर्नेले पश्चात्ताप बोधसमेत गरेकोमा खुसी व्यक्त गर्छन् । पिएच.डी.मा नाम दर्ता भइसक्दा पनि तत्कालीन विभागीय प्रमुखले अध्ययन बिदा दिन अस्वीकार गरेकै बेला आफू त्रिविबाट दीर्घावधिक विद्वत्वृत्तिमा छानिई स्वतः बिदा प्राप्त गरेको घटना पनि उनका लागि सुखद स्मरणीय क्षण बन्नपुगेको छ । विश्वविद्यालय सेवामा प्रवेश नै दिन्न भन्ने व्यक्तिकै ठाउँमा विश्वविद्यालय प्रवेशको पहिलो नियुक्तिपत्र प्राप्त गरेको र प्राध्यापक पदको अन्तर्वार्तामा पनि विशेषज्ञका रूपमा उनी नै भएका बेला आफू प्राध्यापक भएको सन्दर्भलाई आफ्नो जीवनको खुसीको क्षण ठान्ने लुइटेल आफूलाई कतैबाट केही गर्न नसके पनि श्रीमतीलाई विश्वविद्यालय सेवामा प्रवेश नदिएको सन्दर्भलाई भने दुखद क्षणका रूपमा लिन्छन् ।[१२८] थुप्रै पुस्तकका लेखक लुइटेल आफूलाई मन नपराउनेहरूले पनि आफ्ना किताब किनेर गाता लगाई पढेको थाहा पाउँदा खुसी व्यक्त गर्छन् । यी सबै घटनाहरू नै उनका जीवनका सुखदुखका क्षण बन्न पुगेका छन् ।

२.१५ जीवनदर्शन

जीवनलाई सङ्घर्षशील यात्राका रूपमा लिने खगेन्द्रप्रसाद लुइटेल जीवनमा कुनै पनि क्षण उम्केपछि फेरि फर्केर नआउने हुनाले जुनसुकै काम गर्दा भोलि भन्न नहुने सकेसम्म आज र अहिल्यै गर्नुपर्छ भन्ने मान्यता राख्छन् । जुनसुकै कामलाई निर्धारित समयमा सक्नुपर्छ र भोलिका लागि साँच्न हुँदैन भन्ने उनी त्यस कुरालाई आफ्नो व्यवहारमा पनि लागु गर्दछन् । सादा जीवन र उच्च विचारमा जोड दिने लुइटेल आर्थिकभन्दा प्राज्ञिक उन्नयनमा जोड दिनुपर्ने कुरा बताउँछन् ।[१२९] जीवनप्रति सदैव सकारात्मक दृष्टिकोण राख्ने लुइटेल be positive and see positive भन्ने मान्यता राख्छन् । उनी जीवनमा आत्तिनु, पात्तिनु र मात्तिनु स्वास्थ्यका लागि हानिकारक हो भन्ठान्छन् । अनावश्यक फुर्क्याएर मान्छे बिगार्ने काम गर्नुहुन्न भन्ने दृष्टिकोण राख्ने लुइटेल दिनानुदिन मानवता ह्रास हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै त्यसको जगेर्नाको अपेक्षा गर्छन् । मानवतावादी दृष्टिकोणका पक्षपाती लुइटेल समानता र स्वतन्त्रताको पक्षमा रहे पनि आफ्नो स्वतन्त्रताको उपयोग गर्दा अर्काको स्वतन्त्रतालाई पनि ध्यान दिनुपर्छ भन्ने मान्यता राख्छन् ।[१३०]

कतिपय कुरामा तत्काल प्रतिक्रिया व्यक्त गर्नाले केही नोक्सानी बेहोर्नु परेको भए पनि त्यसमा पश्चात्ताप नभएको बताउने लुइटेल कसैलाई सुधार्नु उपयुक्त ठाने तत्काल प्रतिक्रिया व्यक्त गर्ने र उसलाई ठेगान लगाउनु आवश्यक ठाने कुनै प्रतिक्रिया व्यक्त नगरी त्यसका लागि थप योजना निर्माण गर्छन् । उनी हरेक कार्यको निर्णय आफैँ गर्छन् र त्यसबाट आउने परिणामप्रति कहिल्यै पश्चात्ताप गर्दैनन् । कुनै गम्भीर विषयमा भने उनी नजिकका साथीभाइ, इष्टमित्रसँग सल्लाह लिन्छन् तर अन्तिम निर्णय भने आफैँ गर्छन् र त्यसबाट जस्तो परिणाम आए पनि पटक्कै चिन्तित हुँदैनन् ।[१३१]

---

१२८. ऐजन ।

१२९. रमेश शुभेच्छु, पूर्ववत्, पृ १२ ।

१३०. खगेन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

१३१. ऐजन ।

हरेक व्यक्तिसँगको सम्बन्ध इस्यु बेस्ड हुनुपर्छ, कुनै एउटा इस्युमा कसैसँग नराम्रो भयो भन्दैमा ऊसँग सधैँ नराम्रो नै हुनुपर्छ भन्ने छैन, उसका अन्य सबै गतिविधि र सकारात्मक कार्यमा राम्रो सम्बन्ध पनि हुनसक्छ भन्ने लुइटेलको दृष्टिकोण गुणदोषका आधारमा सबैसँग समान व्यवहार गर्नुपर्छ भन्ने रहेको छ । राम्रो सम्बन्ध भएका बेलाको गोपनीयता सम्बन्धमा सामान्य कटुता आउनेबित्तिकै पहिलेका गोपनीयता सबै भङ्ग गर्नु राम्रो होइन भन्दै गोपनीयता भङ्ग गर्ने र विश्वासघात गर्ने व्यक्तिलाई मन नपराउने लुइटेल पहिले धेरैलाई विश्वास गर्दा धोका पाएकाले यतिखेर ज्यादै कमलाई मात्र विश्वास गर्छन् । ब्याक बाइटिङ पटक्कै मन नपराउने लुइटेल जसलाई जे भन्नु छ त्यो अगाडि नै भनिदियो रिसाउने, खुसाउने, सुध्रिने, नसुध्रिने सब उसको कुरा हो भन्ठान्छन् । कमजोर व्यक्तिसँग लडेर जित्नुभन्दा बलवान्सँग लडेर बराबरी हुनु वा हार्नु उत्तम ठान्ने उनी लुइटेल हैसियत नभएका व्यक्तिसँग वादविवाद गरेर समय खेर फाल्नु निरर्थक ठान्छन् ।[१३२] वर्तमानमा बसेर अतीतबाट पाठ सिक्दै भविष्यतर्फ क्रियाशील रहनु उपयुक्त हुन्छ[१३३] भन्ने लुइटेल अतीतलाई हेरेर चिन्ता लिने होइन त्यसबाट शिक्षा लिएर भविष्यतर्फ अग्रसर हुनु उत्तम हो भन्ने दृष्टिकोण राख्छन् ।

विद्यार्थी जीवनभर राजनीतिमा सक्रिय रहेका लुइटेल हाल कुनै पनि राजनीतिक पार्टीमा नरहे तापनि मार्क्सवादी दर्शनमा विश्वास राख्छन् र मार्क्सवादी चिन्तनको आलोचनात्मक समर्थन गर्छन् । उनी धर्मप्रति कट्टरता नभए पनि हिन्दु धर्ममा आस्था राख्छन् । कसैलाई हानिनोक्सानी नहुने गरी परम्परित धर्म, संस्कार, सामाजिक मूल्यमान्यताप्रति आस्था र सम्मान गर्नुपर्छ भन्ने उनको दृष्टिकोण रहेको छ । वाम राजनीतिमा लागेर जीवन बिताएका गोविन्द भट्ट, भवानी घिमिरेलगायतका विद्वान्हरूले गरेको गुनासोलाई स्मरण गर्दै एक थोक भनेर अर्को थोक गर्नेसँग यिनी सदैव टाढा रहन्छन् । दीक्षान्त समारोहमा राजासँग खिचिएको फोटो सोफामुनि लुकाएर कमरेड हुने वृत्तिप्रति उनी घृणा व्यक्त गर्छन् ।[१३४]

विद्यार्थी, शोधार्थी र अन्य कतिपय साथीभाइलाई पहिले आफूसँग भएका पुस्तक, पत्रपत्रिका, शोधपत्र आदि दिएर सहयोग गर्ने लुइटेल कतिपयले लिएका आफ्ना सामग्री फिर्ता नगर्ने वा अङ्गभङ्ग पारेर फिर्ता गर्ने गरेकाले त्यसबाट चिन्तित भई कसैलाई सामग्री दिएर सधैँका लागि सम्बन्ध बिगार्नुभन्दा सामग्री नदिएर नै सम्बन्ध यथावत् राख्नु कल्याणकारी ठानी यतिखेर कसैलाई पनि सामग्री दिन रुचाउँदैनन् ।[१३५]

विश्वविद्यालयमा जागिर सुरु गर्नेबित्तिकैदेखि नेपाली विषयमा दुई समूह भन्दै वरिष्ठहरूले आफूलाई एउटा समूहको नेता बनाई प्रतिद्वन्दीका रूपमा लिएकाले आफू कहिल्यै कनिष्ठ हुन नपाएको बताउने लुइटेल यस सन्दर्भबाट सुरुमै सिनियरसँग प्रतिस्पर्धा भएकोजस्तो देखिए पनि उनी विद्यार्थी जीवनदेखि अहिलेसम्म आफ्नो कोही प्रतिस्पर्धी नभएको र आफ्नो प्रतिस्पर्धी आफैँ भएको बताउँछन् । कुनै पनि विद्यार्थीलाई राजनैतिक आस्थाका आधारमा भेदभाव गर्ने प्रचलनका तीव्र विरोधी लुइटेल सबै विद्यार्थीसँग समान व्यवहार गर्ने गर्छन् । आफ्नो कामप्रति पूर्ण निष्ठावान् हुनुपर्छ भन्ठान्ने लुइटेलले तीन वर्ष अध्ययन बिदाबाहेक अन्य स्वाध्यायन आदि

---

१३२. ऐजन ।

१३३. रोहित गौतम, *असममा नेपाली भाषा साहित्यको भविष्य उज्ज्वल छ,* (**सपरिवार**, ५/२, २०११ मे), पृ ५९ ।

१३४. खगेन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

१३५. ऐजन ।

बिदा नलिई कामप्रतिको निष्ठालाई पुष्टि गरेका छन् । आफ्नो विभागका प्रमुखहरूले आफूलाई ठूलो प्रशासक ठान्ने गरेकोमा असन्तुष्टि व्यक्त गर्दै विभागीय प्रमुख भनेको शैक्षिक प्राज्ञिक व्यवस्थापक मात्र हो भन्ठान्ने लुइटेलसँग यसै कारणबाट कतिपय विभागीय प्रमुखहरूसँग मनमुटाव पनि हुने गरेको देखिन्छ ।

२.१६ साहित्यिक दृष्टिकोण

भाव, विचार वा घटनाको यथार्थाश्रित सौन्दर्यमूलक भाषिक संरचनालाई साहित्य मान्ने खगेन्द्रप्रसाद लुइटेल साहित्यको अन्तिम परिभाषा नहुने हुँदा साहित्यको परिभाषा समय र युगसापेक्ष हुने कुरा व्यक्त गर्छन् ।[१३६] लुइटेलको परिभाषामा विभिन्न भाव, विचार, घटना, प्रसङ्ग आदिलाई भाषाका माध्यमबाट गद्य वा पद्यमा प्रस्तुत गरी विधा विशेषको कृतिगत स्वरूप प्रदान गर्नुलाई साहित्य भनिन्छ । उनका दृष्टिकोणमा मानवीय चिन्तनमा आधारित मानवोपयोगी भावधारा साहित्य हो र जुनसुकै सन्दर्भबाट भए पनि यो जीवनोपयोगी हुनुपर्छ । खासमा आधुनिक साहित्य युगीन यथार्थको प्रकटीकरणमा केन्द्रित हुनुपर्छ । साहित्य मानव सिर्जना भएकाले यो ज्ञानार्जन वा अन्य कुनै सन्दर्भबाट भए पनि मानवका लागि उपयोगी हुनैपर्छ ।[१३७] उनी अबको लेखन वस्तुवादी, यथार्थवादी, समय र समाजसापेक्ष अनि जिम्मेवारपूर्ण (स्रष्टा र समालोचक) हुनुपर्ने बताउँछन् ।[१३८] नेपाली जाति र भाषा अब नेपालमा मात्र सीमित नरही संसारभर फैलिसकेकाले अब महाजाति र महाभाषा भइसकेको हुँदा यसैअनुरूप भाषासाहित्यको उत्थान गर्नुपर्छ भन्ने दृष्टिकोण राख्ने लुइटेलले विदेशमा बस्ने नेपालीहरू धर्म र जातका आधारमा नभई सब नेपाली जाति भएर बस्नुपर्छ, सकेसम्म सबै मिलेर बस्ने नसके झगडाचाहिँ नगर्ने सन्देश प्रवाह गरेका छन् । सबै भाषा र जातिको साहित्य एवं सस्कृतिलाई सम्मान गर्नुपर्छ र ती सबै मिलेर राष्ट्रिय संस्कृति बन्छ[१३९] भन्ने उनको दृष्टिकोण रहेको छ । यी सबै सन्दर्भबाट हेर्दा उनी विशिष्ट चिन्तकका रूपमा देखिन्छन् ।

२.१७ लेखन तथा प्रकाशन

खगेन्द्रप्रसाद लुइटेलले थुप्रै पुस्तकाकार एवं फुटकर कृतिहरूको लेखन तथा प्रकाशन गरेका छन् । उनको लेखनमा प्रकाशित कृतिहरूलाई तल विभिन्न शीर्षकमा प्रस्तुत गरिन्छ ।

---

१३६. मोहन दुवाल, पूर्ववत् ।

१३७. डी.डी. अधिकारी, *साहित्यको परिभाषा फरक छ*, **प्रस्फुटन**, (७/७, २०६४ पुस) पृ. १३०-१४० ।

१३८. दीपक सुवेदी, *खगेन्द्र लुइटेलदेखि डा. खगेन्द्र लुइटेलसम्म*, **नेपाल पृष्ठभूमि**, (२०६६, वैशाख ५) पृ. ३ ।

१३९. खगेन्द्रप्रसाद लुइटेलले युरोप अमेरिका भ्रमणका बेला विभिन्न सञ्चार माध्यमलाई दिएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

२.१७.१ लेखनका लागि प्रेरणा र प्रभाव

खगेन्द्रप्रसाद लुइटेलले लेखनमा कुनै पनि निश्चित व्यक्तिबाट प्रेरणा र प्रभाव ग्रहण गरेको पाइँदैन । युगको प्रभावले उनलाई साहित्य सिर्जनातर्फ अग्रसर गरायो । उनको जन्म उच्चशिक्षित परिवारमा भएकोले गर्दा सानैदेखि उनी पढाइमा राम्रो थिए । उनी विद्यार्थी जीवनदेखि नै कविता लेख्ने गर्थे । उनको लेखाइलाई पनि सबैले राम्रो मान्थे ।[१४०] उनी राजनीतिक सङ्गठनका प्रतिवेदनहरू पनि तयार पार्ने काम गर्थे । उनी प्राध्यापन पेसामा प्रवेश गर्नेबित्तिकैदेखि उनलाई प्रत्येक वर्ष बेग्लाबेग्लै विषयमा पढाउन दिइएकाले ती विभिन्न विषय राम्रो तयारीका साथ पढाउने क्रममा प्रत्येक विषयका पुस्तक बनेको र तीमध्ये कतिपयमा विभिन्न व्यक्तिहरूको आग्रहमा तिनीहरूको समेत नाम राखी छापिएको बताउने लुइटेल आफूलाई सुरुदेखि नै पेसाले जिम्मेवार लेखक बनाएको बताउँछन् । युगका विसङ्गति देखेर श्यामव्यङ्ग्यात्मक निबन्ध, कथा र कविता लेख्न अनि विभिन्न ठाउँमा गरिएको भ्रमणको अनुभूतिले नियात्रा लेख्न अग्रसर भएका लुइटेल प्राध्यापन पेसाका साथै अग्रजहरूका चरम प्रभाववादी समालोचनाले आफूलाई वस्तुवादी समालोचना लेखनमा अग्रसर गराएको ठान्छन् । लेखन क्षेत्रमा लाग्नको प्रेरक तत्त्व भने उनको प्रतिभा तथा आफ्नै घरपरिवार र आफूमा भएको त्यस क्षेत्रप्रतिको रुचि र लगाव नै रहेको देखिन्छ । प्रतिभाशाली दिग्गज लेखकका रूपमा देखापरेका लुइटेलले हात हालेका जतिका साहित्यिक लेखनमा सफलता प्राप्त गरेका छन् ।[१४१]

२.१७.२ लेखनको प्रारम्भ र प्रकाशनको थालनी

खगेन्द्रप्रसाद लुइटेल सानैदेखि कविता लेखी विद्यालयका विभिन्न कार्यक्रमहरूमा सुनाउने गर्थे । घरायसी परिवेशले नै उनको लेखनको प्रारम्भमा सहयोग पुऱ्याएको देखिन्छ । उनले श्री रत्न मिडिल स्कुल सोल्माबाट २०२९ सालमा आफ्नै प्रधान सम्पादकत्वमा प्रकाशित हस्तलिखित पत्रिका **रत्नज्योति**मा *विद्यार्थी* शीर्षकको कविता प्रकाशित गरी साहित्यिक यात्रा प्रारम्भ गरेका हुन् । यसभन्दा अगि र पछि पनि लेखिएका यिनका प्रारम्भकालीन रचनाहरू हाल उपलब्ध छैनन् । उनले विद्यार्थी जीवनमा राजनीतिक विषयक विभिन्न लेख तथा कार्यपत्रहरू लेखेको पाइए पनि ती प्रकाशित छैनन् । २०४० को दशकदेखि उनका विभिन्न फुटकर रचना तथा पुस्तकाकार कृति प्रकाशनको थालनी भएको देखिन्छ । उनका हालसम्म प्रशस्तै पुस्तकाकार एवं फुटकर कृतिहरू प्रकाशित भइसकेका छन् ।

---

१४०. खगेन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

१४१. एस.पी. तथा साहित्यकार राजुबाबु श्रेष्ठबाट प्राप्त जानकारी ।

२.१८ प्रकाशित कृतिहरू

कविता विधाका माध्यमबाट २०२९ सालमा साहित्ययात्रा प्रारम्भ गरेका खगेन्द्रप्रसाद लुइटेलको साहित्ययात्राले वर्तमानसम्म आइपुग्दा चार दशकभन्दा बढी समयावधि पार गरिसकेको छ। हालसम्ममा यिनका सयभन्दा बढी पुस्तकाकार कृति तथा प्रशस्तै अनुसन्धानमूलक समालोचना, समीक्षा, निबन्ध, प्रबन्ध, कविता, कथा आदि प्रकाशित भइसकेका छन्। समालोचना, निबन्ध, प्रबन्ध, कविता, कथा आदि साहित्यका विविध विधामा कलम चलाएका लुइटेलले गुणात्मक र सङ्ख्यात्मक रूपमा भने विशेषतः समालोचना र निबन्ध विधामा विशिष्टता हासिल गरेका छन्। उनका प्रकाशित कृतिहरूमध्ये केही सहलेखनजस्ता देखिए पनि ती सहलेखन नभएर एकल लेखन नै हुन्। उनी विश्वविद्यालयमा प्रवेश गरेपछि प्रत्येक वर्ष बेग्लाबेग्लै पाठ्यांश पढाउन दिइएको र उनले ती ती विषयका पुस्तक लेखेको देखिन्छ र उनी पढाउँदा सधैँ आफ्नै पुस्तकबाट पढाउँछन्। उनले केही कृतिहरूको सम्पादन पनि गरेका छन्। सिर्जना र समालोचना दुवै क्षेत्रमा संलग्न लुइटेलका प्रकाशित पुस्तकाकार कृति तथा फुटकर लेखरचनाहरूको सूची तल बेग्लाबेग्लै उपशीर्षकमा प्रस्तुत गरिन्छ :

२.१८.१ प्रकाशित पुस्तकाकार कृतिहरू

खगेन्द्रप्रसाद लुइटेलले साहित्यका समालोचना, निबन्ध, प्रबन्ध, कविता, कथा आदि विभिन्न विधामा कलम चलाएका छन्। तीमध्ये गुणात्मक र सङ्ख्यात्मक दुवै दृष्टिले समालोचना र निबन्धका क्षेत्रमा उनको विशिष्ट योगदान रहेको छ। लुइटेलद्वारा लिखित थुप्रै पुस्तकहरू नेपाल, भारतलगायत विभिन्न ठाउँका विद्यालय र विश्वविद्यालयमा पठनपाठन हुने गरेका छन्। उनी आफ्ना पुस्तकको सेटिङ, प्रुफ संशोधन सबै आफैँ गर्छन्। थुप्रै पुस्तकहरू लेखिसकेका लुइटेल पुस्तक छाप्ने कुनै समस्या नभएको र अहिलेसम्म आफ्नो पैसा खर्च गरेर एउटै पुस्तक नछापेका बताउँछन्। प्रकाशक नभएकाले किताब नलेखेको भन्नेहरूलाई उनी बेकार ठान्छन्। राम्रो लेखे छाप्न समस्या हुन्न जोसुकैले छाप्छन् र राम्रै बिक्छन् भन्ने लुइटेल पदोन्नतिका लागि अरूका सारसुर गरेर केही प्रति निकाल्ने तर ती पुस्तक बजारमा नहुने र त्यस्ता पुस्तकको मूल्याङ्कनबाट पदोन्नति हुने प्रचलन पटक्कै रुचाउँदैनन्। कविता लेखनबाट औपचारिक रूपमा साहित्यिक क्षेत्रमा प्रवेश गरेका लुइटेलका हालसम्म प्रकाशित विभिन्न विधा र क्षेत्रसँग सम्बन्धित साहित्यिक कृतिहरूको कालक्रमिक विवरण तल दिइन्छ :

शीर्षक	विधा	प्रकाशक	प्रकाशन वर्ष
१. **गाइड** (अङ्ग्रेजीबाट नेपालीमा अनुवाद)	उपन्यास	साहित्य गुठी	२०४९
२. **शोधविधि**	समालोचना	साझा प्रकाशन	२०५२
३. **ध्वनिविज्ञान र वर्णविज्ञान**	भाषाविज्ञान	नवीन प्रकाशन	२०५३
४. **नेपाली प्रकृति प्रत्यय कोश**	शब्दकोश	विद्यार्थी पुस्तक भण्डार	२०५३
५. **नेपाली बृहत् शब्दकोश** (संशोधन-परिमार्जन)	शब्दकोश	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०५३
६. **नेपाली कविता**	पाठ्यपुस्तक	विद्यार्थी पुस्तक भण्डार	२०५४
७. **नेपाली एकाङ्की**	पाठ्यपुस्तक	विद्यार्थी पुस्तक भण्डार	२०५४
८. **नेपाली कवि र कविता**	पाठ्यपुस्तक	ऋभुविभु प्रकाशन	२०५४
९. **नेपाली निबन्ध**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०५४
१०. **हाम्रो नेपाली किताब**, कक्षा ८ (संशोधन-परिमार्जन)	पाठ्यपुस्तक	पाठ्यक्रम विकास केन्द्र	२०५४
११. **नेपाली कविता र आख्यान**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०५५
१२. **नेपाली गद्य, भाषासाहित्य र इतिहास**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०५५
१३. **नेपाली गद्य र भाषासाहित्य**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०५५
१४. **नेपाली कविता, नाटक र इतिहास**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०५६
१५. **हाम्रो नेपाली किताब**, कक्षा ९ (संशोधन-परिमार्जन)	पाठ्यपुस्तक	पाठ्यक्रम विकास केन्द्र	२०५६
१६. **हाम्रो नेपाली किताब**, कक्षा १०(संशोधन-परिमार्जन)	पाठ्यपुस्तक	पाठ्यक्रम विकास केन्द्र	२०५६
१७. **आधुनिक नेपाली समालोचना**	समालोचना	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०५७
१८. **भाषासाहित्य सिद्धान्त**	भाषासाहित्य	कलम प्रकाशन	२०५७
१९. **हाम्रो नेपाली किताब**, कक्षा ६ (संशोधन-परिमार्जन)	पाठ्यपुस्तक	पाठ्यक्रम विकास केन्द्र	२०५८
२०. **कोशविज्ञान**	कोशविज्ञान	प्रस्तुति प्रकाशन	२०५८
२१. **हाम्रो नेपाली किताब**, कक्षा ६ (संशोधन-परिमार्जन)	पाठ्यपुस्तक	पाठ्यक्रम विकास केन्द्र	२०५९
२२. **पहरी भाषा संस्कृति**	भाषा	मदन पुरस्कार गुठी	२०५९
२३. **नेपाली भाषाव्याकरण र नाटक**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०६०
२४. **नेपाली काव्य र साहित्य**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०६०
२५. **नेपाली गद्य**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०६०
२६. **आधुनिक भाषाविज्ञान**	भाषाविज्ञान	विद्यार्थी पुस्तक भण्डार	२०६०
२७. **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**	समालोचना	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०६०
२८. **सनत रेग्मीका प्रतिनिधि कथा** (सम्पा.)	कथा	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०६०
२९. **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन** (सम्पा.)	भाषा	रत्न पुस्तक भण्डार	२०६१
३०. **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**	समालोचना	विद्यार्थी पुस्तक भण्डार	२०६१

३१. **प्रयोजनपरक विशेष नेपाली**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०६१
३२. **कविताको संरचनात्मक विश्लेषण**	समालोचना	विद्यार्थी पुस्तक भण्डार	२०६२
३३. **लोकवार्ताविज्ञान र लोकसाहित्य**	लोकसाहित्य	विद्यार्थी पुस्तक भण्डार	२०६३
३४. **डा. बल्लभमणि दाहालका रचनाहरू** (सम्पा.)	भाषा	डा. सुभद्रा शर्मा	२०६३
३५. **हाम्रो नेपाली कक्षा नर्सरी**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
३६. **हाम्रो नेपाली कक्षा एल केजी**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
३७. **हाम्रो नेपाली कक्षा यु केजी**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
३८. **हाम्रो नेपाली कक्षा १**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
३९. **हाम्रो नेपाली कक्षा २**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
४०. **हाम्रो नेपाली कक्षा ३**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
४१. **हाम्रो नेपाली कक्षा ४**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
४२. **हाम्रो नेपाली कक्षा ५**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
४३. **हाम्रो नेपाली कक्षा ६**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
४४. **हाम्रो नेपाली कक्षा ७**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
४५. **हाम्रो नेपाली कक्षा ८**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
४६. **नेपाली व्याकरण कक्षा १**	पाठ्यपुस्तक	रिडमोर प्रकाशन	२०६६
४७. **नेपाली व्याकरण कक्षा २**	पाठ्यपुस्तक	रिडमोर प्रकाशन	२०६६
४८. **नेपाली व्याकरण कक्षा ३**	पाठ्यपुस्तक	रिडमोर प्रकाशन	२०६६
४९. **नेपाली व्याकरण कक्षा ४**	पाठ्यपुस्तक	रिडमोर प्रकाशन	२०६६
५०. **नेपाली व्याकरण कक्षा ५**	पाठ्यपुस्तक	रिडमोर प्रकाशन	२०६६
५१. **नेपाली व्याकरण कक्षा ६**	पाठ्यपुस्तक	रिडमोर प्रकाशन	२०६६
५२. **नेपाली व्याकरण कक्षा ७**	पाठ्यपुस्तक	रिडमोर प्रकाशन	२०६६
५३. **नेपाली व्याकरण कक्षा ८**	पाठ्यपुस्तक	रिडमोर प्रकाशन	२०६६
५४. **नेपाली व्याकरण कक्षा ९-१०**	पाठ्यपुस्तक	रिडमोर प्रकाशन	२०६६
५५. **नेपाली काव्य समालोचना**	समालोचना	पैरवी प्रकाशन	२०६७
५६. **नेपाली नाट्य समालोचना**	समालोचना	पैरवी प्रकाशन	२०६७
५७. **नेपाली गीत गजल भाग १**	समालोचना	साझा प्रकाशन	२०६७
५८. **देवकोटापूर्वका नेपाली कविता**	पाठ्यपुस्तक	गुवाहाटी युनिभर्सिटी, असम	सन् २०१०
५९. **देवकोटाउत्तरका नेपाली कविता**	पाठ्यपुस्तक	गुवाहाटी युनिभर्सिटी, असम	सन् २०१०
६०. **मोहन कोइराला उत्तरका नेपाली कविता**	पाठ्यपुस्तक	गुवाहाटी युनिभर्सिटी, असम	सन् २०१०
६१. **समपूर्वका नेपाली नाटक**	पाठ्यपुस्तक	गुवाहाटी युनिभर्सिटी, असम	सन् २०१०

६२. **समउत्तरका नेपाली नाटक**	पाठ्यपुस्तक	गुवाहाटी युनिभर्सिटी, असम	सन् २०१०
६३. **पूर्वआधुनिक नेपाली साहित्यको इतिहास**	पाठ्यपुस्तक	गुवाहाटी युनिभर्सिटी, असम	सन् २०१०
६४. **आधुनिक नेपाली साहित्यको इतिहास**	पाठ्यपुस्तक	गुवाहाटी युनिभर्सिटी, असम	सन् २०१०
६५. **लोकसाहित्य**	पाठ्यपुस्तक	गुवाहाटी युनिभर्सिटी, असम	सन् २०१०
६६. **पूर्वीय साहित्य सिद्धान्त**	पाठ्यपुस्तक	गुवाहाटी युनिभर्सिटी, असम	सन् २०१०
६७. **पाश्चात्य साहित्य र समालोचना सिद्धान्त**	पाठ्यपुस्तक	गुवाहाटी युनिभर्सिटी, असम	सन् २०१०
६८. **देवकोटापूर्वका आख्यानेत्तर गद्य**	पाठ्यपुस्तक	गुवाहाटी युनिभर्सिटी, असम	सन् २०१०
६९. **नेपाली निबन्ध समालोचना**	समालोचना	पैरवी प्रकाशन	२०६८
७०. **पाश्चात्य साहित्य सिद्धान्त**	समालोचना	विद्यार्थी पुस्तक भण्डार	२०६८
७१. **लोकसाहित्य परिचय**	लोकसाहित्य	विद्यार्थी पुस्तक भण्डार	२०६८
७२. **चाउरिएको जिन्दगी**	निबन्ध	विद्यार्थी पुस्तक भण्डार	२०६८
७३. **बार वर्षपछि हनिमुन**	निबन्ध	पैरवी प्रकाशन	२०६८
७४. **नेपाली उपन्यासको इतिहास**	समालोचना	नेपाल प्रज्ञा प्रतिष्ठान	२०६९
७५. **हरिहर शास्त्रीका प्रमुख कविता** (सम्पा.)	कविता	शास्त्रीमार्ग टोल उपभोक्ता समिति	२०६९
७६. **बरालको आँसु** (सम्पा.)	कविता	साझा प्रकाशन	२०६९
७७. **मेरो नेपाली किताब कक्षा नर्सरी**	व्याकरण	एसिया पब्लिकेसन	२०७०
७८. **मेरो नेपाली किताब कक्षा एल केजी**	व्याकरण	एसिया पब्लिकेसन	२०७०
७९. **मेरो नेपाली किताब कक्षा यु केजी**	व्याकरण	एसिया पब्लिकेसन	२०७०
८०. **मेरो नेपाली किताब कक्षा १**	व्याकरण	एसिया पब्लिकेसन	२०७०
८१. **मेरो नेपाली किताब कक्षा २**	व्याकरण	एसिया पब्लिकेसन	२०७०
८२. **मेरो नेपाली किताब कक्षा ३**	व्याकरण	एसिया पब्लिकेसन	२०७०
८३. **मेरो नेपाली किताब कक्षा ४**	व्याकरण	एसिया पब्लिकेसन	२०७०
८४. **मेरो नेपाली किताब कक्षा ५**	व्याकरण	एसिया पब्लिकेसन	२०७०
८५. **मेरो नेपाली किताब कक्षा ६**	व्याकरण	एसिया पब्लिकेसन	२०७०
८६. **मेरो नेपाली किताब कक्षा ७**	व्याकरण	एसिया पब्लिकेसन	२०७०

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित विभिन्न वर्षमा विभिन्न प्रकाशन संस्थाबाट प्रकाशित उपर्युक्त पुस्तकहरूको विवरण हेर्दा उनका कृतिहरू समालोचना, लोकसाहित्य, भाषाविज्ञान, व्याकरण, कोश, निबन्ध, पाठ्यपुस्तक आदि विविध विषयक्षेत्रसँग सम्बन्धित रहेका छन् । यति धेरै पुस्तकाकार कृति कमै व्यक्तिका मात्र प्रकाशित भएका पाइन्छन् । समालोचना क्षेत्रमा विशेष सक्रिय लुइटेलका धेरै कृतिहरू समालोचनाकै रहेका छन् भने उनका पाठ्यपुस्तक र सम्पादित कृतिमा पनि समालोचनात्मक दृष्टिकोण पाइन्छ । उनका **शोधविधि, ध्वनिविज्ञान र वर्णविज्ञान, आधुनिक नेपाली समालोचना, कोशविज्ञान, आधुनिक भाषाविज्ञान, कविता सिद्धान्त**

र नेपाली कविताको इतिहास, डा. बल्लभमणि दाहालका भाषिक चिन्तन, पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, कविताको संरचनात्मक विश्लेषण, लोकवार्ताविज्ञान र लोकसाहित्य, डा. बल्लभमणि दाहालका रचनाहरू, नेपाली काव्य समालोचना, नेपाली नाट्य समालोचना, नेपाली निबन्ध समालोचना, पाश्चात्य साहित्य सिद्धान्त, लोकसाहित्य परिचय, नेपाली उपन्यासको इतिहास, नेपाली गीत गजल भाग १, देवकोटापूर्वका नेपाली कविता, देवकोटाउत्तरका नेपाली कविता, मोहन कोइरालाउत्तरका नेपाली कविता, समपूर्वका नेपाली नाटक, समउत्तरका नेपाली नाटक, पूर्वआधुनिक नेपाली साहित्यको इतिहास, आधुनिक नेपाली साहित्यको इतिहास, लोकसाहित्य, पूर्वीय साहित्य सिद्धान्त, पाश्चात्य साहित्य र समालोचना सिद्धान्त, देवकोटापूर्वका आख्यानेत्तर गद्यलगायतका विभिन्न पुस्तकहरू विभिन्न विश्वविद्यालयको उच्च तहको पाठ्यक्रममा पाठ्पुस्तक एवं पाठ्यसामग्रीका रूपमा समाविष्ट छन् भने **हाम्रो नेपाली, नेपाली व्याकरण, मेरो नेपाली किताब**का शृङ्खला विद्यालय तहको पाठ्यक्रममा पाठ्पुस्तकका रूपमा रहेका छन् । उनका कतिपय कविता, कथा, निबन्ध, समालोचना आदि रचना प्राथमिकदेखि उच्च तहसम्मको विभिन्न तहका पाठ्यक्रममा समाविष्ट छन् । आफ्ना सबैजसो पुस्तकलाई मन पराउने लुइटेल **कविता सिद्धान्त र नेपाली कविताको इतिहास, कोशविज्ञान, कविताको संरचनात्मक विश्लेषण, नेपाली उपन्यासको इतिहास**जस्ता कृतिलाई विशेष मन पराउँछन् र यसप्रकारका पुस्तक सधैँ लेख्न नसकिने बताउँछन् ।[१४२]

पुस्तक विमोचन गरी प्रचारप्रसार गर्ने कार्यलाई उति महत्व नदिने लुइटेलका केही कृतिहरू भने विमोचन गरिएका पनि छन् । सर्वप्रथम उनको **कोशविज्ञान**को विमोचन गरिएको हो । यसको विमोचन समारोहमा प्रा.डा. बल्लभमणि दाहाल, प्रा.डा. केशवप्रसाद उपाध्याय, तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपति मोहन कोइरालालगायतका विशिष्ट विद्वान्हरूले यस कृतिलाई वर्षौंवर्षको मिहिनेतको प्रतिफल भनेर प्रशंसा गरेका थिए तर उनी त्यो पुस्तक आफ्नो पिएच.डी.को थेसिस टाइप गर्दागर्दै हार्डडिस्क बिग्रिएको पीडामा एक हप्ताजतिमा लेखिएको बताउँछन् । यसपछि उनीद्वारा सम्पादित **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन, डा. बल्लभमणि दाहालका रचनाहरू, हरिहर शास्त्रीका प्रमुख कविता** र **बरालको आँसु**जस्ता पुस्तकहरू विमोचित भए । **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन, डा. बल्लभमणि दाहालका रचनाहरू**को विमोचनमा नेपालका मात्र नभएर विदेशका समेत विभिन्न लब्धप्रतिष्ठित विद्वान्हरूको उपस्थिति थियो र सबैले यस कार्यको खुलेर प्रशंसा गरेका थिए । **हरिहर शास्त्रीका प्रमुख कविता**को विमोचनमा उनी कार्यपत्र प्रस्तुतिका लागि लमजुङ गएकाले उनको अनुपस्थितिमै यसको विमोचन भएको थियो । **बरालको आँसु**को विमोचन अनेसास नेपाल च्याप्टरको आयोजनामा नेपाल पुलिस क्लबमा विशिष्ट साहित्यकार तथा वरिष्ठ प्रहरी अधिकृतहरूको उपस्थितिमा भएको थियो । हराउन लागेका प्रतिभालाई प्रकाशमा ल्याएको भन्दै त्यहाँ उपस्थित सबैले खुसी व्यक्त गर्दै लुइटेललाई उच्चसम्मान गरेका थिए । यी सबै पुस्तकको विमोचन कार्यक्रमको आयोजना अरूले नै गरिदिएको भन्ने लुइटेलको भनाइ रहेको छ । यीबाहेक उनी आफ्ना अन्य कृतिको विमोचन तथा अनावश्यक प्रचारप्रसार नगरिए पनि राम्रै बिकेको बताउँछन् । कृति उपयोगी भएपछि अनावश्यक विज्ञापन आवश्यक पर्दैन त्यसै बिक्छ भन्ने कुरा उनका थुप्रै कृतिहरू अनेक संस्करण प्रकाशित

---

१४२. खगेन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

हुनुले पनि पुष्टि गर्छ । सञ्चारलाई उति महत्त्व नदिने र खोज्दै नहिँड्ने लुइटेललाई नै सञ्चारले महत्त्व दिएर खोज्दै हिँडेको देखिन्छ ।[१४३]

खगेन्द्रप्रसाद लुइटेलका माथि उल्लेख गरिएका कतिपय पुस्तकहरूमा सहलेखक/सहसम्पादकका रूपमा लीला लुइटेल, मोहनराज शर्मा, देवीप्रसाद गौतम, कृष्णविलास पौड्याल, भागवत ढकाल, गोविन्दराज भट्टराई आदिका नाम पनि रहेका छन् । तीमध्ये **शोधविधि**, **नेपाली कविता र आख्यान, नेपाली गद्य, भाषासाहित्य र इतिहास, नेपाली गद्य र भाषासाहित्य, नेपाली कविता, नाटक र इतिहास, नेपाली भाषाव्याकरण र नाटक, नेपाली काव्य र साहित्य, नेपाली गद्य, आधुनिक भाषाविज्ञान, पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, प्रयोजनपरक विशेष नेपाली, लोकवार्ताविज्ञान र लोकसाहित्य** आदि पुस्तक लुइटेल र मोहनराज शर्माको सहलेखनमा तयार भएका देखिन्छन् । यीबाहेक विद्यालय तहको **हाम्रो नेपाली** नामक पुस्तक शृङ्खलामा मोहनराज शर्मा र गोविन्दप्रसाद शर्माको समेत नाम रहेको देखिए पनि यसमा यी दुवैजना लेखक नभएर मोहनराज शर्मा संयोजक सल्लाहकार तथा गोविन्दप्रसाद शर्मा सहयोगी मात्र रहेको देखिन्छ ।[१४४] लुइटेलको नेतृत्व र लेखनमा गौहाटी विश्वविद्यालयबाट प्रकाशित केही कृतिमा समेत अरूको नाम देखिन्छ तर लुइटेलको "मलाई स्पेसल कोर्स एड्भाइजर बनाएर विश्वविद्यालयले छापेका ११ वटा पुस्तक देख्दा म आफ्नो परिश्रम सार्थक भएकोमा निकै प्रफुल्ल भएँ । पुस्तक पल्टाएर हेर्दा आफूले तयार गरेका पाठ्यसामग्रीमा कामै नगरेका अन्य कतिपय व्यक्तिका नाम देख्दाचाहिँ खिन्नताबोध भयो । मैले यतै पनि कामै नगरेका कतिपय व्यक्तिलाई नाम र दाम दुवै दिएको थिएँ । यो रोग उतापटि पनि सल्किएको रहेछ । मैले युनिभर्सिटी अथोरिटीसँगै यसो गर्नुको कारण सोधेँ । कतिपयले यस्तो गरिएको भन्ने थाहै नपाएको बताए भने कतिपयले चाहिँ कामको जिम्मा दिइएका कतिपय व्यक्तिले कामै नगरी पहिले नै भुक्तानी लिइसकेकाले यसो गर्न बाध्य भएको बताए । मेरो कुराबाट डाइरेक्टर कन्दर्प दासचाहिँ निकै गम्भीर बनेका थिए । त्यहाँ कुरो दामको थिएन, मात्र नामको थियो ।"[१४५] भन्ने भनाइले यी सबै पुस्तक वास्तविक सहलेखनमा तयार नभएको देखिन्छ ।

नेपालको विभिन्न तहका पाठ्यपुस्तक तथा गुवाहाटी विश्वविद्यालयद्वारा प्रकाशित पाठ्यपुस्तकहरू खगेन्द्रप्रसाद लुइटेल र लीला लुइटेलको सहलेखन एवं सहसम्पादनमा थुप्रै कृति प्रकाशित छन् । यसबाहेक लुइटेलले विभिन्न व्यक्तिसँगको सहकार्यमा **नेपाली बृहत् शब्दकोश, हाम्रो नेपाली किताब** कक्षा छदेखि दससम्मको विभिन्न वर्षमा संशोधन-परिमार्जन गरेका छन् । उनले आफूद्वारा सम्पादित सबै कृतिमा स्पष्ट छुट्टिने भाषामा लामै समालोचनात्मक सम्पादकीय भूमिका पनि लेखेका छन् ।

---

१४३. नवराज लम्सालले २०७० सालमा रेडियो नेपालका लागि लिएको विशेष अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

१४४. (क) २०६४ माघ २८ गते पालुवा प्रकाशन प्रा.लि.सँग भएको सम्झौताबाट प्राप्त जानकारी ।

(ख) शृङ्खलाका सबै पुस्तकमा पालुवा प्रकाशन प्रा.लि.द्वारा लेखिएको प्रकाशकीयबाट प्राप्त जानकारी ।

१४५. खगेन्द्रप्रसाद लुइटेल, *नेपाली एम.ए. उद्घाटनमा गुवाहाटी जाँदा,* **चाउरिएको जिन्दगी**, (काठमाडौँ : पैरवी प्रकाशन,२०६८), पृ. ९७ ।

यी सबै सन्दर्भलाई हेर्दा माथि उल्लेख गरिएका सबैजसो कृतिहरू खगेन्द्रप्रसाद लुइटेलको एकल लेखन र एकल सम्पादनमा तयार पारिएका देखिन्छन् । पुस्तक लेखनका क्रममा अरूको नाम राखिदिएर आफूले ठूलो भुक्तमान सहनुपरेको र धेरैबाट ठगिएको हुनाले अब उप्रान्त जो पायो त्योसँग सहलेखन नगर्ने लुइटेलको भनाइ रहेको छ ।

२.१८.२ पत्रपत्रिका तथा पुस्तकमा प्रकाशित फुटकर लेखरचनाहरू

प्रशस्तै पुस्तकाकार कृतिका लेखक खगेन्द्रप्रसाद लुइटेलका थुप्रै समालोचना, कृति समीक्षा, निबन्ध, प्रबन्ध, कविता, कथा आदि विभिन्न समयमा विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका पत्रपत्रिका र पुस्तकहरूमा प्रकाशित छन् । उनका स्वदेशी तथा विदेशी विभिन्न पत्रपत्रिकाहरूमा दुई सयभन्दा बढी अनुसन्धानमूलक समालोचनात्मक लेखहरू, थुप्रै निबन्ध एवं प्रबन्धहरू, केही कथा, कविता र बालसाहित्यसँग सम्बद्ध रचनाहरू प्रकाशित छन् । उनका समालोचनात्मक लेखहरू विभिन्न साहित्यकार, साहित्यका विविध विधा सिद्धान्त, इतिहास, भाषासाहित्य र संस्कृतिसँग सम्बन्धित रहेका छन् भने निबन्ध, प्रबन्ध, कविता र कथा भने समसामयिक विषयवस्तुमा आधारित छन् । विभिन्न विधामा कलम चलाएका लुइटेलको सबैभन्दा फस्टाएको क्षेत्र भने समालोचना र निबन्ध नै देखिन्छ । उनका विभिन्न समालोचना र निबन्धहरू अन्य कतिपय व्यक्तिद्वारा सम्पादित कृतिहरूमा पनि समाविष्ट छन् भने कतिपय निबन्ध, कविता, कथा आदि विभिन्न तहका पाठ्यपुस्तकमा पनि समाविष्ट छन् । लुइटेलका यी विभिन्न विधामा प्रकाशित रचनाहरूलाई बेग्लाबेग्लै उपशीर्षकमा राखी कालक्रमिक रूपमा तल प्रस्तुत गरिन्छ :

२.१८.२.१ समालोचना

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न विधामा केन्द्रित रही प्रशस्तै समालोचना लेखेका छन् र ती विभिन्न पत्रपत्रिका एवं पुस्तकहरूमा प्रकाशित छन् । उनका हालसम्म प्रकाशित समालोचनाहरूलाई विधा र विषयक्षेत्रअनुरूप छुट्ट्याएर तिनको कालक्रमिक विवरण तल दिइन्छ :

२.१८.२.१.१ कविता विधासँग सम्बन्धित समालोचनाहरू

शीर्षक	प्रकाशन स्रोत
१. *क्षेत्रप्रताप अधिकारी : जीवनवृत्त र कवित्वका आलोकमा*	**गरिमा**, (११/३, २०४९ फागुन), पृ. ६८-७२ ।
२. *नेपाली गद्यकवितामा भाषिक लयविधान*	**प्रज्ञा**, (२२/७८, २०५० असार-असोज), पृ. १३४-१४५ ।
३. *क्षेत्रप्रताप अधिकारीका काव्यप्रवृत्तिको विश्लेषण*	**प्रक्रिया**, (९/१५, सन् १९९५), पृ. ९६-११५ ।
४. *क्षेत्रप्रताप अधिकारीको कवितायात्रा*	**मिर्मिरे**, (२४/६, २०५२ असोज), पृ. ७५-८९ ।
५. *साहित्यकार बालकृष्ण सम र उनको इच्छा कविता*	**रजनी**, (१/१, २०५२ पुस), पृ. ५२-५३ ।
६. *माध्यमिक कालीन कविता सँगालो : जोगमण्डलीका कवि र कविता*	**समकालीन साहित्य**, (६/४, २०५३ कात्तिक-पुस), पृ. १२२-१३२ ।
७. *क्षेत्रप्रताप अधिकारीका कवितामा वस्तुविधान*	**गरिमा**, (१६/११, २०५५ कात्तिक), पृ. ६९-७२ ।
८. *मोहनहिमांशु थापाको कविताशिल्प*	**गवेषण**, (१/१, २०५६ कात्तिक), पृ. ६२-६६ ।
९. *बालकृष्ण सम : इच्छा कविताका सन्दर्भमा*	**रजनीमाला** (पुस्तक), २०५६, पृ. ३५-४० ।

१०. ***हिमालमाथि आलेख**मा आलेखित देशभक्ति*	**समष्टि**, (२०/६, २०५७ जेठ-असार), पृ. १२-२२ ।
११. *आशिष कविताको संरचनावादी विश्लेषण*	**जुही**, (२०/१, २०५७-२०५८ चैत-जेठ), पृ. ७७-८१ ।
१२. *मेरो चोक प्रगीतात्मक कविताको संरचनात्मक विश्लेषण*	**जनमत**, (१९/१०-११, २०५९ मंसिर), पृ. ५-१३ ।
१३. *कवितामा विम्ब र विम्बविधान*	**प्रज्ञा**, पूर्णाङ्क (९७, २०५९ चैत), पृ. १३१-१३९ ।
१४. *मुनामदन : वस्तुवादी विश्लेषणको निष्कर्ष*	**कुञ्जिनी**, (११/८, २०६०), पृ. ६८-७४ ।
१५. *कृष्ण जोशीको कवित्वशक्ति*	**अन्नपूर्ण पोष्ट**, (३/१००, २०६१ साउन २३), पृ. ७ ।
१६. *मुनामदनमा लयविधानको वस्तुगत स्थिति*	**कुञ्जिनी**, (१२/९, २०६१-२०६२), पृ. ३७-४१ ।
१७. *एक्काईसौं शताब्दीका कविता एक्काईसौं शताब्दीजस्तै हुनुपर्छ*	**अक्षर**, (२/१, २०६२ भदौ-मङ्सिर), पृ. १-१० ।
१८. *बहादुरसिंह बरालका रचनाको संरचना विश्लेषण*	**गरिमा**, (२४/२, २०६२ माघ), पृ. ४३-५३ ।
१९. *आरआर चौलागाईंको कविता सिर्जनधर्मिता*	**शब्ददूत**, (२-३/४-५, २०६२ कात्तिक-२०६३ आश्विन), पृ. ४३-४९ ।
२०. *विश्वविमोहन श्रेष्ठको कवित्व*	**गरिमा**, (२४/८, २०६३ साउन), पृ. ५३-६० ।
२१. *मुनामदनमा लयविधानको वास्तविक स्थिति*	**गरिमा**, (२४/११, २०६३ कात्तिक), पृ. ५५-६४ ।
२२. *बर्बरहरू कविता बुभ्दैनन् को संरचना विश्लेषण*	**स्रष्टा नरेन्द्रराज पौडेल द्रष्टाहरूका आँखामा** (पुस्तक), २०६३, पृ. २५-४१ ।
२३. *युगकविको सम्झनामा*	**गोरखापत्र**, (२०६४ जेठ ९), पृ. ६ ।
२४. *सिद्धिचरण श्रेष्ठका काव्यप्रवृत्ति*	**स्मारिका** (जनक शिक्षा सामग्री केन्द्र), (२६/३०, २०६४ असोज), पृ. १७-२२ ।
२५. *कृष्णप्रसाद पराजुलीको कवित्व*	**कृष्णप्रसाद पराजुली साहित्य र साधना**, २०६६,पृ.४१७-४३५ ।
२६. *पुरानो र नयाँ मुनामदनको तुलनात्मक अध्ययन*	**अक्षर**, (६/२, २०६६ साउन-असोज), पृ. १२-१७ ।
२७. *मुनामदनमा भोटे र गुन्डाको सहभागिता*	**समष्टि**, (३०/२, २०६६, असोज-कात्तिक), पृ. ३७-४० ।
२८. *मुनामदनको भाषाशैलीय विन्यास*	**बगर**, (२८/८२, २०६६, असोज-मङसिर), पृ. ५१-५५ ।
२९. *देवकोटाकी मुनाको चारित्रिक प्रकार र अभिलक्षण*	**शब्दयात्रा**, (१/१, २०६६, कात्तिक) पृ. ४९-५२ ।
३०. *पहाडी पुकारमा प्रगतिवादी क्रान्ति चेत*	**गरिमा**, (२७/११ २०६६, कात्तिक), पृ. ६१-६५ ।
३१. *कुञ्जिनीको संरचना विश्लेषण*	**भृकुटी**, (पूर्णाङ्क ५, २०६६, कात्तिक-पुस), पृ. ७०-८३ ।
३२. *सरुभक्तको काव्यसिर्जनधर्मिता*	**प्रज्ञा**, (४०/१०२, २०६६ कार्तिक-चैत), पृ. २८-४० ।
३३. *नेपाली कविताका प्रमुख प्रवृत्ति (कोरियाली भाषामा)*	**मुनहाकसन** (२०६६, नेपाली काव्य विशेषाङ्क, कोरिया), पृ. १५६-१७२ ।
३४. मुनामदनमा लयविधान	**मुनामदन समालोचना** (२०६६), पृ. १२३-१२७ ।
३५. *भीष्म उप्रेतीको कविता शिल्प*	**गरिमा**, (२८/५, २०६७ वैशाख), पृ. ६३-६९ ।
३६. *नेपाली कविताका प्रवृत्ति*	**कविता**, (८८, २०६७ जेठ-भदौ), पृ. ११५-१३७ ।
३७. *लोकगीतको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/८, २०६७ साउन), पृ. ३९-४३ ।
३८. *गीतको सैद्धान्तिक स्वरूप*	**प्रहरी**, (५२/३, २०६७ भदौ), पृ. ९-१४ ।

३९. *गोपीनारायण प्रधानको 'विश्वासघात' कविताको विश्लेषण*	**भानु**, (४८/१३४, २०६७ भदौ), पृ. १४-२१ ।
४०. *लेखनाथ पौड्यालको तरुण तपसी काव्यको विश्लेषण*	**शब्दसंयोजन**, (७/५, २०६७ भदौ), पृ. २५-३४ ।
४१. *गजलको सैद्धान्तिक स्वरूप*	**अभिव्यक्ति**, (४१/१४९, २०६७ भदौ-असोज), पृ. १७-२२ ।
४२. *भारतीय नेपाली कवि पुष्पलाल उपाध्याय र 'बिचरा' कविता*	**रचना**, (५०/१०८, २०६७ भदौ-असोज), पृ. ३६-४२ ।
४३. *नेपाली प्रथम कवि सुवानन्द दासको कवित्व*	**प्रज्ञा**, (४०/१०३, २०६७ वैशाख-असोज), पृ. ४८-५५ ।
४४. *ज्ञानुवाकर पौडेलको गजलगत प्रवृत्ति र 'ओइली झरेछ फूल' गजलको विश्लेषण*	**अभिव्यक्ति**, (४१/१५०, २०६७ कात्तिक-मङ्सिर), पृ. ८७-९० ।
४५. *रत्नशमशेर थापाका गीति प्रवृत्ति र आँखैमा रात गली गीतको विश्लेषण*	**गरिमा**, (२९/१, २०६७ पुस), पृ. ७०-७३ ।
४६. *भारतीय नेपाली कवि नव सापकोटाको 'मदिरा होइन मेरो पसिना' कविताको विश्लेषण*	**मिमिरि**, (३९/१२, २०६७ चैत), पृ. ९३-९९ ।
४७. *भानुभक्तीय रामायणको संरचना विश्लेषण*	**दीपशिखा**, (२१/१३, २०६७), पृ. ७-१७ ।
४८. *वैरागी काइँलाको कविताशिल्प*	**मनोभाव**, (१७/४२, २०६८ असोज), पृ. १४७-१६२ ।
४९. *पुरानो र नयाँ मुनामदनको तुलनात्मक अध्ययन*	**हेटौडा टुडे**, (२०६८ कात्तिक ५), पृ. ३ ।
५०. *सेलाएको घाम : एक मन्थन*	**हिमालय टाइम्स**, (२०६८ मङ्सिर २४), पृ. ६ ।
५१. *समकालीन नेपाली कविताका प्रवृत्ति*	**हाम्रो ध्वनि**, (४१/४, २०६८ माघ-फागुन), पृ. २-५ ।
५२. *तुलसी अपतनको कर्णकुन्ती काव्यको संरचना विश्लेषण*	**बिन्दु**, (५०-५१/११८-२१, सन् २०११-२०१२ मे-मार्च), पृ.६६-७९ ।
५३. *भूपि शेरचनको 'हामी' कविताको संरचना विश्लेषण*	**भुजङ्ग**, (१६/१६, २०६८ माघ), पृ. ९-१३ ।
५४. *युगकविका तीन चरण*	**कान्तिपुर**, (२०६९ वैशाख ९), पृ. ७ ।
५५. *देवकोटाका काव्यकृतिमा सांस्कृतिक चेतना*	**महाकवि देवकोटा व्याख्यानमाला**, २०६९, पृ. १२७-१५९ ।
५६. *हरिभक्त कटुवालको 'यो जिन्दगी खै के जिन्दगी' कविताको विश्लेषण*	**बिन्दु**, (५१/१२२-१२३, २०१२-२०१३ अक्टोबर-मार्च), पृ. २-९ ।
५७. *देवकोटाका काव्यकृतिमा सांस्कृतिक चेतना*	**अन्वेषण**, (४/३, २०६९-२०७० वैशाख), पृ. २९-४७ ।
५८. *नेपालीका विशिष्ट कवि वसन्त शर्मा लुइटेल*	**लुइटेल कल्प**, (१/१, २०७० वैशाख), पृ. ३३-३९ ।
५९. *नेपालीको विशिष्ट आख्यानात्मक काव्य श्रीकृष्णचरित्र*	**अन्तर्दृष्टि**, (२०/३, २०७० फागुन), पृ. २४-३८ ।
६०. *वानीरा गिरीको कविताशिल्प : जीवन थाय्मरूका सन्दर्भमा*	**वनिता**, (१५/५५, २०७०-२०७१ चैत-जेठ, पृ. ५५-६३ ।
६१. *नेपाली साहित्यमा भानुभक्त आचार्यको योगदान*	**सिर्जना**, (६/१७, २०७१ वैशाख-असार), पृ. २०-३१ ।
६२. *वानीरा गिरीको जीवन थाय्मरू*	**वानीरा गिरीको कृति स्तम्भ** (२०७१), पृ. ६१-७३ ।
६३. *सिद्धिचरण श्रेष्ठको कवित्व*	**वाङ्मय**, (१५/१५, २०७१), पृ. ३४-४६ ।
६४. *एकाउन्न पुकारभित्र कञ्चन पुडासैनीको कवित्व*	**केही सृजन केही समीक्षा** (२०७१), पृ. १५०-१५८ ।

२.१८.२.१.२ संरचनावादसँग सम्बन्धित समालोचनाहरू

	शीर्षक	प्रकाशन स्रोत
१.	*आशिष कविताको संरचनावादी विश्लेषण*	**जुही**, (२०/१, २०५७-२०५८ चैत-जेठ), पृ. ७७-८१ ।
२.	*नेपाली वाक्यांश, वाक्पद्धति इत्यादिको कोषको संरचनात्मक विश्लेषण*	**पुष्करशमशेर स्मृतिग्रन्थ** (२०५८), पृ. ८३-९६ ।
३.	*माइत कथाको संरचना विश्लेषण*	**कुञ्जिनी**, (९/६, २०५८), पृ. ४८-५३ ।
४.	*डढेलो कथाको संरचनावादी विश्लेषण*	**समकालीन साहित्य**, (१२/३,२०५९ वैशाख-असार), पृ.२३१-२४८ ।
५.	*संरचनावादको अर्थ र पृष्ठभूमि*	**मिर्मिरे**, (३१/६, २०५९ असोज), पृ. १७-२२ ।
६.	*मेरो चोक प्रगीतात्मक कविताको संरचनात्मक विश्लेषण*	**जनमत**, (१९/१०-११, २०५९ मंसिर), पृ. ५-१३ ।
७.	*संरचनावादी समालोचना पद्धति*	**गरिमा**, (२१/१, २०५९ पुस), पृ. २१-३० ।
८.	*गोडा भए जुत्ताको के खाँचो कथाको संरचना विश्लेषण*	**जुही**, (२२/२, २०५९ पुस-फागुन), पृ. ४१८-४२६ ।
९.	*संरचनावादका आधारभूत अभिलक्षणहरू*	**मिर्मिरे**, (३१/१२, २०५९ चैत), पृ. ३९-४२ ।
१०.	*कवितामा विम्ब र विम्बविधान*	**प्रज्ञा**, पूर्णाङ्क (९७, २०५९ चैत), पृ. १३१-१३९ ।
११.	*संरचना र रूपको तात्पर्य विश्लेषण*	**गोधूलि**, (१३, २०५९ वसन्त-शिशिर), पृ.४०-४४ ।
१२.	*दृष्टिबिन्दुको सैद्धान्तिक स्वरूप*	**दीपशिखा**, (१३/७, २०५९), पृ. २५-३२ ।
१३.	*संरचनावादको स्वरूप, धारा र सम्प्रदाय*	**अवलोकन**, (३/१, २०५९), पृ. १६-२३ ।
१४.	*संरचनावादको विकासमा सस्युरको योगदान*	**पाठचक्रम विकास पत्रिका**, (२१/३५, २०५९-२०६०),पृ. १००-१०८ ।
१५.	*संरचनाको स्वरूप र विशेषता*	**वाङ्मय**, (११/११, २०५९-२०६०), पृ. ६-१२ ।
१६.	*संरचनात्मक आख्यानशास्त्र*	**समकालीन साहित्य**,(१३/४, साउन-असोज २०६०),पृ. २४-३४ ।
१७.	*काव्यशास्त्रीय संरचनावादी चिन्तन पद्धति*	**प्रज्ञा**, (३४/९९, कात्तिक-चैत २०६०) पृ. १०८-११५ ।
१८.	*मुनामदन : वस्तुवादी विश्लेषणको निष्कर्ष*	**कुञ्जिनी**, (११/८, २०६०), पृ. ६८-७४ ।
१९.	*कृतिको भाषिक संरचना*	**सम्प्रेषण**, (१/१, २०६०-२०६१), पृ. २९ ।
२०.	*कृतिको साहित्यिक संरचना*	**नोबेल**, (३/३, २०६१), पृ. १५६-१६२ ।
२१.	*परिवेशको अभिप्राय र कृतिमा यसको अवस्थिति*	**सुनकोसी**, (५, २०६१), पृ. १८७-१८९ ।
२२.	*मुनामदनमा लयविधानको वस्तुगत स्थिति*	**कुञ्जिनी**, (१२/९, २०६१-२०६२), पृ. ३७-४१ ।
२३.	*बहादुरसिंह बरालका रचनाको संरचना विश्लेषण*	**गरिमा**, (२४/२, २०६२ माघ), पृ. ४३-५३ ।
२४.	*बालाचन्द्र गाथाको संरचना विश्लेषण*	**शार्दूल**, (२/२-३, २०६३ वैशाख-असोज), पृ. ४२-५१ ।
२५.	*मुनामदनमा लयविधानको वास्तविक स्थिति*	**गरिमा**, (२४/११, २०६३ कात्तिक), पृ. ५५-६४ ।
२६.	*बर्बरहरू कविता बुभ्देनन् को संरचना विश्लेषण*	**स्रष्टा नरेन्द्रराज पौडेल द्रष्टाहरूका आँखामा** (२०६३), पृ. २५-४१ ।
२७.	*कृतिमा शैलीय चयनको भूमिका*	**वाङ्मय**, (१३ /१३, २०६३-२०६४), पृ. ५३-५६ ।

२८. *पुरानो र नयाँ मुनामदनको तुलनात्मक अध्ययन*	**अक्षर**, (६/२, २०६६ साउन-असोज), पृ. १२-१७ ।
२९. *मुनामदनमा भोटे र गुन्डाको सहभागिता*	**समष्टि**, (३०/२, २०६६, असोज-कात्तिक), पृ. ३७-४० ।
३०. *विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प*	**साहित्यमा विश्वेश्वर** (२०६६), पृ. १५६-१६४ ।
३१. *मुनामदनको भाषाशैलीय विन्यास*	**बगर**, (२८/८२, २०६६, असोज-मङ्सिर), पृ. ५१-५५ ।
३२. *देवकोटाकी मुनाको चारित्रिक प्रकार र अभिलक्षण*	**शब्दयात्रा**, (१/१, २०६६, कात्तिक) पृ. ४९-५२ ।
३३. *कुञ्जिनीको संरचना विश्लेषण*	**भृकुटी**, (पूर्णाङ्क ५, २०६६, कात्तिक-पुस), पृ. ७०-८३ ।
३४. *अटलबहादुर नाटकको वस्तुवादी विश्लेषण*	**भृकुटी**, (पूर्णाङ्क ७, वैशाख-असार २०६७), पृ. ७७-८४ ।
३५. *गोपीनारायण प्रधानको 'विश्वासघात' कविताको विश्लेषण*	**भानु**, (४८/१३४, २०६७ भदौ), पृ. १४-२१ ।
३६. *लेखनाथ पौड्यालको तरुण तपसी काव्यको विश्लेषण*	**शब्दसंयोजन**, (७/५, २०६७ भदौ), पृ. २५-३४ ।
३७. *गजलको सैद्धान्तिक स्वरूप*	**अभिव्यक्ति**, (४१/१४९, २०६७ भदौ-असोज), पृ. १७-२२ ।
३८. *भारतीय नेपाली कवि पुष्पलाल उपाध्याय र 'बिचरा' कविता*	**रचना**, (५०/१०८, २०६७ भदौ-असोज), पृ. ३६-४२ ।
३९. *गाउँखाने कथाको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/१०, २०६७ असोज), पृ. ४०-४२ ।
४०. *नेपाली प्रथम कवि सुवानन्द दासको कवित्व*	**प्रज्ञा**, (४०/१०३, २०६७ वैशाख-असोज), पृ. ४८-५५ ।
४१. *रत्नशमशेर थापाका गीति प्रवृत्ति र आँखैमा रात गली गीतको विश्लेषण*	**गरिमा**, (२९/१, २०६७ पुस), पृ. ७०-७३ ।
४२. *भारतीय नेपाली कवि नव सापकोटाको 'मदिरा होइन मेरो पसिना' कविताको विश्लेषण*	**मिमिरे**, (३९/१२, २०६७ चैत), पृ. ९३-९९ ।
४३. *भानुभक्तीय रामायणको संरचना विश्लेषण*	**दीपशिखा**, (२१/१३, २०६७), पृ. ७-१७ ।
४४. *पुरानो र नयाँ मुनामदनको तुलनात्मक अध्ययन*	**हेटौडा टुडे**, (२०६८ कात्तिक ५), पृ. ३ ।
४५. *जङ्गबहादुरको बेलाइत यात्राको वस्तुवादी विश्लेषण*	**अन्तर्दृष्टि**, (१९/२, २०६८), पृ. १-१० ।
४६. संरचनाको स्वरूप र विशेषता	**रत्न नेपाली बृहत् समालोचना सैद्धान्तिक खण्ड** (२०६८), पृ. ५९२-६०१ ।
४७. *तुलसी अपतनको कर्णकुन्ती काव्यको संरचना विश्लेषण*	**बिन्दु**, (५०-५१/११८-२१, सन् २०११-२०१२ मे-मार्च),पृ.६६-७९ ।
४८. *भूपि शेरचनको 'हामी' कविताको संरचना विश्लेषण*	**भुजङ्ग**, (१६/१६, २०६८ माघ), पृ. ९-१३ ।
४९. *हरिभक्त कटुवालको 'यो जिन्दगी खै के जिन्दगी' कविताको विश्लेषण*	**बिन्दु**, (५१/१२२-१२३, २०१२-२०१३ अक्टोबर-मार्च), पृ. २-९ ।
५०. *नेपालीको विशिष्ट आख्यानात्मक काव्य श्रीकृष्णचरित्र*	**अन्तर्दृष्टि**, (२०/३, २०७० फागुन), पृ. २४-३८ ।

२.१८.२.१.३ सैद्धान्तिक समालोचनाहरू

शीर्षक	प्रकाशन स्रोत
१. *नेपाली गद्यकवितामा भाषिक लयविधान*	**प्रज्ञा**, (२२/७८, २०५० असार-असोज), पृ. १३४-१४५ ।
२. *अनुसन्धान र अनुसन्धान परम्पराका केही सन्दर्भ*	**उकुसमुकुस**, (१/१, २०५१ वैशाख-असार), पृ. ८२-९७ ।
३. *श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम*	**समकालीन साहित्य**, (५/४, २०५२ कार्तिक-पुस), पृ. ११३-११९ ।

४.	*ध्वनि र आलेखन*	**गरिमा**, (१४/३, २०५२ फागुन), पृ. १२४-१२६ ।
५.	*संस्कृत ध्वनितत्त्व*	**शिक्षाशास्त्र सौरभ**, (४/४, २०५२), पृ. ३७-४२ ।
६.	*श्यामव्यङ्ग्यका कसीबाट **दुविधा** उपन्यासको मूल्याङ्कन*	**बिन्दु**, (३६/९४-९७, सन् १९९७ सितम्बर-दिसम्बर), पृ. २९६-३०१ ।
७.	*संरचनावादको अर्थ र पृष्ठभूमि*	**मिमिरे**, (३१/६, २०५९ असोज), पृ. १७-२२ ।
८.	*संरचनावादी समालोचना पद्धति*	**गरिमा**, (२१/१, २०५९ पुस), पृ. २१-३० ।
९.	*संरचनावादका आधारभूत अभिलक्षणहरू*	**मिमिरे**, (३१/१२, २०५९ चैत), पृ. ३९-४२ ।
१०.	*कवितामा विम्ब र विम्बविधान*	**प्रज्ञा**, पूर्णाङ्क (९७, २०५९ चैत), पृ. १३१-१३९ ।
११.	*संरचना र रूपको तात्पर्य विश्लेषण*	**गोधूलि**, (१३, २०५९ वसन्त-शिशिर), पृ.४०-४४ ।
१२.	*दृष्टिबिन्दुको सैद्धान्तिक स्वरूप*	**दीपशिखा**, (१३/७, २०५९), पृ. २५-३२ ।
१३.	*संरचनावादको स्वरूप, धारा र सम्प्रदाय*	**अवलोकन**, (३/१, २०५९), पृ. १६-२३ ।
१४.	*संरचनावादको विकासमा सस्युरको योगदान*	**पाठ्यक्रम विकास पत्रिका**, (२१/३५, २०५९-२०६०),पृ. १००-१०८ ।
१५.	*संरचनाको स्वरूप र विशेषता*	**वाङ्मय**, (११/११, २०५९-२०६०), पृ. ६-१२ ।
१६.	*संरचनात्मक आख्यानशास्त्र*	**समकालीन साहित्य**, (१३/४, साउन-असोज २०६०), पृ. २४-३४ ।
१७.	*काव्यशास्त्रीय संरचनावादी चिन्तन पद्धति*	**प्रज्ञा**, (३४/९९, कात्तिक-चैत २०६०) पृ. १०८-११५ ।
१८.	*समका नाटकमा सांस्कृतिक दृष्टिकोण*	**सम शतवार्षिकी स्मारिका** (२०६०), पृ. १५५-१८८ ।
१९.	*कृतिको भाषिक संरचना*	**सम्प्रेषण**, (१/१, २०६०-२०६१), पृ. २९ ।
२०.	*कृतिको साहित्यिक संरचना*	**नोबेल**, (३/३, २०६१), पृ. १५६-१६२ ।
२१.	*परिवेशको अभिप्राय र कृतिमा यसको अवस्थिति*	**सुनकोसी**, (५, २०६१), पृ. १८७-१८९ ।
२२.	*लोकसाहित्यको अध्ययन-अनुसन्धान पद्धति*	**मधुपर्क**, (३९/४, २०६३ भदौ), पृ. ६०-६२ ।
२३.	*कृतिमा शैलीय चयनको भूमिका*	**वाङ्मय**, (१३ /१३, २०६३-२०६४), पृ. ५३-५६ ।
२४.	*लोकवार्ता, लोकसाहित्य र शिष्ट साहित्यको सैद्धान्तिक स्वरूप*	**मिमिरे**, (३६/११, २०६४ फागुन), पृ. ४८-६० ।
२५.	*उत्तरआधुनिकतासम्बन्धी विभ्रम*	**कुञ्जिनी**, (१५/१२, २०६४-२०६५), पृ. ४२-४७ ।
२६.	*देवकोटामा जनजातीय सांस्कृतिक चेतना*	**कुञ्जिनी**, (१६/१३, २०६५/२०६६), पृ. २३-२६ ।
२७.	*लोकगीतको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/८, २०६७ साउन), पृ. ३९-४३ ।
२८.	*गीतको सैद्धान्तिक स्वरूप*	**प्रहरी**, (५२/३, २०६७ भदौ), पृ. ९-१४ ।
२९.	*गजलको सैद्धान्तिक स्वरूप*	**अभिव्यक्ति**, (४१/१४९, २०६७ भदौ-असोज), पृ. १७-२२ ।
३०.	*गाउँखाने कथाको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/१०, २०६७ असोज), पृ. ४०-४२ ।
३१.	*घनत्ववादको सैद्धान्तिक स्वरूप*	**हिमाली गुराँस**, (१४/३०, २०६७ कात्तिक-मङ्सिर), पृ. ८-९ ।
३२.	*उखानको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/१२, २०६७ मङ्सिर), पृ. ... ।
३३.	*लोकसाहित्य, लोकवार्ता र लोकवार्ताविज्ञानको सैद्धान्तिक स्वरूप*	**नवप्रज्ञापन**, (५०, २०६७ कात्तिक-पौष), पृ. ५९-७६ ।

३४. *विश्वपरिप्रेक्षमा उत्तरआधुनिकतासम्बन्धी दृष्टिकोण*	**भृकुटी**, (१०, २०६७, माघ-चैत), पृ. १२८-१३७ ।
३५. *डायस्पोरा सिद्धान्त र नेपाली सन्दर्भ*	**शब्दाञ्जली**, (४/३, २०६८ वैशाख), पृ. ७-१४ ।
३६. *भाषाको अर्थ, परिभाषा र विशेषता*	**सभा पत्रिका**, (१/१, २०६८ वैशाख), पृ. १३-१७ ।
३७. *डायस्पोराको सैद्धान्तिक स्वरूप*	**प्रहरी**, (५३/१, २०६८ वैशाख), पृ. १३-१७ ।
३८. नेपालीका उत्तरआधुनिक धुपौरे	**हिमालय टाइम्स**, (२०६८ भदौ ३१), पृ. ६ ।
३९. गाउँमुखी साहित्य कि ठाउँमुखी ?	**हिमालय टाइम्स**, (२०६८ असोज २८), पृ.७ ।
४०. *नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप*	**अनामनगर रजत महोत्सव स्मारिका**, २०६८, पृ. १५७-१६४।
४१. *आप्रवासी नेपाली साहित्यको सैद्धान्तिक र व्यावहारिक पक्ष*	**गरिमा**, (३०/१२ २०६९ मङ्सिर), पृ. ८७-९६ ।
४२. *शोधसामग्री सङ्कलनका प्रक्रिया र पद्धति*	**PERSPECTIVE ON HIGHER EDUCATION**, Volume 7, August 2012, पृ. १०-१६ ।
४३. *नेपाली डायस्पोरिक साहित्य : सिद्धान्त र प्रयोग*	**अनेक डायस्पोराको साहित्य** (२०७०), पृ. २०-४६ ।
४४. *विश्वपरिप्रेक्ष्यमा उत्तरआधुनिकतासम्बन्धी दृष्टिकोण*	**बोस्टन चौतारी** (सन् २०१४), पृ. ७६-९४ ।

२.१८.२.१.४ व्यक्ति र योगदानसँग सम्बन्धित समालोचनाहरू

शीर्षक	प्रकाशन स्रोत
१. *नेपाली साहित्यमा रमेश विकल*	**बिन्दु**, (३४/८८-९०, सन् १९९५ जनवरी-मार्च), पृ. १६-२३ ।
२. *शैलीवैज्ञानिक समालोचक मोहनराज शर्मा*	**ब्रह्मपुत्र**, (२/२, २०५२-२०५३), पृ. ४४-४८ ।
३. *नेपाली साहित्यमा मोहनराज शर्माको योगदान*	**प्रक्रिया**, (११/१९, सन् १९९७/२०५३), पृ. ६१-७२ ।
४. *साहित्यकार मोहनराज शर्मा*	**गरिमा**, (१५/५, २०५४ वैशाख), पृ. ७१-७९ ।
५. *केशवप्रसाद उपाध्यायको समालोचकीयता*	**सगर**, (४/१-२, २०५६ वैशाख-असोज), पृ.२१-२५ ।
६. *भोजपुरीका साहित्यकार गोपाल अश्क*	**नेपाल जागरण**, (२०५६ माघ १७), पृ. ३ ।
७. *तारानाथ शर्माका समालोचनात्मक प्रवृत्ति*	**गरिमा**, (१८/९, २०५७ भदौ), पृ. २३-२७ ।
८. *नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान*	**गरिमा**, (२०/६, २०५९ जेठ), पृ. ३०-४३ ।
९. *नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान*	**आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम**, २०६०, पृ. ८-२४ ।
१०. *नेपाली नाटक र उपन्यासमा गोठालेको योगदान*	**मधुपर्क**, (३९/९, २०६३ माघ), पृ. १५-२० ।
११. *युगकविको सम्झनामा*	**गोरखापत्र**, (२०६४ जेठ ९), पृ. ६ ।
१२. *ओझेलमा परेका साहित्यकार हरिहर शास्त्री*	**शास्त्रीमार्ग स्मारिका**, (२०६७ जेठ), पृ. ३७-४५ ।
१३. *नेपाली साहित्यमा रमेश विकलको योगदान*	**नवज्योति**, (६/६, २०६७ साउन-भदौ), पृ. १-१५ ।
१४. *नेपालीका विशिष्ट समालोचक तारानाथ शर्मा*	**जनमत**, (२७/८, २०६७ भदौ), पृ. १२-१६ ।
१५. *नेपालीका विशिष्ट साहित्यकार रमेश विकल*	**रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक**, २०६७, पृ.२३-३६ ।
१६. *प्रगतिवादी उपन्यासकार हृदयचन्द्रसिंह प्रधान*	**दीपशिखा**, (२२/१४ २०६८), पृ. ५२-६५ ।
१७. *नेपालीका विशिष्ट प्रगतिवादी साहित्यकार मोदनाथ प्रश्रित*	**शब्दसंयोजन** (मोदनाथ प्रश्रित विशेषाङ्क), (८/१२, २०६८ चैत), पृ. ८२-८७ ।
१८. *उपन्यासकार कृष्ण जोशी*	**रचना**, (५२/११८, २०६९ वैशाख(जेठ), पृ. ६८-७० ।

१९. *नियात्राकार प्रतीक ढकाल*	**जनमत**, (२९/७, २०६९ साउन), पृ. १३-१६ ।
२०. *ऐतिहासिक उपन्यासकार डायमन शमशेर राणा*	**डायमन शमशेर : चिन्तन र चित्रण**, २०६९, पृ. १७२-१७५ ।
२१. *विशिष्ट समालोचक तारानाथ शर्मा*	**तारानाथ शर्मा सङ्घर्ष र प्राप्ति**, २०६९, पृ. ८६-९३ ।
२२. *नेपालीका विशिष्ट कवि वसन्त शर्मा लुइटेल*	**लुइटेल कल्प**, (१/१, २०७० वैशाख), पृ. ३३-३९ ।
२३. *नेपाली साहित्यमा भानुभक्त आचार्यको योगदान*	**सिर्जना**, (६/१७, २०७१ वैशाख-असार), पृ. २०-३१ ।

२.१८.२.१.५ उपन्यास विधासँग सम्बन्धित समालोचनाहरू

शीर्षक	प्रकाशन स्रोत
१. *श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम*	**समकालीन साहित्य**, (५/४, २०५२ कार्तिक-पुस), पृ. ११३-११९ ।
२. ***दुविधा** उपन्यासमा घोत्लिँदा*	**कान्तिपुर**, (२०५२ माघ १३), पृ. ग ।
३. *देशभक्तिको सुन्दर नमुना : अग्निदत्त+अग्निदत्त*	**गोरखापत्र**, (२०५३ पुस २७), पृ. ख ।
४. *समसामयिक नेपाली जनजीवनको प्रतिकृति : अग्निदत्त+अग्निदत्त*	**प्रज्ञा**, (२८/८५, २०५४ असार-माघ), पृ. १८५-२०५ ।
५. *श्यामव्यङ्ग्यका कसीबाट **दुविधा** उपन्यासको मूल्याङ्कन*	**बिन्दु**, (३६/९४-९७, सन् १९९७ सितम्बर-दिसम्बर), पृ. २९६-३०१ ।
६. *गिरीशबल्लभ जोशीको वीरचरित्र र नेपाली उपन्यासको सय वर्ष*	**नेपाली उपन्यास शतवार्षिकी स्मारिका २०६०**, पृ. १-२१ ।
७. *प्रगतिवादी उपन्यासकार हृदयचन्द्रसिंह प्रधान*	**दीपशिखा**, (२२/१४ २०६८), पृ. ५२-६५ ।
८. श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम	**रत्न नेपाली बृहत् समालोचना प्रायोगिक खण्ड** (२०६८), पृ. २४६-२५३ ।
९. *उपन्यास उहापोह*	**अन्नपूर्ण पोस्ट**, (२०६९ असार ९), पृ. ४-५ ।
१०. *ऐतिहासिक उपन्यासकार डायमन शमशेर राणा*	**डायमन शमशेर : चिन्तन र चित्रण**, २०६९, पृ. १७२-१७५ ।
११. *समकालीन नेपाली उपन्यासका प्रवृत्ति*	**वागीश्वरी**, (२३/२०, २०६९), पृ. ६७(७६ ।
१२. *समाजवादी यथार्थवादी/प्रगतिवादी धाराका नेपाली उपन्यास*	**शब्दसंयोजन**, (११/१, २०७१ वैशाख), पृ. ३५-३८ ।
१३. *नेपाली साहित्यमा भानुभक्त आचार्यको योगदान*	**सिर्जना**, (६/१७, २०७१ वैशाख-असार), पृ. २०-३१ ।
१४. *विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्ति*	**सुलेख**, (३/२-३, २०७१ जेठ-असार), पृ. ४१-४५ ।
१५. *विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक कला*	**मधुपर्क**, (४७/४, २०७१ भदौ), पृ.८०-८२ ।
१६. *प्रथम मौलिक उपन्यासकार गिरीशबल्लभ*	**अन्नपूर्ण पोस्ट**, (२०७१ कात्तिक १५), पृ. ७ ।
१७. *पारिजातको औपन्यासिक शिल्प*	**बगर**, (३३/९०, २०७१ वैशाख-असोज), पृ. ३४४-३४९ ।

२.१८.२.१.६ नाटक, एकाङ्कीसँग सम्बन्धित समालोचनाहरू

शीर्षक	प्रकाशन स्रोत
१. *एकाङ्कीकार मोहनराज शर्मा र आऊ ढोका खोलौं एकाङ्कीको विश्लेषण*	**मिर्मिरे**, (२६/९, २०५४ पौष), पृ. २८-३५ ।
२. *गोविन्दबहादुर मल्ल गोठालेका एकाङ्कीगत प्रवृत्ति र आत्मदर्शन एकाङ्कीको विश्लेषण*	**गरिमा**, (१६/२, २०५४ माघ), पृ. ५०-५३ ।

३.	*एकाङ्कीकार गोपाल पराजुली र गोलार्धका दुई छेउ*	**ज्ञानकुञ्ज**, (१/१, २०५४), पृ. ३३-३६ ।
४.	*विजय मल्लका एकाङ्कीगत वैशिष्ट्य र कङ्काल एकाङ्कीको विश्लेषण*	**समकालीन साहित्य**, (८/२, २०५५ वैशाख-असार), पृ. १४३-१४५ ।
५.	*एकाङ्कीकार भीमनिधि तिवारी र साँढे एकाङ्कीको विश्लेषण*	**मधुपर्क**, (३१/५, २०५५ असोज), पृ.२९-३० ।
६.	*एकाङ्कीकार सम र रणदुल्लभ एकाङ्की*	**युगान्तर**, (६/९, सन् २००१ जनवरी), पृ. ११-१३ ।
७.	*नेपाली नाटचक्षेत्रमा समको उपस्थिति*	**गरिमा**, (२१/३, २०५९ फागुन), पृ. १९९-२०० ।
८.	*वर्तमान नेपाली नाटक (२०३० पछि) कार्यपत्रमाथिको टिप्पणी*	**साहित्यिक अभियान**, (४/३, २०५९), पृ. ६९-७३ ।
९.	*समका नाटकमा सांस्कृतिक दृष्टिकोण*	**सम शतवार्षिकी स्मारिका**, २०६०, पृ. १५५-१८८ ।
१०.	*वर्तमान नेपाली नाटक (२०३० पछि) कार्यपत्रमाथिको टिप्पणी*	**साहित्यिक अभियान विगतदेखि वर्तमानसम्म**, (९/४, २०६३ असार), पृ. १६४-१६९ ।
११.	*विजय मल्लको एकाङ्की शिल्प*	**हाम्रो ध्वनि**, (४१/११, २०६६, कात्तिक-मङसिर), पृ. ८-११ ।
१२.	*विजय मल्लको एकाङ्की शिल्प*	**विजय मल्ल स्मृति ग्रन्थ**, २०६६, पृ. २८३-२८८ ।
१३.	*अटलबहादुर नाटकको वस्तुवादी विश्लेषण*	**भृकुटी**, (पूर्णाङ्क ७, वैशाख-असार २०६७), पृ. ७७-८४ ।
१४.	*मोतीराम भट्टको नाट्यशिल्प*	**समकालीन साहित्य**, (३/६१, २०६७ साउन-असोज), पृ. ३७-४१ ।
१५.	*विशिष्ट नाटक/एकाङ्कीकार गोठाले*	**मधुपर्क**, (४३/१०, २०६७ फागुन), पृ.२८-३१ ।
१६.	*सुधारवादी नाटककार पहलमानसिंह*	**नयाँ पत्रिका**, (२०६८ मङसिर ६), पृ. ५ ।
१७.	*भीमनिधि तिवारीको एकाङ्की कौशल*	**तन्नेरी**, (३४/१, २०६९ वैशाख-असार), पृ. १६९-१७४ ।

२.१८.२.१.७ कथा विधासँग सम्बन्धित समालोचनाहरू

शीर्षक		प्रकाशन स्रोत
१.	*ग्यास च्याम्बरको मृत्युभित्र मदनमणिलाई खोज्दा*	**उन्नयन**, (१६, २०५१ माघ-चैत), पृ. ४५०-४५७ ।
२.	*ग्यास च्याम्बरको मृत्युभित्रका मदनमणि दीक्षित*	**युगान्तर**, (२/५, सन् १९९६ अप्रिल-जुन), पृ. ३१-३८ ।
३.	*कथाको आँखीभ्यालबाट कथाकारलाई चिहाउँदा*	**सुमन**, (१/१३, सन् १९९७/२०५३), पृ. २८-३१ ।
४.	*माइत कथाको संरचना विश्लेषण*	**कुञ्जिनी**, (९/६, २०५८), पृ. ४८-५३ ।
५.	*डढेलो कथाको संरचनावादी विश्लेषण*	**समकालीन साहित्य**, (१२/३,२०५९ वैशाख-असार), पृ.२३१-२४८ ।
६.	*गोडा भए जुत्ताको के खाँचो कथाको संरचना विश्लेषण*	**जुही**, (२२/२, २०५९ पुस-फागुन), पृ. ४१८-४२६ ।
७.	*कमला सरूपको कथाशिल्प*	**गरिमा**, (२१/४, २०५९ चैत), पृ. १९-२४ ।
८.	*ध्रुवचन्द्रको बाँस*	**साठी वर्षमा हृदयाघात तथा कथा दृष्टिकोण** (पुस्तक), २०६०, पृ. ६९-७१ ।
९.	*नेपाली कथाको सेरोफेरो*	**मिर्मिरे**, (३६/१, २०६४ वैशाख), पृ. ३६६-३७३ ।
१०.	*सनत रेग्मीको कथाशिल्प*	**सिर्जना**, (१/१, २०६४ असोज-मङ्सिर), पृ. ३०-३८ ।
११.	*सनत रेग्मीको कथाशिल्प*	**सनत रेग्मी : सिर्जन सन्दर्भ**), २०६४, पृ. ३०-३८ ।

१२.	*वर्तमान नेपाली कथाको विकासमा समकालीन चेत*	**मधुपर्क**, (४१/१, २०६५ जेठ), पृ. ४-७ ।
१३.	*विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प*	**महामण्डल**, (२/१, २०६६ साउन-असोज), पृ १५६-१६४ ।
१४.	*विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प*	**साहित्यमा विश्वेश्वर**, २०६६ पृ १५६-१६४ ।
१५.	*समकालीन नेपाली कथाको परिदृश्य*	**सुलेख**, (१/९, २०६९ चैत), पृ. ४१-४९ ।
१६.	*विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प*	**बगर**, (३२/८९, २०७० साउन-पुस), पृ. १९६-२०४ ।
१७.	*विश्वेश्वरप्रसाद कोइरालाको कथाकारिता*	**रजस्थल**, (१७/६०, २०७१ साउन-असोज), पृ. ६-१७ ।

२.१८.२.१.८ निबन्ध विधासँग सम्बन्धित समालोचनाहरू

	शीर्षक	प्रकाशन स्रोत
१.	*भैरव अर्याल : निबन्धयात्रा र प्रवृत्ति*	**कुञ्जिनी**, (५/३, २०५४), पृ. ३३-४२ ।
२.	*शङ्कर लामिछानेको निबन्धकला*	**कुञ्जिनी**, (६/४, २०५५), पृ. ४६-५० ।
३.	*राजेन्द्र सुवेदी र मोहनराज शर्मा दुवैका कार्यपत्रमाथिको संयुक्त टिप्पणी*	**प्रवाह स्मारिका**, (२०५७ भदौ), पृ. ३२-३८ ।
४.	*दिव्योपदेशको वैचारिक र साहित्यिक मूल्य*	**झङ्कार**, (५२/१-२, २०५९ चैत), पृ. ३७-४३ ।
५.	*युवराज नयाँघरेको निबन्धकला*	**गरिमा**, (२१/११, २०६० कार्त्तिक), पृ. ५१-५५ ।
६.	***हितैषी** बाहिर र भित्र*	**कालो अक्षरदेखि सग्लो अक्षरसम्म**, २०६०, पृ. १४०-१४६ ।
७.	*यमराजको निम्तोको प्रत्युत्तर*	**जुही**, (२५/३, २०६२ पुस-फागुन), पृ. ३२२-३२८ ।
८.	*यात्रा साहित्यको उल्लेख्य कृति : प्रशान्तका छालहरूमा मेरो नेपाल*	**मिमिरि**, (३९/२, २०६७ जेठ), पृ. ३३-४२ ।
९.	*जङ्गबहादुरको बेलाइत यात्राको वस्तुवादी विश्लेषण*	**अन्तर्दृष्टि**, (१९/२, २०६८), पृ. १-१० ।
१०.	*नियात्राकार प्रतीक ढकाल*	**जनमत**, (२९/७, २०६९ साउन), पृ. १३-१६ ।
११.	*भैरव अर्यालको हास्यव्यङ्ग्य निबन्धकारिता*	**भैरव स्मारिका २०६९**, पृ. ६५-८२ ।

२.१८.२.१.९ लोकसाहित्यसम्बन्धी समालोचनाहरू

	शीर्षक	प्रकाशन स्रोत
१.	*लोकसाहित्यको विधागत वर्गीकरण*	**कुञ्जिनी**, (१३/१०, २०६२-२०६३), पृ. ४९-५२ ।
२.	*बालाचन्द्र गाथाको संरचना विश्लेषण*	**शार्दूल**, (२/२-३, २०६३ वैशाख-असोज), पृ. ४२-५१ ।
३.	*लोकसाहित्यको अध्ययन-अनुसन्धान पद्धति*	**मधुपर्क**, (३९/४, २०६३ भदौ), पृ. ६०-६२ ।
४.	*लोकवार्ता, लोकसाहित्य र शिष्ट साहित्यको सैद्धान्तिक स्वरूप*	**मिमिरि**, (३६/११, २०६४ फागुन), पृ. ४८-६० ।
५.	*लोकगीतको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/८, २०६७ साउन), पृ. ३९-४३ ।
६.	*लोकसाहित्य र शिष्टसाहित्यको तुलनात्मक अध्ययन*	**हिमाली गुराँस**, (१४/२९, २०६७ साउन-असोज), पृ. ६-९ ।
७.	*लिम्बू जातिको सांस्कृतिक धरोहर धाननाच*	**रक्षाकवच**, (१/९, २०६७ भदौ), पृ. ३२-३३ ।
८.	*गाउँखाने कथाको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/१०, २०६७ असोज), पृ. ४०-४२ ।

९. *तिहारको सांस्कृतिक महत्त्व*	**रक्षाकवच**, (१/११, २०६७ कात्तिक), पृ. ४-५ ।
१०. *उखानको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/१२, २०६७ मङ्सिर), पृ. ... ।
११. *लोकसाहित्य, लोकवार्ता र लोकवार्ताविज्ञानको सैद्धान्तिक स्वरूप*	**नवप्रज्ञापन**, (५०, २०६७ कात्तिक-पौष), पृ. ५९-७६ ।

२.१८.२.१.१० इतिहाससँग सम्बन्धित समालोचनाहरू

शीर्षक	प्रकाशन स्रोत
१. *नेपाली कथाको सेरोफेरो*	**मिर्मिरे**, (३६/१, २०६४ वैशाख), पृ. ३६६-३७३ ।
२. *तेरथुम जिल्लाको साहित्यिक सर्वेक्षण*	**तीनजुरे**, (२/१, २०६६ वैशाख-जेठ), पृ. २४-३२ ।
३. *नेपाली कविताका प्रमुख प्रवृत्ति (कोरियाली भाषामा)*	**मुनहाकसन** (२०६६, नेपाली काव्य विशेषाङ्क, कोरिया), पृ. १५६-१७२ ।
४. *नेपाली कविताका प्रवृत्ति*	**कविता**, (८८, २०६७ जेठ-भदौ), पृ. ११५-१३७ ।
५. *समकालीन नेपाली कविताका प्रवृत्ति*	**हाम्रो ध्वनि**, (४१/४, २०६८ माघ-फागुन), पृ. २-५ ।
६. *नेपाली कविताको इतिहासमा महिलाहरूको अवस्थिति*	**नारी सिर्जना र चिन्तना**, २०६८, पृ. ७२-९६ ।
७. *समकालीन नेपाली साहित्यको परिदृश्य*	**नेपाली संगम**, (अङ्क २, अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन विशेषाङ्क-२०१३ कोलकाता), सन् २०१४, पृ. ११-४३ ।
८. *कथा सिद्धान्त र नेपाली कथाको इतिहास*	**सुलेख**, (३/६, २०७१ असोज), पृ. १८२-२३० ।
९. *नेपाली कविताको इतिहासमा महिलाहरूको अवस्थिति*	**TMC सौगात** (७/६,२०७१), पृ. १३-२६ ।

२.१८.२.१.११ डायस्पोरासँग सम्बन्धित समालोचनाहरू

शीर्षक	प्रकाशन स्रोत
१. *नेपाली साहित्यमा डायस्पोराको योगदान*	**जनमत**, (२४/११-१२, २०६४ पुस), पृ. ९-१५ ।
२. *नेपाली साहित्यमा डायस्पोराको योगदान*	**हाम्रो ध्वनि**, (४०/९, २०६६ जेठ-असार), पृ १३-२१ ।
३. *डायस्पोरा सिद्धान्त र नेपाली सन्दर्भ*	**शब्दाञ्जली**, (४/३, २०६८ वैशाख), पृ. ७-१४ ।
४. *डायस्पोराको सैद्धान्तिक स्वरूप*	**प्रहरी**, (५३/१, २०६८ वैशाख), पृ. १३-१७ ।
५. *नेपाली साहित्यमा डायस्पोराको योगदान*	**अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन** (सन् २०१२), पृ. ५५-७१ ।
६. *आप्रवासी नेपाली साहित्यको सैद्धान्तिक र व्यावहारिक पक्ष*	**गरिमा**, (३०/१२ २०६९ मङ्सिर), पृ. ८७-९६ ।
७. *नेपालबाहिर नेपाली साहित्यको अवस्था*	**साहित्य संसार**, (१, २०१३ सेप्टेम्बर-डिसेम्बर), पृ. २०-२३ ।
८. *नेपाली डायस्पोरिक साहित्य : सिद्धान्त र प्रयोग*	**अनेक डायस्पोराको साहित्य** (२०७०), पृ. २०-४६ ।

२.१८.२.१.१२ भाषासँग सम्बन्धित समालोचनहरू

१. *ध्वनि र आलेखन*	**गरिमा**, १४/३, २०५२ फागुन, पृ. १२४-१२६ ।
२. *संस्कृत ध्वनितत्त्व*	**शिक्षाशास्त्र सौरभ**, ४/४, २०५२, पृ. ३७-४२ ।
३. *नेपालीमा पदयोग र पदवियोगसम्बन्धी दिग्भ्रम*	**भानु**, ४८/१३८, २०६७ पुस, पृ. ४-९ ।

४. *नेपाली भाषाका भाषिकाहरू*	**हाम्रो ध्वनि**, ४१/२-३, २०६७, पुस-माघ, पृ.१८-२२ ।
५. *भाषाको अर्थ, परिभाषा र विशेषता*	**सभा पत्रिका,** १/१, २०६८ वैशाख, पृ. १३-१७ ।
६. *नेपाली भाषामाथि चलखेल*	**कान्तिपुर**, २०६९ वैशाख २७, पृ. ७ ।
७. *नेपाली भाषामा बल्झाइएका समस्या र तिनका समाधान*	**गरिमा,** ३०/५ २०६९ वैशाख, पृ. १५७-१६२ ।
८. *संसारका भाषा परिवार*	**ब्रह्मपुत्र,** २०६९ जेठ, पृ. २२-२७ ।

२.१८.२.२ कृति समीक्षा

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न विद्वान्हरूद्वारा लिखित विभिन्न विषयका कृतिहरूको समीक्षा पनि गरेका छन् र ती विभिन्न पत्रपत्रिका एवं पुस्तकहरूमा प्रकाशित छन्। यिनीद्वारा गरिएका प्रकाशित कृति समीक्षाको कालक्रमिक विवरण तल दिइन्छ :

लेखक	पुस्तक	शीर्षक	प्रकाशन स्रोत
१. लेखनाथ पौडेल	**शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा**	*शैक्षिक जगत्मा नौलो पुस्तक*	**कान्तिपुर**, २०५० फागुन २८, पृ. ख ।
२. मोहनराज शर्मा र कृष्णहरि बराल	**भाषाविज्ञान र नेपाली भाषा**	*भाषिक क्षेत्रमा नयाँ उपलब्धि*	**शिक्षाशास्त्र सौरभ**, २/२, २०५०, पृ. ३८-३९ ।
३. रमेश विकल	**निलगिरिको छायामा**	***निलगिरिको छायामा** : यात्रावृत्तको*	**मिर्मिरे**, २३/४, २०५१ असोज, पृ. ६०-६३ ।
४. यज्ञेश्वर निरौला	**क्रियाको रूपतत्त्वका आधारमा नेपाली भाषिकाहरूको अध्ययन**	*नेपालीका भाषिकाको अध्ययन एक कदमअघि*	**कान्तिपुर**, २०५२ जेठ ६, पृ. ख ।
५. ध्रुवचन्द्र गौतम	**दुविधा**	***दुविधा उपन्यास***	**गोरखापत्र**, २०५२ माघ २७, पृ. ६ ।
६. मोहनराज शर्मा	**शब्दरचना र वर्णविन्यास**	***शब्दरचना र वर्णविन्यास***	**हिमालय टाइम्स**, २०५३ वैशाख १५, पृ. ४ ।
७. मोहनराज शर्मा	**शब्दरचना र वर्णविन्यास**	*शैक्षणिक उपलब्धि : **शब्दरचना र वर्णविन्यास***	**सयपत्री**, २/२-३, २०५३ भदौ-चैत, पृ.२११-२१४ ।
८. गोविन्द गिरी प्रेरणा	**अचानक एकदिन**	***अचानक एकदिन***	**गरिमा**, १५/१०, २०५४ असोज, पृ. १११-११२ ।
९. कशघ	**बुइँगलको एउटा बाकस**	*कशघका **बुइँगलको एउटा बाकस** खोली हेर्दा*	**गरिमा**, १६/३, २०५४ फागुन, पृ. ११४-११६ ।
१०. वियोगी बुढाथोकी	**छुटेका यादहरू**	*युगीन यथार्थको अभिव्यक्ति : **छुटेका यादहरू***	**गरिमा**,१६/७, २०५५ असार, पृ. १०१-१०३ ।
११. मोहनराज शर्मा	**समकालीन नेपाली समालोचना**	*नेपाली समालोचनामा विस्फोटक क्रान्ति*	**समकालीन साहित्य**, ९/३, २०५६ साउन-असोज, पृ. १७९-१८२ ।
१२. आर. डी. प्रभास चटौत	**डोटचाली बृहत् शब्दकोश**	*कोशविज्ञानका कसीमा **डोटचाली बृहत् शब्दकोश***	**नेपाल समाचारपत्र**, २०५८ मङ्सिर २५, पृ. ५ ।
१३. कुमारप्रसाद कोइराला	**नेपाली आख्यानको अध्ययन**	*नेपाली आख्यान : सन्दर्भ समालोचना*	**नेपाल समाचारपत्र**, २०५९ पुस ९, पृ. ५ ।
१४. लक्ष्मणप्रसाद गौतम	**समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**	*बिम्ब र नेपाली कवितामा बिम्बविधान*	**समकालीन साहित्य**,१४/३, २०६१ वैशाख-असार, पृ.१६३-१६६ ।
१५. लक्ष्मणप्रसाद गौतम र अन्य	**नोबेल पुरस्कार विजेता साहित्यकार**	*नोबेल पुरस्कार विजेता साहित्यकार : पाठकका लागि उत्कृष्ट उपहार*	**मधुश्री**, ५/४, २०६३, पृ. ३-५ ।

१६. गोपाल पराजुली	**पच्चीस प्रतिभा भाग ३**	*बालोपयोगी जीवनीहरू*	**मधुपर्क**,४०/३, २०६४ साउन, पृ. १८ ।
१७. मोहन सिटौला	**नयाँ मुलुकको नाद**	*मिश्रित स्वादको कृति*	**मधुपर्क**,४०/७, २०६४मङ्सिर,पृ.११-१२ ।
१८. मोहन सिटौला	**नयाँ मुलुकको नाद**	उत्कृष्ट कविता कृति : नयाँ मुलुकको नाद	**समकालीन साहित्य डट कम**, २०६७ वैशाख ४ ।
१९. होमनाथ सुवेदी	**चिरिएको मुटु**	डायस्पोरिक साहित्यको राम्रो बान्की : चिरिएको मुटु	**समकालीन साहित्य डट कम**, २०६७ वैशाख २५ ।
२०. बखतबहादुर थापा	**कालचक्र**	कालचक्र : प्राविधिक ठगी र जनयुद्धको जीवन्त चित्रण	**समकालीन साहित्य डट कम**, २०६७ साउन ४
२१. डा. तारानाथ शर्मा र अन्य	**उत्तर अमेरिकाका नेपाली कवि र कविता**	उत्तर अमेरिकाका नेपाली कवि र कविता	**समकालीन साहित्य डट कम**, २०६७ साउन २५
२२. उज्ज्वल जिसी	**निरीह समयमाथि**	युगीन यथार्थको काव्यात्मक दिग्दर्शन	**समकालीन साहित्य डट कम**, २०६७ कार्तिक २७ ।
२३. रुकु कार्की	**जीवनज्योति**	आदर्शमिश्रित सामाजिक यथार्थवादी उपन्यास : जीवनज्योति	**समकालीन साहित्य डट कम**, २०६८ जेठ १२ ।
२४. कृष्ण प्रसाईं	**घामको वर्षा**	ध्यान कविताको राम्रो बान्की : घामको वर्षा	**समकालीन साहित्य डट कम**, २०६८ भदौ १९ ।
२५. विद्याप्रसाद घिमिरे	**सेलाएको घाम**	बोधगम्य कविताको सँगालो : सेलाएको घाम	**समकालीन साहित्य डट कम**, २०६८ भदौ २५ ।
२६. गीता खत्री र अन्य	**अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन**	*डायस्पोरिक समालोचना सङ्ग्रह : अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन*	**अन्तर्दृष्टि**, २०/१, २०६९ चैत, पृ. १६१-१६९ ।
२७. सूर्य सुवेदी	**सिर्जना र दृष्टिकोण**	*अनुभवको उत्कृष्ट सङ्ग्रह*	**नागरिक,** २०७१ कार्तिक २२, पृ. १० ।
२८. गीता खत्री र अन्य (सम्पा.)	**अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन**	*डायस्पोरिक समालोचना सङ्ग्रह*	**समकालीन साहित्य डट कम**, २०७१ माघ ९ ।
२९. डा. गोविन्दसिंह रावत	**विश्व रङ्गमञ्चमा सडक नाटक परम्परा**	*सडक नाटक र रङ्गमञ्चबारेको आधिकारिक शोधग्रन्थ*	**समकालीन साहित्य डट कम,** २०७१ फागुन २१ ।
३०. सूर्य सुवेदी	**सिर्जना र दृष्टिकोण**	*अनुभवसिद्ध अनुभूतिको उत्कृष्ट सङ्ग्रह*	**समकालीन साहित्य डट कम,** २०७१ फागुन २५ ।

२.१८.२.३ निबन्ध

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न विषय क्षेत्रमा केन्द्रित रही प्रशस्तै निबन्ध लेखेका छन् र ती विभिन्न पत्रपत्रिका एवं पुस्तकहरूमा प्रकाशित छन् । उनका प्रकाशित निबन्धहरूलाई विषयक्षेत्रअनुरूप छुट्ट्याएर तिनको कालक्रमिक विवरण तल दिइन्छ :

२.१८.२.३.१ नियात्रा

स्वदेशपरक नियात्रा

शीर्षक	प्रकाशन स्रोत
१. वीरगन्जको यात्रा : खुर्सानीको डाहा	**जनसाहित्य**, (१/४, २०४८ माघ-चैत), पृ.११-१६ ।
२. जन्त जानुभन्दा अन्त जानु नै राम्रो !	**ब्रह्मपुत्र**, (१/१, २०५०-२०५१), पृ. ९८-१०१ ।

३. वीरगन्ज दर्शन : म्युजिकल फाउन्टेन	**गरिमा**, (१८/४, २०५६ चैत), पृ. ६२-६४ ।
४. बार वर्षपछि हनिमुन	**मधुपर्क**, (३८/१२, २०६३ वैशाख), पृ. ४६-४९ ।
५. चितवन, सम्मान र मकरस्नान	**मधुपर्क**, (४२/२, २०६६ असार), पृ. १८-२० ।
६. गोरखनाथ बाजे सकुशल रहेछन्	**हिमाली गुराँस**, (१२/२६, २०६६ माघ-फागुन), पृ. १-९ ।
७. तेर वर्षपछि तेरथुम टेक्दा	**तीनजुरे**, (१०, २०६७), पृ. ५९-६७ ।
८. धनगढीमा आतङ्क	**हिमाली गुराँस**, (१५/३२, २०६८ वैशाख-जेठ), पृ. ७-१२ ।
९. महामण्डल साहित्य यात्रा	**मधुपर्क**, (४४/५, २०६८ असोज), पृ. ४९-५१ ।
१०. जन्मभूमिमा नागरिक सम्मान पाउँदाको अनुभूति	**तीनजुरे**, (४/१, २०६९), पृ. ५४-५९ ।
११. इलाम साहित्य सम्मेलन र माईपोखरी दर्शन	**मिमिरे**, (४१/१, २०६९ वैशाख-जेठ), पृ. ३२५-३२१ ।
१२. जाऊँ न हरर, बेँसीसहर	**हिमाली गुराँस**, (१८/५२, २०७१ मङ्सिर-पुस), पृ. ३-६ ।

विदेशपरक नियात्रा

शीर्षक	प्रकाशन स्रोत
१. दक्षिण यात्रा : महाजात्रा	**प्रहरी**, (५२/१, २०६७ वैशाख), पृ. २२-२९ ।
२. गुवाहाटी यात्रामा पुत्लेछोराको करामत	**प्रहरी**, (५२/५, २०६७ पुस), पृ. ४-९ ।
३. गुवाहाटीमा नेपाली एम.ए उद्घाटनमा जाँदा	**रचना**, (५१, २०६८ वैशाख-जेठ), पृ. ११३-१२३ ।
४. गुवाहाटीमा नेपाली एम.ए उद्घाटनमा जाँदा	**हाम्रो ध्वनि**, (४२/७-८, २०११ जुलाई-अगस्ट), पृ.२८-३७ ।
५. सिलोङमा डायरी हराउँदा	**प्रहरी**, (५३/२, २०६८ असार), पृ. ७-१४ ।
६. गुवाहाटीमा नेपाली एम.ए. प्रारम्भ गर्दाका तितामिठा अनुभूति	**प्रहरी**, (५२/५, २०६८ भदौ), पृ. ४-९ ।
७. सिलोङमा डायरी हराउँदा	**गरिमा**, (२९/९, २०६८ भदौ), पृ. १००-१०६ ।
८. गुवाहाटीमा नेपाली एम.ए. प्रारम्भ गर्दाका तितामिठा अनुभूति	**हिमाली गुराँस**, (१५/३४, २०६८ मङ्सिर-पुस), पृ. १-१३ ।

२.१८.२.३.२ श्यामव्यङ्ग्यात्मक निबन्ध

शीर्षक	प्रकाशन स्रोत
१. नेपाली शब्दसागर प्रकाशनको खुसीयालीमा ...	**गरिमा**, (१९/८, २०५८ साउन), पृ. १९-३१ ।
२. कति भ्रष्टाचार कति सदाचार !	**नेपाल समाचारपत्र**, (९/१६१, २०६१ असार ६), पृ. ४ ।
३. न्यायका नौ सिङ र राष्ट्रिय स्वाभिमान	**नेपाल समाचारपत्र**, (९/१८७, २०६१ साउन १), पृ. ४ ।
४. राष्ट्रिय चिन्ता उन्मूलन आयोग (डार्बिन नेपाली)	**कुञ्जिनी**, (१२/९, २०६१-२०६२), पृ. १७१-१७३ ।
५. सम्मान अभिनन्दन संस्कृति राष्ट्रिय अभियान	**मधुपर्क**, (३६/६, २०६२ कात्तिक), पृ. ४६-४९ ।
६. मैले सम्चार सुन्न छोडिदिएँ (डा. खलु)	**फित्कौली**, (१/४, २०६२ पुस), पृ. १०-१३ ।
७. सङ्घ खोल्ने तरखरमा (विज्ञान शर्मा छट्टुपाध्याय)	**फित्कौली**, (१/८, २०६३ असार), पृ. १५-१९ ।
८. विज्ञापनिक विश्राम (डार्बिन नेपाली)	**मिमिरे**, (३५/५, २०६३ भदौ), पृ. २७-३४
९. प्रतिबद्धता पुराण	**कुञ्जिनी**, (११/११ २०६३-२०६४), पृ. २१९-२२३ ।

१०. नेपाल बन्द जिन्दाबाद	**रचना**, (४७/९३, २०६४ वैशाख-जेठ), पृ. ३६-३८ ।
११. नयाँ कार जोड्ने रहर	**मधुपर्क**, (४०/१, २०६४ जेठ), पृ. ४९-५२ ।
१२. यसपालि म मन्त्री नहुने भएँ !	**मिमिरि**, (३६/३, २०६४ असार), पृ. ३३-३८ ।
१३. नाउँ फेरिपाउँ	**फित्कौली**, (२/१४, २०६४ असार-साउन), पृ. ७-१० ।
१४. चाउरिएको जिन्दगी	**गरिमा**, (२५/१०, २०६४ असोज), पृ. ९१-९६ ।
१५. खामरण अनसन	**युगसुधा**, (१/१, २०६४ असोज-मङ्सिर), पृ. २१-२३ ।
१६. उत्तरआधुनिक चकचके बच्चो	**शारदा**, (१/१०, २०६४ कात्तिक), पृ. ७३-७५ ।
१७. जिन्दगी‘ ?	**रक्षाकवच**, (१/६, २०६७ जेठ), पृ. २०-२१ ।
१८. जिन्दगी... ?	**मधुपर्क**, (४३/३, २०६७ साउन), पृ. २५-२६ ।
१९. नयाँ कार जोड्ने रहर	**मधुपर्क प्रतिनिधि हास्यव्यङ्ग्य**, (२०६७), पृ.१५२-१५८ ।
२०. महागाईजात्रा जिन्दाबाद	**हिमालय टाइम्स**, (२०६८ भदौ २४), पृ. ७ ।
२१. महागाईजात्रा जिन्दाबाद	**रचना**, (५१, २०६८ कात्तिक-मङ्सिर), पृ. २६-२८ ।

२.१८.२.३.३ संस्मरण

शीर्षक	प्रकाशन स्रोत
१. शरद्का चन्द्र शरद्चन्द	**शरदचन्द्र भट्टराईको इतिवृत्त**, २०६२ पृ. ८६-९२ ।
२. नेपाली हास्यव्यङ्ग्यका जिजुबाजे वासुदेव– जिन्दाबाद !	**फित्कौली**, (२/१२, २०६३ फागुन), पृ. ३१-३५ ।
३. दाहाल सरलाई श्रद्धाका दुई थोपा आँसु	**डा. बल्लभमणि दाहालका रचनाहरू** (पुस्तक), २०६३, पृ. २१-२८ ।
४. दाहाल सरलाई श्रद्धाका दुई थोपा आँसु	**कृति र स्मृतिमा डा. बल्लभमणि दाहाल** (पुस्तक), २०६३, पृ.२९२-३००। ।
५. नेपाली हास्यव्यङ्ग्यका जिजु वासुदेव लुइटेल– जिन्दाबाद !	**वासुदेव लुइटेल स्मृतिग्रन्थ**, २०६८ फागुन, पृ. ६७-७४ ।
६. मेरो एम.ए., प्रश्रित र शोधपत्र	**हिमालय टाइम्स**, (२०६८ असोज ७), पृ. ६ ।
७. स्मृतिका बिम्बमा प्रतिबिम्बित दैवज्ञराज न्यौपाने	**प्रेरणा पुरुष : कवि दैवज्ञ स्मृतिग्रन्थ**, २०६९, पृ.६७-६९

२.१८.२.३.४ बालनिबन्ध

शीर्षक	प्रकाशन स्रोत
१. वन जाँदा	**हाम्रो नेपाली कक्षा ग** (२०६४)
२. गाई	**हाम्रो नेपाली कक्षा २** (२०६४)
३. राष्ट्रिय फूल लालीगुराँस	**हाम्रो नेपाली कक्षा २** (२०६४)
४. रेडियो	**हाम्रो नेपाली कक्षा २** (२०६४)
५. तिहार	**हाम्रो नेपाली कक्षा २** (२०६४)
६. सुन्दर उपत्यका पोखरा	**हाम्रो नेपाली कक्षा ३** (२०६४)

७. कपर्दी	**हाम्रो नेपाली कक्षा ३** (२०६४)
८. भेडा	**हाम्रो नेपाली कक्षा ४** (२०६४)
९. फुटबल	**हाम्रो नेपाली कक्षा ४** (२०६४)
१०. तराईको ठूलो पर्व छठ	**हाम्रो नेपाली कक्षा ४** (२०६४)
११. टेलिभिजन	**हाम्रो नेपाली कक्षा ४** (२०६४)
१२. हाम्रो देश नेपाल	**हाम्रो नेपाली कक्षा ६** (२०६४)
१३. बुद्धिमान जलचर डलफिन	**हाम्रो नेपाली कक्षा ६** (२०६४)
१४. जन्त जानुभन्दा अन्त जानु नै राम्रो	**हाम्रो नेपाली कक्षा ७** (२०६४)
१५. असल बानी	**मेरो नेपाली किताब** कक्षा ग (२०७०)
१६. इमानदार जनावर कुकुर	**मेरो नेपाली किताब** कक्षा २ (२०७०)
१७. उज्यालोको चाड तिहार	**मेरो नेपाली किताब** कक्षा २ (२०७०)
१८. टेलिभिजन	**मेरो नेपाली किताब** कक्षा २ (२०७०)
१९. अनौठो जनावर जिराफ	**मेरो नेपाली किताब** कक्षा ३ (२०७०)
२०. रेडियो	**मेरो नेपाली किताब** कक्षा ३ (२०७०)
२१. विश्वप्रसिद्ध खेल फुटबल	**मेरो नेपाली किताब** कक्षा ३ (२०७०)
२२. लोकप्रिय खेल क्रिकेट	**मेरो नेपाली किताब** कक्षा४ (२०७०)
२३. कम्प्युटर	**मेरो नेपाली किताब** कक्षा५ (२०७०)
२४. जाउँ न हरर बँसीसहर	**मेरो नेपाली किताब** कक्षा ६ (२०७०)

२.१८.२.३.५ जीवनी

शीर्षक	प्रकाशन स्रोत
१. कलाकार अरनिको	**हाम्रो नेपाली** कक्षा ४ (२०६४)
२. विश्वेश्वरप्रसाद कोइराला	**हाम्रो नेपाली** कक्षा ६ (२०६४)
३. साहित्यकार गोपालप्रसाद रिमाल	**हाम्रो नेपाली** कक्षा ७ (२०६४)
४. विश्वप्रसिद्ध चिन्तक कार्लमार्क्स	**हाम्रो नेपाली** कक्षा ८ (२०६४
५. विश्वेश्वरप्रसाद कोइराला	**मेरो नेपाली किताब** कक्षा ७ (२०७०)

२.१८.२.४ प्रबन्ध

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न विषयक्षेत्रमा केन्द्रित रही प्रशस्तै प्रबन्ध लेखेका छन् र ती विभिन्न पत्रपत्रिका एवं पुस्तकहरूमा प्रकाशित छन् । यिनका प्रकाशित प्रबन्धको कालक्रमिक विवरण तल दिइन्छ :

शीर्षक	प्रकाशन स्रोत
१. सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवन	अप्रकाशित भिलेज प्रोफाइल, त्रि.वि. राविसे कार्यक्रम, २०४५-२०४६ ।

२. गुरुङ संस्कृतिको अभिन्न अङ्ग : रोदी	**गोरखापत्र**, २०४९ असार १३, पृ. ग ।
३. गुरुङ जाति र लोकमनोरञ्जन	**गरिमा**, १०/८, २०४९ भदौ, पृ. ७९-८६ ।
४. गुरुङ जातिमा प्रचलित सामाजिक संस्कारहरू	**मधुपर्क**, २६/५, २०५० असोज, पृ. ५२-५६ ।
५. राष्ट्रिय गानको स्तर	**नेपाल समाचारपत्र**,२०६३ मङ्सिर २८ ।
६. शुभकामना	**ऐतिहासिक रूपरेखा तथा स्वर्णमहोत्सव स्मारिका**,२०६३, श्री सिद्धकाली उमा.वि.को मुखपत्र ।
७. निजी विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र पठनपाठन	**अभियान स्मारिका**, २०६४ पृ. २९-३३ ।
८. शिक्षाको गुणात्मक विकासमा विद्यालयको भूमिका	**सम्प्रेषण**, ४/४, २०६४, पृ. ५५-६१ ।
९. निजी विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र पठनपाठन	**सम्प्रेषण**, ५/५, २०६५, पृ. १२९-१३३ ।
१०. जनमत जनमतअनुरूप नै चलिरहनु पर्छ	**जनमत**, २६/१, २०६५ माघ, पृ. ३६-३७ ।
११. ज्ञानकुञ्ज ज्ञानको कुञ्ज नै बनिरहोस्	**अङ्कुर**,२०६५, ज्ञानकुञ्ज उमा.वि.को वार्षिक मुखपत्र ।
१२. जलवायु परिवर्तन शिक्षा आजको अनिवार्य आवश्यकता	**हाम्रो सम्पदा**,९/१०, २०६६ माघ, पृ. ९७-१०० ।
१३. संविधानमा भाषा, साहित्य, कला, संस्कृतिको स्थान	**गरिमा**, २९/२, २०६७ माघ, पृ. १२९-१३० ।
१४. खै ! बन्ला त हाम्रो संविधान ?	**हिमालय टाइम्स**, २०६८ असोज १४, पृ. ७ ।
१५. धाननाचसँगै मायाप्रीति	**हिमालय टाइम्स**, २०६८ कार्तिक २६, पृ. ६ ।
१६. हार्दिक शुभकामना	**अङ्कुर** (२०६९) ज्ञानकुञ्ज उमा.वि.को वार्षिक मुखपत्र

२.१८.२.५ कविता

सानै उमेरदेखि कविता लेख्न विशेष रुचि राख्ने लुइटेलले लेखेका थुप्रै कविता डायरीमै सीमित छन् र कतिपय हराइसकेका छन् भने केही प्रकाशित पनि छन् । उनका प्रकाशित कविताको कालक्रमिक विवरण तल दिइन्छ :

शीर्षक	प्रकाशन स्रोत
१. विद्यार्थी	**रत्नज्योति,** २०२९, हस्तलिखित पत्रिका
२. नानी बाबु	**हाम्रो नेपाली** कक्षा ग (२०६४)
३. दिशा	**हाम्रो नेपाली** कक्षा ग (२०६४)
४. मेरो गाउँ	**हाम्रो नेपाली** कक्षा ग (२०६४)
५. ऋषि	**हाम्रो नेपाली** कक्षा ग (२०६४)

६. बासस्थान	**हाम्रो नेपाली**कक्षा १ (२०६४)
७. बच्चा	**हाम्रो नेपाली**कक्षा १ (२०६४)
८. बोली	**हाम्रो नेपाली**कक्षा १ (२०६४)
९. नेपाल	**हाम्रो नेपाली** कक्षा ३ (२०६४)
१०. सरस्वती वन्दना	**हाम्रो नेपाली** कक्षा ४ (२०६४)
११. जय सलाम	**मिमिरे कविता विशेषाङ्क**, (३८/३, २०६६ असार), पृ. १५५-१५६ ।
१२. डायरीको पानाबाट	**तेरथुम आवाज**,(२/१, २०६६ चैत), पृ. ३५ ।
१३. नेताको डायरी	**हाम्रो ध्वनि**, (४१/४, २०६८ माघ-फागुन), पृ. ४२ ।
१४. नेताको डायरी	**नेपाली संगम**, अङ्क २, अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन विशेषाङ्क-२०१३ कोलकाता, सन् २०१४, पृ. १०२ ।
१५. मेरो सानो गाउँ	**मेरो नेपाली किताब** कक्षा ग (२०७०)
१६. जनावरको आवाज	**मेरो नेपाली किताब** कक्षा ग (२०७०)
१७. दिशा	**मेरो नेपाली किताब** कक्षा ग (२०७०)
१८. केको बच्चा के ?	**मेरो नेपाली किताब** कक्षा १ (२०७०)
१९. बासस्थान	**मेरो नेपाली किताब** कक्षा ३ (२०७०)
२०. मेरो गाउँ	**मेरो नेपाली किताब** कक्षा४ (२०७०)
२१. म बिक्रीमा छु	**जनमत**, (३१/९, २०७१ असोज), पृ. ५८ ।
२२. मलाई छेपारो बनाइदेऊ प्रभु !	**समकालीन साहित्य डट कम**, २०७१ आश्विन ११ ।
२३. म बिक्न बाध्य भएँ	**समकालीन साहित्य डट कम**, २०७१ मङ्सिर २२ ।
२४. मलाई छेपारो बनाइदेऊ प्रभु !	**रचना**, (५४/५,२०७१ पुस-माघ), पृ. ८-९ ।

२.१८.२.६ कथा

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न विषय क्षेत्रमा केन्द्रित रही प्रशस्तै कथा लेखेका छन् र ती विभिन्न पत्रपत्रिका एवं पुस्तकहरूमा प्रकाशित छन् । उनका प्रकाशित कथाको कालक्रमिक विवरण तल दिइन्छ :

शीर्षक	प्रकाशनस्रोत
१. पिउन सा..प	**नव उद्घोष**, (१/१, २०६४ वैशाख), पृ. ३७ ।
१. काग र गाग्रो	**हाम्रो नेपाली** कक्षा क (२०६४)
२. कछुवा र खरायो	**हाम्रो नेपाली** कक्षा क (२०६४)
३. काग र गाग्रो	**हाम्रो नेपाली** कक्षा क (२०६४)

४. कछुवा र खरायो	**हाम्रो नेपाली** कक्षा क (२०६४)
५. स्यालको न्याय	**हाम्रो नेपाली** कक्षा ग (२०६४)
६. खरायो र सिंह	**हाम्रो नेपाली** कक्षा ग (२०६४)
७. डाक्टर दुम्सी	**हाम्रो नेपाली**कक्षा १ (२०६४)
८. गोलसिमल	**हाम्रो नेपाली** कक्षा २ (२०६४)
९. पाडग्रे	**हाम्रो नेपाली** कक्षा २ (२०६४)
१०. गणेश र कुमार	**हाम्रो नेपाली** कक्षा २ (२०६४)
११. भस्मासुर	**हाम्रो नेपाली** कक्षा ३ (२०६४)
१२. वीर ध्रुव	**हाम्रो नेपाली** कक्षा ४ (२०६४)
१३. सज्जन र दुर्जन	**हाम्रो नेपाली** कक्षा ४ (२०६४)
१४. गाँस छोड्नु साथ नछोड्नु	**हाम्रो नेपाली** कक्षा ४ (२०६४)
१५. वाणासुरको पराजय	**हाम्रो नेपाली** कक्षा ६ (२०६४)
१६. विश्वामित्र र वशिष्ठ	**हाम्रो नेपाली** कक्षा ८ (२०६४)
१७. हाकिम साप र सेरू	**स्मारिका**, (अख्तियार दुरूपयोग अनुसन्धान आयोग), (६/६, २०६६ माघ), पृ. ९०-९
१८. पिउन सा..प	**सुलेख**, (२/५, २०७० भदौ), पृ. ३१-३२ ।
१९. कछुवा र खरायो	**मेरो नेपाली किताब** कक्षा क (२०७०)
२०. तिर्खाएको काग	**मेरो नेपाली किताब** कक्षा क (२०७०)
२१. खरायो र सिंह	**मेरो नेपाली किताब** कक्षा ग (२०७०)
२२. छट्टु स्याल र मूर्ख भालु	**मेरो नेपाली किताब** कक्षा ६ (२०७०)
२३. ठोक् लौरी ठोक्	**मेरो नेपाली किताब** कक्षा ७ (२०७०)

२.१८.२.७ बालसाहित्यसम्बन्धी लेखरचनाहरू

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न विषय क्षेत्रमा केन्द्रित रही विभिन्न विधाका बालसाहित्य लेखेका छन् र ती विभिन्नतिर प्रकाशित छन् । उनका प्रकाशित बालसाहित्यको कालक्रमिक विवरण तल दिइन्छ :

शीर्षक	विधा	प्रकाशन स्रोत	प्रकाशन वर्ष
१. काग र गाग्रो	कथा	**हाम्रो नेपाली** कक्षा क	२०६४
२. कछुवा र खरायो	कथा	**हाम्रो नेपाली** कक्षा क	२०६४

३. स्यालको न्याय	कथा	**हाम्रो नेपाली** कक्षा ग	२०६४
४. खरायो र सिंह	कथा	**हाम्रो नेपाली** कक्षा ग	२०६४
५. डाक्टर दुम्सी	कथा	**हाम्रो नेपाली** कक्षा १	२०६४
६. गोलसिमल	कथा	**हाम्रो नेपाली** कक्षा २	२०६४
७. पाङग्रे	कथा	**हाम्रो नेपाली** कक्षा २	२०६४
८. गणेश र कुमार	कथा	**हाम्रो नेपाली** कक्षा २	२०६४
९. भस्मासुर	कथा	**हाम्रो नेपाली** कक्षा ३	२०६४
१०. वीर ध्रुव	कथा	**हाम्रो नेपाली** कक्षा ४	२०६४
११. सज्जन र दुर्जन	कथा	**हाम्रो नेपाली** कक्षा ४	२०६४
१२. गाँस छोड्नु साथ नछोड्नु	कथा	**हाम्रो नेपाली** कक्षा ४	२०६४
१३. वाणासुरको पराजय	कथा	**हाम्रो नेपाली** कक्षा ६	२०६४
१४. विश्वामित्र र वशिष्ठ	कथा	**हाम्रो नेपाली** कक्षा ८	२०६४
१५. कछुवा र खरायो	कथा	**मेरो नेपाली किताब** कक्षा क	२०७०
१६. तिर्खाएको काग	कथा	**मेरो नेपाली किताब** कक्षा क	२०७०
१७. खरायो र सिंह	कथा	**मेरो नेपाली किताब** कक्षा ग	२०७०
१८. बुद्धिमान् खरायो	कथा	**मेरो नेपाली किताब** कक्षा १	२०७०
१९. छेपारो र चितुवाको लडाइँ	कथा	**मेरो नेपाली किताब** कक्षा ५	२०७०
२०. छट्टु स्याल र मूर्ख भालु	कथा	**मेरो नेपाली किताब** कक्षा ६	२०७०
२१. मृग र चिप्लेकिरा	कथा	**मेरो नेपाली किताब** कक्षा ६	२०७०
२२. ठोक् लौरी ठोक्	कथा	**मेरो नेपाली किताब** कक्षा ७	२०७०
२३. मित्र र शत्रु	कथा	**मेरो नेपाली किताब** कक्षा ७	२०७०
२४. घमन्डी भ्यागुतो	चित्रकथा	**हाम्रो नेपाली** कक्षा २	२०६४
२५. बादर र हजाम	चित्रकथा	**हाम्रो नेपाली** कक्षा २	२०६४
२६. गोही र बाँदर	चित्रकथा	**मेरो नेपाली किताब** कक्षा २	२०७०
२७. चकचके बाँदर	चित्रकथा	**मेरो नेपाली किताब** कक्षा ३	२०७०
२८. दुष्ट सर्प	चित्रकथा	**मेरो नेपाली किताब** कक्षा४	२०७०
२९. वन जाँदा	निबन्ध	**हाम्रो नेपाली** कक्षा ग	२०६४
३०. गाई	निबन्ध	**हाम्रो नेपाली** कक्षा २	२०६४
३१. राष्ट्रिय फूल लालीगुराँस	निबन्ध	**हाम्रो नेपाली** कक्षा २	२०६४
३२. रेडियो	निबन्ध	**हाम्रो नेपाली** कक्षा २	२०६४
३३. तिहार	निबन्ध	**हाम्रो नेपाली** कक्षा २	२०६४
३४. सुन्दर उपत्यका पोखरा	निबन्ध	**हाम्रो नेपाली** कक्षा ३	२०६४

३५. कपर्दी	निबन्ध	**हाम्रो नेपाली** कक्षा ३	२०६४
३६. भेडा	निबन्ध	**हाम्रो नेपाली** कक्षा ४	२०६४
३७. फुटबल	निबन्ध	**हाम्रो नेपाली** कक्षा ४	२०६४
३८. तराईको ठूलो पर्व छठ	निबन्ध	**हाम्रो नेपाली** कक्षा ४	२०६४
३९. टेलिभिजन	निबन्ध	**हाम्रो नेपाली** कक्षा ४	२०६४
४०. हाम्रो देश नेपाल	निबन्ध	**हाम्रो नेपाली** कक्षा ६	२०६४
४१. बुद्धिमान जलचर डलफिन	निबन्ध	**हाम्रो नेपाली** कक्षा ६	२०६४
४२. जन्त जानुभन्दा अन्त जानु नै राम्रो	निबन्ध	**हाम्रो नेपाली** कक्षा ७	२०६४
४३. असल बानी	निबन्ध	**मेरो नेपाली किताब** कक्षा ग	२०७०
४४. इमानदार जनावर कुकुर	निबन्ध	**मेरो नेपाली किताब** कक्षा २	२०७०
४५. उज्यालोको चाड तिहार	निबन्ध	**मेरो नेपाली किताब** कक्षा २	२०७०
४६. टेलिभिजन	निबन्ध	**मेरो नेपाली किताब** कक्षा २	२०७०
४७. अनौठो जनावर जिराफ	निबन्ध	**मेरो नेपाली किताब** कक्षा ३	२०७०
४८. रेडियो	निबन्ध	**मेरो नेपाली किताब** कक्षा ३	२०७०
४९. विश्वप्रसिद्ध खेल फुटबल	निबन्ध	**मेरो नेपाली किताब** कक्षा ३	२०७०
५०. लोकप्रिय खेल क्रिकेट	निबन्ध	**मेरो नेपाली किताब** कक्षा४	२०७०
५१. कम्प्युटर	निबन्ध	**मेरो नेपाली किताब** कक्षा५	२०७०
५२. जाऊँ न हरर बेँसीसहर	निबन्ध	**मेरो नेपाली किताब** कक्षा ६	२०७०
५३. कलाकार अर्रानको	जीवनी	**हाम्रो नेपाली** कक्षा ४	२०६४
५४. विश्वेश्वरप्रसाद कोइराला	जीवनी	**हाम्रो नेपाली** कक्षा ६	२०६४
५५. साहित्यकार गोपालप्रसाद रिमाल	जीवनी	**हाम्रो नेपाली** कक्षा ७	२०६४
५६. विश्वप्रसिद्ध चिन्तक कार्लमार्क्स	जीवनी	**हाम्रो नेपाली** कक्षा ८	२०६४
५७. विश्वेश्वरप्रसाद कोइराला	जीवनी	**मेरो नेपाली किताब** कक्षा ७	२०७०
५८. नानी बाबु	कविता	**हाम्रो नेपाली** कक्षा ग	२०६४
५९. दिशा	कविता	**हाम्रो नेपाली** कक्षा ग	२०६४
६०. मेरो गाउँ	कविता	**हाम्रो नेपाली** कक्षा ग	२०६४
६१. ऋषि	कविता	**हाम्रो नेपाली** कक्षा ग	२०६४
६२. बासस्थान	कविता	**हाम्रो नेपाली**कक्षा १	२०६४
६३. बच्चा	कविता	**हाम्रो नेपाली**कक्षा १	२०६४
६४. बोली	कविता	**हाम्रो नेपाली**कक्षा १	२०६४
६५. नेपाल	कविता	**हाम्रो नेपाली** कक्षा ३	२०६४
६६. सरस्वती वन्दना	कविता	**हाम्रो नेपाली** कक्षा ४	२०६४

६७. मेरो सानो गाउँ	कविता	**मेरो नेपाली किताब** कक्षा ग	२०७०
६८. जनावरको आवाज	कविता	**मेरो नेपाली किताब** कक्षा ग	२०७०
६९. दिशा	कविता	**मेरो नेपाली किताब** कक्षा ग	२०७०
७०. केको बच्चा के ?	कविता	**मेरो नेपाली किताब** कक्षा १	२०७०
७१. बासस्थान	कविता	**मेरो नेपाली किताब** कक्षा ३	२०७०
७२. मेरो गाउँ	कविता	**मेरो नेपाली किताब** कक्षा४	२०७०
७३. हाम्रा राष्ट्रिय चिह्नहरू	संवाद	**हाम्रो नेपाली** कक्षा २	२०६४
७४. सर्प खेल	संवाद	**हाम्रो नेपाली** कक्षा २	२०६४
७५. आगलागी	संवाद	**हाम्रो नेपाली** कक्षा ३	२०६४
७६. पानीको महत्व	संवाद	**हाम्रो नेपाली** कक्षा ४	२०६४
७७. युद्ध र शान्ति	संवाद	**हाम्रो नेपाली** कक्षा ६	२०६४
७८. कक्षामा प्रथम भएको दिन	मनोवाद	**हाम्रो नेपाली** कक्षा ८	२०६४
७९. धनभन्दा विद्या ठूलो	वादविवाद	**हाम्रो नेपाली** कक्षा ५	२०६४
८०. बलभन्दा बुद्धि ठूलो	वादविवाद	**हाम्रो नेपाली** कक्षा ६	२०६४
८१. विज्ञान अभिशाप होइन वरदान हो	वादविवाद	**हाम्रो नेपाली** कक्षा ८	२०६४
८२. धनभन्दा विद्या ठूलो	वादविवाद	**मेरो नेपाली किताब** कक्षा ५	२०७०

२.१८.३ अनलाइनमा प्रकाशित फुटकर लेखरचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका फुटकर लेखरचनाहरू विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पत्रिकाका साथै **समकालीन साहित्य डट कम** लगायत विभिन्न अनलाइन पत्रिकामा पनि प्रकाशित भएका छन् । साहित्यका विभिन्न विधासँग सम्बन्धित ती लेखहरू उनको वास्तविक नाम तथा विभिन्न उपनामहरूबाट प्रकाशित छन् । संसारभरका छापा, विद्युतीय सञ्चार आदिमा उनका बारेमा थुप्रै समाचार र व्यक्तित्व आलेखहरू प्रकाशित एवं प्रसारित छन् । संसारभरका सबै अनलाइन पत्रिकामा प्रकाशित उनका लेखरचनाहरू खोज्न सम्भव नभएकाले **समकालीन साहित्य डट कम, पल्लव साहित्यिक ई पत्रिका** (pallawa.com.np), **24 hours.com, sanjaal.com** जस्ता केही अनलाइन पत्रिकाहरूमा विभिन्न स्तम्भमा प्रकाशित उनका लेखरचनाहरूलाई त्यही स्तम्भ शीर्षकअनुरूप सङ्ख्याका क्रममा तल प्रस्तुत गरिन्छ :

२.१८.३.१ समकालीन साहित्य डट कममा प्रकाशित लेखरचनाहरू

समकालीन साहित्य डट कममा विभिन्न स्तम्भमा प्रकाशित लेखरचनाहरूलाई त्यही स्तम्भ शीर्षकअनुरूप सङ्ख्याका क्रममा तल प्रस्तुत गरिन्छ :

१. विचार

१. नेपाली साहित्यमा डायस्पोराको अध्ययन	२०६६ कार्तिक २२
२. डायस्पोराको सैद्धान्तिक स्वरूप	२०६७ जेठ ४
३. उत्तरआधुनिकताको सैद्धान्तिक स्वरूप	२०६७ जेठ ७
४. विनिर्माणवादको सैद्धान्तिक स्वरूप	२०६७ जेठ २२
५. नेपाली कविताका प्रमुख प्रवृत्ति	२०६७ असार ३२

६. उत्तरआधुनिकतासम्बन्धी विभ्रम	२०६७ कार्तिक ५
७. नेपालीमा पदयोग र पदवियोग सम्बन्धी विभ्रम	२०६७ पुस १७
८. समसामयिक नेपाली कविताका प्रवृत्ति	२०६८ असार १०
९. तेरथुम जिल्लाका साहित्यिक गतिविधि	२०६८ असोज १२
१०. नेपाली भाषामा बल्झाइएका समस्या र तिनको समाधान	२०६९ वैशाख २६
११. नेपाली भाषामाथि चलखेल	२०६९ जेठ २२
१२. आप्रवासी नेपाली साहित्यको सैद्धान्तिक र व्यवहारिक पक्ष	२०६९ असार ३०
१३. समसामयिक नेपाली साहित्यको परिदृष्य	२०६९ असार १

२. कृति समीक्षा

१. उत्कृष्ट कविता कृति : नयाँ मुलुकको नाद	२०६७ वैशाख ४
२. डायस्पोरिक साहित्यको राम्रो बान्की :चिरिएको मुटु	२०६७ वैशाख २५
३. कालचक्र : प्राविधिक ठगी र जनयुद्धको जीवन्त चित्रण	२०६७ साउन ४
४. उत्तर अमेरिकाका नेपाली कवि र कविता	२०६७ साउन २५
५. युगीन यथार्थको काव्यात्मक दिग्दर्शन	२०६७ कार्तिक २७
६. आदर्शमिश्रित सामाजिक यथार्थवादी उपन्यास : जीवनज्योति	२०६८ जेठ १२
७. ध्यान कविताको राम्रो बान्की : घामको बर्षा	२०६८ भदौ १९
८. बोधगम्य कविताको सँगालो : सेलाएको घाम	२०६८ भदौ २५
९. सडक नाटक र रङ्गमञ्चबारेको आधिकारिक शोधग्रन्थ	२०७१ फागुन २१
१०. अनुभवसिद्ध अनुभूतिको उत्कृष्ट सङ्ग्रह	२०७१ फागुन २५

३. नियात्रा

१. तेर वर्षपछि तेरथुम टेक्दा..	२०६७ वैशाख १९
२. गोरखनाथ बाजेचाहिँ सकुशल रहेछन्....	२०६७ चैत २२
३. दक्षिणयात्रा : महाजात्रा	२०६७ असार २४
४. गुवाहाटी यात्रामा पुत्लेछोराको करामत	२०६७ मङ्सिर २७
५. धनगढीमा आतङ्क	२०६७ चैत १३
६. सिलोङमा डायरी हराउँदा	२०६८ चैत १
७. नेपाली एम.ए. उद्घाटनमा गुवाहाटी जाँदा	२०६८ असार ४

४. व्यक्तित्व/कृतित्व

१. नेपाली साहित्यमा रमेश विकलको योगदान	२०६७ भदौ १०
२. नव सापकोटाको कवित्व	२०६७ चैत १०

३. नेपाली कविताको इतिहासमा महिलाहरूको अवस्थिति	२०६८ साउन ९
४. नेपालीका विशिष्ट नाटककार/एकाङ्कीकार गोविन्द बहादुर मल्ल 'गोठाले'	२०६८ असोज २९

५. निबन्ध

१. जिन्दगी...?	२०६७ साउन ८
२. सम्मान-अभिनन्दन संस्कृति राष्ट्रिय अभियान	२०६७ चैत १८
३. न्यायका नौ सिङ र राष्ट्रिय स्वाभिमान	२०६७ चैत २५

६. हास्यव्यङ्ग्य

१. हाकिम साप र सेरू	२०६७ वैशाख २९
२. पल्लाघरकी ऊ	२०६७ साउन २७
३. डायरीको पानाबाट (व्यङ्ग्य कविता) 'डा. खलु'	२०६७ भाद्र १९
४. यसपाली म मन्त्री नहुने भएँ	२०६७ चैत २२
५. महागाईजात्रा जिन्दाबाद	२०६८ भदौ २४
६. पल्लाघरकी ऊ	२०६९ साउन ५

७.संस्मरण/स्मृति

१. गुवाहाटीमा नेपाली एम्.ए. प्रारम्भ गर्दाका तितामिठा अनुभूति	२०६८ असोज २२
२. जन्मभूमिमा नागरिक सम्मान पाउँदाको अनुभूति	२०६९ साउन ४

८.लघुकथा

१. पिउन साप	२०६९ साउन ५

२.१८.३.२ पल्लव साहित्यिक ई पत्रिका (allawa.com.np) मा प्रकाशित लेखरचनाहरू

१. तेर वर्षपछि तेरथुम टेक्दा	२०१० डिसेम्बर १
२. गुवाहाटी यात्रामा पुत्नेछोराको करामत	२०१० डिसेम्बर १४
३. पल्लाघरकी ऊ	२०१० डिसेम्बर २०
४. महामण्डल साहित्ययात्रा	२०११ सेप्टेम्बर ३०
५. नेपालीका विशिष्ट नाटक एकाकीकार गोविन्दबहादुर मल्ल	२०११ अक्टोबर १७
६. आप्रवासी नेपाली साहित्यको सैद्धान्तिक र व्यावहारिक पक्ष	२०१२ जुलाइ १७
७. जन्मभूमिमा नागरिक सम्मान पाउँदाको अनुभूति	२०१२ अगस्ट ८

यीबाहेक *आप्रवासी नेपाली साहित्यको सैद्धान्तिक र व्यवहारिक पक्ष* शीर्षकको लेख **24 hours.com** (२०१२ सेप्टेम्बर २०)मा *र जिन्दगी...?* शीर्षकको निबन्ध **Sanjaal.com** मा प्रकाशित छन् ।

डा. खगेन्द्रप्रसाद लुइटेलका माथि उल्लेख गरिएबाहेक अरू थुप्रै अनलाइनमा पनि विभिन्न विषयक लेखरचना प्रकाशित छन् । यिनमा बढी मात्रामा डायस्पोरा नेपाली साहित्यसम्बन्धी छन् । यसबाहेक लुइटेलद्वारा विभिन्न व्यक्तिका बारेमा लेखिएका व्यक्तिसंस्मरणहरू पनि विभिन्न पुस्तक र पत्रपत्रिकामा प्रकाशित छन् । उनका व्याकरणलगायतका कतिपय पुस्तक र कतिपय पुस्तकका गाता **मुन्चा डट कम**लगायत विभिन्न अनलाइनमा प्रकाशित भएका भेटिन्छन् । उनी आफ्ना प्रशस्ती लेख र कतिपय किताबसमेत आफूलाई थाहै नदिई विभिन्न अनलाइन र वेवसाइटमा पनि प्रकाशित गरिएको बताउँछन् ।

२.१९ भूमिका लेखन

खगेन्द्रप्रसाद लुइटेलले स्वदेश तथा विदेशका विभिन्न साहित्यकारहरूद्वारा सिर्जना गरिएका थुप्रै साहित्यिक र साहित्येतर कृतिहरूको भूमिका लेखेका छन् । प्राप्त तथ्याङ्कका आधारमा २०४९ सालदेखि भूमिका लेखन प्रारम्भ गरेका लुइटेलले भूमिका लेखनलाई हालसम्म निरन्तरता दिँदै आएका छन् र उनले हालसम्म विभिन्न विधाका प्रशस्तै कृतिको भूमिका लेखिसकेका छन् । आफूले सम्पादन गरेका कृतिमा पनि यिनले लामै सम्पादकीय भूमिका लेखेका छन् । उनले भूमिका लेखेका प्राप्त भएजति कृतिहरूको विधागत आधारमा विवरण तल दिइएको छ :

२.१९.१ कविता विधाका कृतिहरूमा भूमिका लेखन

लेखक	पुस्तक	शीर्षक
१. गोपाल पराजुली	**शब्द शताब्दी** (२०५७, काव्य)	*गातामा*
२. डा.मधुकृष्ण श्रेष्ठ 'माधुर्य'	**मैले खोजेको आकाश-धर्ती** (२०५९)	*मधुकृष्णका कविताको संरचना*
३. नरेन्द्रराज पौडेल	**हस्ताक्षर** (२०५९)	*हस्ताक्षरमाथि हस्ताक्षर*
४. कृष्ण जोशी	**चित्रदंश** (२०६१)	*चित्रदंशभित्र कृष्ण जोशीको कवित्व*
५. हरिभक्त बुढाथोकी	**हाम्रो देश हाम्रै भविष्य** (२०६२, कविता-गीत)	*पुराना पिंढीका नयाँ कवि हरिभक्त बुढाथोकीको सिर्जनधर्मिता*
६. सुरेन्द्र अस्तफल	**बिम्बशिविर** (२०६२)	*गातामा*
७. आर.के. धर्मस्थली र अन्य	**आजको आकाश-२०६३** (२०६३)	*पाँच कविका दृष्टिमा आजको आकाश*
८. हरिभक्त बुढाथोकी	**मूलको सङ्लो पानी** (२०६४, गीत)	*हरिभक्त बुढाथोकीको गतिशील गीतसिर्जना*
९. जेबी अधिकारी	**अनन्त सौरभ** (२०६४)	*अनन्त सौरभभित्र फन्को मार्दा*
१०. बी.पी. सेढाई	**रित्ता आकृतिहरू** (२०६४)	*भूमिका*
११. डा. तारानाथ शर्मा	**उत्तर अमेरिकाका नेपाली कवि र कविता** (२०६६,सम्पा.)	*उत्तर अमेरिकाली डायस्पोरामा नेपाली कविता*
१२. कृष्ण प्रसाईं	**घामको वर्षा** (२०६६)	*ध्यान कवितामा ध्यानमग्न हुँदा*
१३. उज्ज्वल जिसी	**निरीह समयमाथि** (२०६७)	*युगीन यथार्थको काव्यात्मक दिग्दर्शन*

१४. प्रमोद नेपाल	**दोहोरिएको इतिहास** (२०६७)	*पुराना र नयाँ कविताको सँगालो : दोहोरिएको इतिहास*
१५. विद्याप्रसाद घिमिरे	**सेलाएको घाम** (२०६७)	*झरिला कविताको दरिलो बान्की*
१६. नारायणप्रसाद गैरे	**मधुवन** (२०६७, गजल)	*गैरेका गतिला गजल*
१७. पवन आलोक	**पवन आलोकका केही कविता** (२०६७)	*पवन आलोकका केही कवितामाथि दृष्टि दिँदा*
१८. कृष्ण बाउसे	**देशको विन्तीपत्र** (२०६८, मुक्तक)	*मुक्तकमा गम्भीर भावको सरल प्रस्तुति*
१९. उत्तम थापा	**जीवन सार** (२०६८)	*जीवनवादी कविताको सङ्गालो : जीवन सार*
२०. भीम राना 'जिज्ञासु'	**कुर्सीप्रधान देश** (२०६८, मुक्तक)	*चोटिला मुक्तकहरूको सँगालो :* ***कुर्सीप्रधान देश***
२१. गीता खत्री	**सपनाको धरहरा** (२०६८)	*सरल सिर्जनाको सँगालो : सपनाको धरहरा*
२२. मोहन दुवाल	**मनको मझेरीमा बल्झिएका प्रश्नहरू** (२०६८)	*मोहन दुवाल : सिर्जना -गातामा)*
२३. टेकनारायण उपाध्याय	**एउटा सहर** (सन् २०११)	*शुभकार्यका लागि हार्दिक शुभकामना*
२४. खिमानन्द पोखरेल	**मनका सुस्केराहरू** (२०६९)	*पीडैपीडाको कवितात्मक अभिव्यञ्जना*
२५. प्रमोद सारङ्ग	**अप्रिलफुल बाँचिरहेछ देश** (२०६९)	*युगसापेक्ष कविता सँगालो : अप्रिलफुल बाँचिरहेछ देश*
२६. जीवन पानी	**पानीमुनिको आकाश** (२०६९, गजल)	*गातामा*
२७. ठाकुर बेलबासे	**त्रासमा ईश्वर** (२०६९)	*युगीन यथार्थको कवित्त्वपूर्ण अभिव्यक्ति*
२८. विजयराज न्यौपाने	**मुक्तिनाथ यात्रा** (२०६९, काव्य)	*यात्रा विवरणको काव्यात्मक प्रस्तुति*
२९. हरिहर शास्त्री	**हरिहर शास्त्रीको प्रमुख कविता** (२०६९)	*सम्पादकीय*
३०. बहादुरसिह बराल	**बरालको आँसु** (२०६९)	*बरालको आँसु पुछपाछ गर्दा*
३१. हरिभक्त बुढाथोकी	**समर्पण उनैलाई** (२०७०, गीत)	*हरिभक्त बुढाथोकीको गीतिशिल्प*
३२. दीपा राई पुन	**स्पन्दनका रागहरू** (२०७०)	*दीपा राई पुनका स्पन्दनका रागहरूभित्रका अनुभूति*
३३. यम रेग्मी	**खुल्ला संसार** (२०७०)	*खुला संसारलाई नियाल्दा*
३४. श्रीधर पौडेल	**त्रिरत्न महाकाव्य** (२०७०, काव्य)	*श्रीधर पौडेलको काव्यकृति : त्रिरत्न*
३५. पदम विश्वकर्मा	**शब्दसुमन** (२०७०)	*पदमको शब्द सुमनमाथि विहङ्गावलोकन*
३६. गोपीकृष्ण ढुङ्गाना	**आफैँभित्र** (२०७१, गजल)	*प्रेममूलक गजलको सँगालो : आफैँभित्र*
३७. दामोदर पुडासैनी	**पहाड र प्रेम** (२०७१)	*दामोदरको सुन्दर काव्यकृति : पहाड र प्रेम*
३८. मणि भट्टराई	**देशविहीन देशभक्तहरू** (२०७१)	*मणिको सरल र सहज कवित्व*

२.१९.२ समालोचना विधाका कृतिहरूमा भूमिका लेखन

लेखक	पुस्तक	शीर्षक
१. केशवहादुर राई	**हास्यव्यङ्ग्यकार वासुदेव शर्मा लुइटेल**(२०५४)	*भूमिका*
२. गणेशप्रसाद भट्टराई	**कुलचन्द्र कोइराला : दृष्टिकोण एवं विश्लेषण** (२०५४)	*भूमिका*

३. उर्मिलादेवी विश्वकर्मा	**दलित साहित्यकार जवाहर रोका** (२०५७)	*मन्तव्य*
४. जमुना राई	**किरात जातिमा प्रचलित हाक्पारे गीत** (२०६६)	*शुभकामना मन्तव्य*
५. भागवत ढकाल	**सैद्धान्तिक कसीमा भाउपन्थीका कथा** (२०६७)	*खोजमूलक कृति*
६. गोपी मैनाली	**युगकवि सिद्धिचरण : कृति र प्रवृत्ति विश्लेषण** (२०६८)	*सिद्धिचरणबारे सान्दर्भिक समालोचना*
७. युवराज मैनाली	**बालकृष्ण सम** (२०६९)	*युवराज मैनालीको व्यक्तिकेन्द्री समालोचना कौशल*
८. युवराज मैनाली	**कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषण** (२०६९)	*कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषणमाथि एक दृष्टि*
९. होमनाथ सुवेदी र अन्य	**अनेक डायस्पोरामा देवकोटा** (२०६९)	*अनेक डायस्पोरामा देवकोटा : एउटा सराहनीय कार्य*
१०. डा.गोविन्दसिंह रावत	**विश्वरङ्मञ्चमा सडक नाटक परम्परा**(२०७०)	*सडक नाटक र रङ्गमञ्चबारेको आधिकारिक ग्रन्थ*
११. पुरण राई	**ब्रिटिस गोर्खा सैनिक साहित्यको इतिहास** (२०७०)	*लाहुरे साहित्यको खोजमूलक प्रस्तुति*

२.१९.३ उपन्यास विधाका कृतिहरूमा भूमिका लेखन

लेखक	पुस्तक	शीर्षक
१. आर.के. नारायण	**गाइड** (२०४९, अनुवाद)	*अनुवादकको तर्फबाट*
२. ध्रुवचन्द्र गौतम	**फूलको आतङ्क** (२०५५)	*गातामा*
३. ध्रुवचन्द्र गौतम	**सहस्राब्दीको अन्तिम प्रेमकथा** (२०५६)	*गातामा*
४. सुशीलचन्द्र श्रेष्ठ	**अनुभूति** (२०५६)	*मन्तव्य*
५. हरिभक्त बुढाथोकी	**मनसराको चिहान** (२०६१)	*मनसराको चिहान खोतल्दा*
६. बलदेव मजगैयाँ	**विवशता** (२०६२)	*विवशताभित्रको विवशता*
७. बखतबहादुर थापा	**कालचक्र** (२०६५)	*प्राविधिक ठगी र जनयुद्धको जीवन्त कथा : कालचक्र*
८. रुकु कार्की	**जीवनज्योति** (२०६५)	*आदर्श मिश्रित सामाजिक यथार्थवादी उपन्यास : जीवनज्योति*
९. जेबी अधिकारी	**प्रेमको अनुभूति** (२०६७)	*सेवानिवृत्त शिक्षकको सार्थक सिर्जना*

२.१९.४ कथा विधाका कृतिहरूमा भूमिका लेखन

लेखक	पुस्तक	शीर्षक
१. कमला सरूप	**सम्झनाका अनुभूतिहरू** (२०६०)	*भूमिका*
२. बखतबहादुर थापा	**आघात** (२०६२)	*बखतबहादुरका बखतबखतका कुरा*
३. होमनाथ सुवेदी	**चिरिएको मुटु** (२०६४)	*चिरिएको मुटुको शल्यक्रिया गर्दा*

४. इल्या भट्टराई	**जीवनका रंगहरू** (२०६८)	*समस्यामूलक कथा सङ्ग्रह* ***जीवनका रंगहरू***
५. बखतबहादुर थापा	**कम्प्युटर आतङ्क** (२०६९)	*सामाजिक यथार्थवादी कथा सङ्गालो : कम्प्युटर आतङ्क*
६. सर्वज्ञ वाग्ले	**क्यासिनो** (२०६९)	*एकल विषयको कथात्मक प्रस्तुति*
७. प्रेम रिबुसाल	**याङजी र चराहरू** (२०६९)	*प्रेम रिबुसालका कथामा शिक्षामूलक अभिव्यक्ति*
८. चेतनाथ आचार्य	**बुद्धको उपहार** (२०७१)	*चेतनाथको चेतनायुक्त कथा सँगालो*

२.१९.५ निबन्ध, प्रबन्ध विधाका कृतिहरूमा भूमिका लेखन

लेखक	पुस्तक	शीर्षक
१. सृजन लम्साल	**प्रजातन्त्र, गणित र डिप्रेसन**(२०६१, निबन्ध)	*सृजन लम्सालको सिर्जनकौशल*
२. कृष्ण प्रसाईं	**अनुभूतिका छालहरू** (२०६५, नियात्रा)	*मन्तव्य*
३. प्रेम रिबुसाल	**अतृप्त यात्राका अनुभूति** (२०६९, यात्रा)	*यात्रा अनुभूतिको जीवन्त प्रस्तुति*
४. चन्द्रश्री कार्की	**आमा मेरी आमा** (२०७१, संस्मरण)	*परिपक्व अनुभवको सँगालो : आमा मेरी आमा*

२.१९.६ साहित्येतर कृतिहरूमा भूमिका लेखन

लेखक	पुस्तक	शीर्षक
१. डा. विद्यादेव शर्मा र नन्दिता शर्मा	**बालविकासक्रम र मानसिक चिकित्सा** (२०५४, स्वास्थ्य)	*भूमिका*
२. श्यामसिंह थापा	**नेपालका चर्चित दङ्गाहरू** (२०६५, साहित्येतर शोध)	*दङ्गा विषयक खोजमूलक उत्कृष्ट कृति*
३. रीतादेवी प्रधान(जोशी) 'रुमाठ'	**अन्धविश्वासभित्रका विश्वासहरू** (२०६५, साहित्येतर लोकधारणा)	*'अन्धविश्वासभित्रका विश्वासहरू' माथि विहङ्गम दृष्टि* *A Bird's Eye View Over the Book*
४. गङ्गा काश्यप	**दिव्यामृत सत्सङ्ग पुस्तिका** (सन् २०१३, दर्शन)	*हार्दिक शुभकामना*

२.१९.७ भाषाविज्ञानका कृतिहरूमा भूमिका लेखन

१. डा. बल्लभमणि दाहाल	**डा. बल्लभमणि दाहालका भाषिक चिन्तन** (२०६१)	*सम्पादकीय*
२. डा. बल्लभमणि दाहाल	**डा. बल्लभमणि दाहालका रचनाहरू** (२०६३, भाषाविज्ञान र साहित्य)	*डा. बल्लभमणि दाहालका रचनाहरूबारे*

२.१९.८ विविध विषयक कृतिहरूमा भूमिका लेखन

लेखक	पुस्तक	शीर्षक
१. श्री सिद्धकाली उमावि स्वर्णमहोत्सव स्मारिका	**ऐतिहासिक रूपरेखा तथा स्वर्णमहोत्सव स्मारिका** (२०६३, प्रबन्ध)	*शुभकामना*

२. ज्ञानकुञ्ज उमा.वि.	**अङ्कुर** (२०६५, प्रबन्ध) ज्ञानकुञ्ज उमा.वि.को वार्षिक मुखपत्र	*ज्ञानकुञ्ज ज्ञानको कुञ्ज नै बनिरहोस्*
३. ज्ञानकुञ्ज उमा.वि.	**अङ्कुर** (२०६९, प्रबन्ध) ज्ञानकुञ्ज उमा.वि.को वार्षिक मुखपत्र	*हार्दिक शुभकामना*

माथि उल्लेख गरिएकाबाहेक खगेन्द्रप्रसाद लुइटेलले आफूले लेखेका, सम्पादन गरेका समालोचना, निबन्ध, पाठ्यपुस्तक, शब्दकोश आदि थुप्रै कृतिमा पनि भूमिका लेखेका छन् ।

२.२० प्रकाशित एवं प्रसारित अन्तर्वार्ताहरू

खगेन्द्रप्रसाद लुइटेलसँग विभिन्न व्यक्तिद्वारा लिइएका अन्तर्वार्ताहरू संसारका विभिन्न टेलिभिजन, रेडियो, अनलाइन आदिमा प्रकाशित एवं प्रसारित भएका छन् । विविध विषयक्षेत्रसँग सम्बन्धित ती अन्तर्वार्ताहरू विभिन्उन शीर्षक वा विषयवस्तुमा केन्द्रित छन् । लुइटेलसँग विभिन्न सञ्चार माध्यमले थुप्रै अन्तर्वार्ता लिएको हुँदा ती सबै प्राप्त गर्न कठिन छ । उनीसँग लिइएका उपलब्ध भएजति अन्तर्वार्ताहरू तल दिइन्छ :

अन्तर्वार्ता लिने	प्रकाशन/प्रसारण स्रोत	शीर्षक
१. घमराज लुइटेल	**रेडियो सगरमाथा** काठमाडौँ, (२०५८ भदौ २८) ।	कोशविज्ञानबारे विशेष अन्तर्वार्ता
२. घमराज लुइटेल	**रेडियो सगरमाथा** काठमाडौँ, (२०५८ कात्तिक २८) ।	कोशविज्ञानका कसीमा नेपाली शब्दसागरबारे विशेष अन्तर्वार्ता
३. युवराज नयाँघरे	**जनभावना साप्ताहिक**, (२०५९ भदौ ३१), पृ.७ ।	आयातीत पीएच.डी. रोकिनुपर्छ
४. बमबहादुर थापा जितालो	**रेडियो नेपाल**, **परिसंवाद** काठमाडौँ, (२०५९ पुस २७) ।	राष्ट्रिय एकता दिवस र पृथ्वीनारायण शाहको दिव्योपदेश
५. कार्यक्रम सञ्चालक	**रेडियो एचबिसी** काठमाडौँ, (२०५९) ।	विविध साहित्यिक गतिविधिबारे विशेष अन्तर्वार्ता
६. तुलसी कोइराला	**मधुपर्क**, (३५/१२, २०६०, वैशाख, पृ.८२-८७ ।	पाठ्यपुस्तकमा साहित्य
७. सावित्री सन्ध्या	**सिनर्जी एफ.एम**.चितवन, (२०६२ असोज) ।	विविध साहित्यिक गतिविधिबारे विशेष अन्तर्वार्ता
८. कार्यक्रम सञ्चालक	**विजय एफ.एम.** नवलपरासी, (२०६२ असोज) ।	वैयक्तिक जीवन र विविध साहित्यिक गतिविधिबारे विशेष अन्तर्वार्ता
९. डी.डी. अधिकारी	**प्रस्फुटन**, (७/७, २०६४ पुस), पृ.१३०-१४० ।	साहित्यको परिभाषा फरक छ
१०. नवराज लम्साल	**रेडियो नेपाल** काठमाडौँ, (२०६४) ।	पाठ्यक्रम र पाठ्यपुस्तकबारे विशेष अन्तर्वार्ता
११. आनन्द पुरी र दीपक सुवेदी	**नेपाल पृष्ठभूमि राष्ट्रिय साप्ताहिक**, (२०६६ वैशाख ५), पृ.३ ।	खगेन्द्र लुइटेलदेखि डा. खगेन्द्र लुइटेलसम्म
१२. आनन्द पुरी र दीपक सुवेदी	**श्री अरूणोदय उमावि स्वर्णमहोत्सव स्मारिका**, काठमाडौँ (२०६६ वैशाख), पृ.४५-४७ ।	खगेन्द्र लुइटेलदेखि डा. खगेन्द्र लुइटेलसम्म
१३. चन्द्र भण्डारी	**कञ्चनजङ्गा एफ.एम.** झापा, (२०६७ माघ १०) ।	समकालीन साहित्य, राजनीतिलगायत विभिन्न विषयमा विशेष अन्तर्वार्ता

१४. भाउपन्थी	**समकालीन साहित्य,** (१/६३, २०६७ माघ-चैत), पृ.५४-७१ ।	समकालीन समालोचना : केही प्रश्न र थुप्रै उत्तरहरू
१५. राम अविकास	**थाहा एफ.एम.** हेटौडा, (२०६८ कात्तिक ४) ।	उत्तरआधुनिकतालगायत विविध साहित्यिक गतिविधिबारे विशेष अन्तर्वार्ता
१६. डा.कन्दर्प दास	**रेडियो तरङ्ग** गुवाहाटी विश्वविद्यालय, (२०११ जनवरी २३) ।	गुवाहाटी विश्वविद्यालयमा सञ्चालित नेपाली एम.ए. कार्यक्रमबारे विशेष अन्तर्वार्ता
१७. भाष्कर	**रेडियो तरङ्ग** गुवाहाटी विश्वविद्यालय, (२०११ जनवरी २३) ।	गुवाहाटी विश्वविद्यालयमा सञ्चालित नेपाली एम.ए. पाठ्यक्रम र पाठ्यपुस्तकबारे विशेष अन्तर्वार्ता
१८. रोहित गौतम	**सपरिवार**, (५/२, सन् २०११ मे), पृ.५९-६० ।	असममा नेपाली भाषासाहित्यको भविष्य उज्वल छ
१९. कार्यक्रम सञ्चालक	**कालिका एफ.एम**. चितवन, (२०६९ असोज १३) ।	विविध साहित्यिक गतिविधिबारे विशेष अन्तर्वार्ता
२०. लीला अनमोल	**आरम्भ एफ.एम.** झापा, (२०६९) ।	साहित्यका विविध पक्षबारे विशेष अन्तर्वार्ता
२१. ठाकुर बेलबासे	**इमेज एफ.एम.** काठमाडौँ, (२०६९) ।	समकालीन साहित्यबारे विशेष अन्तर्वार्ता
२२. विभिन्न व्यक्ति	**नेपाल टेलिभिजन** काठमाडौँ (पटकपटक) ।	विभिन्न विषयमा विशेष अन्तर्वार्ता
२३. विभिन्न व्यक्ति	**कान्तिपुर टेलिभिजन** काठमाडौँ (पटकपटक) ।	विभिन्न विषयमा विशेष अन्तर्वार्ता
२४. विभिन्न व्यक्ति	**इमेज टेलिभिजन** काठमाडौँ (पटकपटक) ।	विभिन्न विषयमा विशेष अन्तर्वार्ता
२५. वासु श्रेष्ठ	**खसखस डट् कम** अमेरिका, वासिङ्टन डिसी, (सन् २०१२ फेब्रुअरी १०) ।	डायस्पोरासम्बन्धी विशेष अन्तर्वार्ता
२६. देवराज राई	**एचके नेपाल डट् कम** हङकङ, (सन् २०१३ सेप्टेम्बर ७) ।	नेपाली भाषा, साहित्य र डायस्पोराबारेमा विशेष अन्तर्वार्ता
२७. विमला सेने	**नेपाली टेलिभिजन** लन्डन, (सन् २०१३ नोभेम्बर २६) ।	डायस्पोरालगायत विभिन्न विषयमा विशेष अन्तर्वार्ता
२८. नरेश काङ्वाङ	**ग्रिनविच टाइम्स** लन्डन, (सन् २०१३ नोभेम्बर) ।	डायस्पोरालगायत विभिन्न विषयमा विशेष अन्तर्वार्ता
२९. सहदेव पौडेल	**नेपाली रेडियो/हिमाली स्वरहरू** अमेरिका, न्युयोर्क, (सन् २०१३ डिसेम्बर २५) ।	डायस्पोरालगायत विभिन्न विषयमा विशेष अन्तर्वार्ता
३०. शैलेश श्रेष्ठ	**ह्वाइट हिमाल टेलिभिजन** अमेरिका, न्युयोर्क, (सन् २०१३ डिसेम्बर २१) ।	डायस्पोरालगायत विभिन्न विषयमा विशेष अन्तर्वार्ता
३१. नवराज लम्साल	**बिबिसी** लन्डन, (२०७० असार) ।	राष्ट्रिय कविता महोत्सवबारे विशेष अन्तर्वार्ता
३२. नवराज लम्साल	**बिबिसी** लन्डन, (२०७० असार) ।	बरालको आँसु कृतिबारे विशेष अन्तर्वार्ता
३३. नवराज लम्साल	**रेडियो नेपाल** काठमाडौँ, (२०७०) ।	**बरालको आँसु** कृतिको सम्पादन प्रक्रिया तथा गौहाटी विश्वविद्यालयको नेपाली एम.ए. कार्यक्रमको उद्घाटनबारे विशेष अन्तर्वार्ता

३४. वासु शर्मा	**रेडियो एनएसटी** अमेरिका, टेक्सस, (सन् २०१४ जनवरी ४)।	डायस्पोरालगायत विभिन्न विषयमा विशेष अन्तर्वार्ता
३५. किशोर पन्थी	**खसोखास** अमेरिका, न्युयोर्क, (सन् २०१४ जनवरी ६), पृ. ।	बेलायतमा भन्दा बढी अमेरिकामा चुर्क्याइँ
३६. आङछिरिङ सेर्पा	**एभरेस्ट टाइम्स** अमेरिका, न्युयोर्क, (सन् २०१४ फेब्रुअरी ५), पृ. ।	नेपालमा अझैसम्म असल नेता जन्मेको छैन
३७. भोला सिवाकोटी	**बिआरटी नेपाल** अमेरिका, कोलोराडो (सन् २०१४ जुलाई २५)।	डायस्पोरालगायत विभिन्न विषयमा विशेष अन्तर्वार्ता
३८. नीरा रानाभाट	**रेडियो सगरमाथा** काठमाडौँ, (२०७१ पुस १०)।	भूपि शेरचनको कवित्वबारे विशेष अन्तर्वार्ता

२.२१ व्यक्तित्व आलेख (फिचर)

विभिन्न पत्रपत्रिकाहरूले विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूका बारेमा व्यक्तित्व आलेखहरू लेख्ने गरेको पाइन्छ। खगेन्द्रप्रसाद लुइटेलका बारेमा विभिन्न पत्रपत्रिकाहरूमा व्यक्तित्व आलेखहरू पनि प्रकाशित छन्। उनका बारेमा प्रकाशित उपलब्ध भएजति व्यक्तित्व आलेखहरू निम्नलिखित छन् :

लेखक	शीर्षक	प्रकाशन स्रोत
१. राजेन्द्र श्रेष्ठ	*नहारेको दिन नहारेको जीवन*	**अन्नपूर्ण पोस्ट** (२०६२ असोज ९), पृ.७।
२. रमेश शुभेच्छु	*डा.खगेन्द्रप्रसाद + लीला लुइटेल*	**शब्दाङ्कुर** (६/४, २०६३ माघ), पृ.१०-१३।
३. जनमत	*दीपा-जनमत सम्मान २०६४ डा. खगेन्द्रप्रसाद लुइटेल*	**जनमत**, (२६/१, २०६५ माघ २५), पृ. १५।
४. बद्री कोइराला	*भारतीय नेपाली साहित्यको उकालो चढ्दा*	**राजधानी अन्तर्राष्ट्रिय साप्ताहिक**, (२०६७ चैत्र ३), पृ. ६।
५. गोपीकृष्ण ढुङ्गाना	*पुरानो कोट नयाँ पुस्तक*	**अन्नपूर्ण पोष्ट**, (२०६७ मङ्सिर १), पृ. ३।
६. गोपीकृष्ण ढुङ्गाना	*गुवाहाटी विश्वविद्यालयमा एम.ए. नेपाली पाठ्यक्रम तयार पारे नेपाली प्राध्यापकले*	**अन्नपूर्ण पोष्ट**, (२०६७ माघ २५), पृ.४-५।
७. अन्नपूर्ण फुर्सद	*आसाममा चम्किँदै नेपाली साहित्य*	**अन्नपूर्ण पोष्ट**, (२०६८ असार २५), पृ.२।
८. गोपीकृष्ण ढुङ्गाना	*समर्पण गर्नेप्रति समर्पण*	**अन्नपूर्ण पोष्ट**, (२०६८ माघ ६), पृ. १६।
९. गोपीकृष्ण ढुङ्गाना	*फड्को मार्दै गीतकार*	(**अन्नपूर्ण पोष्ट**, २०६९ मङ्सिर ८), पृ. १६।
१०. कमला सरूप	*Writing For Life : Writing and Authoring*	**Media For Freedom**, 2014-6-11.

२.२२ शोधनिर्देशन

लुइटेलले विभिन्न शीर्षकमा विद्यावारिधि र स्नातकोतर तहका शोधार्थीहरूलाई शोधनिर्देशन गरेका छन्। प्राध्यापन पेसामा प्रवेश गरेदेखि नै शोधनिर्देशन गर्न प्रारम्भ गरेका लुइटेलले हालसम्ममा जीवनी, व्यक्तित्व र कृतित्वका साथै कविता, कथा, उपन्यास, नाटक, संरचनावाद आदि विभिन्न क्षेत्रसँग सम्बन्धित लगभग डेढ सय शोध शीर्षकहरूमा शोधनिर्देशन गरिसकेका छन्। उनले हालसम्म निर्देशन गरेका उपलब्ध भएजति शोधहरू निम्नानुसार रहेका छन् :

२.२२.१ विद्यावारिधि शोधनिर्देशन

शोधार्थी	शीर्षक	वर्ष
१. ईश्वरचन्द्र वाग्ले	**रमेश विकलका कथामा यथार्थ** (विशेषज्ञ)	२०६०
२. लक्ष्मणप्रसाद गौतम	**समसामयिक नेपाली कविताका प्रवृत्ति** (विशेषज्ञ)	२०६२
३. गोविन्दसिंह रावत	**नेपाली सडक नाटकको विकास प्रक्रिया** (निर्देशक)	२०६८
४. टेकनारायण उपाध्याय	**नेपाली कविताको विकासमा मेघालयको योगदान** (निर्देशक)	२०६९
५. नारायणप्रसाद शर्मा गैरे	**नेपाली गजलको परम्परा र प्रवृत्ति** (निर्देशक)	निरन्तर
६. पुरण राई	**डायस्पोरिक नेपाली कवितामा अलङ्कारविधान** (निर्देशक)	निरन्तर

२.२२.२ स्नातकोत्तर शोधनिर्देशन

२.२२.२.१ जीवनी, व्यक्तित्व र कृतित्वसम्बन्धी शोधपत्रको निर्देशन

शोधार्थी	शीर्षक	वर्ष
१. ईश्वरचन्द्र वाग्ले	**हरिहर खनालको जीवनी, व्यक्तित्व र कृतित्व**	२०४९
२. मदन थापा	**हरिप्रसाद गोर्खा राईको जीवनी, व्यक्तित्व र कृतित्व**	२०४९
३. कुमार थापा	**खड्गमान मल्लको जीवनी, व्यक्तित्व र कृतित्व**	२०५१
४. केशवहादुर राई	**वासुदेव शर्मा लुइँटेलको जीवनी, व्यक्तित्व र कृतित्व**	२०५२
५. टेकनारायण उपाध्याय	**मणिसिंह थापाको जीवनी, व्यक्तित्व र कृतित्व**	२०५२
६. कुस्मिला भट्टराई	**गङ्गाविक्रम सिजापतीको जीवनी, व्यक्तित्व र कृतित्व**	२०५३
७. एकदेव अधिकारी	**दिलबहादुर नेवारको जीवनी, व्यक्तित्व र कृतित्व**	२०५४
८. नारायणी खनाल	**भीमप्रसाद लामिछानेको जीवनी, व्यक्तित्व र कृतित्व**	२०५४
९. रामकृष्ण सुवेदी	**गङ्गाप्रसाद उप्रेतीको जीवनी, व्यक्तित्व र कृतित्व**	२०५५
१०. सरोज दाहाल	**विजय चालिसेको जीवनी, व्यक्तित्व र कृतित्व**	२०५५
११. उर्मिलादेवी	**जवाहर रोकाको जीवनी, व्यक्तित्व र कृतित्व**	२०५६
१२. शिवप्रसाद उप्रेती	**मोदनाथ प्रश्रितको जीवनी, व्यक्तित्व र कृतित्व**	२०५८
१३. प्रभाकुमारी बराल	**उषा शेरचनको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६०
१४. सीता भण्डारी	**मधुवन पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६१
१५. रामबहादुर बोगटी	**बल्लभमणि दाहालको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६२
१६. भोलानाथ घिमिरे	**अनिरुद्ध तिमसिनाको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६२
१७. द्रोणबहादुर अधिकारी	**विष्णुप्रसाद धितालको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६३
१८. वीरेन्द्र नेपाल	**गोविन्दराज भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६४
१९. इन्दिरा दाहाल	**कृष्णप्रसाद शर्मा वस्तीको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६४
२०. गोविन्दबहादुर खत्री	**मनिक्रम शर्माको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६४
२१. शशीकला खतिवडा	**गोपालप्रसाद सङ्ग्रौलाको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६४

२२.	योगराज पौडचाल	**बहादुरसिंह बरालको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६४
२३.	दीपा पौडेल	**कविता पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६५
२४.	विज्ञान सङ्ग्रौला	**टङ्क के.सी.को जीवनी, व्यक्तित्व र कृतित्व**	२०६५
२५.	प्रेमा अधिकारी	**पवनकुमारीदेवीको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६५
२६.	उद्धव लुइटेल	**विजय सुव्वाको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६६
२७.	मनुराम पौडेल	**जयराम शर्मा 'विरक्ति' जीवनी, व्यक्तित्व र कृतित्व**	२०६६
२८.	जानुका राई	**इमानसिंह चेमजोङको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६६
२९.	नारायणप्रसाद दुवाडी	**रमेश तुफानको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६६
३०.	शारदा देवकोटा	**सृजन लम्सालको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६७
३१.	शेषकान्त अर्याल	**इल्या भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६७
३२.	जमुना तिवारी	**डा. ध्रुवचन्द्र गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको पूरक अध्ययन**	२०६७
३३.	खडानन्द खतिवडा	**ध.च. गोतामेको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६८
३४.	सावित्री सापकोटा	**विश्वविमोहन श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६८
३५.	टेकनाथ खतिवडा	**प्रमिला उपाध्यायको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६८
३६.	धीरजबहादुर खत्री	**दयाकृष्ण राईको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६८
३७.	तारा भट्टराई (गुरागाईं)	**रुद्रनाथ शर्माको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६८
३८.	सोमनाथ पौडेल	**जगतभार माइला सुब्बाको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६९
३९.	मेनुका निरौला	**ईश्वर मानन्धरको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६९
४०.	देवका घिमिरे	**वसन्त श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व**	२०७०
४१.	मनिला राई	**प्रेम रिबुसालको जीवनी, व्यक्तित्व र कृतित्व**	२०७०
४२.	सरला थेबे	**सन्ध्या पहाडीको जीवनी, व्यक्तित्व र कृतित्व**	२०७०
४३.	लीला खरेल	**बखतबहादुर थापाको जीवनी, व्यक्तित्व र कृतित्व**	२०७०
४४.	सूर्यदेवी घिमिरे	**ईश्वरी खड्काको जीवनी, व्यक्तित्व र कृतित्व**	२०७१
४५.	भरत खड्का	**कमला सरूपको जीवनी, व्यक्तित्व र कृतित्व**	२०७१
४६.	गायत्रा दाहाल	**गोवर्धन पूजाको जीवनी, व्यक्तित्व र कृतित्व**	२०७१

२.२२.२.२ कविता काव्यसम्बन्धी शोधपत्रको निर्देशन

शोधार्थी		शीर्षक	वर्ष
१.	कृष्णविलास पौड्याल	**वासुशशीका कविताको विश्लेषण**	२०५१
२.	गणेशप्रसाद भट्टराई	**कुलचन्द्र कोइरालाका काव्यको विश्लेषण**	२०५३
३.	खगेन्द्रप्रसाद पौडेल	**मोहनहिमांशु थापाको काव्य-प्रवृत्ति**	२०५६
४.	गुरूप्रसाद पोखरेल	**रमेश खकुरेलको कवित्व**	२०६०
५.	सीतादेवी दाहाल	**उषा शेरचनका कविताको विश्लेषण**	२०६०
६.	उमानाथ लुइटेल	**मानव महाकाव्यको कृतिपरक अध्ययन**	२०६१
७.	मुक्तिनाथ ढकाल	**जी. शाहको गीतकारिता**	२०६२
८.	खेमनाथ सापकोटा	**आगो र पानीको संरचनात्मक अध्ययन**	२०६३

९.	भवानी पौडेल	**मोहनविक्रम सिंहका कविताको विश्लेषण**	२०६३
१०.	जमुना राई	**किरात क्षेत्रमा प्रचलित हाक्पारे गीतको अध्ययन**	२०६३
११.	विष्णुप्रसाद भट्टराई	**पुण्यप्रसाद सुवेदीका कविताको विश्लेषण**	२०६४
१२.	सावित्रा गौतम	**शीतबिन्दुका कविताको विश्लेषण**	२०६५
१३.	नारायणप्रसाद पोखरेल	**कुञ्जिनी खण्डकाव्यको संरचनात्मक अध्ययन**	२०६५
१४.	शोभा सुवेदी	**क्षेत्रप्रताप अधिकारीको गीतकारिता**	२०६५
१५.	मनोजकुमार राई	**नेपाली हाइकुको अध्ययन**	२०६६
१६.	सुरेश शर्मा	**पवन चामलिङको काव्यकारिता**	२०६७
१७.	शारदा श्रेष्ठ	**नुवाकोटे कवि र काव्यकृतिको विश्लेषण**	२०६८
१८.	गङ्गाराम नेपाल	**वसन्त शर्माको काव्यकारिता**	२०६९
१९.	रमला दाहाल	**हरिभक्त बुढाथोकीको गीतिकारिता**	२०७०

२.२२.२.३ निबन्धसम्बन्धी शोधपत्रको निर्देशन

शोधार्थी		शीर्षक	वर्ष
१.	केदारनाथ रिमाल	**मोदनाथ प्रश्रितको निबन्धकारिता**	२०४९
२.	राजनकुमार पौडेल	**विदेशको यात्रा स्वदेशको सम्झना कृतिको विश्लेषण**	२०६०
३.	यादवप्रसाद प्रसाईं	**उत्तम कुँवरका कृतिहरूको विश्लेषण**	२०६३
४.	देवीप्रसाद न्यौपाने	**मोहनराज शर्माको हास्यव्यङ्ग्यकारिता**	२०६३
५.	महेन्द्र उपाध्याय	**बाबुराम लामिछानेको कथाकारिता**	२०६४
६.	लक्ष्मी ढुङ्गेल	**प्राथमिक कालीन आख्यानेतर गद्यसाहित्यको विश्लेषण**	२०६४
७.	महेशकुमार खड्का	**चूडामणि रेग्मीको निबन्धकारिता**	२०६५
८.	शेरबहादुर बुढाथोकी	**रमेश विकलको निबन्धकारिता**	२०६५
९.	योगेन्द्रमणि दाहाल	**नेपाली हास्व्यङ्ग्य निबन्ध (२०४६ पछि)**	२०६५
१०.	गायत्रीप्रसाद खनाल	**रुद्र खरेलको हास्यव्यङ्ग्यकारिता**	२०६६
११.	उमेशप्रसाद रेग्मी	**तारानाथ शर्माका स्वदेशपरक नियात्राको अध्ययन**	२०६६
१२.	सागरमणि दाहाल	**गोविन्दराज भट्टराईको निबन्धकारिता**	२०६७
१३.	दधिराम खतिवडा	**किशोर नेपालको निबन्धकारिता**	२०६७
१४.	देवीप्रसाद न्यौपाने	**विष्णु प्रभातका सांस्कृतिक निबन्धहरूको अध्ययन**	२०६८
१५.	सुमित्रा खनाल	**प्रतीक ढकालको नियात्राकारिता**	२०७०

२.२२.२.४ कृतिपरक अध्ययनसम्बन्धी शोधपत्रको निर्देशन

शोधार्थी		शीर्षक	वर्ष
१.	कमलबहादुर खत्री	**एक चिहान उपन्यासको कृतिपरक अध्ययन**	२०५८
२.	राजनकुमार पौडेल	**विदेशको यात्रा स्वदेशको सम्झना कृतिको विश्लेषण**	२०६०
३.	नरेन्द्रप्रसाद पौडचाल	**यो प्रेम नाटकको संरचनात्मक विश्लेषण**	२०६०
४.	उमानाथ लुइटेल	**मानव महाकाव्यको कृतिपरक अध्ययन**	२०६१

५.	अशोक थापा	**तानसेनको झरी नाटकको कृतिपरक अध्ययन**	२०६२
६.	खेमनाथ सापकोटा	**आगो र पानीको संरचनात्मक अध्ययन**	२०६३
७.	विष्णुप्रसाद पाण्डे	**वैखरी कथा सङ्ग्रहको कृतिपरक अध्ययन**	२०६४
८.	नारायणप्रसाद पोखरेल	**कुञ्जिनी खण्डकाव्यको संरचनात्मक अध्ययन**	२०६५
९.	प्रमोद पाठक	**आमा जानुहोस् कथा सङ्ग्रहको कृतिपरक अध्ययन**	२०६५
१०.	बद्रीप्रसाद कोइराला	**इन्द्रबहादुर राईको आज रमिता छ उपन्यासमा भाषिक प्रयोग**	२०६७

२.२२.२.५ कथासम्बन्धी शोधपत्रको निर्देशन

शोधार्थी		शीर्षक	वर्ष
१.	भागवत ढकाल	**भाउपन्थीको कथाकारिता**	२०५०
२.	रामकुमारी घिमिरे	**माधव भँडारीको कथाकारिता**	२०६२
३.	महेन्द्र उपाध्याय	**बाबुराम लामिछानेको कथाकारिता**	२०६४
४.	विष्णुप्रसाद पाण्डे	**वैखरी कथा सङ्ग्रहको कृतिपरक अध्ययन**	२०६४
५.	रुक्मिणीकुमारी रावल	**सनत रेग्मीको कथाकारिता**	२०६५
६.	प्रमोद पाठक	**आमा जानुहोस् कथा सङ्ग्रहको कृतिपरक अध्ययन**	२०६५
७.	गिरिराज न्यौपाने	**समसामयिक नेपाली कथाका प्रवृत्ति**	२०६९
८.	पद्मप्रसाद न्यौपाने	**रवीन्द्र समीरको लघुकथाकारिता**	२०६९

२.२२.२.६ उपन्याससम्बन्धी शोधपत्रको निर्देशन

शोधार्थी		शीर्षक	वर्ष
१.	रञ्जन अधिकारी	**लीलबहादुर क्षेत्रीका औपन्यासिक कृतिहरूको विश्लेषण**	२०५१
२.	कमलबहादुर खत्री	**एक चिहान उपन्यासको कृतिपरक अध्ययन**	२०५८
३.	सुमित्रा पोखरेल	**नीलाम्बर पन्थीको उपन्यासकारिता**	२०६६
४.	ठाकुरप्रसाद घिमिरे	**तारानाथ शर्माको उपन्यासकारिता**	२०६६
५.	विजय तिमल्सिना	**जेलिएको उपन्यासमा परिवेश विधान**	२०६७
६.	बद्रीप्रसाद कोइराला	**इन्द्रबहादुर राईको आज रमिता छ उपन्यासमा भाषिक प्रयोग**	२०६७
७.	कल्पना रेग्मी	**मोहनबहादुर कायस्थको उपन्यासकारिता**	२०७०

२.२२.२.७ डायस्पोरासम्बन्धी शोधपत्रको निर्देशन

शोधार्थी		शीर्षक	वर्ष
१.	झलिन्द्र सुवेदी	**नेपाली साहित्यमा हङकङको योगदान**	२०६७
२.	पुरण राई	**नेपाली साहित्यमा ब्रिटिस गोरखा सैनिक साहित्यकारहरूको योगदान**	२०६८
३.	धीरजबहादुर खत्री	**दयाकृष्ण राईको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६८
४.	मेनुका निरौला	**ईश्वर मानन्धरको जीवनी, व्यक्तित्व र कृतित्व**	२०६९

५.	देवका घिमिरे	**वसन्त श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व**	२०७०
६.	मनिला राई	**प्रेम रिबुसालको जीवनी, व्यक्तित्व र कृतित्व**	२०७०
७.	गायत्रा दाहाल	**गोवर्धन पूजाको जीवनी, व्यक्तित्व र कृतित्व**	२०७१

२.२२.२.८ विभिन्न पत्रिका र सङ्घसंस्थासम्बन्धी शोधपत्रको निर्देशन

शोधार्थी		शीर्षक	वर्ष
१.	शोभाकुमारी ढुङ्गाना	**नेपाली साहित्यमा समकालीन साहित्य पत्रिकाको योगदान**	२०५५
२.	प्रणिता थापा	**नेपाली साहित्यमा गोधूलि पत्रिकाको योगदान**	२०६२
३.	रुक्मिणी नेपाल	**नेपाली साहित्यमा वैयाकरण नेपालको योगदान**	२०६६
४.	सङ्गीता ढकाल	**नेपाली साहित्यमा त्रिमूर्ति निकेतनको योगदान**	२०६६
५.	गोपीकृष्ण ढुङ्गाना	**नेपाली दैनिक अखबारका साहित्यिक परिशिष्टाङ्ककको अध्ययन**	२०६८
६.	नवीन सापकोटा	**अनलाइन पत्रिकामा प्रकाशित नेपाली कथाको अध्ययन**	२०६९

२.२२.२.९ नाटकसम्बन्धी शोधपत्रको निर्देशन

शोधार्थी		**शीर्षक**	**वर्ष**
१.	नरेन्द्रप्रसाद पौडचाल	**यो प्रेम नाटकको संरचनात्मक विश्लेषण**	२०६०
२.	अशोक थापा	**तानसेनको झरी नाटकको कृतिपरक अध्ययन**	२०६२
३.	कोमलप्रसाद लुइटेल	**गोपालप्रसाद रिमालका नाटकमा इब्सेनको प्रभाव**	२०६६

२.२२.२.१० क्षेत्रीय अध्ययनसम्बन्धी शोधपत्रको निर्देशन

शोधार्थी		शीर्षक	वर्ष
१.	धर्मराज गौतम	**नेपाली साहित्यमा तेरथुम जिल्लाको योगदान**	२०६३
२.	शारदा श्रेष्ठ	**नुवाकोटे कवि र काव्यकृतिको विश्लेषण**	२०६८
३.	गङ्गादेवी कार्की	**तेरथुम जिल्लाका उपन्यासकारका उपन्यासहरूको अध्ययन**	२०६९

२.२२.२.११ समालोचनासम्बन्धी शोधपत्रको निर्देशन

शोधार्थी		**शीर्षक**	**वर्ष**
१.	राजु भुसाल	**मोहनराज शर्माको समालोचना प्रवृत्ति**	२०६२
२.	यशोदा अधिकारी	**डी. पी. अधिकारीका समालोचनाको विश्लेषण**	२०६४

२.२२.२.१२ अध्ययनपत्रको निर्देशन

शोधार्थी		**शीर्षक**	**वर्ष**
१.	रामप्रसाद गौतम	**केदारनाथ सिंहका प्रतिनिधि कविताहरू** (अनुवाद)	२०६३
२.	गणेशप्रसाद खनाल	**अजीत कौररचित उपन्यास गौरी** (अनुवाद)	२०६४
३.	भरतप्रसाद अधिकारी	**नुवाकोट जिल्लाका दक्षिणपूर्वी भेगका लोकगीतको अध्ययन**	२०६४
४.	भरत सुवेदी	**डोटेली लोककथाको अध्ययन**	२०६६

५.	दीपक शर्मा	**कटुन्जे बेंसीमा प्रचलित तामाङ लोकगीतको अध्ययन**	२०६६
६.	दधिराम गेलाल	**भक्तपुर जिल्लाको उत्तरी क्षेत्रमा प्रचलित घाँसे लोकगीतको अध्ययन**	२०६६
७.	रामसुन्दर के.सी.	**दक्षिणपूर्वी ललितपुर क्षेत्रमा प्रचलित लोककथाको अध्ययन**	२०६७
८.	हरिप्रसाद न्यौपाने	**झापा जिल्लाको पश्चिमी क्षेत्रमा प्रचलित भजनहरूको अध्ययन**	२०६७
९.	सीताकुमारी घिमिरे	**दाङ जिल्लाको पूर्वी क्षेत्रमा प्रचलित नेपाली लोकगीतको अध्ययन**	२०६७
१०.	तोपबहादुर थापा	**रामेछाप जिल्लाको लिखु क्षेत्रमा प्रचलित लोकगीतहरूको सङ्कन र विश्लेषण**	२०६८
११.	अरूण राई	**सिम्बोङ चियाबारी वरिपरिका क्षेत्रमा गाइने लोकगीतको अध्ययन**	२०६९
१२.	हरिबहादुर जिसी	**रौतहट जिल्ला चन्द्रनिगाहापुर आसपासमा प्रचलित नेपाली लोककथाको अध्ययन**	२०७०

२.२२.२.१३ सिर्जनापत्रको निर्देशन

शोधार्थी		शीर्षक	वर्ष
१.	बेगमप्रसाद सेढाई	**उषाकिरण** (खण्डकाव्य)	२०६४
२.	माधवप्रसाद लामिछाने	**निरीह मानव** (कविता)	२०६८
३.	अञ्जुकुमारी विष्ट	**अजिङ्गर** (कविता)	२०७१

माथि उल्लेख गरिएबाहेक खगेन्द्रप्रसाद लुइटेलले अनौपचारिक रूपमा विभिन्न तहका अन्य थुप्रै शोधार्थीहरूको शोधनिर्देशन गरेको देखिन्छ । माथिका विभिन्न शीर्षकअन्तर्गतका शोधशीर्षकहरू विभिन्न विधा र क्षेत्रसँग सम्बन्धित रहेका छन् । उनले निर्देशन गरेका कृतिपरक अध्ययनहरूलाई सम्बन्धित विधाकै शीर्षकमा राखिएको छ । **दयाकृष्ण राईको जीवनी, व्यक्तित्व र कृतित्व, ईश्वर मानन्धरको जीवनी, व्यक्तित्व र कृतित्व, वसन्त श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व, प्रेम रिबुसालको जीवनी, व्यक्तित्व र कृतित्व, गोवर्द्धन पूजाको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकहरू डायस्पोरिक साहित्यकारका जीवनीसँग सम्बन्धित भएकाले यी शीर्षकहरूलाई जीवनी र डायस्पोरासँग सम्बन्धित गरी दुवै शीर्षकमा राखिएको छ । विभिन्न शीर्षकमा प्रस्तुत गरिएका **कुञ्जिनी खण्डकाव्यको संरचनात्मक अध्ययन, एक चिहान उपन्यासको कृतिपरक अध्ययन, आमा जानुहोस् कथा सङ्ग्रहको कृतिपरक अध्ययन, तानसेनको झरी नाटकको कृतिपरक अध्ययन**जस्ता शीर्षकका शोधपत्रहरू कृतिपरक अध्ययन भए तापनि उक्त शीर्षकहरूलाई सम्बन्धित विधाका शीर्षकमा पनि राखिएको छ ।

२.२३ कार्यपत्र प्रस्तुति

खगेन्द्रप्रसाद लुइटेलले विद्यार्थी जीवनदेखि हालसम्म साहित्यिक, राजनैतिक, शैक्षिक आदि विभिन्न विषयमा स्वदेश तथा विदेशका विभिन्न ठाउँमा प्रशस्तै कार्यपत्र प्रस्तुत छन् । उनले प्रस्तुत गरेका उपलब्ध भएजति कार्यपत्रहरूलाई विषयक्षेत्रअनुरूप छुट्ट्याएर तिनको कालक्रमिक विवरण तल प्रस्तुत गरिन्छ :

२.२३.१ साहित्य समालोचनासँग सम्बन्धित कार्यपत्रहरू

शीर्षक	आयोजक	प्रस्तुत मिति	प्रस्तुत स्थान
१. काठमाडौँमा बसोवास गर्ने तेरथुमे साहित्यकारहरूको सर्वेक्षण	म्याङ्लुङ क्याम्पस	२०४७ माघ १३	तेरथुम

२. नेपाली साहित्यमा तेरथुम जिल्लाको योगदान	म्याङ्लुङ क्याम्पस	२०४८ माघ ८	तेरथुम
३. नेपाली नाटकमा गोठालेको योगदान	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०४९ मङ्सिर ८	काठमाडौँ
४. क्षेत्रप्रताप अधिकारीको कवित्व	साझा प्रकाशन	२०४९ चैत ५	ललितपुर
५. नेपाली गद्यकवितामा लयविधान	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०५० असार १	काठमाडौँ
६. मदनमणि दीक्षितको कथाशिल्प	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०५० फागुन १७	काठमाडौँ
७. नेपाली साहित्यमा रमेश विकलको योगदान	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०५१ कार्त्तिक २५	काठमाडौँ
८. श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०५२ असोज १८	काठमाडौँ
९. समसामयिक नेपाली जनजीवनको प्रतिकृति : अग्निदत्त+अग्निदत्त	नेपाली लेखक सङ्घ	२०५३ फागुन २२	काठमाडौँ
१०. नेपाली आख्यानको वर्तमान अवस्था	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान र नेपाली लेखक सङ्घ	२०५३ चैत ३	काठमाडौँ
११. नेपाली साहित्यमा समकालीनता	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान र मध्यपश्चिमाञ्चल साहित्य, संस्कृति, कला प्रतिष्ठान	२०५४ फागुन १५-१६	नेपालगन्ज
१२. कला र साहित्यको समन्वय	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०५४ चैत २१	नारायणघाट
१३. हिमालमाथि आलेखमा आलेखित देशभक्ति	नेपाली लेखक सङ्घ	२०५४ साउन १०	काठमाडौँ
१४. नेपाली कवितामा आधुनिकता	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०५५ असार २	काठमाडौँ
१५. शङ्कर लामिछानेको निबन्धकारिता	साहित्य कुञ्ज	२०५५ मङ्सिर २	काठमाडौँ
१६. नेपाली उपन्यासमा ध्रुवचन्द्र गौतमको योगदान	वीरगन्ज उपमहानगरपालिका	२०५६ भदौ २	वीरगन्ज
१७. नेपाली साहित्यमा अन्य भाषाको प्रभाव	वीरगन्ज साहित्य परिषद्	२०५६ पुस २५	वीरगन्ज
१८. नेपाली हास्यव्यङ्ग्य साहित्यको अवस्था	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान र नेपाली लेखक सङ्घ दाङ	२०५६ फागुन १९	दाङ
१९. नेपाली लोकसाहित्यको अध्ययन परम्परा	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०५७ वैशाख १७	वीरगन्ज
२०. नेपाली संस्मरण साहित्य	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान र चितवन साहित्य परिषद्	२०५८ वैशाख १४-१५	चितवन
२१. नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान	नारायणी वाङ्मय प्रतिष्ठान	२०५८ फागुन २५	वीरगन्ज
२२. संरचनावादी समालोचना पद्धति	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान र नारायणी वाङ्मय प्रतिष्ठान	२०५९ पुस ३	वीरगन्ज
२३. दिव्योपदेशमा वैचारिकता र साहित्यिकता	रेडियो नेपाल	२०५९ चैत ७	काठमाडौँ

२४. समका नाटकमा सांस्कृतिक दृष्टिकोण	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०६० वैशाख ११	काठमाडौँ
२५. गिरीशबल्लभ जोशीको वीरचरित्र र नेपाली उपन्यासको सय वर्ष	नेपाली आख्यान शतवार्षिकी समारोह समिति	२०६० वैशाख १३	चितवन
२६. नेपाली कवितामा सिद्धिचरण श्रेष्ठको योगदान	सिद्धिचरण श्रेष्ठ प्रतिष्ठान	२०६१ जेठ २७	मिर्चैया
२७. नेपाली साहित्यमा उत्तरआधुनिकताको प्रभाव	चितवन साहित्य परिषद्	२०६२ पुस २७	चितवन
२८. संस्कृत साहित्यको महत्त्व	महेश संस्कृत गुरुकुल विद्यापीठ	२०६२ पुस २९	देवघाट
२९. नेपाली साहित्यको वर्तमान अवस्था	सिद्धार्थ साहित्य परिषद्	२०६४ कात्तिक १४	भैरहवा
३०. नेपाली यात्रासाहित्य र प्रशान्तका छालहरूमा मेरो नेपाल	नेपाल स्रष्टा समाज	२०६५ साउन २५	काठमाडौँ
३१. नेपाली साहित्यमा साहित्यिक पत्रकार सङ्घको योगदान	साहित्यिक पत्रकार सङ्घ	२०६५ चैत १९	काठमाडौँ
३२. नेपाली र भारतीय नेपाली साहित्यको सम्बन्ध	गौहाटी विश्वविद्यालय, गुवाहाटी	२०११ जनवरी १०	गुवाहाटी, असम
३३. नेपाली साहित्यको विकासमा असमको योगदान	पुष्पलाल स्मृति अध्ययन गोष्ठी, तेजपुर	२०११ जनवरी ११	तेजपुर, असम
३४. उत्तर पूर्वाञ्चल भारतमा नेपाली साहित्यको अवस्था	दरङ कलेज, तेजपुर	२०११ जनवरी १२	तेजपुर, असम
३५. भारतीय र नेपाली साहित्यको तुलनात्मक अध्ययन	ज्ञानपीठ डिग्री कलेज, निकासी	२०११ जनवरी २१	निकासी, असम
३६. म्यान्माली नेपाली साहित्यमा भानुभक्तीय रचनाको प्रभाव	नेपाली प्रज्ञा प्रतिष्ठान, याङ्गुन	२०११ जुलाई १७	याङ्गुन, म्यान्मा
३७. म्यान्मामा नेपाली भाषासाहित्य विकासका चुनौती	अखिल म्यान्मा गोर्खा हिन्दु धार्मिक सङ्घ, मान्डले	२०११ जुलाई २२	मान्डले, म्यान्मा
३८. लोकसाहित्यको अनुसन्धान पद्धति	गौहाटी विश्वविद्यालय, गुवाहाटी	२०१२ जनवरी २०	गुवाहाटी, असम
३९. लोकसाहित्यमा सामग्री सङ्कलनका प्रक्रिया र पद्धति	गौहाटी विश्वविद्यालय, गुवाहाटी	२०१२ जनवरी २०	गुवाहाटी, असम
४०. संस्कृत र युरोपेली साहित्यको सर्वेक्षण	गौहाटी विश्वविद्यालय, गुवाहाटी	२०१२ जनवरी २२	गुवाहाटी, असम
४१. भारतीय साहित्य र असमेली साहित्यको तुलनात्मक अध्ययन	गौहाटी विश्वविद्यालय, गुवाहाटी	२०१२ जनवरी २३	गुवाहाटी, असम
४२. समकालीन नेपाली साहित्यका प्रवृत्ति	अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, नेपाल च्याप्टर	२०६८ फागुन १४-१६	इलाम
४३. सिद्धिचरण श्रेष्ठको कवित्व	नेपाल प्रज्ञा प्रतिष्ठान	२०६८ चैत १५	काठमाडौँ
४४. नेपाली कवितामा भीमनिधि तिवारीको योगदान	नेपाल प्रज्ञा प्रतिष्ठान	२०६९ असार १५	लमजुङ
४५. समकालीन नेपाली साहित्यको परिदृश्य	भारत-नेपाल जनमैत्री सांस्कृतिक मञ्च, नेपाली महावाणिज्य दूतावास	२०१३ फरवरी १६-१७	कोलकाता, भारत

	र अगमसिंह गिरी प्रतिष्ठान		
४६. नेपाली कवितामा हरिहर शास्त्रीको योगदान	साहित्यिक पत्रकार सङ्घ	२०६९ चैत १९	काठमाडौँ
४७. समालोचना सिद्धान्त र आजको नेपाली समालोचना	भानु प्रतिष्ठान, धादिङ	२०७० माघ ११-१२	धादिङ
४८. नेपाली साहित्यमा भानुभक्त आचार्यको योगदान	नेपाल सरकार, भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति	२०७१ जेठ ३०-३१	नेपालगन्ज

२.२३.२ शिक्षा र शिक्षणविधिसँग सम्बन्धित कार्यपत्रहरू

शीर्षक	आयोजक संस्था	प्रस्तुत मिति	प्रस्तुत स्थान
१. विश्वविद्यालयको परीक्षा प्रणालीका समस्या	म्याङ्लुङ क्याम्पस	२०४७ माघ ७	तेरथुम
२. उच्च तहमा नेपाली भाषासाहित्य शिक्षणविधि	म्याङ्लुङ क्याम्पस	२०४८ माघ १४	तेरथुम
३. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण प्रक्रिया	श्री ५ को सरकार, पाठ्यक्रम विकास केन्द्र	२०५४ पुस ९	भक्तपुर
४. विद्यालय तहमा भाषा शिक्षणविधि	श्री ५ को सरकार, पाठ्यक्रम विकास केन्द्र	२०५४ माघ २२	भक्तपुर
५. विद्यालय तहको पाठ्यपुस्तकमा तहगत पाठ निर्धारणमा सजगता	श्री ५ को सरकार, पाठ्यक्रम विकास केन्द्र	२०५५ भदौ १७	भक्तपुर
६. विद्यालय तहको पाठ्यपुस्तकमा प्रश्नको व्यवस्थापन प्रक्रिया	श्री ५ को सरकार, पाठ्यक्रम विकास केन्द्र	२०५५ मङ्सिर २३	भक्तपुर
७. विद्यालय तहमा व्याकरण शिक्षणविधि	श्री ५ को सरकार, पाठ्यक्रम विकास केन्द्र	२०५६ मङ्सिर २५	भक्तपुर
८. विद्यालय तहको पाठ्यपुस्तकमा विधागत विन्यास प्रक्रिया	श्री ५ को सरकार, पाठ्यक्रम विकास केन्द्र	२०५६ फागुन १३	भक्तपुर
९. विद्यालय तहमा सप्रसङ्ग व्याख्या शिक्षणविधि	श्री ५ को सरकार, पाठ्यक्रम विकास केन्द्र	२०५७ माघ ५	भक्तपुर
१०. विद्यालय तहको पाठ्यपुस्तकमा तहगत जीवनी रखाइमा ध्यान दिनुपर्ने कुरा	श्री ५ को सरकार, पाठ्यक्रम विकास केन्द्र	२०५८ मङ्सिर २१	भक्तपुर
११. विद्यालय तहको पाठ्यपुस्तकमा तहगत व्याकरणको विन्यास प्रक्रिया	श्री ५ को सरकार, पाठ्यक्रम विकास केन्द्र	२०५९ कात्तिक २७	भक्तपुर
१२. विद्यालय तहको पाठ्यपुस्तकमा तहगत सिर्जनात्मक अभ्यासको व्यवस्थापन प्रक्रिया	श्री ५ को सरकार, पाठ्यक्रम विकास केन्द्र	२०५९ मङ्सिर २५	भक्तपुर
१३. निजी विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र पठनपाठन	त्रि.वि. शिक्षाशास्त्र केन्द्रीय विभाग	२०६० जेठ १५	कीर्तिपुर
१४. शिक्षाको गुणात्मक विकासमा विद्यालयको भूमिका	त्रि.वि. शिक्षाशास्त्र सङ्काय तथा ज्ञानकुञ्ज उ.मा.वि.	२०६३ असार १०	काठमाडौँ

१५. पठनपाठनमा निजी र सरकारी विद्यालयको अवस्था	ज्ञानकुञ्ज उ.मा.वि.	२०६३ फागुन १२	काठमाडौँ
१६. विद्यालय तहमा कविता शिक्षणविधि	पालुवा प्रकाशन	२०६४ फागुन २८	बनेपा
१७. विद्यालय तहमा साहित्य शिक्षणविधि	पालुवा प्रकाशन	२०६५ माघ १५	बनेपा
१८. आधुनिक नेपाली गीत-गजल शिक्षण	त्रि. वि. नेपाली विषय समिति	२०६६ असार २०-२२	कीर्तिपुर
१९. विद्यालय तहमा व्याकरण शिक्षणविधि	रिडमोर पब्लिकेसन	२०६६ चैत ८	काठमाडौँ
२०. नेपाली भाषासाहित्यको पाठ्यक्रम निर्माण प्रक्रिया	गौहाटी विश्वविद्यालय, गुवाहाटी	२०१० जनवरी	गुवाहाटी, असम
२१. नेपाली भाषासाहित्यको पाठ्यक्रम निर्माणका समस्या र समाधानका उपायहरू	गौहाटी विश्वविद्यालय, गुवाहाटी	२०१० जुन ११-१२	गुवाहाटी, असम
२२. गौहाटी विश्वविद्यालयमा एम.ए. नेपाली पठनपाठनका समस्या	नेपाली साहित्य परिषद्, असम	२०१० जुन १३	गुवाहाटी, असम
२३. नेपाली साहित्यको इतिहास शिक्षणविधि	गौहाटी विश्वविद्यालय, गुवाहाटी	२०११ जनवरी ५	गुवाहाटी, असम
२४. भाषाविज्ञान र नेपाली भाषा शिक्षणविधि	गौहाटी विश्वविद्यालय, गुवाहाटी	२०११ जनवरी ६	गुवाहाटी, असम
२५. नेपाली कविता शिक्षणविधि	गौहाटी विश्वविद्यालय, गुवाहाटी	२०११ जनवरी ७	गुवाहाटी, असम
२६. नेपाली नाटक शिक्षणविधि	गौहाटी विश्वविद्यालय, गुवाहाटी	२०११ जनवरी ८	गुवाहाटी, असम
२७. नेपाली आख्यान शिक्षणविधि	गौहाटी विश्वविद्यालय, गुवाहाटी	२०११ जनवरी ९	गुवाहाटी, असम
२८. नेपाली विषयको पाठ्यक्रम निर्माण प्रक्रिया	नेपाली पाठ्यपुस्तक समिति, सिलोङ	२०११ जनवरी १२	मेघालय, भारत
२९. नेपाली साहित्येतर गद्य शिक्षणविधि	गौहाटी विश्वविद्यालय, गुवाहाटी	२०१२ जनवरी १९	गुवाहाटी, असम
३०. नेपाली लोकसाहित्य र संस्कृति शिक्षणविधि	गौहाटी विश्वविद्यालय, गुवाहाटी	२०१२ जनवरी २०	गुवाहाटी, असम
३१. लोकसाहित्यमा सामग्री सङ्कलनका प्रक्रिया र पद्धति	गौहाटी विश्वविद्यालय, गुवाहाटी	२०१२ जनवरी २०	गुवाहाटी, असम
३२. पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त शिक्षणविधि	गौहाटी विश्वविद्यालय, गुवाहाटी	२०१२ जनवरी २१	गुवाहाटी, असम
३३. नेपाली विषयको पाठ्यपुस्तक पठनपाठन प्रक्रिया	नेपाली पाठ्यपुस्तक समिति, सिलोङ	२०१२ जुलाई ७	मेघालय, भारत
३४. नेपाली भाषाको शिक्षणविधि	नेपाली पाठ्यपुस्तक समिति, सिलोङ	२०१२ जुलाई ८	मेघालय, भारत
३५. विद्यालय तहमा भाषा शिक्षण	एसिया पब्लिकेसन र प्याब्सन	२०७० फागुन २५	ललितपुर
३६. शोधविधि शिक्षण	त्रिभुवन बहुमुखी क्याम्पस	२०७१ भदौ १६	पाल्पा
३७. शोधविधि शिक्षण	बुटवल बहुमुखी क्याम्पस	२०७१ भदौ १८	बुटवल

२.२३.३ डायस्पोरासँग सम्बन्धित कार्यपत्रहरू

शीर्षक	आयोजक संस्था	प्रस्तुत मिति	प्रस्तुत स्थान
१. नेपाली साहित्यमा डायस्पोराको योगदान	गैरआवासीय नेपाली सङ्घ तथा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, केन्द्रीय समिति	२०६४ असोज २७	काठमाडौँ
२. नेपाली डायस्पोरिक साहित्य : हिजो, आज र भोलि	अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, युके	२०१३ अक्टोबर १८	बेलायत
३. नेपाली साहित्यको विकासमा बेलायती नेपाली डायस्पोराको योगदान	तेरथुम समाज, बेलायत	२०१३ अक्टोबर २६	बेलायत
४. डायस्पोरा र उत्तरआधुनिकताका नाममा भिन्याइएका विकृति	अन्तर्राष्ट्रिय नेपाली वाङ्मय प्रतिष्ठान, बेलायत	२०१३ अक्टोबर २७	बेलायत
५. नेपाली डायस्पोरिक साहित्यको विकासमा लाहुरेहरूको योगदान	गोरखा सैनिक सङ्घ, बेलायत	२०१३ अक्टोबर ३१	स्कटल्यान्ड, बेलायत
६. डायस्पोरा साहित्य र संस्कृति	नेपाली साहित्य विकास परिषद्, बेलायत	२०१३ नोभेम्बर १०	बेलायत
७. नेपाली डायस्पोरिक साहित्य : सिद्धान्त र प्रयोग	अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, केन्द्रीय समिति	२०१३ नोभेम्बर ३०-डिसेम्बर १	वासिङ्टन डिसी, अमेरिका
८. डायस्पोरा साहित्यको विकासमा सञ्चारको भूमिका	युएस नेपाल मिडिया सेन्टर, न्युयोर्क	२०१३ डिसेम्बर ७	न्युयोर्क, अमेरिका
९. साहित्य, संस्कृति र जनजीवनमा डायस्पोराको प्रभाव	अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्युयोर्क च्याप्टर	२०१३ डिसेम्बर ८	न्युयोर्क, अमेरिका
१०. डायस्पोरा प्रयोगको क्षेत्रगत विस्तार	सिर्जना यात्रा, न्युयोर्क	२०१३ डिसेम्बर ९	न्युयोर्क, अमेरिका
११. अमेरिकाली नेपाली डायस्पोरा साहित्यमा देखापरेका विसङ्गतिहरू	सिर्जना उत्सव, बोस्टन	२०१३ डिसेम्बर १०	बोस्टन, अमेरिका
१२. नेपाली साहित्यको अन्तर्राष्ट्रियकरणमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको योगदान	अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, बोस्टन च्याप्टर	२०१३ डिसेम्बर ११	बोस्टन, अमेरिका
१३. नेपाली डायस्पोरिक साहित्यको विकासमा विभिन्न सङ्घसंस्थाको भूमिका	नासा, अमेरिका	२०१३ डिसेम्बर ३१	एटलान्टा, अमेरिका
१४. आप्रवासी नेपाली साहित्य र साहित्यकारहरूको अवस्था	टोरोन्टो नेपाली साहित्य समाज, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, गैरआवासीय नेपाली सङ्घ, टोरोन्टो	२०१४ जनवरी १२	टोरोन्टो, क्यानडा
१५. नेपाली साहित्यको विश्वव्यापीकरण	अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, नेपाल च्याप्टर	२०७० माघ ११-१२	बन्दीपुर
१६. नेपाली डायस्पोरा साहित्यको वर्तमान अवस्था	एएनए, अमेरिका	२०१४ जुलाई ४	वासिङ्टन डिसी, अमेरिका
१७. नेपाली डायस्पोरा साहित्यमा भानुभक्तीय रचनाको प्रभाव	एएनए, अमेरिका	२०१४ जुलाई ५	वासिङ्टन डिसी, अमेरिका

१८. नेपाली साहित्यको अन्तर्राष्ट्रियकरण	नेपाली साहित्य प्रतिष्ठान, उत्तर अमेरिका	२०१४ जुलाई ५	वासिङ्टन डिसी, अमेरिका
१९. समसामयिक नेपाली डायस्पोराको अवस्था	नेपाली साहित्य प्रतिष्ठान, उत्तर अमेरिका	२०१४ जुलाई ६	वासिङ्टन डिसी, अमेरिका
२०. नेपाली डायस्पोरा साहित्यमा नारी साहित्यकारको योगदान	अन्तर्राष्ट्रिय नेपाली नारी लेखन मञ्च, अमेरिका	२०१४ जुलाई ६	वासिङ्टन डिसी, अमेरिका
२१. आप्रवासी नेपाली र भुटानी नेपाली साहित्यको दिग्दर्शन	भुटानी नेपाली समाज, अमेरिका	२०१४ जुलाई १२	कनेक्टिकट, अमेरिका
२२. अनेसासमा अमेरिकावासी भुटानी नेपालीको सहभागिता	भुटानी नेपाली समाज, अमेरिका	२०१४ जुलाई १२	कनेक्टिकट, अमेरिका
२३. नेपाली र भुटानी नेपाली डायस्पोरा साहित्यको तुलनात्मक अध्ययन	अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्युयोर्क च्याप्टर	२०१४ जुलाई १३	न्युयोर्क, अमेरिका
२४. डायस्पोरा नेपाली साहित्यको विकासमा अमेरिकाको योगदान	अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्युयोर्क च्याप्टर	२०१४ जुलाई १३	न्युयोर्क, अमेरिका
२५. विश्वपरिप्रेक्ष्यमा उत्तरआधुनिकता सम्बन्धी दृष्टिकोण	अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, बोस्टन च्याप्टर	२०१४ जुलाई १६	बोस्टन, अमेरिका
२६. नेपाली डायस्पोरा साहित्यका शक्ति र सीमा	अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, कोलोराडो च्याप्टर	२०१४ जुलाई २०	कोलोराडो, अमेरिका
२७. नेपाली डायस्पोराका समस्या र समाधानका उपाय	बिआरटी नेपाल, कोलोराडो	२०१४ जुलाई २२	कोलोराडो, अमेरिका
२८. अमेरिकावासी नेपाली र भुटानी नेपालीहरूको सहकार्य	बिआरटी नेपाल, कोलोराडो	२०१४ जुलाई २३	कोलोराडो, अमेरिका
२९. नेपाली साहित्यको उन्नयनमा अमेरिकावासी नेपाली र भुटानी नेपालीहरूको समन्वय	अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, केन्द्रीय समिति	२०१४ जुलाई २७	वासिङ्टन डिसी, अमेरिका
३०. खाडी मुलुकमा नेपाली कामदारहरूको अवस्था	नेपाली राजदूतावास बहराइन	२०१४ जुलाई २९	बहराइन

२.२३.४ राजनीतिसँग सम्बन्धित कार्यपत्रहरू

शीर्षक	आयोजक संस्था	प्रस्तुत मिति	प्रस्तुत स्थान
१. विद्यार्थी राजनीतिमा अनुशासनको महत्त्व	धनकुटा बहुमुखी क्याम्पस र स्वयंसेवी	२०४२ फागुन ७	धनकुटा
२. शैक्षिक गुणस्तरको विकासमा शिक्षक सङ्गठनको भूमिका	शिक्षक सङ्गठन र सिद्धकाली मावि	२०४३ जेठ ५	पाँचथर
३. राजनीतिक परिवर्तनका लागि विद्यार्थी सङ्गठनहरूका बीचको सहकार्य	अनेरास्ववियु प्रारम्भिक कमिटी	२०४४ असार १०	काठमाडौँ
४. राजनीतिक दल र विद्यार्थी सङ्गठनहरूका बीचको समन्वय	अनेरास्ववियु प्रारम्भिक कमिटी	२०४५ चैत २२	काठमाडौँ
५. राजनीतिक परिवर्तनमा विद्यार्थीहरूको भूमिका	काठमाडौँ-तेरथुम सम्पर्क मञ्च	२०४६ भदौ २५	काठमाडौँ

६. जनआन्दोलनमा साहित्यकारहरूको भूमिका	काठमाडौँ-तेरथुम सम्पर्क मञ्च	२०४६ फागुन १	काठमाडौँ
७. राजनीतिक परिवर्तनमा प्राध्यापकहरूको भूमिका	ठाकुरराम बहुमुखी क्याम्पस, प्राध्यापक सङ्घ एकाइ	२०४७ मङ्सिर २०	वीरगन्ज

२.२३.५ भाषा विषयक कार्यपत्रहरू

शीर्षक	आयोजक संस्था	प्रस्तुत मिति	प्रस्तुत स्थान
१. संस्कृत ध्वनितत्त्वको अध्ययन	काठमाडौँ शिक्षा क्याम्पस	२०५२ जेठ १६	काठमाडौँ
२. कोशनिर्माण प्रक्रिया	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०५२ भदौ ९	काठमाडौँ
३. पदयोग र पदवियोगसम्बन्धी दिग्भ्रम	नेपाली पाठ्यपुस्तक समिति, सिलोङ	२०११ जनवरी १३	मेघालय, भारत
४. नेपाली वर्णविन्याससम्बन्धी नियमहरू	नेपाल प्रज्ञा प्रतिष्ठान	२०६७ पुस २६-२८	काठमाडौँ

२.२३.६ विविध विषयक कार्यपत्रहरू

शीर्षक	आयोजक संस्था	प्रस्तुत मिति	प्रस्तुत स्थान
१. शैक्षिक उन्नयनमा अतिरिक्त क्रियाकलापको भूमिका	धनकुटा बहुमुखी क्याम्पस र स्वयंसेवु	२०४१ मङ्सिर ८	धनकुटा
२. तेरथुम जिल्लाको विकासका गतिविधि	काठमाडौँ-तेरथुम सम्पर्क मञ्च	२०४७ पुस ९	तेरथुम
३. अनुसन्धान र अनुसन्धान परम्परा	उकुसमुकुस प्रकाशन	२०५१ वैशाख १०	काठमाडौँ
४. नेपाली साहित्यको प्रचारप्रसारमा एफ.एम. हरूको भूमिका	विजय एफ.एम.	२०६२ कार्तिक २१	नवलपरासी
५. तेरथुम जिल्लाको विकासका सम्भावना र चुनौती	तेरथुम जिल्ला विकास समिति	२०६६ साउन ३२	तेरथुम
६. तेरथुम जिल्लामा पर्यटन विकासको सम्भावना	तेरथुम सरोकार समाज	२०६७ भदौ ५	काठमाडौँ
७. जनचेतनाको अभिवृद्धिमा सञ्चारको भूमिका	कालिका एफ.एम. प्रा.लि.	२०६९ असोज १३	चितवन
८. वंशावली निर्माण प्रक्रिया	लुइटेल बन्धु प्रतिष्ठान	२०७० वैशाख ५	काठमाडौँ

२.२४ कार्यपत्रको टिप्पणी

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न विद्वान्हरूद्वारा प्रस्तुत गरेका थुप्रै कार्यपत्रको टिप्पणी गरेका छन् । उनले प्रा. तेजरत्न कंसाकार, विष्णुसिंह राई, प्रा. मोहनराज शर्मा, प्रा. राजेन्द्र सुवेदी, प्रा.डा. दयाराम श्रेष्ठ, प्रा.डा. वासुदेव त्रिपाठी, प्रा.डा. गोविन्दराज भट्टराई, प्रा.डा. चूडामणि बन्धु, प्रा.डा. तारानाथ शर्मा, प्रा.डा. योगेन्द्रप्रसाद यादव, प्रा.डा. बद्रीविशाल भट्टराई, प्रा.डा. व्रतराज आचार्य, प्रा. डा. अभि सुवेदी, प्रा. डा. दानराज रेग्मी, प्रा. डा. माधवप्रसाद पोखेल, वैरागी काइँला, डा. तीर्थराज खनिया, डा. रामदयाल राकेस, रामभरोस काफडी भ्रमर, कृष्ण धरावासी, अमृत योञ्जन, अमर तुम्याहाङ, विक्रममणि त्रिपाठी, कृष्णराज सर्वहारी, हर्क खामधाक (सिक्किम), प्रा. सुवोधकुमार जस (उत्तरबङ्ग विश्वविद्यालय), राजकुमार क्षेत्री (

दार्जिलिङ), बुद्धि खामधाक (दार्जिलिङ) लगायत अग्रज वरिष्ठ विद्वान्हरूका साथै समकालीन र कनिष्ठ व्यक्तिहरूद्वारा विभिन्न ठाउँमा प्रस्तुत गरिएका कार्यपत्रहरूको कडा र वस्तुपरक टिप्पणी गरेका छन् । उनले गरेका कतिपय टिप्पणीहरू भने विभिन्न पत्रिका तथा पुस्तकहरूमा प्रकाशित भएका पनि छन् ।

२.२५ सम्मान-अभिनन्दन तथा पुरस्कारहरू

प्राथमिक तहदेखि उच्चतम तहसम्म पढाइमा सधैँ सर्वप्रथम भई जेहेनदार छात्रवृत्ति तथा विद्वत्तवृत्ति प्राप्त गरेका खगेन्द्रप्रसाद लुइटेल पढाइका साथै विद्यालय र विश्वविद्यालयमा हुने विभिन्न अतिरिक्त क्रियाकलापमा पनि भाग लिएर तिनमा समेत पुरस्कृत भएको पाइन्छ । माध्यमिक तहमा पढ्दा जिल्ला स्तरीय निबन्ध प्रतियोगितामा भाग लिई पुरस्कृत भएका लुइटेलले अध्ययनका क्रममा विभिन्न अतिरिक्त क्रियाकलापमा प्रशस्तै पुरस्कारहरू प्राप्त गरेका छन् । नेपाली भाषासाहित्यको उन्नयनमा समर्पित डा. लुइटेलले नेपालभित्र मात्र नभएर नेपाल बाहिरका विभिन्न ठाउँमा पनि नेपाली भाषासाहित्यका क्षेत्रमा प्रशस्त काम गरेका छन् । उनी आफ्ना विभिन्न कार्यहरूबाट राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा पुरस्कृत, सम्मानित-अभिनन्दित भएका छन् । उनले पठनपाठनदेखि भाषिक, साहित्यिक क्षेत्रमा गरेको योगदान र प्रकाशित पुस्तकहरूका लागि प्रदान गरिएका प्रमुख सम्मान तथा पुरस्कारहरू निम्नानुसार छन् :[१४६]

१. प्राथमिक तहदेखि विश्वविद्यालय तहसम्म सर्वप्रथम भई जेहेनदार छात्रवृत्ति तथा विद्वत्वृत्ति प्राप्त (२०२६ देखि),

२. विद्यालयमा सर्वप्रथम भएबापत श्री गौरीशङ्कर प्राविबाट विशेष पुरस्कार (२०२७-२०२८),

३. विद्यालयमा सर्वप्रथम भएबापत श्री रत्न मिडिल स्कुलबाट विशेष पुरस्कार (२०२९),

४. जिल्ला स्तरीय निबन्ध प्रतियोगितामा सर्वप्रथम भएबापत विशेष पुरस्कार (२०३१),

५. जिल्ला स्तरीय वक्तृत्वकला प्रतियोगितामा सर्वप्रथम भएबापत विशेष पुरस्कार (२०३२),

६. जिल्ला स्तरीय वादविवाद प्रतियोगितामा सर्वप्रथम भएबापत विशेष पुरस्कार (२०३२),

७. एस.एल.सी. परीक्षामा एकजना मात्र उत्तीर्ण गरी विद्यालय जोगाइदिएबापत श्री नवीन शिक्षा सदन मावि फाक्चामारा, तेरथुमबाट विशेष सम्मान-अभिनन्दन (२०३३),

८. धनकुटा बहुमुखी क्याम्पसबाट वक्तृत्वकला प्रतियोगितामा सर्वप्रथम भएबापत विशेष पुरस्कार र प्रमाणपत्र (२०३४),

९. धनकुटा बहुमुखी क्याम्पसबाट वादविवाद प्रतियोगितामा सर्वप्रथम भएबापत विशेष पुरस्कार र प्रमाणपत्र (२०३४),

१०. धनकुटा बहुमुखी क्याम्पसबाट हाजिरीजबाफ प्रतियोगितामा सर्वप्रथम भएबापत पुरस्कार र प्रमाणपत्र (२०३४),

११. धनकुटा बहुमुखी क्याम्पसबाट सर्वप्रथम भएबापत सम्मान, पुरस्कार र प्रशंसापत्र (२०३५),

---

१४६. (क) खगेन्द्रप्रसाद लुइटेल, **नेपाली निबन्ध समालोचना**, (काठमाडौँ : पैरवी प्रकाशन, २०६८), पृ. १५३-१५५ ।

(ख) खगेन्द्रप्रसाद लुइटेलका घरको पुस्तकालयमा टाँगिएका सम्मानपत्रबाट प्राप्त जानकारी ।

१२. धनकुटा बहुमुखी क्याम्पसबाट कविता प्रतियोगितामा सर्वप्रथम भएबापत पुरस्कार र प्रमाणपत्र (२०४० पटकपटक),

१३. धनकुटा बहुमुखी क्याम्पसबाट वक्तृत्वकला प्रतियोगितामा सर्वप्रथम भएबापत पुरस्कार र प्रमाणपत्र (२०४० पटकपटक),

१४. धनकुटा बहुमुखी क्याम्पसबाट वादविवाद प्रतियोगितामा सर्वप्रथम भएबापत पुरस्कार र प्रमाणपत्र (२०४० पटकपटक),

१५. धनकुटा बहुमुखी क्याम्पसबाट हाजिरीजबाफ प्रतियोगितामा सर्वप्रथम भएबापत पुरस्कार र प्रमाणपत्र (२०४० पटकपटक),

१६. उत्कृष्ट शिक्षण गरेबापत श्री सरस्वती प्रस्तावित मा.वि. सिँदुवा मूर्तिढुङ्गा, धनकुटाबाट सम्मान-अभिनन्दन (२०४१),

१७. धनकुटा बहुमुखी क्याम्पसबाट सर्वप्रथम भएबापत सम्मान, पुरस्कार र प्रशंसापत्र (२०४१),

१८. उत्कृष्ट शिक्षण गरेबापत श्री सिद्धकाली प्रस्तावित मा.वि. एकतिन जोरपाटी, पाँचथरबाट सम्मान-अभिनन्दन (२०४३),

१९. उत्कृष्ट शिक्षण गरेबापत श्री सरस्वती मा.वि. मच्छेबुङ मेमेङ, पाँचथरबाट सम्मान-अभिनन्दन (२०४३),

२०. अभ्यास शिक्षणमा उत्कृष्ट शिक्षण गरेबापत श्री कीर्तिपुर मा.वि. कीर्तिपुर, काठमाडौँबाट सम्मान-अभिनन्दन (२०४५),

२१. **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जनमा पुऱ्याएको विशिष्ट योगदानका लागि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट विशेष पुरस्कार (२०५३),

२२. त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधिका लागि दीर्घावधिक विद्वत्वृत्ति (२०५४-२०५७),

२३. कुलचन्द्र कोइराला स्मृति सम्मान (२०५६),

२४. महेन्द्र विद्याभूषण क श्रेणी (२०५९),

२५. सम शतवार्षिकी सम्मान (२०६१),

२६. विष्णुराम वाङ्मय विद्वत्वृत्ति (२०६२),

२७. नेपाली समालोचनामा अलग पहिचान कायम गर्ने सर्वोत्कृष्ट पुस्तकका लागि कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार (२०६२),

२८. शिक्षा क्षेत्रमा प्रशंसनीय काम गरेबापत शिक्षा पदक तथा पुरस्कार (२०६२),

२९. त्रिवि नेपाली केन्द्रीय विभागको साहित्य कुञ्जबाट विशेष सम्मान-अभिनन्दन (२०६३),

३०. अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसनबाट विशेष सम्मान-अभिनन्दन (२०६३),

३१. विद्यालयको उन्नति, प्रगति र विकासमा अग्रणी भूमिका निर्वाह गरेबापत श्री सिद्धकाली उमावि स्वर्णमहोत्सव सम्मान (२०६३),

३२. युनाइटेड कलेज ललितपुरबाट विशेष सम्मान-अभिनन्दन (२०६३),

३३. नेपाली समालोचनामा नवनिर्माणका साथ भाषासाहित्य, लोकसाहित्य तथा वाङ्मयको श्रीवृद्धिमा पुऱ्याएको अतुलनीय योगदानका लागि भगवती बुढाथोकी स्मृति पुरस्कार (२०६४),

३४. विशिष्ट साहित्यिक योगदानका लागि सिद्धार्थ साहित्य परिषद्बाट विशेष सम्मान-अभिनन्दन (२०६४),

३५. नेपालीमा संरचनावादी समालोचना पद्धतिको प्रवर्तन गर्ने सर्वोत्कृष्ट पुस्तकका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजबाट सर्वोत्कृष्ट पुस्तक पुरस्कार (२०६४),

३६. महानगरीय प्रहरीको स्थापनामा पुऱ्याएको विशिष्ट योगदानका लागि नेपाल प्रहरी सम्मान (२०६५),

३७. नेपाली संरचनावादी समालोचना पद्धतिको प्रवर्तन र विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि दीपा-जनमत सम्मान (२०६५),

३८. भाषासाहित्य र समालोचनाका क्षेत्रमा विशिष्ट सिर्जनात्मक योगदान पुऱ्याएबापत सयपत्री राष्ट्रिय सम्मान (२०६६),

३९. भाषासाहित्य र समालोचनाका क्षेत्रमा पुऱ्याएको विशिष्ट योगदानका लागि साहित्य सङ्गम, हरि सांस्कृतिक केन्द्र तथा गोरखा साहित्यिक मञ्च गोरखाबाट विशेष सम्मान-अभिनन्दन (२०६६),

४०. भाषासाहित्य, समालोचना र वाङ्मयको उत्थानमा विशिष्ट योगदान पुऱ्याएबापत सयपत्री राष्ट्रिय सम्मान (२०६७),

४१. नेपाली समालोचनामा विश्वको आधुनिक संरचनावादी समालोचना पद्धतिको प्रवर्तन र मानक स्थापना गरेबापत तेरथुम सरोकार समाजबाट विशेष सम्मान-अभिनन्दन (२०६७),

४२. त्रिभुवन विश्वविद्यालय, अङ्ग्रेजी केन्द्रीय विभागबाट सम्मान र प्रशंसापत्र (२०६६),

४३. गौहाटी विश्वविद्यालयमा नेपाली एम.ए. को स्थापनामा विशिष्ट योगदान पुऱ्याएबापत नेपाली साहित्य परिषद्, असमबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१०),

४४. गौहाटी विश्वविद्यालयमा नेपाली एम.ए. को स्थापनामा विशिष्ट योगदान पुऱ्याएबापत गौहाटी विश्वविद्यालयबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१०),

४५. गौहाटी विश्वविद्यालयमा नेपाली एम.ए. को स्थापनामा विशिष्ट योगदान पुऱ्याएबापत भारतीय गोर्खा परिसङ्घ, असमबाट विशेष सम्मान-अभिनन्दन (सन् २०११),

४६. गौहाटी विश्वविद्यालयमा नेपाली एम.ए. को स्थापनामा विशिष्ट योगदान पुऱ्याएबापत गौहाटी विश्वविद्यालयका विद्यार्थीबाट विशेष सम्मान-अभिनन्दन (सन् २०११),

४७. गौहाटी विश्वविद्यालयमा नेपाली एम.ए. को स्थापनामा विशिष्ट योगदान पुऱ्याएबापत असम नेपाली साहित्य सभाबाट विशेष सम्मान-अभिनन्दन (सन् २०११),

४८. गौहाटी विश्वविद्यालयमा नेपाली एम.ए. को स्थापनामा विशिष्ट योगदान पुऱ्याएबापत अखिल असम गोर्खा छात्र सङ्घबाट विशेष सम्मान-अभिनन्दन (सन् २०११),

४९. नेपाली पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणमा विशिष्ट योगदान पुऱ्याएबापत नेपाली पाठ्यपुस्तक समिति, सिलोङबाट विशेष सम्मान-अभिनन्दन (सन् २०११),

५०. गौहाटी विश्वविद्यालयमा नेपाली एम.ए. को स्थापनामा विशिष्ट योगदान पुऱ्याएबापत सिङ्री विद्वत् समूह, शोणितपुर असमबाट विशेष सम्मान-अभिनन्दन (सन् २०११),

५१. गौहाटी विश्वविद्यालयमा नेपाली एम.ए. को स्थापनामा विशिष्ट योगदान पुऱ्याएबापत पुष्पलाल स्मृति अध्ययन गोष्ठी, शोणितपुर असमबाट विशेष सम्मान-अभिनन्दन (सन् २०११),

५२. गौहाटी विश्वविद्यालयमा नेपाली एम.ए. को स्थापनामा विशिष्ट योगदान पुऱ्याएबापत दरङ कलेज, शोणितपुर असमबाट विशेष सम्मान-अभिनन्दन (सन् २०११),

५३. गौहाटी विश्वविद्यालयमा नेपाली एम.ए. को स्थापनामा विशिष्ट योगदान पुऱ्याएबापत नेपाली साहित्य परिषद्, शोणितपुर असमबाट विशेष सम्मान-अभिनन्दन (सन् २०११),

५४. गौहाटी विश्वविद्यालयमा नेपाली एम.ए. को स्थापनामा विशिष्ट योगदान पुऱ्याएबापत असम नेपाली साहित्य सभा, शोणितपुर असमबाट विशेष सम्मान-अभिनन्दन (सन् २०११),

५५. गौहाटी विश्वविद्यालयमा नेपाली एम.ए. को स्थापनामा विशिष्ट योगदान पुऱ्याएबापत ज्ञानपीठ डिग्री कलेज, निकासी असमबाट विशेष सम्मान-अभिनन्दन (सन् २०११),

५६. गौहाटी विश्वविद्यालयमा नेपाली एम.ए. को स्थापनामा विशिष्ट योगदान पुऱ्याएबापत नेपाली साहित्य परिषद्, निकासी असमबाट विशेष सम्मान-अभिनन्दन (सन् २०११),

५७. नेपाली समालोचनामा विश्वको आधुनिक संरचनावादी समालोचना पद्धतिको प्रवर्तन र मानक स्थापना गरेबापत तेरथुम जिल्लाबाट विशेष सम्मान-अभिनन्दन (२०६८),

५८. साहित्यिक पत्रकारिताको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएबापत साहित्यिक पत्रकार सङ्घबाट विशेष सम्मान-अभिनन्दन (२०६८),

५९. नेपाली साहित्य र समालोचनामा पुऱ्याएको विशिष्ट योगदानका लागि नेपाली प्रज्ञा प्रतिष्ठान, म्यान्माबाट विशेष सम्मान-अभिनन्दन (२०६८),

६०. नेपाली साहित्य र समालोचनामा पुऱ्याएको विशिष्ट योगदानका लागि अखिल म्यान्मा गोर्खा हिन्दु धार्मिक सङ्घ, म्यान्माबाट विशेष सम्मान-अभिनन्दन (२०६८),

६१. नेपाली साहित्य र समालोचनामा पुऱ्याएको विशिष्ट योगदानका लागि रामेश्वर विद्यापीठ, म्यान्माबाट विशेष सम्मान-अभिनन्दन (२०६८),

६२. नेपाल प्रहरीबाट सर्वोत्कृष्ट साहित्य पुरस्कार (२०६८),

६३. आधुनिक संरचनावादी समालोचना पद्धतिको प्रवर्तन र नेपाली समालोचना विधामा गरिएको विविध पक्षीय प्रयोगका माध्यमबाट नेपाली साहित्यको श्रीवृद्धिमा पुऱ्याएको उल्लेखनीय योगदानका लागि पहलमानसिंह स्वार साहित्य प्रतिभा सम्मान (२०६८),

६४. नेपाली साहित्य र समालोचनामा पुऱ्याएको विशिष्ट योगदानका लागि कालिका सम्मान (२०६९),

६५. अनेसास नेपाल च्याप्टरबाट दुर्लभ कविता कृति बरालको आँसु सम्पादन गरेबापत विशेष सम्मान-अभिनन्दन (२०६९),

६६. नेपाली समालोचनामा विश्वको आधुनिक संरचनावादी समालोचना पद्धतिको प्रवर्तन र मानक स्थापना गरेबापत हरिहर शास्त्री-सावित्रीदेवी साहित्य पुरस्कार (२०६९),

६७. नेपाली विषयको पाठ्यक्रम निर्माणमा विशिष्ट योगदान पुऱ्याएबापत नेपाली पाठ्यपुस्तक समिति, मेघालयबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१२),

६८. नेपाली साहित्य र समालोचनामा पुऱ्याएको विशिष्ट योगदानका लागि भारत-नेपाल जनमैत्री सांस्कृतिक मञ्च, कोलकाताबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१३),

६९. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, बेलायतबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१३),

७०. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि अन्तर्राष्ट्रिय नेपाली वाङ्मय साहित्य प्रतिष्ठान, बेलायतबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१३),

७१. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि नेपाली टेलिभिजन, बेलायतबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१३),

७२. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि गोरखा सैनिक सङ्घ, स्कटल्यान्डबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१३),

७३. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि नेपाली साहित्य विकास परिषद्, बेलायतबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१३),

७४. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, अमेरिकाबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१३),

७५. नेपाली साहित्य जगत्मा नेपाली डायस्पोराको सिद्धान्त र प्रयोगसम्बन्धी कार्यपत्र प्रस्तुति तथा महत्त्वपूर्ण विचार प्रवाहका लागि विशेष सम्मान-अभिनन्दन (सन् २०१३),

७६. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, अमेरिकाबाट अनेसास डायस्पोरा पुरस्कार (सन् २०१३),

७७. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, अमेरिकाबाट भानुवर्ष सर्वोत्कृष्ट सल्लाहकार पुरस्कार (सन् २०१३),

७८. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि युएस नेपाल मिडिया सेन्टर, न्युयोर्कबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१३),

७९. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि सिर्जना यात्रा, न्युयोर्कबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१३),

८०. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि सिर्जना उत्सव, बोस्टनबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१३),

८१. नेपाली भाषासाहित्यमा अद्वितीय सेवा गरेबापत नासा, अमेरिकाबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१३),

८२. अनेसास नेपाल च्याप्टरबाट नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याएबापत विशेष सम्मान-अभिनन्दन (२०७०),

८३. संरचनावादी समालोचना पद्धतिको प्रवर्तन र आप्रवासी नेपाली साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि टोरन्टो नेपाली साहित्य समाज तथा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज क्यानडाबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१४),

८४. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि एएनए अमेरिकाबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१४),

८५. संरचनावादी समालोचना पद्धतिको प्रवर्तन र आप्रवासी नेपाली साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि नेपाली साहित्य प्रतिष्ठान, उत्तर अमेरिकाबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१४),

८६. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि अन्तर्राष्ट्रिय नेपाली नारी लेखन मञ्च, अमेरिकाबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१४),

८७. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि भुटानी नेपाली समाज, कनेक्टिकट अमेरिकाबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१४),

८८. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्युयोर्क च्याप्टरबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१४),

८९. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, बोस्टन च्याप्टरबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१४),

९०. नेपाली साहित्यको विश्वव्यापीकरण तथा नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, कोलोराडो च्याप्टरबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१४),

९१. नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि बिआरटी नेपाल, कोलोराडोबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१४),

९२. नेपाली साहित्यको विश्वव्यापीकरण तथा नेपाली डायस्पोरिक साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि नेपाली राजदूतावास, बहराइनबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१४),

९३. नेपाली साहित्यको विश्वव्यापीकरण तथा नेपाली साहित्यको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि बहराइनको नेपाली समुदायबाट विशेष सम्मान-अभिनन्दन (सन् २०१४),

९४. मध्यपश्चिम स्रष्टा समाज, नेपालगन्जबाट भाषासाहित्य, भाषाविज्ञान, कोशविज्ञान, लोकसाहित्य र डायस्पोरिक साहित्यको क्षेत्रमा पुऱ्याएको विशिष्ट योगदानका लागि ँनेपाली साहित्यको चम्किलो तारा' पदवीसहित विशेष सम्मान-अभिनन्दन (२०७१),

९५. भेरी साहित्य समाज, नेपालगन्जबाट नेपाली भाषासाहित्य र समालोचनाको श्रीवृद्धिमा पुऱ्याएको बहुआयामिक योगदानका लागि विशेष सम्मान-अभिनन्दन (२०७१),

९६. नेपाली भाषासाहित्य र समालोचनाको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि स्वर्गिक मार्ग सङ्घ, नेपालबाट विशेष सम्मान-अभिनन्दन (२०७१),

९७. नेपाली भाषासाहित्य र समालोचनाको विकासमा पुऱ्याएको विशिष्ट योगदानका लागि त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पाबाट विशेष सम्मान-अभिनन्दन (२०७१),

९८. कथालयबाट विशेष सम्मान-अभिनन्दन (२०७१),

९९. थानापति साहित्य महोत्सव नुवाकोटबाट विशेष सम्मान-अभिनन्दन (२०७१),

१००. नेपाली साहित्यका आदर्श जोडीका रूपमा ब्रस फाउन्डेसन काठमाडौँबाट विशेष सम्मान-अभिनन्दन (२०७१),

१०१. नेपाली भाषा, साहित्य, समालोचना र अनुसन्धानका क्षेत्रमा पुऱ्याएको विशिष्ट योगदानका लागि भीमनिधि तिवारी साहित्य पुरस्कार (२०७१),

१०२. संरचनावादी समालोचना पद्धतिको प्रवर्तन र मानक स्थापना तथा नेपाली भाषासाहित्य, नेपाली डायस्पोरिक साहित्यको विकासमा विशिष्ट योगदान पुऱ्याएबापत विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय सामाजिक, शैक्षिक-प्राज्ञिक, साहित्यिक सङ्घसंस्थाहरूबाट सम्मानित-अभिनन्दित,

१०३. विभिन्न खेलकुद, वादविवाद, वक्तृत्वकला आदिमा सर्वप्रथम भई पटकपटक पदक, पुरस्कार, प्रशंसापत्र तथा प्रमाणपत्र प्राप्त ।

खगेन्द्रप्रसाद लुइटेल माथि उल्लेख गरिएका विभिन्न पुरस्कार र सम्मानद्वारा पुरस्कृत एवं सम्मानित भएको देखिन्छ । विद्यार्थी जीवनमा सदैव सर्वप्रथम भएवापत जेहेनदार छात्रवृत्ति एवं विद्वत्वृत्ति प्राप्त गरेका लुइटेलले चेस, क्यारमबोर्ड, टेबलटेनिस, ब्याडमिन्टन, भलिबल, फुटबल आदि खेलकुदका साथै, वादविवाद,

वक्तृत्वकला, हाजिरीजवाफ आदि अतिरिक्त क्रियाकलापमा पनि प्रथम भई पटकपटक पदक, पुरस्कार तथा प्रमाणपत्र प्राप्त गरेका छन् । यिनले नियमानुसार दुईतिर पाउने छात्रवृत्ति पनि विद्यार्थी हकहितका लागि छोडेको देखिन्छ । "शिक्षाशास्त्र सङ्कायबाट वितरीत छात्रवृत्तिमा नियमानुसार निकालिएको सूचनामा १ नं मा नाम निस्केका खगेन्द्रप्रसाद लुइटेलले छात्रवृत्ति प्राप्त गर्नुभएकोमा निजको निवेदनअनुसार मैले एम.ए. नेपालीमा सर्वोच्च अङ्क प्राप्त गरेको हुनाले केन्द्रीय नेपाली शिक्षण विभागबाट जेहेनदार छात्रवृत्ति पाउने निश्चित छ । अत: विद्यार्थी हकहितका हिसाबले मैले दुवैतिरको छात्रवृत्ति नखाएर एकातिरबाट मात्र खाने निर्णय स्वविवेक र स्वेच्छाले गरेकाले एक वर्षे बि.एड.मा मैले पाउने मेरो नामको छात्रवृत्तिको रकम वैकल्पिकमा रहनुभएका साथीहरूलाई उपलब्ध गराइदिनु हुन भनी निवेदन दिएर आफूले पाउने छात्रवृत्ति छोडेको र उनलाई डीन कार्यालयले धन्यवाद दिएको पत्र "[१४७] का आधारमा उनमा पहिलेदेखि नै पुरस्कारप्रति लालसा देखिँदैन ।

नेपाली साहित्यका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका खगेन्द्रप्रसाद लुइटेल माथि उल्लेख गरिएका विभिन्न पुरस्कार र सम्मानद्वारा पुरस्कृत एवं सम्मानित भएको देखिए पनि उनी वैयक्तिक स्वार्थ पूर्ति गर्ने उद्देश्यबाट प्रदान गरिने पुरस्कार र सम्मान स्वीकार गर्दैनन् । उनी जसले जे पायो त्यही पुरस्कार र सम्मान दियो भन्दैमा त्यो दिनुको अभिप्राय राम्ररी नबुझी ग्रहण गर्दैनन् ।[१४८] यसबाट उनको स्वाभिमानीपन झल्कन्छ । हरिभक्त बुढाथोकीका अनुसार **लोकवार्ताविज्ञान र लोकसाहित्य** नामक कृतिलाई प्रदान गरिएको भगवती बुढाथोकी स्मृति पुरस्कार सुरुमा उनलाई मात्र दिने भनिएकोमा त्यो पुरस्कार आफू एक्लैलाई मात्र होइन, दिने भए दुवैजनालाई दिनुपर्छ भनी मोहनराज शर्मालाई पनि दिलाएको देखिन्छ ।[१४९] यस आधारमा पनि उनमा पुरस्कारप्रति लोभ रहेको पाइँदैन ।

खगेन्द्रप्रसाद लुइटेल विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएवापत विभिन्न पुरस्कार र सम्मान-अभिनन्दनहरूबाट पुरस्कृत, सम्मानित र अभिनन्दित भएका हुन् । यी सबै तथ्यलाई हेर्दा यिनी आफू संलग्न भएका सबै क्षेत्रमा सफल भई पुरस्कृत एवं सम्मानित भएको देखिन्छ । यसरी विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएबापत पुरस्कृत एवं सम्मानित हुने थोरै व्यक्तिहरूमा उनी पर्दछन् ।

---

[१४७]. त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय डीन कार्यालयको २०४५ असोज १८ को पत्रअनुसार ।

[१४८]. खगेन्द्रप्रसाद लुइटेलले विभिन्न ठाउँमा दिएका वक्तव्य र अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[१४९]. पूर्वप्रहरी निरीक्षक हरिभक्त बुढाथोकीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

तेस्रो परिच्छेद
खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्व

३.१ विषयप्रवेश

व्यक्तित्व शब्दले व्यक्तिमा हुने वैयक्तिक विशेषता, गुण वा निजीपनलाई बुझाउँछ । कुनै पनि व्यक्तिको व्यक्तित्व उसले आफ्नो जीवन अवधिमा गरेका विभिन्न कार्यहरू तथा जीवनका आरोह अवरोह र जीवन भोगाइका आधारमा निरूपण गर्न सकिन्छ । व्यक्तित्व निर्माणमा व्यक्तिको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनैतिक पृष्ठभूमिले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा, साथसङ्गत र जीवनजगत्प्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । व्यक्तिको व्यक्तित्व बाह्य र आन्तरिक गरी दुई प्रकारको हुन्छ । बाह्य व्यक्तित्व उसको रूप, रङ्ग, बनोट अर्थात् समग्रमा शारीरिक व्यक्तित्वसँग सम्बद्ध हुन्छ भने आन्तरिक व्यक्तित्व उसमा अन्तर्निहित गुण, स्वभाव र समग्रमा उसले जीवनमा गरेका महत्वपूर्ण कार्यहरूसँग सम्बद्ध हुन्छ ।

खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्वलाई बाह्य र आन्तरिक गरी दुई भागमा छुट्ट्याएर अध्ययन गरिएको छ । विशेषतः शारीरिक बनोट र उनले गरेका विविध कार्यहरूका आधारमा उनको व्यक्तित्व बहुआयामिक देखिन्छ । विभिन्न क्षेत्रमा गरेका कार्य र योगदानका आधारमा खगेन्द्रप्रसाद लुइटेलका बहुआयामिक व्यक्तित्वका पाटाहरूको चर्चा तल गरिएको छ ।

३.२ व्यक्तित्वका विभिन्न पाटाहरू

खगेन्द्रप्रसाद लुइटेल बहुआयमिक व्यक्तित्व भएका व्यक्ति हुन् । उनी साहित्यिक र साहित्येतर दुवै क्षेत्रमा संलग्न रहेका छन् । व्यक्तिको विभिन्न क्षेत्रको संलग्नताका आधारमा उसको व्यक्तित्व निर्माण हुने गर्दछ । खगेन्द्रप्रसाद लुइटेल राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न सङ्घसंस्थाहरूमा आबद्ध रही उल्लेखनीय भूमिका निर्वाह गरेका छन् । विभिन्न क्षेत्रमा निर्वाह गरेको भूमिकाका आधारमा उनको बहुआयमिक व्यक्तित्व गौरवमय बन्न पुगेको छ भने कार्यप्रति अत्यन्त लगनशील, सक्रिय र साधनारत लुइटेलको व्यक्तित्व उनले विविध क्षेत्रमा निर्वाह गरेको भूमिका र योगदानका कारण बहुआयमिक पनि हुन पुगेको छ । तेरथुम निवासी साहित्यिकार सूर्य सुवेदी अहिलेको पुस्तामा लुइटेल प्रतिभाशाली र अद्भुत क्षमता भएको व्यक्ति हुन् तर यो कुरा कतिपयले बुझेका छैनन् र कतिपयले बुझेर पनि बुझ पचाएका छन् । उनलाई कतिपयले मन नपराउने कारण उनको अद्भुत प्रतिभा र विराट व्यक्तित्वप्रतिको ईर्ष्या हो भन्छन् । विभिन्न क्षेत्रमा संलग्न खगेन्द्रप्रसाद लुइटेलको सक्रिय जीवनको गौरवशाली बहुआयमिक व्यक्तित्वलाई निम्नलिखित पाटाहरूमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

खगेन्द्रप्रसाद लुइटेलका व्यक्तित्वका पाटाहरू



३.२.१ शारीरिक व्यक्तित्व

झट्ट हेर्दा देखिने शारीरिक बनोट, रूपरङ्ग आदिलाई शारीरिक व्यक्तित्वका रूपमा लिइन्छ । मान्छेको उमेरअनुसार शरीरको रूपरङ्ग र स्वरूप परिवर्तन हुँदै जान्छ र त्यही आधारमा उसको शारीरिक व्यक्तित्व निर्माण हुन्छ । गहुँगोरो वर्ण, दुब्लोपातलो फूर्तिलो शरीर, तिलचामले कपाल, सामान्य पहिरन, कडा र स्पष्ट बोली, लगभग ६० किलो तौल र ५ फिट ११ इन्च उचाइ भएका ५३ वर्ष पार गरिसकेका खगेन्द्रप्रसाद लुइटेलको शारीरिक व्यक्तित्व झट्ट हेर्दा आकर्षक देखिन्छ । उनी सानो छँदा होचो र मोटो थिए भने अहिले दुब्लो पातलो र अग्लो छन् । बी.ए. पास गरेका बेला उनी नवयुवक, जोसिलो, फूर्तिलो, गहुँगोरो, चटक्क मिलेको सानो शरीरका थिए ।[१५०] सुन्दर, शक्तिशाली र सामर्थ्यवान व्यक्ति सारै मिठो हार्दिक र हँसमुख लाग्ने मान्छे[१५१] लुइटेल पदीय दृष्टिले प्राध्यापक हुन् । युरोप अमेरिका आदि मुलुकमा भ्रमण गरेको बेला विभिन्न व्यक्तिले उनको दुब्लो पातलो शरीरलाई कसरी मेन्टेन गरेको भनी प्रशंसा गर्दा ठट्यौलो पारामा खान नपाएर यस्तो भएको बताउने [१५२] लुइटेलको शारीरिक व्यक्तित्व निकै आकर्षक देखिन्छ ।

३.२.२ साहित्यिक व्यक्तित्व

सामान्यतया कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व त्यस व्यक्तिद्वारा सिर्जित कृतिका आधारमा निर्धारित हुन्छ । भाषिक कलाका रूपमा चिनिने साहित्य क्षेत्रमा कलम चलाएपछि कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व निर्माणको जग बस्न थाल्छ । कविता, कथा, नाटक, निबन्ध, समालोचना आदि विधागत योगदानबाट नै साहित्यिक व्यक्तित्वको निर्माण हुन्छ । खगेन्द्रप्रसाद लुइटेलले २०२९ सालमा कविता विधाबाट साहित्यिक लेखनको प्रारम्भ गरेका हुन् । उनको साहित्यिक व्यक्तित्व कुनै एक विधा विशेषमा केन्द्रित नरही साहित्यका कविता, कथा, नाटक, निबन्ध, समालोचना आदि विविध विधाहरूमा फैलिएको छ । उनका एक दर्जनभन्दा बढी समालोचनात्मक कृति, दुईवटा निबन्ध सङ्ग्रह तथा कोश र भाषाव्याकरणसम्बन्धी प्रशस्तै कृतिहरूका साथै विभिन्न पत्रपत्रिकाहरूमा कविता, कथा, नाटक, निबन्ध, समालोचना आदि विभिन्न विधाका समालोचनात्मक लेखहरू प्रकाशित छन् । यी सबैले उनको साहित्यिक व्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । उनको साहित्यिक व्यक्तित्व स्रष्टा र द्रष्टा दुवै क्षेत्रमा फैलिएको छ । यीमध्ये स्रष्टा व्यक्तित्वमा निबन्धकार र द्रष्टा व्यक्तित्वमा समालोचक सर्वाधिक महत्वपूर्ण रहेको देखिन्छ । उनको स्रष्टा र द्रष्टा दुवै क्षेत्रमा विस्तारित अन्य व्यक्तित्व पनि त्यत्तिकै उल्लेखनीय रहेका छन् । निबन्धकार, खोजमूलक समालोचक, कोशकार आदि विभिन्न व्यक्तित्वका धनी लुइटेल साहित्यका हरेक विधाको आधिकारिक विश्लेषक र मूल्याङ्कनकर्ता हुन् ।[१५३] धेरै अध्ययन गरेर विभिन्न विधाका प्रशस्तै पुस्तकहरू लेखिसकेका, अध्ययनशील, थुप्रै देशको भ्रमण गरी यात्राका विभिन्न अनुभवहरू सँगालेका लुइटेल राष्ट्रिय स्तरमा मात्र नभई अन्तर्राष्ट्रिय

---

१५०. जे.बी. अधिकारी, *भन्नै पर्दा*, **अनन्त सौरभ**, (काठमाडौँ : विजय/हेमन्त अधिकारी, २०६४), पृ. ट ।

१५१. साहित्यकार प्रतीक ढकालले २०७१ पुस २४ गते फेसबुकमा गरेको टिप्पणीबाट प्राप्त जानकारी ।

१५२. पूर्वप्रहरी निरीक्षक तथा साहित्यकार हरिभक्त बुढाथोकीबाट प्राप्त जानकारी ।

१५३. तेरथुम थोक्लुङ निवासी वरिष्ठ साहित्यकार रविमान लमजेलबाट प्राप्त जानकारी ।

स्तरमा समेत ख्याति कमाइसकेका डायस्पोराविज्ञ विशिष्ट विद्वान् हुन् ।[१५४] यिनै कारणबाट उनको व्यक्तित्व बहुआयमिक बन्न पुगेको छ । उनको बहुआयमिक साहित्यिक व्यक्तित्वलाई निम्नलिखित प्रकारहरूमा विभाजन गरी अध्ययन गरिन्छ :

३.२.२.१ स्रष्टा व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलको लेखनयात्राको प्रारम्भ २०२९ सालको **रत्नज्योति** पत्रिकामा प्रकाशित *विद्यार्थी* शीर्षक कविताका माध्यमबाट भएको हो । त्यसपछि उनले विविध विषयसँग सम्बन्धित थुप्रै कविता, कथा, निबन्ध, प्रबन्ध लेखेका छन् । लुइटेलको स्रष्टा व्यक्तित्वलाई निम्नलिखित प्रकारमा विभाजन गरी अध्ययन गरिन्छ :

३.२.२.१.१ निबन्धकार व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलको स्रष्टा व्यक्तित्वको महत्वपूर्ण पाटो निबन्धकार व्यक्तित्व हो । सर्वप्रथम २०४८ सालको **जनसाहित्य** पत्रिकामा प्रकाशित *वीरगन्जको यात्रा : खुर्सानीको डाहा* शीर्षक निबन्धका माध्यमबाट यस क्षेत्रमा प्रवेश गरेका लुइटेलका हालसम्म **चाउरिएको जिन्दगी** (२०६८) श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह र **बार वर्षपछि हनिमुन** (२०६८) नियात्रा सङ्ग्रह गरी दुईवटा निबन्ध सङ्ग्रह प्रकाशित छन् । यी दुवै सङ्ग्रह विभिन्न पत्रिकाहरूमा प्रकाशित निबन्धहरूलाई सङ्कलन गरी प्रकाशित गरिएका हुन् । उनको **चाउरिएको जिन्दगी** श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रहभित्रका १४ वटा र **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रहभित्रका १६ वटाबाहेक अरू थुप्रै निबन्धहरू विभिन्न पत्रपत्रिकामै छरिएर रहेका छन् । उनले श्यामव्यङ्ग्यात्मक निबन्ध, नियात्रा, संस्मरण, बालनिबन्ध, जीवनीको सिर्जना गरेका छन् । उनका यी विभिन्न खाले निबन्ध लेखनबाट निबन्धकार व्यक्तित्वका पनि विभिन्न पाटा देखिएका छन् । उनको निबन्धकार व्यक्तित्वअन्तर्गत देखापरेका व्यक्तित्वका विभिन्न पाटाहरूलाई निम्नानुसारका शीर्षकमा विभाजन गरी प्रस्तुत गरिन्छ :

श्यामव्यङ्ग्यात्मक निबन्धकार व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलको निबन्धकार व्यक्तित्वको एउटा महत्वपूर्ण पाटो श्यामव्यङ्ग्यात्मक निबन्धकार व्यक्तित्व हो । नेपालीमा सर्वप्रथम श्यामव्यङ्ग्यात्मक निबन्ध लेखनको थालनी गर्ने लुइटेलको **चाउरिएको जिन्दगी** (२०६८) शीर्षक श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह प्रकाशित छ भने *नेपाली शब्दसागर प्रकाशनको खुसीयालीमा...*, *कति भ्रष्टाचार कति सदाचार !*, *न्यायका नौ सिङ र राष्ट्रिय स्वाभिमान*जस्ता थुप्रै श्यामव्यङ्ग्यात्मक निबन्धहरू **गरिमा**, **नेपाल समाचारपत्र**, **कुञ्जिनी**, **मधुपर्क**, **फित्कौली**, **रक्षाकवच**जस्ता विभिन्न पत्रिकाहरूमा प्रकाशित छन् । ती निबन्धहरू उनले आफ्नो वास्तविक नामबाट मात्र नभएर डा. खलु, डार्बिन नेपाली, विज्ञान शर्मा छट्टुपाध्याय आदि विभिन्न उपनामबाट पनि लेखेका छन् । विभिन्न पत्रपत्रिकाहरूमा यी विभिन्न उपनामबाट प्रकाशित उनका कतिपय निबन्धहरू पुस्तकामा पनि सङ्कलित छन् । भाषाशैली र प्रस्तुतिका हिसाबले हेर्दा यी निबन्धहरू उनकै सिर्जना हुन् भन्ने कुरा सजिलै थाहा पाउन सकिने किसिमका रहेका छन् । यी विभिन्न शीर्षकका निबन्धहरूमार्फत उनले समाजका विभिन्न क्षेत्रमा देखापरेका विसङ्गति र विकृतिप्रति कडा व्यङ्ग्य प्रहार गरेका छन् । विषयवस्तुलाई प्रस्तुत गर्ने उनको

[१५४]. अनेसासका पूर्वअध्यक्ष तथा वरिष्ठ साहित्यकार मोहन सिटौलाबाट प्राप्त जानकारी ।

भाषाशैली पनि निकै कलात्मक र आकर्षक रहेको छ । नेपालीमा श्यामव्यङ्ग्यात्मक निबन्ध लेखनको प्रारम्भ गरी आफ्नो छुट्टै पहिचान बनाएका लुइटेलको श्यामव्यङ्ग्यात्मक निबन्धकार व्यक्तित्व विशिष्ट रहेको देखिन्छ ।

नियात्राकार व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलको निबन्धकार व्यक्तित्वको अर्को महत्वपूर्ण पाटो नियात्राकार व्यक्तित्व हो । उनको **बार वर्षपछि हनिमुन** (२०६८) शीर्षक नियात्रा सङ्ग्रह प्रकाशित छ भने स्वदेशपरक र विदेशपरक अन्य थुप्रै नियात्राहरू **जनसाहित्य**, **ब्रह्मपुत्र**, **गरिमा**, **मधुपर्क**, **प्रहरी**, **रचना**, **हाम्रो ध्वनि**जस्ता विभिन्न पत्रिकाहरूमा प्रकाशित छन् । यस्ता विभिन्न पत्रिकामा प्रकाशित नियात्रामध्ये *वीरगन्जको यात्रा : खुर्सानीको डाहा, जन्त जानुभन्दा अन्त जानु नै राम्रो !, वीरगन्ज दर्शन : म्युजिकल फाउन्टेन*जस्ता शीर्षकका नियात्राहरू स्वदेशपरक र *दक्षिण यात्रा : महाजात्रा, गुवाहाटीमा नेपाली एम.ए उद्घाटनमा जाँदा, सिलोङमा डायरी हराउँदा*जस्ता शीर्षकका नियात्राहरू विदेशपरक यात्रामा आधारित छन् ।

खगेन्द्रप्रसाद लुइटेलका स्वदेशपरक र विदेशपरक नियात्रामध्ये केही नियात्राहरूलाई सङ्गृहीत गरी **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रह प्रकाशित छ । विभिन्न प्रयोजनका लागि विभिन्न ठाउँमा गरिएको यात्रामा आधारित भएर लेखिएका उनका नियात्राहरू विशुद्ध यात्रा विवरणमा मात्र आधारित नभई ज्ञानमूलक र मनोरञ्जनात्मकसमेत छन् । उनका नियात्रामा राष्ट्रप्रेम, जातिप्रेम र भाषाप्रेमका भावनाहरू पनि यत्रतत्र पाइन्छन् । विशेषत: राष्ट्रवादी भावनाले ओतप्रोत यिनका नियात्रामा विभिन्न क्षेत्रमा देखापरेका विसङ्गति र विकृतिप्रति व्यङ्ग्यसमेत प्रहार गरिएको छ । उनी देश विदेश डुलेर आउँदा यात्रा गरिएको ठाउँ र त्यहाँ भएका विभिन्न घटनावलीहरूलाई सजीव, कलात्मक, काव्यात्मक र रोचक भाषाशैलीमा प्रस्तुत गर्नसक्ने खुबी भएका नियात्राकारका रूपमा सुपरिचित छन् ।[१५५] उनको *बार वर्षपछि हनिमुन* शीर्षक निबन्ध गौहाटी विश्वविद्यालयको नेपाली एम.ए.को पाठ्यक्रममा समाविष्ट छ ।

'दक्षिण यात्रा : महाजात्रा' शीर्षक यात्रात्मक निबन्धमा होस् अथवा 'सिलोङमा डायरी हराउँदा...' मा होस् विभिन्न मन्दिरहरूको वर्णनमा अथवा आफ्नो दैनिकी हराउँदाको पीडामा होस्, लेखक छट्पटाउँदा वा लेखक भावविह्वल हुँदा पाठक आफैँले स्वयं अनुभूति गरेको अत्यासलाग्दो र रमाइलो अनुभूति आफैँले गरेजस्तो हुन्छ । पानीविहीन काकाकुले काठमाड्यौलीहरूलाई भारतको पानीविहीन पोखरीले व्यङ्ग्य गर्न खोजेको, क्यामरा वर्जित कलात्मक केन्द्रहरू सम्झनैमा मात्र सीमित गरी घुमिएको वर्णन वास्तविकताको अत्यन्त निकट छ । हाम्रा ऐतिहासिक ऋषिमुनिहरूका गुफाहरू इत्यादि भएको भन्ठानिएको देवघाटको वर्णन होस् अथवा त्यहाँ प्राप्त सम्मान आदिको वर्णन अत्यन्त मार्मिक र दोहोऱ्याइरहूँजस्ता छन् ।[१५६]

बार वर्षपछि हनिमुन नियात्रा सङ्ग्रहमा नियात्राकारले यात्रात्मक अनुभूतिहरूलाई आत्मपरक शैलीमा रोमाञ्चक पाराले प्रस्तुत गरेका छन् । आफू घुमेका स्थान, त्यहाँको भौगोलिक अवस्था, रहनसहन, सामाजिक,

---

१५५. रविमान लमजेल, *बार वर्षपछि हनिमुनभित्र लुइटेलीय निबन्धको प्रस्तुति,* (**मानाभराको कोसेली**, १/१, २०७० पुस-चैत), पृ. ४ ।

१५६. तारानाथ शर्मा, *अभिव्यक्तिका जिउँदा उदाहरण डा. लुइटेल,* खगेन्द्रप्रसाद लुइटेल, **चाउरिएको जिन्दगी**, (काठमाडौँ : पैरवी प्रकाशन, २०६८) ।

सांस्कृतिक अवस्था र आफूले अनुभव गरेका कुरा सहित आफूले पाएको सम्मान आदिलाई नियात्राका मुख्य विषयवस्तु बनाइएको छ । राष्ट्रियता तथा देशप्रेम, भाषाप्रेम, यात्रा चित्रण, सामाजिक धार्मिक अवस्थाको चित्रण, वैयक्तिकता, सम्प्रेषणीयता आदि यस नियात्रा सङ्ग्रहका विशेषता हुन् । विविध विषय र क्षेत्रसँग सम्बन्धित प्रसङ्गहरू प्रस्तुत गरिएका यस सङ्ग्रहभित्रका नियात्राहरू समाजका विभिन्न क्षेत्रका विकृतिहरूलाई प्रस्तुत गर्न सफल भएका छन् साथै नियात्रामा विभिन्न ठाउँमा पाइने फरकफरक संस्कृतिको पनि चर्चा गरिएको छ । लेखकले विभिन्न तथ्यको प्रस्तुति गरी हामीलाई एकातिर ज्ञानको ढोका उघारिदिएका छन् र उत्सुकताको मार्ग निर्माण गरिदिएका छन् भने अर्कातिर आफूले नाम सुनिरहेका तर नपुगेका रमणीय स्थलहरूको हार्दिक वर्णनबाट यथेष्ट मनोरञ्जनसमेत प्रदान गरी ज्ञान र मनोरञ्जन एकसाथ प्रदान गर्नु यस कृतिको विशिष्ट प्रयोग हो ।[१५७]

आफ्नो पुण्य जन्मस्थल तेरथुमको ठिडवकट प्राकृतिक सौन्दर्य र स्नेहले पूर्ण स्थलको भावनात्मक वृत्तान्तका साथै नेपाली पुगेका अनेकौँ गाउँ, सहर र बस्तीबस्तीमा पुऱ्याएर लेखकले आफ्नोपनाप्रति ठूलो आदर देखाई हामीमा नेपालीत्वको गौरव अनुभूति गर्ने र गर्न पाउने अवसर यस ग्रन्थबाट दिएका छन् । यस प्रकारका कृति नेपालीमा कमै लेखिएका छन् । भारतका नेपाली भाषा र साहित्यका उच्च शिक्षण संस्थाहरूमा पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गर्दाका सबै पक्षको व्याख्या निकटबाट रही र अध्ययन गरी निस्वार्थतासाथ गर्ने यो ग्रन्थ साँच्चै नै हामी सबै नेपाली जातिका लागि पठनीय मात्र होइन सधैँ स्वीकारयोग्य पनि भएको छ । लेखकले त्यहाँ नेपाली भाषा र जातिका लागि निस्वार्थ ढङ्गले गरेका कार्य र प्राप्त गरेका सम्मान सिङ्गो नेपाली जातिले नै गौरव गर्नुपर्ने खालका छन् ।[१५८]

शीर्षकमा हुनुपर्ने उत्सुकता, रहस्यात्मकता, ध्वन्यात्मकता, सूक्ष्म सन्देशात्मकताजस्ता गुणहरू यसमा पाइने हुनाले शीर्षक सार्थक रहेको छ । नियात्राहरूको कथ्य विषय सामान्य भए पनि शिल्प पक्ष भने निकै गहन रहेको छ । यो नियात्रा सङ्ग्रह भए पनि प्रसङ्ग मिलाएर विभिन्न क्षेत्रमा देखिएका विसङ्गति र विकृतिप्रति व्यङ्ग्य प्रहार गर्नु यस नियात्रा सङ्ग्रहभित्र सन्निहित नियात्राहरूको विशिष्ट पक्ष हो । विविध क्षेत्रलाई विषयवस्तुका रूपमा प्रयोग गरिएको यो नियात्रा सङ्ग्रह आकर्षक भाषाशैली, स्पष्ट अभिव्यक्ति र शृङ्खलित वर्णनका कारण उत्कृष्ट नियात्रा सङ्ग्रह बन्न पुगेको छ । समाजलाई अस्वस्थ तथा भ्रष्ट तुल्याउने अनेकौँ स्वार्थी तत्त्वहरूको खोइरो खन्न तथा व्यङ्ग्यका मुङ्कीहरूले तिनलाई थिलथिलो पार्न नियात्राकार खगेन्द्रप्रसाद लुइटेलका यी नियात्राहरू पूरै सफल भएका छन् । ...अनेक प्रकारको प्रयोग पाइने यस सङ्ग्रहमा सङ्कलित सबै रचना उत्तिकै सशक्त र स्तरीय भएकाले यो नेपालीकै उत्कृष्ट नियात्रा सङ्ग्रह हो ।[१५९] उनका नियात्रा नेपाली नियात्रा परम्परामा नै विशिष्ट रहेको हुँदा उनको नियात्राकार व्यक्तित्व पनि विशिष्ट रहेको देखिन्छ ।

संस्मरणकार व्यक्तित्व

---

१५७. ऐजन ।

१५८. ऐजन ।

१५९. ऐजन ।

खगेन्द्रप्रसाद लुइटेलले भाषासाहित्य क्षेत्रका विभिन्न विशिष्ट विद्वान्हरूको सम्झना गर्दै व्यक्ति संस्मरण पनि लेखेका छन् । उनीद्वारा लिखित संस्मरणहरू विभिन्न पुस्तक तथा पत्रिकामा प्रकाशित छन् । उनले नेपाली भाषा र साहित्य क्षेत्रका शरद्चन्द्र शर्मा, बल्लभमणि दाहाल, वासुदेव लुइटेल, दैवज्ञराज न्यौपानेजस्ता दिवङ्गत व्यक्तिसँग सम्बन्धित संस्मरणका साथै जीवित व्यक्ति मोदनाथ प्रश्रितबारे पनि संस्मरण लेखेका छन् । नेपाली भाषासाहित्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका दिवङ्गत एवं जीवित व्यक्तिहरूका बारेमा लेखिएका यस्ता संस्मरणहरूबाट भाषासाहित्यका त्यस्ता विशिष्ट व्यक्तिहरूलाई थप प्रकाशमा ल्याउने काममा सघाउ पुग्नाका साथै पछिल्लो पुस्ताका भाषासाहित्य क्षेत्रप्रति रुचि राख्नेहरूका लागिसमेत त्यस्ता व्यक्तिका बारेमा जानकारी प्राप्त गर्न सहज हुन्छ । भाषासाहित्य क्षेत्रका त्यस्ता विशिष्ट विद्वान्हरूका सत्कार्यको मुक्तकण्ठले प्रशंसा गर्दै तिनका स्वभाव, बानीव्यवहार, योगदान आदि विभिन्न पक्षबारे जानकारी गराउँदै उनीहरूका बारेमा संस्मरण लेख्नु लुइटेलको उल्लेखनीय कार्य हो । यही कार्यबाट उनको संस्मरणकार व्यक्तित्व महत्वपूर्ण बनेको छ ।

बालनिबन्धकार व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले थुप्रै बालनिबन्धको पनि सिर्जना गरेका छन् । लुइटेलद्वारा लिखित *वन जाँदा, गाई, राष्ट्रिय फूल लालीगुराँस, रेडियो, तिहार, सुन्दर उपत्यका पोखरा, कपर्दी*जस्ता शीर्षकका विविध क्षेत्रसँग सम्बन्धित बालनिबन्धहरू विद्यालयस्तरका विभिन्न कक्षाको पाठ्यपुस्तकमा समावेश छन् । उच्च तहका पाठ्यपुस्तक लेखनमा विशिष्ट पहिचान बनाइसकेका लुइटेलद्वारा लिखित विभिन्न क्षेत्रका यी निबन्धहरू बालबालिकाहरूको मनोविज्ञान र स्तरअनुरूप लेखिएका छन् । बालबालिकाहरूको स्तर र क्षमताअनुरूपका सरल शब्द र छोटा वाक्यहरूको प्रयोग गरिएका उनका बालनिबन्धहरूमा नेपाली संस्कृति, विभिन्न चाडपर्व, व्यक्तिविशेष, स्थानविशेष आदि विविध क्षेत्रलाई निबन्धको विषय बनाइएको छ । उनका कतिपय बालनिबन्ध एउटै शीर्षकमा एकभन्दा बढी भए पनि ती तहगत स्तरअनुरूप छन् । विविध क्षेत्रका यी सबै बालनिबन्धहरू शिक्षा, ज्ञान र मनोरञ्जन दुवै प्राप्त गर्न सकिने खालका छन् । यसैबाट लुइटेलको बालनिबन्धकार व्यक्तित्वको निर्माण भएको हो । यी सबै सन्दर्भबाट हेर्दा उनको बालनिबन्धकार व्यक्तित्व महत्वपूर्ण रहेको देखिन्छ ।

जीवनीकार व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले जीवनी विधामा पनि कलम चलाएका छन् । उनले *अरनिको, विश्वेश्वरप्रसाद कोइराला, गोपालप्रसाद रिमाल, कार्लमार्क्स*जस्ता विभिन्न क्षेत्रका विशिष्ट तथा ख्यातिप्राप्त स्वदेशी एवं विदेशी व्यक्तिहरूको जीवनी लेखेका छन् । उनीद्वारा लिखित यी विभिन्न व्यक्तिका जीवनीहरू विद्यालय तहका विभिन्न कक्षाका पाठ्यपुस्तकमा समावेश भएका छन् । उनीद्वारा लिखित एउटै व्यक्तिको जीवनीलाई एकभन्दा बढी कक्षाको पाठ्यपुस्तकमा राखिए तापनि विषयवस्तु भने तहगत स्तर र क्षमतालाई ध्यान दिई प्रस्तुत गरिएको छ । सङ्ख्यात्मक हिसाबले कम भए पनि गुणात्मक हिसाबले उनले लेखेका जीवनी उल्लेखनीय रहेका छन् । यिनै विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरूको जीवनी लेखनबाट नै लुइटेलको जीवनीकार व्यक्तित्व विशिष्ट रहेको देखिन्छ ।

स्वदेश तथा विदेशबाट निस्कने **जनसाहित्य**, **मधुपर्क**, **गरिमा**, **फित्कौली, हाम्रो ध्वनि** आदि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित निबन्धहरूमध्ये केहीलाई छानेर सङ्ग्रहका रूपमा प्रकाशित गरिएका लुइटेलका

चाउरिएको जिन्दगी र **बार वर्षपछि हनिमुन** शीर्षकका दुई निबन्ध सङ्ग्रहको विषयवस्तु र प्रस्तुतिको शैलीमा भिन्नता पाइन्छ। **चाउरिएको जिन्दगी** श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रहभित्रका निबन्धहरू समाजका राजनीतिक, सामाजिक, धार्मिक, साञ्चारिक आदि विविध क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिहरूलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्न सफल बनेका छन्। **बार वर्षपछि हनिमुन**भित्रका नियात्राहरू नियात्राकारले स्वदेश तथा विदेशमा यात्रा गरेका ठाउँ र त्यहाँका घटनाप्रसङ्गहरूसँग सम्बन्धित रहेका छन्। उनका नियात्राहरू स्वदेशपरक र विदेशपरक गरी दुई किसिमका रहेका छन्। समाजमा व्याप्त अनेक विसङ्गति-विकृतिहरूलाई निबन्धात्मक रूप दिनु तथा विभिन्न कार्यको सिलसिलामा आफू पुगेका ठाउँका विभिन्न घटनाक्रमहरूको कलात्मक प्रस्तुति लुइटेलको निबन्धगत वैशिष्ट्य हो। यिनै **चाउरिएको जिन्दगी** श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह र **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रहका साथै अन्य विभिन्न पत्रपत्रिका तथा पुस्तकहरूमा सङ्गृहीत श्यामव्यङ्ग्यात्मक निबन्ध, नियात्रा, व्यक्तिसंस्मरण, बालनिबन्ध, जीवनीकै आधारमा उनको निबन्धकार व्यक्तित्व निर्माण भएको छ। उनको निबन्धकार व्यक्तित्व स्रष्टा व्यक्तित्वमध्येको सर्वाधिक महत्वपूर्ण र विशिष्ट रहेको छ।

३.२.२.१.२ प्रबन्धकार व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न क्षेत्रसँग सम्बन्धित थुप्रै प्रबन्धको पनि सिर्जना गरेका छन् र ती विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन्। उनले **सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवन** (२०४५-२०४६) शीर्षकको प्रबन्धात्मक कृति तयार पारेका छन्। त्यसभन्दापछि लुइटेलद्वारा लिखित *गुरुङ संस्कृतिको अभिन्न अङ्ग : रोदी, राष्ट्रिय गानको स्तर, शिक्षाको गुणात्मक विकासमा विद्यालयको भूमिका, जलवायु परिवर्तन शिक्षा आजको अनिवार्य आवश्यकता, संविधानमा भाषा, साहित्य, कला, संस्कृतिको स्थान*जस्ता शीर्षकका विभिन्न क्षेत्रसँग सम्बन्धित थुप्रै प्रबन्धहरू **गरिमा**, **मधुपर्क**, **अभियान स्मारिका**, **सम्प्रेषण**, **जनमत**जस्ता विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन्। लुइटेलद्वारा लिखित यस्ता विभिन्न शीर्षकका प्रबन्धहरू समसामयिक विषयवस्तुमा आधारित छन्। उनका प्रबन्धहरू विभिन्न जातिका जातीय संस्कृति, भाषासाहित्य, राष्ट्रिय गान, वातावरण, निजी र सरकारी विद्यालयमा पठनपाठनको अवस्था आदि विविध विषय क्षेत्रसँग सम्बन्धित रहेका छन्। यी विभिन्न शीर्षकमा लेखिएका प्रबन्धहरूका आधारमा हेर्दा विषयवस्तुप्रति आग्रही पूर्वाग्रही नबनी वस्तुगत ढङ्गले यथार्थ कुरा प्रस्तुत गर्नु उनको प्रबन्ध लेखनगत प्रमुख प्रवृत्ति रहेको देखिन्छ। विविध क्षेत्रका यथार्थताहरूलाई प्रस्तुत गर्ने लुइटेलका यिनै विभिन्न शीर्षकमा प्रकाशित प्रबन्धहरूकै आधारमा उनको प्रबन्धकार व्यक्तित्व निर्माण भएको छ र उनको व्यक्तित्वको यो पाटो उल्लेखनीय रहेको छ।

३.२.२.१.३ कवि व्यक्तित्व

सानै उमेरदेखि कविता लेख्न विशेष रुचि राख्ने लुइटेलले २०२९ सालमा प्रकाशित *विद्यार्थी* शीर्षकको कविताबाट कवितायात्रा प्रारम्भ गरेका हुन्। अहिलेसम्म लुइटेलले लेखेका थुप्रै कविता डायरीमै सीमित रहेका छन् भने कतिपय हराइसकेका पनि छन्। उनका *डायरीको पानाबाट, नेताको डायरी, जयसलाम, म बिक्न बाध्य भएँ, मलाई छेपारो बनाइदेऊ प्रभु*जस्ता शीर्षकका कविताहरू विभिन्न पत्रिकामा डा. खलु नामबाट प्रकाशित छन् र केही कविताहरू विभिन्न अनलाइन पत्रिकाहरूमा पनि प्रकाशित छन्। राजनीतिसँग सम्बन्धित उनका कवितामा राजनीतिक आन्दोलन र नेताहरूका क्रियाकलापप्रति व्यङ्ग्य गर्दै जस्तो व्यवस्था आए पनि

नाम मात्र फरक भएको तर काम भने उही रहेको कुरा प्रस्तुत गरिएको छ । विभिन्न समयका राजनीतिक घटनाहरूबारे चर्चा गर्दै उनले आफ्ना कवितामा राजनीतिक जागरणको स्वर उरालेका छन् । उनका कवितामा सानैदेखि पढाइमा कमजोर तथा फटाहा प्रवृत्ति भएका मानिस नेता बन्ने कुरा प्रस्तुत गर्दै गाउँबाट सहर पसेका नेताहरूको प्रवृत्ति र कार्यमा फरक नआएको कुरालाई विभिन्न प्रसङ्गसँगै प्रस्तुत गर्दै नेता र नेताका कार्यप्रति व्यङ्ग्य गरिएको छ । यतिखेर हरेक व्यक्तिमा नैतिकता समाप्त भएको र छेपारोजस्तै रङ फेर्दै आफ्नो स्वार्थमा लिप्त रहेको कुराको अभिव्यक्ति पनि उनका कवितामा पाइन्छ । छन्दोबद्ध ढाँचा र गद्यमा संरचित उनका कविता लयात्मक गुणयुक्त छन् । यीबाहेक *नानी बाबु, मेरो गाउँ, नेपाल, सरस्वती वन्दना*जस्ता शीर्षकका विविध क्षेत्रसँग सम्बन्धित रहेका यी कविताहरू विद्यालय तहका विभिन्न कक्षाको पाठ्यपुस्तकमा समाविष्ट छन् । पाठ्यपुस्तकमा समावेश भएका लुइटेलद्वारा लिखित कविताहरू विद्यार्थीको तहगत स्तरअनुरूप रहेका छन् र तिनको मूल स्वर राष्ट्रवादी भावनाको अभिव्यक्ति रहेको छ ।

पत्रिका र अनलाइनहरूमा प्रकाशित विभिन्न शीर्षकका कविताहरूका माध्यमबाट लुइटेलले समाजका प्रतिष्ठित र ठूला भनाउँदाहरू अझ राजनीतिक क्षेत्रका व्यक्तिहरूको क्रियाकलापप्रति व्यङ्ग्य प्रहार गरेका छन् भने विभिन्न पाठ्यपुस्तकमा समाविष्ट बालकवितामा सरल र सहज ढङ्गले विषयवस्तु प्रस्तुत गरेका छन् । यसरी व्यङ्ग्यात्मक कविताका साथै बालबालिकाको तहगत स्तरलाई ध्यानमा राखी उनीहरूको क्षमताअनुरूप लेखिएका बालकविताका आधारमा लुइटेलको कवि व्यक्तित्व उल्लेखनीय बन्न पुगेको छ ।

३.२.२.१.४ कथाकार व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले थुप्रै कथाहरूको सिर्जना गरेको भए तापनि ती अप्रकाशित अवस्थामै रहेका छन् । उनले २०६४ साल वैशाखको **नवउद्घोष** पत्रिकामा प्रकाशित *पिउन साप* शीर्षकको कथाका माध्यमबाट आफ्नो औपचारिक कथा यात्रा प्रारम्भ गरेका हुन् । कथाकार लुइटेलका *हाकिम साप र सेरु, पल्लाघरकी* ऊजस्ता केही कथाहरू विभिन्न पत्रिका र अनलाइनहरूमा प्रकाशित छन् । पत्रिका र अनलाइनहरूमा प्रकाशित विभिन्न शीर्षकका कथाहरूका माध्यमबाट लुइटेलले राजनीतिक, सामाजिक क्षेत्रका विसङ्गति विकृतिहरू तथा पद र शक्तिमा भएका व्यक्तिहरूको मनोमानीपूर्ण क्रियाकलापलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । उनका कथामा कर्मचारीतन्त्रमा व्याप्त भ्रष्टाचार, चरम राजनीतिक हस्तक्षेपका कारण पिउनले हाकिमलाई समेत नटेर्ने स्थितिका साथै यौनजन्य विकृतिको स्वाभाविक तथा जीवन्त चित्रण पाइन्छ । यसका साथै उनले *काग र गाग्रो, कछुवा र खरायो, स्यालको न्याय, गोलसिमल, भस्मासुर, वाणासुरको पराजय, गाँस छोड्नु साथ नछोड्नु*जस्ता शीर्षकका थुप्रै बालकथाको पनि सिर्जना गरेका छन् र ती कथाहरू विद्यालय तहका विभिन्न कक्षाको पाठ्यपुस्तकमा समावेश छन् । उनका कथाहरू सामाजिक, पौराणिक, नैतिक आदि बालोपयोगी विषयमा आधारित छन् र ती शिक्षामूलक पनि रहेका छन् । पाठ्यपुस्तकमा समावेश लुइटेलद्वारा लिखित कथाहरू तहगत स्तरअनुरूप सरल, सहज र सुबोध रहेका छन् ।

कथाकार लुइटेलका कथाहरू मूलतः सामाजिक यथार्थवादी र मनोविश्लेषणात्मक खालका छन् र यी व्यङ्ग्यात्मकतायुक्त छन् । उनका बालकथाहरू बालबालिकाको तहगत स्तरलाई ध्यानमा राखी उनीहरूको क्षमताअनुरूप लेखिएका छन् । यी सबै कथाका आधारमा लुइटेलको कथाकार व्यक्तित्व उल्लेखनीय बन्न पुगेको छ ।

३.३.३.१.५ बालसाहित्यकार व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न विषय क्षेत्रमा केन्द्रित रही विभिन्न विधाका बालसाहित्य लेखेका छन् । उनीद्वारा लिखित *काग र गाग्रो, पाङ्ग्रे, घमन्डी भ्यागुतो, गोही र बाँदर, वन जाँदा, राष्ट्रिय फूल लालीगुराँस, भेडा, अनौठो जनावर जिराफ, कलाकार अरनिको, विश्वप्रसिद्ध चिन्तक कार्लमार्क्स, मेरो गाउँ, बासस्थान, आगलागी, हाम्रा राष्ट्रिय चिह्नहरू, बलभन्दा बुद्धि ठूलो, विज्ञान अभिशाप होइन वरदान हो*जस्ता शीर्षकका कथा, चित्रकथा, निबन्ध, जीवनी, कविता, संवाद, मनोवाद, वादविवाद आदि विभिन्न विधा र क्षेत्रसँग सम्बन्धित प्रशस्तै बालसाहित्यिक रचनाहरू विद्यालय तहको विभिन्न कक्षाको पाठ्यपुस्तकमा समाविष्ट छन् ।

प्रमाणपत्र, स्नातक र स्नातकोत्तर तहमा पाठ्यक्रमअनुरूपका पाठ्यपुस्तकहरू लेख्ने लुइटेलले विद्यालय तहका बालबालिकाहरूको तहगत स्तर र उनीहरूको क्षमतालाई समेत ध्यानमा राखी तहगत स्तर र क्षमताअनुरूपका बालसाहित्यको सिर्जना गर्नु उनको उल्लेखनीय पक्ष हो । यति धेरै सङ्ख्यामा बालसाहित्यका विविध विधाहरूको रचना गरिसकेका लुइटेल बालसाहित्य समाजमा एउटा पनि बालसाहित्य नलेख्ने व्यक्ति पनि रहेका हुँदा आफूले बालसाहित्य समाजको सदस्यता भने नलिएको बताउँछन् । बालसाहित्य समाजको सदस्यता नलिए तापनि यिनै विविध विधाका प्रकाशित बालसाहित्यहरूको लेखनका आधारमा उनको बालसाहित्यकार व्यक्तित्व निकै महत्वपूर्ण देखिन्छ ।

३.२.२.१.६ अनुवादक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले आर.के. नारायणको **गाइड** उपन्यास अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गरेका छन् । यो कृति २०४९ सालमा प्रकाशित भएको छ । यो उनको पहिलो प्रकाशित पुस्तकाकार कृति हो । उनले अङ्ग्रेजी भाषामा रहेको उक्त उपन्यासको भावमा परिवर्तन नहुने गरी नेपालीमा अनुवाद गरेका छन् । यसबाहेक उनले विभिन्न परियोजनाका थुप्रै सामग्रीको पनि अनुवाद गरेको देखिन्छ । यही अनूदित कृतिकै आधारमा लुइटेलको अनुवादक व्यक्तित्व निर्माण भएको छ ।

३.२.२.१.७ भाषिक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलको भाषिक व्यक्तित्वअन्तर्गत भाषाविज्ञानी, कोशकार, व्याकरणकार तथा बहुभाषी व्यक्तित्वलाई समावेश गरी तिनलाई तल छुट्टाछुट्टै उपशीर्षकमा चर्चा गरिएको छ ।

भाषाविज्ञानी व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलको भाषाविज्ञानका क्षेत्रमा उल्लेख्य योगदान रहेको छ । उनका **ध्वनिविज्ञान र वर्णविज्ञान** (२०५३), **पहरी भाषासंस्कृति** (२०५९), **आधुनिक भाषाविज्ञान** (२०६०) जस्ता पुस्तकहरू भाषाविज्ञानसँग सम्बन्धित रहेका छन् । लुइटेलद्वारा लिखित भाषाविज्ञानका सबै शाखाहरूलाई समेटेर सरल रूपमा विषयवस्तु प्रस्तुत गरिएका **ध्वनिविज्ञान र वर्णविज्ञान** तथा **आधुनिक भाषाविज्ञान** नामक पुस्तकहरू विभिन्न तहको पाठ्यक्रममा समेत समावेश छन् । उनको नेपाली भाषाका साथै **पहरी भाषा संस्कृति** नामक शोधमूलक ग्रन्थ पनि प्रकाशित छ । यसमा पहरी भाषा र संस्कृतिका बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ । यसका साथै **गरिमा**, **शिक्षाशास्त्र सौरभ**, **भानु**, **हाम्रो ध्वनि**, **सभा पत्रिका**, **ब्रह्मपुत्र**जस्ता विभिन्न पत्रपत्रिकाहरूमा *ध्वनि र आलेखन*, *संस्कृत ध्वनितत्त्व*, *नेपालीमा पदयोग र पदवियोगसम्बन्धी दिग्भ्रम*जस्ता शीर्षकका भाषाविज्ञानसँग सम्बन्धित उनका थुप्रै फुटकर लेखहरू प्रकाशित छन् । यी लेखहरूले

भाषाविज्ञानका विभिन्न पक्ष, नेपाली भाषाको वर्तमान अवस्था र नेपाली भाषामा रहेको चलखेल तथा भाषामा निम्त्याइएका विसङ्गति आदि विविध पक्षबारे जानकारी गराएका छन् । भाषाविज्ञान क्षेत्रका प्रकाशित यिनै विभिन्न पुस्तकहरू र लेखहरूका आधारमा लुइटेलको भाषाविज्ञानी व्यक्तित्व उल्लेखनीय बन्न पुगेको छ ।

कोशकार व्यक्तित्व

विविध क्षेत्रमा फैलिएको खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्व कोशकार व्यक्तित्वसम्म फैलिएको देखिन्छ । लुइटेलले २०५३ सालमा **नेपाली प्रकृति प्रत्ययकोश** सम्पादन र निर्देशन गरेका छन् । उनको **नेपाली प्रकृति प्रत्ययकोश** नामक कृति नेपाली भाषाको पहिलो व्युत्पत्तिमूलक कोश हो । उनले नेपाली भाषाको आधिकारिक र मानक कोशका रूपमा रहेको **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जन २०५३ र २०६७ सालमा गरेका छन् । यसका साथै उनले **कोशविज्ञान** (२०५८) नामक कृति पनि लेखेका छन् । यो कोशको सैद्धान्तिक र प्रायोगिक दुवै पक्षलाई समेटिएको महत्वपूर्ण कृति हो । यिनै विभिन्न कोशको सम्पादन, संशोधन-परिमार्जन एवं लेखन कार्यबाटै लुइटेलको कोशकार व्यक्तित्व उल्लेखनीय बन्न पुगेको छ ।

व्याकरणकार व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलका व्याकरणसँग सम्बन्धित पुस्तकहरू पनि प्रकाशित छन् । उनको **नेपाली व्याकरण** (२०६६) शृङ्खला कक्षा १ देखि कक्षा १० सम्मको पाठ्यक्रमअनुरूप रहेको छ । विद्यार्थीका तहगत स्तर, क्षमता र पाठ्यक्रमलाई ध्यानमा राखी त्यसैअनुरूप लेखिएको **नेपाली व्याकरण** शृङ्खलामा व्याकरणिक शिक्षणको तरिकाबारे जानकारी दिँदै विषयको प्रस्तुतिमा आगमनात्मक पद्धतिको प्रयोग गरिएको छ । विद्यार्थीको तहगत स्तर, क्षमता र पाठ्यक्रमअनुरूप रहेको यही व्याकरण शृङ्खलाकै आधारमा लुइटेलको व्याकरणकार व्यक्तित्व महत्त्वपूर्ण बन्न पुगेको छ ।

बहुभाषी व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेल नेपालीका अतिरिक्त अङ्ग्रेजी, हिन्दी, संस्कृत आदि भाषाका पनि ज्ञाता हुन् । यिनले विभिन्न अन्तराष्ट्रिय गोष्ठीमा परिस्थितिअनुसार अङ्ग्रेजी र हिन्दी भाषामा कार्यपत्र प्रस्तुत गर्ने तथा वक्तव्य दिने काम गरेका छन् । उनले प्रसिद्ध उपन्यासकार आर.के. नारायणद्वारा अङ्ग्रेजी भाषामा लिखित **गाइड** उपन्यासको नेपालीमा अनुवाद गरेका छन् । यस उपन्यासको नेपाली अनुवाद अङ्ग्रेजीको मूलभाव नखज्मजिने गरी गरिएको छ । यसबाहेक उनले विभिन्न सरकारी एवं गैरसरकारी सङ्घसंस्थाका प्रतिवेदनहरू पनि अनुवाद गरेको देखिन्छ । यी विभिन्न आधारमा लुइटेलको बहुभाषी व्यक्तित्व निर्माण भएको छ ।

माथि उल्लेख गरिएबाहेक खगेन्द्रप्रसाद लुइटेलको नाटककार/एकाङ्कीकार व्यक्तित्व पनि रहेको देखिन्छ । उनी विद्यार्थी जीवनदेखि नै नाटक/एकाङ्कीहरू लेख्ने गर्दथे । यसका साथै उनी आफ्नै निर्देशनमा आफ्ना र अरूका नाटकहरू मञ्चन गराउने, निर्देशन गर्ने पनि गर्दथे भने आफू पनि नाटक खेल्थे ।। विद्यार्थी जीवनमा मात्र होइन शिक्षक हुँदाको समयमा पनि नाटक लेख्ने, निर्देशन गर्ने र आफू पनि नाटकमा सहभागी हुने गरेका लुइटेलका हालसम्म कुनै पनि नाटक प्रकाशित भने भएका छैनन् । त्यसकारण अहिलेको अवस्थामा हेर्दा उनको नाटककार/एकाङ्कीकार व्यक्तित्व फस्टाएको देखिँदैन ।

३.२.२.१.८ प्रवर्तक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले नेपाली समालोचनाका क्षेत्रमा विश्वको आधुनिक संरचनावादी समालोचना पद्धतिको प्रवर्तन, विकास र मानक स्थापना गर्नका साथै सांस्कृतिक समालोचना र डायस्पोरिक समालोचनाको समेत प्रवर्तन गरेका छन् । उनको *आशिष कविताको विश्लेषण* शीर्षक लेख संरचनावादी समालोचनाको पहिलो समालोचना हो भने सांस्कृतिक क्षेत्रको समालोचना *समका नाटकमा सांस्कृतिक दृष्टिकोण* हो । यसैगरी उनको *नेपाली साहित्यमा डायस्पोराको योगदान* डायस्पोरिक समालोचनाको पहिलो सैद्धान्तिक कार्यपत्र र समालोचना हो । उनले प्रभाववादी समालोचना पद्धतिको प्रयोग भइरहेको नेपाली समालोचनाका क्षेत्रमा वस्तुवादी समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिका प्रवर्तन, विस्तार र मानक स्थापनाका गर्नाका साथै डायस्पोरिक एवं सांस्कृतिक समालोचनाको पनि प्रवर्तन र विस्तार गरेका हुन् । उनको **कविताको संरचनात्मक विश्लेषण** नामक कृति आयामका दृष्टिले मात्र होइन समालोचनाको विषयका दृष्टिले समेत अत्यन्त गम्भीरतम सर्वथा नवीन ग्रन्थ हो ।[१६०] नेपाली समालोचनामा विश्व समालोचनाको आधुनिक समालोचना पद्धति संरचनावादी समालोचनाको प्रवर्तन तथा मानक स्थापनामा लुइटेलको विशेष भूमिका रहेको छ ।[१६१] उनले संरचनावादको थालनी मात्र नगरी विकास, विस्तारसमेत गरेको पाइन्छ ।[१६२] शैलीवैज्ञानिक पद्धतिको चर्चा गर्ने क्रममा कतिपय विद्वान्ले संरचना शब्दको चर्चा गरेको पाइए तापनि संरचनावादको स्पष्ट प्रारूप तयार पारी सैद्धान्तिक र प्रायोगिक रूपमा समालोचना गर्ने प्रथम व्यक्ति खगेन्द्रप्रसाद लुइटेल नै हुन् ।[१६३] उनी वस्तुवादी भाषावादी आधुनिक पद्धति संरचनावादमा विद्यावारिधि गर्ने प्रथम व्यक्ति हुन् ।[१६४] त्रि.वि.को दीर्घावधिक विद्वत्तवृत्तिमा विद्यावारिधि गरेका डा.लुइटेलको **कविताको संरचनात्मक विश्लेषण** विद्यावारिधि शोधप्रबन्ध नेपालीको प्रथम संरचनावादी शोधप्रबन्ध हो । भाषाविज्ञान र साहित्यको सङ्गमस्थलका रूपमा देखापरेको यस शोधप्रबन्धबाट डा. लुइटेलले भाषाकेन्द्री र वस्तुवादी ढङ्गले सैद्धान्तिक र प्रायोगिक पक्षको समन्वय गराई नेपालीमा संरचनावादी समालोचना पद्धतिको प्रारम्भ गर्नाका साथै प्रभाववादिताबाट मुक्त रही वैज्ञानिक र वस्तुगत ढङ्गले कृति विश्लेषणको प्रारूप तयार पारी त्यसैका आधारमा विश्लेषणसमेत गरिनु नेपाली शोधकार्यका क्षेत्रमा विशिष्ट उपलब्धि र नौलो आयाम हो ।[१६५] विद्यावारिधि शोधप्रबन्ध **कविताको संरचनात्मक विश्लेषण**मार्फत संरचनावादी समालोचना पद्धतिको प्रवर्तन, विस्तार र मानक स्थापना गरेका लुइटेलको व्यक्तित्वको एउटा महत्वपूर्ण पक्ष प्रवर्तक व्यक्तित्व बन्न पुगेको छ । उनको **कविताको संरचनात्मक विश्लेषण** नामक शोधप्रबन्ध २०६२ सालमा पुस्तकका रूपमा प्रकाशित भइसकेको छ । नेपालीमा

---

१६०. लक्ष्मणप्रसाद गौतम, *संरचनावादी समालोचनाको पहिलो ग्रन्थ*, **मधुपर्क**, (३८/११, २०६२ चैत), पृ. २२ ।

१६१. *लेखक परिचय*, **भृकुटी**, (पू. १०, २०६७ माघ-चैत), पृ.१२८ ।

१६२. राजु भुसाल, *समालोचनाको स्वरूप र प्रकार*, **कुञ्जिनी**, (१९/९, २०६१) पृ. १८७ ।

१६३. यशोदा अधिकारी, **डी.पी. अधिकारीका समालोचनाको विश्लेषण**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६४), पृ. ३० ।

१६४. *लुइटेललाई विद्यावारिधि, भाषासाहित्यमा नौलो प्रबन्ध*, **हिमालय टाइम्स**, (२०५९ असार १२), पृ. २ ।

१६५. *विद्यावारिधि* (**त्रिभुवन विश्वविद्यालय बुलेटिन**, ३५/१, २०५९ साउन), पृ. ११ ।

संरचनावादी समालोचनाको प्रवर्तन गरेबापत तेरथुम सरोकार समाज, साहित्यिक पत्रकार सङ्घ, तेरथुम महोत्सव मूल आयोजक समिति, साहित्य सङ्गम मकवानपुर एवं श्री युग प्रकाश क्लब नवलपुर आदि विभिन्न सङ्घसंस्थाबाट सम्मानित एवं पुरस्कृत हुनुले पनि उनको प्रवर्तक व्यक्तित्व विशिष्ट रहेको देखिन्छ ।

३.२.२.१.९ नयाँ शब्दनिर्माता व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले नेपालीमा यसपूर्व नभएका विभिन्न नयाँ शब्दहरूको निर्माण गरेका छन् र ती यतिखेर सर्वत्र प्रचलित छन् । उनले अङ्ग्रेजीको black satire का लागि *श्यामव्यङ्ग्य* शब्दको सर्वप्रथम सैद्धान्तिक चर्चाका साथ लेख पनि लेखेका छन् र यतिखेर यो शब्द बहुप्रचलित बनिसकेको छ । यस शब्दले शब्दकोशमा पनि प्रविष्टि पाइसकेको छ । लुइटेलले नेपाली निबन्धका क्षेत्रमा सर्वप्रथम श्यामव्यङ्ग्यात्मक निबन्ध पनि लेखेका छन् । उनले आफ्नो विद्यावारिधि शोधप्रबन्ध **कविताको संरचनात्मक विश्लेषण**मा *अग्रभूमि, अग्रभूमीकरण, अग्रभूमिकृत, पश्चभूमि, पश्चभूमीकरण, पश्चभूमिकृत, भाषाशैलीय विन्यास*लगायतका थुप्रै नयाँ पारिभाषिक शब्दको निर्माण गरेका छन् । यसैगरी उनले **बृहत् नेपाली शब्दकोश**को संशोधन-परिमार्जन गर्ने क्रममा यस्ता विभिन्न शव्दहरूको प्रविष्टिका साथ केही ठेट नेपाली शब्दहरूको निर्माण तथा प्रयोगसमेत गरेका छन् ।

यस्तैगरी खगेन्द्रप्रसाद लुइटेलले काठमाडौँ उपत्यकामा विद्यमान नेपाल प्रहरीको महानगरीय प्रहरीसम्बन्धी अवधारणा र नयाँ निकायको निर्माणमा विशिष्ट योगदान पुऱ्याएका छन् । हाल नेपाल प्रहरीको सुरक्षा क्षेत्रमा प्रयोग गरिँदै आएका *महानगरीय प्रहरी प्रभाग, महानगरीय प्रहरी वृत्त, महानगरीय प्रहरी परिसर, महानगरीय प्रहरी आयुक्त*जस्ता शब्दहरूको निर्माण उनैले गरेका हुन् । नेपाली भाषासाहित्य क्षेत्रका व्यक्ति भएर पनि सुरक्षा क्षेत्रमा प्रयोग हुँदै आएका यस्ता विभिन्न शब्दहरूको निर्माण गर्नु लुइटेलको एक उल्लेखनीय पक्ष हो । यिनै विभिन्न नवीन शब्दहरूको प्रयोगले गर्दा नै लुइटेलको नयाँ शब्दनिर्माता व्यक्तित्व निर्माण भएको छ र यिनै कारणबाट उनको यो व्यक्तित्व विशिष्ट बनेको छ ।

३.२.२.२ द्रष्टा व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्व स्रष्टाभन्दा बढी द्रष्टा व्यक्तित्वका रूपमा विकास भएको छ । संरचनावादी समालोचना पद्धतिका प्रवर्तक लुइटेलको द्रष्टा व्यक्तित्वअन्तर्गतको सबैभन्दा महत्वपूर्ण पाटो समालोचक व्यक्तित्व हो । उनको द्रष्टा व्यक्तित्व एउटा क्षेत्रविशेषमा मात्र सीमित नभई विभिन्न क्षेत्रमा विस्तारित भएको देखिन्छ । उनको द्रष्टा व्यक्तित्वलाई निम्नानुसारका शीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरिन्छ :

३.२.२.२.१ समालोचक तथा समीक्षक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले सर्वाधिक सफलता हासिल गरेको विधा समालोचना हो । २०३० को दशकदेखि समालोचना लेखन प्रारम्भ गरेका लुइटेलका समालोचनाहरूको प्रकाशन भने २०४० का दशकबाट भएको देखिन्छ । २०४९ साल फागुनको **गरिमा** पत्रिकामा प्रकाशित *क्षेत्रप्रताप अधिकारी : जीवनवृत्त र कवित्वका आलोकमा* शीर्षक समालोचनाका माध्यमबाट यस क्षेत्रमा औपचारिक रूपमा प्रवेश गरेका लुइटेलका हालसम्म एक दर्जनभन्दा बढी समालोचनात्मक पुस्तकाकार कृति तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रिकाहरूमा दुई सयभन्दा बढी फुटकर समालोचनात्मक लेखहरू प्रकाशित छन् । उनका **शोधविधि** (२०५२),

आधुनिक नेपाली समालोचना (२०५७), **भाषासाहित्य सिद्धान्त** (२०५७), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०), **कविताको संरचनात्मक विश्लेषण** (२०६२), **लोकवार्ताविज्ञान र लोकसाहित्य** (२०६३), **नेपाली काव्य समालोचना** (२०६७), **नेपाली नाट्य समालोचना** (२०६७), **लोकसाहित्य परिचय** (२०६८), **नेपाली निबन्ध समालोचना** (२०६८), **नेपाली उपन्यासको इतिहास** (२०६९) आदि विविध विधासँग सम्बन्धित समालोचनात्मक पुस्तकाकार कृति हुन् ।

खगेन्द्रप्रसाद लुइटेलका समालोचनात्मक पुस्तकाकार कृतिबाहेक विविध विधा र व्यक्तिसँग सम्बन्धित दुई सयभन्दा बढी फुटकर समालोचनात्मक लेखहरू **गरिमा**, **प्रक्रिया**, **जुही**, **कुञ्जिनी**, **समकालीन साहित्य**, **मिर्मिरे**, **सम्प्रेषण**, **शब्दयात्रा, ब्रह्मपुत्र**, **बगर**, **रक्षाकवच**, **झङ्कार**, **सुलेख**जस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । यसका साथै उनका समालोचनात्मक लेखहरू विभिन्न व्यक्तिद्वारा सम्पादित **स्रष्टा नरेन्द्रराज पौडेल द्रष्टाहरूका आँखामा, कृष्णप्रसाद पराजुली साहित्य र साधना**, **महाकवि देवकोटा व्याख्यानमाला**, **पुष्करशमशेर स्मृतिग्रन्थ, शास्त्रीमार्ग स्मारिका, डायमन शमशेर : चिन्तन र चित्रण**, **तारानाथ शर्मा सङ्घर्ष र प्राप्ति, विजय मल्ल सङ्घर्ष र प्राप्ति, कालो अक्षरदेखि सग्लो अक्षरसम्म**जस्ता पुस्तकहरूमा पनि सङ्गृहीत छन् । उनका प्रकाशित समालोचनात्मक लेखहरूमा सबैभन्दा बढी कविता विधासँग सम्बन्धित रहेका छन् । प्रकाशित उपलब्ध भएजति लेखहरूका आधारमा हेर्दा उनका हालसम्म कविता विधासँग सम्बन्धित ६४ वटा, संरचनावादसँग सम्बन्धित ५० वटा, सैद्धान्तिक ४४ वटा, व्यक्ति र साहित्यिक योगदानसँग सम्बन्धित २३ वटा, उपन्याससँग सम्बिन्धित १७ वटा, नाटक/एकाङ्कीसँग सम्बन्धित १७ वटा कथासँग सम्बन्धित १६ वटा, निबन्ध विधासँग सम्बन्धित ११ वटा, लोकसाहित्यसँग सम्बन्धित ११ वटा, डायस्पोरासँग सम्बन्धित ८ वटा, साहित्यिक इतिहाससँग सम्बन्धित ८ वटा र भाषासँग सम्बन्धित ८ वटा लेखहरू प्रकाशित छन् । कतिपय लेखहरू दुई वटा शीर्षकमा पर्ने हुँदा उक्त शीर्षकहरु दोहोरिन पनि पुगेका छन् । समालोचना लेखनलाई निरन्तरता दिइरहेका लुइटेलका हालसम्म प्रकाशित उपलब्ध भएजति समालोचनात्मक लेखहरूलाई दोस्रो परिच्छेदमा विधागत आधारमा छुट्ट्याएर प्रस्तुत गरिएको छ ।

समालोचक लुइटेलद्वारा लिखित विभिन्न विधाका समालोचनात्मक लेखहरूलाई हेर्दा उनको समालोचना लेखन विविधतामय रहेको देखिन्छ । उनी अन्य विधामा भन्दा तुलनात्मक रूपमा समालोचना क्षेत्रमा बढी सक्रिय रहेका व्यक्ति हुन् । उनका समालोचनात्मक लेखहरू साहित्यका विविध विधाहरू कविता, कथा, निबन्ध, उपन्यास, लोकसाहित्य तथा संरचनावाद, सांस्कृतिक, सैद्धान्तिक आदि विभिन्न क्षेत्रसँग सम्बद्ध रहेका हुनाले पनि उनको समालोचक व्यक्तित्व उर्वर रहेको देखिन्छ । पूर्वीय र पाश्चात्य दुवै क्षेत्रको साहित्यका ज्ञाता लुइटेलले आफ्नो विद्यावारिधि शोधकार्यमा पनि पूर्व र पश्चिम दुवैतिरका पद्धतिको समन्वयात्मक प्रस्तुति गरेका छन् । कविता विधामा विद्यावारिधि गरे तापनि उनी लोकसाहित्य, निबन्ध, नाटक, उपन्यासजस्ता साहित्यका प्रायः सबै विधाहरूको समालोचना लेखनमा क्रियाशील रहेका छन् । उनले सैद्धान्तिक र प्रायोगिक दुवै खाले समालोचना लेखेका छन् । उनका सैद्धान्तिक, प्रायोगिक एवं सांस्कृतिक समालोचनात्मक लेखहरू विभिन्न व्यक्तिहरूद्वारा सम्पादित कृतिमा पनि समाविष्ट छन् । उनका कुनै पनि समालोचनात्मक लेखहरूमा सम्बन्धित विषयको मूलभूत कुरालाई विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको हुँदा विभिन्न विधा, विषय र व्यक्तिका बारेमा लेखिएका उनका समालोचनात्मक लेखहरूका माध्यमबाट सम्बन्धित विषयबारे पूर्ण रूपमा जानकारी पाउन सकिन्छ । सम्बन्धित विषयवस्तुलाई सरल शब्दहरूको प्रयोग गरी सूत्रात्मक शैलीमा प्रस्तुत गर्ने लुइटेलका प्रायः सबैजसो लेखहरू शीर्षक हेर्नेबित्तिकै विषयवस्तुबारे जानकारी प्राप्त हुने खालका छन् ।

नेपालीमा संरचनावादी तथा सांस्कृतिक समालोचना पद्धतिका प्रवर्तक रहेका लुइटेल वस्तुवादी, यथार्थवादी, सैद्धान्तिक, डायस्पोरिक समालोचकका रूपमा स्थापित भइसकेका व्यक्तित्व हुन् । उनका पुस्तकाकार र फुटकर समालोचनामा वस्तुवादी, वैज्ञानिक र संरचनावादी समालोचना पद्धतिको प्रयोग पाइन्छ । समालोचना लेखनमा वस्तुता, तटस्थ दृष्टिकोण, तार्किक शैली, वैज्ञानिकता, गम्भीर विश्लेषण क्षमता, वस्तुवादी र सूक्ष्म दृष्टिकोण समालोचक डा.लुइटेलका मुख्य विशेषता हुन् र उनको **कविताको संरचनात्मक विश्लेषण** नेपाली साहित्यमा संरचनावादी समालोचनाको पहिलो र मानक ग्रन्थ हो ।[१६६] समालोचनात्मक पुस्तकबाहेक लुइटेलद्वारा लिखित विभिन्न तहका पाठ्यपुस्तकहरूमा पनि तिनमा रहेका पाठहरू हटाउँदा विषयवस्तुको प्रस्तुति, भूमिका, सम्पादकीय, लेख आदिमा पनि समालोचकीयता पाइन्छ । कृतिहरूमा सरल र सहज भाषाको प्रयोग गरी विषयवस्तुलाई बुँदात्मक र सूत्रात्मक रूपमा प्रस्तुत गर्नु लुइटेलका समालोचनात्मक कृतिहरूका साथै सबैजसो समालोचनात्मक लेखहरूका विशेषता हुन् । यी विभिन्न समालोचनात्मक कृति र लेखहरूका आधारमा समालोचक व्यक्तित्व निर्माण भएको छ । तुलनात्मक रूपमा समालोचना क्षेत्रमा बढी सक्रिय रहेका लुइटेलका यी विभिन्न समालोचनात्मक कृति र फुटकर समालोचनात्मक लेखहरूका आधारमा उनको समालोचक व्यक्तित्व निर्माण भएको छ र यसरी निर्मित उनको समालोचक व्यक्तित्व नेपाली समालोचनाका क्षेत्रमै सर्वाधिक महत्वपूर्ण रहेको देखिन्छ ।

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न व्यक्तिका विविध विधाका कृतिहरूको समीक्षा पनि गरेका छन् । उनले लेखनाथ पौडेल, मोहनराज शर्मा, कृष्णहरि बराल, रमेश विकल, ध्रुवचन्द्र गौतम, गोविन्द गिरी प्रेरणा, लक्ष्मणप्रसाद गौतम, गोपाल पराजुली, होमनाथ सुवेदी, सूर्य सुवेदी आदि विभिन्न साहित्यिक व्यक्तिहरूका विविध विधाका कृतिको समीक्षा गरेका छन् । विभिन्न शीर्षकमा उनीद्वारा गरिएका पुस्तक समीक्षाहरू **कान्तिपुर, शिक्षाशास्त्र सौरभ**, **मिमिरे**, **गोरखापत्र**, **हिमालय टाइम्स**, **सयपत्री**, **गरिमा**, **समकालीन साहित्य, नेपाल समाचारपत्र**, **अन्तर्दृष्टि, नागरिक**जस्ता विभिन्न पत्रिका र अनलाइनहरूमा प्रकाशित छन् । हालसम्म उनले २३ वटा शीर्षकमा विभिन्न व्यक्तिका विविध विधाका कृतिहरूको समीक्षा गरेका छन् । उपर्युक्त विवरणलाई हेर्दा उनले समालोचनाका तुलनामा कृति समीक्षा निकै कम गरेको देखिन्छ । समालोचनाभन्दा समीक्षा हल्काफुल्का लेखन लागेकाले पछिल्लो समयमा उनले कृति समीक्षा गर्न प्रायः छोडेका छन् । उनले जति कृतिको समीक्षा गरेका छन् ती सबै कृतिमा वस्तुवादी दृष्टिकोण प्रस्तुत गरेका छन् । कृतिका शक्तिहरूलाई मात्र प्रस्तुत गरी अनावश्यक रूपमा कृतिकारलाई फुर्क्याउन हुन्न भन्ने मान्यता राख्ने लुइटेलले गरेका सबै कृति समीक्षामा उक्त कृतिका शक्ति र सीमा दुवै प्रस्तुत गरिएको पाइन्छ । छोटो समयमा नै समग्र कृतिको गहन अध्ययन गरी त्यसका अंशअंश केलाएर त्यसभित्रका तितामिठा, होचीअग्लेली, राम्रानराम्रा सबै कुरा एकएक गरी सूक्ष्म ढङ्गले चिरफार गर्ने अद्भुत क्षमता लुइटेलमा पाइन्छ ।[१६७] कृतिकारप्रति पूर्वाग्रही नबनी यथार्थवादी र वस्तुगत ढङ्गले कृतिको समीक्षा गर्ने लुइटेलद्वारा गरिएका पुस्तक समीक्षामा यथार्थवादी दृष्टिकोण प्रस्तुत भएको पाइन्छ । उनका कतिपय कृति समीक्षा निकै कडा खालका पनि रहेका छन् । यस्ता

---

१६६. लक्ष्मणप्रसाद गौतम, *प्रथम शोधग्रन्थका रूपमा नेपालीमा संरचनावादी समालोचना,* (**मधुपर्क**, ४०/७, २०६४ मङ्सिर), पृ. ८ ।

१६७. नरेन्द्रराज पौडेलले २०७१ पुस २४ गते आफ्नो कृति विमोचनमा दिएको लिखित वक्तव्यबाट प्राप्त जानकारी ।

विशेषताले गर्दा उनको यथार्थवादी, वस्तुवादी समीक्षक व्यक्तित्व निर्माण भएको छ । विभिन्न विद्वान्हरूद्वारा लिखित विभिन्न विधाका पुस्तकहरूको समीक्षा गरेका लुइटेलका समीक्षा समालोचनाभन्दा कम भए पनि स्पष्ट दृष्टिकोणका साथ समीक्षा गरेको हुँदा उनको समीक्षक व्यक्तित्व उल्लेखनीय रहेको छ ।

३.२.२.२.२ शैक्षिक-प्राज्ञिक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेल विभिन्न शैक्षिक-प्राज्ञिक क्षेत्रमा समेत संलग्न रहेका छन् । उनले नेपाल प्रज्ञा प्रतिष्ठान कोश निर्माण समितिको सदस्य (२०५३, २०६७), पाठ्यक्रम विकास केन्द्र माध्यमिक विद्यालय नेपाली विषय समितिको सदस्य (२०५४-२०६०), गौहाटी विश्वविद्यालयको नेपाली स्नातकोत्तर कार्यक्रमको विशिष्ट सल्लाहकार तथा प्राज्ञिक सल्लाहकार समितिको सदस्य (सन् २०१० देखि), अ.ने.सा.स.को सल्लाहकार तथा नेपाल भाषाविज्ञान समाजको आजीवन सदस्यजस्ता शैक्षिक-प्राज्ञिक क्षेत्रका विभिन्न पदमा रहेर उक्त क्षेत्रको विकासमा उल्लेखनीय भूमिका निर्वाह गरेका छन् । शोणितपुर नेपाली साहित्य परिषद् असमबाट १८ जनवरी २०११ मा खगेन्द्रप्रसाद लुइटेललाई प्रदान गरिएको निम्नलिखित काव्यात्मक अभिनन्दनले पनि उनको शैक्षिक-प्राज्ञिक व्यक्तित्व विशिष्ट रहेको देखिन्छ :

प्रा. खगेन्द्रप्रसाद लुइँटेलज्यूको स्वागत्मा

शिक्षाको भारलिइकन हे ! विज्ञ हे कर्मनिष्ठ !
आई हाम्रो असम धरणी पार्दियौ आज श्रेष्ठ
तिम्रो बौद्धिक स्थिति पनि अहो ! जान्न पायौँ सबैले
गछौँ स्वागत् सबजन मिली आज हामी खुसीले ।।

श्रद्धा गर्ने अवसर मिल्यो यै छ हाम्रो महान
बोलीमात्रै न त छ अरु क्यै द्रव्यको नै विधान
यो हो हाम्रो सरल मनको शुद्ध भाषा बिनाको
जस्तो पायौ ग्रहण गर लौ प्रेम सौगात हो यो ।।

श्रद्धाभाजन् विमल मनका ज्ञानका हे कुबेर !
तिम्रो जीवन् सुखमय बनोसु भन्दछौँ लौ मिलेर
वाणी तिम्रो चिरदिन गुँजी धर्ति होस् यो पवित्र
शिक्षा तिम्रो ग्रहण गरी लौ श्रेष्ठहुन् छात्र वृन्द ।।

यसरी नेपाली भाषासाहित्य र समालोचनाका क्षेत्रका प्राज्ञिक व्यक्तित्व लुइटेलले विभिन्न सङ्घसंस्थाहरूको नीति निर्धारण र वैचारिक कार्यकलापमा महत्वपूर्ण कार्य गरेका आधारमा उनको शैक्षिक-प्राज्ञिक व्यक्तित्व गौरवपूर्ण रहेको देखिन्छ ।

३.२.२.२.३ अनुसन्धाता तथा शोधविशेषज्ञ व्यक्तित्व

कविताको संरचनात्मक विश्लेषण शीर्षकमा विद्यावारिधि गरेका खगेन्द्रप्रसाद लुइटेलका व्यक्तित्वका विभिन्न पाटामध्ये अनुसन्धाता व्यक्तित्व विशेष महत्वपूर्ण रहेको छ । सानैदेखि अनुसन्धानमा विशेष रुचि राख्ने लुइटेलले नेपाल प्रज्ञा प्रतिष्ठान, त्रिभुवन विश्वविद्यालय अनुसन्धान महाशाखा, अ.ने.सा.स. जस्ता अनेक

राष्ट्रिय-अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूद्वारा सञ्चालित अनुसन्धान परियोजनाअन्तर्गत रहेर प्रशस्तै अनुसन्धान कार्य सम्पन्न गरेका छन् । व्यक्तिगत रूपमा पनि अनुसन्धान कार्यमा संलग्न रहेका तथा नेपालीमा संरचनावादमा प्रथम विद्यावारिधि प्राप्त गरेका लुइटेलले कविता, उपन्यास, शोधविधि, कोशविज्ञान, भाषाविज्ञान, डायस्पोरा साहित्य आदिलाई आफ्नो अनुसन्धानको प्रमुख क्षेत्र बनाएका छन् । उनले त्रिवि राविसे कार्यक्रमअन्तर्गत रहेर **सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवन** (२०४५-२०४६) शीर्षक भिलेज प्रोफाइल तयार पारेका छन् । उनले आफ्नो भिलेज प्रोफाइलमा सोल्मा गा.वि.स.को भौगोलिक, सामाजिक, आर्थिक, शैक्षिक आदि क्षेत्रको परिचयसहित सोल्माली गुरुङको सांस्कृतिक जनजीवन केलाउने क्रममा गुरुङ जातिको परिचय, गुरुङ जातिको पुख्यौंली र सोल्माली गुरुङहरूको अवस्था, सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवन आदि विविध पक्षमाथि विस्तृत चर्चा गरेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले २०४६ सालमा **क्षेत्रप्रताप अधिकारीका काव्यप्रवृत्ति** शीर्षक स्नातकोतर शोधपत्र तयार पारेका छन् । यस शोधपत्रलाई लुइटेलले *कवि क्षेत्रप्रताप अधिकारीको जीवनी र व्यक्तित्व, क्षेत्रप्रताप अधिकारीका काव्य-कृतिको कालक्रमिक विवरण, कवि क्षेत्रप्रताप अधिकारीको काव्ययात्रा, कवि क्षेत्रप्रताप अधिकारीको काव्यप्रवृत्तिको विश्लेषण र कविता गीतको मूल्याङ्कन, निष्कर्ष र उपसंहार* गरी पाँच परिच्छेदमा विभाजन गरेका छन् । यसमा कवि क्षेत्रप्रताप अधिकारीको जीवनी र व्यक्तित्वका विविध पाटाहरूको परिचय दिँदै उनका काव्यकृतिको कालक्रमिक विवरण प्रस्तुत गरी उनको काव्यप्रवृत्तिको विश्लेषण गरिएको छ । लुइटेलले कवि क्षेत्रप्रताप अधिकारीका विभिन्न कविता तथा गीतहरूको विश्लेषणका क्रममा संरचनावादी ढाँचाकै वस्तुवादी पद्धतिको अनुसरण गरेका हुनाले उनले संरचनावादी एवं वस्तुवादी पद्धतिको प्रयोग यसै शोधपत्रदेखि नै प्रारम्भ गरेको देखिन्छ ।

लुइटेलले छोटो समयमा नै एम.ए.तहको आफ्नो शोधपत्र तयार पारी अरू साथीहरूको पनि शोधपत्रहरू लेखिदिएको पाइन्छ ।[१६८] यसका साथै उनी संस्थागत तथा व्यक्तिगत रूपमा विभिन्न क्षेत्रका थुप्रै अनुसन्धान कार्यमा संलग्न रहेका छन् । लेखनमा खोज र अनुसन्धानलाई महत्व दिनु यिनको विशेषता हो ।[१६९] संस्थागत तथा व्यक्तिगत रूपमा विभिन्न क्षेत्रका थुप्रै अनुसन्धान कार्यमा संलग्न लुइटेलका **आधुनिक नेपाली समालोचना**, **पहरी भाषासंस्कृति**, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, **नेपाली उपन्यासको इतिहास** आदि पुस्तकका रूपमा प्रकाशित छन् । उनले आफूले मात्र अनुसन्धान नगरी अन्य व्यक्तिहरूलाई पनि विभिन्न विषयमा अनुसन्धान गराएका छन् । उनी साहित्यका हरेक विधाको आधिकारिक अनुसन्धाता, विश्लेषक र मूल्याङ्कनकर्ता हुन् ।[१७०] यिनै विभिन्न आधारमा उनको व्यक्तित्वको एउटा महत्वपूर्ण पाटो अनुसन्धाता व्यक्तित्व बन्न पुगेको छ ।

खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्वको एउटा महत्त्वपूर्ण पाटो शोधविशेषज्ञ व्यक्तित्व हो । त्रि.वि. केन्द्रीय विभागमा प्राध्यापन कार्यको प्रारम्भदेखि नै शोधविधि पढाउने गरेका लुइटेल हालसम्म पनि शोधविधि विषय

---

१६८. सहपाठी शिवप्रसाद उप्रेतीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

१६९. लेखक परिचय, **भृकुटी**, (पू.१०, २०६७ माघ-चैत), पृ. १२८ ।

१७०. तेरथुम थोक्लुङ निवासी वरिष्ठ साहित्यकार रविमान लमजेलबाट प्राप्त जानकारी ।

प्राध्यापनरत छन् । यिनको २०५२ सालमा **शोधविधि** नामक समालोचनात्मक कृति प्रकाशित छ र यसका अनेकौं संस्करण पनि आइसकेका छन् । यस कृतिमा शोधको सिद्धान्त र प्रयोग दुवैलाई समेटिएको छ । शोध विषयक अनेक गोष्ठीमा सहभागी भएका यिनले ती विभिन्न गोष्ठीहरूमा शोधसम्बन्धी व्याख्यानहरू प्रस्तुत गरेका छन् । यसका साथै लुइटेलले थुप्रै ठाउँमा शोधविधि शिक्षणसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नाका साथै स्नातकोत्तर र विद्यावारिधि स्तरीय शोधकार्यको पनि शोधविशेषज्ञका रूपमा कार्य गरेका छन् । यिनै विभिन्न आधारमा उनको शोधविशेषज्ञ व्यक्तित्व निर्माण भएको छ र यो निकै महत्त्वपूर्ण रहेको देखिन्छ ।

३.२.२.२.४ डायस्पोराविज्ञ व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेल डायस्पोराविज्ञ व्यक्तिका रूपमा समेत सुपरिचित छन् । उनका डायस्पोरा साहित्यसम्बन्धी विभिन्न शीर्षकका प्रशस्तै समालोचनात्मक लेखहरू **जनमत, हाम्रो ध्वनि, साहित्य संसार, अन्तराष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन, अनेक डायस्पोराको साहित्य, डायस्पोरा विमर्श**जस्ता विभिन्न पत्रिकाहरूमा प्रकाशित छन् । यसका साथै उनले नेपाल, बेलायत, अमेरिकालगायत विभिन्न मुलुकमा डायस्पोरासँग सम्बन्धित प्रशस्तै कार्यपत्रहरूसमेत प्रस्तुत गरिसकेका छन् । उनी विश्वमा नेपाली भाषासाहित्यका संरक्षक एवं उज्ज्वल नक्षत्र तथा डायस्पोराविज्ञका रूपमा सुपरिचित छन् ।[१७१] "डा. खगेन्द्र लुइटेल डायस्पोरा साहित्यको विशेषज्ञ हुनुहुन्छ । म अनेसासको अध्यक्ष हुँदा उहाँले डायस्पोराबारे पहिलो कार्यपत्र प्रस्तुत गर्नुभएको हो । उहाँले डायस्पोरा साहित्यको विकासमा स्वदेशमा रहेर होस् वा विदेशमै गएर होस् विशिष्ट योगदान पुऱ्याउनुभएको छ । उहाँले डायस्पोरा साहित्यबारे अमेरिकामा त नयाँ तरङ्ग नै ल्याइदिनुभएको छ । डायस्पोरा साहित्यबारे उहाँजति अध्ययन-अनुसन्धान गर्ने व्यक्ति नेपालीमा अरू छैनन् ।"[१७२] भन्ने मोहन सिटौलाको भनाइबाट पनि लुइटेल नेपालीमा डायस्पोरालेखनको प्रारम्भकर्ता र डायस्पोराविज्ञ भएको पुष्टि हुन्छ । उनले गैरआवासीय नेपाली सङ्घ तथा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, अमेरिकाद्वारा २०६४ असोज २७ गते काठमाडौँमा आयोजित गोष्ठीमा डायस्पोराको सैद्धान्तिक स्वरूपका साथ प्रस्तुत गरिएको *नेपाली साहित्यमा डायस्पोराको योगदान* शीर्षक कार्यपत्र पहिलो हो र त्यतिबेला अत्यधिक प्रशंसित भएको पनि हो ।[१७३] उनको यो कार्यपत्र **जनमत** (२४/११-१२, २०६४ पुस) मा प्रकाशित भई त्यस वर्षको सर्वोत्कृष्ट लेखका रूपमा पुरस्कृत पनि भएको देखिन्छ ।

खगेन्द्रप्रसाद लुइटेलले डायस्पोरासँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेख तथा कार्यपत्रहरूका अतिरिक्त डायस्पोराका विभिन्न लेखकहरूका विभिन्न विधाका कृतिको भूमिका पनि लेखेका छन् । डायस्पोरा र डायस्पोरिक साहित्यको बारेमा विस्तृत रूपमा चर्चा गरिएका उनका लेख र कार्यपत्रहरूले डायस्पोराको सैद्धान्तिक र प्रायोगिक दुवै पक्षको जानकारी प्रदान गरेका छन् । स्वदेश तथा विदेशका विभिन्न ठाउँमा डायस्पोरासँग सम्बन्धित थुप्रै कार्यपत्रहरू प्रस्तुत गरी नेपाली जातिको विश्व समुदायलाई यससम्बन्धी

---

१७१. अनेसासका पूर्वअध्यक्ष तथा बिओटी सदस्य पुरु सुवेदीले २०७१ पुस २४ गते फेसबुकमा गरेको टिप्पणीबाट प्राप्त जानकारी ।

१७२. अनेसासका पूर्वअध्यक्ष तथा वरिष्ठ साहित्यकार मोहन सिटौलाबाट प्राप्त जानकारी ।

१७३. गीता खत्री र अन्य, सम्पा., **नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन** (अमेरिका : अनेसास, सन् २०१२), पृ. ५५ ।

जानकारी प्रदान गरिसकेका लुइटेलले नेपाली स्नातकोत्तर तहका शोधार्थीहरूलाई डायस्पोरासँग सम्बन्धित **नेपाली साहित्यका हडकडको योगदान, नेपाली साहित्यमा ब्रिटिस गोरखा सैनिक साहित्यकारहरूको योगदान, दयाकृष्ण राईको जीवनी, व्यक्तित्व र कृतित्व, ईश्वर मानन्धरको जीवनी, व्यक्तित्व र कृतित्व, वसन्त श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व, प्रेम रिबुसालको जीवनी, व्यक्तित्व र कृतित्व, गोवर्द्धन पूजाको जीवनी, व्यक्तित्व र कृतित्व**जस्ता विभिन्न शीर्षकहरूमा निर्देशनसमेत गरिसकेका छन् । लुइटेल अहिले यस क्षेत्रको अनुसन्धानमा विशेष रूपमा लागिपरेका छन् । यतिखेर संसारका जुनसुकै ठाउँमा नेपाली डायस्पोरासम्बन्धी गोष्ठीको आयोजना गरिँदा उनलाई प्रमुख अतिथि, कार्यपत्र प्रस्तोता तथा प्रमुख वक्ताका रूपमा आमन्त्रण गरिएको पाइन्छ । डायस्पोरासँग सम्बन्धित यिनै विभिन्न शीर्षकका लेख, कार्यपत्र, शोधनिर्देशन आदिका आधारमा उनको डायस्पोराविज्ञ व्यक्तित्व निर्माण भएको छ र यो व्यक्तित्व निकै महत्वपूर्ण रहेको देखिन्छ ।

३.२.२.२.५ साहित्यिक इतिहास लेखक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले साहित्यका विभिन्न विधाको इतिहास लेखन पनि गरेका छन् । २०६० सालमा **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** नामक कृतिमार्फत कविता विधाको विस्तृत इतिहास प्रस्तुत गरेका लुइटेलले २०६९ सालमा **उपन्यासको इतिहास** नामक कृतिमार्फत उपन्यास विधाको विस्तृत इतिहास प्रस्तुत गरेका छन् । नेपाल प्रज्ञा प्रतिष्ठानको विशेष अनुसन्धान परियोजनाअन्तर्गत तयार पारिएका साहित्यिक इतिहासमूलक यी दुवै कृतिहरूमा सम्बन्धित विधाको सैद्धान्तिक परिचयका साथ समग्र इतिहासलाई समेटिएको छ । **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** नामक कृतिमा १९७५ सालदेखि यताको समयलाई आधुनिक काल मान्ने विभिन्न विद्वान्हरूका मतहरूको खण्डनमण्डनसहित लेखनाथ पौडेललाई माध्यमिक कालमै राखी विभिन्न तर्कहरूसहित देवकोटाको आगमनपछिको समय अर्थात् १९९१ पछिको समयलाई मात्र आधुनिक कालमा समावेश गरेका छन् भने यसपूर्व खासै नलेखिएको उपन्यासको इतिहासलाई पनि सुरुदेखि अहिलेसम्मको समग्रतालाई समेटेका छन् । यसबाहेक उनले **नेपाली नाट्य समालोचना**, **नेपाली निबन्ध समालोचना**जस्ता कृतिहरूमा नेपाली नाटक र निबन्धको समग्र विकासक्रम प्रस्तुत गरेका छन् । यसका साथै यिनको *नेपाली कथाको सेरोफेरो, कथा सिद्धान्त र नेपाली कथाको इतिहास* शीर्षक लामो आयामका लेखमा नेपाली कथाको विस्तृत इतिहास प्रस्तुत गरिएको छ भने अन्य विभिन्न शीर्षकका लेखहरूमा साहित्यका अन्य विभिन्न विधाहरूको इतिहासलाई प्रस्तुत गरिएको छ । उनले लेखेका विभिन्न तहका पाठ्यपुस्तकमा पनि साहित्यका विभिन्न विधाहरूको इतिहासलाई प्रस्तुत गरिएको पाइन्छ । यी सबै सन्दर्भबाट उनी नेपाली साहित्यको विविध विधाको आधिकारिक इतिहास लेखकका रूपमा स्थापित भइसकेका छन् । उनले विभिन्न पुस्तकाकार कृति तथा लेखहरूमा प्रस्तुत गरेको विविध विधाको इतिहासलाई समेटेर एकीकृत गर्ने हो भने नेपाली साहित्यको सिङ्गो इतिहास निर्माण हुने देखिन्छ । साहित्यका विविध विधाहरूको इतिहास लेखनकै आधारमा लुइटेलको साहित्यिक इतिहास लेखक व्यक्तित्व निर्माण भएको छ र साहित्यका विविध विधाका इतिहास लेखक लुइटेलको साहित्यिक इतिहास लेखक व्यक्तित्व विशेष उल्लेखनीय रहेको छ ।

३.२.२.२.६ लोकवार्ताविज्ञानी व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलको साहित्य क्षेत्रको एउटा महत्वपूर्ण व्यक्तित्व लोकवार्ताविज्ञानी व्यक्तित्व पनि हो । उनका **लोकवार्ताविज्ञान र लोकसाहित्य, लोकसाहित्य परिचय** नामक समालोचनात्मक कृति प्रकाशित छन्

भने गौहाटी विश्वविद्यालयबाट **लोकसाहित्य** नामक पाठ्यपुस्तक पनि प्रकाशित छ। यसका साथै *लोकसाहित्यको विधागत वर्गीकरण, बालाचन्द्र गाथाको संरचना विश्लेषण, लोकसाहित्यको अध्ययन-अनुसन्धान पद्धति, लोकवार्ता, लोकसाहित्य र शिष्ट साहित्यको सैद्धान्तिक स्वरूप, लोकगीतको सैद्धान्तिक स्वरूप*जस्ता शीर्षकका लोकवार्ता र लोकसाहित्यसँग सम्बन्धित उनका थुप्रै समालोचनात्मक लेखहरू **कुञ्जिनी**, **शार्दूल**, **मधुपर्क**, **मिर्मिरे**, **रक्षाकवच, नवप्रज्ञापनलगायतका** विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका छन्। विभिन्न शीर्षकका लेखका साथै लुइटेलले लोकसाहित्यसँग सम्बन्धित थुप्रै शीर्षकमा स्नातकोत्तर तहका शोधार्थीहरूको शोध निर्देशनसमेत गरिसकेका छन्।

लोकवार्ता र लोकसाहित्यका क्षेत्रमा अध्ययन-अनुसन्धान गरी त्यससँग सम्बन्धित पुस्तकाकार कृति र फुटकर लेख प्रकाशित गर्नाका साथै यससँग सम्बन्धित थुप्रै शीर्षकहरूमा स्नातकोत्तर तहका शोधार्थीहरूको निर्देशनसमेत गरिसकेका लुइटेलको यिनै विभिन्न आधारमा लोकवार्ताविज्ञानी व्यक्तित्व निर्माण भएको छ। यो व्यक्तित्व पनि उनको व्यक्तित्वको एक महत्त्वपूर्ण पाटो बनेको छ।

३.२.२.२.७ पाठ्यक्रमनिर्माता व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेल विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको पाठ्यक्रम निर्माणमा पनि संलग्न व्यक्तित्व हुन्। उनले श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्रको नेपाली विषय समितिमा रहेका बेला निम्नमाध्यमिक र माध्यमिक तहको नेपाली विषयको नयाँ पाठ्यक्रम निर्माणमा विशिष्ट भूमिका निर्वाह गरेका छन्।[१७४] यसका साथै विद्यालय तहका विभिन्न कक्षाको तहगत स्तरअनुरूप पाठ्यक्रम निर्माण गरी सोहीअनुरूप तहगत स्तरलाई ध्यानमा राखी **हाम्रो नेपाली, मेरो नेपाली किताब, नेपाली व्याकरण**जस्ता पाठ्यपुस्तकको लेखन कार्यसमेत गरेका छन्। लुइटेलले देशभित्र मात्र नभई भारतको गौहाटी विश्वविद्यालयको एम.ए. नेपाली पहिलो र दोस्रो दुवै वर्षको सम्पूर्ण पाठ्यक्रम एक्लै निर्माण गरी पाठ्यक्रमअनुरूपका पाठ्यपुस्तकसमेत तयार पारेका छन्। गौहाटी विश्वविद्यालयले एम.ए. तहको पाठ्यक्रम निर्माण गर्नेजस्तो महत्त्वपूर्ण कार्यमा उनी एकजनालाई मात्र सम्पूर्ण अधिकार प्रदान गर्नु उनको विशिष्ट बौद्धिक व्यक्तित्वको परिणाम हो। यसरी एक्लै सिङ्गो विश्वविद्यालयको पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तकसमेत लेख्ने व्यक्ति विरलै पाइन्छन्। यसका साथै उनले सिलोङमा नेपाली विषयको पाठ्यक्रम र पाठ्यपुस्तक लेखनमा समेत विशिष्ट भूमिका निर्वाह गरेका छन्। लुइटेल तहगत स्तरलाई ध्यानमा राखी त्यसैअनुरूपको पाठ्यक्रम निर्माण गर्ने एक कुशल पाठ्यक्रम निर्माता हुन्। यी विभिन्न सन्दर्भबाट हेर्दा उनको पाठ्यक्रम निर्माता व्यक्तित्व विशिष्ट र गौरवपूर्ण रहेको देखिन्छ।

३.२.२.२.८ पाठ्यपुस्तक लेखक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म पढाइ हुने थुप्रै पाठ्यपुस्तकहरू लेखेका छन्। उनले स्वदेश तथा विदेश दुवैतिरका पाठ्यपुस्तकहरू लेखेका छन्। उनका **नेपाली एकाङ्की** (२०५४), **नेपाली कविता** (२०५४), **नेपाली कवि र कविता** (२०५४), **नेपाली निबन्ध** (२०५४), **नेपाली कविता र आख्यान** (२०५५), **नेपाली गद्य, भाषासाहित्य र इतिहास** (२०५५), **नेपाली गद्य र भाषासाहित्य** (२०५५),

---

[१७४]. तत्कालीन नेपाली विषय समितिका सदस्य सचिव शिवप्रसाद उप्रेतीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी।

नेपाली कविता, नाटक र इतिहास (२०५६), **नेपाली भाषाव्याकरण र नाटक** (२०६०), **नेपाली काव्य र साहित्य** (२०६०), **नेपाली गद्य** (२०६०), **प्रयोजनपरक विशेष नेपाली** (२०६२), **नेपाली गीत-गजल भाग १** (२०६७) आदि पाठ्यपुस्तकहरू उच्च माध्यमिक तह तथा विश्वविद्यालय तहको पाठ्यक्रममा आधारित छन् । यस्तैगरी उनका **हाम्रो नेपाली** (२०६४, नर्सरीदेखि कक्षा आठसम्म), **नेपाली व्याकरण** (२०६६, कक्षा एकदेखि दससम्म), **नेपाली गीत-गजल भाग १** (२०६७), **मेरो नेपाली किताब** (२०७०, नर्सरीदेखि कक्षा सातसम्म) जस्ता पुस्तकहरू विद्यालय तहका पाठ्यपुस्तक हुन् ।

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित पाठ्यपुस्तकहरू नेपालमा मात्र नभएर भारतको गुवाहाटी विश्वविद्यालयको नेपाली एम.ए. मा समेत पठनपाठन हुन्छन् । त्यहाँ उनकै नेतृत्वमा २१ वटा पाठ्यपुस्तक लेखिएका छन् भने **देवकोटापूर्वका नेपाली कविता** (सन् २०१०), **देवकोटाउत्तरका नेपाली कविता** (सन् २०१०), **मोहन कोइरालाउत्तरका नेपाली कविता** (सन् २०१०), **समपूर्वका नेपाली नाटक** (सन् २०१०), **समउत्तरका नेपाली नाटक** (सन् २०१०), **पूर्वआधुनिक नेपाली साहित्यको इतिहास** (सन् २०१०), **आधुनिक नेपाली साहित्यको इतिहास** (सन् २०१०), **लोकसाहित्य** (सन् २०११), **पूर्वीय साहित्य सिद्धान्त** (सन् २०११), **पाश्चात्य साहित्य र समालोचना सिद्धान्त** (सन् २०११), **देवकोटापूर्वका नेपाली आख्यानेतर गद्य** (सन् २०११) जस्ता एघारवटा पुस्तक उनले लेखेका छन् ।

यसरी हेर्दा खगेन्द्रप्रसाद लुइटेलको पाठ्यपुस्तक लेखक व्यक्तित्व स्वदेशमा मात्र नभएर विदेशमा समेत विस्तारित भएको देखिन्छ । विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका विद्यार्थीहरूको तहगत स्तरलाई ध्यानमा राखी त्यसैअनुरूप पाठ्यपुस्तक लेखन तथा विभिन्न तहका विविध विधासँग सम्बन्धित पुस्तकहरूको लेखन कार्यबाटै लुइटेलको पाठ्यपुस्तक लेखक व्यक्तित्व निर्माण भएको छ । स्वदेशमा मात्र सीमित नभई विदेशमासमेत छुट्टै पहिचान बनाएको उनको पाठ्यपुस्तक लेखक व्यक्तित्व निकै महत्वपूर्ण रहेको देखिन्छ ।

खगेन्द्रप्रसाद लुइटेलका प्रकाशित धेरै पुस्तकहरू एकल लेखनमा तयार भएका छन् भने केही पुस्तकमा विभिन्न व्यक्तिहरूको नाम पनि रहेको देखिन्छ । उनका कतिपय पुस्तकहरूमा उनीबाहेक अन्य विभिन्न व्यक्तिहरूको नाम रहे तापनि ती सबै वास्तविक रूपमा सहलेखन नभएर विभिन्न कारणबाट ती व्यक्तिहरूको नाम समावेश गरिएको देखिन्छ । कतिपय सहलेखनमा तयार पारिएका पुस्तकमा पनि आफूले सम्पूर्ण हेरेर मात्र अन्तिम रूप दिने बताउने लुइटेलको भनाइका आधारमा हेर्दा उनको सहलेखक व्यक्तित्व एकल लेखकभैँ देखिन्छ ।

३.२.२.२.९ सम्पादक तथा संशोधक-परिमार्जक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले शब्दकोशका साथै विभिन्न व्यक्तिका साहित्यिक कृतिहरू तथा विभिन्न पत्रपत्रिकाहरूको पनि सम्पादन गरेका छन् । उनीद्वारा सम्पादित **नेपाली प्रकृति प्रत्यय कोश** (२०५३), **सनत रेग्मीका प्रतिनिधि कथा** (२०६०), **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन** (२०६१), **डा. बल्लभमणि दाहालका रचनाहरू** (२०६३), **हरिहर शास्त्रीका प्रमुख कविता** (२०६९) र **बरालको आँसु** (२०६९) जस्ता विविध विधाका कृतिहरू प्रकाशित छन् । उनी नेपाली केन्द्रीय विभागबाट प्रकाशित हुने **वाङ्मय** पत्रिकाको प्रबन्ध-सम्पादक (२०४९-२०५०) तथा सम्पादक-संयोजक (२०७१) समेत रहेका छन् ।

बहुमुखी व्यक्तित्वका धनी लुइटेलले आफ्नो व्यक्तित्व विस्तार लेखनका क्षेत्रमा मात्र सीमित नराखी शब्दकोशको सम्पादनका साथै नेपालीका विशिष्ट साहित्यकारहरूका साहित्यिक सामग्रीहरूको खोज अनुसन्धान गरी सम्पादन कार्यमा समेत गरेका छन् । उनले जीवित साहित्यकारको भन्दा बढी पुराना दिवङ्गत साहित्यकारहरूका कृतिहरूको खोजी गरी तिनको सम्पादन गरेको देखिन्छ । विभिन्न व्यक्तिहरूका छरिएर रहेका रचनाहरूलाई एकीकृत गरी तिनको कुशल सम्पादन गर्ने लुइटेलको सम्पादक व्यक्तित्व यिनै विभिन्न सम्पादित कृति र सम्पादित पत्रिकाका आधारमा निर्माण भएको छ । साहित्यिक क्षेत्रमै केन्द्रित रहेको उनको सम्पादक व्यक्तित्व पनि विशिष्ट रहेको देखिन्छ ।

प्रशस्तै पुस्तकहरूका लेखक तथा सम्पादक खगेन्द्रप्रसाद लुइटेलले शब्दकोशका साथै विभिन्न पुस्तकहरूको संशोधन-परिमार्जन पनि गरेका छन् । लुइटेलले २०५३ र २०६७ सालमा **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जन गरेका छन् । तोकिएको अवधिभित्रै गम्भीर परिश्रम र लगाव तथा प्रशंसनीय कुशलताका साथ संशोधन-परिमार्जन कार्य सम्पन्न गर्नु भएकोमा ने.रा.प्र.प्र. तपाईंमा प्रशंसायुक्त हार्दिक धन्यवाद अर्पित गर्छ र भविष्यमा ने.रा.प्र.प्र.ले गरेका अवसरमा यसैगरी तपाईंबाट सकारात्मक सहयोग प्राप्त हुने आशा गरेको छु[१७५] भन्ने तत्कालीन उपकुलपति मदनमणि दीक्षितद्वारा लुइटेललाई प्रदान गरिएको प्रशंसापत्रका आधारमा उनले शब्दकोशको संशोधन-परिमार्जनमा उल्लेख्य योगदान पुऱ्याएको देखिन्छ ।

खगेन्द्रप्रसाद लुइटेल श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्रमा नेपाली विषय समितिको सदस्य रहेका बेला पाठ्यक्रमको संशोधन-परिमार्जन गरी त्यसैअनुरूप पाठ्यपुस्तकहरूको संशोधन-परिमार्जन गरिएको हो । उनले नेपाली विषयको पाठ्यक्रम संशोधन-परिमार्जन गरी २०५४ सालदेखि २०५९ सालसम्ममा विभिन्न वर्षहरूमा विद्यालय स्तरीय कक्षा छदेखि दससम्मको **हाम्रो नेपाली किताब**को संशोधन-परिमार्जनसमेत गरेका छन् । यी पुस्तकहरूको संशोधन-परिमार्जन समूहले गरेको भए पनि यसमा सर्वाधिक महŒवपूर्ण भूमिका लुइटेलको रहेको छ । पाठ्यपुस्तकहरूको संशोधन-परिमार्जन गर्दा उनले त्यसमा लेखकहरूद्वारा पहिले नै तयार पारिएको पाठ्यपुस्तकमा समावेश गरिएका तथा नयाँ लेखकहरूद्वारा तयार पारिएका विभिन्न विधाका साहित्यिक रचनाहरूको हेरफेर गर्ने, हटाउने, नयाँ राख्ने, तिनको क्रम निर्धारण गर्ने आदि कार्य गर्नाका साथै क्रम नमिलेका व्याकरणलाई क्रम मिलाउने तथा स्तरअनुरूप तुल्याउने कार्यसमेत गरेका हुन् ।[१७६] विद्यालयस्तरीय पाठ्यपुस्तकको संशोधन-परिमार्जन गरी साहित्यिक विधा र व्याकरणलाई मिलाएर प्रस्तुत गर्ने काममा उनको उल्लेख्य भूमिका रहेको छ । यसरी नेपाली भाषाको मानक शब्दकोशका रूपमा रहेको **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जन तथा विद्यालय तहका सरकारी पाठ्यपुस्तक कुशलतापूर्वक संशोधन-परिमार्जन गरी संशोधक-परिमार्जक व्यक्तित्व निर्माण गरेका लुइटेलको यो व्यक्तित्व पनि निकै महत्त्वपूर्ण रहेको छ ।

३.२.२.२.१० कार्यपत्र प्रस्तोता तथा टिप्पणीकार व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले विद्यार्थी जीवनदेखि हालसम्ममा स्वदेश तथा विदेशका अमेरिका, वेलायत, क्यानडा, बहराइन मुलुकहरूमा साहित्य, शिक्षा, राजनीति तथा विविध क्षेत्रसँग सम्बन्धित थुप्रै कार्यपत्रहरू

---

१७५. ने.रा.प्र.प्र.का तत्कालीन उपकुलपति मदनमणि दीक्षितद्वारा २०५३ चैत १८ मा प्रदान गरिएको प्रशंसापत्रअनुसार ।

१७६. तत्कालीन नेपाली विषय समितिका सदस्य सचिव शिवप्रसाद उप्रेतीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

प्रस्तुत गरेका छन् । यसका साथै उनले विभिन्न विद्वान्हरुद्वारा प्रस्तुत कार्यपत्रहरुको टिप्पणी पनि गरेका छन् । विभिन्न संस्थाद्वारा विभिन्न ठाउँमा विभिन्न समयमा उनले प्रस्तुत गरेका कतिपय कार्यपत्रहरू उपलब्ध नभएको हुँदा उपलब्ध भएजति कार्यपत्रहरूलाई विषयक्षेत्रअनुरूप छुट्ट्याउँदा साहित्य, शिक्षा र शिक्षणविधि, डायस्पोरा, राजनीति र विविध विषयक रहेका छन् ।

लुइटेलद्वारा प्रस्तुत गरिएका उपलब्ध कार्यपत्रका आधारमा हेर्दा उनले विद्यार्थी कालदेखि अर्थात् २०४१ सालदेखि कार्यपत्र प्रस्तुत गर्न प्रारम्भ गरी हालसम्म आइपुग्दा स्वदेशका विभिन्न ठाउँ तथा विभिन्न विदेशी मुलुकहरूमा विविध शीर्षकका प्रशस्तै कार्यपत्र प्रस्तुत गरेको देखिन्छ । विद्यार्थी कालमा सक्रिय राजनीतिक नेतृत्वमा रहेका लुइटेलले प्रारम्भतिर प्रस्तुत गरेका कार्यपत्रहरू राजनीतिसँग सम्बन्धित रहेका छन् भने पछिल्लो समयमा उनले प्रस्तुत गरेका कार्यपत्रहरू साहित्य र समालोचना, शिक्षा, डायस्पोरा, भाषा आदि विविध विषयक्षेत्रसँग सम्बद्ध छन् । उनले हालसम्म प्रस्तुत गरेका उपलब्ध कार्यपत्रहरूका आधारमा हेर्दा साहित्य समालोचनासँग सम्बन्धित ४७ वटा, शिक्षा र शिक्षण विधिसँग सम्बन्धित ३७ वटा, डायस्पोरासँग सम्बन्धित ३० वटा, राजनीतिसँग सम्बन्धित ८ वटा, भाषाविषयक ४ वटा र अन्य विविध विषयक ७ वटा कार्यपत्रहरू स्वदेश र विभिन्न विदेशी मुलुकहरूमा प्रस्तुत गरेका छन् । उनी आफूले तयार पारेका कतिपय कार्यपत्र आफ्नो अनुपस्थितिमै पनि प्रस्तुत भएका र कतिपय कार्यपत्र आफूले मौखिक रूपमै पनि प्रस्तुत गरेको बताउँछन् । लुइटेलले सुरुदेखि हालसम्म स्वदेशका विभिन्न ठाउँ तथा युरोप, अमेरिकालगायत विभिन्न विदेशी मुलुकहरूमा विविध शीर्षकमा प्रस्तुत गरेका कार्यपत्रलाई हेर्दा यति धेरै कार्यपत्र प्रस्तुत गर्ने व्यक्ति कमै पाइन्छन् । लुइटेलद्वारा प्रस्तुत गरिएका कार्यपत्रका आधारमा हेर्दा उनको ज्ञानको क्षेत्र पनि व्यापक रहेको देखिन्छ । यसरी स्वदेश र विदेश दुवैतिर विशिष्ट कार्यपत्र प्रस्तोताका रूपमा आफ्नो छुट्टै पहिचान बनाएका लुइटेलको कार्यपत्र प्रस्तोता व्यक्तित्व गौरवपूर्ण रहेको छ ।

खगेन्द्रप्रसाद लुइटेलले आफूभन्दा अग्रज प्रा. तेजरत्न कंसाकार, विष्णुसिंह राई, प्रा. मोहनराज शर्मा, प्रा. राजेन्द्र सुवेदी, प्रा.डा. दयाराम श्रेष्ठ, प्रा.डा. वासुदेव त्रिपाठी, डा. तारानाथ शर्मा, प्रा.डा. गोविन्दराज भट्टराई, चूडामणि बन्धु, प्रा.डा. योगेन्द्रप्रसाद यादव, प्रा.डा. बद्रीविशाल भट्टराई, प्रा.डा. ब्रतराज आचार्य, डा. अभि सुवेदी, प्रा. डा. दानराज रेग्मी, प्रा. डा. माधवप्रसाद पोखेल, वैरागी काइँला, डा. तीर्थराज खनिया, डा. रामदयाल राकेश, रामभरोस कापडी भ्रमर, कृष्ण धरावासी, अमृत योञ्जन, अमर तुम्याहाङ, विक्रममणि त्रिपाठी, कृष्णराज सर्वहारी, हर्क खामधाक (सिक्किम), प्रा. सुवोधकुमार जस (उत्तरबङ्ग विश्वविद्यालय), राजकुमार क्षेत्री (दार्जिलिङ), बुद्धि खामधाक (दार्जिलिङ) लगायत अग्रज वरिष्ठ विद्वान्हरूका साथै समकालीन र कनिष्ठ व्यक्तिहरूद्वारा विभिन्न ठाउँमा प्रस्तुत गरिएका कार्यपत्रहरूको कडा र वस्तुपरक टिप्पणी गरेका छन् । उनले गरेका *राजेन्द्र सुवेदी र मोहनराज शर्मा दुवैका कार्यपत्रमाथिको संयुक्त टिप्पणी, वर्तमान नेपाली नाटक (२०३० पछि) कार्यपत्रमाथिको टिप्पणी* शीर्षकका टिप्पणीहरू **प्रवाह स्मारिका**, **साहित्यिक अभियान**जस्ता विभिन्न पत्रिका तथा पुस्तकहरूमा प्रकाशित भएका पनि छन् ।

लुइटेलले कार्यपत्रको टिप्पणी गर्दा कार्यपत्र प्रस्तोताहरू रिसाउँछन् कि भन्ने कुराको वास्ता नगरी टिप्पणी गरेको पाइन्छ । यसको ज्वलन्त उदाहरणका रूपमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा दाङमा आयोजित हास्यव्यङ्ग्यसम्बन्धी गोष्ठीमा राजेन्द्र सुवेदी र मोहनराज शर्माद्वारा प्रस्तुत कार्यपत्रको टिप्पणीको प्रकाशित रूपलाई लिन सकिन्छ । राष्ट्रिय भाषा गोष्ठीमा प्रा. तेजरत्न कंसाकारले *बहुभाषिकता र नेपालको*

भाषिक स्थिति तथा विष्णुसिंह राईले *राष्ट्रभाषाको स्थिति* शीर्षकमा अङ्ग्रेजीमा प्रस्तुत गरेका कार्यपत्रमाथि नेपालमा अङ्ग्रेजी भाषा : पाहुना, घरज्वाइँ कि धर्मपुत्र ? भन्दै कडा टिप्पणी गरेका छन् । यस्तै नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा नेपालगन्जमा आयोजित गोष्ठीमा दयाराम श्रेष्ठद्वारा प्रस्तुत *२०२० अगिको नेपाली औपन्यासिक प्रवृत्ति* शीर्षक कार्यपत्रको टिप्पणी[१७७] गरेकै कारणबाट उनीसँगका बीचको सम्बन्धमा पनि कटुता आएको देखिन्छ । उनले नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित गोष्ठीमा गोविन्दराज भट्टराईद्वारा प्रस्तुत *समकालीन नेपाली कथाका प्रवृत्ति* शीर्षक कार्यपत्रको यथार्थमूलक टिप्पणीकै कारणबाट उनीसँगको सम्बन्धमा चिसोपन आएको देखिन्छ ।[१७८] यस्तैगरी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा धनगढीमा आयोजित गोष्ठीमा बद्रीविशाल भट्टराईद्वारा प्रस्तुत *सामान्य एकभाषी शब्दकोश निर्माण प्रक्रिया* शीर्षक कार्यपत्र आफ्नो **कोशविज्ञान** नामक पुस्तकमा आधारित रही निकै मिहिनेतपूर्वक तयार पारिएको भए पनि फुटनोट राख्नचाहिँ बिर्सिएको भन्दै कडा व्यङ्ग्यका साथ सैद्धान्तिक सन्दर्भसहित टिप्पणी गरेका लुइटेलले त्यही कार्यक्रममा चूडामणि बन्धुको *व्याकरण लेखन : सिद्धान्त र प्रयोग* शीर्षकको कार्यपत्र, योगेन्द्र यादवको *भाषिका सर्वेक्षण र निर्धारण विधि* शीर्षकको कार्यपत्र, वासुदेव भाइसाबको *राष्ट्रभाषा नेपालीको विकासमा डोट्याली भाषाको योगदान र वर्तमान सन्दर्भ* शीर्षकको कार्यपत्रमाथि समेत टिप्पणी गरेका थिए ।[१७९] उनले गैरआवासीय नेपाली सङ्घद्वारा आयोजित गोष्ठीमा तारानाथ शर्माद्वारा प्रस्तुत *नेपाली साहित्यको विश्वव्यापीकरणमा गैरआवासीय नेपाली सङ्घको भूमिका* शीर्षक कार्यपत्रमा पनि वस्तुगत टिप्पणी गरेका थिए । यस्तैगरी उनले त्रिचन्द्र क्याम्पसद्वारा आयोजित गोष्ठीमा वासुदेव त्रिपाठीद्वारा प्रस्तुत गरिएको कार्यपत्रमाथि पनि वस्तुपरक ढङ्गले कडा टिप्पणी गरेका थिए । यीबाहेक उनले स्वदेश तथा विदेशमा आयोजित विभिन्न गोष्ठीहरूमा विभिन्न विद्वान्हरूद्वारा प्रस्तुत गरिएका कार्यपत्रहरूको पनि टिप्पणी गरेका छन् । यी सबै सन्दर्भबाट हेर्दा उनले आफूलाई एउटा स्पष्ट, कडा र वस्तुपरक टिप्पणीकारका रूपमा प्रस्तुत गरेको देखिन्छ र उनको टिप्पणीकार व्यक्तित्व विशिष्ट रहेको छ ।

३.२.२.२.११ शोधपत्र तथा सिर्जनापत्र निर्देशक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले विद्यावारिधि र स्नातकोत्तर तहका थुप्रै शोधार्थीहरूलाई शोधनिर्देशन गरी कुशल शोधनिर्देशकको भूमिका निर्वाह गरेका छन् । उनले भाषा, साहित्य आदि विभिन्न क्षेत्रसँग सम्बन्धित प्रशस्तै शोधकार्यहरूको शोधनिर्देशन गर्नाका साथै सिर्जनापत्रको समेत निर्देशन गरेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले विविध विषयक्षेत्रसँग सम्बन्धित थुप्रै शोधपत्रहरूको निर्देशन गरेको देखिन्छ । उनले हालसम्म विद्यावारिधि तहका दुई जना शोधार्थीको शोधनिर्देशक र दुई जना शोधार्थीको शोधविशेषज्ञ बनेका लुइटेलको निर्देशनमा हाल दुई जना शोधार्थी अनुसन्धानरत छन् । उनले निर्देशन गरेका विद्यावारिधि स्तरीय शोधप्रबन्ध कथा, कविता, नाटक, गजल विविध क्षेत्रसँग सम्बन्धित रहेका छन् । लुइटेलले हालसम्म निर्देशन गरेका स्नातकोत्तर स्तरीय शोधपत्रहरूका आधारमा हेर्दा उनले जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित ४६ वटा, कवितासँग सम्बन्धित १९ वटा, निबन्धसँग सम्बन्धित १५ वटा, कथासँग सम्बन्धित ८

---

१७७. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले २०५४।१०।१२ मा खगेन्द्रप्रसाद लुइटेललाई लेखेको पत्रबाट प्राप्त जानकारी ।

१७८. खगेन्द्रप्रसाद लुइटेलबाट प्राप्त जानकारी ।

१७९. *भाषिक तथा साहित्य सम्मेलन सुरु डोटेली भाषालाई राष्ट्रिय मान्यता माग,* (**हिमाल अपी**, २०६७ असार २०), पृ. १ ।

वटा, उपन्याससँग सम्बन्धित ७ वटा, डायस्पोरासँग सम्बन्धित ७ वटा, नेपाली साहित्यको विकासमा योगदान पुऱ्याएका विभिन्न पत्रिका र सङ्घसंस्थाहरूसँग सम्बन्धित ६ वटा, नाटकसँग सम्बन्धित ३ वटा, क्षेत्रीय अध्ययन ३ वटा, समालोचनासँग सम्बन्धित २ वटा, अध्ययनपत्रसँग सम्बन्धित १२ वटा र सिर्जनापत्रका तिन वटा शीर्षकमा शोधनिर्देशन गरेका छन् । विविध विधा र क्षेत्रसँग सम्बन्धित केही कृतिहरुको कृतिपरक अध्ययनको पनि निर्देशन गरेका छन् । कृतिपरक अध्ययनसम्बन्धी शीर्षकहरूलाई यहाँ सम्बन्धित विधाकै शीर्षकमा राखिएको छ

खगेन्द्रप्रसाद लुइटेलले त्रि.वि. नेपाली केन्द्रीय विभागबाहेक पूर्वाञ्चल विश्वविद्यालय[१८०] र नेपाल संस्कृत विश्वविद्यालयका शोधार्थीहरूको पनि शोधनिर्देशन गरेका छन् ।[१८१] उनले अरू नै निर्देशक रहेका तर बीचमा निर्देशकका कारण निर्देशक परिवर्तन गर्नुपर्ने अवस्था उत्पन्न भएका स्नातकोत्तर तह तथा विद्यावारिधिका शोधार्थीहरूको पनि शोधनिर्देशन गरेका छन् ।[१८२] डा. लुइटेलले निर्देशन गर्न नमानेको भए आफू विद्यावारिधि शोधकार्य नै नगर्ने मनस्थितिमा रहेको र उनको निर्देशनबाट मात्र आफ्नो शोधकार्य सम्पन्न भएको हो[१८३] डा. लुइटेलबाट कार्यलाई सफलताका बिन्दुसम्म पुऱ्याउन आत्मीय व्यवहारका साथ प्राज्ञिक एवं विद्वतापूर्ण मार्गनिर्देशन नभएको भए आफ्नो अनुसन्धान सम्भव हुने थिएन[१८४] भन्ने अभिव्यक्तिबाट उनको शोधनिर्देशन कला विशेष महत्वपूर्ण रहेको देखिन्छ । सतहमा हिँड्न खोज्ने शोधार्थीहरूका लागि कडा मानिए तापनि केही सिकौं भन्ने शोधार्थीहरूका लागि भने लुइटेल एक सक्षम र सहयोगी निर्देशक हुन् । उनी सम्बन्धित विषयवस्तुमा विज्ञ, सहयोगी र शोधार्थीलाई समय पनि दिनसक्ने निर्देशक भएको हुनाले[१८५] नै विद्यावारिधि तहका शोधार्थीहरूले उनलाई निर्देशक राखेको पाइन्छ । कुनै पनि साहित्यकारहरूलाई राजनीतिक आस्थाका आधारमा नभएर उनीहरूले गरेको योगदानको आधारमा शोध गराउने लुइटेलले तेरथुमे सबैजसो साहित्यकारहरूको लेखाइसकेका छन् ।[१८६] उनले गराएका अधिकांश शोधपत्रमा संरचनावादी समालोचना पद्धतिको प्रयोग गराइएको पाइन्छ । उनले निर्देशन गरेका थुप्रै शोधपत्रहरू पुस्तकाकार रूपमा समेत प्रकाशित भइसकेका छन् । यस आधारमा हेर्दा कुशलतापूर्वक विविध क्षेत्रका शीर्षकहरूमा शोध तथा सिर्जनापत्रहरू

---

१८०. गोपीकृष्ण ढुङ्गाना, **नेपाली दैनिक अखबारका साहित्यिक परिशिष्टाङ्कको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, पूर्वाञ्चल विश्वविद्यालय, २०६८) ।

१८१. नेपाल संस्कृत विश्वविद्यालयबाट २०७०/९/७ मा पठाइएको शोधनिर्देशक तोकिएको चिठीअनुसार ।

१८२. (क) स्नातकोत्तर तहका शोधार्थी शिवप्रसाद उप्रेतीबाट प्राप्त जानकारी ।

(ख) विद्यावारिधिका शोधार्थी गोविन्दसिंह रावतबाट प्राप्त जानकारी ।

१८३. विद्यावारिधिका शोधार्थी टेकनारायण उपाध्यायबाट प्राप्त जानकारी ।

१८४. विद्यावारिधिका शोधार्थी गोविन्दसिंह रावतबाट प्राप्त जानकारी ।

१८५. विद्यावारिधिका शोधार्थी सहप्रा. नारायणप्रसाद शर्मा गैरेबाट प्राप्त जानकारी ।

१८६. तेरथुम जिल्लाका पूर्वसांसद् तथा साहित्यकार विजय सुब्बाबाट प्राप्त जानकारी ।

निर्देशन गरिसकेका लुइटेल कुशल एवं सक्षम शोध तथा सिर्जनापत्र निर्देशकका रूपमा देखापरेका छन् । यी सबै सन्दर्भलाई हेर्दा उनको शोधनिर्देशक व्यक्तित्व विशिष्ट रहेको छ ।

३.२.२.२.१२ भूमिका लेखक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलको द्रष्टा व्यक्तित्वको अर्को महत्त्वपूर्ण पाटो विविध विधाका प्रशस्त कृतिहरूको भूमिका लेखनसम्म पनि विस्तारित भएको देखिन्छ । लुइटेलले हालसम्ममा स्वदेशी र डायस्पोराका थुप्रै साहित्यकारहरूद्वारा सिर्जना गरिएका विभिन्न विधाका सयजति कृतिहरूको भूमिका लेखेका छन् । प्राप्त तथ्याङ्कका आधारमा २०४९ सालदेखि भूमिका लेखन प्रारम्भ गरेका लुइटेलले भूमिका लेखनलाई हालसम्म निरन्तरता दिई विभिन्न विधाका प्रशस्तै कृतिको भूमिका लेखिसकेका छन् । उनले साहित्यिक कृतिको मात्र नभएर साहित्येतर कृतिहरूको पनि भूमिका लेखेका छन् । उनले हालसम्मका ध्रुवचन्द्र गौतम, गोपाल पराजुली, डा.मधुकृष्ण श्रेष्ठ 'माधुय, केशबहादुर राई, हरिभक्त बुढाथोकीलगायतका विविध विधाका कृतिको भूमिका लेखेका छन् । भूमिका लेखेका प्राप्त भएजति कृतिहरूको विधा र सङ्ख्यागत आधारमा हेर्दा लुइटेलले हालसम्म कविता विधाका ३८ वटा, समालोचना विधाका ११ वटा, उपन्यास विधाका ९ वटा, कथा विधाका ८ वटा, निबन्ध, प्रबन्ध विधाका ४ वटा, साहित्येतर कृतिका ४ वटा, भाषाविषयक २ वटा र अन्य विविध विषयका ३ वटा कृतिहरूमा भूमिका लेखिसकेका छन् ।

अरूका कृतिमा बाहेक खगेन्द्रप्रसाद लुइटेलले आफूले लेखेका, सम्पादन गरेका समालोचना, निबन्ध, पाठ्यपुस्तक, शब्दकोश आदि थुप्रै कृतिमा पनि भूमिका लेखेका छन् । उनले आफूले सम्पादन गरेका कृतिमा पनि लामै सम्पादकीय भूमिका लेखेको पाइन्छ । उनले विभिन्न पत्रपत्रिकामा शुभकामनाका रूपमा पनि केही भूमिका लेखेका छन् । स्वदेशी र डायस्पोराका थुप्रै लेखकका विविध विधाका कृतिहरूको भूमिका लेखेका लुइटेलले साहित्यिक मात्र नभएर साहित्येतर कृतिको पनि भूमिका लेखेका छन् । उनले नेपालीमा मात्र नभएर कतिपय कृतिको अङ्ग्रेजी भाषामा पनि भूमिका लेखेको पाइन्छ । भूमिका लेख्ने क्रममा उनले थुप्रै व्यक्तिका कृतिहरूको नामकरण गरिदिने तथा गरिएको नामकरणलाई परिवर्तन गरिदिएको पनि पाइन्छ ।[१८७] लुइटेललाई भूमिका लेखाउनलाई विभिन्न लेखकहरू लामै समय प्रतीक्षा गर्छन् र कतिपयचाहिँ भूमिका नलेखिदिए पुस्तकै नछाप्ने भनेर घुक्र्याउँछन् र उनीबाट भूमिका लेखाउनलाई आफ्नो जीवनकै ठूलो सफलता ठान्छन् । उनकै प्रेरणाले गर्दा लेखन अगि बढेको नत्र लेखन कार्य नै बन्द हुने थियो[१८८] भन्ने भनाइले पनि लेखकहरू उनलाई भूमिका लेखाउन लालायित भएको देखिन्छ । कतिपय व्यक्तिले भूमिका लेखिसकेपछि त्यो कृति उनकै नाममा समर्पण पनि गरेका छन् । उनले एकैजना व्यक्तिको चारवटासम्म पुस्तकको र एकै परिवारका दुई पुस्तासम्मको पनि भूमिका लेखेका छन् ।

भूमिका लेख्न उति नरुचाउने धेरैलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा अस्वीकारसमेत गरेको बताउने खगेन्द्रप्रसाद लुइटेल जो निम्नस्तरको छ, समयबाट हेपिएको छ र ओझेलमा परेको छ र जो अभिमानी छैन

---

१८७. साहित्यकार बखतबहादुर थापासँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

१८८. जे.बी. अधिकारी, *भन्नै पर्दा*, पूर्ववत्, पृ.ण ।

त्यस्ता व्यक्तिलाई अस्वीकार नगरी पूर्ण रूपमा साथ दिन्छन् ।[१८९] "वास्तवमा भूमिका लेख्न सजिलो पनि छैन । कृति नै नपल्टाई वायवीय शुभकामना दिन त सजिलो हुन्छ तर कृति पूरै पढेर भूमिका लेख्न गारै छ । फेरि अहिले भूमिका लेखन प्रशंसा वा प्रशस्तिको पर्यायजस्तै बनेको छ तर भूमिका लेखनको अभिप्राय त्यस्तो होइन र म प्रायः लेख्दिन पनि । म विस्तारवादी साम्राज्यवादी भूमिका लेखकको कित्तामा कलेबरभन्दा विस्तारित भूमिका पनि लेख्दिन । कहिलेकाहीँ विषय वा विधा विशेषको सैद्धान्तिक परिचयसमेत दिनुपर्ने आवश्यकता बोध भएमा मेरो भूमिका केही लामो हुनसक्छ, तर उही कुरालाई शब्दजालमा गुँडुल्क्याएर विस्तार गर्ने कामचाहिँ म पटक्कै गर्दिन"[१९०] भन्ने लुइटेल कुनै पनि कृतिको भूमिका लेख्दा कसैलाई पनि अनावश्यक प्रशंसा गर्दैनन् । उनको भूमिकाबाट कुनै पनि कृतिको स्तर थाहा पाउन सकिन्छ । उनको भूमिका लेखनमा वस्तुगत र यथार्थवादी दृष्टिकोण प्रस्तुत भएको हुन्छ ।[१९१] उनले विभिन्न शीर्षकका पुस्तकमा लेखेका भूमिकाका आधारमा हेर्दा उनले कृतिको गहन अध्ययन गरी कृतिले दर्साउन खोजेको मूल चुरोलाई बुझेर त्यसैअनुरूप कृतिको सारसमेत प्रस्तुत गरेको पाइन्छ । कुनै पनि कृतिको पाण्डुलिपि हातमा आइसकेपछि त्यसको राम्ररी अध्ययन गरेर मात्र भूमिका लेख्ने लुइटेलको भूमिका लेखनको भाषा सुदृढ र कसिलो रहेको छ । यही विशेषताका आधारमा लुइटेलको वस्तुवादी, यथार्थवादी भूमिका लेखक व्यक्तित्व निर्माण भएको छ । उनले लेखेका भूमिकाहरूलाई पुस्तकाकार रूपमा प्रकाशित गर्ने हो भने एक दर्जनजति पुस्तक बन्ने देखिन्छ ।

खगेन्द्रप्रसाद लुइटेलका माथि प्रस्तुत विभिन्न व्यक्तित्वबाहेक स्तम्भकार, साहित्यिक पत्रकार, आन्तरिक र बाह्य परीक्षक व्यक्तित्व पनि रहेको देखिन्छ । ती सबैलाई तल विभिन्न शीर्षकमा चर्चा गरिएको छ ।

स्तम्भकार व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलका प्रशस्तै लेखरचनाहरू राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उनले **हिमालय टाइम्स** दैनिक पत्रिका, **रक्षाकवच** मासिकलगायत विभिन्न पत्रिकामा नियमित रूपले साहित्यिक स्तम्भ पनि लेखेको पाइन्छ । २०६७ साउनदेखि **रक्षाकवच** पत्रिकाको तथा २०६८ साल भदौदेखि **हिमालय टाइम्स**को नियमित स्तम्भकार बनेका लुइटेलले अन्य विभिन्न पत्रिकामा पनि स्तम्भ लेखेका छन् । उनको स्तम्भ लेखनको विषयवस्तु साहित्यिक, गैरसाहित्यिक तथा विविधतामय रहेको देखिन्छ । उनका विभिन्न शीर्षकका साहित्यिक एवं गैरसाहित्यिक लेखमा पनि वस्तुवादी यथार्थवादी समालोचना पद्धतिकै प्रयोग गरिएको पाइन्छ । विभिन्न पत्रिकाहरूमा नियमित स्तम्भ लेखनकै कारण उनको स्तम्भकार व्यक्तित्व निर्माण भएको छ र यो उल्लेख्य रहेको छ ।

साहित्यिक पत्रकार व्यक्तित्व

---

१८९. (क) ऐजन ।

(ख) खगेन्द्रप्रसाद लुइटेल, *पुराना पिँढीका नयाँ कवि हरिभक्त बुढाथोकीको सिर्जनधर्मिता*, हरिभक्त बुढाथोकी, **हाम्रै देश हाम्रै भविष्य**, (काठमाडौँ : विराज बुढाथोकी २०६२) ।

१९०. ऐजन, ख ।

१९१. साहित्यकार बखतबहादुर थापासँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

खगेन्द्रप्रसाद लुइटेल साहित्यकार एवं समालोचक हुनाका साथै साहित्यिक पत्रकार पनि हुन् । उनले विभिन्न समाचारमूलक पत्रिकामा प्रस्तुत गरिने साहित्यिक स्तम्भ पनि लेखेका छन् । उनले पूर्वाञ्चल विश्वविद्यालयका शोधार्थीको **नेपाली दैनिक अखबारका साहित्यिक परिशिष्टाङ्कको अध्ययन** शीर्षक स्नातकोतर स्तरीय पत्रको निर्देशन पनि गरेका छन् । साहित्यिक पत्रकार सङ्घको आजीवन सदस्यसमेत रहेका खगेन्द्रप्रसाद लुइटेलको साहित्यिक पत्रकारिताका क्षेत्रमा उल्लेख्य योगदान रहेको छ । यी सबै सन्दर्भबाट हेर्दा उनको साहित्यिक पत्रकार व्यक्तित्व पनि उल्लेखनीय रहेको देखिन्छ ।

आन्तरिक र बाह्य परीक्षक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेल विभिन्न तहको आन्तरिक तथा बाह्य परीक्षाहरूमा परीक्षक भई विभिन्न ठाउँमा पुगेका छन् । उनले शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौँ शिक्षा क्याम्पस आदिमा सञ्चालित एक वर्षे र दुई वर्षे बि.एड.को अभ्यास शिक्षणमा आन्तरिक तथा बाह्य परीक्षक बनेर उपत्यका र त्यसभन्दा बाहिरका विभिन्न क्याम्पसहरूका विद्यार्थीहरूको मूल्याङ्कन गरेका छन् ।

खगेन्द्रप्रसाद लुइटेल स्नातकोत्तर स्तरीय शोधपत्रको आन्तरिक एवं बाह्य परीक्षक तथा दर्शनाचार्य स्तरीय शोधपत्र तथा विद्यावारिधि स्तरीय प्रबन्धहरूको आन्तरिक परीक्षकसमेत बनेका छन् । यसका साथै उनी पूर्वाञ्चल विश्वविद्यालयको स्नातकोत्तर तहको पत्रको आन्तरिक तथा बाह्य परीक्षकसमेत बनेको पाइन्छ । यिनै विभिन्न आधारमा लुइटेलको आन्तरिक तथा बाह्य परीक्षक व्यक्तित्व निर्माण भएको छ र यो व्यक्तित्व पनि महत्वपूर्ण बनेको छ ।

३.२.३ साहित्येतर व्यक्तित्व

अनेक क्षेत्रमा सम्बद्ध र क्रियाशील खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्व साहित्यिक रूपमा मात्र नभएर साहित्येतर रूपमा पनि विस्तारित भएको देखिन्छ । उनको साहित्येतर व्यक्तित्वका पनि विभिन्न पाटाहरू रहेका छन् । उनको साहित्येतर व्यक्तित्वका विभिन्न पाटाहरूको चर्चा तल गरिएको छ :

३.२.३.१ शिक्षक तथा प्राध्यापक व्यक्तित्व

शैक्षणिक कार्यमा करिब चार दशक बिताइसकेका खगेन्द्रप्रसाद लुइटेलले २०३३ सालमा एस.एल.सी. दिएपछि आफैँले पहिले पढेको गौरीशङ्कर प्रा.वि.बाट स्वयंसेवक शिक्षकका रूपमा शिक्षण कार्य प्रारम्भ गरी २०४३ सालसम्ममा विभिन्न विद्यालयहरूमा अङ्ग्रेजी, गणित, विज्ञान आदि विषयको अध्यापन गरेको पाइन्छ । यस बीचमा उनले बि.ए. पढ्न सुरु गर्नुभन्दाअगि तेरथुम जिल्लाका श्री भगवती नि.मा.वि. छथर ओखे, श्री सिद्धगणेश नि.मा.वि. बतासे, मछिन्द्र नि.मा.वि.छथर सुदाप, श्री महाकाली नि.मा.वि पुल्डुङ सिम्लेमा शिक्षण गरेको देखिन्छ । उनले बि.ए. पढ्दै गर्दा धनकुटा जिल्लाको श्री सरस्वती प्रस्तावित मा.वि. सिँदुवा मूर्तिढुङ्गामा तथा बि.ए. परीक्षा दिइसकेपछि पाँचथर जिल्लाका श्री सिद्धकाली प्रस्तावित मा.वि. एकतिन जोरपाटी र श्री सरस्वती मा.वि. मच्छेबुङ मेमेङ गरी विभिन्न विद्यालयमा शिक्षण गरेको पाइन्छ । यी विभिन्न विद्यालयमा विशुद्ध शिक्षकका रूपमा नभई पार्टीको निर्देशनअनुसार राजनीति गर्न गएका लुइटेलले कुनै पनि विद्यालयमा लामो समय काम गरेको पाइँदैन । राजनीति गर्न शिक्षण पेसा अपनाएको हुँदा स्थानीय पञ्च वा प्रशासनले थाहा पाउनेबित्तिकै त्यस ठाउँमा बस्ने स्थिति नहुने हुँदा उनी कुनै विद्यालयमा सरुवा मिलाउँदै त कुनैमा

राजिनामा दिँदै विभिन्न विद्यालयमा पुगेको देखिन्छ । २०३९ साल भदौ ९ गते नि.मा.वि. तहको अङ्ग्रेजी शिक्षकका रूपमा स्थायी बनेको भए पनि पुलिस रिपोर्ट बिगारिदिएका कारण त्यसबाट राजिनामा दिएर पढ्न गए पनि उनले त्यसभन्दा पछि पनि अन्य जिल्लामा गएर शिक्षण गरेको देखिन्छ । शैक्षणिक कार्यमा निरन्तरता र स्थायित्व नपाइए तापनि उनी जुनजुन ठाउँमा शिक्षक भए तीती ठाउँमा विद्यार्थी, अविभावक सबैका प्रिय पात्र बनेर बसेका थिए । उनी पुगेका जुनसुकै ठाउँ छोड्ने बेलामा उनलाई सम्मान-अभिनन्दन र प्रशंसापत्रका साथ भावविभोर भएर बिदा गरिनुबाट पनि उनको शिक्षणको कलाप्रति सबै प्रभावित भएको स्पष्ट हुन्छ । यसरी निर्मित उनको शिक्षक व्यक्तित्वले भावी प्राध्यापक व्यक्तित्वको निर्माणमा पृष्ठभूमिका रूपमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर उत्तीर्ण गरेपछि २०४७ साउन १ गतेदेखि त्रि.वि. नेपाली केन्द्रीय विभागमा सहायक प्राध्यापक पदमा करारमा काम गर्न थालेका लुइटेल २०५० जेठ १९ देखि सहायक प्राध्यापक पदमा सर्वप्रथम भएर स्थायी भएपछि उनलाई रत्नराज्यलक्ष्मी क्याम्पसमा पदस्थापन गरेको देखिन्छ । उनी त्यहाँ पदस्थापन भएको केही समयपछि नै २०५० असोज २५ देखि त्रि.वि. को स्थायी उपप्राध्यापक पदमा खुला प्रतियोगिताबाट सर्वप्रथम भएर पदोन्नति भई त्रि.वि. नेपाली केन्द्रीय विभागमै पदस्थापन भएको पाइन्छ । यसपछि उनी २०६६ असोज १९ मा सहप्राध्यापक पदमा र २०७० जेठ १४ मा प्राध्यापक पदमा पदोन्नति भई हाल त्रि.वि. नेपाली केन्द्रीय विभागमै प्राध्यापक पदमा प्राध्यापनरत छन् । यसरी हेर्दा त्रि.वि. नेपाली केन्द्रीय विभागबाट आफ्नो प्राध्यापन कार्य प्रारम्भ गरेका लुइटेल विश्वविद्यालयको तत्कालीन विज्ञापनअनुसार क्याम्पस तोकेरै विज्ञापन गरेको हुँदा छोटो समय रत्नराज्यलक्ष्मी क्याम्पसमा गएको देखिए पनि उनको प्राध्यापनको मूल थलो त्रि.वि. नेपाली केन्द्रीय विभाग नै रहेको देखिन्छ ।

लुइटेलको पढाउने शैलीबाट विद्यार्थीहरू निकै प्रभावित हुन्छन् । कडाइका साथ प्राध्यापन गर्ने लुइटेलले प्रथम वर्षका विद्यार्थीलाई अनुशासनमा राख्न बढी कडाइ गर्छन् भने यो क्रम दोस्रो वर्ष र शोधवर्षमा क्रमशः कम हुँदै जान्छ । पहिलो वर्षको कडाइका कारणले गर्दा उनीसँग विद्यार्थीहरू पछिसम्म नै डराउँछन् । कडा स्वभाव भएर पनि विषयवस्तुलाई स्पष्टताका साथ सरस शैलीमा प्रस्तुत गर्ने गर्छन् । यसका साथै उनी कुशल शोधनिर्देशकका रूपमा पनि विद्यार्थीमाझ परिचित छन् ।

यसरी हेर्दा खगेन्द्रप्रसाद लुइटेलको लगभग चार दशक लामो शिक्षक-प्राध्यापक व्यक्तित्व एक सामान्य विद्यालयको शिक्षकबाट प्रारम्भ भई त्रि.वि.को मात्र नभई नेपाली विषयको संसारकै सर्वोच्च निकाय नेपाली केन्द्रीय विभागको प्राध्यापक पदसम्मको गरिमामय स्थानसम्म आइपुगेको छ । विद्यार्थीहरूसँग प्रायः औपचारिक कुरा मात्र गर्ने र निश्चित दूरी राखेर व्यवहार गर्ने, आफ्नो विषयवस्तुमा पूर्ण आत्मविश्वासका साथ कक्षा व्यवस्थापन गरी प्राध्यापन गर्ने लुइटेल खरो र कडा स्वभावको प्राध्यापकको रूपमा चिनिन्छन् । अन्य प्राध्यापकहरूभन्दा भिन्न रूपमा यिनलाई चिनिने उनको महत्वपूर्ण विशेषता पनि यही नै हो । अन्यत्र कतै आंशिक रूपमा नपढाउने बताउने लुइटेलको नियमित रूपमा कक्षा लिनु र निर्धारित समयमै कोर्स सक्नु उनको निजी पहिचान हो । विषयवस्तुमा दक्षता, कार्यप्रतिको निष्ठा, समयको पूर्ण रूपमा परिपालना र विद्यार्थीप्रति भेदभावरहित व्यवहारजस्ता विशेषताकै कारण यिनी एक कुशल प्राध्यापक बनेका छन् । डा.

लुइटेल क्षमता भएका एकजना राम्रो प्राध्यापक भएकाले उहाँसँग हामीले धेरै कुरा सिक्नुपर्छ[१९२] भन्ने अभिव्यक्तिले पनि उनको प्राध्यापक व्यक्तित्व विशिष्ट रहेको देखिन्छ ।

यसरी छुट्टै र विशिष्ट ढङ्गबाट निर्मित लुइटेलको प्राध्यापक व्यक्तित्व राष्ट्रिय स्तरमा मात्र सीमित नभएर अन्तर्राष्ट्रिय स्तरमा समेत प्रसिद्ध रहेको छ । उनले गौहाटी विश्वविद्यालयमा भिजिटिङ प्रोफेसरको रूपमा केही समय प्राध्यापन गरी आफ्नो छुट्टै पहिचान बनाएका छन् । दिनभर पढाउँदा पनि विद्यार्थीले छाड्न नमानेको हुँदा अरू केही समय कक्षा लिइदिन गौहाटी विश्वविद्यालयका निर्देशकले गरेको आग्रह तथा विद्यार्थीहरूले आफूमाझ पाउँदा हर्षित भएको... पाठ्यसामग्री तयार पारी त्यतिमै सीमित नरहेर भाषासाहित्यका अमूल्य रत्न बाँडेको र त्यो हाम्रा लागि अमृत भएको, यस्ता विद्वान्लाई हामीमाझ पाउँदा र आफ्नो भाषामा भावना आदानप्रदान गर्न पाउँदा हाम्रो छाती गौरवले फुलेको छ [१९३] भन्ने अभिव्यक्तिले पनि यिनको प्राध्यापक व्यक्तित्व अन्तर्राष्ट्रिय स्तरमासमेत विशिष्ट रहेको स्पष्ट हुन्छ । यी सबै सन्दर्भलाई हेर्दा स्वदेशमा मात्र नभएर विदेशमा समेत आफ्नो छुट्टै र विशिष्ट पहिचान बनाएका लुइटेलको प्राध्यापक व्यक्तित्व प्रेरणादायी रहेको छ ।

३.२.३.२ साङ्गठनिक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलको साङ्गठनिक व्यक्तित्वअन्तर्गत राजनीतिक, सामाजिक, सङ्गठक, संस्थापक, नेतृत्वदायी व्यक्तित्व रहेको देखिन्छ । ती व्यक्तित्वहरुका बारेमा विभिन्न शीर्षकहरुमा तल चर्चा गरिएको छ ।

राजनीतिक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले स्कुले जीवनबाटै राजनीति प्रारम्भ गरेको पाइन्छ । २०३३ सालमा एस.एल.सी. दिएपछि शिक्षण प्रारम्भ गरेका लुइटेलको राजनीतिक व्यक्तित्व पनि शिक्षक व्यक्तित्वसँगै अगि बढेको देखिन्छ । पार्टीको निर्देशनअनुसार शिक्षक बनेर विभिन्न विद्यालयमा पुगेका लुइटेल आफू पुगेका प्रत्येक ठाउँमा त्यस ठाउँका मानिसहरूलाई पञ्चायती व्यवस्थाको विरोधमा प्रशिक्षण दिने गरेको पाइन्छ । उनी २०३६ सालको राजनीतिक आन्दोलनमा शिक्षक सङ्गठनमा रही शिक्षकहरूको नेतृत्व गरेर आन्दोलनमा सक्रिय भएको देखिन्छ । धनकुटा बहुमुखी क्याम्पसमा बि.ए. पढ्दा अनेरास्ववियुको प्रारम्भिक कमिटिमा रही काम गरेका लुइटेल त्यसै क्याम्पसको स्ववियुको उपसभापति र सभापतिका साथै छात्रावासको प्रिफेक्ट, छात्रावास सञ्चालक समितिको सदस्य, छात्रवृत्ति निर्णायक समितिको सदस्य आदि सङ्गठनका जिम्मेवार पदमा रहेर काम गरेको देखिन्छ । एम.ए. पढ्दा अनेरास्ववियुको प्रारम्भिक कमिटिको सदस्य, छात्रावासको प्रिफेक्ट, छात्रावास सञ्चालक समितिको सदस्य आदि विभिन्न कमिटिको जिम्मेवार पदमा रहेर काम गरेको पाइन्छ । उनी राजनीतिमा सक्रिय थिए र उनले पाटी कमिटिअन्तर्गतका विभिन्न पदमा बसेर इमानदारीपूर्वक सक्रिय

---

[१९२]. खगेन्द्र अधिकारी अमृतद्वारा २०१४ जुन १७ मा फेसबुकमा गरिएको टिप्पणीबाट प्राप्त जानकारी ।

[१९३]. गुवाहाटी विश्वविद्यालयको स्नातकोतर तहका विद्यार्थीहरूद्वारा सन् २०११ जनवरी १० मा खगेन्द्रप्रसाद लुइटेललाई प्रदान गरिएको अभिनन्दनपत्रबाट प्राप्त जानकारी ।

भूमिका निर्वाह गरेका थिए ।[१९४] उनी एम.ए. उत्तीर्ण गरिसकेपछि तेरथुम-काठमाडौँ सम्पर्क मञ्चको अध्यक्ष बनेको देखिन्छ । उनले २०४६ सालको आन्दोलनमा पनि नेतृत्वदायी भूमिका निर्वाह गरेको पाइन्छ । राजनीतिका क्रममा धेरैपटक जेल, नेल र यातना भोगेका लुइटेल पार्टीका विभिन्न राजनीतिक कार्यक्रममा कार्यपत्रहरू तयार पार्ने र प्रस्तुत गर्ने गर्दथे । उनले विद्यालयीय जीवनदेखि २०५० सालसम्ममा राजनीतिक कार्यकलापमा प्रत्यक्ष संलग्न भएर जे जति काम गरे त्यही समयमै यिनको राजनीतिक व्यक्तित्व निर्माण भएको देखिन्छ । पढाइ र राजनीतिलाई सँगसँगै लगेर पनि सधैँ प्रथम हुने लुइटेल मूल्य र मान्यताको राजनीति गर्नुपर्छ भन्ने दृष्टिकोण राख्छन् । २०५० सालपछि मूल्य र मान्यताको राजनीति समाप्त भएकोमा चिन्ता व्यक्त गर्दै प्रत्यक्ष राजनीतिबाट टाढा रहेका यिनी यतिखेर कुनै पनि राजनीतिक पार्टीमा संलग्न छैनन् र जुनसुकै पार्टीको राम्रा कुराको समर्थन र नराम्रा कुराको तार्किक रूपमा खुलेर विरोध गर्छन् । कुनै पनि पार्टीमा सक्रिय रूपमा नदेखिए तापनि उनको झुकाव सच्चा वाम राजनीतिप्रति रहेको देखिन्छ । राजनीतिलाई निरन्तरता दिएको भए मन्त्री हुन्थेँ होला तर यता आएर पनि कम नभएको बताउने लुइटेल राजनीति छोडेकोमा पश्चात्ताप नभएको बताउँछन् तर राजनीतिमा देखिएको विकृतिप्रति चिन्ता व्यक्त गर्छन् । यी सबै सन्दर्भलाई हेर्दा मूल्य र मान्यताको राजनीति गर्नेहरूका लागि उनको राजनीतिक व्यक्तित्व अनुकरणीय रहेको देखिन्छ ।

सामाजिक व्यक्तित्व

समाजसेवीका रूपमा समेत रहेका खगेन्द्रप्रसाद लुइटेलले विभिन्न सामाजिक कामहरू गरेको पाइन्छ । उनी शिक्षक हुँदाको समयमा कुनै विद्यार्थी एक हप्ताभन्दा बढी समय विद्यालय नआएमा त्यो विद्यार्थी विद्यालय नआउनाको कारण खोज्दै उसको घर पुगी यदि विद्यालय नआउनाको कारण आर्थिक समस्या भएमा त्यो विद्यार्थीको विद्यालयमा लाग्ने शुल्क तिरिदिने गर्दथे । उनी आफ्ना पार्टीका साथीहरू भूमिगत भएका बेला उनीहरूका रचना संशोधन गरिदिने र तिनलाई आर्थिक सहयोग गर्ने गर्थे । उनले लुइटेल वंशावली अनुसन्धान समिति, युनिभर्सिटी हाइट बहुउद्देश्यीय समाज, युनिभर्सिटी हाइट उपभोक्ता समिति, ट्याङ्ला एकीकृत विकास समाज, तेरथुम सरोकार समाज, लुइटेल बन्धु प्रतिष्ठानजस्ता विभिन्न सामाजिक सङ्घसंस्थामा विभिन्न पदमा रहेर काम गरेको देखिन्छ । उनी गाउँमा रहँदा बाटो, कुलो खन्ने आदि सामाजिक कार्यमा संलग्न हुन्थे भने अहिले पनि आफ्नै नेतृत्वमा बाटो, ढल, पाइप, बिजुलीको खम्बा आदिको व्यवस्थापनमा प्रत्यक्ष सहभागी हुने गर्छन् । मन्दिर, विद्यालय आदिको निर्माणमा सक्दो सहयोग गर्ने लुइटेलले विभिन्न असहाय व्यक्तिहरूलाई पनि सहयोग गरेका छन् । यसका साथै समाजमा भइपरी आउने विभिन्न कार्यहरूमा पनि उनको प्रत्यक्ष संलग्नता रहने गर्दछ । यी विभिन्न सामाजिक कार्यका आधारमा नै लुइटेलको सामाजिक व्यक्तित्व निर्माण भएको छ र त्यो विशिष्ट रहेको छ ।

सङ्गठक व्यक्तित्व

अनेक क्षेत्रमा सहभागिता जनाउने खगेन्द्रप्रसाद लुइटेलले विभिन्न सङ्घसङ्गठनमा रहेर एउटा कुशल सङ्गठकको भूमिका निर्वाह गरेका छन् । पहिले विभिन्न राजनीतिक सङ्गठनमा सक्रिय रहेका लुइटेल अहिले अन्तराष्ट्रिय नेपाली साहित्य समाज, नेपाल प्रज्ञा प्रतिष्ठान, पाठ्यक्रम विकास केन्द्र, तेरथुम सरोकार समाजजस्ता विभिन्न क्षेत्रका सामाजिक एवं शैक्षिक-प्राज्ञिक सङ्घसंस्थाहरूका विभिन्न पदमा रहेर

---

[१९४]. सहपाठी तथा अस्कल क्याम्पसका सहप्राध्यापक मदन गौतमबाट प्राप्त जानकारी ।

कुशलतापूर्वक काम गरिरहेका छन् । २०३६, २०४२, २०४६, २०६२-२०६३ सालको आन्दोलनमा सक्रिय रूपले लागिपरेका यिनले बि.ए. पढ्दा धनकुटा बहुमुखी क्याम्पसको उपसभापति र त्यसपछि सभापतिका साथै एम.ए. पढ्दा त्रि.वि. कमिटिमा पनि रहेर काम गरेको पाइन्छ । यसबाहेक उनी विभिन्न सामाजिक संस्थाहरूमा पनि आबद्ध रहेका छन् । नेपाल प्रहरीको महानगरीय प्रहरी सङ्गठनको निर्माणमा पनि उनको विशिष्ट भूमिका रहेको छ । यिनै विभिन्न साहित्यिक, राजनीतिक, सामाजिक आदि क्षेत्रमा संलग्न रहेर एउटा दक्ष सङ्गठकको भूमिका निर्वाह गरेको कारणले नै उनको सङ्गठक व्यक्तित्व निर्माण भएको छ । उनको सङ्गठक व्यक्तित्व नेतृत्वदायी र विशिष्ट रहेको देखिन्छ ।

संस्थापक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न संस्थाहरूको स्थापना गरेका हुनाले यिनको संस्थापक व्यक्तित्व निर्माण भएको छ । उनी लुइटेल वंशावली अनुसन्धान समिति, युनिभर्सिटी हाइट उपभोक्ता समिति, ट्याङ्ला एकीकृत विकास समाज, तेरथुम सरोकार समाज, महानगरीय प्रहरी, गौहाटी विश्वविद्यालयको नेपाली एम.ए. कार्यकम, ज्ञानकुञ्ज एजुकेसनल फाउन्डेसनजस्ता विभिन्न क्षेत्रअन्तर्गतका संस्थाहरूका संस्थापक हुन् ।

यी विभिन्न क्षेत्रका सङ्घसंस्थाहरूको संस्थापकका रूपमा रहेका खगेन्द्रप्रसाद लुइटेल यी सबैजसो संस्थाको पदाधिकारी एवं सल्लाहकार पनि रहेका छन् । लुइटेल वंशावली निर्माण समिति, तेरथुम सरोकार समाजजस्ता विभिन्न सामाजिक संस्थाहरूका साथै शैक्षिक संस्थाको संस्थापनमा पनि संलग्न रहेका लुइटेल ज्ञानकुञ्ज एजुकेसनल फाउन्डेसनको संस्थापकमध्येका एक हुन् र उनी त्यस संस्थाको सञ्चालक समितिको सदस्य, प्रबन्ध समितिको सदस्य एवं योजना तथा सुपरिवेक्षण समितिको संयोजकसमेत रहेका छन् । संस्थागत विकासको लागि उनी क्रियाशील छन् ।[१९५] यसैगरी महानगरीय प्रहरीको स्थापनामा पनि उनको विशिष्ट योगदान रहेको छ । नेपाल प्रहरीको महानगरीय प्रहरी प्रशासनको अवधारणा र नयाँ निकायको निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यस क्षेत्रमा हाल प्रचलित महानगरीय प्रहरी प्रभाग, वृत्त, परिसर, आयुक्तजस्ता शब्दहरूको निर्माण उनैले गरेका हुन् । यो कार्य गरिदिएवापत यिनलाई प्रहरी दिवसको अवसरमा विशेष अभिनन्दन-सम्मान गरिएको थियो ।[१९६] यसका साथै लुइटेल गौहाटी विश्वविद्यालयको नेपाली एम.ए.को पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन तथा संयोजनमा समेत संलग्न छन् । यस सन्दर्भमा "डा.लुइटेल गुवाहाटी विश्वविद्यालय एम्.ए. नेपालीको सञ्चालन तथा व्यवस्थापनको "महानायक" हो, "अवतार" नै हो । उहाँ नआइदिनु भएको भए यो कार्यक्रम नै चल्ने थिएन । यस्तो अन्तर्राष्ट्रिय ख्याति कमाइसकेको विशिष्ट विद्वान्बाट हाम्रो आग्रहलाई स्वीकारी हार्दिकतापूर्वक गर्नुभएको सहयोगप्रति विश्वविद्यालय सदैव ऋणी रहनेछ । नेपाली एम्.ए.लाई एउटा टुङ्गोमा पुऱ्याउन्जेल उहाँबाट सदैव सहयोग पाइरहने अपेक्षा र आग्रह गर्दछु । गुवाहाटी विश्वविद्यालय रहुन्जेल डा.लुइटेलको नाम स्वर्णाक्षरमा लेखिने छ । यस्तो महान् व्यक्तित्वलाई हाम्रा माझ पाउनु हामी सबैको अहोभाग्य हो र उहाँलाई म विश्वविद्यालय, नेपाली साहित्य परिषद्का साथै समस्त असमबासीका तर्फबाट सम्मान-अभिनन्दन गर्दछु ।" भन्ने भनाइले पनि

---

१९५. ऐजन ।

१९६. पूर्वए.आई.जी.पी. श्यामसिंह थापासँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

उनको संस्थापक व्यक्तित्व विशिष्ट रहेको देखिन्छ । यिनै विभिन्न संस्थाहरूको संस्थापनका आधारमा लुइटेलको संस्थापक व्यक्तित्व निर्माण भएको छ र त्यो उल्लेखनीय रहेको छ ।

नेतृत्वदायी व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले शैक्षिक, साहित्यिक, सामाजिक, राजनीतिक आदि विविध क्षेत्रका अनेकौं संस्थाहरूमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गरेका छन् । विद्यार्थी जीवनदेखि नै स्वावियुको सभापति तथा विभिन्न समितिको अध्यक्षसमेत भएर तिनको नेतृत्व गरेका लुइटेलले अनेकपटक शैक्षिक भ्रमणको संयोजक भएर आफ्ना सहपाठीहरुको पनि नेतृत्व गरेको देखिन्छ । विभिन्न क्षेत्रसँग सम्बन्धित संस्थाहरूको जिम्मेवार पदमा रहेर कार्य गर्दै आएका लुइटेलको संलग्नता राष्ट्रिय स्तरमा मात्र नभएर अन्तर्राष्ट्रिय स्तरका विभिन्न संस्थाहरूसम्म फैलिएको छ । विद्यार्थी तथा शिक्षक हुँदाको समयमा राजनीतिको नेतृत्व तहमा रहेर काम गरेका लुइटेल अहिले भने शैक्षिक, प्राज्ञिक, साहित्यिक क्षेत्रमा संलग्न भएर तिनको नेतृत्व गरेका छन् । उनले ज्ञानकुञ्ज एजुकेसनल फाउन्डेसनको योजना तथा सुपरीवेक्षण समितिको संयोजक, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागको वाङ्मय प्रकाशन समितिको संयोजक रहेर नेतृत्वदायी भूमिका निर्वाह गरेका छन् । गौहाटी विश्वविद्यालयको एम.ए. नेपालीको सम्पूर्ण पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तकहरू लुइटेलकै नेतृत्वमा तयार पारिएका छन् । हालसालै उनलाई अनेसास विधान संशोधन समितिको संयोजक बनाउनु पनि सबैले उनको नेतृत्वलाई स्वीकार गर्नु हो । विभिन्न क्षेत्रका विविध संस्थाहरूका संस्थापक, प्रवर्तक, सल्लाहकार, सम्पादक, निर्माता आदि रहँदै आएका लुइटेलको विद्यार्थी जीवनदेखि हालसम्म पनि विविध क्षेत्रमा उनको नेतृत्वदायी भूमिका रहेको देखिन्छ । यसरी हेर्दा यिनै विविध क्षेत्रका रहेर गरेका विविध कार्यहरूका आधारमा उनको नेतृत्वदायी व्यक्तित्व निर्माण भएको छ र त्यो उल्लेखनीय रहेको छ ।

३.२.३.३ सल्लाहकार व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेल विभिन्न सामाजिक, साहित्यिक, शैक्षिक सङ्घसंस्थाहरूका सल्लाहकारका रूपमा पनि रहेका छन् । उनी **ज्ञानकुञ्ज**, **राष्ट्रिय मामिला**, **अङ्कुर**, **रक्षाकवच, लुइटेल कल्प**, **अन्तर्दृष्टि**जस्ता विभिन्न क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका पत्रपत्रिकाहरूका सल्लाहकार रहनाका साथै त्रिवि सिर्जनशील विद्यार्थी अनुसन्धान परिषद्, तेरथुम सरोकार समाज, गौहाटी विश्वविद्यालयको नेपाली स्नातकोत्तर कार्यक्रम, ज्ञानकुञ्ज कलेज, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, लुइटेल बन्धु प्रतिष्ठान, नेपाल डायस्पोरा वाङ्मय प्रतिष्ठान, अनेसास बुलेटिन प्रकाशन समिति, हेम-सरिता पाठक फाउन्डेसनद्वारा आयोजित भ्रष्टाचार विरुद्ध बालकविता प्रतियोगिता आयोजक समिति आदिजस्ता साहित्यिक, शैक्षिक क्षेत्रमा विभिन्न सङ्घसंस्थाहरूका समय समयमा सल्लाहकार बनेका छन्

साहित्यिक, सामाजिक, शैक्षिक आदि विभिन्न क्षेत्रका थुप्रै सङ्घसंस्थाहरूमा सल्लाहकार रहेका लुइटेल उक्त संस्थाहरूका नामका मात्र नभएर कामकै सल्लाहकार बनेका छन् । उनी यी विभिन्न संस्थामा आइपर्ने विवादित समस्याहरूको समाधान गर्दै संस्थालाई स्पष्ट रूपमा मार्गनिर्देश गरिरहेका एक कुशल सल्लाहकार हुन् । यसैले उनलाई विभिन्न सङ्घसंस्थाहरूले सल्लाहकार राखेको देखिन्छ । यी विविध क्षेत्रसँग सम्बद्ध

विभिन्न संस्थाहरूमा सल्लाहकारको भूमिका निर्वाह गर्दै आएका कारण लुइटेलको व्यक्तित्वको एक महत्वपूर्ण पाटो सल्लाहकार व्यक्तित्व निर्माण भएको छ । यो उनको छुट्टै र विशिष्ट व्यक्तित्व हो ।

३.२.३.४ निर्णायक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न क्षेत्रका विविध कार्यक्रमहरूमा निर्णायकको भूमिका पनि निर्वाह गर्दै आएका छन् । नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय कविता महोत्सवलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न विधाका साहित्यिक प्रतियोगितामा कुशल निर्णायक बनेका लुइटेलले साहित्यिक क्षेत्रका साथै शैक्षिक क्षेत्रका विभिन्न समस्याहरूको समाधानमा पनि निर्णायकको भूमिका निर्वाह गरेका छन् । तेरथुमको म्याङ्लुङ क्याम्पसमा शिक्षक राख्ने विषयमा विवाद आएको समयमा उनी त्यसको निर्णायक बनेर विवादको समाधान गरेका छन् । यसैगरी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पाठ्यक्रम विकास केन्द्रलगायत अनेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका परियोजनाहरूको मूल्याङ्कन गरेका लुइटेल कुनै पनि विषयमा पूर्वाग्रही नबनी यथार्थवादी र वस्तुवादी भई तटस्थ र निस्पक्ष ढङ्गले निर्णय गरेकै कारण यिनको व्यक्तित्वलाई प्रकाश पार्ने एउटा महत्वपूर्ण पाटोका रूपमा निर्णायक व्यक्तित्व निर्माण भएको छ । यी विभिन्न आधारमा यिनको निर्णायक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको देखिन्छ ।

३.२.३.५ अन्तर्वार्तादाता व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका पत्रपत्रिका, एफ.एम., टेलिभिजनहरूमा विभिन्न विषयवस्तुमा प्रशस्तै अन्तर्वाताहरू दिइसकेका छन् । उनका अन्तर्वार्ता मात्र नभएर उनी संलग्न रहेका विभिन्न कार्यक्रमका समाचारहरूसमेत प्रशस्तै प्रकाशित एवं प्रसारित भएका छन् । उनीसँग विविध विषयमा विभिन्न सञ्चार माध्यमले थुप्रै अन्तर्वार्ता लिएको हुँदा ती सबै प्राप्त गर्न कठिन छ । उपलब्ध भएजति अन्तर्वाताहरूका आधारमा *कोशविज्ञानका कसीमा नेपाली शब्दसागरबारे विशेष अन्तर्वार्ता, आयातीत पीएच.डी. रोकिनुपर्छ, राष्ट्रिय एकता दिवस र पृथ्वीनारायण शाहको दिव्योपदेश, विविध साहित्यिक गतिविधिबारे विशेष अन्तर्वार्ता, खगेन्द्र लुइटेलदेखि डा. खगेन्द्र लुइटेलसम्म, भारतीय नेपाली साहित्यको उकालो चढ्दा, गुवाहाटी विश्वविद्यालयमा सञ्चालित नेपाली एम.ए. कार्यक्रमबारे विशेष अन्तर्वार्ता, डायस्पोरासम्बन्धी विशेष अन्तर्वार्ता, बेलायतमा भन्दा बढी अमेरिकामा चुर्क्याइँ, नेपालमा अझैसम्म असल नेता जन्मेको छैन*जस्ता विभिन्न शीर्षकमा थुप्रै अन्तवार्ताहरू प्रसारित र प्रकाशित छन् । **रेडियो सगरमाथा, रेडियो नेपाल, रेडियो एचबिसी**, **सिनर्जी एफ.एम**., **रेडियो तरङ्ग, कालिका एफ्.एम., नेपाली रेडियो/हिमाली स्वरहरू, कान्तिपुर टेलिभिजन, नेपाल टेलिभिजन, रेडियो एनएसटी**, **बिबिसी**, **ह्वाइट हिमाल टेलिभिजन**जस्ता विभिन्न राष्ट्रका सञ्चार माध्यमहरूले उनीसँग अन्तर्वार्ता लिएका छन् । यसका साथै **मधुपर्क, जनभावना साप्ताहिक, समकालीन साहित्य, सपरिवार**जस्ता विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरूमा विभिन्न व्यक्तिले उनीसँग लिएका अन्तर्वार्ताहरू प्रकाशित छन् ।

कान्तिपुर, मेट्रोलगायत देशभरका अनेक एफ.एम.रेडियो तथा संसारका विभिन्न अनलाइनहरूमा खगेन्द्रप्रसाद लुइटेलसँग दिइएका प्रशस्तै अन्तर्वार्ताहरू प्रसारित छन् । यसका साथै लुइटेलसँग श्रव्य र दृश्य दुवै माध्यमका लागि विभिन्न व्यक्तिद्वारा लिइएका अन्तर्वार्ताहरू संसारका विभिन्न टेलिभिजन, रेडियो, अनलाइन आदिमा प्रकाशित एवं प्रसारित भएका छन् । श्रव्य र दृश्य दुवै माध्यमका लागि लिइएका उनका

अन्तर्वार्ताहरू गुगलमा समेत प्रशस्तै छन् । विविध विषय र क्षेत्रसँग सम्बन्धित ती अन्तर्वार्ताहरूमा उनले वस्तुवादी र यथार्थ दृष्टिकोण प्रस्तुत गरेका छन् । सञ्चार माध्यममा प्रस्तुत हुन खासै रुचि नराख्ने लुइटेल सञ्चारलाई खोज्दै जाँदैनन् उनलाई नै सञ्चार खोज्दै आउँछन् ।[१९७] स्वदेश तथा विदेशका विभिन्न सञ्चार माध्यमहरूले उनीसँग लिइएका अन्तर्वार्ताका आधारमा उनी विषयवस्तुप्रति यथार्थ दृष्टिकोण प्रस्तुत गर्ने अन्तर्वातादाताका रूपमा देखापरेका छन् यस आधारमा उनको अन्तर्वार्तादाता व्यक्तित्व विशेष महत्वपूर्ण रहेको छ ।

३.२.३.६ प्रखर र स्पष्ट वक्ता तथा निर्भीक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेल प्राध्यापक, समालोचकका साथै एक कुशल वक्ता पनि हुन् । उनको कुशल वक्तृताकै कारण विभिन्न व्यक्तिहरू उनीप्रति आकर्षित र नजिक भएको पाइन्छ । विद्यार्थी जीवनदेखि नै वक्तृता, वादविवाद, हाजिरीजवाफ आदिमा भाग लिएर सधैँ प्रथम भएका लुइटेलले राजनीति गर्दाको समयमा गर्ने गरेको राजनीतिक भाषण र मुख्य कार्यक्षेत्र प्राध्यापन पेसाले पनि कुशल वक्ता व्यक्तित्व निर्माणमा सहयोग पुऱ्याएको देखिन्छ । लुइटेलको साहित्य क्षेत्रको मुख्य पाटो समालोचना भएको हुँदा यसले पनि थप सहयोगी भूमिका निर्वाह गरेको छ । वस्तुवादी, स्पष्टवादी र खरो समालोचकका रूपमा चिनिने यिनी जुनसुकै विषयमा वस्तुवादी पद्धतिको प्रयोग गरी स्पष्ट र तार्किक रूपमा आफ्नो विचार प्रस्तुत गर्ने गर्दछन् । बोलेको कुरालाई लेखनमा पनि उतार्न सक्ने लुइटेल आफ्नो धारणा प्रस्तुत गर्ने क्रममा सिनियर, जुनियर कसैका सामु पनि हिच्किचाउँदैनन् । ज्यादै खरो र स्पष्ट वक्ताका रूपमा परिचित लुइटेलको लेख्दा र बोल्दा दुवैमा उत्तिकै समानता हुनु उनको मौलिकता हो ।[१९८] उनी स्रोतालाई झर्को नलाग्ने गरी मन्त्रमुग्ध पारेर लामो समयसम्म धाराप्रवाह रूपमा बोल्न सक्छन् । स्पष्ट र खरो स्वभाव, तार्किक, स्पष्ट अडान राख्न सक्ने, अनावश्यक कुरामा सम्झौता गर्दै नगर्ने र आफ्नो तर्कमा अडिग रहने, तर्कसङ्गत कुराहरू अगाडि ल्याउने, कहिल्यै पनि कोहीसित नझुक्ने आदि उनका अनुकरणीय पक्ष हुन् ।[१९९]आफूलाई चित्त नबुझेको कुरामा तर्कसहित खुलेर विरोध जनाउने लुइटेल कसैको पनि सस्तो प्रशंसा गर्दैनन् । यस्तै उनको वैचारिक प्रस्तुतिको शैलीबाट पनि वक्ता व्यक्तित्व निर्माण भएको छ । मन्त्री परिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले साहित्यकार नरेन्द्रराज पौडेलको पुस्तक विमोचन कार्यक्रममा डा. लुइटेलजस्तो यति मिठो गरी धाराप्रवाह ढङ्गले मानिसलाई मन्त्रमुग्ध तुल्याएर बोल्ने व्यक्ति भन्दै उनकै अभिव्यक्तिलाई पटकपटक उद्धरण गरेबाट[२००] पनि उनको प्रखर र स्पष्ट वक्ता व्यक्तित्व विशिष्ट रहेको देखिन्छ । अनुभवी विशिष्ट प्राध्यापक लुइटेलको श्रोतालाई लठ्ठ पार्ने र मन्त्रमुग्ध तुल्याउने विचित्रको जादुमय वक्तृत्व क्षमता रहेको छ । [२०१] उनले विभिन्न व्यक्तिका पुस्तक

---

१९७. रेडियो नेपालका कार्यक्रम निर्माता-प्रस्तोता नवराज लम्सालले खगेन्द्रप्रसाद लुइटेलसँग रेडियो नेपालको मधुवन कार्यक्रमका लागि लिएको अन्तर्वार्तामा गरेको टिप्पणीबाट प्राप्त जानकारी ।

१९८. हरिप्रसाद काफ्ले, **बोस्टन चौतारी**, (अमेरिका : अनेसास, २०७१), पृ. ७६ ।

१९९. सहपाठी तथा अस्कल क्याम्पसका सहप्राध्यापक मदन गौतमबाट प्राप्त जानकारी ।

२००. मन्त्री परिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीद्वारा २०७१ पुस २४ गते दिएको लिखित वक्तव्यबाट प्राप्त जानकारी ।

२०१. नरेन्द्रराज पौडेलले २०७१ पुस २४ गते आफ्नो कृति विमोचनमा दिएको लिखित वक्तव्यबाट प्राप्त जानकारी ।

विमोचनका साथै थुप्रै साहित्यिक कार्यक्रमहरूमा वक्तव्य दिएका छन् र उनी बोलेका ठाउँमा श्रोताले ताली नबजाएको ठाउँ देखिन्न । विभिन्न साहित्यिक कार्यक्रमहरूमा वक्ता लुइटेल छन् भन्ने सुनेपछि त्यही सुन्नका लागि मात्र आउने उनका थुप्रै फ्यानहरू छन् र श्रोताहरू उनको बोलीमा जादु भएको बताउँछन् ।[२०२] श्रोतालाई मन्त्रमुग्ध पारेर सुनिरहुँजस्तो गरी धाराप्रवाह बोल्ने अद्भुत क्षमता डा. लुइटेलमा पाइन्छ ।[२०३] विषय र प्रसङ्गअनुसार यति राम्रो मिलाएर बोल्ने मान्छे मैले आजसम्म भेटेकै थिइन, राजनीतिमा मदन भण्डारी र साहित्यमा डा. साहेबको भाषणबाट म सारै प्रभावित भएँ[२०४] भन्ने भनाइबाट पनि लुइटेलको प्रखर वक्ता व्यक्तित्व अत्यन्तै प्रभावकारी रहेको स्पष्ट हुन्छ । आज हामीले सम्प्रेषणमा बेजोड व्यक्तित्व पाएका छौं त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागका प्राध्यापक डा. खगेन्द्रप्रसाद लुइटेल, यति खरो र स्पष्ट बोल्नुहोला भन्ने मैलेचाहिँ कल्पनासम्म पनि गरेको थिइन...च...चा...चि...ची...चिल्लो चाप्लो ...उचाल्नेपछार्ने...घुर्क्याउने, फकाउने रिझाउने केही छैन, बस जे हो त्यही हो ...वार्ता गरिसकिपछि मलाई लाग्यो, हाम्रो नेपालमा थप एक दुई दर्जन यस्ता स्पष्ट वक्ता र खरा गुरुहरू हुने हो भने देश उँभो लाग्न केही बेर लाग्दैन[२०५] भन्ने कुराले पनि उनको प्रखर र स्पष्ट वक्ता व्यक्तित्व झल्कन्छ । यी सबै सन्दर्भबाट हेर्दा उनको प्रखर र स्पष्ट वक्ता व्यक्तित्व अतुलनीय रहेको देखिन्छ ।

खगेन्द्रप्रसाद लुइटेललाई अन्य सामान्य व्यक्तिहरूभन्दा भिन्न रूपमा चिनाउने व्यक्तित्वको एउटा महत्वपूर्ण पक्ष निर्भीक व्यक्तित्व हो । डा. लुइटेल नेपाली भाषासाहित्यका प्रशस्तै पुस्तकहरू लेख्ने अत्यन्तै जाँगरिला र निडर लेखक हुन् ।[२०६] आफ्नो धारणा वा विचार प्रस्तुत गर्ने क्रममा सिनियर, जुनियर नहेरी यथार्थ कुरा प्रस्तुत गर्ने लुइटेल उक्त विषयहरूमा निपुण रहेका कारण पनि उनमा निर्भीकता बढेको देखिन्छ । निर्भीक रूपमा आफ्नो धारणा प्रस्तुत गर्ने र आफूले बोलेको विषयलाई तर्कसहित प्रस्ट्याउन सक्ने लुइटेल यथार्थ कुरालाई प्रस्तुत गर्ने क्रममा निर्भीक रहन्छन् । देशको प्रधानमन्त्री र उच्च तहका नेताहरू उपस्थित समारोहमा तिमीहरूले देश बिगाऱ्यौ, जनताहरूलाई दुख दियौ, तिमीहरूलाई केही दिएमा आफू जुनसुकै दिन तिमीहरू हुनसक्छु तर तिमीहरू कोही पनि यस जुनीमा म हुन सक्दैनौ[२०७] भन्ने जस्ता हिम्मतिला र जोसिला भाषण गर्ने लुइटेलको व्यक्तित्व साँच्चिकै निडर र निर्भीक देखिन्छ । कसैबाट पनि हेपिन नचाहने उनी आफूलाई चित्त नबुझेको कुरामा तत्काल प्रतिक्रिया जनाउने गर्दछन् र प्रतिक्रिया जनाउने क्रममा व्यक्तिलाई भन्दा विषयलाई जोड दिने यिनको यही निर्भीकताकै कारण कतिपय व्यक्तिहरूँग मनमुटावसमेत भएको

---

२०२. वरिष्ठ साहित्यकार गोपाल पराजुलीबाट प्राप्त जानकारी ।

२०३. वरिष्ठ साहित्यकार घनश्यामराज कर्णिकारबाट प्राप्त जानकारी ।

२०४. खगेन्द्रप्रसाद लुइटेल, **बार वर्षपछि हनिमुन**, (काठमाडौं : पैरवी प्रकाशन, २०६८), पृ. १५ ।

२०५. शैलेश श्रेष्ठ, *सम्प्रेषणमा कविता : नियति र परिणाम*, (अमेरिकाको न्युयोर्कबाट प्रसारण हुने ह्वाइट हिमाल टेलिभिजनको कार्यक्रमका लागि लिइएको विशेष अन्तर्वार्ताका क्रममा दिइएको परिचय, सन् २०१३ डिसेम्बर २१) ।

२०६. भरतकुमार भट्टराई, *विधागत इतिहास लेखनमा अद्वितीय कृति*, (**सुनकोसी**, ५/२०६१), पृ. २१६ ।

२०७. खगेन्द्रप्रसाद लुइटेलले विभिन्न मञ्चबाट दिएको भाषणबाट प्राप्त जानकारी ।

पाइन्छ । हरेक कुरामा व्यक्तिभन्दा विषयवस्तुका आधारमा आफ्नो धारणा प्रस्तुत गर्ने लुइटेलको यही निर्भीकपन नै उनलाई चिनाउने एउटा महत्वपूर्ण पाटो बनेको छ । यो निर्भीकपन नै उनको व्यक्तित्वको परिचायक बनेको छ ।

३.२.३.७ राष्ट्रवादी व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेललाई चिनाउने व्यक्तित्वको एउटा महत्त्वपूर्ण पाटो राष्ट्रवादी व्यक्तित्व पनि हो । नेपाली भाषा तथा नेपाली जाति र संस्कृतिप्रति सदैव सचेत रहने लुइटेलले गौहाटी विश्वविद्यालयमा नेपाली भाषा पठनपाठन गर्नका लागि एम.ए. तहको नेपाली विषयको पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखनसमेत गरेका छन् । यसका साथै उनले सिलोङमा पनि नेपाली भाषाको पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणमा महत्त्वपूर्ण योगदान दिएका छन् । नेपालबाहिरका विश्वविद्यालयमा पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्दा नेपाल र नेपालीको पहिचान झल्कने प्रशस्तै सामग्रीहरू समावेश गरेबाट उनको राष्ट्रवादी व्यक्तित्व झल्कन्छ । उनको राष्ट्रवादी व्यक्तित्व विभिन्न लेखरचनाहरूमासमेत प्रस्तुत भएको पाइन्छ । उनको **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रहमा सङ्गृहीत नियात्राहरूमा देशप्रेमको भाव प्रकट भएको छ । लेखक जहाँ पुगे पनि, जहाँ बसे पनि र जहाँ भावनामा आलोडित भएर गद्गद भए पनि आफूलाई नेपालीत्वमा छताछुल्ल पार्दै प्रगतितिर लम्किरहेको देख्दा एकएक शब्द र एकएक वाक्य पढिरहूँजस्ता, आत्मसात् गरिरहूँजस्ता र प्रशंसा गरिरहूँजस्ता रूपले प्रकट भएका छन् ।...लेखकले त्यहाँ नेपाली भाषा र जातिका लागि निस्वार्थ ढङ्गले गरेका कार्य प्राप्त गरेका सम्मान सिङ्गो नेपाली जातिले नै गौरव गर्नुपर्ने खालका छन् भन्ने **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रहको भूमिकामा तारानाथ शर्माको भनाइबाट पनि यिनको राष्ट्रवादी व्यक्तित्व झल्कन्छ । यसका साथै विदेशमा हुने विभिन्न कार्यक्रमहरूमा राष्ट्रिय पोसाकमा देखिने लुइटेलले ती विभिन्न ठाउँमा विविध विषयमा दिएका वक्तव्यहरूमा पनि राष्ट्रियता र देशप्रेमको भाव प्रस्तुत भएको हुन्छ । त्रिभुवन विश्वविद्यालयको नेपाली केन्द्रीय विभाग नेपाली भाषासाहित्यका लागि अक्सफोर्ड, क्याम्ब्रिज, हार्वड विश्वविद्यालयभन्दा ठूलो भएको बताउनु तथा नेपाली जाति र भाषालाई महाजाति र महाभाषाका रूपमा विकसित भएको भन्दै विदेशमा बस्ने जुनसुकै नेपालीले पनि नेपालको इज्जतमा आँच आउने खालका कुनै पनि गतिविधि नगर्न आग्रह गर्नु[२०८] आदि सन्दर्भबाट पनि उनको राष्ट्रवादी व्यक्तित्व अद्वितीय रहेको देखिन्छ । यी विभिन्न कार्यका आधारमा निर्मित उनको राष्ट्रवादी व्यक्तित्व सबैका लागि अनुकरणीय रहेको छ ।

३.२.३.८ साहित्येतर लेखक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेल साहित्यिक क्षेत्रमा मात्र नभएर साहित्येतर क्षेत्रमा पनि कलम चलाउने लेखक हुन् । यिनले साहित्यबाहेकका विभिन्न क्षेत्रमा सम्बद्ध लेखहरू पनि प्रशस्तै लेखेको तथा विभिन्न कार्यपत्रहरू प्रस्तुत गरेको पाइन्छ । उनले शिक्षक वा विद्यार्थी भएर राजनीति गर्दाको समयमा पनि पार्टीका घोषणापत्र आदि आलेखहरू तयार पार्ने तथा राजनीतिसम्बन्धी विभिन्न कार्यपत्रहरू प्रस्तुत गरेको देखिन्छ । उनले तयार पारेको **सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवन** शीर्षकको भिलेज प्रोफाइललाई पनि साहित्येतर लेखनको महत्वपूर्ण कृति मानिन्छ । यिनले डा. विद्यादेव शर्मा र नन्दिता शर्माको **बालविकासक्रम र मानसिक**

[२०८]. खगेन्द्रप्रसाद लुइटेलले विभिन्न मुलुकका सञ्चार माध्यममा दिएका अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

चिकित्सा, पूर्वए.आई.जी.पी.श्यामसिंह थापाको **नेपालका चर्चित दङ्गाहरू,** गङ्गा कश्यपको **दिव्यामृत सत्सङ्ग पुस्तिका**जस्ता साहित्य इतरका विभिन्न पुस्तकहरूमा पनि भूमिका लेखेका छन् । यसका साथै उनले गुरुङ, लिम्बू, पहरी आदि विभिन्न जातिका संस्कृतिका बारेमा पनि विभिन्न अनुसन्धानमूलक लेखहरू लेखेका छन् । उनको साहित्येतर लेखनमा पनि साहित्यकार व्यक्तित्वको स्पष्ट प्रभाव पाइन्छ । उनको साहित्येतर लेखन अनुसन्धानमूलक, तथ्यमूलक र वस्तुगत हुनाका साथै ज्ञानमूलक पनि रहेको देखिन्छ । यी विभिन्न साहित्येतर लेखनका आधारमा लुइटेलको साहित्येतर लेखक व्यक्तित्व निर्माण भएको छ । समग्रमा उनको साहित्येतर लेखक व्यक्तित्व पनि विशिष्ट रहेको देखिन्छ ।

बहुमुखी व्यक्तित्वका धनी खगेन्द्रप्रसाद लुइटेलका माथि उल्लेख गरिएबाहेक प्रमुख अतिथि र प्रमुख वक्ता, पर्यवेक्षक, खेलाडी, अभिनय आदि व्यक्तित्वका पाटाहरु पनि रहेका छन् । यिनको चर्चा तल छुट्टाछुट्टै शीर्षकमा गरिएको छ ।

प्रमुख अतिथि र प्रमुख वक्ता व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेल प्रमुख अतिथि र प्रमुख वक्ताका रूपमा विभिन्न मुलुकका विभिन्न ठाउँमा पुगेर विभिन्न विषयमा वक्तव्य दिएका छन् । उनी स्वदेशका विभिन्न ठाउँ र विभिन्न विदेशी मुलुकहरूमा आयोजित शैक्षिक र साहित्यिक संस्थाहरूका विविध कार्यक्रमहरूमा प्रमुख अतिथि तथा प्रमुख वक्ता भएको देखिन्छ । उनी स्वदेशमा आयोजित थुप्रै कार्यक्रमका साथै अ.ने.सा.स., ए.एन.ए. जस्ता साहित्यिक संस्थाका विभिन्न कार्यक्रमका साथै गौहाटी विश्वविद्यालय (असम), मेघालय (सिलोङ) जस्ता शैक्षिक संस्थाहरूका विविध कार्यक्रमका प्रमुख अतिथि बनेर पुगेका छन् र प्रशस्तै कार्यक्रमको उद्घाटन पनि गरेका छन् । यसै आधारमा उनको प्रमुख अतिथि तथा प्रमुख वक्ता व्यक्तित्व निर्माण भएको छ ।

पर्यवेक्षक व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेल विभिन्न तहको परीक्षामा पर्यवेक्षकका रूपमा देशका विभिन्न ठाउँमा पुगेका छन् । उनले पटकपटक एस.एल.सी. परीक्षामा विशेष निरीक्षक तथा पर्यवेक्षक बनी पश्चिमाञ्चल क्षेत्रका थुप्रै जिल्लाको परीक्षा निरीक्षण/पर्यवेक्षण गरेका छन् । उनले क्याम्पस तहका विभिन्न परीक्षाहरूमा म्याङ्लुङ क्याम्पस तेरथुम, ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्ज, कीर्तिपुरलगायत काठमाडौँका थुप्रै केन्द्रहरूमा पर्यवेक्षक भएर परीक्षा सञ्चालन गरेका छन् । यसका साथै उनी कारागारमा सञ्चालित परीक्षामा समेत पर्यवेक्षक भएका छन् । निकै कडा पर्यवेक्षकका रूपमा चिनिएका लुइटेल परीक्षालाई मर्यादित र व्यवस्थित तुल्याउन लागिपरेको पाइन्छ । यस क्रममा उनले विद्यार्थीलाई मात्र नभई निरीक्षक र केन्द्राध्यक्षलाई समेत कारवाही गरेको देखिन्छ । यी विभिन्न आधारमा उनको पर्यवेक्षक व्यक्तित्व निर्माण भएको छ । पछिल्लो समयमा भने यिनले पर्यवेक्षक भएर कतै जान छोडिसकेका छन् ।

खेलाडी व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेल विद्यार्थी जीवनमा विभिन्न खेलहरूमा सामेल हुने गर्दथे । क्याम्पस स्तरीय वक्तृत्वकला, वादविवाद, हाजिरीजवाफका साथै चेस, भलिबल, फुटबल, क्यारमबोर्ड, ब्याडमिन्टन, टेबुलटेनिस आदि विभिन्न अतिरिक्त क्रियाकलापहरूमा भाग लिन्थे र सधैँ विजयी पनि हुन्थे । यी विभिन्न खेलमा संलग्न भई पुरस्कृतसमेत भएका आधारमा उनको खेलाडी व्यक्तित्व निर्माण भएको छ । पछिल्लो समयमा अन्य

गतिविधिमा व्यस्त भएका कारण खेलकुदतर्फ ध्यान दिन नभ्याए पनि त्यसमा रुचि भने यथावत् रहेको बताउने लुइटेल टिभीमा दिइने फुटबल, भलिबलजस्ता खेल हेर्न रुचि राख्छन् । यी सबै सन्दर्भबाट हेर्दा उनको खेलाडी व्यक्तित्व उल्लेखनीय रहेको देखिन्छ ।

अभिनेय व्यक्तित्व

खगेन्द्रप्रसाद लुइटेल स्कुले जीवनबाटै अभिनेय क्षेत्रमा प्रवेश गरेको पाइन्छ । यिनी स्कुल पढ्दादेखि नै नाटक लेख्ने, अभिनय गर्ने, निर्देशन र मञ्चन गर्ने जस्ता कार्यमा सक्रिय थिए । उनी आफैं नाटक लेख्ने तथा मञ्चन गराउने तथा अरूले लेखेका नाटकहरूमा निर्देशन गर्ने र आफू पनि नाटक खेल्ने गर्दथे । उनले विद्यार्थी जीवनमा **हाम्रो देश खोई** ? लगायत थुप्रै नाटकमा अभिनय गरेका र त्यतिखेरका पत्रपत्रिकामा समेत यिनको प्रदर्शनलाई उत्कृष्ट भनी टिप्पणी गरिएको पाइन्छ । लुइटेलको औपचारिक अध्ययनको समाप्तिसँगै अभिनेय क्षेत्र पनि टुड्गिएको देखिन्छ । विद्यार्थी जीवनमै यस क्षेत्रमा रहेर जेजति काम गरे त्यसैको आधारमा उनको अभिनेय व्यक्तित्व निर्माण भएको छ । विद्यार्थी जीवनबाटै टुड्गिएको उनको अभिनेय व्यक्तित्व त्यति फस्टाएको देखिँदैन ।

३.३ जीवनी, व्यक्तित्व र कृतित्वका बीच अन्तःसम्बन्ध

खगेन्द्रप्रसाद लुइटेल जीवन यात्राका क्रममा अनेक क्षेत्रमा संलग्न भई महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका विशिष्ट व्यक्ति हुन् । विविध क्षेत्रमा जिम्मेवार पदमा रही कार्य गर्दै आएकाले नै उनको जीवनी सामान्य व्यक्तिको भन्दा फरक रूपमा स्थापित हुन पुगेको छ । उनले विभिन्न क्षेत्रमा गरेका विविध कार्यहरूका आधारमा निर्मित उनको व्यक्तित्व र उनीद्वारा लिखित कृतिहरू बीच परस्पर निकट सम्बन्ध रहेको पाइन्छ । हरेक कोणबाट सम्पन्न परिवारमा जन्मिएका लुइटेलको अध्ययन सहज रूपमा अगि बढेको देखिन्छ । विद्यालय प्रवेश गरेको छ वर्षमै एस.एल.सी. उत्तीर्ण गरेका लुइटेलले त्यसपछिको केही समय राजनीति गर्ने हिसाबले शिक्षक भएर विभिन्न ठाउँमा पुगी अध्यापन गर्नाका साथै पढाइलाई पनि सँगसँगै अगि बढाएको पाइन्छ । धनकुटा बहुमुखी क्याम्पसबाट आइ.ए. र बि.ए. उत्तीर्ण गरी त्रि.वि. नेपाली केन्द्रीय विभागबाट स्नातकोत्तर तह उत्तीर्ण गरेका लुइटेलले त्रि.वि.बाटै अङ्ग्रेजीमा एक वर्षे बि.एड. गरेका छन् । एम.ए. पढ्न काठमाडौं आएपछि पनि पढाइसँगै राजनीतिक क्षेत्रमा समेत संलग्न लुइटेलको औपचारिक अध्ययनको समाप्तिसँगै राजनीतिक यात्रा पनि शिथिल हुन पुगेको छ । लुइटेलले २०५८ सालमा **कविताको संरचनात्मक विश्लेषण** शीर्षकमा विद्यावारिधिसमेत हासिल गरेका छन् ।

लुइटेलको लेखन सिर्जना र समालोचना दुवै क्षेत्रमा सक्रिय रहेको देखिन्छ । यिनमा समालोचनालाई लेखनको मुख्य क्षेत्र बनाएका लुइटेलका हालसम्ममा विविध विधा र विषयक्षेत्रसँग सम्बन्धित विविध विधासँग सम्बन्धित एक दर्जनभन्दा बढी समालोचनात्मक कृतिहरू र प्रशस्तै समालोचनात्मक लेखहरू प्रकाशित छन् । **शोधविधि** नामक कृतिबाट उनका समालोचनात्मक कृतिको प्रकाशन प्रारम्भ भएको हो । त्यसपछि प्रकाशित यिनका **आधुनिक नेपाली समालोचना**, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, **लोकवार्ताविज्ञान र लोकसाहित्य**, **कविताको संरचनात्मक विश्लेषण**, **उपन्यासको इतिहास**जस्ता समालोचनात्मक कृतिहरू विविध विधा र क्षेत्रसँग सम्बन्धित रहेका छन् । लुइटेलका प्रायः सबै कृतिहरूमा विधागत सिद्धान्त र इतिहास प्रस्तुत गरी त्यही सिद्धान्तअनुरूप कृतिको विश्लेषण गरिएको हुन्छ ।

कविता विधामा विद्यावारिधि गरेका भए पनि लुइटेलको अध्ययन-अनुसन्धान अन्य विधामा पनि त्यतिकै क्रियाशील रहेको देखिन्छ । नेपाली समालोचनामा संरचनावादी समालोचनापद्धतिको प्रवर्तन गरेका लुइटेलका हरेक कृतिको विषयवस्तुको प्रस्तुति र कृतिहरूको विश्लेषणमा वस्तुवादी पद्धतिको प्रयोग गरिएको पाइन्छ ।

सिर्जनाभन्दा समालोचना क्षेत्रमा बढी सक्रिय रहेका लुइटेलका सिर्जनात्मक कृतिहरूमा जीवन भोगाइका विविध सन्दर्भहरूलाई प्रस्तुत गरेको पाइन्छ । उनका **चाउरिएको जिन्दगी** श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह र **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रह जीवन भोगाइका घटनाक्रमहरूलाई प्रस्तुत गरिएका सिर्जनात्मक कृतिहरू हुन् ।

लुइटेल अनेक क्षेत्रसँग सम्बद्ध भएका कारण अत्यन्तै व्यस्त रहन्छन् । व्यस्ततापूर्ण जीवनमा विभिन्न क्षेत्रका जिम्मेवार पदहरूमा रहेर काम गर्दै आएका लुइटेलको जीवनीको एउटा मुख्य पाटो प्राध्यापक भए तापनि उनी त्यसबाहेक विभिन्न क्षेत्रमा संलग्न रहेका छन् । विभिन्न क्षेत्रको संलग्नता र गतिविधिहरूले पनि कृतित्वमा प्रभाव पारेको देखिन्छ । खगेन्द्रप्रसाद लुइटेलको साहित्यिक लेखनमा उनको जीवन भोगाइ, समसामयिक वस्तुस्थिति तथा अध्ययन-अध्यापन कार्यको महत्वपूर्ण भूमिका रहेको छ । सहज सिर्जनशील प्रतिभा प्रस्फुटित हुँदा निस्कने स्रष्टा साहित्यिक अनुभूति र समयले देखाउनुपर्ने द्रष्टा अनुभूतिको सामञ्जस्य खगेन्द्रप्रसाद लुइटेलका कृतिहरूमा पाइन्छ । प्राध्यापन पेसामा संलग्न भएकाले विद्यार्थीको पठनपाठनमा देखिएको पाठ्यसामग्रीको अभावलाई पूर्ति गर्ने उद्देश्यले पनि उनले थुप्रै पाठ्यपुस्तक लेखेका छन् । उनको यसप्रकारको लेखन स्वदेशमा मात्र नभएर विदेशमा समेत विस्तारित भएको पाइन्छ । नेपाली विषयको उच्चतम अध्ययन र तत्कालीन समयका लागि पाठ्यपुस्तकको समस्यापूर्ति गर्नुपर्ने अनिवार्यताले पनि लुइटेलले कतिपय कृति लेखेका देखिन्छ । अध्ययन-अध्यापनका सिलसिलामा विभिन्न साहित्यिक कृतिहरूको व्याख्या-विश्लेषण गरिने तथा टिपिने टिपोट पनि यिनका साहित्यिक कृति हुन पुगेका छन् । लुइटेलको जीवन उच्चशिक्षाको प्राप्ति, अध्ययन, चिन्तन, मनन र शिक्षण सेवा आदिद्वारा उज्यालिएको हो । यसैले उनमा पठनपाठन तथा लेखन दुवैको सामञ्जस्य हुन पुगेको हो । यस अन्तरसम्बन्धले भविष्यमा उनीबाट अरू धेरै उत्कृष्ट कृतिहरू प्राप्त गर्ने सहजै अनुमान गर्न सकिन्छ ।

सामान्य व्यक्तिका तुलनामा धेरै क्षेत्रतिर संलग्न रहेका लुइटेल विभिन्न क्षेत्रमा संम्बद्ध रहेकाले लुइटेलका व्यक्तित्वका विभिन्न पाटाहरू निर्माण भएका छन् । विभिन्न क्षेत्रमा सम्बद्ध रहे तापनि सङ्ख्यात्मक र गुणात्मक आधारमा भने यिनी प्रखर समालोचक, प्राध्यापक र पाठ्यपुस्तक लेखकका रूपमा बढी चिनिन्छन् । खगेन्द्रप्रसाद लुइटेलको मुख्य कार्यक्षेत्र शिक्षण तथा प्राध्यापन भएकाले उनको जीवनको सबैभन्दा बढी समय शिक्षण तथा प्राध्यापन कार्यमा बितेको पाइन्छ । मुख्य कार्यक्षेत्र शिक्षण प्राध्यापन भए तापनि उनी अन्य क्षेत्रमा पनि गौरवमय व्यक्तित्व प्रदर्शन गर्न सफल भएका छन् । उनका समालोचक, भाषाव्याकरणकार, पाठ्यपुस्तक लेखक आदि व्यक्तित्व मूलतः प्राध्यापक व्यक्तित्वकै धरातलमा निर्माण भएका छन् ।

यसरी हेर्दा खगेन्द्रप्रसाद लुइटेलका समग्र जीवनीका मूलभूत पक्षहरू, उनले गरेका कार्यहरू र ती कार्यहरूका आधारमा बनेको उनको उच्च व्यक्तित्व तथा जीवनीका विविध पक्षहरू र व्यक्तित्वको प्रभाव कृतिहरूमा परेको देखिन्छ । सधैं काममा व्यस्त रहने अत्यन्त परिश्रमी, गहन अध्ययन र अनुसन्धान गर्ने लुइटेलको जीवनी, व्यक्तित्व र कृतित्व बीच एकअर्कामा परस्पर प्रभाव र प्रेरणा प्राप्त भई अन्योन्याश्रित अन्तःसम्बन्ध स्थापना भएको पाइन्छ ।

चौथो परिच्छेद
खगेन्दप्रसाद लुइटेलको साहित्ययात्रा

४.१ विषयप्रवेश

खगेन्द्रप्रसाद लुइटेल नेपाली समालोचना, निबन्ध, भाषासाहित्य, लोकसाहित्य, भाषाविज्ञान, व्याकरण, आदि विविध विषयक्षेत्रमा कलम चलाउने साहित्यकार तथा समालोचक हुन् । उनी सिर्जना र समालोचना दुवै क्षेत्रमा सक्रिय रहेका छन् । कविता, कथा, निबन्ध आदि साहित्यका विविध विधामा चलेको लुइटेलको कलम समालोचना क्षेत्रमा सबैभन्दा बढी विस्तारित बढेको देखिन्छ । मूलतः समालोचना र निबन्ध विधामा समर्पित देखिएका लुइटेल अहिले वरिष्ठ समालोचक तथा श्यामव्यङ्ग्य निबन्धकारका रूपमा स्थापित भइसकेका छन् । उनले विश्वको आधुनिक र नवीनतम समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिलाई नेपाली समालोचनामा भित्र्याएर नेपाली समालोचनाका क्षेत्रमा यस पद्धतिको प्रवर्तनका साथै विकास, विस्तार र मानक स्थापनासमेत गरी आफ्नो स्पष्ट पहिचान बनाइसकेका छन् । यस्तै गरी सांस्कृतिक र डायस्पोरिक समालोचनाको प्रवर्तनमा पनि उनको विशिष्ट योगदान रहेको छ ।

२०२९ सालको **रत्नज्योति** नामक हस्तलिखित पत्रिकामा प्रकाशित *विद्यार्थी* शीर्षकको कविताका माध्यमबाट औपचारिक रूपमा साहित्ययात्रा प्रारम्भ गरेका खगेन्द्रप्रसाद लुइटेलका हालसम्ममा विभिन्न विधाका एक सयजति पुस्तकाकार कृति र प्रशस्तै फुटकर समालोचनाका साथै कविता, कथा, निबन्ध, प्रबन्ध आदि पनि प्रकाशित भइसकेका छन् । उनको पहिलो प्रकाशित पुस्तकाकार कृति आर.के. नारायणको **गाइड** (२०४९) उपन्यासको अनुवाद हो र यसैबाट उनका पुस्तकाकार कृति प्रकाशनको प्रारम्भ भएको हो । साहित्यका विभिन्न विधामा कलम चलाउने लुइटेलका हालसम्म थुप्रै कृतिहरू प्रकाशित भइसकेका छन् र प्रकाशनको क्रम निरन्तर छ । लुइटेलका प्रकाशित कृतिहरू निबन्ध, समालोचना, भाषाविज्ञान/व्याकरण र कोशसँग सम्बन्धित छन् । उनका एक दर्जनभन्दा बढी समालोचनात्मक कृतिहरू, भाषाविज्ञानसँग सम्बन्धित केही पुस्तकहरू, विभिन्न तहको पाठ्यक्रमअनुरूपका थुप्रै पाठ्यपुस्तकहरू, केही सम्पादित कृतिहरू र दुई वटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । यसका साथै उनले विभिन्न व्यक्तिका केही कृतिहरूको सम्पादन गर्नाका साथै कक्षा ६ देखि १० सम्मका नेपाली किताबको विभिन्न सालमा (२०५४-२०५९) संशोधन-परिमार्जन पनि गरेका छन् । उनका प्रकाशित कृतिहरू कुनै एकल लेखन, कुनै सहलेखन तथा कुनै सम्पादित र कुनै सहसम्पादित रहेका छन् । उनका समालोचनात्मक कृतिहरूलाई विभिन्न तहको पाठ्यक्रममा समावेश गरिएको छ भने उनीद्वारा लिखित पाठ्यपुस्तकहरू विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म र स्वदेशदेखि विदेशसम्म पढाइ हुन्छन् । यसका साथै साहित्यका विविध विधाका थुप्रै रचनाहरू विद्यालय तहका विभिन्न कक्षाका पाठ्यपुस्तकहरूमा समाविष्ट छन् । पुस्तकाकार कृतिका अतिरिक्त स्वदेशी र विदेशी विभिन्न पत्रपत्रिकाहरूमा उनका भाषासाहित्य तथा समालोचनासम्बन्धी प्रशस्त फुटकर लेखरचनाहरू प्रकाशित छन् । साहित्यका विविध विधामा कलम चलाए तापनि उनको खास योगदान भने समालोचना र निबन्धका क्षेत्रमा रहेको देखिन्छ ।

वस्तुवादी, भाषावादी समालोचना संरचनावादी समालोचना पद्धतिको अनुसरण गरी कुनै पनि कृतिको समालोचना गर्ने, कुनै पनि कृति र कृतिकारको सस्तो प्रशंसा नगर्ने यथार्थवादी समालोचक लुइटेल प्रखर, निर्भीक र निष्पक्ष समालोचकका रूपमा स्थापित भएका छन् । उनका समालोचनात्मक कृतिहरू कविता,

निबन्ध, नाटक, उपन्यास, लोकसाहित्यजस्ता विविध विधासँग सम्बन्धित रहेका छन् । उनले विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको पाठ्यक्रमअनुरूप प्रशस्तै पाठ्यपुस्तकहरू लेखेका छन् । विविध क्षेत्रमा कलम चलाएका लुइटेलले भाषाव्याकरणका पुस्तकहरू पनि लेखेका छन् । उनले शब्दकोशका साथै विद्यालय तहको नेपाली विषयको पाठ्यक्रम र पाठ्यपुस्तक संशोधन-परिमार्जन गरेका छन् । उनले विभिन्न व्यक्तिका विविध विधाका कृतिहरूको पनि सम्पादन गरेका छन् । यसैगरी उनका समाजका विविध क्षेत्रका विकृति र विसङ्गतिहरूप्रति व्यङ्ग्य प्रहार गरिएको श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह **चाउरिएको जिन्दगी**का साथै आफूले विभिन्न ठाउँमा गरेका यात्राहरूका क्रममा भएका घटनाक्रमहरूलाई समावेश गरी **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रह पनि प्रकाशित छन् । यसबाहेक उनले कथा, कविता तथा बालसाहित्य विविध क्षेत्रमा पनि कलम चलाएका छन् । यस परिच्छेदमा खगेन्द्रप्रसाद लुइटेलको साहित्य यात्राको निरुपण गरी उनका साहित्यिक प्रवृत्तिहरू प्रस्तुत गरिएको छ ।

४.२ खगेन्द्रप्रसाद लुइटेलको साहित्ययात्राको चरण विभाजन

खगेन्द्रप्रसाद लुइटेलको सार्वजनिक लेखनयात्रा २०२९ सालदेखि प्रारम्भ भए तापनि २०४८ सालपछि मात्र सक्रिय रूपमा अगि बढेको देखिन्छ । यिनको औपचारिक साहित्यिक यात्रा २०२९ सालमा सुरु भएर हाल २०७१ सालसम्म आइपुग्दा चार दशक पूरा भइसकेको छ । नेपाली साहित्य र समालोचनाको विकासमा समर्पित भएका उनी आफ्नो अध्ययनशील प्रतिभा र पेसागत विज्ञताले गर्दा साहित्य सिर्जना र समालोचनाका क्षेत्रमा आफ्नो प्रतिभा प्रदर्शन गर्न सफल भएका छन् । उनको चार दशक लामो सार्वजनिक लेखनयात्रामा एक सय जति पुस्तकाकार कृतिहरू प्रकाशित हुनाका साथै दुई सयभन्दा बढी फुटकर लेखरचनाहरू विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका पत्रिकाहरूमा प्रकाशित भइसकेका छन् । यसका साथै लुइटेलका थुप्रै निबन्ध प्रबन्धहरू विभिन्न पत्रिकाहरूमा प्रकाशित छन् । उक्त केही निबन्धहरू **चाउरिएको जिन्दगी** श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह र **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रहमा सङ्गृहीत छन् भने थुप्रै निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमै सीमित रहेका छन् । २०२९ सालदेखि साहित्य क्षेत्रमा प्रवेश गरी २०४८ सालपछि मात्र साहित्य लेखनलाई निरन्तरता दिएका लुइटेलले साहित्य क्षेत्रमा गरेका कार्य, साहित्यिक कृति र त्यसमा देखिएका मोड र प्रवृत्तिका आधारमा उनको साहित्यिक यात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गरिन्छ :

१. पहिलो चरण (२०२९ देखि २०५७ सम्म)
२. दोस्रो चरण (२०५८ देखि यता)

४.२.१ पहिलो चरण (२०२९ देखि २०५७ सम्म)

२०२९ सालमा **रत्नज्योति** पत्रिकामा *विद्यार्थी* शीर्षकको कविता प्रकाशित गरी आफ्नो साहित्ययात्रा प्रारम्भ गरेका खगेन्द्रप्रसाद लुइटेलको साहित्ययात्राको पहिलो चरण २०२९ देखि २०५७ सम्मको समयलाई मानिन्छ । *विद्यार्थी* शीर्षकको कविता प्रकाशित भएपछिको लगभग दुई दशक लामो समय यिनको विद्यार्थी जीवन भएको हुँदा त्यसबेला उनका साहित्यिक कृति तथा लेखरचनाहरू प्रकाशित भएको नपाइए पनि विभिन्न कार्यपत्रहरू भने प्रस्तुत गरेको पाइन्छ । यस्तै **सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवन** (२०४५-२०४६) तथा **क्षेत्रप्रताप अधिकारीका काव्य प्रवृत्ति** (२०४६) पनि यिनका यसै अवधिका शोधग्रन्थ हुन् । २०४८ सालमा *वीरगन्जको यात्रा : खुर्सानीको डाहा* (**जनसाहित्य**, १/४, २०४८ माघ-चैत) शीर्षकको निबन्ध प्रकाशित

भएपछि भने यिनको साहित्ययात्रा क्रमशः फस्टाउन थालेको देखिन्छ । लुइटेलको साहित्ययात्राको यो चरण विद्यार्थी जीवनको मूल अवधि तथा शिक्षण पेसा अवलम्बन गरी सक्रिय राजनीति गरेको अवधि हुनाका साथै प्राध्यापन क्षेत्रमा प्रवेश गरी एक दशकभन्दा बढी समय बिताएको अवधि भएकाले यो विविधतामय रहेको देखिन्छ । यिनै विविधताका बीचबाट लेखनलाई पनि निरन्तरता दिएका लुइटेलको लेखनी स्रष्टा र द्रष्टा दुवै क्षेत्रमा फैलिएको छ । यिनले यस चरणमा विभिन्न सिर्जनात्मक लेखनका साथै वस्तुपरक ढङ्गले विभिन्न कृतिको विश्लेषण पनि गरेका छन् ।

लुइटेलले नेपाली एम.ए. को अन्त्यमा लेखेको भिलेज प्रोफाइल **सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवन** तथा **क्षेत्रप्रताप अधिकारीका काव्य प्रवृत्ति** शीर्षक शोधपत्र यिनका शोधमूलक कृति हुन् तर यी अप्रकाशित रहेकाले यिनको पहिलो पुस्तकाकार कृति अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गरी २०४९ सालमा प्रकाशन गरिएको **गाइड** उपन्यास हो । त्यसपछि यस चरणमा उनका **शोधविधि**, **ध्वनिविज्ञान र वर्णविज्ञान**, **नेपाली निबन्ध**, **नेपाली कविता**, **नाटक र इतिहास**जस्ता विविध विधासँग सम्बन्धित कृतिहरू प्रकाशित भएका छन् । उनको साहित्ययात्राको पहिलो चरणमा प्रकाशित पुस्तकाकार कृतिहरू निम्नानुसार रहेका छन् :

शीर्षक	विधा	प्रकाशक	प्रकाशन वर्ष
१. **सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवन**	अनुसन्धान	अप्रकाशित भिलेज प्रोफाइल	२०४५-२०४६
२. **क्षेत्रप्रताप अधिकारीका काव्य प्रवृत्ति**	अनुसन्धान	अप्रकाशित शोधपत्र	२०४६
३. **गाइड** (अङ्ग्रेजीबाट नेपालीमा अनुवाद)	उपन्यास	साहित्य गुठी	२०४९
४. **शोधविधि**	समालोचना	साझा प्रकाशन	२०५२
५. **ध्वनिविज्ञान र वर्णविज्ञान**	भाषाविज्ञान	नवीन प्रकाशन	२०५३
६. **नेपाली प्रकृति प्रत्यय कोश**	शब्दकोश	विद्यार्थी पुस्तक भण्डार	२०५३
७. **नेपाली बृहत् शब्दकोश** (संशोधन-परिमार्जन)	शब्दकोश	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०५३
८. **नेपाली कविता**	पाठ्यपुस्तक	विद्यार्थी पुस्तक भण्डार	२०५४
९. **नेपाली एकाङ्की**	पाठ्यपुस्तक	विद्यार्थी पुस्तक भण्डार	२०५४
१०. **नेपाली कवि र कविता**	पाठ्यपुस्तक	ऋभुविभु प्रकाशन	२०५४
११. **नेपाली निबन्ध**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०५४
१२. **हाम्रो नेपाली किताब**, कक्षा ८ (संशोधन-परिमार्जन)	पाठ्यपुस्तक	पाठ्यक्रम विकास केन्द्र	२०५४
१३. **नेपाली कविता र आख्यान**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०५५
१४. **नेपाली गद्य, भाषासाहित्य र इतिहास**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०५५
१५. **नेपाली गद्य र भाषासाहित्य**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०५५
१६. **नेपाली कविता, नाटक र इतिहास**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०५६
१७. **हाम्रो नेपाली किताब**, कक्षा ९ (संशोधन-परिमार्जन)	पाठ्यपुस्तक	पाठ्यक्रम विकास केन्द्र	२०५६
१८. **हाम्रो नेपाली किताब**, कक्षा १० (संशोधन-परिमार्जन)	पाठ्यपुस्तक	पाठ्यक्रम विकास केन्द्र	२०५६

माथिको विवरणलाई हेर्दा खगेन्द्रप्रसाद लुइटेलको यस चरणमा केही समालोचनात्मक कृतिहरूका साथै शब्दकोश, भाषाव्याकरण तथा विविध विधासँग सम्बन्धित पाठ्यपुस्तकहरू प्रकाशित भएका देखिन्छन् । २०४९ सालमा **गाइड** उपन्यासलाई अनुवाद गरी प्रकाशित गरेपछि पुस्तकाकार कृतिको प्रकाशन प्रारम्भ भएको लुइटेलको यस चरणमा थुप्रै पुस्तकाकार कृति र फुटकर लेखरचनाहरू प्रकाशित भएका छन् । यिनले यसै अवधिका बीचमा श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्रको नेपाली विषय समितिमा रहेर निम्नमाध्यमिक र माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रम र पाठ्यपुस्तकको संशोधन-परिमार्जन पनि गरेका छन् ।

यसै अवधिमा लुइटेलका थुप्रै फुटकर समालोचनात्मक लेखरचनाहरू पनि प्रकाशित छन् । यस चरणका उनका समालोचनात्मक लेखहरू व्यक्ति तथा विभिन्न विधाका साहित्यिक कृतिहरूसँग सम्बन्धित रहेका छन् । यस चरणमा यिनका ३५ वटा समालोचनात्मक लेख, सातवटा निबन्ध/प्रबन्ध र ११ वटा कृति समीक्षा प्रकाशित छन् । यस अवधिमा उनले विभिन्न व्यक्तिका विविध विधाका आठवटा पुस्तकमा भूमिका लेखेका छन् र यसै चरणमा स्नातकोत्तर तहका १८ जना शोधार्थीहरूलाई विभिन्न शीर्षकमा शोधनिर्देशनसमेत गरेका छन् । उनले यसै अवधिमा विभिन्न शीर्षकमा केन्द्रित भएर ३८ वटा कार्यपत्रहरू पनि प्रस्तुत गरेका छन् । यसको विस्तृत विवरण दोस्रो परिच्छेदका विभिन्न उपशीर्षकमा दिइएको छ ।

यसरी हेर्दा आफ्नो साहित्ययात्राको पहिलो चरणमै स्रष्टा र द्रष्टा दुवै रूपमा देखापरेका लुइटेलले साहित्यका विविध विधामा कलम चलाएका छन् । उनले लेखनको प्रारम्भतिरैदेखि प्रभाववादी पद्धतिलाई त्यागेर वस्तुवादी समालोचना पद्धतिको प्रयोग गरेको पाइन्छ । यिनको एम.ए. शोधपत्रमै पनि वस्तुवादी पद्धतिको प्रयोग पाइन्छ । विभिन्न ठाउँमा विभिन्न व्यक्तिद्वारा लुइटेलका बारेमा गरिएका पूर्वकार्यहरूका आधारमा उनका यस चरणमा पाइने समालोचनात्मक एवं साहित्यिक प्रवृत्तिहरू निम्नानुसार रहेका छन् :

- प्रभावको मात्रा न्यून र वस्तुताप्रतिको आग्रह अधिक,
- खोज र अनुसन्धानमा जोड दिने वस्तुवादी समालोचक,
- विषयवस्तुप्रति तटस्थ र वस्तुवादी दृष्टिकोण,
- विषयवस्तुको ठोस, वस्तुगत, स्पष्ट र तर्कपूर्ण प्रस्तुति,
- वैज्ञानिक पारा अँगालेर सरलतम् ढङ्गमा विषयवस्तु प्रस्तुत,
- सरल, सहज र वैज्ञानिक ढङ्गले सैद्धान्तिक र प्रायोगिक दुवै पक्षको ठोस अध्ययन प्रस्तुत,
- विषय र विधागत विविधता,
- प्रखर निर्भीक र निष्पक्ष समालोचक,
- श्यामव्यङ्ग्यको सैद्धान्तिक एवं समालोचकीय स्थापना,
- श्यामव्यङ्ग्यात्मक निबन्ध लेखनको प्रारम्भ,
- निबन्ध क्षेत्रमा नवीनता र प्रयोगपरकता आदि ।

४.२.२ दोस्रो चरण (२०५८ देखि यता)

खगेन्द्रप्रसाद लुइटेलको साहित्ययात्राको दोस्रो चरण *आशिष कविताको संरचनावादी विश्लेषण* (**जुही**, २०/१, २०५७-२०५८ चैत-जेठ) शीर्षक समालोचनात्मक लेखको प्रकाशनसँगै प्रारम्भ भएको देखिन्छ । यो लेख स्पष्ट संरचनावादी प्रारूप निर्माण गरी त्यसैअनुरूप लेखिएको नेपालीको पहिलो लेख भएकाले यसै लेखका माध्यमबाट नेपाली समालोचनाका क्षेत्रमा संरचनावादी समालोचना पद्धतिको प्रारम्भ भएको हो र यही आधारमा यिनको साहित्ययात्राको पहिलो चरण समाप्त भई दोस्रो चरण प्रारम्भ भएको हो । यस लेखमा यसभन्दा अगिका लेखमा भन्दा फरक किसिमको प्रस्तुति शैली पाइन्छ र यही लेखका माध्यमबाट दोस्रो चरण प्रारम्भ भएको हो । पहिलो चरणमा साहित्य सिर्जना र समालोचना दुवै क्षेत्रलाई अगि बढाए पनि समालोचना क्षेत्रमा बढी सक्रिय रहेका लुइटेलले यस चरणमा पनि साहित्य सिर्जना र समालोचना दुवैलाई निरन्तरता दिइरहेका छन् । उनी यस चरणमा पनि समालोचना क्षेत्रमै बढी सक्रिय देखिएका छन् । यस अवधिको सुरुमै उनले आफ्नो विद्यावारिधि शोधकार्य सम्पन्न गरी आफूलाई नेपालीमा संरचनावादी समालोचकका रूपमा स्थापित गरेका छन् र यो पुस्तकाकार कृतिका रूपमा पनि प्रकाशित भएको छ र यसबाट नेपालीमा संरचनावादी समालोचनाको विस्तार र मानक स्थापना भएको छ । यस चरणमा उनका **आधुनिक नेपाली समालोचना**लगायत विविध विधासँग सम्बन्धित प्रशस्तै विशिष्ट समालोचनात्मक कृतिहरू प्रकाशित भएका छन् । यसका साथै यसै अवधिमा उनका स्वदेशी एवं विदेशी शिक्षण संस्थाका विभिन्न तहका पाठ्यपुस्तकहरू पनि प्रकाशित भएका छन् । उनको साहित्ययात्राको दोस्रो चरणमा प्रकाशित कृतिहरू निम्नानुसार रहेका छन् :

शीर्षक	विधा	प्रकाशक	प्रकाशन वर्ष
१. **आधुनिक नेपाली समालोचना**	समालोचना	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०५७
२. **भाषासाहित्य सिद्धान्त**	समालोचना	कलम प्रकाशन	२०५७
३. **कोशविज्ञान**	कोशविज्ञान	प्रस्तुति प्रकाशन	२०५८
४. **हाम्रो नेपाली किताब**, कक्षा ६ (संशोधन-परिमार्जन)	पाठ्यपुस्तक	पाठ्यक्रम विकास केन्द्र	२०५८
५. **हाम्रो नेपाली किताब**, कक्षा ६ (संशोधन-परिमार्जन)	पाठ्यपुस्तक	पाठ्यक्रम विकास केन्द्र	२०५९
६. **पहरी भाषा संस्कृति**	भाषा	मदन पुरस्कार गुठी	२०५९
७. **नेपाली भाषाव्याकरण र नाटक**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०६०
८. **नेपाली काव्य र साहित्य**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०६०
९. **नेपाली गद्य**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०६०
१०. **आधुनिक भाषाविज्ञान**	भाषाविज्ञान	विद्यार्थी पुस्तक भण्डार	२०६०
११. **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**	समालोचना	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०६०
१२. **सनत रेग्मीका प्रतिनिधि कथा** (सम्पा.)	कथा	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान	२०६०

१३. **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन** (सम्पा.)	भाषा	रत्न पुस्तक भण्डार	२०६१
१४. **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**	समालोचना	विद्यार्थी पुस्तक भण्डार	२०६१
१५. **प्रयोजनपरक विशेष नेपाली**	पाठ्यपुस्तक	नवीन प्रकाशन	२०६१
१६. **कविताको संरचनात्मक विश्लेषण**	समालोचना	विद्यार्थी पुस्तक भण्डार	२०६२
१७. **लोकवार्ताविज्ञान र लोकसाहित्य**	लोकसाहित्य	विद्यार्थी पुस्तक भण्डार	२०६३
१८. **डा. बल्लभमणि दाहालका रचनाहरू** (सम्पा.)	भाषा	डा. सुभद्रा शर्मा	२०६३
१९. **हाम्रो नेपाली कक्षा नर्सरी**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
२०. **हाम्रो नेपाली कक्षा एल केजी**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
२१. **हाम्रो नेपाली कक्षा यु केजी**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
२२. **हाम्रो नेपाली कक्षा १**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
२३. **हाम्रो नेपाली कक्षा २**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
२४. **हाम्रो नेपाली कक्षा ३**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
२५. **हाम्रो नेपाली कक्षा ४**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
२६. **हाम्रो नेपाली कक्षा ५**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
२७. **हाम्रो नेपाली कक्षा ६**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
२८. **हाम्रो नेपाली कक्षा ७**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
२९. **हाम्रो नेपाली कक्षा ८**	पाठ्यपुस्तक	पालुवा प्रकाशन	२०६४
३०. **नेपाली व्याकरण कक्षा १**	व्याकरण	रिडमोर प्रकाशन	२०६६
३१. **नेपाली व्याकरण कक्षा २**	व्याकरण	रिडमोर प्रकाशन	२०६६
३२. **नेपाली व्याकरण कक्षा ३**	व्याकरण	रिडमोर प्रकाशन	२०६६
३३. **नेपाली व्याकरण कक्षा ४**	व्याकरण	रिडमोर प्रकाशन	२०६६
३४. **नेपाली व्याकरण कक्षा ५**	व्याकरण	रिडमोर प्रकाशन	२०६६
३५. **नेपाली व्याकरण कक्षा ६**	व्याकरण	रिडमोर प्रकाशन	२०६६
३६. **नेपाली व्याकरण कक्षा ७**	व्याकरण	रिडमोर प्रकाशन	२०६६
३७. **नेपाली व्याकरण कक्षा ८**	व्याकरण	रिडमोर प्रकाशन	२०६६

३८. **नेपाली व्याकरण कक्षा ९-१०**	व्याकरण	रिडमोर प्रकाशन	२०६६
३९. **नेपाली काव्य समालोचना**	समालोचना	पैरवी प्रकाशन	२०६७
४०. **नेपाली नाट्य समालोचना**	समालोचना	पैरवी प्रकाशन	२०६७
४१. **नेपाली गीत गजल भाग १**	समालोचना	साझा प्रकाशन	२०६७
४२. **देवकोटापूर्वका नेपाली कविता**	पाठ्यपुस्तक	गौहाटी युनिभर्सिटी, असम	सन् २०१०
४३. **देवकोटाउत्तरका नेपाली कविता**	पाठ्यपुस्तक	गौहाटी युनिभर्सिटी, असम	सन् २०१०
४४. **मोहन कोइरालाउत्तरका नेपाली कविता**	पाठ्यपुस्तक	गौहाटी युनिभर्सिटी, असम	सन् २०१०
४५. **समपूर्वका नेपाली नाटक**	पाठ्यपुस्तक	गौहाटी युनिभर्सिटी, असम	सन् २०१०
४६. **समउत्तरका नेपाली नाटक**	पाठ्यपुस्तक	गौहाटी युनिभर्सिटी, असम	सन् २०१०
४७. **पूर्वआधुनिक नेपाली साहित्यको इतिहास**	पाठ्यपुस्तक	गौहाटी युनिभर्सिटी, असम	सन् २०१०
४८. **आधुनिक नेपाली साहित्यको इतिहास**	पाठ्यपुस्तक	गौहाटी युनिभर्सिटी, असम	सन् २०१०
४९. **लोकसाहित्य**	पाठ्यपुस्तक	गौहाटी युनिभर्सिटी, असम	सन् २०१०
५०. **पूर्वीय साहित्य सिद्धान्त**	पाठ्यपुस्तक	गौहाटी युनिभर्सिटी, असम	सन् २०१०
५१. **पाश्चात्य साहित्य र समालोचना सिद्धान्त**	पाठ्यपुस्तक	गौहाटी युनिभर्सिटी, असम	सन् २०१०
५२. **देवकोटापूर्वका आख्यानेत्तर गद्य**	पाठ्यपुस्तक	गौहाटी युनिभर्सिटी, असम	सन् २०१०
५३. **नेपाली निबन्ध समालोचना**	समालोचना	पैरवी प्रकाशन	२०६८
५४. **पाश्चात्य साहित्य सिद्धान्त**	समालोचना	विद्यार्थी पुस्तक भण्डार	२०६८
५५. **लोकसाहित्य परिचय**	लोकसाहित्य	विद्यार्थी पुस्तक भण्डार	२०६८
५६. **चाउरिएको जिन्दगी**	निबन्ध	विद्यार्थी पुस्तक भण्डार	२०६८
५७. **बार वर्षपछि हनिमुन**	निबन्ध	पैरवी प्रकाशन	२०६८
५८. **नेपाली उपन्यासको इतिहास**	समालोचना	नेपाल प्रज्ञा प्रतिष्ठान	२०६९
५९. **हरिहर शास्त्रीका प्रमुख कविता** (सम्पा.)	कविता	शास्त्रीमार्ग टोल उपभोक्ता समिति	२०६९
६०. **बरालको आँसु** (सम्पा.)	कविता	साझा प्रकाशन	२०६९
६१. **मेरो नेपाली किताब कक्षा नर्सरी**	पाठ्यपुस्तक	एसिया पब्लिकेसन	२०७०
६२. **मेरो नेपाली किताब कक्षा एल केजी**	पाठ्यपुस्तक	एसिया पब्लिकेसन	२०७०

६३. **मेरो नेपाली किताब कक्षा यु केजी**	पाठ्यपुस्तक	एसिया पब्लिकेसन	२०७०
६४. **मेरो नेपाली किताब कक्षा १**	पाठ्यपुस्तक	एसिया पब्लिकेसन	२०७०
६५. **मेरो नेपाली किताब कक्षा २**	पाठ्यपुस्तक	एसिया पब्लिकेसन	२०७०
६६. **मेरो नेपाली किताब कक्षा ३**	पाठ्यपुस्तक	एसिया पब्लिकेसन	२०७०
६७. **मेरो नेपाली किताब कक्षा ४**	पाठ्यपुस्तक	एसिया पब्लिकेसन	२०७०
६८. **मेरो नेपाली किताब कक्षा ५**	पाठ्यपुस्तक	एसिया पब्लिकेसन	२०७०
६९. **मेरो नेपाली किताब कक्षा ६**	पाठ्यपुस्तक	एसिया पब्लिकेसन	२०७०
७०. **मेरो नेपाली किताब कक्षा ७**	पाठ्यपुस्तक	एसिया पब्लिकेसन	२०७०

माथिको विवरणलाई हेर्दा खगेन्द्रप्रसाद लुइटेलको साहित्ययात्राको दोस्रो चरणमा विभिन्न क्षेत्रका थुप्रै पुस्तकाकार कृतिहरू प्रकाशित भएका देखिन्छन् । यस अवधिमा प्रकाशित विभिन्न कृतिमध्ये कतिपय एकल लेखन र कतिपय सहलेखनमा प्रकाशित छन् भने कतिपय कृतिहरू सम्पादित तथा संशोधित-परिमार्जित रहेका छन् । लेखनको प्रारम्भतिरैदेखि प्रभाववादी पद्धतिलाई त्यागेर वस्तुवादी समालोचना पद्धतिको प्रयोग गरेका लुइटेलले दोस्रो चरणमा पनि त्यसलाई निरन्तरता दिई त्यसको मानक स्थापना गरेका छन् । यस अवधिमा यिनको विद्यावारिधि शोधप्रबन्ध **कविताको संरचनात्मक विश्लेषण** पुस्तकाकार रूपमा प्रकाशित भयो र यसले सिङ्गो नेपाली समालोचनाका क्षेत्रमा एउटा नयाँ मोड निर्माण गऱ्यो । यसै चरणमा प्रकाशित **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, **उपन्यासको इतिहास**लगायतका समालोचनात्मक कृतिहरू प्रकाशित छन् । यी कृतिहरूमा विधागत सिद्धान्त र इतिहाससमेत प्रस्तुत गरिएको छ । **नेपाली काव्य समालोचना, नेपाली नाट्य समालोचना, नेपाली निबन्ध समालोचना**जस्ता समालोचनात्मक कृतिका माध्यमबाट विधागत समालोचनाको विकास गरेको देखिन्छ । दोस्रो चरणमा लिखित लुइटेलका प्रायः सबै समालोचनात्मक कृतिहरूमा स्पष्ट प्रारूपका आधारमा वैज्ञानिक र वस्तुवादी ढङ्गबाट कृतिको विश्लेषण गरिएको पाइन्छ ।

यस चरणमा लुइटेलका **चाउरिएको जिन्दगी** श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह, **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रह प्रकाशित भएका छन् । **चाउरिएको जिन्दगी** श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रहका निबन्धहरू राजनैतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूलाई उदाङ्गो पार्न सफल भएका छन् भने **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रहका नियात्राहरू स्वदेश तथा विदेश भ्रमणका समयमा देखेका, भोगेका र अनुभव गरेका विषयवस्तुलाई राष्ट्रवादी चिन्तनका साथ आफ्नो कल्पनाले रङ्गाएर आत्मसंस्मरण निजात्मक पारामा ठाउँठाउँ व्यङ्ग्यात्मक अभिव्यक्तिका साथ विषयवस्तुलाई प्रस्तुत गर्न सफल छन् । उनका निबन्धहरूको विषय सामान्य भए पनि शिल्प पक्ष भने निकै तिख्खर र गहन रहेको छ । कतिपय निबन्ध तथा नियात्राहरू पहिलो चरणमै विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका भए तापनि सङ्ग्रहका रूपमा भने यसै चरणमा प्रकाशित भएका हुन् ।

लुइटेलले यस चरणमा थप्रै कविता, कथा, निबन्ध, प्रबन्ध तथा विविध विधासँग सम्बन्धित बालसाहित्यहरू लेखेका छन् । त्यसमध्ये कतिपय कविता, कथा विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् भने

कतिपय विद्यालय तहका विभिन्न कक्षाको पाठ्यपुस्तकमा समावेश भएका छन् । यसका साथै यस चरणमा उनका १५० भन्दा बढी समालोचनात्मक लेख, थुप्रै निबन्ध प्रबन्ध, व्यक्तिसंस्मरणहरू र केही कृति समीक्षा पनि विभिन्न पत्रिकामा प्रकाशित भएको पाइन्छ । यस अवधिमा उनले विभिन्न विधाका छ दर्जनभन्दा बढी पुस्तकको भूमिका लेखेका छन् । विद्यावारिधि तहका छ शोधार्थीको शोधप्रबन्ध विशेषज्ञ तथा शोधनिर्देशन बनेका लुइटेलले स्नातकोत्तर स्तरका एक सयभन्दा बढी शोधार्थीहरूलाई विभिन्न विधाका शीर्षकहरुमा शोधनिर्देशन गरिसकेका छन् ।

लुइटेलका यस चरणमा प्रकाशित समालोचनात्मक कृतिहरू साहित्यका विभिन्न विधासँग सम्बन्धित रहेका छन् । उनले दोस्रो चरणमा आएर भाषा, लोकसाहित्यलाई अझ बढी महŒव दिएका छन् । पहिलो चरणमा राष्ट्रिय स्तरमा मात्र संलग्न देखिएका लुइटेलको संलग्नता दोस्रो चरणमा भने अन्तराष्ट्रिय क्षेत्रमा विस्तारित भएको देखिन्छ । यस चरणमा उनको लेखन डायस्पोरा साहित्य क्षेत्रतिर प्रवेश गरेको छ । उनको लेखनमा नयाँ क्षेत्र थपिँदै गएका भए तापनि पहिलो चरणका लेखन क्षेत्रहरूलाई पनि उनले निरन्तरता दिइरहेका छन् । लेखनको प्रारम्भतिरदेखि नै वस्तुवादी समालोचना पद्धतिको प्रयोग गर्ने लुइटेलले यसै चरणमा वस्तुवादी, यथार्थवादी समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिको प्रवर्तनका साथै सांस्कृतिक र डायस्पोरिक समालोचनाको समेत प्रवर्तन गरी त्यही पद्धतिअनुरूप कुनै पनि कृतिको विश्लेषण गरेको पाइन्छ । यस चरणमा लुइटेलको आफ्नो प्राध्यापन पेसा, अध्ययन र विद्वता अभिव्यक्त भएको छ ।

दोस्रो चरणमा स्रष्टा र द्रष्टा दुवैका रूपमा देखिएका लुइटेलको सङ्ख्यात्मक र गुणात्मक रूपमा हेर्दा स्रष्टा भन्दा द्रष्टा व्यक्तित्व नै बढी उर्वर रहेको छ । उनलाई आफ्नो प्रतिभा, ज्ञान, अनुभव, भ्रमण, पेसा जस्ता विविध पक्षहरूले स्रष्टा र द्रष्टाका रूपमा स्थापित गराएका छन् । नेपाली साहित्यका क्षेत्रमा स्रष्टा र द्रष्टा दुवै क्षेत्रलाई आफ्नो लेखनभित्र समेट्न सक्ने लुइटेलले यस चरणमा आएर आफूलाई वस्तुवादी समालोचक, सांस्कृतिक समालोचक, डायस्पोरिक समालोचक, निबन्धकार, लेखक, अनुसन्धाता एवं सशक्त प्राज्ञका रूपमा स्थापित गरेका छन् । पहिलो चरणमै वस्तुवादी समालोचना पद्धतिको प्रयोग प्रारम्भ गरिसकेका लुइटेलका यस चरणका प्रायः सबै लेखनहरूमा यही पद्धतिको प्रयोग गरिएको छ । पूर्वीय पाश्चात्य साहित्यसिद्धान्त, शोधसिद्धान्त, संरचनावादी सिद्धान्त आदि प्रकृतिका सैद्धान्तिक समालोचना र ऐतिहासिक, कृतिपरक, भाषापरक, अन्तर्विषयक, बहुलवादी आदि प्रकृतिका प्रायोगिक समालोचना उनले लेखेका छन् । संरचनावादी र विधातŒव केन्द्रित एउटै प्रारूपभित्र प्रयोगिक समालोचना लेखन, सैद्धान्तिक र लोकसाहित्यिक अनुसन्धान, वस्तुनिष्ठ भाषाको प्रयोग, अनुसन्धानमूलक, विश्लेषणात्मक र वर्णनात्मक विधिको अवलम्बन र कृतिको सौन्दर्यको मूल्य निरूपण एवं स्पष्ट दृष्टिकोण आदि उनका समालोचनामा पाइने विशेषता हुन् । आधुनिक र नवीन मान्यतामा आधारित समालोचना लेख्ने लुइटेलका समालोचना वस्तुगत छन् । विभिन्न पुस्तक, पत्रपत्रिका, शोधपत्रआदिमा यसभन्दा अगि उनका बारेमा भएका पूर्वकार्यका अनुसार लुइटेलका यस चरणका विशेषताहरू निम्नानुसार रहेका छन् :

- भाषाकेन्द्री र वस्तुवादी ढङ्गले सैद्धान्तिक र प्रायोगिक पक्षको समन्वय गराई नेपालीमा संरचनावादी समालोचना पद्धतिको प्रवर्तन, विकास र मानक स्थापना,
- डायस्पोरिक र सांस्कृतिक समालोचनाको प्रवर्तन,

- अध्ययनशील अनुसन्धाता र जाँगरिला निडर लेखक,
- अभिव्यक्तिमा स्पष्टता, तार्किक प्रामाणिकता,
- वैज्ञानिकता, परिपक्वता र व्यवस्थितपन,
- गहन अध्ययन, चिन्तन मनन, अनुसन्धान र लगन,
- प्रभाववादिताबाट मुक्त रही वैज्ञानिक र वस्तुगत ढङ्गले कृति विश्लेषण,
- मौलिक हेराइ, सुगठित अभिव्यक्तिशालीन चिन्तन,
- प्रवाहमय भाषा, मिहिन चित्रण एवं कुशल प्रस्तुति,
- सैद्धान्तिक स्पष्टता, ऐतिहासिक प्रामाणिकता,
- आधिकारिक, प्रामाणिक, वैज्ञानिक एवं वस्तुनिष्ठ सामग्रीको प्रयोग,
- वस्तुवादी, भाषावादी एवं संरचनावादी समालोचक,
- विषयवस्तुको ठोस, वस्तुगत, स्पष्ट र तर्कपूर्ण प्रस्तुति,
- अस्पष्ट, सन्दिग्ध, द्वयर्थक र घुमाउरो किसिमको भाषिक प्रयोगबाट टाढा,
- विधासचेततासँगै सैद्धान्तिक, ऐतिहासिक र अन्वेषणात्मक समालोचनात्मक प्रवृत्ति,
- विवरणात्मक, व्याख्याविश्लेषणात्मक, संरचनात्मक, ऐतिहासिक आदि पद्धतिको प्रयोग,
- विधाविशेषका पुस्तकाकार समालोचनात्मक कृतिको प्रकाशन,
- श्यामव्यङ्ग्यात्मक निबन्ध तथा नियात्रा लेखन,
- विधापरक इतिहास लेखक,
- कृति विश्लेषणमा वस्तुवादी पद्धतिको प्रयोग,

यस चरणमा लुइटेलले प्रमुख अतिथि, प्रमुख वक्ता, कार्यपत्र प्रस्तोता आदिका रूपमा युरोप, अमेरिकालगायत संसारका विभिन्न ठाउँमा भ्रमण गरी आफ्नो पहिचान विश्वभर फिँजाएका छन् । युरोप अमेरिका भ्रमणका बेला उनलाई त्यहाँका श्रव्य-दृश्य र छापा सञ्चार माध्यमले अत्यधिक महत्व दिई उनका विचारहरूलाई प्रवाहित गरेको देखिन्छ । उनका यी विचारहरू गुगल, विभिन्न अनलाइन, वेवसाइट आदिमा जतातै हेर्न र सुन्न पाइन्छ । यो उनको यस चरणको सर्वाधिक महत्वपूर्ण उपलब्धि हो ।

४.३ निष्कर्ष

खगेन्द्रप्रसाद लुइटेलले आनो चार दशकभन्दा लामो साहित्ययात्रामा नेपाली साहित्यका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा वरिष्ठ समालोचक, निबन्धकार, पाठ्यपुस्तक लेखकका रूपमा प्रसिद्धिको शिखर प्राप्त गरिसकेका छन् । विविध विधासँग सम्बन्धित पुस्तकाकार कृतिका अतिरिक्त उनले शब्दकोशको सम्पादन, संशोधन-परिमार्जन, विभिन्न साहित्यकारका विविध विधाका कृतिहरूको सम्पादन गर्नाका साथै अङ्ग्रेजी भाषामा रहेको **गाइड** उपन्यासको नेपालीमा अनुवाद समेत गरेका छन् । उनी नेपाली समालोचना र भाषासाहित्यका क्षेत्रमा सक्रिय रूपले लागिपरेका छन् र सफलता प्राप्त गर्दै आएका छन् । तुलनात्मक रूपमा समालोचना क्षेत्रमा बढी सक्रिय रहेका लुइटेलले नेपाली साहित्यमा वस्तुवादी समालोचना पद्धतिको प्रवर्तन

मात्र नगरी यसको विकास र विस्तारसमेत गरेका छन् । उनका हालसम्ममा **आधुनिक नेपाली समालोचना**, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, **कविताको संरचनात्मक विश्लेषण**, **उपन्यासको इतिहास**जस्ता विविध विधासँग सम्बन्धित समालोचनात्मक कृतिहरू प्रकाशित छन् । उनका प्रायः सबैजसो समालोचनात्मक कृतिहरूमा विधागत सिद्धान्त र इतिहासको वस्तुगत प्रस्तुति पाइन्छ । स्पष्ट प्रारूप निर्माण गरी त्यसैअनरूप कृतिको विश्लेषण गर्ने लुइटेलको यो शैली समालोचनात्मक कृतिमा मात्र नभएर पाठ्यपुस्तकहरूमा पनि लागु भएको देखिन्छ । कसैप्रति आग्रही र पूर्वग्राही नबनी कृतिलाई आधार बनाएर विश्लेषण गर्नुपर्छ भन्ने मान्यता राख्ने लुइटेलका सबैजसो कृति तथा फुटकर लेखहरूमा वस्तुवादी पद्धतिको प्रयोग गरिएको हुन्छ । विद्यार्थीको स्तर र क्षमताअनुरूपको भाषाशैलीको प्रयोग गरी सरल र सङ्क्षिप्त रूपमा विषयवस्तु प्रस्तुत गर्ने लुइटेलका सबै पुस्तकहरूमा तहगत स्तरलाई ध्यान दिइएको पाइन्छ ।

निबन्धकार खगेन्द्रप्रसाद लुइटेलका **चाउरिएको जिन्दगी** र **बार वर्षपछि हनिमुन** शीर्षक निबन्ध सङ्ग्रह प्रकाशित छन् । यी दुवै सङ्ग्रहमा सङ्गृहीत केही निबन्धहरू पहिलो चरणमै विभिन्न पत्रिकाहरूमा प्रकाशित भइसकेका भए तापनि ती विभिन्न पत्रिकामा छरिएर रहेका निबन्धहरूलाई सङ्गृहीत गर्ने काम भने दोस्रो चरणमा मात्र गरिएको छ । निबन्ध क्षेत्रमा श्यामव्यङ्ग्यात्मक निबन्ध लेखनको प्रारम्भ गर्ने लुइटेलको **चाउरिएको जिन्दगी** श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह यस क्षेत्रको पहिलो निबन्ध सङ्ग्रह हो । उनले यस श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रहमा सामाजिक, शैक्षिक, साञ्चारिक, धार्मिक आदि विभिन्न क्षेत्रमा व्याप्त रहेका विसङ्गति र विकृतिहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् । उनको **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रहमा सङ्गृहीत नियात्राहरूमा आफूले विभिन्न ठाउँमा विविध प्रयोजनका लागि गरेका भ्रमणका समयमा घटेका घटनाहरूलाई क्रमबद्ध रूपमा सिलसिला मिलाएर प्रस्तुत गरेका छन् ।

यसरी हेर्दा साहित्य सिर्जना र समालोचना दुवै क्षेत्रमा कलम चलाएका वरिष्ठ साहित्यकार एवं समालोचक खगेन्द्रप्रसाद लुइटेलले प्रभाववादी समालोचना पद्धतिको प्रयोग भइरहेको नेपाली समालोचनाका क्षेत्रमा वस्तुवादी समालोचना पद्धतिको प्रारम्भ गरी त्यसलाई आफ्ना पुस्तकाकार कृति र लेखहरूमा प्रयोग गर्नाका साथै निबन्धका क्षेत्रमा पनि नयाँ प्रयोग गरेका छन् । उनले अरूले हात नहालेका विभिन्न नयाँ क्षेत्रमा हात हाली त्यसमा सफलता प्राप्त गरेका छन् ।

पाँचौँ परिच्छेद

खगेन्द्रप्रसाद लुइटेलका समालोचनात्मक कृति, फुटकर समालोचना र समीक्षाहरूको परिचयात्मक अध्ययन

५.१ विषयप्रवेश

खगेन्द्रप्रसाद लुइटेलले नेपाली साहित्यका समालोचना, निबन्ध, प्रबन्ध, कविता, कथा आदि विधामा कलम चलाएको पाइन्छ । विभिन्न विधामा कलम चलाएका लुइटेलले प्रसिद्धि प्राप्त गरेको सर्वप्रमुख विधा समालोचना हो । हालसम्ममा उनका एकदर्जनभन्दा बढी समालोचनात्मक कृतिहरूका साथै दुई सयभन्दा बढी समालोचनात्मक फुटकर लेखहरू र केही पुस्तक समीक्षाहरू विभिन्न पत्रपत्रिका तथा वेवसाइटहरूमा प्रकाशित छन् । उनका पुस्तक प्रकाशनका समाचारहरू पनि प्रशस्तै प्रकाशित भएका छन् । उनको विद्यावारिधि शोधकार्य सम्पन्न भएको समाचार राष्ट्रिय स्तरका सबैजसो पत्रिकाले अत्यन्त महत्वका साथ प्रकाशित गरेको देखिन्छ । यस परिच्छेदमा उनका समालोचनात्मक कृति, उपलब्ध भएसम्मका विभिन्न पत्रपत्रिकामा प्रकाशित समालोचनात्मक लेखहरू तथा पुस्तक समीक्षाहरूको परिचयात्मक अध्ययन गरिएको छ भने वेवसाइटमा प्रकाशित लेख तथा पुस्तक समीक्षाको विवरण मात्र प्रस्तुत गरिएको छ ।

५.२ समालोचनात्मक कृतिहरूको परिचयात्मक अध्ययन

नेपाली समालोचनाका क्षेत्रमा विश्वको नवीनतम समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिका प्रवर्तक र विस्तारक खगेन्द्रप्रसाद लुइटेलको लेखनको मुख्य क्षेत्र समालोचना नै रहेको छ । संरचनावादी, भाषावादी, वस्तुवादी समालोचक लुइटेलका समालोचना क्षेत्रका **शोधविधि** (२०५२), **आधुनिक नेपाली समालोचना** (२०५७), **भाषासाहित्य सिद्धान्त** (२०५७), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (२०६१), **कविताको संरचनात्मक विश्लेषण** (२०६२), **लोकवार्ताविज्ञान र लोकसाहित्य** (२०६३), **नेपाली काव्य समालोचना** (२०६७), **नेपाली नाट्य समालोचना** (२०६७), **नेपाली निबन्ध समालोचना** (२०६८), **पाश्चात्य साहित्य सिद्धान्त** (२०६८), **लोकसाहित्य परिचय** (२०६८), **नेपाली उपन्यासको इतिहास** (२०६९) गरी एक दर्जनभन्दा बढी समालोचनात्मक कृति प्रकाशित छन् । यस परिच्छेदमा लुइटेलका यिनै समालोचनात्मक कृतिहरूको परिचयात्मक अध्ययन तल क्रमशः *परिचय, विषयवस्तु, भाषाशैली र निष्कर्ष* शीर्षकमा पुस्तकको प्रथम प्रकाशनका क्रममा गरिएको छ ।

५.२.१ शोधविधि

१.परिचय

प्रस्तुत **शोधविधि** नामक सैद्धान्तिक समालोचनात्मक कृति सर्वप्रथम साझा प्रकाशनबाट २०५२ सालमा प्रकाशित भएको हो । यो कृति २०५२ सालपछि क्रमशः २०५५, २०६२ र २०६६ सालसम्ममा चौथो संस्करण प्रकाशित भइसकेको छ । यी विभिन्न संस्करणमध्ये यहाँ २०६६ सालमा प्रकाशित चौथो संस्करणको विश्लेषण गरिएको छ । यो कृति सेतो, रातो, हरियो, निलो विभिन्न रङको आवरण भएको डिमाइ आकारको २५० पृष्ठमा संरचित तथा तिन खण्डमा विभाजित छ । यो पुस्तक त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयका विभिन्न तहका पाठ्यक्रममा समावेश गरिएको छ । यस कृतिको पहिलो खण्ड शोध र शोधसम्बन्धी सैद्धान्तिक प्रस्तुतिमा केन्द्रित छ भने दोस्रो खण्ड विविध क्षेत्रका शोधकार्यको विवरणसँग सम्बन्धित रहेको छ । *पहिलो खण्ड : शोधसिद्धान्त*अन्तर्गत *अनुसन्धान : सैद्धान्तिक परिचय, शोधपद्धति, शोधप्रस्ताव, सामग्री सङ्कलन र यसका पद्धति, सामग्रीको अध्ययन विश्लेषण र सामान्यीकरण, शोधको प्रस्तुतीकरण : प्रतिवेदन लेखन, शोधप्रबन्धको भाषाशैली, टङ्कण र गाताबन्दी* गरी आठ शीर्षक रहेका छन् भने दोस्रो खण्डमा *त्रिभुवन विश्वविद्यालयबाट भएका विद्यावारिधि शोधकार्य, एम्.ए. शोधकार्य एवं सिर्जनात्मक लेखन कार्य, नेपाली स्नातक शोधकार्य* गरी तिन शीर्षक रहेका छन् । कृतिको तेस्रो खण्ड *परिशिष्ट खण्ड*अन्तर्गत पुस्तक व्यवस्थापन पद्धति राखिएको छ ।

२. विषयवस्तु

पहिलो खण्डको पहिलो शीर्षक *अनुसन्धानको सैद्धान्तिक परिचय* शीर्षकअन्तर्गत *परिचय, अनुसन्धानको अर्थ, अनुसन्धानका परिभाषा, अनुसन्धानका प्रकार, अनुसन्धानको उद्देश्य, अनुसन्धानका विशेषताहरू, अनुसन्धानको आवश्यकता, अनुसन्धानको महत्व, अनुसन्धानको प्रयोजन* र *अनुसन्धानका चरण* गरी दसवटा उपशीर्षक रहेका छन् । यी विभिन्न उपशीर्षकमा अनुसन्धानको सैद्धान्तिक पक्षबारे विस्तृत रूपमा जानकारी प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *शोधपद्धति*अन्तर्गत *परिचय* र *शोधपद्धतिका प्रकार* गरी दुई उपशीर्षक रहेका छन् । यसमा शोधपद्धतिको परिचयसहित परम्परित र वैज्ञानिक गरी दुई वर्गमा शोधका प्रकारहरू प्रस्तुत गर्दै परम्परित पद्धतिलाई निगमनात्मक र आगमनात्मक पद्धतिमा तथा वैज्ञानिक पद्धतिलाई ऐतिहासिक, वर्णनात्मक, प्रयोगात्मक, तुलनात्मक, विश्लेषणात्मक, अन्तरविषयात्मक जस्ता पद्धतिमा विभाजन गरी चर्चा गर्दै उक्त पद्धतिहरूका प्रमुख विशेषताहरू समेत प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *शोधप्रस्ताव*अन्तर्गत *परिचय, शोधक्षेत्रको छनौट* र *शोधपत्रको ढाँचा* गरी तिन उपशीर्षक रहेका छन् । यसमा शोधप्रस्तावको परिचयसहित शोध क्षेत्रको छनोटमा ध्यान दिनुपर्ने कुराहरू प्रस्तुत गर्दै शोधप्रस्तावको ढाँचा प्रस्तुत गरिएको छ । *शोधप्रस्तावको ढाँचा* उपशीर्षकमा शोधशीर्षक, शोधप्रयोजन, समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य महत्व र उपयोगिता, प्राक्कल्पना, अध्ययनको

सीमाङ्कन, सामग्री सङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोधविधि, शोधपत्रको रूपरेखा, समयावधि र लागत, सन्दर्भग्रन्थसूची जस्ता शोध प्रस्तावका संरचक तत्वहरूका बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ ।

चौथो शीर्षक *सामग्री सङ्कलन र यसका पद्धति*अन्तर्गत *परिचय, सामग्री सामग्रीका स्रोतहरू, सामग्री सङ्कलनका* पद्धतिहरू र *टिपोट* गरी चार उपशीर्षक रहेका छन् । यस शीर्षकमा सामग्री सङ्कलनको परिचय, यसको महत्व र आवश्यकता प्रस्तुत गर्दै सामग्री सङ्कलनका प्राथमिक र द्वितीयक गरी दुई स्रोतहरूका बारेमा चर्चा गरी सामग्री सङ्कलनका पद्धतिहरूमा पुस्तकालयीय, प्रयोगशालीय, क्षेत्रीय अध्ययन, नमुना छनोट जस्ता पद्धतिहरूको बारेमा चर्चा गरिएको छ । त्यसपछि *टिपोट* उपशीर्षकमा टिपोटको परिचय र आवश्यकतासहित टिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरूबारे जानकारी गराइएको छ ।

पाँचौं शीर्षक *सामग्रीको अध्ययन, विश्लेषण र सामान्यीकरण* रहेको छ । यसमा *परिचय, परिभाषीकरण, सामग्रीको वर्गीकरण, सामग्रीको व्यवस्थापन, खण्डन-मण्डन तथा अन्वक-व्यतिरेक, तुलना-प्रतितुलना, निश्कर्ष वा सामान्यीकरण* गरी सात उपशीर्षक रहेका छन् । यसमा सामग्रीको अध्ययन, विश्लेषण र सामान्यीकरण र परिभाषीकरणका बारेमा सामान्य जानकारी दिँदै सामग्रीको वर्गीकरणका आधारहरू प्रस्तुत गरिएको छ । त्यसपछि तालिकीकरण, तथ्याङ्कन, सत्यापन, विश्लेषण, अर्थापन जस्ता सामग्रीको व्यवस्थापनका प्रकारहरूको प्रस्तुतिसहित खण्डन-मण्डन तथा अन्वक-व्यतिरेक र तुलना-प्रतितुलनाका बारेमा जानकारी गराई निष्कर्ष वा सामान्यीकरण उपशीर्षकमा सामान्यीकरणमा ध्यान दिनुपर्ने कुराहरू, यसका गुण र विशेषताहरू तथा प्रकारका बारेमा चर्चा गरिएको छ ।

छैटौं शीर्षक *शोधको प्रस्तुतीकरण : प्रतिवेदन लेखन*अन्तर्गत *परिचय, शोधपत्रको सङ्गठन, मस्यौदा, परिमार्जन र साफी, शोधप्रतिवेदनका तहहरू, शोधप्रतिवेदनको उद्देश्य, शोधप्रतिवेदनका गुण वा विशेषता, शोधप्रतिवेदनको महत्व* र *शोधपत्रको ढाँचा* गरी आठ उपशीर्षक रहेका छन् । यसमा शोधको प्रस्तुतीकरण : प्रतिवेदन लेखन, शोधपत्रको सङ्गठन र यसका फाइदा, मस्यौदा, परिमार्जन र साफी जस्ता पक्षको बारेमा चर्चा गर्दै विषयवस्तुको तार्किक विश्लेषण, अन्तिम रूपरेखा निर्माण, खेस्रा मस्यौदाको लेखन आदिजस्ता शोधप्रतिवेदनका तहहरूबारे जानकारी दिँदै शोधप्रतिवेदनका उद्देश्य, गुण वा विशेषता, महत्वबारे उल्लेख गर्दै शोधपत्रको ढाँचा प्रस्तुत गरिएको छ । यस शीर्षकमा शोधपत्रको प्रारम्भिक भागदेखि पादटिप्पणी र सन्दर्भसामग्रीसम्मका कुराहरूका बारेमा जानकारी गराइएको छ ।

सातौं शीर्षक *शोधपत्रको भाषाशैली* रहेको छ । यस शीर्षकमा शोधमा प्रयोग गरिने भाषा शोधको विषय साहित्य, भाषा, लोकसाहित्य आदिअनुरूप हुने कुरा उल्लेख गर्दै शोधको भाषाशैली निर्धारण गर्ने आधारहरूको प्रस्तुतिका साथ असल शोधपत्रको भाषाशैलीमा हुनुपर्ने आवश्यक विशेषताहरू उल्लेख गरिएको छ ।

आठौं शीर्षक *टङ्कण र गाताबन्दी* रहेको छ । यसमा *परिचय, स्थानाङ्कन, पृष्ठाङ्कन, शब्दविभाजन, देवनागरी टङ्कणका सीमा, टङ्कणको रूजु र संशोधन, कागज र मसीको प्रयोग* गरी आठ उपशीर्षक रहेका छन् । यसमा टङ्कणको परिचय, स्थानाङ्कनका सामान्य नियमहरू, पृष्ठाङ्कन र शब्दविभाजनमा ध्यान दिनुपर्ने

कुराहरूबारे जानकारी गराउँदै देवनागरी टङ्कणका सीमाको जानकारीसहित टङ्कणको रूजु र संशोधन कागज र मसीको प्रयोग तथा गाताबन्दीजस्ता कुरामा विशेष ध्यान दिनुपर्ने कुरा प्रस्तुत गरिएको छ ।

दोस्रो खण्डको पहिलो शीर्षक *विद्यावारिधि शोधकार्य* शीर्षकअन्तर्गत नेपाली, इतिहास, अर्थशास्त्र, राजनीतिशास्त्र, संस्कृति, अङ्ग्रेजी, नेवारी, मैथिली, हिन्दी, समाजशास्त्र-मानवशास्त्र, भूगोल, संस्कृत, मनोविज्ञान, गृहविज्ञान आदि विविध विषयमा भएका शोधकार्यहरूको विवरण प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *एम्.ए. शोधकार्य एवं सिर्जनात्मक लेखन कार्य* शीर्षकअन्तर्गत एम्.ए. तहमा नेपाली, इतिहास, भूगोल, राजनीतिशास्त्र आदि विभिन्न विषयमा भएका शोधकार्य तथा सिर्जनात्मक लेखनकार्यबारे जानकारी गराइएको छ । नेपाली विषयमा भएका शोध तथा सिर्जनात्मक लेखनकार्यलाई बढी महत्व दिँदै नेपाली केन्द्रीय विभाग कीर्तिपुर, स्नातकोत्तर क्याम्पस विराटनगर, पद्मकन्या बहुमुखी क्याम्पस काठमाडौँ, त्रिचन्द्र बहुमुखी क्याम्पस, पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरा आदि विभिन्न क्याम्पसबाट भएका शोध तथा सिर्जनात्मक कार्यको विवरण प्रस्तुत गरिएको छ । नेपाली केन्द्रीय विभाग कीर्तिपुरबाट भएका शोधकार्यहरूलाई जीवनी, व्यक्तित्व र कृतित्वसम्बन्धी शोधकार्य, भाषाव्याकरणसम्बन्धी शोधकार्य, कथासम्बन्धी शोधकार्य, पत्रपत्रिकासम्बन्धी शोधकार्य, सङ्घसंस्थासम्बन्धी शोधकार्य, सिर्जनात्मक लेखनकार्य गरी विभिन्न शीर्षकका शोध तथा सिर्जनात्मक लेखनकार्य प्रस्तुत गरिएको छ भने अन्य क्याम्पसबाट भएका शोधकार्यलाई भने शीर्षक नछुट्ट्याई प्रस्तुत गरिएको छ ।

नेपाली स्नातक शोधकार्य शीर्षकअन्तर्गत पद्मकन्या क्याम्पस काठमाडौँ, मेची क्याम्पस झापा, रत्न राज्यलक्ष्मी क्याम्पस काठमाडौँ, महेन्द्र बहुमुखी क्याम्पस धरान, भोजपुर बहुमुखी क्याम्पस भोजपुर, शिक्षाशास्त्र सङ्काय कीर्तिपुर आदि विभिन्न क्याम्पसमा नेपाली विषयमा भएका शोधकार्यहरू प्रस्तुत गरिएको छ ।

तेस्रो खण्ड*परिशिष्ट खण्ड*अन्तर्गत पुस्तक व्यवस्थापन पद्धतिबारे जानकारी गराउँदै अन्त्यमा सन्दर्भग्रन्थसूची प्रस्तुत गरिएको छ ।

३. भाषाशैली

शोधविधि नामक समालोचनात्मक कृतिमा शोधजस्तो जटिल विषयवस्तुलाई अत्यन्त सरल भाषाशैलीमा प्रस्तुत गरिएको छ । केही आगन्तुक शब्दहरूको पनि प्रयोग गरिएको यस पुस्तकका प्रत्येक शीर्षकलाई कोष्ठमा अङ्ग्रेजी भाषामा दिइनुका साथै प्राविधिक शब्दहरूलाई नेपाली र अङ्ग्रेजी दुवैमा प्रस्तुत गरिएको छ । "शुद्ध तथा सरल भाषाको प्रयोग र सारपूर्ण प्रस्तुतिका कारण यस पुस्तकको विषयवस्तु जटिल र सुपाच्य बन्न पुगेको छ ।"[२०९] यसमा सैद्धान्तिक स्पष्टता, तथ्याङ्को शुद्धता र प्रस्तुतिमा नवीनता रहेको छ र व्याख्यात्मकभन्दा सूत्रात्मक र बुँदात्मक शैलीको प्रयोग गरिएको छ ।

---

२०९. कृष्णहरि बराल, *नयाँ कृति*, **गोरखापत्र**, (२०५२ पुस २२), पृ. ख ।

४. निष्कर्ष

शोधकार्य विधिपूर्वक गरिने गम्भीर कार्य भएकाले शोधकार्यका सम्बन्धमा शोधविधिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शोधकार्यसँग सम्बन्धित प्रस्तुत **शोधविधि** नामक कृति शोधविधिको बारेमा विस्तृत जानकारी प्रस्तुत गरिएको एक महत्वपूर्ण कृति हो । शोधसम्बन्धी सैद्धान्तिक समालोचना प्रस्तुत गरिएको तिन खण्डमा संरचित यस कृतिको पहिलो खण्डमा शोधविधिसम्बन्धी सैद्धान्तिक प्रस्तुति रहेको छ भने दोस्रो खण्डमा विविध क्षेत्रका शोधकार्यहरूको विस्तृत विवरण प्रस्तुत गरिएको छ । तेस्रो खण्डमा पुस्तक व्यवस्थापन पद्धतिबारे जानकारी गराइएको छ । "शोधक्षेत्रमा प्रारम्भिक प्रवेश गर्ने प्रशिक्षार्थीलाई चाहिनेजति मात्रा र अनुपात मिलाएर सैद्धान्तिक, व्यावहारिक ज्ञान एवं सीप प्रदान गर्ने यो कृति नेपाली भाषामा शोधविधिको परिचय दिने प्रथम प्रकाशन नभए पनि यसमा समाविष्ट दोस्रो खण्डका सामग्रीले यसको उपयोगिता बढाएको छ ।"[२१०] "अनुसन्धानको ठोस, व्यवस्थित सरलीकृत सैद्धान्तिक सामग्रीसहित भइसकेका शोधकार्यहरूको अधिकतम सङ्कलन, सङ्ग्रहणका रूपमा नेपाली संसारको अनुसन्धान क्षितिजमा यो कृति एउटा ऐतिहासिक दस्तावेज हुन सक्षम भएको छ ।"[२११] "शोधविधिसँग सम्बन्धित पुस्तकहरू त्यति नभएको आजको सन्दर्भमा यसको महत्व ज्यादै देखिन्छ ।"[२१२] शोधको प्रस्तुतिकरण, प्रतिवेदन लेखन, टङ्कण र गाताबन्दीजस्ता ससाना तर प्राविधिक दृष्टिले महत्वपूर्ण पक्षहरूलाई पनि लेखकले विवेचना गर्न बिर्सेका छैनन् ।"[२१३] "नेपाली भाषामा शोधविधिबारे सामग्री अभाव भइरहेको सन्दर्भमा प्रकाशित यो पुस्तक मानविकी, व्यवस्थापन, संस्कृतलगायतका विविध विषयमा अध्ययन-अनुसन्धान गर्न इच्छुक शिक्षक, विद्यार्थी, अनुसन्धाता सबैका लागि उपयोगी रहेको र पुस्तकको दोस्रो खण्डमा हालसम्म भएका शोधकार्यहरूको विवरण दिइएकाले यसबाट विषय चयनमा सुगमता हुने पक्का छ र यो पुस्तकको महत्त्वपूर्ण पक्ष हो ।"[२१४] "अनुसन्धानको सैद्धान्तिक परिचयदेखि लिएर अनुसन्धानका सबै चरणहरूको वर्णन र शोधार्थीलाई अनुसन्धानका सिलसिलामा आइपर्ने ससाना प्राविधिक समस्याहरूको निराकरण गर्ने उपायहरूको निर्देशका अतिरिक्त प्रस्तुतिको नवीनता, विषयगत स्पष्टता, भाषिक सरलता र शोधका सबै आयामहरूको प्रतिपादनमा कुशलताका कारणबाट नेपाली शोध वा अनुसन्धानका परम्परामा यस कृतिको आफ्नै महत्व रहेको देखिन्छ ।"[२१५] "शोधका विधिहरूसम्बन्धी पुस्तक विरलै रहेको अवस्थामा सरल भाषाशैली अपनाएर लेखिएको प्रस्तुत कृति विद्यार्थी वर्गका साथै शोधकार्य गर्न इच्छुक सबै

---

२१०. शिवप्रसाद सत्याल, *गर्जो टार्ने प्रकाशन-शोधविधि*, **गरिमा**, (१४/४, २०५२ चैत) पृ. ११४-११६ ।

२११. ईश्वरीप्रसाद गैरे, *अध्ययन अनुसन्धान क्षितिजमा उपयोगी कृति*, **नेपाल जागरण**, (२०५२ कार्तिक २०), पृ. ४ ।

२१२. कृष्णहरि बराल, *नयाँ कृति*, पूर्ववत् ।

२१३. भागवत ढकाल, *अनुसन्धानको सैद्धान्तिक चिनारी : शोधविधि*, **साप्ताहिक सुरुचि**, (२०५२ कार्तिक १९), पृ. ७ ।

२१४. वासुदेव अधिकारी, *उपयोगी शोध पुस्तक*, **प्रतिपक्ष साप्ताहिक**, (२०५२ पुस ६), पृ. ६ ।

२१५. देवीप्रसाद गौतम, *सम्माहनीय कार्य*, **मधुपर्क**, (२८/११, २०५२ चैत), पृ. १५-१६ ।

वर्गलाई अति नै उपयोगी हुने देखिन्छ ।"[२१६] "शोधविधि जस्तो गम्भीर र गहनतम विषयलाई पनि अत्यन्तै सरल रूपमा प्रस्तुत गर्नु यस पुस्तकको अत्यधिक सफलता हो । सम्बद्ध सैद्धान्तिक अवधारणाहरूका पुष्टिका निम्ति यथासम्भव व्यावहारिक उदाहरणहरूको प्रस्तुतिले पुस्तक गहन विचार र विषय प्रतिपादनको सरलतम माध्यम हुन सकेको छ ।"[२१७] यो कृति स्नातक, स्नातकोत्तर, दर्शनाचार्य तथा विद्यावारिधि तहका सबै विषयका शोधार्थीहरूका लागि अति उपयोगी रहेको छ । यसका साथै यो कृति मानविकी, व्यवस्थापनलगायत विविध विषयमा अध्ययन अनुसन्धान गर्ने शिक्षक, विद्यार्थी, अनुसन्धाताहरूका लागि उपयोगी साबित भएको छ । यस कृतिको दोस्रो खण्डमा प्रस्तुत शोधकार्यको विवरणले शोधशीर्षक र शोधार्थीको चिनारी दिइएकाले भावी पुस्तालाई शोधकार्यको चयनमा अल्झिनुपर्ने विवशताबाट मुक्त गरेको छ । यसर्थ शोधका लागि आवश्यक सैद्धान्तिक जानकारीदेखि शीर्षक चयन र पुस्तक व्यवस्थापनसम्मका लागिसमेत यो कृति महत्वपूर्ण रहेको छ । शोधजस्तो जटिल विषयलाई पनि सरल र सुबोध भाषाशैलीको प्रयोग गरिनु यस कृतिको उल्लेखनीय पक्ष हो ।

५.२.२ आधुनिक नेपाली समालोचना

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **आधुनिक नेपाली समालोचना** नामक समालोचनात्मक कृति साहित्यका सबै विधालाई प्रतिनिधिमूलक ढङ्गमा समेटी २०५७ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित समालोचना सङ्ग्रह हो । यो कृति ने.रा.प्र.प्र.को भाषासाहित्य विभागद्वारा सञ्चालित अनुसन्धान परियोजनाअन्तर्गत तयार पारिएको हो । आवरणमा हल्का खैरो र कालो रङ्गको प्रयोग गरिएको प्रस्तुत पुस्तकको आवरण पृष्ठको पछाडितिरको भागमा कृतिकारको परिचय दिइएको छ । आकारप्रकारका दृष्टिले यो डिमाइ आकारको २५२ पृष्ठमा संरचित छ । यो पुस्तक नेपाली एम.ए. को पाठ्यक्रममा समावेश गरिएको छ । यस कृतिमा समालोचना शीर्षकअन्तर्गत १८ शीर्षकमा साहित्यका विविध विधाका कृतिहरूको समालोचना गरिएको छ । साहित्यका विविध विधालाई समेटिएको प्रस्तुत समालोचना सङ्ग्रहमा *नेपाली कवितामा आधुनिकता, गद्य कवितामा लय, मोहनहिमांशु थापाका कवितामा प्रयोगधर्मिता, ध्रुवचन्द्र गौतमको दुविधा उपन्यास र श्यामव्यङ्ग्य, समसामयिक नेपालको जीवन्त चित्रण अग्निदत्त+अग्निदत्त, मनोविश्लेषणात्मक यथार्थवादी कथाकार विश्वेश्वर प्रसाद कोइराला, सामाजिक यथार्थवादी साहित्यकार रमेशविकल, शङ्कर लामिछानेका निबन्धमा आधुनिक चिन्तन, भैरव अर्यालको निबन्धकला, हृदयचन्द्रसिंह प्रधानका एकाङ्कीगत प्रवृत्ति, भीमनिधि तिवारीको एकाङ्कीकौशल, गोविन्दबहादुर मल्ल गोठालेको एकाङ्कीशिल्प, विजय मल्लको एकाङ्कीकला, नेपाली साहित्यका अथक साधक मोहनराज शर्मा, नेपाली समालोचनाको परिदृष्य र शैलीवैज्ञानिक समालोचना, तारानाथ शर्माको समालोचकीय कौशल, केशवप्रसाद उपाध्यायका समालोचनात्मक प्रवृत्ति* र

---

[२१६]. सुषमा बराल, *शोधविधि एउटा महत्वपूर्ण कृति,* **बाध्यता**, (२०५२ पुस ३०), पृ. २ ।

[२१७]. महेश्वर न्यौपाने, *शोधविधिबारे नयाँ पुस्तक,* **कान्तिपुर**, (२०५२ फागुन १७), पृ. ख ।

शरद्चन्द्र शर्मा भट्टराईको समालोचकीयता गरी अठार शीर्षक रहेका छन् । यसमा समालोचना र एकाङ्गीसँग सम्बन्धित चारचार, सैद्धान्तिक चार, कथा र निबन्ध दुईदुई तथा कविता र उपन्याससँग सम्बन्धित एकएक वटा समालोचनात्मक लेख रहेका छन् ।

२. विषयवस्तु

आधुनिक नेपाली समालोचना नामक कृतिको पहिलो समालोचना *नेपाली कवितामा आधुनिकता* शीर्षकअन्तर्गत पृष्ठभूमि, आधुनिकता : अर्थ र तात्पर्य, आधुनिकता : नेपाली साहित्यका सन्दर्भमा, नेपाली कवितामा आधुनिकतासम्बन्धी दृष्टिकोण र लेखनाथका योगदानको मूल्याङ्कन गरी पाँच उपशीर्षक रहेका छन् । यसमा स्वदेशी र विदेशी विद्वान्हरूका आधुनिकतासम्बन्धी अवधारणा प्रस्तुत गरी ती अवधारणाहरूको खण्डनमण्डन गर्दै लेखनाथ पौडेललाई माध्यमिककालीन कविका रूपमा चिनाई उनको साहित्यिक योगदानको चर्चा गरिएको छ ।

गद्य कवितामा लय शीर्षकअन्तर्गत *आमुख, लय उत्पादन गर्ने साधनहरू, लय र लयविधान, नेपाली गद्य कवितामा लयविधान* र *समापन* गरी पाँच उपशीर्षक रहेका छन् । यसमा लय पद्य कवितामा मात्र नभई गद्य कवितामा पनि रहेको हुने बताउँदै गद्य कवितामा पाइने लयात्मक अन्तरगुञ्जनको स्वरूपबारे प्रस्ट्याइएको छ ।

मोहनहिमांशु थापाका कवितामा प्रयोगधर्मिता शीर्षकअन्तर्गत *परिचय, हिमांशु थापाका कवितामा प्रयोगधर्मिता* र *उपसंहार* गरी तिन उपशीर्षक रहेका छन् । यसमा थापाको जन्म र जन्मस्थान, शिक्षा, संलग्नता, प्रकाशित कृति र प्राप्त पुरस्कारको विवरण प्रस्तुत गर्दै उनका केही कविताका हरफहरूलाई प्रतिनिधिमूलक ढङ्गले काव्यगत प्रवृत्तिसहित प्रस्तुत गरिएको छ ।

ध्रुवचन्द्र गौतमको ***दुविधा*** *उपन्यास र श्यामव्यङ्ग्य* शीर्षकअन्तर्गत *परिचय, विषय प्रवेश, श्यामव्यङ्ग्यको सैद्धान्तिक स्वरूप,* ***दुविधा*** *उपन्यासमा श्यामव्यङ्ग्य* र *समापन* गरी पाँच उपशीर्षक रहेका छन् । यसमा ध्रुवचन्द्र गौतमको परिचय प्रस्तुत गर्दै श्यामव्यङ्ग्यको सैद्धान्तिक स्वरूपसहित **दुविधा** उपन्यासमा श्यामव्यङ्ग्यको प्रयोग भएका विविध सन्दर्भहरू उदाहरणका रूपमा प्रस्तुत गरिएको छ ।

समसामयिक नेपालको जीवन्त चित्रण ***अग्निदत्त +अग्निदत्त*** शीर्षकअन्तर्गत *विषयप्रवेश, समसामयिक नेपाली परिवेशको प्रतिकृति, श्यामव्यङ्ग्यीय अभिव्यक्ति, विसङ्गतिवादी अस्तित्ववादी चिन्तन, नारीवादी दृष्टिकोण, लैङ्गिकता, स्वैरकल्पना, परिकल्पना र मिथकीय प्रयोग, भाषाशैली* र अन्त्यमा *उपसंहार* गरी नौ उपशीर्षक रहेका छन् । यसमा ध्रुवचन्द्र गौतमद्वारा लिखित **अग्निदत्त + अग्निदत्त** उपन्यासको विभिन्न कोणबाट वस्तुवादी विश्लेषण गरिएको छ ।

मनोविश्लेषणात्मक यथार्थवादी कथाकार विश्वेश्वरप्रसाद कोइराला शीर्षकअन्तर्गत *परिचय, विषयारम्भ, कोइरालाका कथामा मनोविश्लेषणात्मक यथार्थवाद* र *विषयान्त* गरी चार उपशीर्षक रहेका छन् । यसमा कोइरालालाई मनोवैज्ञानिक यथार्थवादी कथाको प्रारम्भकर्ताका रूपमा चिनाउँदै बालमनोविज्ञान, यौन

मनोविज्ञान र सामान्य मनोविज्ञानको प्रयोग भएका केही कथाहरूमा केन्द्रित भएर मुख्य प्रवृत्तिहरूको विश्लेषण गरिएको छ । कोइरालाका कथामा मनोविश्लेषणात्मक यथार्थवाद शीर्षकअन्तर्गत कोइराला र उनका कथा शिल्पका बारेमा विभिन्न व्यक्तिका भनाइसमेत समेटिएको छ ।

सामाजिक यथार्थवादी साहित्यकार रमेश विकल शीर्षकअन्तर्गत परिचय, विषय प्रवेश र उपसंहार गरी तिन उपशीर्षक रहेका छन् । यसमा रमेश विकलको परिचय दिई उपन्यासकार, निबन्धकार, नाटककार/एकाङ्कीकार, बालसाहित्यकार, कथाकार आदिका रूपमा चिनाइएको छ ।

शङ्कर लामिछानेका निबन्धमा आधुनिक चिन्तन शीर्षकअन्तर्गत *परिचय, शङ्कर लामिछानेको निबन्धयात्रा, शङ्कर लामिछानेका निबन्धात्मक प्रवृत्ति* र *उपसंहार* गरी चार उपशीर्षक रहेका छन् । यसमा शङ्कर लामिछाने र उनको निबन्धयात्राको चर्चा गर्दै प्रकाशित निबन्धसहित निबन्धात्मक प्रवृत्तिहरूको विश्लेषण गरिएको छ ।

भैरव अर्यालको निबन्धकला शीर्षकअन्तर्गत *पृष्ठभूमि, पेसा र संलग्नता, हीनताभास र आत्महत्या, पुरस्कार र सम्मान, लेखन तथा प्रकाशन, भैरव अर्यालको निबन्धयात्रा, भैरव अर्यालको निबन्धकला र प्रवृत्ति* र *भैरव अर्यालका निबन्धकलाको मूल्याङ्कन* गरी आठ उपशीर्षक रहेका छन् । यसमा हास्यव्यङ्ग्यात्मक निबन्धकारका रूपमा भैरव अर्याललाई चिनाउँदै उनका प्रकाशित कृति, प्राप्त पुरस्कार र जीवनमा घटेका घटनाहरूलाई पनि समावेश गरिएको छ ।

हृदयचन्द्रसिंह प्रधानका एकाङ्गीगत प्रवृत्ति शीर्षकअन्तर्गत *परिचय, एकाङ्गीगत प्रवृत्ति र विशेषता* र *श्रीमैयाको इयर्लिङ एकाङ्कीको विश्लेषण* गरी तिन उपशीर्षक रहेका छन् । यसमा प्रधानका प्रकाशित कृतिसहित उनको परिचय र एकाङ्गीगत प्रवृत्तिको चर्चा गर्दै **छेउ लागेर** (२००६) मा सङ्गृहीत एक सामाजिक उपन्यास *श्रीमैयाँको इयर्लिङ* एकाङ्कीको विश्लेषण गरिएको छ ।

भीमनिधि तिवारीको एकाङ्कीकौशल शीर्षकअन्तर्गत *परिचय, तिवारीको एकाङ्कीकौशल र एकाङ्गीगत वैशिष्ट्य* र *साँढे एकाङ्कीका सन्दर्भमा तिवारीको एकाङ्कीकौशल* गरी तिन उपशीर्षक रहेका छन् । यसमा भीमनिधि तिवारीको सामान्य परिचय, संलग्नता, प्रकाशित कृतिहरू र प्राप्त पुरस्कारहरूको विवरण प्रस्तुत गर्दै तिवारीका एकाङ्गीगत वैशिष्ट्यको चर्चासहित ऐतिहासिक विषयवस्तुमा आधारित *साँढे* एकाङ्कीको विश्लेषण गरिएको छ ।

गोविन्दबहादुर मल्ल गोठालेको एकाङ्गीशिल्प शीर्षकअन्तर्गत *परिचय, गोठालेको एकाङ्गीशिल्प र प्रवृत्ति* र *आत्मदर्शन एकाङ्कीका सन्दर्भमा गोठालेको एकाङ्गीशिल्प* गरी तिन उपशीर्षक रहेका छन् । यसमा गोठालेका प्रकाशित कृति र प्राप्त पुरस्कारहरू प्रस्तुत गरी मनोविश्लेषणात्मक धाराभित्र रही साहित्य सिर्जना गर्ने व्यक्तिका रूपमा चिनाउँदै उनका एकाङ्गीगत प्रवृत्ति प्रस्तुत गर्नाका साथै **भोकोघर** (२०३४) एकाङ्की सङ्ग्रहमा सङ्गृहीत *आत्मादर्शन* एकाङ्कीको विश्लेषण गरिएको छ ।

विजयमल्लको एकाङ्कीकला शीर्षकअन्तर्गत *परिचय, विजयमल्लको एकाङ्कीकला* र *कङ्काल एकाङ्कीका परिप्रेक्षमा विजयमल्लको एकाङ्कीकला* गरी तिन उपशीर्षक रहेका छन् । यसमा मल्लका प्रकाशित कृति, प्राप्त पुरस्कार र संलग्नताको विवरण प्रस्तुत गरी उनका एकाङ्कीगत विशेषता प्रस्तुत गर्दै **बौलाहा काजीको सपना** (२०२८) एकाङ्की सङ्ग्रहमा सङ्गृहीत *कङ्काल* एकाङ्कीको विश्लेषण गरिएको छ ।

नेपाली साहित्यका अथक साधक मोहनराज शर्मा शीर्षकअन्तर्गत *विषय प्रवेश, विषयविस्तार* र *विषयान्त* गरी तिन उपशीर्षक रहेका छन् । यसमा मोहनराज शर्माको परिचय प्रस्तुत गर्दै कथाकार नाटकका/एकाङ्कीकार, निबन्धकार, समालोचक, भाषा व्याकरणकार, सम्पादक/भूमिका लेखक, सहलेखक, अनुवादकका रूपमा उनको चिनारी गराइएको छ ।

नेपाली समालोचनाको परिदृश्य र शैलीवैज्ञानिक समालोचना शीर्षकअन्तर्गत पृष्ठभूमि, नेपाली समालोचनाको परिदृष्य, *शैलीविज्ञान र शैली वैज्ञानिक समालोचना सङ्क्षिप्त चर्चा* र *नेपालीमा शैलीवैज्ञानिक समालोचना* गरी चार उपशीर्षक रहेका छन् । यस शीर्षकमा समालोचनाको पृष्ठभूमि प्रस्तुत गरी नेपाली समालोचना क्षेत्रमा देखापरेका समालोचना पद्धतिको चर्चा गर्दै नेपालीमा शैलीवैज्ञानिक समालोचनाको पद्धतिका प्रवर्तक मोहनराज शर्मा, उनका प्रकाशित कृति र प्रवृत्तिहरू उल्लेख गरिएको छ ।

तारानाथ शर्माको समालोचकीय कौशल शीर्षकअन्तर्गत परिचय, समालोचनात्मक प्रवृत्ति र उपसंहार गरी तिन उपशीर्षक रहेका छन् । यसमा तारानाथ शर्मालाई संलग्नता, प्राप्त पुरस्कार र प्रकाशित पुरस्कारको विवरणको प्रस्तुतिसहित चिनाउँदै उनका प्रभाववादी, प्रगतिवादी, तुलनात्मक, ऐतिहासिक र निर्णयात्मक आदि समालोचनात्मक प्रवृत्तिको चर्चा गरिएको छ ।

केशवप्रसाद उपध्यायका समालोचनात्मक प्रवृत्ति शीर्षकअन्तर्गत परिचय, समालोचनात्मक प्रवृत्ति र उपसंहार गरी तिन उपशीर्षक रहेका छन् । यसमा केशवप्रसाद उपाध्यायको परिचय दिदै उनका सैद्धान्तिक ऐतिहासिक र प्रभाववादी समालोचनात्मक कृतिको प्रस्तुतिसहित मूलभूत समालोचनात्मक प्रवृत्ति प्रस्तुत गरिएको छ ।

शरदचन्द्र शर्मा भट्टराईको समालोचकीयता शीर्षकअन्तर्गत परिचय समालोचनात्मक प्रवृत्ति र टुङ्ग्याउने गरी तिन उपशीर्षक रहेका छन् । यसमा शरदचन्द्र शर्मालाई प्रकाशित कृति प्राप्त पुरस्कार संलग्नता आदिका आधारमा चिनाउँदै उनका समालोचनात्मक कृति र समालोचनात्मक प्रवृत्तिको चर्चा गरिएको छ ।

३. भाषाशैली

आधुनिक नेपाली समालोचना नामक कृतिको प्रस्तुतिमा भाषिक सरलता पाइन्छ । परिष्कृत भाषाको प्रयोग पाइने यस कृतिमा व्याख्यात्मक र विश्लेषणात्मक शैलीको प्रयोग गरिएको छ । प्रस्तुतीकरणमा सरल, सुबोध, सटीक र वस्तुगत पद्धति अपनाइएको छ । कृतिको प्रस्तुतीकरणको ढाँचामा पनि परम्पराभन्दा भिन्न, नवीन र वस्तुगत शैली तथा संरचनावादी ढाँचा अँगालिएको छ ।

४. निष्कर्ष

आधुनिक नेपाली समालोचना नामक "कृतिमा अनुसन्धानात्मक प्रकृतिका केही वैचारिक तथा उपन्यास, कथा, निबन्ध, एकाङ्की र समालोचना विधासित सम्बन्धित स्रष्टा दृष्टाहरूका व्यक्तित्व र कृतित्वको वस्तुनिष्ठ, व्याख्यात्मक, विश्लेषणात्मक अठार लेखहरू सँगालिएका छन् । यसबाट संरचनावादी समालोचना पद्धतिप्रति आकर्षित लुइटेलको तुलनात्मक एवं निर्णयात्मक समालोचनामा पनि अभिरुचि देखिन्छ ।"[२१८] "यस पुस्तकको गद्य लय शीर्षकको लेख पूर्णत: सैद्धान्तिक छ भने नेपाली कवितामा आधुनिकता शीर्षकको लेख आजसम्म विवादित कविताको आधुनिक कालसँग सम्बन्धित छ । बाँकी सोरवटा लेखहरू नेपाली साहित्यका कतिपय चर्चित आख्यानकार निबन्धकार एकाङ्कीकार र समालोचकका व्यक्तित्व र कृतित्वका विश्लेषण र मूल्याङ्कनमा केन्द्रित छन् ।"[२१९] "यसमा श्यामव्यङ्ग्यको सैद्धान्तिक स्वरूप नेपाली समालोचनामै पहिलो पटक भिऱ्याइएको नौलो र महत्त्वपूर्ण विषय हो । यसबाट समालोचनामाथि समालोचना गर्ने परिपाटी बसाइएको छ ।"[२२०] "सुसङ्गठित अभिव्यक्ति शालीन चिन्तन, प्रवाहमान भाषा, मिहीन चित्रण एवं कुशल प्रस्तुति जस्ता कसिला विश्लेषणले कृतिकारको लेखनी डोरिएको पाइन्छ । यसैगरी कृतिमा उल्लिखित सबै स्रष्टाका परिचयलाई अद्यावधिक गराई निकै स्तरीय सूचनाको प्रवाह गरेका छन् कृतिकारले ।"[२२१] "स्रष्टा र सिर्जनाको प्रवृत्ति अनि प्रवृत्तिलाई सूक्ष्म हेराइ साथ नियालिएको प्रस्तुत कृति विविध किसिमले महत्त्वपूर्ण देखिन आएको छ । मौलिक हेराइ, प्रभावको मात्रा न्यून र वस्तुताप्रतिको आग्रह अधिक रहेको छ । साहित्य समालोचनाका अधुनातन पद्धतिको यथेष्ट प्रयोग गरिएको यस सङ्ग्रह भित्रका लेखहरूमा प्रस्तुतीकरणको ढाँचामा पनि नवीनता पाइन्छ । विवेच्य पक्षको गहन अध्ययन गरी वस्तुगत प्रमाणलाई अगाडि सारेर विश्लेषण र मूल्याङ्कन गरिएकाले सबै लेखहरू महत्त्वपूर्ण छन् । साहित्यकारको जीवनीवृत्तको सत्य-तथ्य विवरण, मूलभूत साहित्यिक प्रवृत्ति तथा कृतिमा अन्तर्निहित नवीनतम वैशिष्ट्यलाई सूक्ष्म रूपले केलाइएको छ । हरेक पक्षको विश्लेषणमा समालोचनाको धर्मको पूर्ण पालना गरिएको छ र मूल्याङ्कन गर्दा वस्तुतामा जोड दिइएको छ ।"[२२२] यसकारण विभिन्न विधालाई समेटी समालोचना गरिएको यो कृति निकै उपयोगी रहेको छ ।

---

[२१८]. ने.रा.प्र.प्र., *प्रकाशकीय*, खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना,** (काठमाडौँ : ने.रा. प्र. प्र. २०५७) ।

[२१९]. यादव भण्डारी, *खगेन्द्रप्रसाद लुइटेलको समालोचना कला*, **हिमालय टाइम्स**, (२०५८ भदौ २३), पृ.४ ।

[२२०]. धर्मप्रसाद गौतम, **नेपाली साहित्यमा तेरथुम जिल्लाको योगदान**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६३), पृ. ११९ ।

[२२१]. युवराज नयाँघरे, *लुइटेलको समालोचना केही प्रश्नहरू*, **जनभावना साप्ताहिक,** (२०५८ वैशाख १७), पृ. ७ ।

[२२२]. यादव भण्डारी, *खगेन्द्रप्रसाद लुइटेलको समालोचना कला*, पूर्ववत् ।

आधुनिक नेपाली समालोचना नामक समालोचना सङ्ग्रहमा प्रतिनिधिमूलक ढङ्गले नेपाली साहित्यका कविता, उपन्यास, निबन्ध, एकाङ्की आदि विविध विधा समेटी तिनमाथि अनुसन्धानमूलक समालोचकीय दृष्टिकोण प्रस्तुत गरिएको छ । कृतिमा नेपाली कविताको आधुनिक कालको बारेमा चर्चा गरी आधुनिककाल कहाँबाट सुरु भयो भन्ने बारेमा विभिन्न विद्वान्का मतहरू प्रस्तुत गरी ती मतहरूको समीक्षा गरिएको छ । जसमा लेखनाथबाट आधुनिककालको प्रारम्भ भएको मान्ने मतहरूको विशेष रूपमा खण्डनमण्डन गरिएको छ र देवकोटाहरूबाट आधुनिक काल प्रारम्भ भएको वस्तुगत निष्कर्ष निकालिएको छ । गद्यकवितामा लय शीर्षकको लेख गद्यकविता लयविहीन हुन्छ भन्नेहरूका लागि तार्किक प्रत्युत्तर बनेको छ । प्रत्येक कृतिको विश्लेषणमा प्रशस्तै पादटिप्पणीको गरिएको छ र प्रत्येक शीर्षकको विश्लेषणपछि सन्दर्भग्रन्थसूची प्रस्तुत गरिएको छ । यसले कृतिको विश्लेषणमा आधिकारिकता र विश्वसनीयता थपेको छ । हरेक कृतिको विश्लेषण र मूल्याङ्कन गर्दा वस्तुतामा जोड दिइएको छ । प्रस्तुतीकरणको ढाँचामा पनि नवीनता पाइन्छ । यसै कृतिको ध्रुवचन्द्र गौतमको *दुविधा उपन्यास र श्यामव्यङ्ग्य* शीर्षक लेखबाट श्यामव्यङ्ग्यको सैद्धान्तिक स्वरूपको समेत सर्वप्रथम स्थापना भएको छ । यो श्यामव्यङ्ग्यबारेको प्रथम समालोचना हो । यसर्थ साहित्यका विविध विधालाई समेटिएको यो समालोचना सङ्ग्रह समालोचना क्षेत्रको एक महत्वपर्ण कृति बन्न पुगेको छ ।

५.२.३ भाषासाहित्य सिद्धान्त

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **भाषासाहित्य सिद्धान्त** नामक समालोचनात्मक कृति कलम प्रकाशनबाट २०५७ सालमा प्रकाशित भएको हो । निलो रङ्गको आवरण पृष्ठ रहेको यस कृतिको पछाडिपट्टिको भागमा कृतिकारको परिचय प्रस्तुत गरिएको छ । आकारप्रकारका दृष्टिले डिमाइ आकारको ७७ पृष्ठमा संरचित यस कृतिमा *भाषा सिद्धान्त*, *साहित्य सिद्धान्त* र *विधा सिद्धान्त* गरी तिन खण्ड र विभिन्न शीर्षकहरू रहेका छन् ।

२. विषयवस्तु

प्रस्तुत पुस्तकको पहिलो खण्डमा रहेको *भाषासाहित्य सिद्धान्त*अन्तर्गत *भाषाको परिचय, भाषाको प्रयोग, भाषिक व्यवस्था, भाषिक परिवर्तन, भारोपेली भाषा परिवार, संस्कृत र प्राकृत अपभ्रंश, शब्दभण्डार सिद्धान्त* र *ध्वनिसिद्धान्त* गरी आठ शीर्षक रहेका छन् । यसमा भाषाको परिभाषा गर्ने क्रममा संस्कृतका विभिन्न विद्वान्हरूका परिभाषाहरू प्रस्तुत गरी परिभाषालाई बुँदागत रूपमा समेत प्रस्तुत गरिएको छ । भाषाका विशेषताहरू प्रस्तुत गर्ने क्रममा वाक्प्रतीक, यादृच्छिकता, परम्परा, व्यवस्था, सम्प्रेषणको माध्यम आदिको चर्चा गर्दै भाषाको प्रयोगमा प्रयोक्ता, विषय र भूमिका तिन पक्षको महत्व हुने कुरा प्रस्तुत गरी *भाषिक व्यवस्था* शीर्षकअन्तर्गत ध्वनि व्यवस्था, व्याकरण व्यवस्था, अर्थव्यवस्था र शब्दभण्डारको व्याख्या गरिएको छ । भाषिक परिवर्तनका प्रक्रियाहरूमा ध्वनितात्विक परिवर्तन, अर्थतात्विक परिवर्तन गरी त्यसलाई पुनः विभिन्न उपशीर्षकमा प्रस्तुत गरिएको छ । *भारोपेली भाषापरिवार* नामक शीर्षकमा सतम् र केन्तुम

वर्गका भाषा परिवार, मुख्य भाषा र ती भाषा बोलिने क्षेत्रका बारेमा जानकारी गराइ *संस्कृत, प्राकृत र अपभ्रंश* शीर्षक अन्तर्गत प्राचीन आर्यभाषा, मध्यकालीन आर्यभाषा र आधुनिक आर्यभाषा गरी आर्यभाषाको विकासका चरण प्रस्तुत गरिएको छ । *शब्दभण्डार सिद्धान्त* शीर्षकअन्तर्गत शब्दभण्डारलाई मौलिक र आगन्तुक दुई वर्गमा बाँडी मौलिकभित्र तत्सम र तत्भवलाई राखी प्रस्तुत गरिएको छ । आगन्तुक शब्दहरूलाई अनुकुलित र अनुदित तथा देशभित्रका भाषाबाट आएका र देशबाहिरका भाषाहरूबाट आएका शब्दहरूलाई भिन्नभिन्न शीर्षकमा प्रस्तुत गरिएको छ । *ध्वनि सिद्धान्त* नामक शीर्षकभित्र नेपाली ध्वनिहरू वा नेपाली ध्वनितCवहरूलाई स्वर र व्यञ्जन गरी दुई भागमा वर्गीकरण गरी त्यसलाई अझ विभिन्न शीर्षकमा वर्गीकरण गरिएको छ ।

दोस्रो खण्ड *साहित्य सिद्धान्त*अन्तर्गत *साहित्यमा सिद्धान्तको परिचय, साहित्यको हेतु, साहित्यको प्रयोजन, साहित्यको वर्गीकरण, शब्दशक्ति, रसको परिचय, छन्दको परिचय, अलङ्कारको परिचय* गरी आठ शीर्षक रहेका छन् । *साहित्यसिद्धान्तको परिचय* शीर्षकमा साहित्यसम्बन्धी पूर्वीय र पाश्चात्य विद्वान्का परिभाषाहरू प्रस्तुत गरी अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ भने *साहित्यको हेतु* शीर्षक अन्तर्गत साहित्यका हेतुसम्बन्धी पूर्व र पश्चिमा केही विद्वान्हरूका परिभाषाहरू प्रस्तुत गरिएको छ । *साहित्यको प्रयोजन* शीर्षकमा साहित्यको प्रयोजनबारे पूर्वी र पाश्चात्य दुवैतिरका विद्वान्का विचार प्रस्तुत गरिएको छ । *साहित्यको वर्गीकरण* शीर्षकअन्तर्गत साहित्यको वर्गीकरणका आधारहरूमा प्रस्तुति, माध्यम र प्रकारको बारेमा चर्चा गरी साहित्यको वर्गीकरणका यी विभिन्न आधारहरूलाई पुनः विभाजन गरिएको छ । *शब्दशक्ति* शीर्षकभित्र शब्दशक्तिको परिचय र परिभाषा, शब्दशक्तिका प्रकार, अभिधा, लक्षणा र व्यञ्जना गरी पाँच उपशीर्षक रहेका छन् । यसमा शब्दशक्तिहरूको बारेमा जानकारी गराइएको छ । *रसको परिचय* शीर्षकअन्तर्गत रसको परिचय, रसका अवयव, रसका प्रकार, गरी तिन उपशीर्षकभित्र रसका अवयव भाव, विभाव, अनुभाव, व्यभिचारी भावको बारेमा जानकारी गराउँदै रसका प्रकारहरूका बारेमा उदाहरण सहित प्रकाश पारिएको छ । सातौँ शीर्षक *छन्दको परिचय*अन्तर्गत छन्दको परिचय र छन्दका प्रकार गरी दुई उपशीर्षक रहेका छन् र यसमा छन्दको गणसुत्र प्रस्तुत गर्दै छन्दका केही प्रमुख प्रकारहरूको बारेमा चर्चा गरिएको छ । *अलङ्कारको परिचय* शीर्षकभित्र अलङ्कारको परिचय र अलङ्कारका प्रकार गरी दुई उपशीर्षक रहेका छन् । यसमा भामह, दण्डी, वामनका अलङ्कारसम्बन्धी मान्यता प्रस्तुत गर्दै प्रमुख केही अलङ्कारहरूको बारेमा चर्चा गरिएको छ ।

तेस्रो खण्ड *विधा सिद्धान्त* शीर्षकअन्तर्गत *कविता सिद्धान्तको परिचय, कथा सिद्धान्तको परिचय, उपन्यास सिद्धान्तको परिचय, नाटक सिद्धान्तको परिचय, एकाङ्की सिद्धान्तको परिचय, निबन्ध सिद्धान्तको परिचय, समालोचना सिद्धान्तको परिचय* गरी सात शीर्षक रहेका छन् । *कविता सिद्धान्तको परिचय* शीर्षकभित्र कविताको परिचय, कविताको परिभाषा र कविताका तCवहरू गरी तिन उपशीर्षक रहेका छन् । जसमा भरत, भामह, मम्मट, विश्वनाथ आदिका परिभाषाहरू सहित निष्कर्ष प्रस्तुत गरिएको छ । कविताका तCवहरूमा भाव वा विचार, लय, भाषाशैली, दृष्टिबिन्दुलाई मानिएको छ । *कथा सिद्धान्तको परिचय* शीर्षक अन्तर्गत कथाको परिचय, कथाको परिभाषा र कथाका तCवहरू गरी तिन उपशीर्षक रहेका छन् । यसमा कथाको

परिचय दिँदै पाश्चात्य विभिन्न विद्वान्हरूका कथासम्बन्धी परिभाषा प्रस्तुत गरिएको छ । कथाका तŒवहरू कथानक, चरित्र वा पात्र, परिवेश, उद्देश्य, भाषा, शैली, दृष्टिबिन्दुलाई मानिएको छ । तेस्रो शीर्षक *उपन्यासको परिचय*अन्तर्गत उपन्यास सिद्धान्तको परिचय, उपन्यासको परिभाषा, उपन्यासका तŒवहरू, कथा र उपन्यासको तुलना गरी चार उपशीर्षकभित्र उपन्यासलाई विभिन्न विद्वान्का परिभाषासहित चिनाउँदै प्रस्तुत विभिन्न परिभाषाहरूका प्रमुख बूँदाहरू समेत प्रस्तुत गरिएको छ । यसमा उपन्यासका तŒवहरू उल्लेख गर्दै कथा र उपन्यास बीचको समानता र भिन्नता प्रस्तुत गरिएको छ । चौथो शीर्षक *नाटक सिद्धान्तको परिचय*अन्तर्गत केही पूर्वी र पश्चिमी विद्वान्हरूका नाटकसम्बन्धी परिभाषा प्रस्तुत गर्दै नाटकका तŒवहरूको बारेमा चर्चा गरिएको छ । *एकाङ्की सिद्धान्तको परिचय* शीर्षकअन्तर्गत एकाङ्कीको परिचय, एकाङ्कीको परिभाषा, एकाङ्कीका तŒवहरू, नाटक र एकाङ्कीको तुलना : समानता र भिन्नता गरी चार उपशीर्षक रहेका छन् । यसमा एकाङ्कीसम्बन्धी केही परिभाषाहरू प्रस्तुत गरी एकाङ्कीका तŒवहरू उल्लेख गर्दै नाटक र एकाङ्की बीचको समानता र भिन्नता प्रस्तुत गरिएको छ । छैटौँ शीर्षक *निबन्ध सिद्धान्तको परिचय* रहेको छ । यसमा निबन्धको परिचय, निबन्धको परिभाषा, निबन्धका तŒवहरू गरी तिन उपशीर्षकभित्र रहेर मोन्तेन, बेकन, जोन्सन आदिका परिभाषासहित निबन्धका तŒवहरूका बारेमा प्रकाश पारिएको छ । अन्तिम अर्थात् सातौँ शीर्षक *समालोचना सिद्धान्तको परिचय* रहेको छ । यसमा समालोचनाको परिचय र परिभाषा, नेपाली समालोचनाको विकास र समालोचनाका प्रकार गरी तिन उपशीर्षक रहेका छन् । समालोचनासम्बन्धी केही परिभाषाहरू प्रस्तुत गर्दै नेपाली समालोचनाको विकासका बारेमा चर्चा गरिएको यस शीर्षकमा समालोचनाका प्रकारहरूमा सैद्धान्तिक, प्रभाववादी, ऐतिहासिक, प्रगतिवादी समालोचनाको उल्लेख गर्दै विभिन्न प्रकारका समालोचकहरूको विवरण पनि प्रस्तुत गरिएको छ ।

३. भाषाशैली

भाषासाहित्य सिद्धान्त नामक कृतिमा सरल र परिष्कृत भाषाको प्रयोग पाइन्छ । विभिन्न भाषाहरूको चर्चा गर्ने क्रममा र विभिन्न शीर्षकलाई परिभाषित गर्ने क्रममा केही संस्कृत र अङ्ग्रेजी भाषाका शब्दहरूको पनि प्रयोग गरिएको छ । प्रत्येक शीर्षकको व्याख्यामा सूत्रात्मक शैलीलाई अँगालिएको छ । गद्य भाषासँगै विभिन्न ठाउँमा छन्द, रस, अलङ्कारको परिचय दिने क्रममा पद्य भाषाको पनि प्रयोग गरिएको छ ।

४. निष्कर्ष

भाषासाहित्य सिद्धान्त नामक प्रस्तुत समालोचनात्मक कृतिमा भाषा, साहित्य र विधा सिद्धान्तका बारेमा चर्चा गरिएको छ । यसमा प्रस्तुत भाषा सिद्धान्त खण्डले भाषाको प्रयोग, भाषिक व्यवस्था, भाषिक परिवर्तन, शब्दभण्डार सिद्धान्त, ध्वनि सिद्धान्तसम्मलाई समेटेको छ भने *साहित्य सिद्धान्त* खण्डले साहित्यको हेतु, प्रयोजन, वर्गीकरण सहित रस, छन्द, अलङ्कारलाई समेटेको छ । यी सबै सिद्धान्तबारे विभिन्न विद्वान्हरूका परिभाषा प्रस्तुत गर्दै अन्त्यमा आफ्नो परिभाषा दिई त्यसलाई बुँदात्मक रूपमा प्रस्तुत गरिएको छ । प्रत्येक शीर्षकको चर्चापछि त्यस सम्बन्धी आफ्नो धारणा प्रस्तुत गरिएको छ । *विधा सिद्धान्त*

शीर्षकअन्तर्गत साहित्यका सम्पूर्ण विधाहरूको बारेमा चर्चा गरिएको छ र प्रत्येकको परिचय, परिभाषा र तCवहरू प्रस्तुत गरिएको छ । सन्दर्भ ग्रन्थसूचीअन्तर्गत दिइएको नेपाली, संस्कृत र हिन्दी भाषाका पुस्तकहरूको सूचीले पुस्तकको आधिकारिकतामा वृद्धि भएको छ । यसका प्रत्येक शीर्षकको चर्चा गर्दा छोटो र सजिलो शैलीमा प्रस्तुत गरिएको छ । प्रत्येक शीर्षकको निष्कर्ष प्रस्तुत गरिएको छ । भाषा, साहित्य र विधा सिद्धान्त तिनवटै पक्षलाई समेटिएको यस कृतिमा सानो आयाममा धेरै कुरा समेटिएको छ अर्थात् यस समालोचनात्मक कृतिभित्र थोरै पृष्ठ र सानो आकारमा धेरै विषयवस्तु अटाइएको छ । भाषिक सरलतालाई अँगालिएको यस कृतिमा व्याख्यात्मकभन्दा सूत्रात्मक शैलीको प्रयोग गरिएको छ र यसले अध्ययनलाई सहज, सुबोध र सुगम तुल्याएको छ । भाषा, साहित्य र विधा सिद्धान्तजस्तो जटिल विषयलाई अत्यन्तै सरल र सुबोध भाषामा प्रस्तुत गर्नु यस कृतिको सर्वाधिक महCवपूर्ण पक्ष हो । यी सबै कोणबाट हेर्दा भाषासाहित्य सिद्धान्तप्रति रुचि राख्नेहरू सबैका लागि यो कृति अत्यन्तै उपयोगी रहेको छ ।

५.२.४ कविता सिद्धान्त र नेपाली कविताको इतिहास

१. परिचय

कविता सिद्धान्त र नेपाली कविताको इतिहास (२०६०) खगेन्द्रप्रसाद लुइटेलको साहित्ययात्राको दोस्रो चरणमा लेखिएको महCवपूर्ण समालोचनात्मक कृति हो । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट २०६० सालमा प्रकाशित यो कृति ४६९ पृष्ठमा संरचित छ । हरियो, सेतो र निलो रङ्गको प्रयोग गरिएको यस कृतिको आवरण पृष्ठको पछाडिपट्टि लेखकको परिचय दिइएको छ । *उहिलेदेखि अहिलेसम्मका सम्पूर्ण कविहरूलाई समर्पण* लेखिएको यस कृतिमा *उपकुलपतिको मन्तव्य* शीर्षकमा मोहन कोइरालाको र *मन्तव्य* शीर्षकमा तोया गुरुङको भूमिका तथा *गथासो* शीर्षकमा लेखकको भनाइ राखिएको छ । यो पुस्तक त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयका विभिन्न तहका पाठ्यक्रममा समावेश गरिएको छ । दुई खण्ड रहेको यस कृतिको अगिल्लो खण्डमा *कविताको परिभाषा, कविताको परम्परित वर्गीकरण, कविताको आधुनिक वर्गीकरण, कविता संरचनाको पहिचान* र *कविताका संरचक घटकहरू* गरी पाँच शीर्षक र पछिल्लो खण्डमा *नेपाली साहित्यमा कालविभाजनका प्रयासहरू, नेपाली कविताको प्राथमिक काल, नेपाली कविताको माध्यमिक काल, नेपाली कविताको आधुनिक काल* र *नेपाल बाहिर नेपाली कविताको परिदृष्य* गरी पाँच शीर्षक र अन्त्यमा *सन्दर्भग्रन्थसूची* दिइएको छ ।

२. विषयवस्तु

अगिल्लो खण्डको पहिलो शीर्षक *कविताको परिभाषा*अन्तर्गत *कविताको परिचय, संस्कृत साहित्यमा कविताको परिभाषा, पश्चिमी साहित्यमा कविताको परिभाषा, नेपाली साहित्यमा कविताको परिभाषा* र *निष्कर्ष* गरी पाँच उपशीर्षक रहेका छन् । यसमा पूर्वीय, पाश्चात्य र नेपाली साहित्यमा कवितासम्बन्धी गरिएका विभिन्न परिभाषाहरू प्रस्तुत गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *कविताको परम्परित वर्गीकरण*अन्तर्गत *पूर्वीय साहित्यमा कविताको वर्गीकरण, पश्चिमी साहित्यमा कविताको वर्गीकरण* र *निष्कर्ष* गरी तिन उपशीर्षक रहेका छन् । यसमा पूर्वीय र पश्चिमी साहित्यमा गरिएको कविताको वर्गीकरण प्रस्तुत गर्दै निष्कर्ष प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *कविताको आधुनिक वर्गीकरण*अन्तर्गत *प्रगीतात्मक कविता, आख्यानात्मक कविता, नाटकीय कविता* र *निष्कर्ष* गरी चार उपशीर्षक रहेका छन् । यसमा प्रगीतात्मक, आख्यानात्मक कविताका प्रमुख परिचायक अभिलक्षणसहित व्याख्या गरी निष्कर्षमा तिनीहरूलाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ ।

चौथो शीर्षक *कविता संरचनाको पहिचान*अन्तर्गत संरचनाको परिचय र विशेषता, कविता संरचनाको परिचय, कविताको विन्यासक्रम गरी तिन उपशीर्षक रहेका छन् । यसमा वस्तुगत ढङ्गले कविता संरचनाको विस्तृत विश्लेषण गरिएको छ ।

पाँचौं शीर्षक *कविताका संरचक घटकहरू*अन्तर्गत *परिचय, वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीय विन्यास* गरी छ उपशीर्षक रहेका छन् । संरचक घटकमध्येका वस्तु र भाषाशैलीय विन्यासलाई पुनः विभिन्न शीर्षकमा वर्गीकरण गरिएको छ । यो शीर्षक कविताका संरचक घटकहरूको व्याख्या विश्लेषणमा केन्द्रित रहको छ ।

दोस्रो खण्डको पहिलो शीर्षक *नेपाली साहित्यमा काल विभाजनका प्रयासहरू*अन्तर्गत *विषय प्रवेश, नेपाली साहित्यमा कालविभाजनको रेखाङ्कन* र *उपसंहार निष्कर्ष* गरी तिन उपशीर्षक रहेका छन् । यसमा यस अगि गरिएका काल विभाजनसम्बन्धी प्रयासहरूलाई प्रस्तुत गरी तार्किक खण्डनमण्डनसहित निष्कर्षसमेत प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *नेपाली कविताको प्राथमिक काल*अन्तर्गत *पृष्ठभूमि* र *विषय प्रवेश : प्राथमिक काल* गरी दुई उपशीर्षक रहेका छन् । यसमा प्राथमिक काललाई पूर्वार्ध चरण वीरधारा र उत्तरार्ध चरण भक्तिधारा गरी विभाजन गरिएको छ भने भक्ति धारालाई कृष्ण भक्तिधारा, रामभक्तिधारा र निर्गुण भक्तिधारामा पुन : वर्गीकरण गरिएको छ । यी सबै शीर्षकमा प्रस्तुत विषयवस्तुको वस्तुगत विश्लेषण गरी अन्त्यमा निष्कर्ष समेत प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *नेपाली कविताको माध्यमिक काल*अन्तर्गत *परिचय : विषय प्रवेश* उपशीर्षक रहेको छ । यसलाई पूर्वार्ध चरण शृङ्गारिक धारा र उत्तरार्ध चरणअन्तर्गत शास्त्रीयतावादी धारा गरी दुई चरणमा विभाजन गरिएको छ । वि.सं. १९४१ देखि १९९१ सम्म माध्यमिक काल मानिएको यस वर्गीकरणमा लेखनाथ पौड्याल, बालकृष्ण सम, माधवप्रसाद देवकोटा आदिलाई यसै कालमा राखी तिनीहरूलाई माध्यमिक कालमा राख्ने कारणहरू समेत प्रस्तुत गरी निष्कर्ष दिइएको छ ।

चौथो शीर्षक *नेपाली साहित्यमा आधुनिक काल* शीर्षकअन्तर्गत *विषय प्रवेश, आधुनिकताको परिचय, नेपाली साहित्यमा आधुनिकता, नेपाली कवितामा आधुनिकतासम्बन्धी मतमतान्तर* र *नेपाली कविताको आधुनिक कालका प्रमुख धाराहरू* गरी पाँच उपशीर्षक रहेका छन् । यसमा आधुनिकता र नेपाली कवितामा

आधुनिकताको परिचयका साथै नेपाली कविताका बारेमा रहेका आधुनिकतासम्बन्धी मतमतान्तरहरू प्रस्तुत गरी निष्कर्ष निकालिएको छ र यसबाट नेपाली कवितामा विद्यमान भ्रमको निवारण गरिएको छ । यसमा नेपाली कविताको आधुनिक कालका प्रमुख धाराहरूलाई स्वच्छन्दतावादी धारा (१९९१-२०१६), प्रयोगवादी धारा (२०१७-२०३५) र समसामयिक धारा (२०३६ देखि यता) गरी तिन धारामा विभाजन गरेर प्रत्येक धाराका प्रतिनिधि कवि र कविताहरूको बारेमा विश्लेषण गर्नाका साथै समसामयिक धाराअन्तर्गतका सडक कविता क्रान्ति (२०३६), तरलवाद (२०४०), जनआन्दोलन कविता (२०४६), छन्द बचाऊँ अभियान (२०५३), संरक्षण कविता आन्दोलन (२०५३) र छन्द जागरण अभियान (२०५९) आदिको बारेमा परिचय दिइएको छ । यस शीर्षकमा यी विभिन्न धारा र त्यसअन्तर्गतका विभिन्न वाद आन्दोलनलाई विस्तृत रूपमा चर्चा गरी अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

पाँचौं शीर्षक *नेपाल बाहिरका कविताको परिदृश्य*अन्तर्गत नेपाल बाहिर बसोबास गर्ने कवि र तिनीहरूका काव्यकृतिहरूलाई वर्णनुक्रममा प्रस्तुत गरी पुस्तकको अन्त्यमा सन्दर्भग्रन्थसूची राखिएको छ ।

३. भाषाशैली

कविता सिद्धान्त र नेपाली कविताको इतिहास कृतिको भाषाशैली सरल रहेको छ । "अस्पष्ट, सन्दिग्ध, द्वयर्थक र घुमाउरो किसिमको भाषिक प्रयोगबाट टाढा रहेको यो ग्रन्थ नेपाली कविताको इतिहास लेखनको एउटा फड्को हो "[२२३] यस कृतिमा प्रयुक्त भाषा स्पष्ट, अभिधार्थक, सहज, सुबोध र स्वाभाविक छ । यस कृतिमा कविताको परिभाषा गर्ने क्रममा संस्कृत र पश्चिमी विद्वान्हरूका परिभाषाहरू दिँदा संस्कृत र अङ्ग्रेजी भाषाका शब्दहरूको पनि प्रशस्तै प्रयोग भएको पाइन्छ । मुख्य रूपमा संरचनावादी समालोचना पद्धतिको प्रयोग गरिएको यस कृतिमा तुलनात्मक, विवरणात्मक, विश्लेषणात्मक, ऐतिहासिक विधिको पनि प्रयोग गरिएको छ ।

४. निष्कर्ष

कविता सिद्धान्त र नेपाली कविताको इतिहास (२०६०) कृति कविताका क्षेत्रमा विधागत सिद्धान्त र इतिहासलाई समेटी कविता सिद्धान्त र नेपाली कविताको सिङ्गो इतिहास प्रस्तुत गरिएको महत्वपूर्ण कृति हो । "नलेखिएको कविताको इतिहासको कठिन कार्यमा ठूलो उपलब्धि स्वरूप प्रकाशित हालसम्म लेखिएका पुस्तकहरूमध्ये महत्त्वपूर्ण कृतिका रूपमा आएको यस कृतिले ऐतिहासिक महत्त्व राख्ने निश्चित छ ।"[२२४] "कविताको संरचनालाई पहिल्याएर कविताको वर्गीकरण गर्ने र प्रवृत्तिका आधारमा प्रकार छुट्याउने नौलो प्रयास गरिएको यस पुस्तकलाई नेपाली कवितामा केन्द्रित पहिलो इतिहास तथा नेपाली काव्य जगत्का लागि प्रथम नवीन र विशिष्ट कृतिको रूपमा लिइएको छ । खास गरेर यस कृतिमा आधुनिक कविताको पहिचान

---

२२३. लक्ष्मणप्रसाद गौतम, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास*, **गरिमा**, (२२/१२, २०६१ मङ्सिर), पृ. ६६ ।

२२४. अन्नपूर्ण समाचारदाता, *कविता सिद्धान्तको क्षेत्रमा एउटा गहकिलो पुस्तक*, **अन्नपूर्ण पोष्ट**, (२०६१ वैशाख ५), पृ. ७ ।

यथार्थवादी ढङ्गमा र समसामयिक कविताको विश्लेषण वास्तविक परिवेशमा गरिएको छ ।"[२२५] "प्रस्तुत ग्रन्थ दसौँ वर्षदेखिको अध्ययन अनुसन्धानमा संलग्न डा. लुइटेलको कठोर साधनाको गौरवपूर्ण प्रतिफल र विशिष्ट प्राप्ति हो ।"[२२६] "यो अध्ययन वैज्ञानिक प्रकारको अध्ययन हो । यसमा खास गरेर कविताको संरचनालाई पहिल्याएर कविताको वर्गीकरण गर्ने र प्रवृत्तिका आधारमा प्रकार छुट्ट्याउने नौलो प्रयास गरिएको छ ।"[२२७] "यो अत्यन्तै प्रामाणिक र नौलो सैद्धान्तिक पृष्ठभूमि हो । यस्तो व्यापक विषयवस्तुलाई समेटेर लेखिएको यो पहिलो ग्रन्थ हो ।"[२२८] "यो कृति कविता विधाको गहन दस्तावेज हो ।"[२२९] "कविता विधाको आधुनिक विस्फोट हो ।"[२३०] यो पुस्तक "नेपाली काव्यको इन्साइक्लोपेडिया हो र विषयगत चिन्तनको युगीन ध्वनि अग्रगामिता तथा भाषाशिल्पगत नवीनता सबै कुरा भएका कविता यस समयमा नै लेखिएको हुँदा लेखकको दृष्टिकोणलाई वैज्ञानिक मान्न सकिन्छ ।"[२३१] "यो ग्रन्थ एउटा नौलो प्रस्तुतिका रूपमा मात्र नआएर बेग्लै इतिहासको रूपमा आएकाले पनि यसले विशिष्टता पाएको छ । ... ग्रन्थमा प्रस्तुत पूर्वी र पश्चिमी एवं नेपाली विद्वान्हरूका अवधारणाहरूले केवल जानकारीको भूमिका मात्र निभाएको छैन, सँगै प्रत्येकमा नयाँ सोच बनाउन सक्ने क्षमता पनि राखेको छ ।"[२३२] "अस्पष्ट, सन्दिग्ध, द्वयर्थक र घुमाउरो किसिमको भाषिक प्रयोगबाट टाढा रहेको यो ग्रन्थ नेपाली कविताको इतिहास लेखनको एउटा फड्को हो र यसले नेपाली कविताका बारेमा समग्र सूचना प्रदान गर्दछ भने विश्लेषण र मूल्याङ्कनले नेपाली कवि र कविताको स्थिति, प्रवृत्ति र दिशा निर्धारणसमेत गर्दछ ।"[२३३] "कालिक र धारणागत कविताको इतिहासलाई सकेसम्म तथ्यपरक वैज्ञानिक सामान्यीकृत र सरल बनाउने प्रयास भएको यो ग्रन्थ विधागत इतिहास लेखनको अद्वितीय र अतुलनीय कृति हो ।"[२३४] "यस कृतिमा विना भेदभाव तटस्थ निश्पक्ष भएर कविताको इतिहास लेखनको उद्घोष मात्र भएको छैन तदनुरूप काम पनि भएको छ । यस कृतिमा सिद्धान्त छ, विश्लेषणको आधार छ र कविता पहिचान गर्ने संरचनावादी दृष्टिकोण छ । यसरी नै नेपाली साहित्यको कालविभाजनको मतभेदलाई

---

२२५. रासस, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास ग्रन्थ प्रकाशित,* **गोरखापत्र**, (२०६१ वैशाख १६), पृ. २ ।

२२६. भरतकुमार भट्टराई, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* **गोरखापत्र**, (२०६१ असार १२), पृ. ख ।

२२७. *नेपाली कविताको इतिहास एउटै पुस्तकमा,* **हिमालय टाइम्स**, (२०६१ वैशाख १६), पृ. २

२२८. गोविन्दराज भट्टराई, *कविता माथि भिन्न हेराई,* **कान्तिपुर**, (२०६१ जेठ १६), पृ. घ ।

२२९. *कविता विधाको गहन दस्तावेज,* **बुधबार**, (२०६१ जेठ २०), पृ. ४ ।

२३०. माधवप्रसाद पाण्डेय, कविता विधामा आधुनिक विष्फोट, **स्पेसटाइम**, (२०६२ वैशाख १९), पृ. ६ ।

२३१. मधुसूदन गिरि, *नेपाली काव्यको इन्साइक्लोपेडिया,* **राजधानी**, (२०६१ जेठ २), पृ. ग ।

२३२. रमेश तुफान, *निश्चित दिशा,* **मधुपर्क**, (३७/४, २०६१ भदौ), पृ. ४८ ।

२३३. लक्ष्मणप्रसाद गौतम, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* **गरिमा**, (२२/१२, २०६१ मङ्सिर), पृ. ६६ ।

२३४. भरतकुमार भट्टराई *विधागत इतिहास लेखनमा अद्वितीय कृति,* **सुनकोसी,** (२०६१ भदौ), पृ.२१८ ।

सर्वेक्षणात्मक विश्लेषण गरेर नेपाली कविताको स्पष्ट काल विभाजन गरिएको छ ।"[२३५] "यो कृति विनाआग्रह सबै पक्षलाई समेटेर लेखिएको नेपालीको आधिकारिक र प्रामाणिक ऐतिहासिक महत्त्वको विशिष्ट ग्रन्थ हो ।"[२३६] "यो ग्रन्थ एकातिर भएका सामग्रीहरूको कुशल व्यवस्थापनयुक्त सङ्गठन पनि हो र अर्कातिर मौलिक र नवीन सिद्धान्तको प्रतिपादन व्याख्या व्याख्या र विश्लेषण पनि हो । कविता सिद्धान्त र नेपाली कविताको अथ र इति थाहा पाउनका लागि एउटा आधारग्रन्थ र गुरुग्रन्थका रूपमा पनि यो कृति मूल्याङ्कित हुन्छ ।"[२३७]

प्रस्तुत कृतिमा उपकुलपतिको मन्तव्य शीर्षकमा मोहन कोइरालाको "चर्चित एवं प्रखर समालोचक डा.खगेन्द्रप्रसाद लुइटेलद्वारा तयार पारिएको प्रस्तुत शोधग्रन्थ नेपाली काव्य जगत्का लागि पहिलो नवीन र विशिष्ट कृति हो । कवितालाई नै मुख्य विषयवस्तु बनाएर वस्तुवादी-भाषावादी ढङ्गले कविताको संरचनात्मक विश्लेषणमा पीएच्.डी गरी नेपाली कविता विधामै विशेषज्ञता हासिल गरेका संरचनावादी विद्वान समालोचक लुइटेलद्वारा लेखिएको प्रस्तुत कृति यस विषय क्षेत्रको प्रथम आधिकारिक मौलिक र प्रामाणिक ग्रन्थ हो । नेपाली कविताको इतिहासमा देखापरेका मतमतान्तरलाई निराकरण गरी सैद्धान्तिक स्थिरीकरण गर्न सक्षम यो कृति नेपाली कविताका फाँटमा अति महत्त्वपूर्ण योगदान हुनेछ भन्ने कुरामा कुनै सन्देह छैन" भन्ने अभिव्यक्ति र यसै पुस्तकको मन्तव्यमै तोया गुरुङ्गको "यस शोध ग्रन्थमा कविताका सैद्धान्तिक पक्षको वस्तुगत विश्लेषण तथा नेपाली कविताको इतिहास सम्वन्धी सुरुदेखि अहिलेसम्को गहन खोजमूलक प्रस्तुति गरी आधुनिकतालाई विशेष ढङ्गले अर्थ्याएर यस सम्बन्धी दिग्भ्रमहरूको निराकरण गरिएको छ । कवितालई वैज्ञानिक ढङ्गले समग्र रूपमा चिनाउने र नेपाली कविताको विकासक्रमको समग्रता स्पष्ट्याउने यस्ता आधिकारिक र प्रमाणिक शोधग्रन्थको अभाव भइरहेका क्षणमा प्रस्तुत कृति प्रकाशन हुनु हामी सबैको गौरवको विषय हो ।" भन्ने भनाइबाट पनि कृतिको महत्त्व झल्किएको छ । समग्रमा यो कृति कविताको सिद्धान्त र विधागत इतिहासलाई समेटी तयार पारिएको एक ऐतिहासिक महत्त्वको विशिष्ट कृति हो ।

कविता सिद्धान्त र नेपाली कविताको इतिहास सिद्धान्त र प्रयोग दुवै पक्षमा नवीनता पाइने दुई खण्ड रहेको कविताको सिद्धान्त र इतिहासबारे चर्चा गरिएको अनुसन्धानमूलक कृति हो । यसमा कविता सिद्धान्तसँग सम्बद्ध कविताको परिभाषा, वर्गीकरण, संरचना, घटक आदि सबै पक्षहरूको बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ । प्रत्येक शीर्षकको निष्कर्ष दिइएको यस कृतिमा कविता संरचना र संरचक घटकहरूको प्रयोगमा फरक मान्यता प्रस्तुत गरिएको छ । यस ग्रन्थमा कवितासम्बन्धी परिभाषा दिने क्रममा संस्कृत र अङ्ग्रेजीको मूलपाठ पनि समावेश गरिएको छ । जसले गर्दा पाठकलाई त्यसको तुलनात्मक अध्ययन गर्न सजिलो परेको

---

२३५. सुकुम शर्मा, *कविता सिद्धान्त र नेपाली कविताको इतिहासका सन्दर्भमा डा. खगेन्द्रप्रसाद लुइटेलको समालोचकीयता*, **समकालीन साहित्य**, (१४/४, २०६१ वैशाख - असार), पृ. ५६ ।

२३६. यशोदा अधिकारी, **डी. पी. अधिकारीका समालोचनाको विश्लेषण**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६४), पृ. १२० ।

२३७. लक्ष्मणप्रसाद गौतम, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास कविताका बारेमा लेखिएको मानक ग्रन्थ*, **नवप्रज्ञापन**, (२०६२असोज), पृ. २० ।

छ । यसमा कवितासम्बन्धी नेपाली विद्वान्हरूका केही परिभाषाहरूको उल्लेख गरी निष्कर्षमा कवितासम्बन्धी आफ्नो परिभाषा दिएर त्यसलाई चारवटा बुँदामा आबद्ध गरी ती बुँदाहरूको व्याख्याद्वारा त्यसलाई पुष्टि गरिएको छ र कविताको स्वरूप स्पष्ट पारिएको छ । कविता संरचना र कविताका संरचक घटकहरूको परिचय दिने क्रममा प्रस्तुतीकरणमा नवीनता, स्पष्टता, सरलता र व्यापकता पाइन्छ । संरचनावादी दृष्टिकोणबाट नेपाली कविता विश्लेषण, सर्वेक्षण र मूल्याङ्कन गर्ने नवीन कार्यको प्रारम्भ भएको छ ।

नेपाली कविताको स्पष्ट कालविभाजन गरी आधुनिकताको वस्तुगत निरूपण र प्रत्येक कालका विभिन्न धारा, कवि र प्रवृत्तिको विश्लेषण सटीक रूपमा प्रस्तुत गरिएको यस कृतिमा नेपाली कविताका प्रत्येक काल र धाराका विशिष्ट, प्रतिनिधिमूलक र विशेष योगदान दिने कविहरूका बारेमा विशेष चर्चा गरिएको छ । यसमा नेपाली कविताको प्राथमिक कालदेखि आधुनिक कालको समसामयिक धारासम्मका कवि प्रतिभा र प्रवृत्तिको प्रभावपूर्ण निरूपण गरिएको छ । यसमा प्राथमिक कालको वीरधारादेखि आधुनिक कालको समसामयिक धारासम्मका एक हजार दुई सयभन्दा बढी कविहरू र तिनका काव्यकृतिहरूलाई एकै ठाउँमा जम्मा गरेर प्रस्तुत गरिएको छ । यसमा आधुनिकतासम्बन्धी विभिन्न मतहरूको खण्डनमण्डन गरी समसामयिकताको पनि नवीन व्याख्या गरिएको छ । नेपाली कविताका प्रत्येक काल र धाराका विशिष्ट, प्रतिनिधिमूलक र विशेष योगदान दिने कविहरूका बारेमा व्याख्यात्मक र विश्लेषणात्मक रूपमा तिनका कवित्वको निरूपण गरिएको छ । कविको नाम राख्ने क्रममा पहिलो प्रकाशित कृतिका आधारमा कालक्रमलाई आधार बनाएर प्रस्तुत गरिएको छ भने स्रोत नपाइएकाहरूलाई वैकल्पिक विधि प्रयोग गरिएको छ । प्रत्येक काल वा धाराको चर्चा गरिसकेपछि अन्त्यमा निष्कर्ष स्वरूप त्यस समयावधिका प्रमुख प्रवृत्तिहरूलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ । कृतिमा नेपालभित्रका कविहरूको मात्र चर्चा नगरी नेपालबाहिरको नेपाली कविताको परिदृश्यसमेत प्रस्तुत गरी नेपालबाहिर नेपाली कविताको स्थितिका बारेमा जानकारी दिइएको छ । "इतिहास लेखन कहिल्यै पनि पूर्ण हुँदैन, यसमा म पनि पूर्णताको दावी गर्दिन । यदि कसैले इतिहास लेखनमा पूर्णताको दावी गर्छ भने त्यो मुर्ख्याईंभन्दा बढी केही हुँदैन । इतिहासको पूर्णताको लागि लेखकको अन्त्य हुनुपर्छ र लेखकलाई अन्त्य गरी बनाइएका इतिहासको कुनै औचित्य रहँदैन" भन्ने लेखकको भनाइ देखिए पनि यसले नेपाली कविताको समग्र इतिहासलाई समेटेको देखिन्छ ।

कविता सिद्धान्त र नेपाली कविताको इतिहास नामक कृतिमार्फत संरचनावादी दृष्टिकोणबाट नेपाली कविताको विश्लेषण, मूल्याङ्कन गर्ने कार्यको पनि प्रारम्भ भएको छ त्यसकारण पनि कविताको सिद्धान्त र इतिहास दुवैको बारेमा नवीन मान्यता प्रस्तुत गरिएको यो कृति यस क्षेत्रको एक विशिष्ट कृति बन्न पुगेको छ । यस कृतिलाई सिद्धान्त र इतिहास गरी छुट्ट्याउँदा बेग्लाबेग्लै कृति पनि बन्ने देखिन्छ ।

५.२.५ पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त

१. परिचय

प्रस्तुत **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** नामक कृति २०६१ सालमा विद्यार्थी पुस्तक भण्डारबाट प्रकाशित भएको हो । त्यसपछि यो कृति क्रमशः २०६३, २०६७ र २०७१ सालमा आइपुग्दा चौथो संस्करण

प्रकाशित भइसकेको छ । यो माथि रातो र तल कालो रङ्गको आवरण रहेको डिमाइ आकारको ४१२ पृष्ठमा संरचित छ । यो पुस्तक त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयका विभिन्न तहका पाठ्यक्रममा समावेश गरिएको छ । यस कृतिमा *पूर्वीय साहित्य सिद्धान्त, पाश्चात्य साहित्य सिद्धान्त* र *पाश्चात्यवाद* गरी तिन खण्ड रहेका छन् । कृतिको पहिलो खण्डमा *पूर्वीय साहित्य सिद्धान्त*अन्तर्गत *काव्य परिभाषा, काव्य हेतु, काव्य प्रयोजन, शब्दशक्ति, काव्यगुण, काव्यदोष, रस सम्प्रदाय, अलङ्कार सम्प्रदाय, रीति सम्प्रदाय, ध्वनि सम्प्रदाय, वक्रोक्ति सम्प्रदाय* गरी एघार शीर्षक, दोस्रो खण्डमा *पाश्चात्य प्रणाली*अन्तर्गत *नीतिपरक, जीवनीपरक, समाजपरक, मनोविज्ञानपरक, आदिकतापरक, रूपपरक, शैलीवैज्ञानिक* र *संरचनावाद* गरी आठ र तेस्रो खण्डमा *पाश्चात्य वादहरू*अन्तर्गत *परिष्कारवाद, स्वच्छन्दतावाद, यथार्थवाद, प्रकृतवाद, प्रभाववाद, प्रतीकवाद, बिम्बवाद, घनत्ववाद, अतियथार्थवाद, अस्तित्ववाद, उत्तरआधुनिकतावाद, विनिर्माणवाद, पाठक प्रतिक्रिया समालोचना, नारीवादी समालोचना* र *उत्तर औपनिवेशिक समालोचना* गरी पन्ध्र शीर्षक रहेका छन् ।

२. विषयवस्तु

यस पुस्तकको पहिलो खण्डको पहिलो शीर्षक *काव्य परिभाषा*भित्र संस्कृत भाषामा प्रतिपादित काव्यका प्रमुख केही परिभाषाहरू प्रस्तुत गरिएको छ भने दोस्रो शीर्षक *काव्यहेत*अन्तर्गत काव्यहेतुको परिचय र प्रकारबारे चर्चा गरिएको छ । तेस्रो शीर्षक *काव्य प्रयोजन* विभिन्न विद्वान्का काव्य प्रयोजनसम्बन्धी मतहरूमा केन्द्रित छ भने चौथो शीर्षक *शब्दशक्ति*अन्तर्गत शब्दशक्तिको परिचयसहित यसका प्रकारहरूको बारेमा चर्चा गरिएको छ । पाँचौँ शीर्षक *काव्यगुण*मा काव्यगुणको परिचय र स्वरूपबारे चर्चा गरी काव्यगुणका प्रकार प्रस्तुत गरिएको छ भने छैटौँ शीर्षक *काव्यदोष*भित्र काव्यदोषको लक्षण तथा स्वरूप, काव्यदोषको वर्गीकरण र प्रमुख काव्यदोषबारे चर्चा गरिएको छ । सातौँ शीर्षक *रस सम्प्रदाय* अन्तर्गत रसको चिनारी र रससुत्रको आधारभूत व्याख्यासहित रस सामग्री वा अवयवको परिचय, रसनिष्पत्तिका प्रमुख मान्यता, साधारणीकरण, नवरसको सोदाहरण परिचय प्रस्तुत गरिएको छ । आठौँ शीर्षक *अलङ्कार सम्प्रदाय*भित्र चिनारी, विकासक्रम, परिभाषा र स्वरूप, मूलभूत मान्यता प्रस्तुत गरी रूय्यकको अलङ्कार वर्गीकरण प्रस्तुत गरिएको छ । यसमा शब्दालङ्कार र अर्थालङ्कारका परिभाषा र उदाहरण प्रस्तुत गरी साहित्यमा शब्दालङकार र अर्थालङ्कारको भूमिका प्रस्तुत गरिएको छ । नवौँ शीर्षक *रीति सम्प्रदाय*अन्तर्गत रीति सम्प्रदायको चिनारी र विकास, अर्थ र परिभाषा, अलङ्कार र गुणसँगको परिचय प्रस्तुत गर्दै रीति र गुणका प्रमुख प्रकारबारे चर्चा गरिएको छ । दसौँ शीर्षक *ध्वनि सम्प्रदाय*अन्तर्गत भने ध्वनि सम्प्रदायको चिनारी, ध्वनि सिद्धान्तको स्थापना, अर्थ र परिभाषा प्रस्तुत गर्दै ध्वनिको वर्गीकरण गरिएको छ । दसौँ शीर्षक *वक्रोक्ति सम्प्रदाय*अन्तर्गत वक्रोक्ति सम्प्रदायको चिनारी, परिभाषा र स्वरूप प्रस्तुत गरी यसका प्रकार उल्लेख गर्दै वक्रोक्तिवादका प्रमुख मान्यता एवं स्थापना बारे चर्चा गरिएको छ ।

दोस्रो खण्डको पहिलो शीर्षक *नीतिपरक समालोचना* शीर्षकमा नीतिपरक साहित्य र समालोचनाको परिचय, विकास, नीतिवाद र आदर्शवादको सम्बन्ध र स्वरूपबारे जानकारी गराउँदै नीतिवादी समालोचनाका प्रकार, प्लेटोको नीतिवादी साहित्यिक मान्यता बारे चर्चा गर्नाका साथै कलावाद विरुद्धमा स्थापित नीतिवादका

शक्ति र सीमाहरू प्रस्तुत गरिएको छ। दोस्रो शीर्षक *जीवनीपरक समालोचनाअन्तर्गत* जीवनीपरक समालोचनाको परिचय र विकास, प्रमुख मान्यताहरूसँगै जीवनीपरक समालोचनाको प्रक्रिया र यसका शक्ति र सीमाहरू उल्लेख गरिएको छ। तेस्रो शीर्षक *समाजपरक समालोचना* शीर्षकमा समाजपरक समालोचनाको परिचय, पृष्ठभूमि र विकाससँगै टेन, मार्क्स, कडवेल, जर्ज लुकाज आदिका समाजपरक स्थापना तथा मान्यताहरू उल्लेख गर्दै मार्क्स र गैरमार्क्सवादी चिन्तन प्रस्तुत गर्नाका साथै यसका शक्ति र सीमाहरू उल्लेख गरिएको छ। चौथो शीर्षक*मनोविज्ञानपरक समालोचना*अन्तर्गत मनोविज्ञानपरक समालोचनाको परिचय, विकास, शाखा, प्रकारसँगै फ्रायड, एडलर, युङ, लकँका मनोवैज्ञानिक सिद्धान्त र स्थापनाबारे चर्चा गर्दै यसका शक्ति र सीमाहरू प्रस्तुत गरिएको छ। पाँचौँ शीर्षक*आदिमतापरक समालोचना*मा परिचय, प्रवर्तन र विकास, प्रमुख सिद्धान्त बारे चर्चा गर्दै फ्राजर, कार्ल युङ्ग आदिका आदिमतापरक मान्यताको प्रस्तुति सहित यसका शक्ति र सीमाहरू प्रस्तुत गरिएको छ। छैटौँ शीर्षक *रूपपरक समालोचना*भित्र रूपपरक समालोचनाको परिचय, दृष्टिकोण, मान्यता सहित रसियाली रूपवाद, चेक संरचनावाद, फ्रान्सेली संरचनावाद, नवसमालोचना, सिकागो सम्प्रदाय र नवएरिस्टोटलवाद, कृतिपरक समालोचना बारे चर्चा गर्दै यसका शक्ति र सीमा प्रस्तुत गरिएको छ। सातौँ शीर्षक*शैलीवैज्ञानिक समालोचना*अन्तर्गत शैलीको परिचय, परिभाषा, यसका प्रकार र भाषाविज्ञान र साहित्यशास्त्रसँग सम्बन्ध, सैद्धान्तिक मान्यता र समालोचना तह बारे चर्चा गर्दै शैलीवैज्ञानिक समालोचना पद्धति र प्रविधिसहित कृति विश्लेषणका प्रारूप र प्रक्रियाका चरणहरू प्रस्तुत गरिएको छ। आठौँ शीर्षक*संरचनावाद* शीर्षकअन्तर्गत संरचनावादको नामाकरण र परिचय, पृष्ठभूमि र प्रवर्तन, परिभाषा, आधारभूत मान्यता, शक्ति र सीमा, उत्तरवर्ती रूप उत्तरसंरचनावाद बारे चर्चा गर्दै नेपालीमा यसको प्रभाववारे चर्चा गरिएको छ।

तेस्रो खण्ड : *पाश्चात्य वादहरू*अन्तर्गत *परिष्कारवाद, स्वच्छन्दतावाद, यथार्थवाद, प्रकृतवाद, प्रभाववाद, प्रतीकवाद, बिम्बवाद, घनत्ववाद, अतियथार्थवाद, अस्तित्ववाद, उत्तरआधुनिकतावाद, विनिर्माणवाद, पाठक प्रतिक्रिया समालोचना, नारीवादी समालोचना* र *उत्तर औपनिवेशिक समालोचना* गरी पन्ध्र शीर्षक रहेका छन्। यस खण्डमा यी विभिन्न वाद तथा समालोचनाहरूको नामाकरण, परिचय, पृष्ठभूमि, प्रवर्तन र विकास, आधारभूत मान्यता, प्रवृत्तिसहित विभिन्न वादको एक अर्का बीचको सम्बन्ध र व्यतिरेक प्रस्तुत गरिएको छ। यससँगै यी विभिन्न वादहरूका शक्ति र सीमा उल्लेख गर्दै नेपाली साहित्यमा परेको प्रभावबारे पनि चर्चा गरिएको छ।

३. भाषाशैली

भाषिक सरलतालाई अँगालिएको **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** नामक कृतिमा परिष्कृत भाषाको प्रयोग गरी विषयवस्तुलाई सरल रूपमा प्रस्तुत गरिएको व्याख्यात्मकभन्दा सूत्रात्मक शैलीको प्रयोग गरिएको छ। उदाहरणको प्रशस्तै प्रयोग गरिएको यस कृतिमा गद्यात्मकताका साथै ठाउँठाउँमा उदाहरण दिने क्रममा पद्यात्मक शैलीको पनि प्रयोग गरिएको छ।

४. निष्कर्ष

पूर्वीय र पाश्चात्य दुवैतिरको साहित्य सिद्धान्तलाई प्रस्तुत गरिएको यस कृतिमा पूर्वीय साहित्यका रस, ध्वनि, रीति, अलङ्कारका साथै पाश्चात्य साहित्यका विभिन्न प्रणालीहरूलाई समेत समेटिएको हुनाले एउटै कृतिबाट पूर्वीय र पाश्चात्य दुवैतिरको साहित्यबारे जानकारी पाइन्छ। पूर्वीय र पाश्चात्य दुवैतिरको साहित्यलाई समेटिएको यस कृतिमा विषयवस्तुको विभिन्न कोणबाट विश्लेषण गरिएको छ। सटिक परिभाषा, पर्याप्त उदाहरण, उपयुक्त विश्लेषण, नवीनतम् सूचना, सरल व्याख्या विश्लेषण र क्रमबद्ध प्रस्तुति आदि विशेषताले युक्त यो कृति यस क्षेत्रका पाठकहरूका लागि अत्यन्तै उपयोगी रहेको छ साथै संस्कृत तथा पाश्चात्य साहित्यका बारेमा सरल भाषाशैलीको प्रयोग गरी विषयवस्तु प्रस्तुत गरिएको यो कृति विषयवस्तुबारे जानकारी लिन र दिगो सिकाइका लागि अत्यन्तै महत्वपूर्ण रहेको छ। २०६१ सालमा प्रथम संस्करण प्रकाशित भएको उक्त कृति २०७१ सालसम्म आइपुग्दा चौथो संस्करण प्रकाशन भइसक्नुले पनि यसको महत्व र उपयोगिताको पुष्टि भएको छ। पूर्वीय र पाश्चात्य साहित्य र समालोचना सिद्धान्तजस्तो जटिल विषयवस्तुलाई अत्यन्तै सरल भाषामा सबैले बुझ्ने गरी प्रस्तुत गर्नु यस समालोचनात्मक कृतिको मूल प्रवृत्ति हो।

५.२.६ कविताको संरचनात्मक विश्लेषण

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलको विद्यावारिधि शोधप्रबन्धमा आधारित **कविताको संरचनात्मक विश्लेषण** विद्यार्थी पुस्तक भण्डारबाट २०६२ सालमा प्रथम पटक प्रकाशित समालोचनात्मक कृति हो। आकारप्रकारका दृष्टिले डिमाई आकारको ५६० पृष्ठमा संरचित खैरो रङ्गको आवरण रहेको यस कृतिको पछाडिपट्टि विभिन्न साहित्यकारहरूको मन्तव्यलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ। यस कृतिमा प्रा.मोहनराज शर्माको *कविताको नयाँ साहित्यशास्त्र*, प्रा.डा.बल्लभमणि दाहालको *नेपालीमा नौलो उपहार र प्रथम प्रयोग*, प्रा.डा. अभि सुवेदीको *साहित्य सिद्धान्त र* डा.गोविन्दराज भट्टराईको *नयाँ नेपाली समीक्षा, सिद्धान्त र प्रयोगको अपूर्व मिलन* शीर्षकका नेपाली साहित्यका शीर्षस्थ पाँचजना विद्वान्हरूको भूमिका रहेको छ। पुस्तकमाथिको भूमिका पन्ध्र पृष्ठमा विस्तारित छ। त्यसपछि राखिएको विषयसूची लगत्तै पछिल्लो पृष्ठमा सङ्क्षिप्त रूप र सङ्केतसूची प्रस्तुत गरी अर्को पृष्ठदेखि विषयवस्तुको प्रारम्भ गरिएको छ। यो कृति त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयका विभिन्न तहका पाठ्यक्रममा समावेश गरिएको छ। *सैद्धान्तिक* र *प्रायोगिक* गरी दुई खण्डमा विभाजित यस कृतिमा पहिलो परिच्छेद : *कविताको सैद्धान्तिक स्वरूप,* दोस्रो परिच्छेद : *संरचना र संरचनावाद,* तेस्रो परिच्छेद : *कविताको संरचना,* चौथो परिच्छेद : *कविताको विश्लेषण,* पाँचौँ परिच्छेद : *प्रगीतात्मक कविताको विश्लेषण,* छैटौँ परिच्छेद : *आख्यानात्मक कविताको विश्लेषण,* सातौँ परिच्छेद : *नाटकीय कविताको विश्लेषण,* आठौँ परिच्छेद : *उपसंहार : प्रमुख निष्कर्ष* गरी आठ परिच्छेद रहेका छन्। कृतिको आठौँ परिच्छेद पछिको भागमा परिशिष्ट क, ख, ग गरी क्रमशः *पारिभाषिक शब्दावली : नेपाली-अङ्ग्रेजी, पारिभाषिक शब्दावली : अङ्ग्रेजी-नेपाली र विदेशी नामको उच्चारण* दिइएको छ भने त्यसपछि सन्दर्भग्रन्थसूची प्रस्तुत गरिएको छ। यसमा पुस्तकसूची र

पत्रपत्रिकासूचीलाई भिन्नभिन्न ठाउँमा प्रस्तुत गरी पुस्तक सूचीलाई पुनः नेपाली, संस्कृत, हिन्दी, अङ्ग्रेजी गरी छट्ट्याइएको छ ।

२. विषयवस्तु

पहिलो परिच्छेद : *कविताको सैद्धान्तिक स्वरूप*अन्तर्गत *कविताको परिभाषा* र *कविताको वर्गीकरण* गरी दुई शीर्षक रहेका छन् । *कविताको परिभाषा*लाई *संस्कृत साहित्यमा कविताको परिभाषा, पश्चिमी साहित्यमा कविताको परिभाषा* र *नेपाली साहित्यमा कविताको परिभाषा* गरी तिन उपशीर्षकमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ । संस्कृत साहित्यमा कविताको परिभाषा गर्ने क्रममा भरतमुनिदेखि जगन्नाथसम्म विभिन्न काव्यशास्त्रीहरूका काव्यसम्बन्धी परिभाषाहरू प्रस्तुत गरी अन्त्यमा निष्कर्ष दिइएको छ । त्यसैगरी पश्चिमी साहित्यमा कविताको परिभाषा शीर्षकअन्तर्गत सिड्नीदेखि लिएर क्लड लेभाइ स्ट्राउससम्मका विभिन्न विद्वान्का परिभाषा दिँदै निष्कर्ष प्रस्तुत गरिएको छ । *नेपाली साहित्यमा कविताको परिभाषा* शीर्षकअन्तर्गत नेपाली साहित्यका प्रमुख केही कवि तथा समालोचकहरूका काव्यसम्बन्धी मान्यताहरूलाई उल्लेख गरिएको छ । यसमा संस्कृत, पश्चिमी र नेपाली विद्वान्हरूले दिएका कवितासम्बन्धी परिभाषाहरूको अध्ययन विश्लेषण गरी कवितालाई संरचनात्मक तरिकाले परिभाषित गर्दै अन्त्यमा कविताका अभिलक्षणहरू प्रस्तत गरिएको छ । यस कृतिको *कविताको वर्गीकरण* शीर्षकअन्तर्गत संस्कृत साहित्यमा कविताको वर्गीकरण र पश्चिमी साहित्यमा कविताको वर्गीकरण गरी दुई उपशीर्षक रहेका छन् । यसमा संस्कृत साहित्यमा कविताको वर्गीकरण गर्ने क्रममा भामह, वेदव्यास हुँदै विश्वनाथ, जगन्नाथसम्मले विभिन्न आधारमा गरेका काव्य वर्गीकरणलाई अगि सार्दै संस्कृत साहित्यमा पाइने कविताको वर्गीकरणलाई समग्रमा प्रस्तुत गरिएको छ । *पश्चिमी साहित्यमा कविताको वर्गीकरण* शीर्षकअन्तर्गत पश्चिममा गरिएको कविताको मुख्य वर्गीकरण प्रस्तुत गर्दै कवितालाई महाकाव्य, प्रगीत र छन्दमुक्त कविता गरी विभाजन गरी तिनीहरूलाई पुनः विभिन्न उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेद : *संरचना र संरचनावाद*अन्तर्गत *संरचनाको पहिचान* र *संरचनावादको पहिचान* गरी दुई शीर्षक रहेका छन् । *संरचनाको पहिचान*अन्तर्गत *संरचनाको अर्थ, संरचना र रूप, संरचनाको परिभाषा, संरचनाको स्वरूप, संरचनाका विशेषता, कृतिगत संरचना* गरी विभिन्न उपशीर्षकहरूमा तिनीहरूको बारेमा व्याख्या विश्लेषण गरिएको छ भने *संरचनावादको पहिचान* शीर्षकअन्तर्गत *संरचनावादको अर्थ, संरचनावादको पृष्ठभूमि, संरचनावादका परिभाषा, संरचनावादको स्वरूप, संरचनावादका प्रमुख धारा एवं सम्प्रदायहरू, संरचनावादका आधारभूत अभिलक्षण, संरचनावादी चिन्तन र संरचनावादी समालोचना* गरी विभिन्न उपशीर्षक भित्र रहेर संरचनावादी चिन्तनलाई भाषाशास्त्रीय, आख्यानशास्त्रीय र काव्यशास्त्रीय गरी विभाजन गरिएको छ । जुन परिच्छेद संरचना र संरचनावादको सैद्धान्तिक निरूपणमा केन्द्रित देखिन्छ । यो परिच्छेद नवीन मान्यता एवं स्थापनाका दृष्टिले समेत महत्वपर्ण रहेको छ ।

तेस्रो परिच्छेद : *कविताको संरचना*अन्तर्गत *कवितासंरचनाको परिचय, कविताका संरचनात्मक प्रकार* र *कविताका संरचक घटकहरू* गरी तिन शीर्षक रहेका छन् । *कवितासंरचनाको परिचय* शीर्षकमा कविताको

संरचनासम्बन्धी विभिन्न विद्वान्हरूका मान्यताहरूसहित विभिन्न छन्दमा संरचित विविध कविताका हरफहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । यसमा प्रशस्तै पादटिप्पणीको प्रयोग गरिएको छ । *कविताको संरचनात्मक प्रकार* शीर्षकअन्तर्गत कवितालाई प्रगीतात्मक, आख्यानात्मक र नाटकीय गरी तिन भागमा वर्गीकरण गरी ती सबैको बारेमा व्याख्या विश्लेषण गरिएको छ भने अन्त्यमा यी तिनै प्रकारका संरचना भएका कविताका प्रमुख अभिलक्षणहरूलाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । कविताका संरचक घटकहरू शीर्षकअन्तर्गत कविताका संरचक घटकहरूमा वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यासलाई मानिएको छ । वस्तुलाई भाव वा विचार, कथानक र द्वन्द्व गरी तिन शीर्षकमा विभाजन गरी त्यसलाई पुन : विभिन्न उपशीर्षक दिई तिनीहरूको बारेमा व्याख्या विश्लेषण गर्नाका साथै दृष्टिबिन्दुको चर्चा गर्ने क्रममा प्रथम र तृतीय दुवै दृष्टिबिन्दुको बारेमा व्याख्या गरिएको छ । भाषाशैलीय विन्यासअन्तर्गत भाषा, शैली, बिम्ब र बिम्बविधान, प्रतीक, लय आदिको चर्चा गरिएको छ भने त्यसलाई पुनः विभिन्न शीर्षकमा विभाजन गरिएको छ । यस शीर्षकमा कविताका संरचक घटकहरूको बारेमा नवीन मान्यता प्रस्तुत गरिएको छ ।

चौथो परिच्छेद : *कविताको विश्लेषण*अन्तर्गत *प्रारूप, प्रारूपको स्पष्टीकरण* र *तालिकीकृत प्रारूप* गरी तिन शीर्षक रहेका छन् । *प्रारूप* शीर्षकअन्तर्गत प्रारूपको परिचयसहित कविता विश्लेषणका लागि तयार पारिएको संरचनावादी प्रारूप प्रस्तुत गरिएको छ । *प्रारूपको स्पष्टीकरण* शीर्षकअन्तर्गत परिचय, विभाजन, सङ्गठन, वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यास, व्याख्या र निष्कर्ष गरी विभिन्न उपशीर्षक रहेका छन् । यसमध्ये सङ्गठनलाई विशेष जोड दिई आदि, मध्य र अन्त्य गरेर छुट्याइ अझ त्यसलाई विभिन्न उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ । *तालिकीकृत प्रारूप* शीर्षकअन्तर्गत भने कविता विश्लेषणको संरचनात्मक प्रारूपलाई समग्रतामा तालिकीकृत गरेर देखाइएको छ ।

पाँचौं परिच्छेद : *प्रगीतात्मक कविताको विश्लेषण*अन्तर्गत परिचय : विषय प्रवेश र **मेरो चोक** कविताको विश्लेषण गरी दुई शीर्षक रहेका छन् । *परिचय : विषय प्रवेश* शीर्षकअन्तर्गत कवि भूपिको बारेमा सामान्य जानकारी प्रस्तुत गरिएको छ भने *मेरो चोक कविताको विश्लेषण* शीर्षकअन्तर्गत विभाजन, सङ्गठन, वस्तु : भाव, विकास र व्यवस्थापन, सहभागी सहभागी र सहभागिता, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यास, व्याख्या र निष्कर्ष गरी विभिन्न उपशीर्षक रहेका छन् । यसमा नमुनाका रूपमा गद्यकवि भूपि शेरचनको **मेरो चोक** नामक प्रगीतात्मक कवितालाई लिई यी नै विभिन्न तCवहरूका आधारमा उक्त कविताको विश्लेषण गर्दै व्याख्या र निष्कर्ष भागमा उक्त कविताको भाव प्रस्तुत गरिएको छ ।

छैटौं परिच्छेद : *आख्यानात्मक कविताको विश्लेषण*अन्तर्गत *परिचय : विषय प्रवेश* र ***मुनामदन**को विश्लेषण* गरी दुई शीर्षक रहेका छन् । *परिचय : विषय प्रवेश*अन्तर्गत देवकोटाका प्रकाशित कृति र उनका प्रवृत्ति प्रस्तुत गरिएको छ भने *मुनामदनको विश्लेषण*अन्तर्गत विभाजन, सङ्गठन, वस्तु, सहभागी र सहभागिता, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यास, व्याख्या र निष्कर्ष गरी विभिन्न उपशीर्षकअन्तर्गत रहेर देवकोटाको आख्यानात्मक कविता **मुनामदन**को विश्लेषण गरिएको छ । *व्याख्या र*

निष्कर्ष शीर्षकअन्तर्गत भने **मुनामदन**को भाव प्रस्तुत गर्दै यसलाई एउटा पूर्ण र स्वायत्त संरचना भएको कविता कृतिमा रूपमा चिनाइएको छ ।

सातौँ परिच्छेद : *नाटकीय कविताको विश्लेषण*अन्तर्गत *परिचय : विषय प्रवेश* र ***घाइते युग*** *कविताको विश्लेषण* गरी दुई शीर्षक रहेका छन् । परिचयः विषय प्रवेश शीर्षकअन्तर्गत प्रसिद्ध गद्य कवि मोहन कोइरालालाई उनका प्रकाशित कृति सहित चिनाउँदै **घाइते युग** कविताको विश्लेषण शीर्षकअन्तर्गत विभाजन, सहभागी र सहभागिता, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यास, व्याख्या र निष्कर्षजस्ता काव्य तत्त्वका आधारमा कवि मोहन कोइरालाको नाटकीय कविता **घाइते युग**को विश्लेषण गरिएको छ । यी विभिन्न तत्त्व मध्ये सङ्गठन, वस्तु र भाषाशैलीय विन्यासलाई पुनः विभिन्न शीर्षकमा विभाजन गरी प्रस्तुत गरिएको छ । अन्त्यमा व्याख्या र निष्कर्ष उपशीर्षकभित्र उक्त कविताको मूल भाव प्रस्तुत गरिएको छ ।

आठौँ परिच्छेद : *उपसंहार : प्रमुख निष्कर्ष*अन्तर्गत *कविताको स्वरूप, संरचना र संरचनावाद, कविताको संरचना : प्रकार र घटक, कविता विश्लेषणको प्रारूप, समग्र निष्कर्ष* गरी पाँच शीर्षक रहेका छन् । उपसंहारका रूपमा रहेको यस परिच्छेदमा अगाडिका परिच्छेदमा प्रस्तुत गरिएका विषयवस्तुको निष्कर्ष प्रस्तुत गरिएको छ । यो परिच्छेद पुस्तकको सम्पूर्ण भाव प्रस्तुत गर्न सफल रहेको छ ।

आठौँ परिच्छेदपछि परिशिष्टअन्तर्गत पारिभाषिक शब्दावली : नेपाली-अङ्ग्रेजी, अङ्ग्रेजी-नेपाली तथा विदेशी नामको उच्चारण प्रस्तत गरिएको छ भने सन्दर्भग्रन्थसूचीअन्तर्गत पुस्तकसूची र पत्रपत्रिकासूची दिइएको छ । पुस्तकसूचीअन्तर्गत पनि नेपाली, संस्कृत, हिन्दी, अङ्ग्रेजी भाषाका पुस्तकलाई बेग्लाबेग्लै रूपमा प्रस्तुत गरिएको छ ।

३. भाषाशैली

संरचनावादी समालोचना पद्धति नेपाली समालोचनाका क्षेत्रमा नवीन समालोचना पद्धति भएकाले गर्दा यस कृतिमा नवीन भाषाशैली पाइन्छ । यस समालोचना पद्धतिको प्रारम्भ पश्चिमी मुलुकबाट भएको र नेपालीमा सामग्री नपाइने हुँदा यसमा कविताको परिभाषा र वर्गीकरण गर्ने क्रममा संस्कृत र पश्चिमी साहित्यलाई प्रस्तुत गर्दा प्रशस्तै आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । यसमा प्रशस्तै अङ्ग्रेजी शब्दलाई अनुवाद गरी नेपालीकरण गर्नाका साथै भाषाशैलीय विन्यास, अग्रभूमि, अग्रभूमीकरण, अग्रभूमिकृत, अङ्गीकरण, अनाधुनिकता, अन्त्य विरामित पङ्क्तिजस्ता अनेक नयाँ शब्दको निर्माण पनि गरिएको छ । कविताको भाषाशैली सरल र सामान्य नभई केही जटिल र असामान्य हुनु स्वाभाविक नै हो तर यस पुस्तकमा त्यस्तो जटिलता पाइँदैन । यसमा प्रशस्तै सङ्क्षिप्त रूप र सङ्केतसूचीका साथै गणितीय, प्राविधिक आदि थुप्रै क्षेत्रका शब्दहरूको पनि प्रयोग गरिएको छ । यसका सम्पूर्ण सैद्धान्तिक अवधारणाहरूको प्रस्तुति सरल, सहज, स्वभाविक, वस्तुगत र वैज्ञानिक ढङ्गले गरिएको छ । प्रचलित सैद्धान्तिक पक्षलाई पनि नयाँ र मौलिक ढङ्गमा प्रस्तुत गरिएको यस कृतिको भाषा स्पष्ट छ ।

४. निष्कर्ष

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **कविताको संरचनात्मक विश्लेषण** नामक समालोचनात्मक कृति कविताको सैद्धान्तिक र प्रायोगिक गरी दुई खण्डमा विभाजित समालोचनात्मक कृति हो । यो कृति नेपाली साहित्यको समालोचकीय फाँटमा संरचनावादको सर्वप्रथम प्रयोग भएको यस क्षेत्रको प्रथम मौलिक कृति हो । यसले कविता विधालाई हेर्ने नयाँ दृष्टिकोण अगि सारेको छ । यो अनुसन्धानात्मक समालोचनात्मक कृति दुई भाग र आठ परिच्छेदमा विभक्त छ । यसका सुरुका चार परिच्छेद सिद्धान्त खण्डका रूपमा रहेका छन् भने बाँकी चार परिच्छेद प्रयोगसँग सम्बन्धित रहेका छन् । सिद्धान्त र प्रयोग दुवैलाई एकै ठाउँमा समाहित गरिएको यस कृतिमार्फत कविताको विश्लेषण गर्ने नयाँ पद्धतिको प्रारम्भ भएको छ । *आशिष कविताको संरचनात्मक विश्लेषण* शीर्षक समालोचनात्मक लेखबाट संरचनावादी समालोचनाको प्रारम्भ गरेका लुइटेलको **कविताको संरचनात्मक विश्लेषण** नामक कृति यस क्षेत्रको पहिलो पुस्तकाकार कृति बन्न पुगेको छ । "वास्तवमा यिनले यस पद्धतिको थालनी मात्र नगरी विकास र विस्तारसमेत गरेका छन् ।"[२३८] यस कृतिमा सिद्धान्तीकरणका साथै प्रायोगिक पक्षमा समेत प्रशस्तै मौलिकता पाइन्छ । संरचनाको स्वरूपका यान्त्रिक र तार्किक विन्यास, विधानशास्त्रीय समानान्तरता, कविताका संरचनात्मक प्रकार, भाषाशैलीय विन्यासजस्ता विविध पक्षमा मौलिकताका साथै नवीन मान्यताहरू पनि पाइन्छ ।

"यस कृतिमा विश्वसाहित्यमै चर्चाको विषय बनेको कविताको संरचनात्मक पक्षलाई नेपाली कवितामा आधारित रहेर सूक्ष्म रूपले विश्लेषण गरिएको छ ।"[२३९] "यसले कविता विधालाई हेर्ने नयाँ दृष्टिकोणका साथै कविताको महत्वका सन्दर्भमा समेत विशिष्ट स्थान ओगटेको छ ।" [२४०] "भाषाविज्ञान र साहित्यको संगमस्थलका रूपमा देखापरेको यस कृतिमार्फत लुइटेलले भाषाकेन्द्री र वस्तुवादी ढङ्गले सैद्धान्तिक र प्रायोगिक पक्षको समन्वय गराई नेपाली साहित्यमा संरचनावादी समालोचनाको प्रारम्भ गरेका छन् ।"[२४१] "नेपाली समालोचनाको क्षेत्रमा नवीनतम र वस्तुवादी समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिका प्रारम्भकर्ता लुइटेलले संरचनामाथि केन्द्रित भई वस्तुगत र वैज्ञानिक ढङ्गले विश्लेषण गर्ने संरचनावादी समालोचना पद्धतिको नेपाली समालोचनामा थालनी मात्र नगरी यसको स्पष्ट प्रारूप तयार पारी सैद्धान्तिक र प्रायोगिक रूपमा समालोचना गरेका छन् । यस सन्दर्भमा **कविताको संरचनात्मक विश्लेषण** नेपाली समालोचनाका क्षेत्रमा कोसेढुङ्गो सावित भएको छ ।"[२४२] "अरूले हिँडेको बाटोमा हिँड्न त्यति कष्ट हुँदैन तर आफैँले बाटो बनाएर हिँड्नु भनेको अत्यन्त कठिन र महत्वपूर्ण काम हो । लुइटेल यही कठिन कार्मातिर लागेका छन् । उनको यो गुरुतम् कृति आयामका दृष्टिले मात्र होइन समालोचनाको विषयका दृष्टिले समेत

---

२३८. राजु भुसाल, *समालोचनाको स्वरूप र प्रकार*, **कुञ्जिनी**, (१९/९, २०६१), पृ. १८०-१८८ ।

२३९. *डा. लुइटेलको नयाँ कृति*, **अन्नपूर्ण पोष्ट**, (२०६२ भदौ २), पृ. १२ ।

२४०. *कविताको संरचनात्मक विश्लेषण पुस्तक*, **गोरखापत्र**, (२०६२ साउन ३२) पृ. २ ।

२४१. *विद्यावारिधि*, **त्रिभुवन विश्वविद्यालय बुलेटिन**, (३५/१, २०५९ साउन), पृ. ११ ।

२४२. राजु भुसाल, *कविताको संरचनात्मक विश्लेषण : एक सङ्क्षिप्त अध्ययन*, **लुम्बिनी दैनिक**, (२०६३ असार २४), पृ. २ ।

अत्यन्त गम्भीरतम् र सर्वथा नवीन ग्रन्थ हो । संरचनावादी सिद्धान्त र प्रयोगमा आधारित यस समालोचना ग्रन्थले नेपाली समालोचनालाई एक फड्को अगि सारेको छ ।"[२४३]

"यसमा स्पष्ट प्रारूपका साथ प्रगीतात्मक, आख्यानात्मक र नाटकीय संरचनाका कविताको विश्लेषण व्यावहारिक, वस्तुगत र वैज्ञानिक रूपमा प्रस्तुत गरिएको छ ।"[२४४] "नेपाली वाङ्मयमा नेपाली साहित्यको संरचनापक्षको परिचय दिने उल्लेख्य सानै पनि कृति नभएको अवस्थामा यस्तो गहन अध्ययन र विवेचनापूर्ण शोधग्रन्थ निर्माण र प्रकाशनले लेखकको अध्ययन, अनुसन्धान र लेखकको भागीरथ तपस्या दर्शाएको छ । यसबाट कविता क्षेत्रका स्रष्टा मात्र होइन हरेक विधामा सर्जक संरचनात्मक ज्ञानको क्षेत्रमा पर्याप्त रूपले लाभान्वित हुने छन् । यो नयाँ विषयलाई नै पहिलो पालि सर्वाङ्ग रूपले नेपाली वाङ्मयमा अवतरण गराउने श्रेय डा. खगेन्द्र र उनको पुस्तकले पाएका छन् । लेखकले नेपाली वाङ्मयलाई दिएको नितान्त नयाँ र बृहत् अन्वेषणमूलक उपहार हो, कविताको संरचनात्मक विश्लेषण, जसबाट स्रष्टाले यो उपहारको ऐनासामु आफ्ना सिर्जना राखेर तिनको रूप, आकार, भाषा, शैली, लय, छन्द, बिम्ब आदि अङ्गप्रत्यङ्गहरू राम्रा केकस्ता भए भनी जाँच गरी सुधार्ने अवसर प्रशस्त पाउनेछन् ।"[२४५] "पाश्चात्य भाषासाहित्यमा पाँच दशकभन्दा लामो संरचनावादी यात्राको एकमुष्ट प्रवर्तन नेपाली साहित्यमा भने यस कृतिसँगै भएको छ तसर्थ नेपाली समालोचनामा यो नयाँ आयाम हो, नौलो प्रयोग हो । एक्काइसौँ शताब्दीको वैज्ञानिक युगमा परम्परित प्रभाववादी ढर्रालाई समाप्त गरी वैज्ञानिक समीक्षाको लागि संरचनावादी सिद्धान्तलाई आत्मसाथ गर्नुपर्ने आह्वान र अवसर यस पुस्तकबाट एकसाथ प्रस्तुत भएको छ ।"[२४६] "कविताको संरचनात्मक विश्लेषण नेपालीमा संरचनावादी समालोचनाको सिद्धान्त र प्रयोग दुवै हो । नेपाली समालोचनालाई प्रभाववादबाट मुक्त गर्ने एउटा सशक्त कडी हो । यस कृतिले कविताको मात्र संरचनावादी विश्लेषणका आधारहरू नदिई अन्य विधाका कृतिहरूको समेत विश्लेषणका आधारहरू प्रदान गरेकाले यस कृति वा ग्रन्थको विशेष महत्व रहेको छ ।"[२४७]

संरचनावादी सिद्धान्त र प्रयोगमा केन्द्रित प्रस्तुत कृति नेपालीमा ऐतिहासिक महत्व राख्ने प्रथम शोधग्रन्थ भएको कुरा निर्विवाद छ । यो शोधग्रन्थ नेपालीको सबैभन्दा स्तरीय र मानक शोधप्रबन्ध तथा

---

[२४३]. लक्ष्मणप्रसाद गौतम, *संरचनावादी समालोचनाको पहिलो ग्रन्थ*, **मधुपर्क**, (३८/११, २०६२ चैत्र), पृ. २२-२३ ।

[२४४]. बिमल बराल, *नेपाली कविताको संरचनात्मक विश्लेषण*, **नेपालीपत्र**, (२०६२ भदौ ३), पृ. ७ ।

[२४५]. मोदनाथ प्रश्रित, *कविताको संरचनात्मक विश्लेषण*, **कान्तिपुर**, (२०६२ असोज १), पृ. ६ ।

[२४६]. रामबहादुर बोगटी, *सिद्धान्त र संरचना विश्लेषणको एकीकृत प्रस्तुति*, **देशान्तर साप्ताहिक**, (२०६३ साउन २८), पृ. ४ ।

[२४७]. लक्ष्मणप्रसाद गौतम, *प्रथम शोधग्रन्थका रूपमा नेपालीमा संरचनावादी समालोचना*, **मधुपर्क**, (४०/७, २०६४ मंसिर), पृ. ८-१० ।

पुस्तकका रूपमा देखिएको छ । यस प्रकारको कृतिको अर्को जोडा नेपालीमा छैन ।"[२४८] "यो शोधग्रन्थ नेपाली साहित्यमा नौलो उपहार हो र संरचनावादी सिद्धान्त र विधिको प्रयोगमा प्रथम प्रयोग हो । यसर्थ नेपाली साहित्यमा नौलो मात्र होइन ब्रेक थ्रु नै हो ।"[२४९] "उनले पाश्चात्य मुलुकमा उत्पत्ति भएको तर अहिले सार्वभौमिक संरचनावादी पद्धति मात्र होइन चिन्तनको पनि यस क्षेत्रमा निजत्वका साथ सार्थक प्रयोग गरेका छन् । नेपाली शोध र समालोचनाका क्षेत्रमा प्रचलित परम्पराभन्दा नितान्त भिन्न र नवीन ढङ्गले संरचनावादी पद्धतिका आधारमा सर्वप्रथम तयार पारिएको यो कृति यस दिशाको एउटा महत्वपूर्ण, विशिष्ट र ऐतिहासिक साहित्य सिद्धान्त र समीक्षाको मानक ग्रन्थ हो । यस क्षेत्रमा ग्राउण्ड ब्रेक गरेको ऐतिहासिक कृति हो ।"[२५०] "यस अनुसन्धानमूलक ग्रन्थले नेपालीमा सर्वप्रथम संरचनावादी समालोचना पद्धतिको नौलो जग बसाएको छ र नेपाली समालोचनामा नयाँ मोड ल्याएको छ । भाषाविज्ञान र साहित्यसिद्धान्तको एकीकृत सैद्धान्तिक प्रस्तुति तथा त्यसको प्रयोगको अपूर्व मिलन गराइएको यस कृतिको ऐतिहासिक महत्व रहेको छ ।"[२५१] यस कृतिका बारेमा डा. तुलसीप्रसाद भट्टराईको भनाइ यस्तो रहेको छ :

> यथार्थमा प्रस्तुत शोधग्रन्थ नेपाली अनुसन्धानका क्षेत्रमा महत्वपूर्ण एवं विशिष्ट उपलब्धि हो । भाषावैज्ञानिक विश्लेषण र साहित्यिक सैद्धान्तिक-व्यावहारिक व्याख्याका आधारमा अध्ययन-मूल्याङ्कन गरिने जटिल र गहन संरचनात्मक पद्धतिको सरल र सहज प्रस्तुति पाइने यस शोधग्रन्थमा कविताको स्वरूप, संरचना र संरचनावाद, कविताको संरचना र विश्लेषणजस्ता विषयमा सिद्धान्त र प्रयोगको उत्तम व्यवस्थापन छ । नयाँ प्रारूपको निर्माण गरी कवितालाई संरचनात्मक व्याख्या-विश्लेषणमा रूपान्तरित गराउनु सह्रनीयोग्य र संयोजन उदाहरणीय छ । पूर्ववर्ती विषयको आधुनिक रूपान्तरण खोज्न पाश्चात्यजगत्मा जानुपर्ने बाध्यता छ । उदाहरण निम्ति प्रस्तुत शोधग्रन्थ नै उपयुक्त छ । यो शोधग्रन्थ अतीत र दूरवर्ती विषयवस्तुको नवीनतम व्याख्या र विश्लेषण हो र यसले समालोचना गर्ने परम्परागत शैली र आत्मकेन्द्रित स्वाहंलाई पगाल्न र समीक्षकहरूलाई अरू नयाँ खोज गर्न प्रेरित गर्नेछ । यो नेपाली जगत्मा संरचनावादी साहित्यलाई भाषावैज्ञानिक पद्धतिमा अध्ययन, विश्लेषण र व्याख्या गरिएको पहिलो सिङ्गो शोधग्रन्थ हो र यसले नेपालीमा संरचनावादी समालोचनाको नयाँ परम्परा, पद्धति र तरिकाको थालनी र विकास गराएको छ । समालोचना-समीक्षाजस्ता विषय संस्थानबद्ध एवं रूढ र जड हुँदै गएको आजको व्यासासनीय निश्चल दहमा यो शोधग्रन्थ ढुङ्गो भएर छाल तरङ्ग उठाउन सफल छ । यसमा शोधविधिको प्रयोग र भाषिक सम्प्रेषण अत्युत्तम छ । समग्रतः

---

[२४८]. मोहनराज शर्मा, *कविताको नयाँ साहित्यशास्त्र*, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार २०६२), पृ. क-ग ।

[२४९]. बल्लभमणि दाहाल, *नेपालीमा नौलो उपहार र प्रथम प्रयोग*, पूर्ववत्, पृ. घ-ज ।

[२५०]. अभि सुवेदी, *साहित्य सिद्धान्त र नेपाली समीक्षा*, पूर्ववत्, पृ. झ-ड ।

[२५१]. गोविन्दराज भट्टराई, *सिद्धान्त र प्रयोगको अपूर्व मिलन*, पूर्ववत्, पृ. ढ-त ।

सान्दर्भिक र उपयुक्त विषयवस्तु अङ्गीकार गरिएको स्तरीय, मानक एवं अद्वितीय शोधग्रन्थ भएको र यसमा खोट लगाउने ठाउँ कतै छैन ।

कविताको संरचना प्रस्तुत गर्ने क्रममा प्रगीतात्मक, आख्यानात्मक र नाटकीय गरी कविताका लघु संरचक घटकहरूको पनि व्यवस्थित निरूपण गरिएको छ । सिद्धान्तका आधारमा प्रारूपको निर्माण र निर्धारण गरी गरिएको अनुसन्धान व्यवस्थित हुने गर्दछ जुन करा यस कृतिमा लागु भएको छ । यसमा *मेरो चोक*, *मुनामदन* र *घाइते युग* कवितालाई क्रमशः प्रगीतात्मक, आख्यानात्मक र नाटकीय तCवका आधारमा विश्लेषण गरिएको छ । यो कार्य नेपाली समालोचनाको इतिहासमा संरचनावादको पूर्ण प्रयोग हो । यी तिन कविताको पूरै संरचनावादी सिद्धान्तका आधारमा रहेर विश्लेषण गरिएकाले यस कृतिका पाँचौँ, छैटौँ र सातौँ परिच्छेद परम्परित विश्लेषणभन्दा नितान्त पृथक्, नवीन र विशिष्ट छन् । आठौँ परिच्छेदलाई उपसंहारका रूपमा राखिएको छ र यसमा कृतिको समग्र निष्कर्ष प्रस्तुत गरिएको छ । उपसंहारका रूपमा रहेको अन्तिम परिच्छेदमा कृतिको समग्र पक्षको मूल भाव प्रस्तुत गरिएको छ । परिशिष्ट भागमा नेपाली-अङ्ग्रेजी, अङ्ग्रेजी-नेपाली पारिभाषिक पदावलीसँगै विदेशी नामको उच्चारणसमेत दिइएको छ जसले गर्दा अङ्ग्रेजीका शब्दहरूको उच्चारणमा आउने भिन्नता र कठिनाइको समाधान भएको छ ।

संरचनावादमा केन्द्रित भएकाले लेखकले यस कृतिको लगभग एकतिहाइ भाग संरचना र संरचनावादमै खर्च गरेका छन् । जसलाई लेखकले अत्यन्तै सूक्ष्म र विस्तृत ढङ्गले प्रस्तुत गरेका छन् । कवितालाई परिभाषित र वर्गीकृत गरी स्वरूप निर्धारण, संरचना र संरचनाको पहिचान, कविताका संरचक घटकहरूको परिचयका साथै कविता विश्लेषणको संरचनात्मक प्रारूप तयार पारी त्यसै प्रारूपका आधारमा प्रगीतात्मक, आख्यानात्मक र नाटकीय कविताको विश्लेषण गरिएको छ । सिद्धान्तलाई अगि राखेर त्यसै आधारमा कविताको विश्लेषण गर्नु यस पुस्तकको एक उल्लेखनीय पक्ष हो ।

शोधधर्मको पूर्ण परिपालना गरिएको यस कृतिमा विभिन्न भाषाका विद्वान्का भनाइ तथा कृतिहरूलाई पादटिप्पणीका रूपमा प्रशस्तै प्रयोग गरिएको छ । यसले कृतिको निकै भाग ओगटेको छ । सन्दर्भग्रन्थसूचीलाई पनि पुस्तकसूची र पत्रपत्रिकासूची गरी छुट्याएर प्रस्तुत गरिएको छ भने पुस्तकसूचीलाई पुनः नेपाली, हिन्दी र अङ्ग्रेजी गरी छुट्ट्याइएको छ । पहिलो परिच्छेददेखि सन्दर्भग्रन्थसूचीसम्म हेर्दा यस पुस्तकको हरेक परिच्छेदले एउटा नवीन कार्यको प्रारम्भ गरेका छन् । हरेक ठाउँमा वस्तुगत ढङ्गले विषयवस्तुको प्रतिपादन र विश्लेषणका साथ निष्कर्ष दिइएको छ । सम्पूर्ण सैद्धान्तिक अवधारणाहरूको प्रस्तुति सरल, सहज, स्वभाविक, वस्तुगत र वैज्ञानिक ढङ्गले दिइएको छ ।

लुइटेलको समालोचना वस्तुवादी भाषावादी, संरचनावादी समालोचनामा आधारित छ । संरचनावादी समालोचनालाई नेपाली साहित्यमा प्रारम्भ, विकास र विस्तारसमेत गर्ने लुइटेलको यो कृति नेपाली साहित्यमा संरचनावादी समालोचना पद्धतिको अवलम्वन गरिएको प्रथम पुस्तकाकार कृति हो । यसमा संस्कृत, पाश्चात्य र नेपाली साहित्यमा गरिएको कविताको परिभाषा र वर्गीकरणसहित संरचना र संरचनावादलाई विशेष जोड दिइएको छ । प्रस्तुत कृतिमा कविता विश्लेषणको प्रारूप निर्माण गरी निर्मित प्रारूपका आधारमा प्रगीतात्मक,

आख्यानात्मक र नाटकीय संरचनायुक्त कविता कृतिको विश्लेषण गरिएको छ । यो वस्तुगत र नवीन प्रयोग हो । सिद्धान्त र प्रयोग दुवै पाइने यस कृतिमा कविताको विश्लेषणमा नवीन प्रयोग गरिएको छ । संरचनावादी समालोचना पद्धतिको प्रयोग गरिएको प्रथम पुस्तकाकार कृति बनेको यस कृतिमा हरेक क्षेत्रमा प्रचलित परम्परा भन्दा पृथक र नवीन ढङ्गको प्रयोग पाउन सकिन्छ, यसर्थ यो कृति नेपाली साहित्यमा संरचनावादी समालोचना पद्धतिको प्रारम्भिक कृतिका रूपमा मात्र नरहेर हरेक क्षेत्रमा नवीन प्रयोग गरिएको कविता विधाको एक महत्वपूर्ण, अन्वेषणमूलक, आधिकारिक समालोचनात्मक कृति बन्न पुगेको छ ।

५.२.७ लोकवार्ताविज्ञान र लोकसाहित्य

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **लोकवार्ताविज्ञान र लोकसाहित्य** नामक कृति विद्यार्थी पुस्तक भण्डारबाट २०६३ सालमा प्रकाशित कृति हो । आकार प्रकारका दृष्टिले डिमाई आकारको यस कृतिमा ५६१ पृष्ठ रहेका छन् । यो कलेजी रङ्गको आवरणभित्र ५६१ पृष्ठमा संरचित बृहत् आयामको पुस्तक हो । यो पुस्तक त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयका विभिन्न तहका पाठ्यक्रममा समावेश गरिएको छ । यस कृतिमा *लोकवार्ता र लोकसाहित्य, लोकगीत र लोककविता, लोकगाथा र लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा उखान र टुक्का* गरी छ खण्ड र त्यसभित्र पहिलो खण्डमा आठ, दोस्रोमा चार, तेस्रोमा चार, चौथोमा तिन, पाँचौंमा चार र छैटौं खण्डमा तिन मूल शीर्षक रहेका छन् ।

२. विषयवस्तु

पहिलो खण्ड *लोकवार्ता र लोकसाहित्य*अन्तर्गतको पहिलो शीर्षक *लोकवार्ता र लोकवार्ताविज्ञान*अन्तर्गत *परिचय, लोकवार्ताको परिभाषा, लोकवार्ता लोकवार्ताविज्ञान र लोकसाहित्यशास्त्रको परिचय* र *लोकवार्ताविज्ञानको ज्ञानमा अन्य शाखासँग सम्बन्ध* गरी चार उपशीर्षक रहेका छन् । यसमा विभिन्न विद्वान्का परिभाषासहित लोकवार्ता र लोकवार्ताविज्ञानलाई चिनाउँदै लोकवार्ताविज्ञानको पुरातत्व इतिहास, भूगोल, समाजशास्त्र आदि ज्ञानमा अन्य शाखासँगको सम्बन्ध प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *लोकसाहित्य*अन्तर्गत *परिचय, लोक शब्दको तात्पर्य, लोकसाहित्यको व्युत्पत्ति र अर्थ, लोकसाहित्यको परिभाषा, लोकसाहित्यको स्वरूप, लोकसाहित्यका विशेषता, लोकसाहित्यको प्रयोजन* र *लोकसाहित्यको महत्व* गरी आठ उपशीर्षक रहेका छन् । यसमा लोकसाहित्यको परिभाषासहित यसको स्वरूप, विशेषता, प्रयोजन र महत्वबारे जानकारी प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *लोकसाहित्य र शिष्टसाहित्य* रहेको छ । यसमा *लोकसाहित्य र शिष्टसाहित्यको तात्पर्य, लोकसाहित्य र शिष्टसाहित्यको सम्बन्ध, लोकसाहित्य र शिष्टसाहित्यमा समानता,* लो*कसाहित्य र शिष्टसाहित्यमा भिन्नता* गरी चार उपशीर्षक रहेका छन् । यी विभिन्न उपशीर्षकहरूमा लोकसाहित्य र शिष्टसाहित्यबारे जानकारी दिँदै यी दुई बीचको अन्तरसम्बन्ध प्रस्तुत गरिएको छ ।

चौथो शीर्षक *लोकसाहित्यको अध्ययन-अनुसन्धान प्रक्रिया*अन्तर्गत *परिचय, सामग्रीसङ्कलन, सामग्रीसङ्कलन पद्धति, सामग्रीसङ्कलनको क्षेत्रीय अध्ययनपद्धति* र *सामग्रीको चयन* गरी पाँच उपशीर्षक रहेका छन् । लोकसाहित्यको अध्ययन-अनुसन्धान प्रक्रिया र सामग्रीसङ्कलनका बारेमा जानकारी गराइएको यस शीर्षक भित्र सामग्रीसङ्कलनका विभिन्न पद्धतिहरू प्रस्तुत गरिएको छ । लोकसाहित्य जनमानसको साहित्य भएको हुनाले निश्चित क्षेत्रमा गएर सामग्रीसङ्कलन गर्नुपर्ने हुन्छ । त्यसले गर्दा यस कृतिमा पनि अन्य पद्धतिलाई भन्दा क्षेत्रीय अध्ययन पद्धतिलाई विशेष जोड दिइएको छ । यसमा सामग्रीसङ्कलनका उपकरण, चरणहरू पनि प्रस्तुत गर्नाका साथै सामग्री अध्ययनको तरिका पनि उल्लेख गरिएको छ ।

पाँचौँ शीर्षक *लोकसाहित्यको अध्ययन-अनुसन्धान पद्धति*अन्तर्गत *परिचय, ऐतिहासिक पद्धति, वर्णनात्मक पद्धति, तुलनात्मक पद्धति, मनोविश्लेषणात्मक पद्धति, मानवशास्त्रीय पद्धति, साहित्यशास्त्रीय पद्धति, भाषावैज्ञानिक पद्धति* र *संरचनावादी पद्धति* गरी नौ उपशीर्षक रहेका छन् । यसमा अध्ययन-अनुसन्धान पद्धतिको परिचय दिँदै अनुसन्धानका विभिन्न पद्धतिहरूको बारेमा व्याख्या गरिएको छ ।

छैटौँ शीर्षक *लोकसाहित्यको विधागत वर्गीकरण* रहेको छ । यसमा *परिचय* र *विधा वर्गीकरणका आधारहरू* गरी दुई उपशीर्षक रहेका छन् । यस शीर्षकमा विधाको परिचय दिँदै माध्यम, प्रस्तुति, श्रेणी, आकार र प्रकारका आधारमा लोकसाहित्यको विधागत वर्गीकरण गरिएको छ ।

सातौँ शीर्षक *लोकसाहित्यमा अभिप्राय*अन्तर्गत *परिचय, अभिप्रायको परिभाषा, अभिप्रायको प्रयोजन, अभिप्रायहरूको वर्गीकरण* गरी चार उपशीर्षक रहेका छन् । यसमा अभिप्राय शब्दको बारेमा जानकारी दिँदै विभिन्न विद्वान्ले अभिप्रायका बारेमा गरेका परिभाषा, यसको प्रयोजन बारे चर्चा गरी पश्चिमी लोकवार्ताविद् स्टिथटम्सनले गरेको लोकसाहित्यको वर्गीकरणलाई प्रस्तुत गरिएको छ ।

आठौँ शीर्षक नेपाली साहित्यको *अध्ययन अनुसन्धान-परम्परा*अन्तर्गत *पृष्ठभूमि* र *अध्ययन अनुसन्धान-परम्परा : व्यक्ति र कृति* गरी दुई उपशीर्षक रहेका छन् । यसमा लोकसाहित्य परम्पराको पृष्ठभमिसहित लोकसाहित्य, लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, गाउँखाने कथा र उखानटुक्कासम्बन्धी यस भन्दा अगि भएका अनुसन्धान कार्यहरूको उल्लेख गरिएको छ ।

दोस्रो खण्ड *लोकगीत र लोककविता*को पहिलो शीर्षक *लोकगीत*अन्तर्गत *लोकपद्य र लोकगीत, लोकगीतको परिभाषा र स्वरूप, लोकगीतका तत्त्वहरू* र *लोकगीतका प्रमुख विशेषताहरू* गरी चार उपशीर्षक रहेका छन् । यसमा लोकपद्यका चार विधा मध्ये एकविधा लोकगीत रहेको बताउँदै विभिन्न व्यक्तिका परिभाषासहित यसको स्वरूप, तत्त्व र विशेषता प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *लोकगीतको वर्गीकरणका आधार र प्रकार* रहेको छ । यसमा क्षेत्रीय, जातीय, उमेर, लिङ्ग, सहभागिता, बनोट, प्रस्तुति, विषय, आकार र समयका आधारमा लोकगीतका प्रकार गरी दश उपशीर्षकका रहेर लोकगीतको वर्गीकरण गरिएको छ ।

तेस्रो शीर्षक *नेपाली लोकगीतका प्रमुख प्रकारहरूको परिचय*अन्तर्गत *सदाकालिन वा बाह्रमासे लोकगीत* र *सामयिक लोकगीत* गरी दुई शीर्षकमा लोकगीतका प्रकार छुट्याइएको छ । यसमा सदाकालीन वा बाह्रमासे लोकगीतअन्तर्गत भ्याउरे, सँगिनी, देउडा, रोइला, ख्याली आदि र सामयिक लोकगीतअन्तर्गत मागल, सगुन, फाग, पडेली, भैले, असारे आदिको चर्चा गरिएको छ ।

चौथो शीर्षक *लोककविता* रहेको छ । यसमा *परिचय, लोकगीत र लोककवितामा समानता, लोकगीत र लोककवितामा असमानता, लोककविताको परिभाषा र स्वरूप, लोककवितामा तŒवहरू, लोककविताका विशेषता* र *लोककविताका प्रकार* गरी सात उपशीर्षक रहेका छन् । यस शीर्षकभित्र लोककविताको बारेमा जानकारी दिइ लोकगीत र लोककविता बीचको अन्तरसम्बन्धसहित लोककविताका तŒव, विशेषता र प्रकारहरू प्रस्तुत गरिएको छ ।

तेस्रो खण्ड *लोकगाथा र लोककाव्य*को पहिलो शीर्षक *लोकगाथा र लोककाव्य*अन्तर्गत *परिचय, लोकगाथाको परिभाषा र स्वरूप, लोकगीत र लोकगाथामा समानता, लोकगीत र लोकगाथामा भिन्नता, लोकगाथाको उत्पत्तिसम्बन्धी दृष्टिकोण, लोकगाथा वा लोककाव्यका तŒवहरू* र *लोकगाथा वा लोककाव्यका विशेषता* गरी सात उपशीर्षक रहेका छन् । यस शीर्षकमा लोकगाथाको परिचय दिँदै विभिन्न व्यक्तिले लोकगाथासम्बन्धी गरेका परिभाषा र यसको स्वरूप प्रस्तुत गरिएको छ । यसमा लोकगीत र लोकगाथा बीच समानता र भिन्नता प्रस्तुत गर्दै लोकगाथाको उत्पत्तिसम्बन्धी ग्रिम, गुमर, स्टेन्थल, विसप पर्सी आदिका दृष्टिकोणसहित लोककाव्यका तŒव र विशेषताहरूको चर्चा गरिएको छ ।

दोस्रो शीर्षक लोकगाथाको *वर्गीकरणका आधार र प्रकार*अन्तर्गत *परिचय, लोकगाथाको पाश्चात्य वर्गीकरण र प्रकार, नेपाली लोकगाथाको वर्गीकरणका आधार र प्रकार* गरी तिन उपशीर्षक रहेका छन् । यहाँ किट्रिज, गुमर, टेम्पलले गरेका लोकगाथाको वर्गीकरण गरी आकार प्रकार, प्रस्तुति, शिल्पविधान, भाव, विषयवस्तु र संरचनाका आधारमा नेपाली लोकगाथाहरूको वर्गीकरण गरिएको छ ।

तेस्रो शीर्षक *नेपाली लोकगाथाका प्रमुख प्रकारहरूको परिचय* रहेको छ । यसमा कर्खा, सवाइ, भारत, चाँचरी, चैत, धमारी गरी छ वटा लोकगाथाबारे जानकारी लिइएको छ ।

चौथो शीर्षक *नेपालीका प्रमुख लोकगाथाहरूको विश्लेषण*अन्तर्गत डाँफे र मुरलीको गाथा, बालचन्द्रको गाथा, भरथरीको गाथा, सरुमै रानीको गाथा आदि बीसवटा शीर्षकमा बीस गाथाहरूको बारेमा जानकारी गराइएको छ ।

चौथो खण्ड *लोककथा*को पहिलो शीर्षक *लोककथा*अन्तर्गत *परिचय, लोककथाको परिभाषा र स्वरूप, लोककथाको उत्पत्तिसम्बन्धी दृष्टिकोण* र *लोककथाका तŒवहरू* गरी चार उपशीर्षक रहेका छन् । यसमा लोककथाको परिभाषा र स्वरूप सहित लोककथाको उत्पत्तिसम्बन्धी प्रसारवादी, प्रकृतिसङ्केतवादी आदि विभिन्न दृष्टिकोण प्रस्तुत गरिएको छ । लोककथालाई विभिन्न तŒवका आधारमा चिनाइएको यस शीर्षकमा लोककथाका विशेषतासहित लोककथा र आधुनिक कथा बीचका भिन्नता समेत प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *लोककथाको वर्गीकरणका आधार र प्रकार*अन्तर्गत *पूर्वीय वर्गीकरण, पाश्चात्य वर्गीकरण, नेपाली लोककथाको वर्गीकरणका आधार र प्रकार, आधुनिक वर्गीकरण र नेपाली लोककथाका प्रकार* गरी चार उपशीर्षक रहेका छन् । यसमा विभिन्न पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले गरेका लोककथाको वर्गीकरणसँगै शिल्पविधान, भाव, उद्देश्य र विषयवस्तुका आधारमा नेपाली लोककथाका प्रकार विभाजन गर्नाका साथै पौराणिक, पशुपन्छीका, सामान्य र यथार्थ लोककथा गरी नेपाली लोककथाका प्रकारहरूको वर्गीकरण गरिएको छ ।

तेस्रो शीर्षक *नेपालीका प्रमुख केही लोककथाहरू* रहेको छ । यसमा सुनकेसरी मैयाँ, राजा मौना, बुढो बाबु फाल्ने डोकालगायत केही लघु लोककथाहरू गरी सत्र उपशीर्षकमा विभिन्न लोककथाहरूको बारेमा जानकारी गराइएको छ ।

पाँचौँ खण्ड *लोकनाटक*को पहिलो शीर्षक *लोकनाटक*अन्तर्गत *परिचय, लोकनाटकको उत्पत्तिसम्बन्धी दृष्टिकोण, लोकनाटकको परिभाषा र स्वरूप, लोकनाटकका तŒवहरू, लोकनाटकका विशेषताहरू, लोकनाटक र शास्त्रीय नाटकमा समानता र भिन्नता, लोकनाटकको वर्गीकरणका आधार र प्रकार* गरी सात उपशीर्षक रहेका छन् । यसमा लोकनाटकको सामान्य परिचय दिँदै लोकनाटकको उत्पत्तिसम्बन्धी दैवी उत्पत्ति सिद्धान्त, वैदिक उत्पत्ति सिद्धान्त आदिको चर्चा गर्नाका साथै लोकनाटकको परिभाषा र स्वरूप प्रस्तुत गरी लोकनाटकका तŒव, विशेषतासँगै लोकनाटक र शास्त्रीय नाटक बीचको समानता र भिन्नता प्रस्तुत गरिएको छ । यस शीर्षकमा आकार, प्रस्तुति, भाव, सहभागी, प्रभाव र विषयवस्तुका आधारमा लोकनाटकका प्रकार छुट्याइएको छ ।

दोस्रो शीर्षक *सोरठी*अन्तर्गत *परिचय, पाठ, कथासार* र *सोरठीका प्रमुख विशेषताहरू* गरी चार उपशीर्षक रहेका छन् । यसमा सोरठीको परिचय र विशेषता सहित कथासार प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *घाटु*अन्तर्गत *परिचय,* पाठ, *कथासार* र *घाटुको प्रमुख विशेषता* गरी चार उपशीर्षक रहेका छन् । यस शीर्षकमा घाटुको परिचय प्रस्तुत गर्दै यसलाई विशेषता र कथासारको प्रस्तुतिसहित चिनाइएको छ ।

चौथो शीर्षक *रामायणको बालुन*अन्तर्गत *परिचय, पाठ, कथासार* र *विशेषता* गरी चार उपशीर्षक रहेका छन् । यस शीर्षकमा विभिन्न कोणबाट रामायणका बारेमा जानकारी गराइएको छ ।

छैटौँ खण्ड *गाउँखाने कथा, उखान र टुक्का*को पहिलो शीर्षक *गाउँखाने कथा*अन्तर्गत *परिचय, गाउँखाने प्रक्रिया, गाउँखाने कथाको परिभाषा र स्वरूप, गाउँखाने कथाका विशेषता, नेपाली गाउँखाने कथाको वर्गीकरणका आधार र प्रकार* गरी पाँच उपशीर्षक रहेका छन् । यसमा गाउँखाने कथाको परिचय, गाउँखाने प्रक्रिया, परिभाषा स्वरूप र विशेषता उल्लेख गर्दै नेपाली गाउँखाने कथाको वर्गीकरणका गर्ने आधार र प्रकारमा माध्यम, वाक्य प्रकार, संरचना, विषयवस्तु, प्रकारगत र क्षेत्रीय आधारलाई लिइएको छ । यस शीर्षक भित्र विभिन्न विषयका गाउँखाने कथाको बारेमा चर्चा गरिएको छ ।

दोस्रो शीर्षक *उखान*अन्तर्गत *परिचय, उखानको परिभाषा, उखानका विशेषताहरू* र *नेपाली उखानको सङ्क्षिप्तसूची* गरी चार शीर्षक रहेका छन् । यसमा उखानको परिचय र विभिन्न व्यक्तिका यससम्बन्धी परिभाषासँगै उखानका विशेषताहरू प्रस्तुत गरिएको छ र अन्त्यमा केही उखानहरूको सूची वर्णानुक्रममा प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *टुक्का*अन्तर्गत *परिचय र परिभाषा, टुक्काका प्रमुख विशेषताहरू, उखान र टुक्कामा अन्तर, नेपाली टुक्काहरूको सूची* गरी चार उपशीर्षक रहेका छन् । यसमा टुक्काको परिचय र परिभाषा दिँदै प्रमुख विशेषताहरू उल्लेख गरी उखान र टुक्काको अन्तरसहित नेपाली टुक्काहरूको सूची प्रस्तुत गरिएको छ ।

परिशिष्ट खण्डलाई परिशिष्ट क र परिशिष्ट ख गरी प्रस्तुत गरिएको छ । यसमा परिशिष्ट 'क' मा *परिभाषिक शब्दावली : नेपाली र अङ्ग्रेजी* रहेको छ भने परिशिष्ट 'ख' मा *परिभाषिक शब्दावली : अङ्ग्रेजी र नेपाली* रहेको छ । त्यसपछि सन्दर्भग्रन्थसूची रहेको छ र यसलाई नेपाली र अङ्ग्रेजी गरी बेग्लाबेग्लै शीर्षक प्रस्तुत गरिएको छ ।

३. भाषाशैली

लोकसाहित्य लोकजीवनसँग सम्बद्ध हुने हुनाले कृतिकारको आफ्नो भनाइमा मानक भाषाको प्रयोग पाइए तापनि लोकसाहित्यका विविध विधाहरूको उदाहरण दिने क्रममा प्रशस्त लोकजनजीवनको भाषाको प्रयोग पाइन्छ, जस्तै- खाउन, बैनै, लाउम्ला, भया, खटाया आदि । लोकसाहित्यमा सामान्य बोलचालको भाषाको प्रयोग पाइने हुँदा विभिन्न ठाउँ र भाषाभाषीहरूले बोल्ने भाषामा अन्तर पाइन्छ । यस कृतिमा त्यस्ता भाषिक बोलीहरूले प्रशस्तै ठाउँ पाए तापनि कृतिकारको भाषा भने सरल, परिष्कृत र मानक रहेको छ । विषयवस्तु प्रस्तुतिमा बुँदा र सूत्रात्मक शैली प्रयोग गरिएको छ । यसमा विभिन्न विधाका प्रशस्तै उदाहरणहरू दिइएको छ र त्यसमा पनि भाषिक विविधता पाइन्छ ।

४. निष्कर्ष

छ सयभन्दा बढी पृष्ठमा संरचित **लोकसाहित्य र लोकवार्ताविज्ञान** नामक प्रस्तुत कृति लोकसँग जोडिएर आउने साहित्यका विविध विधा तथा विषयक्षेत्रसँग सम्बन्धित छ । छ भाग र छब्बीस शीर्षक रहेको बृहत् आकारमा फैलिएको यस कृतिमा अनेकौँ विषय क्षेत्रहरू अटाएका छन् । "लोकसाहित्यका लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान र टुक्का जस्ता विधाहरूको परिचय, पहिचान तथा निरूपण गरी सम्बन्धित साहित्यमा नेपालमा भएका विविध कार्यहरूको विवरण प्रस्तुत गर्नु, प्रत्येक विधालाई त्यसको संरचना, आकार, शैली आदिका आधारमा सूक्ष्म वर्गीकरण गर्नु तथा प्रत्येक विधाका रचनाहरू समेट्न सक्नु यस पुस्तकको महत्वपूर्ण उपलब्धि हो । लोकवार्ता र लोकसाहित्य बीचको भिन्नता केलाई लोकवार्तालाई विज्ञानका रूपमा प्रस्तुत गर्नु र लोकसँग सम्बन्धित समस्त वाङ्मयलाई यसभित्र समेट्नु यस

पुस्तकको महत्ता हो ।"[२५२] "लोकसाहित्यसम्बन्धी व्यापक, विस्तृत र वैज्ञानिक तरिकाले निर्माण गरिएको लोकसाहित्यसम्बन्धी वास्तविक ज्ञान दिने, सुगम तरिकाले विषयबोध गराउने तरिकाले निर्माण गरिएको प्रस्तुत पुस्तक नेपाली लोकसाहित्य परम्पराको एउटा महत्वपूर्ण ग्रन्थ हो । प्रस्तुत पुस्तकमा सटिक परिभाषा, पर्याप्त उदाहरण, विविध कोणबाट उपयुक्त विश्लेषण, प्रमाणिक तथ्याङ्क, सरल व्याख्या, वस्तुवादी विवेचना, नवीनतम सूचना पाइन्छ ।"[२५३] "लोकसाहित्यको अध्ययन अनुसन्धान पद्धति र यससम्बन्धी पूर्वीय र पाश्चात्य सिद्धान्त, मत, दृष्टिकोण, मान्यता एवं विधिहरूको समेत विन्यास यस ग्रन्थको महत्वपूर्ण पक्ष हो भने नेपाली लोकसाहित्यका सामाग्रीहरूको मूलपाठको समाविष्ट र तिनको सैद्धान्तिक व्यवस्थापन एवं विश्लेषण यस ग्रन्थको अर्को विशिष्ट पक्ष हो । यस कृतिले लोकवाङ्मयको व्यवस्थित अध्ययन भएको पहिलो हुने अधिकार राख्दछ ।"[२५४] "यस कृतिभित्र अत्यन्तै वस्तुनिष्ठ र वैज्ञानिक आधारहरू प्रस्तुत गरिएका छन् । यसमा लोकसाहित्यलाई हेर्ने, वर्गीकरण गर्ने, अध्ययन गर्ने, अत्यन्तै वैज्ञानिक पाश्चात्य जगत्मा प्रमाणित भएका खारिएका आधार र पुस्ट्याइँहरू छन् ।"[२५५] "यो कृति नेपाली लोकसाहित्यका क्षेत्रमा वैज्ञानिक र व्यवस्थित अध्ययन-अनुसन्धान गरी तयार पारिएको मानक र आधिकारिक ग्रन्थ हो । यस ग्रन्थमा लोकसाहित्यको सैद्धान्तिक पक्षलाई अत्यन्त व्यवस्थित र वैज्ञानिक रूपमा प्रस्तुत गरिएको छ भने लोपोन्मुख विधा उपविधाका लोकरचनाहरूको सङ्कलन गरी पूर्ण पाठसमेत दिइएको छ ।"[२५६] "लोकवार्ता र लोकसाहित्य बीचको फरक एक आपसमा जोडिएर आएको अवस्थामा यस कृतिले अध्येतालाई यससम्बन्धी सूक्ष्म विभेद जान्न पनि सहयोग पुग्ने देखिन्छ । यसका अतिरिक्त लोकसाहित्य र शिष्टसाहित्य बीचको भेद, लोकसाहित्यको अध्ययन परम्परा, लोकगीत, लोककविता, लोकगाथा, लोककाव्य, लोककथा र नाटकका अतिरिक्त गाउँखाने कथा, उखानटुक्का आदिको ज्ञान लिन पनि प्रस्तुत कृति उपयोगी रहेको छ ।"[२५७]

यसमा लोकसाहित्यका विविध विधाहरूको परिचय, पहिचान तथा विशेषता निरूपण गरी सम्बन्धित साहित्यमा नेपालमा भएका विविध कार्यहरूको विवरण प्रस्तुत गरिएको छ । लोकवार्ता र लोकसाहित्य बीच भिन्नता केलाई लोकवार्तालाई विज्ञानका रूपमा प्रस्तुत गरिएको यस कृतिमा लोकसँग सम्बन्धित समस्त वाङ्मयलाई समेट्नाका साथै लोकवार्ताको ज्ञानका अन्य शाखासँगको सम्बन्ध प्रस्तुत गरिएको छ । यस कार्यबाट लोकसाहित्यका विविध विधामा भएका कार्यहरूको ऐतिहासिक विवरणलाई पनि समेटिएको यस कृतिमा लोकसाहित्यको बारेमा विस्तृत जानकारी पाउन सकिन्छ । लोकसाहित्यका प्रत्येक विधालाई त्यसको

---

[२५२]. रामबहादुर बोगटी, *लोकसाहित्यमा गतिलो अनुसन्धान,* **देशान्तर साप्ताहिक,** (२०६३ असोज १), पृ. ४ ।

[२५३]. राजु भुसाल, *लोकसाहित्यको मानक ग्रन्थ : लोकवार्ताविज्ञान र लोकसाहित्य,* **लुम्बिनी**, (२०६३ असोज १६), पृ. ३ ।

[२५४]. लक्ष्मणप्रसाद गौतम, *लोकवाङ्मयको मानक ग्रन्थ,* **मधुपर्क** (३९/१०, २०६३ फागुन), पृ. १९ ।

[२५५]. गोविन्दराज भट्टराई, *लोकवार्ता साहित्य र जीवन,* **कान्तिपुर**, (२०६३ भदौ ३१), पृ. ख ।

[२५६]. समाचारदाता, *लोकसाहित्यको आधिकारिक ग्रन्थ प्रकाशित,* **साप्ताहिक चितवन**, (२०६३ भदौ १८), पृ. ३ ।

[२५७]. समीक्षक, *उपयोगी कृति,* **अन्नपूर्ण पोष्ट**, (२०६३ भदौ १७), पृ. ६ ।

संरचना, शैली र आकारका आधारमा सूक्ष्म वर्गीकरण गरिएको यस समालोचनात्मक कृतिमा विविध विधाका उपलब्ध पाठहरूको सङ्कलनसमेत गरिएको छ । लोकसाहित्यका विविध विधाहरूको उदाहरण दिने क्रममा लोकभाषाको प्रयोग गरिएको यो कृति लोकसाहित्य क्षेत्रका अध्येता, अनुसन्धानकर्ताहरूका लागि महत्वपूर्ण आधार ग्रन्थसमेत बनेको छ । लोकसाहित्यका हरेक विधाको स्पष्ट सिद्धान्त प्रस्तुत गरी त्यसै आधारमा कृतिको विश्लेषण गरिएको यो कृति सिद्धान्त र प्रयोगको उत्कृष्ट नमुना बन्न पुगेको छ । नेपालीमा यस विषयमा यति गहन कृति अहिलेसम्म अरू कुनै देखापरेका छैनन् ।

५.२.८ नेपाली काव्य समालोचना

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **नेपाली काव्य समालोचना** पैरवी प्रकाशनद्वारा २०६७ सालमा प्रकाशित अनुसन्धानमूलक समालोचना सङ्ग्रह हो । हरियो रङ्गको आवरण पृष्ठ रहेको यस कृतिको पछाडिपट्टिको भागमा कृतिकारको परिचय रहेको छ । यो कृति डिमाइ आकारको २४३ पृष्ठमा संरचित छ । यो पुस्तक त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयको स्नातकोत्तर तहका पाठ्यक्रममा समावेश गरिएको छ । यस कृतिमा विषयवस्तुअन्तर्गत *कविताको सैद्धान्तिक स्वरूप, वसन्त शर्मा लुइटेलको श्रीकृष्ण चरित्र काव्यको विश्लेषण, भानुभक्त आचार्यको रामायण काव्यको विश्लेषण, मोतीराम भट्टको पिकदूतको विश्लेषण, लेखनाथ पौड्यालको तरुणतपसी काव्यको विश्लेषण, लक्ष्मीप्रसाद देवकोटाको मुनामदन काव्यको विश्लेषण, बालकृष्ण समको आगो र पानीको विश्लेषण, गोपालप्रसाद रिमालका कविताको विश्लेषण, भूपि शेरचनका कविताको विश्लेषण, विजयमल्लको छोरीलाई मानचित्र पढाउँदाको विश्लेषण, मोहन कोइरालाका कविताको विश्लेषण, वैरागी काइँलाका कविताको विश्लेषण, हरिभक्त कटुवालका कविताको विश्लेषण, अगमसिंह गिरीको युद्ध र योद्धा काव्यको विश्लेषण, तुलसी अपतनको कर्णकुन्ती काव्यको विश्लेषण* गरी सोरवटा मूल शीर्षक रहेका छन् ।

२. विषयवस्तु

पहिलो शीर्षक *कविताको सैद्धान्तिक स्वरूप*अन्तर्गत *कविताको परिचय, परिभाषा, वर्गीकरण* र *कविताका संरचक घटकहरू* गरी चार उपशीर्षक रहेका छन् । यसमा संस्कृत पश्चिमी र नेपाली कविताको परिभाषा प्रस्तुत गरी कविताको परम्परित र आधुनिक वर्गीकरण गरिएको छ । कविताका संरचक घटकहरू वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैलीय विन्यासको चर्चा गरिएको छ ।

दोस्रो शीर्षकपछिका सम्पूर्ण शीर्षकहरू विभिन्न कालखण्डका विभिन्न कविहरूको परिचय, काव्य प्रवृत्ति र काव्यको विश्लेषणमा केन्द्रित छन् । दोस्रो शीर्षक *सुवानन्द दासको पृथ्वीनारायण कविताको विश्लेषण* रहेको छ भने त्यसपछिका शीर्षक क्रमश : *वसन्त शर्मा लुइटेलको श्रीकृष्ण चरित्र काव्यको विश्लेषण, भानुभक्त आचार्यको रामायण काव्यको विश्लेषण, मोतीराम भट्टको पिकदूतको विश्लेषण, लेखनाथ पौड्यालको तरुणतपसी काव्यको विश्लेषण, लक्ष्मीप्रसाद देवकोटाको मुनामदन काव्यको विश्लेषण, बालकृष्ण समको आगो*

र पानीको विश्लेषण, गोपालप्रसाद रिमालका कविताको विश्लेषण, भूपि शेरचनका कविताको विश्लेषण, विजयमल्लको छोरीलाई मानचित्र पढाउँदाको विश्लेषण, मोहन कोइरालाका कविताको विश्लेषण, वैरागी काइँलाका कविताको विश्लेषण, हरिभक्त कटुवालका कविताको विश्लेषण, अगमसिंह गिरीको युद्ध र योद्धा काव्यको विश्लेषण, तुलसी अपतनको कर्णकुन्ती काव्यको विश्लेषण रहेका छन् । यी सबै शीर्षकमा प्रस्तुत विषयवस्तुहरूलाई एकै प्रकारले विश्लेषण गरिएको छ ।

कविता काव्यसम्बन्धी गहन समालोचनाहरू समेटिएको यस कृतिमा सर्वप्रथम कविता सिद्धान्त दिई त्यसपछि क्रमशः नेपाली कविताको विभिन्न कालखण्डका प्रसिद्ध कविहरूको परिचय र काव्य प्रवृत्तिका साथ तिनका विशिष्ट काव्य कृतिहरूको विश्लेषण गरिएको छ । विश्लेषित सबैजसो कवि र तिनका कृतिहरूले नेपाली कविताको विभिन्न कालखण्डको प्रतिनिधित्व गरेका छन् । कविताको परिचय, परिभाषा, वर्गीकरण आदि सैद्धान्तिक स्वरूपको प्रस्तुति सहित कविताको प्राथमिक, माध्यमिक र आधुनिक कालका प्रमुख केही कवि र कविताको बारेमा विश्लेषण गरिएको छ । यसमा प्रगीतात्मक, आख्यानात्मक र नाटकीय तिनै प्रकारका संरचनायुक्त कविताको विश्लेषण गरिएको छ । विश्लेषणमा संरचनावादी समालोचना पद्धतिको अनुसरण गरिएको छ ।

३. भाषाशैली

नेपाली काव्य समालोचना नामक समालोचनात्मक कृतिमा सरल भाषा प्रयोग भएको छ । संस्कृत र पश्चिमी साहित्यमा भएको कविताको परिभाषा प्रस्तुत गर्ने क्रममा संस्कृत र अङ्ग्रेजी भाषाका शब्दहरूको प्रयोग गरिएको छ । यसमा तत्सम, तत्भव र आगन्तुक तिनै प्रकारका शब्दको प्रयोग रहेको पाउन सकिन्छ । प्रगीतात्मक, आख्यानात्मक र नाटकीय तिनै प्रकारका संरचनायुक्त कविता कृतिहरूको विश्लेषणमा संरचनावादी समालोचना पद्धतिको प्रयोग गरिएको छ ।

४. निष्कर्ष

कविता सिद्धान्त, नेपाली कविताको प्राथमिक, माध्यमिक र आधुनिककालीन प्रमुख कवि र तिनका विशिष्ट कृतिहरूमा केन्द्रित **नेपाली काव्य समालोचना** नामक समालोचना सङ्ग्रहमा समाविष्ट कवि र तिनका कृतिहरूले कुनै पनि काल, धारा र प्रवृत्तिको प्रतिनिधित्व गरेका छन् । कुनै कविका दुईवटा र कुनैका एउटा कृतिको विश्लेषण गरिएको यस कृति भित्र प्रस्तुत विषयवस्तुको विश्लेषण भने एकरूपताका साथ गरिएको छ । समग्रमा यो कृति कविता सिद्धान्त र प्रयोग दुवै रहेको कविता विधाको वस्तुवादी अनुसन्धानमूलक समालोचना क्षेत्रको एक महत्वपूर्ण कृति हो । कविताको सैद्धान्तिक प्रस्तुति सहित प्राथमिक कालदेखि आधुनिक कालसम्मका प्रमुख कृति र काव्य प्रवृत्तिका साथै काव्यको विश्लेषण गरिएको प्रस्तुत समालोचनात्मक कृतिमा आधुनिक कालका विभिन्न धारा र प्रवृत्तिका कवि र तिनका काव्य कृतिलाई समेट्नु यो कृतिको उल्लेखनीय पक्ष हो । काव्यसम्बन्धी विभिन्न काव्य कृतिहरूलाई समेटेर एउटा सिङ्गो कृतिको रूप दिइएको प्रस्तुत **नेपाली काव्य समालोचना** यस क्षेत्रमा अध्ययन गर्न चाहने पाठकहरूका लागि उपयोगी रहेको छ ।

५.२.९ नेपाली नाट्य समालोचना

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित नेपाली नाट्य समालोचना नामक कृति पैरवी प्रकाशनबाट २०६७ सालमा प्रकाशित एक अनुसन्धानमूलक समालोचना सङ्ग्रह हो । कलेजी रङ्गको आवरण रहेको यस कृतिको पछाडिपट्टिको भागमा कृतिकारको परिचय र प्रकाशकको नाम प्रस्तुत गरिएको छ । यो कृति डिमाइ आकारको २२१ पृष्ठमा संरचित छ । यो पुस्तक त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयको स्नातकोत्तर तहका पाठ्यक्रममा समावेश गरिएको छ । तिन भाग र उन्नाइस शीर्षक रहेको यस कृतिको पहिलो खण्डमा *नाटकको सैद्धान्तिक स्वरूप, एकाङ्कीको सैद्धान्तिक स्वरूप, नेपाली नाटकको विकासप्रक्रिया* र *एकाङ्कीको विकास प्रक्रिया* गरी चार शीर्षक, दोस्रो खण्ड *प्रमुख नेपाली नाटककार र तिनका प्रमुख नाट्यकृतिको विश्लेषण*मा नौ शीर्षक र तेस्रो खण्ड नेपालीका *प्रमुख केही एकाङ्कीकारहरूको परिचय, एकाङ्कीगत प्रवृत्ति र एकाङ्कीको विश्लेषण*मा छ शीर्षक रहेका छन् ।

२. विषयवस्तु

पहिलो खण्डको पहिलो शीर्षक *नाटकको सैद्धान्तिक स्वरूप*अन्तर्गत *नाटकको परिचय, नाटकको परिभाषा, नाटकको वर्गीकरण, नाटकका तCEवहरू, नाटक र अन्य विधाको तुलना* र *उपसंहार* गरी छ उपशीर्षक रहेका छन् । यसमा नाटकको परिचयसहित पूर्वीय र पाश्चात्य विद्वान्हरूले गरेका नाटकका केही परिभाषाहरू प्रस्तुत गरी पूर्व र पश्चिममा गरिएको नाटकको वर्गीकरण प्रस्तुत गरिएको छ । नाटकका तCEवहरूमा कथानक, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, द्वन्द्व भाषाशैलीय विन्यास र संवादको बारेमा चर्चा गर्दै नाटकलाई अन्य विधासँग तुलना गरेर पनि देखाइएको छ । उपसंहारअन्तर्गत अगाडिका विभिन्न उपशीर्षकमा प्रस्तुत गरिएका कुराहरूको निष्कर्ष प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *एकाङ्कीको सैद्धान्तिक स्वरूप*अन्तर्गत परिचय, *एकाङ्कीको परिभाषा, एकाङ्कीको वर्गीकरण, एकाङ्कीका तCEवहरू, नाटक र एकाङ्कीको तुलना* र *उपसंहार* गरी छ उपशीर्षक रहेका छन् । यसमा एकाङ्कीको परिचयसहित पाश्चात्य विद्वान्ले गरेका प्रमुख केही परिभाषाहरूलाई प्रस्तुत गर्दै एकाङ्कीको विभिन्न आधारमा वर्गीकरण गरी एकाङ्कीगत तCEवहरूका बारेमा समेत जानकारी गराइएको छ । यसमा नाटक र एकाङ्कीका बीचमा रहेको समानता र भिन्नता प्रस्तुत गरी उपसंहारमा एकाङ्कीको सैद्धान्तिक स्वरूपअन्तर्गतका विभिन्न उपशीर्षकमा प्रस्तुत गरिएका कुराहरूको निष्कर्ष दिइएको छ ।

तेस्रो शीर्षक *नेपाली नाटकको विकास प्रक्रिया*अन्तर्गत *परिचय, नेपाली नाटकको इतिहास, आधुनिक नेपाली नाटकका प्रमुख धारा, मोड र प्रवृत्ति* र अन्त्यमा *उपसंहार* गरी चार उपशीर्षक रहेका छन् । यसमा नाटकको विकास प्रक्रियाको बारेमा सामान्य परिचय दिँदै नेपाली नाटकको इतिहास प्रस्तुत गरिएको छ । पूर्व आधुनिक र आधुनिक काल गरी नाटकको विकास प्रक्रियालाई दुई भागमा विभाजन गरिएको छ र दुवै कालका

केही प्रमुख नाटककार, तिनका प्रवृत्ति र प्रकाशित नाटकहरू प्रस्तुत गरिएको छ । आधुनिक नेपाली नाटकका प्रमुख धारा, मोड र प्रवृत्तिको व्याख्या गर्ने क्रममा स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, मनोविश्लेषणवादी, प्रयोगवादी धारा गरी छुट्याएर चर्चा गर्दै उपसंहारअन्तर्गत प्रस्तुत शीर्षकमा रहेको विषयवस्तुको निचोड प्रस्तुत गरिएको छ ।

चौथो शीर्षक *नेपाली एकाङ्कीको विकास प्रक्रिया*अन्तर्गत *परिचय, नेपाली एकाङ्कीको इतिहास, नेपाली एकाङ्कीका प्रमुख धारा मोड र प्रवृत्ति* र *उपसंहार* गरी तिन उपशीर्षक रहेका छन् । यसमा एकाङ्कीको इतिहास प्रस्तुत गर्ने क्रममा विभिन्न एकाङ्की र एकाङ्कीकारहरूको विवरण प्रस्तुत गरिएको छ । एकाङ्कीका प्रमुख धाराहरूमा आदर्शवादी, सामाजिक यथार्थवादी, प्रगतिवादी, मनोविश्लेषणवादी, प्रयोगवादी धाराको चर्चा गरिएको छ र अन्त्यमा उपसंहार शीर्षकअन्तर्गत प्रस्तुत विषयवस्तुको निष्कर्ष प्रस्तुत गरिएको छ ।

दोस्रो खण्ड *प्रमुख नेपाली नाटककार र तिनका प्रमुख नाट्यकृतिको विश्लेषण* रहेको छ । यसअन्तर्गत *मोतीराम भट्टको प्रियदर्शिका नाटकको विश्लेषण, पहलमानसिंह स्वाँरको अटलबहादुर नाटकको विश्लेषण, बालकृष्ण समका नाटकको विश्लेषण, गोपालप्रसाद रिमालको मसान नाटको विश्लेषण,* भीमनिधि *तिवारीका नाटकको विश्लेषण, विजय मल्लका नाटकको विश्लेषण, सरुभक्तको निमावीय नाटकको विश्लेषण, मनबहादुर मुखियाको अनि देउराली रुन्छ नाटकको विश्लेषण, अविनाश श्रेष्ठको अश्वत्थामा हतोहत नाटकको विश्लेषण* गरी नौवटा शीर्षक रहेका छन् । यस खण्डमा प्रत्येक नाटककारको परिचय र प्रवृत्ति प्रस्तुत गरी नाटकको विश्लेषण गरिएको छ । नाटकको विश्लेषण गर्ने क्रममा कुनै नाटककारका एक, कुनैका दुई र कुनैका तिनवटासम्म नाटकको विश्लेषण गरिएको छ । मोतीराम भट्टको प्रियदर्शिका, पहलमानसिंह स्वाँरको अटलबहादुर, गोपालप्रसाद रिमालको मसान, सरुभक्तको निमावीय, मनबहादुर मुखियाको अनि देउराली रुन्छ, अविनास श्रेष्ठका अश्वत्थामा हतोहत गरी छ वटा शीर्षकमा एक एक वटा नाटकको विश्लेषण गरिएको छ भने भीमनिधि तिवारीका चौतारा लक्ष्मीनारायण र माटोको माया तथा विजय मल्लका कोही किन बर्बाद होस् र जिउँदो लास गरी दुई दुई वटा नाटकको विश्लेषण गरिएको छ । बालकृष्ण समका मुकुन्द इन्दिरा, प्रह्लाद र अमरसिंह गरी तिन वटा नाटकको विश्लेषण गरिएको छ ।

तेस्रो खण्ड नेपालीका प्रमुख केही एकाङ्कीकारहरूको परिचय, एकाङ्कीगत प्रवृत्ति र एकाङ्कीको विश्लेषणमा केन्द्रित रहेको छ । यसअन्तर्गत *पुष्कर शमशेरको लक्ष्यहीन एकाङ्कीको विश्लेषण, हृदयचन्द्रसिंह प्रधानको खैराँती मास्टर एकाङ्कीको विश्लेषण, गोविन्दबहादुर मल्ल गोठालेको म कसरी हार्छु ? एकाङ्कीको विश्लेषण, फणीन्द्रराज खेतालाको फिउज गएको इज्जत एकाङ्कीको विश्लेषण, रामलाल अधिकारीको म भात खान्न एकाङ्कीको विश्लेषण,* शेरमान थापाको आगो, ज्वाला र झिल्काहरू एकाङ्कीको विश्लेषण गरी छ वटा शीषक रहेका छन् । यस खण्डमा प्रत्येक एकाङ्कीकारको परिचय, एकाङ्कीगत प्रवृत्ति प्रस्तुत गरी एकाङ्कीको विश्लेषण गरिएको छ ।

३. भाषाशैली

यस अनुसन्धानमूलक समालोचनात्मक कृतिमा सरल भाषाको प्रयोग गरिनाका साथै नाटक तथा एकाङ्कीहरूको विश्लेषण गर्ने क्रममा संरचनावादी समालोचना पद्धतिको प्रयोग गरिएको छ । सबै नाटकहरूको विश्लेषणको ढाँचामा एकरूपता रहेको छ । कृतिको भाषा सरल र स्पष्ट रहेको छ भने विषयवस्तुको प्रस्तुतिमा बुँदा र सूत्रात्मक शैलीको प्रयोग गरिएको छ ।

४. निष्कर्ष

यस समालोचनात्मक कृतिमा "नाटक र एकाङ्कीको सिद्धान्त, नेपाली नाटक र एकाङ्कीको विकास प्रक्रिया तथा नेपाली नाटकका विभिन्न कालखण्डका प्रसिद्ध नाटककार एवं तिनका विशिष्ट नाट्यकृतिहरूको वस्तुवादी विश्लेषण गरिएको छ ।"[२५८] अनुसन्धानमूलक समालोचना सङ्ग्रहका रूपमा रहेको "यस कृतिमा नाटक र एकाङ्कीको विश्लेषण गर्ने क्रममा आधुनिक समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिको प्रयोग गरिएको छ ।"[२५९] नाटकको सैद्धान्तिक स्वरूप, एकाङ्कीको सैद्धान्तिक स्वरूपसहित विकास प्रक्रियाका साथै केही प्रमुख नाटककार र एकाङ्कीकारहरूको परिचय, प्रवृत्ति र कृतिको विश्लेषण प्रस्तुत गरिएको प्रस्तुत कृति यस क्षेत्रको एउटा महत्वपूर्ण कृति हो । यसमा विश्लेषित सबैजसो नाटककार र तिनका कृतिहरूले नेपाली नाटकको विभिन्न कालखण्डलाई प्रस्तुत गरेका छन् । विश्लेषणका क्रममा प्रत्येक शीर्षकलाई तिन उपशीर्षकमा प्रस्तुत गरी प्रत्येकको स्पष्ट र गहन रूपले एकरूपताका साथ विश्लेषण गरिएको छ । व्यापक र विस्तृत रूपमा रहेको प्रायोगिक खण्डमा उन्नाइस वटा कृतिको वस्तुपरक शैलीमा विश्लेषण गरिएको छ । मोतीराम भट्टदेखि शेरमान थापासम्मका पन्ध्रजना नाटककार तथा एकाङ्कीकारहरूको परिचय, नाट्यप्रवृत्ति र नाटकको विश्लेषण गरी तिन उपशीर्षकमा व्याख्या गरिएको छ । नाटक र एकाङ्कीको विश्लेषण शिल्प, संरचना, कथावस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु लगायतका विभिन्न पक्षमा केन्द्रित भएर गरिएको छ । नौ जना नाटककारहरूका तेरवटा नाट्यकृतिको विश्लेषण गरिएको नाटक खण्डले कृतिको सबैभन्दा ठूलो भाग ओगटेको छ ।

नेपाली नाट्य समालोचना नामक अनुसन्धानमूलक समालोचना सङ्ग्रहमा नाटक र एकाङ्कीको सैद्धान्तिक स्वरूप, विकास प्रक्रिया तथा विभिन्न कालखण्डका नाटककार र एकाङ्कीकारहरूका प्रवृत्ति र नाट्यकृतिहरूको विश्लेषण गरिएको छ । नाटक र एकाङ्की दुवैको सिद्धान्त सहित विभिन्न कृतिहरूको विश्लेषण गरिएको यस कृति भित्रका नाटक र एकाङ्कीहरूले विभिन्न कालको प्रतिनिधित्व गरेका छन् । यसमा एउटा नाटककारका एक, दुई वा तिनवटा सम्म नाटकको विश्लेषण गरिएको छ र विश्लेषणमा एकरूपता रहेको छ । यस कृतिमा विधागत इतिहास, विकास, परिभाषा, तत्वहरू जस्ता सैद्धान्तिक पक्षमा मात्र सीमित नभई यी विधाका विभिन्न समयका प्रतिनिधि स्रष्टा र तिनका प्रतिनिधि कृतिहरूलाई पनि विश्लेषणात्मक रूपमा चर्चा गरिएको छ । यो यस कृतिको महत्वपूर्ण पक्ष हो । यो कृति पछिल्लो समयका नाटककार, एकाङ्कीकारका

---

[२५८]. खगेन्द्रप्रसाद लुइटेल, **नेपाली नाट्य समालोचना**, *प्रकाशकीय*, (काठमाडौँ : पैरवी प्रकाशन, २०६७) ।

[२५९]. रमेश तुफान, *नयाँ कृति*, **गोरखापत्र,** (२०६७ मङ्सिर २५), पृ. ख ।

साथै अन्य विधाका साहित्यकारहरू र तिनका कृति विश्लेषण गर्नका लागि एक आधार ढाँचा बन्न पुगेको छ । यसर्थ यस क्षेत्रमा अध्ययन गर्ने र गर्न चाहनेहरूका लागि यो कृति उपयोगी र आधारग्रन्थ समेत बनेको छ ।

५.२.१० नेपाली निबन्ध समालोचना

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **नेपाली निबन्ध समालोचना** पैरवी प्रकाशनद्वारा २०६८ सालमा प्रकाशित समालोचना सङ्ग्रह हो । हरियो र निलो रङ्गको आवरण रहेको यस कृतिको पछाडिपट्टिको भागमा कृतिकारको परिचय र प्रकाशकको नाम प्रस्तुत गरिएको छ । निबन्धहरूको समालोचना सङ्ग्रहका रूपमा रहेको यो कृति डिमाइ आकारको २३३ पृष्ठमा संरचित छ । यो पुस्तक त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयको स्नातकोत्तर तहका पाठ्यक्रममा समावेश गरिएको छ । यस कृतिमा *निबन्धको सैद्धान्तिक स्वरूप, प्रमुख नेपाली निबन्धकार र तिनका प्रमुख निबन्धको विश्लेषण* र *प्रमुख भारतीय नेपाली निबन्धकार र तिनका प्रमुख निबन्धको विश्लेषण* गरी तिन भाग र तिस शीर्षक रहेका छन् ।

२. विषयवस्तु

पहिलो भागको पहिलो शीर्षक *निबन्धको सैद्धान्तिक स्वरूप*अन्तर्गत *निबन्धको परिचय, निबन्धको परिभाषा र स्वरूप, निबन्धको वर्गीकरण, निबन्धका संरचक घटक, निबन्ध र प्रबन्ध, हास्यव्यङ्ग्य निबन्ध र यात्रानिबन्ध,* र *उपसंहार* गरी सात उपशीर्षक रहेका छन् । यसमा निबन्धको शब्दनिर्माण, विभिन्न विद्वान्का परिभाषा, निबन्धका प्रकार र संरचक घटकहरूको प्रस्तुतिसहित निबन्ध र प्रबन्ध तथा हास्यव्यङ्ग्य निबन्ध र यात्रानिबन्ध बीचको सम्बन्ध प्रस्तुत गरिएको छ । दोस्रो शीर्षक *नेपाली निबन्धको विकास प्रक्रिया*अन्तर्गत परिचय, नेपाली निबन्धको प्राथमिक काल, नेपाली निबन्धको माध्यमिक काल, नेपाली निबन्धको आधुनिक काल, नेपाली निबन्धको आधुनिक कालका प्रमुख धारा र प्रवृत्ति र उपसंहार गरी छ उपशीर्षक रहेका छन् । यसमा नेपाली निबन्धको विकास प्रक्रियासहित विभिन्न कालका प्रमुख प्रवृत्तिहरू प्रस्तुत गर्दै आधुनिक कालका प्रमुख धारा र प्रवृत्तिबारे चर्चा गरिनाका साथै विभिन्न कालका प्रमुख निबन्ध र निबन्धकारबारे जानकारी गराइएको छ ।

दोस्रो भाग *प्रमुख नेपाली निबन्धकार र तिनका प्रमुख निबन्धको विश्लेषण* रहेको छ । यसअन्तर्गत *पृथ्वीनारायण शाहको दिव्योपदेशको विश्लेषण, जङ्गबहादुरको वेलायत यात्राको विश्लेषण, राममणि आ.दी. र कविता रीति, शम्भुप्रसाद ढुङ्गेल र महेन्द्रमल्ली, सूर्यविक्रम ज्ञवाली र रसमय नेपाली जीवन, लक्ष्मीप्रसाद देवकोटा र पहाडी जीवन, हृदयचन्द्रसिंह र जुँगा, शङ्कर लामिछाने र औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा, कमल दीक्षित र पारसमणि मार्का, केशबराज पिँडाली र खै-खै, भैरव अर्याल र जय भुँडी, नरेन्द्रराज पौडेल र भुण्टी बज्यैको अम्रिका यात्रा, डा. तारानाथ शर्मा र बैकिनीका आँसुमा डुब्छ बयलपाटा, घनश्याम राजकर्णिकार र नालन्दा प्रसिद्ध बौद्ध शिक्षाकेन्द्र, प्रतीक ढकाल र ग्रेटवालमाथि उभिँदा, डा. खगेन्द्रप्रसाद लुइटेल र बारवर्षपछि हनिमुन* गरी १६ वटा शीर्षक रहेका छन् । यस भागमा सुरुमा आख्यानेत्तर गद्यका दुई कृति **दिव्योपदेश** र **जङ्गबहादुरको वेलायत यात्रा**को विभिन्न कोणबाट विश्लेषण गरी त्यसपछि अन्य

निबन्धकारहरूको परिचय र प्रवृत्तिसँगै तिनका एकएक वटा निबन्धहरूको विश्लेषण गरिएको छ । प्रत्येकलाई विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गर्दै विश्लेषणपछि उपसंहार प्रस्तुत गरिएको छ ।

तेस्रो भाग *प्रमुख भारतीय नेपाली निबन्धकार र तिनका प्रमुख निबन्धको विश्लेषण* रहेको छ । यसअन्तर्गत *मणिसिंह गुरुङ र सच्चरित्रता नै उन्नतिको मूल हो, गङ्गाप्रसाद प्रधान र स्कुल जीवन, पारसमणि प्रधान र नेपाली हाम्रो मातृभाषा, रामकृष्ण शर्मा र सगरमाथा तेनजिङ, रामलाल अधिकारी र मेरो सिद्धान्तविहीन सिद्धान्त, कृष्णप्रसाद ज्ञवाली र वसन्त बेला, चन्द्रप्रसाद शर्मा र मेरा बारीका भाते करेला, तारापति उपाध्याय र स्वतन्त्रता सेनानी स्व. छविलाल उपाध्याय, चोकबहादुर थापा र हाम्रो हृदयको स्पन्दन गुवाहाटीको राधाकृष्ण मन्दिर, अच्छा राई 'रसिक' र भुँडी, जयनारायण लुइटेल र अटलान्टिक सिटी-तारेको आलु र जुवा, गीता उपाध्याय र मेरो लण्डन भ्रमण* गरी १२ शीर्षक रहेका छन् । यस भागको प्रत्येक शीर्षकमा निबन्धकारको परिचय, प्रवृत्ति, निबन्धको विश्लेषण र उपसंहार गरी चार उपशीर्षक रहेका छन् । प्रत्येक शीर्षकमा निबन्धकारको परिचय र प्रवृत्तिसँगै निबन्धको विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

प्रस्तुत अनुसन्धानमूलक समालोचनात्मक कृति निबन्धको सैद्धान्तिक स्वरूप र विकास प्रक्रियासहित विभिन्न कालखण्डका प्रमुख निबन्धकार र तिनका विशिष्ट कृतिहरूको वस्तुवादी विश्लेषणमा केन्द्रित रहेको छ । यसमा समाविष्ट विभिन्न निबन्धकार र तिनका कृतिहरूले प्राथमिक, माध्यमिक र आधुनिक तिनै कालका नेपाली निबन्धका विभिन्न धारा र प्रवृत्तिको प्रतिनिधित्व गरेका छन् । कृतिमा प्रस्तुत सबै निबन्धहरूको प्रस्तुति स्पष्ट ढाँचामा एकरूपताका साथ गरिएको छ भने विश्लेषणका क्रममा संरचनावादी समालोचना पद्धतिको अनुसरण गरिएको छ । निबन्धको सैद्धान्तिक स्वरूप, विकास प्रक्रियाका साथै नेपाली निबन्धका विभिन्न धाराका प्रमुख निबन्धकार, तिनका प्रवृत्ति र कृतिहरूको अध्ययन गर्न चाहनेहरूका लागि उपयोगी रहनका साथै अन्य कृति विश्लेषण गर्नका लागि पनि यो कृति आधारढाँचा बन्न पुगेको छ ।

३. भाषाशैली

पैरवी प्रकाशनको अनुसन्धान परियोजनाअन्तर्गत प्रकाशित **नेपाली निबन्ध समालोचना** नामक कृतिमा सरल र स्पष्ट भाषाको प्रयोग पाइन्छ । निबन्धहरूको विश्लेषणमा वस्तुवादी संरचनावादी समालोचना पद्धतिको प्रयोग गरिएको प्रस्तुत कृतिको विश्लेषणमा एकरूपता अँगालिएको छ भने प्रस्तुतिमा सूत्रात्मक शैलीको प्रयोग गरिएको छ ।

४. निष्कर्ष

नेपाली निबन्ध समालोचना निबन्धको सैद्धान्तिक स्वरूप, नेपाली निबन्धको विकास प्रक्रिया तथा विभिन्न कालखण्डका प्रमुख निबन्धकार र तिनका विशिष्ट कृतिहरूको विश्लेषणमा केन्द्रित रहेको छ । प्रत्येक शीर्षकको अन्त्यमा उपसंहार उपशीर्षकअन्तर्गत उक्त शीर्षकभित्र प्रस्तुत विषयवस्तुको मूल भाव प्रस्तुत गरिएको छ । विश्लेषणका क्रममा नेपाल भित्रका मात्र नभई नेपाल बाहिरका निबन्धकार र तिनीहरूका निबन्धको समेत विश्लेषण गरिएको यस समालोचनात्मक कृतिमा तुलनात्मक रूपमा प्राथमिक भन्दा

माध्यमिक र माध्यमिक भन्दा आधुनिक काललाई बढी जोड दिइएको छ । यो कृति वस्तुवादी समालोचनाका क्षेत्रमा एउटा खुड्किलो बनेको छ । यसमा सिद्धान्त र प्रयोग दुवै पाइन्छ । समग्रमा यो कृति निबन्धका सिद्धान्त र विकासक्रमसहित निबन्धात्मक कृतिको विश्लेषण गरिएको यस क्षेत्रको एक महत्वपूर्ण कृति बन्न पुगेको छ ।

५.२.११ पाश्चात्य साहित्य सिद्धान्त

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लेखिएको **पाश्चात्य साहित्य सिद्धान्त** नामको कृति २०६८ सालमा विद्यार्थी पुस्तक भण्डारबाट प्रकाशित भएको हो । निलो रङ्गको आवरण रहेको डिमाइ आकारको यो कृति ११२ पृष्ठमा संरचित छ । यस कृतिमा *एरिस्टोटलको अनुकरण सिद्धान्त, एरिस्टोटलको दुखान्तक सङ्गठन सिद्धान्त, एरिस्टोटलको विरेचन सिद्धान्त, कलरिजको कल्पना सिद्धान्त, टि.एस्.एलियटको सिद्धान्त, आई.ए. रिचर्ड्सको सिद्धान्त, संरचनावादी सिद्धान्त* र *उत्तरआधुनिकतावादी सिद्धान्त* गरी आठ शीर्षक र त्यसभित्र विभिन्न उपशीर्षकहरू रहेका छन् ।

२. विषयवस्तु

कृतिको पहिलो शीर्षक *एरिस्टोटलको अनुकरण सिद्धान्त*अन्तर्गत *एरिस्टोटलको परिचय, एरिस्टोटलको अनुकरण सिद्धान्तको पृष्ठभूमि, एरिस्टोटलको अनुकरण सिद्धान्त* र *उपसंहार* गरी चार उपशीर्षक रहेका छन् । यस शीर्षकमा एरिस्टोटलको परिचय प्रस्तुत गर्दै अनुकरण सिद्धान्तको पृष्ठभूमिसहित उक्त सिद्धान्तका बारेमा चर्चा गरिएको छ र उपसंहार उपशीर्षक अन्तर्गत यसका शक्ति र सीमासहित निष्कर्ष प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *एरिस्टोटलको दुखान्तक सङ्गठन सिद्धान्त*अन्तर्गत *दुखान्तकको परिचय, दुखान्तकको परिभाषा र स्वरूप, दुखान्तक सङ्गठनका अङ्ग वा तत्वहरू* र *उपसंहार* गरी चार उपशीर्षक रहेका छन् । यसमा दुखान्तकको परिचयसहित परिभाषा प्रस्तुत गरी यसको स्वरूप, अङ्ग वा तत्वहरूका बारेमा चर्चा गर्दै उपसंहार उपशीर्षकअन्तर्गत निचोड प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *एरिष्टोटलको विरेचन सिद्धान्त* शीर्षकअन्तर्गत *परिचय, विरेचनका विभिन्न अर्थ* र *उपसंहार* गरी तिन उपशीर्षक रहेका छन् । यसमा विरेचनको परिचयसँगै एरिष्टोटलले विरेचनको स्पष्ट व्याख्या नगरेको हुँदा उत्तरवर्ती विद्वान्हरूले आ-आफ्नै बुझाइअनुसार भिन्नाभिन्नै ढङ्गले अर्थ्याएका चिकित्साशास्त्रीय, धार्मिक, नैतिक, कलात्मकजस्ता विरेचनका विभिन्न अर्थहरूको बारेमा चर्चा गर्दै उपसंहार उपशीर्षकभित्र उक्त शीर्षकमा प्रस्तुत विषयवस्तुको भाव वा निष्कर्ष प्रस्तुत गरिएको छ ।

चौथो शीर्षक *कलरिजको कल्पना सिद्धान्त* रहेको छ । यसमा *कलरिजको परिचय, कलरिजको कविता काव्यसम्बन्धी दृष्टिकोण,* कलरिजको कल्पना सिद्धान्त र *उपसंहार* गरी चार उपशीर्षक रहेका छन् । यस शीर्षकमा कलरिजका प्रकाशित कृतिसहित परिचय प्रस्तुत गर्दै उनको काव्यसम्बन्धी दृष्टिकोण प्रस्तुत गरी कल्पना सिद्धान्तको बारेमा व्याख्या विश्लेषण गरिएको छ र *उपसंहार* उपशीर्षक भित्र विषयवस्तुको मुख्य भाव

प्रस्तुत गर्नाका साथै कलरिज उच्चकोटीको कवि र विशिष्ट दार्शनिक चिन्तक एवं समालोचक मानिएको कुरा प्रस्तुत गरिएको छ ।

पाँचौं शीर्षक *टि.एस्. एलियटको सिद्धान्त*अन्तर्गत *टि.एस्. एलियटको परिचय,* टि.*एस्. एलियटका सिद्धान्तको पृष्ठभूमि, परम्परा र व्यक्तिप्रतिभाको सिद्धान्त, निर्वैयक्तिकताको सिद्धान्त, समन्वित संवेदनाको सिद्धान्त* र *उपसंहार* गरी छ उपशीर्षक रहेका छन् । यस शीर्षकमा एलियटको परिचयसहित एलियटका सिद्धान्तको पृष्ठभूमि प्रस्तुत गरिएको छ । एलियटले चर्चा गरेका परम्परा र व्यक्तिप्रतिभाको सिद्धान्त, निर्वैयक्तिकताको सिद्धान्त, समन्वित संवेदनाको सिद्धान्तका बारेमा व्याख्या विश्लेषण गरी उपसंहार उपशीर्षकभित्र प्रस्तुत विषयवस्तुको निष्कर्ष प्रस्तुत गरिएको छ ।

छैटौं शीर्षक *आई.ए. रिचर्ड्सको सिद्धान्त* रहेको छ । यसअन्तर्गत *आई.ए. रिचर्ड्सको परिचय, आई.ए. रिचर्ड्सको काव्यकलासम्बन्धी दृष्टिकोण, आई.ए. रिचर्ड्सको समालोचनासम्बन्धी दृष्टिकोण, आई.ए. रिचर्ड्सको मूल्य सिद्धान्त, आई.ए. रिचर्ड्सको सम्प्रेषण सिद्धान्त* र *उपसंहार* गरी छ उपशीर्षक रहेका छन् । यसमा रिचर्ड्सको परिचय दिई उनको समालोचना र काव्यसम्बन्धी दृष्टिकोण प्रस्तुत गरिनाका साथै मूल्य सिद्धान्त र सम्प्रेषण सिद्धान्तका बारेमा व्याख्या विश्लेषण गरिएको छ र अन्त्यमा यी विभिन्न उपशीर्षकमा प्रस्तुत विषयवस्तुको निचोड प्रस्तुत गरिएको छ ।

सातौं शीर्षक *संरचनावादी सिद्धान्त*अन्तर्गत *संरचनाको परिचय, संरचनावादको परिचय, संरचनावादको परिचय र विकास, संरचनावादको परिभाषा, संरचनावादका प्रमुख धाराहरू, संरचनावादको प्रमुख सम्प्रदायहरू, संरचनावादका आधारभूत मान्यता, संरचनावादका शक्ति* र *उपसंहार* गरी नौ उपशीर्षक रहेका छन् । यसमा संरचना र संरचनावादको परिचय प्रस्तुत गर्दै यसको प्रवर्तन र विकास, विभिन्न परिभाषाहरू, प्रमुख धाराहरू, प्रमुख सम्प्रदायहरू, आधारभूत मान्यता र शक्तिको बारेमा चर्चा गरी उपसंहार शीर्षकभित्र यी सबैको सारांश स्वरूप निष्कर्ष प्रस्तुत गरिएको छ ।

आठौं शीर्षक *उत्तरआधुनिकतावादी सिद्धान्त*भित्र *परिचय, उत्तरआधुनिकताको पृष्ठभूमि र विकास, उत्तरआधुनिकताका परिचायक अभिलक्षण, आधुनिकता र उत्तरआधुनिकताको तुलना* र *उपसंहार* गरी पाँच उपशीर्षक रहेका छन् । यसमा उत्तरआधुनिकताको पृष्ठभूमि र विकास, परिचायक अभिलक्षणहरू प्रस्तुत गर्दै आधुनिकता र उत्तरआधुनिकताबीच तुलना गरिएको छ भने *उपसंहार* शीर्षकभित्र यी विभिन्न उपशीर्षकहरूमा प्रस्तुत विषयवस्तुको सार वा निष्कर्ष प्रस्तुत गरिएको छ ।

३. भाषाशैली

यस कृतिमा पाश्चात्य साहित्यका साहित्यिक सिद्धान्तहरूलाई सरल, सहज र स्वभाविक ढङ्गबाट परिष्कृत भाषाशैलीको प्रयोग गरी प्रस्तुत गरिएको छ । पाश्चात्य साहित्यका बारेमा लेखिएको भएकाले यस कृतिमा प्रशस्तै अङ्ग्रेजी भाषाका शब्दहरूको प्रयोग भएको छ । व्याख्यात्मक र सूत्रात्मक रूपमा विषयवस्तु प्रस्तुत गरिएको यो कृति पाश्चात्य साहित्य सिद्धान्तको महत्वपूर्ण कृति हो ।

४. निष्कर्ष

पाश्चात्य साहित्य सिद्धान्त नामक कृतिमा एरिस्टोटल, कलरिज, टि.एस्. एलियट, रिचर्ड्स आदिका विभिन्न साहित्यिक सिद्धान्तहरू प्रस्तुत गर्दै संरचना र संरचनावादका बारेमा विस्तृत रूपमा चर्चा गरिनाका साथै प्रत्येक शीर्षकअन्तर्गतको विषयवस्तुको प्रस्तुतिपछि *उपसंहार*अन्तर्गत मूल भाव वा निचोड प्रस्तुत गरिएको छ । पाश्चात्य साहित्यको पृष्ठभमि र यसको विकास, विस्तार, विभिन्न विद्वान्का विभिन्न सिद्धान्तका बारेमा विस्तृत रूपमा व्याख्या विश्लेषण गरिएको यो कृति पाश्चात्य साहित्य सिद्धान्तका बारेमा अध्ययन गर्न चाहनेहरूका लागि महत्वपूर्ण रहेको छ ।

पाश्चात्य साहित्यको प्रारम्भिक कालका साहित्यकारहरू, तिनीहरूका साहित्यिक मान्यता, दृष्टिकोण र प्रतिपादित सिद्धान्तहरूको व्याख्या विश्लेषणमा केन्द्रित **पाश्चात्य साहित्य सिद्धान्त** नामक कृति पाश्चात्य साहित्यको प्रवर्तन र विकाससम्बन्धी रुचि राख्ने पाठकहरूमा लागि उपयोगी र महत्वपूर्ण रहेको छ । यसमा एरिस्टोटलको अनुकरण सिद्धान्त, दुखान्तक सङ्गठन सिद्धान्त, विरेचन सिद्धान्त, कलरिजको कल्पना सिद्धान्त, टि.एस्. एलियटको परम्परा र व्यक्तिप्रतिभा, निर्वैयक्तिकता र समन्वित संवेदनाको सिद्धान्त, आई.ए. रिचर्ड्सको मूल्य र सम्प्रेषण सिद्धान्त आदिको चर्चा गरिएको छ । यस कृतिमा संरचना र संरचनावादको विभिन्न कोणबाट व्याख्या विश्लेषण गरिनाका साथै उत्तरआधुनिकताको पृष्ठभूमि र विकास, परिचायक अभिलक्षणसहित आधुनिकता र उत्तरआधनिकता बीच तुलना गरी अन्त्यमा उपसंहार प्रस्तुत गरिएको छ । विश्लेषण क्रममा व्याख्यात्मक भन्दा सूत्रात्मक शैलीको प्रयोग गरिएको छ । पाश्चात्य साहित्यसम्बन्धी सामग्रीको कमी रहेको र पाइने सामग्रीमा पनि लामो र व्याख्यात्मक शैलीलाई अँगालिएको हुने हुँदा अध्ययन गर्न बढी समय लाग्ने र झन्झटिलो हुने गर्दछ । यस कृतिमा समावेश गरिएका सबै शीर्षकहरूलाई सकेसम्म छोटो र सरल रूपमा प्रस्तुत गरिएकाले गर्दा पनि यस कृतिको अध्ययनबाट सहज ढङ्गले विषयबोध गर्न र तत्सम्बन्धी ज्ञान लिन सकिन्छ ।

५.२.१२ लोकसाहित्य परिचय

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **लोकसाहित्य परिचय** नामक समालोचनात्मक कृति २०६८ सालमा विद्यार्थी पुस्तक भण्डारबाट प्रकाशित भएको हो । निलो रङ्गको आवरण रहेको डिमाइ आकारको यो कृति ८० पृष्ठमा संरचित छ । यस कृतिमा *लोकसाहित्यको सैद्धान्तिक स्वरूप, लोकवार्ता र लोकवार्ताविज्ञानको सैद्धान्तिक स्वरूप, लोकसाहित्य र ज्ञानका अन्य शाखाहरू बीचको सम्बन्ध, लोकसाहित्यको अनसन्धान पद्धति, लोकसाहित्यको अनुसन्धान प्रक्रिया, लोकसाहित्यको विधागत वर्गीकरण, लोकसाहित्य र सिर्जित साहित्य, नेपाली लोकसाहित्यको अध्ययन-अनुसन्धान परम्परा* गरी आठ शीर्षक र त्यसभित्र विभिन्न उपशीर्षकहरू रहेका छन् ।

२. विषयवस्तु

पहिलो शीर्षक *लोकसाहित्यको सैद्धान्तिक स्वरूप* रहेको छ । यसमा *लोक शब्दको परिचय,* लोकसाहित्यको परिचय, *लोकसाहित्यको परिभाषा, लोकसाहित्यको स्वरूप, लोकसाहित्यका विशेषता, लोकसाहित्यको महत्व* र *लोकसाहित्यको प्रयोजन* गरी सात उपशीर्षक रहेका छन् । यसमा लोकशब्द र लोकसाहित्यको परिचयसहित लोकसाहित्यसम्बन्धी विभिन्न विद्वान्का परिभाषा प्रस्तुत गरी यसको स्वरूप, विशेषता, महत्व र प्रयोजनका बारेमा चर्चा गरिएको छ ।

दोस्रो शीर्षक *लोकवार्ता र लोकवार्ताविज्ञानको सैद्धान्तिक स्वरूप*अन्तर्गत *लोकवार्ताको परिचय, लोकवार्ताको परिभाषा, लोकवार्ताको स्वरूप, लोकवार्ताका प्रकार, लोकवार्ताविज्ञानको परिभाषा* गरी पाँच उपशीर्षक रहेका छन् । यसमा लोकवार्ताको परिचयसहित विभिन्न विद्वान्ले यससम्बन्धी गरेका परिभाषाहरू उल्लेख गर्दै यसको स्वरूप र प्रकारबारे चर्चा गरिनाका साथै लोकवार्ताविज्ञानको परिचय र परिभाषा पनि प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *लोकसाहित्य र ज्ञानका अन्य शाखाहरू बीचको सम्बन्ध* रहेको छ । यस शीर्षकअन्तर्गत *धर्मशास्त्र, पुरातत्व, इतिहास, भूगोल, समाजशास्त्र, मानवशास्त्र, अर्थशास्त्र, मनोविज्ञान, चिकित्साशास्त्र* र *भाषाविज्ञान* गरी १० उपशीर्षक रहेका छन् । यसमा ज्ञानका यी १० वटा शाखालाई लोकसाहित्यका निकट राखेर विश्लेषण गरिएको छ ।

चौथो शीर्षक *लोकसाहित्यको अनुसन्धानपद्धति*अन्तर्गत *ऐतिहासिक पद्धति, वर्णनात्मक पद्धति, तुलनात्मक पद्धति, मनोविश्लेषणात्मक पद्धति, मानवशास्त्रीय पद्धति, साहित्यशास्त्रीय पद्धति, भाषावैज्ञानिक पद्धति* र *संरचनावादी पद्धति* गरी आठ उपशीर्षक रहेका छन् । यसमा लोकसाहित्यको अध्ययन-अनुसन्धानका लागि उपयुक्त हुने विभिन्न प्रमुख पद्धतिहरू र तिनीहरूको अध्ययनको विकासक्रम प्रस्तुत गरिएको छ ।

पाँचौँ शीर्षक *लोकसाहित्यको अनुसन्धान प्रक्रिया* रहेको छ । यस शीर्षकअन्तर्गत *सामग्री सङ्कलन प्रक्रिया, सामग्री सङ्कलन पद्धति* र *सामग्रीको अध्ययन प्रक्रिया* गरी तिन उपशीर्षक रहेका छन् । यसमा लोकसाहित्यको अनुसन्धान प्रक्रियाका बारेमा जानकारी गराउँदै सामग्री सङ्कलन पद्धति र सामग्रीको अध्ययन प्रक्रियाका बारेमा चर्चा गरिएको छ । यसमा सामग्री सङ्कलनका विभिन्न प्रक्रियाहरू प्रस्तुत गरी सामग्री सङ्कलनको महत्व, उपयोगिता, चरण, उपचरण, कठिनाइ, गुण, सूचक आदिको बारेमा विस्तृत रूपमा जानकारी गराइएको छ । सामग्रीको अध्ययन कार्यमा परिभाषीकरण, वर्गीकरण, व्यवस्थापन र सामान्यीकरणलाई महत्वपूर्ण प्रक्रिया मानिएको छ ।

छैटौँ शीर्षक *लोकसाहित्यको विधागत वर्गीकरण* अन्तर्गत *विधाको वर्गीकरण, विधा वर्गीकरणका आधार* र *उपसंहार* गरी तिन उपशीर्षक रहेका छन् । यसमा विधाको परिचयसहित साहित्यशास्त्रीय विधा सिद्धान्तका आधारमा प्रस्तुति, माध्यम, श्रेणी, आकार, प्रकार गरी लोकसाहित्यको विधागत वर्गीकरण गरिएको छ र उपसंहार उपशीर्षकअन्तर्गत उक्त शीर्षकभित्र प्रस्तुत भएको विषयवस्तुको निष्कर्ष प्रस्तुत गरिएको छ ।

सातौँ शीर्षक *लोकसाहित्य र सिर्जित साहित्य* शीर्षकअन्तर्गत *लोकसाहित्य र सिर्जित साहित्यको अभिप्राय, लोकसाहित्य र सिर्जित साहित्यको सम्बन्ध, लोकसाहित्य र सिर्जित साहित्यको तुलना* र *उपसंहार* गरी चार उपशीर्षक रहेका छन् । यसमा लोकसाहित्य र सिर्जित साहित्यको परिचयसँगै यी दुई बीचको सम्बन्ध प्रस्तुत गर्दै समानता र भिन्नता केलाई उपसंहार उपशीर्षक अन्तर्गत उक्त शीर्षकभित्र प्रस्तुत विषयवस्तुको निष्कर्ष प्रस्तुत गरिएको छ ।

आठौँ अर्थात् अन्तिम शीर्षक *नेपाली लोकसाहित्यको अध्ययन-अनुसन्धान परम्परा* रहेको छ । यसमा *लोकसाहित्यसम्बन्धी अध्ययन-अनुसन्धान, लोकगीतसम्बन्धी अध्ययन-अनुसन्धान, लोकगाथासम्बन्धी अध्ययन-अनुसन्धान, लोककथासम्बन्धी अध्ययन-अनुसन्धान, गाउँखानेकथासम्बन्धी अध्ययन-अनुसन्धान, लोकनाटकसम्बन्धी अध्ययन-अनुसन्धान, उखानसम्बन्धी अध्ययन-अनुसन्धान, टुक्कासम्बन्धी अध्ययन-अनुसन्धान* गरी आठ उपशीर्षक रहेका छन् । यस शीर्षकमा लोकसाहित्यका विविध विधाहरूका बारेमा गरिएका अध्ययन-अनुसन्धानहरूलाई व्यक्ति र कृतिको नामावलीसहित प्रस्तुत गरिएको छ । यसबाट लोकसाहित्यसम्बन्धी भइसकेका कार्यहरूबारे जानकारी प्राप्त गर्न सजिलो भएको छ ।

३. भाषाशैली

लोकसाहित्य परिचय नामक कृतिमा सरल र परिष्कृत भाषाको प्रयोग पाइन्छ । विषयवस्तुलाई छोटो र सरल शैलीमा प्रस्तुत गरिएको छ । व्याख्यात्मक भन्दा बुँदा र सूत्रात्मक शैलीको प्रयोग गरिएको यस कृतिमा वर्णनात्मक र विवरणात्मक शैलीको पनि प्रयोग भएको छ । एकाध ठाउँमा अङ्ग्रेजी शब्द र बोलचालको भाषाको प्रयोग गरिए तापनि समग्रमा यस कृतिमा शुद्ध नेपाली भाषाकै प्रयोग पाइन्छ ।

४. निष्कर्ष

प्रस्तुत कृतिमा लोकसाहित्यको सैद्धान्तिक स्वरूप, लोकवार्ता र लोकवार्ताविज्ञानको सैद्धान्तिक स्वरूप, ज्ञानका विभिन्न शाखाहरूसँगको लोकसाहित्यको सम्बन्ध प्रस्तुत गरिएको छ । लोकसाहित्यका विभिन्न अनुसन्धान पद्धतिसँगै लोकसाहित्यको अनुसन्धान प्रक्रियाका बारेमा पनि चर्चा गरी लोकसाहित्यलाई विभिन्न आधारमा वर्गीकरण गर्नाका साथै लोकसाहित्य र सिर्जित साहित्यको सम्बन्ध प्रस्तुत गरिएको यो कृति सैद्धान्तिक भए तापनि सरल रूपमा विषयवस्तु प्रस्तुत गरिएको छ । नेपाली लोकसाहित्यका विविध विधामा भएका अध्ययन-अनुसन्धान परम्परा प्रस्तुत गरिएको यस कृतिमा सरल र परिष्कृत भाषाको प्रयोग गरी सूत्रात्मक शैलीको प्रयोग गरिनु कृतिको महत्वपूर्ण पक्ष हो । आकारका दृष्टिले कृति सानो देखिए तापनि यस भित्र लोकसाहित्यका विविध क्षेत्रलाई समेटिएको र लोकसाहित्यका विविध क्षेत्रका बारेमा व्याख्या विश्लेषण गरिएको हुनाले यो लोकसाहित्य क्षेत्रको एक उपयोगी कृति बन्न पुगेको छ ।

५.२.१३ नेपाली उपन्यासको इतिहास

१. परिचय

नेपाली उपन्यासको इतिहास खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित नेपाल प्रज्ञा प्रतिष्ठानको अनुसन्धान परियोजनाअन्तर्गत २०६९ सालमा प्रकाशित इतिहासमूलक समालोचनात्मक कृति हो । विभिन्न रङ्ग प्रयुक्त अमूर्त चित्रको गाताभित्र डिमाइ आकारको ४५७ पृष्ठमा संरचित यस कृतिमा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति वैरागी काइँलाको *कुलपतिको मन्तव्य* शीर्षकको भूमिका, त्यसपछि *प्रकाशकीय* शीर्षकअन्तर्गत उपकुलपति गङ्गाप्रसाद उप्रेतीको भूमिका र त्यसभन्दा पछि नेपाल प्रज्ञाप्रतिष्ठानका सदस्य भाउपन्थीको भूमिका रहेको छ । यो पुस्तक त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयको स्नातकोत्तर तहका पाठ्यक्रममा समावेश गरिएको छ । यस कृतिमा *सिद्धान्त खण्ड : उपन्यासको सैद्धान्तिक स्वरूप, इतिहास खण्ड : नेपाली उपन्यासको विकास प्रक्रिया, प्रवृत्ति खण्ड : आधुनिक नेपाली उपन्यासका प्रमुख धारागत प्रवृत्ति* र *परिशिष्ट खण्ड : नेपाली उपन्यासकारको वर्णानुक्रम* गरी चार खण्ड रहेका छन् ।

२. विषयवस्तु

पहिलो खण्ड *सिद्धान्त खण्ड : उपन्यासको सैद्धान्तिक स्वरूप*अन्तर्गतको पहिलो शीर्षक *उपन्यासको परिचय र परिभाषा* शीर्षकमा *उपन्यासको परिचय* र *उपन्यासको परिभाषा* गरी २ उपशीर्षक रहेका छन । यसमा उपन्यासको परिचय दिइ विभिन्न विद्धान्हरूका उपन्याससम्बन्धी परिभाषा प्रस्तुत गर्दै समग्रमा उपन्यासलाई गद्यात्मक भाषामा प्रस्तुत गरिएको बृहत् आख्यानात्मक साहित्यिक विधाका रूपमा चिनाइएको छ ।

दोस्रो शीर्षक *उपन्यासको वर्गीकरण*अन्तर्गत *विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण, धारा वा प्रवृत्तिका आधारमा उपन्यासको वर्गीकरण, प्रस्तुतिगत प्रधानताका आधारमा उपन्यासको वर्गीकरण, शैलीका आधारमा उपन्यासको वर्गीकरण, आयामका आधारमा उपन्यासको वर्गीकरण, परिणति वा प्रभावका आधारमा उपन्यासको वर्गीकरण* र *सङ्गठनका आधारमा उपन्यासको वर्गीकरण* गरी सात उपशीर्षक रहेका छन् । यी उपशीर्षकहरूलाई पनि अझ विभाजन गरी उपन्यासलाई वस्तुपरक, वैज्ञानिक र व्यवहारिक तरिकाले सूक्ष्म वर्गीकरण गरिएको छ ।

तेस्रो शीर्षक *उपन्यासका संरचक घटकहरू*अन्तर्गत *कथानक, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु* र *भाषाशैलीय विन्यास* गरी छ उपशीर्षक रहेका छन् । यसमा उपन्यास निर्माण गर्ने यी नै संरचक घटक वा तत्वहरूको बारेमा विभिन्न उपशीर्षकहरूको समेत प्रयोग गरी जानकारी गराइएको छ ।

चौथो शीर्षक *उपन्यास र अन्य विधाको तुलना*अन्तर्गत *उपन्यास र कथाको तुलना, उपन्यास र महाकाव्यको तुलना* र *उपन्यास र नाटकको तुलना* गरी तिन उपशीर्षक रहेका छन् । यस शीर्षकमा उपन्याससँग कथा, महाकाव्य र नाटकको तुलना गरी तिनीहरूका बीचमा पाइने समानता र भिन्नताहरू प्रस्तुत गरिएको छ ।

दोस्रो भाग *इतिहास खण्ड : नेपाली उपन्यास विकासप्रक्रिया*अर्न्तगतको पहिलो शीर्षक *नेपाली उपन्यासको काल विभाजन*अर्न्तगत नेपाली उपन्यास विकासको पृष्ठभूमिसँगै प्राथमिक (सुरुदेखि १९४५),

माध्यमिक काल (१९४६ देखि १९९०) र आधुनिक काल (१९९१ पछि) गरी उपन्यास इतिहासको विकासक्रम प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *नेपाली उपन्यासको प्राथमिक काल*अन्तर्गत *धार्मिक र पौराणिक धारा, नैतिक र औपदेशिक धारा, रोमान्समूलक धारा, ऐतिहासिक धारा* गरी ४ शीषक रहेका छन । यसमा शक्तिवल्लभ अर्याल, भानुदत्त, अज्ञात, सुन्दरानन्द वाँडा, भवानीदत्त पाण्डे आदिको परिचय दिँदै औपन्यासिक ढाँचाका केही कृतिको प्रस्तुतिसहित धार्मिक, नैतिक, औपदेशिक घटना र चरित्रको आधिक्यता रहनु र सबै रचना मौलिक नभएर अनुदित हुनुजस्ता यस कालका औपन्यासिक प्रवृत्तिको समेत चर्चा गरिएको छ ।

तेस्रो शीर्षक *नेपाली उपन्यासको माध्यमिक काल*अन्तर्गत *श्रृङ्गारिक धारा, मनोरञ्जनमूलक धारा, रहस्य-रोमान्समूलक धारा, धार्मिक-पौराणिक धारा, नैतिक-औपदेशिक धारा, सामाजिक धारा, ऐतिहासिक धारा* गरी सात उपशीर्षक रहेका छन् । यस शीर्षकमा माध्यमिक कालका उपन्यासकारहरू शिवदत्त शर्मा, सदाशिव शर्मा, गिरीशबल्लभ जोशी, विज्ञान विलास, पहलमानसिंह स्वाँर आदिका औपन्यासिक कृति र प्रवृत्तिहरूको जानकारीसहित मौलिक लेखनको थालनी, मनोरञ्जनात्मक आख्यानमूलक कृतिको आधिक्यता जस्ता माध्यमिककालीन औपन्यासिक प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ ।

चौथो शीर्षक नेपाली *उपन्यासको आधुनिक काल*अन्तर्गत *पहिलो चरण* (१९९१ देखि २०१५), *दोस्रो चरण* (२०१६ देखि २०२१), *तेस्रो चरण* (२०२१ देखि २०३६) र *चौथो चरण* (२०३६ देखि यता) गरी चार उपशीर्षकमा उपन्यासको आधुनिक कालका विभिन्न चरणहरूलाई प्रस्तुत गरिएको छ । पहिलो चरणका रुद्रराज पाण्डे, रूपनारायणसिंह, लैनसिंह बाङ्देल, दोस्रो चरणका गोविन्दबहादुर मल्ल 'गोठाले', दौलतविक्रम विष्ट, विजय मल्ल, तेस्रो चरणका इन्द्रबहादुर राई, पारिजात, ताना शर्मा तथा चौथो चरणका ध्रुवचन्द्र गौतम, मदनमणि दीक्षित, सरुभक्त आदि थुप्रै उपन्यासकारका औपन्यासिक कृति, प्रवृत्तिका साथै प्रत्येक चरणका विशेषता प्रस्तुत गरिएको छ ।

तेस्रो भाग *: आधुनिक नेपाली उपन्यासका प्रमुख धारागत प्रवृत्ति*अन्तर्गतको पहिलो शीर्षक *आधुनिक नेपाली उपन्यासका प्रमुख धारा*अन्तर्गत आधुनिक नेपाली उपन्यासमा देखापरेका यथार्थवादी, स्वच्छन्दतावादी र प्रयोगवादी धाराबारे जानकारी गराइएको छ ।

दोस्रो शीर्षक *आधुनिक नेपाली उपन्यासको यथार्थवादी धारा*अन्तर्गत *आदर्शोन्मुख यथार्थवादी धारा,* ऐतिहासिक *यथार्थवादी धारा, सामाजिक यथार्थवादी धारा, आलोचनात्मक यथार्थवादी धारा, समाजवादी यथार्थवादी /प्रगतिवादी धारा, मनोविश्लेषणात्मक यथार्थवादी धारा* गरी विभिन्न धाराका प्रतिनिधि उपन्यास र उपन्यासकारको विवरणसहित धारागत विशेषता प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *आधुनिक नेपाली उपन्यासको स्वच्छन्दतावादी धारा*अन्तर्गत स्वच्छन्दतावादी धाराका विशेषताहरू प्रस्तुत गर्दै यस धाराका केही प्रतिनिधि उपन्यास र उपन्यासकारहरूको विवरण प्रस्तुत गरिएको छ ।

चौथो शीर्षक *आधुनिक नेपाली उपन्यासको प्रयोगवादी धारा*अन्तर्गत *अस्तित्ववादी-विसङ्गतिवादी* र *नारीवादी* धारा गरी दुई उपशीर्षक रहेका छन् । यसमा *अस्तित्ववादी-विसङ्गतिवादी* र *नारीवादी* धाराको परिचयसहित र मान्यताहरू प्रस्तुत गर्दै उक्त धाराहरूका केही प्रतिनिधि उपन्यास र उपन्यासकारहरूको बारेमा चर्चा गरिएको छ ।

पाँचौं शीर्षक *उपसंहार तथा निष्कर्ष* रहेको छ । यस शीर्षकमा कृतिमा प्रस्तुत भएको सम्पूर्ण विषयवस्तुलाई सारमा प्रस्तुत गरिएको छ ।

चौथो भाग *परिशिष्ट खण्ड : नेपाली उपन्यासकारको वर्णानुक्रमसूची*अन्तर्गत पहिलो शीर्षक नेपाली उपन्यासकारको वर्णानुक्रमसूची रहेको छ । यसमा अहिलेसम्मका प्राय: सम्पूर्ण उपन्यासकारहरूलाई वर्णानुक्रममा प्रस्तुत गरी तिनका उपन्यासको विवरण प्रस्तुत गरिएको छ । त्यसभन्दापछि सन्दर्भसामग्रीसूची दिइएको छ ।

३. भाषाशैली

नेपाली उपन्यासको इतिहास उपन्यास विधाको इतिहाससँग सम्बन्धित इतिहासमूलक ग्रन्थ हो । सरल, स्पष्ट र मानक भाषाको प्रयोग पाइने यस कृतिमा वस्तुगत, वैज्ञानिक संरचनावादी शैलीको प्रयोग गरिएको छ । बुँदा र सूत्रात्मक शैली अँगालिएको यस कृतिको भाषा समग्रमा परिष्कृत र सरल रहेको छ ।

४. निष्कर्ष

नेपाली साहित्यमा विधागत इतिहास लेखनको कार्यको अभाव भइरहेको समयमा प्रकाशित प्रस्तुत **नेपाली उपन्यासको इतिहास** नामक कृति यस क्षेत्रको एक महत्वपूर्ण कृति बन्न पुगेको छ । "प्रस्तुत कृतिले नेपाली उपन्यासमा पाइने प्रवृत्ति, वाद, संरचना र शैलीहरूका साथै कृतिगत महत्वको पनि विश्लेषणात्मक प्रस्तुति गरेको छ । यसले नेपाली उपन्यास लेखनमा लागेकाहरू र लाग्न चाहनेहरूका लागि उपन्यास सिद्धान्तको विस्तृत विवेचना उपलब्ध गराएको छ र उपन्यासका प्रकार, भेद र संरचनाको विषय अवगत गराउने उपयोगी सिद्धान्तको समावेश गरेर एक गुनिलो कार्य पनि गरेको छ ।"[२६०] यस पुस्तकमा सम्बन्धमा लक्ष्मणप्रसाद गौतमको निम्नलिखित भनाइ विशेष उल्लेखनीय रहेको छ : [२६१]

> नेपाली उपन्यासको अद्यावधिक सूचना र प्रतिनिधि उपन्यासकारका प्रवृत्ति र कृतित्वको विवेचना गरिएको **नेपाली उपन्यासको इतिहास** ग्रन्थ नेपाली उपन्यासको अध्ययन परम्परामा पृथक् पहिचान बोकेको व्यवस्थित अनुसन्धान हुनपुगेको छ । उपन्यासकार र तिनका कृतिमाथिका पूर्वाध्ययनका टिप्पणीहरूसमेतको प्रयोग, सन्दर्भग्रन्थहरूको उपयोग र वस्तुगत तथा स्पष्ट दृष्टिकोणका कारण यस ग्रन्थलाई नेपाली समालोचनाका क्षेत्रमा उल्लेखनीय कृतिका रूपमा लिन

---

[२६०]. गङ्गाप्रसाद उप्रेती, *प्रकाशकीय,* **नेपाली उपन्यासको इतिहास**, (काठमाडौं : ने.प्र.प्र., २०६९) ।

[२६१]. लक्ष्मणप्रसाद गौतम, *विधा साहित्येतिहास लेखनमा व्यवस्थित कृति,* (मधुपर्क, ४५/१०, २०६९ फागुन), पृ. ५६-५७ ।

सकिन्छ भन्ने कुरा यसमा विवेच्य विषयले नै स्पष्ट पारेको छ । नेपाली उपन्यासका क्षेत्रको अद्यावधिक सूचना सम्प्रेषण र त्यसको विश्वसनीयताका दृष्टिले पनि यो ग्रन्थ उल्लेखनीय देखिन्छ । ... खण्डगत सामग्रीहरूको विन्यास, स्पष्ट दृष्टिकोण र वस्तुगत भाषाका कारण यो ग्रन्थ व्यवस्थित अध्ययनको नमुना बनेको छ । साहित्येतिहास लेखनका विधि र पद्धतिमा आधारित भएर लेखिएकाले यो ग्रन्थ विश्वसनीय बनेको छ । उपन्यास सिद्धान्त र इतिहास दुवैलाई समेटेर वस्तुनिष्ठ ढङ्गले लेखिएको यो नै नेपालीको पहिलो महत्वपूर्ण कृति हो ।

"विदेशमा बसेर सिर्जनरत नेपाली लेखकहरूका औपन्यासिक कृतिहरूलाई पनि उपलब्ध भएसम्म समावेश गर्ने प्रशंसनीय कार्य यस ग्रन्थमा भएको छ । यस ग्रन्थमा नेपाली उपन्यासको इतिहास लेखन मात्र नभएर उपन्यासका सन्दर्भात्मक र व्याख्यात्मक सिद्धान्तहरू विश्व उपन्यासको दृष्टान्तसहित समावेश गरिएका छन् । यस ग्रन्थको उपन्यास सिद्धान्त खण्डले उपन्यास विवेचना, लेखनका भिन्नभिन्न स्वरूप र संरचनागत विशेषताको विस्तृत जानकारी गराउँछ । यस ग्रन्थको अध्ययनले उपन्यास विवेचना र लेखनका क्षेत्रमा लाग्ने जोसुकैलाई उपन्यासका आवश्यक अवयव र त्यसको आङ्गिक संरचना बुझ्न सहयोग पुग्ने देखिन्छ ।"[२६२] "उपन्यासको मानक सिद्धान्तका आधारमा नेपाली उपन्यासको इतिहासलाई लिपिबद्ध गरिएको यस कृतिमा सुरुदेखि हालसम्मको नेपाली उपन्यासको विशद् विवेचन र मूल्याङ्कन गरिएको छ । उपन्यास विधाको सैद्धान्तिक स्पष्टता, ऐतिहासिक प्रामाणिकता तथा कृतिको विवेचनाको स्वरूप यसमा पाइन्छ । पूर्णतः शोधविधिको अवलम्वन गरिएको प्रस्तुत कृतिमा आधिकारिक, प्रामाणिक, वैज्ञानिक एवं वस्तुनिष्ठ सामग्रीको प्रयोग गरिएको छ ।" [२६३] "यस कृतिले उपन्यासको साङ्गोपाङ्गो अवस्थालाई समेटेको छ ।" [२६४] "शीर्षकअनुसार यस कृतिमा नेपाली इतिहासको इतिवृत्त मात्र नभएर उपन्यासको वैश्विक सिद्धान्तसमेत समेटिएको छ । अहिलेसम्म ज्ञात उपन्यासकारहरू र तिनको उल्लेखले परिशिष्ट खण्ड लोभलाग्दो बनेको छ ।"[२६५] "केही महत्वपूर्ण उपन्यासकार र उपन्यासको नाम छुट्न गए तापनि पुस्तक सङ्ग्रहणीय छ ।"[२६६] उपन्यास सिद्धान्त र नेपाली उपन्यासको इतिहास लेखनका क्षेत्रमा अहिलेसम्म लेखिएकामध्ये यो कृति सर्वाधिक महत्वपूर्ण रहेको छ ।

उपन्यासको विधा सिद्धान्त र नेपाली उपन्यासको इतिहासमा केन्द्रित यस कृतिमा उपन्यासको सैद्धान्तिक स्वरूप, विकास प्रक्रिया र आधुनिक नेपाली उपन्यासका प्रमुख धारागत प्रवृत्तिहरू बारे चर्चा गरिएको छ । प्रत्येक शीर्षकको अन्त्यमा उपसंहार प्रस्तुत गरिएको छ । नेपालीमा लेखिएका विभिन्न ठाउँबाट प्रकाशित उपन्यासहरूलाई समेटिएको यस कृतिको परिशिष्ट खण्डमा विभिन्न उपन्यासकारहरूलाई

---

[२६२]. भाउपन्थी, *मन्तव्य*, ऐजन ।

[२६३]. गिरिराज न्यौपाने, *पठनीय कृति : नेपाली उपन्यासको इतिहास*, **नवप्रज्ञापन**, (पू. ६१, २०७० साउन-असोज), पृ. ६०-६१ ।

[२६४]. *उपन्यास इतिवृत्त*, **अन्नपूर्ण पोष्ट**, (२०६९ असोज २७), पृ. २ ।

[२६५]. पारस नेपाल, *आलोच्य उपलब्धि*, **कान्तिपुर** (२०६७ साउन २०) पृ. च ।

[२६६]. *नछुट्नुपर्ने छुटेका छन्*, **कान्तिपुर**, (२०६९ असार ७), पृ. १२ ।

वर्णानुक्रमसूचीमा राखी तिनीहरूका उपन्यासको विवरण प्रस्तुत गरिएको छ, जसबाट उपन्यासकारको नाम खोज्न सजिलो हुनका साथै लेखनको आधिकारिकता समेत पुष्टि भएको छ । समग्रमा यो कृति उपन्यास विधाको इतिहास अध्ययन गर्नेहरूका लागि सन्दर्भस्रोतका रूपमा रहनाका साथै यस क्षेत्रका अध्येताहरूका लागि अत्यन्त उपयोगी रहेको छ ।

५.३ फुटकर समालोचनाहरूको परिचयात्मक अध्ययन

खगेन्द्रप्रसाद लुइटेलका विभिन्न तहका पाठ्यपुस्तक, समालोचनात्मक तथा सम्पादित कृतिहरूका साथै विभिन्न पत्रपत्रिकाहरूमा दुई सयभन्दा बढी समालोचनात्मक लेखहरू प्रकाशित भएका छन् । ती फुटकर समालोचनाहरू साहित्यका विविध विधा, व्यक्ति, डायस्पोरा, इतिहास, सिद्धान्त आदि विविध क्षेत्रसँग सम्बन्धित रहेका छन् । यस शीर्षकमा विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका लुइटेलका फुटकर समालोचनात्मक लेखहरूलाई विषयवस्तुअनुरूप विभिन्न शीर्षकमा छुट्ट्याएर विभाजन गरी सङ्ख्याका आधारमा क्रमशः ती लेखहरूको सङ्क्षेपमा परिचयात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

५.३.१ कविता विधासँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका कविता विधासँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
६५. *क्षेत्रप्रताप अधिकारी : जीवनवृत्त र कवित्वका आलोकमा*	**गरिमा**, (११/३, २०४९ फागुन), पृ. ६८-७२ ।
६६. *नेपाली गद्यकवितामा भाषिक लयविधान*	**प्रज्ञा**, (२२/७८, २०५० असार-असोज), पृ. १३४-१४५ ।
६७. *क्षेत्रप्रताप अधिकारीका काव्यप्रवृत्तिको विश्लेषण*	**प्रक्रिया**, (९/१५, सन् १९९५), पृ. ९६-११५ ।
६८. *क्षेत्रप्रताप अधिकारीको कवितायात्रा*	**मिर्मिरे**, (२४/६, २०५२ असोज), पृ. ७५-८९ ।
६९. *साहित्यकार बालकृष्ण सम र उनको इच्छा कविता*	**रजनी**, (१/१, २०५२ पुस), पृ. ५२-५३ ।
७०. *माध्यमिक कालीन कविता सँगालो : जोगमण्डलीका कवि र कविता*	**समकालीन साहित्य**, (६/४, २०५३ कात्तिक-पुस), पृ. १२२-१३२ ।
७१. *क्षेत्रप्रताप अधिकारीका कवितामा वस्तुविधान*	**गरिमा**, (१६/११, २०५५ कात्तिक), पृ. ६९-७२ ।
७२. *मोहनहिमांशु थापाको कविताशिल्प*	**गवेषण**, (१/१, २०५६ कात्तिक), पृ. ६२-६६ ।
७३. *बालकृष्ण सम : इच्छा कविताका सन्दर्भमा*	**रजनीमाला** (पुस्तक), २०५६, पृ. ३५-४० ।
७४. ***हिमालमाथि आलेख**मा आलेखित देशभक्ति*	**समष्टि**, (२०/६, २०५७ जेठ-असार), पृ. १२-२२ ।
७५. *आशिष कविताको संरचनावादी विश्लेषण*	**जुही**, (२०/१, २०५७-२०५८ चैत-जेठ), पृ. ७७-८१ ।
७६. *मेरो चोक प्रगीतात्मक कविताको संरचनात्मक विश्लेषण*	**जनमत**, (१९/१०-११, २०५९ मंसिर), पृ. ५-१३ ।
७७. *कवितामा विम्ब र विम्बविधान*	**प्रज्ञा**, पूर्णाङ्क (९७, २०५९ चैत), पृ. १३१-१३९ ।

७८. *मुनामदन : वस्तुवादी विश्लेषणको निष्कर्ष*	**कुञ्जिनी**, (११/८, २०६०), पृ. ६८-७४ ।
७९. *कृष्ण जोशीको कवित्वशक्ति*	**अन्नपूर्ण पोष्ट**, (३/१००, २०६१ साउन २३), पृ. ७ ।
८०. *मुनामदनमा लयविधानको वस्तुगत स्थिति*	**कुञ्जिनी**, (१२/९, २०६१-२०६२), पृ. ३७-४१ ।
८१. *एक्काईसौं शताब्दीका कविता एक्काईसौं शताब्दीजस्तै* ८२. *हुनुपर्छ*	**अक्षर**, (२/१, २०६२ भदौ-मङ्सिर), पृ. १-१० ।
८३. *बहादुरसिंह बरालका रचनाको संरचना विश्लेषण*	**गरिमा**, (२४/२, २०६२ माघ), पृ. ४३-५३ ।
८४. *आरआर चौलागाईंको कविता सिर्जनधर्मिता*	**शब्ददूत**, (२-३/४-५, २०६२ कात्तिक-२०६३ आश्विन), पृ. ४३-४९ ।
८५. *विश्वविमोहन श्रेष्ठको कवित्व*	**गरिमा**, (२४/८, २०६३ साउन), पृ. ५३-६० ।
८६. *मुनामदनमा लयविधानको वास्तविक स्थिति*	**गरिमा**, (२४/११, २०६३ कात्तिक), पृ. ५५-६४ ।
८७. *बर्बरहरू कविता बुभ्दैनन् को संरचना विश्लेषण*	**स्रष्टा नरेन्द्रराज पौडेल द्रष्टाहरूका आँखामा** (२०६३), पृ. २५-४१ ।
८८. *युगकविको सम्झनामा*	**गोरखापत्र**, (२०६४ जेठ ९), पृ. ६ ।
८९. *सिद्धिचरण श्रेष्ठका काव्यप्रवृत्ति*	**स्मारिका** (जनक शिक्षा सामग्री केन्द्र), (२६/३०, २०६४ असोज), पृ. १७-२२ ।
९०. *कृष्णप्रसाद पराजुलीको कवित्व*	**कृष्णप्रसाद पराजुली साहित्य र साधना** (२०६६), पृ.४१७-४३५ ।
९१. *पुरानो र नयाँ मुनामदनको तुलनात्मक अध्ययन*	**अक्षर**, (६/२, २०६६ साउन-असोज), पृ. १२-१७ ।
९२. *मुनामदनमा भोटे र गुन्डाको सहभागिता*	**समष्टि**, (३०/२, २०६६, असोज-कात्तिक), पृ. ३७-४० ।
९३. *मुनामदनको भाषाशैलीय विन्यास*	**बगर**, (२८/८२, २०६६, असोज-मङसिर), पृ. ५१-५५ ।
९४. *देवकोटाकी मुनाको चारित्रिक प्रकार र अभिलक्षण*	**शब्दयात्रा**, (१/१, २०६६, कात्तिक) पृ. ४९-५२ ।
९५. *पहाडी पुकारमा प्रगतिवादी क्रान्ति चेत*	**गरिमा**, (२७/११ २०६६, कात्तिक), पृ. ६१-६५ ।
९६. *कुञ्जिनीको संरचना विश्लेषण*	**भृकुटी**, (पूर्णाङ्क ५, २०६६, कात्तिक-पुस), पृ. ७०-८३ ।
९७. *सरुभक्तको काव्यसिर्जनधर्मिता*	**प्रज्ञा**, (४०/१०२, २०६६ कार्तिक-चैत), पृ. २८-४० ।
९८. *नेपाली कविताका प्रमुख प्रवृत्ति (कोरियाली भाषामा)*	**मुनहाकसन** (२०६६, नेपाली काव्य विशेषाङ्क, कोरिया), पृ. १५६-१७२ ।
९९. *मुनामदनमा लयविधान*	**मुनामदन समालोचना** (२०६६), पृ. १२३-१२७ ।
१००. *भीष्म उप्रेतीको कविता शिल्प*	**गरिमा**, (२८/५, २०६७ वैशाख), पृ. ६३-६९ ।
१०१. *नेपाली कविताका प्रवृत्ति*	**कविता**, (८८, २०६७ जेठ-भदौ), पृ. ११५-१३७ ।
१०२. *लोकगीतको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/८, २०६७ साउन), पृ. ३९-४३ ।
१०३. *गीतको सैद्धान्तिक स्वरूप*	**प्रहरी**, (५२/३, २०६७ भदौ), पृ. ९-१४ ।
१०४. *गोपीनारायण प्रधानको 'विश्वासघात' कविताको विश्लेषण*	**भानु**, (४८/१३४, २०६७ भदौ), पृ. १४-२१ ।
१०५. *लेखनाथ पौड्यालको तरुण तपसी काव्यको विश्लेषण*	**शब्दसंयोजन**, (७/५, २०६७ भदौ), पृ. २५-३४ ।
१०६. *गजलको सैद्धान्तिक स्वरूप*	**अभिव्यक्ति**, (४१/१४९, २०६७ भदौ-असोज),

	पृ. १७-२२ ।
१०७. *भारतीय नेपाली कवि पुष्पलाल उपाध्याय र 'बिचरा' कविता*	**रचना**, (५०/१०८, २०६७ भदौ-असोज), पृ. ३६-४२ ।
१०८. *नेपाली प्रथम कवि सुवानन्द दासको कवित्व*	**प्रज्ञा**, (४०/१०३, २०६७ वैशाख-असोज), पृ. ४८-५५ ।
१०९. *ज्ञानुवाकर पौडेलको गजलगत प्रवृत्ति र 'ओइली झरेछ फूल' गजलको विश्लेषण*	**अभिव्यक्ति**, (४१/१५०, २०६७ कात्तिक-मङ्सिर), पृ. ८७-९० ।
११०. *रत्नशमशेर थापाका गीति प्रवृत्ति र आँखैमा रात गली गीतको विश्लेषण*	**गरिमा**, (२९/१, २०६७ पुस), पृ. ७०-७३ ।
१११. *भारतीय नेपाली कवि नव सापकोटाको 'मदिरा होइन मेरो पसिना' कविताको विश्लेषण*	**मिमिरे**, (३९/१२, २०६७ चैत), पृ. ९३-९९ ।
११२. *भानुभक्तीय रामायणको संरचना विश्लेषण*	**दीपशिखा**, (२१/१३, २०६७), पृ. ७-१७ ।
११३. *वैरागी काइँलाको कविताशिल्प*	**मनोभाव**, (१७/४२, २०६८ असोज), पृ. १४७-१६२ ।
११४. *पुरानो र नयाँ मुनामदनको तुलनात्मक अध्ययन*	**हेटौडा टुडे**, (२०६८ कात्तिक ५), पृ. ३ ।
११५. *सेलाएको घाम : एक मन्थन*	**हिमालय टाइम्स**, (२०६८ मङ्सिर २४), पृ. ६ ।
११६. *समकालीन नेपाली कविताका प्रवृत्ति*	**हाम्रो ध्वनि**, (४१/४, २०६८ माघ-फागुन), पृ. २-५ ।
११७. *तुलसी अपतनको कर्णकुन्ती काव्यको संरचना विश्लेषण*	**बिन्दु**, (५०-५१/११८-२१, सन् २०११-२०१२ मे-मार्च),पृ.६६-७९ ।
११८. *भूपि शेरचनको 'हामी' कविताको संरचना विश्लेषण*	**भुजङ्ग**, (१६/१६, २०६८ माघ), पृ. ९-१३ ।
११९. *युगकविका तीन चरण*	**कान्तिपुर**, (२०६९ वैशाख ९), पृ. ७ ।
१२०. *देवकोटाका काव्यकृतिमा सांस्कृतिक चेतना*	**महाकवि देवकोटा व्याख्यानमाला** (२०६९), पृ. १२७-१५९ ।
१२१. *हरिभक्त कटुवालको 'यो जिन्दगी खै के जिन्दगी' कविताको विश्लेषण*	**बिन्दु**, (५१/१२२-१२३, २०१२-२०१३ अक्टोबर-मार्च), पृ. २-९
१२२. *देवकोटाका काव्यकृतिमा सांस्कृतिक चेतना*	**अन्वेषण**, (४/३, २०६९-२०७० वैशाख), पृ. २९-४७ ।
१२३. *नेपालीका विशिष्ट कवि वसन्त शर्मा लुइटेल*	**लुइटेल कल्प**, (१/१, २०७० वैशाख), पृ. ३३-३९ ।
१२४. *नेपालीको विशिष्ट आख्यानात्मक काव्य श्रीकृष्णचरित्र*	**अन्तर्दृष्टि**, (२०/३, २०७० फागुन), पृ. २४-३८ ।
१२५. *वानीरा गिरीको कविताशिल्प : जीवन थाय्मरूका सन्दर्भमा*	**वनिता**, (१५/५५, २०७०-२०७१ चैत-जेठ, पृ. ५५-६३ ।
१२६. *नेपाली साहित्यमा भानुभक्त आचार्यको योगदान*	**सिर्जना**, (६/१७, २०७१ वैशाख-असार), पृ. २०-३१ ।
१२७. *वानीरा गिरीको जीवन थाय्मरू*	**वानीरा गिरीको कृति स्तम्भ** (२०७१), पृ. ६१-७३ ।
१२८. *सिद्धिचरण श्रेष्ठको कवित्व*	**वाङ्मय**, (१५/१५, २०७१), पृ. ३४-४६ ।
१२९. *एकाउन्न पुकारभित्र कञ्चन पुडासैनीको कवित्व*	**केही सृजन केही समीक्षा** (२०७१), पृ. १५०-१५८ ।

क्षेत्रप्रताप अधिकारी : जीवनवृत्त र कवित्वका आलोकमा शीर्षक लेखमा वि.सं. १९९९ मा जन्मिएका कवि क्षेत्रप्रतापको परिचय प्रस्तुत गरी उनका प्रकाशित कृति र कृतिगत विशेषताबारे जानकारी गराउँदै अधिकारीलाई स्वच्छन्दतावादी कवि तथा गीतकारको रूपमा चिनाइएको छ ।

क्षेत्रप्रताप अधिकारीका काव्यप्रवृत्तिको विश्लेषण शीर्षक लेखमा क्षेत्रप्रताप अधिकारीका प्रकाशित कृतिहरूको विवरणसहित सङ्क्षिप्त परिचय दिई अधिकारीलाई स्वच्छन्दतावादी कविका रूपमा चिनाउँदै उनका काव्यप्रवृत्तिलाई विभिन्न कविताहरूको उदाहरणसहित प्रस्तुत गरिएको छ ।

क्षेत्रप्रताप अधिकारीको कविता यात्रा शीर्षक लेखमा क्षेत्रप्रताप अधिकारीको परिचय प्रस्तुत गर्दै उनको काव्ययात्रालाई तिन चरणमा विभाजन गरिएको छ । विभाजित प्रत्येक चरणका चरणगत विशेषताहरू प्रस्तुत गरी केही प्रकाशित उनका केही काव्य कृतिहरूको विश्लेषण गरिएको छ र उनलाई मूलतः काव्यकार र गीतकारका रूपमा चिनाइएको छ ।

साहित्यकार बालकृष्ण सम र उनको इच्छा कविता नामक लेखमा बालकृष्ण समको परिचयसहित उनका प्रकाशित कृतिहरू नाटक, एकाङ्की, कविता, प्रबन्धहरूको विवरण प्रस्तुत गरिएको छ । यसमा देशभक्ति र ईश्वरभक्ति प्रस्तुत भएको *इच्छा* कविताको विभिन्न कोणबाट विश्लेषण गरिएको छ ।

माध्यमिक कविता सँगालो : जोगमण्डलीका कवि र कविता शीर्षक लेखमा मोतीराम भट्ट वनारस बस्दा भारतेन्दु हरिश्चन्द्रबाट प्रभावित भई निर्माण गरिएको मोतीमण्डलीको परिचय प्रस्तुत गर्दै जोगबीर सिंहको नेतृत्वमा निर्माण भएको जोगमण्डलीको चर्चा गर्दै शरदचन्द्र शर्माद्वारा सम्पादित **जोगमण्डलीका कवि र कविता** नामक कृतिमा भएका केही उल्लेखनीय भनाइहरूसहित संरचना, विषयवस्तु, बिम्ब, प्रतीक, भाषाशैली आदि विभिन्न कोणबाट कृतिको विश्लेषण गरिएको छ ।

क्षेत्रप्रताप अधिकारीका कवितामा वस्तुविधान शीर्षक लेखमा *जानुभयो देवकोटा नेपालीलाई टुहुरो पारेर* नामक पर्चा गीतबाट कवितायात्रा प्रारम्भ गरेका क्षेत्रप्रताप अधिकारीका काव्यप्रवृत्तिहरू प्रस्तुत गरिएको छ । यसमा राष्ट्रियता र देशप्रेम, युगीन यथार्थ, गाउँप्रति आकर्षण, विश्वशान्ति र विश्वबन्धुत्व, राजसत्ताको महिमा, प्रकृति चित्रण, सामाजिक, आर्थिक असमानताको चित्रण आदि प्रवृत्तिहरू उनका काव्यमा पाइने कुरा उल्लेख गरिएको छ ।

मोहनहिमांशु थापाको कविताशिल्प शीर्षकमा कयौँ गीतको लहर छुट्यो नामक कविताबाट २०११ सालमा कविता क्षेत्रबाट साहित्यमा प्रवेश गरेका मोहनहिमांशु थापाका प्रकाशित कृति र प्राप्त पुरस्कारहरूको विवरण प्रस्तुत गरिएको छ । थापाका प्रमुख काव्यगत प्रवृत्तिहरूमा प्रयोगशीलता, राष्ट्र, राष्ट्रियता र देशप्रेम, प्रकृति चित्रण, प्रतीकात्मकता, अमूर्तता, बिम्ब र प्रतीकको प्रयोग आदिको चर्चा गरिएको छ ।

बालकृष्ण सम : इच्छा कविताका सन्दर्भमा शीर्षक लेखमा बालकृष्ण समको परिचय प्रस्तुत गर्दै उनको संलग्नता, प्राप्त पुरस्कार र प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गरिएको छ । समका काव्यगत प्रवृत्तिहरूको चर्चा गर्दै **इच्छा** कवितालाई देशभक्ति र ईश्वरभक्तिमा केन्द्रित कविताका रूपमा चिनाइएको छ ।

हिमालमाथि आलेख*मा आलेखित देशभक्ति* शीर्षक लेखमा २००४ सालमा जन्मिएका र चरित्र रक्षा शीर्षकको लेखबाट साहित्ययात्रा प्रारम्भ गरेका गोपाल पराजुलीका प्रकाशित कृतिको बारेमा जानकारी गराउँदै प्रजातन्त्र अघि, प्रजातन्त्र र प्रजातन्त्रपछि गरी तिन सर्गमा संरचित *हिमालमाथि आलेख* कविताको विभिन्न

कोणबाट विश्लेषण गरिएको छ र यस कवितामा देशभक्ति, मानवतावादी, सहरीया परिवेशको चित्रण, अमूर्त चेतन प्रवाहशैली जस्ता काव्यात्मक विशेषताहरू पाइने कुराको समेत उल्लेख गरिएको छ ।

मुनामदन : वस्तुवादी विश्लेषणको निष्कर्ष शीर्षक लेखमा विभिन्न तCवहरूका आधारमा मुनामदन खण्डकाव्यको संरचनावादी कोणबाट विश्लेषण गरिएको छ ।

कृष्ण जोशीको कवित्वशक्ति शीर्षक लेखमा वि.सं. १९९६ मा भोजपुरमा जन्मिएका कृष्ण जोशीको लेखनी मूलत : उपन्यास र कवितामा केन्द्रित भएको जानकारी गराउँदै उनका प्रकाशित उपन्यास र कविता सङ्ग्रहहरू प्रस्तुत गरिएको छ । मानव जीवनका दैनन्दिन घटना तथा जीवन भोगाइका उतार चढावहरूको मार्मिक प्रस्तुति पाइने उनका कविताहरूमा मान्छेको चरित्रको कतै महिमागान र कतै आक्रोस व्यक्त गर्दै मान्छेलाई बिगार्ने र सपार्ने ईश्वर नभएर मान्छे स्वयम् भएको कुरासँगै जीवनका विविध सन्दर्भ र प्रसङ्गलाई कवितात्मक बान्कीमा ढाल्ने उनको निजी पहिचान रहेको कुरा प्रस्तुत गरिएको छ ।

मुनामदनमा लयविधानको वस्तुगत स्थिति शीर्षक समालोचना **गरिमा** (२४/११, २०६३ कार्तिक) मा पनि प्रकाशित छ । यस लेखमा **मुनामदन** कृतिको परिचय दिँदै **मुनामदन**मा प्रयुक्त विभिन्न पङ्क्तिहरूको प्रस्तुति सहित भ्याउरे लोकलयमा रहेको मुनामदन कृतिको विश्लेषण गरिएको छ । थपेका र दोहोरिएका पङ्क्तिहरूसहित भएका र हुनुपर्ने पङ्क्तिको बारेमा पनि जानकारी गराइएको छ ।

एक्काईसौं शताब्दीका कविता एक्काईसौं शताब्दीजस्तै हुनुपर्छ शीर्षक लेखमा एक्काइसौं शताब्दीको बारेमा पूर्वीय र पाश्चात्य सन्दर्भसहित सामान्य परिचय दिइ उत्तर आधुनिकतासम्बन्धी दृष्टिकोण प्रस्तुत गर्दै उत्तर आधुनिकताका परिचायक अभिलक्षणहरूको बारेमा चर्चा गरिएको छ । नेपाली साहित्यका सन्दर्भमा उत्तरआधुनिकताको अवस्था प्रस्तुत गर्दै समय र प्रवृत्तिसँगै कविता मात्र हैन समग्र साहित्य नै एक्काइसौं शताब्दी अनुरूप नै हुनुपर्ने कुरा प्रस्तुत गरिएको छ ।

विश्वविमोहन श्रेष्ठको कवित्व शीर्षक लेखमा २०१३ सालमा जन्मिएका श्रेष्ठको परिचय प्रस्तुत गर्दै उनका तिनवटा कविता सङ्ग्रहको परिदृष्यमा रहेर काव्यात्मक प्रवृत्तिहरूको विश्लेषण गरिएको छ । श्रेष्ठका कवितामा प्रकृतिका सौम्य, शान्त र रमणीय मात्र नभई विकराल अवस्थाको समेत चित्रण, आशावादी र जीवनवादी स्वर, राष्ट्र, प्रकृति र मानवीय प्रेम, यथार्थ प्रस्तुति अभिव्यक्त भएको पाइने कुरा प्रस्तुत गरिएको छ ।

सिद्धिचरण श्रेष्ठका काव्यप्रवृत्ति शीर्षक लेखमा सिद्धिचरण श्रेष्ठको जीवनमा घटेका केही घटनाहरूको प्रस्तुतिसहित उनका प्रकाशित कृति र प्राप्त पुरस्कारहरूको बारेमा जानकारी गराइएको छ । प्रगीतात्मक र आख्यानात्मक सिर्जना, नैतिक आदर्श र मर्यादा संरक्षणमा जोड, शोषण विरुद्धको आवाज, राष्ट्रप्रेमको भावना, स्वच्छन्दतावादी, प्रकृतिप्रेम जस्ता श्रेष्ठका काव्यगत प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ ।

पुरानो र नयाँ मुनामदनको तुलनात्मक अध्ययन शीर्षक लेख **हेटौडा टुडे** (२०६८ कात्तिक) मा पनि प्रकाशित छ । लेखमा वि.सं. १९९२, २००९, २०१५ सालमा प्रकाशित **मुनामदन** र २०५२ सालमा साझा

प्रकाशनबाट प्रकाशित **मुनामदन**बीच तुलना गरिएको छ । यसमा मदन भोट जानेबेलाको मुनामदन बीचको वार्तासँगै मदनले कसरी पैसा कमायो भन्नेसम्मका घटनाहरूका बीचमा थुप्रै पंक्तिहरू थपिएको कुरा प्रस्तुत गरिएको छ । यसका साथै नैनीलाई सत्मार्गतर्फ प्रेरित गराउनको लागि पनि विभिन्न पंक्तिहरू थपिएको कुरा प्रस्तुत गर्दै केही थप पङ्क्तिहरूले नवसूचना प्रदान गर्ने भन्दा पङ्क्ति विस्तार मात्र गरेको हुँदा नयाँ बनाइएको मुनामदन भन्दा पहिले कै मुनामदन तुलनात्मक दृष्टिले विशिष्ट लयात्मक रहेको कुरा प्रस्तुत गरिएको छ ।

मुनामदनमा भोटे र गुन्डाको सहभागिता शीर्षक लेखमा भोटे र गुण्डाको सहभागितालाई प्रस्तुत गरी दुई भिन्न वर्गका बीचको व्यवहारलाई प्रस्तुत गरिएको छ ।

मुनामदनमा लयविधानको वास्तविक स्थिति शीर्षक लेख *मुनामदनमा लयविधानको वस्तुगत स्थिति* (**कुञ्जिनी**, १२/९, २०६१-२०६२) शीर्षकको लेखसँगै सम्बन्धित रहेको छ । यी दुई लेखबीच शीर्षकमा मात्र केही भिन्नता रहेको छ ।

मुनामदनको भाषाशैलीय विन्यास शीर्षक लेखमा प्रमुख सङ्केतक र सङ्केतिक, छन्द र लयविधान, अलङ्कार विधान शीर्षकमा रहेर विश्लेषण गर्दै सम र विषम पङ्क्तिमा पाइने आनुप्रासिक संयोजनका कारण गेयात्मक बन्न पुगेको प्रस्तुत काव्यमा कतिपय ठाउँमा जबर्जस्ती अनुप्रास मिलाइएको भए तापनि सहज पठनीय रहेको कुरा उल्लेख गरिएको छ । त्यसपछि प्रचलित र कम प्रचलित शब्दहरूको प्रयोग रहेको भ्याउरे छन्दमा संरचित यस काव्यमा उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त, व्यतिरेक आदि विभिन्न अलङ्कारको प्रयोग रहेको कुरा प्रस्तुत गरिएको छ ।

देवकोटाकी मुनाको चारित्रिक प्रकार र अभिलक्षण शीर्षक लेखमा मुनालाई सुन्दरता, अभौतिकतावादी, आदर्शवादी, धार्मिक, प्रेरणादायी धीर चरित्र, पतिव्रता, भावुक चरित्रका रूपमा प्रस्तुत गर्दै मुनालाई धनको आवश्यकता वोध भएकी तथा धनको पुरै विपक्षमा भने नरहेकी चरित्रको रूपमा चित्रण गरिएको छ ।

पहाडी पुकारमा प्रगतिवादी क्रान्तिचेत शीर्षक लेखमा सर्वप्रथम वि.सं. २००५ मा प्रकाशित सोर पृष्ठ रहेको प्रगीतात्मक संरचनामा आबद्ध **पहाडी पुकार** काव्यको परिचय दिँदै यस काव्यमा तत्कालीन नेपालको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि विविध क्षेत्रको दयनीय अवस्था चित्रण गरिएको कुरा प्रस्तुत गरिएको छ । सामन्तहरूका कार्यहरू प्रस्तुत गर्दै त्यसको विरोधमा एकजुट भएर उत्रन आह्वान गरिएको यस काव्यमा गुम्दो र गिर्दो मानवीय मूल्यको जगेर्नाका लागि क्रान्ति अपरिहार्य रहेको कुरा प्रस्तुत भएको कुरा उल्लेख गरिएको छ ।

कृष्णप्रसाद पराजुलीको कवित्व शीर्षक लेखमा वि.सं. १९९२ मा काभ्रेमा जन्मिएका कृष्णप्रसाद पराजुलीका प्रकाशित कृतिहरूसहित परिचय प्रस्तुत गरी उनको *आकाश माटो माथिको* कविताको विभाजन र सङ्गठन, विषयवस्तु र भाव, सहभागी, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीय विन्यास आदिका आधारमा विश्लेषण गरिएको छ । उनका कविताहरूमा अग्रजहरूप्रति सम्मान र युगीन विकृतिप्रति आक्रोससँगै जीवन र प्रेमको महत्व प्रस्तुत भएको कुरा उल्लेख गरिएको छ ।

सरुभक्तको काव्यसिर्जनधर्मिता शीर्षक लेखमा वि.सं. २०१३ सालमा पोखरामा जन्मिएका सरुभक्तको लेखनको प्रारम्भ र प्रकाशित कृतिहरूको बारेमा जानकारी दिँदै उनको काव्यसिर्जनधर्मिताको चर्चा गरिएको छ । प्रयोगशील कवि सरुभक्तका कवितामा बिम्ब र प्रतीकको अत्याधिक प्रयोगसँगै युगीन जनजीवनका विविध सन्दर्भ र प्रसङ्गहरूको प्रस्तुति तथा नारीहरूको विविध रूप र तिनको दुर्दशा, न्यायपालिकाप्रति व्यङ्ग्य, परिवेशगत विविधताका साथै नेपालीहरूको दयनीय अवस्था, निरीहपन र अशान्त परिस्थितिको चित्रण पाइने कुरा उल्लेख गरिएको छ ।

भीष्म उप्रेतीको कविता शिल्प शीर्षक लेखमा वि.सं. २०२४ सालमा झापामा जन्मिएका भीष्म उप्रेतीका प्रकाशित पुस्तकाकार कृतिहरूको विवरण प्रस्तुत गर्दै कवि एवं निबन्धकार उप्रेतीका कवितामा व्यङ्ग्यात्मक अभिव्यक्ति, प्रगीतात्मक संरचना, सर्वकालिकता र सर्वस्थानिकता, सरल भाषा आदिको प्रयोग पाइने कुरा प्रस्तुत गर्दै उनका काव्यमा कृतिमता भन्दा प्रमकृतिकता प्रवाहित, प्रस्तुतिगत नवीनता, जीवनका सकरात्मक नकरात्मक दुवै पक्षको चित्रण पाइने कुरा उल्लेख गरिएको छ ।

गोपीनारायण प्रधानको विश्वासघात कविताको विश्लेषण शीर्षक लेखमा वि.सं. १९९३ मा दार्जेलिङमा जन्मिएका गोपीनारायण प्रधानलाई उनको संलग्नता, प्रकाशित कृति र प्राप्त पुरस्कारसहित चिनाउँदै स्वच्छन्दतावादी, क्रान्तिकारी र प्रगतिशील, प्रकृति चित्रण, राष्ट्रवादी, मानवतावादी, मुक्त छन्द जस्ता उनका काव्यात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गर्दै उनको **साइकल आइरहेछ** कवितासङ्ग्रहभित्र सङ्गृहीत *विश्वासघात* कविताको संरचनावादी कोणबाट विश्लेषण गरिएको छ ।

लेखनाथ पौड्यालको तरुणतपसी काव्यको विश्लेषण शीर्षक लेखमा लेखनाथ पौड्यालको परिचयसँगै प्रकाशित कृतिको विवरणसहित उनका काव्यप्रवृत्तिहरू प्रस्तुत गरिएको छ । त्यसपछि संरचनावादी पद्धतिअनुरूप आख्यानात्मक संरचनायुक्त **तरुण तपसी** काव्यको विश्लेषण गरी समग्रमा सपनाका माध्यमबाट आध्यात्मिक, सामाजिक विषयवस्तुलाई कवित्वपूर्ण एवं परिष्कृत भाषाशैलीय विन्यासमा आबद्ध गरी सन्देहमूलक ढङ्गबाट प्रस्तुत गरिएको **तरुण तपसी** परिष्कारवादी कवि लेखनाथको उल्लेख्य लघु आख्यानात्मक संरचना भएको कुरा प्रस्तुत गर्दै मान्छेका दूर्भावनाप्रति व्यङ्ग्य प्रहार गरी अत्यन्त परिष्कृत, परिमार्जित, स्तरीय र उत्कृष्ट भाषाशैलीको प्रयोग गरिएको यस काव्यमा महाकाव्यमा पाइने गुणहरू भने नरहेको कुरा प्रस्तुत गरिएको छ ।

भारतीय नेपाली कवि पुष्पलाल उपाध्याय र बिचरा कविता शीर्षक लेखमा वि.सं. १९६२ मा असममा जन्मिएका पुष्पलाल उपाध्यायका कवितामा असम क्षेत्रमा बसोबास गर्ने नेपालीका छोराछोरीले नेपालीमा नभइ अन्य भाषामा शिक्षार्जन गर्नुपर्दाका समस्याहरू चित्रित हुने कुरा उल्लेख गर्दै उनलाई नेपाली भाषासाहित्य र कलाप्रति श्रद्धा एवं प्रेमभाव रहेका आदर्शवादी, प्रकृतिवादी, मानवतावादी, राष्ट्रवादी कविका रूपमा चिनाइएको छ । उनको दोस्रो कवितासङ्ग्रह **उषामञ्जरी** भित्र सङ्गृहीत गरीब दीनदुखी तथा मगन्तेका दैनन्दिन तथा कारुणिक मृत्युलाई विषयवस्तु बनाइएको सार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको *बिचरा* कविताको संरचनावादी कोणबाट विश्लेषण गरिएको छ ।

नेपाली प्रथम कवि सुवानन्द दासको कवित्व शीर्षक लेखमा वीरधाराका प्रथम कवि सुवानन्द दासको जन्म र जन्मस्थानसम्बन्धी विभिन्न व्यक्तिका मान्यताहरू प्रस्तुत गर्दै वीरता र राजभक्तिको अभिव्यञ्जना, लोकपरम्पराको अनुसरण, युद्ध परिवेशको वर्णन र पृथ्वीनारायण शाहको गुणगान जस्ता उनका काव्यप्रवृत्ति प्रस्तुत गरिएको छ । त्यसभन्दापछि *पृथ्वीनारायण* कविताको संरचनावादी कोणबाट विश्लेषण गरी यो काव्य पृथ्वीनारायण शाहको वीरता र काशीयात्राको वीरतापूर्ण व्यक्तित्व वर्णन गरिएको वीररस प्रधान काव्य भएको कुरा उल्लेख गरिएको छ ।

ज्ञानुवाकर पौडेलको गजलगत प्रवृत्ति र ओइली झरेछ फूल गजलको विश्लेषण शीर्षक लेखमा ज्ञानुवाकर पौडेलको शिक्षा, पेसा र संलग्नता, प्रकाशित कृति, सम्मान/ पुरस्कारको चर्चा गर्दै विषयगत विविधता, श्रृङ्गारिकतालाई महŒव, राष्ट्रियता, देशप्रेम, प्रकृतिप्रेम, गिर्दो सामाजिक मूल्य र मान्यता प्रस्तुत, व्यङ्ग्यात्मक अभिव्यक्ति जस्ता उनका काव्यात्मक प्रवृत्तिहरूबारे जानकारी गराइएको छ । यसका साथै पौडेलको लयात्मक र गेयात्मक गुण निहीत वियोगजन्य प्रेमभावको अभिव्यक्ति र जिन्दगीका निरासा प्रस्तुत गरिएको संरचनावादी पद्धति अनुरूप *ओइली झरेछ फूल* नामक गजलको विश्लेषण गरिएको छ ।

रत्नशमशेर थापाका गीति प्रवृत्ति र आँखैमा रात गली गीतको विश्लेषण शीर्षक लेखमा वि.सं. १९९६ सालमा जन्मिएका रत्नशमशेर थापाको संलग्नता, प्रकाशित कृति र प्राप्त पुरस्कारबको जानकारीसहित मानवीय प्रेम प्रणय, प्रकृतिप्रेम, राष्ट्रप्रेम, मानवतावादी दृष्टिकोण, जागरणका स्वर, प्रयोगशीलता जस्ता उनका गीति प्रवृत्तिहरू प्रस्तुत गरिएको छ । त्यसपछि मानवीय प्रेमप्रणयको वियोगजन्य अभिव्यक्ति रहेको *आँखैमा रात गली* गीतको विश्लेषण गरी यो प्रयोगशील गीत भए तापनि लयात्मकता र गेयात्मकता पाइने कुरा उल्लेख गरिएको छ ।

भारतीय नेपाली कवि नव सापकोटाको मदिरा होइन मेरो पसिना कविताको विश्लेषण शीर्षक लेखमा सन् १९४८ मा असममा जन्मिएका नव सापकोटाको पेसा, संलग्नता र प्रकाशित पुस्तकहरूबारे जानकारी दिँदै प्रायः छोटो आयाम, प्रगीतात्मक संरचना, विसङ्गति र विकृतिप्रति व्यङ्ग्य, मानवतावाद, आशावादी जीवनवादी दृष्टिकोण, देशप्रेम जस्ता उनका कवितात्मक प्रवृत्तिहरूबारे चर्चा गरिएको छ । यसका साथै समाजमा विद्यमान वर्गीय विभेद तथा शोषणवृत्तिप्रति आक्रोस व्यक्त गर्दै कर्मवादी चिन्तन प्रस्तुत गरिएको *मदिरा होइन मेरो पसिना* कविताको संरचनावादी कोणबाट विश्लेषण गरिएको छ ।

वैरागी काइँलाको कविताशिल्प शीर्षक लेखमा वि.सं. १९९६ सालमा जन्मिएका वैरागी काइँला तेस्रो आयाम/आयामेली आन्दोलनका संस्थापक मध्येका एक भएको कुरा प्रस्तुत गर्दै प्रतीकवादी, अमूर्त लेखन, विसङ्गतिवादी, अतियथार्थवादी, चेतनप्रवाह पद्धति जस्ता उनका कवितात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ । त्यसपछि दुई खण्डमा विभाजित **वैरागी काइँलाका कविताहरू** नामक कविता सङ्ग्रहभित्रका केही कविताहरूलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै प्रस्तुत कविता सङ्ग्रहको विश्लेषण गरिएको छ ।

युगकविका तीन चरण शीर्षक लेखमा वि.सं. १९६९ मा जन्मिएका तथा अनेक विधामा आधुनिकता प्रारम्भ गर्ने **शारदा** पत्रिकाका सम्पादक तथा अन्य विभिन्न पत्रिकाका सम्पादक, सहसम्पादक, गद्य पद्य दुवै

क्षेत्रमा प्रशस्तै कलम चलाएका सिद्धिचरण श्रेष्ठको काव्ययात्रालाई सुरुदेखि वि.सं. १९९६, १९९७ देखि २००७ र २००८ देखि पछि गरी तिन चरणमा विभाजन गरिएको छ । प्रारम्भमा स्वच्छन्दतावादी र पछिल्लो चरणमा क्रान्तिकारी प्रगतिवादी बनेका श्रेष्ठका व्यङ्ग्यात्मकता, प्रयोगशीलता, विकृति र विसङ्गतिप्रतिव्यङ्ग्य जस्ता उनका कवितात्मक प्रवृत्तिहरूलाई पनि प्रस्तुत गरिएको छ ।

देवकोटाका काव्यकृतिमा सांस्कृतिक चेतना शीर्षक लेख **अन्वेषण** (४/३, २०६९-२०७० वैशाख) मा पनि प्रकाशित छ । यस लेखमा देवकोटाको संलग्नता, उनका प्रकाशित विविध विधाका कृतिबारे जानकारी गराउँदै व्यक्ति सापेक्षतामा नभएर कृति सापेक्षतामा साहित्यकारको मूल्याङ्कन हुनुपर्ने तथा के र कति समय लगाएर गरेको भन्दा पनि कस्तो छ मा जोड दिनुपर्ने कुरा प्रस्तुत गरिएको छ । यस लेखमा देवकोटाका काव्यात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गरी संस्कृति शब्दको परिचय, विशेषता र यससम्बन्धी विभिन्न परिभाषाहरू उल्लेख गर्दै उनका काव्यमा जातीय, ग्रामीण र सहरीया, वर्गीय, आध्यात्मिक, लोकप्रचलितजस्ता विभिन्न संस्कृतिको प्रयोग पाइने कुरा उल्लेख गरिएको छ ।

हरिभक्त कटुवालको यो जिन्दगी खै के जिन्दगी कविताको विश्लेषण शीर्षक लेखमा हरिभक्त कटुवालको जन्म र जन्मस्थान, शिक्षा, पेसा र संलग्नता, प्रकाशित कृति, सम्मानजस्ता पक्षको जानकारीसहित गद्य र पद्य दुवै क्षेत्रमा कलम चलाउने, आरम्भमा आशावादी पछि निरासावादी र विद्रोही स्वर, देशप्रेम र जातीय प्रेम, यथार्थवादी, व्यङ्ग्यवादी जस्ता उनका काव्यात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गर्दै उनलाई प्रयोगवादीकालका स्वच्छन्दतावादी कविको रूपमा चिनाइएको छ । त्यसपछि वर्तमान मानव जीवनको कारुणिक अवस्था प्रस्तुत गरिएको *यो जिन्दगी खै के जिन्दगी* कविताको विभिन्न तCEवका आधारमा विश्लेषण गरिएको छ ।

नेपालीको विशिष्ट आख्यानात्मक काव्य श्रीकृष्ण चरित्र शीर्षक लेखमा नेपाली कवितालाई वीरधाराबाट भक्तिधारातर्फ मोड्ने प्रथम विशिष्ट कवि वसन्त शर्मा लुइटेलको जन्म र जन्मस्थान, उनको जातथरका बारेमा रहेको मत मतान्तरलाई प्रस्तुत गर्दै भक्तपुरको कटुञ्जे भन्ने भनाइ बढी आधिकारिक रहेको कुरा उल्लेख गरिएको छ । यसमा उनका काव्यात्मक प्रवृत्ति र उनीद्वारा लिखित रचनाहरूका बारेमा जानकारी दिई **श्रीकृष्ण चरित्र** र **समुन्द्र लहरी** काव्यको विषयवस्तु प्रस्तुत गरिएको छ । यसका साथै नेपालीको विशिष्ट आख्यानात्मक काव्य **श्रीकृष्ण चरित्र**को संरचनावादी कोणबाट व्याख्या विश्लेषण गर पौराणिक कथानकलाई मौलिकताका साथ प्रस्तुत गरिएको यो कृति नेपाली आख्यानात्मक कविताको इतिहासमा कोसेढुङ्गो र कृष्णभक्ति धाराको सर्वोत्तम उपलब्धि भएको कुरा उल्लेख गरिएको छ ।

वानीरा गिरीको कविताशिल्प : जीवन थाय्मरूका सन्दर्भमा शीर्षक लेखमा प्रयोगवादी धाराको अर्थ र प्रवृत्ति प्रस्तुत गर्दै २०१७ सालपछि कविता क्षेत्रमा प्रारम्भ भएको प्रयोगवादी धाराका केही कवि र कविताहरू उल्लेख गरी विभिन्न आन्दोलन र अभियानको बारेका चर्चा गरिएको छ । २००२ सालमा खर्साङमा जन्मिएकी बानिरा गिरीको परिचयसँगै प्रारम्भमा स्वच्छन्दतावादी र पछिल्लो समयमा प्रयोगवादी यौनपरक र यौनेत्तर बिम्ब प्रयोग पाइने जस्ता उनका कवितात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गर्दै २०३४ सालमा साझाबाट

प्रकाशित २३ वटा कविता सङ्गृहीत नारीहरूले जीवनमा भोग्नुपरेका विविध खाले समस्याहरूलाई गद्य ढाँचामा प्रस्तुत गरिएको **जीवन थाय्मरु** कविता सङ्ग्रहको विश्लेषण गरिएको छ ।

सिद्धिचरण श्रेष्ठको कवित्व शीर्षक लेखमा सिद्धिचरण श्रेष्ठको परिचयसँगै वि.सं. १९९० सालको **गोरखापत्र**मा प्रकाशित *भुइँचालो* शीर्षकको कविता श्रेष्ठका पहिलो कविता भएको कुरा सबैतिर उल्लेख गरेको भए तापनि त्यस सालको **गोरखापत्र**मा कुनै पनि साहित्यिक रचना नछापिएको तथा उनको पहिलो प्रकाशित कविता *भुइँचालो* नभएर वि.सं १९९१ बैशाख ४ को **गोरखापत्र**मा प्रकाशित *भूकम्प पीडितोद्धारक ऋणसंस्था* शीर्षकको कविता भएको कुरा जानकारी गराइएको छ । स्वच्छन्दतावादी धाराका प्रवर्तकमध्येका एक श्रेष्ठको नेपाली कविताका क्षेत्रमा आगमन र अवस्थितिबारे जानकारी गराई उनको काव्ययात्रा र काव्यप्रवृत्तिहरूसहित जटिल विषयवस्तुलाई सरल, सहज ढङ्गले कवितात्मक ढाँचामा आबद्ध गरी स्वच्छन्दतावादी, मानवतावादी, प्रेमवादी आदि प्रवृत्तियुक्त कविता सिर्जना गर्नु सिद्धिचरणका कवित्वको खास पहिचान भएको कुरा उल्लेख गरिएको छ ।

एकाउन्न पुकारभित्र कञ्चन पुडासैनीको कवित्व शीर्षक लेखमा काठमाडौँको पूर्वी गाउँमा जन्मिएका कञ्चन पुडासैनीले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाए तापनि उनको विशेष प्रसिद्धि कविता विधामा रहेको कुरा प्रस्तुत गर्दै उनको संलग्नता, प्रकाशित कृति, प्राप्त पुरस्कारसहित उनका काव्यगत प्रवृत्तिहरूका बारेमा चर्चा गरी उनलाई मूलतः स्वच्छन्दतावादी, राष्ट्रवादी कविका रूपमा परिचित गराइएको छ । पुडासैनीको **एकाउन्न पुकार** कविता सङ्ग्रहमा विभिन्न समयमा लेखिएका लामा, छोटा आयामका एकाउन्न वटा प्रगीतात्मक संरचनायुक्त कविताहरू समावेश भएको कुरा जानकारी गराइएको छ । विभिन्न व्यक्तिद्वारा अनुवाद गरिएको हुनाले अनुवादमा एकरूपता नपाइने कुरा प्रस्तुत गर्दै यस सङ्ग्रहका कविताहरूमा प्रेम भाव, मानवीय चाहना र इच्छा आकाङ्क्षा, सौन्दर्य, जीवनको महिमा, भगवान्प्रतिको दृष्टिकोण, मृत्यु भय, वर्तमान सहरीया यथार्थ आदि विषयवस्तुका रूपमा आएको कुरा उदाहरणसहित प्रस्तुत गरिएको छ । केही गद्यात्मक र केही पद्यात्मक ढाँचामा लेखिएका यस सङ्ग्रहमा सङ्कलित कविताहरू अधिकांशः लयात्मक गुणयुक्त भएका र कवितालाई लयात्मक तुल्याउन ठाउँठाउँमा पाइने समानान्तरताले पनि महत्वपूर्ण भूमिका खेलेको कुरा प्रस्तुत गरिएको छ ।

यीबाहेक संरचनावादसँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनाहरूको परिचयात्मक अध्ययन *संरचनावादसँग सम्बन्धित समालोचनाहरू* शीर्षकमा गरिएको छ ।

५.३.२ संरचनावादसँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका संरचनावादसँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
५१. *आशिष कविताको संरचनावादी विश्लेषण*	**जुही**, (२०/१, २०५७-२०५८ चैत-जेठ), पृ. ७७-८१ ।
५२. ***नेपाली वाक्यांश, वाक्पद्धति इत्यादिको कोष**को संरचनात्मक विश्लेषण*	**पुष्करशमशेर स्मृतिग्रन्थ**, (२०५८ पौष), पृ. ८३-९६ ।
५३. *माइत कथाको संरचना विश्लेषण*	**कुञ्जिनी**, (९/६, २०५८), पृ. ४८-५३ ।
५४. *डढेलो कथाको संरचनावादी विश्लेषण*	**समकालीन साहित्य**, (१२/३,२०५९ वैशाख-असार), पृ.२३१-२४८ ।
५५. *संरचनावादको अर्थ र पृष्ठभूमि*	**मिमिरे**, (३१/६, २०५९ असोज), पृ. १७-२२ ।
५६. *मेरो चोक प्रगीतात्मक कविताको संरचनात्मक विश्लेषण*	**जनमत**, (१९/१०-११, २०५९ मंसिर), पृ. ५-१३ ।
५७. *संरचनावादी समालोचना पद्धति*	**गरिमा**, (२१/१, २०५९ पुस), पृ. २१-३० ।
५८. *गोडा भए जुत्ताको के खाँचो कथाको संरचना विश्लेषण*	**जुही**, (२२/२, २०५९ पुस-फागुन), पृ. ४१८-४२६ ।
५९. *संरचनावादका आधारभूत अभिलक्षणहरू*	**मिमिरे**, (३१/१२, २०५९ चैत), पृ. ३९-४२ ।
६०. *कवितामा विम्ब र विम्बविधान*	**प्रज्ञा**, पूर्णाङ्क (९७, २०५९ चैत), पृ. १३१-१३९ ।
६१. *संरचना र रूपको तात्पर्य विश्लेषण*	**गोधूलि**, (१३, २०५९ वसन्त-शिशिर), पृ.४०-४४ ।
६२. *दृष्टिबिन्दुको सैद्धान्तिक स्वरूप*	**दीपशिखा**, (१३/७, २०५९), पृ. २५-३२ ।
६३. *संरचनावादको स्वरूप, धारा र सम्प्रदाय*	**अवलोकन**, (३/१, २०५९), पृ. १६-२३ ।
६४. *संरचनावादको विकासमा सस्युरको योगदान*	**पाठ्यक्रम विकास पत्रिका**, (२१/३५, २०५९-२०६०),पृ. १००-१०८ ।
६५. *संरचनाको स्वरूप र विशेषता*	**वाङ्मय**, (११/११, २०५९-२०६०), पृ. ६-१२ ।
६६. *संरचनात्मक आख्यानशास्त्र*	**समकालीन साहित्य**, (१३/४, साउन-असोज २०६०), पृ. २४-३४ ।
६७. *काव्यशास्त्रीय संरचनावादी चिन्तन पद्धति*	**प्रज्ञा**, (३४/९९, कात्तिक-चैत २०६०) पृ. १०८-११५ ।
६८. *मुनामदन : वस्तुवादी विश्लेषणको निष्कर्ष*	**कुञ्जिनी**, (११/८, २०६०), पृ. ६८-७४ ।
६९. *कृतिको भाषिक संरचना*	**सम्प्रेषण**, (१/१, २०६०-२०६१), पृ. २९ ।
७०. *कृतिको साहित्यिक संरचना*	**नोबेल**, (३/३, २०६१), पृ. १५६-१६२ ।
७१. *परिवेशको अभिप्राय र कृतिमा यसको अवस्थिति*	**सुनकोसी**, (५, २०६१), पृ. १८७-१८९ ।
७२. *मुनामदनमा लयविधानको वस्तुगत स्थिति*	**कुञ्जिनी**, (१२/९, २०६१-२०६२), पृ. ३७-४१ ।
७३. *बहादुरसिंह बरालका रचनाको संरचना विश्लेषण*	**गरिमा**, (२४/२, २०६२ माघ), पृ. ४३-५३ ।
७४. *बालाचन्द्र गाथाको संरचना विश्लेषण*	**शार्दूल**, (२/२-३, २०६३ वैशाख-असोज), पृ. ४२-५१ ।
७५. *मुनामदनमा लयविधानको वास्तविक स्थिति*	**गरिमा**, (२४/११, २०६३ कात्तिक), पृ. ५५-६४ ।
७६. *बर्बरहरू कविता बुभ्दैनन् को संरचना विश्लेषण*	**स्रष्टा नरेन्द्रराज पौडेल द्रष्टाहरूका आँखामा** (पुस्तक), २०६३, पृ. २५-४१ ।
७७. *कृतिमा शैलीय चयनको भूमिका*	**वाङ्मय**, (१३ /१३, २०६३-२०६४), पृ. ५३-५६ ।
७८. *पुरानो र नयाँ मुनामदनको तुलनात्मक अध्ययन*	**अक्षर**, (६/२, २०६६ साउन-असोज), पृ. १२-१७ ।

७९. *मुनामदनमा भोटे र गुन्डाको सहभागिता*	**समष्टि**, (३०/२, २०६६, असोज-कात्तिक), पृ. ३७-४० ।
८०. *विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प*	**साहित्यमा विश्वेश्वर**, २०६६ पृ १५६-१६४ ।
८१. *मुनामदनको भाषाशैलीय विन्यास*	**बगर**, (२८/८२, २०६६, असोज-मङसिर), पृ. ५१-५५ ।
८२. *देवकोटाकी मुनाको चारित्रिक प्रकार र अभिलक्षण*	**शब्दयात्रा**, (१/१, २०६६, कात्तिक) पृ. ४९-५२ ।
८३. *कुञ्जिनीको संरचना विश्लेषण*	**भृकुटी**, (पूर्णाङ्क ५, २०६६, कात्तिक-पुस), पृ. ७०-८३ ।
८४. *अटलबहादुर नाटकको वस्तुवादी विश्लेषण*	**भृकुटी**, (पूर्णाङ्क ७, वैशाख-असार २०६७), पृ. ७७-८४ ।
८५. *गोपीनारायण प्रधानको 'विश्वासघात' कविताको विश्लेषण*	**भानु**, (४८/१३४, २०६७ भदौ), पृ. १४-२१ ।
८६. *लेखनाथ पौड्यालको तरुण तपसी काव्यको विश्लेषण*	**शब्दसंयोजन**, (७/५, २०६७ भदौ), पृ. २५-३४ ।
८७. *गजलको सैद्धान्तिक स्वरूप*	**अभिव्यक्ति**, (४१/१४९, २०६७ भदौ-असोज), पृ. १७-२२ ।
८८. *भारतीय नेपाली कवि पुष्पलाल उपाध्याय र 'बिचरा' कविता*	**रचना**, (५०/१०८, २०६७ भदौ-असोज), पृ. ३६-४२ ।
८९. *गाउँखाने कथाको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/१०, २०६७ असोज), पृ. ४०-४२ ।
९०. *नेपाली प्रथम कवि सुवानन्द दासको कवित्व*	**प्रज्ञा**, (४०/१०३, २०६७ वैशाख-असोज), पृ. ४८-५५ ।
९१. *रत्नशमशेर थापाका गीति प्रवृत्ति र आँखैमा रात गली गीतको विश्लेषण*	**गरिमा**, (२९/१, २०६७ पुस), पृ. ७०-७३ ।
९२. *भारतीय नेपाली कवि नव सापकोटाको 'मदिरा होइन मेरो पसिना' कविताको विश्लेषण*	**मिर्मिरे**, (३९/१२, २०६७ चैत), पृ. ९३-९९ ।
९३. *भानुभक्तीय रामायणको संरचना विश्लेषण*	**दीपशिखा**, (२१/१३, २०६७), पृ. ७-१७ ।
९४. *पुरानो र नयाँ मुनामदनको तुलनात्मक अध्ययन*	**हेटौडा टुडे**, (२०६८ कात्तिक ५), पृ. ३ ।
९५. *जङ्गबहादुरको बेलाइत यात्राको वस्तुवादी विश्लेषण*	**अन्तर्दृष्टि**, (१९/२, २०६८), पृ. १-१० ।
९६. *तुलसी अपतनको कर्णकुन्ती काव्यको संरचना विश्लेषण*	**बिन्दु**, (५०-५१/११८-२१, सन् २०११-२०१२ मे-मार्च),पृ.६६-७९ ।
९७. *भूपि शेरचनको 'हामी' कविताको संरचना विश्लेषण*	**भुजङ्ग**, (१६/१६, २०६८ माघ), पृ. ९-१३ ।
९८. *हरिभक्त कटुवालको 'यो जिन्दगी खै के जिन्दगी' कविताको विश्लेषण*	**बिन्दु**, (५१/१२२-१२३, २०१२-२०१३ अक्टोबर-मार्च), पृ. २-९ ।
९९. *नेपालीको विशिष्ट आख्यानात्मक काव्य श्रीकृष्णचरित्र*	**अन्तर्दृष्टि**, (२०/३, २०७० फागुन), पृ. २४-३८ ।

आशिष कविताको संरचनावादी विश्लेषण शीर्षक लेखमा वि.सं १९८८ मा जन्मिएकी राधिका रायाको **महानन्द स्मारिका** (२०५७) मा प्रकाशित *आशिष* कविताको विश्लेषण गरिएको छ । छोरीप्रति शुभेच्छा व्यक्त गर्दै जन्म दिनको स्मरण गरिएको यस कविताको विषयवस्तु, भाषाशैली, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, विन्यास आदिका आधारमा संरचनावादी पद्धतिअनुरूप विश्लेषण गरिएको छ ।

नेपाली वाक्यांश, वाक्पद्धति इत्यादिको कोशको संरचनात्मक विश्लेषण शीर्षक लेखमा पुष्कर शमशेरको परिचयसहित उनका प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गरिएको छ । यसमा नेपाली उखान र

टुक्काको वर्णानुक्रमानुसारी सूची र वाक्याशं, वाक्यपद्धति इत्यादिको कोश खण्डको विश्लेषणसमेत गरिएको छ ।

माइत कथाको संरचना विश्लेषण शीर्षक लेखमा माधव भँडारीका प्रकाशित कृतिको विवरण प्रस्तुत गर्दै २०१३ सालमा सम्पादित **बल्दो दियो**मा सङ्गृहीत *माइत* कथाको विश्लेषण गरिएको छ । विश्लेषणमा कथाको विभाजन, सङ्गठन, वस्तु, सहभागी र सहभागिता, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीय विन्यास आदि कोणबाट संरचनात्मक विश्लेषण गरिएको छ ।

डढेलो कथाको संरचनावादी विश्लेषण शीर्षक लेखमा मोहनराज शर्माको परिचय प्रस्तुत गर्दै उनका प्रमुख पुस्तकाकार कृतिहरूको विवरण प्रस्तुत गरिएको छ । २०४७ सालमा **सौरभ** पत्रिकामा प्रकाशित भइ २०५० सालमा प्रकाशित **महाशून्य** कथासङ्ग्रहमा सङ्कलित *डढेलो* कथामा एउटा सानदार मोटर चढ्ने इमान्दार अधिकृत थोत्रे साइकल चढ्ने अवस्थामा पुग्दा त्यसको मानसम्मानमा पनि फरक आएको कुरालाई विषयवस्तु बनाइएको यस कथाको संरचनात्मक कोणबाट विश्लेषण गरिएको छ ।

संरचनावादको अर्थ र पृष्ठभूमि शीर्षक लेखमा संरचनावादलाई सामान्यार्थ, ऐतिहासिक परिप्रेक्ष, मनोविज्ञान, भाषाविज्ञान, समाजशास्त्र, मानवशास्त्र तथा साहित्यिक समालोचनाका सन्दर्भमा फरक ढङ्गले अर्थ्याइने कुरा उल्लेख गर्दै संरचनावादको प्रारम्भ सन् १९६० मा ससुर, नर्थ्रोप फ्राइ आदिबाट भएको कुरा प्रस्तुत गरिएको छ ।

मेरो चोक प्रगीतात्मक कविताको संरचनात्मक विश्लेषण शीर्षक लेखमा भूपि शेरचनको परिचय दिँदै उनका प्रकाशित कविता सङ्ग्रहबारेमा जानकारी गराइएको छ । त्यसपछि २०१७ सालमा **साहित्य** पत्रिकामा प्रकाशित *मेरो चोक* कविताको संरचनावादी पद्धति अनुरूप व्याख्या विश्लेषण गरिएको छ ।

संरचनावादी समालोचना पद्धति शीर्षक लेखमा वस्तुवादी, भाषावादी र वैज्ञानिक चिन्तनपद्धति आधुनिक संरचनावादको प्रारम्भ र विकास प्रसिद्ध मानवशास्त्री क्लड लेभाइ स्ट्राउस तथा रोमन याकोब्सन, रोला वार्थ, जनाथन कलर आदि बाट हुँदै आएको कुरा प्रस्तुत गरिएको छ । साहित्यको वैज्ञानिक विश्लेषण गर्ने पद्धतिका रूपमा सर्वप्रथम देखापरेको संरचनावादी समालोचना पद्धतिले पाठभित्रै रहेर कृतिको विश्लेषण गर्नका साथै तटस्थता र निष्पक्षताको अनुशरण गरी पुरानाबाट सिकेर अघि बढ्नुपर्छ त्यसैमा झुण्डिरहने होइन भन्ने मान्यता राख्ने कुरा उल्लेख गरिएको छ ।

गोडा भए जुत्ताको के खाँचो कथाको संरचना विश्लेषण शीर्षक लेखमा चूडामणि रेग्मीको परिचय प्रस्तुत गर्दै उनका प्रकाशित कथा सङ्ग्रह, निबन्ध सङ्ग्रह, भाषा समालोचनासँग सम्बन्धित कृतिहरूको विवरण दिई उनको कवितायात्रा प्रस्तुत गरिएको छ । त्यसपछि *गोडा भए जुत्ताको के खाँचो* कथाको संरचनावादी समालोचना पद्धति अनुरूप विश्लेषण गरिएको छ ।

संरचनावादका आधारभूत अभिलक्षणहरू शीर्षक लेखमा संरचनावादको परिचय दिँदै यसका अभिलक्षणहरू, स्थानविज्ञान, वितरण, उत्पादन, भाषिका विज्ञान, सर्वव्यापकता र भिन्नताबारे चर्चा गरिएको छ ।

संरचना र रूपको तात्पर्य विश्लेषण शीर्षक लेखमा संरचनाको अर्थसहित संरचना र रूपसम्बन्धी जे.ए. कर्डन, एम्.एच्. अब्राह्मस् आदिका मान्यताहरू उल्लेख गर्दै यी दुई शब्द समानार्थी देखिने र यिनीहरू बीचमा पारस्परिक सम्बन्ध रहेको कुरा प्रस्तुत गरी यी दुई एकै खाले व्यवस्था भएको कुरा जानकारी गराइएको छ ।

संरचनावादको स्वरूप, धारा र सम्प्रदाय शीर्षक लेखमा कुनैपनि वस्तु, कृति वा विषयको संरचनामाथि केन्द्रित भइ त्यसको वस्तुगत र वैज्ञानिक ढङ्गले विश्लेषण गर्ने पद्धतिलाई संरचनावाद भनिने कुरा प्रस्तुत गर्दै संरचनावादको स्वरूप, संरचनावादका प्रमुख धाराहरू र जेनेभा, रसियाली, प्राग् आदि विभिन्न सम्प्रदायहरूको बारेमा चर्चा गरिएको छ ।

संरचनावादको विकासमा सस्युरको योगदान शीर्षक लेखमा संरचनावादको पृष्ठभूमि प्रस्तुत गर्दै संरचनावादसम्बन्धी ससुरको मौलिक चिन्तन प्रस्तुत गरिएको छ । भाषा र वाक्, सङ्केतक र सङ्केतिक, क्रमात्मक र सहचारी सम्बन्धको प्रस्तुतिसँगै भाषाको एककालिक र कालक्रमिक अध्ययन प्रस्तुत गरिएको छ ।

संरचनाको स्वरूप र विशेषता शीर्षक लेखमा संरचनाको परिचय र यसको स्वरूपबारे जानकारी गराउँदै संरचनाको विन्यास यान्त्रिक र तार्किक दुई किसिमले गरिने कुराको जानकारी गराइएको छ । यसका साथै पूर्णता, परिवर्तनशीलता, स्वनिष्ठता जस्ता संरचनावादका विशेषतासँगै यसमा संरचनावादको स्वरूप निर्धारण गर्ने सैद्धान्तिक आधारसमेत प्रस्तुत गरिएको छ ।

संरचनात्मक आख्यानशास्त्र शीर्षक लेखमा संरचनावादको परिचयसँगै भ्लादिमिर प्रोप (३१ वटा प्रकार्य), क्लड ब्रेमोन्ड (आठवटा प्रकार्य) आदिका आख्यानको आख्यानशास्त्रीय संरचना प्रस्तुत गरिएको छ । यसका साथै संरचनावादमा क्लड लेभाइ स्ट्राउसको योगदानलाई नातागोता, मिथ र अपरिष्कृत मस्तिष्क गरी तिन बुँदामा केन्द्रित भएर चर्चा गरिएको छ ।

काव्यशास्त्रीय संरचनावादी चिन्तन पद्धति शीर्षक लेखमा संरचनावादको परिचयसँगै रोमन याकोव्सन, मास्को, जनाथन कलर, डेविड लज आदिका काव्यशास्त्रीय संरचनावादी चिन्तनसम्बन्धी अवधारणाहरू र ससुरको भाषावादी चिन्तनका बारेमा चर्चा गरिएको छ ।

कृतिको भाषिक संरचना शीर्षक लेखमा भाषा संरचना र साहित्य संरचनाको बारेमा सामान्य परिचय प्रस्तुत गर्दै साहित्यिक कृतिको भाषिक संरचनाअन्तर्गत पर्ने ध्वनिव्यवस्था, वर्णव्यवस्था, व्याकरणव्यवस्था र अर्थव्यवस्थाको बारेमा जानकारी गराइएको छ ।

कृतिको साहित्यिक संरचना शीर्षक लेखमा साहित्यिक संरचनाको परिचय प्रस्तुत गर्दै कृतिको संरचना साहित्यिक, भाषिक र शैलीय आधारमा निर्मित हुने कुरा उल्लेख गरिएको छ । यसका साथै बनोट र बुनोट (बनोट कृतिको आन्तरिक तल र बुनोट बाह्य तल) बारेको अवधारणा र भिन्नता प्रस्तुत गरिएको छ ।

बहादुरसिंह बरालका रचनाको संरचना विश्लेषण शीर्षक लेखमा बहादुरसिंहको व्यक्ति परिचय प्रस्तुत गर्दै चक्रात्मक नभएर वृत्तात्मक ढाँचा, राष्ट्रिय प्रेम, ईश्वरीय प्रेम, जातीय जागरण, मानवीय प्रेम आदि प्रवृत्ति उनका रचनाहरूमा पाइने कुरासँगै राष्ट्रियता, सामाजिकता, नीतिवादी, औपदेशिकता र धार्मिकताको अभिव्यञ्जना र शृङ्गारिकतालाई सालीन ढङ्गले प्रस्तुत गर्ने जस्ता उनका काव्यात्मक प्रवृत्तिहरूको चर्चा गरिएको छ ।

बर्बरहरू कविता बुझ्दैनन् को संरचना विश्लेषण शीर्षक लेखमा **श्रष्टा नरेन्द्रराज पौड्ल द्रष्टाहरूका आँखामा** कविता सङ्ग्रहभित्रको *बर्बरहरू कविता बुझ्दैनन्* शीर्षकको कविताको विभाजन, सङ्गठन, वस्तु : भाव विकास र व्यवस्थापन, परिवेश, उद्देश्य, दृष्टिविन्दु आदि कोणबाट विश्लेषण गरिएको छ । बर्बरहरूलाई सभ्यताका धमिरा र मानवका कलहका रूपमा प्रस्तुत गरिएको यस कवितामा युगीन यथार्थलाई प्रकटीकरण गरिएको कुरा प्रस्तुत गरिएको छ ।

कुञ्जिनीको संरचना विश्लेषण शीर्षक लेखमा २०४० सालमा साझा प्रकाशनबाट तेस्रो संस्करण प्रकाशित भएको कुञ्जिनी खण्डकाव्यको विभाजन : एकाइहरूको वितरण, सहभागी र सहभागिता, परिवेश, उद्देश्य, भाषाशैलीय विन्यास आदि विभिन्न तCवहरूमा आधारित भएर विश्लेषण गरिएको छ । प्रस्तुत काव्यको केन्द्रीय विषयवस्तु प्रेम भएको बताउँदै यसमा मानवीय र देशप्रेम रहेको कुरा प्रस्तुत गरिएको छ ।

भानुभक्तीय रामायणको संरचना विश्लेषण शीर्षक लेखमा भानुभक्त आचार्यको परिचय प्रस्तुत गर्दै आदर्शको अनुकरण, शास्त्रीय छन्द प्रयोग, देशप्रेम र राष्ट्रियता, रामभक्तिमा जोड, पौराणिक विषयवस्तुमा जोड जस्ता काव्यात्मक प्रवृत्तिबारे जानकारी गराई संरचनावादी कोणबाट रामायण काव्यको विश्लेषण गरिएको छ ।

*तुलसी अपतनको **कर्णकुन्ती** काव्यको संरचना विश्लेषण* शीर्षक लेखमा तुलसी अपतनको परिचयसहित उनको संलग्नता, प्रकाशित कृति र प्राप्त पुरस्कारहरूबारे जानकारी गराउँदै उनका काव्य प्रवृत्तिहरू उल्लेख गरिएको छ । अगमसिंह तामाङ, पदम सुब्बा, तुलसीबहादुर क्षेत्री, निमा छिरिङ गरी चार जना व्यक्तिको नामको अगिल्लो अक्षरबाट अपतन राखिएको कुरा प्रस्तुत गर्दै परिष्कारवादी धाराको आख्यानात्मक संरचना भएको गद्यमा रचित **कर्णकुन्ती** खण्डकाव्यको संरचनावादी कोणबाट विश्लेषण गरिएको छ ।

भूपि शेरचनको हामी कविताको संरचना विश्लेषण शीर्षक लेखमा भूपि शेरचनका काव्य प्रवृत्तिहरू प्रस्तुत गर्दै उनको कविता यात्राको तिन चरणमा प्रकाशित तिनवटा कवितासङ्ग्रहहरू **नयाँ भ्याउरे**, **घुम्ने मेचमाथि अन्धोमान्छे** र **भूपि शेरचनका कविता** मा प्रयुक्त विषयवस्तुबारे जानकारी गराइएको छ । त्यसपछि **घुम्ने मेचमाथि अन्धो मान्छे** कविता सङ्ग्रहमा सङ्गृहीत *हामी* कविताको संरचनावादी कोणबाट विश्लेषण गरिएको छ ।

५.३.३ सैद्धान्तिक समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका सैद्धान्तिक समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
४५. *नेपाली गद्यकवितामा भाषिक लयविधान*	**प्रज्ञा**, (२२/७८, २०५० असार-असोज), पृ. १३४-१४५ ।
४६. *अनुसन्धान र अनुसन्धान परम्पराका केही सन्दर्भ*	**उकुसमुकुस**, (१/१, २०५१ वैशाख-असार), पृ. ८२-९७ ।
४७. *श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम*	**समकालीन साहित्य**, (५/४, २०५२ कार्तिक-पुस), पृ. ११३-११९ ।
४८. *ध्वनि र आलेखन*	**गरिमा**, (१४/३, २०५२ फागुन), पृ. १२४-१२६ ।
४९. *संस्कृत ध्वनितत्त्व*	**शिक्षाशास्त्र सौरभ**, (४/४, २०५२), पृ. ३७-४२ ।
५०. *श्यामव्यङ्ग्यका कसीबाट **दुविधा** उपन्यासको मूल्याङ्कन*	**बिन्दु**, (३६/९४-९७, सन् १९९७ सितम्बर-दिसम्बर), पृ. २९६-३०१ ।
५१. *संरचनावादको अर्थ र पृष्ठभूमि*	**मिमिरे**, (३१/६, २०५९ असोज), पृ. १७-२२ ।
५२. *संरचनावादी समालोचना पद्धति*	**गरिमा**, (२१/१, २०५९ पुस), पृ. २१-३० ।
५३. *संरचनावादका आधारभूत अभिलक्षणहरू*	**मिमिरे**, (३१/१२, २०५९ चैत), पृ. ३९-४२ ।
५४. *कवितामा विम्ब र विम्बविधान*	**प्रज्ञा**, पूर्णाङ्क (९७, २०५९ चैत), पृ. १३१-१३९ ।
५५. *संरचना र रूपको तात्पर्य विश्लेषण*	**गोधूलि**, (१३, २०५९ वसन्त-शिशिर), पृ.४०-४४ ।
५६. *दृष्टिबिन्दुको सैद्धान्तिक स्वरूप*	**दीपशिखा**, (१३/७, २०५९), पृ. २५-३२ ।
५७. *संरचनावादको स्वरूप, धारा र सम्प्रदाय*	**अवलोकन**, (३/१, २०५९), पृ. १६-२३ ।
५८. *संरचनावादको विकासमा सस्युरको योगदान*	**पाठ्यक्रम विकास पत्रिका**, (२१/३५, २०५९-२०६०),पृ. १००-१०८ ।
५९. *संरचनाको स्वरूप र विशेषता*	**वाङ्मय**, (११/११, २०५९-२०६०), पृ. ६-१२ ।
६०. *संरचनात्मक आख्यानशास्त्र*	**समकालीन साहित्य**, (१३/४, साउन-असोज २०६०), पृ. २४-३४ ।
६१. *काव्यशास्त्रीय संरचनावादी चिन्तन पद्धति*	**प्रज्ञा**, (३४/९९, कात्तिक-चैत २०६०) पृ. १०८-११५ ।
६२. *समका नाटकमा सांस्कृतिक दृष्टिकोण*	**सम शतवार्षिकी स्मारिका**, २०६०, पृ. १५५-१८८ ।
६३. *कृतिको भाषिक संरचना*	**सम्प्रेषण**, (१/१, २०६०-२०६१), पृ. २९ ।
६४. *कृतिको साहित्यिक संरचना*	**नोबेल**, (३/३, २०६१), पृ. १५६-१६२ ।
६५. *परिवेशको अभिप्राय र कृतिमा यसको अवस्थिति*	**सुनकोसी**, (५, २०६१), पृ. १८७-१८९ ।
६६. *लोकसाहित्यको अध्ययन-अनुसन्धान पद्धति*	**मधुपर्क**, (३९/४, २०६३ भदौ), पृ. ६०-६२ ।
६७. *कृतिमा शैलीय चयनको भूमिका*	**वाङ्मय**, (१३ /१३, २०६३-२०६४), पृ. ५३-५६ ।
६८. *लोकवार्ता, लोकसाहित्य र शिष्ट साहित्यको सैद्धान्तिक स्वरूप*	**मिमिरे**, (३६/११, २०६४ फागुन), पृ. ४८-६० ।

६९. *उत्तरआधुनिकतासम्बन्धी विभ्रम*	**कुञ्जिनी**, (१५/१२, २०६४-२०६५), पृ. ४२-४७ ।
७०. *देवकोटामा जनजातीय सांस्कृतिक चेतना*	**कुञ्जिनी**, (१६/१३, २०६५/२०६६), पृ. २३-२६ ।
७१. *लोकगीतको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/८, २०६७ साउन), पृ. ३९-४३ ।
७२. *गीतको सैद्धान्तिक स्वरूप*	**प्रहरी**, (५२/३, २०६७ भदौ), पृ. ९-१४ ।
७३. *गजलको सैद्धान्तिक स्वरूप*	**अभिव्यक्ति**, (४१/१४९, २०६७ भदौ-असोज), पृ. १७-२२ ।
७४. *गाउँखाने कथाको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/१०, २०६७ असोज), पृ. ४०-४२ ।
७५. *घनत्ववादको सैद्धान्तिक स्वरूप*	**हिमाली गुराँस**, (१४/३०, २०६७ कात्तिक-मङ्सिर), पृ. ८-९ ।
७६. *उखानको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/१२, २०६७ मङ्सिर), पृ. ... ।
७७. *लोकसाहित्य, लोकवार्ता र लोकवार्ताविज्ञानको सैद्धान्तिक स्वरूप*	**नवप्रज्ञापन**, (५०, २०६७ कात्तिक-पौष), पृ. ५९-७६ ।
७८. *विश्वपरिप्रेक्षमा उत्तरआधुनिकतासम्बन्धी दृष्टिकोण*	**भृकुटी**, (१०, २०६७, माघ-चैत), पृ. १२८-१३७ ।
७९. *डायस्पोरा सिद्धान्त र नेपाली सन्दर्भ*	**शब्दाञ्जली**, (४/३, २०६८ वैशाख), पृ. ७-१४ ।
८०. *भाषाको अर्थ, परिभाषा र विशेषता*	**सभा पत्रिका**, (१/१, २०६८ वैशाख), पृ. १३-१७ ।
८१. *डायस्पोराको सैद्धान्तिक स्वरूप*	**प्रहरी**, (५३/१, २०६८ वैशाख), पृ. १३-१७ ।
८२. *नेपालका उत्तरआधुनिक धुपौरे*	**हिमालय टाइम्स**, (२०६८ भदौ ३१), पृ. ६ ।
८३. *गाउँमुखी साहित्य कि ठाउँमुखी*	**हिमालय टाइम्स**, (२०६८ असोज २८), पृ.७ ।
८४. *नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप*	**अनामनगर रजत महोत्सव स्मारिका**, २०६८, पृ. १५७-१६४ ।
८५. *आप्रवासी नेपाली साहित्यको सैद्धान्तिक र व्यावहारिक पक्ष*	**गरिमा**, (३०/१२ २०६९ मङ्सिर), पृ. ८७-९६ ।
८६. *शोधसामग्री सङ्कलनका प्रक्रिया र पद्धति*	**PERSPECTIVE ON HIGHER EDUCATION**, Volume 7, August 2012, पृ. १०-१६ ।
८७. *नेपाली डायस्पोरिक साहित्य : सिद्धान्त र प्रयोग*	**अनेक डायस्पोराको साहित्य**, २०७०, पृ. २०-४६ ।
८८. *विश्वपरिप्रेक्ष्यमा उत्तरआधुनिकतासम्बन्धी दृष्टिकोण*	**बोस्टन चौतारी**, सन् २०१४, पृ. ७६-९४ ।

नेपाली गद्य कविताका भाषिक लयविधान शीर्षक लेखमा छन्द, वृत्त र जातिबारे जानकारी गराउँदै नेपाली गद्य कवितामा छन्द र लयको प्रयोगको बारेमा चर्चा गरिएको छ । यस लेखमा केही कविका गद्य कविताका केही पङ्क्तिहरू उद्धृत गरी तिनीहरूको व्याख्या विश्लेषणसमेत गरिएको छ ।

अनुसन्धान र अनुसन्धान परम्पराका केही सन्दर्भ शीर्षक लेखमा अनुसन्धानको अर्थ, परिभाषा, महत्व, प्रयोजन तथा नेपाली अनुसन्धानको बारेमा चर्चा गर्दै हालसम्म नेपाली केन्द्रीय विभागबाट जीवनी, व्यक्तित्व र कृतित्वमा भएका शोधकार्य र सिर्जनात्मक कार्यहरूको विवरण प्रस्तुत गरिएको छ ।

श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम शीर्षकको लेखमा ध्रुवचन्द्र गौतमको परिचयसहित उनका प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गर्दै उनलाई उपन्यासकार, कथाकार, नाटककार, संस्मरणात्मक निबन्धकार, कवि, अनुवादकका रूपमा चिनाइएको छ । त्यसपछि श्यामव्यङ्ग्यको परिचय दिँदै

श्यामव्यङ्ग्यका कोणबाट **दुविधा** उपन्यासको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा उपन्यासभित्र श्यामव्यङ्ग्यको प्रयोग भएका केही वाक्य तथा अनुच्छेदहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ ।

श्यामव्यङ्ग्यका कसीबाट दुविधा उपन्यासको मूल्याङ्कन शीर्षक लेखमा उपन्यासकार ध्रुवचन्द्र गौतमको परिचय प्रस्तुत गरी श्यामव्यङ्ग्यको बारेमा चर्चा गरिएको छ । विसङ्गत घटनाहरूलाई विसङ्गत पात्रका माध्यमबाट प्रस्तुत गर्नु श्यामव्यङ्ग्यको मुख्य उद्देश्य भएको बताउँदै **दुविधा** उपन्यासभित्र श्यामव्यङ्ग्यको खोजी गरी श्यामव्यङ्ग्यका कोणबाट प्रस्तुत उपन्यासको विश्लेषण गरिएको छ ।

कवितामा बिम्ब र बिम्बविधान नामक शीर्षक लेखमा बिम्बको परिचय दिँदै विभिन्न विद्वान्का बिम्बसम्बन्धी परिभाषाहरू प्रस्तुत गरिएको छ । मानसिक प्रतिफलनका चार तह ऐन्द्रीय बोध, प्रत्यक्षीकरण, अभिमत, धारणा बारे चर्चा गर्दै सरल, अमूर्त, तात्कालिक, विकीर्ण आदि बिम्बका विभिन्न प्रकारहरू प्रस्तुत गरिएको छ । यस लेखमा कवितामा बिम्बको महत्वका बारेमा पनि जानकारी गराइएको छ ।

दृष्टिबिन्दुको सैद्धान्तिक स्वरूप शीर्षक लेखमा दृष्टिबिन्दुको परिचय प्रस्तुत गर्दै सहभागिताका आधारमा दृष्टिबिन्दु सहभागी र असहभागी अर्थात् प्रथम र तृतीय गरी दुई प्रकारको हुने बताइएको छ । यसका साथै प्रथम पुरुषअन्तर्गत केन्द्रीय र परिधीय तथा तृतीय पुरुषअन्तर्गत सर्वज्ञ, सीमित र वस्तुगत पर्ने कुरासँगै प्रथम र तृतीय पुरुष दृष्टिबिन्दु दुवैका विशेषता प्रस्तुत गरिएको छ ।

समका नाटकमा सांस्कृतिक दृष्टिकोण शीर्षक लेखमा संस्कृतिको बारेमा चर्चा गर्दै टेलर, मालिनोब्स्की, होवेल आदिका संस्कृतिसम्बन्धी परिभाषाहरू प्रस्तुत गरी निष्कर्ष प्रस्तुत गरिएको छ । त्यसपछि नाटककार बालकृष्ण समको परिचयसहित उनका प्रकाशित नाटकहरूको प्रकाशन वर्ष, विषयवस्तु, प्रस्तुति, प्रवृत्तिसहित नाट्यप्रवृत्ति प्रस्तुत गरिएको छ । समका नाटकमा पाइने आध्यात्मिक, भौतिक, लोकप्रचलित, वर्गीय, जातीय, यथार्थवादी, लोकोक्तिमूलक, गायन बादन र नर्तनमा आधारित आदि विभिन्न शीर्षकका नाटकमा पाइने संस्कृतिको बारेमा चर्चा गरिएको छ । पद्य नाटक लेखनको प्रारम्भ गर्ने समका प्रायः नाटकहरू 'अ' बाट सुरु भएको कुरा पनि प्रस्तुत लेखमा उल्लेख गरिएको छ ।

परिवेशको अभिप्राय र कृतिमा यसको अवस्थिति शीर्षक लेखमा परिवेश अन्तर्गत स्थान, समय र वातावरण पर्ने कुराको जानकारी गराई परिवेशको परिचय प्रस्तुत गर्दै परिवेशका प्रकारहरूमा बाह्य र आन्तरिक परिवेशको बारेमा चर्चा गरिएको छ ।

लोकसाहित्यको अध्ययन-अनुसन्धान पद्धति शीर्षक लेखमा लोकसाहित्यको अध्ययन अनुसन्धान परम्पराको चर्चा गर्दै अध्ययन अनुसन्धानका ऐतिहासिक, वर्णनात्मक, तुलनात्मक, मनोविश्लेषणात्मक, मानवशास्त्रीय, भाषावैज्ञानिक, साहित्यशास्त्रीय, संरचनावादी पद्धतिहरूको बारेमा प्रत्येक पद्धतिका प्रवर्तक र विषयवस्तुको प्रस्तुतिसहित व्याख्या गरिएको छ ।

कृतिमा शैलीय चयनको भूमिका शीर्षक लेखमा संरचनात्मक शैलीविज्ञानका आधारमा साहित्यिक कृतिमा चयन गरिने शैलीको परिचय दिने आधार प्रस्तुत गर्दै भाषाका पद, पदावली, वाक्यांश र वाक्यगत

एकाइहरूमा निहीत सौन्दर्य व्यवस्थालाई पहिल्याएर शैली चयन गर्न सकिने कुरा प्रस्तुत गरिएको छ । यसमा शैली चयनको परिचयसहित पर्यायवाची, व्यवहारिक, शैलीय, व्याकरणिक, विशिष्ट पारिभाषिक, वाक्यात्मक चयन आदि बारे पनि चर्चा गरिएको छ ।

लोकवार्ता, लोकसाहित्य र शिष्ट साहित्यको सैद्धान्तिक स्वरूप शीर्षक लेख **नवप्रज्ञापन**, (५०, २०६७ कात्तिक-पौष) मा पनि प्रकाशित छ । यसमा सन् १९४६ मा विलियम जन टम्सनले निर्माण र प्रयोग गरेको लोकवार्ता शब्दबारे जानकारी गराउँदै यसले लोकसम्बन्धी सामग्री र त्यसको अध्ययन भन्ने अर्थ दिने कुरा प्रस्तुत गरिएको छ । त्यसपछि लोकसाहित्यको वास्तविक अर्थ लोकलाई हेर्ने हो भन्दै यसको महत्व र प्रकारबारे चर्चा गरी लोकसाहित्य र शिष्टसाहित्यका समानता र भिन्नता प्रस्तुत गरिएको छ र अन्त्यमा लोकवार्ता र लोकसंस्कृतिको वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई लोकवार्ताविज्ञान भनिने कुरा जानकारी गराइएको छ ।

उत्तरआधुनिकतासम्बन्धी विभ्रम शीर्षक लेख **हाम्रो ध्वनि** (४१/१, २०६७, मङ्सिर-पुस) मा पनि प्रकाशित छ । यसमा उत्तर आधुनिकताबारे जानकारी गराउँदै आधुनिकता र उत्तरआधुनिकतावादका विशेषतासहित उत्तरआधुनिकतासम्बन्धी दृष्टिकोण र प्रमुख परिचायक अभिलक्षणहरू प्रस्तुत गरिएको छ । उत्तरआधुनिकतावाद बहुलतावाद, बहुकेन्द्रीयतावाद, नवअग्रसरता, निम्न संस्कृतिलाई जोड आदिजस्ता शक्ति र अपरिभाषेयता, अस्पष्टता, अनिर्णिता, विशृङ्खलताजस्ता यसका सीमाहरू प्रस्तुत गर्दै नेपाली साहित्यमा भने यसको मन लागि प्रयोग गरिएको कुराको चर्चा गर्दै यसलाई आफ्नो परिवेश अनुसार हेरिनुपर्ने र व्याख्या गरिनुपर्ने कुरा प्रति सचेत गराइएको छ ।

देवकोटामा जनजातीय सांस्कृतिक चेतना शीर्षक लेखमा देवकोटा र उनका प्रकाशित कृतिहरूको बारेमा जानकारी गराउँदै २०२५ सालमा प्रकाशित आख्यानात्मक संरचनायुक्त **लुनी** काव्यको विश्लेषण गरिएको छ । जातीय संस्कृतिमा आधारित यस काव्यमा प्रेमको शास्वतता र अमरता दर्साइएको कुरालाई पनि प्रस्तुत गरिएको छ ।

गीतको सैद्धान्तिक स्वरूप शीर्षक लेखमा गीतको व्युत्पत्ति अर्थ, परिचय, परिभाषा र स्वरूपबारे चर्चा गर्दै गीतको संरचनाअन्तर्गत स्थायी र अन्तरा तथा संरचक घटकअन्तर्गत वस्तु र भाषाशैलीय विन्यासका बारेमा व्याख्या गरिएको छ । अन्त्यमा गीत र गजलको तुलना गर्दै यी दुईका बीचको समानता र भिन्नता प्रस्तुत गरिएको छ ।

गजलको सैद्धान्तिक स्वरूप शीर्षक लेखमा गजलको स्रोत, व्युत्पत्ति र अर्थबारे विभिन्न दृष्टिकोण प्रस्तुत गर्दै गजलको परिभाषा र स्वरूप, संरचना र संरचक घटकहरूका बारेमा चर्चा गरिएको छ । गजलको संरचनाअन्तर्गत सेर, काफिया, रदिफ, तखल्लुस, बहर तथा संरचक घटकअन्तर्गत भाषा, विषयवस्तु, भाषाशैलीय विन्यास बारे व्याख्या गर्दै अन्त्यमा गीत र गजलबीचको समानता र भिन्नता प्रस्तुत गरिएको छ ।

गाउँखाने कथाको सैद्धान्तिक स्वरूप शीर्षक लेखमा गाउँखाने कथाको बारेमा चिनारी गराई विभिन्न भाषाका केही गाउँखाने कथाका प्रश्न र उत्तरहरू प्रस्तुत गर्दै मार्टिन ग्रे, कडन आदिका गाउँखाने कथासम्बन्धी

परिभाषाहरू प्रस्तुत गरिएको छ । यसका साथै गाउँखाने प्रक्रिया र गाउँखाने कथाका विशेषताबारे पनि जानकारी गराइएको छ ।

घनत्ववादको सैद्धान्तिक स्वरूप शीर्षक लेखमा चित्रकार पाब्लो पिकासो र जर्जेस ब्राकद्वारा प्रतिपादित घनत्ववादको नामाकरण, परिचय र विकासक्रमबारे जानकारी गराउँदै चित्रमा मानिस वा प्राकृतिक वस्तुको रूप भङ्गरेखाबाट नभई ज्यामितीय आकारबाट प्राप्त गर्ने शैलीलाई घनत्ववाद भनिने कुरा प्रस्तुत गरिएको छ । अमूर्त शैलीको प्रयोग पाइने घनत्ववादको प्रभाव चित्रकलासँगै कविता क्षेत्रमा परेको कुरासँगै शक्ति नै सोन्दर्य ठान्नु, सोझो रेखालाई बलियो मान्नु, अमूर्तताको प्रयोग र ज्यामितीय वा रूपाकारलाई घनआकार प्रदान गर्नु जस्ता यसका मान्यताहरू समेत प्रस्तुत गरिएको छ ।

लोकसाहित्य, लोकवार्ता र लोकवार्ताविज्ञानको सैद्धान्तिक स्वरूप शीर्षक लेखमा लोकसाहित्यको परिचय, परिभाषा, स्वरूप, विशेषता, महत्व र प्रयोजनबारे जानकारी गराउँदै लोकवार्ताको परिचय, परिभाषा, स्वरूप, प्रकार तथा लोकवार्ताविज्ञानको परिचय र परिभाषा प्रस्तुत गरी लोकसाहित्य र लोकवार्ता बीच घनिष्ट सम्बन्ध रहेको कुरा प्रस्तुत गरिएको छ ।

विश्वपरिप्रेक्षमा उत्तरआधुनिकतासम्बन्धी दृष्टिकोण शीर्षक लेखमा उत्तरआधुनिकताको परिचय प्रस्तुत गर्दै आधुनिकता र उत्तर आधुनिताबीच तुलना गरिएको छ । उत्तर आधुनिकताका परिचायक अभिलक्षण, शक्ति र सीमा प्रस्तुत गरी आधुनिकताको नेपाली सन्दर्भ प्रस्तुत गरिएको छ ।

डायस्पोरा सिद्धान्त र नेपाली सन्दर्भ शीर्षक लेखमा डायस्पोराको ऐतिहासिक, वर्तमान र नेपाली सन्दर्भबारे चर्चा गर्दै डायस्पोरासम्बन्धी उब्जिएका गम्भीर प्रश्नहरू प्रस्तुत गरिएको छ । कतिपय व्यक्तिहरूले डायस्पोराको अर्थ नै नबुझी उक्त शब्दको प्रयोग गर्ने कुरा बताउँदै केही डायस्पोरिक कृति र कृतिकारको विवरण प्रस्तुत गरिएको छ । उक्त लेखमा कुन कृति वास्तविक डायस्पोरिक हो भन्ने कुरा निक्यौंल गरेर नछुट्याएमा भविष्यमा गञ्जागोल उत्पन्न हुनसक्ने कुराप्रति पनि सचेत गराइएको छ ।

डायस्पोराको सैद्धान्तिक स्वरूप शीर्षक लेखमा डायस्पोराको ऐतिहासिक र वर्तमान सन्दर्भ प्रस्तुत गर्दै डायस्पोराको वास्तविक अर्थ र प्रयोग सन्दर्भ प्रस्तुत गरिएको छ । यसका साथै यस लेखमा डायस्पोरा र डायस्पोरिक साहित्यको बारेमा जानकारीसहित यसका विशेषताहरू प्रस्तुत गरिएको छ ।

नेपालका उत्तरआधुनिक धुपौरे शीर्षकमा उत्तरआधुनिकताको परिचयसहित यसका विशेषताहरूबारे प्रस्तुत गरिएको छ । क्रान्तिकारीभन्दा पनि अराजकता पाइने उत्तरआधुनिकतावादका समर्थकहरूले अति प्रशंसा र विरोधीहरूले अति प्रशंसा गर्ने र विरोधीहरूले अति निन्दा गर्ने प्रवृत्ति रहेको कुराबारे जानकारी दिँदै लुइटेलले जानेर र नजानेर दुवै किसिमले उत्तरआधुनिकताको प्रयोग हुँदै आएको र आधुनिकतासमेत नबुझेका मध्यकालीन मानिसकता बोकेका धुपौरेहरूले उत्तरआधुनिकताको बखान गर्ने प्रवृत्तिले गर्दा नेपाली साहित्यमा उत्तरआधुनिकता नै बदनाम हुन पुगेको कुरा प्रस्तुत गरेका छन् । पश्चिममा लवाइमा तथा नेपाली राजनीतिमा नग्नता छाएजस्तै नेपालीमा बज्रस्वाँठहरूको व्याख्याबाट उत्तरआधुनिकताको चीरहरण भएको भन्दै नेपाली साहित्यको गति त्यति धेरै अगि बढ्न नसक्नुमा आफूले भूमिका लेखेजति कृतिलाई दशक वा शतककै उत्कृष्ट

भनिदिने चलन रहेको तथा अन्तर्वाता दिनुपरे विदेशी लेखकको फलानो कृति पढ्दैछु भन्ने प्रवृत्ति रहेको कुरा प्रस्तुत गरी मुद्रणगत सुगमताका कारण साहित्य लेखन र प्रकाशनमा व्यापकता आएको, साहित्यकारको सङ्ख्यामा अधिक बृद्धि भए पनि वास्तविक साहित्यको सङ्ख्यामा ह्रास आएकोले गर्दा साहित्यको विकासका लागि साहित्यकार र साहित्यको सङ्ख्यामा समानुपातिकता र समानता आउनुपर्ने हाम्रा कतिपय साहित्यकारहरू पनि पश्चिमा साहित्यकारहरू पनि पश्चिमा परिपाटीको अन्धानुकरण गरी नयाँ प्रयोग र निर्माण गरँ भन्दै डङ्का पिटिरहेका र कोही नयाँ प्रयोगका नाममा मनचिन्ते बखान गरिरहेका कुरा प्रस्तुत गरेका छन् । पश्चिमी जगत्बाट आएको उत्तरआधुनिकतावादसम्बन्धी सन्दर्भलाई पश्चिमा अन्धानुकरण गर्ने तर्फ नभई आफ्नो परिवेशअनुरूप हेरिनु र प्रयोग गरिनु बढी सान्दर्भिक हुने कुरा प्रस्तुत गर्दै नेपालीका उत्तरआधुनिकताको अनावश्यक व्याख्या गरेर अनि जथाभावी धुप हालेर त्यसलाई थप मधौरु बनाउन नहुने तथा आफ्ना रचनालाई भयङ्कर र अद्भुत निर्माण वा पहाडै फुटाउने रचनाका रूपमा दिने र अरूका राम्रै रचनालाई पनि अहंकारीवृत्तिबाट साहित्यकारहरू मुक्त रहनुपर्ने कुरा सँगै समालोचकहरूले पनि अतिसयोक्तिपूर्ण ढङ्गले नभई तटस्थ र वस्तुवादी भएर यथार्थपरक ढङ्गले मूल्याङ्कन गरिनुपर्ने परिपाटीको विकास हुनुपर्ने कुरा प्रस्तुत गरेका छन् ।

गाउँमुखी साहित्य कि ठाउँमुखी शीर्षकमा लुइटेलले कुनै पनि मुलुकको साहित्यलाई स्वच्छन्दतावादी, परिष्कारवादी, परिष्कारवादी आदि विभिन्न नाम दिइए तापनि साहित्यको प्रत्यक्ष, परोक्ष सम्बन्ध लोकसाहित्यसँग रहेको कुरा प्रस्तुत गर्दै यसको सम्बन्ध गाउँ र सहरभन्दा पनि स्थान विशेषसँग सम्बन्धित रहेको तर अहिलेसम्मका धेरैजसो लोकसाहित्यका कथा, गीत, गाथा, नाटक आदि विभिन्न विधाहरूको उद्गमस्थल गाउँलाई मान्न सकिने स्थिति रहेको कुरा प्रस्तुत गरेका छन् । उनले गाउँ र सहरको परिचय प्रस्तुत गरी साहित्यमा अनेक प्रकारका स्रष्टा भएझैं तिनलाई न्वारन गर्ने द्रष्टाहरूको पनि कमी नभएको, एउटै रचनालाई कसैले उत्तम र कसैले खत्तम भन्ने तथा कसैले घोर प्रतिगामी र कसैले चरम अग्रगामी अनि कसैले उत्तरआधुनिकताको बिल्ला भिराइदिने त कसैले परम्पराकै किल्लामा चौखुर्याउने गरेको कुरा प्रस्तुत गर्दै साहित्यलाई अहिलेसम्म कसैले गाउँवादी र सहरवादी कित्तामा दर्ता गरी गाउँले र सहरीया साहित्य भनेर नामकरण नै चैं नगरेको देखिए पनि सन्दर्भ, प्रसङ्ग र परिवेश वर्णनको प्राधान्यका भने आधारमा यसलाई छुट्याए पनि फरक नपर्ने कुरा प्रस्तुत गरेका छन् । साहित्यको वस्तु, सहभागी आदिका सन्दर्भबाछ भन्दा बढी परिवेश चित्रणका आधारमा रचनाहरूलाई गाउँमुखी र ठाउँमुखी गरी दुई कित्तामा दर्न सकिने तथा गाउँमा बसेर सहरका बारेमा र सहरमा बसेर गाउँका बारेमा लेखिएका रचनाहरूलाई यसमा समावेश गर्न सकिने बताएका छन् । पोखरेली युवा कविहरूले गाउँमै गएर गाउँका बारेमा कविता लेख्ने, ग्रामीण मौलिक प्रकृति र संस्कृतिको संरक्षण गर्ने गाउँमुखी साहित्यिक अभियानको प्रसङ्ग उठाउँदै यस प्रकारको स्थलगत गाउँमुखी रचना साहित्यको सङ्ख्यात्मक विकासका दृष्टिले उपयुक्त भए पनि गुणात्मक विकासका लागि चाहिँ त्यति उपयुक्त नहुने बताएका छन् । अन्त्यमा भौतिक सुख सुविधाका दृष्टिले गाउँभन्दा सहर सम्पन्न भए पनि सांस्कृतिक, प्राकृतिक दृष्टिले सहरभन्दा गाउँ निकै सम्पन्न भएको कुरासहित गाउँमुखी साहित्य संसारका

जुनसुकै मुलुकमा प्रशस्त भएकाले तिनलाई छुट्ट्याएर अध्ययन गर्नु आवश्यक भएको कुरा प्रस्तुत गरेका छन् ।

नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप शीर्षक लेखमा नारीवादी समालोचना र यसका प्रवृत्तिहरू प्रस्तुत गर्दै नारीमुक्ति आन्दोलन र साहित्य चिन्तनको सुरुवात पश्चिमी मुलुकमा अठारौँ शताब्दीबाटै थालिएको भए तापनि नारीवादी साहित्य र समालोचनाको लेखन भने सोवाल्टर, क्रिष्टिभा आदि द्वारा सन् १९७० पछि मात्र भएको कुरा उल्लेख गर्दै नारीवादी समालोचनाको विकासका विभिन्न धाराहरूको बारेमा चर्चा गरिएको छ । अन्त्यमा युगौँदेखि दबिएका शोषित, प्रताडित नारीलाई पुरुष समान स्थान दिने अभियान चलाएर नारीवादी चिन्तनले अक्षुण्ण विकास गरेको कुरा प्रस्तुत गरिएको छ ।

आप्रवासी नेपाली साहित्यको सैद्धान्तिक र व्यावहारिक पक्ष शीर्षक लेखमा डायस्पोराको प्रयोग र सन्दर्भ प्रस्तुत गर्दै डायस्पोरा र डायस्पोरिक साहित्यबारे जानकारी गराइएको छ । नेपाली सन्दर्भमा डायस्पोरिक शब्दको जथाभावी प्रयोग हुन थालेको प्रसङ्ग उठाउँदै अर्थ, सन्दर्भ र तात्पर्य बुझी त्यस क्षेत्रका सम्बद्ध कृतिको अध्ययनपछि मात्र कृति विश्लेषण गरी छुट्याउनुपर्ने कुरा प्रस्तुत गरी डायस्पोरिक साहित्यसम्बन्धी उब्जिएका प्रश्नहरू उल्लेख गर्दै आफैँले लेखेको कृति र आफ्नै लेख प्रथम र महत्वपूर्ण हो भन्न पछि नपर्नेजस्ता साहित्यकारहरूका प्रवृत्तिको समेत चर्चा गरिएको छ ।

शोधसामग्री सङ्कलनका प्रक्रिया र पद्धति शीर्षक लेखमा लोकसाहित्यको अध्ययन अनुसन्धान पद्धतिहरू बारे जानकारी गराउँदै लोकसाहित्यसँग सम्बद्ध शोध विशेषत: क्षेत्रीय अध्ययन वा क्षेत्रीय कार्यमा आधारित हुने कुरा बताइएको छ । शोधका क्रममा सामग्री सङ्कलन प्रक्रिया, सामग्री सङ्कलनमा ध्यान दिनुपर्ने कुराहरू, सामग्री सङ्कलन पद्धतिको बारेमा चर्चा गर्दै लोकसाहित्यसँग सम्बद्ध शोधकार्यमा क्षेत्रीय पद्धति उपयुक्त हुने कुरा प्रस्तुत गर्दै क्षेत्रीय कार्यको महत्व र उपयोगिता, सामग्री सङ्कलनका चरण र सामग्रीको अध्ययन आदि शोधकार्यसँग सम्बद्ध चरणहरूको बारेमा जानकारी गराइएको छ ।

नेपाली डायस्पोरिक साहित्य : सिद्धान्त र प्रयोग शीर्षक लेखमा डायस्पोराको वर्तमान स्थितिका साथै डायस्पोराको सैद्धान्तिक स्वरूप र यसको नेपाली सन्दर्भबारे जानकारी गराइएको छ । केही डायस्पोरिक कृतिबारे चर्चा गरी त्रि.वि. नेपाली केन्द्रीय विभागबाट डायस्पोरिक साहित्यसम्बन्धी भएका शोधकार्यहरू उल्लेख गरिएको प्रस्तुत लेखमार्फत डायस्पोरा शब्दको जथाभावी प्रयोग हुन थालेकोमा यसबाट पर्ने असरबाट सचेत रही शब्दको सही र उपयुक्त ठाउँमा प्रयोग गर्नुपर्ने कुरा प्रस्तुत गर्दै डायस्पोराप्रतिको व्याप्त दिग्भ्रम र तिनको निराकरणका उपायहरू प्रस्तुत गरिएको छ । आफूलाई उत्तरआधुनिक भन्न रुचाउने यताका हाम्रा साहित्यकारहरूले जस्तोसुकै साहित्यलाई डायस्पोरिक भनिदिने कुरा उल्लेख गर्दै वस्तुगत जानकारीपछि मात्र उक्त शब्दको प्रयोग गरिनुपर्ने तथा जस्तोसुकै साहित्यलाई डायस्पोरिक साहित्य भन्न नमिल्ने कुरा प्रस्तुत गरी साहित्यकारहरू फुटेर हैन जुटेर बस्नुपर्ने र बाहिर बस्ने साहित्यकारहरूको यथोचित मूल्याङ्कन गरिनुपर्ने कुरा प्रस्तुत गरिएको छ ।

यी बाहेकका विभिन्न शीर्षकका लेखहरू एकभन्दा बढी शीर्षकमा पर्ने हुनाले तिनीहरूको विश्लेषण माथि विभिन्न शीर्षकहरूमा गरिएको छ ।

५.३.४ व्यक्ति र योगदानसँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका व्यक्ति र उसका योगदानसँग सम्बन्धित शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
२४. *नेपाली साहित्यमा रमेश विकल*	**बिन्दु**, (३४/८८-९०, सन् १९९५ जनवरी-मार्च), पृ. १६-२३ ।
२५. *शैलीवैज्ञानिक समालोचक मोहनराज शर्मा*	**ब्रह्मपुत्र**, (२/२, २०५२-२०५३), पृ. ४४-४८ ।
२६. *नेपाली साहित्यमा मोहनराज शर्माको योगदान*	**प्रक्रिया**, (११/१९, सन् १९९७/२०५३), पृ. ६१-७२ ।
२७. *साहित्यकार मोहनराज शर्मा*	**गरिमा**, (१५/५, २०५४ वैशाख), पृ. ७१-७९ ।
२८. *केशवप्रसाद उपाध्यायको समालोचकीयता*	**सगर**, (४/१-२, २०५६ वैशाख-असोज), पृ.२१-२५ ।
२९. *भोजपुरीका साहित्यकार गोपाल अश्क*	**नेपाल जागरण**, (२०५६ माघ १७), पृ. ३ ।
३०. *तारानाथ शर्माका समालोचनात्मक प्रवृत्ति*	**गरिमा**, (१८/९, २०५७ भदौ), पृ. २३-२७ ।
३१. *नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान*	**गरिमा**, (२०/६, २०५९ जेठ), पृ. ३०-४३ ।
३२. *नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान*	**आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम**, २०६०, पृ. ८-२४ ।
३३. *नेपाली नाटक र उपन्यासमा गोठालेको योगदान*	**मधुपर्क**, (३९/९, २०६३ माघ), पृ. १५-२० ।
३४. *युगकविको सम्झनामा*	**गोरखापत्र**, (२०६४ जेठ ९), पृ. ६ ।
३५. *ओझेलमा परेका साहित्यकार हरिहर शास्त्री*	**शास्त्रीमार्ग स्मारिका**, (२०६७ जेठ), पृ. ३७-४५ ।
३६. *नेपाली साहित्यमा रमेश विकलको योगदान*	**नवज्योति**, (६/६, २०६७ साउन-भदौ), पृ. १-१५ ।
३७. *नेपालीका विशिष्ट समालोचक तारानाथ शर्मा*	**जनमत**, (२७/८, २०६७ भदौ), पृ. १२-१६ ।
३८. *नेपालीका विशिष्ट साहित्यकार रमेश विकल*	**रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक**, २०६७, पृ.२३-३६ ।
३९. *प्रगतिवादी उपन्यासकार हृदयचन्द्रसिंह प्रधान*	**दीपशिखा**, (२२/१४ २०६८), पृ. ५२-६५ ।
४०. *नेपालीका विशिष्ट प्रगतिवादी साहित्यकार मोदनाथ प्रश्रित*	**शब्दसंयोजन** (मोदनाथ प्रश्रित विशेषाङ्क), (८/१२, २०६८ चैत), पृ. ८२-८७ ।
४१. *उपन्यासकार कृष्ण जोशी*	**रचना**, (५२/११८, २०६९ वैशाख(जेठ), पृ. ६८-७० ।
४२. *नियात्राकार प्रतीक ढकाल*	**जनमत**, (२९/७, २०६९ साउन), पृ. १३-१६ ।
४३. *ऐतिहासिक उपन्यासकार डायमन शमशेर राणा*	**डायमन शमशेर : चिन्तन र चित्रण**, २०६९, पृ. १७२-१७५ ।
४४. *विशिष्ट समालोचक तारानाथ शर्मा*	**तारानाथ शर्मा सङ्घर्ष र प्राप्ति**, २०६९, पृ. ८६-९३ ।
४५. *नेपालीका विशिष्ट कवि वसन्त शर्मा लुइटेल*	**लुइटेल कल्प**, (१/१, २०७० वैशाख), पृ. ३३-३९ ।
४६. *नेपाली साहित्यमा भानुभक्त आचार्यको योगदान*	**सिर्जना**, (६/१७, २०७१ वैशाख-असार), पृ. २०-३१ ।

नेपाली साहित्यमा रमेश विकल शीर्षक लेखमा रमेश विकलको व्यक्ति परिचय प्रस्तुत गर्दै उनका प्रकाशित कृतिहरूको विवरण दिइएको छ । विकललाई कथाकार, उपन्यासकार, यात्रावृत्ताकारका रूपमा चिनाई उनका साहित्यिक विशेषतासहित केही कृतिको विश्लेषण गरिएको छ ।

शैलीवैज्ञानिक समालोचक मोहनराज शर्मा शीर्षक लेखमा मोहनराज शर्माको परिचय दिई उनका प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गरिएको छ । त्यसपछि समालोचना परम्पराको विकासक्रम प्रस्तुत गर्दै शैलीविज्ञान र शैलीवैज्ञानिक समालोचनाका प्रारम्भकर्ता शर्माका समालोचनात्मक प्रवृत्तिहरूको विश्लेषण गरिएको छ ।

नेपाली साहित्यमा मोहनराज शर्माको योगदान शीर्षक लेखमा मोहनराज शर्माको परिचय प्रस्तुत गरी शर्मालाई कथाकार, नाटककार, एकाङ्कीकार, निबन्धकार, भाषा व्याकरणकार, समालोचक, सम्पादक/भूमिका लेखक, सहलेखक, अनुवादकका रूपमा चिनाइएको छ र प्रत्येक विधाका उनका प्रकाशित कृतिहरूसहित विधागत विशेषता प्रस्तुत गरिएको छ ।

साहित्यकार मोहनराज शर्मा शीर्षक लेखमा मोहनराज शर्माको परिचय र प्रकाशित कृतिको विवरण प्रस्तुत गरी उनलाई शैलीवैज्ञानिक समालोचना पद्धतिका प्रवर्तकका रूपमा चिनाइएको छ । यो लेख शैली वैज्ञानिक समालोचक मोहनराज शर्मा शीर्षक लेखसँगै सम्बन्धित रहेको छ ।

केशवप्रसाद उपाध्यायको समालोचकीयता शीर्षक लेखमा वि.सं. १९९० सालमा जन्मिएका केशवप्रसाद उपाध्यायलाई संलग्नता, प्रकाशित कृतिहरू र प्राप्त पुरस्कारसहित चिनाउँदै उनलाई सैद्धान्तिक, ऐतिहासिक र प्रभाववादी समालोचकका रूपमा प्रस्तुत गरिएको छ । यसका साथै उपाध्यायका समालोचनामा तुलनात्मकता, अनुसन्धान, सैद्धान्तिक व्याख्या र गहन विश्लेषणजस्ता प्रवृत्तिहरू पाइने कुरा उल्लेख गरिएको छ ।

भोजपुरीका साहित्यकार गोपाल अश्क नामक शीर्षक लेखमा २०१९ साल पुसमा पर्सा जिल्लाको भेडीगाउँ भन्ने ठाउँमा जन्मिएका तथा खास नाम गोपालप्रसाद खर्साब रहेका गोपाल अश्कको संलग्नता र उनका प्रकाशित पुस्तकहरूबारे जानकारी गराइएको छ । ध्रुवचन्द्र गौतमद्वारा लिखित मदन पुरस्कार प्राप्त कृति **अलिखित**लाई समेत भोजपुरीमा रूपान्तरण गर्ने अश्क साहित्यकार, अनुसन्धाता, सम्पादक, अनुवादकका साथै भोजपुरी साहित्यका प्रथम महाकाव्यकार भएको कुरा उल्लेख गर्दै नेपाली साहित्य सिर्जनातर्फ अग्रसर नभएका अश्कको अबको लेखनी नेपाली साहित्य सिर्जनातर्फ पनि अग्रसर बनोस् भन्ने शुभकामना प्रस्तुत गरिएको छ ।

तारानाथ शर्माका समालोचनात्मक प्रवृत्ति शीर्षक लेखमा शर्माको व्यक्ति परिचयसँगै उनका प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गरिएको छ । *नारी र समाज* नामक समालोचनात्मक लेखबाट समालोचना लेखनको प्रारम्भ गरेका शर्माका समालोचनाहरूमा प्रभाववादी, प्रगतिवादी, तुलनात्मक, ऐतिहासिक, निर्णयात्मक, अनुसन्धानात्मक, विश्लेषणात्मक जस्ता प्रवृत्तिहरू पाइने कुरा उल्लेख गरिएको छ ।

नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान शीर्षक लेख **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम** कृतिमा पनि प्रकाशित छ । यसमा ध्रुवचन्द्र गौतमको परिचय प्रस्तुत गर्दै उनको संलग्नता, भ्रमण र उनले प्राप्त गरेका पुरस्कारबारे जानकारी गराइएको छ । गौतमलाई कथाकार, उपन्यासकार, कवि तथा गीतकार, नाटककार/एकाङ्कीकारका रूपमा चिनाउँदै उनका प्रकाशित विविध विधाका कृतिहरूको परिचय प्रस्तुत गरिएको छ ।

नेपाली नाटक र उपन्यासमा गोठालेको योगदान शीर्षकको लेखमा गोठालेको सङ्क्षिप्त परिचय प्रस्तुत गरी उनको संलग्नता र प्राप्त पुरस्कारहरूको विवरण प्रस्तुत गरिएको छ । त्यसपछि चरमकै अवस्थामा विषयवस्तुलाई अप्रत्यासित रूपमा समापन गर्ने उनको प्रमुख नाट्यगत तथा उपन्यासगत प्रवृत्ति भएको बताउँदै नेपाली उपन्यासका क्षेत्रमा गोठालेको उल्लेखनीय योगदान रहेको कुरा प्रस्तुत गरिएको छ ।

युगकविको सम्झनामा शीर्षक लेखमा वि.स. १९६९ मा ओखलढुङ्गामा जन्मिएका स्वच्छन्दतावादी धाराका विशिष्ट काव्य साधक सिद्धिचरण श्रेष्ठको प्रगीतात्मक, आख्यानात्मक संरचनायुक्त कविताका साथै बालसाहित्य क्षेत्रमा उल्लेख्य योगदान रहेको कुरा प्रस्तुत गरी मानवतावादी भावना, देशप्रेम र राष्ट्रवाद प्रकृतिप्रेम आदि जस्ता उनका कवितात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ । कर्मवादी-मानवतावादी बन्ने सन्देश प्रदान गर्ने उनका कविताको मुख्य उद्देश्य विविध सन्दर्भबाट युगीन यथार्थ प्रस्तुत गर्नु रहेको बताउँदै श्रेष्ठ नेपालीकै विशिष्ट कवि हुनका साथै सिङ्गो नेपाली कविताको इतिहासमा उनको महत्वपूर्ण योगदान रहेको कुरा प्रस्तुत गरिएको छ ।

ओझेलमा परेका साहित्यकार हरिहर शास्त्री शीर्षक लेखमा वि.सं. १९८० मा जन्मिएका हरिहर शास्त्रीको पेशागत संलग्नता, प्रकाशित पुस्तकाकार कृति र प्राप्त पुरस्कारहरूसहित उनको चिनारी गराइएको छ । त्यसपछि कवि, उपन्यासकार, निबन्धकार हरिहर शास्त्रीको साहित्ययात्रालाई दुई चरणमा विभाजन गरेर गद्यकार र पद्यकार हरिहर शास्त्री गरी दुई शीर्षकमा उनका प्रकाशित कृति तथा कृतिगत प्रवृत्तिलाई प्रस्तुत गरिएको छ ।

नेपाली साहित्यमा रमेश विकलको योगदान शीर्षक लेखमा वि.सं.१९८५ मा जन्मिएका रमेश विकलको परिचयसहित उनका प्रकाशित कृति र प्राप्त पुरस्कारहरूको विवरण प्रस्तुत गरिएको छ । विकललाई कथाकार, निबन्धकार, नाटककार/एकाङ्कीकारका रूपमा चिनाउँदै उनका विधागत प्रवृत्तिहरूलाई बेग्लाबेग्लै शीर्षकमा प्रस्तुत गरिएको छ ।

नेपालका विशिष्ट समालोचक तारानाथ शर्मा शीर्षक लेखमा १९९१ सालमा इलाममा जन्मिएका तारानाथ शर्माको संलग्नता, प्रकाशित कृति र प्राप्त पुरस्कारहरूको विवरण प्रस्तुत गरिएको छ । प्रारम्भतिरका उनका समालोचना चिन्तनमा मार्क्सवाद र शैलीशिल्पमा भ्रर्रोवाद पाइने कुरा प्रस्तुत गर्दै प्रभाववादी समालोचक शर्माका समालोचनामा पाइने अभिव्यक्तिगत निर्भीकता, निडरता र निर्णयात्मकताजस्ता समालोचना शिल्पहरूको चर्चा गरिएको छ ।

नेपालीका विशिष्ट साहित्यकार रमेश विकल शीर्षक लेखमा वि.सं. १९८५ मा जन्मिएका रमेश विकलको पारिवारिक आर्थिक अवस्था, संलग्नता, प्रकाशित विभिन्न विधाका कृतिहरू र प्राप्त पुरस्कारहरूको विवरण प्रस्तुत गर्दै उनलाई कथाकार, उपन्यासकार, निबन्धकार, नाटक/एकाङ्कीकार, बालसाहित्यकार आदिका रूपमा चिनाइएको छ । यसका साथै विकलका प्रत्येक विधाका विधागत विशेषताहरू प्रस्तुत गरी उनका प्रायः सबै कृतिहरूमा सामाजिक यथार्थवादी चिन्तन पाइने कुरा प्रस्तुत गरिएको छ ।

प्रगतिवादी उपन्यासकार हृदयचन्द्रसिंह प्रधान शीर्षक लेखमा प्रधानका प्रकाशित एकाङ्की, कथा, उपन्यास, निबन्ध, समालोचना, भाषाव्याकरणसँग सम्बन्धित कृतिहरू प्रस्तुत गर्दै उनलाई उपन्यासका क्षेत्रमा समाजवादी, यथार्थवादी/प्रगतिवादी धाराको प्रवर्तन गर्ने उल्लेख्य उपन्यासकारका रूपमा चिनाइएको छ । **एकचिहान** र **स्वास्नीमान्छे** उपन्यासको विभिन्न कोणबाट व्याख्या विश्लेषण गरी उनका उपन्यासगत प्रवृत्तिहरूमा विचारप्रधान, सुधारवादी, मानवतावादी, समाजवादी, यथार्थवादी प्रवृत्तिको चर्चा गरिएको छ ।

नेपालीका विशिष्ट प्रगतिवादी साहित्यकार मोदनाथ प्रश्रित शीर्षक लेखमा मोदनाथसँगको परिचयको प्रसङ्ग र शोध लेखनको प्रसङ्ग उठाउँदै उनका बारेमा हालसम्म त्रि.वि. नेपाली केन्द्रीय विभागबाट भएका शोधहरूको विवरण प्रस्तुत गरिएको छ । प्रश्रितलाई गीतकार, निबन्धकार, नाटककार, उपन्यासकारका रूपमा चिनाई उनका प्रत्येक व्यक्तित्वको बारेमा बेग्लाबेग्लै शीर्षकमा चर्चा गरिएको छ । अन्त्यमा उनका साहित्यिक प्रवृत्तिहरू प्रस्तुत गरी समग्रमा उनलाई प्रगतिवादी साहित्यकारका रूपमा चिनाइएको छ ।

उपन्यासकार कृष्ण जोशी शीर्षक लेखमा वि.सं. १९९९ मा जन्मिएका कृष्ण जोशीका **मृत्यु दोहारिन्छ म बाँचे भने** (२०३४), **असम्मत सम्मत** (२०५१), **काठमाडौँ वरिपरि** (२०५६) गरी तिनवटा उपन्यासको विषयवस्तु र प्रयुक्त भाषाशैलीको बारेमा जानकारी प्रस्तुत गरिएको छ । यसका साथै सामाजिकता, आदर्शोन्मुख यथार्थवादिता, मनोविश्लेषणात्मकता, मानवीय प्रेम प्रणय र विविध खाले यौनजन्य समस्याको प्रस्तुति, अस्तित्ववादी विसङ्गतिवादी दृष्टिकोण, राष्ट्रवादी र मानवतावादी चिन्तन जस्ता उनका उपन्यासगत प्रवृत्तिहरूको समेत चर्चा गरिएको छ ।

नियात्राकार प्रतीक ढकाल शीर्षक लेखमा सन् १९९० मा भुटानमा जन्मिएका मूलतः निबन्धकार नियात्राकार प्रतीक ढकालको परिचयसँगै राष्ट्रिय भावना, मानवजीवन र प्रकृतिको चित्रण, वर्णनात्मक विवरणात्मक र संवादात्मक शैली जस्ता उनका नियात्रागत प्रवृत्तिहरू उल्लेख गर्दै पहाडी विकट क्षेत्रका जनताको कष्टकर जीवन र उनीहरूले भोग्नुपरेका समस्याहरूलाई विषयवस्तु बनाइएको **हिमाल हेर्न दक्षिणतिर फर्कंदा** नियात्राको विश्लेषण गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग पाइने यस नियात्रामा प्रकृति चित्रणका साथै राष्ट्रवादी भावना पाइने कुरा प्रस्तुत गरिएको छ ।

ऐतिहासिक उपन्यासकार डायमन शमशेर राणा शीर्षक लेखमा डायमन शमशेरद्वारा लिखित **वसन्ती**, **सेतो बाघ**, **प्रतिबद्ध**, **सत्प्रयास**जस्ता उपन्यासहरूको नाम उल्लेख गर्दै उनका प्रायः सबै उपन्यास ऐतिहासिक घटनामा आधारित रहेको कुरालाई प्रत्येकको विषयवस्तुसहित प्रस्तुत गरिएको छ । इतिहास र

औपन्यासिकताको दोहोरो अनुभूति एकसाथ प्रस्तुत गर्न सक्नु राणाका उपन्यासशिल्पको खास वैशिष्ट्य भएको बताउँदै अरूभन्दा **वसन्ती** उपन्यास बढी सफल भएको कुरा प्रस्तुत गरिएको छ ।

नेपालीका विशिष्ट कवि वसन्त शर्मा लुइटेल शीर्षक लेखमा वसन्त शर्मा लुइटेलको जन्ममिति र जन्मस्थानको बारेमा रहेको विभिन्न मतमतान्तरहरू प्रस्तुत गर्दै वि.सं. १८६० मा भक्तपुर भन्ने भनाइ बढी आधिकारिक मानिएको छ । उनीद्वारा रचित **श्रीकृष्ण चरित्र** र **समुन्द्रलहरी** काव्यको विषयवस्तु र संरचनाबारे जानकारी गराउँदै उनका काव्यात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ । यसका साथै नेपालीका प्रथम प्रबन्धकार तथा कृष्णभक्ति धाराका विशिष्ट कवि लुइटेलका काव्यमा शास्त्रीयतावादी छन्दको प्रयोग पाइने कुरालाई पनि प्रस्तुत गरिएको छ ।

बानीरा गिरीको जीवन थाय्मरू शीर्षक लेखमा प्रयोगवादी धाराको अर्थ र प्रवृत्ति प्रस्तुत गर्दै २०१७ सालपछि कविता क्षेत्रमा प्रारम्भ भएको प्रयोगवादी धाराका केही कवि र कविताहरू उल्लेख गरी विभिन्न आन्दोलन र अभियानको बारेका चर्चा गरिएको छ । २००२ सालमा खर्साङमा जन्मिएकी बानिरा गिरीको परिचयसँगै प्रारम्भमा स्वच्छन्दतावादी र पछिल्लो समयमा प्रयोगवादी यौनपरक र यौनेतर बिम्ब प्रयोग पाइने जस्ता उनका कवितात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गर्दै २०३४ सालमा साझाबाट प्रकाशित २३ वटा कविता सङ्गृहीत नारीहरूले जीवनमा भोग्नुपरेका विविध खाले समस्याहरूलाई गद्य ढाँचामा प्रस्तुत गरिएको **जीवन थाय्मरु** कविता सङ्ग्रहको विश्लेषण गरिएको छ ।

नेपाली साहित्यमा भानुभक्त आचार्यको योगदान शीर्षक लेखमा रामायण, बधुशिक्षा र अन्य रचनाहरूका सन्दर्भबाट नेपाली साहित्यमा भानुभक्तको योगदानबारे जानकारी गराइएको छ । **रामायण**जस्तो विशिष्ट काव्यको सिर्जना गर्नु, रामायणका माध्यमबाट आदर्शको स्थापना गर्नु, सर्वसाधारणले बुझ्ने सरल भाषाको प्रयोग गरिनु, पूर्वीय महाकाव्यात्मक अवधारणाहरूको पालना गर्नु जस्ता विभिन्न योगदानबारे चर्चा गर्दै उनको योगदान साहित्यिक क्षेत्रमा मात्र सीमित नभएर भाषिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा पनि रहेको कुरा प्रस्तुत गरिएको छ । यसका साथै नेपाली कविताको प्राथमिक कालका केन्द्रीय कवि तथा लोकप्रिय महाकाव्यकार भानुभक्त आचार्यको सिङ्गो नेपाली कविताकै क्षेत्रमा विशिष्ट योगदान रहेको कुरा प्रस्तुत गरिएको छ ।

५.३.५ नाटक, एकाङ्कीसँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका नाटक, एकाङ्कीसँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
१८. *एकाङ्कीकार मोहनराज शर्मा र आऊ ढोका खोलौं एकाङ्कीको विश्लेषण*	**मिर्मिरे**, (२६/९, २०५४ पौष), पृ. २८-३५ ।

१९. *गोविन्दबहादुर मल्ल गोठालेका एकाङ्कीगत प्रवृत्ति र आत्मदर्शन एकाङ्कीको विश्लेषण*	**गरिमा**, (१६/२, २०५४ माघ), पृ. ५०-५३ ।
२०. *एकाङ्कीकार गोपाल पराजुली र गोलार्धका दुई छेउ*	**ज्ञानकुञ्ज**, (१/१, २०५४), पृ. ३३-३६ ।
२१. *विजय मल्लका एकाङ्कीगत वैशिष्टच र कङ्काल एकाङ्कीको विश्लेषण*	**समकालीन साहित्य**, (८/२, २०५५ वैशाख-असार), पृ. १४३-१४५ ।
२२. *एकाङ्कीकार भीमनिधि तिवारी र साँढे एकाङ्कीको विश्लेषण*	**मधुपर्क**, (३१/५, २०५५ असोज), पृ.२९-३० ।
२३. *एकाङ्कीकार सम र रणदुल्लभ एकाङ्की*	**युगान्तर**, (६/९, सन् २००१ जनवरी), पृ. ११-१३ ।
२४. *नेपाली नाटचक्षेत्रमा समको उपस्थिति*	**गरिमा**, (२१/३, २०५९ फागुन), पृ. १९९-२०० ।
२५. *वर्तमान नेपाली नाटक (२०३० पछि) कार्यपत्रमाथिको टिप्पणी*	**साहित्यिक अभियान**, (४/३, २०५९), पृ. ६९-७३ ।
२६. *समका नाटकमा सांस्कृतिक दृष्टिकोण*	**सम शतवार्षिकी स्मारिका**, २०६०, पृ. १५५-१८८ ।
२७. *वर्तमान नेपाली नाटक (२०३० पछि) कार्यपत्रमाथिको टिप्पणी*	**साहित्यिक अभियान विगतदेखि वर्तमानसम्म**, (९/४, २०६३ असार), पृ. १६४-१६९ ।
२८. *विजय मल्लको एकाङ्की शिल्प*	**हाम्रो ध्वनि**, (४१/११, २०६६, कात्तिक-मङसिर), पृ. ८-११ ।
२९. *विजय मल्लको एकाङ्की शिल्प*	**विजय मल्ल स्मृति ग्रन्थ**, २०६६, पृ. २८३-२८८ ।
३०. *अटलबहादुर नाटकको वस्तुवादी विश्लेषण*	**भृकुटी**, (पूर्णाङ्क ७, वैशाख-असार २०६७), पृ. ७७-८४ ।
३१. *मोतीराम भट्टको नाट्यशिल्प*	**समकालीन साहित्य**, (३/६१, २०६७ साउन-असोज), पृ. ३७-४१ ।
३२. *विशिष्ट नाटक/एकाङ्कीकार गोठाले*	**मधुपर्क**, (४३/१०, २०६७ फागुन), पृ.२८-३१ ।
३३. *सुधारवादी नाटककार पहलमानसिंह*	**नयाँ पत्रिका**, (२०६८ मङसिर ६), पृ. ५ ।
३४. *भीमनिधि तिवारीको एकाङ्की कौशल*	**तन्नेरी**, (३४/१, २०६९ वैशाख-असार), पृ. १६९-१७४ ।

एकाङ्कीकार मोहनराज शर्मा र आउ ढोका खोलौं एकाङ्कीको विश्लेषण शीर्षक लेखमा एकाङ्की, नाटक, कथा सङ्ग्रह, भाषाव्याकरण, समालोचना, सम्पादन, अनुसन्धान आदि क्षेत्रका प्रकाशित कृति र प्राप्त पुरस्कारहरू सहित मोहनराज शर्माको परिचय प्रस्तुत गरिएको छ । उनका एकाङ्कीगत वैशिष्ट्यहरू प्रस्तुत गर्दै *आउ ढोका खोलौं* एकाङ्कीको विभिन्न कोणबाट विश्लेषण गरिएको छ । प्रस्तुत एकाङ्कीमा राजनैतिक विषयवस्तु, सीमित पात्र, वस्तु र शिल्पका दृष्टिले नवीन, प्रयोगशील आदि विशेषताहरू पाइने कुरा बताइएको छ ।

गोविन्दबहादर मल्ल गोठालेका एकाङ्कीगत प्रवृत्ति र आत्मदर्शन एकाङ्कीको विश्लेषण शीर्षक लेखमा प्रकाशित कृति र प्राप्त सम्मानसहित गोठालेको परिचय प्रस्तुत गर्दै उनका एकाङ्कीगत प्रवृत्तिहरूको चर्चा गरिएको छ । उनलाई मूलत: मनोविश्लेषणात्मक एकाङ्कीकारका रूपमा चिनाइएको छ । सामन्ती परिपाटीमा हुर्केका व्यक्तिको आर्थिक स्थिति कमजोर हुँदै गएपछि त्यसको असरले मानसिक धक्का लागि उनीहरू कसरी

पतन हुँदै जान्छन् भन्ने कुरालाई मनोविश्लेषणात्मक पाराले प्रस्तुत गरिएको **आत्मदर्शन** नामक एकाङ्कीको विभिन्न कोणबाट विश्लेषण गरिएको छ ।

गोपाल पराजुलीको गोलार्धका दुई छेउ एकाङ्कीको विश्लेषण शीर्षक लेखमा एकाङ्कीकार पराजुलीको परिचय दिई उनका प्रकाशित कृतिका बारेमा जानकारी गराइएको छ । प्रयोगवादी अमूर्त लेखन, वर्गीय पात्र प्रयोग, क्षीण कथानक जस्ता उनका एकाङ्कीगत प्रवृत्तिहरूको चर्चा गर्दै लोग्नेमान्छे र आइमाई गरी दुई पात्रको प्रयोग गरी मायासम्बन्धी यी दुईको फरक दृष्टिकोण रहने कुरासँग सम्बन्धित प्रस्तुत **गोलार्धका दुई छेउ** एकाङ्कीको विश्लेषण गरिएको छ ।

विजय मल्लका एकाङ्कीगत वैशिष्ट्य र कङ्काल एकाङ्कीको विश्लेषण शीर्षक लेखमा विजय मल्लको परिचय दिँदै मानवीय र मानवेत्तर पात्रको प्रयोग, प्रयोगधर्मिता, प्रतीकात्मकता, व्यङ्ग्यात्मकताजस्ता उनका एकाङ्कीगत वैशिष्ठ्यहरू प्रस्तुत गरिएको छ । यसपछि मेडिकल पढ्ने एकजना विद्यार्थीको कोठामा घटित घटनालाई विषयवस्तु बनाएर लेखिएको **कङ्काल** एकाङ्कीको विभिन्न कोणबाट विश्लेषण गरिएको छ ।

एकाङ्कीकार भीमनिधि तिवारी र साँढे एकाङ्कीको विश्लेषण शीर्षक लेखमा भीमनिधि तिवारीका सामाजिक विषयवस्तु, मानवीय र मानवेत्तर पात्र प्रयोग, आदर्शवादी, सरल भाषा आदि जस्ता एकाङ्कीगत वैशिष्ठ्यहरू प्रस्तुत गर्दै उनको ऐतिहासिक विषयवस्तुमा आधारित **साँढे** एकाङ्कीको विश्लेषण गरिएको छ ।

एकाङ्कीकार सम र रणदुल्लभ एकाङ्की शीर्षक लेखमा एकाङ्कीकार समको परिचयसँगै उनका प्रकाशित एकाङ्कीहरूको विवरण दिइएको छ । त्यसपछि ऐतिहासिक, पौराणिक, सामाजिक आदि क्षेत्रलाई विषयवस्तु बनाउने समका एकाङ्कीगत प्रवृत्तिहरू प्रस्तुत गर्दै **रणदुल्लभ** एकाङ्कीमा सङ्गृहीत रणदुल्लभ एकाङ्कीको विश्लेषण गरिएको छ ।

वर्तमान नेपाली नाटक (२०३० पछि) कार्यपत्रमाथिको टिप्पणी नामक लेख **साहित्यिक अभियान विगतदेखि वर्तमानसम्म** (९/४, २०६३) मा पनि प्रकाशित छ । यो लेख प्रभात सापकोटाद्वारा लिखित *वर्तमान नेपाली नाटक (२०३० पछि)* शीर्षक रहेको कार्यपत्रको टिप्पणीमा केन्द्रित रहेको छ । इतिहास लेखन खोजमूलक, विवरणात्मक बढी र विश्लेषणात्मक कम गरिने स्वयम्मा एउटा कठिन काम भएको कुरा प्रस्तुत गर्दै सापकोटाद्वारा प्रस्तुत कार्यपत्रमा सिङ्गो नेपाली नाटकको विकासक्रम प्रस्तुत गरिएकाले बढी विवरणात्मक भएको, प्रस्तुतिमा एकरूपता नभएको, ऐजन र पूर्ववत्मा अन्योल रहेको जस्ता त्यस कार्यपत्रका कमजोरी पक्षको उठान गर्दै यसको भाषा भने सरल, सहज र प्रवाहपूर्ण रहेको कुरा उल्लेख गरिएको छ ।

नेपाली नाट्य क्षेत्रमा समको उपस्थिति शीर्षक लेखमा समको परिचयसहित उनका नाट्यप्रवृत्तिहरू प्रस्तुत गरी समले नेपाली नाट्य जगत्मा आधुनिकताको प्रारम्भ गरेको कुरालाई पनि उल्लेख गरिएको छ ।

विजय मल्लको एकाङ्कीशिल्प शीर्षक लेख **विजय मल्ल स्मृति ग्रन्थ**मा पनि प्रकाशित छ । यसमा वि.सं. १९८२ मा जन्मिएका विजय मल्ललाई संलग्नता, प्रकाशित कृति र प्राप्त पुरस्कारको बारेमा जानारी गराइएको छ । त्यसपछि उनका प्रयोगवादी, मनोविश्लेषणात्मक, मानसिक कुण्ठा, सामाजिक विकृति, यौनावेग

र अर्धचेतनको सशक्त प्रस्तुति, सामाजिक यथार्थवादी घटनालाई अतियथार्थवादी तरिकाले प्रस्तुत, बिम्ब प्रतीक संयोजन, द्वन्द्वको सफल प्रयोगजस्ता एकाङ्कीगत प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ ।

अटलबहादुर नाटकको वस्तुवादी विश्लेषण शीर्षकको लेखमा वि.सं. १९३५ मा जन्मिएका पहलमानसिंह स्वाँरको परिचयसँगै उनका प्रकाशित नाटक, उपन्यास, काव्य आदिको विवरण प्रस्तुत गरिएको छ । त्यसपछि स्वाँरका नाट्यप्रवृत्ति प्रस्तुत गरी **अटलबहादुर** नाटकको शिल्पसंरचना, कथावस्तु, सहभागी, दृष्टिबिन्दु आदिा आधारमा संरचनावादी कोणबाट व्याख्या विश्लेषण गरिएको छ ।

मोतीराम भट्टको नाट्यशिल्प शीर्षक लेखमा वि.सं. १९२३ मा जन्मेका मोतीराम भट्टको संलग्नता, प्रकाशित कृति र प्राप्त पुरस्कार आदिका आधारमा परिचय प्रस्तुत गरिएको छ । शृङ्गारिक धाराका प्रवर्तक भट्टका नाट्यप्रवृत्तिहरू प्रस्तुत गरी **प्रियदर्शिका** नाटिकाको शिल्प संरचना, कथावस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु र भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गरिएको छ । अन्त्यमा यो नाटिका अनुदित भए तापनि भाषिक विन्यासका कारण यसमा मौलिकताको छनक पाइने कुरा प्रस्तुत गरिएको छ ।

विशिष्ट नाटक/एकाङ्कीकार गोठाले शीर्षक लेखमा वि.सं. १९७९ मा जन्मिएका गोठालेको संलग्नता, प्रकाशित कृति, प्राप्त पुरस्कारका आधारमा परिचय प्रस्तुत गर्दै उनलाई नाटककार र एकाङ्कीकारका रूपमा चिनाइएको छ । त्यसपछि **भुसको आगो**, **च्यात्तिएको पर्दा** र **दोष कसैको छैन** नाटकको मूल कथ्य प्रस्तुत गर्दै उनका नाट्यगत विशेषताहरू प्रस्तुत गरिएको छ । यसका साथै **भोको घर** एकाङ्कीको विषयवस्तु र प्रस्तुत एकाङ्कीगत विशेषताहरूको चर्चा गरी गोठालेले नेपाली नाटकका क्षेत्रमा मनोविश्लेषणात्मक प्रवृत्तिको प्रारम्भ गरेको कुरा उल्लेख गरिएको छ ।

सुधारवादी नाटककार पहलमानसिंह शीर्षक लेखमा वि.सं. १९३५ मा अछाममा जन्मिएका तथा साहित्यिक तथा साहित्येत्तर थुप्रै कृतिको लेखन तथा अनुवाद गरेका पहलमानसिंह स्वाँरको बारेमा जानकारी गराउँदै उनका कृतिहरू केही अनुदित र केही मौलिक रहेको कुरा जानकारी गराई पूर्व र पश्चिमको मिश्रित नाट्यशिल्पको प्रयोग पाइने उनका नाटकले वियोगान्त ननाटकम् भन्ने पूर्वीय मान्यतालाई तोडेको कुरा प्रस्तुत गरिएको छ । त्यसपछि शृङ्गारिकता, सामाजिकता, विद्रोहात्मकता, व्यङ्ग्यात्मकता जस्ता उनका काव्यात्मक प्रवृत्तिहरू प्रस्तुत गर्दै अटलबहादुर नाटकको विश्लेषण गरिएको छ । अन्त्यमा **ह्याम्लेट**को अनुवाद नभई **ह्याम्लेट**बाट प्रभावित मात्र बनेको पहिलो वियोगान्त नाटक अटलबहादुरलाई ह्याम्लेटको भावानुवाद, छायानुवाद, मौलिक जेसुकै भने पनि धेरैले चर्चा गर्नु नै यसको सबल पक्ष भएको कुरा प्रस्तुत गरिएको छ ।

भीमनिधि तिवारीको एकाङ्की कौशल शीर्षक लेखमा तिवारीको परिचयसहित उनका प्रकाशित एकाङ्कीहरू प्रस्तुत गरी मूलतः सामाजिक, ऐतिहासिक विषयवस्तु, सामाजिक असमानताप्रति विद्रोहात्मक स्वर, मानवीय र मानवेत्तर पात्रको प्रयोग, ग्रामीण, शहरीया र दरबारिया परिवेशको सहज स्वभाविक र जीवन्त चित्रणजस्ता एकाङ्कीगत प्रवृत्तिहरूको बारेमा चर्चा गरी ऐतिहासिक विषयवस्तुमा आधारित *साँढे* एकाङ्कीका सन्दर्भमा तिवारीको एकाङ्कीकौशल प्रस्तुत गरिएको छ । शासक वर्गप्रति व्यङ्ग्य र शाषित वर्गप्रति सहानुभूति

रहेको यस एकाङ्कीमार्फत शासक वर्गको दुराचार, अमानवीयता र शासित वर्गले पशुभन्दा तल्लो स्तरमा जिउनुपर्ने परिस्थितिलाई प्रस्तुत गरिएको कुरा जानकारी गराइएको छ ।

५.३.६ उपन्यास विधासँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका उपन्याससँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
१८. *श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम*	**समकालीन साहित्य**, (५/४, २०५२ कार्तिक-पुस), पृ. ११३-११९ ।
१९. ***दुविधा** उपन्यासमा घोत्लिँदा*	**कान्तिपुर**, (२०५२ माघ १३), पृ. ग ।
२०. *देशभक्तिको सुन्दर नमुना : अग्निदत्त+अग्निदत्त*	**गोरखापत्र**, (२०५३ पुस २७), पृ. ख ।
२१. *समसामयिक नेपाली जनजीवनको प्रतिकृति : अग्निदत्त+अग्निदत्त*	**प्रज्ञा**, (२८/८५, २०५४ असार-माघ), पृ. १८५-२०५ ।
२२. *श्यामव्यङ्ग्यका कसीबाट **दुविधा** उपन्यासको मूल्याङ्कन*	**बिन्दु**, (३६/९४-९७, सन् १९९७ सितम्बर-दिसम्बर), पृ. २९६-३०१ ।
२३. *गिरीशबल्लभ जोशीको वीरचरित्र र नेपाली उपन्यासको सय वर्ष*	**नेपाली उपन्यास शतवार्षिकी स्मारिका २०६०**, पृ. १-२१ ।
२४. *प्रगतिवादी उपन्यासकार हृदयचन्द्रसिंह प्रधान*	**दीपशिखा**, (२२/१४ २०६८), पृ. ५२-६५ ।
२५. श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम	**रत्न नेपाली बृहत् समालोचना प्रायोगिक खण्ड** (२०६८), पृ. २४६-२५३ ।
२६. *उपन्यास उहापोह*	**अन्नपूर्ण पोस्ट**, (२०६९ असार ९), पृ. ४-५ ।
२७. *ऐतिहासिक उपन्यासकार डायमन शमशेर राणा*	**डायमन शमशेर : चिन्तन र चित्रण**, २०६९, पृ. १७२-१७५ ।
२८. *समकालीन नेपाली उपन्यासका प्रवृत्ति*	**वागीश्वरी**, (२३/२०, २०६९), पृ. ६७(७६ ।
२९. *समाजवादी यथार्थवादी/प्रगतिवादी धाराका नेपाली उपन्यास*	**शब्दसंयोजन**, (११/१, २०७१ वैशाख), पृ. ३५-३८ ।
३०. *नेपाली साहित्यमा भानुभक्त आचार्यको योगदान*	**सिर्जना**, (६/१७, २०७१ वैशाख-असार), पृ. २०-३१ ।
३१. *विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्ति*	**सुलेख**, (३/२-३, २०७१ जेठ-असार), पृ. ४१-४५ ।
३२. *विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक कला*	**मधुपर्क**, (४७/४, २०७१ भदौ), पृ.८०-८२ ।
३३. *प्रथम मौलिक उपन्यासकार गिरीशबल्लभ*	**अन्नपूर्ण पोस्ट**, (२०७१ कात्तिक १५), पृ. ७ ।
३४. *पारिजातको औपन्यासिक शिल्प*	**बगर**, (३३/९०, २०७१ वैशाख-असोज), पृ. ३४४-३४९ ।

***दुविधा** उपन्यासमा घोत्लिँदा* शीर्षक लेखमा डा. ध्रुवचन्द्र गौतमका प्रकाशित कृति र प्राप्त पुरस्कारको विवरण प्रस्तुत गर्दै प्रयोगशील उपन्यास **दुविधा**मा प्रयुक्त श्यामव्यङ्ग्यका बारेमा जानकारी गराइएको छ । श्यामव्यङ्ग्यको विकासक्रमबारे जानकारी गराई यसको मुख्य प्रयोग क्षेत्र कथा, उपन्यास र नाटक रहेको कुरा प्रस्तुत गर्दै मानव जीवनका सत् असत्, सुखदुख, अनुकुल-प्रतिकुल स्थितिप्रति व्यङ्ग्यात्मक प्रस्तुति गरिएको

यस उपन्यासमा अपराध गर्नेले दण्ड नपाउने र अपराध नगर्नेले त्यसको शिकार बन्नुपर्ने स्थितिको चित्रण गरिएको कुरा उल्लेख गरिएको छ । प्रस्तुत उपन्यास ध्रुवचन्द्र गौतमका प्रकाशित उपन्यासका प्रकाशनका दृष्टिले कान्छो भए पनि श्यामव्यङ्ग्यको प्रयोगका दृष्टिले जेठो उपन्यास बन्न पुगेको कुरा प्रस्तुत गरिएको छ ।

देशभक्तिको सुन्दर नमुना : अग्निदत्त + अग्निदत्त शीर्षक लेखमा चार भाग, उनान्सय उपभाग र दुईसय छब्बीस पृष्ठ रहेको **अग्निदत्त + अग्निदत्त** उपन्यासका माध्यमबाट वर्तमान नेपाल र नेपालमा व्याप्त विकृति एवं विसङ्गतिहरूलाई सर्वाङ्ग उदाङ्गो पारी प्रस्तुत गरिएको कुरा उल्लेख गरिएको छ । श्यामव्यङ्ग्यका कुशल प्रयोक्ता ध्रुवचन्द्र गौतमले श्यामव्यङ्ग्य प्रयोगको प्रारम्भ **दुविधा**बाट प्रारम्भ गरेको कुरा उल्लेख गर्दै स्वैर कल्पनाको अत्यधिक प्रयोग रहेको प्रस्तुत उपन्यासमा क्षार समुन्द्रमा स्नान गरेर शुद्ध हुने प्रक्रियालाई राष्ट्रघाती अराजकहरू पार्टीका सदस्य बनेपछि शुद्ध बन्ने, तासबाट जोखाना हेरी राष्ट्र प्रशासन चलाउनुलाई आजको देशको राजनैतिक अवस्था र तुरूप राज्यका शासकहरू चौपाया बनी घाँस खाएको प्रसङ्गलाई शासकहरूले मानवीयता गुमाइ पाशविकताको वरण गरेको कुरासँग जोडेर प्रस्तुत गरिएको छ र यस्तै विसङ्गत स्थिति रहिरहेमा देशको अस्तित्व नै धरासायी बन्ने कुरा उपन्यासमा अभिव्यञ्जित भएको कुरा उल्लेख गरिएको छ ।

समसामयिक नेपाली जनजीवनको प्रतिकृति : अग्निदत्त+अग्निदत्त शीर्षक लेखमा ध्रुवचन्द्र गौतमको परिचय प्रस्तुत गर्दै **अग्निदत्त+अग्निदत्त** उपन्यासमा समसामयिक युगीन परिवेशको चित्रण, श्यामव्यङ्ग्यको स्वभाविक प्रयोग, विसङ्गतिवादी अस्तित्ववादी अवधारणा, लैङ्गिकता, स्वैरकल्पना, परिकल्पना र मिथकको प्रयोग आदि पाइने कुराको जानकारीसहित विभिन्न कोणबाट यस उपन्यासको विश्लेषण गरिएको छ ।

गिरीशबल्लभ जोशीको वीरचरित्र र नेपाली उपन्यासको सय वर्ष नामक शीर्षक लेखमा गिरीशबल्लभ जोशीको परिचयसहित उनका प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गरी वीरचरित्रका बारेमा जानकारी गराइएको छ । नेपाली उपन्यासको विकासक्रम प्रस्तुत गर्दै नेपाली उपन्यासको एक सतकका प्रमुख धाराहरू रहस्य रोमाञ्चवादी, आदर्शोन्मुख यथार्थवादी, स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, प्रगतिवादी, मनोविश्लेषणवादी, प्रयोगवादी धाराहरूका प्रमुख प्रवृत्तिहरू प्रस्तुत गरिएको छ ।

उपन्यासकार कृष्ण जोशी शीर्षक लेखमा वि.सं. १९९९ सालमा जन्मिएका कृष्ण जोशीका **मृत्यु दोहारिन्छ म बाँचे भने**, **असम्मत सम्मत**, **काठमाडौँको वरिपरि**जस्ता उपन्यासहरू प्रकाशित भएको कुरा प्रस्तुत गर्दै प्रत्येक उपन्यासको विषयवस्तु प्रस्तुत गरिएको छ । यसका साथै सामाजिकता, आदर्शोन्मुख यथार्थवादिता, मनोविश्लेषणात्मकता, मानवीय प्रेम प्रणय र विविध खाले यौनजन्य समस्याको प्रस्तुतिजस्ता उनका निबन्धात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ ।

उपन्यास उहापोह शीर्षक लेखमा विश्व साहित्यमै निकैपछि थालिएर द्रुत गतिमा विकास भएको गद्य महाकाव्य मानिने उपन्यास वर्तमानसम्म आइपुग्दा लोकप्रिय र विशिष्ट साहित्यिक गद्य विधा बन्न पुगेको कुरा प्रस्तुत गर्दै उपन्यासको परिभाषा र तCवहरूको बारेमा चर्चा गरिएको छ । यस लेखमा **महाभारत विराट्पर्व**, **वीरचरित्र** हुँदै **रूपमती** बाट आधुनिकता ग्रहण गरेको नेपाली उपन्यास परम्पराका विभिन्न काल र चरणहरूको

बारेमा जानकारी गराइ प्रत्येकका प्रतिनिधि उपन्यास, उपन्यासकार र प्रवृत्तिहरू उल्लेख गरिएको छ । यसका साथै यति संस्करण र यति प्रति बिक्यो भन्दै अनावश्यक सनसनीपूर्ण विज्ञापन मच्चाउने गरेको कुरालाई प्रस्तुत गर्दै समालोचकले वस्तुवादी भएर कृतिको समीक्षा गर्नुपर्ने कुरा पनि प्रस्तुत गरिएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक कला शीर्षक लेखमा वि.सं. १९७१ सालमा जन्मिएका विश्वेश्वरप्रसाद कोइरालाका प्रकाशित उपन्यास, कथा, संस्मरणबारे जानकारी गराउँदै उनलाई लघु आयामका चरित्रप्रधान उपन्यास लेख्ने मनोविश्लेषणात्मक धाराका उल्लेख्य उपन्यासकारका रूपमा चिनाइएको छ । उनका **तीनघुम्ती**, **सुम्निमा**, **नरेन्द्रदाई**, **मोदि आइन**, **हिटलर र यहुदी**, **बाबुआमा र छोरा** उपन्यासका बारेमा चर्चा गर्दै अचेतन मनको विश्लेषणलाई विशेष महŒव, अस्तित्ववादी विसङ्गतिवादी चित्रण, दार्शनिकता, मिथकीयता, भाषाशैलीय विन्यासमा सरलताजस्ता उनका औपन्यासिक प्रवृत्तिहरू उल्लेख गरिएको छ ।

समाजवादी यथार्थवादी धाराका नेपाली उपन्यास शीर्षक लेखमा नेपाली उपन्यासको आधुनिक कालमा लेखिएका उपन्यासलाई प्रवृत्तिगत परिवर्तनका आधारमा विभाजन गरिएको कुरासँगै कतिपय उपन्यासमा एकभन्दा बढी प्रवृत्ति पाइए पनि तिनमा पाइने मूल प्रवृत्ति अनुरूप नै धारा निर्धारण गरिने कुरा प्रस्तुत गरिएको छ । आधुनिक नेपाली उपन्यासको इतिहासमा देखापरेका आदर्शोन्मुख यथार्थवादी, स्वच्छन्दतावादी, ऐतिहासिक यथार्थवादी, सामाजिक यथार्थवादी, समाजवादी यथार्थवादी, मनोविश्लेषणात्मक, अस्तित्ववादी-विसङ्गतिवादी धाराका प्रवर्तक उपन्यासकार र उपन्यासको नामसहित यथार्थवादी धाराको प्रारम्भ र विकासबारे जानकारी प्रस्तुत गरी उनले नेपाली उपन्यासमा समाजवादी यथार्थवादी/प्रगतिवादी धारासँग सम्बद्ध प्रमुख उपन्यासकार र तिनका उपन्यासहरूको विवरण दिइएको छ । मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादमा आधारित भएर लेखिएका कृतिलाई समाजवादी यथार्थवादी धाराअन्तर्गत राखिने कुरा जानकारी गराउँदै नेपाली उपन्यासका क्षेत्रका समाजवादी यथार्थवादी/प्रगतिवादी कित्ताका उपन्यास लेखनको अवस्था उति निरासाजनक नरहेको कुरा प्रस्तुत गरी अन्त्यमा मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादलाई आधार मानी शोषणको विरुद्ध सङ्घर्ष गर्नु र निम्न वर्गको उत्थानको चाहना राख्नु यस धाराका उपन्यासको खास पहिचान र विशेषता भएको कुरा बताइएको छ ।

प्रथम मौलिक उपन्यासकार गिरीशबल्लभ शीर्षक लेखमा वि.सं. १९२४ मा काठमाडौँको सम्पन्न परिवारमा जन्मिएका गिरीशबल्लभ जोशीको **वीरचरित्र** नेपाली उपन्यासको इतिहासमा मौलिक उपन्यासको प्रवर्तक कृति भएको कुरा प्रस्तुत गर्दै उनीद्वारा लिखित कृतिहरूको विवरण दिइएको छ । वि.सं. १९५६ सालमा लेखिएको तथा वि.सं. १९६० मा प्रकाशित र बाँकी तिनभाग २०२२ सालमा प्रकाशित भएको **वीरचरित्र** काव्यमा देवकीनन्दन खत्रीको **चन्द्राकान्ता** उपन्यासको सामान्य प्रभाव पाइए पनि यस उपन्यासमा प्रतीकात्मक रूपमा राणाकालीय शासकीय परिवेशको चित्रण पाइनुका साथै तन्त्रमन्त्र र विज्ञानको समन्वय गराउने प्रयत्न गरिएको कुरा प्रस्तुत गर्दै गिरीशबल्लभ जोशीलाई नेपालीका प्रथम मौलिक उपन्यासकारका रूपमा चिनाइएको छ ।

५.३.७ कथा विधासँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका कथासँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
१८. *ग्यास च्याम्बरको मृत्युभित्र मदनमणिलाई खोज्दा*	**उन्नयन**, (१६, २०५१ माघ-चैत), पृ. ४५०-४५७ ।
१९. *ग्यास च्याम्बरको मृत्युभित्रका मदनमणि दीक्षित*	**युगान्तर**, (२/५, सन् १९९६ अप्रिल-जुन), पृ. ३१-३८ ।
२०. *कथाको आँखीभ्यालबाट कथाकारलाई चिहाउँदा*	**सुमन**, (१/१३, सन् १९९७/२०५३), पृ. २८-३१ ।
२१. *माइत कथाको संरचना विश्लेषण*	**कुञ्जिनी**, (९/६, २०५८), पृ. ४८-५३ ।
२२. *डढेलो कथाको संरचनावादी विश्लेषण*	**समकालीन साहित्य**, (१२/३,२०५९ वैशाख-असार), पृ.२३१-२४८ ।
२३. *गोडा भए जुत्ताको के खाँचो कथाको संरचना विश्लेषण*	**जुही**, (२२/२, २०५९ पुस-फागुन), पृ. ४१८-४२६ ।
२४. *कमला सरूपको कथाशिल्प*	**गरिमा**, (२१/४, २०५९ चैत), पृ. १९-२४ ।
२५. *ध्रुवचन्द्रको बाँस*	**साठी वर्षमा हृदयाघात तथा कथा दृष्टिकोण** (पुस्तक), २०६०, पृ. ६९-७१ ।
२६. *नेपाली कथाको सेरोफेरो*	**मिर्मिरे**, (३६/१, २०६४ वैशाख), पृ. ३६६-३७३ ।
२७. *सनत रेग्मीको कथाशिल्प*	**सिर्जना**, (१/१, २०६४ असोज-मङ्सिर), पृ. ३०-३८ ।
२८. *सनत रेग्मीको कथाशिल्प*	**सनत रेग्मी : सिर्जन सन्दर्भ**), २०६४, पृ. ३०-३८ ।
२९. *वर्तमान नेपाली कथाको विकासमा समकालीन चेत*	**मधुपर्क**, (४१/१, २०६५ जेठ), पृ. ४-७ ।
३०. *विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प*	**महामण्डल**, (२/१, २०६६ साउन-असोज), पृ १५६-१६४ ।
३१. *विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प*	**साहित्यमा विश्वेश्वर**, २०६६ पृ १५६-१६४ ।
३२. *समकालीन नेपाली कथाको परिदृश्य*	**सुलेख**, (१/९, २०६९ चैत), पृ. ४१-४९ ।
३३. *विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प*	**बगर**, (३२/८९, २०७० साउन-पुस), पृ. १९६-२०४ ।
३४. *विश्वेश्वरप्रसाद कोइरालाको कथाकारिता*	**रजस्थल**, (१७/६०, २०७१ साउन-असोज),पृ. ६-१७ ।

ग्यास च्याम्बरको मृत्युभित्र मदनमणिलाई खोज्दा शीर्षक लेखमा मदनमणि दीक्षितको बारेमा सामान्य परिचयसहित उनका कथात्मक प्रवृत्तिहरूका बारेमा चर्चा गरी *ग्यास च्याम्बरको मृत्यु*भित्रका केही अनुच्छेदहरूको प्रस्तुतिसहित उक्त कथाको विश्लेषण गरिएको छ ।

ग्यास च्याम्बरको मृत्युभित्रका मदनमणि दीक्षित नामक शीर्षक लेखमा मदनमणि दीक्षितको परिचय प्रस्तुतसहित उनका कथागत प्रवृत्तिहरू प्रस्तुत गरिएको छ । *ग्यास च्याम्बरको मृत्यु* कथाभित्रका विशेष केही अनुच्छेदसमेत प्रस्तुत गरी उक्त कथाको विभिन्न कोणबाट व्याख्या-विश्लेषण गरिएको छ । यो लेख *ग्यास च्याम्बरको मृत्युभित्र मदनमणिलाई खोज्दा* शीर्षक लेखमै केन्द्रित रहेको छ ।

कथाको आँखीभ्यालबाट कथाकारलाई चिनाउँदा शीर्षक लेखमा २०२२ सालमा जन्मेका अनुक्रमराज शर्माको परिचय प्रस्तुत गरी उनलाई कवि, कथाकार, एकाङ्कीकारका रूपमा चिनाउँदै उनका *थुइक्क, दुर्गन्ध, माफ गर है, मुर्दा म, चिरफार, विडम्बना, त्यो के हो ?, कलाकार झिल्के क्याम्पसतिर* कथाहरूको सामान्य परिचय दिई ती कथाहरूको विश्लेषण गरिएको छ । यसमा प्रायः शहरी परिवेशको चित्रण पाइने शर्माका कथात्मक विशेषताहरूलाई पनि उल्लेख छ ।

कमला सरूपको कथाशिल्प नामक शीर्षक लेखमा कमला सरूपको परिचय प्रस्तुत गर्दै पूर्वदीप्तिको प्रयोग, संस्मरणात्मक ढाँचा, कथाभित्र कथा उन्ने जस्ता प्रवृत्तिहरू उनका कथात्मक विशेषता प्रस्तुत गरिएको छ । त्यसपछि उनका कथामा प्रयुक्त विषयवस्तुको सङ्क्षिप्त जानकारी प्रस्तुत गरी विभिन्न तÊवका आधारमा कथाको विश्लेषण गरिएको छ ।

ध्रुवचन्द्रको *बाँस* शीर्षक लेखमा ध्रुवचन्द्र गौतमको बास शीर्षक कथामाथि द्रुतपठनमा आधारित पाठकीय अनुभूतिमुलक दृष्टिकोणलाई बुँदामा प्रस्तुत गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी औपन्यासिक ढाँचामा लेखिएको यस कथामार्फत एकपछि अर्को पुस्ता झन् निर्धन र विवश बन्दै गएको वर्तमान विसङ्गतपूर्ण परिस्थिति प्रस्तुत गर्नका साथै सहरीकरणका कारण मान्छे मर्दा अनिवार्य रूपमा चाहिने बाँससमेत नपाइने अवस्थाको चित्रण भएको कुरा प्रस्तुत गरिएको छ ।

सनत रेग्मीको कथाशिल्प शीर्षक लेख लेख **सनत रेग्मी : सिर्जन सन्दर्भ** (२०६४) मा पनि प्रकाशित छ । यसमा सनत रेग्मीको जन्म, शिक्षा, सेवा, संलग्नता, सम्मान, पुरस्कार आदिका माध्यमबाट व्यक्ति विवरण प्रस्तुत गरी सनत रेग्मीका आठवटा कथाहरूको सङ्ग्रह **सनत रेग्मीका प्रतिनिधि कथा** (२०६०) बारे जानकारी गराइएको छ । सरदर मझौला आयाम, वर्णनात्मक शैली, विकृति बेथितिको चित्रण, बालसमस्या र यौनजन्य समाजको चित्रण आदि रेग्मीका कथागत प्रवृत्ति भएको कुरासहित उनलाई सामाजिक यथार्थवादी कथाकारका रूपमा चिनाइएको छ ।

वर्तमान नेपाली कथाको विकासमा समकालीन चेत शीर्षक लेखमा कथाको परिचय, संरचक घटकहरू र विशेषताहरू प्रस्तुत गर्दै विषयवस्तु, संरचक घटक र धारा वा वादका आधारमा कथाको वर्गीकरण गरिएको छ । नेपाली कथाको विकासक्रम सुरुदेखि १९५७, १९५८ देखि १९९१ र १९९१ पछि गरी तिन चरणमा प्रस्तुत गरी आधुनिक नेपाली कथाका प्रमुख धाराहरूमा आदर्शोन्मुख यथार्थवादी, स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, मनोवैज्ञानिक, प्रगतिवादी धाराका प्रवृत्तिहरूको बारेमा विशेष चर्चा गरिएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प शीर्षक लेख **साहित्यमा विश्वेश्वर** (२०६६) र **बगर** (३२/८९, २०७०, साउन-पुस) मा पनि प्रकाशित छ । यसमा वि.सं. १९७१ मा वनारसमा जन्मेका विश्वेश्वरप्रसाद कोइरालाको संलग्नता र प्रकाशित कृतिहरूको विवरणसहित मनोविश्लेषणात्मकता (यौन मनोविज्ञानमा विशेष जोड), व्यक्ति चरित्रमा जोड, छोटा छरिता वाक्य, सरल, सङ्क्षिप्त, सुगठित, सुव्यवस्थित र अन्वितिमूलक संरचना आदि कोइरालाका कथामा पाइने कथागत विशेषताहरू भएको कुरा उल्लेख गरिएको छ ।

समकालीन नेपाली कथाको परिदृश्य शीर्षक लेखमा समकालीन शब्दको अर्थ र तात्पर्य प्रस्तुत गर्दै समसामयिकताले वर्तमान समय र प्रवृत्ति दुवैलाई द्योतन गर्ने कुरासँगै आधुनिकता र समकालीनता समानार्थी नभएर भिन्नार्थबोधक शब्द भएको कुरा जानकारी गराइएको छ। यथार्थवादी, अतियथार्थवादी, प्रतीकवादी, यौनवादी मनोवैज्ञानिक आदि जस्ता समकालीन नेपाली कथाका प्रवृत्तिहरू प्रस्तुत गरी यस अवधिका प्रमुख कथाकार र तिनका प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ। यसका साथै समसामयिक धारामा बढी मात्रामा सामाजिक यथार्थवादी, प्रगतिवादी र प्रयोगवादी धाराका कथाहरू लेखिएको कुरा उल्लेख गरी वर्तमान युगीन विविध क्षेत्रका यथार्थको प्रकटीकरण नै समसामयिक नेपाली कथाको मूल प्रवृत्ति बनेको कुरा प्रस्तुत गरिएको छ।

५.३.८ निबन्ध विधासँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका निबन्ध विधासँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन्। ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ।

शीर्षक	प्रकाशन स्रोत
१२. *भैरव अर्याल : निबन्धयात्रा र प्रवृत्ति*	**कुञ्जिनी**, (५/३, २०५४), पृ. ३३-४२।
१३. *शङ्कर लामिछानेको निबन्धकला*	**कुञ्जिनी**, (६/४, २०५५), पृ. ४६-५०।
१४. *राजेन्द्र सुवेदी र मोहनराज शर्मा दुवैका कार्यपत्रमाथिको संयुक्त टिप्पणी*	**प्रवाह स्मारिका**, (२०५७ भदौ), पृ. ३२-३८।
१५. *दिव्योपदेशको वैचारिक र साहित्यिक मूल्य*	**झङ्कार**, (५२/१-२, २०५९ चैत), पृ. ३७-४३।
१६. *युवराज नयाँघरेको निबन्धकला*	**गरिमा**, (२१/११, २०६० कात्तिक), पृ. ५१-५५।
१७. ***हितैषी** बाहिर र भित्र*	**कालो अक्षरदेखि सग्लो अक्षरसम्म**, २०६०, पृ. १४०-१४६।
१८. *यमराजको निम्तोको प्रत्युत्तर*	**जुही**, (२५/३, २०६२ पुस-फागुन), पृ. ३२२-३२८।
१९. *यात्रा साहित्यको उल्लेख्य कृति : प्रशान्तका छालहरूमा मेरो नेपाल*	**मिमिरि**, (३९/२, २०६७ जेठ), पृ. ३३-४२।
२०. *जङ्गबहादुरको बेलाइत यात्राको वस्तुवादी विश्लेषण*	**अन्तर्दृष्टि**, (१९/२, २०६८), पृ. १-१०।
२१. *नियात्राकार प्रतीक ढकाल*	**जनमत**, (२९/७, २०६९ साउन), पृ. १३-१६।
२२. *भैरव अर्यालको हास्यव्यङ्ग्य निबन्धकारिता*	**भैरव स्मारिका २०६९**, पृ. ६५-८२।

भैरव अर्याल : निबन्धयात्रा र प्रवृत्ति शीर्षक लेखमा निबन्धकार भैरव अर्यालको व्यक्ति परिचय प्रस्तुत गरी उनको संलग्नता, जीवनी र आत्महत्याको घटनाबारे जानकारी गराइएको छ। *खोलापारिका पुरेत बाजे* नामक निबन्धबाट निबन्ध यात्रा प्रारम्भ गरेका अर्यालको निबन्ध यात्रा २०१३-२०२२ र २०२२-२०३३ गरी दुई चरणमा प्रस्तुत गरेर उनका निबन्धात्मक प्रवृत्ति र विशेषताहरूका बारेमा चर्चा गर्दै निबन्ध क्षेत्रमा रहेको उनको योगदानको मूल्याङ्कन गरिएको छ।

शङ्कर लामिछानेको निबन्धकला शीर्षक लेखमा शङ्कर लामिछानेको परिचय प्रस्तुत गरी उनका प्रकाशित कृतिहरूको विवरण दिइएको छ । उनको निबन्ध यात्रालाई २००३-२०२३ र २०२४-२०३२ गरी दुई चरणमा विभाजन गरेर अमूर्तता, चेतन प्रवाहशैली, प्रयोगशीलता, आत्मपरकता जस्ता उनका निबन्धात्मक प्रवृत्ति तथा विशेषताहरूको बारेमा चर्चा गरिएको छ ।

राजेन्द्र सुवेदी र मोहनराज शर्मा दुवैका कार्यपत्रमाथिको संयुक्त टिप्पणी शीर्षक लेखमा हास्यव्यङ्ग्यबारे चर्चा गर्दै यसका उद्देश्य प्रस्तुत गरिएको छ । राजेन्द्र सुवेदीको कार्यपत्र विवरणात्मक र खोजमूलक रहेको तथा मोहनराज शर्माको कार्यपत्र सुत्रात्मक र सिर्जनात्मक रहेको कुरा उठाउँदै लुइटेलले यी दुवै विद्वान्का कार्यपत्रको टिप्पणी गरेका छन् । निकै मिहेनत गरेर तयार पारिएको राजेन्द्र सुवेदीको कार्यपत्र खोजमूलक भए तापनि कार्यपत्रमा विधिसम्मत् प्रस्तुति वा शोधविधिको उपयुक्त प्रस्तुति नभएको, टङ्कन त्रुटि अत्यधिक रहेको, थुप्रै ठाउँमा वाक्य नै उलटपलट भएको भन्दै भरतले नाट्यशास्त्रमा हास्यरससम्बन्धी गरेको वर्गीकरणलाई गलत रूपमा प्रस्तुत गर्नु, हास्यव्यङ्ग्यको कालविभाजनको मितिमा गडबड रहनु, **दिव्योपदेश**मा व्यङ्ग्य पाइन्छ भन्नु, हास्यव्यङ्ग्य कथा नै नलेखेका सनत रेग्मीको हास्यव्यङ्ग्यकारमा नाम राख्नु जस्ता प्रसङ्गहरू उठाउँदै उक्त कार्यपत्रका कमीकमजोरीहरू औँल्याएका छन् । मोहनराज शर्माको कार्यपत्रमा सैद्धान्तिक कुराहरूलाई बढी व्याख्येय रूपमा प्रस्तुत गर्नाका साथै केही क्लिष्ट शब्दहरूको प्रयोग गरिएको कुरा प्रस्तुत गरी अन्त्यमा दुवै कार्यपत्रमा सन्दर्भसामग्री नराखेको जस्ता कार्यपत्रका कमजोरीहरूलाई औँल्याउँदै हास्यव्यङ्ग्य छुट्टै विधा नभएर अरू विधामा ओत लागेर आउने गर्दछ भन्ने कुराको जानकारी गराइएको छ ।

दिव्योपदेशको वैचारिक र साहित्यिक मूल्य शीर्षक लेखमा दिव्योपदेश विभिन्न नाममा सम्पादित/प्रकाशित हुने गरेका भए तापनि यस लेखमा दिनेशराज पन्तको सम्पादनमा २०५९ सालमा प्रकाशित **दिव्योपदेश**को *उपक्रम, उपदेशको परम्परा, पाँच भाइ धपेडी, मामाको उपदेश, साइत, नुवाकोट विजय, विदेशी नाचघरको बहिष्कार*जस्ता ६७ वटा शीर्षकको केन्द्रीयतामा विश्लेषण गरिएको छ ।

युवराज नयाँघरेको निबन्धकला शीर्षक लेखमा निबन्धको परिचय प्रस्तुत गरी यसको प्रारम्भबारे जानकारी गराउँदै केही निबन्धकारहरूको नामावली प्रस्तुत गरिएको छ । त्यसपछि निबन्धकार युवराज नयाँघरको परिचयसहित उनका प्रकाशित निबन्ध सङ्ग्रहहरूको बारेमा सामान्य परिचय दिँदै उनका निबन्धात्मक प्रवृत्तिहरू प्रस्तुत गरिएको छ ।

हितैषी *बाहिर र भित्र* शीर्षक लेखमा रुद्रराज पाण्डे, राधिका राय, बालकृष्ण सम र कृष्णबहादुर बर्माका १० वटा निबन्धात्मक लेखहरूको सँगालो **हितैषी** निबन्ध सङ्ग्रहको विश्लेषण गरिएको छ । साहित्यिक र गैरसाहित्यिक व्यक्तिहरूको खासखास सन्दर्भको जानकारी प्रस्तुत गरिएका उक्त निबन्धहरूमा प्रायः व्यक्ति विशेषको प्रशंसा, अनौपचारिक शैली सरल भाषाका साथै अंशतः निजात्मकताजस्ता विशेषताहरू पाइने कुरा प्रस्तुत गरिएको छ ।

यमराजको निम्तोको प्रत्युत्तर शीर्षक लेखमा पोखरा बासी हास्यव्यङ्ग्यकार विश्व शाक्यका निबन्धात्मक प्रवृत्तिहरू प्रस्तत गर्दै उनको हास्यव्यङ्ग्यात्मक निबन्ध **यमराजको निम्तो**को विभिन्न कोणबाट

विश्लेषण गरी उनका रचनामा जातीयताको व्यङ्ग्यात्मक परिचय र राष्ट्रियताका विविध सन्दर्भहरू मुखरित भएको कुरा उल्लेख गरिएको छ ।

यात्रा साहित्यको उल्लेख्य कृति : प्रशान्तका छालहरूमा मेरो नेपाल शीर्षक लेखमा निबन्धको परिचय, प्रवर्तक, परिभाषा, विशेषतासँगै यात्रासंस्मरणको बारेमा चर्चा गरिएको छ । त्यसपछि वि.सं. २०१० मा जन्मिएका चन्द्रप्रसाद भट्टराईद्वारा विदेशयात्रामा लेखिएको **प्रशान्तका छालहरूमा मेरो नेपाल** कृतिमा अनेक क्षेत्रका विकृति विसङ्गतिहरू प्रस्तुत हुनाका साथै स्वदेश र विदेशका अनेक परिस्थितिको तुलना गरिएको कुरा उल्लेख गरिएको छ । यसका साथै राष्ट्रप्रेम, मातृप्रेम, गाउँप्रतिको मोह पाइने यस नियात्रामा उताको सँगसँगै यताको पनि प्रसङ्ग जोड्ने जस्ता सकरात्मक पक्षहरूको बारेमा चर्चा गर्दै सविस्तार वर्णन गर्नु यस कृतिको कमजोरी पक्ष भएको कुरालाई पनि प्रस्तुत गरिएको छ ।

जङ्गबहादुरको वेलायत यात्राको वस्तुवादी विश्लेषण शीर्षक लेखमा जङ्गबहादुरको परिचय प्रस्तुत गर्दै कमल दीक्षितद्वारा सम्पादित तथा २०१४ सालमा मदन पुरस्कार पुस्तकालयबाट प्रकाशित जङ्गबहादुरको वेलायत यात्राको विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गरिएको छ । नेपालका तत्कालीन शक्तिशाली प्रधानमन्त्री जङ्गबहादुरले सोद्देश्यमूलक ढङ्गबाट गरेको समुन्द्रपारिको मुलुक वेलायतको भ्रमण र त्यस समयका घटनाहरूमा आधारित यस नियात्रामा तत्सम, तद्भव र आगन्तुक तिनै किसिमका शब्दको प्रयोग पाइने कुरा उल्लेख गरिएको छ ।

भैरव अर्यालको हास्यव्यङ्ग्य निबन्धकारिता शीर्षक लेखमा भैरव अर्यालको पारिवारिक अवस्था र मृत्युका कारण तथा उनका प्रकाशित कृति, प्राप्त पुरस्कार र उनका नाममा स्थापना गरिएको अक्षयकोषका बारेमा चर्चा गर्दै अर्यालको निबन्धयात्रालाई वि.सं. २०१८ देखि २०२२ र २०२२ देखि २०२८ गरी दुई चरणमा विभाजन गरी दुवै चरणका निबन्धात्मक प्रवृत्ति र प्रकाशित निबन्ध सङ्ग्रहको बारेमा जानकारी गराइएको छ । राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा व्याप्त विकृत र विसङ्गत विषयवस्तुको प्रस्तुति रहने उनका निबन्ध यात्राको पहिलो चरणमा हास्य र दोस्रो चरणमा व्यङ्ग्य बढी पाइने कुरा उल्लेख गर्दै आत्मपरक निबन्ध लेखनमा देवकोटा र शङ्कर लामिछानेले जुन स्थान हासिल गरेका छन्, हास्यव्यङ्ग्य निबन्ध लेखनमा त्यस्तै विशिष्ट स्थान भैरव अर्यालको रहेको बताई उनको निबन्धकारिता, अनुपम, अतुलनीय र अद्वितीय रहेको कुरा प्रस्तुत गरिएको छ ।

५.३.९ लोकसाहित्यसम्बन्धी समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका लोकसाहित्यसँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
१२. *लोकसाहित्यको विधागत वर्गीकरण*	**कुञ्जिनी**, (१३/१०, २०६२-२०६३), पृ. ४९-५२ ।

१३. *बालाचन्द्र गाथाको संरचना विश्लेषण*	**शार्दूल**, (२/२-३, २०६३ वैशाख-असोज), पृ. ४२-५१ ।
१४. *लोकसाहित्यको अध्ययन-अनुसन्धान पद्धति*	**मधुपर्क**, (३९/४, २०६३ भदौ), पृ. ६०-६२ ।
१५. *लोकवार्ता, लोकसाहित्य र शिष्ट साहित्यको सैद्धान्तिक स्वरूप*	**मिमिरे**, (३६/११, २०६४ फागुन), पृ. ४८-६० ।
१६. *लोकगीतको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/८, २०६७ साउन), पृ. ३९-४३ ।
१७. *लोकसाहित्य र शिष्टसाहित्यको तुलनात्मक अध्ययन*	**हिमाली गुराँस**, (१४/२९, २०६७ साउन-असोज), पृ. ६-९ ।
१८. *लिम्बू जातिको सांस्कृतिक धरोहर धाननाच*	**रक्षाकवच**, (१/९, २०६७ भदौ), पृ. ३२-३३ ।
१९. *गाउँखाने कथाको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/१०, २०६७ असोज), पृ. ४०-४२ ।
२०. *तिहारको सांस्कृतिक महत्त्व*	**रक्षाकवच**, (१/११, २०६७ कात्तिक), पृ. ४-५ ।
२१. *उखानको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/१२, २०६७ मङ्सिर), पृ. ... ।
२२. *लोकसाहित्य, लोकवार्ता र लोकवार्ताविज्ञानको सैद्धान्तिक स्वरूप*	**नवप्रज्ञापन**, (५०, २०६७ कात्तिक-पौष), पृ. ५९-७६ ।

लोकसाहित्यको विधागत वर्गीकरण शीर्षक लेखमा विधा वर्गीकरणको परिचय प्रस्तुत गरी माध्यम, प्रस्तुति, श्रेणी, आकार, प्रकारगत आदि साहित्यशास्त्रीय आधारमा विधागत वर्गीकरण गरिएको छ । यो लोकसाहित्यको आदर्श वर्गीकरण भएको बताउँदै लोकसाहित्यका विधाहरूमा लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान र टुक्का आदिको बारेमा गरिएको छ ।

बालाचन्द्र गाथाको संरचना विश्लेषण शीर्षक लेखमा बालचन्द्र गाथालाई परिवारको असहयोगबाट उत्पन्न दुखद् परिणामलाई जीवन्त ढङ्गले सफलतापूर्वक प्रस्तुत गरिएको गाथाका रूपमा चिनाउँदै गण्डकी क्षेत्रमा प्रचलित संवादको प्रधानता रहने यस गाथाको मूलभाव, कथानक, सहभागी, उद्देश्य, भाषाशैली र प्रस्तुति र शीर्षकका आधारमा विश्लेषण गरिएको छ ।

लिम्बू जातिको सांस्कृतिक धरोहर धाननाच शीर्षक लेखमा लिम्बु भाषामा धाननाचलाई *यालाक* र धाननाचमा गाइने गीतलाई *पालाक* भनिने कुराबारे जानकारी गराउँदै पूर्वी नेपालमा प्रचलित युवक र युवती जोडी भएर नाँचिने तर साइनो लाग्नेबीच ननाचिँने संवादात्मक युक्त लिम्बुजातिको सांस्कृतिक धरोहर धाननाचको विषयवस्तु सृष्टि, उत्पत्ति माया, प्रीति, स्नेह, घृणा, विचारविमर्श आदि रहने कुरा प्रस्तुत गरिएको छ । यसका साथै संवादयुक्त पालाम प्रस्तुत गर्दै त्यसको नेपाली अर्थ समेत दिइएको छ ।

लोकसाहित्य र शिष्टसाहित्यको तुलनात्मक अध्ययन शीर्षक लेखमा लोकसाहित्य र शिष्ट साहित्यको परिचय प्रस्तुत गरी लोकसाहित्य र शिष्ट साहित्यको सम्बन्धलाई बुँदामा उल्लेख गरी यी बीचका समानता र भिन्नता प्रस्तुत गरिएको छ ।

नेपाली राष्ट्रिय चाड तिहारको सांस्कृतिक महत्त्व शीर्षक लेखमा तिहार पर्वको बारेमा जानकारी गराउँदै यसको परिचय, अर्थ र महŒव उल्लेख गरी देउसी र भैलोका केही उदाहरणहरू प्रस्तुत गरिएको छ । प्रस्तुत लेखमा आजकल चाडपर्वका नाममा विकृति भित्रन थालेको कुराको चर्चा गर्दै यसतर्फ ध्यान पुऱ्याउन सचेत गराइएको छ ।

५.३.१० इतिहाससँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका इतिहाससँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	**प्रकाशन स्रोत**
१०. *नेपाली कथाको सेरोफेरो*	**मिमिरे**, (३६/१, २०६४ वैशाख), पृ. ३६६-३७३ ।
११. *तेरथुम जिल्लाको साहित्यिक सर्वेक्षण*	**तीनजुरे**, (२/१, २०६६ वैशाख-जेठ), पृ. २४-३२ ।
१२. *नेपाली कविताका प्रमुख प्रवृत्ति (कोरियाली भाषामा)*	**मुनहाकसन** (२०६६, नेपाली काव्य विशेषाङ्क, कोरिया), पृ. १५६-१७२ ।
१३. *नेपाली कविताका प्रवृत्ति*	**कविता**, (८८, २०६७ जेठ-भदौ), पृ. ११५-१३७ ।
१४. *समकालीन नेपाली कविताका प्रवृत्ति*	**हाम्रो ध्वनि**, (४१/४, २०६८ माघ-फागुन), पृ. २-५ ।
१५. *नेपाली कविताको इतिहासमा महिलाहरूको अवस्थिति*	**नारी सिर्जना र चिन्तना**, २०६८, पृ. ७२-९६ ।
१६. *समकालीन नेपाली साहित्यको परिदृश्य*	**नेपाली संगम**, (अङ्क २, अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन विशेषाङ्क-२०१३ कोलकाता), सन् २०१४, पृ. ११-४३ ।
१७. *कथा सिद्धान्त र नेपाली कथाको इतिहास*	**सुलेख**, (३/६, २०७१ असोज), पृ. १८२-२३० ।
१८. *नेपाली कविताको इतिहासमा महिलाहरूको अवस्थिति*	**TMCसौगात,** (७/६,२०७१), पृ.१३-२६ ।

नेपाली कथाको सेरोफेरो शीर्षक लेखमा कथाका बारेमा सामान्य जानकारी दिई नेपाली कथाको विकासक्रमको सीमाङ्कन गरिएको छ । पूर्वकाल र वर्तमान कालमा कथाको काल विभाजन गरी दुवै कालका केही कथाकार, कथा र कथात्मक विशेषता प्रस्तुत गरिएको छ र त्यसपछि २०१७ सालको राजनैतिक परिवर्तनपछिको समय कथा लेखनको खास समय भएको जानकारी गराउँदै कथाको वर्तमान कालका विभिन्न धाराहरू र विशेषताहरू प्रस्तुत गरिएको छ ।

तेरथुम जिल्लाको साहित्यिक सर्वेक्षण शीर्षक लेखमा तेरथुम जिल्लाको भौगोलिक/प्राकृतिक, सामाजिक/सांस्कृतिक, राजनैतिक प्रशासनिक, शैक्षिक प्राज्ञिक, साहित्यिक आदि विभिन्न आधारबाट परिचय प्रस्तुत गरिएको छ । यस लेखमा तेरथुमबाट प्रकाशित भएका र हुने विभिन्न पत्रिपत्रिकाहरूको नाम प्रस्तुत गर्दै तेरथुममा जन्मिएका कवि, कथाकार, उपन्यासकार, निबन्धकार, समालोचक, भाषाव्याकरणकार तथा कोशकार, पाठ्यपुस्तक लेखक आदि क्षेत्रका साहित्यकारहरूको बारेमा जानकारी गराइएको छ ।

नेपाली कविताका प्रवृत्ति शीर्षक लेखमा सुरुदेखि वि.सं. १९४० सम्म प्राथमिक, वि.सं. १९४१ देखि १९९१ सम्म माध्यमिक र वि.सं. १९९१ पछिको समयलाई आधुनिक काल गरी कविताको विकासक्रम प्रस्तुत गर्दै आधुनिक कालका स्वच्छन्दतावादी, प्रयोगवादी, समसामयिक धाराको बारेमा विशेष चर्चा गरिएको छ । प्रत्येक कालका प्रमुख कवि, कृति र त्यस कालका विशेषताहरू उल्लेख गरिएको यस लेखमा पृथ्वीनारायण

शाहको एकीकरण अभियानको हाराहारीमा कविताको विकासक्रम प्रारम्भ भएको कुरा प्रस्तुत गरिएको छ । यो लेख कोरियाली भाषामा समेत प्रकाशित छ ।

समकालीन नेपाली कविताका प्रवृत्ति शीर्षक लेखमा समकालीनता र आधुनिकतावीचको भिन्नता प्रस्तुत गर्दै अन्तर्राष्ट्रिय क्षेत्रमा देखापरेका अनेक विकृति र विसङ्गतिहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिने समकालीन कवितामा मानवीय मूल्य र अस्तित्वको खोजी गर्दै राजनैतिक अस्तव्यस्तता र अन्याय, अत्याचार, भ्रष्टाचारलाई विषयवस्तुका रूपमा प्रयोग गरिने गरेको कुरा प्रस्तुत गरी निजी पहिचान दिन सक्ने कवित्वपूर्ण र गुणात्मक मूल्यका कविता सिर्जना गरी कविताको उन्नयनतर्फ कविहरू प्रवृत्त हुनुपर्ने कुरामा जोड दिइएको छ ।

नेपाली कविताको इतिहासमा महिलाहरूको अवस्थिति शीर्षक लेखमा कविताको विकासक्रम प्रस्तुत गर्दै प्रत्येक कालमा कविताका क्षेत्रमा देखापरेका महिलाहरू र उनीहरूका प्रकाशित काव्य कृतिबारे जानकारी गराइएको छ । प्राथमिक कालका प्राणमञ्जरी देवी, त्रिपुरासुन्दरी, हीरा गाइनेली, माध्यमिक कालका भक्तिकुमारी राणा, भगवतकुमारी पाण्डे, विद्यादेवी दीक्षित आदि र आधुनिक कालका विभिन्न महिला कवि, तिनका काव्य कृति र काव्यात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको यस लेखमा नेपालभित्र र नेपालबाहिर रहेका नेपालीहरूका बारेमा चर्चा गर्दै महिला कविहरूको सङ्ख्यामा वृद्धि हुँदै गए तापनि सबैका कविताहरू भने स्तरीय नभएको कुरा प्रस्तुत गरिएको छ ।

समकालीन नेपाली साहित्यको परिदृश्य शीर्षक लेखमा समकालीनता र आधुनिकता समानार्थी नभएर भिन्नार्थबोधक शब्द भएको कुरासहित समकालीनताको परिचय प्रस्तुत गरी नेपाली कविताको समकालीन धाराको समयावधिका विभिन्न कालखण्डमा देखापरेका अभियान र आन्दोलनहरूका बारेमा जानकारी गराइएको छ । यी विभिन्न अभियान र आन्दोलनहरूले समकालीन नेपाली साहित्यको विकासमा केही न केही नवीनता थप्ने काम गरेको र यसमा भारतीय नेपाली साहित्यकार र विभिन्न पत्रपत्रिकाहरूको पनि विशिष्ट भूमिका रहेको बताइएको छ । यसमा समकालीनताको सैद्धान्तिक स्वरूपको प्रस्तुतिपछि समकालीन नेपाली कविता, कथा, उपन्यास, नाटक/एकाङ्की, निबन्ध, समालोचनाजस्ता विधाहरूमा देखापरेका विभिन्न धारा तथा प्रवृत्तिहरूको बारेमा जानकारी गराइएको छ । अन्त्यमा उत्तरआधुनिकतावाद र उत्तरआधुनिकतावादीका बारेमा विशेष चर्चा गर्दै कृतिको अनावश्यक चर्चा, परिचर्चा गरी समालोचक तथा भूमिका लेखकले दशक वा शतककै उत्कृष्ट अतुलनीय कृति भनिदिने परिपाटी रहेकोमा यस्तो प्रवृत्तिलाई बेलैमा सच्च्याएर नेपाली साहित्यको गतिलाई निरन्तरता दिनुपर्ने कुरा निष्कर्ष निकालिएको छ ।

कथा सिद्धान्त र नेपाली कथाको इतिहास शीर्षक लेखको प्रारम्भमा कथाको परिचय दिई दण्डी, वामन, ई एम. फोस्टर, एडगर एलेन पो, देवकोटा आदिका परिभाषा प्रस्तुत गरिएको छ । त्यसपछि विषयवस्तुका आधारमा, प्रस्तुतिगत प्रधानताका आधारमा, शैलीय आधारमा, आयामका आधारमा, परिणति वा प्रभावका आधारमा, सङ्गठनका आधारमा कथाको वर्गीकरण गरी व्याख्या गरिएको छ । कथाका संरचक घटकहरूमा कथानक, सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीय विन्यास आदिको बारेमा चर्चा गर्दै कथा र

उपन्यास बीच तुलना गरिएको छ । त्यसभन्दा पछि नेपाली कथाको काल विभाजन गरिएको छ । जसलाई प्राथमिक काल (सुरुलेखि १९५७ सम्म), माध्यमिक काल (१९५८ देखि १९९१ सम्म) र आधुनिक काल (१९९२ देखि यता) गरी विभाजन गरिएको छ र प्रत्येक कालका कथाकार, कथा र कथागत प्रवृत्तिहरू प्रस्तुत गरिएको छ । आधुनिक नेपाली कथाका प्रमुख धाराहरूमा यथार्थवादी, स्वच्छन्दतावादी, प्रयोगवादी धाराको चर्चा गर्दै उपसंहारमा नेपाली कथाको समसामयिक धाराको मूल प्रवृत्ति वर्तमान युगीन विविध क्षेत्रका यथार्थको प्रकटीकरण रहेको देखिएकाले यस धाराको नाम यथार्थवादी धारा राख्न सकिने अवस्था रहेको कुरा प्रस्तुत गरिएको छ ।

यी विभिन्न शीर्षकका लेखहरू माथिका अन्य विभिन्न शीर्षकअन्तर्गत परे तापनि यी सबैको विश्लेषण माथि कुनै पनि शीर्षकमा गरिएको छैन ।

५.३.११ डायस्पोरासँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका नाटक, एकाङ्कीसँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
९. *नेपाली साहित्यमा डायस्पोराको योगदान*	**जनमत**, (२४/११-१२, २०६४ पुस), पृ. ९-१५ ।
१०. *नेपाली साहित्यमा डायस्पोराको योगदान*	**हाम्रो ध्वनि**, (४०/९, २०६६ जेठ-असार), पृ १३-२१ ।
११. *डायस्पोरा सिद्धान्त र नेपाली सन्दर्भ*	**शब्दाञ्जली**, (४/३, २०६८ वैशाख), पृ. ७-१४ ।
१२. *डायस्पोराको सैद्धान्तिक स्वरूप*	**प्रहरी**, (५३/१, २०६८ वैशाख), पृ. १३-१७ ।
१३. *नेपाली साहित्यमा डायस्पोराको योगदान*	**अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन**, सन् २०१२, पृ. ५५-७१ ।
१४. *आप्रवासी नेपाली साहित्यको सैद्धान्तिक र व्यावहारिक पक्ष*	**गरिमा**, (३०/१२ २०६९ मङ्सिर), पृ. ८७-९६ ।
१५. *नेपालबाहिर नेपाली साहित्यको अवस्था*	**साहित्य संसार**, (१, २०१३ सेप्टेम्बर-डिसेम्बर), पृ. २०-२३ ।
१६. *नेपाली डायस्पोरिक साहित्य : सिद्धान्त र प्रयोग*	**अनेक डायस्पोराको साहित्य**, २०७०, पृ. २०-४६ ।

नेपाली साहित्यमा डायस्पोराको योगदान शीर्षक लेख **हाम्रो ध्वनि** (४०/९, २०६६ जेठ-असार) र **अन्तराष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन** (सन् २०१२) मा पनि प्रकाशित छ । यसमा डायस्पोराको प्रारम्भिक अर्थ बलपूर्वक ननिकाली आफैँ संसारभर फैलिनु भएको र देशबाहिर गएर लामो समय बसोबास गरी त्यहाँको भाषा, संस्कृति, रहनसहन अङ्गीकार गरिसकेका लेखकहरूबाट सिर्जित साहित्यलाई डायस्पोरिक साहित्य भनिने कुरा जानकारी गराउँदै केही डायस्पोरिक कृति र कृतिकारको विवरण प्रस्तुत गरिएको छ । नेपाली साहित्यमा डायस्पोरासम्बन्धी रहेको भ्रमलाई प्रस्तुत गरी यताबाट उता गएर लेखिएका जति जम्मै

साहित्यलाई डायस्पोरिक भन्न थालिएमा उत्पन्न हुने प्रश्नहरू प्रस्तुत गर्दै डायस्पोरिक शब्दको सही ठाउँमा मात्र प्रयोग गरिनुपर्ने कुराप्रति सचेत गराइएको छ ।

नेपालबाहिर नेपाली साहित्यको अवस्था शीर्षक लेखमा नेपाल बाहिर बस्ने नेपाली साहित्यकारहरूको सक्रियतामा खोलिएका विभिन्न साहित्यिक सङ्घसंस्थाहरूको परिचयसँगै डायस्पोरिक, आप्रवाशी, परदेशी, लाहुरे आदि नामबाट नेपाली साहित्यलाई चिनाउने होडबाजी चलेको र त्यसमा पनि सबैभन्दा बढी डायस्पोरिक शब्द चर्चामा रहेको प्रसङ्ग उठाउँदै सिर्जनाको विश्लेषण कसैलाई उचाल्ने, पछार्ने नगरी तटस्थ रूपले गर्नुपर्ने कुरा प्रस्तुत गरिएको छ । यसका साथै नेपाल बाहिरबाट पनि कृतिहरू प्रकाशन हुन थालेका र गौहाटी, सिक्किम लगायत संसारका कतिपय ठाउँका विश्वविद्यालयहरूमा नेपाली भाषा पठनपाठन हुन थालिसकेको कुरासँगै नेपालबाहिर नेपाली साहित्यको अवस्था निरासाजनक नभई उत्साहप्रद नै भएको कुरा प्रस्तुत गरिएको छ ।

खगेन्द्रप्रसाद लुइटेलका समालोचना लेखहरू सबैभन्दा बढी कविता विधासँग सम्बन्धित रहेका छन् । उनले कतिपय धैरेले नाम नै नसुनेका र कतिपय चर्चित कविहरू, तिनीहरूका काव्यप्रवृत्ति र प्रकाशित काव्यहरूको विभिन्न कोणबाट विश्लेषण गर्नका साथै नेपाल भित्रका मात्र नभएर नेपाल बाहिर विभिन्न ठाउँमा बस्ने नव सापकोटा, पुष्पलाल उपाध्यायजस्ता कविहरूको बारेमा पनि चर्चा गरेका छन् । लेखहरूलाई विभिन्न शीर्षकमा विभाजन गरेर प्रस्तुत गरिएका उनका प्रत्येक लेखको विश्लेषणका क्रममा वस्तुवादी पद्धतिको प्रयोग गरिएको छ । उनका यस क्षेत्रका लेखहरूले कतिपय ओझेलमा परेका साहित्यकारहरूका बारेमा जानकारी गराउनका साथै चर्चितहरूका बारेमा पनि थप जानकारी प्रदान गरेका छन् ।

५.४ पुस्तक समीक्षाहरूको परिचयात्मक अध्ययन

खगेन्द्रप्रसाद लुइटेलका थुप्रै समालोचनात्मक लेखहरूका साथै विभिन्न व्यक्ति तथा साहित्यकारहरूका पुस्तक माथि गरिएका विविध शीर्षकका पुस्तक समीक्षाहरू पनि विभिन्न पत्रिकाहरू तथा अनलाइन पत्रिकाहरूमा प्रकाशित भएका छन् । यस शोधपत्रमा लुइटेलले गरेका सबै कृति समीक्षाहरू प्रस्तुत गरी पत्रिकाहरूमा प्रकाशित समीक्षाहरूको मात्र परिचयात्मक अध्ययन गरिएको छ । उनीद्वारा समीक्षा गरिएका विभिन्न व्यक्तिका पुस्तकहरूको समीक्षा निम्नानुसार रहेका छन् :

लेखक	पुस्तक	शीर्षक	प्रकाशन स्रोत
३१. लेखनाथ पौडेल	**शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा**	*शैक्षिक जगत्मा नौलो पुस्तक*	**कान्तिपुर**, २०५० फागुन २८, पृ. ख ।
३२. मोहनराज शर्मा र कृष्णहरि बराल	**भाषाविज्ञान र नेपाली भाषा**	*भाषिक क्षेत्रमा नयाँ उपलब्धि*	**शिक्षाशास्त्र सौरभ**, २/२, २०५०, पृ. ३८-३९ ।
३३. रमेश विकल	**निलगिरिको छायामा**	***निलगिरिको छायामा** : यात्रावृत्तको*	**मिर्मिरे**, २३/४, २०५१ असोज, पृ. ६०-६३ ।
३४. यज्ञेश्वर निरौला	**क्रियाको रूपतत्त्वका आधारमा नेपाली भाषिकाहरूको अध्ययन**	*नेपालीका भाषिकाको अध्ययन एक कदमअघि*	**कान्तिपुर**, २०५२ जेठ ६, पृ. ख ।
३५. ध्रुवचन्द्र गौतम	**दुविधा**	***दुविधा उपन्यास***	**गोरखापत्र**, २०५२ माघ २७, पृ. ६ ।

३६. मोहनराज शर्मा	**शब्दरचना र वर्णविन्यास**	***शब्दरचना र वर्णविन्यास***	**हिमालय टाइम्स**, २०५३ वैशाख १५, पृ. ४ ।
३७. मोहनराज शर्मा	**शब्दरचना र वर्णविन्यास**	*शैक्षणिक उपलब्धि :* ***शब्दरचना र वर्णविन्यास***	**सयपत्री**, २/२-३, २०५३ भदौ-चैत, पृ.२११-२१४ ।
३८. गोविन्द गिरी प्रेरणा	**अचानक एकदिन**	***अचानक एकदिन***	**गरिमा**, १५/१०, २०५४ असोज, पृ. १११-११२ ।
३९. कशघ	**बुइँगलको एउटा बाकस**	*कशघका* ***बुइँगलको एउटा बाकस*** *खोली हेर्दा*	**गरिमा**, १६/३, २०५४ फागुन, पृ. ११४-११६ ।
४०. वियोगी बुढाथोकी	**छुटेका यादहरू**	*युगीन यथार्थको अभिव्यक्ति :* ***छुटेका यादहरू***	**गरिमा**,१६/७, २०५५ असार, पृ. १०१-१०३ ।
४१. मोहनराज शर्मा	**समकालीन नेपाली समालोचना**	*नेपाली समालोचनामा विस्फोटक क्रान्ति*	**समकालीन साहित्य**, ९/३, २०५६ साउन-असोज, पृ. १७९-१८२ ।
४२. आर. डी. प्रभास चटौत	**डोटचाली बृहत् शब्दकोश**	*कोशविज्ञानका कसीमा* ***डोटचाली बृहत् शब्दकोश***	**नेपाल समाचारपत्र**, २०५८ मङ्सिर २५, पृ. ५ ।
४३. कुमारप्रसाद कोइराला	**नेपाली आख्यानको अध्ययन**	*नेपाली आख्यान : सन्दर्भ समालोचना*	**नेपाल समाचारपत्र**, २०५९ पुस ९, पृ. ५ ।
४४. लक्ष्मणप्रसाद गौतम	**समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**	*बिम्ब र नेपाली कवितामा बिम्बविधान*	**समकालीन साहित्य**,१४/३, २०६१ वैशाख-असार, पृ.१६३-१६६ ।
४५. लक्ष्मणप्रसाद गौतम र अन्य	**नोबेल पुरस्कार विजेता साहित्यकार**	*नोबेल पुरस्कार विजेता साहित्यकार : पाठकका लागि उत्कृष्ट उपहार*	**मधुश्री**, ५/४, २०६३, पृ. ३-५ ।
४६. गोपाल पराजुली	**पच्चीस प्रतिभा भाग ३**	*बालोपयोगी जीवनीहरू*	**मधुपर्क**,४०/३, २०६४ साउन, पृ. १८ ।
४७. मोहन सिटौला	**नयाँ मुलुकको नाद**	*मिश्रित स्वादको कृति*	**मधुपर्क**,४०/७, २०६४मङ्सिर,पृ.११-१२ ।
४८. मोहन सिटौला	**नयाँ मुलुकको नाद**	उत्कृष्ट कविता कृति : नयाँ मुलुकको नाद	**समकालीन साहित्य डट कम**, २०६७ वैशाख ४ ।
४९. होमनाथ सुवेदी	**चिरिएको मुटु**	डायस्पोरिक साहित्यको राम्रो बान्की : चिरिएको मुटु	**समकालीन साहित्य डट कम**, २०६७ वैशाख २५ ।
५०. बखतबहादुर थापा	**कालचक्र**	कालचक्र : प्राविधिक ठगी र जनयुद्धको जीवन्त चित्रण	**समकालीन साहित्य डट कम**, २०६७ साउन ४
५१. डा. तारानाथ शर्मा र अन्य	**उत्तर अमेरिकाका नेपाली कवि र कविता**	उत्तर अमेरिकाका नेपाली कवि र कविता	**समकालीन साहित्य डट कम**, २०६७ साउन २५
५२. उज्ज्वल जिसी	**निरीह समयमाथि**	युगीन यथार्थको काव्यात्मक दिग्दर्शन	**समकालीन साहित्य डट कम**, २०६७ कार्तिक २७ ।
५३. रुकु कार्की	**जीवनज्योति**	आदर्शमिश्रित सामाजिक यथार्थवादी उपन्यास : जीवनज्योति	**समकालीन साहित्य डट कम**, २०६८ जेठ १२ ।
५४. कृष्ण प्रसाईं	**घामको वर्षा**	ध्यान कविताको राम्रो बान्की : घामको वर्षा	**समकालीन साहित्य डट कम**, २०६८ भदौ १९ ।
५५. विद्याप्रसाद घिमिरे	**सेलाएको घाम**	बोधगम्य कविताको सँगालो : सेलाएको घाम	**समकालीन साहित्य डट कम**, २०६८ भदौ २५ ।
५६. गीता खत्री र अन्य	**अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन**	*डायस्पोरिक समालोचना सङ्ग्रह : अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन*	**अन्तर्दृष्टि**, २०/१, २०६९ चैत, पृ. १६१-१६९ ।
५७. सूर्य सुवेदी	**सिर्जना र दृष्टिकोण**	*अनुभवको उत्कृष्ट सङ्ग्रह*	**नागरिक,** २०७१ कार्तिक २२, पृ. १० ।

५८. गीता खत्री र अन्य (सम्पा.)	**अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन**	*डायस्पोरिक समालोचना सङ्ग्रह*	**समकालीन साहित्य डट कम**, २०७१ माघ ९ ।
५९. डा. गोविन्दसिंह रावत	**विश्व रङ्गमञ्चमा सडक नाटक परम्परा**	*सडक नाटक र रङ्गमञ्चबारेको आधिकारिक शोधग्रन्थ*	**समकालीन साहित्य डट कम,** २०७१ फागुन २१ ।
६०. सूर्य सुवेदी	**सिर्जना र दृष्टिकोण**	*अनुभवसिद्ध अनुभूतिको उत्कृष्ट सङ्ग्रह*	**समकालीन साहित्य डट कम,** २०७१ फागुन २५ ।

शैक्षिक जगत्मा नौलो पुस्तक शीर्षक पुस्तक समीक्षामा लेखनाथ पोडेलद्वारा लेखिएको **शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा** (२०५०) नामक कृति शैक्षिक/शैक्षणिक र नेपालको शैक्षिक इतिहास दुवै पक्षलाई एकै ठाउँमा समेटेर सुव्यवस्थित र वस्तुपरक ढङ्गले लेखिएको दुई खण्डमा विभाजित प्रस्तुत कृतिमा विभिन्न विषयको जानकारी पाइने हुनाले शिक्षा विषयप्रति जिज्ञासा राख्ने सबैका लागि यो पुस्तक उपयोगी रहेको कुरा प्रस्तुत गरिएको छ ।

भाषिक क्षेत्रमा नयाँ उपलब्धि शीर्षक पुस्तक समीक्षामा मोहनराज शर्मा र कृष्णहरि बरालको सहलेखनमा प्रकाशित **भाषाविज्ञान र नेपाली भाषा** नामक पुस्तकको समीक्षा गरिएको छ । भाषा र भाषाविज्ञान जस्तो अफ्ठ्यारो विषयलाई सरल र सुबोध तरिकाले प्रस्तुत गरिनु उक्त पुस्तकको शक्ति भएको कुरा प्रस्तुत गर्नका साथै उक्त पुस्तकमा यान्त्रिक त्रुटिहरू पाइनु, आवरण सज्जाछपाइ कागज त्यति आकर्षक नभएको भनी सीमाको चर्चा गर्दै उक्त पुस्तकका शक्ति रसीमा दुवै औँल्याइएको छ ।

निलगिरिको छायामा : यात्रावृत्तको नमुना शीर्षक पुस्तक समीक्षामा रमेश विकल र उनका प्रकाशित कृतिहरूका बारेमा जानकारी गराउँदै २०३७ साल चैत्र २३ गतेदेखि रमेश विकलद्वारा गरिएको काठमाडौँदेखि मुक्तिनाथसम्मको पन्ध्र दिने यात्रामा आधारित **निलगिरिको यात्रामा** नामक कृतिको समीक्षा गरिएको छ । औपन्यासिक संरचनामा आबद्ध प्रस्तुत पुस्तकमा वर्णनात्मक, आत्मकथात्मक, संवादात्मक शैलीको प्रयोग गरी मुक्तिनाथको सबै स्थानको जानकारी गराइएको कुरा प्रस्तुत गरिएको छ ।

नेपाली भाषाको अध्ययन एक कदम अगाडि शीर्षक पुस्तक समीक्षामा यज्ञराज निरौलाद्वारा लिखित **क्रियाको रूपतCवका आधारमा नेपाली भाषिकाहरूको अध्ययन** नामक पुस्तकको समीक्षा गरिएको छ । पचहत्तरै जिल्लाका नेपाली भाषा बोल्ने नेपालीहरूबाट सामग्री सङ्कलन गरी वर्णनात्मक ढङ्गमा विषयवस्तु प्रस्तुत गरी विश्लेषण गरिएको उक्त पुस्तक नेपाली भाषिकाको क्षेत्रमा गरिएको नवीनतम् अध्ययन भएको कराको चर्चा गर्दै यो पुस्तक नेपाली भाषाका क्षेत्रमा रुचि राख्ने सबैका लागि उपयोगी रहेको कुरा प्रस्तुत गरिएको छ ।

दुविधा उपन्यास शीर्षक पुस्तक समीक्षामा उपन्यासका क्षेत्रमा सङ्ख्या र गुणात्मक दुवै दृष्टिले उत्कृष्ट र विशिष्ट प्रतिभा ध्रुवचन्द्र गौतगको **दुविधा** उपन्यासको समीक्षा गरिएको छ । नेपाली आख्यान जगत्कै कथ्य र शिल्प दुवै दृष्टिले बेजोड उक्त कृतिमा श्यामव्यङ्ग्यको प्रथम प्रयोग रहेको कुराको चर्चा गर्दै श्यामव्यङ्ग्यका दृष्टिले ऐतिहासिक महCव रहेको यो कृति साहित्यानुरागीहरूका लागि पठनीय र सङ्ग्रहणीय रहेको कुरा प्रस्तुत गरिएको छ ।

शब्दरचना र वर्णविन्यास शीर्षक पुस्तक समीक्षामा मोहनराज शर्माद्वारा लिखित **शब्दरचना र वर्णविन्यास : भाषावैज्ञानिक पद्धति** थुप्रै संस्करण प्रकाशित भइसकेको र अहिलेको संस्करणमा यसको नाम **शब्दरचना र वर्णविन्यास : वाक्य तथ्य, अभिव्यक्ति र साहित्य** (२०५२) रहेको बारे जानकारी गराउँदै तिन भागमा विभाजित प्रवीणता प्रमाणपत्र र १० जोड दुई कक्षाको पाठ्यक्रममा निर्धारित स्वीकृत आधिकारिक उक्त पाठ्यपुस्तकको विषयवस्तु प्रस्तुत गर्दै व्याकरण जस्तो जटिल विषयलाई पनि सरल ढङ्गमा प्रस्तुत गरिएको, सैद्धान्तिक र व्यवहारिक दुवै दृष्टिले स्पष्ट उक्त पुस्तक नेपाली भाषा र व्याकरणका क्षेत्रमा अद्वितीय र अमूल्य निधि बन्न पुगेका कुरा प्रस्तुत गरिएको छ ।

शैक्षणिक उपलब्धि : शब्दरचना र वर्णविन्यास शीर्षक पुस्तक समीक्षामा मोहनराज शर्माद्वारा लेखिएको तिन भागमा विभाजित तिनवर्षे स्नातक तहको पाठ्यक्रम अनुसार अनिवार्य रूपमा पढाइने **शब्दरचना र वर्णविन्यास** पुस्तकको विषयवस्तुबारे जानकारी गराउँदै मोराश व्याकरण र भाषाविज्ञान दुवैमा राम्रो दखल भएका वरिष्ठ विद्वान् भएका कारणल यो पुस्तक सैद्धान्तिक र व्यवहारिक दुवै दृष्टिले सुस्पष्ट र सुगम बन्न पुगेको कुरा प्रस्तुत गरिएको छ ।

अचानक एकदिन शीर्षक पुस्तक समीक्षामा गोविन्द गिरि प्रेरणाका प्रकाशित कृतिको विवरण प्रस्तुत गर्दै तिन वर्षमा लेखिएका २४ वटा कविताहरूको सङ्कलन **अचानक एकदिन**मा भावसाम्य कविताको बाहुल्यता पाइने कुरा उल्लेख गर्दै गृहीत विषयवस्तुलाई शृङ्खलित रूपमा अनुभूतिमय तुल्याएर सहज, स्वभाविक, संवेद्य र मार्मिक ढगले प्रस्तुत गर्नु गिरीको विशेषता भएको कुरा जानकारी गराइएको छ । देशभक्तिको भावना प्रस्तुत गरिएको यो पुस्तक अधिकांश कवितामा सामाजिक, ऐतिहासिक र पौराणिक क्षेत्रमा बिम्बहरूलाई नितान्त नवीनताका साथ प्रस्तुत गरी आफूले भोगेको युगीन सन्दर्भ र वैयक्तिक जीवनका प्रसङ्गहरूबाट विषयवस्तु ग्रहण गरिएको कुरा प्रस्तुत गरिएको छ ।

कशघका बुईंकलको एउटा बाकस खोली हेर्दा शीर्षक पुस्तकसमीक्षामा कवितासम्बन्धी कमलमणि दीक्षित, शरद्चन्द्र भट्टराई र घटराज भट्टराई आपसमा मिलेर नेपाली साहित्यको अतीतको खोजी गर्ने काममा जुटेको कुरालाई महत्वपूर्ण र अनुकरणीय मान्नुपर्ने कुरा प्रस्तुत गर्दै **एउटा अर्को बुईंकल** (२०५३) पछि प्रकाशित भएको **बुईंकलको एउटा बाकस** (२०५३) लाई टुक्रे कविता र समस्यापूर्तिका बिटाले भरिएको ट्याङ्काका रूपमा लिन सकिने भन्दै दुई खण्डमा विभाजित यो कृतिका विशेषता, प्रत्येक प्रत्येक शीर्षकको विषयवस्तु प्रस्तुत गरी उक्त पुस्तक बाह्यान्तरण साजसज्जा, कागज, टङ्कन, मुद्रण आदि निकै आकर्षक र पाठकहरूका लागि पठनीय रहेको कुरा जानकारी गराइएको छ ।

युगीन यथार्थको अभिव्यक्ति शीर्षक पुस्तकसमीक्षामा समसामयिक धाराका चर्चित युवाकवि वियोगी बुढाथोकीका प्रकाशित कविताहरूको नाम उल्लेख गर्दै अधिकांश शीर्षक संकेतात्मक र प्रतीकात्मक भए पनि ती भाव अनुकुल सामञ्जस्यमूलक रहेका कुरा प्रस्तुत गर्दै मूलतः युगीन जनजीवनका विविध क्षेत्रमा व्याप्त विसंगति र विकृत यथार्थलाई विषयवस्तु बनाइएको यस पुस्तकमा विश्वमा व्याप्त र रङ्गभेद र वर्णभेद नीतिको विरोध गरिएको कुरा उल्लेख गरिएको छ । सरल र सहज भाषा, युग सचेतता, सामाजिकता, देशप्रेम,

युगीन विवशता र बाध्यताको अभिव्यक्ति पाइने यस पुस्तकको वर्णविन्यासगत असावधानी र मुद्रणगत त्रुटिले कविताको गाम्भीर्यतालाई हल्का तुल्याएको तथा साझा प्रकाशनजस्ता संस्थाको प्रकाशकीय व्यक्ति विशेषका नामबाट प्रस्तुत गरिनुलाई उपयुक्त नमानिने कुरा प्रस्तुत गरिएको छ ।

नेपाली समालोचनामा विष्फोटक क्रान्ति शीर्षक पुस्तक समीक्षामा नेपालीका शीर्षस्थ साहित्यकार प्रा. मोहनराज शर्मालाई कथाकार, नाटककार/एकाङ्कीकार, हास्यव्यङ्ग्य निबन्धकार, भाषा व्याकरणकार, समालोचक तथा शैलीवैज्ञानिक समालोचना पद्धति र समकालीन समालोचनाका प्रवर्तकका रूपमा परिचित गराई उनका समालोचनाका मूल वैशिष्ट्य प्रस्तुत गर्दै **समकालीन समालोचना : सिद्धान्त र प्रयोग** (२०५२) नामक कृतिमा प्रस्तुत प्रत्येक परिच्छेदको विषयवस्तुका बारेमा जानकारी गराइएको छ । समकालीन समालोचनाको सैद्धान्तिक र प्रायोगिक दुवै दृष्टिले अत्यन्त उच्चकोटीको समालोचनात्मक ग्रन्थ मान्नुपर्ने यस कृतिमा हरेक विधाका सटिक र वस्तुगत परिभाषा, सिद्धान्त र प्रयोगको समन्वित प्रयोगका साथै प्रस्तुतिका दृष्टिले अद्वितीय, वस्तुवादी र भाषावादी ढङ्गले विश्लेषण गरिएको तथा बजार भाउमा अत्यन्तै सस्तो यस कृतिलाई नेपाली समालोचनाका फाँटमा विष्फोटक क्रान्तिका रूपमा लिनुपर्ने कुरा प्रस्तुत गरिएको छ ।

कोशविज्ञानका कसीमा डोटचाली बृहत् शब्दकोश शीर्षक पुस्तक समीक्षामा जोसुकै कोशकार बन्न नसक्ने कुरा उठाउँदै नेपाली भाषाको उद्गमस्थल मानिने सुदूरपश्चिम क्षेत्रमा अनेक भाषिका भए तापनि कोश निर्माण प्रक्रिया त्यति नभएको भन्दै आर. डी. प्रभास चटौतले निर्माण गरेको डोट्याली बृहत् शब्दकोशको समीक्षा गरिएको छ । कोश निर्माण र विश्लेषणका लागि प्रविष्टिपूर्व, प्रविष्टि र उत्तरप्रविष्टिमा ध्यान दिनुपर्ने कुरासहित मूल प्रविष्टिमा समाविष्ट शब्दलाई नेपाली भाषाको वर्णानुक्रमानुसार राखिएको डोट्याली भाषाको पहिलो कोश बन्ने श्रेय प्राप्त गरेको यस कोशमा सामान्य कमजोरी पाइए तापनि यसलाई ज्यादै महत्वपूर्ण कृतिका रूपमा लिन सकिने कुरा प्रस्तुत गरी प्रविष्ट उत्तर भागमा विभिन्न शीर्षक र विषयवस्तुहरूलाई वर्णानुक्रममा राख्ने प्रयास गरिएको भए तापनि यस कोशको सन्दर्भग्रन्थसूची रखाइमा विधिसम्मत् प्रविधिको अनुसरण गरिनु आवश्यक भएको कुरा प्रस्तुत गरिएको छ ।

बिम्ब र नेपाली कवितामा बिम्बविधान शीर्षक पुस्तक समीक्षामा लुइटेलले लक्ष्मणप्रसाद गौतमका प्रकाशित समालोचनात्मक कृतिहरूको विवरण दिँदै साझा प्रकाशनबाट २०६० सालमा प्रकाशित **समकालीन नेपाली कवितामा बिम्ब विधान** नामक चार परिच्छेदमा विभक्त यस कृतिमा प्रस्तुत विषयवस्तुको सामान्य परिचय दिँदै उक्त कृतिमा प्रविधिगत, विषयगत एवं प्रस्तुतिगत सामान्य कसरमसर रहे तापनि समग्रमा यो कृति प्रभाववादिताबाट वस्तुवादितातर्फ उन्मुख भएको यस क्षेत्रको विशिष्ट उपलब्धि भएको कुरा बताएका छन् । यसका साथै बिम्बलाई अर्थ्याइ समकालीन नेपाली कवितामा यसको अवस्थिति निरूपण गरिएको यो नेपालीकै पहिलो आधिकारिक कृति भएको कुरा उल्लेख गर्दै बिम्बको सैद्धान्तिक ज्ञानका अतिरिक्त समकालीन नेपाली कविताका मूलभूत वैशिष्ट्य र तिनमा बिम्बको अवस्थितिबारे जानकारी लिनको लागि सबै तह र वर्गका लागि यो कृति उपयोगी रहेको कुरामा सन्देह नरहेको कुरा प्रस्तुत गरेका छन् ।

नोबेल पुरस्कार विजेता साहित्यकार पाठकका लागि उत्कृष्ट उपहार नामक पुस्तक समीक्षामा अल्फ्रेड नोबेल र नोबेल पुरस्कारको बारेमा जानकारी दिँदै डा. खुमनारायण पौडेल, लक्ष्मणप्रसाद गौतम र हरिहर पौडेल मिलेर सामूहिक रूपमा तयार पारिएको रत्न पुस्तक भण्डारबाट प्रकाशित **नोबेल पुरस्कार विजेता साहित्यकारहरू** शीर्षकको कृतिमा १०१ जना साहित्यकारहरूका बारेमा चर्चा गरिएको कुरा प्रस्तुत गरिएको छ । प्रत्येक शीर्षकलाई दुई शीर्षकमा बाँडेर दुई पृष्ठमा सीमित गरिएको यो कृति यस क्षेत्रको एउटा प्रशंसनीय र सह्राहनीय गतिलो काम भएको भन्दै दुई विज्ञानशास्त्री र एक साहित्यशास्त्रीको सन्तुलित संयोजन रहेको यस कृतिमा कृतिकारको परिश्रम, मिहेनत र अनुवाद कौशल देखिने कुरा प्रस्तुत गरी हरेक वर्षका नोबेल पुरस्कार विजेता साहित्यकारहरूलाई समावेश गर्दै कृतिलाई अझ विस्तारपूर्वक रूपमा प्रस्तुत गर्दै लगिएमा उक्त कृति यस क्षेत्रको पहिलो मात्र होइन, एक मात्र आधिकारिक र प्रामाणिक ग्रन्थ हुने कुरामा सन्देह नभएको कुरा प्रस्तुत गरेका छन् ।

बालोपयोगी जीवनीहरू शीर्षक पुस्तक समीक्षामा बालसाहित्यबारे जानकारी दिँदै बालसाहित्य लेखन अन्य लेखनभन्दा गारो भएको कुरा प्रस्तुत गरी गोपाल पराजुलीद्वारा लिखित **पच्चीस प्रतिभा भाग ३** को बारेमा चर्चा गरिएको छ । जीवनी लेखन अन्य लेखनभन्दा अझ बढी गारो हुने कुरा प्रस्तुत गर्दै जन्ममितिका आधारमा २५ जना साहित्यिक र साहित्येतर व्यक्तिहरूको जन्म, सिर्जना, महत्वपूर्ण कार्य र मृत्युको बारेमा जानकारी गराइएको यो कृतिमा बालकको स्तर अनुरूपको सरल, सहज र स्वभाविक भाषाको प्रयोग पाइनुका साथै लेखाइमा एकरूपताको अभावलगायत केही कसरमसर बाहेक बालजीवनीका क्षेत्रमा महत्वपूर्ण बनेको कुरा प्रस्तुत गरेका छन् ।

मिश्रित स्वादको बान्की शीर्षक पुस्तक समीक्षामा विविध विधामा सक्रिय रहेका मोहन सिटालाको अर्को प्रहर २०४४ सालपछि अन्तराष्ट्रिय साहित्य समाज केन्द्रीय कार्यालय अमेरिकाका लागि सर्वदा वाङ्मय प्रतिष्ठान काठमाडौँबाट २०६३ सालमा प्रकाशित हो । चार भागमा विभाजित बीसवटा कविता र सातवटा गीतको सङ्ग्रह **नयाँ मुलुकको नाद**को मूल उद्देश्य वर्तमान युगीन विविध पक्षका वैश्विक यथार्थको प्रकटीकरण गर्नु रहेको बताउँदै प्रथम र तृतीय दुवै दृष्टिबिन्दु तथ पद्य भाषाको प्रयोग गरी अमेरिकामा बस्ने नेपालीहरूको बारेमा चित्रण गरिएको उक्त कृतिमा ठाउँठाउँमा कोशीय विचलन पाइने कुरासमेत प्रस्तुत गरेका छन् ।

अनुभवको उत्कृष्ट सङ्ग्रह शीर्षक पुस्तक समीक्षामा सूर्य सुवेदीद्वारा नेपाली साहित्यका साथै विभिन्न क्षेत्रमा ख्याति कमाएका ५२ पुरुष र ७ महिला गरी ५९ जना व्यक्तिसँग विभिन्न समयमा लिइएका अन्तर्वार्ताहरूलाई सम्पादन गरी प्रकाशित गरिएको **सिर्जना र दुष्टिकोण** कृतिको बारेमा चर्चा गरिएको छ । तिन भाग रहेको यो कृति २०२३ सालमा प्रकाशित उत्तम कुँवरको **स्रष्टा र साहित्य**पछि देखापरेका अन्तर्वार्ता सङ्ग्रहहरूमा उत्कृष्ट रहेको कुरा प्रस्तुत गरेका छन् ।

५.५ निष्कर्ष

प्रस्तुत परिच्छेदमा खगेन्द्रप्रसाद लुइटेलका समालोचनात्मक कृतिहरू, फुटकर समालोचना र पुस्तक समीक्षाहरूको परिचय प्रस्तुत गरिएको छ । *क्षेत्रप्रताप अधिकारी : जीवनवृत्त र कवित्वका आलोकमा* (**गरिमा**,

११/३, २०४९ फागुन) नामक लेखबाट समालोचनात्मक लेखनका क्षेत्रमा प्रवेश गरेका लुइटेलको पहिलो समालोचनात्मक कृति भने **शोधविधि** (२०५२) हो । उनका हालसम्ममा एक दर्जनभन्दा बढी समालोचनात्मक कृति प्रकाशित भइसकेका छन् । सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले महत्वपूर्ण रहेका उनका समालोचनात्मक कृतिहरूले नेपाली समालोचनाका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । **कविताको संरचनात्मक विश्लेषण** नामक कृतिका माध्यमबाट नेपाली समालोचनाका क्षेत्रमा संरचनावादी समालोचना पद्धतिको प्रवर्तन गरेका लुइटेलका समालोचनात्मक कृतिहरू कविता, लोकसाहित्य, उपन्यास, निबन्ध, नाटक विविध विधासँग सम्बन्धित रहेका छन् । कुनै पनि कृति, व्यक्ति तथा सिद्धान्तका बारेको विश्लेषण गर्ने क्रममा यथार्थवादी वस्तुवादी दृष्टिकोण प्रस्तुत गर्ने लुइटेल वस्तुवादी समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिका प्रवर्तन मात्र नभई यसको उन्नायक र विस्तारकसमेत हुन् । साहित्यको मुख्य क्षेत्र समालोचनालाई नै बनाएका तथा हरेकको विश्लेषणमा वस्तुवादी यथार्थवादी पद्धतिको प्रयोग गर्ने लुइटेल नेपाली समालोचनाका क्षेत्रमा वरिष्ठ समालोचकका रूपमा स्थापित भइसकेका छन् । उनका प्रायः सबै समालोचनात्मक कृतिहरूको प्रारम्भमा सिद्धान्त र त्यसपछि विकासक्रम प्रस्तुत गरी त्यही सिद्धान्तअनुरूप कृतिको विश्लेषण गरिएको हुन्छ ।

खगेन्द्रप्रसाद लुइटेलको सबैभन्दा महत्वपूर्ण साहित्यिक पाटो समालोचना क्षेत्र हो । नेपाली समालोचनामा विश्वको आधुनिक संरचनावादी समालोचना पद्धतिको प्रवर्तन, विकास र मानक स्थापना गर्ने लुइटेलले नेपाली समालोचनामा सांस्कृतिक, सैद्धान्तिक, प्रायोगिक, ऐतिहासिक, तुलनात्मक, डायस्पोरिक, उत्तरआधुनिक, नारीवादी, पाठालोचन आदि विभिन्न प्रकारका समालोचना पनि लेखेका छन् । उनी वस्तुवादी, भाषावादी र संरचनावादी [२६७] तथा सैद्धान्तिक समालोचक[२६८] हुन् । समालोचकहरू अनेक आग्रह पूर्वाग्रहको भुँमरीमा फस्दा नेपाली समालोचनामा अझ पनि कतिपय सैद्धान्तिक पक्षमा अन्योल, अस्पष्टता र मतमतान्तर कायमै रहनाले भ्रम पैदा भएको छ । वर्तमान पुस्ताका कतिपय समालोचकहरू वस्तुनिष्ठ तथा वैज्ञानिक विश्लेषणका माध्यमबाट उपर्युक्त भ्रम निवारण गर्ने दिशातर्फ कम्मर कसेर लागेका छन् । तीमध्ये खगेन्द्रप्रसाद लुइटेलको नाम अग्रपङ्क्तिमा उल्लेख गर्न सकिन्छ ।[२६९]

समालोचनाका साथै लेखनका सबैजसो विधामा हात हालेका र हात हालेजति सबै विधामा सफलता प्राप्त गरेका लुइटेलका सबैजसो पुस्तकहरूमा सैद्धान्तिक, प्रायोगिक र विधागत इतिहास प्रस्तुत गरिएको पाइन्छ । लुइटेलका यिनै विभिन्न कृतिहरूको अध्ययनले उनको साहित्यिक समालोचनात्मक कृतित्वको उजागर गरेको छ । संरचनावादी समालोचनाका क्षेत्रमा उनको महत्वपूर्ण योगदान रहेको छ । संरचनावादी समालोचनाको प्रवर्तन गर्ने उनको **कविताको संरचनात्मक विश्लेषण** कृति यस क्षेत्रको महत्वपूर्ण प्राप्ति हो ।

---

[२६७]. राजु भुसाल, *लोकसाहित्यको मानक ग्रन्थ लोकवार्ताविज्ञान र लोकसाहित्य,* **लुम्बिनी दैनिक**, (२०६३ मङ्सिर १४), पृ. ३ ।

[२६८]. ज्ञानु अधिकारी, *काव्य र नाट्य समालोचनाका नवीन कृति,* **जनमत**, (२८/४, २०६८ वैशाख), पृ. २५-२६ ।

[२६९]. यादव भण्डारी, *समालोचक खगेन्द्रप्रसाद लुइटेलको समालोचना कला,* **हिमालय टाइम्स**, (२०५८ भदौ २३), पृ. ४

प्रस्तुत विभिन्न समालोचनात्मक कृतिहरूका आधारमा लुइटेल एक सैद्धान्तिक, वस्तुवादी, यथार्थवादी समालोचना क्षेत्रमा स्थापित समालोचक भएको कुरा पुष्टि हुन्छ ।

पुस्तकाकार कृतिका अतिरिक्त यस परिच्छेदमा खगेन्द्रप्रसाद लुइटेलका फुटकर समालोचनात्मक लेखहरूका साथै पुस्तक समीक्षाहरूको समेत अध्ययन गरिएको छ । *क्षेत्रप्रताप अधिकारी : जीवनवृत्त र कवित्वका आलोकमा* (**गरिमा**, ११/३, २०४९ फागुन) शीर्षक लेखबाट समालोचनात्मक लेखनका क्षेत्रमा प्रवेश गरेका लुइटेलका दुई सयभन्दा बढी फुटकर समालोचनात्मक लेखहरू प्रकाशित भइसकेका छन् । सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले महत्वपूर्ण रहेका उनका फुटकर समालोचनात्मक लेखहरू कविता, जीवनी, संरचनावाद, कथा, उपन्यास, डायस्पोरा आदि विविध क्षेत्रसँग सम्बन्धित रहेका छन् । कुनै पनि कृति, व्यक्ति तथा सिद्धान्तका बारेको विश्लेषण गर्ने क्रममा यथार्थवादी वस्तुवादी दृष्टिकोण प्रस्तुत गर्ने लुइटेल वस्तुवादी समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिका प्रवर्तक मात्र नभई यसको उन्नायक र विस्तारकसमेत हुन् । साहित्यको मुख्य क्षेत्र समालोचनालाई नै बनाई हरेक कृतिको विश्लेषणमा वस्तुवादी यथार्थवादी पद्धतिको प्रयोग गर्ने लुइटेल सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिबाट नेपाली समालोचनाका क्षेत्रमा वरिष्ठ समालोचकका रूपमा स्थापित भइसकेका छन् । यति धेरै समालोचनात्मक लेखहरू प्रकाशित भइसकेका लुइटेलका केही समालोचनात्मक लेखहरू विभिन्न पुस्तकमा समावेश भएको देखिए पनि अधिकांश लेखहरू भने पुस्तकाकार कृतिका रूपमा नआई विभिन्न पत्रपत्रिकाहरूमै छरिएर रहेका छन् । हालसम्म विभिन्न पत्रिकाहरूमा छरिएर रहेका उनका यी सबै लेखहरूलाई पुस्तकाकार कृतिका रूपमा सङ्गृहीत गर्ने हो भने लुइटेलका दुई दर्जनजति पुस्तकाकार कृति बन्ने देखिन्छ ।

यस परिच्छेदमा खगेन्द्रप्रसाद लुइटेलका समालोचनात्मक लेखहरूको अध्ययनपछि उनीद्वारा गरिएका विभिन्न शीर्षकमा प्रकाशित पुस्तक समीक्षाहरूको परिचय प्रस्तुत गरिएको छ । उनले थुप्रै साहित्यकारहरूका विभिन्न विधाका साहित्यिक कृतिहरूका साथै साहित्येतर कृतिहरूको पनि समीक्षा गरेका छन् । यिनले गरेका ती कृति समीक्षाहरू विभिन्न पत्रपत्रिकाका साथै अनलाइन पत्रिकामा पनि प्रकाशित भएका छन् । विभिन्न कृतिको समीक्षा गर्ने क्रममा कुनै पनि व्यक्तिप्रति आग्रही पूर्वाग्रही नबनी वस्तुगत रूपमा कृति समीक्षा गर्ने लुइटेलले आफूभन्दा वरिष्ठ, कनिष्ठ र समकालीन व्यक्तिका विभिन्न विधाका कृतिहरूको समीक्षा गरेका छन् । कृतिको समीक्षा गर्ने क्रममा उनले व्यक्तिभन्दा कृतिलाई नै आधार बनाएका छन् । जुनसुकै कृतिको समीक्षामा कृतिका शक्ति र सीमा दुवै प्रस्तुत गर्ने लुइटेलका यी विभिन्न शीर्षकका कृति समीक्षालाई हेर्दा उनको समीक्षा कौशल उत्कृष्ट रहेको देखिन्छ । साहित्यिक र साहित्येतर दुवै खाले कृतिको समीक्षा गर्ने लुइटेल कुनै पनि कृतिको वस्तुवादी कोणबाट समीक्षा गर्ने एक वस्तुवादी, यथार्थवादी समीक्षक हुन् ।

पाँचौँ परिच्छेद

खगेन्द्रप्रसाद लुइटेलका समालोचनात्मक कृति, फुटकर समालोचना र समीक्षाहरूको परिचयात्मक अध्ययन

५.१ विषयप्रवेश

खगेन्द्रप्रसाद लुइटेलले नेपाली साहित्यका समालोचना, निबन्ध, प्रबन्ध, कविता, कथा आदि विधामा कलम चलाएको पाइन्छ । विभिन्न विधामा कलम चलाएका लुइटेलले प्रसिद्धि प्राप्त गरेको सर्वप्रमुख विधा समालोचना हो । हालसम्ममा उनका एकदर्जनभन्दा बढी समालोचनात्मक कृतिहरूका साथै दुई सयभन्दा बढी समालोचनात्मक फुटकर लेखहरू र केही पुस्तक समीक्षाहरू विभिन्न पत्रपत्रिका तथा वेवसाइटहरूमा प्रकाशित छन् । उनका पुस्तक प्रकाशनका समाचारहरू पनि प्रशस्तै प्रकाशित भएका छन् । उनको विद्यावारिधि शोधकार्य सम्पन्न भएको समाचार राष्ट्रिय स्तरका सबैजसो पत्रिकाले अत्यन्त महत्वका साथ प्रकाशित गरेको देखिन्छ । यस परिच्छेदमा उनका समालोचनात्मक कृति, उपलब्ध भएसम्मका विभिन्न पत्रपत्रिकामा प्रकाशित समालोचनात्मक लेखहरू तथा पुस्तक समीक्षाहरूको परिचयात्मक अध्ययन गरिएको छ भने वेवसाइटमा प्रकाशित लेख तथा पुस्तक समीक्षाको विवरण मात्र प्रस्तुत गरिएको छ ।

५.२ समालोचनात्मक कृतिहरूको परिचयात्मक अध्ययन

नेपाली समालोचनाका क्षेत्रमा विश्वको नवीनतम समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिका प्रवर्तक र विस्तारक खगेन्द्रप्रसाद लुइटेलको लेखनको मुख्य क्षेत्र समालोचना नै रहेको छ । संरचनावादी, भाषावादी, वस्तुवादी समालोचक लुइटेलका समालोचना क्षेत्रका **शोधविधि** (२०५२), **आधुनिक नेपाली समालोचना** (२०५७), **भाषासाहित्य सिद्धान्त** (२०५७), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (२०६१), **कविताको संरचनात्मक विश्लेषण** (२०६२), **लोकवार्ताविज्ञान र लोकसाहित्य** (२०६३), **नेपाली काव्य समालोचना** (२०६७), **नेपाली नाट्य समालोचना** (२०६७), **नेपाली निबन्ध समालोचना** (२०६८), **पाश्चात्य साहित्य सिद्धान्त** (२०६८), **लोकसाहित्य परिचय** (२०६८), **नेपाली उपन्यासको इतिहास** (२०६९) गरी एक दर्जनभन्दा बढी समालोचनात्मक कृति प्रकाशित छन् । यस परिच्छेदमा लुइटेलका यिनै समालोचनात्मक कृतिहरूको परिचयात्मक अध्ययन तल क्रमशः *परिचय, विषयवस्तु, भाषाशैली र निष्कर्ष* शीर्षकमा पुस्तकको प्रथम प्रकाशनका क्रममा गरिएको छ ।

५.२.१ शोधविधि

१.परिचय

प्रस्तुत **शोधविधि** नामक सैद्धान्तिक समालोचनात्मक कृति सर्वप्रथम साझा प्रकाशनबाट २०५२ सालमा प्रकाशित भएको हो । यो कृति २०५२ सालपछि क्रमशः २०५५, २०६२ र २०६६ सालसम्ममा चौथो संस्करण प्रकाशित भइसकेको छ । यी विभिन्न संस्करणमध्ये यहाँ २०६६ सालमा प्रकाशित चौथो संस्करणको विश्लेषण गरिएको छ । यो कृति सेतो, रातो, हरियो, निलो विभिन्न रङको आवरण भएको डिमाइ आकारको २५० पृष्ठमा संरचित तथा तिन खण्डमा विभाजित छ । यो पुस्तक त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयका विभिन्न तहका पाठ्यक्रममा समावेश गरिएको छ । यस कृतिको पहिलो खण्ड शोध र शोधसम्बन्धी सैद्धान्तिक प्रस्तुतिमा केन्द्रित छ भने दोस्रो खण्ड विविध क्षेत्रका शोधकार्यको विवरणसँग सम्बन्धित रहेको छ । *पहिलो खण्ड : शोधसिद्धान्त*अन्तर्गत *अनुसन्धान : सैद्धान्तिक परिचय, शोधपद्धति, शोधप्रस्ताव, सामग्री सङ्कलन र यसका पद्धति, सामग्रीको अध्ययन विश्लेषण र सामान्यीकरण, शोधको प्रस्तुतीकरण : प्रतिवेदन लेखन, शोधप्रबन्धको भाषाशैली, टङ्कण र गाताबन्दी* गरी आठ शीर्षक रहेका छन् भने दोस्रो खण्डमा *त्रिभुवन विश्वविद्यालयबाट भएका विद्यावारिधि शोधकार्य, एम्.ए. शोधकार्य एवं सिर्जनात्मक लेखन कार्य, नेपाली स्नातक शोधकार्य* गरी तिन शीर्षक रहेका छन् । कृतिको तेस्रो खण्ड *परिशिष्ट खण्ड*अन्तर्गत पुस्तक व्यवस्थापन पद्धति राखिएको छ ।

२. विषयवस्तु

पहिलो खण्डको पहिलो शीर्षक *अनुसन्धानको सैद्धान्तिक परिचय* शीर्षकअन्तर्गत *परिचय, अनुसन्धानको अर्थ, अनुसन्धानका परिभाषा, अनुसन्धानका प्रकार, अनुसन्धानको उद्देश्य, अनुसन्धानका विशेषताहरू, अनुसन्धानको आवश्यकता, अनुसन्धानको महत्व, अनुसन्धानको प्रयोजन* र *अनुसन्धानका चरण* गरी दसवटा उपशीर्षक रहेका छन् । यी विभिन्न उपशीर्षकमा अनुसन्धानको सैद्धान्तिक पक्षबारे विस्तृत रूपमा जानकारी प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *शोधपद्धति*अन्तर्गत *परिचय* र *शोधपद्धतिका प्रकार* गरी दुई उपशीर्षक रहेका छन् । यसमा शोधपद्धतिको परिचयसहित परम्परित र वैज्ञानिक गरी दुई वर्गमा शोधका प्रकारहरू प्रस्तुत गर्दै परम्परित पद्धतिलाई निगमनात्मक र आगमनात्मक पद्धतिमा तथा वैज्ञानिक पद्धतिलाई ऐतिहासिक, वर्णनात्मक, प्रयोगात्मक, तुलनात्मक, विश्लेषणात्मक, अन्तरविषयात्मक जस्ता पद्धतिमा विभाजन गरी चर्चा गर्दै उक्त पद्धतिहरूका प्रमुख विशेषताहरू समेत प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *शोधप्रस्ताव*अन्तर्गत *परिचय, शोधक्षेत्रको छनौट* र *शोधपत्रको ढाँचा* गरी तिन उपशीर्षक रहेका छन् । यसमा शोधप्रस्तावको परिचयसहित शोध क्षेत्रको छनोटमा ध्यान दिनुपर्ने कुराहरू प्रस्तुत गर्दै शोधप्रस्तावको ढाँचा प्रस्तुत गरिएको छ । *शोधप्रस्तावको ढाँचा* उपशीर्षकमा शोधशीर्षक, शोधप्रयोजन, समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य महत्व र उपयोगिता, प्राक्कल्पना, अध्ययनको

सीमाङ्कन, सामग्री सङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोधविधि, शोधपत्रको रूपरेखा, समयावधि र लागत, सन्दर्भग्रन्थसूची जस्ता शोध प्रस्तावका संरचक तत्वहरूका बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ ।

चौथो शीर्षक *सामग्री सङ्कलन र यसका पद्धति*अन्तर्गत *परिचय, सामग्री सामग्रीका स्रोतहरू, सामग्री सङ्कलनका* पद्धतिहरू र *टिपोट* गरी चार उपशीर्षक रहेका छन् । यस शीर्षकमा सामग्री सङ्कलनको परिचय, यसको महत्व र आवश्यकता प्रस्तुत गर्दै सामग्री सङ्कलनका प्राथमिक र द्वितीयक गरी दुई स्रोतहरूका बारेमा चर्चा गरी सामग्री सङ्कलनका पद्धतिहरूमा पुस्तकालयीय, प्रयोगशालीय, क्षेत्रीय अध्ययन, नमुना छनोट जस्ता पद्धतिहरूको बारेमा चर्चा गरिएको छ । त्यसपछि *टिपोट* उपशीर्षकमा टिपोटको परिचय र आवश्यकतासहित टिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरूबारे जानकारी गराइएको छ ।

पाँचौं शीर्षक *सामग्रीको अध्ययन, विश्लेषण र सामान्यीकरण* रहेको छ । यसमा *परिचय, परिभाषीकरण, सामग्रीको वर्गीकरण, सामग्रीको व्यवस्थापन, खण्डन-मण्डन तथा अन्वक-व्यतिरेक, तुलना-प्रतितुलना, निश्कर्ष वा सामान्यीकरण* गरी सात उपशीर्षक रहेका छन् । यसमा सामग्रीको अध्ययन, विश्लेषण र सामान्यीकरण र परिभाषीकरणका बारेमा सामान्य जानकारी दिँदै सामग्रीको वर्गीकरणका आधारहरू प्रस्तुत गरिएको छ । त्यसपछि तालिकीकरण, तथ्याङ्कन, सत्यापन, विश्लेषण, अर्थापन जस्ता सामग्रीको व्यवस्थापनका प्रकारहरूको प्रस्तुतिसहित खण्डन-मण्डन तथा अन्वक-व्यतिरेक र तुलना-प्रतितुलनाका बारेमा जानकारी गराई निष्कर्ष वा सामान्यीकरण उपशीर्षकमा सामान्यीकरणमा ध्यान दिनुपर्ने कुराहरू, यसका गुण र विशेषताहरू तथा प्रकारका बारेमा चर्चा गरिएको छ ।

छैटौं शीर्षक *शोधको प्रस्तुतीकरण : प्रतिवेदन लेखन*अन्तर्गत *परिचय, शोधपत्रको सङ्गठन, मस्यौदा, परिमार्जन र साफी, शोधप्रतिवेदनका तहहरू, शोधप्रतिवेदनको उद्देश्य, शोधप्रतिवेदनका गुण वा विशेषता, शोधप्रतिवेदनको महत्व* र *शोधपत्रको ढाँचा* गरी आठ उपशीर्षक रहेका छन् । यसमा शोधको प्रस्तुतीकरण : प्रतिवेदन लेखन, शोधपत्रको सङ्गठन र यसका फाइदा, मस्यौदा, परिमार्जन र साफी जस्ता पक्षको बारेमा चर्चा गर्दै विषयवस्तुको तार्किक विश्लेषण, अन्तिम रूपरेखा निर्माण, खेस्रा मस्यौदाको लेखन आदिजस्ता शोधप्रतिवेदनका तहहरूबारे जानकारी दिँदै शोधप्रतिवेदनका उद्देश्य, गुण वा विशेषता, महत्वबारे उल्लेख गर्दै शोधपत्रको ढाँचा प्रस्तुत गरिएको छ । यस शीर्षकमा शोधपत्रको प्रारम्भिक भागदेखि पादटिप्पणी र सन्दर्भसामग्रीसम्मका कुराहरूका बारेमा जानकारी गराइएको छ ।

सातौं शीर्षक *शोधपत्रको भाषाशैली* रहेको छ । यस शीर्षकमा शोधमा प्रयोग गरिने भाषा शोधको विषय साहित्य, भाषा, लोकसाहित्य आदिअनुरूप हुने कुरा उल्लेख गर्दै शोधको भाषाशैली निर्धारण गर्ने आधारहरूको प्रस्तुतिका साथ असल शोधपत्रको भाषाशैलीमा हुनुपर्ने आवश्यक विशेषताहरू उल्लेख गरिएको छ ।

आठौं शीर्षक *टङ्कण र गाताबन्दी* रहेको छ । यसमा *परिचय, स्थानाङ्कन, पृष्ठाङ्कन, शब्दविभाजन, देवनागरी टङ्कणका सीमा, टङ्कणको रूजु र संशोधन, कागज र मसीको प्रयोग* गरी आठ उपशीर्षक रहेका छन् । यसमा टङ्कणको परिचय, स्थानाङ्कनका सामान्य नियमहरू, पृष्ठाङ्कन र शब्दविभाजनमा ध्यान दिनुपर्ने

कुराहरूबारे जानकारी गराउँदै देवनागरी टङ्कणका सीमाको जानकारीसहित टङ्कणको रूजु र संशोधन कागज र मसीको प्रयोग तथा गाताबन्दीजस्ता कुरामा विशेष ध्यान दिनुपर्ने कुरा प्रस्तुत गरिएको छ ।

दोस्रो खण्डको पहिलो शीर्षक *विद्यावारिधि शोधकार्य* शीर्षकअन्तर्गत नेपाली, इतिहास, अर्थशास्त्र, राजनीतिशास्त्र, संस्कृति, अङ्ग्रेजी, नेवारी, मैथिली, हिन्दी, समाजशास्त्र-मानवशास्त्र, भूगोल, संस्कृत, मनोविज्ञान, गृहविज्ञान आदि विविध विषयमा भएका शोधकार्यहरूको विवरण प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *एम्.ए. शोधकार्य एवं सिर्जनात्मक लेखन कार्य* शीर्षकअन्तर्गत एम्.ए. तहमा नेपाली, इतिहास, भूगोल, राजनीतिशास्त्र आदि विभिन्न विषयमा भएका शोधकार्य तथा सिर्जनात्मक लेखनकार्यबारे जानकारी गराइएको छ । नेपाली विषयमा भएका शोध तथा सिर्जनात्मक लेखनकार्यलाई बढी महत्व दिँदै नेपाली केन्द्रीय विभाग कीर्तिपुर, स्नातकोत्तर क्याम्पस विराटनगर, पद्मकन्या बहुमुखी क्याम्पस काठमाडौँ, त्रिचन्द्र बहुमुखी क्याम्पस, पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरा आदि विभिन्न क्याम्पसबाट भएका शोध तथा सिर्जनात्मक कार्यको विवरण प्रस्तुत गरिएको छ । नेपाली केन्द्रीय विभाग कीर्तिपुरबाट भएका शोधकार्यहरूलाई जीवनी, व्यक्तित्व र कृतित्वसम्बन्धी शोधकार्य, भाषाव्याकरणसम्बन्धी शोधकार्य, कथासम्बन्धी शोधकार्य, पत्रपत्रिकासम्बन्धी शोधकार्य, सङ्घसंस्थासम्बन्धी शोधकार्य, सिर्जनात्मक लेखनकार्य गरी विभिन्न शीर्षकका शोध तथा सिर्जनात्मक लेखनकार्य प्रस्तुत गरिएको छ भने अन्य क्याम्पसबाट भएका शोधकार्यलाई भने शीर्षक नछुट्ट्याई प्रस्तुत गरिएको छ ।

नेपाली स्नातक शोधकार्य शीर्षकअन्तर्गत पद्मकन्या क्याम्पस काठमाडौँ, मेची क्याम्पस झापा, रत्न राज्यलक्ष्मी क्याम्पस काठमाडौँ, महेन्द्र बहुमुखी क्याम्पस धरान, भोजपुर बहुमुखी क्याम्पस भोजपुर, शिक्षाशास्त्र सङ्काय कीर्तिपुर आदि विभिन्न क्याम्पसमा नेपाली विषयमा भएका शोधकार्यहरू प्रस्तुत गरिएको छ ।

तेस्रो खण्ड *परिशिष्ट खण्ड*अन्तर्गत पुस्तक व्यवस्थापन पद्धतिबारे जानकारी गराउँदै अन्त्यमा सन्दर्भग्रन्थसूची प्रस्तुत गरिएको छ ।

३. भाषाशैली

शोधविधि नामक समालोचनात्मक कृतिमा शोधजस्तो जटिल विषयवस्तुलाई अत्यन्त सरल भाषाशैलीमा प्रस्तुत गरिएको छ । केही आगन्तुक शब्दहरूको पनि प्रयोग गरिएको यस पुस्तकका प्रत्येक शीर्षकलाई कोष्ठमा अङ्ग्रेजी भाषामा दिइनुका साथै प्राविधिक शब्दहरूलाई नेपाली र अङ्ग्रेजी दुवैमा प्रस्तुत गरिएको छ । "शुद्ध तथा सरल भाषाको प्रयोग र सारपूर्ण प्रस्तुतिका कारण यस पुस्तकको विषयवस्तु जटिल र सुपाच्य बन्न पुगेको छ ।"[२७०] यसमा सैद्धान्तिक स्पष्टता, तथ्याङ्को शुद्धता र प्रस्तुतिमा नवीनता रहेको छ र व्याख्यात्मकभन्दा सूत्रात्मक र बुँदात्मक शैलीको प्रयोग गरिएको छ ।

---

२७०. कृष्णहरि बराल, *नयाँ कृति*, **गोरखापत्र**, (२०५२ पुस २२), पृ. ख ।

४. निष्कर्ष

शोधकार्य विधिपूर्वक गरिने गम्भीर कार्य भएकाले शोधकार्यका सम्बन्धमा शोधविधिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शोधकार्यसँग सम्बन्धित प्रस्तुत **शोधविधि** नामक कृति शोधविधिको बारेमा विस्तृत जानकारी प्रस्तुत गरिएको एक महत्वपूर्ण कृति हो । शोधसम्बन्धी सैद्धान्तिक समालोचना प्रस्तुत गरिएको तिन खण्डमा संरचित यस कृतिको पहिलो खण्डमा शोधविधिसम्बन्धी सैद्धान्तिक प्रस्तुति रहेको छ भने दोस्रो खण्डमा विविध क्षेत्रका शोधकार्यहरूको विस्तृत विवरण प्रस्तुत गरिएको छ । तेस्रो खण्डमा पुस्तक व्यवस्थापन पद्धतिबारे जानकारी गराइएको छ । "शोधक्षेत्रमा प्रारम्भिक प्रवेश गर्ने प्रशिक्षार्थीलाई चाहिनेजति मात्रा र अनुपात मिलाएर सैद्धान्तिक, व्यावहारिक ज्ञान एवं सीप प्रदान गर्ने यो कृति नेपाली भाषामा शोधविधिको परिचय दिने प्रथम प्रकाशन नभए पनि यसमा समाविष्ट दोस्रो खण्डका सामग्रीले यसको उपयोगिता बढाएको छ ।"[२७१] "अनुसन्धानको ठोस, व्यवस्थित सरलीकृत सैद्धान्तिक सामग्रीसहित भइसकेका शोधकार्यहरूको अधिकतम सङ्कलन, सङ्ग्रहणका रूपमा नेपाली संसारको अनुसन्धान क्षितिजमा यो कृति एउटा ऐतिहासिक दस्तावेज हुन सक्षम भएको छ ।"[२७२] "शोधविधिसँग सम्बन्धित पुस्तकहरू त्यति नभएको आजको सन्दर्भमा यसको महत्व ज्यादै देखिन्छ ।"[२७३] शोधको प्रस्तुतिकरण, प्रतिवेदन लेखन, टङ्कण र गाताबन्दीजस्ता ससाना तर प्राविधिक दृष्टिले महत्वपूर्ण पक्षहरूलाई पनि लेखकले विवेचना गर्न बिर्सेका छैनन् ।"[२७४] "नेपाली भाषामा शोधविधिबारे सामग्री अभाव भइरहेको सन्दर्भमा प्रकाशित यो पुस्तक मानविकी, व्यवस्थापन, संस्कृतलगायतका विविध विषयमा अध्ययन-अनुसन्धान गर्न इच्छुक शिक्षक, विद्यार्थी, अनुसन्धाता सबैका लागि उपयोगी रहेको र पुस्तकको दोस्रो खण्डमा हालसम्म भएका शोधकार्यहरूको विवरण दिइएकाले यसबाट विषय चयनमा सुगमता हुने पक्का छ र यो पुस्तकको महत्त्वपूर्ण पक्ष हो ।"[२७५] "अनुसन्धानको सैद्धान्तिक परिचयदेखि लिएर अनुसन्धानका सबै चरणहरूको वर्णन र शोधार्थीलाई अनुसन्धानका सिलसिलामा आइपर्ने ससाना प्राविधिक समस्याहरूको निराकरण गर्ने उपायहरूको निर्देशका अतिरिक्त प्रस्तुतिको नवीनता, विषयगत स्पष्टता, भाषिक सरलता र शोधका सबै आयामहरूको प्रतिपादनमा कुशलताका कारणबाट नेपाली शोध वा अनुसन्धानका परम्परामा यस कृतिको आफ्नै महत्व रहेको देखिन्छ ।"[२७६] "शोधका विधिहरूसम्बन्धी पुस्तक

---

२७१. शिवप्रसाद सत्याल, *गर्जो टार्ने प्रकाशन-शोधविधि*, **गरिमा**, (१४/४, २०५२ चैत) पृ. ११४-११६ ।

२७२. ईश्वरीप्रसाद गैरे, *अध्ययन अनुसन्धान क्षितिजमा उपयोगी कृति*, **नेपाल जागरण**, (२०५२ कार्तिक २०), पृ. ४ ।

२७३. कृष्णहरि बराल, *नयाँ कृति*, पूर्ववत् ।

२७४. भागवत ढकाल, *अनुसन्धानको सैद्धान्तिक चिनारी : शोधविधि*, **साप्ताहिक सुरुचि**, (२०५२ कार्तिक १९), पृ. ७ ।

२७५. वासुदेव अधिकारी, *उपयोगी शोध पुस्तक*, **प्रतिपक्ष साप्ताहिक**, (२०५२ पुस ६), पृ. ६ ।

२७६. देवीप्रसाद गौतम, *सम्माहनीय कार्य*, **मधुपर्क**, (२८/११, २०५२ चैत), पृ. १५-१६ ।

विरलै रहेको अवस्थामा सरल भाषाशैली अपनाएर लेखिएको प्रस्तुत कृति विद्यार्थी वर्गका साथै शोधकार्य गर्न इच्छुक सबै वर्गलाई अति नै उपयोगी हुने देखिन्छ ।"[२७७] "शोधविधि जस्तो गम्भीर र गहनतम विषयलाई पनि अत्यन्तै सरल रूपमा प्रस्तुत गर्नु यस पुस्तकको अत्यधिक सफलता हो । सम्बद्ध सैद्धान्तिक अवधारणाहरूका पुष्टिका निम्ति यथासम्भव व्यावहारिक उदाहरणहरूको प्रस्तुतिले पुस्तक गहन विचार र विषय प्रतिपादनको सरलतम माध्यम हुन सकेको छ ।"[२७८] यो कृति स्नातक, स्नातकोत्तर, दर्शनाचार्य तथा विद्यावारिधि तहका सबै विषयका शोधार्थीहरूका लागि अति उपयोगी रहेको छ । यसका साथै यो कृति मानविकी, व्यवस्थापनलगायत विविध विषयमा अध्ययन अनुसन्धान गर्ने शिक्षक, विद्यार्थी, अनुसन्धाताहरूका लागि उपयोगी साबित भएको छ । यस कृतिको दोस्रो खण्डमा प्रस्तुत शोधकार्यको विवरणले शोधशीर्षक र शोधार्थीको चिनारी दिइएकाले भावी पुस्तालाई शोधकार्यको चयनमा अल्झिनुपर्ने विवशताबाट मुक्त गरेको छ । यसर्थ शोधका लागि आवश्यक सैद्धान्तिक जानकारीदेखि शीर्षक चयन र पुस्तक व्यवस्थापनसम्मका लागिसमेत यो कृति महत्वपूर्ण रहेको छ । शोधजस्तो जटिल विषयलाई पनि सरल र सुबोध भाषाशैलीको प्रयोग गरिनु यस कृतिको उल्लेखनीय पक्ष हो ।

५.२.२ आधुनिक नेपाली समालोचना

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **आधुनिक नेपाली समालोचना** नामक समालोचनात्मक कृति साहित्यका सबै विधालाई प्रतिनिधिमूलक ढङ्गमा समेटी २०५७ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित समालोचना सङ्ग्रह हो । यो कृति ने.रा.प्र.प्र.को भाषासाहित्य विभागद्वारा सञ्चालित अनुसन्धान परियोजनाअन्तर्गत तयार पारिएको हो । आवरणमा हल्का खैरो र कालो रङ्गको प्रयोग गरिएको प्रस्तुत पुस्तकको आवरण पृष्ठको पछाडितिरको भागमा कृतिकारको परिचय दिइएको छ । आकारप्रकारका दृष्टिले यो डिमाइ आकारको २५२ पृष्ठमा संरचित छ । यो पुस्तक नेपाली एम.ए. को पाठ्यक्रममा समावेश गरिएको छ । यस कृतिमा समालोचना शीर्षकअन्तर्गत १८ शीर्षकमा साहित्यका विविध विधाका कृतिहरूको समालोचना गरिएको छ । साहित्यका विविध विधालाई समेटिएको प्रस्तुत समालोचना सङ्ग्रहमा *नेपाली कवितामा आधुनिकता, गद्य कवितामा लय, मोहनहिमांशु थापाका कवितामा प्रयोगधर्मिता, ध्रुवचन्द्र गौतमको दुविधा उपन्यास र श्यामव्यङ्ग्य, समसामयिक नेपालको जीवन्त चित्रण अग्निदत्त+अग्निदत्त, मनोविश्लेषणात्मक यथार्थवादी कथाकार विश्वेश्वर प्रसाद कोइराला, सामाजिक यथार्थवादी साहित्यकार रमेशविकल, शङ्कर लामिछानेका निबन्धमा आधुनिक चिन्तन, भैरव अर्यालको निबन्धकला, हृदयचन्द्रसिंह प्रधानका एकाङ्कीगत प्रवृत्ति, भीमनिधि तिवारीको एकाङ्कीकौशल, गोविन्दबहादुर मल्ल गोठालेको एकाङ्कीशिल्प, विजय मल्लको एकाङ्कीकला, नेपाली साहित्यका अथक साधक मोहनराज शर्मा, नेपाली समालोचनाको परिदृष्य र शैलीवैज्ञानिक*

---

२७७. सुषमा बराल, *शोधविधि एउटा महत्वपूर्ण कृति,* **बाध्यता**, (२०५२ पुस ३०), पृ. २ ।

२७८. महेश्वर न्यौपाने, *शोधविधिबारे नयाँ पुस्तक,* **कान्तिपुर**, (२०५२ फागुन १७), पृ. ख ।

समालोचना, तारानाथ शर्माको समालोचकीय कौशल, केशवप्रसाद उपाध्यायका समालोचनात्मक प्रवृत्ति र *शरद्चन्द्र शर्मा भट्टराईको समालोचकीयता* गरी अठार शीर्षक रहेका छन् । यसमा समालोचना र एकाङ्कीसँग सम्बन्धित चारचार, सैद्धान्तिक चार, कथा र निबन्ध दुईदुई तथा कविता र उपन्याससँग सम्बन्धित एकएक वटा समालोचनात्मक लेख रहेका छन् ।

२. विषयवस्तु

आधुनिक नेपाली समालोचना नामक कृतिको पहिलो समालोचना *नेपाली कवितामा आधुनिकता* शीर्षकअन्तर्गत पृष्ठभूमि, आधुनिकता : अर्थ र तात्पर्य, आधुनिकता : नेपाली साहित्यका सन्दर्भमा, नेपाली कवितामा आधुनिकतासम्बन्धी दृष्टिकोण र लेखनाथका योगदानको मूल्याङ्कन गरी पाँच उपशीर्षक रहेका छन् । यसमा स्वदेशी र विदेशी विद्वान्हरूका आधुनिकतासम्बन्धी अवधारणा प्रस्तुत गरी ती अवधारणाहरूको खण्डनमण्डन गर्दै लेखनाथ पौडेललाई माध्यमिककालीन कविका रूपमा चिनाई उनको साहित्यिक योगदानको चर्चा गरिएको छ ।

गद्य कवितामा लय शीर्षकअन्तर्गत *आमुख, लय उत्पादन गर्ने साधनहरू, लय र लयविधान, नेपाली गद्य कवितामा लयविधान* र *समापन* गरी पाँच उपशीर्षक रहेका छन् । यसमा लय पद्य कवितामा मात्र नभई गद्य कवितामा पनि रहेको हुने बताउँदै गद्य कवितामा पाइने लयात्मक अन्तरगुञ्जनको स्वरूपबारे प्रस्ट्याइएको छ ।

मोहनहिमांशु थापाका कवितामा प्रयोगधर्मिता शीर्षकअन्तर्गत *परिचय, हिमांशु थापाका कवितामा प्रयोगधर्मिता* र *उपसंहार* गरी तिन उपशीर्षक रहेका छन् । यसमा थापाको जन्म र जन्मस्थान, शिक्षा, संलग्नता, प्रकाशित कृति र प्राप्त पुरस्कारको विवरण प्रस्तुत गर्दै उनका केही कविताका हरफहरूलाई प्रतिनिधिमूलक ढङ्गले काव्यगत प्रवृत्तिसहित प्रस्तुत गरिएको छ ।

ध्रुवचन्द्र गौतमको ***दुविधा*** *उपन्यास र श्यामव्यङ्ग्य* शीर्षकअन्तर्गत *परिचय, विषय प्रवेश, श्यामव्यङ्ग्यको सैद्धान्तिक स्वरूप,* ***दुविधा*** *उपन्यासमा श्यामव्यङ्ग्य* र *समापन* गरी पाँच उपशीर्षक रहेका छन् । यसमा ध्रुवचन्द्र गौतमको परिचय प्रस्तुत गर्दै श्यामव्यङ्ग्यको सैद्धान्तिक स्वरूपसहित **दुविधा** उपन्यासमा श्यामव्यङ्ग्यको प्रयोग भएका विविध सन्दर्भहरू उदाहरणका रूपमा प्रस्तुत गरिएको छ ।

समसामयिक नेपालको जीवन्त चित्रण ***अग्निदत्त +अग्निदत्त*** शीर्षकअन्तर्गत *विषयप्रवेश, समसामयिक नेपाली परिवेशको प्रतिकृति, श्यामव्यङ्ग्यीय अभिव्यक्ति, विसङ्गतिवादी अस्तित्ववादी चिन्तन, नारीवादी दृष्टिकोण, लैङ्गिकता, स्वैरकल्पना, परिकल्पना र मिथकीय प्रयोग, भाषाशैली* र अन्त्यमा *उपसंहार* गरी नौ उपशीर्षक रहेका छन् । यसमा ध्रुवचन्द्र गौतमद्वारा लिखित **अग्निदत्त + अग्निदत्त** उपन्यासको विभिन्न कोणबाट वस्तुवादी विश्लेषण गरिएको छ ।

मनोविश्लेषणात्मक यथार्थवादी कथाकार विश्वेश्वरप्रसाद कोइराला शीर्षकअन्तर्गत *परिचय, विषयारम्भ, कोइरालाका कथामा मनोविश्लेषणात्मक यथार्थवाद* र *विषयान्त* गरी चार उपशीर्षक रहेका छन् ।

यसमा कोइरालालाई मनोवैज्ञानिक यथार्थवादी कथाको प्रारम्भकर्ताका रूपमा चिनाउँदै बालमनोविज्ञान, यौन मनोविज्ञान र सामान्य मनोविज्ञानको प्रयोग भएका केही कथाहरूमा केन्द्रित भएर मुख्य प्रवृत्तिहरूको विश्लेषण गरिएको छ । कोइरालाका कथामा मनोविश्लेषणात्मक यथार्थवाद शीर्षकअन्तर्गत कोइराला र उनका कथा शिल्पका बारेमा विभिन्न व्यक्तिका भनाइसमेत समेटिएको छ ।

सामाजिक यथार्थवादी साहित्यकार रमेश विकल शीर्षकअन्तर्गत परिचय, विषय प्रवेश र उपसंहार गरी तिन उपशीर्षक रहेका छन् । यसमा रमेश विकलको परिचय दिई उपन्यासकार, निबन्धकार, नाटककार/एकाङ्कीकार, बालसाहित्यकार, कथाकार आदिका रूपमा चिनाइएको छ ।

शङ्कर लामिछानेका निबन्धमा आधुनिक चिन्तन शीर्षकअन्तर्गत *परिचय, शङ्कर लामिछानेको निबन्धयात्रा, शङ्कर लामिछानेका निबन्धात्मक प्रवृत्ति* र *उपसंहार* गरी चार उपशीर्षक रहेका छन् । यसमा शङ्कर लामिछाने र उनको निबन्धयात्राको चर्चा गर्दै प्रकाशित निबन्धसहित निबन्धात्मक प्रवृत्तिहरूको विश्लेषण गरिएको छ ।

भैरव अर्यालको निबन्धकला शीर्षकअन्तर्गत *पृष्ठभूमि, पेसा र संलग्नता, हीनताभास र आत्महत्या, पुरस्कार र सम्मान, लेखन तथा प्रकाशन, भैरव अर्यालको निबन्धयात्रा, भैरव अर्यालको निबन्धकला र प्रवृत्ति* र *भैरव अर्यालका निबन्धकलाको मूल्याङ्कन* गरी आठ उपशीर्षक रहेका छन् । यसमा हास्यव्यङ्ग्यात्मक निबन्धकारका रूपमा भैरव अर्याललाई चिनाउँदै उनका प्रकाशित कृति, प्राप्त पुरस्कार र जीवनमा घटेका घटनाहरूलाई पनि समावेश गरिएको छ ।

हृदयचन्द्रसिंह प्रधानका एकाङ्गीगत प्रवृत्ति शीर्षकअन्तर्गत *परिचय, एकाङ्गीगत प्रवृत्ति र विशेषता* र *श्रीमैयाको इयर्लिङ एकाङ्कीको विश्लेषण* गरी तिन उपशीर्षक रहेका छन् । यसमा प्रधानका प्रकाशित कृतिसहित उनको परिचय र एकाङ्गीगत प्रवृत्तिको चर्चा गर्दै **छेउ लागेर** (२००६) मा सङ्गृहीत एक सामाजिक उपन्यास *श्रीमैयाँको इयर्लिङ* एकाङ्कीको विश्लेषण गरिएको छ ।

भीमनिधि तिवारीको एकाङ्कीकौशल शीर्षकअन्तर्गत *परिचय, तिवारीको एकाङ्कीकौशल र एकाङ्गीगत वैशिष्ट्य* र *साँढे एकाङ्कीका सन्दर्भमा तिवारीको एकाङ्कीकौशल* गरी तिन उपशीर्षक रहेका छन् । यसमा भीमनिधि तिवारीको सामान्य परिचय, संलग्नता, प्रकाशित कृतिहरू र प्राप्त पुरस्कारहरूको विवरण प्रस्तुत गर्दै तिवारीका एकाङ्गीगत वैशिष्ट्यको चर्चासहित ऐतिहासिक विषयवस्तुमा आधारित *साँढे* एकाङ्कीको विश्लेषण गरिएको छ ।

गोविन्दबहादुर मल्ल गोठालेको एकाङ्गीशिल्प शीर्षकअन्तर्गत *परिचय, गोठालेको एकाङ्गीशिल्प र प्रवृत्ति* र *आत्मदर्शन एकाङ्कीका सन्दर्भमा गोठालेको एकाङ्गीशिल्प* गरी तिन उपशीर्षक रहेका छन् । यसमा गोठालेका प्रकाशित कृति र प्राप्त पुरस्कारहरू प्रस्तुत गरी मनोविश्लेषणात्मक धाराभित्र रही साहित्य सिर्जना गर्ने व्यक्तिका रूपमा चिनाउँदै उनका एकाङ्गीगत प्रवृत्ति प्रस्तुत गर्नाका साथै **भोकोघर** (२०३४) एकाङ्की सङ्ग्रहमा सङ्गृहीत *आत्मादर्शन* एकाङ्कीको विश्लेषण गरिएको छ ।

विजयमल्लको एकाङ्कीकला शीर्षकअन्तर्गत *परिचय, विजयमल्लको एकाङ्कीकला* र *कङ्काल एकाङ्कीका परिप्रेक्षमा विजयमल्लको एकाङ्कीकला* गरी तिन उपशीर्षक रहेका छन् । यसमा मल्लका प्रकाशित कृति, प्राप्त पुरस्कार र संलग्नताको विवरण प्रस्तुत गरी उनका एकाङ्कीगत विशेषता प्रस्तुत गर्दै **बौलाहा काजीको सपना** (२०२८) एकाङ्की सङ्ग्रहमा सङ्गृहीत *कङ्काल* एकाङ्कीको विश्लेषण गरिएको छ ।

नेपाली साहित्यका अथक साधक मोहनराज शर्मा शीर्षकअन्तर्गत *विषय प्रवेश, विषयविस्तार* र *विषयान्त* गरी तिन उपशीर्षक रहेका छन् । यसमा मोहनराज शर्माको परिचय प्रस्तुत गर्दै कथाकार नाटकका/एकाङ्कीकार, निबन्धकार, समालोचक, भाषा व्याकरणकार, सम्पादक/भूमिका लेखक, सहलेखक, अनुवादकका रूपमा उनको चिनारी गराइएको छ ।

नेपाली समालोचनाको परिदृश्य र शैलीवैज्ञानिक समालोचना शीर्षकअन्तर्गत पृष्ठभूमि, नेपाली समालोचनाको परिदृष्य, *शैलीविज्ञान र शैली वैज्ञानिक समालोचना सङ्क्षिप्त चर्चा* र *नेपालीमा शैलीवैज्ञानिक समालोचना* गरी चार उपशीर्षक रहेका छन् । यस शीर्षकमा समालोचनाको पृष्ठभूमि प्रस्तुत गरी नेपाली समालोचना क्षेत्रमा देखापरेका समालोचना पद्धतिको चर्चा गर्दै नेपालीमा शैलीवैज्ञानिक समालोचनाको पद्धतिका प्रवर्तक मोहनराज शर्मा, उनका प्रकाशित कृति र प्रवृत्तिहरू उल्लेख गरिएको छ ।

तारानाथ शर्माको समालोचकीय कौशल शीर्षकअन्तर्गत परिचय, समालोचनात्मक प्रवृत्ति र उपसंहार गरी तिन उपशीर्षक रहेका छन् । यसमा तारानाथ शर्मालाई संलग्नता, प्राप्त पुरस्कार र प्रकाशित पुरस्कारको विवरणको प्रस्तुतिसहित चिनाउँदै उनका प्रभाववादी, प्रगतिवादी, तुलनात्मक, ऐतिहासिक र निर्णयात्मक आदि समालोचनात्मक प्रवृत्तिको चर्चा गरिएको छ ।

केशवप्रसाद उपध्यायका समालोचनात्मक प्रवृत्ति शीर्षकअन्तर्गत परिचय, समालोचनात्मक प्रवृत्ति र उपसंहार गरी तिन उपशीर्षक रहेका छन् । यसमा केशवप्रसाद उपाध्यायको परिचय दिदै उनका सैद्धान्तिक ऐतिहासिक र प्रभाववादी समालोचनात्मक कृतिको प्रस्तुतिसहित मूलभूत समालोचनात्मक प्रवृत्ति प्रस्तुत गरिएको छ ।

शरदचन्द्र शर्मा भट्टराईको समालोचकीयता शीर्षकअन्तर्गत परिचय समालोचनात्मक प्रवृत्ति र टुङ्ग्याउने गरी तिन उपशीर्षक रहेका छन् । यसमा शरदचन्द्र शर्मालाई प्रकाशित कृति प्राप्त पुरस्कार संलग्नता आदिका आधारमा चिनाउँदै उनका समालोचनात्मक कृति र समालोचनात्मक प्रवृत्तिको चर्चा गरिएको छ ।

३. भाषाशैली

आधुनिक नेपाली समालोचना नामक कृतिको प्रस्तुतिमा भाषिक सरलता पाइन्छ । परिष्कृत भाषाको प्रयोग पाइने यस कृतिमा व्याख्यात्मक र विश्लेषणात्मक शैलीको प्रयोग गरिएको छ । प्रस्तुतीकरणमा सरल, सुबोध, सटीक र वस्तुगत पद्धति अपनाइएको छ । कृतिको प्रस्तुतीकरणको ढाँचामा पनि परम्पराभन्दा भिन्न, नवीन र वस्तुगत शैली तथा संरचनावादी ढाँचा अँगालिएको छ ।

४. निष्कर्ष

आधुनिक नेपाली समालोचना नामक "कृतिमा अनुसन्धानात्मक प्रकृतिका केही वैचारिक तथा उपन्यास, कथा, निबन्ध, एकाङ्की र समालोचना विधासित सम्बन्धित स्रष्टा दृष्टाहरूका व्यक्तित्व र कृतित्वको वस्तुनिष्ठ, व्याख्यात्मक, विश्लेषणात्मक अठार लेखहरू सँगालिएका छन् । यसबाट संरचनावादी समालोचना पद्धतिप्रति आकर्षित लुइटेलको तुलनात्मक एवं निर्णयात्मक समालोचनामा पनि अभिरुचि देखिन्छ ।"[२७९] "यस पुस्तकको गद्य लय शीर्षकको लेख पूर्णतः सैद्धान्तिक छ भने नेपाली कवितामा आधुनिकता शीर्षकको लेख आजसम्म विवादित कविताको आधुनिक कालसँग सम्बन्धित छ । बाँकी सोरवटा लेखहरू नेपाली साहित्यका कतिपय चर्चित आख्यानकार निबन्धकार एकाङ्कीकार र समालोचकका व्यक्तित्व र कृतित्वका विश्लेषण र मूल्याङ्कनमा केन्द्रित छन् ।"[२८०] "यसमा श्यामव्यङ्ग्यको सैद्धान्तिक स्वरूप नेपाली समालोचनामै पहिलो पटक भिन्याइएको नौलो र महत्त्वपूर्ण विषय हो । यसबाट समालोचनामाथि समालोचना गर्ने परिपाटी बसाइएको छ ।"[२८१] "सुसङ्गठित अभिव्यक्ति शालीन चिन्तन, प्रवाहमान भाषा, मिहीन चित्रण एवं कुशल प्रस्तुति जस्ता कसिला विश्लेषणले कृतिकारको लेखनी डोरिएको पाइन्छ । यसैगरी कृतिमा उल्लिखित सबै स्रष्टाका परिचयलाई अद्यावधिक गराई निकै स्तरीय सूचनाको प्रवाह गरेका छन् कृतिकारले ।"[२८२] "स्रष्टा र सिर्जनाको प्रवृत्ति अनि प्रवृत्तिलाई सूक्ष्म हेराइ साथ नियालिएको प्रस्तुत कृति विविध किसिमले महत्त्वपूर्ण देखिन आएको छ । मौलिक हेराइ, प्रभावको मात्रा न्यून र वस्तुताप्रतिको आग्रह अधिक रहेको छ । साहित्य समालोचनाका अधुनातन पद्धतिको यथेष्ट प्रयोग गरिएको यस सङ्ग्रह भित्रका लेखहरूमा प्रस्तुतीकरणको ढाँचामा पनि नवीनता पाइन्छ । विवेच्य पक्षको गहन अध्ययन गरी वस्तुगत प्रमाणलाई अगाडि सारेर विश्लेषण र मूल्याङ्कन गरिएकाले सबै लेखहरू महत्त्वपूर्ण छन् । साहित्यकारको जीवनीवृत्तको सत्य-तथ्य विवरण, मूलभूत साहित्यिक प्रवृत्ति तथा कृतिमा अन्तर्निहित नवीनतम वैशिष्ट्यलाई सूक्ष्म रूपले केलाइएको छ । हरेक पक्षको विश्लेषणमा समालोचनाको धर्मको पूर्ण पालना गरिएको छ र मूल्याङ्कन गर्दा वस्तुतामा जोड दिइएको छ ।"[२८३] यसकारण विभिन्न विधालाई समेटी समालोचना गरिएको यो कृति निकै उपयोगी रहेको छ ।

---

[२७९]. ने.रा.प्र.प्र., *प्रकाशकीय*, खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना,** (काठमाडौँ : ने.रा. प्र. प्र. २०५७) ।

[२८०]. यादव भण्डारी, *खगेन्द्रप्रसाद लुइटेलको समालोचना कला*, **हिमालय टाइम्स**, (२०५८ भदौ २३), पृ.४ ।

[२८१]. धर्मप्रसाद गौतम, **नेपाली साहित्यमा तेरथुम जिल्लाको योगदान**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६३), पृ. ११९ ।

[२८२]. युवराज नयाँघरे, *लुइटेलको समालोचना केही प्रश्नहरू*, **जनभावना साप्ताहिक,** (२०५८ वैशाख १७), पृ. ७ ।

[२८३]. यादव भण्डारी, *खगेन्द्रप्रसाद लुइटेलको समालोचना कला*, पूर्ववत् ।

आधुनिक नेपाली समालोचना नामक समालोचना सङ्ग्रहमा प्रतिनिधिमूलक ढङ्गले नेपाली साहित्यका कविता, उपन्यास, निबन्ध, एकाङ्की आदि विविध विधा समेटी तिनमाथि अनुसन्धानमूलक समालोचकीय दृष्टिकोण प्रस्तुत गरिएको छ । कृतिमा नेपाली कविताको आधुनिक कालको बारेमा चर्चा गरी आधुनिककाल कहाँबाट सुरु भयो भन्ने बारेमा विभिन्न विद्वान्का मतहरू प्रस्तुत गरी ती मतहरूको समीक्षा गरिएको छ । जसमा लेखनाथबाट आधुनिककालको प्रारम्भ भएको मान्ने मतहरूको विशेष रूपमा खण्डनमण्डन गरिएको छ र देवकोटाहरूबाट आधुनिक काल प्रारम्भ भएको वस्तुगत निष्कर्ष निकालिएको छ । गद्यकवितामा लय शीर्षकको लेख गद्यकविता लयविहीन हुन्छ भन्नेहरूका लागि तार्किक प्रत्युत्तर बनेको छ । प्रत्येक कृतिको विश्लेषणमा प्रशस्तै पादटिप्पणीको गरिएको छ र प्रत्येक शीर्षकको विश्लेषणपछि सन्दर्भग्रन्थसूची प्रस्तुत गरिएको छ । यसले कृतिको विश्लेषणमा आधिकारिकता र विश्वसनीयता थपेको छ । हरेक कृतिको विश्लेषण र मूल्याङ्कन गर्दा वस्तुतामा जोड दिइएको छ । प्रस्तुतीकरणको ढाँचामा पनि नवीनता पाइन्छ । यसै कृतिको ध्रुवचन्द्र गौतमको *दुविधा उपन्यास र श्यामव्यङ्ग्य* शीर्षक लेखबाट श्यामव्यङ्ग्यको सैद्धान्तिक स्वरूपको समेत सर्वप्रथम स्थापना भएको छ । यो श्यामव्यङ्ग्यबारेको प्रथम समालोचना हो । यसर्थ साहित्यका विविध विधालाई समेटिएको यो समालोचना सङ्ग्रह समालोचना क्षेत्रको एक महत्वपर्ण कृति बन्न पुगेको छ ।

५.२.३ भाषासाहित्य सिद्धान्त

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **भाषासाहित्य सिद्धान्त** नामक समालोचनात्मक कृति कलम प्रकाशनबाट २०५७ सालमा प्रकाशित भएको हो । निलो रङ्गको आवरण पृष्ठ रहेको यस कृतिको पछाडिपट्टिको भागमा कृतिकारको परिचय प्रस्तुत गरिएको छ । आकारप्रकारका दृष्टिले डिमाइ आकारको ७७ पृष्ठमा संरचित यस कृतिमा *भाषा सिद्धान्त*, *साहित्य सिद्धान्त* र *विधा सिद्धान्त* गरी तिन खण्ड र विभिन्न शीर्षकहरू रहेका छन् ।

२. विषयवस्तु

प्रस्तुत पुस्तकको पहिलो खण्डमा रहेको *भाषासाहित्य सिद्धान्त*अन्तर्गत *भाषाको परिचय, भाषाको प्रयोग, भाषिक व्यवस्था, भाषिक परिवर्तन, भारोपेली भाषा परिवार, संस्कृत र प्राकृत अपभ्रंश, शब्दभण्डार सिद्धान्त* र *ध्वनिसिद्धान्त* गरी आठ शीर्षक रहेका छन् । यसमा भाषाको परिभाषा गर्ने क्रममा संस्कृतका विभिन्न विद्वान्हरूका परिभाषाहरू प्रस्तुत गरी परिभाषालाई बुँदागत रूपमा समेत प्रस्तुत गरिएको छ । भाषाका विशेषताहरू प्रस्तुत गर्ने क्रममा वाक्प्रतीक, यादृच्छिकता, परम्परा, व्यवस्था, सम्प्रेषणको माध्यम आदिको चर्चा गर्दै भाषाको प्रयोगमा प्रयोक्ता, विषय र भूमिका तिन पक्षको महत्व हुने कुरा प्रस्तुत गरी *भाषिक व्यवस्था* शीर्षकअन्तर्गत ध्वनि व्यवस्था, व्याकरण व्यवस्था, अर्थव्यवस्था र शब्दभण्डारको व्याख्या गरिएको छ । भाषिक परिवर्तनका प्रक्रियाहरूमा ध्वनितात्विक परिवर्तन, अर्थतात्विक परिवर्तन गरी त्यसलाई पुनः विभिन्न उपशीर्षकमा प्रस्तुत गरिएको छ । *भारोपेली भाषापरिवार* नामक शीर्षकमा सतम् र केन्तुम

वर्गका भाषा परिवार, मुख्य भाषा र ती भाषा बोलिने क्षेत्रका बारेमा जानकारी गराइ *संस्कृत, प्राकृत र अपभ्रंश* शीर्षक अन्तर्गत प्राचीन आर्यभाषा, मध्यकालीन आर्यभाषा र आधुनिक आर्यभाषा गरी आर्यभाषाको विकासका चरण प्रस्तुत गरिएको छ । *शब्दभण्डार सिद्धान्त* शीर्षकअन्तर्गत शब्दभण्डारलाई मौलिक र आगन्तुक दुई वर्गमा बाँडी मौलिकभित्र तत्सम र तत्भवलाई राखी प्रस्तुत गरिएको छ । आगन्तुक शब्दहरूलाई अनुकुलित र अनुदित तथा देशभित्रका भाषाबाट आएका र देशबाहिरका भाषाहरूबाट आएका शब्दहरूलाई भिन्नभिन्न शीर्षकमा प्रस्तुत गरिएको छ । *ध्वनि सिद्धान्त* नामक शीर्षकभित्र नेपाली ध्वनिहरू वा नेपाली ध्वनितCवहरूलाई स्वर र व्यञ्जन गरी दुई भागमा वर्गीकरण गरी त्यसलाई अझ विभिन्न शीर्षकमा वर्गीकरण गरिएको छ ।

दोस्रो खण्ड *साहित्य सिद्धान्त*अन्तर्गत *साहित्यमा सिद्धान्तको परिचय, साहित्यको हेतु, साहित्यको प्रयोजन, साहित्यको वर्गीकरण, शब्दशक्ति, रसको परिचय, छन्दको परिचय, अलङ्कारको परिचय* गरी आठ शीर्षक रहेका छन् । *साहित्यसिद्धान्तको परिचय* शीर्षकमा साहित्यसम्बन्धी पूर्वीय र पाश्चात्य विद्वान्का परिभाषाहरू प्रस्तुत गरी अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ भने *साहित्यको हेतु* शीर्षक अन्तर्गत साहित्यका हेतुसम्बन्धी पूर्व र पश्चिमा केही विद्वान्हरूका परिभाषाहरू प्रस्तुत गरिएको छ । *साहित्यको प्रयोजन* शीर्षकमा साहित्यको प्रयोजनबारे पूर्वी र पाश्चात्य दुवैतिरका विद्वान्का विचार प्रस्तुत गरिएको छ । *साहित्यको वर्गीकरण* शीर्षकअन्तर्गत साहित्यको वर्गीकरणका आधारहरूमा प्रस्तुति, माध्यम र प्रकारको बारेमा चर्चा गरी साहित्यको वर्गीकरणका यी विभिन्न आधारहरूलाई पुनः विभाजन गरिएको छ । *शब्दशक्ति* शीर्षकभित्र शब्दशक्तिको परिचय र परिभाषा, शब्दशक्तिका प्रकार, अभिधा, लक्षणा र व्यञ्जना गरी पाँच उपशीर्षक रहेका छन् । यसमा शब्दशक्तिहरूको बारेमा जानकारी गराइएको छ । *रसको परिचय* शीर्षकअन्तर्गत रसको परिचय, रसका अवयव, रसका प्रकार, गरी तिन उपशीर्षकभित्र रसका अवयव भाव, विभाव, अनुभाव, व्यभिचारी भावको बारेमा जानकारी गराउँदै रसका प्रकारहरूका बारेमा उदाहरण सहित प्रकाश पारिएको छ । सातौँ शीर्षक *छन्दको परिचय*अन्तर्गत छन्दको परिचय र छन्दका प्रकार गरी दुई उपशीर्षक रहेका छन् र यसमा छन्दको गणसुत्र प्रस्तुत गर्दै छन्दका केही प्रमुख प्रकारहरूको बारेमा चर्चा गरिएको छ । *अलङ्कारको परिचय* शीर्षकभित्र अलङ्कारको परिचय र अलङ्कारका प्रकार गरी दुई उपशीर्षक रहेका छन् । यसमा भामह, दण्डी, वामनका अलङ्कारसम्बन्धी मान्यता प्रस्तुत गर्दै प्रमुख केही अलङ्कारहरूको बारेमा चर्चा गरिएको छ ।

तेस्रो खण्ड *विधा सिद्धान्त* शीर्षकअन्तर्गत *कविता सिद्धान्तको परिचय, कथा सिद्धान्तको परिचय, उपन्यास सिद्धान्तको परिचय, नाटक सिद्धान्तको परिचय, एकाङ्की सिद्धान्तको परिचय, निबन्ध सिद्धान्तको परिचय, समालोचना सिद्धान्तको परिचय* गरी सात शीर्षक रहेका छन् । *कविता सिद्धान्तको परिचय* शीर्षकभित्र कविताको परिचय, कविताको परिभाषा र कविताका तCवहरू गरी तिन उपशीर्षक रहेका छन् । जसमा भरत, भामह, मम्मट, विश्वनाथ आदिका परिभाषाहरू सहित निष्कर्ष प्रस्तुत गरिएको छ । कविताका तCवहरूमा भाव वा विचार, लय, भाषाशैली, दृष्टिबिन्दुलाई मानिएको छ । *कथा सिद्धान्तको परिचय* शीर्षक अन्तर्गत कथाको परिचय, कथाको परिभाषा र कथाका तCवहरू गरी तिन उपशीर्षक रहेका छन् । यसमा कथाको

परिचय दिँदै पाश्चात्य विभिन्न विद्वान्हरूका कथासम्बन्धी परिभाषा प्रस्तुत गरिएको छ । कथाका तŒवहरू कथानक, चरित्र वा पात्र, परिवेश, उद्देश्य, भाषा, शैली, दृष्टिबिन्दुलाई मानिएको छ । तेस्रो शीर्षक *उपन्यासको परिचय*अन्तर्गत उपन्यास सिद्धान्तको परिचय, उपन्यासको परिभाषा, उपन्यासका तŒवहरू, कथा र उपन्यासको तुलना गरी चार उपशीर्षकभित्र उपन्यासलाई विभिन्न विद्वान्का परिभाषासहित चिनाउँदै प्रस्तुत विभिन्न परिभाषाहरूका प्रमुख बूँदाहरू समेत प्रस्तुत गरिएको छ । यसमा उपन्यासका तŒवहरू उल्लेख गर्दै कथा र उपन्यास बीचको समानता र भिन्नता प्रस्तुत गरिएको छ । चौथो शीर्षक *नाटक सिद्धान्तको परिचय*अन्तर्गत केही पूर्वी र पश्चिमी विद्वान्हरूका नाटकसम्बन्धी परिभाषा प्रस्तुत गर्दै नाटकका तŒवहरूको बारेमा चर्चा गरिएको छ । *एकाङ्की सिद्धान्तको परिचय* शीर्षकअन्तर्गत एकाङ्कीको परिचय, एकाङ्कीको परिभाषा, एकाङ्कीका तŒवहरू, नाटक र एकाङ्कीको तुलना : समानता र भिन्नता गरी चार उपशीर्षक रहेका छन् । यसमा एकाङ्कीसम्बन्धी केही परिभाषाहरू प्रस्तुत गरी एकाङ्कीका तŒवहरू उल्लेख गर्दै नाटक र एकाङ्की बीचको समानता र भिन्नता प्रस्तुत गरिएको छ । छैटौँ शीर्षक *निबन्ध सिद्धान्तको परिचय* रहेको छ । यसमा निबन्धको परिचय, निबन्धको परिभाषा, निबन्धका तŒवहरू गरी तिन उपशीर्षकभित्र रहेर मोन्तेन, बेकन, जोन्सन आदिका परिभाषासहित निबन्धका तŒवहरूका बारेमा प्रकाश पारिएको छ । अन्तिम अर्थात् सातौँ शीर्षक *समालोचना सिद्धान्तको परिचय* रहेको छ । यसमा समालोचनाको परिचय र परिभाषा, नेपाली समालोचनाको विकास र समालोचनाका प्रकार गरी तिन उपशीर्षक रहेका छन् । समालोचनासम्बन्धी केही परिभाषाहरू प्रस्तुत गर्दै नेपाली समालोचनाको विकासका बारेमा चर्चा गरिएको यस शीर्षकमा समालोचनाका प्रकारहरूमा सैद्धान्तिक, प्रभाववादी, ऐतिहासिक, प्रगतिवादी समालोचनाको उल्लेख गर्दै विभिन्न प्रकारका समालोचकहरूको विवरण पनि प्रस्तुत गरिएको छ ।

३. भाषाशैली

भाषासाहित्य सिद्धान्त नामक कृतिमा सरल र परिष्कृत भाषाको प्रयोग पाइन्छ । विभिन्न भाषाहरूको चर्चा गर्ने क्रममा र विभिन्न शीर्षकलाई परिभाषित गर्ने क्रममा केही संस्कृत र अङ्ग्रेजी भाषाका शब्दहरूको पनि प्रयोग गरिएको छ । प्रत्येक शीर्षकको व्याख्यामा सूत्रात्मक शैलीलाई अँगालिएको छ । गद्य भाषासँगै विभिन्न ठाउँमा छन्द, रस, अलङ्कारको परिचय दिने क्रममा पद्य भाषाको पनि प्रयोग गरिएको छ ।

४. निष्कर्ष

भाषासाहित्य सिद्धान्त नामक प्रस्तुत समालोचनात्मक कृतिमा भाषा, साहित्य र विधा सिद्धान्तका बारेमा चर्चा गरिएको छ । यसमा प्रस्तुत भाषा सिद्धान्त खण्डले भाषाको प्रयोग, भाषिक व्यवस्था, भाषिक परिवर्तन, शब्दभण्डार सिद्धान्त, ध्वनि सिद्धान्तसम्मलाई समेटेको छ भने *साहित्य सिद्धान्त* खण्डले साहित्यको हेतु, प्रयोजन, वर्गीकरण सहित रस, छन्द, अलङ्कारलाई समेटेको छ । यी सबै सिद्धान्तबारे विभिन्न विद्वान्हरूका परिभाषा प्रस्तुत गर्दै अन्त्यमा आफ्नो परिभाषा दिई त्यसलाई बुँदात्मक रूपमा प्रस्तुत गरिएको छ । प्रत्येक शीर्षकको चर्चापछि त्यस सम्बन्धी आफ्नो धारणा प्रस्तुत गरिएको छ । *विधा सिद्धान्त*

शीर्षकअन्तर्गत साहित्यका सम्पूर्ण विधाहरूको बारेमा चर्चा गरिएको छ र प्रत्येकको परिचय, परिभाषा र तत्त्वहरू प्रस्तुत गरिएको छ । सन्दर्भ ग्रन्थसूचीअन्तर्गत दिइएको नेपाली, संस्कृत र हिन्दी भाषाका पुस्तकहरूको सूचीले पुस्तकको आधिकारिकतामा वृद्धि भएको छ । यसका प्रत्येक शीर्षकको चर्चा गर्दा छोटो र सजिलो शैलीमा प्रस्तुत गरिएको छ । प्रत्येक शीर्षकको निष्कर्ष प्रस्तुत गरिएको छ । भाषा, साहित्य र विधा सिद्धान्त तिनवटै पक्षलाई समेटिएको यस कृतिमा सानो आयाममा धेरै कुरा समेटिएको छ अर्थात् यस समालोचनात्मक कृतिभित्र थोरै पृष्ठ र सानो आकारमा धेरै विषयवस्तु अटाइएको छ । भाषिक सरलतालाई अँगालिएको यस कृतिमा व्याख्यात्मकभन्दा सूत्रात्मक शैलीको प्रयोग गरिएको छ र यसले अध्ययनलाई सहज, सुबोध र सुगम तुल्याएको छ । भाषा, साहित्य र विधा सिद्धान्तजस्तो जटिल विषयलाई अत्यन्तै सरल र सुबोध भाषामा प्रस्तुत गर्नु यस कृतिको सर्वाधिक महत्त्वपूर्ण पक्ष हो । यी सबै कोणबाट हेर्दा भाषासाहित्य सिद्धान्तप्रति रुचि राख्नेहरू सबैका लागि यो कृति अत्यन्तै उपयोगी रहेको छ ।

५.२.४ कविता सिद्धान्त र नेपाली कविताको इतिहास

१. परिचय

कविता सिद्धान्त र नेपाली कविताको इतिहास (२०६०) खगेन्द्रप्रसाद लुइटेलको साहित्ययात्राको दोस्रो चरणमा लेखिएको महत्त्वपूर्ण समालोचनात्मक कृति हो । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट २०६० सालमा प्रकाशित यो कृति ४६९ पृष्ठमा संरचित छ । हरियो, सेतो र निलो रङ्गको प्रयोग गरिएको यस कृतिको आवरण पृष्ठको पछाडिपट्टि लेखकको परिचय दिइएको छ । *उहिलेदेखि अहिलेसम्मका सम्पूर्ण कविहरूलाई समर्पण* लेखिएको यस कृतिमा *उपकुलपतिको मन्तव्य* शीर्षकमा मोहन कोइरालाको र *मन्तव्य* शीर्षकमा तोया गुरुङको भूमिका तथा *गथासो* शीर्षकमा लेखकको भनाइ राखिएको छ । यो पुस्तक त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयका विभिन्न तहका पाठ्यक्रममा समावेश गरिएको छ । दुई खण्ड रहेको यस कृतिको अगिल्लो खण्डमा *कविताको परिभाषा, कविताको परम्परित वर्गीकरण, कविताको आधुनिक वर्गीकरण, कविता संरचनाको पहिचान* र *कविताका संरचक घटकहरू* गरी पाँच शीर्षक र पछिल्लो खण्डमा *नेपाली साहित्यमा कालविभाजनका प्रयासहरू, नेपाली कविताको प्राथमिक काल, नेपाली कविताको माध्यमिक काल, नेपाली कविताको आधुनिक काल* र *नेपाल बाहिर नेपाली कविताको परिदृष्य* गरी पाँच शीर्षक र अन्त्यमा *सन्दर्भग्रन्थसूची* दिइएको छ ।

२. विषयवस्तु

अगिल्लो खण्डको पहिलो शीर्षक *कविताको परिभाषा*अन्तर्गत *कविताको परिचय, संस्कृत साहित्यमा कविताको परिभाषा, पश्चिमी साहित्यमा कविताको परिभाषा, नेपाली साहित्यमा कविताको परिभाषा* र *निष्कर्ष* गरी पाँच उपशीर्षक रहेका छन् । यसमा पूर्वीय, पाश्चात्य र नेपाली साहित्यमा कवितासम्बन्धी गरिएका विभिन्न परिभाषाहरू प्रस्तुत गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *कविताको परम्परित वर्गीकरण*अन्तर्गत *पूर्वीय साहित्यमा कविताको वर्गीकरण, पश्चिमी साहित्यमा कविताको वर्गीकरण* र *निष्कर्ष* गरी तिन उपशीर्षक रहेका छन् । यसमा पूर्वीय र पश्चिमी साहित्यमा गरिएको कविताको वर्गीकरण प्रस्तुत गर्दै निष्कर्ष प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *कविताको आधुनिक वर्गीकरण*अन्तर्गत *प्रगीतात्मक कविता, आख्यानात्मक कविता, नाटकीय कविता* र *निष्कर्ष* गरी चार उपशीर्षक रहेका छन् । यसमा प्रगीतात्मक, आख्यानात्मक कविताका प्रमुख परिचायक अभिलक्षणसहित व्याख्या गरी निष्कर्षमा तिनीहरूलाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ ।

चौथो शीर्षक *कविता संरचनाको पहिचान*अन्तर्गत संरचनाको परिचय र विशेषता, कविता संरचनाको परिचय, कविताको विन्यासक्रम गरी तिन उपशीर्षक रहेका छन् । यसमा वस्तुगत ढङ्गले कविता संरचनाको विस्तृत विश्लेषण गरिएको छ ।

पाँचौं शीर्षक *कविताका संरचक घटकहरू*अन्तर्गत *परिचय, वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीय विन्यास* गरी छ उपशीर्षक रहेका छन् । संरचक घटकमध्येका वस्तु र भाषाशैलीय विन्यासलाई पुनः विभिन्न शीर्षकमा वर्गीकरण गरिएको छ । यो शीर्षक कविताका संरचक घटकहरूको व्याख्या विश्लेषणमा केन्द्रित रहको छ ।

दोस्रो खण्डको पहिलो शीर्षक *नेपाली साहित्यमा काल विभाजनका प्रयासहरू*अन्तर्गत *विषय प्रवेश, नेपाली साहित्यमा कालविभाजनको रेखाङ्कन* र *उपसंहार निष्कर्ष* गरी तिन उपशीर्षक रहेका छन् । यसमा यस अगि गरिएका काल विभाजनसम्बन्धी प्रयासहरूलाई प्रस्तुत गरी तार्किक खण्डनमण्डनसहित निष्कर्षसमेत प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *नेपाली कविताको प्राथमिक काल*अन्तर्गत *पृष्ठभूमि* र *विषय प्रवेश : प्राथमिक काल* गरी दुई उपशीर्षक रहेका छन् । यसमा प्राथमिक काललाई पूर्वार्ध चरण वीरधारा र उत्तरार्ध चरण भक्तिधारा गरी विभाजन गरिएको छ भने भक्ति धारालाई कृष्ण भक्तिधारा, रामभक्तिधारा र निर्गुण भक्तिधारामा पुन : वर्गीकरण गरिएको छ । यी सबै शीर्षकमा प्रस्तुत विषयवस्तुको वस्तुगत विश्लेषण गरी अन्त्यमा निष्कर्ष समेत प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *नेपाली कविताको माध्यमिक काल*अन्तर्गत *परिचय : विषय प्रवेश* उपशीर्षक रहेको छ । यसलाई पूर्वार्ध चरण शृङ्गारिक धारा र उत्तरार्ध चरणअन्तर्गत शास्त्रीयतावादी धारा गरी दुई चरणमा विभाजन गरिएको छ । वि.सं. १९४१ देखि १९९१ सम्म माध्यमिक काल मानिएको यस वर्गीकरणमा लेखनाथ पौड्याल, बालकृष्ण सम, माधवप्रसाद देवकोटा आदिलाई यसै कालमा राखी तिनीहरूलाई माध्यमिक कालमा राख्ने कारणहरू समेत प्रस्तुत गरी निष्कर्ष दिइएको छ ।

चौथो शीर्षक *नेपाली साहित्यमा आधुनिक काल* शीर्षकअन्तर्गत *विषय प्रवेश, आधुनिकताको परिचय, नेपाली साहित्यमा आधुनिकता, नेपाली कवितामा आधुनिकतासम्बन्धी मतमतान्तर* र *नेपाली कविताको आधुनिक कालका प्रमुख धाराहरू* गरी पाँच उपशीर्षक रहेका छन् । यसमा आधुनिकता र नेपाली कवितामा

आधुनिकताको परिचयका साथै नेपाली कविताका बारेमा रहेका आधुनिकतासम्बन्धी मतमतान्तरहरू प्रस्तुत गरी निष्कर्ष निकालिएको छ र यसबाट नेपाली कवितामा विद्यमान भ्रमको निवारण गरिएको छ। यसमा नेपाली कविताको आधुनिक कालका प्रमुख धाराहरूलाई स्वच्छन्दतावादी धारा (१९९१-२०१६), प्रयोगवादी धारा (२०१७-२०३५) र समसामयिक धारा (२०३६ देखि यता) गरी तिन धारामा विभाजन गरेर प्रत्येक धाराका प्रतिनिधि कवि र कविताहरूको बारेमा विश्लेषण गर्नाका साथै समसामयिक धाराअन्तर्गतका सडक कविता क्रान्ति (२०३६), तरलवाद (२०४०), जनआन्दोलन कविता (२०४६), छन्द बचाऊँ अभियान (२०५३), संरक्षण कविता आन्दोलन (२०५३) र छन्द जागरण अभियान (२०५९) आदिको बारेमा परिचय दिइएको छ। यस शीर्षकमा यी विभिन्न धारा र त्यसअन्तर्गतका विभिन्न वाद आन्दोलनलाई विस्तृत रूपमा चर्चा गरी अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ।

पाँचौं शीर्षक *नेपाल बाहिरका कविताको परिदृश्य*अन्तर्गत नेपाल बाहिर बसोबास गर्ने कवि र तिनीहरूका काव्यकृतिहरूलाई वर्णनुक्रममा प्रस्तुत गरी पुस्तकको अन्त्यमा सन्दर्भग्रन्थसूची राखिएको छ।

३. भाषाशैली

कविता सिद्धान्त र नेपाली कविताको इतिहास कृतिको भाषाशैली सरल रहेको छ। "अस्पष्ट, सन्दिग्ध, द्वयर्थक र घुमाउरो किसिमको भाषिक प्रयोगबाट टाढा रहेको यो ग्रन्थ नेपाली कविताको इतिहास लेखनको एउटा फड्को हो "[२८४] यस कृतिमा प्रयुक्त भाषा स्पष्ट, अभिधार्थक, सहज, सुबोध र स्वाभाविक छ। यस कृतिमा कविताको परिभाषा गर्ने क्रममा संस्कृत र पश्चिमी विद्वान्हरूका परिभाषाहरू दिँदा संस्कृत र अङ्ग्रेजी भाषाका शब्दहरूको पनि प्रशस्तै प्रयोग भएको पाइन्छ। मुख्य रूपमा संरचनावादी समालोचना पद्धतिको प्रयोग गरिएको यस कृतिमा तुलनात्मक, विवरणात्मक, विश्लेषणात्मक, ऐतिहासिक विधिको पनि प्रयोग गरिएको छ।

४. निष्कर्ष

कविता सिद्धान्त र नेपाली कविताको इतिहास (२०६०) कृति कविताका क्षेत्रमा विधागत सिद्धान्त र इतिहासलाई समेटी कविता सिद्धान्त र नेपाली कविताको सिङ्गो इतिहास प्रस्तुत गरिएको महत्वपूर्ण कृति हो। "नलेखिएको कविताको इतिहासको कठिन कार्यमा ठूलो उपलब्धि स्वरूप प्रकाशित हालसम्म लेखिएका पुस्तकहरूमध्ये महत्त्वपूर्ण कृतिका रूपमा आएको यस कृतिले ऐतिहासिक महत्त्व राख्ने निश्चित छ।"[२८५] "कविताको संरचनालाई पहिल्याएर कविताको वर्गीकरण गर्ने र प्रवृत्तिका आधारमा प्रकार छुट्याउने नौलो प्रयास गरिएको यस पुस्तकलाई नेपाली कवितामा केन्द्रित पहिलो इतिहास तथा नेपाली काव्य जगत्का लागि प्रथम नवीन र विशिष्ट कृतिको रूपमा लिइएको छ। खास गरेर यस कृतिमा आधुनिक कविताको पहिचान

---

२८४. लक्ष्मणप्रसाद गौतम, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास*, **गरिमा**, (२२/१२, २०६१ मङ्सिर), पृ. ६६।

२८५. अन्नपूर्ण समाचारदाता, *कविता सिद्धान्तको क्षेत्रमा एउटा गहकिलो पुस्तक*, **अन्नपूर्ण पोष्ट**, (२०६१ वैशाख ५), पृ. ७।

यथार्थवादी ढङ्गमा र समसामयिक कविताको विश्लेषण वास्तविक परिवेशमा गरिएको छ ।"[२८६] "प्रस्तुत ग्रन्थ दसौं वर्षदेखिको अध्ययन अनुसन्धानमा संलग्न डा. लुइटेलको कठोर साधनाको गौरवपूर्ण प्रतिफल र विशिष्ट प्राप्ति हो ।"[२८७] "यो अध्ययन वैज्ञानिक प्रकारको अध्ययन हो । यसमा खास गरेर कविताको संरचनालाई पहिल्याएर कविताको वर्गीकरण गर्ने र प्रवृत्तिका आधारमा प्रकार छुट्ट्याउने नौलो प्रयास गरिएको छ ।"[२८८] "यो अत्यन्तै प्रामाणिक र नौलो सैद्धान्तिक पृष्ठभूमि हो । यस्तो व्यापक विषयवस्तुलाई समेटेर लेखिएको यो पहिलो ग्रन्थ हो ।"[२८९] "यो कृति कविता विधाको गहन दस्तावेज हो ।"[२९०] "कविता विधाको आधुनिक विस्फोट हो ।"[२९१] यो पुस्तक "नेपाली काव्यको इन्साइक्लोपेडिया हो र विषयगत चिन्तनको युगीन ध्वनि अग्रगामिता तथा भाषाशिल्पगत नवीनता सबै कुरा भएका कविता यस समयमा नै लेखिएको हुँदा लेखकको दृष्टिकोणलाई वैज्ञानिक मान्न सकिन्छ ।"[२९२] "यो ग्रन्थ एउटा नौलो प्रस्तुतिका रूपमा मात्र नआएर बेग्लै इतिहासको रूपमा आएकाले पनि यसले विशिष्टता पाएको छ । ... ग्रन्थमा प्रस्तुत पूर्वी र पश्चिमी एवं नेपाली विद्वान्हरूका अवधारणाहरूले केवल जानकारीको भूमिका मात्र निभाएको छैन, सँगै प्रत्येकमा नयाँ सोच बनाउन सक्ने क्षमता पनि राखेको छ ।"[२९३] "अस्पष्ट, सन्दिग्ध, द्वयर्थक र घुमाउरो किसिमको भाषिक प्रयोगबाट टाढा रहेको यो ग्रन्थ नेपाली कविताको इतिहास लेखनको एउटा फड्को हो र यसले नेपाली कविताका बारेमा समग्र सूचना प्रदान गर्दछ भने विश्लेषण र मूल्याङ्कनले नेपाली कवि र कविताको स्थिति, प्रवृत्ति र दिशा निर्धारणसमेत गर्दछ ।"[२९४] "कालिक र धारणागत कविताको इतिहासलाई सकेसम्म तथ्यपरक वैज्ञानिक सामान्यीकृत र सरल बनाउने प्रयास भएको यो ग्रन्थ विधागत इतिहास लेखनको अद्वितीय र अतुलनीय कृति हो ।"[२९५] "यस कृतिमा विना भेदभाव तटस्थ निश्पक्ष भएर कविताको इतिहास लेखनको उद्घोष मात्र भएको छैन तदनुरूप काम पनि भएको छ । यस कृतिमा सिद्धान्त छ, विश्लेषणको आधार छ र कविता पहिचान गर्ने संरचनावादी दृष्टिकोण छ । यसरी नै नेपाली साहित्यको कालविभाजनको मतभेदलाई

---

२८६. रासस, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास ग्रन्थ प्रकाशित,* **गोरखापत्र**, (२०६१ वैशाख १६), पृ. २ ।

२८७. भरतकुमार भट्टराई, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* **गोरखापत्र**, (२०६१ असार १२), पृ. ख ।

२८८. *नेपाली कविताको इतिहास एउटै पुस्तकमा,* **हिमालय टाइम्स**, (२०६१ वैशाख १६), पृ. २

२८९. गोविन्दराज भट्टराई, *कविता माथि भिन्न हेराई,* **कान्तिपुर**, (२०६१ जेठ १६), पृ. घ ।

२९०. *कविता विधाको गहन दस्तावेज,* **बुधबार**, (२०६१ जेठ २०), पृ. ४ ।

२९१. माधवप्रसाद पाण्डेय, कविता विधामा आधुनिक विष्फोट, **स्पेसटाइम**, (२०६२ वैशाख १९), पृ. ६ ।

२९२. मधुसूदन गिरि, *नेपाली काव्यको इन्साइक्लोपेडिया,* **राजधानी**, (२०६१ जेठ २), पृ. ग ।

२९३. रमेश तुफान, *निश्चित दिशा,* **मधुपर्क**, (३७/४, २०६१ भदौ), पृ. ४८ ।

२९४. लक्ष्मणप्रसाद गौतम, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* **गरिमा**, (२२/१२, २०६१ मङ्सिर), पृ. ६६ ।

२९५. भरतकुमार भट्टराई *विधागत इतिहास लेखनमा अद्वितीय कृति,* **सुनकोसी,** (२०६१ भदौ), पृ.२१८ ।

सर्वेक्षणात्मक विश्लेषण गरेर नेपाली कविताको स्पष्ट काल विभाजन गरिएको छ ।"[२९६] "यो कृति विनाआग्रह सबै पक्षलाई समेटेर लेखिएको नेपालीको आधिकारिक र प्रामाणिक ऐतिहासिक महत्त्वको विशिष्ट ग्रन्थ हो ।"[२९७] "यो ग्रन्थ एकातिर भएका सामग्रीहरूको कुशल व्यवस्थापनयुक्त सङ्गठन पनि हो र अर्कातिर मौलिक र नवीन सिद्धान्तको प्रतिपादन व्याख्या व्याख्या र विश्लेषण पनि हो । कविता सिद्धान्त र नेपाली कविताको अथ र इति थाहा पाउनका लागि एउटा आधारग्रन्थ र गुरुग्रन्थका रूपमा पनि यो कृति मूल्याङ्कित हुन्छ ।"[२९८]

प्रस्तुत कृतिमा उपकुलपतिको मन्तव्य शीर्षकमा मोहन कोइरालाको "चर्चित एवं प्रखर समालोचक डा.खगेन्द्रप्रसाद लुइटेलद्वारा तयार पारिएको प्रस्तुत शोधग्रन्थ नेपाली काव्य जगत्का लागि पहिलो नवीन र विशिष्ट कृति हो । कवितालाई नै मुख्य विषयवस्तु बनाएर वस्तुवादी-भाषावादी ढङ्गले कविताको संरचनात्मक विश्लेषणमा पीएच्.डी गरी नेपाली कविता विधामै विशेषज्ञता हासिल गरेका संरचनावादी विद्वान समालोचक लुइटेलद्वारा लेखिएको प्रस्तुत कृति यस विषय क्षेत्रको प्रथम आधिकारिक मौलिक र प्रामाणिक ग्रन्थ हो । नेपाली कविताको इतिहासमा देखापरेका मतमतान्तरलाई निराकरण गरी सैद्धान्तिक स्थिरीकरण गर्न सक्षम यो कृति नेपाली कविताका फाँटमा अति महत्त्वपूर्ण योगदान हुनेछ भन्ने कुरामा कुनै सन्देह छैन" भन्ने अभिव्यक्ति र यसै पुस्तकको मन्तव्यमै तोया गुरुङ्गको "यस शोध ग्रन्थमा कविताका सैद्धान्तिक पक्षको वस्तुगत विश्लेषण तथा नेपाली कविताको इतिहास सम्वन्धी सुरुदेखि अहिलेसम्को गहन खोजमूलक प्रस्तुति गरी आधुनिकतालाई विशेष ढङ्गले अर्थ्याएर यस सम्बन्धी दिग्भ्रमहरूको निराकरण गरिएको छ । कवितालई वैज्ञानिक ढङ्गले समग्र रूपमा चिनाउने र नेपाली कविताको विकासक्रमको समग्रता स्पष्ट्याउने यस्ता आधिकारिक र प्रमाणिक शोधग्रन्थको अभाव भइरहेका क्षणमा प्रस्तुत कृति प्रकाशन हुनु हामी सबैको गौरवको विषय हो ।" भन्ने भनाइबाट पनि कृतिको महत्त्व झल्किएको छ । समग्रमा यो कृति कविताको सिद्धान्त र विधागत इतिहासलाई समेटी तयार पारिएको एक ऐतिहासिक महत्त्वको विशिष्ट कृति हो ।

कविता सिद्धान्त र नेपाली कविताको इतिहास सिद्धान्त र प्रयोग दुवै पक्षमा नवीनता पाइने दुई खण्ड रहेको कविताको सिद्धान्त र इतिहासबारे चर्चा गरिएको अनुसन्धानमूलक कृति हो । यसमा कविता सिद्धान्तसँग सम्बद्ध कविताको परिभाषा, वर्गीकरण, संरचना, घटक आदि सबै पक्षहरूको बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ । प्रत्येक शीर्षकको निष्कर्ष दिइएको यस कृतिमा कविता संरचना र संरचक घटकहरूको प्रयोगमा फरक मान्यता प्रस्तुत गरिएको छ । यस ग्रन्थमा कवितासम्बन्धी परिभाषा दिने क्रममा संस्कृत र अङ्ग्रेजीको मूलपाठ पनि समावेश गरिएको छ । जसले गर्दा पाठकलाई त्यसको तुलनात्मक अध्ययन गर्न सजिलो परेको

---

२९६. सुकुम शर्मा, *कविता सिद्धान्त र नेपाली कविताको इतिहासका सन्दर्भमा डा. खगेन्द्रप्रसाद लुइटेलको समालोचकीयता*, **समकालीन साहित्य**, (१४/४, २०६१ वैशाख - असार), पृ. ५६ ।

२९७. यशोदा अधिकारी, **डी. पी. अधिकारीका समालोचनाको विश्लेषण**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६४), पृ. १२० ।

२९८. लक्ष्मणप्रसाद गौतम, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास कविताका बारेमा लेखिएको मानक ग्रन्थ*, **नवप्रज्ञापन**, (२०६२असोज), पृ. २० ।

छ । यसमा कवितासम्बन्धी नेपाली विद्वान्हरूका केही परिभाषाहरूको उल्लेख गरी निष्कर्षमा कवितासम्बन्धी आफ्नो परिभाषा दिएर त्यसलाई चारवटा बुँदामा आबद्ध गरी ती बुँदाहरूको व्याख्याद्वारा त्यसलाई पुष्टि गरिएको छ र कविताको स्वरूप स्पष्ट पारिएको छ । कविता संरचना र कविताका संरचक घटकहरूको परिचय दिने क्रममा प्रस्तुतीकरणमा नवीनता, स्पष्टता, सरलता र व्यापकता पाइन्छ । संरचनावादी दृष्टिकोणबाट नेपाली कविता विश्लेषण, सर्वेक्षण र मूल्याङ्कन गर्ने नवीन कार्यको प्रारम्भ भएको छ ।

नेपाली कविताको स्पष्ट कालविभाजन गरी आधुनिकताको वस्तुगत निरूपण र प्रत्येक कालका विभिन्न धारा, कवि र प्रवृत्तिको विश्लेषण सटीक रूपमा प्रस्तुत गरिएको यस कृतिमा नेपाली कविताका प्रत्येक काल र धाराका विशिष्ट, प्रतिनिधिमूलक र विशेष योगदान दिने कविहरूका बारेमा विशेष चर्चा गरिएको छ । यसमा नेपाली कविताको प्राथमिक कालदेखि आधुनिक कालको समसामयिक धारासम्मका कवि प्रतिभा र प्रवृत्तिको प्रभावपूर्ण निरूपण गरिएको छ । यसमा प्राथमिक कालको वीरधारादेखि आधुनिक कालको समसामयिक धारासम्मका एक हजार दुई सयभन्दा बढी कविहरू र तिनका काव्यकृतिहरूलाई एकै ठाउँमा जम्मा गरेर प्रस्तुत गरिएको छ । यसमा आधुनिकतासम्बन्धी विभिन्न मतहरूको खण्डनमण्डन गरी समसामयिकताको पनि नवीन व्याख्या गरिएको छ । नेपाली कविताका प्रत्येक काल र धाराका विशिष्ट, प्रतिनिधिमूलक र विशेष योगदान दिने कविहरूका बारेमा व्याख्यात्मक र विश्लेषणात्मक रूपमा तिनका कवित्वको निरूपण गरिएको छ । कविको नाम राख्ने क्रममा पहिलो प्रकाशित कृतिका आधारमा कालक्रमलाई आधार बनाएर प्रस्तुत गरिएको छ भने स्रोत नपाइएकाहरूलाई वैकल्पिक विधि प्रयोग गरिएको छ । प्रत्येक काल वा धाराको चर्चा गरिसकेपछि अन्त्यमा निष्कर्ष स्वरूप त्यस समयावधिका प्रमुख प्रवृत्तिहरूलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ । कृतिमा नेपालभित्रका कविहरूको मात्र चर्चा नगरी नेपालबाहिरको नेपाली कविताको परिदृश्यसमेत प्रस्तुत गरी नेपालबाहिर नेपाली कविताको स्थितिका बारेमा जानकारी दिइएको छ । "इतिहास लेखन कहिल्यै पनि पूर्ण हुँदैन, यसमा म पनि पूर्णताको दावी गर्दिन । यदि कसैले इतिहास लेखनमा पूर्णताको दावी गर्छ भने त्यो मुर्ख्याईंभन्दा बढी केही हुँदैन । इतिहासको पूर्णताको लागि लेखकको अन्त्य हुनुपर्छ र लेखकलाई अन्त्य गरी बनाइएका इतिहासको कुनै औचित्य रहँदैन" भन्ने लेखकको भनाइ देखिए पनि यसले नेपाली कविताको समग्र इतिहासलाई समेटेको देखिन्छ ।

कविता सिद्धान्त र नेपाली कविताको इतिहास नामक कृतिमार्फत संरचनावादी दृष्टिकोणबाट नेपाली कविताको विश्लेषण, मूल्याङ्कन गर्ने कार्यको पनि प्रारम्भ भएको छ त्यसकारण पनि कविताको सिद्धान्त र इतिहास दुवैको बारेमा नवीन मान्यता प्रस्तुत गरिएको यो कृति यस क्षेत्रको एक विशिष्ट कृति बन्न पुगेको छ । यस कृतिलाई सिद्धान्त र इतिहास गरी छुट्ट्याउँदा बेग्लाबेग्लै कृति पनि बन्ने देखिन्छ ।

५.२.५ पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त

१. परिचय

प्रस्तुत **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** नामक कृति २०६१ सालमा विद्यार्थी पुस्तक भण्डारबाट प्रकाशित भएको हो । त्यसपछि यो कृति क्रमशः २०६३, २०६७ र २०७१ सालमा आइपुग्दा चौथो संस्करण

प्रकाशित भइसकेको छ । यो माथि रातो र तल कालो रङ्गको आवरण रहेको डिमाइ आकारको ४१२ पृष्ठमा संरचित छ । यो पुस्तक त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयका विभिन्न तहका पाठ्यक्रममा समावेश गरिएको छ । यस कृतिमा *पूर्वीय साहित्य सिद्धान्त, पाश्चात्य साहित्य सिद्धान्त* र *पाश्चात्यवाद* गरी तिन खण्ड रहेका छन् । कृतिको पहिलो खण्डमा *पूर्वीय साहित्य सिद्धान्त*अन्तर्गत *काव्य परिभाषा, काव्य हेतु, काव्य प्रयोजन, शब्दशक्ति, काव्यगुण, काव्यदोष, रस सम्प्रदाय, अलङ्कार सम्प्रदाय, रीति सम्प्रदाय, ध्वनि सम्प्रदाय, वक्रोक्ति सम्प्रदाय* गरी एघार शीर्षक, दोस्रो खण्डमा *पाश्चात्य प्रणाली*अन्तर्गत *नीतिपरक, जीवनीपरक, समाजपरक, मनोविज्ञानपरक, आदिकतापरक, रूपपरक, शैलीवैज्ञानिक* र *संरचनावाद* गरी आठ र तेस्रो खण्डमा *पाश्चात्य वादहरू*अन्तर्गत *परिष्कारवाद, स्वच्छन्दतावाद, यथार्थवाद, प्रकृतवाद, प्रभाववाद, प्रतीकवाद, बिम्बवाद, घनत्ववाद, अतियथार्थवाद, अस्तित्ववाद, उत्तरआधुनिकतावाद, विनिर्माणवाद, पाठक प्रतिक्रिया समालोचना, नारीवादी समालोचना* र *उत्तर औपनिवेशिक समालोचना* गरी पन्ध्र शीर्षक रहेका छन् ।

२. विषयवस्तु

यस पुस्तकको पहिलो खण्डको पहिलो शीर्षक *काव्य परिभाषा*भित्र संस्कृत भाषामा प्रतिपादित काव्यका प्रमुख केही परिभाषाहरू प्रस्तुत गरिएको छ भने दोस्रो शीर्षक *काव्यहेत*अन्तर्गत काव्यहेतुको परिचय र प्रकारबारे चर्चा गरिएको छ । तेस्रो शीर्षक *काव्य प्रयोजन* विभिन्न विद्वान्का काव्य प्रयोजनसम्बन्धी मतहरूमा केन्द्रित छ भने चौथो शीर्षक *शब्दशक्ति*अन्तर्गत शब्दशक्तिको परिचयसहित यसका प्रकारहरूको बारेमा चर्चा गरिएको छ । पाँचौँ शीर्षक *काव्यगुण*मा काव्यगुणको परिचय र स्वरूपबारे चर्चा गरी काव्यगुणका प्रकार प्रस्तुत गरिएको छ भने छैटौँ शीर्षक *काव्यदोष*भित्र काव्यदोषको लक्षण तथा स्वरूप, काव्यदोषको वर्गीकरण र प्रमुख काव्यदोषबारे चर्चा गरिएको छ । सातौँ शीर्षक *रस सम्प्रदाय* अन्तर्गत रसको चिनारी र रससुत्रको आधारभूत व्याख्यासहित रस सामग्री वा अवयवको परिचय, रसनिष्पत्तिका प्रमुख मान्यता, साधारणीकरण, नवरसको सोदाहरण परिचय प्रस्तुत गरिएको छ । आठौँ शीर्षक *अलङ्कार सम्प्रदाय*भित्र चिनारी, विकासक्रम, परिभाषा र स्वरूप, मूलभूत मान्यता प्रस्तुत गरी रूय्यकको अलङ्कार वर्गीकरण प्रस्तुत गरिएको छ । यसमा शब्दालङ्कार र अर्थालङ्कारका परिभाषा र उदाहरण प्रस्तुत गरी साहित्यमा शब्दालङकार र अर्थालङ्कारको भूमिका प्रस्तुत गरिएको छ । नवौँ शीर्षक *रीति सम्प्रदाय*अन्तर्गत रीति सम्प्रदायको चिनारी र विकास, अर्थ र परिभाषा, अलङ्कार र गुणसँगको परिचय प्रस्तुत गर्दै रीति र गुणका प्रमुख प्रकारबारे चर्चा गरिएको छ । दसौँ शीर्षक *ध्वनि सम्प्रदाय*अन्तर्गत भने ध्वनि सम्प्रदायको चिनारी, ध्वनि सिद्धान्तको स्थापना, अर्थ र परिभाषा प्रस्तुत गर्दै ध्वनिको वर्गीकरण गरिएको छ । दसौँ शीर्षक *वक्रोक्ति सम्प्रदाय*अन्तर्गत वक्रोक्ति सम्प्रदायको चिनारी, परिभाषा र स्वरूप प्रस्तुत गरी यसका प्रकार उल्लेख गर्दै वक्रोक्तिवादका प्रमुख मान्यता एवं स्थापना बारे चर्चा गरिएको छ ।

दोस्रो खण्डको पहिलो शीर्षक *नीतिपरक समालोचना* शीर्षकमा नीतिपरक साहित्य र समालोचनाको परिचय, विकास, नीतिवाद र आदर्शवादको सम्बन्ध र स्वरूपबारे जानकारी गराउँदै नीतिवादी समालोचनाका प्रकार, प्लेटोको नीतिवादी साहित्यिक मान्यता बारे चर्चा गर्नाका साथै कलावाद विरुद्धमा स्थापित नीतिवादका

शक्ति र सीमाहरू प्रस्तुत गरिएको छ। दोस्रो शीर्षक *जीवनीपरक समालोचनाअन्तर्गत* जीवनीपरक समालोचनाको परिचय र विकास, प्रमुख मान्यताहरूसँगै जीवनीपरक समालोचनाको प्रक्रिया र यसका शक्ति र सीमाहरू उल्लेख गरिएको छ। तेस्रो शीर्षक *समाजपरक समालोचना* शीर्षकमा समाजपरक समालोचनाको परिचय, पृष्ठभूमि र विकाससँगै टेन, मार्क्स, कडवेल, जर्ज लुकाज आदिका समाजपरक स्थापना तथा मान्यताहरू उल्लेख गर्दै मार्क्स र गैरमार्क्सवादी चिन्तन प्रस्तुत गर्नाका साथै यसका शक्ति र सीमाहरू उल्लेख गरिएको छ। चौथो शीर्षक*मनोविज्ञानपरक समालोचना*अन्तर्गत मनोविज्ञानपरक समालोचनाको परिचय, विकास, शाखा, प्रकारसँगै फ्रायड, एडलर, युङ, लकँका मनोवैज्ञानिक सिद्धान्त र स्थापनाबारे चर्चा गर्दै यसका शक्ति र सीमाहरू प्रस्तुत गरिएको छ। पाँचौँ शीर्षक*आदिमतापरक समालोचना*मा परिचय, प्रवर्तन र विकास, प्रमुख सिद्धान्त बारे चर्चा गर्दै फ्राजर, कार्ल युङ्ग आदिका आदिमतापरक मान्यताको प्रस्तुति सहित यसका शक्ति र सीमाहरू प्रस्तुत गरिएको छ। छैटौँ शीर्षक *रूपपरक समालोचना*भित्र रूपपरक समालोचनाको परिचय, दृष्टिकोण, मान्यता सहित रसियाली रूपवाद, चेक संरचनावाद, फ्रान्सेली संरचनावाद, नवसमालोचना, सिकागो सम्प्रदाय र नवएरिस्टोटलवाद, कृतिपरक समालोचना बारे चर्चा गर्दै यसका शक्ति र सीमा प्रस्तुत गरिएको छ। सातौँ शीर्षक*शैलीवैज्ञानिक समालोचना*अन्तर्गत शैलीको परिचय, परिभाषा, यसका प्रकार र भाषाविज्ञान र साहित्यशास्त्रसँग सम्बन्ध, सैद्धान्तिक मान्यता र समालोचना तह बारे चर्चा गर्दै शैलीवैज्ञानिक समालोचना पद्धति र प्रविधिसहित कृति विश्लेषणका प्रारूप र प्रक्रियाका चरणहरू प्रस्तुत गरिएको छ। आठौँ शीर्षक*संरचनावाद* शीर्षकअन्तर्गत संरचनावादको नामाकरण र परिचय, पृष्ठभूमि र प्रवर्तन, परिभाषा, आधारभूत मान्यता, शक्ति र सीमा, उत्तरवर्ती रूप उत्तरसंरचनावाद बारे चर्चा गर्दै नेपालीमा यसको प्रभाववारे चर्चा गरिएको छ।

तेस्रो खण्ड : *पाश्चात्य वादहरू*अन्तर्गत *परिष्कारवाद, स्वच्छन्दतावाद, यथार्थवाद, प्रकृतवाद, प्रभाववाद, प्रतीकवाद, बिम्बवाद, घनत्ववाद, अतियथार्थवाद, अस्तित्ववाद, उत्तरआधुनिकतावाद, विनिर्माणवाद, पाठक प्रतिक्रिया समालोचना, नारीवादी समालोचना* र *उत्तर औपनिवेशिक समालोचना* गरी पन्ध्र शीर्षक रहेका छन्। यस खण्डमा यी विभिन्न वाद तथा समालोचनाहरूको नामाकरण, परिचय, पृष्ठभूमि, प्रवर्तन र विकास, आधारभूत मान्यता, प्रवृत्तिसहित विभिन्न वादको एक अर्का बीचको सम्बन्ध र व्यतिरेक प्रस्तुत गरिएको छ। यससँगै यी विभिन्न वादहरूका शक्ति र सीमा उल्लेख गर्दै नेपाली साहित्यमा परेको प्रभावबारे पनि चर्चा गरिएको छ।

३. भाषाशैली

भाषिक सरलतालाई अँगालिएको **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** नामक कृतिमा परिष्कृत भाषाको प्रयोग गरी विषयवस्तुलाई सरल रूपमा प्रस्तुत गरिएको व्याख्यात्मकभन्दा सूत्रात्मक शैलीको प्रयोग गरिएको छ। उदाहरणको प्रशस्तै प्रयोग गरिएको यस कृतिमा गद्यात्मकताका साथै ठाउँठाउँमा उदाहरण दिने क्रममा पद्यात्मक शैलीको पनि प्रयोग गरिएको छ।

४. निष्कर्ष

पूर्वीय र पाश्चात्य दुवैतिरको साहित्य सिद्धान्तलाई प्रस्तुत गरिएको यस कृतिमा पूर्वीय साहित्यका रस, ध्वनि, रीति, अलङ्कारका साथै पाश्चात्य साहित्यका विभिन्न प्रणालीहरूलाई समेत समेटिएको हुनाले एउटै कृतिबाट पूर्वीय र पाश्चात्य दुवैतिरको साहित्यबारे जानकारी पाइन्छ। पूर्वीय र पाश्चात्य दुवैतिरको साहित्यलाई समेटिएको यस कृतिमा विषयवस्तुको विभिन्न कोणबाट विश्लेषण गरिएको छ। सटिक परिभाषा, पर्याप्त उदाहरण, उपयुक्त विश्लेषण, नवीनतम् सूचना, सरल व्याख्या विश्लेषण र क्रमबद्ध प्रस्तुति आदि विशेषताले युक्त यो कृति यस क्षेत्रका पाठकहरूका लागि अत्यन्तै उपयोगी रहेको छ साथै संस्कृत तथा पाश्चात्य साहित्यका बारेमा सरल भाषाशैलीको प्रयोग गरी विषयवस्तु प्रस्तुत गरिएको यो कृति विषयवस्तुबारे जानकारी लिन र दिगो सिकाइका लागि अत्यन्तै महत्वपूर्ण रहेको छ। २०६१ सालमा प्रथम संस्करण प्रकाशित भएको उक्त कृति २०७१ सालसम्म आइपुग्दा चौथो संस्करण प्रकाशन भइसक्नुले पनि यसको महत्व र उपयोगिताको पुष्टि भएको छ। पूर्वीय र पाश्चात्य साहित्य र समालोचना सिद्धान्तजस्तो जटिल विषयवस्तुलाई अत्यन्तै सरल भाषामा सबैले बुझ्ने गरी प्रस्तुत गर्नु यस समालोचनात्मक कृतिको मूल प्रवृत्ति हो।

५.२.६ कविताको संरचनात्मक विश्लेषण

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलको विद्यावारिधि शोधप्रबन्धमा आधारित **कविताको संरचनात्मक विश्लेषण** विद्यार्थी पुस्तक भण्डारबाट २०६२ सालमा प्रथम पटक प्रकाशित समालोचनात्मक कृति हो। आकारप्रकारका दृष्टिले डिमाई आकारको ५६० पृष्ठमा संरचित खैरो रङ्गको आवरण रहेको यस कृतिको पछाडिपट्टि विभिन्न साहित्यकारहरूको मन्तव्यलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ। यस कृतिमा प्रा.मोहनराज शर्माको *कविताको नयाँ साहित्यशास्त्र*, प्रा.डा.बल्लभमणि दाहालको *नेपालीमा नौलो उपहार र प्रथम प्रयोग*, प्रा.डा. अभि सुवेदीको *साहित्य सिद्धान्त र* डा.गोविन्दराज भट्टराईको *नयाँ नेपाली समीक्षा, सिद्धान्त र प्रयोगको अपूर्व मिलन* शीर्षकका नेपाली साहित्यका शीर्षस्थ पाँचजना विद्वान्हरूको भूमिका रहेको छ। पुस्तकमाथिको भूमिका पन्ध्र पृष्ठमा विस्तारित छ। त्यसपछि राखिएको विषयसूची लगत्तै पछिल्लो पृष्ठमा सङ्क्षिप्त रूप र सङ्केतसूची प्रस्तुत गरी अर्को पृष्ठदेखि विषयवस्तुको प्रारम्भ गरिएको छ। यो कृति त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयका विभिन्न तहका पाठ्यक्रममा समावेश गरिएको छ। *सैद्धान्तिक* र *प्रायोगिक* गरी दुई खण्डमा विभाजित यस कृतिमा पहिलो परिच्छेद : *कविताको सैद्धान्तिक स्वरूप,* दोस्रो परिच्छेद : *संरचना र संरचनावाद,* तेस्रो परिच्छेद : *कविताको संरचना,* चौथो परिच्छेद : *कविताको विश्लेषण,* पाँचौं परिच्छेद : *प्रगीतात्मक कविताको विश्लेषण,* छैटौं परिच्छेद : *आख्यानात्मक कविताको विश्लेषण,* सातौं परिच्छेद : *नाटकीय कविताको विश्लेषण,* आठौं परिच्छेद : *उपसंहार : प्रमुख निष्कर्ष* गरी आठ परिच्छेद रहेका छन्। कृतिको आठौं परिच्छेद पछिको भागमा परिशिष्ट क, ख, ग गरी क्रमशः *पारिभाषिक शब्दावली : नेपाली-अङ्ग्रेजी, पारिभाषिक शब्दावली : अङ्ग्रेजी-नेपाली र विदेशी नामको उच्चारण* दिइएको छ भने त्यसपछि सन्दर्भग्रन्थसूची प्रस्तुत गरिएको छ। यसमा पुस्तकसूची र

पत्रपत्रिकासूचीलाई भिन्नभिन्न ठाउँमा प्रस्तुत गरी पुस्तक सूचीलाई पुनः नेपाली, संस्कृत, हिन्दी, अङ्ग्रेजी गरी छट्ट्याइएको छ ।

२. विषयवस्तु

पहिलो परिच्छेद : *कविताको सैद्धान्तिक स्वरूप*अन्तर्गत *कविताको परिभाषा* र *कविताको वर्गीकरण* गरी दुई शीर्षक रहेका छन् । *कविताको परिभाषा*लाई *संस्कृत साहित्यमा कविताको परिभाषा, पश्चिमी साहित्यमा कविताको परिभाषा* र *नेपाली साहित्यमा कविताको परिभाषा* गरी तिन उपशीर्षकमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ । संस्कृत साहित्यमा कविताको परिभाषा गर्ने क्रममा भरतमुनिदेखि जगन्नाथसम्म विभिन्न काव्यशास्त्रीहरूका काव्यसम्बन्धी परिभाषाहरू प्रस्तुत गरी अन्त्यमा निष्कर्ष दिइएको छ । त्यसैगरी पश्चिमी साहित्यमा कविताको परिभाषा शीर्षकअन्तर्गत सिड्नीदेखि लिएर क्लड लेभाइ स्ट्राउससम्मका विभिन्न विद्वान्का परिभाषा दिँदै निष्कर्ष प्रस्तुत गरिएको छ । *नेपाली साहित्यमा कविताको परिभाषा* शीर्षकअन्तर्गत नेपाली साहित्यका प्रमुख केही कवि तथा समालोचकहरूका काव्यसम्बन्धी मान्यताहरूलाई उल्लेख गरिएको छ । यसमा संस्कृत, पश्चिमी र नेपाली विद्वान्हरूले दिएका कवितासम्बन्धी परिभाषाहरूको अध्ययन विश्लेषण गरी कवितालाई संरचनात्मक तरिकाले परिभाषित गर्दै अन्त्यमा कविताका अभिलक्षणहरू प्रस्तत गरिएको छ । यस कृतिको *कविताको वर्गीकरण* शीर्षकअन्तर्गत संस्कृत साहित्यमा कविताको वर्गीकरण र पश्चिमी साहित्यमा कविताको वर्गीकरण गरी दुई उपशीर्षक रहेका छन् । यसमा संस्कृत साहित्यमा कविताको वर्गीकरण गर्ने क्रममा भामह, वेदव्यास हुँदै विश्वनाथ, जगन्नाथसम्मले विभिन्न आधारमा गरेका काव्य वर्गीकरणलाई अगि सार्दै संस्कृत साहित्यमा पाइने कविताको वर्गीकरणलाई समग्रमा प्रस्तुत गरिएको छ । *पश्चिमी साहित्यमा कविताको वर्गीकरण* शीर्षकअन्तर्गत पश्चिममा गरिएको कविताको मुख्य वर्गीकरण प्रस्तुत गर्दै कवितालाई महाकाव्य, प्रगीत र छन्दमुक्त कविता गरी विभाजन गरी तिनीहरूलाई पुनः विभिन्न उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेद : *संरचना र संरचनावाद*अन्तर्गत *संरचनाको पहिचान* र *संरचनावादको पहिचान* गरी दुई शीर्षक रहेका छन् । *संरचनाको पहिचान*अन्तर्गत *संरचनाको अर्थ, संरचना र रूप, संरचनाको परिभाषा, संरचनाको स्वरूप, संरचनाका विशेषता, कृतिगत संरचना* गरी विभिन्न उपशीर्षकहरूमा तिनीहरूको बारेमा व्याख्या विश्लेषण गरिएको छ भने *संरचनावादको पहिचान* शीर्षकअन्तर्गत *संरचनावादको अर्थ, संरचनावादको पृष्ठभूमि, संरचनावादका परिभाषा, संरचनावादको स्वरूप, संरचनावादका प्रमुख धारा एवं सम्प्रदायहरू, संरचनावादका आधारभूत अभिलक्षण, संरचनावादी चिन्तन र संरचनावादी समालोचना* गरी विभिन्न उपशीर्षक भित्र रहेर संरचनावादी चिन्तनलाई भाषाशास्त्रीय, आख्यानशास्त्रीय र काव्यशास्त्रीय गरी विभाजन गरिएको छ । जुन परिच्छेद संरचना र संरचनावादको सैद्धान्तिक निरूपणमा केन्द्रित देखिन्छ । यो परिच्छेद नवीन मान्यता एवं स्थापनाका दृष्टिले समेत महत्वपर्ण रहेको छ ।

तेस्रो परिच्छेद : *कविताको संरचना*अन्तर्गत *कवितासंरचनाको परिचय, कविताका संरचनात्मक प्रकार* र *कविताका संरचक घटकहरू* गरी तिन शीर्षक रहेका छन् । *कवितासंरचनाको परिचय* शीर्षकमा कविताको

संरचनासम्बन्धी विभिन्न विद्वान्हरूका मान्यताहरूसहित विभिन्न छन्दमा संरचित विविध कविताका हरफहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । यसमा प्रशस्तै पादटिप्पणीको प्रयोग गरिएको छ । *कविताको संरचनात्मक प्रकार* शीर्षकअन्तर्गत कवितालाई प्रगीतात्मक, आख्यानात्मक र नाटकीय गरी तिन भागमा वर्गीकरण गरी ती सबैको बारेमा व्याख्या विश्लेषण गरिएको छ भने अन्त्यमा यी तिनै प्रकारका संरचना भएका कविताका प्रमुख अभिलक्षणहरूलाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । कविताका संरचक घटकहरू शीर्षकअन्तर्गत कविताका संरचक घटकहरूमा वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यासलाई मानिएको छ । वस्तुलाई भाव वा विचार, कथानक र द्वन्द्व गरी तिन शीर्षकमा विभाजन गरी त्यसलाई पुन : विभिन्न उपशीर्षक दिई तिनीहरूको बारेमा व्याख्या विश्लेषण गर्नाका साथै दृष्टिबिन्दुको चर्चा गर्ने क्रममा प्रथम र तृतीय दुवै दृष्टिबिन्दुको बारेमा व्याख्या गरिएको छ । भाषाशैलीय विन्यासअन्तर्गत भाषा, शैली, बिम्ब र बिम्बविधान, प्रतीक, लय आदिको चर्चा गरिएको छ भने त्यसलाई पुनः विभिन्न शीर्षकमा विभाजन गरिएको छ । यस शीर्षकमा कविताका संरचक घटकहरूको बारेमा नवीन मान्यता प्रस्तुत गरिएको छ ।

चौथो परिच्छेद : *कविताको विश्लेषण*अन्तर्गत *प्रारूप, प्रारूपको स्पष्टीकरण* र *तालिकीकृत प्रारूप* गरी तिन शीर्षक रहेका छन् । *प्रारूप* शीर्षकअन्तर्गत प्रारूपको परिचयसहित कविता विश्लेषणका लागि तयार पारिएको संरचनावादी प्रारूप प्रस्तुत गरिएको छ । *प्रारूपको स्पष्टीकरण* शीर्षकअन्तर्गत परिचय, विभाजन, सङ्गठन, वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यास, व्याख्या र निष्कर्ष गरी विभिन्न उपशीर्षक रहेका छन् । यसमध्ये सङ्गठनलाई विशेष जोड दिई आदि, मध्य र अन्त्य गरेर छुट्याइ अझ त्यसलाई विभिन्न उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ । *तालिकीकृत प्रारूप* शीर्षकअन्तर्गत भने कविता विश्लेषणको संरचनात्मक प्रारूपलाई समग्रतामा तालिकीकृत गरेर देखाइएको छ ।

पाँचौं परिच्छेद : *प्रगीतात्मक कविताको विश्लेषण*अन्तर्गत परिचय : विषय प्रवेश र **मेरो चोक** कविताको विश्लेषण गरी दुई शीर्षक रहेका छन् । *परिचय : विषय प्रवेश* शीर्षकअन्तर्गत कवि भूपिको बारेमा सामान्य जानकारी प्रस्तुत गरिएको छ भने *मेरो चोक कविताको विश्लेषण* शीर्षकअन्तर्गत विभाजन, सङ्गठन, वस्तु : भाव, विकास र व्यवस्थापन, सहभागी सहभागी र सहभागिता, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यास, व्याख्या र निष्कर्ष गरी विभिन्न उपशीर्षक रहेका छन् । यसमा नमुनाका रूपमा गद्यकवि भूपि शेरचनको **मेरो चोक** नामक प्रगीतात्मक कवितालाई लिई यी नै विभिन्न तÊवहरूका आधारमा उक्त कविताको विश्लेषण गर्दै व्याख्या र निष्कर्ष भागमा उक्त कविताको भाव प्रस्तुत गरिएको छ ।

छैटौं परिच्छेद : *आख्यानात्मक कविताको विश्लेषण*अन्तर्गत *परिचय : विषय प्रवेश* र ***मुनामदन**को विश्लेषण* गरी दुई शीर्षक रहेका छन् । *परिचय : विषय प्रवेश*अन्तर्गत देवकोटाका प्रकाशित कृति र उनका प्रवृत्ति प्रस्तुत गरिएको छ भने *मुनामदनको विश्लेषण*अन्तर्गत विभाजन, सङ्गठन, वस्तु, सहभागी र सहभागिता, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यास, व्याख्या र निष्कर्ष गरी विभिन्न उपशीर्षकअन्तर्गत रहेर देवकोटाको आख्यानात्मक कविता **मुनामदन**को विश्लेषण गरिएको छ । *व्याख्या र*

निष्कर्ष शीर्षकअन्तर्गत भने **मुनामदन**को भाव प्रस्तुत गर्दै यसलाई एउटा पूर्ण र स्वायत्त संरचना भएको कविता कृतिमा रूपमा चिनाइएको छ ।

सातौँ परिच्छेद : *नाटकीय कविताको विश्लेषण*अन्तर्गत *परिचय : विषय प्रवेश* र ***घाइते युग*** *कविताको विश्लेषण* गरी दुई शीर्षक रहेका छन् । परिचयः विषय प्रवेश शीर्षकअन्तर्गत प्रसिद्ध गद्य कवि मोहन कोइरालालाई उनका प्रकाशित कृति सहित चिनाउँदै **घाइते युग** कविताको विश्लेषण शीर्षकअन्तर्गत विभाजन, सहभागी र सहभागिता, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यास, व्याख्या र निष्कर्षजस्ता काव्य तत्त्वका आधारमा कवि मोहन कोइरालाको नाटकीय कविता **घाइते युग**को विश्लेषण गरिएको छ । यी विभिन्न तत्त्व मध्ये सङ्गठन, वस्तु र भाषाशैलीय विन्यासलाई पुनः विभिन्न शीर्षकमा विभाजन गरी प्रस्तुत गरिएको छ । अन्त्यमा व्याख्या र निष्कर्ष उपशीर्षकभित्र उक्त कविताको मूल भाव प्रस्तुत गरिएको छ ।

आठौँ परिच्छेद : *उपसंहार : प्रमुख निष्कर्ष*अन्तर्गत *कविताको स्वरूप, संरचना र संरचनावाद, कविताको संरचना : प्रकार र घटक, कविता विश्लेषणको प्रारूप, समग्र निष्कर्ष* गरी पाँच शीर्षक रहेका छन् । उपसंहारका रूपमा रहेको यस परिच्छेदमा अगाडिका परिच्छेदमा प्रस्तुत गरिएका विषयवस्तुको निष्कर्ष प्रस्तुत गरिएको छ । यो परिच्छेद पुस्तकको सम्पूर्ण भाव प्रस्तुत गर्न सफल रहेको छ ।

आठौँ परिच्छेदपछि परिशिष्टअन्तर्गत पारिभाषिक शब्दावली : नेपाली-अङ्ग्रेजी, अङ्ग्रेजी-नेपाली तथा विदेशी नामको उच्चारण प्रस्तत गरिएको छ भने सन्दर्भग्रन्थसूचीअन्तर्गत पुस्तकसूची र पत्रपत्रिकासूची दिइएको छ । पुस्तकसूचीअन्तर्गत पनि नेपाली, संस्कृत, हिन्दी, अङ्ग्रेजी भाषाका पुस्तकलाई बेग्लाबेग्लै रूपमा प्रस्तुत गरिएको छ ।

३. भाषाशैली

संरचनावादी समालोचना पद्धति नेपाली समालोचनाका क्षेत्रमा नवीन समालोचना पद्धति भएकाले गर्दा यस कृतिमा नवीन भाषाशैली पाइन्छ । यस समालोचना पद्धतिको प्रारम्भ पश्चिमी मुलुकबाट भएको र नेपालीमा सामग्री नपाइने हुँदा यसमा कविताको परिभाषा र वर्गीकरण गर्ने क्रममा संस्कृत र पश्चिमी साहित्यलाई प्रस्तुत गर्दा प्रशस्तै आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । यसमा प्रशस्तै अङ्ग्रेजी शब्दलाई अनुवाद गरी नेपालीकरण गर्नाका साथै भाषाशैलीय विन्यास, अग्रभूमि, अग्रभूमीकरण, अग्रभूमिकृत, अङ्गीकरण, अनाधुनिकता, अन्त्य विरामित पङ्क्तिजस्ता अनेक नयाँ शब्दको निर्माण पनि गरिएको छ । कविताको भाषाशैली सरल र सामान्य नभई केही जटिल र असामान्य हुनु स्वाभाविक नै हो तर यस पुस्तकमा त्यस्तो जटिलता पाइँदैन । यसमा प्रशस्तै सङ्क्षिप्त रूप र सङ्केतसूचीका साथै गणितीय, प्राविधिक आदि थुप्रै क्षेत्रका शब्दहरूको पनि प्रयोग गरिएको छ । यसका सम्पूर्ण सैद्धान्तिक अवधारणाहरूको प्रस्तुति सरल, सहज, स्वभाविक, वस्तुगत र वैज्ञानिक ढङ्गले गरिएको छ । प्रचलित सैद्धान्तिक पक्षलाई पनि नयाँ र मौलिक ढङ्गमा प्रस्तुत गरिएको यस कृतिको भाषा स्पष्ट छ ।

४. निष्कर्ष

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **कविताको संरचनात्मक विश्लेषण** नामक समालोचनात्मक कृति कविताको सैद्धान्तिक र प्रायोगिक गरी दुई खण्डमा विभाजित समालोचनात्मक कृति हो । यो कृति नेपाली साहित्यको समालोचकीय फाँटमा संरचनावादको सर्वप्रथम प्रयोग भएको यस क्षेत्रको प्रथम मौलिक कृति हो । यसले कविता विधालाई हेर्ने नयाँ दृष्टिकोण अगि सारेको छ । यो अनुसन्धानात्मक समालोचनात्मक कृति दुई भाग र आठ परिच्छेदमा विभक्त छ । यसका सुरुका चार परिच्छेद सिद्धान्त खण्डका रूपमा रहेका छन् भने बाँकी चार परिच्छेद प्रयोगसँग सम्बन्धित रहेका छन् । सिद्धान्त र प्रयोग दुवैलाई एकै ठाउँमा समाहित गरिएको यस कृतिमार्फत कविताको विश्लेषण गर्ने नयाँ पद्धतिको प्रारम्भ भएको छ । *आशिष कविताको संरचनात्मक विश्लेषण* शीर्षक समालोचनात्मक लेखबाट संरचनावादी समालोचनाको प्रारम्भ गरेका लुइटेलको **कविताको संरचनात्मक विश्लेषण** नामक कृति यस क्षेत्रको पहिलो पुस्तकाकार कृति बन्न पुगेको छ । "वास्तवमा यिनले यस पद्धतिको थालनी मात्र नगरी विकास र विस्तारसमेत गरेका छन् ।"[२९९] यस कृतिमा सिद्धान्तीकरणका साथै प्रायोगिक पक्षमा समेत प्रशस्तै मौलिकता पाइन्छ । संरचनाको स्वरूपका यान्त्रिक र तार्किक विन्यास, विधानशास्त्रीय समानान्तरता, कविताका संरचनात्मक प्रकार, भाषाशैलीय विन्यासजस्ता विविध पक्षमा मौलिकताका साथै नवीन मान्यताहरू पनि पाइन्छ ।

"यस कृतिमा विश्वसाहित्यमै चर्चाको विषय बनेको कविताको संरचनात्मक पक्षलाई नेपाली कवितामा आधारित रहेर सूक्ष्म रूपले विश्लेषण गरिएको छ ।"[३००] "यसले कविता विधालाई हेर्ने नयाँ दृष्टिकोणका साथै कविताको महत्वका सन्दर्भमा समेत विशिष्ट स्थान ओगटेको छ ।" [३०१] "भाषाविज्ञान र साहित्यको संगमस्थलका रूपमा देखापरेको यस कृतिमार्फत लुइटेलले भाषाकेन्द्री र वस्तुवादी ढङ्गले सैद्धान्तिक र प्रायोगिक पक्षको समन्वय गराई नेपाली साहित्यमा संरचनावादी समालोचनाको प्रारम्भ गरेका छन् ।"[३०२] "नेपाली समालोचनाको क्षेत्रमा नवीनतम र वस्तुवादी समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिका प्रारम्भकर्ता लुइटेलले संरचनामाथि केन्द्रित भई वस्तुगत र वैज्ञानिक ढङ्गले विश्लेषण गर्ने संरचनावादी समालोचना पद्धतिको नेपाली समालोचनामा थालनी मात्र नगरी यसको स्पष्ट प्रारूप तयार पारी सैद्धान्तिक र प्रायोगिक रूपमा समालोचना गरेका छन् । यस सन्दर्भमा **कविताको संरचनात्मक विश्लेषण** नेपाली समालोचनाका क्षेत्रमा कोसेढुङ्गो सावित भएको छ ।"[३०३] "अरूले हिँडेको बाटोमा हिँड्न त्यति कष्ट हुँदैन तर आफैँले बाटो बनाएर हिँड्नु भनेको अत्यन्त कठिन र महत्वपूर्ण काम हो । लुइटेल यही कठिन कार्मातिर लागेका छन् । उनको यो गुरुतम् कृति आयामका दृष्टिले मात्र होइन समालोचनाको विषयका दृष्टिले समेत

---

२९९. राजु भुसाल, *समालोचनाको स्वरूप र प्रकार*, **कुञ्जिनी**, (१९/९, २०६१), पृ. १८०-१८८ ।

३००. *डा. लुइटेलको नयाँ कृति*, **अन्नपूर्ण पोष्ट**, (२०६२ भदौ २), पृ. १२ ।

३०१. *कविताको संरचनात्मक विश्लेषण पुस्तक*, **गोरखापत्र**, (२०६२ साउन ३२) पृ. २ ।

३०२. *विद्यावारिधि*, **त्रिभुवन विश्वविद्यालय बुलेटिन**, (३५/१, २०५९ साउन), पृ. ११ ।

३०३. राजु भुसाल, *कविताको संरचनात्मक विश्लेषण : एक सङ्क्षिप्त अध्ययन*, **लुम्बिनी दैनिक**, (२०६३ असार २४), पृ. २ ।

अत्यन्त गम्भीरतम् र सर्वथा नवीन ग्रन्थ हो । संरचनावादी सिद्धान्त र प्रयोगमा आधारित यस समालोचना ग्रन्थले नेपाली समालोचनालाई एक फड्को अगि सारेको छ ।"[३०४]

"यसमा स्पष्ट प्रारूपका साथ प्रगीतात्मक, आख्यानात्मक र नाटकीय संरचनाका कविताको विश्लेषण व्यावहारिक, वस्तुगत र वैज्ञानिक रूपमा प्रस्तुत गरिएको छ ।"[३०५] "नेपाली वाङ्मयमा नेपाली साहित्यको संरचनापक्षको परिचय दिने उल्लेख्य सानै पनि कृति नभएको अवस्थामा यस्तो गहन अध्ययन र विवेचनापूर्ण शोधग्रन्थ निर्माण र प्रकाशनले लेखकको अध्ययन, अनुसन्धान र लेखकको भागीरथ तपस्या दर्शाएको छ । यसबाट कविता क्षेत्रका स्रष्टा मात्र होइन हरेक विधामा सर्जक संरचनात्मक ज्ञानको क्षेत्रमा पर्याप्त रूपले लाभान्वित हुने छन् । यो नयाँ विषयलाई नै पहिलो पालि सर्वाङ्ग रूपले नेपाली वाङ्मयमा अवतरण गराउने श्रेय डा. खगेन्द्र र उनको पुस्तकले पाएका छन् । लेखकले नेपाली वाङ्मयलाई दिएको नितान्त नयाँ र बृहत् अन्वेषणमूलक उपहार हो, कविताको संरचनात्मक विश्लेषण, जसबाट स्रष्टाले यो उपहारको ऐनासामु आफ्ना सिर्जना राखेर तिनको रूप, आकार, भाषा, शैली, लय, छन्द, बिम्ब आदि अङ्गप्रत्यङ्गहरू राम्रा केकस्ता भए भनी जाँच गरी सुधार्ने अवसर प्रशस्त पाउनेछन् ।"[३०६] "पाश्चात्य भाषासाहित्यमा पाँच दशकभन्दा लामो संरचनावादी यात्राको एकमुष्ट प्रवर्तन नेपाली साहित्यमा भने यस कृतिसँगै भएको छ तसर्थ नेपाली समालोचनामा यो नयाँ आयाम हो, नौलो प्रयोग हो । एक्काइसौँ शताब्दीको वैज्ञानिक युगमा परम्परित प्रभाववादी ढर्रालाई समाप्त गरी वैज्ञानिक समीक्षाको लागि संरचनावादी सिद्धान्तलाई आत्मसाथ गर्नुपर्ने आह्वान र अवसर यस पुस्तकबाट एकसाथ प्रस्तुत भएको छ ।"[३०७] "कविताको संरचनात्मक विश्लेषण नेपालीमा संरचनावादी समालोचनाको सिद्धान्त र प्रयोग दुवै हो । नेपाली समालोचनालाई प्रभाववादबाट मुक्त गर्ने एउटा सशक्त कडी हो । यस कृतिले कविताको मात्र संरचनावादी विश्लेषणका आधारहरू नदिई अन्य विधाका कृतिहरूको समेत विश्लेषणका आधारहरू प्रदान गरेकाले यस कृति वा ग्रन्थको विशेष महत्व रहेको छ ।"[३०८]

संरचनावादी सिद्धान्त र प्रयोगमा केन्द्रित प्रस्तुत कृति नेपालीमा ऐतिहासिक महत्व राख्ने प्रथम शोधग्रन्थ भएको कुरा निर्विवाद छ । यो शोधग्रन्थ नेपालीको सबैभन्दा स्तरीय र मानक शोधप्रबन्ध तथा

---

[३०४]. लक्ष्मणप्रसाद गौतम, *संरचनावादी समालोचनाको पहिलो ग्रन्थ*, **मधुपर्क**, (३८/११, २०६२ चैत्र), पृ. २२-२३ ।

[३०५]. बिमल बराल, *नेपाली कविताको संरचनात्मक विश्लेषण*, **नेपालीपत्र**, (२०६२ भदौ ३), पृ. ७ ।

[३०६]. मोदनाथ प्रश्रित, *कविताको संरचनात्मक विश्लेषण*, **कान्तिपुर**, (२०६२ असोज १), पृ. ६ ।

[३०७]. रामबहादुर बोगटी, *सिद्धान्त र संरचना विश्लेषणको एकीकृत प्रस्तुति*, **देशान्तर साप्ताहिक**, (२०६३ साउन २८), पृ. ४ ।

[३०८]. लक्ष्मणप्रसाद गौतम, *प्रथम शोधग्रन्थका रूपमा नेपालीमा संरचनावादी समालोचना*, **मधुपर्क**, (४०/७, २०६४ मंसिर), पृ. ८-१० ।

पुस्तकका रूपमा देखिएको छ । यस प्रकारको कृतिको अर्को जोडा नेपालीमा छैन ।"[३०९] "यो शोधग्रन्थ नेपाली साहित्यमा नौलो उपहार हो र संरचनावादी सिद्धान्त र विधिको प्रयोगमा प्रथम प्रयोग हो । यसर्थ नेपाली साहित्यमा नौलो मात्र होइन ब्रेक थ्रु नै हो ।"[३१०] "उनले पाश्चात्य मुलुकमा उत्पत्ति भएको तर अहिले सार्वभौमिक संरचनावादी पद्धति मात्र होइन चिन्तनको पनि यस क्षेत्रमा निजत्वका साथ सार्थक प्रयोग गरेका छन् । नेपाली शोध र समालोचनाका क्षेत्रमा प्रचलित परम्पराभन्दा नितान्त भिन्न र नवीन ढङ्गले संरचनावादी पद्धतिका आधारमा सर्वप्रथम तयार पारिएको यो कृति यस दिशाको एउटा महत्वपूर्ण, विशिष्ट र ऐतिहासिक साहित्य सिद्धान्त र समीक्षाको मानक ग्रन्थ हो । यस क्षेत्रमा ग्राउण्ड ब्रेक गरेको ऐतिहासिक कृति हो ।"[३११] "यस अनुसन्धानमूलक ग्रन्थले नेपालीमा सर्वप्रथम संरचनावादी समालोचना पद्धतिको नौलो जग बसाएको छ र नेपाली समालोचनामा नयाँ मोड ल्याएको छ । भाषाविज्ञान र साहित्यसिद्धान्तको एकीकृत सैद्धान्तिक प्रस्तुति तथा त्यसको प्रयोगको अपूर्व मिलन गराइएको यस कृतिको ऐतिहासिक महत्व रहेको छ ।"[३१२] यस कृतिका बारेमा डा. तुलसीप्रसाद भट्टराईको भनाइ यस्तो रहेको छ :

> यथार्थमा प्रस्तुत शोधग्रन्थ नेपाली अनुसन्धानका क्षेत्रमा महत्वपूर्ण एवं विशिष्ट उपलब्धि हो । भाषावैज्ञानिक विश्लेषण र साहित्यिक सैद्धान्तिक-व्यावहारिक व्याख्याका आधारमा अध्ययन-मूल्याङ्कन गरिने जटिल र गहन संरचनात्मक पद्धतिको सरल र सहज प्रस्तुति पाइने यस शोधग्रन्थमा कविताको स्वरूप, संरचना र संरचनावाद, कविताको संरचना र विश्लेषणजस्ता विषयमा सिद्धान्त र प्रयोगको उत्तम व्यवस्थापन छ । नयाँ प्रारूपको निर्माण गरी कवितालाई संरचनात्मक व्याख्या-विश्लेषणमा रूपान्तरित गराउनु सह्रनीयोग्य र संयोजन उदाहरणीय छ । पूर्ववर्ती विषयको आधुनिक रूपान्तरण खोज्न पाश्चात्यजगत्मा जानुपर्ने बाध्यता छ । उदाहरण निम्ति प्रस्तुत शोधग्रन्थ नै उपयुक्त छ । यो शोधग्रन्थ अतीत र दूरवर्ती विषयवस्तुको नवीनतम व्याख्या र विश्लेषण हो र यसले समालोचना गर्ने परम्परागत शैली र आत्मकेन्द्रित स्वाहंलाई पगाल्न र समीक्षकहरूलाई अरू नयाँ खोज गर्न प्रेरित गर्नेछ । यो नेपाली जगत्मा संरचनावादी साहित्यलाई भाषावैज्ञानिक पद्धतिमा अध्ययन, विश्लेषण र व्याख्या गरिएको पहिलो सिङ्गो शोधग्रन्थ हो र यसले नेपालीमा संरचनावादी समालोचनाको नयाँ परम्परा, पद्धति र तरिकाको थालनी र विकास गराएको छ । समालोचना-समीक्षाजस्ता विषय संस्थानबद्ध एवं रूढ र जड हुँदै गएको आजको व्यासासनीय निश्चल दहमा यो शोधग्रन्थ ढुङ्गो भएर छाल तरङ्ग उठाउन सफल छ । यसमा शोधविधिको प्रयोग र भाषिक सम्प्रेषण अत्युत्तम छ । समग्रतः

---

[३०९]. मोहनराज शर्मा, *कविताको नयाँ साहित्यशास्त्र*, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार २०६२), पृ. क-ग ।

[३१०]. बल्लभमणि दाहाल, *नेपालीमा नौलो उपहार र प्रथम प्रयोग*, पूर्ववत्, पृ. घ-ज ।

[३११]. अभि सुवेदी, *साहित्य सिद्धान्त र नेपाली समीक्षा*, पूर्ववत्, पृ. झ-ड ।

[३१२]. गोविन्दराज भट्टराई, *सिद्धान्त र प्रयोगको अपूर्व मिलन*, पूर्ववत्, पृ. ढ-त ।

सान्दर्भिक र उपयुक्त विषयवस्तु अङ्गीकार गरिएको स्तरीय, मानक एवं अद्वितीय शोधग्रन्थ भएको र यसमा खोट लगाउने ठाउँ कतै छैन ।

कविताको संरचना प्रस्तुत गर्ने क्रममा प्रगीतात्मक, आख्यानात्मक र नाटकीय गरी कविताका लघु संरचक घटकहरूको पनि व्यवस्थित निरूपण गरिएको छ । सिद्धान्तका आधारमा प्रारूपको निर्माण र निर्धारण गरी गरिएको अनुसन्धान व्यवस्थित हुने गर्दछ जुन करा यस कृतिमा लागु भएको छ । यसमा *मेरो चोक*, *मुनामदन* र *घाइते युग* कवितालाई क्रमशः प्रगीतात्मक, आख्यानात्मक र नाटकीय तCEवका आधारमा विश्लेषण गरिएको छ । यो कार्य नेपाली समालोचनाको इतिहासमा संरचनावादको पूर्ण प्रयोग हो । यी तिन कविताको पूरै संरचनावादी सिद्धान्तका आधारमा रहेर विश्लेषण गरिएकाले यस कृतिका पाँचौँ, छैटौँ र सातौँ परिच्छेद परम्परित विश्लेषणभन्दा नितान्त पृथक्, नवीन र विशिष्ट छन् । आठौँ परिच्छेदलाई उपसंहारका रूपमा राखिएको छ र यसमा कृतिको समग्र निष्कर्ष प्रस्तुत गरिएको छ । उपसंहारका रूपमा रहेको अन्तिम परिच्छेदमा कृतिको समग्र पक्षको मूल भाव प्रस्तुत गरिएको छ । परिशिष्ट भागमा नेपाली-अङ्ग्रेजी, अङ्ग्रेजी-नेपाली पारिभाषिक पदावलीसँगै विदेशी नामको उच्चारणसमेत दिइएको छ जसले गर्दा अङ्ग्रेजीका शब्दहरूको उच्चारणमा आउने भिन्नता र कठिनाइको समाधान भएको छ ।

संरचनावादमा केन्द्रित भएकाले लेखकले यस कृतिको लगभग एकतिहाइ भाग संरचना र संरचनावादमै खर्च गरेका छन् । जसलाई लेखकले अत्यन्तै सूक्ष्म र विस्तृत ढङ्गले प्रस्तुत गरेका छन् । कवितालाई परिभाषित र वर्गीकृत गरी स्वरूप निर्धारण, संरचना र संरचनाको पहिचान, कविताका संरचक घटकहरूको परिचयका साथै कविता विश्लेषणको संरचनात्मक प्रारूप तयार पारी त्यसै प्रारूपका आधारमा प्रगीतात्मक, आख्यानात्मक र नाटकीय कविताको विश्लेषण गरिएको छ । सिद्धान्तलाई अगि राखेर त्यसै आधारमा कविताको विश्लेषण गर्नु यस पुस्तकको एक उल्लेखनीय पक्ष हो ।

शोधधर्मको पूर्ण परिपालना गरिएको यस कृतिमा विभिन्न भाषाका विद्वान्का भनाइ तथा कृतिहरूलाई पादटिप्पणीका रूपमा प्रशस्तै प्रयोग गरिएको छ । यसले कृतिको निकै भाग ओगटेको छ । सन्दर्भग्रन्थसूचीलाई पनि पुस्तकसूची र पत्रपत्रिकासूची गरी छुट्याएर प्रस्तुत गरिएको छ भने पुस्तकसूचीलाई पुनः नेपाली, हिन्दी र अङ्ग्रेजी गरी छुट्ट्याइएको छ । पहिलो परिच्छेददेखि सन्दर्भग्रन्थसूचीसम्म हेर्दा यस पुस्तकको हरेक परिच्छेदले एउटा नवीन कार्यको प्रारम्भ गरेका छन् । हरेक ठाउँमा वस्तुगत ढङ्गले विषयवस्तुको प्रतिपादन र विश्लेषणका साथ निष्कर्ष दिइएको छ । सम्पूर्ण सैद्धान्तिक अवधारणाहरूको प्रस्तुति सरल, सहज, स्वभाविक, वस्तुगत र वैज्ञानिक ढङ्गले दिइएको छ ।

लुइटेलको समालोचना वस्तुवादी भाषावादी, संरचनावादी समालोचनामा आधारित छ । संरचनावादी समालोचनालाई नेपाली साहित्यमा प्रारम्भ, विकास र विस्तारसमेत गर्ने लुइटेलको यो कृति नेपाली साहित्यमा संरचनावादी समालोचना पद्धतिको अवलम्वन गरिएको प्रथम पुस्तकाकार कृति हो । यसमा संस्कृत, पाश्चात्य र नेपाली साहित्यमा गरिएको कविताको परिभाषा र वर्गीकरणसहित संरचना र संरचनावादलाई विशेष जोड दिइएको छ । प्रस्तुत कृतिमा कविता विश्लेषणको प्रारूप निर्माण गरी निर्मित प्रारूपका आधारमा प्रगीतात्मक,

आख्यानात्मक र नाटकीय संरचनायुक्त कविता कृतिको विश्लेषण गरिएको छ । यो वस्तुगत र नवीन प्रयोग हो । सिद्धान्त र प्रयोग दुवै पाइने यस कृतिमा कविताको विश्लेषणमा नवीन प्रयोग गरिएको छ । संरचनावादी समालोचना पद्धतिको प्रयोग गरिएको प्रथम पुस्तकाकार कृति बनेको यस कृतिमा हरेक क्षेत्रमा प्रचलित परम्परा भन्दा पृथक र नवीन ढङ्गको प्रयोग पाउन सकिन्छ, यसर्थ यो कृति नेपाली साहित्यमा संरचनावादी समालोचना पद्धतिको प्रारम्भिक कृतिका रूपमा मात्र नरहेर हरेक क्षेत्रमा नवीन प्रयोग गरिएको कविता विधाको एक महत्वपूर्ण, अन्वेषणमूलक, आधिकारिक समालोचनात्मक कृति बन्न पुगेको छ ।

५.२.७ लोकवार्ताविज्ञान र लोकसाहित्य

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **लोकवार्ताविज्ञान र लोकसाहित्य** नामक कृति विद्यार्थी पुस्तक भण्डारबाट २०६३ सालमा प्रकाशित कृति हो । आकार प्रकारका दृष्टिले डिमाई आकारको यस कृतिमा ५६१ पृष्ठ रहेका छन् । यो कलेजी रङ्गको आवरणभित्र ५६१ पृष्ठमा संरचित बृहत् आयामको पुस्तक हो । यो पुस्तक त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयका विभिन्न तहका पाठ्यक्रममा समावेश गरिएको छ । यस कृतिमा *लोकवार्ता र लोकसाहित्य, लोकगीत र लोककविता, लोकगाथा र लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा उखान र टुक्का* गरी छ खण्ड र त्यसभित्र पहिलो खण्डमा आठ, दोस्रोमा चार, तेस्रोमा चार, चौथोमा तिन, पाँचौंमा चार र छैटौं खण्डमा तिन मूल शीर्षक रहेका छन् ।

२. विषयवस्तु

पहिलो खण्ड *लोकवार्ता र लोकसाहित्य*अन्तर्गतको पहिलो शीर्षक *लोकवार्ता र लोकवार्ताविज्ञान*अन्तर्गत *परिचय, लोकवार्ताको परिभाषा, लोकवार्ता लोकवार्ताविज्ञान र लोकसाहित्यशास्त्रको परिचय* र *लोकवार्ताविज्ञानको ज्ञानमा अन्य शाखासँग सम्बन्ध* गरी चार उपशीर्षक रहेका छन् । यसमा विभिन्न विद्वान्का परिभाषासहित लोकवार्ता र लोकवार्ताविज्ञानलाई चिनाउँदै लोकवार्ताविज्ञानको पुरातत्व इतिहास, भूगोल, समाजशास्त्र आदि ज्ञानमा अन्य शाखासँगको सम्बन्ध प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *लोकसाहित्य*अन्तर्गत *परिचय, लोक शब्दको तात्पर्य, लोकसाहित्यको व्युत्पत्ति र अर्थ, लोकसाहित्यको परिभाषा, लोकसाहित्यको स्वरूप, लोकसाहित्यका विशेषता, लोकसाहित्यको प्रयोजन* र *लोकसाहित्यको महत्व* गरी आठ उपशीर्षक रहेका छन् । यसमा लोकसाहित्यको परिभाषासहित यसको स्वरूप, विशेषता, प्रयोजन र महत्वबारे जानकारी प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *लोकसाहित्य र शिष्टसाहित्य* रहेको छ । यसमा *लोकसाहित्य र शिष्टसाहित्यको तात्पर्य, लोकसाहित्य र शिष्टसाहित्यको सम्बन्ध, लोकसाहित्य र शिष्टसाहित्यमा समानता, लोकसाहित्य र शिष्टसाहित्यमा भिन्नता* गरी चार उपशीर्षक रहेका छन् । यी विभिन्न उपशीर्षकहरूमा लोकसाहित्य र शिष्टसाहित्यबारे जानकारी दिँदै यी दुई बीचको अन्तरसम्बन्ध प्रस्तुत गरिएको छ ।

चौथो शीर्षक *लोकसाहित्यको अध्ययन-अनुसन्धान प्रक्रिया*अन्तर्गत *परिचय, सामग्रीसङ्कलन, सामग्रीसङ्कलन पद्धति, सामग्रीसङ्कलनको क्षेत्रीय अध्ययनपद्धति* र *सामग्रीको चयन* गरी पाँच उपशीर्षक रहेका छन् । लोकसाहित्यको अध्ययन-अनुसन्धान प्रक्रिया र सामग्रीसङ्कलनका बारेमा जानकारी गराइएको यस शीर्षक भित्र सामग्रीसङ्कलनका विभिन्न पद्धतिहरू प्रस्तुत गरिएको छ । लोकसाहित्य जनमानसको साहित्य भएको हुनाले निश्चित क्षेत्रमा गएर सामग्रीसङ्कलन गर्नुपर्ने हुन्छ । त्यसले गर्दा यस कृतिमा पनि अन्य पद्धतिलाई भन्दा क्षेत्रीय अध्ययन पद्धतिलाई विशेष जोड दिइएको छ । यसमा सामग्रीसङ्कलनका उपकरण, चरणहरू पनि प्रस्तुत गर्नाका साथै सामग्री अध्ययनको तरिका पनि उल्लेख गरिएको छ ।

पाँचौँ शीर्षक *लोकसाहित्यको अध्ययन-अनुसन्धान पद्धति*अन्तर्गत *परिचय, ऐतिहासिक पद्धति, वर्णनात्मक पद्धति, तुलनात्मक पद्धति, मनोविश्लेषणात्मक पद्धति, मानवशास्त्रीय पद्धति, साहित्यशास्त्रीय पद्धति, भाषावैज्ञानिक पद्धति* र *संरचनावादी पद्धति* गरी नौ उपशीर्षक रहेका छन् । यसमा अध्ययन-अनुसन्धान पद्धतिको परिचय दिँदै अनुसन्धानका विभिन्न पद्धतिहरूको बारेमा व्याख्या गरिएको छ ।

छैटौँ शीर्षक *लोकसाहित्यको विधागत वर्गीकरण* रहेको छ । यसमा *परिचय* र *विधा वर्गीकरणका आधारहरू* गरी दुई उपशीर्षक रहेका छन् । यस शीर्षकमा विधाको परिचय दिँदै माध्यम, प्रस्तुति, श्रेणी, आकार र प्रकारका आधारमा लोकसाहित्यको विधागत वर्गीकरण गरिएको छ ।

सातौँ शीर्षक *लोकसाहित्यमा अभिप्राय*अन्तर्गत *परिचय, अभिप्रायको परिभाषा, अभिप्रायको प्रयोजन, अभिप्रायहरूको वर्गीकरण* गरी चार उपशीर्षक रहेका छन् । यसमा अभिप्राय शब्दको बारेमा जानकारी दिँदै विभिन्न विद्वान्ले अभिप्रायका बारेमा गरेका परिभाषा, यसको प्रयोजन बारे चर्चा गरी पश्चिमी लोकवार्ताविद् स्टिथटम्सनले गरेको लोकसाहित्यको वर्गीकरणलाई प्रस्तुत गरिएको छ ।

आठौँ शीर्षक नेपाली साहित्यको *अध्ययन अनुसन्धान-परम्परा*अन्तर्गत *पृष्ठभूमि* र *अध्ययन अनुसन्धान-परम्परा : व्यक्ति र कृति* गरी दुई उपशीर्षक रहेका छन् । यसमा लोकसाहित्य परम्पराको पृष्ठभमिसहित लोकसाहित्य, लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, गाउँखाने कथा र उखानटुक्कासम्बन्धी यस भन्दा अगि भएका अनुसन्धान कार्यहरूको उल्लेख गरिएको छ ।

दोस्रो खण्ड *लोकगीत र लोककविता*को पहिलो शीर्षक *लोकगीत*अन्तर्गत *लोकपद्य र लोकगीत, लोकगीतको परिभाषा र स्वरूप, लोकगीतका तत्त्वहरू* र *लोकगीतका प्रमुख विशेषताहरू* गरी चार उपशीर्षक रहेका छन् । यसमा लोकपद्यका चार विधा मध्ये एकविधा लोकगीत रहेको बताउँदै विभिन्न व्यक्तिका परिभाषासहित यसको स्वरूप, तत्त्व र विशेषता प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *लोकगीतको वर्गीकरणका आधार र प्रकार* रहेको छ । यसमा क्षेत्रीय, जातीय, उमेर, लिङ्ग, सहभागिता, बनोट, प्रस्तुति, विषय, आकार र समयका आधारमा लोकगीतका प्रकार गरी दश उपशीर्षकका रहेर लोकगीतको वर्गीकरण गरिएको छ ।

तेस्रो शीर्षक *नेपाली लोकगीतका प्रमुख प्रकारहरूको परिचय*अन्तर्गत *सदाकालिन वा बाह्रमासे लोकगीत* र *सामयिक लोकगीत* गरी दुई शीर्षकमा लोकगीतका प्रकार छुट्याइएको छ । यसमा सदाकालीन वा बाह्रमासे लोकगीतअन्तर्गत भ्याउरे, सँगिनी, देउडा, रोइला, ख्याली आदि र सामयिक लोकगीतअन्तर्गत मागल, सगुन, फाग, पडेली, भैले, असारे आदिको चर्चा गरिएको छ ।

चौथो शीर्षक *लोककविता* रहेको छ । यसमा *परिचय, लोकगीत र लोककवितामा समानता, लोकगीत र लोककवितामा असमानता, लोककविताको परिभाषा र स्वरूप, लोककवितामा तŒवहरू, लोककविताका विशेषता* र *लोककविताका प्रकार* गरी सात उपशीर्षक रहेका छन् । यस शीर्षकभित्र लोककविताको बारेमा जानकारी दिइ लोकगीत र लोककविता बीचको अन्तरसम्बन्धसहित लोककविताका तŒव, विशेषता र प्रकारहरू प्रस्तुत गरिएको छ ।

तेस्रो खण्ड *लोकगाथा र लोककाव्य*को पहिलो शीर्षक *लोकगाथा र लोककाव्य*अन्तर्गत *परिचय, लोकगाथाको परिभाषा र स्वरूप, लोकगीत र लोकगाथामा समानता, लोकगीत र लोकगाथामा भिन्नता, लोकगाथाको उत्पत्तिसम्बन्धी दृष्टिकोण, लोकगाथा वा लोककाव्यका तŒवहरू* र *लोकगाथा वा लोककाव्यका विशेषता* गरी सात उपशीर्षक रहेका छन् । यस शीर्षकमा लोकगाथाको परिचय दिँदै विभिन्न व्यक्तिले लोकगाथासम्बन्धी गरेका परिभाषा र यसको स्वरूप प्रस्तुत गरिएको छ । यसमा लोकगीत र लोकगाथा बीच समानता र भिन्नता प्रस्तुत गर्दै लोकगाथाको उत्पत्तिसम्बन्धी ग्रिम, गुमर, स्टेन्थल, विसप पर्सी आदिका दृष्टिकोणसहित लोककाव्यका तŒव र विशेषताहरूको चर्चा गरिएको छ ।

दोस्रो शीर्षक लोकगाथाको *वर्गीकरणका आधार र प्रकार*अन्तर्गत *परिचय, लोकगाथाको पाश्चात्य वर्गीकरण र प्रकार, नेपाली लोकगाथाको वर्गीकरणका आधार र प्रकार* गरी तिन उपशीर्षक रहेका छन् । यहाँ किट्रिज, गुमर, टेम्पलले गरेका लोकगाथाको वर्गीकरण गरी आकार प्रकार, प्रस्तुति, शिल्पविधान, भाव, विषयवस्तु र संरचनाका आधारमा नेपाली लोकगाथाहरूको वर्गीकरण गरिएको छ ।

तेस्रो शीर्षक *नेपाली लोकगाथाका प्रमुख प्रकारहरूको परिचय* रहेको छ । यसमा कर्खा, सवाइ, भारत, चाँचरी, चैत, धमारी गरी छ वटा लोकगाथाबारे जानकारी लिइएको छ ।

चौथो शीर्षक *नेपालीका प्रमुख लोकगाथाहरूको विश्लेषण*अन्तर्गत डाँफे र मुरलीको गाथा, बालचन्द्रको गाथा, भरथरीको गाथा, सरुमै रानीको गाथा आदि बीसवटा शीर्षकमा बीस गाथाहरूको बारेमा जानकारी गराइएको छ ।

चौथो खण्ड *लोककथा*को पहिलो शीर्षक *लोककथा*अन्तर्गत *परिचय, लोककथाको परिभाषा र स्वरूप, लोककथाको उत्पत्तिसम्बन्धी दृष्टिकोण* र *लोककथाका तŒवहरू* गरी चार उपशीर्षक रहेका छन् । यसमा लोककथाको परिभाषा र स्वरूप सहित लोककथाको उत्पत्तिसम्बन्धी प्रसारवादी, प्रकृतिसङ्केतवादी आदि विभिन्न दृष्टिकोण प्रस्तुत गरिएको छ । लोककथालाई विभिन्न तŒवका आधारमा चिनाइएको यस शीर्षकमा लोककथाका विशेषतासहित लोककथा र आधुनिक कथा बीचका भिन्नता समेत प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *लोककथाको वर्गीकरणका आधार र प्रकार*अन्तर्गत *पूर्वीय वर्गीकरण, पाश्चात्य वर्गीकरण, नेपाली लोककथाको वर्गीकरणका आधार र प्रकार, आधुनिक वर्गीकरण र नेपाली लोककथाका प्रकार* गरी चार उपशीर्षक रहेका छन् । यसमा विभिन्न पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले गरेका लोककथाको वर्गीकरणसँगै शिल्पविधान, भाव, उद्देश्य र विषयवस्तुका आधारमा नेपाली लोककथाका प्रकार विभाजन गर्नाका साथै पौराणिक, पशुपन्छीका, सामान्य र यथार्थ लोककथा गरी नेपाली लोककथाका प्रकारहरूको वर्गीकरण गरिएको छ ।

तेस्रो शीर्षक *नेपालीका प्रमुख केही लोककथाहरू* रहेको छ । यसमा सुनकेसरी मैयाँ, राजा मौना, बुढो बाबु फाल्ने डोकालगायत केही लघु लोककथाहरू गरी सत्र उपशीर्षकमा विभिन्न लोककथाहरूको बारेमा जानकारी गराइएको छ ।

पाँचौँ खण्ड *लोकनाटक*को पहिलो शीर्षक *लोकनाटक*अन्तर्गत *परिचय, लोकनाटकको उत्पत्तिसम्बन्धी दृष्टिकोण, लोकनाटकको परिभाषा र स्वरूप, लोकनाटकका तŒवहरू, लोकनाटकका विशेषताहरू, लोकनाटक र शास्त्रीय नाटकमा समानता र भिन्नता, लोकनाटकको वर्गीकरणका आधार र प्रकार* गरी सात उपशीर्षक रहेका छन् । यसमा लोकनाटकको सामान्य परिचय दिँदै लोकनाटकको उत्पत्तिसम्बन्धी दैवी उत्पत्ति सिद्धान्त, वैदिक उत्पत्ति सिद्धान्त आदिको चर्चा गर्नाका साथै लोकनाटकको परिभाषा र स्वरूप प्रस्तुत गरी लोकनाटकका तŒव, विशेषतासँगै लोकनाटक र शास्त्रीय नाटक बीचको समानता र भिन्नता प्रस्तुत गरिएको छ । यस शीर्षकमा आकार, प्रस्तुति, भाव, सहभागी, प्रभाव र विषयवस्तुका आधारमा लोकनाटकका प्रकार छुट्याइएको छ ।

दोस्रो शीर्षक *सोरठी*अन्तर्गत *परिचय, पाठ, कथासार* र *सोरठीका प्रमुख विशेषताहरू* गरी चार उपशीर्षक रहेका छन् । यसमा सोरठीको परिचय र विशेषता सहित कथासार प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *घाटु*अन्तर्गत *परिचय,* पाठ, *कथासार* र *घाटुको प्रमुख विशेषता* गरी चार उपशीर्षक रहेका छन् । यस शीर्षकमा घाटुको परिचय प्रस्तुत गर्दै यसलाई विशेषता र कथासारको प्रस्तुतिसहित चिनाइएको छ ।

चौथो शीर्षक *रामायणको बालुन*अन्तर्गत *परिचय, पाठ, कथासार* र *विशेषता* गरी चार उपशीर्षक रहेका छन् । यस शीर्षकमा विभिन्न कोणबाट रामायणका बारेमा जानकारी गराइएको छ ।

छैटौँ खण्ड *गाउँखाने कथा, उखान र टुक्का*को पहिलो शीर्षक *गाउँखाने कथा*अन्तर्गत *परिचय, गाउँखाने प्रक्रिया, गाउँखाने कथाको परिभाषा र स्वरूप, गाउँखाने कथाका विशेषता, नेपाली गाउँखाने कथाको वर्गीकरणका आधार र प्रकार* गरी पाँच उपशीर्षक रहेका छन् । यसमा गाउँखाने कथाको परिचय, गाउँखाने प्रक्रिया, परिभाषा स्वरूप र विशेषता उल्लेख गर्दै नेपाली गाउँखाने कथाको वर्गीकरणका गर्ने आधार र प्रकारमा माध्यम, वाक्य प्रकार, संरचना, विषयवस्तु, प्रकारगत र क्षेत्रीय आधारलाई लिइएको छ । यस शीर्षक भित्र विभिन्न विषयका गाउँखाने कथाको बारेमा चर्चा गरिएको छ ।

दोस्रो शीर्षक *उखान*अन्तर्गत *परिचय, उखानको परिभाषा, उखानका विशेषताहरू* र *नेपाली उखानको सङ्क्षिप्तसूची* गरी चार शीर्षक रहेका छन् । यसमा उखानको परिचय र विभिन्न व्यक्तिका यससम्बन्धी परिभाषासँगै उखानका विशेषताहरू प्रस्तुत गरिएको छ र अन्त्यमा केही उखानहरूको सूची वर्णानुक्रममा प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *टुक्का*अन्तर्गत *परिचय र परिभाषा, टुक्काका प्रमुख विशेषताहरू, उखान र टुक्कामा अन्तर, नेपाली टुक्काहरूको सूची* गरी चार उपशीर्षक रहेका छन् । यसमा टुक्काको परिचय र परिभाषा दिँदै प्रमुख विशेषताहरू उल्लेख गरी उखान र टुक्काको अन्तरसहित नेपाली टुक्काहरूको सूची प्रस्तुत गरिएको छ ।

परिशिष्ट खण्डलाई परिशिष्ट क र परिशिष्ट ख गरी प्रस्तुत गरिएको छ । यसमा परिशिष्ट 'क' मा *परिभाषिक शब्दावली : नेपाली र अङ्ग्रेजी* रहेको छ भने परिशिष्ट 'ख' मा *परिभाषिक शब्दावली : अङ्ग्रेजी र नेपाली* रहेको छ । त्यसपछि सन्दर्भग्रन्थसूची रहेको छ र यसलाई नेपाली र अङ्ग्रेजी गरी बेग्लाबेग्लै शीर्षक प्रस्तुत गरिएको छ ।

३. भाषाशैली

लोकसाहित्य लोकजीवनसँग सम्बद्ध हुने हुनाले कृतिकारको आफ्नो भनाइमा मानक भाषाको प्रयोग पाइए तापनि लोकसाहित्यका विविध विधाहरूको उदाहरण दिने क्रममा प्रशस्त लोकजनजीवनको भाषाको प्रयोग पाइन्छ, जस्तै- खाउन, बैनै, लाउम्ला, भया, खटाया आदि । लोकसाहित्यमा सामान्य बोलचालको भाषाको प्रयोग पाइने हुँदा विभिन्न ठाउँ र भाषाभाषीहरूले बोल्ने भाषामा अन्तर पाइन्छ । यस कृतिमा त्यस्ता भाषिक बोलीहरूले प्रशस्तै ठाउँ पाए तापनि कृतिकारको भाषा भने सरल, परिष्कृत र मानक रहेको छ । विषयवस्तु प्रस्तुतिमा बुँदा र सूत्रात्मक शैली प्रयोग गरिएको छ । यसमा विभिन्न विधाका प्रशस्तै उदाहरणहरू दिइएको छ र त्यसमा पनि भाषिक विविधता पाइन्छ ।

४. निष्कर्ष

छ सयभन्दा बढी पृष्ठमा संरचित **लोकसाहित्य र लोकवार्ताविज्ञान** नामक प्रस्तुत कृति लोकसँग जोडिएर आउने साहित्यका विविध विधा तथा विषयक्षेत्रसँग सम्बन्धित छ । छ भाग र छब्बीस शीर्षक रहेको बृहत् आकारमा फैलिएको यस कृतिमा अनेकौँ विषय क्षेत्रहरू अटाएका छन् । "लोकसाहित्यका लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान र टुक्का जस्ता विधाहरूको परिचय, पहिचान तथा निरूपण गरी सम्बन्धित साहित्यमा नेपालमा भएका विविध कार्यहरूको विवरण प्रस्तुत गर्नु, प्रत्येक विधालाई त्यसको संरचना, आकार, शैली आदिका आधारमा सूक्ष्म वर्गीकरण गर्नु तथा प्रत्येक विधाका रचनाहरू समेट्न सक्नु यस पुस्तकको महत्वपूर्ण उपलब्धि हो । लोकवार्ता र लोकसाहित्य बीचको भिन्नता केलाई लोकवार्तालाई विज्ञानका रूपमा प्रस्तुत गर्नु र लोकसँग सम्बन्धित समस्त वाङ्मयलाई यसभित्र समेट्नु यस

पुस्तकको महत्ता हो ।"[३१३] "लोकसाहित्यसम्बन्धी व्यापक, विस्तृत र वैज्ञानिक तरिकाले निर्माण गरिएको लोकसाहित्यसम्बन्धी वास्तविक ज्ञान दिने, सुगम तरिकाले विषयबोध गराउने तरिकाले निर्माण गरिएको प्रस्तुत पुस्तक नेपाली लोकसाहित्य परम्पराको एउटा महत्वपूर्ण ग्रन्थ हो । प्रस्तुत पुस्तकमा सटिक परिभाषा, पर्याप्त उदाहरण, विविध कोणबाट उपयुक्त विश्लेषण, प्रमाणिक तथ्याङ्क, सरल व्याख्या, वस्तुवादी विवेचना, नवीनतम सूचना पाइन्छ ।"[३१४] "लोकसाहित्यको अध्ययन अनुसन्धान पद्धति र यससम्बन्धी पूर्वीय र पाश्चात्य सिद्धान्त, मत, दृष्टिकोण, मान्यता एवं विधिहरूको समेत विन्यास यस ग्रन्थको महत्वपूर्ण पक्ष हो भने नेपाली लोकसाहित्यका सामाग्रीहरूको मूलपाठको समाविष्ट र तिनको सैद्धान्तिक व्यवस्थापन एवं विश्लेषण यस ग्रन्थको अर्को विशिष्ट पक्ष हो । यस कृतिले लोकवाङ्मयको व्यवस्थित अध्ययन भएको पहिलो हुने अधिकार राख्दछ ।"[३१५] "यस कृतिभित्र अत्यन्तै वस्तुनिष्ठ र वैज्ञानिक आधारहरू प्रस्तुत गरिएका छन् । यसमा लोकसाहित्यलाई हेर्ने, वर्गीकरण गर्ने, अध्ययन गर्ने, अत्यन्तै वैज्ञानिक पाश्चात्य जगत्मा प्रमाणित भएका खारिएका आधार र पुस्ट्याइँहरू छन् ।"[३१६] "यो कृति नेपाली लोकसाहित्यका क्षेत्रमा वैज्ञानिक र व्यवस्थित अध्ययन-अनुसन्धान गरी तयार पारिएको मानक र आधिकारिक ग्रन्थ हो । यस ग्रन्थमा लोकसाहित्यको सैद्धान्तिक पक्षलाई अत्यन्त व्यवस्थित र वैज्ञानिक रूपमा प्रस्तुत गरिएको छ भने लोपोन्मुख विधा उपविधाका लोकरचनाहरूको सङ्कलन गरी पूर्ण पाठसमेत दिइएको छ ।"[३१७] "लोकवार्ता र लोकसाहित्य बीचको फरक एक आपसमा जोडिएर आएको अवस्थामा यस कृतिले अध्येतालाई यससम्बन्धी सूक्ष्म विभेद जान्न पनि सहयोग पुग्ने देखिन्छ । यसका अतिरिक्त लोकसाहित्य र शिष्टसाहित्य बीचको भेद, लोकसाहित्यको अध्ययन परम्परा, लोकगीत, लोककविता, लोकगाथा, लोककाव्य, लोककथा र नाटकका अतिरिक्त गाउँखाने कथा, उखानटुक्का आदिको ज्ञान लिन पनि प्रस्तुत कृति उपयोगी रहेको छ ।"[३१८]

यसमा लोकसाहित्यका विविध विधाहरूको परिचय, पहिचान तथा विशेषता निरूपण गरी सम्बन्धित साहित्यमा नेपालमा भएका विविध कार्यहरूको विवरण प्रस्तुत गरिएको छ । लोकवार्ता र लोकसाहित्य बीच भिन्नता केलाई लोकवार्तालाई विज्ञानका रूपमा प्रस्तुत गरिएको यस कृतिमा लोकसँग सम्बन्धित समस्त वाङ्मयलाई समेट्नाका साथै लोकवार्ताको ज्ञानका अन्य शाखासँगको सम्बन्ध प्रस्तुत गरिएको छ । यस कार्यबाट लोकसाहित्यका विविध विधामा भएका कार्यहरूको ऐतिहासिक विवरणलाई पनि समेटिएको यस कृतिमा लोकसाहित्यको बारेमा विस्तृत जानकारी पाउन सकिन्छ । लोकसाहित्यका प्रत्येक विधालाई त्यसको

---

[३१३]. रामबहादुर बोगटी, *लोकसाहित्यमा गतिलो अनुसन्धान,* **देशान्तर साप्ताहिक,** (२०६३ असोज १), पृ. ४ ।

[३१४]. राजु भुसाल, *लोकसाहित्यको मानक ग्रन्थ : लोकवार्ताविज्ञान र लोकसाहित्य,* **लुम्बिनी**, (२०६३ असोज १६), पृ. ३ ।

[३१५]. लक्ष्मणप्रसाद गौतम, *लोकवाङ्मयको मानक ग्रन्थ,* **मधुपर्क** (३९/१०, २०६३ फागुन), पृ. १९ ।

[३१६]. गोविन्दराज भट्टराई, *लोकवार्ता साहित्य र जीवन,* **कान्तिपुर**, (२०६३ भदौ ३१), पृ. ख ।

[३१७]. समाचारदाता, *लोकसाहित्यको आधिकारिक ग्रन्थ प्रकाशित,* **साप्ताहिक चितवन**, (२०६३ भदौ १८), पृ. ३ ।

[३१८]. समीक्षक, *उपयोगी कृति,* **अन्नपूर्ण पोष्ट**, (२०६३ भदौ १७), पृ. ६ ।

संरचना, शैली र आकारका आधारमा सूक्ष्म वर्गीकरण गरिएको यस समालोचनात्मक कृतिमा विविध विधाका उपलब्ध पाठहरूको सङ्कलनसमेत गरिएको छ । लोकसाहित्यका विविध विधाहरूको उदाहरण दिने क्रममा लोकभाषाको प्रयोग गरिएको यो कृति लोकसाहित्य क्षेत्रका अध्येता, अनुसन्धानकर्ताहरूका लागि महत्वपूर्ण आधार ग्रन्थसमेत बनेको छ । लोकसाहित्यका हरेक विधाको स्पष्ट सिद्धान्त प्रस्तुत गरी त्यसै आधारमा कृतिको विश्लेषण गरिएको यो कृति सिद्धान्त र प्रयोगको उत्कृष्ट नमुना बन्न पुगेको छ । नेपालीमा यस विषयमा यति गहन कृति अहिलेसम्म अरू कुनै देखापरेका छैनन् ।

५.२.८ नेपाली काव्य समालोचना

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **नेपाली काव्य समालोचना** पैरवी प्रकाशनद्वारा २०६७ सालमा प्रकाशित अनुसन्धानमूलक समालोचना सङ्ग्रह हो । हरियो रङ्गको आवरण पृष्ठ रहेको यस कृतिको पछाडिपट्टिको भागमा कृतिकारको परिचय रहेको छ । यो कृति डिमाइ आकारको २४३ पृष्ठमा संरचित छ । यो पुस्तक त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयको स्नातकोत्तर तहका पाठ्यक्रममा समावेश गरिएको छ । यस कृतिमा विषयवस्तुअन्तर्गत *कविताको सैद्धान्तिक स्वरूप, वसन्त शर्मा लुइटेलको श्रीकृष्ण चरित्र काव्यको विश्लेषण, भानुभक्त आचार्यको रामायण काव्यको विश्लेषण, मोतीराम भट्टको पिकदूतको विश्लेषण, लेखनाथ पौड्यालको तरुणतपसी काव्यको विश्लेषण, लक्ष्मीप्रसाद देवकोटाको मुनामदन काव्यको विश्लेषण, बालकृष्ण समको आगो र पानीको विश्लेषण, गोपालप्रसाद रिमालका कविताको विश्लेषण, भूपि शेरचनका कविताको विश्लेषण, विजयमल्लको छोरीलाई मानचित्र पढाउँदाको विश्लेषण, मोहन कोइरालाका कविताको विश्लेषण, वैरागी काइँलाका कविताको विश्लेषण, हरिभक्त कटुवालका कविताको विश्लेषण, अगमसिंह गिरीको युद्ध र योद्धा काव्यको विश्लेषण, तुलसी अपतनको कर्णकुन्ती काव्यको विश्लेषण* गरी सोरवटा मूल शीर्षक रहेका छन् ।

२. विषयवस्तु

पहिलो शीर्षक *कविताको सैद्धान्तिक स्वरूप*अन्तर्गत *कविताको परिचय, परिभाषा, वर्गीकरण* र *कविताका संरचक घटकहरू* गरी चार उपशीर्षक रहेका छन् । यसमा संस्कृत पश्चिमी र नेपाली कविताको परिभाषा प्रस्तुत गरी कविताको परम्परित र आधुनिक वर्गीकरण गरिएको छ । कविताका संरचक घटकहरू वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैलीय विन्यासको चर्चा गरिएको छ ।

दोस्रो शीर्षकपछिका सम्पूर्ण शीर्षकहरू विभिन्न कालखण्डका विभिन्न कविहरूको परिचय, काव्य प्रवृत्ति र काव्यको विश्लेषणमा केन्द्रित छन् । दोस्रो शीर्षक *सुवानन्द दासको पृथ्वीनारायण कविताको विश्लेषण* रहेको छ भने त्यसपछिका शीर्षक क्रमश : *वसन्त शर्मा लुइटेलको श्रीकृष्ण चरित्र काव्यको विश्लेषण, भानुभक्त आचार्यको रामायण काव्यको विश्लेषण, मोतीराम भट्टको पिकदूतको विश्लेषण, लेखनाथ पौड्यालको तरुणतपसी काव्यको विश्लेषण, लक्ष्मीप्रसाद देवकोटाको मुनामदन काव्यको विश्लेषण, बालकृष्ण समको आगो*

र पानीको विश्लेषण, गोपालप्रसाद रिमालका कविताको विश्लेषण, भूपि शेरचनका कविताको विश्लेषण, विजयमल्लको छोरीलाई मानचित्र पढाउँदाको विश्लेषण, मोहन कोइरालाका कविताको विश्लेषण, वैरागी काइँलाका कविताको विश्लेषण, हरिभक्त कटुवालका कविताको विश्लेषण, अगमसिंह गिरीको युद्ध र योद्धा काव्यको विश्लेषण, तुलसी अपतनको कर्णकुन्ती काव्यको विश्लेषण रहेका छन् । यी सबै शीर्षकमा प्रस्तुत विषयवस्तुहरूलाई एकै प्रकारले विश्लेषण गरिएको छ ।

कविता काव्यसम्बन्धी गहन समालोचनाहरू समेटिएको यस कृतिमा सर्वप्रथम कविता सिद्धान्त दिई त्यसपछि क्रमशः नेपाली कविताको विभिन्न कालखण्डका प्रसिद्ध कविहरूको परिचय र काव्य प्रवृत्तिका साथ तिनका विशिष्ट काव्य कृतिहरूको विश्लेषण गरिएको छ । विश्लेषित सबैजसो कवि र तिनका कृतिहरूले नेपाली कविताको विभिन्न कालखण्डको प्रतिनिधित्व गरेका छन् । कविताको परिचय, परिभाषा, वर्गीकरण आदि सैद्धान्तिक स्वरूपको प्रस्तुति सहित कविताको प्राथमिक, माध्यमिक र आधुनिक कालका प्रमुख केही कवि र कविताको बारेमा विश्लेषण गरिएको छ । यसमा प्रगीतात्मक, आख्यानात्मक र नाटकीय तिनै प्रकारका संरचनायुक्त कविताको विश्लेषण गरिएको छ । विश्लेषणमा संरचनावादी समालोचना पद्धतिको अनुसरण गरिएको छ ।

३. भाषाशैली

नेपाली काव्य समालोचना नामक समालोचनात्मक कृतिमा सरल भाषा प्रयोग भएको छ । संस्कृत र पश्चिमी साहित्यमा भएको कविताको परिभाषा प्रस्तुत गर्ने क्रममा संस्कृत र अङ्ग्रेजी भाषाका शब्दहरूको प्रयोग गरिएको छ । यसमा तत्सम, तत्भव र आगन्तुक तिनै प्रकारका शब्दको प्रयोग रहेको पाउन सकिन्छ । प्रगीतात्मक, आख्यानात्मक र नाटकीय तिनै प्रकारका संरचनायुक्त कविता कृतिहरूको विश्लेषणमा संरचनावादी समालोचना पद्धतिको प्रयोग गरिएको छ ।

४. निष्कर्ष

कविता सिद्धान्त, नेपाली कविताको प्राथमिक, माध्यमिक र आधुनिककालीन प्रमुख कवि र तिनका विशिष्ट कृतिहरूमा केन्द्रित **नेपाली काव्य समालोचना** नामक समालोचना सङ्ग्रहमा समाविष्ट कवि र तिनका कृतिहरूले कुनै पनि काल, धारा र प्रवृत्तिको प्रतिनिधित्व गरेका छन् । कुनै कविका दुईवटा र कुनैका एउटा कृतिको विश्लेषण गरिएको यस कृति भित्र प्रस्तुत विषयवस्तुको विश्लेषण भने एकरूपताका साथ गरिएको छ । समग्रमा यो कृति कविता सिद्धान्त र प्रयोग दुवै रहेको कविता विधाको वस्तुवादी अनुसन्धानमूलक समालोचना क्षेत्रको एक महत्वपूर्ण कृति हो । कविताको सैद्धान्तिक प्रस्तुति सहित प्राथमिक कालदेखि आधुनिक कालसम्मका प्रमुख कृति र काव्य प्रवृत्तिका साथै काव्यको विश्लेषण गरिएको प्रस्तुत समालोचनात्मक कृतिमा आधुनिक कालका विभिन्न धारा र प्रवृत्तिका कवि र तिनका काव्य कृतिलाई समेट्नु यो कृतिको उल्लेखनीय पक्ष हो । काव्यसम्बन्धी विभिन्न काव्य कृतिहरूलाई समेटेर एउटा सिङ्गो कृतिको रूप दिइएको प्रस्तुत **नेपाली काव्य समालोचना** यस क्षेत्रमा अध्ययन गर्न चाहने पाठकहरूका लागि उपयोगी रहेको छ ।

५.२.९ नेपाली नाट्य समालोचना

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित नेपाली नाट्य समालोचना नामक कृति पैरवी प्रकाशनबाट २०६७ सालमा प्रकाशित एक अनुसन्धानमूलक समालोचना सङ्ग्रह हो । कलेजी रङ्गको आवरण रहेको यस कृतिको पछाडिपट्टिको भागमा कृतिकारको परिचय र प्रकाशकको नाम प्रस्तुत गरिएको छ । यो कृति डिमाइ आकारको २२१ पृष्ठमा संरचित छ । यो पुस्तक त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयको स्नातकोत्तर तहका पाठ्यक्रममा समावेश गरिएको छ । तिन भाग र उन्नाइस शीर्षक रहेको यस कृतिको पहिलो खण्डमा *नाटकको सैद्धान्तिक स्वरूप, एकाङ्कीको सैद्धान्तिक स्वरूप, नेपाली नाटकको विकासप्रक्रिया* र *एकाङ्कीको विकास प्रक्रिया* गरी चार शीर्षक, दोस्रो खण्ड *प्रमुख नेपाली नाटककार र तिनका प्रमुख नाट्यकृतिको विश्लेषण*मा नौ शीर्षक र तेस्रो खण्ड नेपालीका *प्रमुख केही एकाङ्कीकारहरूको परिचय, एकाङ्कीगत प्रवृत्ति र एकाङ्कीको विश्लेषण*मा छ शीर्षक रहेका छन् ।

२. विषयवस्तु

पहिलो खण्डको पहिलो शीर्षक *नाटकको सैद्धान्तिक स्वरूप*अन्तर्गत *नाटकको परिचय, नाटकको परिभाषा, नाटकको वर्गीकरण, नाटकका तŒवहरू, नाटक र अन्य विधाको तुलना* र *उपसंहार* गरी छ उपशीर्षक रहेका छन् । यसमा नाटकको परिचयसहित पूर्वीय र पाश्चात्य विद्वान्हरूले गरेका नाटकका केही परिभाषाहरू प्रस्तुत गरी पूर्व र पश्चिममा गरिएको नाटकको वर्गीकरण प्रस्तुत गरिएको छ । नाटकका तŒवहरूमा कथानक, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, द्वन्द्व भाषाशैलीय विन्यास र संवादको बारेमा चर्चा गर्दै नाटकलाई अन्य विधासँग तुलना गरेर पनि देखाइएको छ । उपसंहारअन्तर्गत अगाडिका विभिन्न उपशीर्षकमा प्रस्तुत गरिएका कुराहरूको निष्कर्ष प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *एकाङ्कीको सैद्धान्तिक स्वरूप*अन्तर्गत परिचय, *एकाङ्कीको परिभाषा, एकाङ्कीको वर्गीकरण, एकाङ्कीका तŒवहरू, नाटक र एकाङ्कीको तुलना* र *उपसंहार* गरी छ उपशीर्षक रहेका छन् । यसमा एकाङ्कीको परिचयसहित पाश्चात्य विद्वान्ले गरेका प्रमुख केही परिभाषाहरूलाई प्रस्तुत गर्दै एकाङ्कीको विभिन्न आधारमा वर्गीकरण गरी एकाङ्कीगत तŒवहरूका बारेमा समेत जानकारी गराइएको छ । यसमा नाटक र एकाङ्कीका बीचमा रहेको समानता र भिन्नता प्रस्तुत गरी उपसंहारमा एकाङ्कीको सैद्धान्तिक स्वरूपअन्तर्गतका विभिन्न उपशीर्षकमा प्रस्तुत गरिएका कुराहरूको निष्कर्ष दिइएको छ ।

तेस्रो शीर्षक *नेपाली नाटकको विकास प्रक्रिया*अन्तर्गत *परिचय, नेपाली नाटकको इतिहास, आधुनिक नेपाली नाटकका प्रमुख धारा, मोड र प्रवृत्ति* र अन्त्यमा *उपसंहार* गरी चार उपशीर्षक रहेका छन् । यसमा नाटकको विकास प्रक्रियाको बारेमा सामान्य परिचय दिँदै नेपाली नाटकको इतिहास प्रस्तुत गरिएको छ । पूर्व आधुनिक र आधुनिक काल गरी नाटकको विकास प्रक्रियालाई दुई भागमा विभाजन गरिएको छ र दुवै कालका

केही प्रमुख नाटककार, तिनका प्रवृत्ति र प्रकाशित नाटकहरू प्रस्तुत गरिएको छ । आधुनिक नेपाली नाटकका प्रमुख धारा, मोड र प्रवृत्तिको व्याख्या गर्ने क्रममा स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, मनोविश्लेषणवादी, प्रयोगवादी धारा गरी छुट्याएर चर्चा गर्दै उपसंहारअन्तर्गत प्रस्तुत शीर्षकमा रहेको विषयवस्तुको निचोड प्रस्तुत गरिएको छ ।

चौथो शीर्षक *नेपाली एकाङ्कीको विकास प्रक्रिया*अन्तर्गत *परिचय, नेपाली एकाङ्कीको इतिहास, नेपाली एकाङ्कीका प्रमुख धारा मोड र प्रवृत्ति* र *उपसंहार* गरी तिन उपशीर्षक रहेका छन् । यसमा एकाङ्कीको इतिहास प्रस्तुत गर्ने क्रममा विभिन्न एकाङ्की र एकाङ्कीकारहरूको विवरण प्रस्तुत गरिएको छ । एकाङ्कीका प्रमुख धाराहरूमा आदर्शवादी, सामाजिक यथार्थवादी, प्रगतिवादी, मनोविश्लेषणवादी, प्रयोगवादी धाराको चर्चा गरिएको छ र अन्त्यमा उपसंहार शीर्षकअन्तर्गत प्रस्तुत विषयवस्तुको निष्कर्ष प्रस्तुत गरिएको छ ।

दोस्रो खण्ड *प्रमुख नेपाली नाटककार र तिनका प्रमुख नाट्यकृतिको विश्लेषण* रहेको छ । यसअन्तर्गत *मोतीराम भट्टको प्रियदर्शिका नाटकको विश्लेषण, पहलमानसिंह स्वाँरको अटलबहादुर नाटकको विश्लेषण, बालकृष्ण समका नाटकको विश्लेषण, गोपालप्रसाद रिमालको मसान नाटको विश्लेषण,* भीमनिधि *तिवारीका नाटकको विश्लेषण, विजय मल्लका नाटकको विश्लेषण, सरुभक्तको निमावीय नाटकको विश्लेषण, मनबहादुर मुखियाको अनि देउराली रुन्छ नाटकको विश्लेषण, अविनाश श्रेष्ठको अश्वत्थामा हतोहत नाटकको विश्लेषण* गरी नौवटा शीर्षक रहेका छन् । यस खण्डमा प्रत्येक नाटककारको परिचय र प्रवृत्ति प्रस्तुत गरी नाटकको विश्लेषण गरिएको छ । नाटकको विश्लेषण गर्ने क्रममा कुनै नाटककारका एक, कुनैका दुई र कुनैका तिनवटासम्म नाटकको विश्लेषण गरिएको छ । मोतीराम भट्टको प्रियदर्शिका, पहलमानसिंह स्वाँरको अटलबहादुर, गोपालप्रसाद रिमालको मसान, सरुभक्तको निमावीय, मनबहादुर मुखियाको अनि देउराली रुन्छ, अविनास श्रेष्ठका अश्वत्थामा हतोहत गरी छ वटा शीर्षकमा एक एक वटा नाटकको विश्लेषण गरिएको छ भने भीमनिधि तिवारीका चौतारा लक्ष्मीनारायण र माटोको माया तथा विजय मल्लका कोही किन बर्बाद होस् र जिउँदो लास गरी दुई दुई वटा नाटकको विश्लेषण गरिएको छ । बालकृष्ण समका मुकुन्द इन्दिरा, प्रह्लाद र अमरसिंह गरी तिन वटा नाटकको विश्लेषण गरिएको छ ।

तेस्रो खण्ड नेपालीका प्रमुख केही एकाङ्कीकारहरूको परिचय, एकाङ्कीगत प्रवृत्ति र एकाङ्कीको विश्लेषणमा केन्द्रित रहेको छ । यसअन्तर्गत *पुष्कर शमशेरको लक्ष्यहीन एकाङ्कीको विश्लेषण, हृदयचन्द्रसिंह प्रधानको खैराँती मास्टर एकाङ्कीको विश्लेषण, गोविन्दबहादुर मल्ल गोठालेको म कसरी हार्छु ? एकाङ्कीको विश्लेषण, फणीन्द्रराज खेतालाको फिउज गएको इज्जत एकाङ्कीको विश्लेषण, रामलाल अधिकारीको म भात खान्न एकाङ्कीको विश्लेषण,* शेरमान थापाको आगो, ज्वाला र झिल्काहरू एकाङ्कीको विश्लेषण गरी छ वटा शीषक रहेका छन् । यस खण्डमा प्रत्येक एकाङ्कीकारको परिचय, एकाङ्कीगत प्रवृत्ति प्रस्तुत गरी एकाङ्कीको विश्लेषण गरिएको छ ।

३. भाषाशैली

यस अनुसन्धानमूलक समालोचनात्मक कृतिमा सरल भाषाको प्रयोग गरिनाका साथै नाटक तथा एकाङ्कीहरूको विश्लेषण गर्ने क्रममा संरचनावादी समालोचना पद्धतिको प्रयोग गरिएको छ । सबै नाटकहरूको विश्लेषणको ढाँचामा एकरूपता रहेको छ । कृतिको भाषा सरल र स्पष्ट रहेको छ भने विषयवस्तुको प्रस्तुतिमा बुँदा र सूत्रात्मक शैलीको प्रयोग गरिएको छ ।

४. निष्कर्ष

यस समालोचनात्मक कृतिमा "नाटक र एकाङ्कीको सिद्धान्त, नेपाली नाटक र एकाङ्कीको विकास प्रक्रिया तथा नेपाली नाटकका विभिन्न कालखण्डका प्रसिद्ध नाटककार एवं तिनका विशिष्ट नाट्यकृतिहरूको वस्तुवादी विश्लेषण गरिएको छ ।"[३१९] अनुसन्धानमूलक समालोचना सङ्ग्रहका रूपमा रहेको "यस कृतिमा नाटक र एकाङ्कीको विश्लेषण गर्ने क्रममा आधुनिक समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिको प्रयोग गरिएको छ ।"[३२०] नाटकको सैद्धान्तिक स्वरूप, एकाङ्कीको सैद्धान्तिक स्वरूपसहित विकास प्रक्रियाका साथै केही प्रमुख नाटककार र एकाङ्कीकारहरूको परिचय, प्रवृत्ति र कृतिको विश्लेषण प्रस्तुत गरिएको प्रस्तुत कृति यस क्षेत्रको एउटा महत्वपूर्ण कृति हो । यसमा विश्लेषित सबैजसो नाटककार र तिनका कृतिहरूले नेपाली नाटकको विभिन्न कालखण्डलाई प्रस्तुत गरेका छन् । विश्लेषणका क्रममा प्रत्येक शीर्षकलाई तिन उपशीर्षकमा प्रस्तुत गरी प्रत्येकको स्पष्ट र गहन रूपले एकरूपताका साथ विश्लेषण गरिएको छ । व्यापक र विस्तृत रूपमा रहेको प्रायोगिक खण्डमा उन्नाइस वटा कृतिको वस्तुपरक शैलीमा विश्लेषण गरिएको छ । मोतीराम भट्टदेखि शेरमान थापासम्मका पन्ध्रजना नाटककार तथा एकाङ्कीकारहरूको परिचय, नाट्यप्रवृत्ति र नाटकको विश्लेषण गरी तिन उपशीर्षकमा व्याख्या गरिएको छ । नाटक र एकाङ्कीको विश्लेषण शिल्प, संरचना, कथावस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु लगायतका विभिन्न पक्षमा केन्द्रित भएर गरिएको छ । नौ जना नाटककारहरूका तेरवटा नाट्यकृतिको विश्लेषण गरिएको नाटक खण्डले कृतिको सबैभन्दा ठूलो भाग ओगटेको छ ।

नेपाली नाट्य समालोचना नामक अनुसन्धानमूलक समालोचना सङ्ग्रहमा नाटक र एकाङ्कीको सैद्धान्तिक स्वरूप, विकास प्रक्रिया तथा विभिन्न कालखण्डका नाटककार र एकाङ्कीकारहरूका प्रवृत्ति र नाट्यकृतिहरूको विश्लेषण गरिएको छ । नाटक र एकाङ्की दुवैको सिद्धान्त सहित विभिन्न कृतिहरूको विश्लेषण गरिएको यस कृति भित्रका नाटक र एकाङ्कीहरूले विभिन्न कालको प्रतिनिधित्व गरेका छन् । यसमा एउटा नाटककारका एक, दुई वा तिनवटा सम्म नाटकको विश्लेषण गरिएको छ र विश्लेषणमा एकरूपता रहेको छ । यस कृतिमा विधागत इतिहास, विकास, परिभाषा, तत्वहरू जस्ता सैद्धान्तिक पक्षमा मात्र सीमित नभई यी विधाका विभिन्न समयका प्रतिनिधि स्रष्टा र तिनका प्रतिनिधि कृतिहरूलाई पनि विश्लेषणात्मक रूपमा चर्चा गरिएको छ । यो यस कृतिको महत्वपूर्ण पक्ष हो । यो कृति पछिल्लो समयका नाटककार, एकाङ्कीकारका

---

[३१९]. खगेन्द्रप्रसाद लुइटेल, **नेपाली नाट्य समालोचना**, *प्रकाशकीय*, (काठमाडौं : पैरवी प्रकाशन, २०६७) ।

[३२०]. रमेश तुफान, *नयाँ कृति*, **गोरखापत्र,** (२०६७ मङ्सिर २५), पृ. ख ।

साथै अन्य विधाका साहित्यकारहरू र तिनका कृति विश्लेषण गर्नका लागि एक आधार ढाँचा बन्न पुगेको छ । यसर्थ यस क्षेत्रमा अध्ययन गर्ने र गर्न चाहनेहरूका लागि यो कृति उपयोगी र आधारग्रन्थ समेत बनेको छ ।

५.२.१० नेपाली निबन्ध समालोचना

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **नेपाली निबन्ध समालोचना** पैरवी प्रकाशनद्वारा २०६८ सालमा प्रकाशित समालोचना सङ्ग्रह हो । हरियो र निलो रङ्गको आवरण रहेको यस कृतिको पछाडिपट्टिको भागमा कृतिकारको परिचय र प्रकाशकको नाम प्रस्तुत गरिएको छ । निबन्धहरूको समालोचना सङ्ग्रहका रूपमा रहेको यो कृति डिमाइ आकारको २३३ पृष्ठमा संरचित छ । यो पुस्तक त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयको स्नातकोत्तर तहका पाठ्यक्रममा समावेश गरिएको छ । यस कृतिमा *निबन्धको सैद्धान्तिक स्वरूप, प्रमुख नेपाली निबन्धकार र तिनका प्रमुख निबन्धको विश्लेषण* र *प्रमुख भारतीय नेपाली निबन्धकार र तिनका प्रमुख निबन्धको विश्लेषण* गरी तिन भाग र तिस शीर्षक रहेका छन् ।

२. विषयवस्तु

पहिलो भागको पहिलो शीर्षक *निबन्धको सैद्धान्तिक स्वरूप*अन्तर्गत *निबन्धको परिचय, निबन्धको परिभाषा र स्वरूप, निबन्धको वर्गीकरण, निबन्धका संरचक घटक, निबन्ध र प्रबन्ध, हास्यव्यङ्ग्य निबन्ध र यात्रानिबन्ध,* र *उपसंहार* गरी सात उपशीर्षक रहेका छन् । यसमा निबन्धको शब्दनिर्माण, विभिन्न विद्वान्का परिभाषा, निबन्धका प्रकार र संरचक घटकहरूको प्रस्तुतिसहित निबन्ध र प्रबन्ध तथा हास्यव्यङ्ग्य निबन्ध र यात्रानिबन्ध बीचको सम्बन्ध प्रस्तुत गरिएको छ । दोस्रो शीर्षक *नेपाली निबन्धको विकास प्रक्रिया*अन्तर्गत परिचय, नेपाली निबन्धको प्राथमिक काल, नेपाली निबन्धको माध्यमिक काल, नेपाली निबन्धको आधुनिक काल, नेपाली निबन्धको आधुनिक कालका प्रमुख धारा र प्रवृत्ति र उपसंहार गरी छ उपशीर्षक रहेका छन् । यसमा नेपाली निबन्धको विकास प्रक्रियासहित विभिन्न कालका प्रमुख प्रवृत्तिहरू प्रस्तुत गर्दै आधुनिक कालका प्रमुख धारा र प्रवृत्तिबारे चर्चा गरिनाका साथै विभिन्न कालका प्रमुख निबन्ध र निबन्धकारबारे जानकारी गराइएको छ ।

दोस्रो भाग *प्रमुख नेपाली निबन्धकार र तिनका प्रमुख निबन्धको विश्लेषण* रहेको छ । यसअन्तर्गत *पृथ्वीनारायण शाहको दिव्योपदेशको विश्लेषण, जङ्गबहादुरको वेलायत यात्राको विश्लेषण, राममणि आ.दी. र कविता रीति, शम्भुप्रसाद ढुङ्गेल र महेन्द्रमल्ली, सूर्यविक्रम ज्ञवाली र रसमय नेपाली जीवन, लक्ष्मीप्रसाद देवकोटा र पहाडी जीवन, हृदयचन्द्रसिंह र जुँगा, शङ्कर लामिछाने र औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा, कमल दीक्षित र पारसमणि मार्का, केशवराज पिँडाली र खै-खै, भैरव अर्याल र जय भुँडी, नरेन्द्रराज पौडेल र भुण्टी बज्यैको अम्रिका यात्रा, डा. तारानाथ शर्मा र बैकिनीका आँसुमा डुब्छ बयलपाटा, घनश्याम राजकर्णिकार र नालन्दा प्रसिद्ध बौद्ध शिक्षाकेन्द्र, प्रतीक ढकाल र ग्रेटवालमाथि उभिँदा, डा. खगेन्द्रप्रसाद लुइटेल र बारवर्षपछि हनिमुन* गरी १६ वटा शीर्षक रहेका छन् । यस भागमा सुरुमा आख्यानेत्तर गद्यका दुई कृति **दिव्योपदेश** र **जङ्गबहादुरको वेलायत यात्रा**को विभिन्न कोणबाट विश्लेषण गरी त्यसपछि अन्य

निबन्धकारहरूको परिचय र प्रवृत्तिसँगै तिनका एकएक वटा निबन्धहरूको विश्लेषण गरिएको छ । प्रत्येकलाई विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गर्दै विश्लेषणपछि उपसंहार प्रस्तुत गरिएको छ ।

तेस्रो भाग *प्रमुख भारतीय नेपाली निबन्धकार र तिनका प्रमुख निबन्धको विश्लेषण* रहेको छ । यसअन्तर्गत *मणिसिंह गुरुङ र सच्चरित्रता नै उन्नतिको मूल हो, गङ्गाप्रसाद प्रधान र स्कुल जीवन, पारसमणि प्रधान र नेपाली हाम्रो मातृभाषा, रामकृष्ण शर्मा र सगरमाथा तेनजिङ, रामलाल अधिकारी र मेरो सिद्धान्तविहीन सिद्धान्त, कृष्णप्रसाद ज्ञवाली र वसन्त बेला, चन्द्रप्रसाद शर्मा र मेरा बारीका भाते करेला, तारापति उपाध्याय र स्वतन्त्रता सेनानी स्व. छविलाल उपाध्याय, चोकबहादुर थापा र हाम्रो हृदयको स्पन्दन गुवाहाटीको राधाकृष्ण मन्दिर, अच्छा राई 'रसिक' र भुँडी, जयनारायण लुइटेल र अटलान्टिक सिटी-तारेको आलु र जुवा, गीता उपाध्याय र मेरो लण्डन भ्रमण* गरी १२ शीर्षक रहेका छन् । यस भागको प्रत्येक शीर्षकमा निबन्धकारको परिचय, प्रवृत्ति, निबन्धको विश्लेषण र उपसंहार गरी चार उपशीर्षक रहेका छन् । प्रत्येक शीर्षकमा निबन्धकारको परिचय र प्रवृत्तिसँगै निबन्धको विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

प्रस्तुत अनुसन्धानमूलक समालोचनात्मक कृति निबन्धको सैद्धान्तिक स्वरूप र विकास प्रक्रियासहित विभिन्न कालखण्डका प्रमुख निबन्धकार र तिनका विशिष्ट कृतिहरूको वस्तुवादी विश्लेषणमा केन्द्रित रहेको छ । यसमा समाविष्ट विभिन्न निबन्धकार र तिनका कृतिहरूले प्राथमिक, माध्यमिक र आधुनिक तिनै कालका नेपाली निबन्धका विभिन्न धारा र प्रवृत्तिको प्रतिनिधित्व गरेका छन् । कृतिमा प्रस्तुत सबै निबन्धहरूको प्रस्तुति स्पष्ट ढाँचामा एकरूपताका साथ गरिएको छ भने विश्लेषणका क्रममा संरचनावादी समालोचना पद्धतिको अनुसरण गरिएको छ । निबन्धको सैद्धान्तिक स्वरूप, विकास प्रक्रियाका साथै नेपाली निबन्धका विभिन्न धाराका प्रमुख निबन्धकार, तिनका प्रवृत्ति र कृतिहरूको अध्ययन गर्न चाहनेहरूका लागि उपयोगी रहनका साथै अन्य कृति विश्लेषण गर्नका लागि पनि यो कृति आधारढाँचा बन्न पुगेको छ ।

३. भाषाशैली

पैरवी प्रकाशनको अनुसन्धान परियोजनाअन्तर्गत प्रकाशित **नेपाली निबन्ध समालोचना** नामक कृतिमा सरल र स्पष्ट भाषाको प्रयोग पाइन्छ । निबन्धहरूको विश्लेषणमा वस्तुवादी संरचनावादी समालोचना पद्धतिको प्रयोग गरिएको प्रस्तुत कृतिको विश्लेषणमा एकरूपता अँगालिएको छ भने प्रस्तुतिमा सूत्रात्मक शैलीको प्रयोग गरिएको छ ।

४. निष्कर्ष

नेपाली निबन्ध समालोचना निबन्धको सैद्धान्तिक स्वरूप, नेपाली निबन्धको विकास प्रक्रिया तथा विभिन्न कालखण्डका प्रमुख निबन्धकार र तिनका विशिष्ट कृतिहरूको विश्लेषणमा केन्द्रित रहेको छ । प्रत्येक शीर्षकको अन्त्यमा उपसंहार उपशीर्षकअन्तर्गत उक्त शीर्षकभित्र प्रस्तुत विषयवस्तुको मूल भाव प्रस्तुत गरिएको छ । विश्लेषणका क्रममा नेपाल भित्रका मात्र नभई नेपाल बाहिरका निबन्धकार र तिनीहरूका निबन्धको समेत विश्लेषण गरिएको यस समालोचनात्मक कृतिमा तुलनात्मक रूपमा प्राथमिक भन्दा

माध्यमिक र माध्यमिक भन्दा आधुनिक काललाई बढी जोड दिइएको छ । यो कृति वस्तुवादी समालोचनाका क्षेत्रमा एउटा खुड्किलो बनेको छ । यसमा सिद्धान्त र प्रयोग दुवै पाइन्छ । समग्रमा यो कृति निबन्धका सिद्धान्त र विकासक्रमसहित निबन्धात्मक कृतिको विश्लेषण गरिएको यस क्षेत्रको एक महत्वपूर्ण कृति बन्न पुगेको छ ।

५.२.११ पाश्चात्य साहित्य सिद्धान्त

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लेखिएको **पाश्चात्य साहित्य सिद्धान्त** नामको कृति २०६८ सालमा विद्यार्थी पुस्तक भण्डारबाट प्रकाशित भएको हो । निलो रङ्गको आवरण रहेको डिमाइ आकारको यो कृति ११२ पृष्ठमा संरचित छ । यस कृतिमा *एरिस्टोटलको अनुकरण सिद्धान्त, एरिस्टोटलको दुखान्तक सङ्गठन सिद्धान्त, एरिस्टोटलको विरेचन सिद्धान्त, कलरिजको कल्पना सिद्धान्त, टि.एस्.एलियटको सिद्धान्त, आई.ए. रिचर्ड्सको सिद्धान्त, संरचनावादी सिद्धान्त* र *उत्तरआधुनिकतावादी सिद्धान्त* गरी आठ शीर्षक र त्यसभित्र विभिन्न उपशीर्षकहरू रहेका छन् ।

२. विषयवस्तु

कृतिको पहिलो शीर्षक *एरिस्टोटलको अनुकरण सिद्धान्त*अन्तर्गत *एरिस्टोटलको परिचय, एरिस्टोटलको अनुकरण सिद्धान्तको पृष्ठभूमि, एरिस्टोटलको अनुकरण सिद्धान्त* र *उपसंहार* गरी चार उपशीर्षक रहेका छन् । यस शीर्षकमा एरिस्टोटलको परिचय प्रस्तुत गर्दै अनुकरण सिद्धान्तको पृष्ठभूमिसहित उक्त सिद्धान्तका बारेमा चर्चा गरिएको छ र उपसंहार उपशीर्षक अन्तर्गत यसका शक्ति र सीमासहित निष्कर्ष प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *एरिस्टोटलको दुखान्तक सङ्गठन सिद्धान्त*अन्तर्गत *दुखान्तकको परिचय, दुखान्तकको परिभाषा र स्वरूप, दुखान्तक सङ्गठनका अङ्ग वा तत्वहरू* र *उपसंहार* गरी चार उपशीर्षक रहेका छन् । यसमा दुखान्तकको परिचयसहित परिभाषा प्रस्तुत गरी यसको स्वरूप, अङ्ग वा तत्वहरूका बारेमा चर्चा गर्दै उपसंहार उपशीर्षकअन्तर्गत निचोड प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *एरिष्टोटलको विरेचन सिद्धान्त* शीर्षकअन्तर्गत *परिचय, विरेचनका विभिन्न अर्थ* र *उपसंहार* गरी तिन उपशीर्षक रहेका छन् । यसमा विरेचनको परिचयसँगै एरिष्टोटलले विरेचनको स्पष्ट व्याख्या नगरेको हुँदा उत्तरवर्ती विद्वान्हरूले आ-आफ्नै बुझाइअनुसार भिन्नाभिन्नै ढङ्गले अर्थ्याएका चिकित्साशास्त्रीय, धार्मिक, नैतिक, कलात्मकजस्ता विरेचनका विभिन्न अर्थहरूको बारेमा चर्चा गर्दै उपसंहार उपशीर्षकभित्र उक्त शीर्षकमा प्रस्तुत विषयवस्तुको भाव वा निष्कर्ष प्रस्तुत गरिएको छ ।

चौथो शीर्षक *कलरिजको कल्पना सिद्धान्त* रहेको छ । यसमा *कलरिजको परिचय, कलरिजको कविता काव्यसम्बन्धी दृष्टिकोण,* कलरिजको कल्पना सिद्धान्त र *उपसंहार* गरी चार उपशीर्षक रहेका छन् । यस शीर्षकमा कलरिजका प्रकाशित कृतिसहित परिचय प्रस्तुत गर्दै उनको काव्यसम्बन्धी दृष्टिकोण प्रस्तुत गरी कल्पना सिद्धान्तको बारेमा व्याख्या विश्लेषण गरिएको छ र *उपसंहार* उपशीर्षक भित्र विषयवस्तुको मुख्य भाव

प्रस्तुत गर्नाका साथै कलरिज उच्चकोटीको कवि र विशिष्ट दार्शनिक चिन्तक एवं समालोचक मानिएको कुरा प्रस्तुत गरिएको छ ।

पाँचौं शीर्षक *टि.एस्. एलियटको सिद्धान्त*अन्तर्गत *टि.एस्. एलियटको परिचय,* टि.*एस्. एलियटका सिद्धान्तको पृष्ठभूमि, परम्परा र व्यक्तिप्रतिभाको सिद्धान्त, निर्वैयक्तिकताको सिद्धान्त, समन्वित संवेदनाको सिद्धान्त* र *उपसंहार* गरी छ उपशीर्षक रहेका छन् । यस शीर्षकमा एलियटको परिचयसहित एलियटका सिद्धान्तको पृष्ठभूमि प्रस्तुत गरिएको छ । एलियटले चर्चा गरेका परम्परा र व्यक्तिप्रतिभाको सिद्धान्त, निर्वैयक्तिकताको सिद्धान्त, समन्वित संवेदनाको सिद्धान्तका बारेमा व्याख्या विश्लेषण गरी उपसंहार उपशीर्षकभित्र प्रस्तुत विषयवस्तुको निष्कर्ष प्रस्तुत गरिएको छ ।

छैटौं शीर्षक *आई.ए. रिचर्ड्सको सिद्धान्त* रहेको छ । यसअन्तर्गत *आई.ए. रिचर्ड्सको परिचय, आई.ए. रिचर्ड्सको काव्यकलासम्बन्धी दृष्टिकोण, आई.ए. रिचर्ड्सको समालोचनासम्बन्धी दृष्टिकोण, आई.ए. रिचर्ड्सको मूल्य सिद्धान्त, आई.ए. रिचर्ड्सको सम्प्रेषण सिद्धान्त* र *उपसंहार* गरी छ उपशीर्षक रहेका छन् । यसमा रिचर्ड्सको परिचय दिई उनको समालोचना र काव्यसम्बन्धी दृष्टिकोण प्रस्तुत गरिनाका साथै मूल्य सिद्धान्त र सम्प्रेषण सिद्धान्तका बारेमा व्याख्या विश्लेषण गरिएको छ र अन्त्यमा यी विभिन्न उपशीर्षकमा प्रस्तुत विषयवस्तुको निचोड प्रस्तुत गरिएको छ ।

सातौं शीर्षक *संरचनावादी सिद्धान्त*अन्तर्गत *संरचनाको परिचय, संरचनावादको परिचय, संरचनावादको परिचय र विकास, संरचनावादको परिभाषा, संरचनावादका प्रमुख धाराहरू, संरचनावादको प्रमुख सम्प्रदायहरू, संरचनावादका आधारभूत मान्यता, संरचनावादका शक्ति* र *उपसंहार* गरी नौ उपशीर्षक रहेका छन् । यसमा संरचना र संरचनावादको परिचय प्रस्तुत गर्दै यसको प्रवर्तन र विकास, विभिन्न परिभाषाहरू, प्रमुख धाराहरू, प्रमुख सम्प्रदायहरू, आधारभूत मान्यता र शक्तिको बारेमा चर्चा गरी उपसंहार शीर्षकभित्र यी सबैको सारांश स्वरूप निष्कर्ष प्रस्तुत गरिएको छ ।

आठौं शीर्षक *उत्तरआधुनिकतावादी सिद्धान्त*भित्र *परिचय, उत्तरआधुनिकताको पृष्ठभूमि र विकास, उत्तरआधुनिकताका परिचायक अभिलक्षण, आधुनिकता र उत्तरआधुनिकताको तुलना* र *उपसंहार* गरी पाँच उपशीर्षक रहेका छन् । यसमा उत्तरआधुनिकताको पृष्ठभूमि र विकास, परिचायक अभिलक्षणहरू प्रस्तुत गर्दै आधुनिकता र उत्तरआधुनिकताबीच तुलना गरिएको छ भने *उपसंहार* शीर्षकभित्र यी विभिन्न उपशीर्षकहरूमा प्रस्तुत विषयवस्तुको सार वा निष्कर्ष प्रस्तुत गरिएको छ ।

३. भाषाशैली

यस कृतिमा पाश्चात्य साहित्यका साहित्यिक सिद्धान्तहरूलाई सरल, सहज र स्वभाविक ढङ्गबाट परिष्कृत भाषाशैलीको प्रयोग गरी प्रस्तुत गरिएको छ । पाश्चात्य साहित्यका बारेमा लेखिएको भएकाले यस कृतिमा प्रशस्तै अङ्ग्रेजी भाषाका शब्दहरूको प्रयोग भएको छ । व्याख्यात्मक र सूत्रात्मक रूपमा विषयवस्तु प्रस्तुत गरिएको यो कृति पाश्चात्य साहित्य सिद्धान्तको महत्वपूर्ण कृति हो ।

४. निष्कर्ष

पाश्चात्य साहित्य सिद्धान्त नामक कृतिमा एरिस्टोटल, कलरिज, टि.एस्. एलियट, रिचर्ड्स आदिका विभिन्न साहित्यिक सिद्धान्तहरू प्रस्तुत गर्दै संरचना र संरचनावादका बारेमा विस्तृत रूपमा चर्चा गरिनाका साथै प्रत्येक शीर्षकअन्तर्गतको विषयवस्तुको प्रस्तुतिपछि *उपसंहार*अन्तर्गत मूल भाव वा निचोड प्रस्तुत गरिएको छ । पाश्चात्य साहित्यको पृष्ठभमि र यसको विकास, विस्तार, विभिन्न विद्वान्का विभिन्न सिद्धान्तका बारेमा विस्तृत रूपमा व्याख्या विश्लेषण गरिएको यो कृति पाश्चात्य साहित्य सिद्धान्तका बारेमा अध्ययन गर्न चाहनेहरूका लागि महत्वपूर्ण रहेको छ ।

पाश्चात्य साहित्यको प्रारम्भिक कालका साहित्यकारहरू, तिनीहरूका साहित्यिक मान्यता, दृष्टिकोण र प्रतिपादित सिद्धान्तहरूको व्याख्या विश्लेषणमा केन्द्रित **पाश्चात्य साहित्य सिद्धान्त** नामक कृति पाश्चात्य साहित्यको प्रवर्तन र विकाससम्बन्धी रुचि राख्ने पाठकहरूमा लागि उपयोगी र महत्वपूर्ण रहेको छ । यसमा एरिस्टोटलको अनुकरण सिद्धान्त, दुखान्तक सङ्गठन सिद्धान्त, विरेचन सिद्धान्त, कलरिजको कल्पना सिद्धान्त, टि.एस्. एलियटको परम्परा र व्यक्तिप्रतिभा, निर्वैयक्तिकता र समन्वित संवेदनाको सिद्धान्त, आई.ए. रिचर्ड्सको मूल्य र सम्प्रेषण सिद्धान्त आदिको चर्चा गरिएको छ । यस कृतिमा संरचना र संरचनावादको विभिन्न कोणबाट व्याख्या विश्लेषण गरिनाका साथै उत्तरआधुनिकताको पृष्ठभूमि र विकास, परिचायक अभिलक्षणसहित आधुनिकता र उत्तरआधनिकता बीच तुलना गरी अन्त्यमा उपसंहार प्रस्तुत गरिएको छ । विश्लेषण क्रममा व्याख्यात्मक भन्दा सूत्रात्मक शैलीको प्रयोग गरिएको छ । पाश्चात्य साहित्यसम्बन्धी सामग्रीको कमी रहेको र पाइने सामग्रीमा पनि लामो र व्याख्यात्मक शैलीलाई अँगालिएको हुने हुँदा अध्ययन गर्न बढी समय लाग्ने र झन्झटिलो हुने गर्दछ । यस कृतिमा समावेश गरिएका सबै शीर्षकहरूलाई सकेसम्म छोटो र सरल रूपमा प्रस्तुत गरिएकाले गर्दा पनि यस कृतिको अध्ययनबाट सहज ढङ्गले विषयबोध गर्न र तत्सम्बन्धी ज्ञान लिन सकिन्छ ।

५.२.१२ लोकसाहित्य परिचय

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **लोकसाहित्य परिचय** नामक समालोचनात्मक कृति २०६८ सालमा विद्यार्थी पुस्तक भण्डारबाट प्रकाशित भएको हो । निलो रङ्गको आवरण रहेको डिमाइ आकारको यो कृति ८० पृष्ठमा संरचित छ । यस कृतिमा *लोकसाहित्यको सैद्धान्तिक स्वरूप, लोकवार्ता र लोकवार्ताविज्ञानको सैद्धान्तिक स्वरूप, लोकसाहित्य र ज्ञानका अन्य शाखाहरू बीचको सम्बन्ध, लोकसाहित्यको अनसन्धान पद्धति, लोकसाहित्यको अनुसन्धान प्रक्रिया, लोकसाहित्यको विधागत वर्गीकरण, लोकसाहित्य र सिर्जित साहित्य, नेपाली लोकसाहित्यको अध्ययन-अनुसन्धान परम्परा* गरी आठ शीर्षक र त्यसभित्र विभिन्न उपशीर्षकहरू रहेका छन् ।

२. विषयवस्तु

पहिलो शीर्षक *लोकसाहित्यको सैद्धान्तिक स्वरूप* रहेको छ । यसमा *लोक शब्दको परिचय,* लोकसाहित्यको परिचय, *लोकसाहित्यको परिभाषा, लोकसाहित्यको स्वरूप, लोकसाहित्यका विशेषता, लोकसाहित्यको महत्व* र *लोकसाहित्यको प्रयोजन* गरी सात उपशीर्षक रहेका छन् । यसमा लोकशब्द र लोकसाहित्यको परिचयसहित लोकसाहित्यसम्बन्धी विभिन्न विद्वान्का परिभाषा प्रस्तुत गरी यसको स्वरूप, विशेषता, महत्व र प्रयोजनका बारेमा चर्चा गरिएको छ ।

दोस्रो शीर्षक *लोकवार्ता र लोकवार्ताविज्ञानको सैद्धान्तिक स्वरूप*अन्तर्गत *लोकवार्ताको परिचय, लोकवार्ताको परिभाषा, लोकवार्ताको स्वरूप, लोकवार्ताका प्रकार, लोकवार्ताविज्ञानको परिभाषा* गरी पाँच उपशीर्षक रहेका छन् । यसमा लोकवार्ताको परिचयसहित विभिन्न विद्वान्ले यससम्बन्धी गरेका परिभाषाहरू उल्लेख गर्दै यसको स्वरूप र प्रकारबारे चर्चा गरिनाका साथै लोकवार्ताविज्ञानको परिचय र परिभाषा पनि प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *लोकसाहित्य र ज्ञानका अन्य शाखाहरू बीचको सम्बन्ध* रहेको छ । यस शीर्षकअन्तर्गत *धर्मशास्त्र, पुरातत्व, इतिहास, भूगोल, समाजशास्त्र, मानवशास्त्र, अर्थशास्त्र, मनोविज्ञान, चिकित्साशास्त्र* र *भाषाविज्ञान* गरी १० उपशीर्षक रहेका छन् । यसमा ज्ञानका यी १० वटा शाखालाई लोकसाहित्यका निकट राखेर विश्लेषण गरिएको छ ।

चौथो शीर्षक *लोकसाहित्यको अनुसन्धानपद्धति*अन्तर्गत *ऐतिहासिक पद्धति, वर्णनात्मक पद्धति, तुलनात्मक पद्धति, मनोविश्लेषणात्मक पद्धति, मानवशास्त्रीय पद्धति, साहित्यशास्त्रीय पद्धति, भाषावैज्ञानिक पद्धति* र *संरचनावादी पद्धति* गरी आठ उपशीर्षक रहेका छन् । यसमा लोकसाहित्यको अध्ययन-अनुसन्धानका लागि उपयुक्त हुने विभिन्न प्रमुख पद्धतिहरू र तिनीहरूको अध्ययनको विकासक्रम प्रस्तुत गरिएको छ ।

पाँचौँ शीर्षक *लोकसाहित्यको अनुसन्धान प्रक्रिया* रहेको छ । यस शीर्षकअन्तर्गत *सामग्री सङ्कलन प्रक्रिया, सामग्री सङ्कलन पद्धति* र *सामग्रीको अध्ययन प्रक्रिया* गरी तिन उपशीर्षक रहेका छन् । यसमा लोकसाहित्यको अनुसन्धान प्रक्रियाका बारेमा जानकारी गराउँदै सामग्री सङ्कलन पद्धति र सामग्रीको अध्ययन प्रक्रियाका बारेमा चर्चा गरिएको छ । यसमा सामग्री सङ्कलनका विभिन्न प्रक्रियाहरू प्रस्तुत गरी सामग्री सङ्कलनको महत्व, उपयोगिता, चरण, उपचरण, कठिनाइ, गुण, सूचक आदिको बारेमा विस्तृत रूपमा जानकारी गराइएको छ । सामग्रीको अध्ययन कार्यमा परिभाषीकरण, वर्गीकरण, व्यवस्थापन र सामान्यीकरणलाई महत्वपूर्ण प्रक्रिया मानिएको छ ।

छैटौँ शीर्षक *लोकसाहित्यको विधागत वर्गीकरण* अन्तर्गत *विधाको वर्गीकरण, विधा वर्गीकरणका आधार* र *उपसंहार* गरी तिन उपशीर्षक रहेका छन् । यसमा विधाको परिचयसहित साहित्यशास्त्रीय विधा सिद्धान्तका आधारमा प्रस्तुति, माध्यम, श्रेणी, आकार, प्रकार गरी लोकसाहित्यको विधागत वर्गीकरण गरिएको छ र उपसंहार उपशीर्षकअन्तर्गत उक्त शीर्षकभित्र प्रस्तुत भएको विषयवस्तुको निष्कर्ष प्रस्तुत गरिएको छ ।

सातौँ शीर्षक *लोकसाहित्य र सिर्जित साहित्य* शीर्षकअन्तर्गत *लोकसाहित्य र सिर्जित साहित्यको अभिप्राय, लोकसाहित्य र सिर्जित साहित्यको सम्बन्ध, लोकसाहित्य र सिर्जित साहित्यको तुलना* र *उपसंहार* गरी चार उपशीर्षक रहेका छन् । यसमा लोकसाहित्य र सिर्जित साहित्यको परिचयसँगै यी दुई बीचको सम्बन्ध प्रस्तुत गर्दै समानता र भिन्नता केलाई उपसंहार उपशीर्षक अन्तर्गत उक्त शीर्षकभित्र प्रस्तुत विषयवस्तुको निष्कर्ष प्रस्तुत गरिएको छ ।

आठौँ अर्थात् अन्तिम शीर्षक *नेपाली लोकसाहित्यको अध्ययन-अनुसन्धान परम्परा* रहेको छ । यसमा *लोकसाहित्यसम्बन्धी अध्ययन-अनुसन्धान, लोकगीतसम्बन्धी अध्ययन-अनुसन्धान, लोकगाथासम्बन्धी अध्ययन-अनुसन्धान, लोककथासम्बन्धी अध्ययन-अनुसन्धान, गाउँखानेकथासम्बन्धी अध्ययन-अनुसन्धान, लोकनाटकसम्बन्धी अध्ययन-अनुसन्धान, उखानसम्बन्धी अध्ययन-अनुसन्धान, टुक्कासम्बन्धी अध्ययन-अनुसन्धान* गरी आठ उपशीर्षक रहेका छन् । यस शीर्षकमा लोकसाहित्यका विविध विधाहरूका बारेमा गरिएका अध्ययन-अनुसन्धानहरूलाई व्यक्ति र कृतिको नामावलीसहित प्रस्तुत गरिएको छ । यसबाट लोकसाहित्यसम्बन्धी भइसकेका कार्यहरूबारे जानकारी प्राप्त गर्न सजिलो भएको छ ।

३. भाषाशैली

लोकसाहित्य परिचय नामक कृतिमा सरल र परिष्कृत भाषाको प्रयोग पाइन्छ । विषयवस्तुलाई छोटो र सरल शैलीमा प्रस्तुत गरिएको छ । व्याख्यात्मक भन्दा बुँदा र सूत्रात्मक शैलीको प्रयोग गरिएको यस कृतिमा वर्णनात्मक र विवरणात्मक शैलीको पनि प्रयोग भएको छ । एकाध ठाउँमा अङ्ग्रेजी शब्द र बोलचालको भाषाको प्रयोग गरिए तापनि समग्रमा यस कृतिमा शुद्ध नेपाली भाषाकै प्रयोग पाइन्छ ।

४. निष्कर्ष

प्रस्तुत कृतिमा लोकसाहित्यको सैद्धान्तिक स्वरूप, लोकवार्ता र लोकवार्ताविज्ञानको सैद्धान्तिक स्वरूप, ज्ञानका विभिन्न शाखाहरूसँगको लोकसाहित्यको सम्बन्ध प्रस्तुत गरिएको छ । लोकसाहित्यका विभिन्न अनुसन्धान पद्धतिसँगै लोकसाहित्यको अनुसन्धान प्रक्रियाका बारेमा पनि चर्चा गरी लोकसाहित्यलाई विभिन्न आधारमा वर्गीकरण गर्नाका साथै लोकसाहित्य र सिर्जित साहित्यको सम्बन्ध प्रस्तुत गरिएको यो कृति सैद्धान्तिक भए तापनि सरल रूपमा विषयवस्तु प्रस्तुत गरिएको छ । नेपाली लोकसाहित्यका विविध विधामा भएका अध्ययन-अनुसन्धान परम्परा प्रस्तुत गरिएको यस कृतिमा सरल र परिष्कृत भाषाको प्रयोग गरी सूत्रात्मक शैलीको प्रयोग गरिनु कृतिको महत्वपूर्ण पक्ष हो । आकारका दृष्टिले कृति सानो देखिए तापनि यस भित्र लोकसाहित्यका विविध क्षेत्रलाई समेटिएको र लोकसाहित्यका विविध क्षेत्रका बारेमा व्याख्या विश्लेषण गरिएको हुनाले यो लोकसाहित्य क्षेत्रको एक उपयोगी कृति बन्न पुगेको छ ।

५.२.१३ नेपाली उपन्यासको इतिहास

१. परिचय

नेपाली उपन्यासको इतिहास खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित नेपाल प्रज्ञा प्रतिष्ठानको अनुसन्धान परियोजनाअन्तर्गत २०६९ सालमा प्रकाशित इतिहासमूलक समालोचनात्मक कृति हो । विभिन्न रङ्ग प्रयुक्त अमूर्त चित्रको गाताभित्र डिमाइ आकारको ४५७ पृष्ठमा संरचित यस कृतिमा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति वैरागी काइँलाको *कुलपतिको मन्तव्य* शीर्षकको भूमिका, त्यसपछि *प्रकाशकीय* शीर्षकअन्तर्गत उपकुलपति गङ्गाप्रसाद उप्रेतीको भूमिका र त्यसभन्दा पछि नेपाल प्रज्ञाप्रतिष्ठानका सदस्य भाउपन्थीको भूमिका रहेको छ । यो पुस्तक त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयको स्नातकोत्तर तहका पाठ्यक्रममा समावेश गरिएको छ । यस कृतिमा *सिद्धान्त खण्ड : उपन्यासको सैद्धान्तिक स्वरूप, इतिहास खण्ड : नेपाली उपन्यासको विकास प्रक्रिया, प्रवृत्ति खण्ड : आधुनिक नेपाली उपन्यासका प्रमुख धारागत प्रवृत्ति* र *परिशिष्ट खण्ड : नेपाली उपन्यासकारको वर्णानुक्रम* गरी चार खण्ड रहेका छन् ।

२. विषयवस्तु

पहिलो खण्ड *सिद्धान्त खण्ड : उपन्यासको सैद्धान्तिक स्वरूप*अन्तर्गतको पहिलो शीर्षक *उपन्यासको परिचय र परिभाषा* शीर्षकमा *उपन्यासको परिचय* र *उपन्यासको परिभाषा* गरी २ उपशीर्षक रहेका छन । यसमा उपन्यासको परिचय दिइ विभिन्न विद्धान्हरूका उपन्याससम्बन्धी परिभाषा प्रस्तुत गर्दै समग्रमा उपन्यासलाई गद्यात्मक भाषामा प्रस्तुत गरिएको बृहत् आख्यानात्मक साहित्यिक विधाका रूपमा चिनाइएको छ ।

दोस्रो शीर्षक *उपन्यासको वर्गीकरण*अन्तर्गत *विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण, धारा वा प्रवृत्तिका आधारमा उपन्यासको वर्गीकरण, प्रस्तुतिगत प्रधानताका आधारमा उपन्यासको वर्गीकरण, शैलीका आधारमा उपन्यासको वर्गीकरण, आयामका आधारमा उपन्यासको वर्गीकरण, परिणति वा प्रभावका आधारमा उपन्यासको वर्गीकरण* र *सङ्गठनका आधारमा उपन्यासको वर्गीकरण* गरी सात उपशीर्षक रहेका छन् । यी उपशीर्षकहरूलाई पनि अझ विभाजन गरी उपन्यासलाई वस्तुपरक, वैज्ञानिक र व्यवहारिक तरिकाले सूक्ष्म वर्गीकरण गरिएको छ ।

तेस्रो शीर्षक *उपन्यासका संरचक घटकहरू*अन्तर्गत *कथानक, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु* र *भाषाशैलीय विन्यास* गरी छ उपशीर्षक रहेका छन् । यसमा उपन्यास निर्माण गर्ने यी नै संरचक घटक वा तत्वहरूको बारेमा विभिन्न उपशीर्षकहरूको समेत प्रयोग गरी जानकारी गराइएको छ ।

चौथो शीर्षक *उपन्यास र अन्य विधाको तुलना*अन्तर्गत *उपन्यास र कथाको तुलना, उपन्यास र महाकाव्यको तुलना* र *उपन्यास र नाटकको तुलना* गरी तिन उपशीर्षक रहेका छन् । यस शीर्षकमा उपन्याससँग कथा, महाकाव्य र नाटकको तुलना गरी तिनीहरूका बीचमा पाइने समानता र भिन्नताहरू प्रस्तुत गरिएको छ ।

दोस्रो भाग *इतिहास खण्ड : नेपाली उपन्यास विकासप्रक्रिया*अर्न्तगतको पहिलो शीर्षक *नेपाली उपन्यासको काल विभाजन*अर्न्तगत नेपाली उपन्यास विकासको पृष्ठभूमिसँगै प्राथमिक (सुरुदेखि १९४५),

माध्यमिक काल (१९४६ देखि १९९०) र आधुनिक काल (१९९१ पछि) गरी उपन्यास इतिहासको विकासक्रम प्रस्तुत गरिएको छ ।

दोस्रो शीर्षक *नेपाली उपन्यासको प्राथमिक काल*अन्तर्गत *धार्मिक र पौराणिक धारा, नैतिक र औपदेशिक धारा, रोमान्समूलक धारा, ऐतिहासिक धारा* गरी ४ शीषक रहेका छन । यसमा शक्तिवल्लभ अर्याल, भानुदत्त, अज्ञात, सुन्दरानन्द वाँडा, भवानीदत्त पाण्डे आदिको परिचय दिँदै औपन्यासिक ढाँचाका केही कृतिको प्रस्तुतिसहित धार्मिक, नैतिक, औपदेशिक घटना र चरित्रको आधिक्यता रहनु र सबै रचना मौलिक नभएर अनुदित हुनुजस्ता यस कालका औपन्यासिक प्रवृत्तिको समेत चर्चा गरिएको छ ।

तेस्रो शीर्षक *नेपाली उपन्यासको माध्यमिक काल*अन्तर्गत *श्रृङ्गारिक धारा, मनोरञ्जनमूलक धारा, रहस्य-रोमान्समूलक धारा, धार्मिक-पौराणिक धारा, नैतिक-औपदेशिक धारा, सामाजिक धारा, ऐतिहासिक धारा* गरी सात उपशीर्षक रहेका छन् । यस शीर्षकमा माध्यमिक कालका उपन्यासकारहरू शिवदत्त शर्मा, सदाशिव शर्मा, गिरीशबल्लभ जोशी, विज्ञान विलास, पहलमानसिंह स्वाँर आदिका औपन्यासिक कृति र प्रवृत्तिहरूको जानकारीसहित मौलिक लेखनको थालनी, मनोरञ्जनात्मक आख्यानमूलक कृतिको आधिक्यता जस्ता माध्यमिककालीन औपन्यासिक प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ ।

चौथो शीर्षक नेपाली *उपन्यासको आधुनिक काल*अन्तर्गत *पहिलो चरण* (१९९१ देखि २०१५), *दोस्रो चरण* (२०१६ देखि २०२१), *तेस्रो चरण* (२०२१ देखि २०३६) र *चौथो चरण* (२०३६ देखि यता) गरी चार उपशीर्षकमा उपन्यासको आधुनिक कालका विभिन्न चरणहरूलाई प्रस्तुत गरिएको छ । पहिलो चरणका रुद्रराज पाण्डे, रूपनारायणसिंह, लैनसिंह बाङ्देल, दोस्रो चरणका गोविन्दबहादुर मल्ल 'गोठाले', दौलतविक्रम विष्ट, विजय मल्ल, तेस्रो चरणका इन्द्रबहादुर राई, पारिजात, ताना शर्मा तथा चौथो चरणका ध्रुवचन्द्र गौतम, मदनमणि दीक्षित, सरुभक्त आदि थुप्रै उपन्यासकारका औपन्यासिक कृति, प्रवृत्तिका साथै प्रत्येक चरणका विशेषता प्रस्तुत गरिएको छ ।

तेस्रो भाग *: आधुनिक नेपाली उपन्यासका प्रमुख धारागत प्रवृत्ति*अन्तर्गतको पहिलो शीर्षक *आधुनिक नेपाली उपन्यासका प्रमुख धारा*अन्तर्गत आधुनिक नेपाली उपन्यासमा देखापरेका यथार्थवादी, स्वच्छन्दतावादी र प्रयोगवादी धाराबारे जानकारी गराइएको छ ।

दोस्रो शीर्षक *आधुनिक नेपाली उपन्यासको यथार्थवादी धारा*अन्तर्गत *आदर्शोन्मुख यथार्थवादी धारा,* ऐतिहासिक *यथार्थवादी धारा, सामाजिक यथार्थवादी धारा, आलोचनात्मक यथार्थवादी धारा, समाजवादी यथार्थवादी /प्रगतिवादी धारा, मनोविश्लेषणात्मक यथार्थवादी धारा* गरी विभिन्न धाराका प्रतिनिधि उपन्यास र उपन्यासकारको विवरणसहित धारागत विशेषता प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक *आधुनिक नेपाली उपन्यासको स्वच्छन्दतावादी धारा*अन्तर्गत स्वच्छन्दतावादी धाराका विशेषताहरू प्रस्तुत गर्दै यस धाराका केही प्रतिनिधि उपन्यास र उपन्यासकारहरूको विवरण प्रस्तुत गरिएको छ ।

चौथो शीर्षक *आधुनिक नेपाली उपन्यासको प्रयोगवादी धारा*अन्तर्गत *अस्तित्ववादी-विसङ्गतिवादी* र *नारीवादी* धारा गरी दुई उपशीर्षक रहेका छन् । यसमा *अस्तित्ववादी-विसङ्गतिवादी* र *नारीवादी* धाराको परिचयसहित र मान्यताहरू प्रस्तुत गर्दै उक्त धाराहरूका केही प्रतिनिधि उपन्यास र उपन्यासकारहरूको बारेमा चर्चा गरिएको छ ।

पाँचौं शीर्षक *उपसंहार तथा निष्कर्ष* रहेको छ । यस शीर्षकमा कृतिमा प्रस्तुत भएको सम्पूर्ण विषयवस्तुलाई सारमा प्रस्तुत गरिएको छ ।

चौथो भाग *परिशिष्ट खण्ड : नेपाली उपन्यासकारको वर्णानुक्रमसूची*अन्तर्गत पहिलो शीर्षक नेपाली उपन्यासकारको वर्णानुक्रमसूची रहेको छ । यसमा अहिलेसम्मका प्रायः सम्पूर्ण उपन्यासकारहरूलाई वर्णानुक्रममा प्रस्तुत गरी तिनका उपन्यासको विवरण प्रस्तुत गरिएको छ । त्यसभन्दापछि सन्दर्भसामग्रीसूची दिइएको छ ।

३. भाषाशैली

नेपाली उपन्यासको इतिहास उपन्यास विधाको इतिहाससँग सम्बन्धित इतिहासमूलक ग्रन्थ हो । सरल, स्पष्ट र मानक भाषाको प्रयोग पाइने यस कृतिमा वस्तुगत, वैज्ञानिक संरचनावादी शैलीको प्रयोग गरिएको छ । बुँदा र सूत्रात्मक शैली अँगालिएको यस कृतिको भाषा समग्रमा परिष्कृत र सरल रहेको छ ।

४. निष्कर्ष

नेपाली साहित्यमा विधागत इतिहास लेखनको कार्यको अभाव भइरहेको समयमा प्रकाशित प्रस्तुत **नेपाली उपन्यासको इतिहास** नामक कृति यस क्षेत्रको एक महत्वपूर्ण कृति बन्न पुगेको छ । "प्रस्तुत कृतिले नेपाली उपन्यासमा पाइने प्रवृत्ति, वाद, संरचना र शैलीहरूका साथै कृतिगत महत्वको पनि विश्लेषणात्मक प्रस्तुति गरेको छ । यसले नेपाली उपन्यास लेखनमा लागेकाहरू र लाग्न चाहनेहरूका लागि उपन्यास सिद्धान्तको विस्तृत विवेचना उपलब्ध गराएको छ र उपन्यासका प्रकार, भेद र संरचनाको विषय अवगत गराउने उपयोगी सिद्धान्तको समावेश गरेर एक गुनिलो कार्य पनि गरेको छ ।"[३२१] यस पुस्तकमा सम्बन्धमा लक्ष्मणप्रसाद गौतमको निम्नलिखित भनाइ विशेष उल्लेखनीय रहेको छ : [३२२]

> नेपाली उपन्यासको अद्यावधिक सूचना र प्रतिनिधि उपन्यासकारका प्रवृत्ति र कृतित्वको विवेचना गरिएको **नेपाली उपन्यासको इतिहास** ग्रन्थ नेपाली उपन्यासको अध्ययन परम्परामा पृथक् पहिचान बोकेको व्यवस्थित अनुसन्धान हुनपुगेको छ । उपन्यासकार र तिनका कृतिमाथिका पूर्वाध्ययनका टिप्पणीहरूसमेतको प्रयोग, सन्दर्भग्रन्थहरूको उपयोग र वस्तुगत तथा स्पष्ट दृष्टिकोणका कारण यस ग्रन्थलाई नेपाली समालोचनाका क्षेत्रमा उल्लेखनीय कृतिका रूपमा लिन

---

३२१. गङ्गाप्रसाद उप्रेती, *प्रकाशकीय*, **नेपाली उपन्यासको इतिहास**, (काठमाडौं : ने.प्र.प्र., २०६९) ।

३२२. लक्ष्मणप्रसाद गौतम, *विधा साहित्येतिहास लेखनमा व्यवस्थित कृति*, (मधुपर्क, ४५/१०, २०६९ फागुन), पृ. ५६-५७ ।

सकिन्छ भन्ने कुरा यसमा विवेच्य विषयले नै स्पष्ट पारेको छ । नेपाली उपन्यासका क्षेत्रको अद्यावधिक सूचना सम्प्रेषण र त्यसको विश्वसनीयताका दृष्टिले पनि यो ग्रन्थ उल्लेखनीय देखिन्छ । ... खण्डगत सामग्रीहरूको विन्यास, स्पष्ट दृष्टिकोण र वस्तुगत भाषाका कारण यो ग्रन्थ व्यवस्थित अध्ययनको नमुना बनेको छ । साहित्येतिहास लेखनका विधि र पद्धतिमा आधारित भएर लेखिएकाले यो ग्रन्थ विश्वसनीय बनेको छ । उपन्यास सिद्धान्त र इतिहास दुवैलाई समेटेर वस्तुनिष्ठ ढङ्गले लेखिएको यो नै नेपालीको पहिलो महत्वपूर्ण कृति हो ।

"विदेशमा बसेर सिर्जनरत नेपाली लेखकहरूका औपन्यासिक कृतिहरूलाई पनि उपलब्ध भएसम्म समावेश गर्ने प्रशंसनीय कार्य यस ग्रन्थमा भएको छ । यस ग्रन्थमा नेपाली उपन्यासको इतिहास लेखन मात्र नभएर उपन्यासका सन्दर्भात्मक र व्याख्यात्मक सिद्धान्तहरू विश्व उपन्यासको दृष्टान्तसहित समावेश गरिएका छन् । यस ग्रन्थको उपन्यास सिद्धान्त खण्डले उपन्यास विवेचना, लेखनका भिन्नभिन्न स्वरूप र संरचनागत विशेषताको विस्तृत जानकारी गराउँछ । यस ग्रन्थको अध्ययनले उपन्यास विवेचना र लेखनका क्षेत्रमा लाग्ने जोसुकैलाई उपन्यासका आवश्यक अवयव र त्यसको आङ्गिक संरचना बुझ्न सहयोग पुग्ने देखिन्छ ।"[३२३] "उपन्यासको मानक सिद्धान्तका आधारमा नेपाली उपन्यासको इतिहासलाई लिपिबद्ध गरिएको यस कृतिमा सुरुदेखि हालसम्मको नेपाली उपन्यासको विशद् विवेचन र मूल्याङ्कन गरिएको छ । उपन्यास विधाको सैद्धान्तिक स्पष्टता, ऐतिहासिक प्रामाणिकता तथा कृतिको विवेचनाको स्वरूप यसमा पाइन्छ । पूर्णतः शोधविधिको अवलम्वन गरिएको प्रस्तुत कृतिमा आधिकारिक, प्रामाणिक, वैज्ञानिक एवं वस्तुनिष्ठ सामग्रीको प्रयोग गरिएको छ ।" [३२४] "यस कृतिले उपन्यासको साङ्गोपाङ्गो अवस्थालाई समेटेको छ ।" [३२५] "शीर्षकअनुसार यस कृतिमा नेपाली इतिहासको इतिवृत्त मात्र नभएर उपन्यासको वैश्विक सिद्धान्तसमेत समेटिएको छ । अहिलेसम्म ज्ञात उपन्यासकारहरू र तिनको उल्लेखले परिशिष्ट खण्ड लोभलाग्दो बनेको छ ।"[३२६] "केही महत्वपूर्ण उपन्यासकार र उपन्यासको नाम छुट्न गए तापनि पुस्तक सङ्ग्रहणीय छ ।"[३२७] उपन्यास सिद्धान्त र नेपाली उपन्यासको इतिहास लेखनका क्षेत्रमा अहिलेसम्म लेखिएकामध्ये यो कृति सर्वाधिक महत्वपूर्ण रहेको छ ।

उपन्यासको विधा सिद्धान्त र नेपाली उपन्यासको इतिहासमा केन्द्रित यस कृतिमा उपन्यासको सैद्धान्तिक स्वरूप, विकास प्रक्रिया र आधुनिक नेपाली उपन्यासका प्रमुख धारागत प्रवृत्तिहरू बारे चर्चा गरिएको छ । प्रत्येक शीर्षकको अन्त्यमा उपसंहार प्रस्तुत गरिएको छ । नेपालीमा लेखिएका विभिन्न ठाउँबाट प्रकाशित उपन्यासहरूलाई समेटिएको यस कृतिको परिशिष्ट खण्डमा विभिन्न उपन्यासकारहरूलाई

---

३२३. भाउपन्थी, *मन्तव्य,* ऐजन ।

३२४. गिरिराज न्यौपाने, *पठनीय कृति : नेपाली उपन्यासको इतिहास,* **नवप्रज्ञापन**, (पू. ६१, २०७० साउन-असोज), पृ. ६०-६१ ।

३२५. *उपन्यास इतिवृत्त,* **अन्नपूर्ण पोष्ट**, (२०६९ असोज २७), पृ. २ ।

३२६. पारस नेपाल, *आलोच्य उपलब्धि,* **कान्तिपुर** (२०६७ साउन २०) पृ. च ।

३२७. *नछुट्नुपर्ने छुटेका छन्,* **कान्तिपुर**, (२०६९ असार ७), पृ. १२ ।

वर्णानुक्रमसूचीमा राखी तिनीहरूका उपन्यासको विवरण प्रस्तुत गरिएको छ, जसबाट उपन्यासकारको नाम खोज्न सजिलो हुनका साथै लेखनको आधिकारिकता समेत पुष्टि भएको छ । समग्रमा यो कृति उपन्यास विधाको इतिहास अध्ययन गर्नेहरूका लागि सन्दर्भस्रोतका रूपमा रहनाका साथै यस क्षेत्रका अध्येताहरूका लागि अत्यन्त उपयोगी रहेको छ ।

५.३ फुटकर समालोचनाहरूको परिचयात्मक अध्ययन

खगेन्द्रप्रसाद लुइटेलका विभिन्न तहका पाठ्यपुस्तक, समालोचनात्मक तथा सम्पादित कृतिहरूका साथै विभिन्न पत्रपत्रिकाहरूमा दुई सयभन्दा बढी समालोचनात्मक लेखहरू प्रकाशित भएका छन् । ती फुटकर समालोचनाहरू साहित्यका विविध विधा, व्यक्ति, डायस्पोरा, इतिहास, सिद्धान्त आदि विविध क्षेत्रसँग सम्बन्धित रहेका छन् । यस शीर्षकमा विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका लुइटेलका फुटकर समालोचनात्मक लेखहरूलाई विषयवस्तुअनुरूप विभिन्न शीर्षकमा छुट्ट्याएर विभाजन गरी सङ्ख्याका आधारमा क्रमशः ती लेखहरूको सङ्क्षेपमा परिचयात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

५.३.१ कविता विधासँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका कविता विधासँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
१३०. *क्षेत्रप्रताप अधिकारी : जीवनवृत्त र कवित्वका आलोकमा*	**गरिमा**, (११/३, २०४९ फागुन), पृ. ६८-७२ ।
१३१. *नेपाली गद्यकवितामा भाषिक लयविधान*	**प्रज्ञा**, (२२/७८, २०५० असार-असोज), पृ. १३४-१४५ ।
१३२. *क्षेत्रप्रताप अधिकारीका काव्यप्रवृत्तिको विश्लेषण*	**प्रक्रिया**, (९/१५, सन् १९९५), पृ. ९६-११५ ।
१३३. *क्षेत्रप्रताप अधिकारीको कवितायात्रा*	**मिर्मिरे**, (२४/६, २०५२ असोज), पृ. ७५-८९ ।
१३४. *साहित्यकार बालकृष्ण सम र उनको इच्छा कविता*	**रजनी**, (१/१, २०५२ पुस), पृ. ५२-५३ ।
१३५. *माध्यमिक कालीन कविता सँगालो : जोगमण्डलीका कवि र कविता*	**समकालीन साहित्य**, (६/४, २०५३ कात्तिक-पुस), पृ. १२२-१३२ ।
१३६. *क्षेत्रप्रताप अधिकारीका कवितामा वस्तुविधान*	**गरिमा**, (१६/११, २०५५ कात्तिक), पृ. ६९-७२ ।
१३७. *मोहनहिमांशु थापाको कविताशिल्प*	**गवेषण**, (१/१, २०५६ कात्तिक), पृ. ६२-६६ ।
१३८. *बालकृष्ण सम : इच्छा कविताका सन्दर्भमा*	**रजनीमाला** (पुस्तक), २०५६, पृ. ३५-४० ।
१३९. ***हिमालमाथि आलेख**मा आलेखित देशभक्ति*	**समष्टि**, (२०/६, २०५७ जेठ-असार), पृ. १२-२२ ।
१४०. *आशिष कविताको संरचनावादी विश्लेषण*	**जुही**, (२०/१, २०५७-२०५८ चैत-जेठ), पृ. ७७-८१ ।
१४१. *मेरो चोक प्रगीतात्मक कविताको संरचनात्मक विश्लेषण*	**जनमत**, (१९/१०-११, २०५९ मंसिर), पृ. ५-१३ ।
१४२. *कवितामा विम्ब र विम्बविधान*	**प्रज्ञा**, पूर्णाङ्क (९७, २०५९ चैत), पृ. १३१-१३९ ।

१४३. *मुनामदन : वस्तुवादी विश्लेषणको निष्कर्ष*	**कुञ्जिनी**, (११/८, २०६०), पृ. ६८-७४ ।
१४४. *कृष्ण जोशीको कवित्वशक्ति*	**अन्नपूर्ण पोष्ट**, (३/१००, २०६१ साउन २३), पृ. ७ ।
१४५. *मुनामदनमा लयविधानको वस्तुगत स्थिति*	**कुञ्जिनी**, (१२/९, २०६१-२०६२), पृ. ३७-४१ ।
१४६. *एक्काईसौं शताब्दीका कविता एक्काईसौं शताब्दीजस्तै* १४७. *हुनुपर्छ*	**अक्षर**, (२/१, २०६२ भदौ-मङ्सिर), पृ. १-१० ।
१४८. *बहादुरसिंह बरालका रचनाको संरचना विश्लेषण*	**गरिमा**, (२४/२, २०६२ माघ), पृ. ४३-५३ ।
१४९. *आरआर चौलागाईंको कविता सिर्जनधर्मिता*	**शब्ददूत**, (२-३/४-५, २०६२ कात्तिक-२०६३ आश्विन), पृ. ४३-४९ ।
१५०. *विश्वविमोहन श्रेष्ठको कवित्व*	**गरिमा**, (२४/८, २०६३ साउन), पृ. ५३-६० ।
१५१. *मुनामदनमा लयविधानको वास्तविक स्थिति*	**गरिमा**, (२४/११, २०६३ कात्तिक), पृ. ५५-६४ ।
१५२. *बर्बरहरू कविता बुभ्दैनन् को संरचना विश्लेषण*	**स्रष्टा नरेन्द्रराज पौडेल द्रष्टाहरूका आँखामा** (२०६३), पृ. २५-४१ ।
१५३. *युगकविको सम्झनामा*	**गोरखापत्र**, (२०६४ जेठ ९), पृ. ६ ।
१५४. *सिद्धिचरण श्रेष्ठका काव्यप्रवृत्ति*	**स्मारिका** (जनक शिक्षा सामग्री केन्द्र), (२६/३०, २०६४ असोज), पृ. १७-२२ ।
१५५. *कृष्णप्रसाद पराजुलीको कवित्व*	**कृष्णप्रसाद पराजुली साहित्य र साधना** (२०६६), पृ.४१७-४३५ ।
१५६. *पुरानो र नयाँ मुनामदनको तुलनात्मक अध्ययन*	**अक्षर**, (६/२, २०६६ साउन-असोज), पृ. १२-१७ ।
१५७. *मुनामदनमा भोटे र गुन्डाको सहभागिता*	**समष्टि**, (३०/२, २०६६, असोज-कात्तिक), पृ. ३७-४० ।
१५८. *मुनामदनको भाषाशैलीय विन्यास*	**बगर**, (२८/८२, २०६६, असोज-मङसिर), पृ. ५१-५५ ।
१५९. *देवकोटाकी मुनाको चारित्रिक प्रकार र अभिलक्षण*	**शब्दयात्रा**, (१/१, २०६६, कात्तिक) पृ. ४९-५२ ।
१६०. *पहाडी पुकारमा प्रगतिवादी क्रान्ति चेत*	**गरिमा**, (२७/११ २०६६, कात्तिक), पृ. ६१-६५ ।
१६१. *कुञ्जिनीको संरचना विश्लेषण*	**भृकुटी**, (पूर्णाङ्क ५, २०६६, कात्तिक-पुस), पृ. ७०-८३ ।
१६२. *सरुभक्तको काव्यसिर्जनधर्मिता*	**प्रज्ञा**, (४०/१०२, २०६६ कार्तिक-चैत), पृ. २८-४० ।
१६३. *नेपाली कविताका प्रमुख प्रवृत्ति (कोरियाली भाषामा)*	**मुनहाकसन** (२०६६, नेपाली काव्य विशेषाङ्क, कोरिया), पृ. १५६-१७२ ।
१६४. *मुनामदनमा लयविधान*	**मुनामदन समालोचना** (२०६६), पृ. १२३-१२७ ।
१६५. *भीष्म उप्रेतीको कविता शिल्प*	**गरिमा**, (२८/५, २०६७ वैशाख), पृ. ६३-६९ ।
१६६. *नेपाली कविताका प्रवृत्ति*	**कविता**, (८८, २०६७ जेठ-भदौ), पृ. ११५-१३७ ।
१६७. *लोकगीतको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/८, २०६७ साउन), पृ. ३९-४३ ।
१६८. *गीतको सैद्धान्तिक स्वरूप*	**प्रहरी**, (५२/३, २०६७ भदौ), पृ. ९-१४ ।
१६९. *गोपीनारायण प्रधानको 'विश्वासघात' कविताको विश्लेषण*	**भानु**, (४८/१३४, २०६७ भदौ), पृ. १४-२१ ।
१७०. *लेखनाथ पौड्यालको तरुण तपसी काव्यको विश्लेषण*	**शब्दसंयोजन**, (७/५, २०६७ भदौ), पृ. २५-३४ ।
१७१. *गजलको सैद्धान्तिक स्वरूप*	**अभिव्यक्ति**, (४१/१४९, २०६७ भदौ-असोज),

	पृ. १७-२२ ।
१७२. *भारतीय नेपाली कवि पुष्पलाल उपाध्याय र 'बिचरा' कविता*	**रचना**, (५०/१०८, २०६७ भदौ-असोज), पृ. ३६-४२ ।
१७३. *नेपाली प्रथम कवि सुवानन्द दासको कवित्व*	**प्रज्ञा**, (४०/१०३, २०६७ वैशाख-असोज), पृ. ४८-५५ ।
१७४. *ज्ञानुवाकर पौडेलको गजलगत प्रवृत्ति र 'ओइली झरेछ फूल' गजलको विश्लेषण*	**अभिव्यक्ति**, (४१/१५०, २०६७ कात्तिक-मङ्सिर), पृ. ८७-९० ।
१७५. *रत्नशमशेर थापाका गीति प्रवृत्ति र आँखैमा रात गली गीतको विश्लेषण*	**गरिमा**, (२९/१, २०६७ पुस), पृ. ७०-७३ ।
१७६. *भारतीय नेपाली कवि नव सापकोटाको 'मदिरा होइन मेरो पसिना' कविताको विश्लेषण*	**मिमिरे**, (३९/१२, २०६७ चैत), पृ. ९३-९९ ।
१७७. *भानुभक्तीय रामायणको संरचना विश्लेषण*	**दीपशिखा**, (२१/१३, २०६७), पृ. ७-१७ ।
१७८. *वैरागी काइँलाको कविताशिल्प*	**मनोभाव**, (१७/४२, २०६८ असोज), पृ. १४७-१६२ ।
१७९. *पुरानो र नयाँ मुनामदनको तुलनात्मक अध्ययन*	**हेटौडा टुडे**, (२०६८ कात्तिक ५), पृ. ३ ।
१८०. *सेलाएको घाम : एक मन्थन*	**हिमालय टाइम्स**, (२०६८ मङ्सिर २४), पृ. ६ ।
१८१. *समकालीन नेपाली कविताका प्रवृत्ति*	**हाम्रो ध्वनि**, (४१/४, २०६८ माघ-फागुन), पृ. २-५ ।
१८२. *तुलसी अपतनको कर्णकुन्ती काव्यको संरचना विश्लेषण*	**बिन्दु**, (५०-५१/११८-२१, सन् २०११-२०१२ मे-मार्च),पृ.६६-७९ ।
१८३. *भूपि शेरचनको 'हामी' कविताको संरचना विश्लेषण*	**भुजङ्ग**, (१६/१६, २०६८ माघ), पृ. ९-१३ ।
१८४. *युगकविका तीन चरण*	**कान्तिपुर**, (२०६९ वैशाख ९), पृ. ७ ।
१८५. *देवकोटाका काव्यकृतिमा सांस्कृतिक चेतना*	**महाकवि देवकोटा व्याख्यानमाला** (२०६९), पृ. १२७-१५९ ।
१८६. *हरिभक्त कटुवालको 'यो जिन्दगी खै के जिन्दगी' कविताको विश्लेषण*	**बिन्दु**, (५१/१२२-१२३, २०१२-२०१३ अक्टोबर-मार्च), पृ. २-९
१८७. *देवकोटाका काव्यकृतिमा सांस्कृतिक चेतना*	**अन्वेषण**, (४/३, २०६९-२०७० वैशाख), पृ. २९-४७ ।
१८८. *नेपालीका विशिष्ट कवि वसन्त शर्मा लुइटेल*	**लुइटेल कल्प**, (१/१, २०७० वैशाख), पृ. ३३-३९ ।
१८९. *नेपालीको विशिष्ट आख्यानात्मक काव्य श्रीकृष्णचरित्र*	**अन्तर्दृष्टि**, (२०/३, २०७० फागुन), पृ. २४-३८ ।
१९०. *वानीरा गिरीको कविताशिल्प : जीवन थाय्मरूका सन्दर्भमा*	**वनिता**, (१५/५५, २०७०-२०७१ चैत-जेठ, पृ. ५५-६३ ।
१९१. *नेपाली साहित्यमा भानुभक्त आचार्यको योगदान*	**सिर्जना**, (६/१७, २०७१ वैशाख-असार), पृ. २०-३१ ।
१९२. *वानीरा गिरीको जीवन थाय्मरू*	**वानीरा गिरीको कृति स्तम्भ** (२०७१), पृ. ६१-७३ ।
१९३. *सिद्धिचरण श्रेष्ठको कवित्व*	**वाङ्मय**, (१५/१५, २०७१), पृ. ३४-४६ ।
१९४. *एकाउन्न पुकारभित्र कञ्चन पुडासैनीको कवित्व*	**केही सृजन केही समीक्षा** (२०७१), पृ. १५०-१५८ ।

क्षेत्रप्रताप अधिकारी : जीवनवृत्त र कवित्वका आलोकमा शीर्षक लेखमा वि.सं. १९९९ मा जन्मिएका कवि क्षेत्रप्रतापको परिचय प्रस्तुत गरी उनका प्रकाशित कृति र कृतिगत विशेषताबारे जानकारी गराउँदै अधिकारीलाई स्वच्छन्दतावादी कवि तथा गीतकारको रूपमा चिनाइएको छ ।

क्षेत्रप्रताप अधिकारीका काव्यप्रवृत्तिको विश्लेषण शीर्षक लेखमा क्षेत्रप्रताप अधिकारीका प्रकाशित कृतिहरूको विवरणसहित सङ्क्षिप्त परिचय दिई अधिकारीलाई स्वच्छन्दतावादी कविका रूपमा चिनाउँदै उनका काव्यप्रवृत्तिलाई विभिन्न कविताहरूको उदाहरणसहित प्रस्तुत गरिएको छ ।

क्षेत्रप्रताप अधिकारीको कविता यात्रा शीर्षक लेखमा क्षेत्रप्रताप अधिकारीको परिचय प्रस्तुत गर्दै उनको काव्ययात्रालाई तिन चरणमा विभाजन गरिएको छ । विभाजित प्रत्येक चरणका चरणगत विशेषताहरू प्रस्तुत गरी केही प्रकाशित उनका केही काव्य कृतिहरूको विश्लेषण गरिएको छ र उनलाई मूलतः काव्यकार र गीतकारका रूपमा चिनाइएको छ ।

साहित्यकार बालकृष्ण सम र उनको इच्छा कविता नामक लेखमा बालकृष्ण समको परिचयसहित उनका प्रकाशित कृतिहरू नाटक, एकाङ्की, कविता, प्रबन्धहरूको विवरण प्रस्तुत गरिएको छ । यसमा देशभक्ति र ईश्वरभक्ति प्रस्तुत भएको *इच्छा* कविताको विभिन्न कोणबाट विश्लेषण गरिएको छ ।

माध्यमिक कविता सँगालो : जोगमण्डलीका कवि र कविता शीर्षक लेखमा मोतीराम भट्ट वनारस बस्दा भारतेन्दु हरिश्चन्द्रबाट प्रभावित भई निर्माण गरिएको मोतीमण्डलीको परिचय प्रस्तुत गर्दै जोगबीर सिंहको नेतृत्वमा निर्माण भएको जोगमण्डलीको चर्चा गर्दै शरदचन्द्र शर्माद्वारा सम्पादित **जोगमण्डलीका कवि र कविता** नामक कृतिमा भएका केही उल्लेखनीय भनाइहरूसहित संरचना, विषयवस्तु, बिम्ब, प्रतीक, भाषाशैली आदि विभिन्न कोणबाट कृतिको विश्लेषण गरिएको छ ।

क्षेत्रप्रताप अधिकारीका कवितामा वस्तुविधान शीर्षक लेखमा *जानुभयो देवकोटा नेपालीलाई टुहुरो पारेर* नामक पर्चा गीतबाट कवितायात्रा प्रारम्भ गरेका क्षेत्रप्रताप अधिकारीका काव्यप्रवृत्तिहरू प्रस्तुत गरिएको छ । यसमा राष्ट्रियता र देशप्रेम, युगीन यथार्थ, गाउँप्रति आकर्षण, विश्वशान्ति र विश्वबन्धुत्व, राजसत्ताको महिमा, प्रकृति चित्रण, सामाजिक, आर्थिक असमानताको चित्रण आदि प्रवृत्तिहरू उनका काव्यमा पाइने कुरा उल्लेख गरिएको छ ।

मोहनहिमांशु थापाको कविताशिल्प शीर्षकमा कयौँ गीतको लहर छुट्यो नामक कविताबाट २०११ सालमा कविता क्षेत्रबाट साहित्यमा प्रवेश गरेका मोहनहिमांशु थापाका प्रकाशित कृति र प्राप्त पुरस्कारहरूको विवरण प्रस्तुत गरिएको छ । थापाका प्रमुख काव्यगत प्रवृत्तिहरूमा प्रयोगशीलता, राष्ट्र, राष्ट्रियता र देशप्रेम, प्रकृति चित्रण, प्रतीकात्मकता, अमूर्तता, बिम्ब र प्रतीकको प्रयोग आदिको चर्चा गरिएको छ ।

बालकृष्ण सम : इच्छा कविताका सन्दर्भमा शीर्षक लेखमा बालकृष्ण समको परिचय प्रस्तुत गर्दै उनको संलग्नता, प्राप्त पुरस्कार र प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गरिएको छ । समका काव्यगत प्रवृत्तिहरूको चर्चा गर्दै **इच्छा** कवितालाई देशभक्ति र ईश्वरभक्तिमा केन्द्रित कविताका रूपमा चिनाइएको छ ।

हिमालमाथि आलेख*मा आलेखित देशभक्ति* शीर्षक लेखमा २००४ सालमा जन्मिएका र चरित्र रक्षा शीर्षकको लेखबाट साहित्ययात्रा प्रारम्भ गरेका गोपाल पराजुलीका प्रकाशित कृतिको बारेमा जानकारी गराउँदै प्रजातन्त्र अघि, प्रजातन्त्र र प्रजातन्त्रपछि गरी तिन सर्गमा संरचित *हिमालमाथि आलेख* कविताको विभिन्न

कोणबाट विश्लेषण गरिएको छ र यस कवितामा देशभक्ति, मानवतावादी, सहरीया परिवेशको चित्रण, अमूर्त चेतन प्रवाहशैली जस्ता काव्यात्मक विशेषताहरू पाइने कुराको समेत उल्लेख गरिएको छ ।

मुनामदन : वस्तुवादी विश्लेषणको निष्कर्ष शीर्षक लेखमा विभिन्न तCवहरूका आधारमा मुनामदन खण्डकाव्यको संरचनावादी कोणबाट विश्लेषण गरिएको छ ।

कृष्ण जोशीको कवित्वशक्ति शीर्षक लेखमा वि.सं. १९९६ मा भोजपुरमा जन्मिएका कृष्ण जोशीको लेखनी मूलत : उपन्यास र कवितामा केन्द्रित भएको जानकारी गराउँदै उनका प्रकाशित उपन्यास र कविता सङ्ग्रहहरू प्रस्तुत गरिएको छ । मानव जीवनका दैनन्दिन घटना तथा जीवन भोगाइका उतार चढावहरूको मार्मिक प्रस्तुति पाइने उनका कविताहरूमा मान्छेको चरित्रको कतै महिमागान र कतै आक्रोस व्यक्त गर्दै मान्छेलाई बिगार्ने र सपार्ने ईश्वर नभएर मान्छे स्वयम् भएको कुरासँगै जीवनका विविध सन्दर्भ र प्रसङ्गलाई कवितात्मक बान्कीमा ढाल्ने उनको निजी पहिचान रहेको कुरा प्रस्तुत गरिएको छ ।

मुनामदनमा लयविधानको वस्तुगत स्थिति शीर्षक समालोचना **गरिमा** (२४/११, २०६३ कार्तिक) मा पनि प्रकाशित छ । यस लेखमा **मुनामदन** कृतिको परिचय दिँदै **मुनामदन**मा प्रयुक्त विभिन्न पङ्क्तिहरूको प्रस्तुति सहित भ्याउरे लोकलयमा रहेको मुनामदन कृतिको विश्लेषण गरिएको छ । थपेका र दोहोरिएका पङ्क्तिहरूसहित भएका र हुनुपर्ने पङ्क्तिको बारेमा पनि जानकारी गराइएको छ ।

एक्काईसौं शताब्दीका कविता एक्काईसौं शताब्दीजस्तै हुनुपर्छ शीर्षक लेखमा एक्काइसौं शताब्दीको बारेमा पूर्वीय र पाश्चात्य सन्दर्भसहित सामान्य परिचय दिइ उत्तर आधुनिकतासम्बन्धी दृष्टिकोण प्रस्तुत गर्दै उत्तर आधुनिकताका परिचायक अभिलक्षणहरूको बारेमा चर्चा गरिएको छ । नेपाली साहित्यका सन्दर्भमा उत्तरआधुनिकताको अवस्था प्रस्तुत गर्दै समय र प्रवृत्तिसँगै कविता मात्र हैन समग्र साहित्य नै एक्काइसौं शताब्दी अनुरूप नै हुनुपर्ने कुरा प्रस्तुत गरिएको छ ।

विश्वविमोहन श्रेष्ठको कवित्व शीर्षक लेखमा २०१३ सालमा जन्मिएका श्रेष्ठको परिचय प्रस्तुत गर्दै उनका तिनवटा कविता सङ्ग्रहको परिदृष्यमा रहेर काव्यात्मक प्रवृत्तिहरूको विश्लेषण गरिएको छ । श्रेष्ठका कवितामा प्रकृतिका सौम्य, शान्त र रमणीय मात्र नभई विकराल अवस्थाको समेत चित्रण, आशावादी र जीवनवादी स्वर, राष्ट्र, प्रकृति र मानवीय प्रेम, यथार्थ प्रस्तुति अभिव्यक्त भएको पाइने कुरा प्रस्तुत गरिएको छ ।

सिद्धिचरण श्रेष्ठका काव्यप्रवृत्ति शीर्षक लेखमा सिद्धिचरण श्रेष्ठको जीवनमा घटेका केही घटनाहरूको प्रस्तुतिसहित उनका प्रकाशित कृति र प्राप्त पुरस्कारहरूको बारेमा जानकारी गराइएको छ । प्रगीतात्मक र आख्यानात्मक सिर्जना, नैतिक आदर्श र मर्यादा संरक्षणमा जोड, शोषण विरुद्धको आवाज, राष्ट्रप्रेमको भावना, स्वच्छन्दतावादी, प्रकृतिप्रेम जस्ता श्रेष्ठका काव्यगत प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ ।

पुरानो र नयाँ मुनामदनको तुलनात्मक अध्ययन शीर्षक लेख **हेटौडा टुडे** (२०६८ कात्तिक) मा पनि प्रकाशित छ । लेखमा वि.सं. १९९२, २००९, २०१५ सालमा प्रकाशित **मुनामदन** र २०५२ सालमा साझा

प्रकाशनबाट प्रकाशित **मुनामदन**बीच तुलना गरिएको छ । यसमा मदन भोट जानेबेलाको मुनामदन बीचको वार्तासँगै मदनले कसरी पैसा कमायो भन्नेसम्मका घटनाहरूका बीचमा थुप्रै पंक्तिहरू थपिएको कुरा प्रस्तुत गरिएको छ । यसका साथै नैनीलाई सत्मार्गतर्फ प्रेरित गराउनको लागि पनि विभिन्न पंक्तिहरू थपिएको कुरा प्रस्तुत गर्दै केही थप पङ्क्तिहरूले नवसूचना प्रदान गर्ने भन्दा पङ्क्ति विस्तार मात्र गरेको हुँदा नयाँ बनाइएको मुनामदन भन्दा पहिले कै मुनामदन तुलनात्मक दृष्टिले विशिष्ट लयात्मक रहेको कुरा प्रस्तुत गरिएको छ ।

मुनामदनमा भोटे र गुन्डाको सहभागिता शीर्षक लेखमा भोटे र गुण्डाको सहभागितालाई प्रस्तुत गरी दुई भिन्न वर्गका बीचको व्यवहारलाई प्रस्तुत गरिएको छ ।

मुनामदनमा लयविधानको वास्तविक स्थिति शीर्षक लेख *मुनामदनमा लयविधानको वस्तुगत स्थिति* (**कुञ्जिनी**, १२/९, २०६१-२०६२) शीर्षकको लेखसँगै सम्बन्धित रहेको छ । यी दुई लेखबीच शीर्षकमा मात्र केही भिन्नता रहेको छ ।

मुनामदनको भाषाशैलीय विन्यास शीर्षक लेखमा प्रमुख सङ्केतक र सङ्केतिक, छन्द र लयविधान, अलङ्कार विधान शीर्षकमा रहेर विश्लेषण गर्दै सम र विषम पङ्क्तिमा पाइने आनुप्रासिक संयोजनका कारण गेयात्मक बन्न पुगेको प्रस्तुत काव्यमा कतिपय ठाउँमा जबर्जस्ती अनुप्रास मिलाइएको भए तापनि सहज पठनीय रहेको कुरा उल्लेख गरिएको छ । त्यसपछि प्रचलित र कम प्रचलित शब्दहरूको प्रयोग रहेको भ्याउरे छन्दमा संरचित यस काव्यमा उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त, व्यतिरेक आदि विभिन्न अलङ्कारको प्रयोग रहेको कुरा प्रस्तुत गरिएको छ ।

देवकोटाकी मुनाको चारित्रिक प्रकार र अभिलक्षण शीर्षक लेखमा मुनालाई सुन्दरता, अभौतिकतावादी, आदर्शवादी, धार्मिक, प्रेरणादायी धीर चरित्र, पतिव्रता, भावुक चरित्रका रूपमा प्रस्तुत गर्दै मुनालाई धनको आवश्यकता वोध भएकी तथा धनको पुरै विपक्षमा भने नरहेकी चरित्रको रूपमा चित्रण गरिएको छ ।

पहाडी पुकारमा प्रगतिवादी क्रान्तिचेत शीर्षक लेखमा सर्वप्रथम वि.सं. २००५ मा प्रकाशित सोर पृष्ठ रहेको प्रगीतात्मक संरचनामा आबद्ध **पहाडी पुकार** काव्यको परिचय दिँदै यस काव्यमा तत्कालीन नेपालको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि विविध क्षेत्रको दयनीय अवस्था चित्रण गरिएको कुरा प्रस्तुत गरिएको छ । सामन्तहरूका कार्यहरू प्रस्तुत गर्दै त्यसको विरोधमा एकजुट भएर उत्रन आह्वान गरिएको यस काव्यमा गुम्दो र गिर्दो मानवीय मूल्यको जगेर्नाका लागि क्रान्ति अपरिहार्य रहेको कुरा प्रस्तुत भएको कुरा उल्लेख गरिएको छ ।

कृष्णप्रसाद पराजुलीको कवित्व शीर्षक लेखमा वि.सं. १९९२ मा काभ्रेमा जन्मिएका कृष्णप्रसाद पराजुलीका प्रकाशित कृतिहरूसहित परिचय प्रस्तुत गरी उनको *आकाश माटो माथिको* कविताको विभाजन र सङ्गठन, विषयवस्तु र भाव, सहभागी, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीय विन्यास आदिका आधारमा विश्लेषण गरिएको छ । उनका कविताहरूमा अग्रजहरूप्रति सम्मान र युगीन विकृतिप्रति आक्रोससँगै जीवन र प्रेमको महत्व प्रस्तुत भएको कुरा उल्लेख गरिएको छ ।

सरुभक्तको काव्यसिर्जनधर्मिता शीर्षक लेखमा वि.सं. २०१३ सालमा पोखरामा जन्मिएका सरुभक्तको लेखनको प्रारम्भ र प्रकाशित कृतिहरूको बारेमा जानकारी दिँदै उनको काव्यसिर्जनधर्मिताको चर्चा गरिएको छ । प्रयोगशील कवि सरुभक्तका कवितामा बिम्ब र प्रतीकको अत्याधिक प्रयोगसँगै युगीन जनजीवनका विविध सन्दर्भ र प्रसङ्गहरूको प्रस्तुति तथा नारीहरूको विविध रूप र तिनको दुर्दशा, न्यायपालिकाप्रति व्यङ्ग्य, परिवेशगत विविधताका साथै नेपालीहरूको दयनीय अवस्था, निरीहपन र अशान्त परिस्थितिको चित्रण पाइने कुरा उल्लेख गरिएको छ ।

भीष्म उप्रेतीको कविता शिल्प शीर्षक लेखमा वि.सं. २०२४ सालमा झापामा जन्मिएका भीष्म उप्रेतीका प्रकाशित पुस्तकाकार कृतिहरूको विवरण प्रस्तुत गर्दै कवि एवं निबन्धकार उप्रेतीका कवितामा व्यङ्ग्यात्मक अभिव्यक्ति, प्रगीतात्मक संरचना, सर्वकालिकता र सर्वस्थानिकता, सरल भाषा आदिको प्रयोग पाइने कुरा प्रस्तुत गर्दै उनका काव्यमा कृतिमता भन्दा प्रमकृतिकता प्रवाहित, प्रस्तुतिगत नवीनता, जीवनका सकरात्मक नकरात्मक दुवै पक्षको चित्रण पाइने कुरा उल्लेख गरिएको छ ।

गोपीनारायण प्रधानको विश्वासघात कविताको विश्लेषण शीर्षक लेखमा वि.सं. १९९३ मा दार्जेलिङमा जन्मिएका गोपीनारायण प्रधानलाई उनको संलग्नता, प्रकाशित कृति र प्राप्त पुरस्कारसहित चिनाउँदै स्वच्छन्दतावादी, क्रान्तिकारी र प्रगतिशील, प्रकृति चित्रण, राष्ट्रवादी, मानवतावादी, मुक्त छन्द जस्ता उनका काव्यात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गर्दै उनको **साइकल आइरहेछ** कवितासङ्ग्रहभित्र सङ्गृहीत *विश्वासघात* कविताको संरचनावादी कोणबाट विश्लेषण गरिएको छ ।

लेखनाथ पौड्यालको तरुणतपसी काव्यको विश्लेषण शीर्षक लेखमा लेखनाथ पौड्यालको परिचयसँगै प्रकाशित कृतिको विवरणसहित उनका काव्यप्रवृत्तिहरू प्रस्तुत गरिएको छ । त्यसपछि संरचनावादी पद्धतिअनुरूप आख्यानात्मक संरचनायुक्त **तरुण तपसी** काव्यको विश्लेषण गरी समग्रमा सपनाका माध्यमबाट आध्यात्मिक, सामाजिक विषयवस्तुलाई कवित्वपूर्ण एवं परिष्कृत भाषाशैलीय विन्यासमा आबद्ध गरी सन्देहमूलक ढङ्गबाट प्रस्तुत गरिएको **तरुण तपसी** परिष्कारवादी कवि लेखनाथको उल्लेख्य लघु आख्यानात्मक संरचना भएको कुरा प्रस्तुत गर्दै मान्छेका दूर्भावनाप्रति व्यङ्ग्य प्रहार गरी अत्यन्त परिष्कृत, परिमार्जित, स्तरीय र उत्कृष्ट भाषाशैलीको प्रयोग गरिएको यस काव्यमा महाकाव्यमा पाइने गुणहरू भने नरहेको कुरा प्रस्तुत गरिएको छ ।

भारतीय नेपाली कवि पुष्पलाल उपाध्याय र बिचरा कविता शीर्षक लेखमा वि.सं. १९६२ मा असममा जन्मिएका पुष्पलाल उपाध्यायका कवितामा असम क्षेत्रमा बसोबास गर्ने नेपालीका छोराछोरीले नेपालीमा नभइ अन्य भाषामा शिक्षार्जन गर्नुपर्दाका समस्याहरू चित्रित हुने कुरा उल्लेख गर्दै उनलाई नेपाली भाषासाहित्य र कलाप्रति श्रद्धा एवं प्रेमभाव रहेका आदर्शवादी, प्रकृतिवादी, मानवतावादी, राष्ट्रवादी कविका रूपमा चिनाइएको छ । उनको दोस्रो कवितासङ्ग्रह **उषामञ्जरी** भित्र सङ्गृहीत गरीब दीनदुखी तथा मगन्तेका दैनन्दिन तथा कारुणिक मृत्युलाई विषयवस्तु बनाइएको सार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको *बिचरा* कविताको संरचनावादी कोणबाट विश्लेषण गरिएको छ ।

नेपाली प्रथम कवि सुवानन्द दासको कवित्व शीर्षक लेखमा वीरधाराका प्रथम कवि सुवानन्द दासको जन्म र जन्मस्थानसम्बन्धी विभिन्न व्यक्तिका मान्यताहरू प्रस्तुत गर्दै वीरता र राजभक्तिको अभिव्यञ्जना, लोकपरम्पराको अनुसरण, युद्ध परिवेशको वर्णन र पृथ्वीनारायण शाहको गुणगान जस्ता उनका काव्यप्रवृत्ति प्रस्तुत गरिएको छ । त्यसभन्दापछि *पृथ्वीनारायण* कविताको संरचनावादी कोणबाट विश्लेषण गरी यो काव्य पृथ्वीनारायण शाहको वीरता र काशीयात्राको वीरतापूर्ण व्यक्तित्व वर्णन गरिएको वीररस प्रधान काव्य भएको कुरा उल्लेख गरिएको छ ।

ज्ञानुवाकर पौडेलको गजलगत प्रवृत्ति र ओइली झरेछ फूल गजलको विश्लेषण शीर्षक लेखमा ज्ञानुवाकर पौडेलको शिक्षा, पेसा र संलग्नता, प्रकाशित कृति, सम्मान/ पुरस्कारको चर्चा गर्दै विषयगत विविधता, श्रृङ्गारिकतालाई महŒव, राष्ट्रियता, देशप्रेम, प्रकृतिप्रेम, गिर्दो सामाजिक मूल्य र मान्यता प्रस्तुत, व्यङ्ग्यात्मक अभिव्यक्ति जस्ता उनका काव्यात्मक प्रवृत्तिहरूबारे जानकारी गराइएको छ । यसका साथै पौडेलको लयात्मक र गेयात्मक गुण निहीत वियोगजन्य प्रेमभावको अभिव्यक्ति र जिन्दगीका निरासा प्रस्तुत गरिएको संरचनावादी पद्धति अनुरूप *ओइली झरेछ फूल* नामक गजलको विश्लेषण गरिएको छ ।

रत्नशमशेर थापाका गीति प्रवृत्ति र आँखैमा रात गली गीतको विश्लेषण शीर्षक लेखमा वि.सं. १९९६ सालमा जन्मिएका रत्नशमशेर थापाको संलग्नता, प्रकाशित कृति र प्राप्त पुरस्कारबको जानकारीसहित मानवीय प्रेम प्रणय, प्रकृतिप्रेम, राष्ट्रप्रेम, मानवतावादी दृष्टिकोण, जागरणका स्वर, प्रयोगशीलता जस्ता उनका गीति प्रवृत्तिहरू प्रस्तुत गरिएको छ । त्यसपछि मानवीय प्रेमप्रणयको वियोगजन्य अभिव्यक्ति रहेको *आँखैमा रात गली* गीतको विश्लेषण गरी यो प्रयोगशील गीत भए तापनि लयात्मकता र गेयात्मकता पाइने कुरा उल्लेख गरिएको छ ।

भारतीय नेपाली कवि नव सापकोटाको मदिरा होइन मेरो पसिना कविताको विश्लेषण शीर्षक लेखमा सन् १९४८ मा असममा जन्मिएका नव सापकोटाको पेसा, संलग्नता र प्रकाशित पुस्तकहरूबारे जानकारी दिँदै प्रायः छोटो आयाम, प्रगीतात्मक संरचना, विसङ्गति र विकृतिप्रति व्यङ्ग्य, मानवतावाद, आशावादी जीवनवादी दृष्टिकोण, देशप्रेम जस्ता उनका कवितात्मक प्रवृत्तिहरूबारे चर्चा गरिएको छ । यसका साथै समाजमा विद्यमान वर्गीय विभेद तथा शोषणवृत्तिप्रति आक्रोस व्यक्त गर्दै कर्मवादी चिन्तन प्रस्तुत गरिएको *मदिरा होइन मेरो पसिना* कविताको संरचनावादी कोणबाट विश्लेषण गरिएको छ ।

वैरागी काइँलाको कविताशिल्प शीर्षक लेखमा वि.सं. १९९६ सालमा जन्मिएका वैरागी काइँला तेस्रो आयाम/आयामेली आन्दोलनका संस्थापक मध्येका एक भएको कुरा प्रस्तुत गर्दै प्रतीकवादी, अमूर्त लेखन, विसङ्गतिवादी, अतियथार्थवादी, चेतनप्रवाह पद्धति जस्ता उनका कवितात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ । त्यसपछि दुई खण्डमा विभाजित **वैरागी काइँलाका कविताहरू** नामक कविता सङ्ग्रहभित्रका केही कविताहरूलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै प्रस्तुत कविता सङ्ग्रहको विश्लेषण गरिएको छ ।

युगकविका तीन चरण शीर्षक लेखमा वि.सं. १९६९ मा जन्मिएका तथा अनेक विधामा आधुनिकता प्रारम्भ गर्ने **शारदा** पत्रिकाका सम्पादक तथा अन्य विभिन्न पत्रिकाका सम्पादक, सहसम्पादक, गद्य पद्य दुवै

क्षेत्रमा प्रशस्तै कलम चलाएका सिद्धिचरण श्रेष्ठको काव्ययात्रालाई सुरुदेखि वि.सं. १९९६, १९९७ देखि २००७ र २००८ देखि पछि गरी तिन चरणमा विभाजन गरिएको छ । प्रारम्भमा स्वच्छन्दतावादी र पछिल्लो चरणमा क्रान्तिकारी प्रगतिवादी बनेका श्रेष्ठका व्यङ्ग्यात्मकता, प्रयोगशीलता, विकृति र विसङ्गतिप्रतिव्यङ्ग्य जस्ता उनका कवितात्मक प्रवृत्तिहरूलाई पनि प्रस्तुत गरिएको छ ।

देवकोटाका काव्यकृतिमा सांस्कृतिक चेतना शीर्षक लेख **अन्वेषण** (४/३, २०६९-२०७० वैशाख) मा पनि प्रकाशित छ । यस लेखमा देवकोटाको संलग्नता, उनका प्रकाशित विविध विधाका कृतिबारे जानकारी गराउँदै व्यक्ति सापेक्षतामा नभएर कृति सापेक्षतामा साहित्यकारको मूल्याङ्कन हुनुपर्ने तथा के र कति समय लगाएर गरेको भन्दा पनि कस्तो छ भा जोड दिनुपर्ने कुरा प्रस्तुत गरिएको छ । यस लेखमा देवकोटाका काव्यात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गरी संस्कृति शब्दको परिचय, विशेषता र यससम्बन्धी विभिन्न परिभाषाहरू उल्लेख गर्दै उनका काव्यमा जातीय, ग्रामीण र सहरीया, वर्गीय, आध्यात्मिक, लोकप्रचलितजस्ता विभिन्न संस्कृतिको प्रयोग पाइने कुरा उल्लेख गरिएको छ ।

हरिभक्त कटुवालको यो जिन्दगी खै के जिन्दगी कविताको विश्लेषण शीर्षक लेखमा हरिभक्त कटुवालको जन्म र जन्मस्थान, शिक्षा, पेसा र संलग्नता, प्रकाशित कृति, सम्मानजस्ता पक्षको जानकारीसहित गद्य र पद्य दुवै क्षेत्रमा कलम चलाउने, आरम्भमा आशावादी पछि निरासावादी र विद्रोही स्वर, देशप्रेम र जातीय प्रेम, यथार्थवादी, व्यङ्ग्यवादी जस्ता उनका काव्यात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गर्दै उनलाई प्रयोगवादीकालका स्वच्छन्दतावादी कविको रूपमा चिनाइएको छ । त्यसपछि वर्तमान मानव जीवनको कारुणिक अवस्था प्रस्तुत गरिएको *यो जिन्दगी खै के जिन्दगी* कविताको विभिन्न तCEवका आधारमा विश्लेषण गरिएको छ ।

नेपालीको विशिष्ट आख्यानात्मक काव्य श्रीकृष्ण चरित्र शीर्षक लेखमा नेपाली कवितालाई वीरधाराबाट भक्तिधारातर्फ मोड्ने प्रथम विशिष्ट कवि वसन्त शर्मा लुइटेलको जन्म र जन्मस्थान, उनको जातथरका बारेमा रहेको मत मतान्तरलाई प्रस्तुत गर्दै भक्तपुरको कटुञ्जे भन्ने भनाइ बढी आधिकारिक रहेको कुरा उल्लेख गरिएको छ । यसमा उनका काव्यात्मक प्रवृत्ति र उनीद्वारा लिखित रचनाहरूका बारेमा जानकारी दिई **श्रीकृष्ण चरित्र** र **समुन्द्र लहरी** काव्यको विषयवस्तु प्रस्तुत गरिएको छ । यसका साथै नेपालीको विशिष्ट आख्यानात्मक काव्य **श्रीकृष्ण चरित्र**को संरचनावादी कोणबाट व्याख्या विश्लेषण गर पौराणिक कथानकलाई मौलिकताका साथ प्रस्तुत गरिएको यो कृति नेपाली आख्यानात्मक कविताको इतिहासमा कोसेढुङ्गो र कृष्णभक्ति धाराको सर्वोत्तम उपलब्धि भएको कुरा उल्लेख गरिएको छ ।

वानीरा गिरीको कविताशिल्प : जीवन थाय्मरूका सन्दर्भमा शीर्षक लेखमा प्रयोगवादी धाराको अर्थ र प्रवृत्ति प्रस्तुत गर्दै २०१७ सालपछि कविता क्षेत्रमा प्रारम्भ भएको प्रयोगवादी धाराका केही कवि र कविताहरू उल्लेख गरी विभिन्न आन्दोलन र अभियानको बारेका चर्चा गरिएको छ । २००२ सालमा खर्साङमा जन्मिएकी बानिरा गिरीको परिचयसँगै प्रारम्भमा स्वच्छन्दतावादी र पछिल्लो समयमा प्रयोगवादी यौनपरक र यौनेत्तर बिम्ब प्रयोग पाइने जस्ता उनका कवितात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गर्दै २०३४ सालमा साझाबाट

प्रकाशित २३ वटा कविता सङ्गृहीत नारीहरूले जीवनमा भोग्नुपरेका विविध खाले समस्याहरूलाई गद्य ढाँचामा प्रस्तुत गरिएको **जीवन थाय्मरु** कविता सङ्ग्रहको विश्लेषण गरिएको छ ।

सिद्धिचरण श्रेष्ठको कवित्व शीर्षक लेखमा सिद्धिचरण श्रेष्ठको परिचयसँगै वि.सं. १९९० सालको **गोरखापत्र**मा प्रकाशित *भुइँचालो* शीर्षकको कविता श्रेष्ठका पहिलो कविता भएको कुरा सबैतिर उल्लेख गरेको भए तापनि त्यस सालको **गोरखापत्र**मा कुनै पनि साहित्यिक रचना नछापिएको तथा उनको पहिलो प्रकाशित कविता *भुइँचालो* नभएर वि.सं १९९१ बैशाख ४ को **गोरखापत्र**मा प्रकाशित *भूकम्प पीडितोद्धारक ऋणसंस्था* शीर्षकको कविता भएको कुरा जानकारी गराइएको छ । स्वच्छन्दतावादी धाराका प्रवर्तकमध्येका एक श्रेष्ठको नेपाली कविताका क्षेत्रमा आगमन र अवस्थितिबारे जानकारी गराई उनको काव्ययात्रा र काव्यप्रवृत्तिहरूसहित जटिल विषयवस्तुलाई सरल, सहज ढङ्गले कवितात्मक ढाँचामा आबद्ध गरी स्वच्छन्दतावादी, मानवतावादी, प्रेमवादी आदि प्रवृत्तियुक्त कविता सिर्जना गर्नु सिद्धिचरणका कवित्वको खास पहिचान भएको कुरा उल्लेख गरिएको छ ।

एकाउन्न पुकारभित्र कञ्चन पुडासैनीको कवित्व शीर्षक लेखमा काठमाडौँको पूर्वी गाउँमा जन्मिएका कञ्चन पुडासैनीले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाए तापनि उनको विशेष प्रसिद्धि कविता विधामा रहेको कुरा प्रस्तुत गर्दै उनको संलग्नता, प्रकाशित कृति, प्राप्त पुरस्कारसहित उनका काव्यगत प्रवृत्तिहरूका बारेमा चर्चा गरी उनलाई मूलतः स्वच्छन्दतावादी, राष्ट्रवादी कविका रूपमा परिचित गराइएको छ । पुडासैनीको **एकाउन्न पुकार** कविता सङ्ग्रहमा विभिन्न समयमा लेखिएका लामा, छोटा आयामका एकाउन्न वटा प्रगीतात्मक संरचनायुक्त कविताहरू समावेश भएको कुरा जानकारी गराइएको छ । विभिन्न व्यक्तिद्वारा अनुवाद गरिएको हुनाले अनुवादमा एकरूपता नपाइने कुरा प्रस्तुत गर्दै यस सङ्ग्रहका कविताहरूमा प्रेम भाव, मानवीय चाहना र इच्छा आकाङ्क्षा, सौन्दर्य, जीवनको महिमा, भगवान्प्रतिको दृष्टिकोण, मृत्यु भय, वर्तमान सहरीया यथार्थ आदि विषयवस्तुका रूपमा आएको कुरा उदाहरणसहित प्रस्तुत गरिएको छ । केही गद्यात्मक र केही पद्यात्मक ढाँचामा लेखिएका यस सङ्ग्रहमा सङ्कलित कविताहरू अधिकांशः लयात्मक गुणयुक्त भएका र कवितालाई लयात्मक तुल्याउन ठाउँठाउँमा पाइने समानान्तरताले पनि महत्वपूर्ण भूमिका खेलेको कुरा प्रस्तुत गरिएको छ ।

यीबाहेक संरचनावादसँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनाहरूको परिचयात्मक अध्ययन *संरचनावादसँग सम्बन्धित समालोचनाहरू* शीर्षकमा गरिएको छ ।

५.३.२ संरचनावादसँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका संरचनावादसँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
१००. *आशिष कविताको संरचनावादी विश्लेषण*	**जुही**, (२०/१, २०५७-२०५८ चैत-जेठ), पृ. ७७-८१ ।
१०१. ***नेपाली वाक्यांश, वाक्पद्धति इत्यादिको कोष**को संरचनात्मक विश्लेषण*	**पुष्करशमशेर स्मृतिग्रन्थ**, (२०५८ पौष), पृ. ८३-९६ ।
१०२. *माइत कथाको संरचना विश्लेषण*	**कुञ्जिनी**, (९/६, २०५८), पृ. ४८-५३ ।
१०३. *डढेलो कथाको संरचनावादी विश्लेषण*	**समकालीन साहित्य**, (१२/३,२०५९ वैशाख-असार), पृ.२३१-२४८ ।
१०४. *संरचनावादको अर्थ र पृष्ठभूमि*	**मिमिरे**, (३१/६, २०५९ असोज), पृ. १७-२२ ।
१०५. *मेरो चोक प्रगीतात्मक कविताको संरचनात्मक विश्लेषण*	**जनमत**, (१९/१०-११, २०५९ मंसिर), पृ. ५-१३ ।
१०६. *संरचनावादी समालोचना पद्धति*	**गरिमा**, (२१/१, २०५९ पुस), पृ. २१-३० ।
१०७. *गोडा भए जुत्ताको के खाँचो कथाको संरचना विश्लेषण*	**जुही**, (२२/२, २०५९ पुस-फागुन), पृ. ४१८-४२६ ।
१०८. *संरचनावादका आधारभूत अभिलक्षणहरू*	**मिमिरे**, (३१/१२, २०५९ चैत), पृ. ३९-४२ ।
१०९. *कवितामा विम्ब र विम्बविधान*	**प्रज्ञा**, पूर्णाङ्क (९७, २०५९ चैत), पृ. १३१-१३९ ।
११०. *संरचना र रूपको तात्पर्य विश्लेषण*	**गोधूलि**, (१३, २०५९ वसन्त-शिशिर), पृ.४०-४४ ।
१११. *दृष्टिबिन्दुको सैद्धान्तिक स्वरूप*	**दीपशिखा**, (१३/७, २०५९), पृ. २५-३२ ।
११२. *संरचनावादको स्वरूप, धारा र सम्प्रदाय*	**अवलोकन**, (३/१, २०५९), पृ. १६-२३ ।
११३. *संरचनावादको विकासमा सस्युरको योगदान*	**पाठ्यक्रम विकास पत्रिका**, (२१/३५, २०५९-२०६०),पृ. १००-१०८ ।
११४. *संरचनाको स्वरूप र विशेषता*	**वाङ्मय**, (११/११, २०५९-२०६०), पृ. ६-१२ ।
११५. *संरचनात्मक आख्यानशास्त्र*	**समकालीन साहित्य**, (१३/४, साउन-असोज २०६०), पृ. २४-३४ ।
११६. *काव्यशास्त्रीय संरचनावादी चिन्तन पद्धति*	**प्रज्ञा**, (३४/९९, कात्तिक-चैत २०६०) पृ. १०८-११५ ।
११७. *मुनामदन : वस्तुवादी विश्लेषणको निष्कर्ष*	**कुञ्जिनी**, (११/८, २०६०), पृ. ६८-७४ ।
११८. *कृतिको भाषिक संरचना*	**सम्प्रेषण**, (१/१, २०६०-२०६१), पृ. २९ ।
११९. *कृतिको साहित्यिक संरचना*	**नोबेल**, (३/३, २०६१), पृ. १५६-१६२ ।
१२०. *परिवेशको अभिप्राय र कृतिमा यसको अवस्थिति*	**सुनकोसी**, (५, २०६१), पृ. १८७-१८९ ।
१२१. *मुनामदनमा लयविधानको वस्तुगत स्थिति*	**कुञ्जिनी**, (१२/९, २०६१-२०६२), पृ. ३७-४१ ।
१२२. *बहादुरसिंह बरालका रचनाको संरचना विश्लेषण*	**गरिमा**, (२४/२, २०६२ माघ), पृ. ४३-५३ ।
१२३. *बालाचन्द्र गाथाको संरचना विश्लेषण*	**शार्दूल**, (२/२-३, २०६३ वैशाख-असोज), पृ. ४२-५१ ।
१२४. *मुनामदनमा लयविधानको वास्तविक स्थिति*	**गरिमा**, (२४/११, २०६३ कात्तिक), पृ. ५५-६४ ।
१२५. *बर्बरहरू कविता बुभ्दैनन् को संरचना विश्लेषण*	**स्रष्टा नरेन्द्रराज पौडेल द्रष्टाहरूका आँखामा** (पुस्तक), २०६३, पृ. २५-४१ ।
१२६. *कृतिमा शैलीय चयनको भूमिका*	**वाङ्मय**, (१३ /१३, २०६३-२०६४), पृ. ५३-५६ ।
१२७. *पुरानो र नयाँ मुनामदनको तुलनात्मक अध्ययन*	**अक्षर**, (६/२, २०६६ साउन-असोज), पृ. १२-१७ ।

१२८. *मुनामदनमा भोटे र गुन्डाको सहभागिता*	**समष्टि**, (३०/२, २०६६, असोज-कात्तिक), पृ. ३७-४० ।
१२९. *विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प*	**साहित्यमा विश्वेश्वर**, २०६६ पृ १५६-१६४ ।
१३०. *मुनामदनको भाषाशैलीय विन्यास*	**बगर**, (२८/८२, २०६६, असोज-मङसिर), पृ. ५१-५५ ।
१३१. *देवकोटाकी मुनाको चारित्रिक प्रकार र अभिलक्षण*	**शब्दयात्रा**, (१/१, २०६६, कात्तिक) पृ. ४९-५२ ।
१३२. *कुञ्जिनीको संरचना विश्लेषण*	**भृकुटी**, (पूर्णाङ्क ५, २०६६, कात्तिक-पुस), पृ. ७०-८३ ।
१३३. *अटलबहादुर नाटकको वस्तुवादी विश्लेषण*	**भृकुटी**, (पूर्णाङ्क ७, वैशाख-असार २०६७), पृ. ७७-८४ ।
१३४. *गोपीनारायण प्रधानको 'विश्वासघात' कविताको विश्लेषण*	**भानु**, (४८/१३४, २०६७ भदौ), पृ. १४-२१ ।
१३५. *लेखनाथ पौड्यालको तरुण तपसी काव्यको विश्लेषण*	**शब्दसंयोजन**, (७/५, २०६७ भदौ), पृ. २५-३४ ।
१३६. *गजलको सैद्धान्तिक स्वरूप*	**अभिव्यक्ति**, (४१/१४९, २०६७ भदौ-असोज), पृ. १७-२२ ।
१३७. *भारतीय नेपाली कवि पुष्पलाल उपाध्याय र 'बिचरा' कविता*	**रचना**, (५०/१०८, २०६७ भदौ-असोज), पृ. ३६-४२ ।
१३८. *गाउँखाने कथाको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/१०, २०६७ असोज), पृ. ४०-४२ ।
१३९. *नेपाली प्रथम कवि सुवानन्द दासको कवित्व*	**प्रज्ञा**, (४०/१०३, २०६७ वैशाख-असोज), पृ. ४८-५५ ।
१४०. *रत्नशमशेर थापाका गीति प्रवृत्ति र आँखैमा रात गली गीतको विश्लेषण*	**गरिमा**, (२९/१, २०६७ पुस), पृ. ७०-७३ ।
१४१. *भारतीय नेपाली कवि नव सापकोटाको 'मदिरा होइन मेरो पसिना' कविताको विश्लेषण*	**मिर्मिरे**, (३९/१२, २०६७ चैत), पृ. ९३-९९ ।
१४२. *भानुभक्तीय रामायणको संरचना विश्लेषण*	**दीपशिखा**, (२१/१३, २०६७), पृ. ७-१७ ।
१४३. *पुरानो र नयाँ मुनामदनको तुलनात्मक अध्ययन*	**हेटौडा टुडे**, (२०६८ कात्तिक ५), पृ. ३ ।
१४४. *जङ्गबहादुरको बेलाइत यात्राको वस्तुवादी विश्लेषण*	**अन्तर्दृष्टि**, (१९/२, २०६८), पृ. १-१० ।
१४५. *तुलसी अपतनको कर्णकुन्ती काव्यको संरचना विश्लेषण*	**बिन्दु**, (५०-५१/११८-२१, सन् २०११-२०१२ मे-मार्च),पृ.६६-७९ ।
१४६. *भूपि शेरचनको 'हामी' कविताको संरचना विश्लेषण*	**भुजङ्ग**, (१६/१६, २०६८ माघ), पृ. ९-१३ ।
१४७. *हरिभक्त कटुवालको 'यो जिन्दगी खै के जिन्दगी' कविताको विश्लेषण*	**बिन्दु**, (५१/१२२-१२३, २०१२-२०१३ अक्टोबर-मार्च), पृ. २-९ ।
१४८. *नेपालीको विशिष्ट आख्यानात्मक काव्य श्रीकृष्णचरित्र*	**अन्तर्दृष्टि**, (२०/३, २०७० फागुन), पृ. २४-३८ ।

आशिष कविताको संरचनावादी विश्लेषण शीर्षक लेखमा वि.सं १९८८ मा जन्मिएकी राधिका रायाको **महानन्द स्मारिका** (२०५७) मा प्रकाशित *आशिष* कविताको विश्लेषण गरिएको छ । छोरीप्रति शुभेच्छा व्यक्त गर्दै जन्म दिनको स्मरण गरिएको यस कविताको विषयवस्तु, भाषाशैली, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, विन्यास आदिका आधारमा संरचनावादी पद्धतिअनुरूप विश्लेषण गरिएको छ ।

नेपाली वाक्यांश, वाक्पद्धति इत्यादिको कोशको संरचनात्मक विश्लेषण शीर्षक लेखमा पुष्कर शमशेरको परिचयसहित उनका प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गरिएको छ । यसमा नेपाली उखान र

टुक्काको वर्णानुक्रमानुसारी सूची र वाक्याशं, वाक्यपद्धति इत्यादिको कोश खण्डको विश्लेषणसमेत गरिएको छ ।

माइत कथाको संरचना विश्लेषण शीर्षक लेखमा माधव भँडारीका प्रकाशित कृतिको विवरण प्रस्तुत गर्दै २०१३ सालमा सम्पादित **बल्दो दियो**मा सङ्गृहीत *माइत* कथाको विश्लेषण गरिएको छ । विश्लेषणमा कथाको विभाजन, सङ्गठन, वस्तु, सहभागी र सहभागिता, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीय विन्यास आदि कोणबाट संरचनात्मक विश्लेषण गरिएको छ ।

डढेलो कथाको संरचनावादी विश्लेषण शीर्षक लेखमा मोहनराज शर्माको परिचय प्रस्तुत गर्दै उनका प्रमुख पुस्तकाकार कृतिहरूको विवरण प्रस्तुत गरिएको छ । २०४७ सालमा **सौरभ** पत्रिकामा प्रकाशित भइ २०५० सालमा प्रकाशित **महाशून्य** कथासङ्ग्रहमा सङ्कलित *डढेलो* कथामा एउटा सानदार मोटर चढ्ने इमान्दार अधिकृत थोत्रे साइकल चढ्ने अवस्थामा पुग्दा त्यसको मानसम्मानमा पनि फरक आएको कुरालाई विषयवस्तु बनाइएको यस कथाको संरचनात्मक कोणबाट विश्लेषण गरिएको छ ।

संरचनावादको अर्थ र पृष्ठभूमि शीर्षक लेखमा संरचनावादलाई सामान्यार्थ, ऐतिहासिक परिप्रेक्ष, मनोविज्ञान, भाषाविज्ञान, समाजशास्त्र, मानवशास्त्र तथा साहित्यिक समालोचनाका सन्दर्भमा फरक ढङ्गले अर्थ्याइने कुरा उल्लेख गर्दै संरचनावादको प्रारम्भ सन् १९६० मा ससुर, नर्थ्रोप फ्राइ आदिबाट भएको कुरा प्रस्तुत गरिएको छ ।

मेरो चोक प्रगीतात्मक कविताको संरचनात्मक विश्लेषण शीर्षक लेखमा भूपि शेरचनको परिचय दिँदै उनका प्रकाशित कविता सङ्ग्रहबारेमा जानकारी गराइएको छ । त्यसपछि २०१७ सालमा **साहित्य** पत्रिकामा प्रकाशित *मेरो चोक* कविताको संरचनावादी पद्धति अनुरूप व्याख्या विश्लेषण गरिएको छ ।

संरचनावादी समालोचना पद्धति शीर्षक लेखमा वस्तुवादी, भाषावादी र वैज्ञानिक चिन्तनपद्धति आधुनिक संरचनावादको प्रारम्भ र विकास प्रसिद्ध मानवशास्त्री क्लड लेभाइ स्ट्राउस तथा रोमन याकोब्सन, रोला वार्थ, जनाथन कलर आदि बाट हुँदै आएको कुरा प्रस्तुत गरिएको छ । साहित्यको वैज्ञानिक विश्लेषण गर्ने पद्धतिका रूपमा सर्वप्रथम देखापरेको संरचनावादी समालोचना पद्धतिले पाठभित्रै रहेर कृतिको विश्लेषण गर्नका साथै तटस्थता र निष्पक्षताको अनुशरण गरी पुरानाबाट सिकेर अघि बढ्नुपर्छ त्यसैमा झुण्डिरहने होइन भन्ने मान्यता राख्ने कुरा उल्लेख गरिएको छ ।

गोडा भए जुत्ताको के खाँचो कथाको संरचना विश्लेषण शीर्षक लेखमा चूडामणि रेग्मीको परिचय प्रस्तुत गर्दै उनका प्रकाशित कथा सङ्ग्रह, निबन्ध सङ्ग्रह, भाषा समालोचनासँग सम्बन्धित कृतिहरूको विवरण दिई उनको कवितायात्रा प्रस्तुत गरिएको छ । त्यसपछि *गोडा भए जुत्ताको के खाँचो* कथाको संरचनावादी समालोचना पद्धति अनुरूप विश्लेषण गरिएको छ ।

संरचनावादका आधारभूत अभिलक्षणहरू शीर्षक लेखमा संरचनावादको परिचय दिँदै यसका अभिलक्षणहरू, स्थानविज्ञान, वितरण, उत्पादन, भाषिका विज्ञान, सर्वव्यापकता र भिन्नताबारे चर्चा गरिएको छ ।

संरचना र रूपको तात्पर्य विश्लेषण शीर्षक लेखमा संरचनाको अर्थसहित संरचना र रूपसम्बन्धी जे.ए. कर्डन, एम्.एच्. अब्राह्मस् आदिका मान्यताहरू उल्लेख गर्दै यी दुई शब्द समानार्थी देखिने र यिनीहरू बीचमा पारस्परिक सम्बन्ध रहेको कुरा प्रस्तुत गरी यी दुई एकै खाले व्यवस्था भएको कुरा जानकारी गराइएको छ ।

संरचनावादको स्वरूप, धारा र सम्प्रदाय शीर्षक लेखमा कुनैपनि वस्तु, कृति वा विषयको संरचनामाथि केन्द्रित भइ त्यसको वस्तुगत र वैज्ञानिक ढङ्गले विश्लेषण गर्ने पद्धतिलाई संरचनावाद भनिने कुरा प्रस्तुत गर्दै संरचनावादको स्वरूप, संरचनावादका प्रमुख धाराहरू र जेनेभा, रसियाली, प्राग् आदि विभिन्न सम्प्रदायहरूको बारेमा चर्चा गरिएको छ ।

संरचनावादको विकासमा सस्युरको योगदान शीर्षक लेखमा संरचनावादको पृष्ठभूमि प्रस्तुत गर्दै संरचनावादसम्बन्धी ससुरको मौलिक चिन्तन प्रस्तुत गरिएको छ । भाषा र वाक्, सङ्केतक र सङ्केतिक, क्रमात्मक र सहचारी सम्बन्धको प्रस्तुतिसँगै भाषाको एककालिक र कालक्रमिक अध्ययन प्रस्तुत गरिएको छ ।

संरचनाको स्वरूप र विशेषता शीर्षक लेखमा संरचनाको परिचय र यसको स्वरूपबारे जानकारी गराउँदै संरचनाको विन्यास यान्त्रिक र तार्किक दुई किसिमले गरिने कुराको जानकारी गराइएको छ । यसका साथै पूर्णता, परिवर्तनशीलता, स्वनिष्ठता जस्ता संरचनावादका विशेषतासँगै यसमा संरचनावादको स्वरूप निर्धारण गर्ने सैद्धान्तिक आधारसमेत प्रस्तुत गरिएको छ ।

संरचनात्मक आख्यानशास्त्र शीर्षक लेखमा संरचनावादको परिचयसँगै भ्लादिमिर प्रोप (३१ वटा प्रकार्य), क्लड ब्रेमोन्ड (आठवटा प्रकार्य) आदिका आख्यानको आख्यानशास्त्रीय संरचना प्रस्तुत गरिएको छ । यसका साथै संरचनावादमा क्लड लेभाइ स्ट्राउसको योगदानलाई नातागोता, मिथ र अपरिष्कृत मस्तिष्क गरी तिन बुँदामा केन्द्रित भएर चर्चा गरिएको छ ।

काव्यशास्त्रीय संरचनावादी चिन्तन पद्धति शीर्षक लेखमा संरचनावादको परिचयसँगै रोमन याकोव्सन, मास्को, जनाथन कलर, डेविड लज आदिका काव्यशास्त्रीय संरचनावादी चिन्तनसम्बन्धी अवधारणाहरू र ससुरको भाषावादी चिन्तनका बारेमा चर्चा गरिएको छ ।

कृतिको भाषिक संरचना शीर्षक लेखमा भाषा संरचना र साहित्य संरचनाको बारेमा सामान्य परिचय प्रस्तुत गर्दै साहित्यिक कृतिको भाषिक संरचनाअन्तर्गत पर्ने ध्वनिव्यवस्था, वर्णव्यवस्था, व्याकरणव्यवस्था र अर्थव्यवस्थाको बारेमा जानकारी गराइएको छ ।

कृतिको साहित्यिक संरचना शीर्षक लेखमा साहित्यिक संरचनाको परिचय प्रस्तुत गर्दै कृतिको संरचना साहित्यिक, भाषिक र शैलीय आधारमा निर्मित हुने कुरा उल्लेख गरिएको छ । यसका साथै बनोट र बुनोट (बनोट कृतिको आन्तरिक तल र बुनोट बाह्य तल) बारेको अवधारणा र भिन्नता प्रस्तुत गरिएको छ ।

बहादुरसिंह बरालका रचनाको संरचना विश्लेषण शीर्षक लेखमा बहादुरसिंहको व्यक्ति परिचय प्रस्तुत गर्दै चक्रात्मक नभएर वृत्तात्मक ढाँचा, राष्ट्रिय प्रेम, ईश्वरीय प्रेम, जातीय जागरण, मानवीय प्रेम आदि प्रवृत्ति उनका रचनाहरूमा पाइने कुरासँगै राष्ट्रियता, सामाजिकता, नीतिवादी, औपदेशिकता र धार्मिकताको अभिव्यञ्जना र शृङ्गारिकतालाई सालीन ढङ्गले प्रस्तुत गर्ने जस्ता उनका काव्यात्मक प्रवृत्तिहरूको चर्चा गरिएको छ ।

बर्बरहरू कविता बुझ्दैनन् को संरचना विश्लेषण शीर्षक लेखमा **श्रष्टा नरेन्द्रराज पौड्ल द्रष्टाहरूका आँखामा** कविता सङ्ग्रहभित्रको *बर्बरहरू कविता बुझ्दैनन्* शीर्षकको कविताको विभाजन, सङ्गठन, वस्तु : भाव विकास र व्यवस्थापन, परिवेश, उद्देश्य, दृष्टिविन्दु आदि कोणबाट विश्लेषण गरिएको छ । बर्बरहरूलाई सभ्यताका धमिरा र मानवका कलहका रूपमा प्रस्तुत गरिएको यस कवितामा युगीन यथार्थलाई प्रकटीकरण गरिएको कुरा प्रस्तुत गरिएको छ ।

कुञ्जिनीको संरचना विश्लेषण शीर्षक लेखमा २०४० सालमा साझा प्रकाशनबाट तेस्रो संस्करण प्रकाशित भएको कुञ्जिनी खण्डकाव्यको विभाजन : एकाइहरूको वितरण, सहभागी र सहभागिता, परिवेश, उद्देश्य, भाषाशैलीय विन्यास आदि विभिन्न तCवहरूमा आधारित भएर विश्लेषण गरिएको छ । प्रस्तुत काव्यको केन्द्रीय विषयवस्तु प्रेम भएको बताउँदै यसमा मानवीय र देशप्रेम रहेको कुरा प्रस्तुत गरिएको छ ।

भानुभक्तीय रामायणको संरचना विश्लेषण शीर्षक लेखमा भानुभक्त आचार्यको परिचय प्रस्तुत गर्दै आदर्शको अनुकरण, शास्त्रीय छन्द प्रयोग, देशप्रेम र राष्ट्रियता, रामभक्तिमा जोड, पौराणिक विषयवस्तुमा जोड जस्ता काव्यात्मक प्रवृत्तिबारे जानकारी गराई संरचनावादी कोणबाट रामायण काव्यको विश्लेषण गरिएको छ ।

*तुलसी अपतनको **कर्णकुन्ती** काव्यको संरचना विश्लेषण* शीर्षक लेखमा तुलसी अपतनको परिचयसहित उनको संलग्नता, प्रकाशित कृति र प्राप्त पुरस्कारहरूबारे जानकारी गराउँदै उनका काव्य प्रवृत्तिहरू उल्लेख गरिएको छ । अगमसिंह तामाङ, पदम सुब्बा, तुलसीबहादुर क्षेत्री, निमा छिरिङ गरी चार जना व्यक्तिको नामको अगिल्लो अक्षरबाट अपतन राखिएको कुरा प्रस्तुत गर्दै परिष्कारवादी धाराको आख्यानात्मक संरचना भएको गद्यमा रचित **कर्णकुन्ती** खण्डकाव्यको संरचनावादी कोणबाट विश्लेषण गरिएको छ ।

भूपि शेरचनको हामी कविताको संरचना विश्लेषण शीर्षक लेखमा भूपि शेरचनका काव्य प्रवृत्तिहरू प्रस्तुत गर्दै उनको कविता यात्राको तिन चरणमा प्रकाशित तिनवटा कवितासङ्ग्रहहरू **नयाँ भ्याउरे**, **घुम्ने मेचमाथि अन्धोमान्छे** र **भूपि शेरचनका कविता** मा प्रयुक्त विषयवस्तुबारे जानकारी गराइएको छ । त्यसपछि **घुम्ने मेचमाथि अन्धो मान्छे** कविता सङ्ग्रहमा सङ्गृहीत *हामी* कविताको संरचनावादी कोणबाट विश्लेषण गरिएको छ ।

५.३.३ सैद्धान्तिक समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका सैद्धान्तिक समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
८९. *नेपाली गद्यकवितामा भाषिक लयविधान*	**प्रज्ञा**, (२२/७८, २०५० असार-असोज), पृ. १३४-१४५ ।
९०. *अनुसन्धान र अनुसन्धान परम्पराका केही सन्दर्भ*	**उकुसमुकुस**, (१/१, २०५१ वैशाख-असार), पृ. ८२-९७ ।
९१. *श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम*	**समकालीन साहित्य**, (५/४, २०५२ कार्तिक-पुस), पृ. ११३-११९ ।
९२. *ध्वनि र आलेखन*	**गरिमा**, (१४/३, २०५२ फागुन), पृ. १२४-१२६ ।
९३. *संस्कृत ध्वनितत्त्व*	**शिक्षाशास्त्र सौरभ**, (४/४, २०५२), पृ. ३७-४२ ।
९४. *श्यामव्यङ्ग्यका कसीबाट **दुविधा** उपन्यासको मूल्याङ्कन*	**बिन्दु**, (३६/९४-९७, सन् १९९७ सितम्बर-दिसम्बर), पृ. २९६-३०१ ।
९५. *संरचनावादको अर्थ र पृष्ठभूमि*	**मिमिरे**, (३१/६, २०५९ असोज), पृ. १७-२२ ।
९६. *संरचनावादी समालोचना पद्धति*	**गरिमा**, (२१/१, २०५९ पुस), पृ. २१-३० ।
९७. *संरचनावादका आधारभूत अभिलक्षणहरू*	**मिमिरे**, (३१/१२, २०५९ चैत), पृ. ३९-४२ ।
९८. *कवितामा विम्ब र विम्बविधान*	**प्रज्ञा**, पूर्णाङ्क (९७, २०५९ चैत), पृ. १३१-१३९ ।
९९. *संरचना र रूपको तात्पर्य विश्लेषण*	**गोधूलि**, (१३, २०५९ वसन्त-शिशिर), पृ.४०-४४ ।
१००. *दृष्टिबिन्दुको सैद्धान्तिक स्वरूप*	**दीपशिखा**, (१३/७, २०५९), पृ. २५-३२ ।
१०१. *संरचनावादको स्वरूप, धारा र सम्प्रदाय*	**अवलोकन**, (३/१, २०५९), पृ. १६-२३ ।
१०२. *संरचनावादको विकासमा सस्युरको योगदान*	**पाठ्यक्रम विकास पत्रिका**, (२१/३५, २०५९-२०६०),पृ. १००-१०८ ।
१०३. *संरचनाको स्वरूप र विशेषता*	**वाङ्मय**, (११/११, २०५९-२०६०), पृ. ६-१२ ।
१०४. *संरचनात्मक आख्यानशास्त्र*	**समकालीन साहित्य**, (१३/४, साउन-असोज २०६०), पृ. २४-३४ ।
१०५. *काव्यशास्त्रीय संरचनावादी चिन्तन पद्धति*	**प्रज्ञा**, (३४/९९, कात्तिक-चैत २०६०) पृ. १०८-११५ ।
१०६. *समका नाटकमा सांस्कृतिक दृष्टिकोण*	**सम शतवार्षिकी स्मारिका**, २०६०, पृ. १५५-१८८ ।
१०७. *कृतिको भाषिक संरचना*	**सम्प्रेषण**, (१/१, २०६०-२०६१), पृ. २९ ।
१०८. *कृतिको साहित्यिक संरचना*	**नोबेल**, (३/३, २०६१), पृ. १५६-१६२ ।
१०९. *परिवेशको अभिप्राय र कृतिमा यसको अवस्थिति*	**सुनकोसी**, (५, २०६१), पृ. १८७-१८९ ।
११०. *लोकसाहित्यको अध्ययन-अनुसन्धान पद्धति*	**मधुपर्क**, (३९/४, २०६३ भदौ), पृ. ६०-६२ ।
१११. *कृतिमा शैलीय चयनको भूमिका*	**वाङ्मय**, (१३ /१३, २०६३-२०६४), पृ. ५३-५६ ।
११२. *लोकवार्ता, लोकसाहित्य र शिष्ट साहित्यको सैद्धान्तिक स्वरूप*	**मिमिरे**, (३६/११, २०६४ फागुन), पृ. ४८-६० ।

११३. *उत्तरआधुनिकतासम्बन्धी विभ्रम*	**कुञ्जिनी**, (१५/१२, २०६४-२०६५), पृ. ४२-४७ ।
११४. *देवकोटामा जनजातीय सांस्कृतिक चेतना*	**कुञ्जिनी**, (१६/१३, २०६५/२०६६), पृ. २३-२६ ।
११५. *लोकगीतको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/८, २०६७ साउन), पृ. ३९-४३ ।
११६. *गीतको सैद्धान्तिक स्वरूप*	**प्रहरी**, (५२/३, २०६७ भदौ), पृ. ९-१४ ।
११७. *गजलको सैद्धान्तिक स्वरूप*	**अभिव्यक्ति**, (४१/१४९, २०६७ भदौ-असोज), पृ. १७-२२ ।
११८. *गाउँखाने कथाको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/१०, २०६७ असोज), पृ. ४०-४२ ।
११९. *घनत्ववादको सैद्धान्तिक स्वरूप*	**हिमाली गुराँस**, (१४/३०, २०६७ कात्तिक-मङ्सिर), पृ. ८-९ ।
१२०. *उखानको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/१२, २०६७ मङ्सिर), पृ. ... ।
१२१. *लोकसाहित्य, लोकवार्ता र लोकवार्ताविज्ञानको सैद्धान्तिक स्वरूप*	**नवप्रज्ञापन**, (५०, २०६७ कात्तिक-पौष), पृ. ५९-७६ ।
१२२. *विश्वपरिप्रेक्षमा उत्तरआधुनिकतासम्बन्धी दृष्टिकोण*	**भृकुटी**, (१०, २०६७, माघ-चैत), पृ. १२८-१३७ ।
१२३. *डायस्पोरा सिद्धान्त र नेपाली सन्दर्भ*	**शब्दाञ्जली**, (४/३, २०६८ वैशाख), पृ. ७-१४ ।
१२४. *भाषाको अर्थ, परिभाषा र विशेषता*	**सभा पत्रिका**, (१/१, २०६८ वैशाख), पृ. १३-१७ ।
१२५. *डायस्पोराको सैद्धान्तिक स्वरूप*	**प्रहरी**, (५३/१, २०६८ वैशाख), पृ. १३-१७ ।
१२६. *नेपालका उत्तरआधुनिक धुपौरे*	**हिमालय टाइम्स**, (२०६८ भदौ ३१), पृ. ६ ।
१२७. *गाउँमुखी साहित्य कि ठाउँमुखी*	**हिमालय टाइम्स**, (२०६८ असोज २८), पृ.७ ।
१२८. *नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप*	**अनामनगर रजत महोत्सव स्मारिका**, २०६८, पृ. १५७-१६४ ।
१२९. *आप्रवासी नेपाली साहित्यको सैद्धान्तिक र व्यावहारिक पक्ष*	**गरिमा**, (३०/१२ २०६९ मङ्सिर), पृ. ८७-९६ ।
१३०. *शोधसामग्री सङ्कलनका प्रक्रिया र पद्धति*	**PERSPECTIVE ON HIGHER EDUCATION**, Volume 7, August 2012, पृ. १०-१६ ।
१३१. *नेपाली डायस्पोरिक साहित्य : सिद्धान्त र प्रयोग*	**अनेक डायस्पोराको साहित्य**, २०७०, पृ. २०-४६ ।
१३२. *विश्वपरिप्रेक्ष्यमा उत्तरआधुनिकतासम्बन्धी दृष्टिकोण*	**बोस्टन चौतारी**, सन् २०१४, पृ. ७६-९४ ।

नेपाली गद्य कविताका भाषिक लयविधान शीर्षक लेखमा छन्द, वृत्त र जातिबारे जानकारी गराउँदै नेपाली गद्य कवितामा छन्द र लयको प्रयोगको बारेमा चर्चा गरिएको छ । यस लेखमा केही कविका गद्य कविताका केही पङ्क्तिहरू उद्धृत गरी तिनीहरूको व्याख्या विश्लेषणसमेत गरिएको छ ।

अनुसन्धान र अनुसन्धान परम्पराका केही सन्दर्भ शीर्षक लेखमा अनुसन्धानको अर्थ, परिभाषा, महत्व, प्रयोजन तथा नेपाली अनुसन्धानको बारेमा चर्चा गर्दै हालसम्म नेपाली केन्द्रीय विभागबाट जीवनी, व्यक्तित्व र कृतित्वमा भएका शोधकार्य र सिर्जनात्मक कार्यहरूको विवरण प्रस्तुत गरिएको छ ।

श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम शीर्षकको लेखमा ध्रुवचन्द्र गौतमको परिचयसहित उनका प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गर्दै उनलाई उपन्यासकार, कथाकार, नाटककार, संस्मरणात्मक निबन्धकार, कवि, अनुवादकका रूपमा चिनाइएको छ । त्यसपछि श्यामव्यङ्ग्यको परिचय दिँदै

श्यामव्यङ्ग्यका कोणबाट **दुविधा** उपन्यासको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा उपन्यासभित्र श्यामव्यङ्ग्यको प्रयोग भएका केही वाक्य तथा अनुच्छेदहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ ।

श्यामव्यङ्ग्यका कसीबाट दुविधा उपन्यासको मूल्याङ्कन शीर्षक लेखमा उपन्यासकार ध्रुवचन्द्र गौतमको परिचय प्रस्तुत गरी श्यामव्यङ्ग्यको बारेमा चर्चा गरिएको छ । विसङ्गत घटनाहरूलाई विसङ्गत पात्रका माध्यमबाट प्रस्तुत गर्नु श्यामव्यङ्ग्यको मुख्य उद्देश्य भएको बताउँदै **दुविधा** उपन्यासभित्र श्यामव्यङ्ग्यको खोजी गरी श्यामव्यङ्ग्यका कोणबाट प्रस्तुत उपन्यासको विश्लेषण गरिएको छ ।

कवितामा बिम्ब र बिम्बविधान नामक शीर्षक लेखमा बिम्बको परिचय दिँदै विभिन्न विद्वान्का बिम्बसम्बन्धी परिभाषाहरू प्रस्तुत गरिएको छ । मानसिक प्रतिफलनका चार तह ऐन्द्रीय बोध, प्रत्यक्षीकरण, अभिमत, धारणा बारे चर्चा गर्दै सरल, अमूर्त, तात्कालिक, विकीर्ण आदि बिम्बका विभिन्न प्रकारहरू प्रस्तुत गरिएको छ । यस लेखमा कवितामा बिम्बको महत्वका बारेमा पनि जानकारी गराइएको छ ।

दृष्टिबिन्दुको सैद्धान्तिक स्वरूप शीर्षक लेखमा दृष्टिबिन्दुको परिचय प्रस्तुत गर्दै सहभागिताका आधारमा दृष्टिबिन्दु सहभागी र असहभागी अर्थात् प्रथम र तृतीय गरी दुई प्रकारको हुने बताइएको छ । यसका साथै प्रथम पुरुषअन्तर्गत केन्द्रीय र परिधीय तथा तृतीय पुरुषअन्तर्गत सर्वज्ञ, सीमित र वस्तुगत पर्ने कुरासँगै प्रथम र तृतीय पुरुष दृष्टिबिन्दु दुवैका विशेषता प्रस्तुत गरिएको छ ।

समका नाटकमा सांस्कृतिक दृष्टिकोण शीर्षक लेखमा संस्कृतिको बारेमा चर्चा गर्दै टेलर, मालिनोब्स्की, होवेल आदिका संस्कृतिसम्बन्धी परिभाषाहरू प्रस्तुत गरी निष्कर्ष प्रस्तुत गरिएको छ । त्यसपछि नाटककार बालकृष्ण समको परिचयसहित उनका प्रकाशित नाटकहरूको प्रकाशन वर्ष, विषयवस्तु, प्रस्तुति, प्रवृत्तिसहित नाट्यप्रवृत्ति प्रस्तुत गरिएको छ । समका नाटकमा पाइने आध्यात्मिक, भौतिक, लोकप्रचलित, वर्गीय, जातीय, यथार्थवादी, लोकोक्तिमूलक, गायन बादन र नर्तनमा आधारित आदि विभिन्न शीर्षकका नाटकमा पाइने संस्कृतिको बारेमा चर्चा गरिएको छ । पद्य नाटक लेखनको प्रारम्भ गर्ने समका प्रायः नाटकहरू 'अ' बाट सुरु भएको कुरा पनि प्रस्तुत लेखमा उल्लेख गरिएको छ ।

परिवेशको अभिप्राय र कृतिमा यसको अवस्थिति शीर्षक लेखमा परिवेश अन्तर्गत स्थान, समय र वातावरण पर्ने कुराको जानकारी गराई परिवेशको परिचय प्रस्तुत गर्दै परिवेशका प्रकारहरूमा बाह्य र आन्तरिक परिवेशको बारेमा चर्चा गरिएको छ ।

लोकसाहित्यको अध्ययन-अनुसन्धान पद्धति शीर्षक लेखमा लोकसाहित्यको अध्ययन अनुसन्धान परम्पराको चर्चा गर्दै अध्ययन अनुसन्धानका ऐतिहासिक, वर्णनात्मक, तुलनात्मक, मनोविश्लेषणात्मक, मानवशास्त्रीय, भाषावैज्ञानिक, साहित्यशास्त्रीय, संरचनावादी पद्धतिहरूको बारेमा प्रत्येक पद्धतिका प्रवर्तक र विषयवस्तुको प्रस्तुतिसहित व्याख्या गरिएको छ ।

कृतिमा शैलीय चयनको भूमिका शीर्षक लेखमा संरचनात्मक शैलीविज्ञानका आधारमा साहित्यिक कृतिमा चयन गरिने शैलीको परिचय दिने आधार प्रस्तुत गर्दै भाषाका पद, पदावली, वाक्यांश र वाक्यगत

एकाइहरूमा निहीत सौन्दर्य व्यवस्थालाई पहिल्याएर शैली चयन गर्न सकिने कुरा प्रस्तुत गरिएको छ । यसमा शैली चयनको परिचयसहित पर्यायवाची, व्यवहारिक, शैलीय, व्याकरणिक, विशिष्ट पारिभाषिक, वाक्यात्मक चयन आदि बारे पनि चर्चा गरिएको छ ।

लोकवार्ता, लोकसाहित्य र शिष्ट साहित्यको सैद्धान्तिक स्वरूप शीर्षक लेख **नवप्रज्ञापन**, (५०, २०६७ कात्तिक-पौष) मा पनि प्रकाशित छ । यसमा सन् १९४६ मा विलियम जन टम्सनले निर्माण र प्रयोग गरेको लोकवार्ता शब्दबारे जानकारी गराउँदै यसले लोकसम्बन्धी सामग्री र त्यसको अध्ययन भन्ने अर्थ दिने कुरा प्रस्तुत गरिएको छ । त्यसपछि लोकसाहित्यको वास्तविक अर्थ लोकलाई हेर्ने हो भन्दै यसको महत्व र प्रकारबारे चर्चा गरी लोकसाहित्य र शिष्टसाहित्यका समानता र भिन्नता प्रस्तुत गरिएको छ र अन्त्यमा लोकवार्ता र लोकसंस्कृतिको वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई लोकवार्ताविज्ञान भनिने कुरा जानकारी गराइएको छ ।

उत्तरआधुनिकतासम्बन्धी विभ्रम शीर्षक लेख **हाम्रो ध्वनि** (४१/१, २०६७, मङ्सिर-पुस) मा पनि प्रकाशित छ । यसमा उत्तर आधुनिकताबारे जानकारी गराउँदै आधुनिकता र उत्तरआधुनिकतावादका विशेषतासहित उत्तरआधुनिकतासम्बन्धी दृष्टिकोण र प्रमुख परिचायक अभिलक्षणहरू प्रस्तुत गरिएको छ । उत्तरआधुनिकतावाद बहुलतावाद, बहुकेन्द्रीयतावाद, नवअग्रसरता, निम्न संस्कृतिलाई जोड आदिजस्ता शक्ति र अपरिभाषेयता, अस्पष्टता, अनिर्णिता, विशृङ्खलताजस्ता यसका सीमाहरू प्रस्तुत गर्दै नेपाली साहित्यमा भने यसको मन लागि प्रयोग गरिएको कुराको चर्चा गर्दै यसलाई आफ्नो परिवेश अनुसार हेरिनुपर्ने र व्याख्या गरिनुपर्ने कुरा प्रति सचेत गराइएको छ ।

देवकोटामा जनजातीय सांस्कृतिक चेतना शीर्षक लेखमा देवकोटा र उनका प्रकाशित कृतिहरूको बारेमा जानकारी गराउँदै २०२५ सालमा प्रकाशित आख्यानात्मक संरचनायुक्त **लुनी** काव्यको विश्लेषण गरिएको छ । जातीय संस्कृतिमा आधारित यस काव्यमा प्रेमको शास्वतता र अमरता दर्साइएको कुरालाई पनि प्रस्तुत गरिएको छ ।

गीतको सैद्धान्तिक स्वरूप शीर्षक लेखमा गीतको व्युत्पत्ति अर्थ, परिचय, परिभाषा र स्वरूपबारे चर्चा गर्दै गीतको संरचनाअन्तर्गत स्थायी र अन्तरा तथा संरचक घटकअन्तर्गत वस्तु र भाषाशैलीय विन्यासका बारेमा व्याख्या गरिएको छ । अन्त्यमा गीत र गजलको तुलना गर्दै यी दुईका बीचको समानता र भिन्नता प्रस्तुत गरिएको छ ।

गजलको सैद्धान्तिक स्वरूप शीर्षक लेखमा गजलको स्रोत, व्युत्पत्ति र अर्थबारे विभिन्न दृष्टिकोण प्रस्तुत गर्दै गजलको परिभाषा र स्वरूप, संरचना र संरचक घटकहरूका बारेमा चर्चा गरिएको छ । गजलको संरचनाअन्तर्गत सेर, काफिया, रदिफ, तखल्लुस, बहर तथा संरचक घटकअन्तर्गत भाषा, विषयवस्तु, भाषाशैलीय विन्यास बारे व्याख्या गर्दै अन्त्यमा गीत र गजलबीचको समानता र भिन्नता प्रस्तुत गरिएको छ ।

गाउँखाने कथाको सैद्धान्तिक स्वरूप शीर्षक लेखमा गाउँखाने कथाको बारेमा चिनारी गराई विभिन्न भाषाका केही गाउँखाने कथाका प्रश्न र उत्तरहरू प्रस्तुत गर्दै मार्टिन ग्रे, कडन आदिका गाउँखाने कथासम्बन्धी

परिभाषाहरू प्रस्तुत गरिएको छ । यसका साथै गाउँखाने प्रक्रिया र गाउँखाने कथाका विशेषताबारे पनि जानकारी गराइएको छ ।

घनत्ववादको सैद्धान्तिक स्वरूप शीर्षक लेखमा चित्रकार पाब्लो पिकासो र जर्जेस ब्राकद्वारा प्रतिपादित घनत्ववादको नामाकरण, परिचय र विकासक्रमबारे जानकारी गराउँदै चित्रमा मानिस वा प्राकृतिक वस्तुको रूप भङ्गरेखाबाट नभई ज्यामितीय आकारबाट प्राप्त गर्ने शैलीलाई घनत्ववाद भनिने कुरा प्रस्तुत गरिएको छ । अमूर्त शैलीको प्रयोग पाइने घनत्ववादको प्रभाव चित्रकलासँगै कविता क्षेत्रमा परेको कुरासँगै शक्ति नै सोन्दर्य ठान्नु, सोझो रेखालाई बलियो मान्नु, अमूर्तताको प्रयोग र ज्यामितीय वा रूपाकारलाई घनआकार प्रदान गर्नु जस्ता यसका मान्यताहरू समेत प्रस्तुत गरिएको छ ।

लोकसाहित्य, लोकवार्ता र लोकवार्ताविज्ञानको सैद्धान्तिक स्वरूप शीर्षक लेखमा लोकसाहित्यको परिचय, परिभाषा, स्वरूप, विशेषता, महत्व र प्रयोजनबारे जानकारी गराउँदै लोकवार्ताको परिचय, परिभाषा, स्वरूप, प्रकार तथा लोकवार्ताविज्ञानको परिचय र परिभाषा प्रस्तुत गरी लोकसाहित्य र लोकवार्ता बीच घनिष्ट सम्बन्ध रहेको कुरा प्रस्तुत गरिएको छ ।

विश्वपरिप्रेक्षमा उत्तरआधुनिकतासम्बन्धी दृष्टिकोण शीर्षक लेखमा उत्तरआधुनिकताको परिचय प्रस्तुत गर्दै आधुनिकता र उत्तर आधुनिताबीच तुलना गरिएको छ । उत्तर आधुनिकताका परिचायक अभिलक्षण, शक्ति र सीमा प्रस्तुत गरी आधुनिकताको नेपाली सन्दर्भ प्रस्तुत गरिएको छ ।

डायस्पोरा सिद्धान्त र नेपाली सन्दर्भ शीर्षक लेखमा डायस्पोराको ऐतिहासिक, वर्तमान र नेपाली सन्दर्भबारे चर्चा गर्दै डायस्पोरासम्बन्धी उब्जिएका गम्भीर प्रश्नहरू प्रस्तुत गरिएको छ । कतिपय व्यक्तिहरूले डायस्पोराको अर्थ नै नबुझी उक्त शब्दको प्रयोग गर्ने कुरा बताउँदै केही डायस्पोरिक कृति र कृतिकारको विवरण प्रस्तुत गरिएको छ । उक्त लेखमा कुन कृति वास्तविक डायस्पोरिक हो भन्ने कुरा निक्यौंल गरेर नछुट्याएमा भविष्यमा गञ्जागोल उत्पन्न हुनसक्ने कुराप्रति पनि सचेत गराइएको छ ।

डायस्पोराको सैद्धान्तिक स्वरूप शीर्षक लेखमा डायस्पोराको ऐतिहासिक र वर्तमान सन्दर्भ प्रस्तुत गर्दै डायस्पोराको वास्तविक अर्थ र प्रयोग सन्दर्भ प्रस्तुत गरिएको छ । यसका साथै यस लेखमा डायस्पोरा र डायस्पोरिक साहित्यको बारेमा जानकारीसहित यसका विशेषताहरू प्रस्तुत गरिएको छ ।

नेपालका उत्तरआधुनिक धुपौरे शीर्षकमा उत्तरआधुनिकताको परिचयसहित यसका विशेषताहरूबारे प्रस्तुत गरिएको छ । क्रान्तिकारीभन्दा पनि अराजकता पाइने उत्तरआधुनिकतावादका समर्थकहरूले अति प्रशंसा र विरोधीहरूले अति प्रशंसा गर्ने र विरोधीहरूले अति निन्दा गर्ने प्रवृत्ति रहेको कुराबारे जानकारी दिँदै लुइटेलले जानेर र नजानेर दुवै किसिमले उत्तरआधुनिकताको प्रयोग हुँदै आएको र आधुनिकतासमेत नबुझेका मध्यकालीन मानिसकता बोकेका धुपौरेहरूले उत्तरआधुनिकताको बखान गर्ने प्रवृत्तिले गर्दा नेपाली साहित्यमा उत्तरआधुनिकता नै बदनाम हुन पुगेको कुरा प्रस्तुत गरेका छन् । पश्चिममा लवाइमा तथा नेपाली राजनीतिमा नग्नता छाएजस्तै नेपालीमा बज्रस्वाँठहरूको व्याख्याबाट उत्तरआधुनिकताको चीरहरण भएको भन्दै नेपाली साहित्यको गति त्यति धेरै अगि बढ्न नसक्नुमा आफूले भूमिका लेखेजति कृतिलाई दशक वा शतककै उत्कृष्ट

भनिदिने चलन रहेको तथा अन्तर्वाता दिनुपरे विदेशी लेखकको फलानो कृति पढ्दैछु भन्ने प्रवृत्ति रहेको कुरा प्रस्तुत गरी मुद्रणगत सुगमताका कारण साहित्य लेखन र प्रकाशनमा व्यापकता आएको, साहित्यकारको सङ्ख्यामा अधिक बृद्धि भए पनि वास्तविक साहित्यको सङ्ख्यामा ह्रास आएकोले गर्दा साहित्यको विकासका लागि साहित्यकार र साहित्यको सङ्ख्यामा समानुपातिकता र समानता आउनुपर्ने हाम्रा कतिपय साहित्यकारहरू पनि पश्चिमा साहित्यकारहरू पनि पश्चिमा परिपाटीको अन्धानुकरण गरी नयाँ प्रयोग र निर्माण गरँ भन्दै डङ्का पिटिरहेका र कोही नयाँ प्रयोगका नाममा मनचिन्ते बखान गरिरहेका कुरा प्रस्तुत गरेका छन् । पश्चिमी जगत्बाट आएको उत्तरआधुनिकतावादसम्बन्धी सन्दर्भलाई पश्चिमा अन्धानुकरण गर्ने तर्फ नभई आफ्नो परिवेशअनुरूप हेरिनु र प्रयोग गरिनु बढी सान्दर्भिक हुने कुरा प्रस्तुत गर्दै नेपालीका उत्तरआधुनिकताको अनावश्यक व्याख्या गरेर अनि जथाभावी धुप हालेर त्यसलाई थप मधौरु बनाउन नहुने तथा आफ्ना रचनालाई भयङ्कर र अद्भुत निर्माण वा पहाडै फुटाउने रचनाका रूपमा दिने र अरूका राम्रै रचनालाई पनि अहंकारीवृत्तिबाट साहित्यकारहरू मुक्त रहनुपर्ने कुरा सँगै समालोचकहरूले पनि अतिसयोक्तिपूर्ण ढङ्गले नभई तटस्थ र वस्तुवादी भएर यथार्थपरक ढङ्गले मूल्याङ्कन गरिनुपर्ने परिपाटीको विकास हुनुपर्ने कुरा प्रस्तुत गरेका छन् ।

गाउँमुखी साहित्य कि ठाउँमुखी शीर्षकमा लुइटेलले कुनै पनि मुलुकको साहित्यलाई स्वच्छन्दतावादी, परिष्कारवादी, परिष्कारवादी आदि विभिन्न नाम दिइए तापनि साहित्यको प्रत्यक्ष, परोक्ष सम्बन्ध लोकसाहित्यसँग रहेको कुरा प्रस्तुत गर्दै यसको सम्बन्ध गाउँ र सहरभन्दा पनि स्थान विशेषसँग सम्बन्धित रहेको तर अहिलेसम्मका धेरैजसो लोकसाहित्यका कथा, गीत, गाथा, नाटक आदि विभिन्न विधाहरूको उद्गमस्थल गाउँलाई मान्न सकिने स्थिति रहेको कुरा प्रस्तुत गरेका छन् । उनले गाउँ र सहरको परिचय प्रस्तुत गरी साहित्यमा अनेक प्रकारका स्रष्टा भएझैं तिनलाई न्वारन गर्ने द्रष्टाहरूको पनि कमी नभएको, एउटै रचनालाई कसैले उत्तम र कसैले खत्तम भन्ने तथा कसैले घोर प्रतिगामी र कसैले चरम अग्रगामी अनि कसैले उत्तरआधुनिकताको बिल्ला भिराइदिने त कसैले परम्पराकै किल्लामा चौखुर्याउने गरेको कुरा प्रस्तुत गर्दै साहित्यलाई अहिलेसम्म कसैले गाउँवादी र सहरवादी कित्तामा दर्ता गरी गाउँले र सहरीया साहित्य भनेर नामकरण नै चैं नगरेको देखिए पनि सन्दर्भ, प्रसङ्ग र परिवेश वर्णनको प्राधान्यका भने आधारमा यसलाई छुट्याए पनि फरक नपर्ने कुरा प्रस्तुत गरेका छन् । साहित्यको वस्तु, सहभागी आदिका सन्दर्भबाछ भन्दा बढी परिवेश चित्रणका आधारमा रचनाहरूलाई गाउँमुखी र ठाउँमुखी गरी दुई कित्तामा दर्न सकिने तथा गाउँमा बसेर सहरका बारेमा र सहरमा बसेर गाउँका बारेमा लेखिएका रचनाहरूलाई यसमा समावेश गर्न सकिने बताएका छन् । पोखरेली युवा कविहरूले गाउँमै गएर गाउँका बारेमा कविता लेख्ने, ग्रामीण मौलिक प्रकृति र संस्कृतिको संरक्षण गर्ने गाउँमुखी साहित्यिक अभियानको प्रसङ्ग उठाउँदै यस प्रकारको स्थलगत गाउँमुखी रचना साहित्यको सङ्ख्यात्मक विकासका दृष्टिले उपयुक्त भए पनि गुणात्मक विकासका लागि चाहिँ त्यति उपयुक्त नहुने बताएका छन् । अन्त्यमा भौतिक सुख सुविधाका दृष्टिले गाउँभन्दा सहर सम्पन्न भए पनि सांस्कृतिक, प्राकृतिक दृष्टिले सहरभन्दा गाउँ निकै सम्पन्न भएको कुरासहित गाउँमुखी साहित्य संसारका

जुनसुकै मुलुकमा प्रशस्त भएकाले तिनलाई छुट्ट्याएर अध्ययन गर्नु आवश्यक भएको कुरा प्रस्तुत गरेका छन् ।

नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप शीर्षक लेखमा नारीवादी समालोचना र यसका प्रवृत्तिहरू प्रस्तुत गर्दै नारीमुक्ति आन्दोलन र साहित्य चिन्तनको सुरुवात पश्चिमी मुलुकमा अठारौँ शताब्दीबाटै थालिएको भए तापनि नारीवादी साहित्य र समालोचनाको लेखन भने सोवाल्टर, क्रिष्टिभा आदि द्वारा सन् १९७० पछि मात्र भएको कुरा उल्लेख गर्दै नारीवादी समालोचनाको विकासका विभिन्न धाराहरूको बारेमा चर्चा गरिएको छ । अन्त्यमा युगौँदेखि दबिएका शोषित, प्रताडित नारीलाई पुरुष समान स्थान दिने अभियान चलाएर नारीवादी चिन्तनले अक्षुण्ण विकास गरेको कुरा प्रस्तुत गरिएको छ ।

आप्रवासी नेपाली साहित्यको सैद्धान्तिक र व्यावहारिक पक्ष शीर्षक लेखमा डायस्पोराको प्रयोग र सन्दर्भ प्रस्तुत गर्दै डायस्पोरा र डायस्पोरिक साहित्यबारे जानकारी गराइएको छ । नेपाली सन्दर्भमा डायस्पोरिक शब्दको जथाभावी प्रयोग हुन थालेको प्रसङ्ग उठाउँदै अर्थ, सन्दर्भ र तात्पर्य बुझी त्यस क्षेत्रका सम्बद्ध कृतिको अध्ययनपछि मात्र कृति विश्लेषण गरी छुट्याउनुपर्ने कुरा प्रस्तुत गरी डायस्पोरिक साहित्यसम्बन्धी उब्जिएका प्रश्नहरू उल्लेख गर्दै आफैँले लेखेको कृति र आफ्नै लेख प्रथम र महत्वपूर्ण हो भन्न पछि नपर्नेजस्ता साहित्यकारहरूका प्रवृत्तिको समेत चर्चा गरिएको छ ।

शोधसामग्री सङ्कलनका प्रक्रिया र पद्धति शीर्षक लेखमा लोकसाहित्यको अध्ययन अनुसन्धान पद्धतिहरू बारे जानकारी गराउँदै लोकसाहित्यसँग सम्बद्ध शोध विशेषत: क्षेत्रीय अध्ययन वा क्षेत्रीय कार्यमा आधारित हुने कुरा बताइएको छ । शोधका क्रममा सामग्री सङ्कलन प्रक्रिया, सामग्री सङ्कलनमा ध्यान दिनुपर्ने कुराहरू, सामग्री सङ्कलन पद्धतिको बारेमा चर्चा गर्दै लोकसाहित्यसँग सम्बद्ध शोधकार्यमा क्षेत्रीय पद्धति उपयुक्त हुने कुरा प्रस्तुत गर्दै क्षेत्रीय कार्यको महत्व र उपयोगिता, सामग्री सङ्कलनका चरण र सामग्रीको अध्ययन आदि शोधकार्यसँग सम्बद्ध चरणहरूको बारेमा जानकारी गराइएको छ ।

नेपाली डायस्पोरिक साहित्य : सिद्धान्त र प्रयोग शीर्षक लेखमा डायस्पोराको वर्तमान स्थितिका साथै डायस्पोराको सैद्धान्तिक स्वरूप र यसको नेपाली सन्दर्भबारे जानकारी गराइएको छ । केही डायस्पोरिक कृतिबारे चर्चा गरी त्रि.वि. नेपाली केन्द्रीय विभागबाट डायस्पोरिक साहित्यसम्बन्धी भएका शोधकार्यहरू उल्लेख गरिएको प्रस्तुत लेखमार्फत डायस्पोरा शब्दको जथाभावी प्रयोग हुन थालेकोमा यसबाट पर्ने असरबाट सचेत रही शब्दको सही र उपयुक्त ठाउँमा प्रयोग गर्नुपर्ने कुरा प्रस्तुत गर्दै डायस्पोराप्रतिको व्याप्त दिग्भ्रम र तिनको निराकरणका उपायहरू प्रस्तुत गरिएको छ । आफूलाई उत्तरआधुनिक भन्न रुचाउने यताका हाम्रा साहित्यकारहरूले जस्तोसुकै साहित्यलाई डायस्पोरिक भनिदिने कुरा उल्लेख गर्दै वस्तुगत जानकारीपछि मात्र उक्त शब्दको प्रयोग गरिनुपर्ने तथा जस्तोसुकै साहित्यलाई डायस्पोरिक साहित्य भन्न नमिल्ने कुरा प्रस्तुत गरी साहित्यकारहरू फुटेर हैन जुटेर बस्नुपर्ने र बाहिर बस्ने साहित्यकारहरूको यथोचित मूल्याङ्कन गरिनुपर्ने कुरा प्रस्तुत गरिएको छ ।

यी बाहेकका विभिन्न शीर्षकका लेखहरू एकभन्दा बढी शीर्षकमा पर्ने हुनाले तिनीहरूको विश्लेषण माथि विभिन्न शीर्षकहरूमा गरिएको छ ।

५.३.४ व्यक्ति र योगदानसँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका व्यक्ति र उसका योगदानसँग सम्बन्धित शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
४७. *नेपाली साहित्यमा रमेश विकल*	**बिन्दु**, (३४/८८-९०, सन् १९९५ जनवरी-मार्च), पृ. १६-२३ ।
४८. *शैलीवैज्ञानिक समालोचक मोहनराज शर्मा*	**ब्रह्मपुत्र**, (२/२, २०५२-२०५३), पृ. ४४-४८ ।
४९. *नेपाली साहित्यमा मोहनराज शर्माको योगदान*	**प्रक्रिया**, (११/१९, सन् १९९७/२०५३), पृ. ६१-७२ ।
५०. *साहित्यकार मोहनराज शर्मा*	**गरिमा**, (१५/५, २०५४ वैशाख), पृ. ७१-७९ ।
५१. *केशवप्रसाद उपाध्यायको समालोचकीयता*	**सगर**, (४/१-२, २०५६ वैशाख-असोज), पृ.२१-२५ ।
५२. *भोजपुरीका साहित्यकार गोपाल अश्क*	**नेपाल जागरण**, (२०५६ माघ १७), पृ. ३ ।
५३. *तारानाथ शर्माका समालोचनात्मक प्रवृत्ति*	**गरिमा**, (१८/९, २०५७ भदौ), पृ. २३-२७ ।
५४. *नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान*	**गरिमा**, (२०/६, २०५९ जेठ), पृ. ३०-४३ ।
५५. *नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान*	**आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम**, २०६०, पृ. ८-२४ ।
५६. *नेपाली नाटक र उपन्यासमा गोठालेको योगदान*	**मधुपर्क**, (३९/९, २०६३ माघ), पृ. १५-२० ।
५७. *युगकविको सम्झनामा*	**गोरखापत्र**, (२०६४ जेठ ९), पृ. ६ ।
५८. *ओझेलमा परेका साहित्यकार हरिहर शास्त्री*	**शास्त्रीमार्ग स्मारिका**, (२०६७ जेठ), पृ. ३७-४५ ।
५९. *नेपाली साहित्यमा रमेश विकलको योगदान*	**नवज्योति**, (६/६, २०६७ साउन-भदौ), पृ. १-१५ ।
६०. *नेपालीका विशिष्ट समालोचक तारानाथ शर्मा*	**जनमत**, (२७/८, २०६७ भदौ), पृ. १२-१६ ।
६१. *नेपालीका विशिष्ट साहित्यकार रमेश विकल*	**रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक**, २०६७, पृ.२३-३६ ।
६२. *प्रगतिवादी उपन्यासकार हृदयचन्द्रसिंह प्रधान*	**दीपशिखा**, (२२/१४ २०६८), पृ. ५२-६५ ।
६३. *नेपालीका विशिष्ट प्रगतिवादी साहित्यकार मोदनाथ प्रश्रित*	**शब्दसंयोजन** (मोदनाथ प्रश्रित विशेषाङ्क), (८/१२, २०६८ चैत), पृ. ८२-८७ ।
६४. *उपन्यासकार कृष्ण जोशी*	**रचना**, (५२/११८, २०६९ वैशाख(जेठ), पृ. ६८-७० ।
६५. *नियात्राकार प्रतीक ढकाल*	**जनमत**, (२९/७, २०६९ साउन), पृ. १३-१६ ।
६६. *ऐतिहासिक उपन्यासकार डायमन शमशेर राणा*	**डायमन शमशेर : चिन्तन र चित्रण**, २०६९, पृ. १७२-१७५ ।
६७. *विशिष्ट समालोचक तारानाथ शर्मा*	**तारानाथ शर्मा सङ्घर्ष र प्राप्ति**, २०६९, पृ. ८६-९३ ।
६८. *नेपालीका विशिष्ट कवि वसन्त शर्मा लुइटेल*	**लुइटेल कल्प**, (१/१, २०७० वैशाख), पृ. ३३-३९ ।
६९. *नेपाली साहित्यमा भानुभक्त आचार्यको योगदान*	**सिर्जना**, (६/१७, २०७१ वैशाख-असार), पृ. २०-३१ ।

नेपाली साहित्यमा रमेश विकल शीर्षक लेखमा रमेश विकलको व्यक्ति परिचय प्रस्तुत गर्दै उनका प्रकाशित कृतिहरूको विवरण दिइएको छ । विकललाई कथाकार, उपन्यासकार, यात्रावृत्ताकारका रूपमा चिनाई उनका साहित्यिक विशेषतासहित केही कृतिको विश्लेषण गरिएको छ ।

शैलीवैज्ञानिक समालोचक मोहनराज शर्मा शीर्षक लेखमा मोहनराज शर्माको परिचय दिई उनका प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गरिएको छ । त्यसपछि समालोचना परम्पराको विकासक्रम प्रस्तुत गर्दै शैलीविज्ञान र शैलीवैज्ञानिक समालोचनाका प्रारम्भकर्ता शर्माका समालोचनात्मक प्रवृत्तिहरूको विश्लेषण गरिएको छ ।

नेपाली साहित्यमा मोहनराज शर्माको योगदान शीर्षक लेखमा मोहनराज शर्माको परिचय प्रस्तुत गरी शर्मालाई कथाकार, नाटककार, एकाङ्कीकार, निबन्धकार, भाषा व्याकरणकार, समालोचक, सम्पादक/भूमिका लेखक, सहलेखक, अनुवादकका रूपमा चिनाइएको छ र प्रत्येक विधाका उनका प्रकाशित कृतिहरूसहित विधागत विशेषता प्रस्तुत गरिएको छ ।

साहित्यकार मोहनराज शर्मा शीर्षक लेखमा मोहनराज शर्माको परिचय र प्रकाशित कृतिको विवरण प्रस्तुत गरी उनलाई शैलीवैज्ञानिक समालोचना पद्धतिका प्रवर्तकका रूपमा चिनाइएको छ । यो लेख शैली वैज्ञानिक समालोचक मोहनराज शर्मा शीर्षक लेखसँगै सम्बन्धित रहेको छ ।

केशवप्रसाद उपाध्यायको समालोचकीयता शीर्षक लेखमा वि.सं. १९९० सालमा जन्मिएका केशवप्रसाद उपाध्यायलाई संलग्नता, प्रकाशित कृतिहरू र प्राप्त पुरस्कारसहित चिनाउँदै उनलाई सैद्धान्तिक, ऐतिहासिक र प्रभाववादी समालोचकका रूपमा प्रस्तुत गरिएको छ । यसका साथै उपाध्यायका समालोचनामा तुलनात्मकता, अनुसन्धान, सैद्धान्तिक व्याख्या र गहन विश्लेषणजस्ता प्रवृत्तिहरू पाइने कुरा उल्लेख गरिएको छ ।

भोजपुरीका साहित्यकार गोपाल अश्क नामक शीर्षक लेखमा २०१९ साल पुसमा पर्सा जिल्लाको भेडीगाउँ भन्ने ठाउँमा जन्मिएका तथा खास नाम गोपालप्रसाद खर्साब रहेका गोपाल अश्कको संलग्नता र उनका प्रकाशित पुस्तकहरूबारे जानकारी गराइएको छ । ध्रुवचन्द्र गौतमद्वारा लिखित मदन पुरस्कार प्राप्त कृति **अलिखित**लाई समेत भोजपुरीमा रूपान्तरण गर्ने अश्क साहित्यकार, अनुसन्धाता, सम्पादक, अनुवादकका साथै भोजपुरी साहित्यका प्रथम महाकाव्यकार भएको कुरा उल्लेख गर्दै नेपाली साहित्य सिर्जनातर्फ अग्रसर नभएका अश्कको अबको लेखनी नेपाली साहित्य सिर्जनातर्फ पनि अग्रसर बनोस् भन्ने शुभकामना प्रस्तुत गरिएको छ ।

तारानाथ शर्माका समालोचनात्मक प्रवृत्ति शीर्षक लेखमा शर्माको व्यक्ति परिचयसँगै उनका प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गरिएको छ । *नारी र समाज* नामक समालोचनात्मक लेखबाट समालोचना लेखनको प्रारम्भ गरेका शर्माका समालोचनाहरूमा प्रभाववादी, प्रगतिवादी, तुलनात्मक, ऐतिहासिक, निर्णयात्मक, अनुसन्धानात्मक, विश्लेषणात्मक जस्ता प्रवृत्तिहरू पाइने कुरा उल्लेख गरिएको छ ।

नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान शीर्षक लेख **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम** कृतिमा पनि प्रकाशित छ । यसमा ध्रुवचन्द्र गौतमको परिचय प्रस्तुत गर्दै उनको संलग्नता, भ्रमण र उनले प्राप्त गरेका पुरस्कारबारे जानकारी गराइएको छ । गौतमलाई कथाकार, उपन्यासकार, कवि तथा गीतकार, नाटककार/एकाङ्कीकारका रूपमा चिनाउँदै उनका प्रकाशित विविध विधाका कृतिहरूको परिचय प्रस्तुत गरिएको छ ।

नेपाली नाटक र उपन्यासमा गोठालेको योगदान शीर्षकको लेखमा गोठालेको सङ्क्षिप्त परिचय प्रस्तुत गरी उनको संलग्नता र प्राप्त पुरस्कारहरूको विवरण प्रस्तुत गरिएको छ । त्यसपछि चरमकै अवस्थामा विषयवस्तुलाई अप्रत्यासित रूपमा समापन गर्ने उनको प्रमुख नाट्यगत तथा उपन्यासगत प्रवृत्ति भएको बताउँदै नेपाली उपन्यासका क्षेत्रमा गोठालेको उल्लेखनीय योगदान रहेको कुरा प्रस्तुत गरिएको छ ।

युगकविको सम्झनामा शीर्षक लेखमा वि.स. १९६९ मा ओखलढुङ्गामा जन्मिएका स्वच्छन्दतावादी धाराका विशिष्ट काव्य साधक सिद्धिचरण श्रेष्ठको प्रगीतात्मक, आख्यानात्मक संरचनायुक्त कविताका साथै बालसाहित्य क्षेत्रमा उल्लेख्य योगदान रहेको कुरा प्रस्तुत गरी मानवतावादी भावना, देशप्रेम र राष्ट्रवाद प्रकृतिप्रेम आदि जस्ता उनका कवितात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ । कर्मवादी-मानवतावादी बन्ने सन्देश प्रदान गर्ने उनका कविताको मुख्य उद्देश्य विविध सन्दर्भबाट युगीन यथार्थ प्रस्तुत गर्नु रहेको बताउँदै श्रेष्ठ नेपालीकै विशिष्ट कवि हुनका साथै सिङ्गो नेपाली कविताको इतिहासमा उनको महत्वपूर्ण योगदान रहेको कुरा प्रस्तुत गरिएको छ ।

ओझेलमा परेका साहित्यकार हरिहर शास्त्री शीर्षक लेखमा वि.सं. १९८० मा जन्मिएका हरिहर शास्त्रीको पेशागत संलग्नता, प्रकाशित पुस्तकाकार कृति र प्राप्त पुरस्कारहरूसहित उनको चिनारी गराइएको छ । त्यसपछि कवि, उपन्यासकार, निबन्धकार हरिहर शास्त्रीको साहित्ययात्रालाई दुई चरणमा विभाजन गरेर गद्यकार र पद्यकार हरिहर शास्त्री गरी दुई शीर्षकमा उनका प्रकाशित कृति तथा कृतिगत प्रवृत्तिलाई प्रस्तुत गरिएको छ ।

नेपाली साहित्यमा रमेश विकलको योगदान शीर्षक लेखमा वि.सं.१९८५ मा जन्मिएका रमेश विकलको परिचयसहित उनका प्रकाशित कृति र प्राप्त पुरस्कारहरूको विवरण प्रस्तुत गरिएको छ । विकललाई कथाकार, निबन्धकार, नाटककार/एकाङ्कीकारका रूपमा चिनाउँदै उनका विधागत प्रवृत्तिहरूलाई बेग्लाबेग्लै शीर्षकमा प्रस्तुत गरिएको छ ।

नेपालका विशिष्ट समालोचक तारानाथ शर्मा शीर्षक लेखमा १९९१ सालमा इलाममा जन्मिएका तारानाथ शर्माको संलग्नता, प्रकाशित कृति र प्राप्त पुरस्कारहरूको विवरण प्रस्तुत गरिएको छ । प्रारम्भतिरका उनका समालोचना चिन्तनमा मार्क्सवाद र शैलीशिल्पमा भ्रर्रोवाद पाइने कुरा प्रस्तुत गर्दै प्रभाववादी समालोचक शर्माका समालोचनामा पाइने अभिव्यक्तिगत निर्भीकता, निडरता र निर्णयात्मकताजस्ता समालोचना शिल्पहरूको चर्चा गरिएको छ ।

नेपालीका विशिष्ट साहित्यकार रमेश विकल शीर्षक लेखमा वि.सं. १९८५ मा जन्मिएका रमेश विकलको पारिवारिक आर्थिक अवस्था, संलग्नता, प्रकाशित विभिन्न विधाका कृतिहरू र प्राप्त पुरस्कारहरूको विवरण प्रस्तुत गर्दै उनलाई कथाकार, उपन्यासकार, निबन्धकार, नाटक/एकाङ्कीकार, बालसाहित्यकार आदिका रूपमा चिनाइएको छ । यसका साथै विकलका प्रत्येक विधाका विधागत विशेषताहरू प्रस्तुत गरी उनका प्रायः सबै कृतिहरूमा सामाजिक यथार्थवादी चिन्तन पाइने कुरा प्रस्तुत गरिएको छ ।

प्रगतिवादी उपन्यासकार हृदयचन्द्रसिंह प्रधान शीर्षक लेखमा प्रधानका प्रकाशित एकाङ्की, कथा, उपन्यास, निबन्ध, समालोचना, भाषाव्याकरणसँग सम्बन्धित कृतिहरू प्रस्तुत गर्दै उनलाई उपन्यासका क्षेत्रमा समाजवादी, यथार्थवादी/प्रगतिवादी धाराको प्रवर्तन गर्ने उल्लेख्य उपन्यासकारका रूपमा चिनाइएको छ । **एकचिहान** र **स्वास्नीमान्छे** उपन्यासको विभिन्न कोणबाट व्याख्या विश्लेषण गरी उनका उपन्यासगत प्रवृत्तिहरूमा विचारप्रधान, सुधारवादी, मानवतावादी, समाजवादी, यथार्थवादी प्रवृत्तिको चर्चा गरिएको छ ।

नेपालीका विशिष्ट प्रगतिवादी साहित्यकार मोदनाथ प्रश्रित शीर्षक लेखमा मोदनाथसँगको परिचयको प्रसङ्ग र शोध लेखनको प्रसङ्ग उठाउँदै उनका बारेमा हालसम्म त्रि.वि. नेपाली केन्द्रीय विभागबाट भएका शोधहरूको विवरण प्रस्तुत गरिएको छ । प्रश्रितलाई गीतकार, निबन्धकार, नाटककार, उपन्यासकारका रूपमा चिनाई उनका प्रत्येक व्यक्तित्वको बारेमा बेग्लाबेग्लै शीर्षकमा चर्चा गरिएको छ । अन्त्यमा उनका साहित्यिक प्रवृत्तिहरू प्रस्तुत गरी समग्रमा उनलाई प्रगतिवादी साहित्यकारका रूपमा चिनाइएको छ ।

उपन्यासकार कृष्ण जोशी शीर्षक लेखमा वि.सं. १९९९ मा जन्मिएका कृष्ण जोशीका **मृत्यु दोहारिन्छ म बाँचे भने** (२०३४), **असम्मत सम्मत** (२०५१), **काठमाडौँ वरिपरि** (२०५६) गरी तिनवटा उपन्यासको विषयवस्तु र प्रयुक्त भाषाशैलीको बारेमा जानकारी प्रस्तुत गरिएको छ । यसका साथै सामाजिकता, आदर्शोन्मुख यथार्थवादिता, मनोविश्लेषणात्मकता, मानवीय प्रेम प्रणय र विविध खाले यौनजन्य समस्याको प्रस्तुति, अस्तित्ववादी विसङ्गतिवादी दृष्टिकोण, राष्ट्रवादी र मानवतावादी चिन्तन जस्ता उनका उपन्यासगत प्रवृत्तिहरूको समेत चर्चा गरिएको छ ।

नियात्राकार प्रतीक ढकाल शीर्षक लेखमा सन् १९९० मा भुटानमा जन्मिएका मूलतः निबन्धकार नियात्राकार प्रतीक ढकालको परिचयसँगै राष्ट्रिय भावना, मानवजीवन र प्रकृतिको चित्रण, वर्णनात्मक विवरणात्मक र संवादात्मक शैली जस्ता उनका नियात्रागत प्रवृत्तिहरू उल्लेख गर्दै पहाडी विकट क्षेत्रका जनताको कष्टकर जीवन र उनीहरूले भोग्नुपरेका समस्याहरूलाई विषयवस्तु बनाइएको **हिमाल हेर्न दक्षिणतिर फर्कंदा** नियात्राको विश्लेषण गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग पाइने यस नियात्रामा प्रकृति चित्रणका साथै राष्ट्रवादी भावना पाइने कुरा प्रस्तुत गरिएको छ ।

ऐतिहासिक उपन्यासकार डायमन शमशेर राणा शीर्षक लेखमा डायमन शमशेरद्वारा लिखित **वसन्ती**, **सेतो बाघ**, **प्रतिबद्ध**, **सत्प्रयास**जस्ता उपन्यासहरूको नाम उल्लेख गर्दै उनका प्रायः सबै उपन्यास ऐतिहासिक घटनामा आधारित रहेको कुरालाई प्रत्येकको विषयवस्तुसहित प्रस्तुत गरिएको छ । इतिहास र

औपन्यासिकताको दोहोरो अनुभूति एकसाथ प्रस्तुत गर्न सक्नु राणाका उपन्यासशिल्पको खास वैशिष्ट्य भएको बताउँदै अरूभन्दा **वसन्ती** उपन्यास बढी सफल भएको कुरा प्रस्तुत गरिएको छ ।

नेपालीका विशिष्ट कवि वसन्त शर्मा लुइटेल शीर्षक लेखमा वसन्त शर्मा लुइटेलको जन्ममिति र जन्मस्थानको बारेमा रहेको विभिन्न मतमतान्तरहरू प्रस्तुत गर्दै वि.सं. १८६० मा भक्तपुर भन्ने भनाइ बढी आधिकारिक मानिएको छ । उनीद्वारा रचित **श्रीकृष्ण चरित्र** र **समुन्द्रलहरी** काव्यको विषयवस्तु र संरचनाबारे जानकारी गराउँदै उनका काव्यात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ । यसका साथै नेपालीका प्रथम प्रबन्धकार तथा कृष्णभक्ति धाराका विशिष्ट कवि लुइटेलका काव्यमा शास्त्रीयतावादी छन्दको प्रयोग पाइने कुरालाई पनि प्रस्तुत गरिएको छ ।

बानीरा गिरीको जीवन थाय्मरू शीर्षक लेखमा प्रयोगवादी धाराको अर्थ र प्रवृत्ति प्रस्तुत गर्दै २०१७ सालपछि कविता क्षेत्रमा प्रारम्भ भएको प्रयोगवादी धाराका केही कवि र कविताहरू उल्लेख गरी विभिन्न आन्दोलन र अभियानको बारेका चर्चा गरिएको छ । २००२ सालमा खर्साङमा जन्मिएकी बानिरा गिरीको परिचयसँगै प्रारम्भमा स्वच्छन्दतावादी र पछिल्लो समयमा प्रयोगवादी यौनपरक र यौनेतर बिम्ब प्रयोग पाइने जस्ता उनका कवितात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गर्दै २०३४ सालमा साझाबाट प्रकाशित २३ वटा कविता सङ्गृहीत नारीहरूले जीवनमा भोग्नुपरेका विविध खाले समस्याहरूलाई गद्य ढाँचामा प्रस्तुत गरिएको **जीवन थाय्मरु** कविता सङ्ग्रहको विश्लेषण गरिएको छ ।

नेपाली साहित्यमा भानुभक्त आचार्यको योगदान शीर्षक लेखमा रामायण, बधुशिक्षा र अन्य रचनाहरूका सन्दर्भबाट नेपाली साहित्यमा भानुभक्तको योगदानबारे जानकारी गराइएको छ । **रामायण**जस्तो विशिष्ट काव्यको सिर्जना गर्नु, रामायणका माध्यमबाट आदर्शको स्थापना गर्नु, सर्वसाधारणले बुझ्ने सरल भाषाको प्रयोग गरिनु, पूर्वीय महाकाव्यात्मक अवधारणाहरूको पालना गर्नु जस्ता विभिन्न योगदानबारे चर्चा गर्दै उनको योगदान साहित्यिक क्षेत्रमा मात्र सीमित नभएर भाषिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा पनि रहेको कुरा प्रस्तुत गरिएको छ । यसका साथै नेपाली कविताको प्राथमिक कालका केन्द्रीय कवि तथा लोकप्रिय महाकाव्यकार भानुभक्त आचार्यको सिङ्गो नेपाली कविताकै क्षेत्रमा विशिष्ट योगदान रहेको कुरा प्रस्तुत गरिएको छ ।

५.३.५ नाटक, एकाङ्कीसँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका नाटक, एकाङ्कीसँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
३५. *एकाङ्कीकार मोहनराज शर्मा र आऊ ढोका खोलौं एकाङ्कीको विश्लेषण*	**मिर्मिरे**, (२६/९, २०५४ पौष), पृ. २८-३५ ।

३६. *गोविन्दबहादुर मल्ल गोठालेका एकाङ्कीगत प्रवृत्ति र आत्मदर्शन एकाङ्कीको विश्लेषण*	**गरिमा**, (१६/२, २०५४ माघ), पृ. ५०-५३ ।
३७. *एकाङ्कीकार गोपाल पराजुली र गोलार्धका दुई छेउ*	**ज्ञानकुञ्ज**, (१/१, २०५४), पृ. ३३-३६ ।
३८. *विजय मल्लका एकाङ्कीगत वैशिष्ट्य र कङ्काल एकाङ्कीको विश्लेषण*	**समकालीन साहित्य**, (८/२, २०५५ वैशाख-असार), पृ. १४३-१४५ ।
३९. *एकाङ्कीकार भीमनिधि तिवारी र साँढे एकाङ्कीको विश्लेषण*	**मधुपर्क**, (३१/५, २०५५ असोज), पृ.२९-३० ।
४०. *एकाङ्कीकार सम र रणदुल्लभ एकाङ्की*	**युगान्तर**, (६/९, सन् २००१ जनवरी), पृ. ११-१३ ।
४१. *नेपाली नाटचक्षेत्रमा समको उपस्थिति*	**गरिमा**, (२१/३, २०५९ फागुन), पृ. १९९-२०० ।
४२. *वर्तमान नेपाली नाटक (२०३० पछि) कार्यपत्रमाथिको टिप्पणी*	**साहित्यिक अभियान**, (४/३, २०५९), पृ. ६९-७३ ।
४३. *समका नाटकमा सांस्कृतिक दृष्टिकोण*	**सम शतवार्षिकी स्मारिका**, २०६०, पृ. १५५-१८८ ।
४४. *वर्तमान नेपाली नाटक (२०३० पछि) कार्यपत्रमाथिको टिप्पणी*	**साहित्यिक अभियान विगतदेखि वर्तमानसम्म**, (९/४, २०६३ असार), पृ. १६४-१६९ ।
४५. *विजय मल्लको एकाङ्की शिल्प*	**हाम्रो ध्वनि**, (४१/११, २०६६, कात्तिक-मङसिर), पृ. ८-११ ।
४६. *विजय मल्लको एकाङ्की शिल्प*	**विजय मल्ल स्मृति ग्रन्थ**, २०६६, पृ. २८३-२८८ ।
४७. *अटलबहादुर नाटकको वस्तुवादी विश्लेषण*	**भृकुटी**, (पूर्णाङ्क ७, वैशाख-असार २०६७), पृ. ७७-८४ ।
४८. *मोतीराम भट्टको नाट्यशिल्प*	**समकालीन साहित्य**, (३/६१, २०६७ साउन-असोज), पृ. ३७-४१ ।
४९. *विशिष्ट नाटक/एकाङ्कीकार गोठाले*	**मधुपर्क**, (४३/१०, २०६७ फागुन), पृ.२८-३१ ।
५०. *सुधारवादी नाटककार पहलमानसिंह*	**नयाँ पत्रिका**, (२०६८ मङसिर ६), पृ. ५ ।
५१. *भीमनिधि तिवारीको एकाङ्की कौशल*	**तन्नेरी**, (३४/१, २०६९ वैशाख-असार), पृ. १६९-१७४ ।

एकाङ्कीकार मोहनराज शर्मा र आउ ढोका खोलौं एकाङ्कीको विश्लेषण शीर्षक लेखमा एकाङ्की, नाटक, कथा सङ्ग्रह, भाषाव्याकरण, समालोचना, सम्पादन, अनुसन्धान आदि क्षेत्रका प्रकाशित कृति र प्राप्त पुरस्कारहरू सहित मोहनराज शर्माको परिचय प्रस्तुत गरिएको छ । उनका एकाङ्कीगत वैशिष्ट्यहरू प्रस्तुत गर्दै *आउ ढोका खोलौं* एकाङ्कीको विभिन्न कोणबाट विश्लेषण गरिएको छ । प्रस्तुत एकाङ्कीमा राजनैतिक विषयवस्तु, सीमित पात्र, वस्तु र शिल्पका दृष्टिले नवीन, प्रयोगशील आदि विशेषताहरू पाइने कुरा बताइएको छ ।

गोविन्दबहादर मल्ल गोठालेका एकाङ्कीगत प्रवृत्ति र आत्मदर्शन एकाङ्कीको विश्लेषण शीर्षक लेखमा प्रकाशित कृति र प्राप्त सम्मानसहित गोठालेको परिचय प्रस्तुत गर्दै उनका एकाङ्कीगत प्रवृत्तिहरूको चर्चा गरिएको छ । उनलाई मूलतः मनोविश्लेषणात्मक एकाङ्कीकारका रूपमा चिनाइएको छ । सामन्ती परिपाटीमा हुर्केका व्यक्तिको आर्थिक स्थिति कमजोर हुँदै गएपछि त्यसको असरले मानसिक धक्का लागि उनीहरू कसरी

पतन हुँदै जान्छन् भन्ने कुरालाई मनोविश्लेषणात्मक पाराले प्रस्तुत गरिएको **आत्मदर्शन** नामक एकाङ्कीको विभिन्न कोणबाट विश्लेषण गरिएको छ ।

गोपाल पराजुलीको गोलार्धका दुई छेउ एकाङ्कीको विश्लेषण शीर्षक लेखमा एकाङ्कीकार पराजुलीको परिचय दिई उनका प्रकाशित कृतिका बारेमा जानकारी गराइएको छ । प्रयोगवादी अमूर्त लेखन, वर्गीय पात्र प्रयोग, क्षीण कथानक जस्ता उनका एकाङ्कीगत प्रवृत्तिहरूको चर्चा गर्दै लोग्नेमान्छे र आइमाई गरी दुई पात्रको प्रयोग गरी मायासम्बन्धी यी दुईको फरक दृष्टिकोण रहने कुरासँग सम्बन्धित प्रस्तुत **गोलार्धका दुई छेउ** एकाङ्कीको विश्लेषण गरिएको छ ।

विजय मल्लका एकाङ्कीगत वैशिष्ट्य र कङ्काल एकाङ्कीको विश्लेषण शीर्षक लेखमा विजय मल्लको परिचय दिँदै मानवीय र मानवेत्तर पात्रको प्रयोग, प्रयोगधर्मिता, प्रतीकात्मकता, व्यङ्ग्यात्मकताजस्ता उनका एकाङ्कीगत वैशिष्ठ्यहरू प्रस्तुत गरिएको छ । यसपछि मेडिकल पढ्ने एकजना विद्यार्थीको कोठामा घटित घटनालाई विषयवस्तु बनाएर लेखिएको **कङ्काल** एकाङ्कीको विभिन्न कोणबाट विश्लेषण गरिएको छ ।

एकाङ्कीकार भीमनिधि तिवारी र साँढे एकाङ्कीको विश्लेषण शीर्षक लेखमा भीमनिधि तिवारीका सामाजिक विषयवस्तु, मानवीय र मानवेत्तर पात्र प्रयोग, आदर्शवादी, सरल भाषा आदि जस्ता एकाङ्कीगत वैशिष्ठ्यहरू प्रस्तुत गर्दै उनको ऐतिहासिक विषयवस्तुमा आधारित **साँढे** एकाङ्कीको विश्लेषण गरिएको छ ।

एकाङ्कीकार सम र रणदुल्लभ एकाङ्की शीर्षक लेखमा एकाङ्कीकार समको परिचयसँगै उनका प्रकाशित एकाङ्कीहरूको विवरण दिइएको छ । त्यसपछि ऐतिहासिक, पौराणिक, सामाजिक आदि क्षेत्रलाई विषयवस्तु बनाउने समका एकाङ्कीगत प्रवृत्तिहरू प्रस्तुत गर्दै **रणदुल्लभ** एकाङ्कीमा सङ्गृहीत रणदुल्लभ एकाङ्कीको विश्लेषण गरिएको छ ।

वर्तमान नेपाली नाटक (२०३० पछि) कार्यपत्रमाथिको टिप्पणी नामक लेख **साहित्यिक अभियान विगतदेखि वर्तमानसम्म** (९/४, २०६३) मा पनि प्रकाशित छ । यो लेख प्रभात सापकोटाद्वारा लिखित *वर्तमान नेपाली नाटक (२०३० पछि)* शीर्षक रहेको कार्यपत्रको टिप्पणीमा केन्द्रित रहेको छ । इतिहास लेखन खोजमूलक, विवरणात्मक बढी र विश्लेषणात्मक कम गरिने स्वयम्मा एउटा कठिन काम भएको कुरा प्रस्तुत गर्दै सापकोटाद्वारा प्रस्तुत कार्यपत्रमा सिङ्गो नेपाली नाटकको विकासक्रम प्रस्तुत गरिएकाले बढी विवरणात्मक भएको, प्रस्तुतिमा एकरूपता नभएको, ऐजन र पूर्ववत्मा अन्योल रहेको जस्ता त्यस कार्यपत्रका कमजोरी पक्षको उठान गर्दै यसको भाषा भने सरल, सहज र प्रवाहपूर्ण रहेको कुरा उल्लेख गरिएको छ ।

नेपाली नाट्य क्षेत्रमा समको उपस्थिति शीर्षक लेखमा समको परिचयसहित उनका नाट्यप्रवृत्तिहरू प्रस्तुत गरी समले नेपाली नाट्य जगत्मा आधुनिकताको प्रारम्भ गरेको कुरालाई पनि उल्लेख गरिएको छ ।

विजय मल्लको एकाङ्कीशिल्प शीर्षक लेख **विजय मल्ल स्मृति ग्रन्थ**मा पनि प्रकाशित छ । यसमा वि.सं. १९८२ मा जन्मिएका विजय मल्ललाई संलग्नता, प्रकाशित कृति र प्राप्त पुरस्कारको बारेमा जानारी गराइएको छ । त्यसपछि उनका प्रयोगवादी, मनोविश्लेषणात्मक, मानसिक कुण्ठा, सामाजिक विकृति, यौनावेग

र अर्धचेतनको सशक्त प्रस्तुति, सामाजिक यथार्थवादी घटनालाई अतियथार्थवादी तरिकाले प्रस्तुत, बिम्ब प्रतीक संयोजन, द्वन्द्वको सफल प्रयोगजस्ता एकाङ्कीगत प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ ।

अटलबहादुर नाटकको वस्तुवादी विश्लेषण शीर्षकको लेखमा वि.सं. १९३५ मा जन्मिएका पहलमानसिंह स्वाँरको परिचयसँगै उनका प्रकाशित नाटक, उपन्यास, काव्य आदिको विवरण प्रस्तुत गरिएको छ । त्यसपछि स्वाँरका नाट्यप्रवृत्ति प्रस्तुत गरी **अटलबहादुर** नाटकको शिल्पसंरचना, कथावस्तु, सहभागी, दृष्टिबिन्दु आदिा आधारमा संरचनावादी कोणबाट व्याख्या विश्लेषण गरिएको छ ।

मोतीराम भट्टको नाट्यशिल्प शीर्षक लेखमा वि.सं. १९२३ मा जन्मेका मोतीराम भट्टको संलग्नता, प्रकाशित कृति र प्राप्त पुरस्कार आदिका आधारमा परिचय प्रस्तुत गरिएको छ । शृङ्गारिक धाराका प्रवर्तक भट्टका नाट्यप्रवृत्तिहरू प्रस्तुत गरी **प्रियदर्शिका** नाटिकाको शिल्प संरचना, कथावस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु र भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गरिएको छ । अन्त्यमा यो नाटिका अनुदित भए तापनि भाषिक विन्यासका कारण यसमा मौलिकताको छनक पाइने कुरा प्रस्तुत गरिएको छ ।

विशिष्ट नाटक/एकाङ्कीकार गोठाले शीर्षक लेखमा वि.सं. १९७९ मा जन्मिएका गोठालेको संलग्नता, प्रकाशित कृति, प्राप्त पुरस्कारका आधारमा परिचय प्रस्तुत गर्दै उनलाई नाटककार र एकाङ्कीकारका रूपमा चिनाइएको छ । त्यसपछि **भुसको आगो**, **च्यात्तिएको पर्दा** र **दोष कसैको छैन** नाटकको मूल कथ्य प्रस्तुत गर्दै उनका नाट्यगत विशेषताहरू प्रस्तुत गरिएको छ । यसका साथै **भोको घर** एकाङ्कीको विषयवस्तु र प्रस्तुत एकाङ्कीगत विशेषताहरूको चर्चा गरी गोठालेले नेपाली नाटकका क्षेत्रमा मनोविश्लेषणात्मक प्रवृत्तिको प्रारम्भ गरेको कुरा उल्लेख गरिएको छ ।

सुधारवादी नाटककार पहलमानसिंह शीर्षक लेखमा वि.सं. १९३५ मा अछाममा जन्मिएका तथा साहित्यिक तथा साहित्येत्तर थुप्रै कृतिको लेखन तथा अनुवाद गरेका पहलमानसिंह स्वाँरको बारेमा जानकारी गराउँदै उनका कृतिहरू केही अनुदित र केही मौलिक रहेको कुरा जानकारी गराई पूर्व र पश्चिमको मिश्रित नाट्यशिल्पको प्रयोग पाइने उनका नाटकले वियोगान्त ननाटकम् भन्ने पूर्वीय मान्यतालाई तोडेको कुरा प्रस्तुत गरिएको छ । त्यसपछि शृङ्गारिकता, सामाजिकता, विद्रोहात्मकता, व्यङ्ग्यात्मकता जस्ता उनका काव्यात्मक प्रवृत्तिहरू प्रस्तुत गर्दै अटलबहादुर नाटकको विश्लेषण गरिएको छ । अन्त्यमा **ह्याम्लेट**को अनुवाद नभई **ह्याम्लेट**बाट प्रभावित मात्र बनेको पहिलो वियोगान्त नाटक अटलबहादुरलाई ह्याम्लेटको भावानुवाद, छायानुवाद, मौलिक जेसुकै भने पनि धेरैले चर्चा गर्नु नै यसको सबल पक्ष भएको कुरा प्रस्तुत गरिएको छ ।

भीमनिधि तिवारीको एकाङ्की कौशल शीर्षक लेखमा तिवारीको परिचयसहित उनका प्रकाशित एकाङ्कीहरू प्रस्तुत गरी मूलतः सामाजिक, ऐतिहासिक विषयवस्तु, सामाजिक असमानताप्रति विद्रोहात्मक स्वर, मानवीय र मानवेत्तर पात्रको प्रयोग, ग्रामीण, शहरीया र दरबारिया परिवेशको सहज स्वभाविक र जीवन्त चित्रणजस्ता एकाङ्कीगत प्रवृत्तिहरूको बारेमा चर्चा गरी ऐतिहासिक विषयवस्तुमा आधारित *साँढे* एकाङ्कीका सन्दर्भमा तिवारीको एकाङ्कीकौशल प्रस्तुत गरिएको छ । शासक वर्गप्रति व्यङ्ग्य र शाषित वर्गप्रति सहानुभूति

रहेको यस एकाङ्कीमार्फत शासक वर्गको दुराचार, अमानवीयता र शासित वर्गले पशुभन्दा तल्लो स्तरमा जिउनुपर्ने परिस्थितिलाई प्रस्तुत गरिएको कुरा जानकारी गराइएको छ ।

५.३.६ उपन्यास विधासँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका उपन्याससँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
३५. *श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम*	**समकालीन साहित्य**, (५/४, २०५२ कार्तिक-पुस), पृ. ११३-११९ ।
३६. ***दुविधा** उपन्यासमा घोत्लिँदा*	**कान्तिपुर**, (२०५२ माघ १३), पृ. ग ।
३७. *देशभक्तिको सुन्दर नमुना : अग्निदत्त+अग्निदत्त*	**गोरखापत्र**, (२०५३ पुस २७), पृ. ख ।
३८. *समसामयिक नेपाली जनजीवनको प्रतिकृति : अग्निदत्त+अग्निदत्त*	**प्रज्ञा**, (२८/८५, २०५४ असार-माघ), पृ. १८५-२०५ ।
३९. *श्यामव्यङ्ग्यका कसीबाट **दुविधा** उपन्यासको मूल्याङ्कन*	**बिन्दु**, (३६/९४-९७, सन् १९९७ सितम्बर-दिसम्बर), पृ. २९६-३०१ ।
४०. *गिरीशबल्लभ जोशीको वीरचरित्र र नेपाली उपन्यासको सय वर्ष*	**नेपाली उपन्यास शतवार्षिकी स्मारिका २०६०**, पृ. १-२१ ।
४१. *प्रगतिवादी उपन्यासकार हृदयचन्द्रसिंह प्रधान*	**दीपशिखा**, (२२/१४ २०६८), पृ. ५२-६५ ।
४२. श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम	**रत्न नेपाली बृहत् समालोचना प्रायोगिक खण्ड** (२०६८), पृ. २४६-२५३ ।
४३. *उपन्यास उहापोह*	**अन्नपूर्ण पोस्ट**, (२०६९ असार ९), पृ. ४-५ ।
४४. *ऐतिहासिक उपन्यासकार डायमन शमशेर राणा*	**डायमन शमशेर : चिन्तन र चित्रण**, २०६९, पृ. १७२-१७५ ।
४५. *समकालीन नेपाली उपन्यासका प्रवृत्ति*	**वागीश्वरी**, (२३/२०, २०६९), पृ. ६७(७६ ।
४६. *समाजवादी यथार्थवादी/प्रगतिवादी धाराका नेपाली उपन्यास*	**शब्दसंयोजन**, (११/१, २०७१ वैशाख), पृ. ३५-३८ ।
४७. *नेपाली साहित्यमा भानुभक्त आचार्यको योगदान*	**सिर्जना**, (६/१७, २०७१ वैशाख-असार), पृ. २०-३१ ।
४८. *विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्ति*	**सुलेख**, (३/२-३, २०७१ जेठ-असार), पृ. ४१-४५ ।
४९. *विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक कला*	**मधुपर्क**, (४७/४, २०७१ भदौ), पृ.८०-८२ ।
५०. *प्रथम मौलिक उपन्यासकार गिरीशबल्लभ*	**अन्नपूर्ण पोस्ट**, (२०७१ कात्तिक १५), पृ. ७ ।
५१. *पारिजातको औपन्यासिक शिल्प*	**बगर**, (३३/९०, २०७१ वैशाख-असोज), पृ. ३४४-३४९ ।

***दुविधा** उपन्यासमा घोत्लिँदा* शीर्षक लेखमा डा. ध्रुवचन्द्र गौतमका प्रकाशित कृति र प्राप्त पुरस्कारको विवरण प्रस्तुत गर्दै प्रयोगशील उपन्यास **दुविधा**मा प्रयुक्त श्यामव्यङ्ग्यका बारेमा जानकारी गराइएको छ । श्यामव्यङ्ग्यको विकासक्रमबारे जानकारी गराई यसको मुख्य प्रयोग क्षेत्र कथा, उपन्यास र नाटक रहेको कुरा प्रस्तुत गर्दै मानव जीवनका सत् असत्, सुखदुख, अनुकुल-प्रतिकुल स्थितिप्रति व्यङ्ग्यात्मक प्रस्तुति गरिएको

यस उपन्यासमा अपराध गर्नेले दण्ड नपाउने र अपराध नगर्नेले त्यसको शिकार बन्नुपर्ने स्थितिको चित्रण गरिएको कुरा उल्लेख गरिएको छ । प्रस्तुत उपन्यास ध्रुवचन्द्र गौतमका प्रकाशित उपन्यासका प्रकाशनका दृष्टिले कान्छो भए पनि श्यामव्यङ्ग्यको प्रयोगका दृष्टिले जेठो उपन्यास बन्न पुगेको कुरा प्रस्तुत गरिएको छ ।

देशभक्तिको सुन्दर नमुना : अग्निदत्त + अग्निदत्त शीर्षक लेखमा चार भाग, उनान्सय उपभाग र दुईसय छब्बीस पृष्ठ रहेको **अग्निदत्त + अग्निदत्त** उपन्यासका माध्यमबाट वर्तमान नेपाल र नेपालमा व्याप्त विकृति एवं विसङ्गतिहरूलाई सर्वाङ्ग उदाङ्गो पारी प्रस्तुत गरिएको कुरा उल्लेख गरिएको छ । श्यामव्यङ्ग्यका कुशल प्रयोक्ता ध्रुवचन्द्र गौतमले श्यामव्यङ्ग्य प्रयोगको प्रारम्भ **दुविधा**बाट प्रारम्भ गरेको कुरा उल्लेख गर्दै स्वैर कल्पनाको अत्यधिक प्रयोग रहेको प्रस्तुत उपन्यासमा क्षार समुन्द्रमा स्नान गरेर शुद्ध हुने प्रक्रियालाई राष्ट्रघाती अराजकहरू पार्टीका सदस्य बनेपछि शुद्ध बन्ने, तासबाट जोखाना हेरी राष्ट्र प्रशासन चलाउनुलाई आजको देशको राजनैतिक अवस्था र तुरूप राज्यका शासकहरू चौपाया बनी घाँस खाएको प्रसङ्गलाई शासकहरूले मानवीयता गुमाइ पाशविकताको वरण गरेको कुरासँग जोडेर प्रस्तुत गरिएको छ र यस्तै विसङ्गत स्थिति रहिरहेमा देशको अस्तित्व नै धरासायी बन्ने कुरा उपन्यासमा अभिव्यञ्जित भएको कुरा उल्लेख गरिएको छ ।

समसामयिक नेपाली जनजीवनको प्रतिकृति : अग्निदत्त+अग्निदत्त शीर्षक लेखमा ध्रुवचन्द्र गौतमको परिचय प्रस्तुत गर्दै **अग्निदत्त+अग्निदत्त** उपन्यासमा समसामयिक युगीन परिवेशको चित्रण, श्यामव्यङ्ग्यको स्वभाविक प्रयोग, विसङ्गतिवादी अस्तित्ववादी अवधारणा, लैङ्गिकता, स्वैरकल्पना, परिकल्पना र मिथकको प्रयोग आदि पाइने कुराको जानकारीसहित विभिन्न कोणबाट यस उपन्यासको विश्लेषण गरिएको छ ।

गिरीशबल्लभ जोशीको वीरचरित्र र नेपाली उपन्यासको सय वर्ष नामक शीर्षक लेखमा गिरीशबल्लभ जोशीको परिचयसहित उनका प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गरी वीरचरित्रका बारेमा जानकारी गराइएको छ । नेपाली उपन्यासको विकासक्रम प्रस्तुत गर्दै नेपाली उपन्यासको एक सतकका प्रमुख धाराहरू रहस्य रोमाञ्चवादी, आदर्शोन्मुख यथार्थवादी, स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, प्रगतिवादी, मनोविश्लेषणवादी, प्रयोगवादी धाराहरूका प्रमुख प्रवृत्तिहरू प्रस्तुत गरिएको छ ।

उपन्यासकार कृष्ण जोशी शीर्षक लेखमा वि.सं. १९९९ सालमा जन्मिएका कृष्ण जोशीका **मृत्यु दोहारिन्छ म बाँचे भने**, **असम्मत सम्मत**, **काठमाडौँको वरिपरि**जस्ता उपन्यासहरू प्रकाशित भएको कुरा प्रस्तुत गर्दै प्रत्येक उपन्यासको विषयवस्तु प्रस्तुत गरिएको छ । यसका साथै सामाजिकता, आदर्शोन्मुख यथार्थवादिता, मनोविश्लेषणात्मकता, मानवीय प्रेम प्रणय र विविध खाले यौनजन्य समस्याको प्रस्तुतिजस्ता उनका निबन्धात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ ।

उपन्यास उहापोह शीर्षक लेखमा विश्व साहित्यमै निकैपछि थालिएर द्रुत गतिमा विकास भएको गद्य महाकाव्य मानिने उपन्यास वर्तमानसम्म आइपुग्दा लोकप्रिय र विशिष्ट साहित्यिक गद्य विधा बन्न पुगेको कुरा प्रस्तुत गर्दै उपन्यासको परिभाषा र तCवहरूको बारेमा चर्चा गरिएको छ । यस लेखमा **महाभारत विराट्पर्व**, **वीरचरित्र** हुँदै **रूपमती** बाट आधुनिकता ग्रहण गरेको नेपाली उपन्यास परम्पराका विभिन्न काल र चरणहरूको

बारेमा जानकारी गराइ प्रत्येकका प्रतिनिधि उपन्यास, उपन्यासकार र प्रवृत्तिहरू उल्लेख गरिएको छ । यसका साथै यति संस्करण र यति प्रति बिक्यो भन्दै अनावश्यक सनसनीपूर्ण विज्ञापन मच्चाउने गरेको कुरालाई प्रस्तुत गर्दै समालोचकले वस्तुवादी भएर कृतिको समीक्षा गर्नुपर्ने कुरा पनि प्रस्तुत गरिएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक कला शीर्षक लेखमा वि.सं. १९७१ सालमा जन्मिएका विश्वेश्वरप्रसाद कोइरालाका प्रकाशित उपन्यास, कथा, संस्मरणबारे जानकारी गराउँदै उनलाई लघु आयामका चरित्रप्रधान उपन्यास लेख्ने मनोविश्लेषणात्मक धाराका उल्लेख्य उपन्यासकारका रूपमा चिनाइएको छ । उनका **तीनघुम्ती**, **सुम्निमा**, **नरेन्द्रदाई**, **मोदि आइन**, **हिटलर र यहुदी**, **बाबुआमा र छोरा** उपन्यासका बारेमा चर्चा गर्दै अचेतन मनको विश्लेषणलाई विशेष महŒव, अस्तित्ववादी विसङ्गतिवादी चित्रण, दार्शनिकता, मिथकीयता, भाषाशैलीय विन्यासमा सरलताजस्ता उनका औपन्यासिक प्रवृत्तिहरू उल्लेख गरिएको छ ।

समाजवादी यथार्थवादी धाराका नेपाली उपन्यास शीर्षक लेखमा नेपाली उपन्यासको आधुनिक कालमा लेखिएका उपन्यासलाई प्रवृत्तिगत परिवर्तनका आधारमा विभाजन गरिएको कुरासँगै कतिपय उपन्यासमा एकभन्दा बढी प्रवृत्ति पाइए पनि तिनमा पाइने मूल प्रवृत्ति अनुरूप नै धारा निर्धारण गरिने कुरा प्रस्तुत गरिएको छ । आधुनिक नेपाली उपन्यासको इतिहासमा देखापरेका आदर्शोन्मुख यथार्थवादी, स्वच्छन्दतावादी, ऐतिहासिक यथार्थवादी, सामाजिक यथार्थवादी, समाजवादी यथार्थवादी, मनोविश्लेषणात्मक, अस्तित्ववादी-विसङ्गतिवादी धाराका प्रवर्तक उपन्यासकार र उपन्यासको नामसहित यथार्थवादी धाराको प्रारम्भ र विकासबारे जानकारी प्रस्तुत गरी उनले नेपाली उपन्यासमा समाजवादी यथार्थवादी/प्रगतिवादी धारासँग सम्बद्ध प्रमुख उपन्यासकार र तिनका उपन्यासहरूको विवरण दिइएको छ । मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादमा आधारित भएर लेखिएका कृतिलाई समाजवादी यथार्थवादी धाराअन्तर्गत राखिने कुरा जानकारी गराउँदै नेपाली उपन्यासका क्षेत्रका समाजवादी यथार्थवादी/प्रगतिवादी कित्ताका उपन्यास लेखनको अवस्था उति निरासाजनक नरहेको कुरा प्रस्तुत गरी अन्त्यमा मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादलाई आधार मानी शोषणको विरुद्ध सङ्घर्ष गर्नु र निम्न वर्गको उत्थानको चाहना राख्नु यस धाराका उपन्यासको खास पहिचान र विशेषता भएको कुरा बताइएको छ ।

प्रथम मौलिक उपन्यासकार गिरीशबल्लभ शीर्षक लेखमा वि.सं. १९२४ मा काठमाडौँको सम्पन्न परिवारमा जन्मिएका गिरीशबल्लभ जोशीको **वीरचरित्र** नेपाली उपन्यासको इतिहासमा मौलिक उपन्यासको प्रवर्तक कृति भएको कुरा प्रस्तुत गर्दै उनीद्वारा लिखित कृतिहरूको विवरण दिइएको छ । वि.सं. १९५६ सालमा लेखिएको तथा वि.सं. १९६० मा प्रकाशित र बाँकी तिनभाग २०२२ सालमा प्रकाशित भएको **वीरचरित्र** काव्यमा देवकीनन्दन खत्रीको **चन्द्राकान्ता** उपन्यासको सामान्य प्रभाव पाइए पनि यस उपन्यासमा प्रतीकात्मक रूपमा राणाकालीय शासकीय परिवेशको चित्रण पाइनुका साथै तन्त्रमन्त्र र विज्ञानको समन्वय गराउने प्रयत्न गरिएको कुरा प्रस्तुत गर्दै गिरीशबल्लभ जोशीलाई नेपालीका प्रथम मौलिक उपन्यासकारका रूपमा चिनाइएको छ ।

५.३.७ कथा विधासँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका कथासँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
३५. *ग्यास च्याम्बरको मृत्युभित्र मदनमणिलाई खोज्दा*	**उन्नयन**, (१६, २०५१ माघ-चैत), पृ. ४५०-४५७ ।
३६. *ग्यास च्याम्बरको मृत्युभित्रका मदनमणि दीक्षित*	**युगान्तर**, (२/५, सन् १९९६ अप्रिल-जुन), पृ. ३१-३८ ।
३७. *कथाको आँखीभ्यालबाट कथाकारलाई चिहाउँदा*	**सुमन**, (१/१३, सन् १९९७/२०५३), पृ. २८-३१ ।
३८. *माइत कथाको संरचना विश्लेषण*	**कुञ्जिनी**, (९/६, २०५८), पृ. ४८-५३ ।
३९. *डढेलो कथाको संरचनावादी विश्लेषण*	**समकालीन साहित्य**, (१२/३,२०५९ वैशाख-असार), पृ.२३१-२४८ ।
४०. *गोडा भए जुत्ताको के खाँचो कथाको संरचना विश्लेषण*	**जुही**, (२२/२, २०५९ पुस-फागुन), पृ. ४१८-४२६ ।
४१. *कमला सरूपको कथाशिल्प*	**गरिमा**, (२१/४, २०५९ चैत), पृ. १९-२४ ।
४२. *ध्रुवचन्द्रको बाँस*	**साठी वर्षमा हृदयाघात तथा कथा दृष्टिकोण** (पुस्तक), २०६०, पृ. ६९-७१ ।
४३. *नेपाली कथाको सेरोफेरो*	**मिर्मिरे**, (३६/१, २०६४ वैशाख), पृ. ३६६-३७३ ।
४४. *सनत रेग्मीको कथाशिल्प*	**सिर्जना**, (१/१, २०६४ असोज-मङ्सिर), पृ. ३०-३८ ।
४५. *सनत रेग्मीको कथाशिल्प*	**सनत रेग्मी : सिर्जन सन्दर्भ**), २०६४, पृ. ३०-३८ ।
४६. *वर्तमान नेपाली कथाको विकासमा समकालीन चेत*	**मधुपर्क**, (४१/१, २०६५ जेठ), पृ. ४-७ ।
४७. *विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प*	**महामण्डल**, (२/१, २०६६ साउन-असोज), पृ १५६-१६४ ।
४८. *विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प*	**साहित्यमा विश्वेश्वर**, २०६६ पृ १५६-१६४ ।
४९. *समकालीन नेपाली कथाको परिदृश्य*	**सुलेख**, (१/९, २०६९ चैत), पृ. ४१-४९ ।
५०. *विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प*	**बगर**, (३२/८९, २०७० साउन-पुस), पृ. १९६-२०४ ।
५१. *विश्वेश्वरप्रसाद कोइरालाको कथाकारिता*	**रजस्थल**, (१७/६०, २०७१ साउन-असोज),पृ. ६-१७ ।

ग्यास च्याम्बरको मृत्युभित्र मदनमणिलाई खोज्दा शीर्षक लेखमा मदनमणि दीक्षितको बारेमा सामान्य परिचयसहित उनका कथात्मक प्रवृत्तिहरूका बारेमा चर्चा गरी *ग्यास च्याम्बरको मृत्यु*भित्रका केही अनुच्छेदहरूको प्रस्तुतिसहित उक्त कथाको विश्लेषण गरिएको छ ।

ग्यास च्याम्बरको मृत्युभित्रका मदनमणि दीक्षित नामक शीर्षक लेखमा मदनमणि दीक्षितको परिचय प्रस्तुतसहित उनका कथागत प्रवृत्तिहरू प्रस्तुत गरिएको छ । *ग्यास च्याम्बरको मृत्यु* कथाभित्रका विशेष केही अनुच्छेदसमेत प्रस्तुत गरी उक्त कथाको विभिन्न कोणबाट व्याख्या-विश्लेषण गरिएको छ । यो लेख *ग्यास च्याम्बरको मृत्युभित्र मदनमणिलाई खोज्दा* शीर्षक लेखमै केन्द्रित रहेको छ ।

कथाको आँखीझ्यालबाट कथाकारलाई चिनाउँदा शीर्षक लेखमा २०२२ सालमा जन्मेका अनुक्रमराज शर्माको परिचय प्रस्तुत गरी उनलाई कवि, कथाकार, एकाङ्कीकारका रूपमा चिनाउँदै उनका *थुइक्क, दुर्गन्ध, माफ गर है, मुर्दा म, चिरफार, विडम्बना, त्यो के हो ?, कलाकार झिल्के क्याम्पसतिर* कथाहरूको सामान्य परिचय दिई ती कथाहरूको विश्लेषण गरिएको छ । यसमा प्रायः शहरी परिवेशको चित्रण पाइने शर्माका कथात्मक विशेषताहरूलाई पनि उल्लेख छ ।

कमला सरूपको कथाशिल्प नामक शीर्षक लेखमा कमला सरूपको परिचय प्रस्तुत गर्दै पूर्वदीप्तिको प्रयोग, संस्मरणात्मक ढाँचा, कथाभित्र कथा उन्ने जस्ता प्रवृत्तिहरू उनका कथात्मक विशेषता प्रस्तुत गरिएको छ । त्यसपछि उनका कथामा प्रयुक्त विषयवस्तुको सङ्क्षिप्त जानकारी प्रस्तुत गरी विभिन्न तÊवका आधारमा कथाको विश्लेषण गरिएको छ ।

ध्रुवचन्द्रको *बाँस* शीर्षक लेखमा ध्रुवचन्द्र गौतमको बास शीर्षक कथामाथि द्रुतपठनमा आधारित पाठकीय अनुभूतिमुलक दृष्टिकोणलाई बुँदामा प्रस्तुत गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी औपन्यासिक ढाँचामा लेखिएको यस कथामार्फत एकपछि अर्को पुस्ता झन् निर्धन र विवश बन्दै गएको वर्तमान विसङ्गतपूर्ण परिस्थिति प्रस्तुत गर्नका साथै सहरीकरणका कारण मान्छे मर्दा अनिवार्य रूपमा चाहिने बाँससमेत नपाइने अवस्थाको चित्रण भएको कुरा प्रस्तुत गरिएको छ ।

सनत रेग्मीको कथाशिल्प शीर्षक लेख लेख **सनत रेग्मी : सिर्जन सन्दर्भ** (२०६४) मा पनि प्रकाशित छ । यसमा सनत रेग्मीको जन्म, शिक्षा, सेवा, संलग्नता, सम्मान, पुरस्कार आदिका माध्यमबाट व्यक्ति विवरण प्रस्तुत गरी सनत रेग्मीका आठवटा कथाहरूको सङ्ग्रह **सनत रेग्मीका प्रतिनिधि कथा** (२०६०) बारे जानकारी गराइएको छ । सरदर मझौला आयाम, वर्णनात्मक शैली, विकृति बेथितिको चित्रण, बालसमस्या र यौनजन्य समाजको चित्रण आदि रेग्मीका कथागत प्रवृत्ति भएको कुरासहित उनलाई सामाजिक यथार्थवादी कथाकारका रूपमा चिनाइएको छ ।

वर्तमान नेपाली कथाको विकासमा समकालीन चेत शीर्षक लेखमा कथाको परिचय, संरचक घटकहरू र विशेषताहरू प्रस्तुत गर्दै विषयवस्तु, संरचक घटक र धारा वा वादका आधारमा कथाको वर्गीकरण गरिएको छ । नेपाली कथाको विकासक्रम सुरुदेखि १९५७, १९५८ देखि १९९१ र १९९१ पछि गरी तिन चरणमा प्रस्तुत गरी आधुनिक नेपाली कथाका प्रमुख धाराहरूमा आदर्शोन्मुख यथार्थवादी, स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, मनोवैज्ञानिक, प्रगतिवादी धाराका प्रवृत्तिहरूको बारेमा विशेष चर्चा गरिएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प शीर्षक लेख **साहित्यमा विश्वेश्वर** (२०६६) र **बगर** (३२/८९, २०७०, साउन-पुस) मा पनि प्रकाशित छ । यसमा वि.सं. १९७१ मा वनारसमा जन्मेका विश्वेश्वरप्रसाद कोइरालाको संलग्नता र प्रकाशित कृतिहरूको विवरणसहित मनोविश्लेषणात्मकता (यौन मनोविज्ञानमा विशेष जोड), व्यक्ति चरित्रमा जोड, छोटा छरिता वाक्य, सरल, सङ्क्षिप्त, सुगठित, सुव्यवस्थित र अन्वितिमूलक संरचना आदि कोइरालाका कथामा पाइने कथागत विशेषताहरू भएको कुरा उल्लेख गरिएको छ ।

समकालीन नेपाली कथाको परिदृश्य शीर्षक लेखमा समकालीन शब्दको अर्थ र तात्पर्य प्रस्तुत गर्दै समसामयिकताले वर्तमान समय र प्रवृत्ति दुवैलाई द्योतन गर्ने कुरासँगै आधुनिकता र समकालीनता समानार्थी नभएर भिन्नार्थबोधक शब्द भएको कुरा जानकारी गराइएको छ। यथार्थवादी, अतियथार्थवादी, प्रतीकवादी, यौनवादी मनोवैज्ञानिक आदि जस्ता समकालीन नेपाली कथाका प्रवृत्तिहरू प्रस्तुत गरी यस अवधिका प्रमुख कथाकार र तिनका प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ। यसका साथै समसामयिक धारामा बढी मात्रामा सामाजिक यथार्थवादी, प्रगतिवादी र प्रयोगवादी धाराका कथाहरू लेखिएको कुरा उल्लेख गरी वर्तमान युगीन विविध क्षेत्रका यथार्थको प्रकटीकरण नै समसामयिक नेपाली कथाको मूल प्रवृत्ति बनेको कुरा प्रस्तुत गरिएको छ।

५.३.८ निबन्ध विधासँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका निबन्ध विधासँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन्। ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ।

शीर्षक	प्रकाशन स्रोत
२३. *भैरव अर्याल : निबन्धयात्रा र प्रवृत्ति*	**कुञ्जिनी**, (५/३, २०५४), पृ. ३३-४२।
२४. *शङ्कर लामिछानेको निबन्धकला*	**कुञ्जिनी**, (६/४, २०५५), पृ. ४६-५०।
२५. *राजेन्द्र सुवेदी र मोहनराज शर्मा दुवैका कार्यपत्रमाथिको संयुक्त टिप्पणी*	**प्रवाह स्मारिका**, (२०५७ भदौ), पृ. ३२-३८।
२६. *दिव्योपदेशको वैचारिक र साहित्यिक मूल्य*	**झङ्कार**, (५२/१-२, २०५९ चैत), पृ. ३७-४३।
२७. *युवराज नयाँघरेको निबन्धकला*	**गरिमा**, (२१/११, २०६० कात्तिक), पृ. ५१-५५।
२८. ***हितैषी** बाहिर र भित्र*	**कालो अक्षरदेखि सग्लो अक्षरसम्म**, २०६०, पृ. १४०-१४६।
२९. *यमराजको निम्तोको प्रत्युत्तर*	**जुही**, (२५/३, २०६२ पुस-फागुन), पृ. ३२२-३२८।
३०. *यात्रा साहित्यको उल्लेख्य कृति : प्रशान्तका छालहरूमा मेरो नेपाल*	**मिमिरि**, (३९/२, २०६७ जेठ), पृ. ३३-४२।
३१. *जङ्गबहादुरको बेलाइत यात्राको वस्तुवादी विश्लेषण*	**अन्तर्दृष्टि**, (१९/२, २०६८), पृ. १-१०।
३२. *नियात्राकार प्रतीक ढकाल*	**जनमत**, (२९/७, २०६९ साउन), पृ. १३-१६।
३३. *भैरव अर्यालको हास्यव्यङ्ग्य निबन्धकारिता*	**भैरव स्मारिका २०६९**, पृ. ६५-८२।

भैरव अर्याल : निबन्धयात्रा र प्रवृत्ति शीर्षक लेखमा निबन्धकार भैरव अर्यालको व्यक्ति परिचय प्रस्तुत गरी उनको संलग्नता, जीवनी र आत्महत्याको घटनाबारे जानकारी गराइएको छ। *खोलापारिका पुरेत बाजे* नामक निबन्धबाट निबन्ध यात्रा प्रारम्भ गरेका अर्यालको निबन्ध यात्रा २०१३-२०२२ र २०२२-२०३३ गरी दुई चरणमा प्रस्तुत गरेर उनका निबन्धात्मक प्रवृत्ति र विशेषताहरूका बारेमा चर्चा गर्दै निबन्ध क्षेत्रमा रहेको उनको योगदानको मूल्याङ्कन गरिएको छ।

शङ्कर लामिछानेको निबन्धकला शीर्षक लेखमा शङ्कर लामिछानेको परिचय प्रस्तुत गरी उनका प्रकाशित कृतिहरूको विवरण दिइएको छ । उनको निबन्ध यात्रालाई २००३-२०२३ र २०२४-२०३२ गरी दुई चरणमा विभाजन गरेर अमूर्तता, चेतन प्रवाहशैली, प्रयोगशीलता, आत्मपरकता जस्ता उनका निबन्धात्मक प्रवृत्ति तथा विशेषताहरूको बारेमा चर्चा गरिएको छ ।

राजेन्द्र सुवेदी र मोहनराज शर्मा दुवैका कार्यपत्रमाथिको संयुक्त टिप्पणी शीर्षक लेखमा हास्यव्यङ्ग्यबारे चर्चा गर्दै यसका उद्देश्य प्रस्तुत गरिएको छ । राजेन्द्र सुवेदीको कार्यपत्र विवरणात्मक र खोजमूलक रहेको तथा मोहनराज शर्माको कार्यपत्र सुत्रात्मक र सिर्जनात्मक रहेको कुरा उठाउँदै लुइटेलले यी दुवै विद्वान्का कार्यपत्रको टिप्पणी गरेका छन् । निकै मिहेनत गरेर तयार पारिएको राजेन्द्र सुवेदीको कार्यपत्र खोजमूलक भए तापनि कार्यपत्रमा विधिसम्मत् प्रस्तुति वा शोधविधिको उपयुक्त प्रस्तुति नभएको, टङ्कन त्रुटि अत्यधिक रहेको, थुप्रै ठाउँमा वाक्य नै उलटपलट भएको भन्दै भरतले नाट्यशास्त्रमा हास्यरससम्बन्धी गरेको वर्गीकरणलाई गलत रूपमा प्रस्तुत गर्नु, हास्यव्यङ्ग्यको कालविभाजनको मितिमा गडबड रहनु, **दिव्योपदेश**मा व्यङ्ग्य पाइन्छ भन्नु, हास्यव्यङ्ग्य कथा नै नलेखेका सनत रेग्मीको हास्यव्यङ्ग्यकारमा नाम राख्नु जस्ता प्रसङ्गहरू उठाउँदै उक्त कार्यपत्रका कमीकमजोरीहरू औँल्याएका छन् । मोहनराज शर्माको कार्यपत्रमा सैद्धान्तिक कुराहरूलाई बढी व्याख्येय रूपमा प्रस्तुत गर्नाका साथै केही क्लिष्ट शब्दहरूको प्रयोग गरिएको कुरा प्रस्तुत गरी अन्त्यमा दुवै कार्यपत्रमा सन्दर्भसामग्री नराखेको जस्ता कार्यपत्रका कमजोरीहरूलाई औँल्याउँदै हास्यव्यङ्ग्य छुट्टै विधा नभएर अरू विधामा ओत लागेर आउने गर्दछ भन्ने कुराको जानकारी गराइएको छ ।

दिव्योपदेशको वैचारिक र साहित्यिक मूल्य शीर्षक लेखमा दिव्योपदेश विभिन्न नाममा सम्पादित/प्रकाशित हुने गरेका भए तापनि यस लेखमा दिनेशराज पन्तको सम्पादनमा २०५९ सालमा प्रकाशित **दिव्योपदेश**को *उपक्रम, उपदेशको परम्परा, पाँच भाइ धपेडी, मामाको उपदेश, साइत, नुवाकोट विजय, विदेशी नाचघरको बहिष्कार*जस्ता ६७ वटा शीर्षकको केन्द्रीयतामा विश्लेषण गरिएको छ ।

युवराज नयाँघरेको निबन्धकला शीर्षक लेखमा निबन्धको परिचय प्रस्तुत गरी यसको प्रारम्भबारे जानकारी गराउँदै केही निबन्धकारहरूको नामावली प्रस्तुत गरिएको छ । त्यसपछि निबन्धकार युवराज नयाँघरको परिचयसहित उनका प्रकाशित निबन्ध सङ्ग्रहहरूको बारेमा सामान्य परिचय दिँदै उनका निबन्धात्मक प्रवृत्तिहरू प्रस्तुत गरिएको छ ।

हितैषी *बाहिर र भित्र* शीर्षक लेखमा रुद्रराज पाण्डे, राधिका राय, बालकृष्ण सम र कृष्णबहादुर बर्माका १० वटा निबन्धात्मक लेखहरूको सँगालो **हितैषी** निबन्ध सङ्ग्रहको विश्लेषण गरिएको छ । साहित्यिक र गैरसाहित्यिक व्यक्तिहरूको खासखास सन्दर्भको जानकारी प्रस्तुत गरिएका उक्त निबन्धहरूमा प्रायः व्यक्ति विशेषको प्रशंसा, अनौपचारिक शैली सरल भाषाका साथै अंशतः निजात्मकताजस्ता विशेषताहरू पाइने कुरा प्रस्तुत गरिएको छ ।

यमराजको निम्तोको प्रत्युत्तर शीर्षक लेखमा पोखरा बासी हास्यव्यङ्ग्यकार विश्व शाक्यका निबन्धात्मक प्रवृत्तिहरू प्रस्तत गर्दै उनको हास्यव्यङ्ग्यात्मक निबन्ध **यमराजको निम्तो**को विभिन्न कोणबाट

विश्लेषण गरी उनका रचनामा जातीयताको व्यङ्ग्यात्मक परिचय र राष्ट्रियताका विविध सन्दर्भहरू मुखरित भएको कुरा उल्लेख गरिएको छ ।

यात्रा साहित्यको उल्लेख्य कृति : प्रशान्तका छालहरूमा मेरो नेपाल शीर्षक लेखमा निबन्धको परिचय, प्रवर्तक, परिभाषा, विशेषतासँगै यात्रासंस्मरणको बारेमा चर्चा गरिएको छ । त्यसपछि वि.सं. २०१० मा जन्मिएका चन्द्रप्रसाद भट्टराईद्वारा विदेशयात्रामा लेखिएको **प्रशान्तका छालहरूमा मेरो नेपाल** कृतिमा अनेक क्षेत्रका विकृति विसङ्गतिहरू प्रस्तुत हुनाका साथै स्वदेश र विदेशका अनेक परिस्थितिको तुलना गरिएको कुरा उल्लेख गरिएको छ । यसका साथै राष्ट्रप्रेम, मातृप्रेम, गाउँप्रतिको मोह पाइने यस नियात्रामा उताको सँगसँगै यताको पनि प्रसङ्ग जोड्ने जस्ता सकरात्मक पक्षहरूको बारेमा चर्चा गर्दै सविस्तार वर्णन गर्नु यस कृतिको कमजोरी पक्ष भएको कुरालाई पनि प्रस्तुत गरिएको छ ।

जङ्गबहादुरको वेलायत यात्राको वस्तुवादी विश्लेषण शीर्षक लेखमा जङ्गबहादुरको परिचय प्रस्तुत गर्दै कमल दीक्षितद्वारा सम्पादित तथा २०१४ सालमा मदन पुरस्कार पुस्तकालयबाट प्रकाशित जङ्गबहादुरको वेलायत यात्राको विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गरिएको छ । नेपालका तत्कालीन शक्तिशाली प्रधानमन्त्री जङ्गबहादुरले सोद्देश्यमूलक ढङ्गबाट गरेको समुन्द्रपारिको मुलुक वेलायतको भ्रमण र त्यस समयका घटनाहरूमा आधारित यस नियात्रामा तत्सम, तद्भव र आगन्तुक तिनै किसिमका शब्दको प्रयोग पाइने कुरा उल्लेख गरिएको छ ।

भैरव अर्यालको हास्यव्यङ्ग्य निबन्धकारिता शीर्षक लेखमा भैरव अर्यालको पारिवारिक अवस्था र मृत्युका कारण तथा उनका प्रकाशित कृति, प्राप्त पुरस्कार र उनका नाममा स्थापना गरिएको अक्षयकोषका बारेमा चर्चा गर्दै अर्यालको निबन्धयात्रालाई वि.सं. २०१८ देखि २०२२ र २०२२ देखि २०२८ गरी दुई चरणमा विभाजन गरी दुवै चरणका निबन्धात्मक प्रवृत्ति र प्रकाशित निबन्ध सङ्ग्रहको बारेमा जानकारी गराइएको छ । राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा व्याप्त विकृत र विसङ्गत विषयवस्तुको प्रस्तुति रहने उनका निबन्ध यात्राको पहिलो चरणमा हास्य र दोस्रो चरणमा व्यङ्ग्य बढी पाइने कुरा उल्लेख गर्दै आत्मपरक निबन्ध लेखनमा देवकोटा र शङ्कर लामिछानेले जुन स्थान हासिल गरेका छन्, हास्यव्यङ्ग्य निबन्ध लेखनमा त्यस्तै विशिष्ट स्थान भैरव अर्यालको रहेको बताई उनको निबन्धकारिता, अनुपम, अतुलनीय र अद्वितीय रहेको कुरा प्रस्तुत गरिएको छ ।

५.३.९ लोकसाहित्यसम्बन्धी समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका लोकसाहित्यसँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
२३. *लोकसाहित्यको विधागत वर्गीकरण*	**कुञ्जिनी**, (१३/१०, २०६२-२०६३), पृ. ४९-५२ ।

२४. *बालाचन्द्र गाथाको संरचना विश्लेषण*	**शार्दूल**, (२/२-३, २०६३ वैशाख-असोज), पृ. ४२-५१ ।
२५. *लोकसाहित्यको अध्ययन-अनुसन्धान पद्धति*	**मधुपर्क**, (३९/४, २०६३ भदौ), पृ. ६०-६२ ।
२६. *लोकवार्ता, लोकसाहित्य र शिष्ट साहित्यको सैद्धान्तिक स्वरूप*	**मिमिरे**, (३६/११, २०६४ फागुन), पृ. ४८-६० ।
२७. *लोकगीतको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/८, २०६७ साउन), पृ. ३९-४३ ।
२८. *लोकसाहित्य र शिष्टसाहित्यको तुलनात्मक अध्ययन*	**हिमाली गुराँस**, (१४/२९, २०६७ साउन-असोज), पृ. ६-९ ।
२९. *लिम्बू जातिको सांस्कृतिक धरोहर धाननाच*	**रक्षाकवच**, (१/९, २०६७ भदौ), पृ. ३२-३३ ।
३०. *गाउँखाने कथाको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/१०, २०६७ असोज), पृ. ४०-४२ ।
३१. *तिहारको सांस्कृतिक महत्त्व*	**रक्षाकवच**, (१/११, २०६७ कात्तिक), पृ. ४-५ ।
३२. *उखानको सैद्धान्तिक स्वरूप*	**रक्षाकवच**, (१/१२, २०६७ मङ्सिर), पृ. ... ।
३३. *लोकसाहित्य, लोकवार्ता र लोकवार्ताविज्ञानको सैद्धान्तिक स्वरूप*	**नवप्रज्ञापन**, (५०, २०६७ कात्तिक-पौष), पृ. ५९-७६ ।

लोकसाहित्यको विधागत वर्गीकरण शीर्षक लेखमा विधा वर्गीकरणको परिचय प्रस्तुत गरी माध्यम, प्रस्तुति, श्रेणी, आकार, प्रकारगत आदि साहित्यशास्त्रीय आधारमा विधागत वर्गीकरण गरिएको छ । यो लोकसाहित्यको आदर्श वर्गीकरण भएको बताउँदै लोकसाहित्यका विधाहरूमा लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान र टुक्का आदिको बारेमा गरिएको छ ।

बालाचन्द्र गाथाको संरचना विश्लेषण शीर्षक लेखमा बालचन्द्र गाथालाई परिवारको असहयोगबाट उत्पन्न दुखद् परिणामलाई जीवन्त ढङ्गले सफलतापूर्वक प्रस्तुत गरिएको गाथाका रूपमा चिनाउँदै गण्डकी क्षेत्रमा प्रचलित संवादको प्रधानता रहने यस गाथाको मूलभाव, कथानक, सहभागी, उद्देश्य, भाषाशैली र प्रस्तुति र शीर्षकका आधारमा विश्लेषण गरिएको छ ।

लिम्बू जातिको सांस्कृतिक धरोहर धाननाच शीर्षक लेखमा लिम्बु भाषामा धाननाचलाई *यालाक* र धाननाचमा गाइने गीतलाई *पालाक* भनिने कुराबारे जानकारी गराउँदै पूर्वी नेपालमा प्रचलित युवक र युवती जोडी भएर नाँचिने तर साइनो लाग्नेबीच ननाचिँने संवादात्मक युक्त लिम्बुजातिको सांस्कृतिक धरोहर धाननाचको विषयवस्तु सृष्टि, उत्पत्ति माया, प्रीति, स्नेह, घृणा, विचारविमर्श आदि रहने कुरा प्रस्तुत गरिएको छ । यसका साथै संवादयुक्त पालाम प्रस्तुत गर्दै त्यसको नेपाली अर्थ समेत दिइएको छ ।

लोकसाहित्य र शिष्टसाहित्यको तुलनात्मक अध्ययन शीर्षक लेखमा लोकसाहित्य र शिष्ट साहित्यको परिचय प्रस्तुत गरी लोकसाहित्य र शिष्ट साहित्यको सम्बन्धलाई बुँदामा उल्लेख गरी यी बीचका समानता र भिन्नता प्रस्तुत गरिएको छ ।

नेपाली राष्ट्रिय चाड तिहारको सांस्कृतिक महत्त्व शीर्षक लेखमा तिहार पर्वको बारेमा जानकारी गराउँदै यसको परिचय, अर्थ र महŒव उल्लेख गरी देउसी र भैलोका केही उदाहरणहरू प्रस्तुत गरिएको छ । प्रस्तुत लेखमा आजकल चाडपर्वका नाममा विकृति भित्रन थालेको कुराको चर्चा गर्दै यसतर्फ ध्यान पुऱ्याउन सचेत गराइएको छ ।

५.३.१० इतिहाससँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका इतिहाससँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	**प्रकाशन स्रोत**
१९. *नेपाली कथाको सेरोफेरो*	**मिमिरे**, (३६/१, २०६४ वैशाख), पृ. ३६६-३७३ ।
२०. *तेरथुम जिल्लाको साहित्यिक सर्वेक्षण*	**तीनजुरे**, (२/१, २०६६ वैशाख-जेठ), पृ. २४-३२ ।
२१. *नेपाली कविताका प्रमुख प्रवृत्ति (कोरियाली भाषामा)*	**मुनहाकसन** (२०६६, नेपाली काव्य विशेषाङ्क, कोरिया), पृ. १५६-१७२ ।
२२. *नेपाली कविताका प्रवृत्ति*	**कविता**, (८८, २०६७ जेठ-भदौ), पृ. ११५-१३७ ।
२३. *समकालीन नेपाली कविताका प्रवृत्ति*	**हाम्रो ध्वनि**, (४१/४, २०६८ माघ-फागुन), पृ. २-५ ।
२४. *नेपाली कविताको इतिहासमा महिलाहरूको अवस्थिति*	**नारी सिर्जना र चिन्तना**, २०६८, पृ. ७२-९६ ।
२५. *समकालीन नेपाली साहित्यको परिदृश्य*	**नेपाली संगम**, (अङ्क २, अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन विशेषाङ्क-२०१३ कोलकाता), सन् २०१४, पृ. ११-४३ ।
२६. *कथा सिद्धान्त र नेपाली कथाको इतिहास*	**सुलेख**, (३/६, २०७१ असोज), पृ. १८२-२३० ।
२७. *नेपाली कविताको इतिहासमा महिलाहरूको अवस्थिति*	**TMCसौगात,** (७/६,२०७१), पृ.१३-२६ ।

नेपाली कथाको सेरोफेरो शीर्षक लेखमा कथाका बारेमा सामान्य जानकारी दिई नेपाली कथाको विकासक्रमको सीमाङ्कन गरिएको छ । पूर्वकाल र वर्तमान कालमा कथाको काल विभाजन गरी दुवै कालका केही कथाकार, कथा र कथात्मक विशेषता प्रस्तुत गरिएको छ र त्यसपछि २०१७ सालको राजनैतिक परिवर्तनपछिको समय कथा लेखनको खास समय भएको जानकारी गराउँदै कथाको वर्तमान कालका विभिन्न धाराहरू र विशेषताहरू प्रस्तुत गरिएको छ ।

तेरथुम जिल्लाको साहित्यिक सर्वेक्षण शीर्षक लेखमा तेरथुम जिल्लाको भौगोलिक/प्राकृतिक, सामाजिक/सांस्कृतिक, राजनैतिक प्रशासनिक, शैक्षिक प्राज्ञिक, साहित्यिक आदि विभिन्न आधारबाट परिचय प्रस्तुत गरिएको छ । यस लेखमा तेरथुमबाट प्रकाशित भएका र हुने विभिन्न पत्रिपत्रिकाहरूको नाम प्रस्तुत गर्दै तेरथुममा जन्मिएका कवि, कथाकार, उपन्यासकार, निबन्धकार, समालोचक, भाषाव्याकरणकार तथा कोशकार, पाठ्यपुस्तक लेखक आदि क्षेत्रका साहित्यकारहरूको बारेमा जानकारी गराइएको छ ।

नेपाली कविताका प्रवृत्ति शीर्षक लेखमा सुरुदेखि वि.सं. १९४० सम्म प्राथमिक, वि.सं. १९४१ देखि १९९१ सम्म माध्यमिक र वि.सं. १९९१ पछिको समयलाई आधुनिक काल गरी कविताको विकासक्रम प्रस्तुत गर्दै आधुनिक कालका स्वच्छन्दतावादी, प्रयोगवादी, समसामयिक धाराको बारेमा विशेष चर्चा गरिएको छ । प्रत्येक कालका प्रमुख कवि, कृति र त्यस कालका विशेषताहरू उल्लेख गरिएको यस लेखमा पृथ्वीनारायण

शाहको एकीकरण अभियानको हाराहारीमा कविताको विकासक्रम प्रारम्भ भएको कुरा प्रस्तुत गरिएको छ । यो लेख कोरियाली भाषामा समेत प्रकाशित छ ।

समकालीन नेपाली कविताका प्रवृत्ति शीर्षक लेखमा समकालीनता र आधुनिकताबीचको भिन्नता प्रस्तुत गर्दै अन्तर्राष्ट्रिय क्षेत्रमा देखापरेका अनेक विकृति र विसङ्गतिहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिने समकालीन कवितामा मानवीय मूल्य र अस्तित्वको खोजी गर्दै राजनैतिक अस्तव्यस्तता र अन्याय, अत्याचार, भ्रष्टाचारलाई विषयवस्तुका रूपमा प्रयोग गरिने गरेको कुरा प्रस्तुत गरी निजी पहिचान दिन सक्ने कवित्वपूर्ण र गुणात्मक मूल्यका कविता सिर्जना गरी कविताको उन्नयनतर्फ कविहरू प्रवृत्त हुनुपर्ने कुरामा जोड दिइएको छ ।

नेपाली कविताको इतिहासमा महिलाहरूको अवस्थिति शीर्षक लेखमा कविताको विकासक्रम प्रस्तुत गर्दै प्रत्येक कालमा कविताका क्षेत्रमा देखापरेका महिलाहरू र उनीहरूका प्रकाशित काव्य कृतिबारे जानकारी गराइएको छ । प्राथमिक कालका प्राणमञ्जरी देवी, त्रिपुरासुन्दरी, हीरा गाइनेली, माध्यमिक कालका भक्तिकुमारी राणा, भगवतकुमारी पाण्डे, विद्यादेवी दीक्षित आदि र आधुनिक कालका विभिन्न महिला कवि, तिनका काव्य कृति र काव्यात्मक प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको यस लेखमा नेपालभित्र र नेपालबाहिर रहेका नेपालीहरूका बारेमा चर्चा गर्दै महिला कविहरूको सङ्ख्यामा वृद्धि हुँदै गए तापनि सबैका कविताहरू भने स्तरीय नभएको कुरा प्रस्तुत गरिएको छ ।

समकालीन नेपाली साहित्यको परिदृश्य शीर्षक लेखमा समकालीनता र आधुनिकता समानार्थी नभएर भिन्नार्थबोधक शब्द भएको कुरासहित समकालीनताको परिचय प्रस्तुत गरी नेपाली कविताको समकालीन धाराको समयावधिका विभिन्न कालखण्डमा देखापरेका अभियान र आन्दोलनहरूका बारेमा जानकारी गराइएको छ । यी विभिन्न अभियान र आन्दोलनहरूले समकालीन नेपाली साहित्यको विकासमा केही न केही नवीनता थप्ने काम गरेको र यसमा भारतीय नेपाली साहित्यकार र विभिन्न पत्रपत्रिकाहरूको पनि विशिष्ट भूमिका रहेको बताइएको छ । यसमा समकालीनताको सैद्धान्तिक स्वरूपको प्रस्तुतिपछि समकालीन नेपाली कविता, कथा, उपन्यास, नाटक/एकाङ्की, निबन्ध, समालोचनाजस्ता विधाहरूमा देखापरेका विभिन्न धारा तथा प्रवृत्तिहरूको बारेमा जानकारी गराइएको छ । अन्त्यमा उत्तरआधुनिकतावाद र उत्तरआधुनिकतावादीका बारेमा विशेष चर्चा गर्दै कृतिको अनावश्यक चर्चा, परिचर्चा गरी समालोचक तथा भूमिका लेखकले दशक वा शतककै उत्कृष्ट अतुलनीय कृति भनिदिने परिपाटी रहेकोमा यस्तो प्रवृत्तिलाई बेलैमा सच्च्याएर नेपाली साहित्यको गतिलाई निरन्तरता दिनुपर्ने कुरा निष्कर्ष निकालिएको छ ।

कथा सिद्धान्त र नेपाली कथाको इतिहास शीर्षक लेखको प्रारम्भमा कथाको परिचय दिई दण्डी, वामन, ई एम. फोस्टर, एडगर एलेन पो, देवकोटा आदिका परिभाषा प्रस्तुत गरिएको छ । त्यसपछि विषयवस्तुका आधारमा, प्रस्तुतिगत प्रधानताका आधारमा, शैलीय आधारमा, आयामका आधारमा, परिणति वा प्रभावका आधारमा, सङ्गठनका आधारमा कथाको वर्गीकरण गरी व्याख्या गरिएको छ । कथाका संरचक घटकहरूमा कथानक, सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीय विन्यास आदिको बारेमा चर्चा गर्दै कथा र

उपन्यास बीच तुलना गरिएको छ । त्यसभन्दा पछि नेपाली कथाको काल विभाजन गरिएको छ । जसलाई प्राथमिक काल (सुरुलेखि १९५७ सम्म), माध्यमिक काल (१९५८ देखि १९९१ सम्म) र आधुनिक काल (१९९२ देखि यता) गरी विभाजन गरिएको छ र प्रत्येक कालका कथाकार, कथा र कथागत प्रवृत्तिहरू प्रस्तुत गरिएको छ । आधुनिक नेपाली कथाका प्रमुख धाराहरूमा यथार्थवादी, स्वच्छन्दतावादी, प्रयोगवादी धाराको चर्चा गर्दै उपसंहारमा नेपाली कथाको समसामयिक धाराको मूल प्रवृत्ति वर्तमान युगीन विविध क्षेत्रका यथार्थको प्रकटीकरण रहेको देखिएकाले यस धाराको नाम यथार्थवादी धारा राख्न सकिने अवस्था रहेको कुरा प्रस्तुत गरिएको छ ।

यी विभिन्न शीर्षकका लेखहरू माथिका अन्य विभिन्न शीर्षकअन्तर्गत परे तापनि यी सबैको विश्लेषण माथि कुनै पनि शीर्षकमा गरिएको छैन ।

५.३.११ डायस्पोरासँग सम्बन्धित समालोचनाहरू

खगेन्द्रप्रसाद लुइटेलका नाटक, एकाङ्कीसँग सम्बन्धित विभिन्न शीर्षकका समालोचनात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू र विभिन्न व्यक्तिद्वारा सम्पादित पुस्तकहरूमा प्रकाशित छन् । ती समालोचनात्मक लेखहरूलाई प्रकाशन मितिका क्रममा तल क्रमशः प्रस्तुत गरी त्यही क्रममा तिनको परिचयात्मक अध्ययन गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
१७. *नेपाली साहित्यमा डायस्पोराको योगदान*	**जनमत**, (२४/११-१२, २०६४ पुस), पृ. ९-१५ ।
१८. *नेपाली साहित्यमा डायस्पोराको योगदान*	**हाम्रो ध्वनि**, (४०/९, २०६६ जेठ-असार), पृ १३-२१ ।
१९. *डायस्पोरा सिद्धान्त र नेपाली सन्दर्भ*	**शब्दाञ्जली**, (४/३, २०६८ वैशाख), पृ. ७-१४ ।
२०. *डायस्पोराको सैद्धान्तिक स्वरूप*	**प्रहरी**, (५३/१, २०६८ वैशाख), पृ. १३-१७ ।
२१. *नेपाली साहित्यमा डायस्पोराको योगदान*	**अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन**, सन् २०१२, पृ. ५५-७१ ।
२२. *आप्रवासी नेपाली साहित्यको सैद्धान्तिक र व्यावहारिक पक्ष*	**गरिमा**, (३०/१२ २०६९ मङ्सिर), पृ. ८७-९६ ।
२३. *नेपालबाहिर नेपाली साहित्यको अवस्था*	**साहित्य संसार**, (१, २०१३ सेप्टेम्बर-डिसेम्बर), पृ. २०-२३ ।
२४. *नेपाली डायस्पोरिक साहित्य : सिद्धान्त र प्रयोग*	**अनेक डायस्पोराको साहित्य**, २०७०, पृ. २०-४६ ।

नेपाली साहित्यमा डायस्पोराको योगदान शीर्षक लेख **हाम्रो ध्वनि** (४०/९, २०६६ जेठ-असार) र **अन्तराष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन** (सन् २०१२) मा पनि प्रकाशित छ । यसमा डायस्पोराको प्रारम्भिक अर्थ बलपूर्वक ननिकाली आफैँ संसारभर फैलिनु भएको र देशबाहिर गएर लामो समय बसोबास गरी त्यहाँको भाषा, संस्कृति, रहनसहन अङ्गीकार गरिसकेका लेखकहरूबाट सिर्जित साहित्यलाई डायस्पोरिक साहित्य भनिने कुरा जानकारी गराउँदै केही डायस्पोरिक कृति र कृतिकारको विवरण प्रस्तुत गरिएको छ । नेपाली साहित्यमा डायस्पोरासम्बन्धी रहेको भ्रमलाई प्रस्तुत गरी यताबाट उता गएर लेखिएका जति जम्मै

साहित्यलाई डायस्पोरिक भन्न थालिएमा उत्पन्न हुने प्रश्नहरू प्रस्तुत गर्दै डायस्पोरिक शब्दको सही ठाउँमा मात्र प्रयोग गरिनुपर्ने कुराप्रति सचेत गराइएको छ ।

नेपालबाहिर नेपाली साहित्यको अवस्था शीर्षक लेखमा नेपाल बाहिर बस्ने नेपाली साहित्यकारहरूको सक्रियतामा खोलिएका विभिन्न साहित्यिक सङ्घसंस्थाहरूको परिचयसँगै डायस्पोरिक, आप्रवाशी, परदेशी, लाहुरे आदि नामबाट नेपाली साहित्यलाई चिनाउने होडबाजी चलेको र त्यसमा पनि सबैभन्दा बढी डायस्पोरिक शब्द चर्चामा रहेको प्रसङ्ग उठाउँदै सिर्जनाको विश्लेषण कसैलाई उचाल्ने, पछार्ने नगरी तटस्थ रूपले गर्नुपर्ने कुरा प्रस्तुत गरिएको छ । यसका साथै नेपाल बाहिरबाट पनि कृतिहरू प्रकाशन हुन थालेका र गौहाटी, सिक्किम लगायत संसारका कतिपय ठाउँका विश्वविद्यालयहरूमा नेपाली भाषा पठनपाठन हुन थालिसकेको कुरासँगै नेपालबाहिर नेपाली साहित्यको अवस्था निरासाजनक नभई उत्साहप्रद नै भएको कुरा प्रस्तुत गरिएको छ ।

खगेन्द्रप्रसाद लुइटेलका समालोचना लेखहरू सबैभन्दा बढी कविता विधासँग सम्बन्धित रहेका छन् । उनले कतिपय धैरेले नाम नै नसुनेका र कतिपय चर्चित कविहरू, तिनीहरूका काव्यप्रवृत्ति र प्रकाशित काव्यहरूको विभिन्न कोणबाट विश्लेषण गर्नका साथै नेपाल भित्रका मात्र नभएर नेपाल बाहिर विभिन्न ठाउँमा बस्ने नव सापकोटा, पुष्पलाल उपाध्यायजस्ता कविहरूको बारेमा पनि चर्चा गरेका छन् । लेखहरूलाई विभिन्न शीर्षकमा विभाजन गरेर प्रस्तुत गरिएका उनका प्रत्येक लेखको विश्लेषणका क्रममा वस्तुवादी पद्धतिको प्रयोग गरिएको छ । उनका यस क्षेत्रका लेखहरूले कतिपय ओझेलमा परेका साहित्यकारहरूका बारेमा जानकारी गराउनका साथै चर्चितहरूका बारेमा पनि थप जानकारी प्रदान गरेका छन् ।

५.४ पुस्तक समीक्षाहरूको परिचयात्मक अध्ययन

खगेन्द्रप्रसाद लुइटेलका थुप्रै समालोचनात्मक लेखहरूका साथै विभिन्न व्यक्ति तथा साहित्यकारहरूका पुस्तक माथि गरिएका विविध शीर्षकका पुस्तक समीक्षाहरू पनि विभिन्न पत्रिकाहरू तथा अनलाइन पत्रिकाहरूमा प्रकाशित भएका छन् । यस शोधपत्रमा लुइटेलले गरेका सबै कृति समीक्षाहरू प्रस्तुत गरी पत्रिकाहरूमा प्रकाशित समीक्षाहरूको मात्र परिचयात्मक अध्ययन गरिएको छ । उनीद्वारा समीक्षा गरिएका विभिन्न व्यक्तिका पुस्तकहरूको समीक्षा निम्नानुसार रहेका छन् :

लेखक	पुस्तक	शीर्षक	प्रकाशन स्रोत
६१. लेखनाथ पौडेल	**शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा**	*शैक्षिक जगत्मा नौलो पुस्तक*	**कान्तिपुर**, २०५० फागुन २८, पृ. ख ।
६२. मोहनराज शर्मा र कृष्णहरि बराल	**भाषाविज्ञान र नेपाली भाषा**	*भाषिक क्षेत्रमा नयाँ उपलब्धि*	**शिक्षाशास्त्र सौरभ**, २/२, २०५०, पृ. ३८-३९ ।
६३. रमेश विकल	**निलगिरिको छायामा**	***निलगिरिको छायामा** : यात्रावृत्तको*	**मिर्मिरे**, २३/४, २०५१ असोज, पृ. ६०-६३ ।
६४. यज्ञेश्वर निरौला	**क्रियाको रूपतत्त्वका आधारमा नेपाली भाषिकाहरूको अध्ययन**	*नेपालीका भाषिकाको अध्ययन एक कदमअघि*	**कान्तिपुर**, २०५२ जेठ ६, पृ. ख ।
६५. ध्रुवचन्द्र गौतम	**दुविधा**	***दुविधा उपन्यास***	**गोरखापत्र**, २०५२ माघ २७, पृ. ६ ।

६६. मोहनराज शर्मा	**शब्दरचना र वर्णविन्यास**	***शब्दरचना र वर्णविन्यास***	**हिमालय टाइम्स**, २०५३ वैशाख १५, पृ. ४ ।
६७. मोहनराज शर्मा	**शब्दरचना र वर्णविन्यास**	*शैक्षणिक उपलब्धि :* ***शब्दरचना र वर्णविन्यास***	**सयपत्री**, २/२-३, २०५३ भदौ-चैत, पृ.२११-२१४ ।
६८. गोविन्द गिरी प्रेरणा	**अचानक एकदिन**	***अचानक एकदिन***	**गरिमा**, १५/१०, २०५४ असोज, पृ. १११-११२ ।
६९. कशघ	**बुइँगलको एउटा बाकस**	*कशघका* ***बुइँगलको एउटा बाकस*** *खोली हेर्दा*	**गरिमा**, १६/३, २०५४ फागुन, पृ. ११४-११६ ।
७०. वियोगी बुढाथोकी	**छुटेका यादहरू**	*युगीन यथार्थको अभिव्यक्ति :* ***छुटेका यादहरू***	**गरिमा**,१६/७, २०५५ असार, पृ. १०१-१०३ ।
७१. मोहनराज शर्मा	**समकालीन नेपाली समालोचना**	*नेपाली समालोचनामा विस्फोटक क्रान्ति*	**समकालीन साहित्य**, ९/३, २०५६ साउन-असोज, पृ. १७९-१८२ ।
७२. आर. डी. प्रभास चटौत	**डोटचाली बृहत् शब्दकोश**	*कोशविज्ञानका कसीमा* ***डोटचाली बृहत् शब्दकोश***	**नेपाल समाचारपत्र**, २०५८ मङ्सिर २५, पृ. ५ ।
७३. कुमारप्रसाद कोइराला	**नेपाली आख्यानको अध्ययन**	*नेपाली आख्यान : सन्दर्भ समालोचना*	**नेपाल समाचारपत्र**, २०५९ पुस ९, पृ. ५ ।
७४. लक्ष्मणप्रसाद गौतम	**समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**	*बिम्ब र नेपाली कवितामा बिम्बविधान*	**समकालीन साहित्य**,१४/३, २०६१ वैशाख-असार, पृ.१६३-१६६ ।
७५. लक्ष्मणप्रसाद गौतम र अन्य	**नोबेल पुरस्कार विजेता साहित्यकार**	*नोबेल पुरस्कार विजेता साहित्यकार : पाठकका लागि उत्कृष्ट उपहार*	**मधुश्री**, ५/४, २०६३, पृ. ३-५ ।
७६. गोपाल पराजुली	**पच्चीस प्रतिभा भाग ३**	*बालोपयोगी जीवनीहरू*	**मधुपर्क**,४०/३, २०६४ साउन, पृ. १८ ।
७७. मोहन सिटौला	**नयाँ मुलुकको नाद**	*मिश्रित स्वादको कृति*	**मधुपर्क**,४०/७, २०६४मङ्सिर,पृ.११-१२ ।
७८. मोहन सिटौला	**नयाँ मुलुकको नाद**	उत्कृष्ट कविता कृति : नयाँ मुलुकको नाद	**समकालीन साहित्य डट कम**, २०६७ वैशाख ४ ।
७९. होमनाथ सुवेदी	**चिरिएको मुटु**	डायस्पोरिक साहित्यको राम्रो बान्की : चिरिएको मुटु	**समकालीन साहित्य डट कम**, २०६७ वैशाख २५ ।
८०. बखतबहादुर थापा	**कालचक्र**	कालचक्र : प्राविधिक ठगी र जनयुद्धको जीवन्त चित्रण	**समकालीन साहित्य डट कम**, २०६७ साउन ४
८१. डा. तारानाथ शर्मा र अन्य	**उत्तर अमेरिकाका नेपाली कवि र कविता**	उत्तर अमेरिकाका नेपाली कवि र कविता	**समकालीन साहित्य डट कम**, २०६७ साउन २५
८२. उज्ज्वल जिसी	**निरीह समयमाथि**	युगीन यथार्थको काव्यात्मक दिग्दर्शन	**समकालीन साहित्य डट कम**, २०६७ कार्तिक २७ ।
८३. रुकु कार्की	**जीवनज्योति**	आदर्शमिश्रित सामाजिक यथार्थवादी उपन्यास : जीवनज्योति	**समकालीन साहित्य डट कम**, २०६८ जेठ १२ ।
८४. कृष्ण प्रसाई	**घामको वर्षा**	ध्यान कविताको राम्रो बान्की : घामको वर्षा	**समकालीन साहित्य डट कम**, २०६८ भदौ १९ ।
८५. विद्याप्रसाद घिमिरे	**सेलाएको घाम**	बोधगम्य कविताको सँगालो : सेलाएको घाम	**समकालीन साहित्य डट कम**, २०६८ भदौ २५ ।
८६. गीता खत्री र अन्य	**अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन**	*डायस्पोरिक समालोचना सङ्ग्रह : अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन*	**अन्तर्दृष्टि**, २०/१, २०६९ चैत, पृ. १६१-१६९ ।
८७. सूर्य सुवेदी	**सिर्जना र दृष्टिकोण**	*अनुभवको उत्कृष्ट सङ्ग्रह*	**नागरिक,** २०७१ कार्तिक २२, पृ. १० ।

८८.गीता खत्री र अन्य (सम्पा.)	**अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन**	*डायस्पोरिक समालोचना सङ्ग्रह*	**समकालीन साहित्य डट कम**, २०७१ माघ ९ ।
८९. डा. गोविन्दसिंह रावत	**विश्व रङ्गमञ्चमा सडक नाटक परम्परा**	*सडक नाटक र रङ्गमञ्चबारेको आधिकारिक शोधग्रन्थ*	**समकालीन साहित्य डट कम,** २०७१ फागुन २१ ।
९०. सूर्य सुवेदी	**सिर्जना र दृष्टिकोण**	*अनुभवसिद्ध अनुभूतिको उत्कृष्ट सङ्ग्रह*	**समकालीन साहित्य डट कम,** २०७१ फागुन २५ ।

शैक्षिक जगत्मा नौलो पुस्तक शीर्षक पुस्तक समीक्षामा लेखनाथ पोडेलद्वारा लेखिएको **शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा** (२०५०) नामक कृति शैक्षिक/शैक्षणिक र नेपालको शैक्षिक इतिहास दुवै पक्षलाई एकै ठाउँमा समेटेर सुव्यवस्थित र वस्तुपरक ढङ्गले लेखिएको दुई खण्डमा विभाजित प्रस्तुत कृतिमा विभिन्न विषयको जानकारी पाइने हुनाले शिक्षा विषयप्रति जिज्ञासा राख्ने सबैका लागि यो पुस्तक उपयोगी रहेको कुरा प्रस्तुत गरिएको छ ।

भाषिक क्षेत्रमा नयाँ उपलब्धि शीर्षक पुस्तक समीक्षामा मोहनराज शर्मा र कृष्णहरि बरालको सहलेखनमा प्रकाशित **भाषाविज्ञान र नेपाली भाषा** नामक पुस्तकको समीक्षा गरिएको छ । भाषा र भाषाविज्ञान जस्तो अफ्ठ्यारो विषयलाई सरल र सुबोध तरिकाले प्रस्तुत गरिनु उक्त पुस्तकको शक्ति भएको कुरा प्रस्तुत गर्नका साथै उक्त पुस्तकमा यान्त्रिक त्रुटिहरू पाइनु, आवरण सज्जाछपाइ कागज त्यति आकर्षक नभएको भनी सीमाको चर्चा गर्दै उक्त पुस्तकका शक्ति रसीमा दुवै औँल्याइएको छ ।

निलगिरिको छायामा : यात्रावृत्तको नमुना शीर्षक पुस्तक समीक्षामा रमेश विकल र उनका प्रकाशित कृतिहरूका बारेमा जानकारी गराउँदै २०३७ साल चैत्र २३ गतेदेखि रमेश विकलद्वारा गरिएको काठमाडौँदेखि मुक्तिनाथसम्मको पन्ध्र दिने यात्रामा आधारित **निलगिरिको यात्रामा** नामक कृतिको समीक्षा गरिएको छ । औपन्यासिक संरचनामा आबद्ध प्रस्तुत पुस्तकमा वर्णनात्मक, आत्मकथात्मक, संवादात्मक शैलीको प्रयोग गरी मुक्तिनाथको सबै स्थानको जानकारी गराइएको कुरा प्रस्तुत गरिएको छ ।

नेपाली भाषाको अध्ययन एक कदम अगाडि शीर्षक पुस्तक समीक्षामा यज्ञराज निरौलाद्वारा लिखित **क्रियाको रूपतCवका आधारमा नेपाली भाषिकाहरूको अध्ययन** नामक पुस्तकको समीक्षा गरिएको छ । पचहत्तरै जिल्लाका नेपाली भाषा बोल्ने नेपालीहरूबाट सामग्री सङ्कलन गरी वर्णनात्मक ढङ्गमा विषयवस्तु प्रस्तुत गरी विश्लेषण गरिएको उक्त पुस्तक नेपाली भाषिकाको क्षेत्रमा गरिएको नवीनतम् अध्ययन भएको कराको चर्चा गर्दै यो पुस्तक नेपाली भाषाका क्षेत्रमा रुचि राख्ने सबैका लागि उपयोगी रहेको कुरा प्रस्तुत गरिएको छ ।

दुविधा उपन्यास शीर्षक पुस्तक समीक्षामा उपन्यासका क्षेत्रमा सङ्ख्या र गुणात्मक दुवै दृष्टिले उत्कृष्ट र विशिष्ट प्रतिभा ध्रुवचन्द्र गौतगको **दुविधा** उपन्यासको समीक्षा गरिएको छ । नेपाली आख्यान जगत्कै कथ्य र शिल्प दुवै दृष्टिले बेजोड उक्त कृतिमा श्यामव्यङ्ग्यको प्रथम प्रयोग रहेको कुराको चर्चा गर्दै श्यामव्यङ्ग्यका दृष्टिले ऐतिहासिक महCव रहेको यो कृति साहित्यानुरागीहरूका लागि पठनीय र सङ्ग्रहणीय रहेको कुरा प्रस्तुत गरिएको छ ।

शब्दरचना र वर्णविन्यास शीर्षक पुस्तक समीक्षामा मोहनराज शर्माद्वारा लिखित **शब्दरचना र वर्णविन्यास : भाषावैज्ञानिक पद्धति** थुप्रै संस्करण प्रकाशित भइसकेको र अहिलेको संस्करणमा यसको नाम **शब्दरचना र वर्णविन्यास : वाक्य तf?व, अभिव्यक्ति र साहित्य** (२०५२) रहेको बारे जानकारी गराउँदै तिन भागमा विभाजित प्रवीणता प्रमाणपत्र र १० जोड दुई कक्षाको पाठ्यक्रममा निर्धारित स्वीकृत आधिकारिक उक्त पाठ्यपुस्तकको विषयवस्तु प्रस्तुत गर्दै व्याकरण जस्तो जटिल विषयलाई पनि सरल ढङ्गमा प्रस्तुत गरिएको, सैद्धान्तिक र व्यवहारिक दुवै दृष्टिले स्पष्ट उक्त पुस्तक नेपाली भाषा र व्याकरणका क्षेत्रमा अद्वितीय र अमूल्य निधि बन्न पुगेका कुरा प्रस्तुत गरिएको छ ।

शैक्षणिक उपलब्धि : शब्दरचना र वर्णविन्यास शीर्षक पुस्तक समीक्षामा मोहनराज शर्माद्वारा लेखिएको तिन भागमा विभाजित तिनवर्षे स्नातक तहको पाठ्यक्रम अनुसार अनिवार्य रूपमा पढाइने **शब्दरचना र वर्णविन्यास** पुस्तकको विषयवस्तुबारे जानकारी गराउँदै मोराश व्याकरण र भाषाविज्ञान दुवैमा राम्रो दखल भएका वरिष्ठ विद्वान् भएका कारणल यो पुस्तक सैद्धान्तिक र व्यवहारिक दुवै दृष्टिले सुस्पष्ट र सुगम बन्न पुगेको कुरा प्रस्तुत गरिएको छ ।

अचानक एकदिन शीर्षक पुस्तक समीक्षामा गोविन्द गिरि प्रेरणाका प्रकाशित कृतिको विवरण प्रस्तुत गर्दै तिन वर्षमा लेखिएका २४ वटा कविताहरूको सङ्कलन **अचानक एकदिन**मा भावसाम्य कविताको बाहुल्यता पाइने कुरा उल्लेख गर्दै गृहीत विषयवस्तुलाई शृङ्खलित रूपमा अनुभूतिमय तुल्याएर सहज, स्वभाविक, संवेद्य र मार्मिक ढगले प्रस्तुत गर्नु गिरीको विशेषता भएको कुरा जानकारी गराइएको छ । देशभक्तिको भावना प्रस्तुत गरिएको यो पुस्तक अधिकांश कवितामा सामाजिक, ऐतिहासिक र पौराणिक क्षेत्रमा बिम्बहरूलाई नितान्त नवीनताका साथ प्रस्तुत गरी आफूले भोगेको युगीन सन्दर्भ र वैयक्तिक जीवनका प्रसङ्गहरूबाट विषयवस्तु ग्रहण गरिएको कुरा प्रस्तुत गरिएको छ ।

कशघका बुईंकलको एउटा बाकस खोली हेर्दा शीर्षक पुस्तकसमीक्षामा कवितासम्बन्धी कमलमणि दीक्षित, शरद्चन्द्र भट्टराई र घटराज भट्टराई आपसमा मिलेर नेपाली साहित्यको अतीतको खोजी गर्ने काममा जुटेको कुरालाई महf?वपूर्ण र अनुकरणीय मान्नुपर्ने कुरा प्रस्तुत गर्दै **एउटा अर्को बुईंकल** (२०५३) पछि प्रकाशित भएको **बुईंकलको एउटा बाकस** (२०५३) लाई टुक्रे कविता र समस्यापूर्तिका बिटाले भरिएको ट्याङ्काका रूपमा लिन सकिने भन्दै दुई खण्डमा विभाजित यो कृतिका विशेषता, प्रत्येक प्रत्येक शीर्षकको विषयवस्तु प्रस्तुत गरी उक्त पुस्तक बाह्यान्तरण साजसज्जा, कागज, टङ्कन, मुद्रण आदि निकै आकर्षक र पाठकहरूका लागि पठनीय रहेको कुरा जानकारी गराइएको छ ।

युगीन यथार्थको अभिव्यक्ति शीर्षक पुस्तकसमीक्षामा समसामयिक धाराका चर्चित युवाकवि वियोगी बुढाथोकीका प्रकाशित कविताहरूको नाम उल्लेख गर्दै अधिकांश शीर्षक स^{a}केतात्मक र प्रतीकात्मक भए पनि ती भाव अनुकुल सामञ्जस्यमूलक रहेका कुरा प्रस्तुत गर्दै मूलतः युगीन जनजीवनका विविध क्षेत्रमा व्याप्त विस^{a}गति र विकृत यथार्थलाई विषयवस्तु बनाइएको यस पुस्तकमा विश्वमा व्याप्त र रङ्गभेद र वर्णभेद नीतिको विरोध गरिएको कुरा उल्लेख गरिएको छ । सरल र सहज भाषा, युग सचेतता, सामाजिकता, देशप्रेम,

युगीन विवशता र बाध्यताको अभिव्यक्ति पाइने यस पुस्तकको वर्णविन्यासगत असावधानी र मुद्रणगत त्रुटिले कविताको गाम्भीर्यतालाई हल्का तुल्याएको तथा साझा प्रकाशनजस्ता संस्थाको प्रकाशकीय व्यक्ति विशेषका नामबाट प्रस्तुत गरिनुलाई उपयुक्त नमानिने कुरा प्रस्तुत गरिएको छ ।

नेपाली समालोचनामा विष्फोटक क्रान्ति शीर्षक पुस्तक समीक्षामा नेपालीका शीर्षस्थ साहित्यकार प्रा. मोहनराज शर्मालाई कथाकार, नाटककार/एकाङ्कीकार, हास्यव्यङ्ग्य निबन्धकार, भाषा व्याकरणकार, समालोचक तथा शैलीवैज्ञानिक समालोचना पद्धति र समकालीन समालोचनाका प्रवर्तकका रूपमा परिचित गराई उनका समालोचनाका मूल वैशिष्ट्य प्रस्तुत गर्दै **समकालीन समालोचना : सिद्धान्त र प्रयोग** (२०५२) नामक कृतिमा प्रस्तुत प्रत्येक परिच्छेदको विषयवस्तुका बारेमा जानकारी गराइएको छ । समकालीन समालोचनाको सैद्धान्तिक र प्रायोगिक दुवै दृष्टिले अत्यन्त उच्चकोटीको समालोचनात्मक ग्रन्थ मान्नुपर्ने यस कृतिमा हरेक विधाका सटिक र वस्तुगत परिभाषा, सिद्धान्त र प्रयोगको समन्वित प्रयोगका साथै प्रस्तुतिका दृष्टिले अद्वितीय, वस्तुवादी र भाषावादी ढङ्गले विश्लेषण गरिएको तथा बजार भाउमा अत्यन्तै सस्तो यस कृतिलाई नेपाली समालोचनाका फाँटमा विष्फोटक क्रान्तिका रूपमा लिनुपर्ने कुरा प्रस्तुत गरिएको छ ।

कोशविज्ञानका कसीमा डोटचाली बृहत् शब्दकोश शीर्षक पुस्तक समीक्षामा जोसुकै कोशकार बन्न नसक्ने कुरा उठाउँदै नेपाली भाषाको उद्गमस्थल मानिने सुदूरपश्चिम क्षेत्रमा अनेक भाषिका भए तापनि कोश निर्माण प्रक्रिया त्यति नभएको भन्दै आर. डी. प्रभास चटौतले निर्माण गरेको डोट्याली बृहत् शब्दकोशको समीक्षा गरिएको छ । कोश निर्माण र विश्लेषणका लागि प्रविष्टिपूर्व, प्रविष्टि र उत्तरप्रविष्टिमा ध्यान दिनुपर्ने कुरासहित मूल प्रविष्टिमा समाविष्ट शब्दलाई नेपाली भाषाको वर्णानुक्रमानुसार राखिएको डोट्याली भाषाको पहिलो कोश बन्ने श्रेय प्राप्त गरेको यस कोशमा सामान्य कमजोरी पाइए तापनि यसलाई ज्यादै महत्वपूर्ण कृतिका रूपमा लिन सकिने कुरा प्रस्तुत गरी प्रविष्ट उत्तर भागमा विभिन्न शीर्षक र विषयवस्तुहरूलाई वर्णानुक्रममा राख्ने प्रयास गरिएको भए तापनि यस कोशको सन्दर्भग्रन्थसूची रखाइमा विधिसम्मत् प्रविधिको अनुसरण गरिनु आवश्यक भएको कुरा प्रस्तुत गरिएको छ ।

बिम्ब र नेपाली कवितामा बिम्बविधान शीर्षक पुस्तक समीक्षामा लुइटेलले लक्ष्मणप्रसाद गौतमका प्रकाशित समालोचनात्मक कृतिहरूको विवरण दिँदै साझा प्रकाशनबाट २०६० सालमा प्रकाशित **समकालीन नेपाली कवितामा बिम्ब विधान** नामक चार परिच्छेदमा विभक्त यस कृतिमा प्रस्तुत विषयवस्तुको सामान्य परिचय दिँदै उक्त कृतिमा प्रविधिगत, विषयगत एवं प्रस्तुतिगत सामान्य कसरमसर रहे तापनि समग्रमा यो कृति प्रभाववादिताबाट वस्तुवादितातर्फ उन्मुख भएको यस क्षेत्रको विशिष्ट उपलब्धि भएको कुरा बताएका छन् । यसका साथै बिम्बलाई अर्थ्याइ समकालीन नेपाली कवितामा यसको अवस्थिति निरूपण गरिएको यो नेपालीकै पहिलो आधिकारिक कृति भएको कुरा उल्लेख गर्दै बिम्बको सैद्धान्तिक ज्ञानका अतिरिक्त समकालीन नेपाली कविताका मूलभूत वैशिष्ट्य र तिनमा बिम्बको अवस्थितिबारे जानकारी लिनको लागि सबै तह र वर्गका लागि यो कृति उपयोगी रहेको कुरामा सन्देह नरहेको कुरा प्रस्तुत गरेका छन् ।

नोबेल पुरस्कार विजेता साहित्यकार पाठकका लागि उत्कृष्ट उपहार नामक पुस्तक समीक्षामा अल्फ्रेड नोबेल र नोबेल पुरस्कारको बारेमा जानकारी दिँदै डा. खुमनारायण पौडेल, लक्ष्मणप्रसाद गौतम र हरिहर पौडेल मिलेर सामूहिक रूपमा तयार पारिएको रत्न पुस्तक भण्डारबाट प्रकाशित **नोबेल पुरस्कार विजेता साहित्यकारहरू** शीर्षकको कृतिमा १०१ जना साहित्यकारहरूका बारेमा चर्चा गरिएको कुरा प्रस्तुत गरिएको छ । प्रत्येक शीर्षकलाई दुई शीर्षकमा बाँडेर दुई पृष्ठमा सीमित गरिएको यो कृति यस क्षेत्रको एउटा प्रशंसनीय र सह्राहनीय गतिलो काम भएको भन्दै दुई विज्ञानशास्त्री र एक साहित्यशास्त्रीको सन्तुलित संयोजन रहेको यस कृतिमा कृतिकारको परिश्रम, मिहेनत र अनुवाद कौशल देखिने कुरा प्रस्तुत गरी हरेक वर्षका नोबेल पुरस्कार विजेता साहित्यकारहरूलाई समावेश गर्दै कृतिलाई अझ विस्तारपूर्वक रूपमा प्रस्तुत गर्दै लगिएमा उक्त कृति यस क्षेत्रको पहिलो मात्र होइन, एक मात्र आधिकारिक र प्रामाणिक ग्रन्थ हुने कुरामा सन्देह नभएको कुरा प्रस्तुत गरेका छन् ।

बालोपयोगी जीवनीहरू शीर्षक पुस्तक समीक्षामा बालसाहित्यबारे जानकारी दिँदै बालसाहित्य लेखन अन्य लेखनभन्दा गारो भएको कुरा प्रस्तुत गरी गोपाल पराजुलीद्वारा लिखित **पच्चीस प्रतिभा भाग ३** को बारेमा चर्चा गरिएको छ । जीवनी लेखन अन्य लेखनभन्दा अझ बढी गारो हुने कुरा प्रस्तुत गर्दै जन्ममितिका आधारमा २५ जना साहित्यिक र साहित्येतर व्यक्तिहरूको जन्म, सिर्जना, महत्वपूर्ण कार्य र मृत्युको बारेमा जानकारी गराइएको यो कृतिमा बालकको स्तर अनुरूपको सरल, सहज र स्वभाविक भाषाको प्रयोग पाइनुका साथै लेखाइमा एकरूपताको अभावलगायत केही कसरमसर बाहेक बालजीवनीका क्षेत्रमा महत्वपूर्ण बनेको कुरा प्रस्तुत गरेका छन् ।

मिश्रित स्वादको बान्की शीर्षक पुस्तक समीक्षामा विविध विधामा सक्रिय रहेका मोहन सिटालाको अर्को प्रहर २०४४ सालपछि अन्तराष्ट्रिय साहित्य समाज केन्द्रीय कार्यालय अमेरिकाका लागि सर्वदा वाङ्मय प्रतिष्ठान काठमाडौँबाट २०६३ सालमा प्रकाशित हो । चार भागमा विभाजित बीसवटा कविता र सातवटा गीतको सङ्ग्रह **नयाँ मुलुकको नाद**को मूल उद्देश्य वर्तमान युगीन विविध पक्षका वैश्विक यथार्थको प्रकटीकरण गर्नु रहेको बताउँदै प्रथम र तृतीय दुवै दृष्टिबिन्दु तथ पद्य भाषाको प्रयोग गरी अमेरिकामा बस्ने नेपालीहरूको बारेमा चित्रण गरिएको उक्त कृतिमा ठाउँठाउँमा कोशीय विचलन पाइने कुरासमेत प्रस्तुत गरेका छन् ।

अनुभवको उत्कृष्ट सङ्ग्रह शीर्षक पुस्तक समीक्षामा सूर्य सुवेदीद्वारा नेपाली साहित्यका साथै विभिन्न क्षेत्रमा ख्याति कमाएका ५२ पुरुष र ७ महिला गरी ५९ जना व्यक्तिसँग विभिन्न समयमा लिइएका अन्तर्वार्ताहरूलाई सम्पादन गरी प्रकाशित गरिएको **सिर्जना र दुष्टिकोण** कृतिको बारेमा चर्चा गरिएको छ । तिन भाग रहेको यो कृति २०२३ सालमा प्रकाशित उत्तम कुँवरको **स्रष्टा र साहित्य**पछि देखापरेका अन्तर्वार्ता सङ्ग्रहहरूमा उत्कृष्ट रहेको कुरा प्रस्तुत गरेका छन् ।

५.५ निष्कर्ष

प्रस्तुत परिच्छेदमा खगेन्द्रप्रसाद लुइटेलका समालोचनात्मक कृतिहरू, फुटकर समालोचना र पुस्तक समीक्षाहरूको परिचय प्रस्तुत गरिएको छ । *क्षेत्रप्रताप अधिकारी : जीवनवृत्त र कवित्वका आलोकमा* (**गरिमा**,

११/३, २०४९ फागुन) नामक लेखबाट समालोचनात्मक लेखनका क्षेत्रमा प्रवेश गरेका लुइटेलको पहिलो समालोचनात्मक कृति भने **शोधविधि** (२०५२) हो । उनका हालसम्ममा एक दर्जनभन्दा बढी समालोचनात्मक कृति प्रकाशित भइसकेका छन् । सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले महत्वपूर्ण रहेका उनका समालोचनात्मक कृतिहरूले नेपाली समालोचनाका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । **कविताको संरचनात्मक विश्लेषण** नामक कृतिका माध्यमबाट नेपाली समालोचनाका क्षेत्रमा संरचनावादी समालोचना पद्धतिको प्रवर्तन गरेका लुइटेलका समालोचनात्मक कृतिहरू कविता, लोकसाहित्य, उपन्यास, निबन्ध, नाटक विविध विधासँग सम्बन्धित रहेका छन् । कुनै पनि कृति, व्यक्ति तथा सिद्धान्तका बारेको विश्लेषण गर्ने क्रममा यथार्थवादी वस्तुवादी दृष्टिकोण प्रस्तुत गर्ने लुइटेल वस्तुवादी समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिका प्रवर्तन मात्र नभई यसको उन्नायक र विस्तारकसमेत हुन् । साहित्यको मुख्य क्षेत्र समालोचनालाई नै बनाएका तथा हरेकको विश्लेषणमा वस्तुवादी यथार्थवादी पद्धतिको प्रयोग गर्ने लुइटेल नेपाली समालोचनाका क्षेत्रमा वरिष्ठ समालोचकका रूपमा स्थापित भइसकेका छन् । उनका प्रायः सबै समालोचनात्मक कृतिहरूको प्रारम्भमा सिद्धान्त र त्यसपछि विकासक्रम प्रस्तुत गरी त्यही सिद्धान्तअनुरूप कृतिको विश्लेषण गरिएको हुन्छ ।

खगेन्द्रप्रसाद लुइटेलको सबैभन्दा महत्वपूर्ण साहित्यिक पाटो समालोचना क्षेत्र हो । नेपाली समालोचनामा विश्वको आधुनिक संरचनावादी समालोचना पद्धतिको प्रवर्तन, विकास र मानक स्थापना गर्ने लुइटेलले नेपाली समालोचनामा सांस्कृतिक, सैद्धान्तिक, प्रायोगिक, ऐतिहासिक, तुलनात्मक, डायस्पोरिक, उत्तरआधुनिक, नारीवादी, पाठालोचन आदि विभिन्न प्रकारका समालोचना पनि लेखेका छन् । उनी वस्तुवादी, भाषावादी र संरचनावादी [३२८] तथा सैद्धान्तिक समालोचक[३२९] हुन् । समालोचकहरू अनेक आग्रह पूर्वाग्रहको भुँमरीमा फस्दा नेपाली समालोचनामा अझ पनि कतिपय सैद्धान्तिक पक्षमा अन्योल, अस्पष्टता र मतमतान्तर कायमै रहनाले भ्रम पैदा भएको छ । वर्तमान पुस्ताका कतिपय समालोचकहरू वस्तुनिष्ठ तथा वैज्ञानिक विश्लेषणका माध्यमबाट उपर्युक्त भ्रम निवारण गर्ने दिशातर्फ कम्मर कसेर लागेका छन् । तीमध्ये खगेन्द्रप्रसाद लुइटेलको नाम अग्रपङ्क्तिमा उल्लेख गर्न सकिन्छ ।[३३०]

समालोचनाका साथै लेखनका सबैजसो विधामा हात हालेका र हात हालेजति सबै विधामा सफलता प्राप्त गरेका लुइटेलका सबैजसो पुस्तकहरूमा सैद्धान्तिक, प्रायोगिक र विधागत इतिहास प्रस्तुत गरिएको पाइन्छ । लुइटेलका यिनै विभिन्न कृतिहरूको अध्ययनले उनको साहित्यिक समालोचनात्मक कृतित्वको उजागर गरेको छ । संरचनावादी समालोचनाका क्षेत्रमा उनको महत्वपूर्ण योगदान रहेको छ । संरचनावादी समालोचनाको प्रवर्तन गर्ने उनको **कविताको संरचनात्मक विश्लेषण** कृति यस क्षेत्रको महत्वपूर्ण प्राप्ति हो ।

---

३२८. राजु भुसाल, *लोकसाहित्यको मानक ग्रन्थ लोकवार्ताविज्ञान र लोकसाहित्य,* **लुम्बिनी दैनिक**, (२०६३ मङ्सिर १४), पृ. ३ ।

३२९. ज्ञानु अधिकारी, *काव्य र नाट्य समालोचनाका नवीन कृति,* **जनमत**, (२८/४, २०६८ वैशाख), पृ. २५-२६ ।

३३०. यादव भण्डारी, *समालोचक खगेन्द्रप्रसाद लुइटेलको समालोचना कला,* **हिमालय टाइम्स**, (२०५८ भदौ २३), पृ. ४

प्रस्तुत विभिन्न समालोचनात्मक कृतिहरूका आधारमा लुइटेल एक सैद्धान्तिक, वस्तुवादी, यथार्थवादी समालोचना क्षेत्रमा स्थापित समालोचक भएको कुरा पुष्टि हुन्छ ।

पुस्तकाकार कृतिका अतिरिक्त यस परिच्छेदमा खगेन्द्रप्रसाद लुइटेलका फुटकर समालोचनात्मक लेखहरूका साथै पुस्तक समीक्षाहरूको समेत अध्ययन गरिएको छ । *क्षेत्रप्रताप अधिकारी : जीवनवृत्त र कवित्वका आलोकमा* (**गरिमा**, ११/३, २०४९ फागुन) शीर्षक लेखबाट समालोचनात्मक लेखनका क्षेत्रमा प्रवेश गरेका लुइटेलका दुई सयभन्दा बढी फुटकर समालोचनात्मक लेखहरू प्रकाशित भइसकेका छन् । सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले महत्वपूर्ण रहेका उनका फुटकर समालोचनात्मक लेखहरू कविता, जीवनी, संरचनावाद, कथा, उपन्यास, डायस्पोरा आदि विविध क्षेत्रसँग सम्बन्धित रहेका छन् । कुनै पनि कृति, व्यक्ति तथा सिद्धान्तका बारेको विश्लेषण गर्ने क्रममा यथार्थवादी वस्तुवादी दृष्टिकोण प्रस्तुत गर्ने लुइटेल वस्तुवादी समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिका प्रवर्तक मात्र नभई यसको उन्नायक र विस्तारकसमेत हुन् । साहित्यको मुख्य क्षेत्र समालोचनालाई नै बनाई हरेक कृतिको विश्लेषणमा वस्तुवादी यथार्थवादी पद्धतिको प्रयोग गर्ने लुइटेल सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिबाट नेपाली समालोचनाका क्षेत्रमा वरिष्ठ समालोचकका रूपमा स्थापित भइसकेका छन् । यति धेरै समालोचनात्मक लेखहरू प्रकाशित भइसकेका लुइटेलका केही समालोचनात्मक लेखहरू विभिन्न पुस्तकमा समावेश भएको देखिए पनि अधिकांश लेखहरू भने पुस्तकाकार कृतिका रूपमा नआई विभिन्न पत्रपत्रिकाहरूमै छरिएर रहेका छन् । हालसम्म विभिन्न पत्रिकाहरूमा छरिएर रहेका उनका यी सबै लेखहरूलाई पुस्तकाकार कृतिका रूपमा सङ्गृहीत गर्ने हो भने लुइटेलका दुई दर्जनजति पुस्तकाकार कृति बन्ने देखिन्छ ।

यस परिच्छेदमा खगेन्द्रप्रसाद लुइटेलका समालोचनात्मक लेखहरूको अध्ययनपछि उनीद्वारा गरिएका विभिन्न शीर्षकमा प्रकाशित पुस्तक समीक्षाहरूको परिचय प्रस्तुत गरिएको छ । उनले थुप्रै साहित्यकारहरूका विभिन्न विधाका साहित्यिक कृतिहरूका साथै साहित्येतर कृतिहरूको पनि समीक्षा गरेका छन् । यिनले गरेका ती कृति समीक्षाहरू विभिन्न पत्रपत्रिकाका साथै अनलाइन पत्रिकामा पनि प्रकाशित भएका छन् । विभिन्न कृतिको समीक्षा गर्ने क्रममा कुनै पनि व्यक्तिप्रति आग्रही पूर्वाग्रही नबनी वस्तुगत रूपमा कृति समीक्षा गर्ने लुइटेलले आफूभन्दा वरिष्ठ, कनिष्ठ र समकालीन व्यक्तिका विभिन्न विधाका कृतिहरूको समीक्षा गरेका छन् । कृतिको समीक्षा गर्ने क्रममा उनले व्यक्तिभन्दा कृतिलाई नै आधार बनाएका छन् । जुनसुकै कृतिको समीक्षामा कृतिका शक्ति र सीमा दुवै प्रस्तुत गर्ने लुइटेलका यी विभिन्न शीर्षकका कृति समीक्षालाई हेर्दा उनको समीक्षा कौशल उत्कृष्ट रहेको देखिन्छ । साहित्यिक र साहित्येतर दुवै खाले कृतिको समीक्षा गर्ने लुइटेल कुनै पनि कृतिको वस्तुवादी कोणबाट समीक्षा गर्ने एक वस्तुवादी, यथार्थवादी समीक्षक हुन् ।

छैटौँ परिच्छेद

खगेन्द्रप्रसाद लुइटेलका भाषाविज्ञान, कोश र व्याकरणका कृतिहरूको परिचयात्मक अध्ययन

६.१ विषयप्रवेश

नेपाली साहित्यको सिर्जना र समालोचना दुवै क्षेत्रमा सक्रिय खगेन्द्रप्रसाद लुइटेलले भाषाविज्ञान, कोश र व्याकरण विषयक पुस्तकहरू पनि लेखेका छन् । उनका **ध्वनिविज्ञान र वर्णविज्ञान** (२०५३), **पहरी भाषा संस्कृति** (२०५९), **आधुनिक भाषाविज्ञान** (२०६०) जस्ता भाषाविज्ञानसँग सम्बन्धित पुस्तकहरू प्रकाशित छन् । यसका साथै **नेपाली प्रकृति प्रत्यय कोश** (२०५३) को समेत सम्पादन गरेका लुइटेलको सैद्धान्तिक विषयक पुस्तक **कोशविज्ञान** (२०५८) पनि प्रकाशित छ । उनले २०५३ र २०६७ सालमा **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जन पनि गरेको पाइन्छ । व्याकरणसँग सम्बन्धित उनको **नेपाली व्याकरण** (२०६६, कक्षा १ देखि १० सम्म) शृङ्खला पनि प्रकाशित छ । यसबाहेक लुइटेलका भाषाविज्ञान तथा कोशसँग सम्बन्धित केही फुटकर समालोचनात्मक लेखहरू पनि विभिन्न पत्रिकाहरूमा प्रकाशित भएका छन् । यस परिच्छेदका विभिन्न शीर्षकमा लुइटेलद्वारा लिखित भाषाविज्ञान, कोशविषयक र व्याकरणका पुस्तकहरू तथा फुटकर समालोचनात्मक लेखहरूको परिचयात्मक अध्ययन प्रस्तुत गरिएको छ र कोशसँग सम्बन्धित सम्पादित कृतिको परिचयात्मक अध्ययन भने आठौँ परिच्छेदमा प्रस्तुत गरिएको छ ।

६.२ भाषाविज्ञानसँग सम्बन्धित पुस्तकहरूको परिचयात्मक अध्ययन

खगेन्द्रप्रसाद लुइटेलका भाषाविज्ञानसँग सम्बन्धित **ध्वनिविज्ञान र वर्णविज्ञान** (२०५३), **पहरी भाषा संस्कृति** (२०५९), **आधुनिक भाषाविज्ञान** (२०६०) जस्ता पुस्तक प्रकाशित भएका छन् । यी सबैको तल क्रमशः परिचयात्मक अध्ययन तल विभिन्न शीर्षकमा क्रमशः प्रस्तुत गरिएको छ ।

६.२.१ ध्वनिविज्ञान र वर्णविज्ञान

१. परिचय

ध्वनिविज्ञान र वर्णविज्ञान नामक पुस्तक २०५३ सालमा नवीन प्रकाशन भोटाहिटी काठमाडौँबाट प्रकाशित भएको हो । निलो र सेतो रङ भएको यस पुस्तकको अगाडिको आवरण पृष्ठमा ध्वनि अवयव झल्कने मानिसको चित्र तथा पछाडिपा§ फोटोसहित लेखकको परिचय दिइएको छ । यो पुस्तक त्रिभुवन विश्वविद्यालयअन्तर्गतका आई.ए., आई.एड., तिन वर्षे बि.ए., बि.एड., नेपाली एम.ए., एम.एड.तथा भाषाविज्ञान एम.ए. तहको निर्धारित पाठ्यक्रमअनुसार लेखिएको छ । यो विभिन्न तहका पाठ्यक्रममा समाविष्ट छ । डिमाइ आकारको १७० पृष्ठको आयाममा विस्तारित यस पुस्तकमा *दुई शब्द* शीर्षकमा प्रा.मोहनराज शर्माको भूमिका रहेको छ । यस पुस्तकमा *ध्वनिविज्ञान*अन्तर्गत *ध्वनिविज्ञान र यसका शाखाहरू, ध्वनि अवयव र तिनका कार्य, ध्वनिहरूको परिचय र विभाजन, मानस्वर, मात्रा, बलाघात, सुर र लय,*

आलेखन, अन्तर्राष्ट्रिय ध्वनिताCEवक वर्णमाला, श्वासप्रवाह, संस्कृत ध्वनितCEव, नेपाली ध्वनितCEव, वर्णविज्ञान र यसका शाखाहरू, वर्ण र संवर्ण, वर्ण विश्लेषण सिद्धान्त, खण्डीय र खण्डेत्तर वर्ण नेपाली वर्णहरूको निर्धारण, उत्पादक वर्णविज्ञान गरी अठारवटा शीर्षक रहेका छन् । यीमध्ये सुरुका बारवटा शीर्षक ध्वनिविज्ञानसँग र बाँकी छवटा शीर्षक वर्णविज्ञानसँग सम्बन्धित छन् । यी विभिन्न पाठको प्रस्तुतिपछि नेपाली र अङ्ग्रेजी तथा अङ्ग्रेजी र नेपालीमा पारिभाषिक शब्दावली दिई पुस्तकको अन्त्यमा अङ्ग्रेजी र नेपाली सन्दर्भग्रन्थसूची दिइएको छ ।

२. विषयवस्तु

पुस्तकको प्रारम्भमा ध्वनिविज्ञानको परिचय प्रस्तुत गर्दै ध्वनिविज्ञानका पूर्वीय र पाश्चात्य अध्ययन परम्पराको जानकारीसहित साङ्चारिक, श्रावणिक, औच्चारिक जस्ता ध्वनिविज्ञानका शाखाहरूको बारेमा चर्चा गरिएको छ । *ध्वनि अवयव र तिनका कार्य* शीर्षकमा ध्वनि अवयवहरू र तिनका कार्यलाई सचित्र प्रस्तुत गरिएको छ भने *ध्वनिहरूको परिचय र विभाजन*शीर्षकमा खण्डीय र खण्डेतर गरी ध्वनिको वर्गीकरण गरी विस्तृत रूपमा चर्चा गरिएको छ । *मानस्वर* शीर्षकमा प्राथमिक र द्वितीयक गरी दुई प्रकारमा मानस्वरका प्रकार प्रस्तुत गरी त्यसभन्दा पछि मात्रा, बलाघात, सुर, लय आदिका बारेमा जानकारी गराइएको छ । *आलेखन* शीर्षकमा आलेखनको परिचयसहित ध्वन्यात्मक, वार्णिक जस्ता आलेखनका विभिन्न प्रकारहरूको बारेमा चर्चा गरिएको छ । *अन्तर्राष्ट्रिय ध्वनिताCEवक वर्णमाला* शीर्षकमा वर्णमालामा भएका स्वर र व्यञ्जन चिन्हहरू, तिनीहरूको ध्वनिगत विशेषता र उदाहरण प्रस्तुत गरिएको छ । *श्वासप्रवाह* शीर्षकमा श्वासप्रवाहको परिचयसहित ध्वनिको उच्चारणमा महCEवपूर्ण भूमिका निर्वाह गर्ने श्वासप्रवाहका मुख्य स्थानहरूको बारेमा चर्चा गरिएको छ र त्यसभन्दा पछिका *संस्कृत ध्वनितCEव* र *नेपाली ध्वनितCEव* शीर्षकमा विभिन्न आधारमा ध्वनि तCEवहरूलाई वर्गीकरण र विभाजन गरिएको छ । समग्रमा ध्वनिविज्ञान खण्डअन्तर्गत ध्वनिहरूको सम्पूर्ण पक्षलाई सचित्र प्रकाश पारिएको छ । यस पुस्तकमा ध्वनिविज्ञान जस्तो एउटा जटिल विषयलाई सरल रूपमा प्रस्तुत गरिएको छ ।

वर्णविज्ञान अन्तर्गत *वर्णविज्ञान र यसका शाखाहरू, वर्ण र संवर्ण, वर्ण विश्लेषण सिद्धान्त, खण्डीय र खण्डेत्तर वर्ण, नेपाली वर्णहरूको निर्धारण, उत्पादक वर्णविज्ञान* गरी छ वटा शीर्षक रहेका छन् । प्रारम्भमा वर्णविज्ञानको परिचय र यसको अध्ययन परम्पराबारे जानकारी गराउँदै वर्णविज्ञानका विभिन्न शाखाहरूको बारेमा चर्चा गरिएको छ । त्यसभन्दा पछि *वर्ण र संवर्ण* शीर्षकमा वर्णका केही परिभाषाहरूसहित वर्ण र संवर्णको परिचय प्रस्तुत गरिएको छ । *वर्णविश्लेषण सिद्धान्त* शीर्षकअन्तर्गत वर्णविश्लेषणको परिचयसँगै वर्णविश्लेषणका आधारभूत अवधारणाहरूको बारेमा जानकारी गराइएको छ भने त्यसभन्दा पछिल्लो शीर्षक *खण्डीय र खण्डेतर वर्ण*मा दुवै किसिमका वर्णका बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ । *नेपालीका वर्णहरूको निर्धारण* शीर्षकमा विभिन्न आधारमा नेपालीका स्वरवर्ण र व्यञ्जन वर्णहरूको निर्धारण गर्दै *उत्पादक वर्णविज्ञान* शीर्षकअन्तर्गत उत्पादक वर्णविज्ञानको परिचयदिँदै वर्णका विशिष्ट अभिलक्षणहरूका बारेमा चर्चा गरिएको छ । यस खण्डमा वर्णविज्ञानका बारेमा विश्लेषणात्मक प्रकाश पारिएको छ ।

३. भाषाशैली

प्रस्तुत पुस्तकको विषयवस्तुको प्रस्तुतिमा भाषिक सरलतालाई अँगालिएको छ । उदाहरण दिने क्रममा पनि सकेसम्म नेपाली भाषाबाट नै दिई चित्र र उदाहरणहरूको प्रशस्तै प्रयोग गरिएको यस पुस्तकमा सरल, शुद्ध र तथ्यपरक प्रस्तुति रहेको पाइन्छ ।

४. निष्कर्ष

प्रस्तुत पुस्तकमा भाषिक ध्वनि र वर्णजस्ता महŒवपूर्ण तथा कठिन विषयलाई सरल, सहज र वैज्ञानिक ढङ्गले प्रस्तुत गर्नाका साथै ध्वनिविज्ञान र वर्णविज्ञानको अध्ययन परम्परा र सैद्धान्तिक अवधारणा प्रस्तुत गरी नेपाली भाषाका ध्वनि र वर्णको विश्लेषण गरिएको छ । सिद्धान्तका साथै प्रशस्तै उदाहरणले गर्दा विषयवस्तुको स्पष्टतामा सहज भएको छ । विभिन्न शीर्षकको विषयवस्तुलाई सचित्र प्रस्तुत गरिएको यस पुस्तकमा सम्भव भएसम्म नेपाली भाषाबाट नै उदाहरणहरू प्रस्तुत गरिनाका साथै ध्वनिविज्ञान र वर्णविज्ञानमा विविध पक्षहरू माथि सैद्धान्तिक र प्रायोगिक दुवै पक्षलाई विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ । वैज्ञानिक पारा अँगालेर सरलतम् ढङ्गमा विषयप्रतिपादन गर्नु यस पुस्तकको थप विशेषता हो । पूर्णत : शैक्षणिक प्रयोजनले तयार पारिए तापनि यस पुस्तकको महŒव नवीन धारणा र मौलिक विवेचना अघि सार्ने सन्दर्भमा पनि कम छैन ।[३३१] निर्धारित तहका लागि आधिकारिक र यससम्बन्धी अन्य अन्वेषकहरूका लागि महŒवपूर्ण पुस्तकका रूपमा रहनु यस पुस्तकको महŒवपूर्ण उपलब्धि हो । **ध्वनिविज्ञान र वर्णविज्ञान** नामक प्रस्तुत पुस्तक पृष्ठभूमिमा भनिएका तहका शिक्षक विद्यार्थी तथा भाषाविज्ञानका ध्वनिविज्ञान र वर्णविज्ञानसम्बन्धी रूचि दिने जो कोहीका लागि उपयोगी रहेको छ ।

६.२.२ पहरी भाषा संस्कृति

१. परिचय

प्रस्तुत पुस्तक त्रिभुवन विश्वविद्यालय अनुसन्धान महाशाखाको अनुसन्धान परियोजनाअन्तर्गत तयार पारिएको अनुसन्धान प्रतिवेदनको प्रकाशित रूप हो । यो २०५९ सालमा मदन पुरस्कार गुठी श्री दरबारटोल ललितपुरबाट प्रकाशित भएको हो । यो पहरी भाषा र संस्कृतिका बारेमा अध्ययन गरिएको कृति हो । डिमाइ आकारको ५२ पृष्ठमा संरचित यस पुस्तकमा *पहरी जातिको परिचय, पहरी भाषाको अध्ययन, पहरी संस्कृतिको अध्ययन* र *उपसंहार* गरी चार परिच्छेद रहेका छन् ।

२. विषयवस्तु

अनुसन्धानमूलक पुस्तकका रूपमा रहेको यस पुस्तकको पहिलो परिच्छेद *पहरी जातिको परिचय*अन्तर्गत *पृष्ठभूमि : विषय परिचय, विषय प्रवेश : मूल सन्दर्भ, पहरीको बसोबास, बडीखेलमा पहरीहरूको बसोबास र जनसङ्ख्या, बडीखेलका पहरीहरूको आर्थिक अवस्था, बडीखेलका पहरीहरूको शैक्षिक*

---

[३३१]= मोहनराज शर्मा, *दुई शब्द*, **ध्वनिविज्ञान र वर्णविज्ञान**, (काठमाडौँ : नवीन प्रकाशन), २०५३ ।

अवस्था गरी विभिन्न शीर्षक रहेका छन् । यस परिच्छेदमा यिनै शीर्षक तथा उपशीर्षकहरूमा केन्द्रित भएर पहरी जातिको परिचय प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेद *पहरी भाषाको अध्ययन*अन्तर्गत *परिचय, पहरी भाषा* र *निष्कर्ष* गरी तिन शीर्षकभित्र पहरी भाषाको जानकारी दिँदै पहरी र नेवारी भाषा बीच पाइने समानता र असमानता प्रस्तुत गरिएको छ । यस परिच्छेदमा पहरी भाषामा रहेको व्याकरणात्मक अवस्थाको जानकारी दिई उक्त भाषाका केही मौलिक शब्दहरूलाई समेत प्रस्तुत गरिएको छ ।

तेस्रो परिच्छेद *पहरी संस्कृतिको अध्ययन*अन्तर्गत *परिचय, घरको बनावट, लवाइखवाइ, भाँडाकुँडा र हातहतियार, आदर, सम्मान र पारस्परिक सहयोग, प्रतिष्ठित व्यक्ति र नारीको स्थिति, स्वास्थ्योपचार र सामाजिक अन्धविश्वास, पारिवारिक सम्बन्ध, चाडपर्व र पूजाआजा, सामाजिक संस्कारहरू* र *निष्कर्ष* गरी विभिन्न शीर्षकभित्र रहेर पहरी संस्कृतिको बारेमा प्रकाश पारिएको छ ।

चौथो परिच्छेद *उपसंहार*अन्तर्गत अघिल्ला परिच्छेदमा प्रस्तुत गरिएका विषयवस्तुहरूको निष्कर्ष प्रस्तुत गरिएको छ । त्यसपछि सन्दर्भग्रन्थसूची र सन्दर्भ व्यक्तिहरूको नामावली लिइएको छ ।

३. भाषाशैली

यस पुस्तकमा सरल भाषाको प्रयोग पाइन्छ । उदाहरण दिने क्रममा पहरी भाषाका थुप्रै शब्दहरूका साथै समानता र भिन्नता केलाउने क्रममा नेवारी भाषाका शब्दहरूको पनि प्रयोग गरिएको छ । यसबाहेक प्रस्तुत शोधमूलक पुस्तकको भाषाशैली सरल र परिष्कृत रहेको छ ।

४. निष्कर्ष

प्रस्तुत शोधप्रबन्धमा पहरी भाषा र पहरीभाषीहरूको परिचयसहित नामकरण, पहरीका थर, बसोबास र जनसङ्ख्या, आर्थिक शैक्षिक अवस्थासँगै नेवारी भाषासँगको समानता र भिन्नता प्रस्तुत गरी पहरी संस्कृतिको बारेमा विस्तृत चर्चा गरिएको छ । लोपोन्मुख अवस्थामा पुगेको पहरी जातिका बारेमा गहन अध्ययन-अनुसन्धान गरी तयार पारिएको यो कृति पहरी भाषासंस्कृतिसम्बन्धी अभिरूचि राख्नेहरूका लागि अत्यन्त उपयोगी रहेको छ । पहरी भाषा र नेवारी भाषाबीच के कति समानता रहेछ भन्ने कुरा थाहा पाउनका लागि पनि यस पुस्तकले निकै सहयोग पुऱ्याउने देखिन्छ ।

६.२.३ आधुनिक भाषाविज्ञान

१. परिचय

आधुनिक भाषाविज्ञान नामक पुस्तक २०६० सालमा विद्यार्थी पुस्तक भण्डारबाट प्रकाशित भएको हो । त्रिभुवन विश्वविद्यालयअन्तर्गत तिन वर्षे बि.ए. तथा बि.एड.को निर्धारित पाठ्यक्रमअनुसार लेखिएको डिमाइ आकारको यो पुस्तक ३१४ पृष्ठमा संरचित छ । यो पुस्तक बि.ए., बि.एड.का साथै एम.ए. को पाठ्यक्रममा समाविष्ट छ । कलेजी रङको आवरण रहेको यस पुस्तकको अगाडिको भागमा पुस्तकको नाम र लेखकको नाम

राखिएको छ भने पछाडिपर्§को भागमा प्रकाशकको नाम राखिएको छ । *भाषा र भाषाविज्ञान, व्याकरण, ऐतिहासिक भाषाविज्ञान* र *नेपाली तथा नेपालका भाषाहरूको वर्तमान स्थिति* गरी चार खण्ड रहेको यस पुस्तकमा *भाषा, भाषाविज्ञान, भाषाका भेदहरू, ध्वनिविज्ञान, उच्चारण अवयव, ध्वनिहरूको स्वरूप र वर्गीकरण, मानस्वर, अन्तर्राष्ट्रिय ध्वनितात्विक वर्णमाला, वर्ण, संवर्ण र वर्णविश्लेषण, खण्डीय र खण्डेत्तर वर्ण, विभेदक अभिलक्षण, रूप विश्लेषण, रूप संरूप, शब्दनिर्माण प्रक्रिया, शब्दवर्ग र तिनका कार्यहरू, पदावली, उपवाक्य, वाक्य, वाक्यको रूपान्तरण, रूपान्तरण व्याकरण, अर्थविज्ञान र अर्थ, ऐतिहासिक भाषाविज्ञान, संसारका भाषाहरूको पारिवारिक वर्गीकरण, भाषिक परिवर्तन प्रक्रिया, आगमन, पिजिन र क्रओल, नेपाली भाषाको अध्ययनका क्षेत्रमा गरिएका कार्यहरू, नेपाली भाषाको समुन्नयन र विस्तार, राष्ट्रभाषा, राष्ट्रियभाषा र नेपालमा बोलिने विभिन्न परिवारका भाषाहरू* गरी २७ वटा मूलशीर्षक र ती विभिन्न शीर्षकभित्र थुप्रै उपशीर्षकहरू रहेका छन् ।

२. विषयवस्तु

आधुनिक भाषाविज्ञान नामक पुस्तकको पहिलो खण्डको पहिलो शीर्षक *भाषा*अन्तर्गत भाषाको चिनारी, भाषाको परिभाषा, भाषाको स्वरूप र विशेषता, भाषिक सञ्चार व्यवस्था गरी चार उपशीर्षक रहेका छन् । यस शीर्षकमा भाषाको परिचय प्रस्तुत गरिएको छ । दोस्रो शीर्षक *भाषाविज्ञान* रहेको छ । यसमा भाषाविज्ञानको परिचय र परिभाषासहित भाषाविज्ञानको अध्ययन क्षेत्र र शाखाको बारेमा चर्चा गर्दै भाषाविज्ञानको अन्य विभिन्न शाखाहरू बीचको सम्बन्ध प्रस्तुत गरिएको छ । *भाषाका भेदहरू* नामक शीर्षकमा भाषाका भौगोलिक, सामाजिक, प्रयोजनपरक भेदको बारेमा चर्चा गरी भाषाका तहगत भेद र अन्य भेदबारे जानकारी गराउँदै भाषाको आधुनिकीकरण र मानकीकरण तथा मौलिक र लिखित भाषाको बारेमा चर्चा गरिएको छ । *ध्वनिविज्ञान* शीर्षकमा ध्वनिविज्ञानको परिचय, अध्ययन क्षेत्र र वर्णविज्ञानसँगको सम्बन्धबारे प्रकाश पारिएको छ भने अर्को शीर्षक *उच्चारण अवयव*मा उच्चारण अवयवको सचित्र परिचय तथा चिनारीसहित उच्चारण अवयवलाई विभिन्न उपशीर्षकमा विभाजन गरेर प्रस्तुत गरिएको छ । *ध्वनिहरूको स्वरूप र वर्गीकरण* शीर्षकमा ध्वनिको परिचय र स्वरूप, ध्वनिको उच्चारण प्रक्रिया र वर्गीकरण, स्वरको वर्गीकरण, नेपालीका स्वरको वर्गीकरण, नेपालीका द्विस्वरहरू, व्यञ्जनको वर्गीकरण, नेपालीका व्यञ्जनहरूको वर्गीकरण गरी विभिन्न उपशीर्षकहरूमा ध्वनिको बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ । मानस्वर शीर्षकमा मानस्वरको परिचय र प्रकारको बारेमा व्याख्या विश्लेषण गरिएको छ । अर्को शीर्षक *अन्तर्राष्ट्रिय ध्वनितात्विक वर्णमाला* मा अन्तर्राष्ट्रिय ध्वनितात्विक वर्णमाला प्रस्तुत गरी *वर्ण, संवर्ण र वर्ण विश्लेषण* शीर्षकमा वर्ण र संवर्णको परिचयसहित ध्वनि र वर्ण तथा ध्वनि र संवर्णका बीचको भिन्नता प्रस्तुत गर्दै वर्णविश्लेषण सिद्धान्त एवं प्रक्रियाका बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ । *खण्डीय र खण्डेत्तर वर्ण* शीर्षकमा खण्डीय वर्ण, खण्डेत्तर वर्ण र अक्षरका बारेमा जानकारी गराइ *विभेदक अभिलक्षण* शीर्षकमा मुख्य वर्गीय, विवर, उच्चारण प्रयत्न, स्रोत, ध्वनि गुण र नेपाली वर्णका विभेदक अभिलक्षणजस्ता अभिलक्षणका प्रकारका बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ ।

दोस्रो खण्डको पहिलो शीर्षक *रूपविश्लेषण : रूप र संरूप*मा रूप र संरूपको परिचयसहित रूप विश्लेषणका आधारहरू प्रस्तुत गरिएको छ भने *शब्दनिर्माण प्रक्रिया* शीर्षकमा शब्दनिर्माणको परिचय दिई शब्दनिर्माणका प्रक्रियाहरूमा व्युत्पादन, सर्ग, समास, द्वित्व आदिको चर्चा गर्नाका साथै रूपायन प्रक्रियाको जानकारीसहित व्युत्पादन र रूपायनमा फरक प्रस्तुत गरी सन्धि : रूपध्वन्यात्मक परिवर्तनका बारेमा विस्तृत रूपमा व्याख्या विश्लेषण गरिएको छ । *शब्दवर्ग र तिनका कार्यहरू* शीर्षकमा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मयबोधक, निपात आदिको परिचय र तिनीहरूका कार्यका बारेमा जानकारी प्रस्तुत गरिएको छ । *पदावली* शीर्षकमा पदावलीका परिचय र यसका प्रकारबारे चर्चा गर्दै उपवाक्य शीर्षकमा उपवाक्यको परिचय, विशेषतासँगै विधेय र आश्रित गरी दुई प्रकारमा उपवाक्यलाई वर्गीकरण गरी विश्लेषण गरिएको छ । त्यसभन्दा पछि *वाक्य* शीर्षकमा वाक्यको परिचय, विशेषता र विभिन्न प्रकारमा वाक्यलाई वर्गीकरण गरी *वाक्यको रूपान्तरण* शीर्षकमा भाव वा अर्थ, करण-अकरण, प्रेरणार्थक-अप्रेरणार्थक, वाक्य परिवर्तन, सरल, संयुक्त र मिश्र वाक्यमा रूपान्तरण गरी विभिन्न उपशीर्षकमा वाक्यको रूपान्तरण प्रक्रियाबारे जानकारी गराइएको छ । *रूपान्तरण व्याकरण* शीर्षकमा रूपान्तरणको परिचयसहित रूपान्तरण व्याकरणको क्रमिक विकास, क्लासिकल सिद्धान्तको परिचय, मानक सिद्धान्तको परिचय, विस्तारित मानक सिद्धान्तको परिचय, संशोधित विस्तारित मानक सिद्धान्त, शासन तथा आबद्धताको सिद्धान्त, न्यूनतमवादी सिद्धान्तका बारेमा विस्तृत रूपमा चर्चा गर्दै रूपान्तरण व्याकरणका आधारभूत मान्यतासमेत प्रस्तुत गरिएको छ । त्यसभन्दा पछि *अर्थविज्ञान* शीर्षकमा अर्थविज्ञानको परिभाषा, यसको क्षेत्र, अर्थका प्रकार र आर्थी सम्बन्धका बारेमा जानकारी गराइएको छ ।

तेस्रो खण्डको पहिलो शीर्षक *ऐतिहासिक भाषाविज्ञान*मा ऐतिहासिक भाषाविज्ञानको परिचय, यसका क्षेत्र र सीमा बारेमा विस्तृत रूपमा चर्चा गरी *संसारका भाषाहरूको पारिवारिक वर्गीकरण* शीर्षकअन्तर्गत संरचनात्मक वा आकृतिमूलक, भौगोलिक, पारिवारिक वा वंशगत आधारमा संसारका भाषा परिवारको वर्गीकरण गरी प्रमुख भाषा परिवारका बारेमा विस्तृत रूपमा परिचर्चा गरिएको छ । *भाषिक परिवर्तन प्रक्रिया* शीर्षकमा भाषिक परिवर्तनका कारण, प्रकार, ध्वनि परिवर्तन, अर्थ परिवर्तन र व्याकरणात्मक परिवर्तनका बारेमा व्याख्या विश्लेषण गरी अर्को शीर्षकमा आगमन, पिजिन र क्रेओलबारे प्रकाश पारिएको छ ।

चौथो खण्डको पहिलो शीर्षक *नेपाली भाषाको अध्ययनका क्षेत्रमा गरिएका कार्यहरू* शीर्षकमा नेपाली भाषाका क्षेत्रमा विदेशी विद्वान् र नेपाली विद्वान्ले गरेका कार्यहरू प्रस्तुत गरिएको छ । *नेपाली भाषाको समुन्नय र विस्तार* शीर्षकमा नेपाली भाषाको समुन्नयन र विस्तारको परिचयसहित यसको चरण विभाजन गरी पहिलो र दोस्रो चरणमा भएका समुन्नयन कार्यहरूको विस्तृत रूपकमा चर्चा गर्दै राष्ट्रभाषा, राष्ट्रिय भाषा र नेपालमा बोलिने विभिन्न परिवारका भाषाहरू शीर्षकअन्तर्गत नेपालमा बोलिने विभिन्न परिवारका भाषाहरूको बारेमा चर्चा गरिएको छ ।

३. भाषाशैली

एकाध ठाउँमा अङ्ग्रेजी शब्दहरूको प्रयोगबाहेक परिष्कृत नेपाली भाषाको प्रयोग गरिएको यस पुस्तकमा विषयवस्तुलाई सकेसम्म सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । सरल, बोधगम्य भाषाको प्रयोगका साथै व्याख्यात्मक भन्दा सूत्रात्मक शैलीको प्रयोग पाइन्छ । प्रत्येक शीर्षकलाई सरल रूपमा व्याख्या विश्लेषण गरिएको तथा मानक नेपाली भाषाको प्रयोग पाइने यस पुस्तकमा कतैकतै अङ्ग्रेजी भाषाका शब्दहरूको पनि प्रयोग गरिएको पाइन्छ ।

४. निष्कर्ष

पृष्ठभूमिमा भने अनुरूप तिन वर्षे बि.ए. तथा बि.एड. को पाठ्यक्रमलाई समेटिएको आधुनिक भाषाविज्ञान नामक पुस्तकमा भाषाविज्ञानका सम्पूर्ण पक्षहरूका बारेमा व्याख्या विश्लेषण गरिएको छ । सटिक परिभाषा, पर्याप्त उदाहरण, सरल व्याख्या विश्लेषण र क्रमबद्ध प्रस्तुति, नवीनतम सूचना, क्रमबद्ध प्रस्तुति रहेको यो पुस्तक सम्बन्धित तहमा अध्ययनरत विद्यार्थीका लागि त उपयोगी छ नै यसबाहेक भाषाविज्ञानप्रति चासो राख्ने जो कोही पाठकहरूका लागि पनि निकै महत्वपूर्ण रहेको छ ।

६.२.४ भाषाविज्ञानसँग सम्बन्धित लेखहरूको परिचयात्मक अध्ययन

खगेन्द्रप्रसाद लुइटेलका भाषाविज्ञानसँग सम्बन्धित पुस्तकहरूका साथै भाषा र भाषाविज्ञानसँग सम्बन्धित केही लेखहरू पनि प्रकाशित भएका छन् । विभिन्न पत्रपत्रिकामा प्रकाशित उनका भाषा र भाषाविज्ञानसँग सम्बन्धित लेखहरूको परिचयात्मक अध्ययन प्रकाशनको कालक्रमिक आधारमा तल क्रमशः प्रस्तुत गरिएको छ :

९. *ध्वनि र आलेखन*	**गरिमा**, १४/३, २०५२ फागुन, पृ. १२४-१२६ ।
१०. *संस्कृत ध्वनितत्त्व*	**शिक्षाशास्त्र सौरभ**, ४/४, २०५२, पृ. ३७-४२ ।
११. *नेपालीमा पदयोग र पदवियोगसम्बन्धी दिग्भ्रम*	**भानु,** ४८/१३८, २०६७ पुस, पृ. ४-९ ।
१२. *नेपाली भाषाका भाषिकाहरू*	**हाम्रो ध्वनि**, ४१/२-३, २०६७, पुस-माघ, पृ.१८-२२ ।
१३. *भाषाको अर्थ, परिभाषा र विशेषता*	**सभा पत्रिका,** १/१, २०६८ वैशाख, पृ. १३-१७ ।
१४. *नेपाली भाषामाथि चलखेल*	**कान्तिपुर**, २०६९ वैशाख २७, पृ. ७ ।
१५. *नेपाली भाषामा बल्झाइएका समस्या र तिनका समाधान*	**गरिमा,** ३०/५ २०६९ वैशाख, पृ. १५७-१६२ ।
१६. *संसारका भाषा परिवार*	**ब्रह्मपुत्र,** २०६९ जेठ, पृ. २२-२७ ।

ध्वनि र आलेखन शीर्षक लेखमा भाषाको परिचयसँगै ध्वनि र तिनका विभिन्न शाखाहरूको बारेमा जानकारी गराइएको छ । त्यसभन्दा पछि आलेखनको परिचय प्रस्तुत गर्दै ध्वन्यात्मक र वार्णिक आलेखनको बारेमा चर्चा गरिएको छ । यो लेख भाषा, ध्वनि र आलेखनमा केन्द्रित रहेको छ ।

संस्कृत ध्वनितCEव शीर्षक लेखमा संस्कृत भाषाको पृष्ठभूमि प्रस्तुत गर्दै पाणिनीको अष्टाध्यायी कृतिको महCEवका बारेमा प्रकाश पारिएको छ । यस लेखमा पाणिनीको विभाजन अनुरूप स्वर र व्यञ्जन ध्वनिलाई विभिन्न आधारमा विभाजन गरेर प्रस्तुत गरिएको छ ।

नेपालीमा पदयोग र पदवियोगसम्बन्धी दिग्भ्रम शीर्षक लेखमा पदयोग र पदवियोगको बारेमा जानकारी गराउँदै त्यससम्बन्धी देखापरेका समस्याहरूलाई प्रस्तुत गरिएको छ । यस लेखमा पदयोग र पदवियोगका नियमहरू प्रस्तुत गरी शब्दकोश, व्याकरण र प्रयोगलाई सँगसँगै हिँडाउनुपर्ने मान्यता प्रस्तुत गरिएको छ ।

नेपाली भाषाका भाषिकाहरू शीर्षकको लेखमा भौगोलिक दुरी, सम्पर्कको अभाव, समयको अन्तराल आदिका कारण विभिन्न भाषिक भेदहरूको उत्पत्ति हुने कुरासहित क्षेत्रगत आधारमा नेपाली भाषाका भाषिकाको वर्गीकरण गरिएको छ । भाषिकाहरूलाई सुदूरपश्चिमेली, मध्यपश्चिमेली, पश्चिमेली, केन्द्रीय र पूर्वेलीमा विभाजन गरी पूर्वेलीलाई पुनः खसानी, पर्वती र गोर्खालीमा विभाजन गरेर ती सबै भाषिकाहरूका विशेषता प्रस्तुत गरिएको छ ।

भाषाको अर्थ, परिभाषा र विशेषता शीर्षक लेखमा भाषाको बारेमा जानकारी गराउँदै पाणिनी, पतञ्जली, नोमचम्स्की आदिका भाषासम्बन्धी परिभाषाहरू प्रस्तुत गरिएको छ । भाषाका विशेषताहरूमा सामाजिक वस्तु, मानवीय वस्तु, वाक्प्रतीक, यादृच्छिकता, परम्परित, सम्प्रेषणको माध्यम आदिको बारेमा चर्चा गरिएको छ ।

नेपाली भाषामाथि चलखेल नामक लेखमा अन्तर्राष्ट्रियकरण भइसकेको र लगभग मानक रूप धारण गरिसकेको अवस्थामा नेपाली भाषा माथि चलखेल प्रारम्भ भएको कुरालाई अग्रगमन र पश्चगमनतर्फ उन्मुख दुई खाले दृष्टिकोण रहेको कुरासहित प्रस्तुत गरिएको छ । ह्रश्वदीर्घ, पदयोग पदवियोग, ऋ र रि, श, ष, स आदिमा व्याकरणगत समस्या रहेको कुरा उल्लेख गर्दै भइरहेको व्याकरणका नियमहरू प्रस्तुत गरी भाषालाई जिन्दगीभर सिकिरहने वस्तु नभएर एकपटक सिकेर त्यही अनुसार प्रयोग गर्ने वस्तुका रूपमा चिनाइएको छ । यसका साथै नेपाली भाषामा रहेको यस्तो चलखेलले गर्दा यसको पीडा नेपालभित्र भन्दा नेपाल बाहिरका नेपाली भाषीहरूले बढी भोगिरहेको कुराबारे जानकारी दिँदै यस्ता समस्या समाधान गर्नका लागि आपसमा छलफल गरी समझदारीपूर्वक अघि बढ्नुपर्ने कुरा समेत प्रस्तुत गरिएको छ ।

नेपाली भाषामा बल्झाइएका समस्या र तिनका समाधान शीर्षक लेखमा भाषाको परिचय र प्रयोगसम्बन्धी जानकारी दिँदै नेपाली भाषामा रहेका ह्रश्वदीर्घ, पदयोग पदवियोग, ब र व, श, ष, स, ऋ र रि आदि सम्बन्धी व्याकरणगत समस्याहरूलाई प्रस्तुत गरिएको छ । यस्ता समस्याले नेपाली पढ्ने पढाउनेलाई मात्र नभएर सरकारी कामकाजमा समेत प्रभाव परेको कुरासँगै दुई अक्षरको शब्द जोडेर लेख्ने र तिन अक्षरको छुट्याएर लेख्नेजस्ता भाषिक नीतिहरू र तिनीहरूबाट पर्ने प्रभावको बारेमा पनि जानकारी गराइएको छ । यसका साथै शब्दकोश, व्याकरण र प्रयोगलाई सँगसँगै हिँडाउनुपर्नेमा अहिले यी तिनै अलग-अलग बाटोमा

हिँडेको कुरा प्रस्तुत गर्दै आपसमा छलफल गरेर सबैले आफ्नै नीति लागु हुनुपर्छ भन्ने अडान छाडी मध्यम मार्गी बाटो अँगालेर भाषिक समस्या समाधान गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।

संसारका भाषा परिवार शीर्षक लेखमा भाषाको बारेमा जानकारी गराउँदै भाषाको वर्गीकरणका विभिन्न आधारहरू प्रस्तुत गरिएको छ । संसारका विभिन्न भाषा परिवारको बारेमा चर्चा गर्ने क्रममा भारोपेली भाषा परिवारअन्तर्गत पर्ने नेपाली भाषाको विकासक्रमसमेत प्रस्तुत गर्नका साथै विभिन्न भाषा परिवारका शाखाहरूको बारेमा बेग्लाबेग्लै शीर्षकमा चर्चा गरिएको छ ।

खगेन्द्रप्रसाद लुइटेलका भाषाविज्ञानसँग सम्बन्धित यी विभिन्न फुटकर समालोचनात्मक लेखहरूले भाषाको परिचय, भाषाको अर्थ, विशेषता, विभिन्न भाषिकाहरू, भाषाका शाखाहरू, संसारका भाषा परिवारका साथै भाषामा देखिएका समस्याहरूको बारेमा जानकारी गराएका छन् । यी विभिन्न लेखहरूमा ह्रश्वदीर्घ, पदयोग-पदवियोग, ऋ र रि, श, ष, स आदि व्याकरणगत समस्याहरूलाई प्रस्तुत गरी भाषालाई जीवनभर सिकिरहने वस्तु नभएर एकपल्ट सिकेर त्यहीअनुरूप प्रयोग गरिने वस्तुका रूपमा चिनाउँदै शब्दकोश, व्याकरण र प्रयोगलाई सँगसँगै हिँडाउनुपर्नेमा अहिले यी तिनै अलगअलग बाटोमा हिँडेको कुराको चर्चा गरिएको छ । नेपाली भाषामा रहेको यस्तो समस्याले गर्दा यसको पीडा नेपालभित्र भन्दा नेपालबाहिरका नेपाली भाषीहरूले बढी भोगिरहेको कुरासँगै समाधान गर्नाका लागि आपसमा छलफल गरी समझदारीपूर्वक अगि बढ्नुपर्ने कुरा प्रस्तुत गरिएको छ । सरकारी कामकाजको भाषा तथा राष्ट्र भाषाको मान्यता प्राप्त नेपाली भाषामा यस्ता समस्याहरू उत्पन्न गराउनुभन्दा पनि दुई धारमा विभाजित नभई एकआपसमा मिलेर उत्पन्न समस्याहरूको समाधानको बाटो खोज्नुपर्ने देखिन्छ । यस्तो स्थिति रहिरहेमा नेपाली भाषाको विकास होइन विनास हुने स्थिति आउनसक्छ तसर्थ बेलैदेखि सबै भाषाविद्हरूले यसप्रति ध्यान पु¥याउनु अनिवार्य रहेको निष्कर्ष निकालिएको छ ।

६.३ कोशसँग सम्बन्धित कृतिहरूको परिचयात्मक अध्ययन

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित कृतिहरूमध्ये केही कृतिहरू कोशसँग सम्बन्धित छन् । उनको प्रधान सम्पादकत्वमा **नेपाली प्रकृति प्रत्यय कोश** प्रकाशित छ भने उनी **नेपाली बृहत् शब्दको**शको संशोधन-परिमार्जनमा पनि संलग्न देखिन्छन् । उनको कोशसँग सम्बन्धित सैद्धान्तिक र प्रायोगिक **कोशविज्ञान** नामक कृति प्रकाशित छ । यी दुवै कृतिको परिचयात्मक अध्ययन तल गरिएको छ ।

६.३.१ नेपाली प्रकृति प्रत्यय कोश

खगेन्द्रप्रसाद लुइटेलद्वारा सम्पादित **नेपाली प्रकृति प्रत्यय कोश** २०५३ सालमा विद्यार्थी पुस्तक भण्डारबाट प्रकाशित भएको हो । २०५८ को दोस्रो संस्करणअनुसार यो कोश निलो र रानी रङको आकर्षक आवरणमा सुसज्जित छ । यो डिमाइ आकारको २१८ पृष्ठमा संरचित छ । यो पुस्तक देशभरका विभिन्न विद्यालयमा लागु गरिएको छ ।

"भाषाको शुद्धता र एकरूपताका लागि शब्दकोश अनिवार्य आवश्यकता हो ।"[३३२] यस कोशमा आठ हजारभन्दा बढी शब्दको प्रकृति प्रत्यय छुट्ट्याई शब्दवर्ग तथा शब्दको बहुप्रचलित सङ्क्षिप्त अर्थसमेत दिइएको छ । यसमा संस्कृतका जटिल प्रत्ययहरूलाई नेपालीकरण गरी सरल तुल्याउने महत्वपूर्ण कार्य गरिएको छ । शब्दवर्ग, शब्दको व्युत्पत्ति र सामान्य अर्थमध्ये कुनै पनि कुरा जान्न चाहनेहरूका लागि यो कोश उपयोगी रहेको छ । यस कोशको मूल उद्देश्य नेपालीमा बहुप्रचलित तत्सम शब्दहरूको प्रकृति र प्रत्यय केलाउनु भएकाले यसमा बहुप्रचलित तत्सम शब्दका साथै तद्भव, आगन्तुक शब्दहरूको पनि व्युत्पत्ति केलाइएको छ । शब्दहरूलाई प्रचलित वर्णविन्यास अनुरूप नै वर्णानुक्रममा राखिएको यस कोशमा शब्दको अर्थलाई सकेसम्म सङ्क्षिप्त रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । तसर्थ **नेपाली प्रकृति प्रत्यय कोश** नामक यस कोशले विभिन्न तहमा पढ्ने विद्यार्थी र शिक्षकहरूका साथै कोशसम्बन्धी जानकारी लिन चाहने जो कोहीलाई सहयोग पुऱ्याउने देखिन्छ ।

६.३.२ नेपाली बृहत् शब्दकोश

खगेन्द्रप्रसाद लुइटेलले नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जन समितिमा रहेर २०५३ र २०६७ सालमा यस कोशको संशोधन-परिमार्जन गरेका छन् । कोशको संशोधन-परिमार्जन गर्दा विभिन्न पत्रपत्रिकामा प्रकाशित सुझाउको उपयोग गरी अनावश्यक लागेका केही शब्दहरू हटाई अत्यावश्यक लागेका केही शब्दहरू थप्ने काम पनि गरिएको छ । द्विरूपात्मक शब्दलाई वैकल्पिक रूपमा एकै ठाउँमा राख्ने र अर्थसम्बन्धी त्रुटि सच्याउनाका साथै शब्दहरू थप्ने क्रममा केही अगिदेखि नै प्रचलनमा रहेका र केही वर्तमानमा व्यापक रूपमा प्रचलनमा आएका शब्द थपेर कोशलाई अद्यावधिक तुल्याउने काम गरिएको छ । यस्ता कार्यलाई निरन्तरता दिएर यसलाई अद्यावधिक पार्ने प्रयास भइरहनुपर्छ ।[३३३] संशोधित-परिमार्जित यो कोशमा श्यामव्यङ्ग्य, चुपिचन्डालजस्ता विभिन्न शब्दहरू थप गरिएका छन् ।

६.३.३ कोशविज्ञान पुस्तक

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **कोशविज्ञान** पुस्तक २०५८ सालमा प्रस्तुति प्रकाशनबाट प्रकाशित भएको हो । हरियो र निलो रङको आवरण रहेको यस पुस्तकको आवरण पृष्ठको अग्रभागको बीचमा रहेको सेतो कागजजस्तोमा लुइटेलकै हस्तलिपिमा कोशविज्ञानको परिभाषा लिई अन्त्यमा लेखकको हस्ताक्षर गरिएको छ भने पछिल्तिरको गातामा रङ्गिन फोटोसहित लेखकको सङ्क्षिप्त परिचय दिइएको छ । डिमाइ आकारको १३१ पृष्ठमा संरचित यो पुस्तक शिक्षाशास्त्रको पाठ्यक्रममा समावेश छ । यस पुस्तकमा *कोश र कोशविज्ञानको परिचय, कोशको वर्गीकरण, नेपाली शब्दकोशको विकासप्रक्रिया : सङ्क्षिप्त रूपरेखा, कोश विश्लेषणको प्रारूप* र *नेपाली शब्दसागरको विश्लेषण* गरी पाँचवटा मूल शीर्षक र विभिन्न उपशीर्षक रहेका छन् ।

---

[३३२] . खगेन्द्रप्रसाद लुइटेल, *सम्पादकीय,* **नेपाली प्रकृति प्रत्यय कोश**, दोस्रो संस्क. (काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार), २०५८ ।

[३३३]. *संशोधक मण्डलको भनाइ,* **नेपाली बृहत् शब्दकोश**, (काठमाडौँ : ने.रा.प्र.प्र., २०५५) ।

२. विषयवस्तु

प्रस्तुत पुस्तकको पहिलो शीर्षक *कोश र कोशविज्ञानको परिचय*अन्तर्गत *कोशको व्युत्पत्ति र अर्थ, शब्दकोशको अर्थ र परिभाषा, कोशको आवश्यकता, महत्व र उपयोगिता, कोशनिर्माण प्रक्रिया र कोशनिर्माणमा ध्यान दिनुपर्ने कुराहरू, वैज्ञानिकताका अभिलक्षणहरू, कोशविज्ञान, कोशविज्ञानको अध्ययन क्षेत्र र अन्य विषयसँग पारस्परिक सम्बन्ध, कोशकारमा हुनुपर्ने गुणहरू* गरी आठवटा उपशीर्षक रहेका छन् । यस शीर्षकमा कोशको व्युत्पत्ति, अर्थ, परिभाषा, आवश्यकता, महत्व, उपयोगिता प्रस्तुत गर्दै कोश निर्माणमा ध्यान दिनुपर्ने कुरा र वैज्ञानिकताका अभिलक्षणसहित कोशविज्ञानसम्बन्धी विभिन्न व्यक्तिका परिभाषाहरू प्रस्तुत गरिएको छ । यसका साथै कोशविज्ञानको अध्ययन क्षेत्र र अन्य विषयसँगको यसको सम्बन्ध प्रस्तुत गरी कोशकारमा हुनुपर्ने गुणहरूका बारेमा पनि चर्चा गरिएको छ ।

दोस्रो शीर्षक *कोशको वर्गीकरण*अन्तर्गत *प्रविष्टक्रमका आधारमा कोशको वर्गीकरण, भाषाका आधारमा कोशको वर्गीकरण, स्वरूपका आधारमा कोशको वर्गीकरण, समयका आधारमा कोशको वर्गीकरण, प्रयोजनका आधारमा कोशको वर्गीकरण, प्रयोग क्षेत्रका आधारमा कोशको वर्गीकरण* गरी छ वटा उपशीर्षक रहेका छन् । यस शीर्षकमा विभिन्न आधारमा कोशको वर्गीकरण गरी तिनलाई पुनः वर्णानुक्रम कोश, विषयानुक्रम कोश, एकभाषी कोश, द्विभाषी कोश, बहुभाषी कोश, शब्दकोश, विश्वकोश आदि गरी वर्गीकरण गरिएको छ ।

तेस्रो शीर्षक *नेपाली शब्दकोशको विकासप्रक्रिया : सङ्क्षिप्त रूपरेखा*अन्तर्गत *एकभाषी कोश र कोशकार, द्विभाषी कोश र कोशकार, बहुभाषी कोश र कोशकार* गरी तिन उपशीर्षकभित्र विभिन्न कोशकार र विभिन्न भाषाका कोशको विवरण प्रस्तुत गरिएको छ ।

चौथो शीर्षक *कोश विश्लेषणको प्रारूप*अन्तर्गत यसमा *प्रारूप, प्रारूपको खोलुवा, प्रविष्टि उत्तर* गरी तिन उपशीर्षकभित्र प्रारूपको परिचय दिँदै कोश विश्लेषणका लागि तयार पारिएको प्रारूप प्रस्तुत गरिएको छ । यसलाई प्रविष्टि पूर्व, प्रविष्टि र प्रविष्टि उत्तर गरी विभिन्न शीर्षकमा प्रस्तुत गरिएको छ ।

पाँचौँ शीर्षक *नेपाली शब्दसागरको विश्लेषण* रहेको छ । *परिचय, प्रविष्टि पूर्व, प्रविष्टि, प्रविष्टि उत्तर, निष्कर्ष* र *सुझाउ* गरी पाँच उपशीर्षक रहको यस शीर्षकमा वसन्तकुमार शर्मा 'नेपाल'द्वारा २०५७ सालमा सम्पादित **नेपाली शब्दसागर**को विभिन्न कोणबाट विश्लेषण गरी यसमा रहेका प्रविष्टिपूर्वदेखि प्रविष्टिउत्तरसम्म त्रुटिहरूलाई औँल्याइएको छ ।

३. भाषाशैली

परिष्कृत भाषाशैलीको प्रयोग पाइने यस **कोशविज्ञान** नामक पुस्तकमा विभिन्न भाषाका कोशहरूको विवरण प्रस्तुत गर्ने क्रममा अङ्ग्रेजी र केही संस्कृत भाषाका शब्दहरूको पनि प्रयोग पाइन्छ । त्यसबाहेक सबैतिर सरल र सहज ढङ्गमा मानक नेपाली भाषाको प्रयोग गरी विषयवस्तु प्रस्तुत गरिएको छ ।

४. निष्कर्ष

प्रस्तुत पुस्तकमा कोशसम्बन्धी सैद्धान्तिक परिचयका साथै एकभाषी, द्विभाषी र बहुभाषी कोशहरूको विवरण प्रस्तुत गर्दै **नेपाली शब्दसागर** नामक कोशको यथार्थमूलक विश्लेषण र मूल्याङ्कन गरिएको छ। कोशको सिद्धान्त र प्रयोगसँग सम्बन्धित यस पुस्तकमा कोशको वर्गीकरणका आधारहरू प्रस्तुत गरी कोश विश्लेषणको प्रारूपअनुरूप **नेपाली शब्दसागर**को विश्लेषण गरिएको छ। हरेक कोणबाट **नेपाली शब्दसागर**मा भएका गल्तीहरूलाई तथ्यमूलक रूपमा प्रस्तुत गरी पाठकहरूलाई त्यसमा भएका गल्ती कमजोरीबारे सचेत बन्न सूचित गरिएको छ। कोशको निर्माण, वर्गीकरणका आधार, विकास प्रक्रिया र कोश विश्लेषणको प्रारूपका आधारमा **नेपाली शब्दसागर**को विश्लेषण गरिएको यो पुस्तक कोशसम्बन्धी जिज्ञासा राख्ने पाठकहरूका साथै कोशविज्ञानसम्बन्धी काम गर्ने व्यक्तिहरूका लागि समेत उपयोगी रहेको छ। **नेपाली शब्दसागर**मा भएका गल्ती कमजोरीहरूबारे पाठकहरूलाई सूचित गर्नु नै यस पुस्तकको महत्वपूर्ण उपलब्धि हो।

६.४ व्याकरणसम्बन्धी पुस्तकको परिचयात्मक अध्ययन

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित नयाँ पाठ्यक्रमअनुसार खगेन्द्रप्रसाद लुइटेल र लीला लुइटेलद्वारा तयार पारिएको **नेपाली व्याकरण** शृङ्खला २०६६ सालमा रिडमोर प्रकाशनबाट प्रकाशित भएको हो। यो शृङ्खला नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा स्वीकृति प्राप्त शृङ्खला हो र यो नेपालमा मात्र नभएर भारतलगायत विभिन्न ठाउँमा पनि पाठ्यपुस्तकका रूपमा पढाइने गरेको पाइन्छ। **नेपाली व्याकरण** शृङ्खलाका सबै पुस्तकको आवरण पृष्ठसहितको परिचय मुन्चा डट कमलगायतका वेवसाइटमा पनि राखिएको देखिन्छ। कक्षा एकदेखि दससम्मको व्याकरणको पाठ्यक्रममा आधारित भई तहगत स्तर र विद्यार्थीको मनोविज्ञानलाई ध्यानमा राखेर तयार पारिएको उक्त नेपाली व्याकरण शृङ्खलामा समावेश विषयवस्तु तल कक्षागत रूपमा क्रमशः प्रस्तुत गरिन्छ।

कक्षा १ को **नेपाली व्याकरण**मा *बालबोली, वर्णमाला, संयुक्त वर्ण र आधा वर्ण, नाम, सर्वनाम, विशेषण, क्रिया र काल, करण-अकरण, नामयोगी र क्रियायोगी, संयोजक, लिङ्ग, वचन, विभक्ति, सङ्गति, पर्यायवाची शब्द, विपरीतार्थी शब्द, समूहवाचक शब्द र चिह्न* गरी १८ वटा शीर्षक रहेका छन्। व्याकरणको यस पुस्तकका प्रत्येक शीर्षकमा पहिले उदाहरण र त्यसपछि अभ्यास राखिएको छ। यसमा आईं, चाचा, चिची, तेते, देउतीमाता जस्ता बालबोलीहरूको प्रयोग गरिएको छ भने विषयवस्तुको प्रस्तुतिमा हरेक वस्तुबारे धारणा बनाउनका लागि प्रशस्त चित्रहरूको प्रयोग गरिएको छ।

कक्षा २ को **नेपाली व्याकरण**मा *बच्चा र बालबोली, मात्रा, नाम, सर्वनाम, विशेषण, क्रिया र काल, करण-अकरण, नामयोगी र क्रियायोगी, संयोजक, विस्मयबोधक, निपात, लिङ्ग, वचन, विभक्ति, सङ्गति, पर्यायवाची शब्द, विपरीतार्थी शब्द, श्रुतिसमभिन्नार्थक शब्द, अनुकरणात्मक शब्द, समूहवाचक शब्द, चिह्न र वर्णविन्यास* गरी २२ वटा शीर्षक रहेका छन्। यसमा गुजी, चरी, ताते गर्नु, घुँघुँजस्ता बालबोलीहरूको प्रयोग

गरिनाका साथै विभिन्न वस्तुलाई चिनाउनका लागि प्रशस्त चित्रहरूको प्रयोग गरिएको छ । यस कक्षाको व्याकरणमा खाली ठाउँ भर्ने, जोडा मिलाउने, गोलो लगाउने जस्ता अभ्यासहरू राखिएको छ ।

कक्षा ३ को **नेपाली व्याकरण**मा *के को समूह के ?, नाम, सर्वनाम, विशेषण, क्रिया, पूर्वकालिक उत्तरकालिक र प्रेरणार्थक क्रिया, करण-अकरण, नामयोगी र क्रियायोगी, संयोजक, विस्मयवोधक, निपात, लिङ्ग, वचन, काल, काल र पक्ष, विभक्ति, सङगति, पर्यायवाची शब्द, विपरीतार्थी शब्द, श्रुतिसमभिन्नार्थक शब्द, अनुकरणात्मक शब्द, अनेकार्थी शब्द, चिह्न र वर्णविन्यास* गरी २४ वटा शीर्षक रहेका छन् । कक्षा ३ को व्याकरणमा जोडा मिलाउने, खाली ठाउँ भर्ने, गोलो लगाउनेजस्ता अभ्यासहरू रहेका छन् ।

कक्षा ४ को **नेपाली व्याकरण**मा *बासस्थान, नाम, सर्वनाम, विशेषण, क्रिया, करण-अकरण, अव्यय, लिङ्ग, वचन, पुरुष, काल, कालका पक्ष, विभक्ति, पदसङगति, शब्दभण्डार, चिह्न, वर्णविन्यास, उखान, टुक्का, गाउँखाने कथा* गरी २० वटा शीर्षक रहेका छन् । कक्षा ३ को व्याकरणमा भएका *के को समूह के ?, पूर्वकालिक उत्तरकालिक र प्रेरणार्थक क्रिया, नामयोगी र क्रियायोगी, संयोजक, विस्मयवोधक, निपात* जस्ता शीर्षकहरू हटाइ *बासस्थान, वर्णविन्यास, उखान, टुक्का, गाउँखाने कथा* जस्ता शीर्षकहरू थपिएको छ । तहगत स्तर अनुसार व्याकरणका शीर्षक र प्रस्तुतिमा परिवर्तन गर्दै लगिएको छ भने अभ्यासमा प्रश्नोत्तर थप गरिएको छ ।

कक्षा ५ को **नेपाली व्याकरण**मा *नाम, सर्वनाम, विशेषण, क्रिया, करण-अकरण, अव्यय, लिङ्ग, वचन, पुरुष, काल, कालका पक्ष, क्रियाको भाव वा अर्थ, विभक्ति, पदसङगति, शब्दभण्डार, चिह्न, वर्णविन्यास, उखान, टुक्का, गाउँखाने कथा* गरी २० वटा शीर्षक रहेका छन् । कक्षा ४ मा राखिएको *बासस्थान* शीर्षकलाई हटाइ *क्रियाको भाव वा अर्थ* नामक शीर्षक थपिएको छ भने अन्य उही शीर्षक रहेका व्याकरणको पनि प्रस्तुतिमा केही भिन्नता रहेको छ ।

कक्षा ६ को **नेपाली व्याकरण**मा *नाम, सर्वनाम, विशेषण, क्रिया, करण-अकरण, अव्यय, लिङ्ग, वचन, पुरुष, आदर, काल, कालका पक्ष, क्रियाको भाव वा अर्थ, कारक र विभक्ति, पदसङगति, उपसर्गबाट शब्दनिर्माण, प्रत्ययबाट शब्दनिर्माण, समासबाट शब्दनिर्माण, शब्दभण्डार, वाक्य र वाक्य परिवर्तन, पदसङ्गति, चिह्न, वर्णविन्यास, उखान, टुक्का, गाउँखाने कथा* गरी २५ वटा शीर्षक रहेका छन् । कक्षा ५ सम्म चित्र र विभिन्न रङको प्रयोग गरिएकोमा यस कक्षाबाट दुवैलाई हटाइएको छ भने प्रस्तुतिमा पनि केही जटिलता थपिँदै गएको छ ।

कक्षा ७ को **नेपाली व्याकरण**मा *शब्दवर्ग, नाम, सर्वनाम, विशेषण, क्रिया, धातु र क्रियामूल, करण-अकरण, अव्यय, लिङ्ग, वचन, पुरुष, आदर, काल, कालका पक्ष, क्रियाको भाव वा अर्थ, कारक र विभक्ति, वाच्य, शब्दनिर्माण, उपसर्गबाट शब्दनिर्माण, प्रत्ययबाट शब्दनिर्माण, समासबाट शब्दनिर्माण, द्वित्वबाट शब्दनिर्माण, शब्दभण्डार, वाक्य, वाक्यसंश्लेषण र वाक्यविश्लेषण, वाक्य परिवर्तन, पदसङ्गति, चिह्न, वर्णविन्यास, उखान, टुक्का, गाउँखाने कथा* गरी ३२ वटा शीर्षक रहेका छन् । यसमा स्तर अनुरूपको भाषाको प्रयोग र विषयवस्तुको प्रस्तुति रहेको छ ।

कक्षा ८ को **नेपाली व्याकरण**मा *भाषा र व्याकरण, शब्दवर्ग, नाम, सर्वनाम, विशेषण, क्रिया, धातु र क्रियामूल, करण-अकरण, अप्रेरणार्थक-प्रेरणार्थक क्रिया, अव्यय, लिङ्ग, वचन, पुरुष, आदरार्थी, काल र पक्ष, क्रियाको भाव वा अर्थ, कारक र विभक्ति, वाच्य, शब्दनिर्माण, उपसर्गबाट शब्दनिर्माण, प्रत्ययबाट शब्दनिर्माण, समासबाट शब्दनिर्माण, द्वित्वबाट शब्दनिर्माण, सन्धि, शब्दभण्डार, विविध अर्थयुक्त शब्दहरू, विशेष शब्दहरू, पारिभाषिक/प्राविधिक शब्द, वाक्य, वाक्यसंश्लेषण र वाक्यविश्लेषण, वाक्य परिवर्तन, उक्ति परिवर्तन, पदसङ्गति, चिह्न, वर्णविन्यास, शब्दकोशको प्रयोग, उखान, टुक्का* गरी ३८ वटा शीर्षक रहेका छन् । अरू कक्षाको भन्दा कक्षा ८ को व्याकरणमा केही बढी शीर्षक रहेका छन् । यसमा कक्षा अनुसार क्रमशः केही कठिन शब्दहरू र केही लामा वाक्यहरूको पनि प्रयोग गरिएको छ ।

कक्षा ९-१० को **व्याकरण**मा *भाषा र व्याकरण, ध्वनि, वर्ण र अक्षर, शब्दवर्ग, नाम, सर्वनाम, विशेषण, क्रिया, धातु र क्रियामूल, करण-अकरण, अप्रेरणार्थक-प्रेरणार्थक क्रिया, अव्यय, लिङ्ग, वचन, पुरुष, आदरार्थी, काल र पक्ष, क्रियाको भाव वा अर्थ, कारक र विभक्ति, वाच्य, शब्दनिर्माण, उपसर्गबाट शब्दनिर्माण प्रक्रिया, प्रत्ययबाट शब्दनिर्माण प्रक्रिया, समासबाट शब्दनिर्माण प्रक्रिया, द्वित्वबाट शब्दनिर्माण प्रक्रिया, सन्धि, नेपाली शब्दभण्डार, विविध अर्थयुक्त शब्दहरू, विशेष शब्दहरू, पारिभाषिक/प्राविधिक शब्द, वाक्य, वाक्यसंश्लेषण, वाक्यविश्लेषण, वाक्य परिवर्तन, उक्ति परिवर्तन, पदसङ्गति, चिह्न, वर्णविन्यास, शब्दकोशको प्रयोग, उखान, टुक्का, छन्द* गरी ४१ मूल शीर्षक र विभिन्न उपशीर्षकहरू रहेका छन् । कक्षा ९ र १० को व्याकरण एउटै पुस्तकमा समावेश गरिएको हुँदा यस पुस्तकमा केही बढी शीर्षकहरू रहनाका साथै यो केही मोटो आयाममा रहेको छ ।

कक्षा एकदेखि दससम्मको लागि तयार पारिएका यी व्याकरणका पुस्तकहरूमा निर्धारित तहको पाठ्यक्रमलाई समेटिएको छ । यसका साथै विद्यार्थीको स्तर, रुचि, उमेर, योग्यता, क्षमता, पूर्वज्ञान, आवश्यकता, मनोविज्ञानअनुरूप रहेका यी पुस्तकहरूमा उदाहरणका माध्यमबाट सिद्धान्ततर्फ प्रवेश गराइएको छ । प्रस्तुतिमा भाषिक सरलतालाई अँगाली पर्याप्त उदाहरणहरू राखेर व्याकरणलाई अभ्यासमूलक, कार्यमूलक र व्यवहारिक बनाइएका यी व्याकरणिक पुस्तकहरूमा उपयुक्त र स्तर सुहाउँदो पाठ्यसामग्रीको प्रयोग गरिनाका साथै सरल, सरस, स्तरीय एवं प्रभावकारी ढङ्गले क्रमबद्ध रूपमा पाठहरूको व्यवस्थापन र विन्यास गरिएको पाइन्छ । सरलताबाट क्रमशः जटिलतातर्फ जाने प्रक्रिया अँगाली पाठ्यक्रमद्वारा निर्धारित व्याकरणिक एकाइहरूको तहगत स्तरअनुरूप वस्तुगत ज्ञान हासिल गराउने उद्देश्यले तयार पारिएको यस व्याकरण शृङ्खलामा व्याकरण शिक्षण गर्दा शिक्षकले ध्यान पुऱ्याउनुपर्ने कुराको जानकारीसहित व्याकरण शिक्षणका तरिकाहरूमा विद्यार्थी केन्द्रित विधिहरू प्रस्तुत गरिएको छ । स्तर अनुरूप सरलबाट जटिलतातर्फ लगिएका यी पुस्तकहरूमा तलबाट माथितिर क्रमशः चित्रहरूको प्रयोगमा कमी गर्दै लगिएको छ भने बाहिरी पृष्ठका साथै पुस्तक भित्र पनि विभिन्न रङको प्रयोग गरिएको छ । कक्षा १ देखि ५ सम्मका पुस्तकहरूमा चित्र र विभिन्न रङको प्रयोग गरिएको छ । तल्लो कक्षाका पुस्तकहरूमा जोडा मिलाउने, खाली ठाउँ भर्ने रेखा कोर्नेजस्ता अभ्यासका साथै छोटा सरल र अपूर्ण वाक्यको प्रयोग गरिनाका साथै स्तरअनुरूप त्यसलाई क्रमशः परिमार्जित गर्दै जटिलतातिर लगिएको छ । तल्लोबाट माथिल्लो कक्षाका व्याकरणका शीर्षकहरू केही नयाँ थप्दै लगिएको छ भने एउटै शीर्षक राखिएकाहरूमा पनि स्तर र तहलाई ध्यानमा राखी विषयवस्तुको प्रस्तुतिमा परिवर्तन गरिएको छ । तल्ला कक्षामा खाली ठाउँ भर्ने, गोलो लगाउने जस्ता अभ्यासहरू राखिएको छ भने कक्षा ४ देखि माथिका पुस्तकहरूमा प्रश्नोत्तर थप गरिएको छ ।

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित नयाँ पाठ्यक्रम अनुसार तयार पारिएको **नेपाली व्याकरण** शृङ्खलामा सरल र सहज रूपमा विषयवस्तु प्रस्तुत गरिनाका साथै तहगत स्तरलाई ध्यानमा राखी त्यसैअनुरूपको भाषा, विषयवस्तु र अभ्यासको प्रस्तुति गरिएको छ । यसका साथै यस शृङ्खलामा धेरैजसो विषयवस्तुलाई चित्रसहित प्रस्तुत गरिएको छ । जसले गर्दा सिकाइ रोचक हुनाका साथै दिगो सिकाइ हुने देखिन्छ । तहगत स्तरलाई ख्याल नगरी विना पाठ्यक्रम व्याकरण निर्माण गर्ने आजको परिस्थितिमा यस प्रकारको व्याकरण शृङ्खला तयार गरिनु लेखकको उल्लेख्य पक्ष हो ।

६.५ निष्कर्ष

खगेन्द्रप्रसाद लुइटेलको भाषाविज्ञान, कोश र व्याकरणका क्षेत्रमा उल्लेखनीय योगदान रहेको छ । उनका **ध्वनिविज्ञान र वर्णविज्ञान, पहरी भाषा संस्कृति, आधुनिक भाषाविज्ञान**जस्ता भाषाविज्ञानसँग सम्बन्धित पुस्तकहरू प्रकाशित भएका छन् । भाषाविज्ञानसँग सम्बन्धित यी पुस्तकहरूमा सरल भाषाशैलीको प्रयोग गरी विषयवस्तुलाई व्याख्यात्मकभन्दा सूत्रात्मक रूपमा प्रस्तुत गरिनाका साथै सबै पुस्तकमा सटिक परिभाषा, पर्याप्त उदाहरण, सरल व्याख्या विश्लेषण र क्रमबद्ध प्रस्तुति, नवीनतम सूचना, क्रमबद्ध प्रस्तुति पाइन्छ ।

खगेन्द्रप्रसाद लुइटेलले २०५३ सालमा **नेपाली प्रकृति प्रत्यय कोश**को सम्पादन गरेका छन् । जुन कोशमा आठहजारभन्दा बढी शब्दहरू समावेश भएका छन् । यसका साथै उनले २०५३ र २०६७ सालमा **नेपाली बृहत् शब्दकोशको** संशोधन-परिमार्जनसमेत गरेका छन् । यसको परिमार्जनमा विभिन्न बोलीचालीका नेपाली शब्दहरूलाई समावेश गरिएको छ । उनको कोशको सैद्धान्तिक पक्षसँग सम्बन्धित पुस्तक **कोशविज्ञान** पनि प्रकाशित छ । लुइटेलद्वारा लिखित तथा सम्पादित यी सबै कोशहरू सिद्धान्त र प्रयोग दुवै पक्षसँग सम्बन्धित रहेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित विद्यालय तहको **नेपाली व्याकरणको शृङ्खला** पनि प्रकाशित छ । यसमा प्रशस्तै चित्रहरूको प्रयोग गर्नाका साथै रङ्गिन कागजको प्रयोग गरिएको छ । तल्लो कक्षामा सरल र छोटा वाक्यहरूको प्रयोग गरिएको छ भने स्तरअनुरूप क्रकमशः त्यसलाई जटिल बनाउँदै लगिएको छ भने तहगत स्तर र क्षमतालाई भने ध्यानमा राखिएको छ । कक्षागत आधारमा क्रमशः व्याकरणका शीर्षक थप गरिएको छ भने उही शीर्षकको पनि प्रस्तुतिमा भिन्नता रहेको छ । आगमनात्मक विधिको प्रयोग गरिएका यी व्याकरणका पुस्तकहरूमा शिक्षण प्रक्रियाबारे पनि जानकारी गराइएको छ । तहगत स्तर, क्षमता, आवश्यकता आदि विभिन्न पक्षलाई ध्यानमा राखी तयार पारिएको यो व्याकरण शृङ्खला सम्बन्धित तहका विद्यार्थीहरूका लागि निकै उपयोगी देखिन्छ ।

साहित्यका विविध विधामा सक्रिय लुइटेलका भाषाविज्ञान, कोश र व्याकरणसँग सम्बन्धित यी विभिन्न पुस्तक तथा कोशका आधारमा हेर्दा उनी यस क्षेत्रका विशिष्ट भाषाविज्ञानी, कोशकार तथा व्याकरणविद् भएको कुरा प्रष्ट हुन्छ । भाषाविज्ञान, कोश र व्याकरणका क्षेत्रमा उनले गरेको कार्य उल्लेखनीय रहेको छ ।

सातौँ परिच्छेद
खगेन्द्रप्रसाद लुइटेलका पाठ्यपुस्तकहरूको परिचयात्मक अध्ययन

७.१ विषयप्रवेश

खगेन्द्रप्रसाद लुइटेलले विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका थुप्रै पाठ्यपुस्तकहरू लेखेका छन् । स्वदेशी विद्यालय र विश्वविद्यालयको पाठ्यक्रमअनुरूप लेखिएका उनका पाठ्यपुस्तकहरू नेपालका साथै भारतका विभिन्न विश्वविद्यालयमा पढाइ हुने गर्दछन् । उनका विद्यालय तहका **हाम्रो नेपाली** र **मेरो नेपाली किताब**को शृङ्खलाका साथै उच्च तहका **नेपाली एकाङ्की**, **नेपाली कविता**, **नेपाली कवि र कविता**, **नेपाली निबन्ध**, **नेपाली कविता र आख्यान** पाठ्यक्रमअनुरूपका थुप्रै पाठ्यपुस्तकहरू प्रकाशित छन् । विद्यार्थीको क्षमता र तहगत स्तरलाई ध्यानमा राखी त्यसै अनुरूप लुइटेलद्वारा लिखित पाठ्यपुस्तकहरूको परिचयात्मक यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

खगेन्द्रप्रसाद लुइटेलले स्वदेशका मात्र नभएर गौहाटी विश्वविद्यालयको एम.ए. नेपालीको पाठ्यक्रममा आधारित भएर थुप्रै पुस्तकहरू लेखेका छन् । उनका लगभग एक दर्जन जति पुस्तक भारतको गौहाटी विश्वविद्यालयको एम.ए. नेपालीको पाठ्यक्रममा राखिएको छ । यस परिच्छेदमा उनीद्वारा लिखित पाठ्यपुस्तकहरूलाई विद्यालय तहका, उच्च तहका र विदेशी विश्वविद्यालयका गरी विभाजन गरेर उक्त पुस्तकहरूको परिचयात्मक अध्ययन क्रमशः परिचय, विषयवस्तु, भाषाशैली, निष्कर्षका आधारमा तल प्रस्तुत गरिएको छ :

७.२ विद्यालयतहका पाठ्यपुस्तकहरूको परिचयात्मक अध्ययन

खगेन्द्रप्रसाद लुइटेलले विद्यालय तहका **हाम्रो नेपाली** शृङ्खलाका ११ वटा र **मेरो नेपाली किताब** शृङ्खलाका १० वटा पाठ्यपुस्तकहरू लेखेका छन् । उनले लेखेका यी पाठ्यपुस्तकहरूको परिचयात्मक अध्ययन तल क्रमशः गरिएको छ ।

७.२.१ हाम्रो नेपाली (नर्सरीदेखि कक्षा आठसम्म)

खगेन्द्रप्रसाद लुइटेल र लीला लुइटेलद्वारा लिखित तथा सम्पादित प्रस्तुत **मेरो नेपाली किताब** शृङ्खला नेपाल सरकारको पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित पाठ्यक्रममा आधारित रहेर तहगत स्तरलाई ध्यानमा राखी तयार पारिएको छ । यी पाठ्यपुस्तक २०६४ सालमा पालुवा प्रकाशन काठमाडौँबाट प्रकाशित भएका हुन् । यस शृङ्खलामा बालबालिकाको मनोविज्ञान, उमेर, तह र रुचि अनुरूप सरल र रोचक रूपमा विषयवस्तु प्रस्तुत गरिएको छ । तिनीहरूलाई तल कक्षागत आधारमा क्रमशः प्रस्तुत गरिएको छ :

हाम्रो नेपाली क मा *सुन र भन, हेर र भन, सुन र गाउ, धर्का हेर, हेर र चिन, रङ चिन र भन, पढ र लेख, बारखरी पढ, गन र भन, कथा सुन* आदि जस्ता २१ वटा पाठ रहेका छन् । यसमा *चिन र भन, जोडा मिलाऊ, चित्रमा रङ भर, थोप्लामाथि धर्का तान, थोप्लामाथि कोर, चित्र हेरी पहिलो वर्ण लेख, चित्र हेरी खाली*

ठाउँ भर, रङ भर, चित्रसँग नमिल्ने वर्णमा गोलो लगाऊ, थोप्लामाथि धर्का तान र रङ भर, शब्द बनाऊ, जोडा मिलाऊ, थोप्ला जोडेर चित्र बनाऊ, गन र भनजस्ता अभ्यास रहेका छन् ।

हाम्रो नेपाली ख मा *हेर र भन, हेर र पढ, लय हालेर गाऊ, हेर र सिक, आकार (ा-कान्दानी), इकार (ि-बाइमात्रा), इकार (ी-दाहिना), उकार (ु-तल्कुरे), ऊकार (ू-बर्धान्ने), सुन र गाऊ, ऐकार (ै-एकलख), (ै-दोलख), ओकार (ो-लहकानो), औकार (ौ-दोलखकन्ना), अं (ं-शिरबिन्दु), अः (ः-दबासबिन्दु), लय हालेर गाऊ, बारखरी पढ, मेरो फूलबारी, गन र भन, चित्र बनाउने रहर, खरायो र जरायो, बिरालाको बिहे* गरी २६ वटा पाठ र *क्रम मिलाएर लेख, शब्द बनाऊ, चित्र हेरी खाली ठाउँ भर, जोडा मिलाऊ, चित्र हेरेर शब्द लेख, ठीक ( ) चिह्न लगाऊ, थोप्ला जोडेर शब्द बनाऊ, पढ र लेख, चित्रको नाम लेख, हेर र भन, दोहो¥याएर लेख, जोडेर लेख, चित्र हेरी मात्रा लगाऊ, अघिल्लो शब्द हेरी पछिल्लो मात्रा लगाऊ, छुटेका मात्रा लगाऊ र पढ, नमिल्ने मात्रा भएकोमा गोलो लगाऊ, चित्र हेरेर छुटेका मात्रा लगाऊ, चित्रसँग मिल्ने शब्दमा गोलो लगाऊजस्ता* अभ्यासहरू रहेका छन् ।

हाम्रो नेपाली ग मा *हेर र पढ, लय हाली गाऊ, ऋकार (ृ), लय हालेर पढ, चन्द्रबिन्दु (ँ), मेरो गाउँ, बन जाँदा, हेर र बुझ, लय हालेर गाऊ, हेर र पढ (रेफ (र्) बार र महिना, हनुमन्ते र भनुमन्ते, लय हालेर पढ, गाइने किरो, मेरो विद्यालय, राम्रो बानी, खरायो र सिंह, स्यालको न्याय* आदि गरी जम्मा २६ वटा पाठ र *प्रश्नको उत्तर भन, पढ र भन, चित्रको नाम लेख, फरक मात्रा भएको शब्दमा गोलो लगाऊ, शब्द बनाऊ, खाली ठाउँ भर, थोप्ला जोडेर चित्र बनाऊ, दोहो¥याएर लेख, जोडा मिलाऊ, चित्रमा रङ भर, पढ र फरक बुझ, सुन र लेख, चित्र हेर र खाली ठाउँ भर, शब्दको सुरुमा ऋकार लगाऊ, हेर र पढ, हेर र भन, फरक छुट्याएर भन, हेर र लेख, हेर र बुझ, शब्दको बीचमा आधा वर्ण लेख, पढ र लेख, सुन र पढ, जोडेर लेख, पढ र बुझ, प्रश्नको उत्तर भन, वाक्य बनाऊ, मिल्ने गरी वाक्य बनाऊ, पात्रो हेरेर उत्तर देऊजस्ता* अभ्यासहरू राखिएका छन् ।

हाम्रो नेपाली कक्षा १ मा *बोली, दुई मित, मेरो घर, बालक र हिमाल, श्रवणकुमार, कुकुर, ढुकुमुकु ढुकुमुकु, बालमेला, डाक्टर र दुम्सी, हामी नेपाली, भाइलाई चिठी, बच्चा, मुसो र बिरालो, घडी, मुसो, आफ्नो काम, दसैँ, टपटप टोपी, अंशबण्डा, गोही र बाँदर* गरी २० वटा पाठ रहेका छन् । प्रत्येक पाठको प्रस्तुतिपछि उक्त पाठमा भएका कठीन शब्दहरूको अर्थ दिइएको छ । पाठहरू कविता, कथा, निबन्ध, गीत, संवाद, चिठी, चित्रकला आदि साहित्यका विविध विधासँग सम्बन्धित रहेका छन् । यस पुस्तकमा *प्रश्नको उत्तर देऊ, पाठ पढेर खाली ठाउँ भर, ठीक बेठीक छुट्याऊ, चिह्न लेख, पढ र लेख, शुद्ध गर, हेर र पढ, खाली ठाउँ पुरा गर, वाक्य बनाऊ, पढ र फरक बुझ, कवितालाई लय हालेर पढ, प्रश्नको उत्तर लेख, कसले कसलाई भनेको हो लेखजस्ता* अभ्यासहरू राखिएका छन् । यसका साथै *पर्यायवाची शब्द, विभक्ति, लिङ्ग, पूर्णविराम, काल, नाम, अनुकरणात्मक शब्द, विपरीतार्थी शब्द, संयोजक, क्रियायोगी, सर्वनाम, करण-अकरण, निपात, विशेषण, सङ्गति, सर्वनाम* आदि शीर्षकमा व्याकरणका बारेमा जानकारी गराइएको छ ।

हाम्रो नेपाली कक्षा २ मा *विद्याबुद्धि, बुद्धिमान स्याल, गाई, हुटिट्याउँले फुल पा¥यो, गोलसिमल, हाम्रो परिवार, जुनकिरी, पाङ्ग्रे, राष्ट्रिय फूल लालीगुराँस, दिदीलाई चिठी, जाडो हाम्रा राष्ट्रिय चिह्नहरू, रेडियो, घमण्डी भ्यागुतो, पुस्तक मेरो साथी, गणेश र कुमार, तिहार, भैलो गीत, सर्पखेल, मूर्ख राजा र छट्टु मन्त्री,*

बाँदर र हजाम गरी २१ वटा पाठ रहेका छन् । व्याकरणलाई *विपरीतार्थी, नाम, लिङ्ग, काल, वचन, सर्वनाम, करण-अकरण, सर्वनाम, विशेषण, चिह्न, सर्वनाम, सङ्गति, क्रियायोगी, निपात, विस्मयादिबोधक, विभक्ति, संयोजक र नामयोगी, काल, ह्रश्व-दीर्घ, श्रुतिसमभिन्नार्थक*का क्रममा प्रस्तुत गरिएको छ । यो पुस्तकको प्रारम्भमा उदाहरण दिई त्यसैअनुरूप अभ्यास राखिएको छ ।

हाम्रो नेपाली कक्षा ३ मा *नेपाल, भस्मासुर, भानुभक्त, कालोपाटी, बाँदर विद्यालय, बाघ, वनभोजको तयारी, हाम्रो सान, कमल-कुसुम, सुन्दर उपत्यका पोखरा, दाइलाई चिठी, मेरो धाको छ, भालुको पुच्छर कसरी छोटो भयो ?, कपर्दी, आगलागी, अजङ्गाको हात्ती, छोरालाई चिठी, लोसार, हाम्रो सानो पाखुरो, टेलिफोन, काग र सर्प* गरी २१ वटा पाठ रहेका छन् । व्याकरणलाई *नाम, सर्वनाम, विशेषण, वचन, लिङ्ग, निपात, पूर्वकालिक क्रिया, पक्ष, उत्तरकालिक क्रिया, संयोजक, पक्ष, सङ्गति, विस्मयादिवोधक, प्रेरणार्थक क्रिया, विभक्ति, करण-अकरण, क्रियायोगी, नामयोगी*का क्रममा प्रस्तुत गरिएको छ ।

हाम्रो नेपाली कक्षा ४ मा *सरस्वती वन्दना, वीर ध्रुव, कलाकार अरनिको, मेरो गाउँ, सज्जन र दुर्जन, भेडा, पानीको महŒव, पुतली, माझी र उसकी स्वास्नी, बुद्धको जन्मस्थल लुम्बिनी, साथीलाई चिठी, डाँफेचरी, आफ्नो काम, फुटबल, समाज, यौटै हुन्छ रानो, बिदाको निवेदन, तराईको ठूलो पर्व छठ, ढाक्रे, टेलिभिजन, गाँस छोड्नु साथ नछोड्नु* गरी २१ वटा पाठ रहेका छन् । व्याकरणलाई *नाम, करण-अकरण, सर्वनाम, शब्दभण्डार, विशेषण, लिङ्ग, वचन, अव्यय, चिह्न, काल, सङ्गति, विभक्ति, पक्ष, पूर्वकालिक र उत्तरकालिक क्रिया, निपात, प्रेरणार्थक, पदयोग, मात्रा, प्राविधिक शब्द*का क्रममा प्रस्तुत गरिएको छ ।

हाम्रो नेपाली कक्षा ५ मा *ब्युँझेको नेपाल, काग र भँगेरो, साहित्यकार पारिजात, हाम्रा चाडपर्वहरू, गौँथली, प्रेतात्मा र मान्छेहरू, पुस्तकालय र हामी, प्राथमिक उपचार, तुलसी, नैतिक दृष्टान्त, भीम-बकासुर युद्ध, शङ्खधर साख्वा, बुबालाई चिठी, विशालकाय जनावर हात्ती, धनभन्दा विद्या ठूलो, आशा, साहसी दीपक, छात्रवृत्तिको निवेदन, रोबोट, यै हो मेरो देश, पढेका मूर्खहरू* गरी २१ वटा पाठ रहेका छन् । व्याकरणलाई *मात्रा-ह्रश्व-दीर्घ, शब्दका प्रकार, नाम, सर्वनाम, विशेषण, करण-अकरण, अव्यय, अव्यय-निपात र विस्मयवाचक, अव्यय- संयोजक, प्रेरणार्थक, लिङ्ग, वचन, सङ्गति, काल, पक्ष, विभक्ति, अनुकरणात्मक शब्द, पदयोग र पदवियोग, प्राविधिक शब्द, पूर्वकालिक र उत्तरकालिक चिह्न*का क्रममा क्रमशः प्रस्तुत गरिएको छ ।

हाम्रो नेपाली कक्षा ६ मा *नेपालको माया, जस्तालाई तस्तै, विश्वेश्वरप्रसाद कोइराला, सन्तुलित आहार, मानिस स्वयं देवता हुन्छ, किसानकी स्वास्नी र बाघ, मदर टेरेसा, युद्ध र शान्ति, टिमुर, फूल, वाणासुरको पराजय, वीर अमरसिंह थापा, मामालाई चिठी, हाम्रो देश नेपाल, बलभन्दा बुद्धि ठूलो, नेपाल नाम सुन्दर, किसान र घाँस नखाने गाई, बुद्धिमान् जलचर डल्फिन, निःशुल्क छात्रावृत्तिको निवेदन, निकोलस कपर्निकस, कम्प्युटर, लाटो त मारिन्छ है* गरी जम्मा २२ वटा पाठ रहेका छन् । व्याकरणलाई *ह्रश्वदीर्घ, श्रुतिसमभिन्नार्थक शब्द, विपरीतार्थी शब्द, चिह्न, नाम, काल, वाक्य परिवर्तन, वचन, सर्वनाम, विशेषण, पक्ष, पर्यायवाची शब्द, सङ्गति, करण-अकरण, उखान र टुक्का, क्रिया, अनुकरणात्मक शब्द, पदयोग र पदवियोग, भाव वा अर्थ, पुरुष, प्राविधिक शब्द, कारक र विभक्ति* शीर्षकमा क्रमशः प्रस्तुत गरिएको छ ।

हाम्रो नेपाली कक्षा ७ मा *एउटा बाचा, धुर्त बुढो, साहित्यकार गोपालप्रसाद रिमाल, जन्त जानुभन्दा अन्त जानु नै राम्रो !, पासाङ ह्लामु सेर्पा, लौकाकी बुढी, महात्मा गान्धी, नेपालमा कफी खेती, के गर्नुपर्ने ?, जरासन्धको बध, पुष्पलाल श्रेष्ठ, साथीलाई चिठी, म त लालीगुराँस पो भएछु,* सहरिया जीवनभन्दा गाउँले जीवन नै बेस, हाम्रो नेपाली, गोमाको यार्लिङ, हावा, टमस एल्बा एडिसन, *सम्पादकलाई चिठी, ध्वनि प्रदूषण, बिसे नगर्ची, निनिमा र गोल्मे* गरी २२ वटा पाठ रहेका छन् । व्याकरणलाई *वर्णविन्यास, शब्दभण्डार, वचन, टुक्का, नाम, सर्वनाम, पुरुष, पक्ष, विशेषण, अव्यय, चिह्न, वाक्य परिवर्तन, अनुकरणात्मक शब्द, उखान, करण-अकरण, पदयोग र पदवियोग, सङ्गति, वाच्य, भाव वा अर्थ, प्राविधिक शब्द, काल, कारक र विभक्ति*का क्रममा प्रस्तुत गरिएको छ ।

हाम्रो नेपाली कक्षा ८ मा *एकदिन एकचोटी आउँछ, भाग्य ठूलो कि साहस ?, युवककवि मोतीराम भट्ट, अवसरवाद, नयाँ वर्ष, एकखुट्टे दानव, विश्वप्रसिद्ध चिन्तक कार्ल मार्क्स, वन, यात्री, विश्वामित्र र वशिष्ट, त्येअङ्सी सिरिजङ्गा, आमालाई चिठी, वादी : एक जन्मजात कलाकार जाति, विज्ञान अभिसाप होइन वरदान हो, नेपालकी छोरी, घर, अलफ्रेड नोबेल, रारामे कुत्कुत्याउँदा, प्रधानाध्यापकलाई चिठी, कक्षामा प्रथम भएको दिन, अन्तरिक्षयान, एक सय चार वर्षे बुढो सर्प, सात भाइहरू* गरी २३ वटा पाठहरू रहेका छन् । व्याकरणलाई *शब्दभण्डार, काल, वाक्य परिवर्तन, करण-अकरण, अनुकरणात्मक शब्द पक्ष, नाम, विशेषण, क्रिया, लेख्य चिह्न, अव्यय, पदसङ्गति, विभक्ति, कारक, वाच्य, पदयोग र पदवियोग, शिरबिन्दु (ं) र चन्द्रबिन्दु (ँ), उखान, वर्णविन्यास, प्राविधिक शब्द, सर्वनाम, ह्रश्व-दीर्घ*का क्रममा प्रस्तुत गरिएको छ ।

नर्सरीदेखि कक्षा आठसम्मको पाठ्यक्रम निर्माणका साथै पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित पाठ्यक्रममा समेत आधारित रही क्रमशः स्तरीकृत रूपमा तयार पारिएको यस शृङ्खलामा उपयुक्त र स्तर सुहाउँदो विषयवस्तुका माध्यमबाट भाषा शिक्षण र भाषिक सीपका चारै पक्ष सुनाइ, बोलाइ, पढाइ, लेखाइको विकासतर्फको सचेतता रहेको पाठकेन्द्री अभ्यासमा जोड दिई भाषिक सीप, संज्ञान र अभिवृत्तिको विकासमा बढी केन्द्रित गरेर पाठ र अभ्यास बीच तादात्म्य कायम गरिएको छ । हाम्रो नेपाली क, ख, ग मा विषयसूची दिइएको छैन कक्षा ५ सम्मका पुस्तकमा विभिन्न रङको प्रयोग गरिएको छ । यो हाम्रो नेपाली शृङ्खलामा प्रशस्त अभ्यासका साथै अतिरिक्त प्रयोग र सिर्जनात्मक कार्यकलापको पनि समावेश गरी विद्यार्थीको व्यक्तिगत र सामूहिक अभ्यास एवं क्रियाकलापका लागि पर्याप्त अवसर प्रदान गरिएको छ । पाठका कठिन शब्दहरूको स्पष्ट, सरल र प्रसङ्ग अनुरूप अर्थ दिई शब्दार्थको ज्ञान गराएर शब्दभण्डारमा अभिवृद्धि गर्ने उद्देश्य अनुरूप तयार पारिएका यी पुस्तकहरूमा पाठका विषयवस्तुलाई राम्ररी बुझाउने अभिप्रायले उपयुक्त ढङ्गबाट चित्राङ्कन गरिएको छ । प्रश्नको उत्तर लेख्ने, खाली ठाउँ भर्ने, जोडा मिलाउने, शुद्ध बनाउनेजस्ता अभ्यासहरू राखिएको छ । सरलताबाट जटिलतातर्फ जाने प्रक्रिया अँगाली पाठ्यक्रमद्वारा निर्धारित नयाँ विधा क्रमशः समावेश गर्दै लगिनका साथै भाषिक ज्ञान र सीपको आवश्यक विकास गराउने लक्ष्य राखिएको यस शृङ्खलामा बालबालिकाको मनोविज्ञान, पूर्वज्ञान, उमेर, तह, आवश्यकता, भावना, रुचि अनुरूप सरल, सरस, रोचक र स्तरीयताका साथै क्षेत्र, लिङ्ग, जाति, आदिलाई समेत ध्यानमा राखी अतीतको गरिमा र समसामयिक परिवर्तित परिवेश झल्काउने खालका पाठहरूको चयन र व्यवस्थापन गरिएको छ । यी

पुस्तकहरूमा सुनाइ, बोलाइ, पढाइ, लेखाइजस्ता भाषिक सीपको विकासका निम्ति गर्नुपर्ने क्रियाकलाप प्रस्तुत गर्दै भाषिक सीपको विकासका लागि विधागत पठनपाठनका सन्दर्भमा शिक्षकले अपनाउनुपर्ने प्रक्रियाहरू प्रस्तुत गरिएको छ । समग्रमा **मेरो नेपाली किताब** शृङ्खला सम्बन्धित तहका विद्यार्थीका लागि निकै उपयोगी रहेको छ ।

७.२.२ मेरो नेपाली किताब (नर्सरीदेखि कक्षा सातसम्म)

खगेन्द्रप्रसाद लुइटेल र लीला लुइटेलको लेखन तथा सम्पादन रहेको **मेरो नेपाली किताब** कक्षा १ देखि ७ सम्मका पुस्तक शृङ्खला २०७० सालमा एसिया पब्लिकेसन्स प्रा. लि. बागबजारबाट प्रकाशित भएको भएको हो । नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा स्वीकृत तथा विद्यार्थीको तहगत स्तर र मनोविज्ञानलाई ध्यानमा राखी तयार पारिएको यस शृङ्खलाका पाठ्यपुस्तकहरूमा प्रस्तुत विषयवस्तु यसप्रकार रहेका छन् :

मेरो नेपाली किताब क मा *सुन र गाउ, हेर र भन, सुन र भन, चिन र भन, हेर र चिन, हेर र पढ, सुन र गाउ, कथा सुन* जस्ता शीर्षकहरूमा विषयवस्तु प्रस्तुत गरिनाका साथै *जोडा मिलाउ, चित्रमा रङ भर, थोप्लामाथि धर्का तान*जस्ता अभ्यासहरू राखिएको छ । यस पाठ्यपुस्तकमा विभिन्न रङको प्रयोग गरिएको छ भने प्रत्येक वस्तुलाई चिनाउनको लागि चित्रको प्रयोग गरिएको छ । यसका साथै सरल र छोटा वाक्यहरूको प्रयोग गरिएको छ ।

मेरो नेपाली किताब ख मा *सुन र गाउ, हेर र भन, हेर र पढ, बारखरी पढ, आकार (ा-कान्दानी), इकार (ि-बाइमात्रा), इकार (ी-दाहिना), उकार (ु-तल्कुरे), ऊकार (ू-बर्धन्ने), लय हालेर गाऊ, एकार (े-एकलख), ऐकार (ै-दोलख), ओकार (ो-लक्कानो), औकार (ौ-दोलखकन्ना), अं (ं -शिरबिन्दु), अः (ः -दबासबिन्दु), सुन र गाऊ, गन र भन, मेरो फूलबारी, रमाइलो बनभोज* गरी २४ वटा पाठ रहेका छन् भने *जोडा मिलाउ, चित्रमा रङ भर, थोप्लामाथि धर्का तान*जस्ता अभ्यासहरू राखिएको छ ।

मेरो नेपाली किताब ग मा *सुन र गाऊ, हेर र भन, हेर र पढ, लय हालेर गाऊ, ऋकार (ृ), चन्द्रबिन्दु (ँ), हेर र पढ (रेफ (र्)), बार र महिना, असल बानी, सुन र गाऊ, मेरो घर, खरायो र सिंह* आदि गरी जम्मा २५ वटा पाठ रहेका छन् । यस पुस्तकमा *जोडा मिलाउने, खाली ठाउँ भर्ने, थोप्ला माथि धर्का तान्ने*जस्ता अभ्यासहरू राखिएका छन् ।

मेरो नेपाली किताब कक्षा १ मा *मेरो सानो खरायो, ढुकुर र कमिलो, मेरो विद्यालय, केको बच्चा के ?, दुई सन्तान ईश्वरको वरदान, उपयोगी जनावर गाई, टपटप टोपी, बुद्धिमान् खरायो, नेपालीको साझा चाड दसैँ, के गर्ने के नगर्ने ?, सन्तुलित भोजन, मानिसको साथी घडी, ढुकुमुकु ढुकुमुकु, बहिनीलाई चिठी, मुसो र बिरालो* गरी जम्मा १५ वटा पाठ रहेका छन् । यसमा व्याकरणलाई *पर्यायवाची र विपरीतार्थी शब्द, विभक्ति, लिङ्ग, नाम, काल, सर्वनाम, संयोजक, वचन, विशेषण, करण-अकरण, निपात, सङ्गति, अनुकरणात्मक शब्द, क्रियायोगी*का क्रममा प्रस्तुत गरिएको छ ।

मेरो नेपाली किताब कक्षा २ मा *पुतली, कुकर्मको फल, मेरो परिवार, सानी सानी नानी, घमण्डी राक्षस, इमानदार जनावर कुकुर, हुटिट्याउँले फुल पा¥यो, बेहोसी कछुवा, उज्यालाको चाड तिहार, जुनकिरी, दुष्ट काग, टेलिभिजन, पानीको महŒव, भैलो, दाजुलाई चिठी, गोही र बाँदर* गरी १६ वटा पाठ रहेका छन् । यसमा व्याकरणलाई *विपरीतार्थी र श्रुतिसमभिन्नार्थी शब्द, नाम, सर्वनाम, विशेषण, वचन, लिङ्ग, काल, ह्रश्व-दीर्घ, संयोजक र नामयोगी, करण-अकरण, विभक्ति, क्रियायोगी, निपात, सङ्गति, चिह्न, विस्मयादिबोधक*का क्रममा प्रस्तुत गरिएको छ ।

मेरो नेपाली किताब कक्षा ३ मा *सरस्वती वन्दना, दाजुभाइको अंशबण्डा, गुनिलो फल अमला, नानीबाबु, बलको घमण्ड, अनौठो जनावर जिराफ, वीर कविता, विवेकी बाँनर, छठ पर्व, ऋतुहरू, आफ्नो काम, रेडियो, मेरो जन्मदिन, बासस्थान, विश्वप्रसिद्ध खेल फुटबल, दिदीलाई चिठी, चकचके बाँदर* गरी १७ वटा पाठ रहेका छन् । यस पुस्तकमा व्याकरणलाई *नाम, सर्वनाम, विशेषण, ह्रश्व-दीर्घ, वचन, लिङ्ग, काल, पक्ष, करण-अकरण, पूर्वकालिक, उत्तरकालिक र प्रेरणार्थक क्रिया, विभक्ति, नामयोगी र क्रियायोगी, संयोजक र निपात, शब्दभण्डार, सङ्गति, चिह्न, विस्मयादिबोधक*का क्रममा प्रस्तुत गरिएको छ ।

मेरो नेपाली किताब कक्षा ४ मा *पाप लाग्छ, छट्टु काग र भ्रष्ट न्यायाधीस, बिर्सनै नसकिने शैक्षिक भ्रमण, मेरो गाउँ, धनको घमण्ड, विशाल जनावर हात्ती, बुद्ध, मकुन्डेदाइ हराए, लोसार पर्व, आमालाई चिठी, यौटै हुन्छ रानो, मधु र कमला, टेलिफोन, प्राथमिक उपचार, हिमाल, लोकप्रिय खेल क्रिकेट, विदाको निवेदन, दुष्ट सर्प* गरी १८ वटा पाठ रहेका छन् । यस पुस्तकमा व्याकरणलाई *नाम, करण-अकरण, सर्वनाम, वचन, विशेषण, लिङ्ग, अव्यय, काल, पक्ष, विभक्ति, सङ्गति, पदयोग, शब्दभण्डार, ह्रश्व-दीर्घ, चिह्न, पूर्वकालिक र उत्तरकालिक क्रिया, उखान र टुक्का*का क्रममा प्रस्तुत गरिएको छ ।

मेरो नेपाली किताब कक्षा ५ मा *नैतिक दृष्टान्त, छेपारो र चितुवाको लडाइँ, पहिलोपल्ट थानकोट काट्दा, मेरो देश, पाण्डव र कौरव, सुन्दर जनावर बाघ, साथीलाई चिठी, स्वाभिमानी नेपाली, माझी र उसकी स्वास्नी, अबोध बेलाको साहसिक क्षण, समाजको आवश्यकता, हामी नेपाली, पुन्टे र पुन्टी, कम्प्युटर, छात्रवृत्तिको निवेदन, पुस्तकालयको महŒव, फिस्टाको सिकार, मैथिली भाषाका महाकवि विद्यापति, धनभन्दा विद्या ठूलो* गरी १९ वटा पाठ रहेका छन् । व्याकरणलाई *ह्रश्व-दीघ, नाम, सर्वनाम, विशेषण, लिङ्ग, काल, पक्ष, विभक्ति, करण-अकरण, नामयोगी र क्रियायोगी, निपात, विस्मयादिबोधक र संयोजक, क्रिया, वचन, शब्दभण्डार, पदयोग र पदवियोग, सङ्गति, चिह्न, समान्यार्थक र आज्ञार्थक, उखान र टुक्का*का क्रममा प्रस्तुत गरिएको छ ।

मेरो नेपाली किताब कक्षा ६ मा *मातृभूमि, छट्टु स्याल र मूर्ख भालु, साहित्यकार पारिजात, जाऊँन हरर बेँसी सहर, छोरालाई चिठी, के गर्नुपर्ने ?, बन्धुप्रेम, समाजसेवी शङ्खधर साख्वा, तुलसी, वनको महŒव, आमा, मृग र चिप्लेकिरा, अलेक्जेन्डर ग्राहम बेल, हामी राउटे, सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ, नेपाल, बलबहादुर र बुद्धिबहादुर, रोबोट, निःशुल्क छात्रवृत्तिको निवेदन, कन्जुस सासू र छट्टु नन्द* गरी २० वटा पाठ रहेका छन् । व्याकरणलाई *ह्रश्व-दीर्घ, चिह्न, शब्दभण्डार, उखान टुक्का, नाम, सर्वनाम, विशेषण,*

*क्रिया, करण-अकरण, अव्यय, वचन, काल, पक्ष, भाव वा अर्थ, पुरुष, सङ्गति, पदयोग र पदवियोग, प्राविधिक शब्द, कारक र विभक्ति, वाक्य परिवर्तन*का क्रममा प्रस्तुत गरिएको छ ।

मेरो नेपाली किताब कक्षा ७ मा *जङ्गी निसान हाम्रो, ठोक् लौरी ठोक्, विश्वेश्वरप्रसाद कोइराला, कहालीलाग्दो बस यात्रा, बुबालाई चिठी, रिस, कर्तव्य, हेलेन केलर, पन्चैबाजा, बिसे नगर्ची, पासाङ ह्लामु सेर्पा, छिन्ताङदेवी, टमस एल्वा एडिसन, तालु, मित्र र सत्रु, मांसहारीभन्दा शाकाहारी भोजन उत्तम, नेपाली, पानीघट्टको कथा, ध्वनि प्रदूषण, सम्पादकलाई चिठी, धर्मबुद्धि र पापबुद्धि* गरी २१ वटा पाठ रहेका छन् । प्रस्तुत पुस्तकमा व्याकरणलाई *वर्णविन्यास, शब्दभण्डार, नाम, सर्वनाम, विशेषण, क्रिया, करण-अकरण, अव्यय, वचन, काल, पक्ष, भाव वा अर्थ, पुरुष, सङ्गति, पदयोग र पदवियोग, उखान र टुक्का, कारक र विभक्ति, चिह्न, प्राविधिक शब्द, वाच्य, वाक्य परिवर्तन*का क्रममा प्रस्तुत गरिएको छ ।

मेरो नेपाली क देखि मेरो नेपाली कक्षा ३ सम्मको पाठ्यपुस्तकमा पुस्तकमै विद्यार्थीको नाम, कक्षा, क्रमाङ्क, विद्यालय र सम्पर्क भनी त्यसको लागि ठाउँ राखिएको छ भने मेरो नेपाली क, ख र ग मा विषयसूची प्रस्तुत नगरी सिधै विषयवस्तु प्रस्तुत गरिएको छ । नर्सरीदेखि कक्षा सातसम्मकै पाठ्यपुस्तकमा शब्द तथा चित्रहरूको प्रस्तुतिमा विभिन्न रङको प्रयोग गरिएको छ । प्रत्येक पाठपछि पाठका कठीन शब्दहरूको सरल, स्पष्ट र प्रासङ्गिक अर्थ प्रस्तुत गरिएको छ जसले शब्द भण्डारको विकासमा सहयोग पुग्ने देखिन्छ । पाठहरू विधा क्रमअनुसार प्रस्तुत गरिएको छ र विद्यार्थी केन्द्री शिक्षण विधिहरूको प्रयोग गरी अध्यापन गराउन सकिने किसिमका पाठहरू राखी त्यसै अनुरूपका अभ्यासहरू राखिएको छ । प्रत्येक पाठको अभ्यासपछि व्याकरण राखिएको छ । यी सबै कक्षाका पाठ्यपुस्तकहरूमा पाठ र अभ्यासबीच तालमेल गराइ सुनाइ, बोलाइ, पढाइ, लेखाइ चारै भाषिक सीपको विकासलाई ध्यानमा राखिएको छ । भाषाको स्तर क्रमशः तल्लो कक्षाबाट माथिल्लो कक्षामा सरलताबाट जटिलतातिर उन्मुख भएको छ, जसमा तल्ला कक्षामा कतिपय अपूर्ण तथा छोटाछोटा वाक्यहरूको प्रयोग गरिएको छ भने माथिल्लो कक्षामा क्रमशः केही लामा र जटिल वाक्यहरूको प्रयोग गर्दै लगिएको छ ।

स्तर र परिवेश सुहाउँदो पाठ्यक्रम र स्तरीय पाठ्यपुस्तकको अभावमा नेपाली भाषाको पठनपाठनमा विविधता र अनेक रूपता देखिने गरेको आजको परिस्थितिमा लुइटेलको लामो समय अध्ययन, अध्यापन, पाठ्यक्रम विकास केन्द्र विषय समिति तथा विदेशी विद्यालयको पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखनबाट प्राप्त अनुभवको समुचित प्रयोग गरी वस्तुगत ढङ्गबाट तहगत स्तर अनुरूप पाठको संयोजन गरिएको तथा पाठ र अभ्यासबीच तालमेल रहेको यो शृङ्खला विद्यार्थी तथा शिक्षकहरूका लागि समेत उपयोगी रहेको छ ।

७.३ उच्च तहका पाठ्यपुस्तकहरूको परिचयात्मक अध्ययन

खगेन्द्रप्रसाद लुइटेलका प्रवीणता प्रमाणपत्र तह, दस + दुई, स्नातक तह र स्नातकोत्तर तहका नेपाली विषयका **नेपाली एकाङ्की** (२०५४), **नेपाली कविता** (२०५४), **नेपाली कवि र कविता** (२०५४), **नेपाली निबन्ध** (२०५४), **नेपाली कविता र आख्यान** (२०५५), **नेपाली गद्य भाषासाहित्य र इतिहास** (२०५५), **नेपाली गद्य र भाषासाहित्य** (२०५५), **नेपाली कविता, नाटक र इतिहास** (२०५६), **नेपाली भाषा व्याकरण र नाटक** (२०६०),

नेपाली काव्य र साहित्य (२०६०), **नेपाली गद्य** (२०६०), **प्रयोजनपरक विशेष नेपाली** (२०६२), जस्ता पाठ्यपुस्तकहरू प्रकाशित भएका छन् । यस शीर्षकमा उच्च तहको पाठ्यक्रमअनुरूप लुइटेलद्वारा लिखित पाठ्यपुस्तकहरूको परिचयात्मक अध्ययन प्रकाशन क्रमका आधारमा तल क्रमशः गरिएको छ :

७.३.१ नेपाली एकाङ्की

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **नेपाली एकाङ्की** नामक पुस्तक २०५४ सालमा विद्यार्थी पुस्तक भण्डारबाट प्रकाशित भएको हो । त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत तिन वर्षे बि.ए. दोस्रो वर्षको निर्धारित पाठ्यक्रमअनुसार लेखिएको यो पुस्तक १२८ पृष्ठमा संरचित छ । यस पुस्तकमा माधव भँडारीको भूमिका रहेको छ । पुस्तकमा एकाङ्कीको सैद्धान्तिक स्वरूप, विकास प्रक्रियासहित केही एकाङ्कीकार र एकाङ्कीहरूको विश्लेषण गरी जम्मा नौ वटा मूल शीर्षक रहेका छन् ।

२. विषयवस्तु

सिद्धान्त र प्रयोग दुवैलाई समेटिएको यस पुस्तकको सैद्धान्तिक पक्षअन्तर्गत एकाङ्कीको सैद्धान्तिक स्वरूप र विकासप्रक्रिया रहेका छन् । यसमा एकाङ्कीको सैद्धान्तिक स्वरूपबारे चर्चा गर्दै विभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरूले एकाङ्कीसम्बन्धी गरेका परिभाषाहरू प्रस्तुत गरी आफ्नो निष्कर्ष प्रस्तुत गरिएको छ । एकाङ्कीका तCवहरूमा कथावस्तु, पात्र, परिवेश, द्वन्द्व, संवाद, भाषाशैली र उद्देश्यको बारेमा विस्तृत रूपमा जानकारी गराई *एकाङ्कीको विकासप्रक्रिया*अन्तर्गत पुष्कर शमशेर, बालकृष्ण सम, भीमनिधि तिवारी, रुद्रराज पाण्डेलगायतका एकाङ्कीकारका बारेमा चर्चा गरिएको छ ।

प्रायोगिक पक्षअन्तर्गत *बालकृष्ण सम, हृदयचन्द्रसिंह प्रधान, गोविन्दबहादुर मल्ल 'गोठाले', विजय मल्ल, भीमनिधि तिवारी, मोहनराज शर्मा, गोपाल पराजुली* गरी सात शीर्षक रहेका छन् । यी सबै शीर्षकहरूमा पाठ्यक्रम निर्दिष्ट यी विभिन्न एकाङ्कीकारहरूको परिचय र एकाङ्कीगत प्रवृत्ति प्रस्तुत गरी प्रत्येकका एक एक वटा एकाङ्कीको विश्लेषण गरिएको छ ।

३. भाषाशैली

यस कृतिको प्रस्तुतिमा भाषिक सरलतालाई अँगालिएको छ । स्तरअनुरूपको सरल र परिष्कृत भाषाको प्रयोग गरी सरल, सुबोध र प्रामाणिक ढङ्गले विषयवस्त प्रस्तुत गरिएको यस पुस्तकमा विभिन्न एकाङ्कीकारका प्रवृत्ति र विशेषता प्रस्तुत गर्ने क्रममा सूत्रात्मक शैलीको प्रयोग गरिएको छ ।

४. निष्कर्ष

एकाङ्कीको सैद्धान्तिक र प्रायोगिक दुवै क्षेत्रलाई समेटिएको यस **नेपाली एकाङ्की** नामक पुस्तकमा एकाङ्कीको सैद्धान्तिक स्वरूप तथा नेपाली एकाङ्कीको विकास प्रक्रिया छोटकरीमा सारपूर्ण रूपमा प्रस्तुत गरी विभिन्न एकाङ्कीहरूहरूका एकाङ्कीहरूहरूको विश्लेषण गरिएको छ । यस पुस्तकमा तीनवर्षे बी.ए. को

पाठ्यक्रमद्वारा निर्धारित सात एकाङ्कीहरूको वस्तुपरक विश्लेषण गर्नाका साथै तिनका लेखकहरूको विस्तृत व्यक्तिवृत्त र विशेषता तथा तिनको बुँदागत प्रस्तुति गरी तिनका एकाङ्कीकारिताको वस्तुगत विवेचन र विश्लेषण गरिएको छ ।[३३४] सरल र परिष्कृत भाषाको प्रयोग, क्रमबद्ध प्रस्तुति, प्रस्तुतिमा एकरूपताका आदिका कारण पनि पुस्तक महŒवपर्ण बनेको छ । सिद्धान्त र विकासक्रम प्रस्तुत गरी त्यसै अनुरूप कृतिको विश्लेषण गरिएको यस पुस्तकले सम्बन्धित तह र विषयको अभावपूर्ति त गर्छ नै यसबाहेक नेपाली एकाङ्कीसम्बन्धी स्वतन्त्र अध्येताको निम्तिसमेत उपयोगी सामग्री प्रदान गरेको छ ।

७.३.२ नेपाली कविता

१. परिचय

प्रस्तुत **नेपाली कविता** नामक कृति २०५४ सालमा विद्यार्थी पुस्तक भण्डारबाट प्रकाशित भएको हो । त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत तिन वर्षे बी.ए. प्रथम वर्षको निर्धारित पाठ्यक्रमअनुसार लेखिएको यो पुस्तक १७६ पृष्ठमा संरचित छ । मोहनराज शर्माको भूमिका रहेको यस पुस्तकमा *कविता सिद्धान्त र विकास प्रक्रिया* तथा *कवि र कविता* गरी दुई भाग तथा विभिन्न शीर्षक, उपशीर्षक रहेका छन् ।

२. विषयवस्तु

पुस्तकको पहिलो भाग *कविता सिद्धान्त*अन्तर्गत *कविताको व्यत्पत्तिसम्बन्धी पूर्वीय परम्परा, कविताको व्यत्पत्तिसम्बन्धी पाश्चात्य परम्परा, कविता वा काव्यको परिभाषा, काव्यका तŒवहरू, कविता काव्यको वर्गीकरण, फुटकर कविता, खण्डकाव्य, महाकाव्य, गीतिकाव्य* गरी नौ वटा शीर्षक रहेका छन् । यसमा कविताको सिद्धान्त पक्षको विश्लेषणसहित नेपाली कविताको विकासक्रमअन्तर्गत प्राथमिक काल (सुरुदेखि १९४० सम्म), माध्यमिक काल (१९४१-१९९१ सम्म) र आधुनिक काल (१९९१ देखि यता) मा देखापरेका विभिन्न धारा, उपधारा र मोडहरूका बारेमा चर्चा गर्दै प्रत्येक धारा र मोडहरूमा देखिएका प्रवृत्तिहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ । विशेष गरी यसमा आधुनिक कालका सम्बन्धमा देखापरेका मतमतान्तरहरूको खण्डनमण्डन गरिएको छ ।

दोस्रो खण्ड *कवि र कविता*मा केन्द्रित रहेको छ । यसमा *सोमनाथ सिरघाल, लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, माधवप्रसाद घिमिरे, केदारमान व्यथित, भूपि शेरचन, मोहन कोइराला, वैरागी काइँला, ईश्वर बल्लभ, मोहनहिमांशु थापा, कञ्चन पुडासैनी, वीरेन्द्र शुब्बा, कृष्णभूषण बल, मीनबहादुर विष्ट* जस्ता कविहरूको परिचय, काव्य प्रवृत्तिका साथै ती सबै कविहरूका पाठ्यक्रम निर्धारित कविताहरू प्रस्तुत गरी तिनीहरूको व्याख्या विश्लेषणसमेत गरिएको छ र अन्त्यमा परिशिष्ट क मा *नेपाल* र परिशिष्ट ख मा *मेरो नेपाल* कविता प्रस्तुत गरी परिशिष्ट ग मा *ऐच्छिक नेपालीको पाठ्यक्रम* प्रस्तुत गरिएको छ ।

३. भाषाशैली

३३४= माधव भँडारी, *मन्तव्य,* खगेन्द्रप्रसाद लुइटेल, **नेपाली एकाङ्की**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५४) ।

यस पुस्तकमा शुद्ध, सरल र परिष्कृत भाषाको प्रयोग पाइन्छ । यसका साथै विभिन्न काल, धाराका विशेषता तथा कविहरूका काव्यप्रवृत्ति प्रस्तुत गर्ने क्रममा बुँदाको प्रयोग गरी सम्पूर्ण विषयलाई सारपूर्ण रूपमा प्रस्तुत गरिएको यस पुस्तकमा सूत्रात्मक शैलीको प्रयोग पाइन्छ ।

४. निष्कर्ष

नेपाली कविता नामक पुस्तकले कविता सिद्धान्त, विकासक्रम, कविहरूको परिचय, प्रवृत्ति र कविताको विश्लेषणजस्ता सैद्धान्तिक र प्रायोगिक दुवै क्षेत्रलाई समेटेको छ । कवितासम्बन्धी पूरै विषय क्षेत्रलाई समेटेर सैद्धान्तिक स्पष्टताका साथ सरल र वस्तुगत रूपमा प्रस्तुत गरिएको यस पुस्तकमा कविताको व्युत्पत्तिसम्बन्धी पूर्वीय र पाश्चात्य परम्परालाई प्रस्तुत गर्दै विभिन्न विद्वान्हरूका काव्यसम्बन्धी परिभाषाहरू उल्लेख गरिएको छ । कविताका तŒवहरूको बारेमा चर्चा गरी कविता काव्यलाई विभिन्न भागमा वर्गीकरण गरिएको उक्त पुस्तकमा नेपाली कविताको विकासप्रक्रियाको चर्चा गर्ने क्रममा भने विभिन्न विद्वान्द्वारा गरिएका काल विभाजनहरूलाई प्रस्तुत गर्दै ती विभिन्न कालका प्रतिनिधि कवि, काव्यप्रवृत्ति र कविता काव्यको बारेमा विश्लेषण गरिएको छ । पुस्तकभित्रका प्रत्येक कृतिको विश्लेषणमा एकरूपताका साथ वस्तुगत पद्धतिको प्रयोग गरिएको यो पुस्तक पृष्ठभूमिमा भने अनुरूप निर्धारित तहका विद्यार्थीहरूका लागि त उपयोगी रहेको छ नै यसका साथै यस क्षेत्रपति रुचि राख्ने जो कोही पाठकहरूका लागि पनि उपयोगी रहेको छ ।

७.३.४ नेपाली कवि र कविता

१. परिचय

नेपाली कवि र कविता नामक पुस्तक २०५४ सालमा ऋभु विभु प्रकाशनबाट प्रकाशित भएको हो । त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायअन्तर्गत तिन वर्षे बी.एड्.को निर्धारित पाठ्यक्रमानुसार लेखिएको यस पुस्तकमा प्रा.डा. रामचन्द्र लम्सालको *मन्तव्य* शीर्षकको र डा. मोहनहिमांशु थापाको *भूमिका* शीर्षकको भूमिका रहेको छ । १७३ पृष्ठमा संरचित **नेपाली कवि र कविता** नामक यो पुस्तक *कविता सिद्धान्त, नेपाली कविताको विकासक्रम* र *विभिन्न कवि, तिनका काव्यप्रवृत्ति र निर्धारित कृतिको विश्लेषण* गरी ३ खण्डमा विभाजित रहेको छ ।

२. विषयवस्तु

पहिलो खण्ड *कविता सिद्धान्त* शीर्षकअन्तर्गत *कविताको व्युत्पत्तिसम्बन्धी पूर्वीय परम्परा, पाश्चात्य परम्परा, कविता र काव्यको परिभाषा, कविताका तŒवहरू, कविता काव्यको वर्गीकरण* गरी पाँच उपशीर्षक रहेका छन् । कविताको सिद्धान्त पक्षमा केन्द्रित यस खण्डमा कविताको सैद्धान्तिक पक्षअन्तर्गतका व्युत्पत्ति, परिभाषा, तŒव र वर्गीकरणको बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ ।

दोस्रो खण्ड *नेपाली कविताको विकासक्रम* रहेको छ । यसमा प्राथमिक काल (सुरुदेखि १९४० सम्म), माध्यमिक काल (१९४१-१९९१ सम्म) र आधुनिक काल (१९९१ देखि यता) गरी कविताको विकासप्रक्रियाका साथै नेपाली बालकविताको विकासक्रमलाई पनि व्यवस्थित रूपमा प्रस्तुत गरिएको छ । यसका साथै विभिन्न काल र धाराका प्रमुख कविहरूको बारेमा चर्चा गरी प्रत्येक काल र धाराका प्रमुख विशेषताहरू प्रस्तुत गरिएको छ । कविताको आधुनिककालको बारेमा विशेष व्याख्या गरी वि.सं १९९१ पछिको अर्थात्

देवकोटापछिको समयलाई मात्र आधुनिक कालमा राखी लेखनाथलाई माध्यमिकअन्तर्गत राखेर उनको बारेमा चर्चा गर्दै उनलाई माध्यमिक कालका कवि मान्ने आधारहरू समेत प्रस्तुत गरिएको छ ।

तेस्रो खण्ड विभिन्न कवि, तिनका काव्य प्रवृत्ति र कृतिको विश्लेषणमा केन्द्रित रहेको छ । यसमा पाठ्यक्रममा भए बमोजिम *यदुनाथ पोखेल*देखि *भानुभक्त आचार्य, मोतीराम भट्ट, लेखनाथ पौडेल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, माधवप्रसाद घिमिरे, गोपालप्रसाद रिमाल, विजय मल्ल, म.वी.वि. शाह, अगमसिंह गिरी, मोहन कोइराला, भूपि शेरचन, वैरागी काइँला, हरिभक्त कटुवाल, कालीप्रसाद रिजाल, बानिरा गिरी, दिनेश अधिकारी*सम्मका कविहरूका काव्यप्रवृत्तिसहित उनीहरूका पाठ्यक्रम निर्धारित कविताको विश्लेषण गरिएको छ ।

३. भाषाशैली

प्रस्तत पुस्तकको भाषा सरल रहनाका साथै विषयवस्तुको प्रस्तुतिमा सरलता, सहजता र प्रवाहपूर्णता पाइन्छ । परिष्कृत भाषाको प्रयोग पाइने यस पुस्तक भित्रका विभिन्न शीर्षकहरूको विश्लेषण गर्ने क्रममा व्याख्या भन्दा सूत्रात्मक शैलीको प्रयोग गरिएको छ ।

४. निष्कर्ष

नेपाली कवि र कविता नामक पुस्तकमा कविताको सैद्धान्तिक स्वरूपसहित विकासक्रम प्रस्तुत गरिनाका साथै केही प्रतिनिधि कविहरूको परिचय र काव्यगत प्रवृत्तिहरू प्रस्तुत गर्दै निर्धारित कविताहरूको वस्तुगत विश्लेषण, मूल्याङ्कन र समीक्षा गरिएको छ । विश्लेषणमा एकरूपता पाइने यस पुस्तकमा विभिन्न काल र धाराका विशेषताका साथै कविहरूका काव्यगत प्रवृत्तिहरूलाई बुँदामा प्रस्तुत गरिएको छ । यो पुस्तक पृष्ठभूमिमा भने बमोजिमका तहमा अध्ययनरत शिक्षार्थीका लागि उपयोगी हुनका साथै यस क्षेत्रप्रति जिज्ञासु पाठकहरूका लागि पनि उत्तिकै उपयोगी रहेको छ । कविताको सैद्धान्तिक र प्रायोगिक दुवै पक्षलाई समेटी कविताको विकासका विभिन्न चरणका विशेषता र प्रवृत्तिहरू समेत प्रस्तुत गरिएको यस पुस्तकमा शुद्ध र तथ्यपरक प्रस्तुतिका साथै स्तर अनुरूप सरल र प्रवाहमय भाषाको प्रयोग पाउन सकिन्छ । यी नै विभिन्न सकरात्मक पाटोहरू नै यस पुस्तकका महत्तम् उपलब्धि हुन् ।

७.३.५ नेपाली निबन्ध

१. परिचय

प्रस्तुत **नेपाली निबन्ध** पुस्तक २०५४ सालमा नवीन प्रकाशनबाट प्रकाशित भएको हो । त्रिभुवन विश्वविद्यालयअन्तर्गत तिनवर्षे बी.ए. प्रथम वर्षको निर्धारित पाठ्यक्रमानुसार तयार पारिएको १९१ पृष्ठमा संरचित यस पुस्तकमा *निबन्ध सिद्धान्त, नेपाली निबन्धको विकासप्रक्रिया* र *विभिन्न निबन्धकारका निर्धारित निबन्धहरूको विश्लेषण* गरी तिन भाग रहेका छन् ।

२. विषयवस्तु

पहिलो भाग *निबन्ध सिद्धान्त*अन्तर्गत *निबन्धसम्बन्धी पूर्वीय परम्परा,* निबन्धसम्बन्धी *पाश्चात्य परम्परा, निबन्धको परिभाषा, निबन्धका तत्त्वहरू, निबन्धको वर्गीकरण, निबन्ध र अन्य विधा* गरी छ वटा शीर्षकमा निबन्धको सिद्धान्त प्रस्तुत गरिएको छ । यस भागमा निबन्धसम्बन्धी पूर्वीय र पाश्चात्य परम्पराहरूसहित निबन्धको परिभाषा प्रस्तुत गर्ने क्रममा मोन्तेन, बेकन, वेन्सन, विलियम, देवकोटा, भैरव अर्याल आदिका निबन्धसम्बन्धी परिभाषाहरू प्रस्तुत गर्दै निष्कर्षस्वरूप निबन्धको परिभाषासमेत प्रस्तुत गरिएको छ । त्यसपछि निबन्धका तत्त्वहरू विषयवस्तु, हार्दिकता/बौद्धिकता, वैयक्तिकता, सङ्क्षिप्तता, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैली आदिको बारेमा चर्चा गर्दै निबन्धलाई निजात्मक र परात्मक गरी वर्गीकरण गरिएको छ र अन्त्यमा निबन्धको प्रबन्ध, कथा, कविता आदिसँगको सम्बन्ध प्रस्तुत गरिएको छ । यो भाग पूर्णतः निबन्धको सैद्धान्तिक पक्षसँग सम्बन्धित रहेको छ ।

दोस्रो भाग *नेपाली निबन्धको विकास प्रक्रिया*अन्तर्गत निबन्धको विकासक्रमलाई *प्राथमिक काल* (सुरुदेखि १९५७ सम्म), *माध्यमिक काल* (१९५८ देखि १९९१ सम्म) र *आधुनिककाल* (१९९२ देखि यता) गरी तिन उपशीर्षकमा निबन्धको विकासप्रक्रिया प्रस्तुत गरिएको छ । आधुनिक काललाई पुनः पहिलो चरण (१९९२-२००३), दोस्रो चरण (२००३-२०१६) र तेस्रो चरण (२०१७ देखि यता) गरेर विभाजन गरी प्रत्येक कालका प्रतिनिधि निबन्धकार, निबन्धात्मक कृतिसहित उक्त कालका प्रमुख प्रवृत्ति र विशेषता प्रस्तुत गरिएको छ ।

तेस्रो भागमा *लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, शङ्कर लामिछाने, कृष्णचन्द्रसिंह प्रधान, बालकृष्ण पोखेल, कमल दीक्षित, आनन्ददेव भट्ट, तारानाथ शर्मा, भैरव अर्याल, वासुदेव त्रिपाठी, मोदनाथ प्रश्रित, रामलाल अधिकारी, राममणि रिसाल, राजेन्द्र सुवेदी, कृष्णप्रसाद ज्ञवाली, किसोर नेपाली* गरी गरी १६ वटा शीर्षकमा १६ जना निबन्धकारहरूको परिचय र निबन्धात्मक प्रवृतिसहित पाठ्यक्रमले तोकेबमोजिमका निबन्धहरू प्रस्तुत गरिएको छ ।

३. भाषाशैली

नेपाली निबन्ध नामक पुस्तकमा स्तर सुहाउँदो भाषाको प्रयोग गरी विषयवस्तु प्रस्तुत गरिएको छ । व्याख्या विश्लेषणबाट भन्दा सूत्रात्मक रूपमा विषयवस्तु प्रस्तुत गरिएको यस पुस्तकमा सरल, सुबोध र परिष्कृत भाषाको प्रयोग पाइन्छ ।

४. निष्कर्ष

प्रस्तुत **नेपाली निबन्ध** नामक पुस्तकमा सरल र स्तरअनुरूपको भाषाको प्रयोग गरी निबन्धको सिद्धान्त र विकासप्रक्रियासहित पाठ्यक्रम निर्धारित निबन्धहरूकारको परिचय र प्रवृत्तिसँगै निर्धारित निबन्धहरू प्रस्तुत गरिएको छ । निबन्धको सिद्धान्त, विकासक्रम, विभिन्न निबन्धकारको परिचय, प्रकाशित निबन्धात्मक कृतिका साथै निबन्धात्मक प्रवृत्तिहरूलाई बुँदागत रूपमा प्रस्तुत गरी निर्धारित निबन्धहरू प्रस्तुत गरिएको तथा निर्धारित तहको पाठ्यक्रमलाई समेटी तयार पारिएको यस पुस्तकले छरिएर रहेका विषयवस्तुलाई एकै ठाउँमा समेट्ने मात्र नभएर निबन्धहरूको वस्तुगत कोणबाट व्याख्या विश्लेषणसमेत गरेको छ । तसर्थ यो पुस्तक

त्रि.वि. अन्तर्गत तिन वर्षे बी.ए. प्रथम वर्षका विद्यार्थीहरूका लागि आधिकारिक पाठ्यपुस्तक बन्नका साथै निबन्ध क्षेत्रप्रति चासो राख्नेहरूका लागिसमेत निकै उपयोगी रहेको छ ।

७.३.६ नेपाली कविता र आख्यान

नेपाली कविता र आख्यान नामक प्रस्तुत पुस्तक २०५७ सालमा नवीन प्रकाशनबाट प्रकाशित भएको हो । त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत प्रवीणता प्रमाणपत्र तह प्रथम वर्षको निर्धारित पाठ्यक्रमानुसार लेखिएको २९० पृष्ठमा विस्तारित यस पुस्तकमा *कविता, कथा* र *उपन्यास* गरी तिन खण्ड रहेका छन् ।

२. विषयवस्तु

नेपाली कविता र आख्यान नामक पुस्तकको पहिलो खण्डको पहिलो शीर्षक *कविता सिद्धान्त : सङ्क्षिप्त परिचय*अन्तर्गत कविताको परिचय दिँदै परिभाषा र तत्त्वहरू प्रस्तुत गरी कविताको सैद्धान्तिक पक्षबारे जानकारी गराइएको छ भने दोस्रो शीर्षक *नेपाली कविताको विकासक्रम : सङ्क्षिप्त रूपरेखा*अन्तर्गत प्राथमिक काल (सुरुदेखि १९४० सम्म), माध्यमिक काल (१९४१-१९९१ सम्म) र आधुनिक काल (१९९१ देखि यता) गरी कविताको विकासप्रक्रिया प्रस्तुत गरी विभिन्न कालका विशेषता र महत्त्वबारे चर्चा गरिएको छ । त्यसपछि विभिन्न कविहरूको परिचय, प्रवृत्ति र विशेषताहरूको प्रस्तुतिसहित निर्धारित पाठ्यकविता प्रस्तुत गरी तिनीहरूको व्याख्या विश्लेषण गरिएको छ । *भानुभक्त आचार्य र प्रश्नोत्तर, मोतीराम भट्ट र मलाई हिजोसम्म क्या क्या छकाए, शम्भुप्रसाद ढुङ्गेल र कटारी तिमी धस्दछ्यौ, लेखनाथ पौड्येल र हिमाल, धरणीधर कोइराला र साहित्यसुधा, बालकृष्ण सम र म पनि द्यौता मान्छु, लक्ष्मीप्रसाद देवकोटा र भिखारी, सिद्धिचरण श्रेष्ठ र ओखलढुङ्गा, भीमनिधि तिवारी र मध्यम वर्गकी श्रीमती, माधवप्रसाद घिमिरे र नवयुवक, गोपालप्रसाद रिमाल र आमाको सपना, केदारमान व्यथित र सिपाही, अगमसिंह गिरी र नचिनिने भएछौ, म.वी.वि. शाह र रारा कि अप्सरा ?, विजय मल्ल र छोरीलाई मानचित्र पढाउँदा, भूपी शेरचन र मैनबत्तीको शिखा, मोहन कोइराला र सारङ्गी, भरतराज पन्त र मेघ विजुली विवाह, हरिभक्त कटुवाल र यो जिन्दगी खै के जिन्दगी ?, दिनेश अधिकारी र हट् घोडा हट्, खण्डकाव्यकार माधवप्रसाद घिमिरे र राष्ट्रनिर्माता, आदिकवि भानुभक्त आचार्य र रामायण* गरी २४ वटा शीर्षकमा यी विभिन्न कवि, तिनका काव्य प्रवृत्ति तथा काव्यको व्याख्या विश्लेषण गरिएको छ । यस खण्डमा कविता सिद्धान्त, नेपाली कविताको विकासक्रमसहित विभिन्न कालका प्रमुख केही कवि, तिनका काव्य प्रवृत्तिसँगै पाठ्यक्रम निर्देशित काव्यको विश्लेषण गरिएको छ ।

दोस्रो खण्ड कथासँग सम्बन्धित रहेको छ । यसमा *कथा सिद्धान्त : सङ्क्षिप्त परिचय, नेपाली कथाको विकासक्रम : सङ्क्षिप्त रूपरेखा, गुरूप्रसाद मैनाली र शहीद, विश्वेश्वरप्रसाद कोइराला र सत्रु, रूपनारायण सिंह र बितेका कुरा, पुष्कर शमशेर र लोग्ने, भवानी भिक्षु र मेरो सानो साथी, शिवकुमार राई र माछाको मोल, गोविन्दबहादुर मल्ल 'गोठाले' र लक्ष्मीपूजा, रमेश विकल र लाहुरी भैँसी, इन्द्रबहादुर राई र जयमाया आफूमात्र लिखापानी आइपुगी, माया ठकुरी र मृगतृष्णा, परशु प्रधान र छिँडीभरिको आकास* जस्ता कथासँग सम्बन्धित शीर्षकहरू रहेका छन् । यसमा कथाको परिचय, परिभाषा र तत्त्वहरू जस्ता सैद्धान्तिक पक्षहरूको प्रस्तुतिसँगै पूर्वकाल (१८०० देखि १९९१ सम्म) र वर्तमान काल (१९९२ देखि यता) गरी नेपाली कथाको कालविभाजन गर्दै दुवै कालका चरण विभाजन गरी आधुनिक कालका प्रमुख धारा, मोड र प्रवृत्तिको बारेमा

चर्चा गरिएको छ । त्यसपछि माथि प्रस्तुत विभिन्न कथाकार र कथासँग सम्बन्धित शीर्षकभित्र केन्दित भएर विभिन्न कथाकारको परिचय र प्रवृत्तिसँगै पाठ्यक्रम निर्दिष्ट कथाहरूको विश्लेषण गरिएको छ ।

तेस्रो खण्ड *उपन्यास सिद्धान्त* रहेको छ । यसअन्तर्गत *उपन्यास सिद्धान्त : सङ्क्षिप्त परिचय, नेपाली उपन्यासको विकासक्रम : सङ्क्षिप्त रूपरेखा, रुद्रराज पाण्डे र रूपमती, लैनसिंह बाङ्देल र माइतीघर, हृदयचन्द्रसिंह प्रधान र एक चिहान, ध.च. गोतामे र घामका पाइलाहरू* जस्ता विभिन्न शीर्षकहरू उपन्यासँग सम्बन्धित रहेका छन् । यस खण्डमा उपन्यासको परिचय, परिभाषा र तत्त्वहरू जस्ता उपन्यासका सैद्धान्तिक पक्षहरू प्रस्तुत गर्दै पूर्वकाल (१८२७ देखि १९९०) र वर्तमान काल (१९९१ देखि यता) गरी नेपाली उपन्यासको काल विभाजन गर्नाका साथै वर्तमान कालका प्रमुख धारा, मोड र प्रवृत्तिको बारेका चर्चा गरिएको छ । त्यसपछि पाठ्यक्रम निर्दिष्ट विभिन्न उपन्यासकारको परिचय, तिनका प्रवृत्तिसँगै तिनका निर्धारित उपन्यासको सार प्रस्तुत गरी त्यसको व्याख्या विश्लेषण समेत गरिएको छ ।

३. भाषाशैली

नेपाली कविता र आख्यान नामक पुस्तकमा स्तर सुहाउँदो सरल, सुबोध भाषाशैलीको प्रयोग गरिएको छ । व्याख्या विश्लेषणभन्दा सूत्रात्मक रूपमा विषयवस्तु प्रस्तुत गरिएको यो पुस्तकमा विश्लेषणको शैलीमा एकरूपता पाइन्छ ।

४. निष्कर्ष

कविता र आख्यान दुवैलाई समेटी निर्दिष्ट पाठ्यक्रमअनुरूप तयार पारिएको **नेपाली कविता र आख्यान** पुस्तकले एक पक्षलाई मात्र नसमेटी कविता र आख्यान विधाको सिद्धान्त, विकासक्रम र विभिन्न कालका केही प्रमुख कवि, आख्यानकार तथा तिनका कृतिहरूको प्रस्तुतिसँगै त्यसको व्याख्या विश्लेषण समेतलाई समेटेको छ । कविता तथा आख्यान दुवैको विकासक्रम प्रस्तुत गर्ने क्रममा विभिन्न कालका प्रतिनिधि कवि, आख्यानकार तथा तिनका कृतिहरूको विवरण प्रस्तुत गरी विभिन्न विधाका निर्धारित कृतिको विश्लेषण गरिएको यो पुस्तक पृष्ठभूमिमा भने बमोजिम तहका विद्यार्थीहरूका साथै कविता र आख्यानसम्बन्धी रुचि राख्ने यस क्षेत्रसँग सम्बद्ध सबै पाठकहरूका लागि उपयोगी रहेको छ । कविता र आख्यान दुवै क्षेत्रको सिद्धान्त र प्रयोगलाई समेटी सरल र सहज ढङ्गमा सिद्धान्तअनुरूप कृति विश्लेषण गर्नु पनि यस पुस्तकको महत्त्वपूर्ण उपलब्धि नै हो ।

७.३.७ नेपाली गद्य, भाषासाहित्य र इतिहास

१. परिचय

प्रस्तुत पुस्तक २०५६ सालमा नवीन प्रकाशन भोटाहिटीबाट प्रकाशित भएको हो । त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत प्रवीणता प्रमाणपत्र तह दोस्रो वर्षको निर्धारित पाठ्यक्रमानुसार लेखिएको ३४० पृष्ठमा संरचित यस पुस्तकमा *नेपाली नाटक, नेपाली एकाङ्की, नेपाली निबन्ध, नेपाली भाषा, साहित्य परिचय, नेपाली साहित्यको इतिहास* गरी छ खण्ड र ५४ शीर्षक रहेका छन् ।

२. विषयवस्तु

पहिलो खण्ड *नेपाली नाटक*अन्तर्गत *नाटक सिद्धान्त : सङ्क्षिप्त परिचय, नेपाली नाटकको विकासक्रम : सङ्क्षिप्त रूपरेखा, बालकृष्ण सम र मुकुन्द इन्दिरा, भीमनिधि तिवारी र चौतारा लक्ष्मीनारायण, विजय मल्ल र कोही किन बरबाद होस्* गरी पाँच शीर्षक रहेका छन् । यस खण्डमा नाटकको परिचय, परिभाषा तथा वजस्ता सैद्धान्तिक पक्षहरूसहित नाटकको विकासक्रमलाई पूर्वकाल (१९४४ देखि १९७५ सम्म) र वर्तमान काल (१९८६ देखि यता) गरेर दुई कालमा विभाजन गरिएको छ र दुवै कालका प्रमुख नाटककार र नाटकहरूको विवरण प्रस्तुत गर्दै उक्त कालका प्रमुख प्रवृत्ति र विशेषताहरू प्रस्तुत गरी वर्तमान नेपाली नाटकका प्रमुख धारा र मोडहरू प्रस्तुत गरिएको छ । त्यसभन्दापछि पाठ्यक्रम निर्दिष्ट विभिन्न नाटककारहरूका नाट्यगत प्रवृत्ति, निर्धारित नाटकहरूको कथासारसँगै उक्त नाटकहरूको विभिन्न कोणबाट विश्लेषण गरिएको छ ।

दोस्रो खण्ड *नेपाली एकाङ्की*अन्तर्गत *एकाङ्की सिद्धान्त : सङ्क्षिप्त परिचय, नेपाली एकाङ्कीको विकासक्रम : सङ्क्षिप्त रूपरेखा, हृदयचन्द्रसिंह प्रधान र खैराँती मास्टर, गोविन्दबहादुर मल्ल'गोठाले' र म कसरी हार्छु ?, फणिन्द्रराज खेताला र फिउज गएको इज्जत, मनबहादुर मुखिया र अँध्यारामा बाँच्नेहरू* गरी छ वटा शीर्षक रहेका छन् । यस खण्डमा एकाङ्कीको सिद्धान्त र विकासक्रमसँगै पाठ्यक्रम निर्धारित एकाङ्कीकारको परिचय र प्रवृत्तिसहित विभिन्न एकाङ्कीहरूको पाठ दिई त्यसको विश्लेषण गरिएको छ ।

तेस्रो खण्ड *नेपाली निबन्ध* रहेको छ । यसमा *निबन्ध सिद्धान्त : सङ्क्षिप्त परिचय, नेपाली निबन्धको विकासक्रम : सङ्क्षिप्त रूपरेखा, लक्ष्मीप्रसाद देवकोटा र पहाडी जीवन, हृदयचन्द्रसिंह प्रधान र जुँगा, रामकृष्ण शर्मा र सगरमाथामा तेनजिङ, शङ्कर लामिछाने र औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा, ताना शर्मा र राष्ट्रियताको ज्योति : हुलाकघर, श्यामप्रसाद शर्मा र एक घण्टा बिताउन, केशवराज पिंडाली र खै-खै, अच्छा राई रसिक र भुँडी, भैरव अर्याल र अमरावति कान्तिपुरी नगरी* गरी ११ वटा शीर्षक रहेका छन् । यस खण्डमा निबन्धको सैद्धान्तिक पक्षसहित निबन्धको विकासक्रमलाई पूर्वकाल (१९५८ देखि १९९१ सम्म) र आधुनिक काल (१९९२ देखि यता) गरी दुई कालमा विभाजन गरेर प्रस्तुत गरिएको छ । यसका साथै विभिन्न निबन्धकारको परिचय र निबन्धगत प्रवृत्तिसँगै पाठ्यक्रम निर्दिष्ट निबन्धहरूको विश्लेषण गरिएको छ ।

चौथो खण्ड *नेपाली भाषा*अन्तर्गत *भाषा, भाषिक व्यवस्था, भाषाको प्रयोग, भारोपेली भाषा परिवार, संस्कृत, प्राकृत र अपभ्रंश, नेपाली भाषाको उद्भव र विकास, भाषिक परिवर्तन, नेपाली शब्द ढुकुटी वा शब्दभण्डार, नेपाली ध्वनि तथा व, नेपाली भाषाका भाषिकाहरू, नेपाली भाषाका विभिन्न रूपहरू, राष्ट्रभाषा नेपालीका विभिन्न भूमिका, नेपालका प्रमुख भाषाहरू* गरी १३ वटा शीर्षक रहेका छन् । यस खण्डमा नेपाली भाषाको परिचय, उद्भव र विकाससँगै नेपालका प्रमुख भाषा तथा भाषिकाहरू र नेपाली भाषाका विभिन्न रूप र भूमिकाका बारेमा जानकारी गराउँदै नेपालमा बोलिने विभिन्न परिवारका भाषाहरूका बारेमा चर्चा गरिएको छ ।

पाँचौं खण्ड *साहित्यको परिचय*अन्तर्गत *साहित्यको परिचय र परिभाषा, साहित्यमा हेतु, साहित्यको प्रयोजन, साहित्यको विधागत वर्गीकरण, शब्दशक्ति : अभिधा, लक्षणा र व्यञ्जना, रस, अलङ्कार र छन्द* गरी

आठवटा शीर्षकमा पूर्वीय साहित्यको बारेमा विस्तृत रूपमा जानकारी गराइएको छ । यस खण्डमा साहित्यको परिचय र परिभाषासँगै साहित्यको हेतु, प्रयोजन, विधागत वर्गीकरण प्रस्तुत गरी शब्दशक्तिका प्रकारहरूका बारेमा चर्चा गरी छन्द, रस र अलङ्कारलाई उदाहरणसहित प्रष्ट्याइएको छ ।

छैटौँ खण्ड *नेपाली साहित्यको इतिहास*अन्तर्गत *नेपाली भाषाका प्राचीनतम अभिलेख, नेपाली भाषाको पुरानो वाङ्मय, नेपाली साहित्यको प्राथमिक काल, नेपाली साहित्यको माध्यमिक काल, आधुनिक नेपाली कविता : प्रमुख धारा र विशेषता, आधुनिक नेपाली कथा : प्रमुख धारा र विशेषता, आधुनिक नेपाली उपन्यास : प्रमुख धारा र विशेषता, आधुनिक नेपाली नाटक : प्रमुख धारा र विशेषता, आधुनिक नेपाली निबन्ध : प्रमुख धारा र विशेषता, नेपाली समालोचना* गरी १० वटा शीर्षक रहेका छन् । यसमा नेपाली भाषाका प्राचीनतम अभिलेख र नेपाली भाषाको पुरानो वाङ्मयसहित नेपाली साहित्यको विकासक्रम प्रस्तुत गर्दै कविता, कथा, उपन्यास, नाटक, निबन्ध, समालोचना जस्ता विधाहरूको आधुनिक कालको बारेमा चर्चा गरिएको छ ।

३. भाषाशैली

प्रस्तुत पुस्तकमा प्रवीणता प्रमाणपत्र तहको भाषिक स्तरलाई ख्याल गरेर स्तर सुहाउँदो सरल र सहज भाषाको प्रयोग गरी विषयवस्तु प्रस्तुत गरिएको छ । यसमा उदाहरणहरूको प्रशस्त प्रयोग गरिनाका साथै व्याख्यात्मक भन्दा सूत्रात्मकतामा जोड दिइएको छ ।

४. निष्कर्ष

सिद्धान्त र विश्लेषणलाई सँगसँगै लैजाने प्रक्रिया अँगाली कृति, सिद्धान्त र प्रविधिलाई एकै ठाउँमा प्रस्तुत गरिएको यस पुस्तकले सरल र सहज ढङ्गमा सिद्धान्त बुझ्न, वस्तुगत रूपमा विकासक्रम छुट्याउन र प्रायोगिक रूपमा कृति विश्लेषण गर्ने आधारसमेत प्रस्तुत गरेको छ । सबै विधाको सिद्धान्त, विकासक्रम र त्यस विधाका रचनाकार तथा रचनाहरूका बारेमा जानकारी गराइएको यस पुस्तकमा सरल र सहज ढङ्गमा विषयवस्तु प्रस्तुत गरिएको छ । यस्ता विविध विशेषतायुक्त यो पुस्तक पृष्ठभूमिमा भने अनुसारका तहका विद्यार्थी तथा शिक्षकहरूका लागि त उपयोगी छ नै, यस बाहेक नेपाली गद्य, भाषासाहित्य र इतिहासप्रति रुचि राख्ने जो कोहीका लागि यो उपयोगी रहेको छ । निर्दिष्ट तहको पाठ्यक्रमलाई समेटी सरल रूपमा विषयवस्तु प्रस्तुत गर्नु नै यस पुस्तकको महत्वपूर्ण उपलब्धि हो ।

७.३.८ नेपाली गद्य र भाषासाहित्य

१. परिचय

प्रस्तुत **नेपाली गद्य र भाषासाहित्य** नामक कृति २०५५ सालमा नवीन प्रकाशनबाट प्रकाशित भएको हो । उच्चमाध्यमिक विद्यालयअन्तर्गत कक्षा ११ को ऐच्छिक नेपाली प्रथम पत्रको निर्धारित पाठ्यक्रमानुसार लेखिएको यो पुस्तक २०७१ सालमा संशोधन-परिमार्जन गरिएको छ । संशोधित-परिमार्जित पुस्तकअनुसार ३३८ पृष्ठमा विस्तारित यस पुस्तकमा *नेपाली कथा, नेपाली उपन्यास, नेपाली निबन्ध, नेपाली भाषा, साहित्य परिचय* गरी पाँच खण्ड र विभिन्न शीर्षक उपशीर्षक रहेका छन् ।

२. विषयवस्तु

नेपाली गद्य र भाषासाहित्य नामक पुस्तकको पहिलो खण्ड *नेपाली कथा*अन्तर्गत *कथा सिद्धान्त : सङ्क्षिप्त परिचय, नेपाली कथाको वर्गीकरण : सङ्क्षिप्त रूपरेखा, गुरूप्रसाद मैनाली र नासो, विश्वेश्वरप्रसाद कोइराला र दोषी चश्मा, रूपनारायणसिंह र बितेका कुरा, पुष्कर शमशेर र लोग्ने, गोविन्द बहादुर मल्ल 'गोठाले' र लक्ष्मीपूजा, रमेश विकल र लाहुरी भैँसी, इन्द्रबहादुर राई र जयमाया आफूमात्र लिखापानी आइपुगी, माया ठकुरी र मृगतृष्णा, परशु प्रधान र छिंडीभरिको आकास* गरी ११ वटा शीर्षक रहेका छन् । यस खण्डमा कथाको सिद्धान्तसहित पूर्वकाल (सुरुदेखि १९९१ सम्म) र वर्तमान काल (१९९२ देखि यता) गरी कथाको विकासक्रम प्रस्तुत गर्दै पाठ्यक्रम निर्देशित नौ जना कथाकार, तिनका कथागत प्रवृत्ति, कथासार र कथाको विश्लेषण प्रस्तुत गरिएको छ ।

दोस्रो खण्ड *नेपाली उपन्यास*अन्तर्गत *उपन्यास सिद्धान्त : सङ्क्षिप्त परिचय, नेपाली उपन्यासको विकासक्रम र सङ्क्षिप्त रूपरेखा, रूद्रराज पाण्डे र रूपमती, लैनसिंह वाङ्देल र माइतघर* गरी चार शीर्षक रहेका छन् । यस खण्डमा उपन्यासको सिद्धान्त पक्षसहित पूर्वकाल (सुरुदेखि १९९०) र वर्तमान काल (१९९१ देखि यता) गरी उपन्यासको विकासक्रम प्रस्तुत गरिएको छ । यसका साथै विभिन्न उपन्यासकारको परिचय र तिनीहरूका औपन्यासिक प्रवृत्तिहरूको चर्चा गर्दै पाठ्यक्रम निर्दिष्ट उपन्यासहरूको विभिन्न कोणबाट व्याख्या विश्लेषण गरिएको छ ।

तेस्रो खण्ड *नेपाली निबन्ध*अन्तर्गत *निबन्ध सिद्धान्त : सङ्क्षिप्त परिचय, नेपाली निबन्धको विकासक्रम : सङ्क्षिप्त रूपरेखा, लक्ष्मीप्रसाद देवकोटा र पहाडी जीवन, हृदयचन्द्रसिंह प्रधान र जुँगा, केशवराज पिंडाली र खै-खै, रामकृष्ण शर्मा र तेनजिङ, शङ्कर लामिछाने र औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा, अच्छा राई रसिक र भुँडी, श्यामप्रसाद शर्मा र एक घण्टा बिताउन, ताना शर्मा र राष्ट्रियताको ज्योति हुलाकघर, भैरव अर्याल र अमरावती कान्तिपुरी* नगरी गरी ११ वटा शीर्षक रहेका छन् । यस खण्डमा निबन्धको सिद्धान्त पक्षसहित पूर्वकाल (१९५८ देखि १९९१ सम्म) र वर्तमान काल (१९९२ देखि यता) गरी दुई कालमा निबन्धको विकासक्रम प्रस्तुत गर्दै पाठ्यक्रम निर्दिष्ट विभिन्न निबन्धकारहरूको परिचय, प्रवृत्तिसँगै निर्धारित निबन्धहरूको विश्लेषण गरिएको छ ।

चौथो खण्ड *नेपाली भाषा*अन्तर्गत *भाषा : परिचय र विशेषता, भाषिक व्यवस्था, भाषिक अध्ययन, भारोपेली भाषा परिवार र नेपाली भाषा, संस्कृत, प्राकृत र अपभ्रंश, प्राचीन, मध्यकालीन र आधुनिक नेपाली, नेपाली भाषाको प्राचीनतम् अभिलेख, नेपाली भाषाको पुरानो वाङ्मय, नेपाली उच्चारण व्यवस्था, नेपाली व्याकरण, नेपाली भाषाका भाषिकाहरू, नेपाली कथ्य र लेख्य भाषा, सामान्य र प्रयोजनपरक नेपाली, नेपालका प्रमुख भाषाहरू* गरी १४ वटा शीर्षक रहेका छन् । यो खण्ड नेपाली भाषामा केन्द्रित भएको हुनाले यसमा भाषा, व्याकरण आदिसँगै नेपालमा बोलिने विभिन्न भाषा र भाषिकहरूको बारेमा चर्चा गरिएको छ ।

पाँचौँ खण्ड *साहित्य परिचय*अन्तर्गत *साहित्यको परिचय र परिभाषा, साहित्यको हेतु, साहित्यको प्रयोजन, साहित्यको विधा वर्गीकरण, शब्दशक्ति : अभिधा, लक्षणा र व्यञ्जना, रस : नवरस, अलङ्कार र छन्द* गरी आठवटा शीर्षक रहेका छन् । यस खण्डमा साहित्यको परिचय, प्रयोजन, वर्गीकरण आदिसहित शब्दशक्तिका प्रकार, रस, अलङ्कार र छन्दका बारेमा विस्तृत चर्चा गरिएको छ ।

३. भाषाशैली

सरल ढङ्गमा विषयवस्तु प्रस्तुत गरिएको यस पुस्तकमा परिष्कृत भाषाशैलीको प्रयोग गरिएको छ । सूत्रात्मक शैलीको प्रयोग गरी सरल, सहज र वैज्ञानिक ढङ्गले विषयवस्तु प्रस्तुत गरिएको यस पुस्तकमा उदाहरणको प्रशस्तै प्रयोग गरी विषयवस्तुमाथि विश्लेषणात्मक प्रकाश पारिएको छ ।

४. निष्कर्ष

नेपाली गद्य र भाषासाहित्य नामक प्रस्तुत पुस्तक भाषा र साहित्यका विविध विधाको व्याख्या विश्लेषणमा केन्द्रित रहेको छ । सबै विधाको विकासक्रमलाई पूर्वकाल र वर्तमान काल गरी प्रस्तुत गर्ने तरिकामा एकरूपता पाइनु पनि यस पुस्तकको नवीन प्रयोग हो । सिद्धान्त र प्रयोग दुवैलाई समेटी सरल र सहज ढङ्गमा सिद्धान्त प्रस्तुत गरी प्रायोगिक ढङ्गमा कृति विश्लेषण गर्नु यसको उल्लेखनीय पक्ष हो । स्तर अनुरूपको भाषाशैलीको प्रयोग गरी प्रशस्त उदाहरणका साथ विषयवस्तु प्रस्तुत गर्नु पुस्तकको थप उपलब्धि हो । यी विभिन्न विशेषताले गर्दा यस पाठ्यपुस्तकको उपयोगितामा वृद्धि भएको छ । तसर्थ यो पुस्तक पृष्ठभूमिमा भने अनुसारको तहका विद्यार्थी तथा शिक्षकका लागि लागि त उपयुक्त छ नै, त्यसका साथै यस क्षेत्रप्रति जिज्ञासु पाठकहरूका लागि पनि उपयोगी रहेको छ ।

७.३.९ नेपाली कविता, नाटक र इतिहास

१. परिचय

नेपाली कविता, नाटक र इतिहास नामक पुस्तक सालमा नवीन प्रकाशन भोटाहिटीबाट प्रकाशित भएको हो । उच्चमाध्यमिक विद्यालयअन्तर्गत कक्षा १२ को ऐच्छिक नेपाली दोस्रो पत्रको निर्धारित पाठ्यक्रमानुसार तयार पारिएको यो पुस्तक २०७० सालमा संशोधन परिमार्जन गरिएको छ । २०७० को संस्करणअनुसार २९२ पृष्ठमा संरचित यस पुस्तकमा *नेपाली कविता, नेपाली नाटक, नेपाली एकाङ्की, नेपाली साहित्यको इतिहास* गरी चार खण्ड रहेका छन् ।

२. विषयवस्तु

चार खण्ड रहेको यस पुस्तकको पहिलो खण्ड *नेपाली कविता* रहेको छ । यसअन्तर्गत *कविता सिद्धान्त : सङ्क्षिप्त परिचय, नेपाली कविताको विकासक्रम : सङ्क्षिप्त रूपरेखा, भानुभक्त आचार्य र प्रश्नोत्तर, मोतीराम भट्ट र मलाई हिजोसम्म क्या क्या छकाए, लेखनाथ पौडेल र हिमाल, धरणीधर कोइराला र साहित्य सुधा, बालकृष्ण सम र म पनि द्यौता मान्छु, लक्ष्मीप्रसाद देवकोटा र भिखारी, सिद्धिचरण श्रेष्ठ र ओखलढुङ्गा, गोपालप्रसाद रिमाल र आमाको सपना, माधवप्रसाद घिमिरे र नवयुवक, केदारमान व्यथित र सिपाही, अगमसिंह गिरी र नचिनिने भएछौ, भूपि शेरचन र मैनबत्तीको शिखा, विजय मल्ल र छोरीलाई मानचित्र पढाउँदा, मोहन कोइराला र सारङ्गी, भरतराज पन्त र मेघ बिजुली विवाह, हरिभक्त कटुवाल र यो जिन्दगी खै के जिन्दगी ?, दिनेश अधिकारी र हट् घोडा हट्*सँगै *खण्डकाव्यको परिचय, लक्ष्मीप्रसाद देवकोटा र मुनामदन, माधवप्रसाद घिमिरे र राष्ट्रनिर्माता, सिद्धिचरण श्रेष्ठ र आँसु*गरी २३ वटा शीर्षक रहेका छन् । यस खण्डमा परिचय, परिभाषा र तCवहरूका आधारमा कविताको सिद्धान्त प्रस्तुत गर्दै प्राथमिक काल (सुरुदेखि १९४० सम्म), माध्यमिक काल (१९४१ देखि १९९१ सम्म) र आधुनिक काल (१९९१ देखि यता) गरी नेपाली कविताको विकासक्रम प्रस्तुत गर्दै विभिन्न कालका कवि, कविता कृति तथा विभिन्न काल तथा धाराका विशेषताहरूको

चर्चा गरिएको छ । त्यसपछि खण्डकाव्यको परिचय, परिभाषा, तCवहरूका बारेमा चर्चा गरी खण्डकाव्य र महाकाव्य बीच तुलना गर्नाका साथै विभिन्न काव्यकारहरूको परिचय र प्रवृत्ति प्रस्तुत गरी निर्दिष्ट काव्यहरूको विभिन्न आधारमा विश्लेषण गरिएको छ ।

दोस्रो खण्ड *नेपाली नाटक*अन्तर्गत *नाटक सिद्धान्त : सङ्क्षिप्त परिचय, नेपाली नाटकको विकासक्रम : सङ्क्षिप्त रूपरेखा, बालकृष्ण सम र मुकुन्द इन्दिरा, भीमनिधि तिवारी र माटोको माया, विजय मल्ल र कोही किन बरबाद होस्* गरी पाँच शीर्षक रहेका छन् । यस खण्डमा नाटकको सिद्धान्त पक्षको बारेमा जानकारी दिँदै पूर्वकाल (सुरुदेखि १९८५ सम्म) र वर्तमान काल (१९८६ देखि यता) गरी नाटकको विकासक्रम प्रस्तुत गरिएको छ । यसका साथै विभिन्न नाटककारको परिचय र नांट्यप्रवृत्तिहरूसहित पाठ्यक्रम निर्दिष्ट नाटकहरूको नाट्यतCवका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

तेस्रो खण्ड *नेपाली एकाङ्की* रहेको छ । यसअन्तर्गत *एकाङ्की सिद्धान्त : सङ्क्षिप्त परिचय, नेपाली एकाङ्कीको विकासक्रम : सङ्क्षिप्त रूपरेखा, हृदयचन्द्रसिंह र खैराँती मास्टर, गोविन्दबहादुर मल्ल 'गोठाले' र म कसरी हार्छु ?, फणीन्द्रराज खेताला र फिउज गएको इज्जत, मनबहादुर मुखिया र अँध्यारामा बाँच्नेहरू* गरी छ वटा शीर्षक रहेका छन् । यसमा एकाङ्कीको सिद्धान्त र विकासक्रम प्रस्तुत गर्दै विभिन्न एकाङ्कीकार, तिनीहरूका प्रवृत्ति वा विशेषतासहित पाठ्यक्रम निर्दिष्ट एकाङ्कीहरूको व्याख्या विश्लेषण गरिएको छ ।

चौथो खण्ड *नेपाली साहित्यको इतिहास* रहेको छ । यसअन्तर्गत *नेपाली साहित्यको प्राथमिक काल, नेपाली साहित्यको माध्यमिक काल, आधुनिक नेपाली कविता : प्रमुख धारा र विशेषता, आधुनिक नेपाली कथा : प्रमुख धारा र विशेषता, आधुनिक नेपाली उपन्यास : प्रमुख धारा र विशेषता, आधुनिक नेपाली नाटक : प्रमुख धारा र विशेषता, आधुनिक नेपाली निबन्ध : प्रमुख धारा र विशेषता, नेपाली समालोचना* गरी आठ शीर्षक रहेका छन् । यस खण्डमा प्राथमिक काल (सुरुदेखि १९४० सम्म), माध्यमिक काल (१९४१ देखि १९९१ सम्म) र आधुनिक काल (१९९१ देखि यता) गरी नेपाली साहित्यको विकासक्रम प्रस्तुत गर्दै आधुनिक नेपाली कविता, कथा, उपन्यास, नाटक, निबन्ध विधाको विकासका विभिन्न चरण तथा धाराहरूको बारेमा व्याख्या विश्लेषण गरिएको छ । यसभन्दा पछि नेपाली समालोचनाको परिचयसहित विकासक्रम प्रस्तुत गरी समालोचनाका प्रकारका बारेमा चर्चा गरिएको छ ।

३. भाषाशैली

निर्दिष्ट तहको पाठ्यक्रममा केन्द्रित यस पुस्तकमा सम्बन्धित तहको स्तर सुहाउँदो सरल भाषाशैलीको प्रयोग गरिएको छ । परिष्कृत र मानक भाषाको प्रयोग पाइने यस पुस्तकको विषयवस्तुको प्रस्तुतिमा भाषिक सरलतालाई अँगालिएको छ । विभिन्न विधाका साहित्यकारहरूको परिचय र प्रवृत्तिका साथै कृति विश्लेषणमा सटिक पद्धति अर्थात् सूत्रात्मक शैलीको प्रयोग गरिएको छ ।

४. निष्कर्ष

नाटक, कविता, एकाङ्की र नेपाली साहित्यको इतिहाससँग सम्बद्ध प्रस्तुत पुस्तकमा सिद्धान्त प्रस्तुत गरी त्यही अनुरूप कृति विश्लेषण गरिएको छ । उच्चमाध्यमिक विद्यालयअन्तर्गत कक्षा १२ को ऐच्छिक नेपाली दोस्रो पत्रको निर्धारित पाठ्यक्रमलाई समेटेको **नेपाली कविता, नाटक र इतिहास** नामक यो पुस्तक सम्बन्धित

तहका विद्यार्थीका लागि आधिकारिक पुस्तक हुनाका साथै यस क्षेत्रप्रति रुचि राख्ने जो कसैका लागि उपयोगी रहेको छ । कविता, नाटक, एकाङ्की र समग्र नेपाली साहित्यको विकासक्रम प्रस्तुत गरी सिद्धान्त र विश्लेषणलाई सँगसँगै प्रस्तुत गर्नाका साथै प्रस्तुतिमा भाषिक सरलतालाई अँगाल्नु यस पुस्तकको महत्वपूर्ण उपलब्धि हो ।

७.३.१० नेपाली काव्य र साहित्य

१. परिचय

नेपाली **काव्य र साहित्य** नामक प्रस्तुत पुस्तक २०६० सालमा नवीन प्रकाशन भोटाहिटीबाट प्रकाशन भएको हो । त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत प्रवीणता प्रमाणपत्र तह (आई.एड.) दोस्रो वर्षको निर्धारित पाठ्यक्रम अनुसार लेखिएको १८४ पृष्ठमा संरचित यस पुस्तकमा *काव्य* र *साहित्य* गरी दुई खण्ड रहेका छन् ।

२. विषयवस्तु

पुस्तकको अघिल्लो खण्ड *कविता काव्य*सँग सम्बन्धित रहेको छ । यसमा *कविताको परिचय, नेपाली कविताको विकासक्रम, भानुभक्त आचार्य र प्रश्नोत्तर, मोतीराम भट्ट र मोती मुक्तक, धरणीधर कोइराला र जाग जाग, लेखनाथ पौडेल र हिमाल, बालकृष्ण सम र म पनि द्यौता मान्छु, लक्ष्मीप्रसाद देवकोटा र गरीब, सिद्धिचरण श्रेष्ठ र ओखलढुङ्गा, केदारमान व्यथित र सिपाही, माधवप्रसाद घिमिरे सुख दुख सञ्चित गर्छु, गोपालप्रसाद रिमाल र र आमाको सपना, भीमनिधि तिवारी र अजब नेपाल, विजय मल्ल र यस धरतीको पानीमा, म.वि.वि. शाह र कसले झाऱ्यो तिमीलाई, भूपि शेरचन र सधैँ-सधैँ मेरो सपनामा, भीमदर्शन रोक्का र मेरो देश, वीरेन्द्र शुब्बा र नेपाल आमासित, कृष्णभक्त श्रेष्ठ र जित्छ-हार्छ, जित्छ-हार्छ, द्वारिका श्रेष्ठ र म : एउटा दन्त्यकथा, मोहनहिमांशु थापा र देशको छहरामा हुन्छु, वाशुशशी र पर्खाल लगाएपछि धेरै थोक बाहिर पर्छ, हरिभक्त कटुवाल र रहर, पारिजात र लाहुरेलाई एक रोगी प्रेमिकाको पत्र, कुमार नेपाल र उहाँ...?, उपेन्द्र श्रेष्ठ र टुरिष्टको क्यामरामा बाँचेको केटो, कालीप्रसाद रिजाल र मेरो खोज, भैरव अर्याल र हुरीको पतकर, हास्यव्यङ्ग्य कविताको अध्ययन : छ्याकन कविताको विश्लेषण, खण्डकाव्यको परिचय, लक्ष्मीप्रसाद देवकोटा र मुनामदन, माधवप्रसाद घिमिरे र राष्ट्रनिर्माता, 'घुम्ने मेच माथि अन्धो मान्छे' कविता सङ्ग्रहको अध्ययन* गरी ३३ वटा शीर्षक रहेका छन् । यस खण्डमा कविताको सिद्धान्त पक्षसहित प्राथमिक काल (सुरुदेखि १९४० सम्म), माध्यमिक काल (१९४१ देखि १९९१ सम्म) र आधुनिक काल (१९९१ देखि यता) गरी कविताको विकासक्रम प्रस्तुत गर्दै पाठ्यक्रम निर्धारित कविहरूको परिचय, काव्यप्रवृत्तिसहित फुटकर कविता, हास्यव्यङ्ग्य कविता र खण्डकाव्यको विश्लेषण गरिएको छ ।

पछिल्लो खण्ड साहित्य तत्वअन्तर्गत *छन्द, रस : नवरस, अलङ्कार* गरी तिन शीर्षक रहेका छन् । यसमा छन्दको परिचय, गण छुट्याउने तरिका र छन्दका प्रकारहरूसहित रसको परिचय, रसका अवयव र रसका प्रकारका बारेमा चर्चा गर्दै अलङ्कारको परिचय र प्रकारहरूका बारेमा उदाहरणसहित प्रकाश पारिएको छ ।

३. भाषाशैली

यस पुस्तकमा निर्धारित स्तरअनुरूपको भाषाको प्रयोग गरिएकोसरल र सहज ढङ्गमा विषयवस्तु प्रस्तुत गरिएको छ। विभिन्न काल तथा धाराका विशेषताहरूलाई बुँदामा प्रस्तुत गर्नका साथै साहित्य खण्डअन्तर्गत प्रशस्त उदाहरणको प्रयोग गरिएको छ।

४. निष्कर्ष

काव्य र साहित्य दुवै पक्षलाई समेटी सिद्धान्त र विश्लेषण दुवै रहेको **काव्य र साहित्य** नामक यस पुस्तकमा विभिन्न काल तथा धाराका विशेषता तथा महत्वलाई बुँदामा प्रस्तुत गरिएको छ। यसका साथै साहित्य तत्वअन्तर्गतका छन्द, रस, अलङ्कारका बारेमा जानकारी गराउने क्रममा प्रशस्त उदाहरणको प्रयोग गरिएको छ। सिद्धान्त र विश्लेषणलाई सँगसँगै लैजाने प्रक्रिया अँगालिएको हुँदा यसमा कृति, सिद्धान्त र प्रविधिलाई एकै ठाउँमा व्यवस्थित रूपमा प्रस्तुत गरिएको पाइन्छ। कविताको सिद्धान्त र प्रयोग दुवै पक्षलाई समेटी छन्द, रस, अलङ्कारलाई उदाहरणसहित चिनाउँदै विभिन्न काल तथा धाराका विशेषता र महत्वलाई सरल रूपले बुँदामा प्रस्तुत गर्नु नै यस पुस्तकको महत्वपर्ण उपलब्धि हो। निर्धारित तहको पाठ्यक्रमलाई समेटिएको यो पुस्तक सम्बन्धित तहका विद्यार्थीका लागि आधिकारिक पाठ्यपुस्तक बन्नका साथै काव्य तथा साहित्य प्रति रुचि राख्ने सामान्य पाठकहरूका लागिसमेत उपयोगी रहेको छ।

७.३.११ नेपाली भाषाव्याकरण र नाटक

१. परिचय

नेपाली भाषाव्याकरण र नाटक पुस्तक नवीन प्रकाशन भोटाहिटीबाट २०६० सालमा प्रकाशित भएको हो। त्रिभवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत प्रवीणता प्रमाणपत्र तह (आई.एड.) प्रथम वर्षको निर्धारित पाठ्यक्रम अनुसार लेखिएको यो पुस्तक १९१ पृष्ठमा संरचित छ। यस पुस्तकमा *नेपाली भाषा व्याकरण* र *नाटक-एकाङ्की* गरी दुई खण्ड रहेका छन्।

२. विषयवस्तु

पुस्तकको पहिलो खण्ड *नेपाली भाषा व्याकरण* रहेको छ। यसमा *नेपाली भाषाको उत्पत्ति र विकास, राष्ट्रभाषा नेपालीको भौगोलिक स्थिति, नेपालका भाषाहरू, राष्ट्रभाषाका रूपमा नेपाली भाषाको भूमिका, कथ्य नेपालीका विविध रूप, लेख्य नेपाली भाषाका विविध रूपहरू, नेपाली भाषाका विशेषता, लिपि र नेपाली वर्णमाला, नेपाली शब्द ढुकुटी, नेपाली वर्णहरूको उच्चारण, शब्द भेद, कारक र विभक्ति, वाक्य सङ्गति, वाक्यान्तरण : वाक्य परिवर्तन* गरी १४ वटा शीर्षक र ती शीर्षक भित्र विभिन्न उपशीर्षक रहेका छन्। यसमा नेपाली भाषाको उत्पत्ति र विकासक्रम प्रस्तुत गरी राष्ट्रभाषा नेपालीको भौगोलिक स्थिति र नेपालमा बोलिने विभिन्न परिवारका भाषाहरूको चर्चा गर्दै राष्ट्रभाषाका रूपमा नेपाली भाषाको भूमिका प्रस्तुत गरिएको छ। यसका साथै कथ्य र लेख्य नेपाली भाषाका विविध रूप, नेपाली भाषाका विशेषतासहित नेपाली शब्दढुकुटी प्रस्तुत गर्दै वाक्यान्तरण : वाक्य परिवर्तनका बारेमा व्याख्या विश्लेषण गरिएको छ।

दोस्रो खण्ड *नाटक एकाङ्की* रहेको छ। यस खण्डमा *नाटकको परिचय, एकाङ्कीको परिचय, नेपाली नाटकको विकासक्रम : सङ्क्षिप्त रूपरेखा, नेपाली एकाङ्कीको विकासक्रम : सङ्क्षिप्त रूपरेखा, भीमनिधि तिवारी र घरको माया, हृदयचन्द्रसिंह प्रधान र खैराँती मास्टर, विजय मल्ल र मनको बन्धन, भीमनिधि तिवारी*

र चौतारा लक्ष्मीनारायण, विजय मल्ल र कोही किन बरबाद होस्, बालकृष्ण सम र मुकुन्द इन्दिरा गरी १० वटा शीर्षक र विभिन्न उपशीर्षक रहेका छन् । यसमा नाटक र एकाङ्कीको सिद्धान्तसँगै पूर्वकाल (१९४४ देखि १९८५ सम्म) र वर्तमान काल (१९८६ देखि यता) गरी नाटकको विकासक्रम प्रस्तुत गरिएको छ । यसका साथै पाठ्यक्रम निर्दिष्ट नाटककार, एकाङ्कीकारहरूको परिचय प्रवृत्तिसहित निर्देशित नाटक तथा एकाङ्कीको विभिन्न कोणबाट विश्लेषण गरिएको छ ।

३. भाषाशैली

सरल, शुद्ध र तथ्यपरक प्रस्तुति सहज ढङ्गमा विषयवस्तु प्रस्तुत गरिएको यस पुस्तकमा परिष्कृत भाषाको प्रयोग पाइन्छ । विषयवस्तुलाई व्याख्यात्मक रूपमा भन्दा सूत्रात्मक रूपमा प्रस्तुत गरिएको छ ।

४. निष्कर्ष

नेपाली भाषाव्याकरण र नाटक नामक प्रस्तुत पुस्तकमा नेपाली भाषाको उत्पत्ति र विकाससँगै भौगोलिक स्थिति, नेपालमा बोलिने विभिन्न परिवारका भाषाहरू, कथ्य र लेख्य नेपाली, लिपि र वर्णमाला, शब्दढुकुटी, कारक र विभक्ति, वाक्यसङ्गति आदि गरी भाषा र व्याकरणसँग सम्बन्धित विषयवस्तुहरूलाई सहज ढङ्गमा प्रस्तुत गरिएको छ । भाषा व्याकरण खण्डमा प्रशस्त उदाहरणको प्रयोग गरिएको छ । यसका साथै नाटक र एकाङ्कीको विकासक्रम, विभिन्न नाटककार, एकाङ्कीकार तथा तिनीहरूका पाठ्यक्रम निर्दिष्ट कृतिहरूको बारेमा विश्लेषण गरिएको यस पुस्तकमा सिद्धान्त र प्रयोग दुवैलाई एकै ठाउँमा प्रस्तुत गरिएको छ । नाटक र एकाङ्कीबारे विभिन्न विद्वान्का परिभाषाहरूसँगै निष्कर्ष प्रस्तुत गरिएको छ र त्यसलाई पुनः बुँदामा प्रस्तुत गरिएको छ । निर्धारित पाठ्यक्रमलाई समेटी सरल र सहज रूपमा स्तर सहाउँदो भाषाशैलीको प्रयोग गरी विषयवस्तु प्रस्तुत गर्नु नै यस पुस्तकको महत्वपूर्ण पक्ष हो । यो पुस्तक पृष्ठभूमिमा भने अनुरूपका विद्यार्थी तथा शिक्षकका लागि त उपयोगी र आधिकारिक पाठ्यपुस्तक बनेको छ नै यसबाहेक नेपाली भाषा र व्याकरण तथा नाटक एकाङ्कीबारे जिज्ञासु पाठकहरूका लागि समेत उपयोगी रहेको छ ।

७.३.१२ नेपाली गद्य

१. परिचय

नेपाली गद्य नामक पुस्तक २०६० सालमा नवीन प्रकाशन भोटाहिटीबाट प्रकाशित भएको हो । त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायको प्रवीणता प्रमाणपत्र तह (आई.एड.) दोस्रो वर्षको निर्धारित पाठ्यक्रम अनुसार लेखिएको २५१ पृष्ठमा संरचित यस पुस्तकमा कथा, उपन्यास र निबन्ध तथा हास्यव्यङ्ग्य गरी तिन खण्ड रहेका छन् ।

२. विषयवस्तु

पहिलो खण्ड कथाअन्तर्गत *कथाको परिचय र वर्गीकरण, नेपाली कथाको विकासक्रमको परिचय, गुरूप्रसाद मैनाली र परालको आगो, पुष्कर शमशेर र लोग्ने, विश्वेश्वरप्रसाद कोइराला र सत्रु, गोविन्दबहादुर मल्ल 'गोठाले' र कृष्णे र खकुरी, शिवकुमार राई र कस्तो मानिस, रमेश विकल र सिँगारी बाखी, दौलतविक्रम विष्ट र मरुभूमिको अन्तिम भोक, नासो कथा सङ्ग्रहको विश्लेषण* गरी १० वटा शीर्षक रहेका छन् । यस

खण्डमा कथाको चिनारी, परिभाषासँगै कथाका तŒवहरू प्रस्तुत गरी विषयवस्तु, तŒव वा उपकरण र धारा वा वादका आधारमा कथालाई वर्गीकरण गरिएको छ । त्यसभन्दा पछि नेपाली कथाको विकासक्रमलाई पूर्वकाल (१८०० देखि १९९१) र उत्तरार्ध काल (१९९२ देखि यता) मा विभाजन गरी दुवै कालका प्रतिनिधि कथाकार र कथाहरूको बारेमा जानकारी गराइएको छ । यसका साथै कथाको विकासक्रमका प्रमुख धारा र प्रवृत्ति प्रस्तुत गरी निर्दिष्ट कथाकारको परिचय, प्रवृत्ति र विशेषतासहित पाठ्यक्रम निर्दिष्ट कथाहरू प्रस्तुत गर्दै उक्त कथाहरूको विश्लेषण समेत गरिएको छ ।

दोस्रो खण्ड *उपन्यास*अन्तर्गत *उपन्यासको परिचय, नेपाली उपन्यासको विकासक्रमको परिचय, रूद्रराज पाण्डे र रूपमती, लैनसिंह वाङ्देल र माइतघर, लीलबहादुर क्षेत्री र बसाइँ, हृदयचन्द्रसिंह प्रधान र एक चिहान* गरी छ शीर्षक रहेका छन् । यस खण्डमा उपन्यासको परिचय र परिभाषासँगै पूर्वकाल (१८२७ देखि १९९०) र वर्तमान काल (१९९१ देखि यता) गरी दुई कालमा उपन्यासको विकासक्रम प्रस्तुत गरिएको छ । यसका साथै पाठ्यक्रम निर्देशित विभिन्न उपन्यासकारहरूको परिचय, प्रवृत्ति र विशेषतासहित **रूपमती**, **माइतघर**, **बसाइँ**, **एक चिहान** उपन्यासको विभिन्न तŒवका आधारमा विश्लेषण गरी प्रत्येक उपन्यासका प्रमुख विशेषता र महŒव प्रस्तुत गरिएको छ ।

तेस्रो खण्ड *निबन्ध तथा हास्यव्यङ्ग्य*अन्तर्गत *निबन्धको परिचय र वर्गीकरण, नेपाली निबन्धको विकासक्रमको परिचय, बालकृष्ण सम र मेरो कविताको आराधना, लक्ष्मीप्रसाद देवकोटा र पहाडी जीवन, शङ्कर लामिछाने र औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा, ताना शर्मा र राष्ट्रियताको ज्योति : हुलाकघर, भैरव अर्याल र अमरावती कान्तिपुरी नगरी, हृदयचन्द्रसिंह प्रधान र जुँगा निबन्ध सङ्ग्रह, हास्यव्यङ्ग्यको परिचय, नेपाली साहित्यमा हास्यव्यङ्ग्यको विकासक्रमको परिचय, हास्यव्यङ्ग्यकार भैरव अर्याल र जयभुँडी हास्यव्यङ्ग्य सङ्ग्रहको विश्लेषण* गरी एघार वटा शीर्षक रहेका छन् । यसमा निबन्धको चिनारी र परिभाषासँगै तŒवहरू प्रस्तुत गर्दै निबन्धको वर्गीकरण गरिएको छ । यसका साथै पूर्वकाल (१९५८ देखि १९९१ सम्म) र वर्तमान काल (१९९२ देखि यता) गरी निबन्धको विकासक्रम प्रस्तुत गरी दुवै कालका प्रमुख निबन्धकार, तिनका निबन्ध र उक्त कालका प्रमुख प्रवृत्ति र विशेषताहरू प्रस्तुत गर्दै वर्तमानकालका प्रमुख धारा र प्रवृत्तिहरू प्रस्तुत गरिएको छ । त्यसपछि निबन्धकारको परिचय र प्रवृत्तिबारे चर्चा गर्दै निर्धारित निबन्ध प्रस्तुत गरी उक्त निबन्धहरूको विश्लेषण गरिएको छ र अन्त्यमा हास्यव्यङ्ग्यको परिचय, परिभाषा र विकासक्रम प्रस्तुत गर्दै हास्यव्यङ्ग्यकार भैरव अर्यालको **जयभुँडी** निबन्ध सङ्ग्रहमा सङ्गृहीत निबन्धहरूको विश्लेषण गरिएको छ ।

३. भाषाशैली

सरल र सहज ढङ्गमा विषयवस्तु प्रस्तुत गरिएको प्रस्तुत पुस्तकमा स्तर सुहाउँदो भाषाको प्रयोग गरी सूत्रात्मक रूपमा निर्धारित कृतिहरूको विश्लेषण गरिएको छ ।

४. निष्कर्ष

नेपाली कथा, उपन्यास, निबन्ध र हास्यव्यङ्ग्यलाई समेटिएको **नेपाली गद्य** नामक यो पुस्तक विविध विधा र विषयसँग सम्बन्धित रहेको छ। हरेक विधालाई परिभाषित गर्ने क्रममा विभिन्न विद्वान्का परिभाषाहरूलाई समेटी अन्त्यमा निष्कर्ष दिई त्यसलाई पुनः बुँदामा प्रस्तुत गरिएको यस पुस्तकमा पाठ्य निर्धारित सबै विधाको सिद्धान्त प्रस्तुत गरी त्यसै अनुरूप कृतिको विश्लेषण गरिएको छ। यसका साथै यस पुस्तकमा भाषा र साहित्यको पठनपाठनसम्बन्धी नवीन, वस्तुगत र आधारपूर्ण सिप तथा सिकाइको विकास गर्ने दृष्टिसहित सिद्धान्त र विश्लेषणलाई सँगसँगै प्रस्तुत गरिएको छ। सिद्धान्त प्रस्तुत गरी त्यसै अनुरूप कृति विश्लेषण गर्नु, विश्लेषणमा आधिकारिक सामग्रीको प्रयोग गर्नु तथा निर्धारित तहको पाठ्यक्रमलाई समेटी सरल रूपमा विषयवस्तु प्रस्तुत गर्नु नै यस पुस्तकका विशेषता हुन्। त्यस्ता विभिन्न विशेषताका कारण प्रस्तुत पुस्तक पृष्ठभूमिमा भने बमोजिम तहका विद्यार्थी तथा शिक्षकका लागि उपयोगी रहनका साथै यस क्षेत्रसँग सरोकार राख्ने जो कोहीका लागि उपयोगी रहेको छ।

७.३.१३ प्रयोजनपरक विशेष नेपाली

१. परिचय

प्रस्तुत **प्रयोजनपरक विशेष नेपाली** नामक पुस्तक २०६० सालमा नवीन प्रकाशन भोटाहिटीबाट प्रकाशित भएको हो। त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रद्वारा स्वीकृत आई.ए. दोस्रो वर्षको अनिवार्य नेपालीको नयाँ पाठ्यक्रममा आधारित २२८ पृष्ठमा संरचित यस पुस्तकमा *प्रयोजनपरक भेद* र *प्रयोजनपरक लेखन* गरी दुई खण्ड रहेका छन्।

२. विषयवस्तु

पुस्तकको पहिलो खण्ड *प्रयोजनपरक भेद* रहेको छ। यसअन्तर्गत *प्रयोजनपरक भेदको परिचय, प्रयोजनपरक बोध, प्रयोजनपरक शब्दभण्डार : प्रयुक्ति, प्रयोजनपरक भाषिक भेदका विशेषता, समीक्षात्मक टिप्पणी, पुनर्लेखन, निर्देशित लेखन र अनुकृत लेखन, सूचनाको स्थानान्तरण, प्रयोजनपरक विविध गद्यांश* गरी विभिन्न शीर्षक र त्यसभित्र थुप्रै उपशीर्षकहरू रहेका छन्। यस खण्डमा प्रयोजनपरक भेदको बारेमा परिचय र परिभाषा प्रस्तुत गरी प्रयोजनपरक बोध, शब्दभण्डार, भाषिक भेदका विशेषताहरू आदिका बारेमा चर्चा गरिनाका साथै समीक्षात्मक टिप्पणी, पुनर्लेखन, निर्देशित लेखन र अनुकृत लेखनबारे उदाहरणसहित जानकारी गराइएको छ। त्यसपछि सूचनाको स्थानान्तरणमा तालिका, आरेख वा डायग्राम, लेखाचित्र वा ग्राफ, वृक्षारेख आदिको कार्यबारे चर्चा गर्दै तिनका प्रकारहरूको उल्लेख गरी उदाहरण समेत प्रस्तुत गरिएको यस पुस्तकमा प्रयोजनपरक विविध गद्यांश शीर्षकअन्तर्गत भाषा, साहित्य, इतिहास, संस्कृति, मनोविज्ञान, मानवशास्त्र आदि विभिन्न क्षेत्रसँग सम्बन्धित गद्यांशहरू उदाहरणका रूपमा प्रस्तुत गरिएको छ।

दोस्रो खण्ड *प्रयोजनपरक लेखन* रहेको छ। यसमा *पत्र लेखन, विज्ञापन लेखन, सूचना लेखन, सम्पादकलाई पत्र लेखन, समाचार लेखन, प्रतिवेदन लेखन* गरी विभिन्न शीर्षक रहेका छन्। यी विभिन्न क्षेत्रका प्रयोजनपरक लेखनबारे विस्तृत रूपमा जानकारी गराइएको उक्त पुस्तकको यस खण्डमा प्रत्येक क्षेत्रको लेखनको परिचय, प्रकार, अङ्ग, ढाँचा, नमुना आदिको बारेमा जानकारी गराई प्रत्येक लेखनको नमुनासमेत प्रस्तुत गरिएको छ।

३. भाषाशैली

स्तरअनुरूप परिष्कृत, स्तरीय र सरल भाषाशैलीको प्रयोग गरिएको यस पुस्तकमा प्रयोजनपरक लेखनको सिद्धान्तसहित उदाहरणहरू प्रस्तुत गरिनाका साथै विषयवस्तुलाई सूत्रात्मक रूपमा प्रस्तुत गरिएको छ ।

४. निष्कर्ष

प्रयोजनपरक विशेष नेपाली नामक पुस्तकमा भाषाको प्रयोजनपरक भेदको बारेमा चर्चा गरी विभिन्न क्षेत्रको प्रयोजनपरक लेखनको नमुना प्रस्तुत गरिनाका साथै लेखनका आवश्यक अङ्गसहित विभिन्न क्षेत्रको लेखनको ढाँचा प्रस्तुत गरिएको छ । जसले गर्दा विभिन्न प्रयोजनपरक लेखहरूका बारेमा जानकारी प्राप्त गर्न र त्यसै अनुरूप व्यवहारमा लागु गर्न सकिनेछ । प्रयोजनपरक भेदको परिचय र परिभाषासँगै प्रयोजनपरक भेदका प्रकारहरू छुट्याइएको यस पुस्तकमा प्रयोजनपरक बोधको चिनारीसँगै प्रयोजनपरक शब्दभण्डारसहित प्रयोजनपरक भाषिक भेदको बारेमा व्याख्या विश्लेषण गरिएको छ । यसमा तालिका, आरेख, लेखाचित्र, वृक्षारेखा आदिबाट सूचनाको स्थानान्तरण हुने कुरालाई प्रस्तुत गरी विविध क्षेत्रसँग सम्बन्धित प्रयोजनपरक गद्यांशहरू नमुना उदाहरणका रूपमा प्रस्तुत गरिएको छ भने दोस्रो खण्डमा प्रयोजनपरक लेखनका प्रकार, गुण वा विशेषता, अङ्ग, ढाँचा, नमुना प्रस्तुत गरिएको छ । पत्र लेखनका विभिन्न प्रकारहरूको अङ्ग, ढाँचासहित नमुना प्रस्तुत गर्नाले सामाजिक, कार्यालयीय, व्यवसायिक पत्र लेखनमा जानकारी प्राप्त भएको छ । यसबाट दैनिक जीवनका व्यवहारअन्तर्गत पर्ने विभिन्न प्रकारका पत्रहरूको लेखनमा भाषाको सार्थक प्रयोग गर्ने शैलीको समेत विकास हुने देखिन्छ । तसर्थ यो पुस्तक पृष्ठभूमिमा भने अनुरूप तहका विद्यार्थी तथा शिक्षकहरूका लागि उपयोगी हुनका साथै विभिन्न क्षेत्रका विद्यार्थीहरूका लागि उपयोगी रहेको छ ।

७.३.१४ नेपाली गीत गजल भाग १

१. परिचय

प्रस्तुत पुस्तक २०६७ सालमा साझा प्रकाशनबाट प्रकाशित भएको हो । त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत तिन वर्षे स्नातक (बि.ए.) तह, ऐच्छिक नेपाली दोस्रो पत्रको पाठ्यक्रमानुसार लेखिएको ११२ पृष्ठमा संरचित यस पुस्तकमा साझा प्रकाशनको *प्रकाशकीय*का साथै प्रा. राजेन्द्र सुवेदीको *सामग्रीको पूर्वसङ्केत* शीर्षकको भूमिका रहेको छ । यस पुस्तकमा *गीत* र *गजल* गरी दुई खण्ड र विभिन्न शीर्षक रहेका छन् ।

२. विषयवस्तु

पहिलो खण्ड गीतअन्तर्गत *गीतको सैद्धान्तिक स्वरूप, नेपाली गीतको विकास प्रक्रिया, माधवप्रसाद घिमिरे र गाउँछ गीत नेपाली, गोकुलप्रसाद जोशी र जीवनगीत, क्षेत्रप्रताप अधिकारी र म त लालीगुराँस भएँछु, रत्नशमशेर थापा र आँखैमा रात गली, कालीप्रसाद रिजाल र आँखा छोपी नरोउ भनी* गरी सात शीर्षक रहेका छन् । यसमा गीतको सैद्धान्तिक स्वरूपअन्तर्गत पर्ने व्युत्पत्ति र अर्थ, परिचय, परिभाषा, स्वरूप, संरचना,

विशेषता र संरचक घटकहरूसहित प्राथमिक, माध्यमिक र आधुनिककाल गरी गीतको विकास प्रक्रिया प्रस्तुत गर्दै विभिन्न गीतकार, तिनका गीति प्रवृत्ति र निर्धारित गीतको सम्पादन र व्याख्या विश्लेषण गरिएको छ ।

पुस्तकको दोस्रो खण्ड गजलसँग सम्बन्धित रहेको छ । यस खण्डमा *गजलको सैद्धान्तिक स्वरूप, नेपाली गजलको विकास प्रक्रिया, उपेन्द्रबहादुर 'जिगर' र इसारा गरी गरी, ज्ञानुवाकर पौडेल र ओइली झरेछ फूल, ललिजन रावल र नखोलेरै राखिएको* गरी पाँच शीर्षक रहेका छन् । यसभित्र गजलको सैद्धान्तिक स्वरूपअन्तर्गत गजलको व्युत्पत्ति र अर्थ, परिचय, परिभाषा, स्वरूप, संरचना, विशेषता र संरचक घटकहरूको प्रस्तुतिसहित गीत र गजलको तुलना गरिएको छ । त्यसपछि नेपाली गजलको विकासप्रक्रियालाई विभिन्न चरणमा विभाजन गरी ती विभिन्न चरणका प्रमुख गजलकारको परिचय, गजलगत प्रवृत्ति तथा निर्धारित गजलहरूको सम्पादन र विश्लेषण गरिएको छ ।

३. भाषाशैली

प्रस्तुत पुस्तकमा स्तर अनुरूप परिष्कृत, स्तरीय र सरल भाषाशैलीको प्रयोग गरिएको छ । व्याख्या विश्लेषणभन्दा सारपूर्ण रूपमा विषयवस्तु प्रस्तुत गरिएको यस पुस्तकमा संरचनावादी पद्धतिको अनुसरण गरी निर्धारित गजलहरूको विश्लेषण गरिएको छ । गीतकार, गजलकारका प्रवृत्ति प्रस्तुत गर्ने क्रममा बुँदाको प्रयोग गर्नाका साथै विषयवस्तुलाई सूत्रात्मक रूपमा प्रस्तुत गरिएको छ ।

४. निष्कर्ष

नेपाली गीत र गजलको सिद्धान्त, विकासप्रक्रिया र गीतकार, गजलकार तथा तिनका गीत, गजलहरूको बारेमा व्याख्या विश्लेषण गरिएको **नेपाली गीत गजल भाग १** नामक कृतिमा विश्लेषणका क्रममा सैद्धान्तिक, ऐतिहासिक तथा प्रायोगिक विभिन्न प्रक्रियाहरूको अवलम्वन गरिएको छ । गीत कविताकै उपविधा भएकाले गीतको विकासप्रक्रिया कविताको विकासक्रमसँगै तालमेल गरेर देखाइएको छ भने गीतको विकासक्रमको आधुनिककालको प्रारम्भसँगै गजलको सुरुवात भएको कुरा प्रस्तुत गरिएको छ । गीत गजलको विश्लेषणमा संरचनावादी समालोचनापद्धतिको प्रयोग गरिएको यस पुस्तकमा सरल र सुबोध ढङ्गबाट विषयवस्तु प्रस्तुत गरिएको छ । सैद्धान्तिक पक्ष, विकासप्रक्रियाका साथै पाठ्य निर्धारित विभिन्न स्रष्टा र तिनका रचनाहरूलाई समावेश गरिएको प्रस्तुत पुस्तकमा गीत र गजलको परिभाषा गर्ने क्रममा विभिन्न व्यक्तिका परिभाषाहरू प्रस्तुत गरी अन्त्यमा निष्कर्ष स्वरूप आफ्नो परिभाषा प्रस्तुत गरिएको छ । गीत र गजल दुवैलाई समेटी पृष्ठभूमिमा भने अनुरूपको पाठ्यक्रम अनुसार तयार पारिएको यो पुस्तक सम्बद्ध तह र विषयका विद्यार्थीहरूका साथै यस क्षेत्रपति रुचि लिने जो कोहीका लागि उपयोगी रहेको छ । सिद्धान्त, विकासप्रक्रियासहित पाठ्य निर्धारित गीतकार, गजलकार, तिनका गीत गजलगत प्रवृत्तिसहित गीत गजलको सम्पादन गरी सरल र सहज ढङ्गमा तिनीहरूको विश्लेषण गर्नु नै यस पुस्तकको महत्तम उपलब्धि हो ।

७.४ विदेशी विश्वविद्यालयका पाठ्यपुस्तकहरूको परिचयात्मक अध्ययन

७.४.१ विषयपरिचय

स्वदेशी विद्यालय तह र विश्वविद्यालय तहका प्रशस्तै पाठ्यपुस्तक लेखेका डा. खगेन्द्रप्रसाद लुइटेलले विदेशी विश्वविद्यालयका पनि थुप्रै पाठ्यपुस्तक लेखेका छन् । उनले नेपाली भाषासाहित्यको अध्ययन-अध्यापन

हुने नेपालबाहिर विभिन्न विश्वविद्यालयमा पढाइने पाठ्यपुस्तकसमेत लेखेको देखिन्छ । उनले भारतको गौहाटी विश्वविद्यालय नेपाली एम.ए. तहको पाठ्यक्रम निर्माण गरी त्यसैअनुरूपका थुप्रै पाठ्यपुस्तकहरू लेखेका छन् र त्यहाँ तिनै पुस्तक पढाइ हुन्छन् । उनी त्यस विश्वविद्यालयको नेपाली एम.ए. कार्यक्रमका विशिष्ट पाठ्यक्रम सल्लाहकार पनि हुन् । यसका साथै पाठ्यपुस्तक निर्माण समिति सिलोङको पनि विशिष्ट सल्लाहकार रहेका लुइटेलले त्यहाँको पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणमा पनि समितिलाई स्पष्ट ढङ्गले मार्गनिर्देश गरी विशिष्ट योगदान दिएका छन् ।[३३५]

नेपालको गौरव बढाउने मात्र होइन, विदेशमा नेपाली भाषा र साहित्यको जगेर्नाका लागि उच्च स्तरमा औपचारिक प्रयास गर्ने लुइटेलको भारतको गौहाटी विश्वविद्यालयको नेपाली विषयको पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखनमा उल्लेख्य योगदान रहेको छ । गौहाटी विश्वविद्यालयको एम. ए. नेपाली पहिलो र दोस्रो बर्षको सम्पूर्ण पाठ्यपुस्तक डा.लुइटेलले नै बनाइदिएका र यदि उनको अनुपस्थिति भए यो सम्भव थिएन भन्दै विश्वविद्यालयका निर्देशक दासले हृदयदेखि नै धन्यवाद प्रकट गरेका छन् ।[३३६] डा. दासले गौहाटी विश्वविद्यालयमा नेपाली एम.ए. कार्यक्रमको स्थापना तथा पाठ्यसामग्री निर्माणमा लुइटेलको विशिष्ट योगदान रहेको र उनकै योगदानले नेपाली एम.ए. कार्यक्रमको स्थापना भएको बताएका छन् ।[३३७] यसैगरी उक्त कार्यक्रमकी संयोजक शान्ति थापाले गौहाटी विश्वविद्यालयमा नेपाली एम.ए. कार्यक्रमको स्थापना डा. लुइटेलको योगदानबाट मात्र सफल भएको र उहाँको सहयोग नभएको भए यो कार्यक्रम नै सञ्चालन हुने थिएन भन्दै उनीप्रति आभार प्रकट गरेकी छिन् ।[३३८]

यसरी विदेशी विश्वविद्यालयको पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखनमा विशिष्ट योगदान पुऱ्याएका लुइटेलको नेतृत्वमा तयार पारिएका पाठ्यपुस्तकहरू भारतको गौहाटी विश्वविद्यालयबाट प्रकाशित छन् र ती त्यस विश्वविद्यालयमा अनिवार्य रूपमा पठनपाठन हुन्छन् । गौहाटी विश्वविद्यालयबाट प्रकाशित लुइटेलको नेतृत्वमा तयार पारिएका पाठ्यपुस्तकहरू निम्नलिखित छन् :

पहिलो पत्र : **नेपाली साहित्यको इतिहास** (History of Nepali Literature)

भाग १ : **पूर्वआधुनिक नेपाली साहित्यको इतिहास** (Premoden History of Nepali Literature)

भाग २ : **आधुनिक नेपाली साहित्यको इतिहास (वि.सं. १९९१ पछि),** (Moden History of Nepali Literature, 1934 Onwards)

---

३३५. टेकनारायण उपाध्याय, **नेपाली कविताको विकासमा मेघालयको योगदान,** (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. २०७०), पृ. ५९ ।

३३६. *आसाममा चम्किदै नेपाली साहित्य,* **अन्नपूर्ण पोष्ट,** (२०६८ असार २५), पृ. २ ।

३३७. *गौहाटीमा एम.ए.*, **अन्नपूर्ण पोष्ट**, (२०६८ माघ २२), पृ. १६ ।

३३८. *भारतको गौहाटी विश्वविद्यालयमा नेपाली एम.ए. कार्यक्रम,* **गोरखापत्र**, (२०६७ माघ १५), पृ. ३ ।

दोस्रो पत्र : **भाषाविज्ञान र नेपाली भाषाको अध्ययन** (Linguistics and Study of Nepali Language)

भाग १ : **भाषाविज्ञानको परिचय** (Introduction to Linguistices)

भाग २ : **नेपाली भाषाको अध्ययन** (Study of Nepali Language)

तेस्रो पत्र : **नेपाली कविता** (Nepali Poetry)

भाग १ : **देवकोटापूर्वका नेपाली कविता** (Nepali Poetry Prior to Devkota)

भाग २ : **देवकोटाउत्तरका नेपाली कविता** (Nepali Poetry After Devkota)

भाग ३ : **मोहन कोइरालाउत्तरका नेपाली कविता** (Nepali Poetry After Mohan Koirala)

चौथो पत्र : **नेपाली नाटक** (Nepali Drama)

भाग १ : **समपूर्वका नेपाली नाटक** (Nepali Drama Prior to Sama)

भाग २ : **सम उत्तरका नेपाली नाटक** (Nepali Drama Sama Onwards)

पाँचौं पत्र : **नेपाली गद्याख्यान** (Nepali Fixction)

भाग १ : **नेपाली कथा** (Nepali Short Story)

भाग २ : **नेपाली नाटक** (Nepali Novel)

छैटौं पत्र : **नेपाली आख्यानेत्तर गद्य** (Nepali Non Fixction)

भाग १ : **देवकोटापूर्वका नेपाली आख्यानेत्तर गद्य** (Nepali Non Fixction Prose Prior to Devkota)

भाग २ : **देवकोटाउत्तरका नेपाली आख्यानेत्तर गद्य** (Nepali Non Fixction Devkota Onwards)

सातौं पत्र : **नेपाली संस्कृति र लोकसाहित्य** (Nepal Culture and Folklore)

भाग १ : **नेपाली संस्कृति** (Nepal Culture)

भाग २ : **लोकसाहित्य** (Folk Literature)

आठौं पत्र : **साहित्य सिद्धान्त र समालोचना** (Literary Theory and Critism)

भाग १ : **पूर्वीय साहित्य सिद्धान्त** (Eastern Literary Theory)

भाग २ : **पाश्चात्य साहित्य र समालोचना सिद्धान्त** (Western Literary Theory and Criticism)

नवौं पत्र : **संस्कृत र युरोपेली साहित्यको सर्वेक्षण** (Survey of Sanskrit and European Literature)

भाग १ : **संस्कृत साहित्यको सर्वेक्षण** (Survey of Sanskrit Literature)

भाग २ : **युरोपेली साहित्यको सर्वेक्षण** (Survey of European Literature)

दसौं पत्र : **तुलनात्मक भारतीय साहित्य र असमीया साहित्यको अध्ययन** (Study of Comparative Indian and Assamese Literature)

भाग १ : **तुलनात्मक भारतीय साहित्यको अध्ययन** (Study of Comparative Indian Literature)

भाग २ : **असमीया साहित्यको अध्ययन** (Study of Assamese Literature)

माथि उल्लेख गरिएका प्रत्येक पुस्तकको गाता सम्बन्धित विषयवस्तुअनुरूपको तस्बिर राखी निर्माण गरिएको सुन्दर र आकर्षक ढङ्गले तयार पारिएको छ । यी सबै पुस्तकको बाहिरी गाताको सबैभन्दा माथि सिरानमा Institute of Distance and Open Learning GAUHATI UNIVERSITY लेखिएको छ र त्यसभन्दा तल गौहाटी विश्वविद्यालयको लोगो राखिएको छ । प्रत्येक पुस्तकको गाताका छेउको देब्रेपटिको भागमा M A in Nepali लेखिएको छ । प्रत्येक पुस्तकका गाताको पुछारमा Paper र Block को मूलशीर्षक अङ्ग्रेजीमा दिइएको छ । त्यसको भित्री पृष्ठमा यी सबै कुरालाई अङ्ग्रेजी र नेपाली दुवैमा दिई बीचमा विश्वविद्यालयको लोगो राखेर त्यही पृष्ठको अन्त्यमा विषयसूची दिइएको छ । त्यसका पछिल्तिरको पृष्ठमा सबैभन्दा माथि Special Course Advisor Prof. khagendra Prasad luitel, Central Dept. of Nepali, Tribhuvan university, Nepal लेखिएको छ । त्यसभन्दा तल क्रमशः Contributor शीर्षकमा लेखकको नाम, Course Coordination and Editing शीर्षकमा सम्बद्ध पदाधिकारीको नाम, Cover Page Designer को नाम र प्रकाशन मिति राखिएको छ । त्यसभन्दा तल Copyright सम्बन्धी कुरा उल्लेख गर्दै अन्त्यमा Acknowledgement शीर्षकमा पाठ्यसामग्री तयार पार्न सहयोग पुऱ्याउने IGNOU, Delhi प्रति धन्यवादज्ञापन गरिएको छ । त्यसपछिको पृष्ठ प्राक्कथन रहेको छ र त्यसमा हरेक परिच्छेदको सङ्क्षिप्त परिचय दिइएको छ । यी सबै पुस्तक निकै ठूलो आकार अर्थात् Extra King Size मा छापिएका छन् र प्रत्येक पुस्तकको चारैतिर विद्यार्थीको टिपोटका लागि ठाउँ छोडिएको छ ।

प्रत्येक पुस्तकको प्रत्येक एकाइको सुरुमा *संरचना* शीर्षक राखी त्यसमा *उद्देश्य, परिचय,* सम्बद्ध विषयवस्तु बारेका शीर्षक तथा *उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* राखिएको छ । सबै पुस्तकका परिच्छेदहरूको मूल शीर्षकलाई कोष्ठकमा अङ्ग्रेजीमा पनि दिइएको छ । पाठको बीचबीचमा तालिकामा *एकछिन सोच्नुहोस्* भनी पाठको मुख्य प्रसङ्ग, *आफ्नो प्रगति जाँच्नुहोस्* भनी विषयवस्तुसँग सम्बन्धित केही छोटा प्रश्नहरू र *आत्ममूल्याङ्कन गर्नुहोस्* भनी प्रश्न दिएर कोष्ठकमा यति शब्द भनी उल्लेख गरिएको छ । यी सबै पुस्तकका विभिन्न एकाइहरूमा समाविष्ट विभिन्न कृतिहरूको विश्लेषण उही आधारमा एकरूपताका साथ गरिएको पाइन्छ । पुस्तकमा प्रस्तुत प्रत्येक कृतिको विश्लेषणमा संरचनावादी समालोचना पद्धतिको प्रयोग गरिएको छ । सन्मा प्रस्तुत भएको मितिलाई सन् भनेर तोकिएको छ भने केही नतोकिएका मितिले वि.सं. लाई जनाएका छन् । यी सबै पक्ष सबै पुस्तकमा एकरूपताका साथ लागु गरिएको छ र यी नेपाली भाषाका पाठ्यपुस्तकहरूमा पाइने विशिष्ट पक्ष र नयाँपन हुन् । यसप्रकारको प्रस्तुतिका प्रारूपको निर्माण त्यस विश्वविद्यालयका Special Course Advisor खगेन्द्रप्रसाद लुइटेलले गरेका हुन् । लुइटेलले लेखेका र अरूद्वारा लेखिएका सबै पुस्तकको संरचना, विषयवस्तुको प्रस्तुति आदि विविध पक्षहरूमा एकरूपता रहेको छ र ती सबैलाई एकरूप तुल्याउने काम लुइटेलले गरेको पाइन्छ ।

गौहाटी विश्वविद्यालयको एम.ए. नेपाली पहिलो र दोस्रो वर्षका सबै पाठ्यपुस्तकहरूको Special Course Advisor खगेन्द्रप्रसाद लुइटेल हुन् र उनले विभिन्न पाठ्यपुस्तकको लेखनसमेत गरेका छन् । एम.ए. पहिलो र दोस्रो वर्षमा पठनपाठन हुने दस पत्रका २१ वटा पुस्तकहरूमध्ये ११ वटा पुस्तकमा लुइटेलको लेखन

तथा सहलेखन रहेको छ । यहाँ लुइटेलद्वारा लिखित पाठ्यपुस्तकहरूको मात्र परिचय, विषयवस्तु, भाषाशैली, निष्कर्ष आदि शीर्षकमा एकरूपताका साथ क्रमशः परिचयात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

७.४.२ पूर्वआधुनिक नेपाली साहित्यको इतिहास

१. परिचय

पूर्वआधुनिक नेपाली साहित्यको इतिहास सन् २०१० मा Gauhati University Assam बाट प्रकाशित भएको हो । आवरण पृष्ठमा शिलालेख, ताम्रपत्रहरूको तस्बिर राखिएको यो पुस्तक ८० पृष्ठमा संरचित छ । यस पुस्तकको प्राक्कथनमा पुस्तकमा समाविष्ट सबै एकाइको सङ्क्षिप्त परिचय दिई **शारदा** (वि.सं.१९९१) पत्रिकाको प्रकाशनपूर्वको समयावधिलाई आधुनिक कालमा समेटेर विभिन्न विधाको विधागत इतिहास प्रस्तुत गरिएको कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा क्रमशः एकाइ १ : *साहित्येतिहास र नेपाली साहित्यको इतिहास लेखनको विकास*, एकाइ २ : पूर्वआधुनिक *नेपाली साहित्यको इतिहास*, एकाइ ३ : *पूर्वआधुनिक नेपाली आख्यानेत्तर गद्यको इतिहास*, एकाइ ४ : *पूर्वआधुनिक नेपाली गद्याख्यानको इतिहास* र एकाइ ५ : *पूर्वआधुनिक नेपाली नाटक र रङ्गमञ्चको इतिहास* गरी पाँच वटा एकाइ रहेका छन् ।

२. विषयवस्तु

एकाइ १ : *साहित्येतिहास र नेपाली साहित्यको इतिहास लेखनको विकास* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, परिचय, साहित्येतिहासको महत्व र औचित्य, नेपाली साहित्यको इतिहास लेखनको पृष्ठभूमि, नेपाली साहित्यको इतिहास लेखनमा ढिलाइ हुनाका कारणहरू, नेपाली साहित्यको इतिहास लेखनका प्रारम्भिक प्रयासहरू, नेपाली साहित्येतिहासको वर्गीकरण, नेपाली साहित्य उद्भवको सामाजिक पृष्ठभूमि, नेपाली साहित्यको कालविभाजन प्रक्रिया र नामकरण, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी एघार वटा उपशीर्षक रहेका छन् । प्रारम्भमा यस एकाइ पढाउनाका उद्देश्यहरू प्रस्तुत गरी त्यसपछि साहित्येतिहासको परिचय दिइएको छ । साहित्य भनेको भाषाका माध्यमबाट प्रकट हुने कला र साहित्येतिहास भनेको भाषिक कलाको विगतदेखि वर्तमानसम्मको शृङ्खलाबद्ध बयान भएको कुरासहित सम्बद्ध भाषिक समाजको वर्तमान र भावी पुस्तालाई सिर्जनात्मक दिशा निर्देश गर्नमा साहित्येतिहासको महत्वपूर्ण भूमिका रहेको कुरा प्रस्तुत गरिएको छ । नेपाली साहित्यको इतिहास समयावधिका हिसाबले उन्नाइसौँ शताब्दीको पूर्वार्धदेखि हालसम्म रहेको कुराको चर्चा गर्दै नेपाली साहित्यको इतिहास लेखनमा ढिलाइ हुनामा नेपाली समाजमा शिक्षा र चेतनाको कमी हुनु, सत्तासीन वर्गमा भाषासाहित्यप्रति खासै अभिरुचि नहुनु, मुलुकको भाषासाहित्य र संस्कृति निर्माणभन्दा राष्ट्रिय एकीकरणको अभियानलाई केन्द्रबिन्दुमा राख्नु आदि कारणहरू उल्लेख गरिएको छ । नेपाली साहित्यको इतिहास लेखनका प्रयासहरूमा विभिन्न इतिहासकारहरूको चर्चा गर्दै बाबुराम आचार्यको **नेपाली कवि र कविता**का माध्यमबाट नेपाली साहित्यको अतीतको शोधखोज गर्ने र तथ्यपरक इतिहास लेख्ने परम्पराको प्रारम्भ भएको कुरा जानकारी गराइएको छ । अर्को उपशीर्षकमा विधाकेन्द्री इतिहास लेखन र समग्र साहित्यकेन्द्री इतिहास गरी नेपाली साहित्येतिहासको वर्गीकरणलाई दुई भागमा विभाजित गर्दै विधाकेन्द्री इतिहास लेखनमा कविता, कथा, उपन्यास, निबन्ध आदि विविध विधाको विभिन्न साहित्यकारहरूद्वारा गरिएको वर्गीकरण प्रस्तुत गरिएको छ भने साहित्यकेन्द्री इतिहासमा यज्ञराज सत्याल, रत्नध्वज जोशी आदि थुप्रै साहित्यकारहरू तथा साहित्यकारहरूका इतिहासमूलक कृतिहरू प्रस्तुत गरिएको छ । त्यसपछि *नेपाली साहित्य*

*उद्भवको सामाजिक पृष्ठभूमि*बारे चर्चा गर्दै नेपाली साहित्यको कालविभाजनको पृष्ठभूमि प्रस्तुत गरी नेपाली साहित्यको इतिहास लेखनका क्रममा कालविभाजन तथा तिनका समयसीमाको निर्धारण र नामाकरणसम्बन्धी विषयमा विवाद रहेको कुरालाई विभिन्न विद्वान्का विभिन्न पुस्तकमा गरिएको कालविभाजनद्वारा प्रस्तुत गरिएको छ। *उपसंहार* उपशीर्षकअन्तर्गत नेपाली साहित्यको कालविभाजनमा एकरूपता नदेखिनाको कारणहरूमा सबै विधाको अन्तरविकासको शृङ्खला एकैनासले नहुनु, नेपाली बौद्धिक सञ्चेतनाको अन्तरविकास आदिको चर्चा गर्दै वस्तुतः नेपाली साहित्यको बृहत् इतिहास हालसम्म नलेखिएको र आजसम्म लेखिएका इतिहासपरक ग्रन्थहरूमा प्रायः नेपालका र भारतीय नेपालीहरू बस्ने खासखास क्षेत्रहरूका साहित्यिक गतिविधि मात्र समेटिएको कुरा प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ।

एकाइ २ : *पूर्वआधुनिक नेपाली कविताको इतिहास* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, पूर्वआधुनिक कालको परिचय, नेपाली कविताको प्राथमिक काल, नेपाली कविताको माध्यमिक काल, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन्। प्रारम्भमा एकाइ पढाउनाका उद्देश्यहरू प्रस्तुत गरिएको छ। त्यसभन्दा पछि पूर्वआधुनिक कालको परिचयसहित पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानकै हाराहारीमा नेपाली कविताको प्रारम्भ भएको कुरा प्रस्तुत गर्दै *पूर्वआधुनिक कालको परिचय* शीर्षकअन्तर्गत पूर्वआधुनिक काललाई प्राथमिक काल (सुरुदेखि १९४०) र माध्यमिक काल (१९४१ देखि १९९१) गरी विभाजन गरिएको छ। नेपाली कविताको प्राथमिक काललाई पूर्वार्ध चरण : वीरधारा (सुरुदेखि १८७१) र उत्तरार्ध चरण : भक्तिधारा (१८७२ देखि १९४०) मा विभाजन गरी पूर्वार्ध चरणका विभिन्न कवि, तिनका काव्य र काव्यप्रवृत्तिहरूको चर्चा गर्दै उत्तरार्ध चरणका रामभक्ति, कृष्णभक्ति र निर्गुणभक्ति धाराका विभिन्न कवि, तिनका काव्य र काव्यप्रवृत्तिको बारेमा जानकारी गराइएको छ। त्यसपछिको उपशीर्षकमा नेपाली कविताको माध्यमिक काल (१९४१ देखि १९९१) लाई पूर्वार्ध चरण : शृङ्गारिक धारा (१९४१ देखि १९७४) र उत्तरार्ध चरण : शास्त्रीयतावादी धारा (१९७५ देखि१९९१) गरी विभाजन गरेर दुवै चरणका कवि, तिनका काव्य र काव्यप्रवृत्तिको चर्चा गरिएको छ। मोतीराम भट्टको आगमनसँगै प्रारम्भ भएको शृङ्गारिक धारा सुक्तिसिन्धुमा प्रतिबन्ध लागेदेखि शास्त्रीयतावादी धारामा प्रवेश गरी यसले देवकोटाको आगमनपूर्वसम्म निरन्तरता पाएको कुरा प्रस्तुत गर्दै गरिएको छ र *उपसंहार*मा वीरधारा, भक्तिधारा, शास्त्रीयतावादी धारा हुँदै अघि बढेको नेपाली कविताको माध्यमिक कालमा भने नेपालबाट मात्र नभएर भारतका विभिन्न ठाउँबाट समेत विभिन्न भावधाराका कविता लेखिएको कुरा प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ।

एकाइ ३ : *पूर्वआधुनिक आख्यानेतर नेपाली गद्यको इतिहास* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, परिचय, आख्यानेतर नेपाली गद्यको विकासक्रम, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी पाँचवटा उपशीर्षक रहेका छन्। प्रारम्भमा यस एकाइका उद्देश्यहरू प्रस्तुत गरी पूर्वआधुनिक नेपाली गद्यको इतिहासको परिचयसहित यसको विकासक्रम समेत प्रस्तुत गरिएको छ। आख्यानेतर नेपाली गद्यको विकासक्रमलाई *पृष्ठभूमि काल : प्रमुख गतिविधि तथा उपलब्धि, प्राथमिक काल : प्रमुख गतिविधि तथा उपलब्धि, माध्यमिक काल : प्रमुख गतिविधि तथा उपलब्धि* गरी तिन उपशीर्षकमा विभाजन गरी प्रत्येक कालका आख्यानेतर नेपाली गद्यात्मक कृति, प्रवृत्ति र उपलब्धि प्रस्तुत गरिएको छ। आख्यानेतर नेपाली गद्यको आधुनिक कालपूर्वको समयावधिका प्रमुख गतिविधि र उपलब्धिहरू प्रस्तुत गरिएको यस एकाइको *उपसंहार* उपशीर्षकमा माध्यमिक कालको प्रारम्भमै मोतीरामको उत्कृष्ट जीवनी कृति बाहेक आख्यानेतर गद्य साहित्यका अरू

उपविधाहरूको प्रयोग र अभ्यासका गतिविधिहरू यस अवधिमा त्यति नदेखिएको कुरा प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ४ : *पूर्वआधुनिक नेपाली गद्याख्यानको इतिहास* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, परिचय, प्राथमिककालीन नेपाली गद्य, माध्यमिककालीन नेपाली गद्य, उपसंहार, नमुना प्रश्न* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी सातवटा उपशीर्षक रहेका छन् । सर्वप्रथम उक्त एकाइ पढाउनाको उद्देश्य प्रस्तुत गरी उक्त एकाइबारे परिचय दिइएको छ । त्यसपछि *प्राथमिककालीन नेपाली गद्य* (१८०० देखि १९४०) उपशीर्षकमा यस कालका प्रमुख गद्यकार र गद्य रचनाहरूको विवरण प्रस्तुत गरिएको छ । *माध्यमिककालीन नेपाली गद्य* उपशीर्षकलाई माध्यमिककालीन नेपाली आख्यान, माध्यमिककालीन नेपाली नाटक, माध्यमिककालीन नेपाली नेपाली निबन्ध र माध्यमिककालीन नेपाली समालोचना गरी चार उपशीर्षकमा विभाजन गरी प्रत्येक विधाका प्रमुख साहित्यकार, साहित्यिक कृति र प्रवृत्तिका साथै यी विविध विधाको विकासमा योगदान पु¥याउने थुप्रै पत्रिकाहरूको नाम उल्लेख गरिएको छ । *उपसंहार* उपशीर्षकमा प्राथमिक कालमा नेपाली गद्यको उति विकास नभए पनि माध्यमिक कालमा भने गद्यका आख्यान, नाटक, निबन्ध, समालोचना आदिका प्रारम्भिक रूपहरू देखापरेको कुरा प्रस्तुत गर्दै *अन्त्यमा थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ५ : *पूर्वआधुनिक नेपाली नाटक र रङ्गमञ्चको इतिहास* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, परिचय, नेपाली नाटक र रङ्गमञ्चको विकासक्रम, नेपालबाहिर नेपाली नाट्यपरम्परा, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । प्रारम्भमा उक्त एकाइका उद्देश्यहरूसहित पूर्वआधुनिक नेपाली नाटक र रङ्गमञ्चको इतिहासको परिचय दिँदै प्राचीन नाट्य परम्पराबारे जानकारी गराइएको छ । त्यसभन्दा पछि *नेपाली नाटक र रङ्गमञ्चको विकासक्रम* उपशीर्षकलाई नेपाली नाटक र रङ्गमञ्चको प्राथमिक काल : परम्परा र उपलब्धि र नेपाली नाटक र रङ्गमञ्चको माध्यमिक काल : परम्परा र उपलब्धि गरी दुई शीर्षकमा विभाजन गरी दुवै कालका उपलब्धिका बारेमा गरिएको छ । अर्को उपशीर्षकमा माध्यमिककालीन नेपाली नाटक र रङ्गमञ्चको प्रवर्तनको पृष्ठभूमिबारे चर्चा गर्दै माध्यमिककालीन नेपाली नाटक र रङ्गमञ्चका थिएटर, अनुवाद रूपान्तरण, मौलिक जस्ता विभिन्न धाराहरूको जानकारी गराई आधारभूत प्रवृत्तिहरू प्रस्तुत गरिएको छ । *नेपालबाहिर नेपाली नाट्य परम्परा* उपशीर्षकअन्तर्गत नेपालबाहिर दार्जिलिङ, कालिम्पोङ, सिक्किम, असम आदि विभिन्न ठाउँमा भएका नेपाली नाट्य परम्पराकाबारे जानकारी दिँदै नेपालबाहिरका नेपाली नाटककारहरू साहित्यिक नाटकको सिर्जनाभन्दा काम चलाउ प्रदर्शनका निम्ति नाटकको निर्माण गर्ने दिशामा ज्यादा क्रियाशील रहेको कुरा प्रस्तुत गरिएको छ । समको आगमनपूर्व अर्थात् आधुनिककालको थालनी हुनुपूर्वका नेपाली नाटक, नाट्यधारा र रङ्गमञ्चका विविध सन्दर्भहरू प्रस्तुत गर्दै *उपसंहार* उपशीर्षकमा पूर्वआधुनिक नेपाली नाटकका क्षेत्रमा देखापरेका मुख्य प्रवृत्ति र योगदानलाई बुँदामा रूपमा प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

३. भाषाशैली

प्रस्तुत पुस्तकमा नेपाली भाषासँगै केही ठाउँमा अङ्ग्रेजीको पनि प्रयोग गरिएको छ । नेपालबाहिरबाट प्रकाशित यस पुस्तकको परिचय, लेखक, प्रकाशक, निर्देशक आदिको नाम अङ्ग्रेजीमा दिइएको छ भने प्रायः सबै परिच्छेद र त्यसअन्तर्गतका शीर्षकहरूलाई नेपाली र अङ्ग्रेजी दुवैमा दिइएको छ । विषयवस्तुको प्रस्तुतिमा भने नेपाली भाषाको मात्र प्रयोग गरिएको छ । प्रत्येक एकाइको प्रस्तुति एकरूपता साथ सरल, सहज र

व्यवस्थित ढङ्गमा गरिएको छ । यस पुस्तकको विषयवस्तुको प्रस्तुतिमा सूत्रात्मक शैलीको प्रयोग पाइन्छ भने भाषामा सरलता र शुद्धता पाइन्छ ।

४. निष्कर्ष

साहित्येतिहास र नेपाली साहित्यको इतिहास लेखनको विकास, पूर्वआधुनिक नेपाली साहित्यको इतिहास, पूर्वआधुनिक नेपाली आख्यानेत्तर गद्यको इतिहास, पूर्वआधुनिक नेपाली गद्याख्यानको इतिहास, पूर्वआधुनिक नेपाली नाटक र रङ्गमञ्चको इतिहास गरी पाँच एकाइमा संरचित प्रस्तुत पुस्तकमा मूलतः **शारदा** (वि.सं. १९९१) पत्रिकाको प्रकाशनपूर्वको समयावधिलाई पूर्वआधुनिक कालमा समेटेर विभिन्न विधाको विधागत इतिहास प्रस्तुत गरिएकोले यो पुस्तक मूलतः इतिहाससँग सम्बन्धित रहेको छ । नेपाली साहित्यको पूर्वआधुनिक काललाई प्रस्तुत गरिएको यस पुस्तकमा साहित्यको इतिहास प्रस्तुत गर्ने क्रममा काल विभाजनसम्बन्धी विभिन्न मतमतान्तरहरूको विशेष चर्चा गरी प्रत्येक कालका विशेषता, प्रमुख साहित्यकार र साहित्यिक कृतिका बारेमा जानकारी गराइएको छ । स्तरअनुरूपको भाषाको प्रयोग गरी सरल रूपमा विषयवस्तु प्रस्तुत गरिएको यस पुस्तकले सम्बन्धित तहको पाठ्यक्रमलाई पूर्ण रूपमा समेटेकाले उक्त विश्वविद्यालय र तहमा अध्ययनरत विद्यार्थी तथा शिक्षकहरूका लागि त यो पुस्तक अनिवार्य रहेको छ नै यसबाहेक पूर्वआधुनिक नेपाली साहित्यका विभिन्न विधाको इतिहासबारे जानकारी लिनको लागि पनि पुस्तक निकै उपयोगी रहेको छ ।

७.४.३ आधुनिक नेपाली साहित्यको इतिहास (वि.सं. १९९१ पछि)

१. परिचय

आधुनिक नेपाली साहित्यको इतिहास नामक पुस्तक सन् २०१० मा Gauhati University Assam बाट प्रकाशित भएको हो । आवरण पृष्ठमा शिलालेख, ताम्रपत्रहरूको तस्बिर राखिएको यो पुस्तक १०४ पृष्ठमा संरचित छ । यस पुस्तकको प्राक्कथनमा पुस्तकमा समाविष्ट सबै एकाइको सङ्क्षिप्त परिचय दिई यसमा **शारदा** (वि.सं.१९९१) पत्रिका प्रकाशनपछिको समयावधिलाई आधुनिक कालभित्र समेटी विधागत इतिहास प्रस्तुत गरिएको कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा एकाइ १ : *आधुनिक नेपाली कविताको इतिहास*, एकाइ २ : *भारतीय आधुनिक नेपाली गद्याख्यानको इतिहास*, एकाइ ३ : *भारतीय आधुनिक नेपाली आख्यानेतर गद्यको इतिहास*, एकाइ ४ : *भारतीय आधुनिक नेपाली नाटकको इतिहास*, एकाइ ५ : *आधुनिक नेपाली समालोचनाको इतिहास* र एकाइ ६ : *नेपाली भाषासाहित्यमा प्रचलित आन्दोलनहरू* गरी ६ वटा एकाइ रहेका छन् ।

२. विषयवस्तु

एकाइ १ : *आधुनिक नेपाली कविताको इतिहास* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, आधुनिकताको परिचय, नेपाली कविताको आधुनिक कालका विभिन्न धाराहरू, भारतीय नेपाली कविताको इतिहास, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । यसमा सर्वप्रथम उक्त एकाइका उद्देश्य प्रस्तुत गरी त्यसभन्दा पछि आधुनिकताको परिचयसँगै १९९१ बाट प्रारम्भ भएको आधुनिक नेपाली कवितामा देखापरेका स्वच्छन्दतावादी, प्रयोगवादी र समसामयिक धाराको परिचान र त्यस प्रवृत्तिका कविता सिर्जना गर्ने कवि र कविताका साथै धारागत प्रवृत्ति प्रस्तुत गरिएको छ । यसपछि *भारतीय नेपाली कविताको*

*इतिहास*अन्तर्गत पूर्वाञ्चल नेपालमा नेपाली कविता, दार्जिलिङ क्षेत्रमा नेपाली कविता, सिक्किम क्षेत्रमा नेपाली कविता शीर्षकमा भारतका विभिन्न क्षेत्रका भारतीय नेपाली कवि र तिनका काव्य एवं काव्यप्रवृत्तिको चर्चा गरिएको छ । यस एकाइमा प्रस्तुत नेपाली कविताको इतिहासका सन्दर्भमा उल्लेख गरिएका तिथिमिति वि.सं. मा रहेका छन् भने भारतीय नेपाली कविताको इतिहासमा चाहिँ वि.सं. उल्लेख गरिएका बाहेक केही पनि नलेखिएको तिथिमितिले सन्लाई बुझाउने कुरा प्राक्कथनमा उल्लेख गरिएको छ । *उपसंहार*मा आधुनिक काल नेपाली कविताको विकासका दृष्टिले सबैभन्दा महत्वपूर्ण समयावधि भएको कुरा प्रस्तुत गर्दै अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ २ : *भारतीय आधुनिक नेपाली गद्याख्यानको इतिहास* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, परिचय, भारतीय आधुनिक नेपाली कथाको इतिहास, आधुनिक नेपाली उपन्यासको इतिहास, नेपाली उपन्यास परम्पराको पछिल्लो चरण, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी सात उपशीर्षक रहेका छन् । प्रारम्भमा एकाइको उद्देश्य र त्यसपछि विषयवस्तुको परिचय प्रस्तुत गरिएको छ । अर्को उपशीर्षकमा *भारतीय आधुनिक नेपाली कथाको इतिहास*लाई सन् १९२८ देखि १९६० सम्म पहिलो चरण, सन् १९६१ देखि १९७४ सम्म दोस्रो चरण र सन् १९७५ देखि वर्तमानसम्मको समयलाई तेस्रो चरण गरी तिन भागमा विभाजन गरी प्रत्येक चरणका गद्य साहित्यकारहरू, तिनका गद्यात्मक कृति र प्रवृत्तिको चर्चा गर्दै आधुनिक नेपाली गद्याख्यानको इतिहास प्रस्तुत गरिएको छ । त्यसभन्दा पछि आधुनिक नेपाली उपन्यासको इतिहास उपशीर्षकमा वि.सं. १९९१ को **रूपमती** उपन्यासबाट आधुनिक कालको प्रारम्भ भएको कुरा प्रस्तुत गर्दै आधुनिक कालका विभिन्न उपन्यासकारहरू, तिनीहरूका उपन्यास र उपन्यासगत प्रवृत्तिहरू उल्लेख गरी नेपाली उपन्यासको पछिल्लो चरण इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१) पछिका विभिन्न उपन्यासकार, उपन्यास र उपन्यासगत प्रवृत्तिको चर्चा गरिएको छ । यस एकाइमा नेपाल, भारत र अन्य विभिन्न ठाउँको साहित्यिक स्थितिलाई उल्लेख्य रूपमा सजीव चित्रण गरिएको कुरा उपसंहारमा प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ३ : *भारतीय आधुनिक नेपाली आख्यानेत्तर गद्यको इतिहास* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, परिचय, आख्यानेतर गद्यका भेदहरू, नेपाली निबन्धको आधुनिक काल, भारतीय आख्यानेतर गद्य : नियात्रा, जीवनी, संस्मरण र हास्यव्यङ्ग्य, समालोचना, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी आठ उपशीर्षक रहेका छन् । सर्वप्रथम यो एकाइ पढाउनको उद्देश्य र त्यसपछि परिचय प्रस्तुत गर्दै *आख्यानेतर गद्यका भेदहरू*मा निबन्ध, संस्मरण, जीवनी आदिको चर्चा गरी १९९३ मा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको *आषाढको पन्ध्र* निबन्धबाट नेपाली निबन्धको आधुनिक कालको प्रारम्भ भएको जानकारी गराइएको छ । आधुनिक कालका नेपाली निबन्धकारहरू, निबन्ध र तिनका निबन्धात्मक प्रवृत्तिहरू प्रस्तुत गरी *भारतीय आख्यानेतर गद्य : नियात्रा, जीवनी, संस्मरण र हास्यव्यङ्ग्य* उपशीर्षकअन्तर्गत नेपाली साहित्यका भारतीय आख्यानेतर गद्यकारहरू, गद्यात्मक कृति र तिनका विशेषताहरूको चर्चा गरिएको छ । त्यसपछि *समालोचना* उपशीर्षकमा आख्यानेतर गद्यमा पर्ने समालोचना चेतले दार्जिलिङ क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको कुरा जानकारी गराउँदै विभिन्न समालोचक र समालोचनात्मक कृतिहरूको प्रस्तुतिसहित *उपसंहार*मा भारतीय भूभागको पूर्वोत्तर क्षेत्रको आख्यानेतर गद्यमा नेपाली साहित्यको सिङ्गो क्षेत्रमा जे जस्ता विधा र कृतिहरू

आविर्भाव भएका छन्, ती सबै मूल्य र रूपका दृष्टिले पठनीय भएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ४ : *भारतीय आधुनिक नेपाली नाटकको इतिहास* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, परिचय, भारतीय आधुनिक नेपाली नाटकको विकासक्रम, प्रमुख भारतीय नेपाली नाटककार र तिनका प्रमुख प्रवृत्ति, भारतीय नेपाली नाटकका प्रमुख धारा र मोडहरू, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी सात उपशीर्षक रहेका छन् । प्रारम्भमा एकाइका उद्देश्यहरू प्रस्तुत गरी त्यसभन्दापछि एकाइको परिचय दिइएको छ । यसमा भारतीय नेपाली नाट्य परम्पराको पूर्वआधुनिक कालमा देखापरेका प्रमुख नाटककार र नाटकहरूको विवरणसहित पूर्वआधुनिक कालका प्रमुख विशेषताहरूको चर्चा गरिएको छ । त्यसभन्दा पछि *भारतीय आधुनिक नेपाली नाटकको विकासक्रम* उपशीर्षकमा वि.सं. १९८६ मा प्रकाशित **मुटुको व्यथा** सँगसँगै भारतीय आधुनिक नेपाली नाटकको पनि प्रारम्भ भएको बताउँदै यस कालका प्रतिनिधि नाटककार र नाटकहरूको विवरण दिइएको छ । *प्रमुख भारतीय नेपाली नाटककार र तिनका प्रमुख प्रवृत्ति* उपशीर्षकमा दार्जिलिङ क्षेत्रका प्रमुख नेपाली नाटककार र तिनका प्रवृत्ति तथा असम क्षेत्रका प्रमुख नेपाली नाटककार र तिनका प्रवृत्तिको चर्चा गरिएको छ । *भारतीय नेपाली नाटकका प्रमुख धारा र मोडह*रूमा सामाजिक यथार्थवादी, आदर्शोन्मुख यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी, प्रयोगवादी, स्वच्छन्दतावादी धाराको चर्चा गर्दै *उपसंहार*अन्तर्गत थुप्रै भारतीय नाटककारहरूले नेपाली नाटकको सिर्जना गरी नेपाली नाट्य साहित्यको श्रीवृद्धिमा महत्वपूर्ण योगदान पु¥याएको तथा विभिन्न धारा र प्रवृत्तिका नाटकको सिर्जना गर्नु भारतीय आधुनिक नेपाली नाटकको खास वैशिष्ट्य र उपलब्धि भएको कुरा प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ५ : *आधुनिक नेपाली समालोचनाको विकास* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, परिचय, नेपालमा प्रचलित समालोचनाका प्रमुख प्रकार, उत्तरवर्ती नेपाली समालोचना, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । प्रारम्भमा उक्त एकाइ पढाउनका उद्देश्य प्रस्तुत गरी त्यसपछि आधुनिक नेपाली समालोचना इतिहासको परिचय प्रस्तुत गरिएको छ । *नेपालीमा प्रचलित समालोचना*का मुख्य प्रकारहरूमा प्रभाववादी, सैद्धान्तिक, ऐतिहासिक, प्रगतिवादी, भाषावादी समालोचना पद्धतिका समालोचनात्मक विशेषताहरू, विभिन्न समालोचक र तिनका समालोचनात्मक कृतिहरूको विवरण दिइएको छ । त्यसपछि *उत्तरवर्ती नेपाली समालोचना*का क्षेत्रमा देखापरेका संरचनावादी समालोचनाको प्रवर्तन र नारीवादी समालोचनाको लेखन बारेमा चर्चा गरिएको छ । *उपसंहार*अन्तर्गत एउटै समालोचकले पनि विभिन्न पद्धति र प्रक्रियाको अनुसरण गरी अनेक प्रकारका समालोचना सिर्जना गर्ने हुँदा कसैलाई पनि एउटै कित्तामा बाँधेर राख्न नमिल्ने कुरा बताउँदै नेपाली समालोचनामा पहिलेदेखि अहिलेसम्म प्रभाववादी समालोचनाको बढी प्रभाव देखिए पनि समयक्रममा अन्य विभिन्न प्रकारका समालोचनाहरू पनि फस्टाइरहेको कुरा प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ६ : *नेपाली भाषा र साहित्यमा प्रचलित आन्दोलनहरू* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, परिचय, नेपाली भाषा साहित्यमा प्रचलित आन्दोलनहरू, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी पाँच उपशीर्षक रहेका छन् । प्रारम्भमा यो एकाइ पढाउनका उद्देश्य र त्यसपछि एकाइको परिचय प्रस्तुत गरिएको छ । *नेपाली भाषा साहित्यमा प्रचलित आन्दोलनहरू* उपशीर्षकमा *हलन्त बहिष्कार* (१९६५), *झर्रोवादी*

आन्दोलन (२०१३), *आयामेली आन्दोलन* (२०२०), *राल्फाली आन्दोलन* (२०२३), *लीला लेखन* (२०३०) आदि आन्दोलनको चर्चा गर्दै नेपाली भाषाको मान्यताका लागि नेपालबाहिरबाट भएका विभिन्न आन्दोलन तथा साहित्यिक संङ्घसंस्था, पत्रपत्रिका, रेडियो, टेलिभिजन, अभिमुखीकरण आदिले नेपाली साहित्यको विकासमा महŒवपूर्ण योगदान पु¥याएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

३. भाषाशैली

प्रस्तुत पुस्तकको भाषाशैली स्तरअनुरूप उपयुक्त किसिमको रहेको छ । विषयवस्तुको प्रस्तुतिमा सरल वाक्यहरूको प्रयोग गर्नाका साथै बुँदा र सूत्रात्मक शैलीको प्रयोग गरिएको छ । प्रत्येक कृतिको विश्लेषणमा एउटै पद्धतिको प्रयोग गरिएको यस पुस्तकभित्रका परिच्छेदहरूका विभिन्न शीर्षकहरूलाई कोष्ठकमा अङ्ग्रेजी भाषामा पनि दिइएको छ ।

४. निष्कर्ष

आधुनिक नेपाली कविताको इतिहास, भारतीय आधुनिक नेपाली गद्याख्यानको इतिहास, भारतीय आधुनिक नेपाली आख्यानेतर गद्यको इतिहास, भारतीय आधुनिक नेपाली नाटकको इतिहास, आधुनिक नेपाली समालोचनाको इतिहास र *नेपाली भाषासाहित्यमा प्रचलित आन्दोलनहरू* गरी छ एकाइमा विभाजित प्रस्तुत पुस्तकमा मूलतः **शारदा** (वि.सं. १९९१) पत्रिकाको प्रकाशनपूर्वको समयावधिलाई पूर्वआधुनिक कालमा राखी विभिन्न विधाको विधागत इतिहास प्रस्तुत गरिएकोले यो पुस्तक मूलतः इतिहाससँग सम्बन्धित रहेको छ । आधुनिक नेपाली कविता, भारतीय आधुनिक नेपाली गद्याख्यान, भारतीय नेपाली आख्यानेतर गद्य, भारतीय आधुनिक नेपाली नाटक, आधुनिक नेपाली समालोचना आदिको इतिहासका साथै नेपाली भाषा साहित्यमा प्रचलित आन्दोलनहरूका बारेमा समेत चर्चा गरिएको यस पुस्तकमा आधुनिक कालका विभिन्न धारा, मोड र प्रवृत्तिहरू प्रस्तुत गरिएको छ । नेपालका साथै भारतीय आधुनिक नेपाली साहित्यलाई समेत प्रस्तुत गरिएको यो पुस्तक सम्बन्धित विश्वविद्यालयको सम्बन्धित तहका लागि त उपयोगी छ नै यसबाहेक आधुनिक नेपाली साहित्यका विभिन्न विधाको इतिहासबारे जानकारी प्राप्त गर्न चाहनेहरूका लागि समेत निकै उपयोगी रहेको छ ।

७.४.४ देवकोटापूर्वका नेपाली कविता

१. परिचय

देवकोटापूर्वका नेपाली कविता नामक पुस्तक सन् २०१० मा Gauhati University Assam बाट प्रकाशित भएको हो । आवरण पृष्ठमा भानुभक्त आचार्य, मोतीराम भ§, लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, मोहन कोइरालालगायतका नेपाली साहित्यका प्रमुख कविहरूको तस्बिर राखिएको यो पुस्तक १२४ पृष्ठमा संरचित छ । यस पुस्तकको प्राक्कथनमा पुस्तकमा समाविष्ट सबै एकाइको सङ्क्षिप्त परिचय दिई समग्रमा यो पुस्तक कविता सिद्धान्त, नेपाली कविताको विकासप्रक्रिया तथा प्राथमिक र माध्यमिक कालीन प्रमुख कवि र तिनका विशिष्ट कृतिहरूको विश्लेषणमा केन्द्रित भएको र यसमा नेपाली कविताको इतिहासका

शीर्षस्थ व्यक्तित्व महाकवि लक्ष्मीप्रसाद देवकोटालाई केन्द्रमा राखेर त्यसभन्दा अगिका प्रमुख कविहरूको पहिचान गराइएको कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा क्रमशः एकाइ १ : *कविता सिद्धान्त*, एकाइ २ : *नेपाली कविताको विकासप्रक्रिया*, एकाइ ३ : *सुवानन्द दास, वसन्त शर्मा लुइटेल र भानुभक्त आचार्य*, एकाइ ४ : *मोतीराम भट्ट* र एकाइ ५: *लेखनाथ पौड्याल* गरी पाँच एकाइ रहेका छन् ।

२. विषयवस्तु

एकाइ १ : *कविता सिद्धान्त* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, कविताको परिचय, कविताको परिभाषा, कविताको वर्गीकरण, कविताका संरचक घटकहरू, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी सात उपशीर्षक रहेका छन् । यसमा सर्वप्रथम यो एकाइ पढाउनाको उद्देश्य प्रस्तुत गरिएको छ । त्यसपछि *कविताको परिचय* उपशीर्षकमा कविताको व्युत्पत्ति, अर्थ आदि केलाइएको छ । *कविताको परिभाषा* उपशीर्षकमा संस्कृत साहित्यमा, पश्चिमी साहित्यमा र नेपाली साहित्यमा गरिएका कवितासम्बन्धी परिभाषाहरू प्रस्तुत गरिएको छ । *कविताको वर्गीकरण* उपशीर्षकअन्तर्गत कवितालाई परम्परित र आधुनिक गरी दुई भागमा वर्गीकरण गर्दै कविताको परम्परित वर्गीकरणमा पूर्वीय र पाश्चात्य दुवैतिर गरिएको कविताको वर्गीकरण प्रस्तुत गरिएको छ भने कविताको आधुनिक वर्गीकरणअन्तर्गत कवितालाई प्रगीतात्मक, आख्यानात्मक र नाटकीय गरी तिन प्रकारमा वर्गीकरण गरेर ती सबैको परिचय दिइएको छ । त्यसभन्दा पछि *कविताका संरचक घटकहरू*मा वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यासका बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ । *उपसंहार* उपशीर्षकअन्तर्गत सबै कवितामा सबै संरचक घटकहरू एकसाथ नआउने तथा कतिपय घटकहरू कुनै प्रकारको कवितामा प्रमुख र कुनैमा गौण रूपमा आउने कुरा प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्रीसूची* दिइएको छ । कविताको सैद्धान्तिक स्वरूपको पहिचानका लागि यो एकाइ निकै महत्वपूर्ण रहेको छ ।

एकाइ २ : *नेपाली कविताको विकासप्रक्रिया* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, परिचय, नेपाली कविताको काल विभाजन, नेपाली कविताको प्राथमिक काल, नेपाली कविताको माध्यमिक काल, नेपाली कविताको आधुनिक काल, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी सात उपशीर्षक रहेका छन् । प्रारम्भमा यो एकाइ पढाउनाको उद्देश्य प्रस्तुत गरिएको छ भने त्यसपछिको *परिचय*मा नेपाली कविताको काल विभाजनबारे परिचय दिइएको छ । त्यसपछि *नेपाली कविताको काल विभाजन* उपशीर्षकमा नेपाली कविताको विकासक्रमलाई प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल गरी विभाजन गरिएको छ । प्राथमिक काल (सुरुदेखि १९४० सम्म) लाई पूर्वार्ध चरण : वीरधारा (सुरुदेखि १९७१ सम्म) र उत्तरार्ध चरण : भक्तिधारा (१८७२ देखि १९४०) तथा माध्यमिक काललाई पूर्वार्ध चरण : शृङ्गारिक धारा (१९४१ देखि १९७४) र उत्तरार्ध चरण : शास्त्रीयतावादी धारा (१९७५ देखि १९९१) तथा आधुनिक काल (१९९१ देखि यता) लाई स्वच्छन्दतावादी धारा (१९९१ देखि २०१६), प्रयोगवादी धारा (२०१७ देखि २०३५) र समसामयिक धारा (२०३६ पछि) गरी विभिन्न कालखण्ड, धारा, उपधारामा विभाजन गरिएको छ । तिन कालखण्डमा विभाजित नेपाली कविताको विकासप्रक्रियाका प्रत्येक कालखण्डका कवि, तिनका काव्य र मूल प्रवृत्तिहरूको जानकारीसँगै विभिन्न कालमा देखापरेका धारा, उपधारा र मोडको निर्धारण गरी ती धारा, उपधारा र मोडहरूका मूलभूत काव्यप्रवृत्तिहरूको चर्चा गरिएको छ । *उपसंहार*मा उहिलेदेखि अहिलेसम्मका कविहरूलाई प्रवृत्तिका आधारमा विभिन्न धारामा समेटेर अध्ययन गर्ने परिपाटी रहेको तथा कतिपय कविले भिन्नभिन्न प्रवृत्तिका कविता सिर्जना

गरेका हुँदा त्यस्ता कविहरू भने एकभन्दा बढी धारामा पर्ने जानकारी गराउँदै नेपालभित्र मात्र नभएर नेपालबाहिर विभिन्न ठाउँमा बस्ने नेपालीहरूले पनि विभिन्न प्रकारका कविताहरूको सिर्जना गरी नेपाली कविताको क्षेत्रमा उल्लेखनीय योगदान पु¥याएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ । यो एकाइ सिङ्गो नेपाली कविताको इतिहासको प्रस्तुतिमा केन्द्रित रहेको छ ।

एकाइ ३ : *सुवानन्द दास, वसन्त शर्मा लुइटेल र भानुभक्त आचार्य* शीर्षकअन्तर्गत क्रमश : *सुवानन्द दास, वसन्त शर्मा लुइटेल* र *भानुभक्त आचार्य* गरी तिन उपएकाइ रहेका छन् ।

पहिलो उपएकाइ *सुवानन्द दास* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, सुवानन्द दासको परिचय, सुवानन्द दासका काव्यप्रवृत्ति, निर्धारित कविताको विश्लेषण* र *उपसंहार* गरी पाँच उपशीर्षक रहेका छन् । प्रारम्भमा यस उपएकाइको उद्देश्य दिइएको छ र त्यसपछि सुवानन्द दासको परिचय प्रस्तुत गरी उनका काव्य प्रवृत्तिको चर्चा गरिएको छ । पछिल्लो उपशीर्षकमा *पृथ्वीनारायण* कविताको शिल्पसंरचना, विषयवस्तु वा मूलभाव, परिवेश, उद्देश्य र दृष्टिबिन्दु, भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गरी उपसंहारमा प्रगीतात्मक संरचनाको ढाँचामा संरचित लोकछन्दको परम्परालाई अनुसरण गरी आलङ्कारिक रूपमा पृथ्वीनारायण शाहको वीरतापूर्ण व्यक्तित्वको वर्णन गरिएको यो कविता नेपाली भाषाको पहिलो कविता भएको र नेपाली कविताको विकासप्रक्रियामा यसको ऐतिहासिक महत्व रहेको कुरा प्रस्तुत गरिएको छ ।

दोस्रो उपएकाइ *वसन्त शर्मा लुइटेल* शीर्षकको संरचनाअन्तर्गत *वसन्त शर्मा लुइटेलको परिचय, वसन्त शर्मा लुइटेलका काव्य प्रवृत्ति, श्रीकृष्ण चरित्र काव्यको विश्लेषण* र *उपसंहार* गरी चार उपशीर्षक रहेका छन् । सुरूमा वसन्त शर्मा लुइटेलको परिचय दिँदै उनको जन्म र जन्मस्थानसम्बन्धी रहेको विवाद र उनका कृतिहरूको बारेमा सामान्य जानकारी गराइएको छ । त्यसभन्दा पछि नेपाली कवितालाई वीरधाराबाट भक्तिधारातर्फ मोड्ने प्रथम र विशिष्ट कवि लुइटेलका काव्यप्रवृत्तिहरूको चर्चा गर्दै नेपाली कविताको इतिहासमा पहिलो आख्यानात्मक कृति **श्रीकृष्ण चरित्र** काव्यको विभिन्न कोणबाट विश्लेषण गरिएको छ । *उपसंहार*मा पौराणिक कथानकलाई मौलिकताका साथ पुरै नेपालीपनमा ढालेर एउटै शास्त्रीय छन्दको प्रयोग गरी सरल र सहज भाषाशैलीमा अत्यन्त लयात्मक र गेयात्मक तरिकाले प्रस्तुत गरिएको यो कृति नेपाली आख्यानात्मक कविताको इतिहासमा कोसेढुङ्गो तथा कृष्णभक्ति धाराको सर्वोत्तम उपलब्धि भएको कुरा प्रस्तुत गरिएको छ ।

तेस्रो उपएकाइ *भानुभक्त आचार्य* शीर्षकको संरचनाअन्तर्गत *भानुभक्त आचार्यको परिचय, भानुभक्त आचार्यको काव्य प्रवृत्ति, भानुभक्त आचार्यका रामायणको विश्लेषण, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी पाँच उपशीर्षक रहेका छन् । यस एकाइको प्रारम्भमा भानुभक्त आचार्यको परिचय दिई त्यसपछि सरल, सहज र प्रवाहपूर्ण भाषाको प्रयोग गर्ने तथा रामभक्तिलाई विशेष महत्ताका साथ प्रस्तुत गर्ने आचार्यका प्रमुख काव्य प्रवृत्तिको चर्चा गरिएको छ । *भानुभक्त आचार्यका रामायणको विश्लेषण* उपशीर्षकमा विभिन्न कोणबाट रामायणको विश्लेषण गरी *उपसंहार*मा पौराणिक विषयवस्तुमा आधारित रहेर सरल र सहज भाषाशैलीमा अत्यन्त लयात्मक र गेयात्मक पाराले विषयवस्तु प्रस्तुत गरिएको भक्ति र दर्शनको समन्विति पाइने **रामायण** भक्तिधाराको सर्वोत्तम उपलब्धिका साथै नेपालीको लोकप्रिय महाकाव्य बन्न पुगेको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ४ : *मोतीराम भट्ट* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, मोतीराम भट्टको परिचय, मोतीराम भट्टका काव्य प्रवृत्ति, पिकदूत काव्यको विश्लेषण, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । यस एकाइको प्रारम्भमा एकाइका उद्देश्यहरू प्रस्तुत गरी त्यसभन्दा पछि मोतीराम भट्टको परिचय दिइएको छ । *मोतीराम भट्टका काव्य प्रवृत्ति* उपशीर्षकमा नेपाली कविताको माध्यमिक काल तथा शृङ्गारिक धाराका प्रवर्तक भट्टका काव्यप्रवृत्तिहरूको चर्चा गर्दै विभिन्न कोणबाट **पिकदूत** काव्यको विश्लेषण गरिएको छ । *उपसंहार*मा शास्त्रीय छन्दमा संस्कृत शास्त्रीय दृष्टिकोण अँगाली चरीलाई दूत बनाएर दूतकाव्यका रूपमा प्रगीतात्मक संरचनामा आबद्ध गरी लेखिएको यो कृति एउटा शिष्ट एवं उत्कृष्ट शृङ्गारिक कविता भएको र यस कृतिलाई मोतीरामको मात्र नभई सिङ्गो माध्यमिक कालीन शृङ्गारिक धाराकै महत्वपूर्ण कृति मान्नुपर्ने कुरा प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ५ : *लेखनाथ पौड्याल* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, लेखनाथ पौड्यालको परिचय, लेखनाथ पौड्यालका काव्य प्रवृत्ति, तरुणतपसी काव्यको विश्लेषण, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । एकाइको सुरुमा उक्त एकाइ पढाउनका उद्देश्यहरू प्रस्तुत गरी *लेखनाथ पौड्यालको परिचय* उपशीर्षकमा लेखनाथको परिचय दिइएको छ । त्यसपछि शृङ्गारिक कविता लेखनका साथै शास्त्रीयतावादी धाराका प्रवर्तक पौड्यालका काव्य प्रवृत्तिहरूको चर्चा गर्दै **तरुणतपसी** काव्यको विभिन्न कोणबाट विश्लेषण गरिएको छ । यो काव्य बृहत् आख्यानात्मक काव्य नभएर सूक्ष्म आख्यानात्मक संरचनायुक्त काव्य भएको कुरा प्रस्तुत गरी *उपसंहार*मा यस काव्यको शीर्षकले तरुको जीवनी, लेखनाथको जीवनी तथा मानव समाजको गाथालाई पनि सङ्केत गर्ने बताउँदै परिष्कृत भाषाशैलीय विन्यासमा आबद्ध गरी सन्देशमूलक ढङ्गबाट आध्यात्मिक सामाजिक विषयवस्तुलाई प्रस्तुत गरिएको उक्त काव्य परिष्कारवादी कवि पौड्यालको उल्लेख्य लघु आख्यानात्मक संरचनायुक्त कृति भएको बताइएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

३. भाषाशैली

देवकोटापूर्वका नेपाली कविता नामक प्रस्तुत पुस्तकको भाषा स्तरअनुरूप रहेको छ । यस पुस्तकमा सरल वाक्यहरूको प्रयोग गर्नाका साथै विषयवस्तुको प्रस्तुतिमा बुँदा र सूत्रात्मक शैलीको प्रयोग गरिएको छ । प्रत्येक कृतिको विश्लेषणमा संरचनावादी पद्धतिको प्रयोग गरिएको यस पुस्तकभित्रका हरेक परिच्छेदहरूका विभिन्न शीर्षकहरूलाई भने कोष्ठकमा अङ्ग्रेजीमा समेत दिइएको छ ।

४. निष्कर्ष

कविता सिद्धान्त, नेपाली कविताको विकासप्रक्रिया, सुवानन्द दास, वसन्त शर्मा लुइटेल र भानुभक्त आचार्य, मोतीराम भट्ट, लेखनाथ पौड्याल गरी पाँच एकाइमा संरचित **देवकोटापूर्वका नेपाली कविता** नामक पुस्तकमा कविता सिद्धान्त, नेपाली कविताको विकासप्रक्रिया तथा प्राथमिक र माध्यमिककालीन प्रमुख कवि र तिनका विशिष्ट कृतिहरूको विश्लेषण गरिएको छ । यस पुस्तकमा सिद्धान्त र प्रयोगको सुन्दर संयोजन र नेपाली कविताका इतिहासको स्पष्ट दिग्दर्शन दिइएको छ । नेपाली कविताको इतिहासमा आधुनिक कालको थालनीका बारेमा विभिन्न विवादित मतहरू रहे तापनि यस पुस्तकमा भने देवकोटाको आगमन र स्वच्छन्दतावादको प्रारम्भसँगै आधुनिक कालको प्रारम्भ भएको कुरा किटानीका साथ प्रस्तुत गरिएको छ ।

कविताको सिद्धान्तसहित विकासक्रम प्रस्तुत गर्दै विभिन्न कालका प्रतिनिधि कवि, तिनका काव्य प्रवृत्ति र काव्यहरूको विश्लेषण गरिएको यो पुस्तक सम्बन्धित तहका विद्यार्थीका लागि त उपयोगी छ नै यसका साथै कविता विधाको इतिहासबारे इच्छुक सबैका लागि पनि त्यत्तिकै उपयोगी रहेको छ ।

७.४.५ देवकोटाउत्तरका नेपाली कविता

१. परिचय

देवकोटाउत्तरका नेपाली कविता नामक प्रस्तुत पुस्तक सन् २०१० मा Gauhati University Assam बाट प्रकाशित भएको हो । आवरण पृष्ठमा भानुभक्त आचार्य, मोतीराम भ§, लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, मोहन कोइरालालगायतका नेपाली साहित्यका प्रमुख कविहरूको तस्बिर रहेको १०० पृष्ठमा संरचित छ । यस पुस्तकको प्राक्कथनमा पुस्तकमा समाविष्ट सबै एकाइको सङ्क्षिप्त परिचय दिई यो पुस्तक नेपाली कविताको आधुनिक कालीन विभिन्न धारासँग सम्बद्ध प्रमुख कवि र तिनका विशिष्ट कृतिहरूको विशिष्ट विश्लेषणमा केन्द्रित भएको कुरा उल्लेख गरिएको छ । यस पुस्तकका क्रमश : एकाइ १ : *लक्ष्मीप्रसाद देवकोटा*, एकाइ २ : *बालकृष्ण सम*, एकाइ ३ : *गोपालप्रसाद रिमाल र भूपि शेरचन*, एकाइ ४ : *तुलसी अपतन र पुष्पलाल उपाध्याय*, एकाइ ५ : *हरिभक्त कटुवाल र अगमसिंह गिरी* गरी पाँच एकाइ रहेका छन् ।

२. विषयवस्तु

एकाइ १ : *लक्ष्मीप्रसाद देवकोटा* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, लक्ष्मीप्रसाद देवकोटाको परिचय, लक्ष्मीप्रसाद देवकोटाका काव्यप्रवृत्ति, मुनामदन खण्डकाव्यको विश्लेषण, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । प्रारम्भमा यस एकाइका उद्देश्यहरू प्रस्तुत गरी त्यसभन्दा पछि देवकोटाको जीवनीगत परिचय दिइएको छ । *लक्ष्मीप्रसाद देवकोटाका काव्यप्रवृत्ति* उपशीर्षकमा असङ्ख्य काव्यकृतिका स्रष्टा देवकोटा नेपाली कवितालाई आधुनिकतातर्फ अभिमुख गराउने अतुलनीय र विशिष्ट प्रतिभा भएको बताउँदै स्वच्छन्दतावादी धाराका प्रवर्तक देवकोटाका प्रमुख काव्य प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ । त्यसभन्दा पछि *मुनामदन खण्डकाव्यको विश्लेषण* उपशीर्षकमा **मुनामदन** खण्डकाव्यको विभिन्न कोणबाट विश्लेषण गरिएको छ र *उपसंहार*मा यस काव्यले मानिसले मानिसलाई मानिसकै रूपमा हेर्ने मानवतावादी सन्देश प्रसारित गरेको कुरासँगै यो जत्तिको सफल र सशक्त अर्को खण्डकाव्य नेपालीमा अझै नलेखिएको कुरा प्रस्तुत गरी सुन्दरता हेर्ने वस्तु हो, छुने वस्तु होइन, छोएमा त्यसको नास हुन्छ भन्ने सन्देश पनि यस काव्यबाट पाइने कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ २ : *बालकृष्ण सम* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, बालकृष्ण समको परिचय, बालकृष्ण समका काव्य प्रवृत्ति, आगो र पानीको विश्लेषण, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । यस एकाइमा सर्वप्रथम प्रस्तुत एकाइ पढाउनका उद्देश्यहरूबारे जानकारी गराई त्यसभन्दा पछि बालकृष्ण समको परिचय प्रस्तुत गरिएको छ । *बालकृष्ण समका काव्यप्रवृत्ति* उपशीर्षकअन्तर्गत प्रगीतात्मक र आख्यानात्मक संरचनामा आबद्ध शास्त्रीय र मुक्त छन्द दुवैमा कविताको सिर्जना गर्ने समका काव्य प्रवृत्तिको चर्चा गर्दै *आगो र पानीको विश्लेषण* उपशीर्षकमा विभिन्न कोणबाट **आगो र पानी** काव्यको विश्लेषण गरिएको छ । *उपसंहार*मा **आगो र पानी**लाई मुख्य विषयवस्तु वा भावभूमि बनाएर ज्ञान, विज्ञान, दर्शनका साथै मानव इतिहासलाई कवितात्मक बान्कीमा उनिएको यो एउटा बौद्धिक कृति भएको तथा

द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण प्रस्तुत गरी अन्ततः मानवतावादी चिन्तनको विकास गर्नुपर्ने धारणा अघि सारिएको प्रगीतात्मक संरचनायुक्त यस कृतिलाई प्रगतिवादी कित्तामा दर्न सकिने कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ३ : *गोपालप्रसाद रिमाल र भूपि शेरचन* शीर्षकअन्तर्गत *गोपालप्रसाद रिमाल र भूपि शेरचन* गरी दुई उपएकाइ रहेका छन् ।

पहिलो उपएकाइ *गोपालप्रसाद रिमाल* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, गोपालप्रसाद रिमालको परिचय, गोपालप्रसाद रिमालका काव्य प्रवृत्ति, गोपालप्रसाद रिमालका निर्धारित कविताहरूको विश्लेषण* र *उपसंहार* गरी पाँच उपशीर्षक रहेका छन् । प्रारम्भमा यो एकाइ पढाउनका उद्देश्यबारे जानकारी गराइ त्यसपछि गोपालप्रसाद रिमालको परिचय प्रस्तुत गरिएको छ । *गोपालप्रसाद रिमालका काव्य प्रवृत्ति* उपशीर्षकमा गद्य कविता लेखनका प्रारम्भकर्ता तथा नेपाली कविताको आधुनिक कालका प्रवर्तक मध्येका एक उल्लेख्य कवि रिमालका काव्यप्रवृत्तिहरूको चर्चा गर्दै त्यसभन्दा पछि *गोपालप्रसाद रिमालका निर्धारित कविताको विश्लेषण* उपशीर्षकअन्तर्गत **आमाको सपना** र **सान्त्वना** शीर्षकका प्रगीतात्मक संरचनायुक्त कविताहरूको विभिन्न कोणबाट विश्लेषण गरिएको छ । *उपसंहार*मा **आमाको सपना** नामक कविता एउटा क्रान्तिकारी पाराको उत्कृष्ट प्रगीतात्मक गद्य कविता भएको र **सान्त्वना** नामक कविता सहजतापूर्वक क्रान्तिकारी विद्रोही भाव र आशावादी स्वरको सशक्त अभिव्यक्ति गरिएको क्रान्तिकारी प्रगतिशील विचारधारामा केन्द्रित प्रगीतात्मक संरचनायुक्त गद्य कविता भएको कुरा प्रस्तुत गरिएको छ ।

दोस्रो उपएकाइ *भूपि शेरचन* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, भूपि शेरचनको परिचय, भूपि शेरचनका काव्यप्रवृत्ति, भूपि शेरचनका निर्धारित कविताको विश्लेषण* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी पाँच उपशीर्षक रहेका छन् । प्रारम्भमा उक्त उपएकाइ पढाउनका उद्देश्यहरू प्रस्तुत गर्दै त्यसभन्दा पछि भूपि शेरचनको परिचय प्रस्तुत गरिएको छ । *भूपि शेरचनका काव्यप्रवृत्ति* उपशीर्षकमा स्वच्छन्दतावादी कवि भूपि शेरचनका काव्य प्रवृत्तिहरूको चर्चा गर्दै *भूपि शेरचनका निर्धारित कविताको विश्लेषण* उपशीर्षकमा उनका प्रगीतात्मक संरचनायुक्त कविता **मेरो चोक** र **हामी** कविताको विभिन्न संरचक तत्त्वहरूका आधारमा विश्लेषण गरिएको छ । *उपसंहार*मा **मेरो चोक** कवितामा चोकको दुरावस्थालाई व्यङ्ग्यात्मक ढङ्गले अभिव्यक्त गरिएको र **हामी** कवितामा हिजोको गौरवशाली अस्तित्व समाप्त गर्दै पराश्रित बन्न पुगेको आजको नेपाली जातिप्रति व्यङ्ग्य गरिएको कुरा प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* प्रस्तुत गरिएको छ ।

एकाइ ४ *तुलसी अपतन र पुष्पलाल उपाध्याय* शीर्षकअन्तर्गत *तुलसी उपाध्याय* र *पुष्पलाल उपाध्याय* गरी २ उपएकाइ रहेका छन् ।

पहिलो उपएकाइ *तुलसी अपतन* शीर्षकको संरचनाअन्तर्गत उद्देश्य, तुलसी अपतनको परिचय, *तुलसी अपतनका काव्यप्रवृत्ति, कर्ण–कुन्ती खण्डकाव्यको विश्लेषण* गरी चार उपशीर्षक रहेका छन् । सुरुमा उक्त उपएकाइ पढाउनका उद्देश्यहरू प्रस्तुत गरी त्यसभन्दा पछि असममा जन्मिएका तुलसी अपतनको परिचय दिइएको छ । (तुलसीबहादुर क्षेत्री साहित्यका क्षेत्रमा तुलसी अपतन) *तुलसी अपतनका काव्यप्रवृत्ति* उपशीर्षकमा परिष्कारवादी काव्यधाराबाट आफ्नो कविता यात्रा प्रारम्भ गरेका अपतनका काव्य प्रवृत्तिहरूबारे

चर्चा गर्दै *कर्ण– कुन्ती खण्डकाव्यको विश्लेषण* उपशीर्षकमा आख्यानात्मक संरचनायुक्त **कर्ण- कुन्ती** काव्यको विभिन्न संरचक तŒवहरूका आधारमा विश्लेषण गरिएको छ । *उपसंहार*मा यस काव्यको उद्देश्य मातृस्नेह भन्दा कर्तव्य ठूलो हुन्छ भन्ने रहेको कुरा प्रस्तुत गरी परिमार्जित भाषाशैली तथा मुक्त छन्दमा आख्यानात्मक स्वरूपको **कर्ण-कुन्ती** नेपाली कविताको परिष्कारवादी कित्ताको महŒवपूर्ण कृति भएको कुरा प्रस्तुत गरिएको छ ।

दोस्रो उपएकाइ *पुष्पलाल उपाध्याय* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, पुष्पलाल उपाध्यायको परिचय, पुष्पलाल उपाध्यायका काव्य प्रवृत्ति, पुष्पलाल उपाध्यायका निर्धारित कविताको विश्लेषण, थप अध्ययनका लागि सन्दर्भ सामग्री* गरी पाँच उपशीर्षक रहेका छन् । प्रारम्भमा उक्त उपएकाइ पढाउनका उद्देश्य प्रस्तुत गरी त्यसपछि असममा जन्मिएका पुष्पलाल उपाध्यायको परिचय दिँदै उनका काव्य प्रवृत्तिको बारेमा चर्चा गरिएको छ । *पुष्पलाल उपाध्यायका निर्धारित कविताको विश्लेषण* उपशीर्षकअन्तर्गत **देशप्राण देशरत्न** र **बिचरा !** कविताको विश्लेषण गर्दै *उपसंहार*मा **देशप्राण देशरत्न** राष्ट्रवादी भावनाले ओतप्रोत प्रगीतात्मक संरचनामा आबद्ध पद्य कविता भएको र **बिचरा !** कविता एउटा गरिब मगन्तेको दैनन्दिन र कारुणिक अवस्थाको चित्रण गरिएको लयात्मक र गेयात्मक गुणले ओतप्रोत मार्मिक एवं कारुणिक भावयुक्त प्रगीतात्मक संरचनामा आबद्ध कविता भएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ५ : *हरिभक्त कटुवाल र अगमसिंह गिरी* शीर्षकअन्तर्गत *हरिभक्त कटुवाल* र *अगमसिंह गिरी* गरी दुई उपशीर्षक रहेका छन् ।

पहिलो उपएकाइ *हरिभक्त कटुवाल* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, हरिभक्त कटुवालको परिचय, हरिभक्त कटुवालका काव्यप्रवृत्ति, हरिभक्त कटुवालका निर्धारित कविताको विश्लेषण* र *उपसंहार* गरी पाँच उपशीर्षक रहेका छन् । प्रारम्भमा उक्त एकाइ पढाउनका उद्देश्य प्रस्तुत गरिएको छ । त्यसपछि हरिभक्त कटुवालको परिचयसहित प्रयोगवादी कालमा पनि स्वच्छन्दतावादी धारालाई निरन्तरता दिने उल्लेख्य कवि कटुवालका काव्य प्रवृत्तिहरूको चर्चा गरिएको छ । *हरिभक्त कटुवालका निर्धारित कविताहरूको विश्लेषण* उपशीर्षकमा **रहर** र **यो जिन्दगी खै के जिन्दगी !** कविताको विभिन्न संरचक तŒवहरूका आधारमा विश्लेषण गरिएको छ । *उपसंहार*मा **रहर** कविता स्वच्छन्दतावादी ढङ्गबाट विद्रोही भाव प्रकट गर्दै परम्पराप्रति आक्रोस र विद्रोह तथा भविष्यप्रति आशावादी स्वर प्रकट गरिएको उत्कृष्ट व्यङ्ग्यधर्मी कविता भएको र **यो जिन्दगी खै के जिन्दगी !** युगीन विश्वमा व्याप्त भयावह स्थिति र मानवीय जीवनको क्षणिकता र निस्सारताको मार्मिक र कलात्मक अभिव्यक्ति गरिएको स्वच्छन्दतावादी भावधारामा आधारित व्यङ्ग्यधर्मी कविता भएको कुरा प्रस्तुत गरिएको छ ।

दोस्रो उपएकाइ *अगमसिंह गिरी* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, अगमसिंह गिरीको परिचय, अगमसिंह गिरीका काव्यप्रवृत्ति,* ***युद्ध र योद्धा*** *काव्यको विश्लेषण, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । सुरुमा यस उपएकाइ पढाउनका उद्देश्यबारे जानकारी दिँदै त्यसपछि अगमसिंह गिरीको परिचय प्रस्तुत गरिएको छ । *अगमसिंह गिरीका काव्यप्रवृत्ति* उपशीर्षकमा भारतीय नेपाली कविहरूमा स्वच्छन्दतावादी धाराका उल्लेख्य कवि गिरीका काव्यगत प्रवृत्तिहरूको चर्चा गरिएको छ ।

युद्ध र योद्धा *काव्यको विश्लेषण* उपशीर्षकमा **युद्ध र योद्धा** काव्यको विभिन्न संरचक तCवहरूका आधारमा विश्लेषण गरी *उपसंहार*मा युद्ध काव्यका रूपमा लिन सकिने यो काव्य नेपाली जातीय भावनालाई क्रान्तिकारी रङमा रङ्गयाएर सरल र सहज भाषिक विन्यासका साथ मुक्त छन्दमा लयात्मक पाराले लेखिएको केही लामो आयामको काव्य भएको कुरा प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

३. भाषाशैली

देवकोटाउत्तरका नेपाली कविता नामक प्रस्तुत पुस्तकको भाषा सम्बन्धित तहगत स्तर र क्षमता अनुकुल रहेको छ । सरल वाक्यहरूको प्रयोग गर्नका साथै विषयवस्तुको प्रस्तुतिमा बुँदा र सूत्रात्मक शैलीको प्रयोग गरिएको यस पुस्तकमा प्रस्तुत प्रत्येक कृतिको विश्लेषणमा एउटै पद्धतिको प्रयोग गरिएको छ । यसका साथै सबै ठाउँमा मानक नेपालीको प्रयोग पाइने यस पुस्तकभित्रका हरेक परिच्छेदहरूका विभिन्न शीर्षकहरूलाई कोष्ठकमा अङ्ग्रेजीमा समेत दिइएको छ ।

४. निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, गोपालप्रसाद रिमाल र भूपि शेरचन, तुलसी अपतन र पुष्पलाल उपाध्याय, हरिभक्त कटुवाल र अगमसिंह गिरी गरी छ परिच्छेदमा संरचित **देवकोटाउत्तरका नेपाली कविता** नामक पुस्तक समग्रमा नेपाली कविताको आधुनिक कालीन विभिन्न धारासँग सम्बद्ध प्रमुख कवि र तिनका विशिष्ट कृतिमा केन्द्रित रहेको छ । यस पुस्तकमा देवकोटाको आगमनसँगै स्वच्छन्दतावादी धाराबाट नेपाली कविताको इतिहासमा आधुनिक कालको प्रारम्भ भएको कुरा प्रस्तुत गर्दै देवकोटालाई केन्द्रमा राखी उनीभन्दा पछिका प्रमुख कवि र कविता काव्य तथा काव्यगत प्रवृत्तिको बारेमा जानकारी गराइएको छ । आधुनिक कालका देवकोटा, सम, गोपालप्रसाद रिमाल, भूपि शेरचन, तुलसी अपतन, पुष्पलाल उपाध्याय आदि नेपाल भित्र र नेपालबाहिर बसोबास गर्ने नेपाली कविहरूका काव्यगत प्रवृत्तिको चर्चा गर्दै निर्धारित काव्यहरूको विश्लेषण गरिएको यस पुस्तकमा प्रस्तुत सबै काव्यको विश्लेषणमा एकरूपता पाइन्छ । स्तरअनुरूपको विषयवस्तु र भाषाशैलीको प्रयोग गरिएको यो पुस्तक सम्बन्धित तहका शिक्षक विद्यार्थीका लागि अनिवार्य रहनाका साथै कवितासम्बन्धी जानकारी लिन चाहने सबैका लागि उपयोगी रहेको छ ।

७.४.६ मोहन कोइरालाउत्तरका नेपाली कविता

१. परिचय

प्रस्तुत **मोहन कोइरालाउत्तरका नेपाली कविता** सन् २०१० मा Gauhati University Assam बाट प्रकाशित भएको हो । आवरण पृष्ठमा भानुभक्त आचार्य, मोतीराम भS, लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, मोहन कोइरालालगायतका नेपाली साहित्यका प्रमुख कविहरूको तस्बिर राखिएको यो पुस्तक १०० पृष्ठमा संरचित छ । यस पुस्तकको प्राक्कथनमा पुस्तकमा समाविष्ट सबै एकाइको सङ्क्षिप्त परिचय दिई यो पुस्तक नेपाली कविताको आधुनिक कालीन विभिन्न धारासँग सम्बद्ध प्रमुख कवि र तिनका विशिष्ट कृतिहरूको विश्लेषणमा केन्द्रित यस पुस्तकमा मोहन कोइरालाको आगमनसँगै नेपाली कविताको इतिहासमा प्रयोगवादी धारा थालिएको हुँदा यस धाराका शीर्षस्थ व्यक्तित्व मोहन कोइरालालाई केन्द्रमा राखेर त्यसभन्दा

पछिका प्रमुख कवि र तिनका कृतिहरूको विश्लेषण गरिएको कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा एकाइ : १ मोहन कोइराला, एकाइ २ : वैरागी काइँला, एकाइ ३ : ओकिउयामा ग्वाइन र गोपीनारायण प्रधान, एकाइ ४ : दुर्गाप्रसाद घिमिरे, नव सापकोटा र अविनाश श्रेष्ठ, एकाइ ५ : युद्धवीर राणा, भविलाल लामिछाने, आलोक गौतम र राजेन्द्र भण्डारी गरी पाँच एकाइ रहेका छन् ।

२. विषयवस्तु

एकाइ १ *: मोहन कोइराला* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, मोहन कोइरालाको परिचय, मोहन कोइरालाका काव्य प्रवृत्ति, मोहन कोइरालाका निर्धारित कविताको विश्लेषण, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । एकाइको प्रारम्भमा उक्त एकाइ पढाउनका उद्देश्य प्रस्तुत गरी त्यसपछि मोहन कोइरालाको परिचय दिँदै *मोहन कोइरालाका काव्य प्रवृत्ति* उपशीर्षकमा आधुनिक नेपाली कविताको प्रयोगशील धाराका प्रवर्तक एवं विशिष्ट प्रयोगधर्मी गद्य कवि कोइरालाका काव्यप्रवृत्ति र उनको काव्ययात्रा प्रस्तुत गरिएको छ । *मोहन कोइरालाका निर्धारित कविताको विश्लेषण* उपशीर्षकमा *घाइते युग* र *फर्सीको जरा* कविताको विभिन्न कोणबाट विश्लेषण गरी *उपसंहार*मा *घाइते युग* कविताले विसङ्गतिका बीचबाट सङ्गतिको खोजी गरी मानवीय मूल्य र अस्मिताको उत्थान एवं जगेर्ना गर्ने सन्देश प्रवाहित गरेको तथा *फर्सीको जरा* कविताले विसङ्गतिका माझबाट अस्तित्वको खोजी निरन्तर गरिरहनुपर्ने विचार प्रकट गरेको कुरा प्रस्तुत गरिएको छ र एकाइको अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ २ : *वैरागी काइँला* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, वैरागी काइँलाको परिचय, वैरागी काइँलाका काव्य प्रवृत्ति, वैरागी काइँलाका निर्धारित कविताको विश्लेषण, उपसंहार* र थप *अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । प्रारम्भमा उक्त एकाइका उद्देश्यहरू प्रस्तुत गरी त्यसभन्दापछि वैरागी काइँलाको परिचय दिँदै आयमेली संस्थापकत्रय मध्येका काइँलाका काव्यगत प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ । *वैरागी काइँलाका निर्धारित कविताको विश्लेषण* उपशीर्षकअन्तर्गत *मातेको मान्छेको भाषण : मध्यरातपछिको सडकसित* र *पर्वत* कविताको विभिन्न कोणबाट विश्लेषण गरिएको छ । *उपसंहार*मा *मातेको मान्छेको भाषण : मध्यरातपछिको सडकसित* कवितामा सहरीया विद्रुपता र रातभर हुने दुराचारी वृत्तिको आक्रोसपूर्ण चित्रणका साथै विश्वको सङ्कीर्णताप्रति विद्रोहात्मक भाव व्यक्त गरिएको तथा *पर्वत* कवितामा आफ्नो जीवनका लक्ष्यप्राप्तिका लागि सदैव अग्रगमनतर्फ क्रियाशील रहनुपर्छ भन्ने भाव ध्वनित भएको कुरा प्रस्तुत गरिएको छ र एकाइको अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ३ : *ओकिउयामा ग्वाइन र गोपीनारायण प्रधान* शीर्षकअन्तर्गत *ओकिउयामा ग्वाइन* र *गोपीनारायण प्रधान* गरी दुई उपएकाइ रहेका छन् ।

पहिलो उपएकाइ *ओकिउयामा ग्वाइन* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, ओकिउयामा ग्वाइनको परिचय, ओकिउयामा ग्वाइनका काव्यप्रवृत्ति, ओकिउयामा ग्वाइनका निर्धारित कविताको विश्लेषण, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी पाँच उपशीर्षक रहेका छन् । प्रारम्भमा यो एकाइ पढाउनका उद्देश्यहरू प्रस्तुत गरी त्यसभन्दा पछि हङ्कङमा जन्मिएका ओकिउयामा ग्वाइनको परिचय दिँदै उनका काव्यप्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ । *ओकिउयामा ग्वाइनका निर्धारित कविताको विश्लेषण* उपशीर्षकअन्तर्गत *अधूरो* र *उज्यालोको अवदान* गरी दुईवटा कविताको विश्लेषण गरी *उपसंहार*मा *अधूरो* नामको कविता स्वच्छन्दतावादी, रहस्यवादी भावधारामा आधारित जीवनको क्षणिकता प्रस्तुत गरिएको गद्य

कविता भएको तथा *उज्यालोको अवदान* सपना र विपनाको विभेदसम्बन्धी भावलाई स्वच्छन्दतावादी ढङ्गबाट मुक्त छन्दमा प्रस्तुत गरिएको प्रगीतात्मक संरचनामा आबद्ध गद्य कविता भएको कुरा प्रस्तुत गरिएको छ ।

दोस्रो उपएकाइ *गोपीनारायण प्रधान* शीर्षकको संरचनाअन्तर्गत *उद्देश्य, गोपीनारायण प्रधानको परिचय, गोपीनारायण प्रधानका काव्यप्रवृत्ति, गोपीनारायण प्रधानका निर्धारित कविताको विश्लेषण, थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी पाँच उपशीर्षक रहेका छन् । सर्वप्रथम एकाइका उद्देश्यहरू प्रस्तुत गरी त्यसभन्दा पछि दार्जिलिङमा जन्मिएका गोपीनारायण प्रधानको परिचयसँगै उनका काव्यगत प्रवृत्तिहरूको चर्चा गरिएको छ । *गोपीनारायण प्रधानका निर्धारित कविताको विश्लेषण* उपशीर्षकअन्तर्गत *विश्वासघात* र *ब्रह्मपुत्रले बोगिबिल बगायो !* कविताको विश्लेषण गरी *उपसंहार*मा *विश्वासघात* कविता धर्तीमा असल र खराब दुवै प्रकारका मानिस हुने हुनाले अरूको कुभलो चिताउने दुष्टहरूको अन्त्य भएरै छाड्छ भन्ने सन्देश प्रवाहित गरिएको प्रगीतात्मक संरचनामा आबद्ध गद्य कविता भएको र *ब्रह्मपुत्रले बोगिबिल बगायो !* कविता एउटा सिङ्गो बस्तीलाई नै बगाएर समाप्त पार्ने नदीको उग्र रूपको चित्रणका माध्यमबाट प्रकृति र समाज दुवैतिर हुने दर्दनाक परिस्थितिको चित्रण गरिएको प्रगीतात्मक संरचनामा आबद्ध स्वच्छन्दतावादी धाराको उल्लेख्य गद्य कविता भएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ४ : *दुर्गाप्रसाद घिमिरे, नव सापकोटा र अविनाश श्रेष्ठ*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, दुर्गाप्रसाद घिमिरे, नव सापकोटा, अविनाश श्रेष्ठ* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी पाँच उपशीर्षक रहेका छन् । एकाइको प्रारम्भमा उक्त एकाइ पढाउनका उद्देश्यहरू प्रस्तुत गरिएको छ । दोस्रो उपशीर्षक *दुर्गाप्रसाद घिमिरे*अन्तर्गत असममा जन्मिएका दुर्गाप्रसाद उपाध्याय घिमिरेको परिचयसहित उनका काव्यप्रवृत्तिहरूको बारेमा चर्चा गर्दै *मेरो आँगन* र *चक्रब्यूह* कविताको विश्लेषण गरी *उपसंहार*मा *मेरो आँगन* कवितामा प्रतीकात्मक रूपमा इमान्दारीपूर्वक राजनीति गर्छु भन्नेहरू टिक्न नसक्ने र जो बाङ्गोटिङ्गो हिँड्न जान्दछ ऊ सजिलै राजनीति गर्न सक्छ भन्ने कुरा प्रस्तुत गर्नाका साथै *चक्रब्यूह* कवितामा समस्यै समस्याको चक्रब्यूहबाट गुज्रिरहको वर्तमान मानव जीवनका जटिलता र समस्याहरूलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । तेस्रो उपशीर्षक *नव सापकोटा*अन्तर्गत गौहाटीमा जन्मिएका नव सापकोटाको परिचय दिई उनका काव्यप्रवृत्तिहरूको चर्चा गर्दै *वैशाख आउँछ* र *मदिरा होइन मेरो पसिना* कविताको विश्लेषण गरिएको छ र *उपसंहार*मा *वैशाख आउँछ* कविताका माध्यमबाट वैशाखमा सबैतिर हराभरा भए झैँ मानव जीवनमा पनि दुख कष्ट पछि सुखका दिन अवश्य आउँछन् भन्ने आशावादी, जीवनवादी स्वर व्यक्त गरिएको तथा *मदिरा होइन मेरो पसिना* कविताका माध्यमबाट समाजमा प्रचलित सामन्तीवृत्ति र श्रम शोषणको विरोध गरिएको कुरा प्रस्तुत गरिएको छ । चौथो उपशीर्षक *अविनाश श्रेष्ठ*अन्तर्गत अविनाश श्रेष्ठको परिचय र उनका काव्यप्रवृत्तिको चर्चा गर्दै उनका *कुन्नि कुन अपरिचित गाउँकी नयनतारा बरुवा* र *जङ्गल : एउटा सलिलक्की* कविताको विश्लेषण गरिएको छ । *उपसंहार*मा *कुन्नि कुन अपरिचित गाउँकी नयनतारा बरुवा* कवितामा ब्यष्टिमा अमूक प्रेमीप्रमिकाको प्रसङ्ग र समष्टिमा जातीय प्रेमपीडाका सन्दर्भलाई प्रस्तुत गरिएको तथा *जङ्गल : एउटा सलिलक्की* कवितामा वनविनासप्रति चिन्ता प्रस्तुत गर्दै यसबाट मानव जीवनको पनि समाप्त हुने हुनाले वनविनास रोक्नुपर्ने कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ५ : *युद्धवीर राणा, भविलाल लामिछाने, आलोक गौतम र राजेन्द्र भण्डारी*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, युद्धवीर राणा, भविलाल लामिछाने, आलोक गौतम, राजेन्द्र भण्डारी* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । एकाइको प्रारम्भमा उक्त एकाइ पढाउनका उद्देश्यहरू प्रस्तुत गरिएको छ भने त्यसभन्दापछि *युद्धवीर राणा* उपशीर्षकअन्तर्गत युद्धवीर राणाको परिचयसहित उनका काव्यप्रवृत्तिहरूको चर्चा गर्दै *चिहान नपाएका तक्माहरू* कविताको विश्लेषण गरिएको छ र *उपसंहार*मा भारतीय नेपालीहरूको जनजीवनमा आधारित यस काव्यले मानिसका निम्ति बाहिरी भौतिक सुख सुविधाभन्दा पनि उसको आत्माभिमान महत्वपूर्ण हुन्छ भन्ने कुरामा जोड दिइएको कुरा प्रस्तुत गरिएको छ । तेस्रो उपशीर्षक *भविलाल लामिछाने*अन्तर्गत भविलाल लामिछानेको परिचयसँगै उनका काव्य प्रवृत्तिहरूको चर्चा गरी *ईश्वरको मृत्यु* र *घामले आत्महत्या गर्दछ* कविताको विश्लेषण गरिएको छ र *उपसंहार*मा *ईश्वरको मृत्यु* कवितामा पुरानो चिन्तनको प्रतिस्थापन गर्दै मानव केन्द्रित संसारको परिकल्पना गरिएको तथा *घामले आत्महत्या गर्दछ* कवितामा आजको यान्त्रिक जीवनको निस्सारता र व्यर्थतालाई मार्मिक ढङ्गले चित्रण गरिएको कुरा प्रस्तुत गरिएको छ । चौथो उपशीर्षक *आलोक गौतम*अन्तर्गत आलोक गौतमको परिचयसहित उनका काव्यप्रवृत्तिहरूको चर्चा गर्दै *दश* र *पचपन्न* कविताको विश्लेषण गरिएको छ र *उपसंहार*मा *दश* कवितामा मानवको एउटा जीवन विकासको क्रममा देखापर्ने भोगाइका नियतिहरूलाई देखाइएको तथा *पचपन्न* कवितामा मानवीय जीवनका भोगाइ एवं समाज विकासको क्रममा मानवले आत्मसाथ गरेका अनेक मोडहरूको जानकारी गराइएको कुरा प्रस्तुत गरिएको छ । अर्को उपशीर्षक *राजेन्द्र भण्डारी*अन्तर्गत राजेन्द्र भण्डारीको परिचयसहित उनका काव्य प्रवृत्तिहरूको चर्चा गर्दै *मेरो जन्मदिन र बा* र *शब्दहरूको पुनर्वास* कविताको विश्लेषण गरिएको छ र *उपसंहार*मा *मेरो जन्मदिन* र *बा* कविता समाजमा घटित भै-झगडा, बलत्कार, हत्या, हिंसा, अपहरण आदिलाई प्रतीकात्मक एवं व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको युगजीवनको ज्वलन्त प्रस्तुति भएको तथा शब्दहरूको पुनर्वास कवितामा आज चेतनाको सन्त्रास बढेको र यो विष्फोटको अवस्थामा पुगेको भाव व्यक्त भएको कुरा प्रस्तुत गरी एकाइको अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

३. भाषाशैली

मोहन कोइरालाउत्तरका नेपाली कविता पुस्तकको भाषा स्तर अनुरूप सुहाउँदो र उपयुक्त किसिमको रहेको छ । विषयवस्तुको प्रस्तुतिमा सरल शब्दहरूको प्रयोग गर्नका साथै सूत्रात्मक शैलीको प्रयोग गरिएको छ । नेपाल बाहिरबाट प्रकाशित यस पुस्तकमा केही ठाउँमा अङ्ग्रेजी शब्दहरूको प्रयोग बाहेक विषयवस्तुको प्रस्तुतिमा मानक नेपाली भाषाको प्रयोग गरिएको छ ।

४. निष्कर्ष

मोहन कोइराला, वैरागी काइँला, ओकिउयामा ग्वाइन र गोपीनारायण प्रधान, दुर्गाप्रसाद धिमिरे, नव सापकोटा र अविनाश श्रेष्ठ, युद्धवीर राणा, भविलाल लामिछाने, आलोक गौतम र राजेन्द्र भण्डारी गरी पाँच एकाइमा विभाजित **मोहन कोइरालाउत्तरका नेपाली कविता** नामक पुस्तक मोहन कोइरालाको आगमनसँगै नेपाली कविताको इतिहासमा प्रयोगवादी धारा थालिएको हुँदा यस धाराका शीर्षस्थ कवि मोहन कोइरालालाई

केन्द्रमा राखेर उनीभन्दा पछिका प्रमुख कवि तिनका काव्यगत प्रवृत्ति र निर्धारित कविताको विश्लेषणमा केन्द्रित रहेको छ । आधुनिक कालअन्तर्गत मोहन कोइरालापछिका वैरागी काइँला, ओकिउयामा ग्वाइन, गोपीनारायण प्रधान, नव सापकोटा आदि नेपालभित्र र नेपालबाहिर विभिन्न ठाउँमा रहेका नेपाली कविहरूको परिचयसहित तिनीहरूका काव्यप्रवृत्ति र कविता काव्यहरूको विश्लेषण गरिएको यो पुस्तक सम्बन्धित विश्वविद्यालयका सम्बन्धित तहका शिक्षक, विद्यार्थीका लागि त अनिवार्य छ नै यसका साथै कवितासम्बन्धी अध्ययन गर्न चाहनेहरूका लागि उपयोगी रहेको छ । नेपालभित्र मात्र सीमित नभई नेपालबाहिर विभिन्न क्षेत्रमा बसोबास गर्ने नेपाली कविहरूलाई पनि समेट्नु यस पुस्तकको उल्लेखनीय पक्ष हो ।

७.४.७ समपूर्वका नेपाली नाटक

१. परिचय

प्रस्तुत **समपूर्वका नेपाली नाटक** नामक पुस्तक २०१० मा Gauhati University Assam बाट प्रकाशित भएको हो । आवरण पृष्ठमा नाटक मञ्चन भइरहेको तस्बिर राखिएको ८४ पृष्ठमा संरचित छ । यस पुस्तकको प्राक्कथनमा पुस्तकमा समाविष्ट सबै एकाइको सङ्क्षिप्त परिचय दिइएको छ । यस पुस्तकमा एकाइ १ : *नाटकको सैद्धान्तिक परिचय*, एकाइ २ : *नेपाली नाटकको विकासप्रक्रिया*, एकाइ ३ : *नेपाली एकाङ्कीको सैद्धान्तिक परिचय र विकासप्रक्रिया*, एकाइ ४ : *नेपाली रङ्गमञ्चको विकासप्रक्रिया*, एकाइ ५ : *नाटककार मोतीराम भट्ट र पहलमानसिंह स्वाँर* गरी पाँच एकाइ रहेका छन् ।

२. विषयवस्तु

एकाइ १ : *नाटकको सैद्धान्तिक स्वरूप*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, परिचय, नाटकको परिभाषा, नाटकको वर्गीकरण, नाटकका तत्त्वहरू, नाटक र अन्य विधाको तुलना, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी आठ उपशीर्षक रहेका छन् । एकाइको प्रारम्भमा उक्त एकाइ पढाउनका उद्देश्य र त्यसपछि नाटकको परिचय प्रस्तुत गर्दै पूर्व र पश्चिम दुवैतिरका विद्वान्का नाटकसम्बन्धी केही परिभाषाहरू उल्लेख गरी नाटकको वर्गीकरण गरिएको छ । नाटकलाई पूर्वमा रूपक र उपरूपक तथा पश्चिममा त्रासदी र कामदी गरी विभाजन गरेको कुराबारे जानकारी गराउँदै समग्रमा नाटकलाई विषयवस्तु, प्रवृत्ति, प्रस्तुति, परिणति र भाषिक विन्यासका आधारमा वर्गीकरण गरिएको छ र भने नाटकका तत्त्वहरूमा कथानक, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, द्वन्द्व, भाषाशैलीय विन्यास, संवाद आदिको चर्चा गरी नाटकलाई अन्य विधासँग तुलना गरिएको छ । *उपसंहार*मा मञ्चनीयता र अभिनेयता नाटकका प्राण भएको कुरा बताउँदै साहित्यको दृष्य भेदअन्तर्गत पर्ने नाटकको खास विशेषता रङ्गमञ्चमा अभिनयका साथ प्रस्तुत गरिनु भएको कुरा प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ २ : *नेपाली नाटकको विकासप्रक्रिया*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, परिचय, नेपाली नाटकको पूर्व आधुनिक काल, नेपाली नाटकको आधुनिक काल, आधुनिक नेपाली नाटकका प्रमुख धारा, मोड र प्रवृत्ति, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी सात उपशीर्षक रहेका छन् । प्रारम्भमा उक्त एकाइ समावेश गर्नाको उद्देश्य र त्यसपछि नेपाली नाटकको विकासप्रक्रियाको परिचयसहित नेपाली नाटकको पूर्व आधुनिक काल र आधुनिक कालका प्रमुख केही नाटककार, तिनका नाटक र दुवै कालका प्रमुख विशेषताहरू प्रस्तुत गरिएको छ । *आधुनिक नेपाली नाटकका प्रमुख धारा र मोडहरू* उपशीर्षकमा

स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, मनोवैज्ञानिक, प्रयोगवादी धाराका प्रवृत्ति, प्रमुख नाटककार र प्रतिनिधि नाटकहरू उल्लेख गर्दै *उपसंहार*मा पूर्व आधुनिक कालसम्म खासै विकास नभएको नेपाली नाटकको विकास पछिल्लो समयमा नाटक लेखन र मञ्चनमासमेत विकास हुँदै गएको देखिए पनि अन्य विधाका तुलनामा नाटकको अपेक्षाकृत कमै विकास भएको कुरा प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ३ : *एकाङ्कीको सैद्धान्तिक परिचय र विकासप्रक्रिया*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, परिचय, एकाङ्कीको परिभाषा, एकाङ्कीको वर्गीकरण, एकाङ्कीका तत्त्वहरू, नेपाली एकाङ्कीको इतिहास, नेपाली एकाङ्कीका प्रमुख धारा, मोड र प्रवृत्ति, नाटक र एकाङ्कीको तुलना, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी दस उपशीर्षक रहेका छन् । सर्वप्रथम एकाइको उद्देश्य प्रस्तुत गरी त्यसपछि उक्त एकाइको परिचय दिइएको छ र एकाङ्कीसम्बन्धी विभिन्न परिभाषाहरू उल्लेख गरी परिभाषाहरूको निष्कर्षसहित त्यसलाई बुँदामा समेत प्रस्तुत गरिएको छ । *एकाङ्कीको वर्गीकरण* उपशीर्षकमा विषयवस्तु, प्रवृत्ति, परिणति र भाषिक विन्यासका आधारमा एकाङ्कीको वर्गीकरण गरी त्यसभन्दा पछि एकाङ्कीका तत्त्वहरूको बारेमा चर्चा गरिएको छ । नेपाली एकाङ्कीको विकासप्रक्रियालाई स्पष्टतः तिथिमिति नै किटान गरी विभिन्न चरण उपचरणमा विभाजन गर्नुपर्ने अवस्था नभएको बताउँदै नेपाली एकाङ्कीको इतिहासलाई चरण विभाजन नगरी **लक्ष्यहीन** (१९९९) देखि **दुई एकाङ्की** (२०६३) सम्मका एकाङ्कीहरूलाई एकै ठाउँमा प्रस्तुत गरिएको छ । नेपाली एकाङ्कीका प्रमुख धारा, मोड र प्रवृत्तिको चर्चा गर्ने क्रममा आदर्शवादी, सामाजिक यथार्थवादी, प्रगतिवादी, मनोविश्लेषणवादी, प्रयोगवादी धाराका प्रमुख विशेषता र प्रतिनिधि एकाङ्कीकारका बारेमा चर्चा गर्दै नाटक र एकाङ्कीको तुलना : समानता र भिन्नता प्रस्तुत गरिएको छ । *उपसंहार*मा एकाङ्कीलाई नाटकको सङ्क्षिप्त रूप ठानिए पनि यो ठनाइ त्रुटिपूर्ण भएको तथा नाटक लेखनको प्रारम्भ अनुवाद रूपान्तरणका माध्यमबाट र एकाङ्की लेखनको प्रारम्भ मौलिक लेखनबाट भएको जानकारी गराउँदै मञ्चनका दृष्टिले एकाङ्कीको विस्तार हुँदै गएको देखिए पनि अन्य विधाका तुलनामा यसको विकास कमै भएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ४ : *नेपाली रङ्गमञ्चको विकासप्रक्रिया*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, परिचय, नेपालमा नेपाली नाटकको रङ्गमञ्चीय परम्परा, भारतमा नेपाली नाटकको रङ्गमञ्चीय परम्परा, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । प्रारम्भमा यस एकाइ पढाउनुको उद्देश्य प्रस्तुत गरी त्यसभन्दा पछि नेपाली रङ्गमञ्चको विकासप्रक्रियाका बारेमा जानकारी गराउँदै *नेपालमा नेपाली नाटकको रङ्गमञ्चीय परम्परा*लाई पूर्वआधुनिक काल (सुरुदेखि १९८६ पूर्व) र आधुनिक काल (१९८६ पछि) गरी विभाजन गरेर चर्चा गरिएको छ । *भारतमा नेपाली नाटकको रङ्गमञ्चीय परम्परा*लाई दार्जिलिङ क्षेत्रमा नेपाली नाटकको रङ्गमञ्चीय परम्परा र असम क्षेत्रमा नेपाली नाटकको रङ्गमञ्चीय परम्परा गरी दुई शीर्षकमा विभाजन गरेर दार्जिलिङ क्षेत्रअन्तर्गतका दार्जिलिङ, कालिम्पोङ, खर्साङ, सिक्किम र असम क्षेत्रअन्तर्गतका असम, मेघालय आदि विभिन्न ठाउँको रङ्गमञ्चीय परम्परालाई प्रस्तुत गरिएको छ । *उपसंहार*मा वि.सं. १९४४-४५ तिर फारसी थिएटरको प्रभावमा दरबारमा अनुवाद परम्पराबाट प्रारम्भ भएको नेपाली नाटक विस्तारै मौलिक लेखन र मञ्चनतर्फ अग्रसर भएको बताउँदै नेपाली नाटकको रङ्गमञ्चीय परम्परा निरन्तर रूपमा विकसित भई निकै समृद्ध बनेको र यसमा भारतीय नेपाली नाट्यजगत्को पनि

उल्लेख्य योगदान रहेको कुरा प्रस्तुत गरिएको छ । नाट्यमञ्चनले १०० वर्ष नाघिसक्दा पनि अन्य विधाका तुलनामा यसको विकास केही पछि नै परेको कुरासहित मञ्चित नाटकको संरक्षण र प्रकाशनका साथै समय सापेक्ष अत्यधुनिक प्राविधिक उपकरणयुक्त रङ्गशालाको आवश्यक भएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ५ : *नाटककार मोतीराम भट्ट र पहलमानसिंह स्वाँर*अन्तर्गत *मोतीराम भट्ट* र *पहलमानसिंह स्वाँर* गरी दुई उपएकाइ रहेका छन् ।

पहिलो उपएकाइ *मोतीराम भट्ट*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, परिचय, मोतीराम भट्टका नाट्यप्रवृत्ति, **प्रियदर्शिका** नाटिकाको विश्लेषण* र *उपसंहार* गरी पाँच उपशीर्षक रहेका छन् । प्रारम्भमा उक्त उपएकाइ पढाउनका उद्देश्यहरू प्रस्तुत गरी मोतीराम भट्टको परिचय दिइएको छ । त्यसपछि नेपाली साहित्यको माध्यमिक कालका प्रवर्तक प्रतिभाशाली व्यक्तित्व भट्टका नाट्यप्रवृत्तिहरूको चर्चा गर्दै ***प्रियदर्शिका** नाटिकाको विश्लेषण* उपशीर्षकमा **प्रियदर्शिका** नाटिकाको शिल्पसंरचना, कथावस्तु, सहभागी, परिवेश, उद्देश्य र दृष्टिबिन्दु, संवाद एवं भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गरिएको छ । *उपसंहार*मा शृङ्गारिक भावधाराको **प्रियदर्शिका** नाटिका युगीन सन्दर्भ अनुसार मिल्ने खालको उपयुक्त नाटकको चयन गरी सुन्दर भाषिक विन्यासका साथ अनुवाद गरिएको नाटिका भएको र यस नाटिकाले नेपाली नाटकको आरम्भिक जग निर्माण गरेको बताउँदै अनुदित भए पनि भाषिक विन्यासका कारण यसमा मौलिकताको छनक पाइने कुरा प्रस्तुत गरिएको छ ।

दोस्रो उपएकाइ *पहलमानसिंह स्वाँर*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, पहलमानसिंह स्वाँरको परिचय, पहलमानसिंह स्वाँरका नाट्यप्रवृत्ति, **अटलबहादुर** नाटकको विश्लेषण, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । सुरुमा उक्त उपएकाइ पढाउनका उद्देश्य प्रस्तुत गरी त्यसपछि पहलमानसिंहको परिचय दिइएको छ । *पहलमानसिंह स्वाँरका नाट्यप्रवृत्ति* उपशीर्षकमा साहित्यिक र साहित्येत्तर थुप्रै कृतिको लेखन तथा अनुवाद गरेर नेपाली साहित्यका क्षेत्रमा विशिष्ट स्थान हासिल गरेका स्वाँरका नाट्यप्रवृत्तिहरूको चर्चा गरिएको छ । ***अटलबहादुर** नाटकको विश्लेषण* उपशीर्षकमा **अटलबहादुर** नाटकको विभिन्न कोणबाट विश्लेषण गरी **ह्याम्लेट**सँग यसको तुलना गरिएको छ । *उपसंहार*मा नेपालभित्र मात्र नभई नेपालबाहिरसमेत मञ्चित भएको **प्रियदर्शिका** नाटिकाले शृङ्गारिक धारालाई नयाँ मोड प्रदान गर्नाका साथै नेपाली नाट्य परम्परालाई नै नयाँ गति प्रदान गरी आधुनिकतातर्फ अग्रसर गराउने महत्वपूर्ण काम गरेको कुरा प्रस्तुत गरिएको छ । केही मात्रामा **ह्याम्लेट**बाट प्रभावित भए पनि यो नाटक नेपाली नाटकको इतिहासमा पहिलो वियोगान्त नाटक भएको कुरा प्रस्तुत गरी भावानुवाद, छायानुवाद, मौलिक जुनसुकै रूपमा भए पनि धेरैले चर्चा गर्नु **ह्याम्लेट**को सबल पक्ष भएको कुरा उल्लेख गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

३. भाषाशैली

समपूर्वका नेपाली नाटक नामक प्रस्तुत पुस्तकको भाषा स्तरअनुरूप रहेको छ । विषयवस्तुको प्रस्तुतिमा बुँदा र सूत्रात्मक शैलीको प्रयोग गरिएको छ । मानक नेपाली भाषामा छोटा र सरल वाक्यहरूको प्रयोग गरिएको यस पुस्तकका विभिन्न शीर्षकहरूलाई कोष्ठकमा अङ्ग्रेजीमा पनि दिइएको छ ।

४. निष्कर्ष

नाटकको सैद्धान्तिक परिचय, नेपाली नाटकको विकासप्रक्रिया, नेपाली एकाङ्कीको सैद्धान्तिक परिचय र विकासप्रक्रिया, नेपाली रङ्गमञ्चको विकासप्रक्रिया, नाटककार मोतीराम भट्ट र पहलमानसिंह स्वाँर गरी पाँच एकाइ रहेको **समपूर्वका नेपाली नाटक** नामक पुस्तकमा नाटक र एकाङ्कीको स्वरूप, विकासप्रक्रिया, रङ्गमञ्चको विकासप्रक्रिया र समपूर्वका नेपाली नाटककारहरू मोतीराम भट्ट र पहलमानसिंह स्वाँरको परिचय र नाट्यप्रवृत्तिसँगै निर्धारित नाटकहरूको विश्लेषण गरिएको छ । नाटकको सैद्धान्तिक पक्ष, विकासप्रक्रिया प्रस्तुत गरी विभिन्न तCवहरूका आधारमा नाटकहरूको विश्लेषण गरिएको यो पुस्तकको विश्लेषणमा एकरूपता रहेको छ । सिद्धान्त प्रस्तुत गरी त्यसै अनुरूप नाटकको विश्लेषण गरिएको यो पुस्तक सम्बन्धित तहका शिक्षक विद्यार्थीका लागि त अनिवार्य रहेको छ नै यस बाहेक यस क्षेत्रप्रति रुचि राखी अध्ययन गर्न चाहने जो कसैका लागि उपयोगी रहेको छ ।

७.४.८ समउत्तरका नेपाली नाटक

१. परिचय

समउत्तरका नेपाली नाटक नामक पुस्तक २०१० मा Gauhati University Assam बाट प्रकाशित भएको हो । आवरण पृष्ठमा नाटक मञ्चन भइरहेको तस्बिर राखिएको यो पुस्तक ११२ पृष्ठमा संरचित छ । यस पुस्तकको प्राक्कथनमा पुस्तकमा समाविष्ट सबै एकाइको सङ्क्षिप्त परिचय दिई यस पुस्तकमा समाविष्ट सबै नाटककार/एकाङ्कीकारहरूको परिचय, प्रवृत्ति र निर्धारित कृतिको विश्लेषण स्पष्ट ढाँचामा एकरूपताका साथ गरिएको कुरा उल्लेख गरिएको र विश्लेषणमा संरचनावादी समालोचनाको अनुसरण गरिएको कुरा प्रस्तुत गरिएको छ । यस पुस्तकमा एकाइहरू क्रमशः एकाइ १ : *नाटककार बालकृष्ण सम*, एकाइ २ : *नाटककार गोपालप्रसाद रिमाल र भीमनिधि तिवारी*, एकाइ ३ : *नाटककार विजय मल्ल र सरुभक्त*, एकाइ ४ : *नाटककार मनबहादुर मुखिया र अविनाश श्रेष्ठ*, एकाइ ५ : *नाटककार पुष्कर शमशेर र गोविन्दबहादुर मल्ल 'गोठाले'*, एकाइ ६ : *एकाङ्कीकार रामलाल अधिकारी र शेरमान थापा* गरी ६ वटा एकाइ रहेका छन् ।

२. विषयवस्तु

एकाइ १ : *नाटककार बालकृष्ण सम*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, बालकृष्ण समको परिचय, बालकृष्ण समका नाट्यप्रवृत्ति, बालकृष्ण समका निर्धारित कविताको विश्लेषण*, उपसंहार र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । सर्वप्रथम यस एकाइ पढाउनाको उद्देश्यबारे जानकारी गराउँदै अर्को शीर्षकमा बालकृष्ण समको परिचय प्रस्तुत गरिएको छ । त्यसपछि आधुनिक मौलिक नेपाली नाटकका प्रवर्तक समका नाट्यप्रवृत्तिको चर्चा गर्दै उनका निर्धारित नाटकहरू **मुकुन्द इन्दिरा**, **प्रह्लाद** र **अमरसिंह** नाटकको शिल्पसंरचना, कथावस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु, द्वन्द्व, भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गरिएको छ । **मुकुन्द इन्दिरा** नाटकमा देशभक्ति र नारी आदर्शका साथै **प्रह्लाद** नाटकमा दार्शनिकता र **अमरसिंह** नाटकमा प्रस्तुत देशभक्तिका बारेमा चर्चा गरिएको यस एकाइको *उपसंहार*मा **मुकुन्द इन्दिरा** नाटक देशभक्ति र पतिभक्तिको भावाभिव्यक्ति गरिएको सामाजिक विषयवस्तुमा आधारित रहेको, **प्रह्लाद** नाटक भौतिकवाद र अध्यात्मवादवादको सङ्घर्ष भई अध्यात्मवादको विजय देखाइएको पौराणिक विषयवस्तुमा आधारित रहेको तथा **अमरसिंह** नाटकमा देशलाई आवश्यक परेका बेला

देशको लागि प्राणको आहुति गर्न पछि पर्न नहुने धारणा अभिव्यक्त गरिएको ऐतिहासिक विषयवस्तुमा आधारित नाटक भएको कुरा प्रस्तुत गरिएको छ र यी तिन वटै कृति नेपालीका विशिष्ट नाट्यकृति भएको कुरा प्रस्तुत गर्दै अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ २ : *नाटककार गोपालप्रसाद रिमाल र भीमनिधि तिवारी*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, नाटककार गोपालप्रसाद रिमाल, नाटककार भीमनिधि तिवारी* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी चार उपशीर्षक रहेका छन् । प्रारम्भमा एकाइका उद्देश्यहरू प्रस्तुत गरी त्यसभन्दापछि नाटककार गोपालप्रसाद रिमालको परिचय दिँदै उनका नाट्यप्रवृत्तिको चर्चा गरी विभिन्न कोणबाट **मसान** नाटकको विश्लेषण गरिएको छ । *नाटककार भीमनिधि तिवारी* उपशीर्षकमा भीमनिधि तिवारीको परिचय दिई उनका नाट्य प्रवृत्तिको चर्चा गर्दै विभिन्न कोणबाट **माटोको माया** एकाङ्कीको विश्लेषण गरिएको छ । नारी समस्यामूलक सामाजिक यथार्थवादी विषयवस्तुमा आधारित इब्सेनबाट प्रभावित भएर पनि नेपाली समाजअनुरूप मौलिकताका साथ प्रस्तुत गरिएको **मसान** नाटकको नेपाली नाटकको इतिहासमा विशिष्ट स्थान रहेको कुरा प्रस्तुत गरिएको छ र **माटोको माया** नाटकमा ऐतिहासिक घटनाहरू समेटी पात्रको स्तर अनुरूपको संवादको प्रयोग गर्दै यसमा देशप्रमको भावनालाई अभिव्यक्त गरिएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ३ : *नाटककार विजय मल्ल र सरुभक्त*को संरचना शीर्षकभित्र *उद्देश्य, नाटककार विजय मल्ल, नाटककार सरुभक्त, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी पाँच उपशीर्षक रहेका छन् । प्रारम्भमा यस एकाइ पढाउनाका उद्देश्यहरू प्रस्तुत गरी त्यसभन्दा पछि नाटककार *विजय मल्ल* उपशीर्षकमा विजय मल्लको परिचयसँगै उनका नाट्यप्रवृत्तिको चर्चा गरी विभिन्न कोणबाट **जिउँदो लास** एकाङ्कीको विश्लेषण गरिएको छ र *उपसंहार*मा नारी समस्यामूलक, मनोविश्लेषणात्मक सामाजिक यथार्थवादी नाटक **जिउँदो लास**को शीर्षक प्रतीकात्मक भएर पनि सार्थक, सामञ्जस्यमूलक र प्रभावकारी रहेको कुरा बताइएको छ । अर्को उपशीर्षक *नाटककार सरुभक्त*मा सरुभक्तको परिचयसहित उनका नाट्यप्रवृत्तिको चर्चा गर्दै **निमावीय** नाटकको विभिन्न कोणबाट विश्लेषण गरिएको छ । *उपसंहार*मा विज्ञान प्रविधिमा आधारित विषयवस्तु रहेको यो नाटक नेपालीमा एउटा नौलो र उल्लेख्य नाट्यकृति भएको कुरा प्रस्तुत गरी एकाइको अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ४ : *नाटककार मनबहादुर मुखिया र अविनाश श्रेष्ठ*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, नाटककार मनबहादुर मुखिया, नाटककार अविनाश श्रेष्ठ* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी चार उपशीर्षक रहेका छन् । प्रारम्भमा उक्त एकाइ समावेश गर्नाका उद्देश्यहरू प्रस्तुत गरी *नाटककार मनबहादुर मुखिया* उपशीर्षकमा मनबहादुरको परिचयसहित उनका नाट्यगत प्रवृत्तिहरूको चर्चा गरी **अनि देउराली रुन्छ** नाटकको विभिन्न कोणबाट विश्लेषण गरिएको छ र *उपसंहार*मा सामाजिक विषयवस्तुमा आधारित यथार्थवादी नाटक **अनि देउराली रुन्छ** मा उच्च वर्ग भनाउँदाहरू अत्यन्त निर्दयी भएर निम्न वर्गलाई शोषण गरिरहन्छन् भन्ने भावका साथै नेपाली समाजका नारीहरूका दयनीय अवस्थालाई चित्रण गरिएको कुरा प्रस्तुत गरिएको छ । अर्को उपशीर्षक *नाटककार अविनाश श्रेष्ठ*मा अविनाश श्रेष्ठको परिचय र उनका नाट्यप्रवृत्तिको चर्चा गर्दै **अश्वत्थामा हतोहतः** नाटकको विभिन्न कोणबाट विश्लेषण गरी *उपसंहार*मा **अश्वत्थामा हतोहतः** नाटक पौराणिक विषयवस्तुलाई चयन गरी वर्तमान युगका विकृति विसङ्गतिहरूलाई पौराणिक र वर्तमान दुवै थरीका

पात्रका माध्यमबाट अभिव्यक्त गरिएको प्रयोगशील नाट्यकृति भएको कुरा बताउँदै अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* प्रस्तुत गरिएको छ ।

एकाइ ५ : *एकाङ्कीकार पुष्कर शमशेर र गोविन्दबहादुर मल्ल 'गोठाले'* को संरचना शीर्षकभित्र *उद्देश्य, एकाङ्कीकार पुष्कर शमशेर, एकाङ्कीकार गोविन्दबहादुर मल्ल 'गोठाले'* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी चार उपशीर्षक रहेका छन् । एकाइको प्रारम्भमा उक्त एकाइका उद्देश्यहरूबारे जानकारी गराइ त्यसभन्दा पछि एकाङ्कीकार पुष्कर शमशेर उपशीर्षकमा पुष्कर शमशेरको परिचय र उनका नाट्यप्रवृत्तिको चर्चा गर्दै **लक्ष्यहीन** एकाङ्कीको विभिन्न कोणबाट विश्लेषण गरी *उपसंहार*मा यो एकाङ्की जीवनको एकरसता र लक्ष्यहीनताप्रति घुमाउरो पाराले असन्तुष्टि व्यक्त गरिएको आर्थिक र सामाजिक अवस्था चित्रित एकाङ्की भएको कुरा प्रस्तुत गरिएको छ । अर्को उपशीर्षक *गोविन्दबहादुर मल्ल 'गोठाले'* मा गोविन्दबहादुर मल्ल 'गोठाले' को परिचय र उनका नाट्यप्रवृत्तिको चर्चासहित **म कसरी हार्छु** ? नाटकको विभिन्न कोणबाट विश्लेषण गरिएको छ र *उपसंहार*मा **म कसरी हार्छु** ? एकाङ्की पात्रका मनोदशाको सुन्दर चित्रण गरिएको एउटा महत्वपूर्ण मनोविश्लेषणात्मक एकाङ्की भएको कुरा प्रस्तुत गर्दै एकाइको अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ६ : *एकाङ्कीकार रामलाल अधिकारी र शेरमान थापा*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, एकाङ्कीकार रामलाल अधिकारी, एकाङ्कीकार शेरमान थापा* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी चार उपशीर्षक रहेका छन् । एकाइको प्रारम्भमा यो एकाइ पढाउनाका उद्देश्यहरू प्रस्तुत गरिएको छ । त्यसभन्दा पछिको उपशीर्षक *रामलाल अधिकारी*अन्तर्गत रामलाल अधिकारीको परिचय र एकाङ्गीगत प्रवृत्तिको चर्चा गर्दै **म भात खान्न !** एकाङ्कीको विभिन्न कोणबाट विश्लेषण गरिएको छ र *उपसंहार*मा गरिबीको मारमा परेका श्रमिक परिवारको दयनीय अवस्थालाई देखाउनु यस एकाङ्कीको मुख्य उद्देश्य रहेको बताउँदै यसलाई एउटा मार्मिक र कारुणिक सामाजिक यथार्थवादी एकाङ्कीका रूपमा चिनाइएको छ । अर्को उपशीर्षक *एकाङ्कीकार शेरमान थापा* उपशीर्षकमा शेरमान थापाको परिचय दिँदै उनका नाट्यप्रवृत्तिहरूको चर्चा गरी विभिन्न कोणबाट **आगो ज्वाला र झिल्काहरू** एकाङ्कीको विश्लेषण गरिएको छ र *उपसंहार*मा दङ्गा, हत्या, हिंसा आदिका कारण वीभत्स बन्न पुगेको वर्तमान विश्वको यथार्थमूलक चित्र उतारिएको यस एकाङ्कीको मुख्य उद्देश्य वर्तमान विश्वमा व्याप्त हत्या, हिंसा, युद्ध आदिलाई त्यागेर शान्तिको मार्गमा अग्रसर हुनुपर्ने भाव प्रस्तुत गर्नु रहेको कुरा जानकारी गराइ एकाइको अन्त्यमा थप अध्ययनका लागि सन्दर्भसामग्री दिइएको छ ।

३. भाषाशैली

सम उत्तरका नेपाली नाटक पुस्तकको भाषा स्तर अनुरूप सुहाउँदो र उपयुक्त किसिमको रहेको छ । विषयवस्तुको प्रस्तुतिमा सरल शब्दहरूको प्रयोग गर्नका साथै सूत्रात्मक शैलीको प्रयोग गरिएको छ । विभिन्न परिच्छेदका मूल शीर्षकहरूलाई अङ्ग्रेजी भाषामा समेत दिइएको छ । यसबाहेक विषयवस्तुको प्रस्तुतिमा भने मानक नेपाली भाषाको प्रयोग गरिएको छ ।

४. निष्कर्ष

नाटककार बालकृष्ण सम, नाटककार गोपालप्रसाद रिमाल र भीमनिधि तिवारी, नाटककार विजय मल्ल र सरुभक्त, नाटककार मनबहादुर मुखिया र अविनाश श्रेष्ठ, नाटककार पुष्कर शमशेर र गोविन्दबहादुर

मल्ल 'गोठाले', एकाङ्कीकार रामलाल अधिकारी र शेरमान थापा गरी छ एकाइमा संरचित **समउत्तरका नेपाली नाटक** नामक पुस्तकमा बालकृष्ण समपछिका विभिन्न नाटककार तथा एकाङ्कीकारको परिचय, नाट्यप्रवृत्ति तथा एकाङ्कीगत प्रवृत्तिसहित उनीहरूका निर्धारित नाटक तथा एकाङ्कीहरूको संरचनावादी कोणबाट विश्लेषण गरिएको छ । यो पुस्तक सम्बन्धित तहका शिक्षक विद्यार्थीका लागि त अनिवार्य रहेको छ नै यस बाहेक यस क्षेत्रप्रति रुचि राखी अध्ययन गर्न चाहने जो कसैका लागि उपयोगी रहेको छ ।

७.४.९ देवकोटापूर्वका नेपाली आख्यानेतर गद्य

१. परिचय

देवकोटापूर्वका नेपाली आख्यानेतर गद्य नामक पुस्तक २०११ मा Gauhati University Assam बाट प्रकाशित भएको हो । आवरण पृष्ठमा पृथ्वीनारायण शाह, जङ्गबहादुर राणा, गोर्खे खबर कागज आदिको तस्बिर राखिएको यो पुस्तक ९४ पृष्ठमा संरचित छ । यस पुस्तकको प्राक्कथनमा पुस्तकमा समाविष्ट सबै एकाइको सङ्क्षिप्त परिचय दिई यस पुस्तकमा प्रस्तुत सबै लेखकहरूको परिचय, प्रवृत्ति र निर्धारित कृतिको विश्लेषण स्पष्ट ढाँचामा एकरूपताका साथ गरिएको कुरा उल्लेख गरिएको र विश्लेषणमा संरचनावादी समालोचनाको अनुसरण गरिएको कुरा प्रस्तुत गरिएको छ । यस पुस्तकमा क्रमशः एकाइ १ : *निबन्धको सैद्धान्तिक स्वरूप*, एकाइ २ : *नेपाली निबन्धको विकासप्रक्रिया*, एकाइ ३ : *पृथ्वीनारायण शाहको दिव्योपदेश*, एकाइ ४ : *जङ्गबहादुरको वेलायत यात्रा*, एकाइ ५ : *राममणि आ.दी. र शम्भुप्रसाद ढुङ्गेल*, एकाइ ६ : *मणिसिंह गुरुङ र गङ्गाप्रसाद प्रधान*, एकाइ ७ : *सूर्यविक्रम ज्ञवाली र पारसमणि प्रधान* गरी ७ एकाइ रहेका छन् ।

एकाइ १ : *निबन्धको सैद्धान्तिक स्वरूप*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, निबन्धको परिचय, निबन्धको परिभाषा र स्वरूप, निबन्धको वर्गीकरण, निबन्धका संरचक घटक, निबन्ध र प्रबन्ध, हास्यव्यङ्ग्य निबन्ध र यात्रा निबन्ध, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी चार उपशीर्षक रहेका छन् । यसमा सबैभन्दा पहिले उक्त एकाइ समावेश गर्नाका उद्देश्यहरू प्रस्तुत गरिएको छ । त्यसपछि *निबन्धको परिभाषा र स्वरूप* उपशीर्षकमा निबन्धको परिचय दिँदै निबन्धसम्बन्धी विभिन्न विद्वान्हरूका परिभाषाहरूसहित यसको स्वरूपबारे जानकारी गराइएको छ । *निबन्धको वर्गीकरण* उपशीर्षकमा निबन्धलाई निजात्मक र परात्मक गरी वर्गीकरण गरेर प्रस्तुत गर्दै त्यसभन्दा पछि *निबन्धका संरचक घटक* मा विषयवस्तु, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यासजस्ता निबन्धका संरचक तत्त्वहरूका बारेमा चर्चा गरिएको छ । त्यसपछि *निबन्ध र प्रबन्ध* तथा *हास्यव्यङ्ग्य निबन्ध र यात्रा निबन्ध* उपशीर्षकमा यिनीहरू बीचको समानता र भिन्नताका साथै विशेषतासमेत प्रस्तुत गरिएको छ । *उपसंहार*मा कुनै विषयबारे छोटो छरितो, सोद्देश्यपूर्ण र विश्वसनीय रूपमा आत्मपरक वा वस्तुपरक ढङ्गले सुगठित गद्यशैलीमा लेखिएको भाषिक संरचना निबन्ध भएको र यो अलि पछि नै थालिएर पनि निकै फस्टाएको साहित्यिक गद्य विधा भएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ २ : *नेपाली निबन्धको विकासप्रक्रिया*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, परिचय, नेपाली निबन्धको प्राथमिक काल, नेपाली निबन्धको माध्यमिक काल, नेपाली निबन्धको आधुनिक काल, नेपाली निबन्धको आधुनिक कालका प्रमुख धारा र प्रवृत्ति, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी आठ

उपशीर्षक रहेका छन् । यस एकाइको प्रारम्भमा एकाइका उद्देश्यहरू प्रस्तुत गरी त्यसभन्दापछि नेपाली निबन्धको विकासप्रक्रियाको परिचय दिइएको छ । नेपाली निबन्धको विकासक्रमलाई प्राथमिक काल (सुरुदेखि १९५७ सम्म), माध्यमिक काल (१९५८ देखि १९९०) र आधुनिक काल (१९९१ देखि यता) गरी तिन कालखण्डमा विभाजन गरी प्रत्येक कालका निबन्धकार, निबन्धात्मक कृति र उक्त कालका प्रमुख प्रवृत्तिहरूको चर्चा गर्दै आधुनिक काललाई पुनः पहिलो चरण (१९९१-२००२), दोस्रो चरण (२००३-२०१६) र तेस्रो चरण (२०१७ देखि यता) गरी विभिन्न चरणमा विभाजन गरेर यी विभिन्न चरणका चरणगत प्रवृत्तिका साथै उक्त समयका निबन्धकार, निबन्ध र तिनका निबन्धात्मक प्रवृत्तिहरूबारे जानकारी गराइएको छ । त्यसपछि नेपाली निबन्धको आधुनिक कालका वस्तुपरक, आत्मपरक, हास्यव्यङ्ग्यात्मक, यात्रासंस्मरणात्मक, प्रगतिवादी, प्रयोगवादी आदि केही प्रमुख धाराहरूका प्रमुख नाटककारहरू र मुख्य विशेषताहरूको बारेमा चर्चा गरी *उपसंहार*मा पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) बाट प्रारम्भ भएको निबन्ध लेखनले प्राथमिक र माध्यमिक कालमा पृष्ठभूमि मात्र निर्माण गरेको र आधुनिक काल निबन्धको विकासका दृष्टिले उर्वर काल रहेको तथा नेपाली निबन्धको विकासमा नेपाल तथा भारतका विभिन्न ठाउँबाट प्रकाशित विभिन्न पत्रपत्रिकाहरूको पनि महत्वपूर्ण भूमिका रहेको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ३ : *पृथ्वीनारायण शाहको दिव्योपदेश*को संरचना शीर्षकभित्र *उद्देश्य, परिचय, दिव्योपदेशको विश्लेषण, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी पाँच उपशीर्षक रहेका छन् । सर्वप्रथम उक्त एकाइका उद्देश्यहरू प्रस्तुत गरी त्यसभन्दा पछिल्लो उपशीर्षकमा पृथ्वीनारायण शाह र **दिव्योपदेश**को परिचय दिइएको छ । *दिव्योपदेशको विश्लेषण* उपशीर्षकमा विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा **दिव्योपदेश**को विश्लेषण गरी *उपसंहार*मा **दिव्योपदेश** आख्यानेतर गद्य साहित्यको उत्कृष्ट कृति भए पनि आख्यान साहित्यका सन्दर्भमा समेत उल्लेख्य भूमिका रहेको यो कृति वैचारिक र साहित्यिक दुवै दृष्टिले उत्कृष्ट संरचना भएको कुरा प्रस्तुत गर्दै अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ४ : *जङ्गबहादुरको वेलायत यात्रा*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, परिचय, दिव्योपदेशको विश्लेषण, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी पाँच उपशीर्षक रहेका छन् । यस एकाइको प्रारम्भमा उक्त एकाइ पढाउनाका उद्देश्य प्रस्तुत गरी त्यसपछि जङ्गबहादुर र उनको वेलायत यात्राको बारेमा सामान्य परिचय दिइएको छ । *दिव्योपदेशको विश्लेषण* उपशीर्षकमा विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा **जङ्गबहादुरको वेलायत यात्रा**को विश्लेषण गरिएको छ । उपसंहारमा १९०६-१९०७ मा जङ्गबहादुरले समुन्द्र मार्गबाट वेलायत, फ्रान्स आदि विभिन्न स्थानको भ्रमण गरेको प्रसङ्गलाई लिएर लेखिएको **जङ्गबहादुरको वेलायत यात्रा** एउटा उल्लेख्य यात्रा साहित्यका रूपमा रहेका तथा तत्कालीन अवस्थाको भाषिक विन्यासको स्वरूपलाई हेर्दा स्तरीय भाषा र अभिव्यक्ति शिल्पले सुसज्जित यस कृतिलाई गद्य साहित्यको महत्वपूर्ण कृतिका रूपमा लिन सकिने कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ५ : *राममणि आ.दी. र शम्भुप्रसाद ढुङ्गेल*को संरचना शीर्षकभित्र *उद्देश्य, राममणि आ.दी., शम्भुप्रसाद ढुङ्गेल* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी चार उपशीर्षक रहेका छन् । प्रारम्भमा यस एकाइ पढाउनाका उद्देश्य प्रस्तुत गरी *राममणि आ.दी.* उपशीर्षकमा राममणि आ.दी.को परिचय र उनका

प्रवृत्तिको बारेमा चर्चा गर्दै विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा **कविता रीति**को विश्लेषण गरिएको छ। *उपसंहार*मा हलन्त बहिष्कार आन्दोलनका प्रवर्तक राममणि आ.दी.को आफ्नै सम्पादन प्रकाशनमा निस्किएको **माधवी** पत्रिकामार्फत यिनले आफ्ना निबन्धात्मक र समीक्षात्मक लेखहरू प्रकाशित गरेको कुरासहित **कविता रीति** पनि धारावाहिक रूपमा यसै पत्रिकामा छापिएको कुरा प्रस्तुत गरिएको छ। त्यसपछि *शम्भुप्रसाद ढुङ्गेल उपशीर्षकमा* ढुङ्गेलको परिचय दिई उनका प्रवृत्तिहरूको बारेमा चर्चा गर्दै विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा **महेन्द्रमल्ली**को विश्लेषण गरिएको छ। *उपसंहार*मा शम्भुप्रसाद ढुङ्गेल माध्यमिक कालीन नेपाली गद्य र पद्य दुवै विधाका उल्लेखनीय स्रष्टा भएको बताउँदै चाँदीको सिक्काका माध्यमबाट आफ्नो जीवनका आरोह अवरोहलाई प्रस्तुत गर्नु यस निबन्धको मुख्य उद्देश्य रहेको कुरा प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ।

एकाइ ६ : *मणिसिंह गुरुङ र गङ्गाप्रसाद प्रधान*को संरचना शीर्षकभित्र *उद्देश्य, मणिसिंह गुरुङ, गङ्गाप्रसाद प्रधान* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी चार उपशीर्षक रहेका छन्। एकाइको प्रारम्भमा यस एकाइ पढाउनाका उद्देश्यहरू प्रस्तुत गरिएको छ। त्यसभन्दा पछि *मणिसिंह गुरुङ* उपशीर्षकमा गुरुङको परिचयसहित उनका निबन्धात्मक प्रवृत्तिको चर्चा गर्दै **सच्चरित्रता नै उन्नतिको मूल हो** निबन्धको विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गरिएको छ र *उपसंहार*मा उत्तरपूर्वाञ्चल भारतको सिलाङ क्षेत्रका जन्मिएका मणिसिंह गुरुङको नेपाली साहित्यको आख्यानेतर गद्यको फाँटमा उल्लेख्य भूमिका रहेको प्रस्तुत गरिएको छ। चरित्र निर्माणसम्बन्धी विषयमा केन्द्रित **सच्चरित्रता नै उन्नतिको मूल हो** शीर्षकको लेख दुष्चरित्र भएको व्यक्ति सर्वत्र निन्दनीय र सच्चरित्र भएको व्यक्ति सर्वत्र पुजनीय हुन्छ भन्ने आदर्शवादी विचार प्रस्तुत गरिएको नीतिवादी लेख भएको कुरा प्रस्तुत गरिएको छ। *गङ्गाप्रसाद प्रधान* उपशीर्षकमा गङ्गाप्रसाद प्रधानको परिचय र प्रवृत्तिको चर्चा गर्दै **स्कुल जीवन**को विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गरी *उपसंहार*मा लेखनमा भन्दा अनुवादमा क्रियाशील व्यक्तित्व प्रधानको **स्कुल जीवन** शीर्षकको लेख यथार्थलाई नढाँटी प्रस्तुत गरिएको आत्मकथात्मक रचना भएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ।

एकाइ ७ : *सूर्यविक्रम ज्ञवाली र पारसमणि प्रधान*को संरचना शीर्षकमा *उद्देश्य, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी चार उपशीर्षक रहेका छन्। एकाइका प्रारम्भमा यस एकाइ पढाउनाका उद्देश्य प्रस्तुत गरी *सूर्यविक्रम ज्ञवाली* उपशीर्षकमा सूर्यविक्रम ज्ञवालीको परिचय र उनका काव्य प्रवृत्तिको चर्चा गर्दै **रसमय नेपाली जीवन**को विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गरिएको छ र *उपसंहार*मा आख्यानेतर गद्यको विकासको इतिहासमा सूर्यविक्रम ज्ञवालीको उल्लेख्य भूमिका रहेका कुरा जानकारी गराइ **रसमय नेपाली जीवन** शीर्षक रचना नेपाली नारी र नेपालको सुन्दरतालाई मुख्य विषयवस्तु बनाएर लेखिएको सकरात्मक सन्देश प्रवाह गर्ने निकै प्रभावकारी रचना भएको कुरा प्रस्तुत गरिएको छ। *पारसमणि प्रधान* उपशीर्षकमा पारसमणि प्रधानको परिचयसँगै उनका प्रवृत्तिहरूको चर्चा गरी **नेपाली हाम्रो मातृभाषा** को विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गरिएको छ। *उपसंहार*मा नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने विशिष्ट प्रतिभा पारसमणि प्रधानको नेपाली भाषालाई मुख्य विषयवस्तु बनाएर लेखिएको **नेपाली हाम्रो मातृभाषा** नामक लेखको खास उद्देश्य नेपाली भाषाप्रतिको प्रेम र सम्मान भाव व्यक्त गर्नु रहेको कुरा प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ।

३. भाषाशैली

देवकोटापूर्वका नेपाली आख्यानेतर गद्य पुस्तकको भाषा स्तरअनुरूप सुहाउँदो र उपयुक्त किसिमको रहेको छ । विषयवस्तुको प्रस्तुतिमा सरल शब्दहरूको प्रयोग गर्नाका साथै सूत्रात्मक शैलीको प्रयोग गरिएको यस पुस्तकका विभिन्न परिच्छेदमा रहेका शीर्षकहरूलाई अङ्ग्रेजी भाषामा समेत दिइएको छ । शीर्षकहरूबाहेक विषयवस्तुको प्रस्तुतिमा भने मानक नेपाली भाषाको प्रयोग गरिएको छ ।

४. निष्कर्ष

निबन्धको सैद्धान्तिक स्वरूप, नेपाली निबन्धको विकासप्रक्रिया, पृथ्वीनारायण शाहको दिव्योपदेश, जङ्गबहादुरको वेलायत यात्रा, राममणि आ.दी. र शम्भुप्रसाद ढुङ्गेल, मणिसिंह गुरुङ र गङ्गाप्रसाद प्रधान, सूर्यविक्रम ज्ञवाली र पारसमणि प्रधान गरी सात एकाइ रहेको प्रस्तुत **देवकोटापूर्वका नेपाली आख्यानेतर गद्य** नामक पुस्तकमा निबन्धको सैद्धान्तिक स्वरूप, विकासप्रक्रियाका साथै देवकोटापूर्वका आख्यानेतर गद्य साहित्यकार र तिनका साहित्यिक कृतिहरूको बारेमा चर्चा गरिएको छ । सिद्धान्तलाई अगाडि राखेर त्यसै अनुरूप कृतिको विश्लेषण गरिएको यस पुस्तकमा नेपालमा मात्र नभई नेपालबाहिर विभिन्न ठाउँमा बसोबास गर्ने नेपाली साहित्यकारहरूलाई समेत समेटिएको छ । पृथ्वीनारायण शाह, जङ्गबहादुर आदिको तस्बिरका साथै गोर्खे खबर कागज आदिलाई आवरणमा राखी त्यसैसँग सम्बन्धित विषयवस्तु प्रस्तुत गरिएको तथा नेपाली गद्यको सैद्धान्तिक स्वरूप, विकासप्रक्रिया र यसको विकासमा योगदान रहेका विभिन्न व्यक्ति र कृतिको विश्लेषणमा केन्द्रित यो पुस्तक सम्बन्धित विश्वविद्यालयका सम्बन्धित तहका शिक्षक तथा विद्यार्थीहरूका लागि त अनिवार्य रहेको छ नै यसबाहेक देवकोटा अगिको नेपाली आख्यानेतर गद्यको परम्पराबारे जान्न चाहने जो कसैका लागि उपयोगी रहेको छ ।

७.४.१० लोकसाहित्य

१. परिचय

लोकसाहित्य नामक पुस्तक २०११ मा Gauhati University Assam बाट प्रकाशित भएको हो । आवरण पृष्ठमा संस्कृतिसँग सम्बन्धित तस्बिरहरू, नेपाली पहिरन, नृत्य आदि राखिएको यो पुस्तक ९५ पृष्ठमा संरचित छ । यस पुस्तकको प्राक्कथनमा पुस्तकमा समाविष्ट सबै एकाइको सङ्क्षिप्त परिचय दिई यस पुस्तकमा लोकसाहित्य र लोकवार्ताको सैद्धान्तिक स्वरूप, लोकसाहित्य र सिर्जित साहित्य, लोकसाहित्यको विधागत वर्गीकरण र अध्ययन पद्धतिका साथै लोकगीत, लोककथा, गाउँखाने कथा, उखान र टुक्काको सैद्धान्तिक परिचय दिइएको कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा एकाइ १ : *लोकसाहित्यको सैद्धान्तिक स्वरूप*, एकाइ २ : *लोकवार्ताको सैद्धान्तिक स्वरूप*, एकाइ ३ : *लोकसाहित्य र सिर्जित साहित्य*, एकाइ ४ : *लोकसाहित्यको विधागत वर्गीकरण*, एकाइ ५ : *लोकसाहित्यको अध्ययनपद्धति*, एकाइ ६ : *लोकगीतको सैद्धान्तिक स्वरूप*, एकाइ ७ : *लोककथाको सैद्धान्तिक स्वरूप*, एकाइ ८ : *गाउँखाने कथाको सैद्धान्तिक स्वरूप*, एकाइ ९ : *उखान र टुक्काको सैद्धान्तिक स्वरूप* गरी नौ एकाइ रहेका छन् ।

२. विषयवस्तु

एकाइ १ : *लोकसाहित्यको सैद्धान्तिक स्वरूपको संरचना* शीर्षकअन्तर्गत *उद्देश्य, लोकसाहित्यको परिचय, लोकसाहित्यको परिभाषा, लोकसाहित्यको स्वरूप, लोकसाहित्यका विशेषता, उपसंहार* र थप *अध्ययनका लागि सन्दर्भसामग्री* गरी सात उपशीर्षक रहेका छन् । यस एकाइमा सर्वप्रथम यस एकाइ पढाउनाका उद्देश्य प्रस्तुत गरी त्यसभन्दापछि लोकसाहित्यको परिचयसँगै विभिन्न विद्वान्ले लोकसाहित्यसम्बन्धी गरेका परिभाषाहरूलाई प्रस्तुत गरिएको छ । *लोकसाहित्यको स्वरूप* उपशीर्षकमा श्रुतिपरम्परा, अवैयक्तिकता, सामूहिकता, विधागत विविधताजस्ता लोकसाहित्यका स्वरूपबारे चर्चा गरी *लोकसाहित्यका विशेषता* उपशीर्षकमा लोकसाहित्यका विशेषताहरू प्रस्तुत गरी *उपसंहार*मा सिङ्गो समाजको समग्रता समेट्ने ज्ञानको असीम भण्डारका रूपमा रहेको लोकसाहित्यका माध्यमबाट अन्यत्र नपाइने जानकारी प्राप्त गर्न सकिने हुँदा यसको विशेष महŒव रहेको कुरा प्रस्तुत गरिएको छ । एकाइको अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ २ : *लोकवार्ताको सैद्धान्तिक स्वरूप*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, लोकवार्ताको परिचय, लोकवार्ताको परिभाषा, लोकवार्ताको स्वरूप, लोकवार्ताका प्रकार, लोकवार्ताको ज्ञानका अन्यशाखासँगको सम्बन्ध, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी आठ उपशीर्षक रहेका छन् । सुरुमा एकाइ पढाउनाको उद्देश्यबारे जानकारी गराइ त्यसभन्दापछि लोकवार्ताको परिचय दिँदै लोकवार्तासम्बन्धी विभिन्न विद्वान्हरूले गरेका परिभाषाहरू प्रस्तुत गरिएको छ । *लोकवार्ताको स्वरूप* उपशीर्षकमा लोकवार्ताको स्वरूपबारे प्रकाश पारी मौखिक-श्रव्य, दृष्य, चिन्तनमूलकजस्ता लोकवार्ताका प्रकारहरूको चर्चा गर्दै लोकवार्ताको पुरातŒव, इतिहास, भूगोल, समाजशास्त्र जस्ता ज्ञानका विभिन्न शाखाहरूसँगको सम्बन्ध प्रस्तुत गरिएको छ । *उपसंहार*मा लोकवार्ता र लोकसंस्कृतिको वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई लोकवार्ता भनिने कुरा प्रस्तुत गरी पुरातŒव, इतिहास, भूगोल आदिसँग यसको घनिष्ठ सम्बन्ध रहने कुरा उल्लेख गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ३ : *लोकसाहित्य र सिर्जित साहित्यको तुलना*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, परिचय, लोकसाहित्य र सिर्जित साहित्यको सम्बन्ध, लोकसाहित्य र सिर्जित साहित्यको तुलना, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । प्रारम्भमा उक्त एकाइ पढाउनाका उद्देश्यबारे जानकारी गराउँदै त्यसभन्दापछि लोकसाहित्य र सिर्जित साहित्यको परिचय प्रस्तुत गरी लोकसाहित्य र सिर्जित साहित्यको सम्बन्धसँगै यी दुई बीचका समानता र भिन्नता प्रस्तुत गरिएको छ । *उपसंहार*मा लोकसाहित्य र सिर्जित साहित्य बीचको मुख्य भिन्नताहरू प्रस्तुत गर्दै सिर्जित साहित्यको आधारशीलासमेत मानिने लोकसाहित्य र सिर्जित साहित्यमा साम्य बैषम्य दुवै रहने कुरा उल्लेख गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ४ : *लोकसाहित्यको विधागत वर्गीकरण*को संरचना शीर्षकभित्र *उद्देश्य, परिचय, लोकसाहित्यको विधा वर्गीकरणका आधारहरू, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी पाँच उपशीर्षक रहेका छन् । एकाइको प्रारम्भका यस एकाइ पढाउनाका उद्देश्यहरू प्रस्तुत गरी त्यसभन्दा पछि लोकसाहित्यको परिचयसँगै *लोकसाहित्यको विधा वर्गीकरणका आधारहरू* उपशीर्षकमा प्रस्तुति, माध्यम, श्रेणी, आकार र प्रकारका आधारमा लोकसाहित्यको वर्गीकरण गरिएको छ । *उपसंहार*मा साहित्यमा विधा सिद्धान्तको विकास भइरहेको भए पनि लोकसाहित्यमा भने विधा सिद्धान्तको विकास नभएकोले साहित्यिक विधा सिद्धान्तकै

आधारमा लोकसाहित्यका पनि विधा छुट्याउनुपर्ने अवस्था रहेको कुरा प्रस्तुत गर्दै अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ५ : *लोकसाहित्यको अध्ययनपद्धति*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, परिचय, लोकसाहित्यको अध्ययनपद्धति, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी पाँच उपशीर्षक रहेका छन् । प्रारम्भमा यस एकाइ पढाउनाको उद्देश्य र त्यसपछि एकाइको परिचय प्रस्तुत गर्दै *लोकसाहित्यको अध्ययनपद्धति* उपशीर्षकअन्तर्गत ऐतिहासिक, वर्णनात्मक, तुलनात्मक, मनोविश्लेषणात्मक, संरचनावादी जस्ता लोकसाहित्यका विभिन्न अध्ययन पद्धतिहरूको बारेमा चर्चा गरिएको छ । *उपसंहार*मा लोकसाहित्यको व्यवस्थित अध्ययन अनुसन्धान गर्ने तरिकालाई यसको पद्धति भनिने कुराबारे चर्चा गर्दै यी नै विभिन्न पद्धतिहरूका आधारमा लोकसाहित्यका विभिन्न विधाहरूको अध्ययन अनुसन्धान गरिने कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ६ : *लोकगीतको सैद्धान्तिक स्वरूप*को संरचना शीर्षकभित्र *उद्देश्य, लोकगीतको परिचय, लोकगीतको परिभाषा, लोकगीतको स्वरूप, लोकगीतका तCEव, लोकगीतका विशेषता, लोकगीतको वर्गीकरण, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी नौ उपशीर्षक रहेका छन् । यसको सुरुमा एकाइका उद्देश्य प्रस्तुत गरी त्यसभन्दापछि लोकगीतको परिचय दिँदै लोकगीतसम्बन्धी विभिन्न विद्वान्का परिभाषाहरूसहित यसको स्वरूप र तCEवहरूको बारेमा चर्चा गरिएको छ । त्यसपछि लोकसाहित्यका विशेषताहरू प्रस्तुत गर्दै विषय, सहभागिता, उमेर, लिङ्ग, जातीय, क्षेत्रीय, समय आदिका आधारमा लोकसाहित्यलाई वर्गीकरण गरी *उपसंहार*मा लोकसाहित्यको सबैभन्दा लोकप्रिय विधाका रूपमा रहेको लोकगीतको महCEवपूर्ण विशेषता सङ्गीतात्मकता भएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* प्रस्तुत गरिएको छ ।

एकाइ ७ : *लोकगाथाको सैद्धान्तिक स्वरूप*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, लोककथाको परिचय, लोककथाको परिभाषा, लोककथाको स्वरूप, लोककथाका तCEव, लोककथाका विशेषता, लोककथाको वर्गीकरण, लोककथा र आधुनिक कथा, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी दश उपशीर्षक रहेका छन् । एकाइको प्रारम्भमा यस एकाइ पढाउनाको उद्देश्यबारे जानकारी गराउँदै लोककथाको परिचयसहित विभिन्न विद्वान्हरूका परिभाषाहरू प्रस्तुत गर्दै लोकगाथाको स्वरूप बारेमा चर्चा गरिएको छ । *लोककथाका तCEव* उपशीर्षकमा लोककथाका विभिन्न तCEवहरूका बारेमा चर्चा गरी त्यसभन्दापछि लोककथाका विशेषताहरू प्रस्तुत गरिएको छ । अर्को उपशीर्षकमा विषयवस्तु, भाव, शिल्पविधान, उद्देश्य, आदिको आधारमा लोककथाको वर्गीकरण गरी त्यसभन्दापछिको उपशीर्षकमा लोककथा र आधुनिक कथा बीच तुलना गरिएको छ । *उपसंहार*मा मौखिक वा श्रुतिपरम्पराद्वारा सम्प्रेषित अज्ञात रचनाकारहरूको सङ्क्षिप्त, सारगर्भित एवं सार्विक आख्यानात्मक गद्य संरचना मानिने लोककथा लोकपरम्परामा प्रचलित विधा भएको र लोककथाको वर्गीकरणका विभिन्न आधारमध्ये सबैभन्दा महCEवपूर्ण आधार विषयवस्तु भएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ८ : *गाउँखाने कथाको सैद्धान्तिक स्वरूप*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, गाउँखाने कथाको परिचय, गाउँखाने कथाको परिभाषा र स्वरूप, गाउँखाने कथाका विशेषता, उपसंहार* र *थप अध्ययनका लागि*

सन्दर्भसामग्री गरी छ उपशीर्षक रहेका छन् । प्रारम्भमा यस एकाइ पढाउनाका उद्देश्यहरूको जानकारीसँगै त्यसभन्दापछि गाउँखाने कथाको परिचय र परिभाषासहित यसको स्वरूप प्रस्तुत गरिएको छ । *गाउँखाने कथाका विशेषता* उपशीर्षकमा गाउँखाने कथाका विशेषताहरूलाई केही उदाहरणसहित प्रस्तुत गर्दै *उपसंहार*मा गाउँखाने कथाहरू संसारका सबै जाति, संस्कृति र भाषामा पाइने साझा अभिव्यक्ति भएकाले यसलाई विश्वमा सर्वत्र पाइने सार्वभौम संरचना मानिने कुराका साथै यसको सोझो अर्थ नभई साङ्केतिक अर्थ हुने कुरा प्रस्तुत गरिएको छ । अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ९ : *उखान र टुक्काको सैद्धान्तिक स्वरूप*को संरचना शीर्षकभित्र *उद्देश्य, उखान र टुक्काको परिचय, उखानको परिभाषा र स्वरूप, उखानका विशेषता, टुक्काको परिभाषा र स्वरूप, टुक्काका विशेषता, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी आठ शीर्षक रहेका छन् । प्रारम्भमा यस एकाइका उद्देश्य प्रस्तुत गरी त्यसभन्दापछि उखान र टुक्का दुवैको परिचयसँगै विभिन्न विद्वान्हरूले उखानसम्बन्धी गरेका परिभाषा र स्वरूप तथा विशेषताहरू प्रस्तुत गरिएको छ । त्यसभन्दा पछिल्लो उपशीर्षकमा टुक्काको परिचय, परिभाषा र विशेषताहरूको बारेमा चर्चा गरिएको छ । *उपसंहार*मा उखान सामान्य सत्य, परिपक्क ज्ञान वा साझा अनुभवमा आधारित सारगर्भित र सूत्रात्मक उक्ति भएको तथा टुक्का दुई वा दुईभन्दा बढी शब्दहरू मिलेर एउटै विशिष्ट लक्षार्थ बन्ने पदसमूहात्मक संरचना भएको कुरा प्रस्तुत गर्दै यो रुढ अर्थमा प्रयोग हुने र यसमा लक्षार्थको प्रधानता रहने कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ

३. भाषाशैली

लोकसाहित्य नामक प्रस्तुत पुस्तकमा सरल शब्दहरूको प्रयोग गर्नाका साथै सूत्रात्मक शैलीको प्रयोग गरिएको छ । स्तरअनुरूप सुहाउँदो र उपयुक्त किसिमको भाषाको प्रयोग गरिएको यस पुस्तकका मानक नेपाली भाषाको प्रयोग गर्नाका साथै विभिन्न परिच्छेदका मूल शीर्षकहरूलाई अङ्ग्रेजी भाषामा समेत दिइएको छ ।

४. निष्कर्ष

लोकसाहित्यको सैद्धान्तिक स्वरूप, लोकवार्ताको सैद्धान्तिक स्वरूप, लोकसाहित्य र सिर्जित साहित्य, लोकसाहित्यको विधागत वर्गीकरण, लोकसाहित्यको अध्ययनपद्धति, लोकगीतको सैद्धान्तिक स्वरूप, लोककथाको सैद्धान्तिक स्वरूप, गाउँखाने कथाको सैद्धान्तिक स्वरूप, उखान र टुक्काको सैद्धान्तिक स्वरूप गरी नौ एकाइमा विभाजित **लोकसाहित्य** नामक पुस्तक लोकसाहित्य, लोकवार्ता, लोकगीत, लोककथा, गाउँखाने कथा, उखान र टुक्काको सैद्धान्तिक स्वरूपका साथै लोकसाहित्य र सिर्जित साहित्यको तुलनासहित लोकसाहित्यको विधागत वर्गीकरण र अध्ययन पद्धतिको प्रस्तुतिका केन्द्रित रहेको छ । लोकसाहित्यको सिद्धान्तसहित यस अन्तर्गत पर्ने विभिन्न विधाहरूको बारेमा जानकारी गराउनका साथै लोकसाहित्य र सिर्जित साहित्य बीचको अन्तरसम्बन्ध प्रस्तुत गरिएको यो पुस्तक सम्बन्धित विश्वविद्यालय र तहका लागि अनिवार्य रहनका साथै लोकसाहित्यप्रति रुचि राखी अध्ययन गर्न चाहनेहरूका लागि समेत निकै उपयोगी रहेको छ ।

७.४.११ पूर्वीय साहित्य सिद्धान्त

१. परिचय

पूर्वीय साहित्य सिद्धान्त नामक यो पुस्तक २०११ मा Gauhati University Assam बाट प्रकाशित भएको हो । आवरण पृष्ठमा विभिन्न देवीदेवता, बलेको दीप आदि पूर्वीय संस्कृतिसँग सम्बन्धित तस्बिरहरू राखिएको यो पुस्तक ७९ पृष्ठमा संरचित छ । पुस्तकको प्राक्कथनमा पुस्तकमा समाविष्ट सबै एकाइको सङ्क्षिप्त परिचय दिई यस पुस्तकमा काव्य परिभाषा, काव्य हेतु, काव्य प्रयोजन, शब्दशक्तिका साथै रस, अलङ्कार, रीति, ध्वनि, वक्रोक्ति सम्प्रदायको सैद्धान्तिक परिचय दिइएको कुरा उल्लेख गरिएको छ । यस पुस्तकका एकाइहरू क्रमशः एकाइ १ : *काव्य परिभाषा*, एकाइ २ : *काव्य हेतु र प्रयोजन*, एकाइ ३ : *शब्दशक्ति*, एकाइ ४ : *रस सम्प्रदाय*, एकाइ ५ : *अलङ्कार सम्प्रदाय*, एकाइ ६ : *रीति सम्प्रदाय*, एकाइ ७ : *ध्वनि सम्प्रदाय* र एकाइ ८ : *वक्रोक्ति सम्प्रदाय* गरी ८ एकाइ रहेका छन् ।

२. विषयवस्तु

एकाइ १ : *काव्य परिभाषा*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, काव्यको परिचय, काव्यको परिभाषा, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी पाँच उपशीर्षक रहेका छन् । सुरुमा एकाइ पढाउनाका उद्देश्यहरूबारे जानकारी गराइ त्यसभन्दापछि काव्यको परिचय दिँदै पूर्वीय विभिन्न विद्वान्हरूका काव्य परिभाषाहरू प्रस्तुत गरिएको छ । *उपसंहार*मा पूर्वीय साहित्य चिन्तन परम्परामा काव्य शब्द सिङ्गो साहित्यको पर्यायवाचीका रूपमा प्रयुक्त हुने कुरा विभिन्न आचार्यहरूले विभिन्न ढङ्गबाट अर्थ्याएको कुरा जानकारी गराई आनन्दवर्धन तथा रसवादीबाहेक अन्य सबैले काव्यको वस्तुवादी, भाषावादी परिभाषा गरेको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ २ : *काव्य हेतु र प्रयोजन*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, परिचय, काव्य हेतु, काव्य प्रयोजन, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । एकाइको प्रारम्भमा एकाइ पढाउनाका उद्देश्य प्रस्तुत गरी त्यसभन्दापछि काव्य हेतु र काव्यको प्रयोजनको परिचय दिइएको छ । *काव्य हेतु* उपशीर्षकअन्तर्गत काव्य हेतुको परिचयसहित प्रतिभा, व्युत्पत्ति र अभ्यासजस्ता काव्य हेतुको बारेमा चर्चा गरिएको छ भने *काव्य प्रयोजन* उपशीर्षकमा विभिन्न आचार्यहरूले उल्लेख गरेका काव्य प्रयोजनहरू प्रस्तुत गर्दै *उपसंहार*मा काव्य हेतु मानिएका प्रतिभा, व्युत्पत्ति र अभ्यासमध्ये प्रतिभालाई बढी महत्व दिए पनि अन्य दुईलाई पनि महत्वपूर्ण नै ठानिने कुरासहित सर्जकका सन्दर्भबाट कीर्ति र तृप्तिलाई अनि पाठकका सन्दर्भबाट आनन्दानुभूतिलाई काव्यको प्रमेख प्रयोजन मानिएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ३ : *शब्दशक्ति*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, शब्दशक्तिको परिचय, शब्दशक्तिका प्रकार, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी पाँच उपशीर्षक रहेका छन् । एकाइको सुरुमा एकाइ समावेश गर्नाका उद्देश्य प्रस्तुत गरी त्यसभन्दापछि शब्दशक्तिको परिचयसँगै अभिधा, लक्षणा र व्यञ्जना गरी शब्दशक्तिका प्रकारहरूको बारेका उदाहरणसहित चर्चा गरिएको छ । *उपसंहार*मा शब्दमा रहेको अर्थ बुझाउने सामर्थ्यलाई शब्दशक्ति भनिने र अर्थका दृष्टिले शब्दहरू वाचक, लक्षक र व्यञ्जक गरी तिन प्रकारका हुने कुरा प्रस्तुत गर्दै वाचक शब्दले वाच्यार्थ वा मुख्यार्थको, लक्षणा शक्ति हुने लक्षक शब्दले लक्षार्थको र व्यञ्जना शक्ति हुने व्यञ्जक शब्दले व्यङ्ग्यार्थको बोध गराउने कुरा जानकारी गराइएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ४ : *रस सम्प्रदाय*को संरचना शीर्षकभित्र *उद्देश्य, रसको परिचय, रसको परिभाषा, रससूत्रको व्याख्या, रस अवयवको चिनारी, रस निष्पत्तिसम्बन्धी मान्यता, नवरसको चिनारी, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी नौ उपशीर्षक रहेका छन् । एकाइको सुरुमा एकाइ पढाउनाका उद्देश्यबारे जानकारी गराई त्यसपछि रसको परिचय र परिभाषा प्रस्तुत गरिएको छ । यसमा भाव, विभाव, अनुभाव, व्यभिचारी भाव जस्तारसको उत्पत्ति गर्ने घटकहरूका बारेमा चर्चा गरी रस अवयवको चिनारी गराइएको छ । *रस निष्पत्तिसम्बन्धी मान्यता* उपशीर्षकमा रसनिष्पत्तिसम्बन्धी विभिन्न विद्वान्का मान्यता प्रस्तत गरी *नवरसको चिनारी* उपशीर्षकमा नवरसको बारेमा उदाहरणसहित व्याख्या गरिएको छ । *उपसंहार*मा रस शब्दको शास्त्रीय प्रयोग सर्वप्रथम भरतको नाट्यशास्त्रमा भएको बताउँदै पूर्वीय साहित्य सिद्धान्तमा विभिन्न अर्थमा प्रयोग गरिने रस शब्दको अर्थ स्थूलबाट सूक्ष्मतिर विकसित भएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ५ : *अलङ्कार सम्प्रदाय*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, अलङ्कारको परिचय, अलङ्कारको परिभाषा, अलङ्कारको वर्गीकरण, अलङ्कारसम्बन्धी मूलभूत मान्यता, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी सात उपशीर्षक रहेका छन् । यस एकाइको सुरुमा एकाइ पढाउनाका उद्देश्यबारे जानकारी दिइ त्यसभन्दापछि अलङ्कारको परिचय र अलङ्कारसम्बन्धी विभिन्न विद्वान्हरूका परिभाषाहरू प्रस्तुत गरिएको छ । *अलङ्कारको वर्गीकरण* उपशीर्षकमा अलङ्कारलाई शब्दालङ्कार र अर्थालङ्कारमा वर्गीकरण गरी ती दुवैमा पर्ने विभिन्न अलङकारहरूको बारेमा चर्चा गरिएको छ भने *अलङ्कारसम्बन्धी मूलभूत मान्यता* उपशीर्षकमा अलङ्कारसम्बन्धी विभिन्न विद्वान्का मान्यताहरू प्रस्तुत गरिएको छ । *उपसंहार*मा साहित्यमा अलङ्कारको महत्वपूर्ण भूमिका हुने हुनाले यसको अभावमा साहित्य अनाकर्षक र सामान्य कथन जस्तै बन्ने कुरासहित अलङ्कारवादीका दृष्टिमा यो साधन र साध्य दुवै भए पनि अन्यका दृष्टिमा भने साध्य नभएर साधन मात्र भएको कुरा जानकारी गराउँदै यति हुँदाहुँदै पनि साहित्यलाई विशिष्ट अभिव्यक्ति तुल्याउने सन्दर्भमा अलङ्कारको महत्वपूर्ण भूमिका रहेको कुरा बताइएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ६ : *रीति सम्प्रदाय*को संरचना शीर्षकभित्र *उद्देश्य, रीति सम्प्रदायको परिचय, रीतिको परिभाषा, रीतिको वर्गीकरण, रीति सम्प्रदायको मूलभूत मान्यता, रीति र अलङ्कारको सम्बन्ध, रीति र गुणको सम्बन्ध, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी नौ उपशीर्षक रहेका छन् । एकाइको प्रारम्भमा एकाइ पढाउनाका उद्देश्यहरू प्रस्तुत गरी त्यसपछि रीति सम्प्रदायको परिचय, विभिन्न विद्वान्हरूले गरेका रीतिसम्बन्धी परिभाषाहरू प्रस्तुत गरिएको छ । *रीतिको वर्गीकरण* उपशीर्षकमा वैदर्भी, गौणी र पाञ्चाली गरी रीतिको वर्गीकरण गर्दै अर्को उपशीर्षकमा रीति सम्प्रदायको मूलभूत मान्यताहरू प्रस्तुत गरिएको छ । त्यसभन्दापछि रीति र अलङ्कार तथा रीति र गुणको सम्बन्ध प्रस्तुत गर्दै गुणका प्रकारहरूको बारेमा चर्चा गरिएको छ । *उपसंहार*मा रीति सम्प्रदायका प्रवर्तक वामनले रीतिलाई काव्यको आत्मा मानी रीतिका साथै गुणलाई पनि महत्व दिएको कुरासँगै रीति र गुणका विभिन्न आधारमा अनेक प्रकारका वर्गीकरण गरिएको पाइए तापनि वामनले गुणका आधारमा रीतिको वर्गीकरण वैदर्भी, गौणी र पाञ्चाली गरी गरेकाले यसैलाई रीतिका मुख्य प्रकार मानिने तथा माधुर्य, ओज र प्रसाद गुण गरी त्रिगुणलाई प्रमुख गुण मानिएको कुरा प्रस्तुत गरिएको छ र एकाइको अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ७ : *ध्वनि सम्प्रदाय*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, ध्वनि सम्प्रदायको परिचय, ध्वनिको अर्थ र परिभाषा, ध्वनिको वर्गीकरण, ध्वनि सिद्धान्तको स्थापना, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी सात उपशीर्षक रहेका छन् । एकाइको सुरुमा यस एकाइ पढाउनाका उद्देश्य प्रस्तुत गरी त्यसभन्दापछि ध्वनि सम्प्रदायको परिचयसँगै ध्वनिको अर्थ र विभिन्न विद्वान्का ध्वनिसम्बन्धी परिभाषाहरू प्रस्तुत गरिएको छ । *ध्वनिको वर्गीकरण* उपशीर्षकमा रस ध्वनि, वस्तु ध्वनि र अलङ्कार ध्वनि गरी ध्वनिको वर्गीकरण गरी *ध्वनि सिद्धान्तको स्थापना* उपशीर्षकमा आनन्दवर्धनले गरेको ध्वनि सिद्धान्तको स्थापना बारे चर्चा गरिएको छ । *उपसंहार*मा ध्वनिवादको विकास रसवादबाट भएको कुराको जानकारीसहित आनन्दवर्धनपछि अभिनव गुप्तले ध्वनि सम्प्रदायलाई अगि बढाएको कुरा प्रस्तुत गर्दै ध्वनिका अनेक भेदोपभेद गरिएको पाइए पनि रस ध्वनि, वस्तु ध्वनि र अलङ्कार ध्वनि गरी यसका मुख्य तिन भेदलाई बढी महत्व दिइएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ८ : *वक्रोक्ति सम्प्रदाय*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, वक्रोक्ति सम्प्रदायको परिचय, वक्रोक्तिको अर्थ र परिभाषा, वक्रोक्तिको वर्गीकरण, वक्रोक्तिवादका प्रमुख मान्यता, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी सात उपशीर्षक रहेका छन् । एकाइको सुरुमा एकाइ पढाउनाका उद्देश्यबारे जानकारी गराउँदै त्यसभन्दा पछि वक्रोक्ति सम्प्रदायको परिचय दिई यसको अर्थ र परिभाषा प्रस्तुत गरिएको छ । *वक्रोक्तिको वर्गीकरण* उपशीर्षकमा वक्रोक्तिलाई विभिन्न भेदमा वर्गीकरण गरिएको छ भने *वक्रोक्तिवादका प्रमुख मान्यता* उपशीर्षकमा यसलाई व्यापक रूपमा चर्चा गरिएको छ । *उपसंहार*मा कुन्तकले **वक्रोक्तिजीवितम्** नामक ग्रन्थका माध्यमबाट वक्रोक्तिवादको स्थापना गरी चिन्तनमा नयाँ मोड ल्याएको कुराबारे चर्चा गर्दै वक्रोक्तिवादको स्थापनामा कुन्तकको समन्यववादी दृष्टि रहेको र यसलाई साहित्य समालोचनाको वस्तुवादी सिद्धान्त मानिने कुरा प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* प्रस्तुत गरिएको छ ।

३. भाषाशैली

पूर्वीय साहित्य सिद्धान्त नामक प्रस्तुत पुस्तकमा स्तर अनुरूप सुहाउँदो र उपयुक्त किसिमको भाषाको प्रयोग गरिएको छ । सरल शब्दहरूको प्रयोग गरी सूत्रात्मक शैलीको प्रयोग गरिएको यस पुस्तकका मानक नेपाली भाषाको प्रयोग गर्नाका साथै परिच्छेदका मूल शीर्षकहरूलाई भने अङ्ग्रेजी भाषामा दिइएको छ ।

४. निष्कर्ष

काव्य परिभाषा, काव्य हेतु र प्रयोजन, शब्दशक्ति, रस सम्प्रदाय, अलङ्कार सम्प्रदाय, रीति सम्प्रदाय, ध्वनि सम्प्रदाय र *वक्रोक्ति सम्प्रदाय* गरी आठ एकाइमा विभाजित **पूर्वीय साहित्य सिद्धान्त** नामक यो पुस्तकमा प्रत्येक एकाइको परिचय, अर्थ, परिभाषा, वर्गीकरण तथा मान्यताहरू प्रस्तुत गरिएको छ । पाठ्यक्रमलाई पूर्ण रूपमा समेटी पूर्वीय साहित्यका विभिन्न सम्प्रदायहरू प्रस्तुत गरिएको यो पुस्तक सम्बन्धित विश्वविद्यालय र तहका लागि अनिवार्य रहनाका साथै पूर्वीय साहित्यका बारेमा जानकारी लिन चाहनेहरूका लागि निकै उपयोगी रहेको छ ।

७.४.१२ पाश्चात्य साहित्य र समालोचना सिद्धान्त

१. परिचय

पाश्चात्य साहित्य र समालोचना सिद्धान्त २०११ मा Gauhati University Assam बाट प्रकाशित भएको हो । आवरण पृष्ठमा पाश्चात्य साहित्यका विभिन्न साहित्यकारहरू तथा दार्शनिकहरूका साथै Das Capital, Lirical Ballads जस्ता कृतिहरू राखिएको यो पुस्तक १०९ पृष्ठमा संरचित छ । यस पुस्तकको प्राक्कथनमा पुस्तकमा समाविष्ट सबै एकाइको सङ्क्षिप्त परिचय दिई एरिस्टोटलको अनुकरण सिद्धान्त, कलरिजको कल्पना सिद्धान्त र रिचर्डसको मूल्य सिद्धान्त, समाजपरक, मनोविज्ञानपरक, संरचनावादी समालोचना र नारीवादी समालोचनाका साथै शास्त्रीयतावाद, स्वच्छन्दतावाद, यथार्थवाद र उत्तरआधुनिकतावादबारे चर्चा गरिएको कुरा उल्लेख गरिएको छ । पुस्तकका क्रमशः एकाइ १ : *एरिस्टोटलको अनुकरण सिद्धान्त*, एकाइ २ : *कलरिजको कल्पना सिद्धान्त*, एकाइ ३ : *रिचर्डसको मूल्य सिद्धान्त*, एकाइ ४ : *समाजपरक समालोचना*, एकाइ ५ : *मनोविज्ञानपरक समालोचना*, एकाइ ६ : *संरचनावादी समालोचना*, एकाइ ७ : *नारीवादी समालोचना*, एकाइ ८ : *शास्त्रीयतावाद*, एकाइ ९ : *स्वच्छन्दतावाद*, एकाइ १० : *यथार्थवाद* र एकाइ ११ : *उत्तरआधुनिकतावाद* गरी ११ वटा एकाइ रहेका छन् ।

२. विषयवस्तु

एकाइ १ : *एरिस्टोटलको अनुकरण सिद्धान्त*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, परिचय, एरिस्टोटलका अनुकरण सिद्धान्तको पृष्ठभूमि, एरिस्टोटलको अनुकरण सिद्धान्त, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । एकाइको प्रारम्भमा उक्त एकाइ पढाउनाका उद्देश्य प्रस्तुत गरी त्यसभन्दापछि अनुकरण सिद्धान्तको परिचयसहित एरिस्टोटलको अनुकरण सिद्धान्तको पृष्ठभूमिका बारेमा चर्चा गरिएको छ भने *एरिस्टोटलको अनुकरण सिद्धान्त* उपशीर्षकमा एरिस्टोटलको अनुकरण सिद्धान्तका बारेमा व्याख्या गरिएको छ । *उपसंहार*मा एरिस्टोटलले वस्तुपरक ढङ्गबाट कल्पनाको समेत सम्मिश्रण गरी पुनः निर्माण, पुनः सिर्जना वा पुनरुत्पादन गर्नु अनुकरण हो भन्दै काव्यलाई साहित्यिक कोणबाट विश्लेषण गरी आफ्ना गुरु प्लेटोले कवि र काव्यमाथि लगाएको आक्षेपलाई बौद्धिक र तार्किक ढङ्गले खण्डन गर्दै कवि र काव्यको महत्ता बढाउने उल्लेखनीय कार्य गरेको कुरा प्रस्तुत गरिएको छ । अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ २ : *कलरिजको कल्पना सिद्धान्त*को संरचना शीर्षकभित्र *उद्देश्य, परिचय, कलरिजको कल्पनासम्बन्धी दृष्टिकोण, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी पाँच उपशीर्षक रहेका छन् । एकाइको प्रारम्भमा एकाइका उद्देश्यबारे जानकारी दिँदै कलरिजको परिचयसहित उनको कल्पनासम्बन्धी दृष्टिकोण प्रस्तुत गरिएको छ । *उपसंहार*मा कलरिजको काव्य र कल्पनासम्बन्धी दृष्टिकोण साहित्यिक भन्दा बढी दार्शनिक रहेको तथा यिनले काव्य र दर्शनका बीचमा सम्बन्ध स्थापित गराउने उल्लेख्य कार्य गरेको कुरासँगै पछिल्ला विद्वान् तथा काव्य सिद्धान्तमा समेत कलरिज र उनको कल्पना सिद्धान्तको प्रभाव परेको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ३ : *रिचर्डसको मूल्य सिद्धान्त*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, परिचय, रिचर्डसको काव्यकलासम्बन्धी दृष्टिकोण, रिचर्डसको मूल्यसम्बन्धी दृष्टिकोण र मूल्य सिद्धान्त, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । एकाइको प्रारम्भमा यो एकाइ पढाउनाका उद्देश्यबारे जानकारी गराइ त्यसभन्दापछि रिचर्डसको परिचय दिइएको छ । यसमा उनको काव्यसम्बन्धी दृष्टिकोण प्रस्तुत

गरी मूल्यसम्बन्धी दृष्टिकोण र मूल्य सिद्धान्तका बारेमा चर्चा गरिएको छ । *उपसंहार*मा रिचर्डसको मूल्य सिद्धान्तले व्यक्ति मनमा पार्ने प्रभावका साथै उपयोगिताका आधारमा कला साहित्यको मूल्यको खोजी र व्याख्या विश्लेषण गर्नुपर्छ भन्ने दृष्टिकोण राख्ने हुँदा यो सिद्धान्त प्रकृतवादी, आदर्शवादी, उपयोगितावादी र व्यक्तिवादी रहेको कुरा प्रस्तुत गरिएको छ र एकाइको अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ४ : *समाजपरक समालोचना*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, परिचय, समाजपरक समालोचनाको विकासक्रम, मार्क्सवादी साहित्यिक मान्यता, प्रगतिवादी समालोचना, मार्क्सवादी र गैरमार्क्सवादी साहित्य चिन्तन, समाजपरक समालोचना प्रणालीका मूलभूत मान्यता, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी नौ उपशीर्षक रहेका छन् । एकाइको प्रारम्भमा एकाइ पढाउनाका उद्देश्यबारे जानकारी दिँदै *समाजपरक समालोचनाको विकासक्रम उपशीर्षकमा* समाजपरक समालोचनाको परिचय र विकासक्रम प्रस्तुत गरी अर्को उपशीर्षकमा मार्क्सवादी साहित्यिक मान्यताहरूको बारेमा चर्चा गरिएको छ । त्यसपछि प्रगतिवादी समालोचनाका साहित्यिक मान्यताको प्रस्तुतिसँगै मार्क्सवादी र गैरमार्क्सवादी साहित्य चिन्तनबारे व्याख्या गर्दै समाजपरक समालोचना प्रणालीका मूलभूत मान्यताहरू प्रस्तुत गरिएको छ । *उपसंहार*मा समाजपरक समालोचनाका शक्ति र सीमाको प्रस्तुतिसहित यस समालोचनाले मूख्यत: सामाजिक सन्दर्भका आधारमा कला साहित्यको विवेचना गर्ने कुरा जानकारी गराइएको छ र एकाइको अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ५ : *मनोविज्ञानपरक समालोचना*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, परिचय, फ्रायडको मनोवैज्ञानिक सिद्धान्त, एडलरको मनोवैज्ञानिक सिद्धान्त, युङ्गको मनोवैज्ञानिक सिद्धान्त, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी सात उपशीर्षक रहेका छन् । एकाइको सुरुमा उक्त एकाइ पढाउनाका उद्देश्यबारे जानकारी गराई त्यसपछि मनोविज्ञानपरक समालोचनाको परिचयसँगै फ्रायड, एडलर र युङ्गको मनोवैज्ञानिक सिद्धान्तका बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ र *उपसंहार*मा मनोविज्ञानपरक समालोचनाका शक्ति र सीमा प्रस्तुत गर्दै विशेषत: कृतिकार र कृतिगत सहभागीहरूको प्रतिक्रियागत व्याख्या विश्लेषण गरे तापनि सम्पूर्ण कृतिको उद्घाटन गर्न असमर्थ भए पनि मानिसको मन तथा अन्तरतहबाट केलाउने दृष्टिबाट चाहिँ यसको महत्व अस्वीकार गर्न नमिल्ने कुरा भएको बताउँदै एकाइको अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ६ : *संरचनावादी समालोचना*को संरचना शीर्षकभित्र *उद्देश्य, परिचय, संरचनावादको विकासक्रम, संरचनावादी समालोचनाको सैद्धान्तिक स्वरूप, संरचनावादी समालोचनाका आधारभूत मान्यता, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी सात उपशीर्षक रहेका छन् । प्रारम्भमा यस एकाइ पढाउनाका उद्देश्यहरू प्रस्तुत गरी संरचनावादको परिचयसहित यसको विकासक्रमबारे जानकारी गराइएको छ । *संरचनावादी समालोचनाको सैद्धान्तिक स्वरूप* उपशीर्षकमा संरचनावादी समालोचनाको सैद्धान्तिक स्वरूपको विस्तृत रूपमा व्याख्या विश्लेषण गर्दै *संरचनावादी समालोचनाका आधारभूत मान्यता* उपशीर्षकमा संरचनावादी समालोचनाका आधारभूत मान्यताहरू प्रस्तुत गरिएको छ । *उपसंहार*मा संरचनावादी समालोचनाका शक्ति र सीमाहरू प्रस्तुत गरी संरचनावाद भाषाविज्ञानका विधिहरूबाट प्रवर्तित कृति अध्ययनको वस्तुगत र वैज्ञानिक विधि तथा विश्लेषणको स्पष्ट प्रारूप भएको शक्तिशाली सिद्धान्त र पद्धति

भएकाले यसको प्रयोग ज्ञानविज्ञानका जुनसुकै क्षेत्रमा पनि गर्न सकिने कुरासहित उत्तरआधुनिकतावादले समेत वस्तुगत आलोचना गर्न नसकेको संरचनावाद आधुनिक समालोचना पद्धतिको विशिष्ट देन भएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ७ : *नारीवादी समालोचना*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, परिचय, नारीमुक्त आन्दोलन र साहित्य चिन्तनको सूत्रपात, नारीवादी साहित्य र समालोचनाको विकास, नारीवादी समालोचनाका प्रमुख मान्यता, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी सात उपशीर्षक रहेका छन् । एकाइको प्रारम्भमा उक्त एकाइ पढाउनाका उद्देश्य प्रस्तुत गरी त्यसभन्दापछि नारीवादी समालोचनाको परिचय दिँदै नारीमुक्ति आन्दोलन र साहित्य चिन्तनको सूत्रपातको बारेमा चर्चा गरी नारीवादी साहित्य र समालोचनाको विकासलाई विभिन्न (राजनैतिक नारीवादी, गाइनो, फ्रान्सेली) धाराहरूसहित व्याख्या गरिएको छ । यसपछि नारीवादी समालोचनाका प्रमुख मान्यताहरूलाई प्रस्तुत गर्दै *उपसंहार*मा नारीवादी समालोचनाका शक्ति र सीमाहरू प्रस्तुत गरी नारीवाद साहित्य सिर्जनाका क्षेत्रमा जति फस्टाएको देखिन्छ समालोचनाका क्षेत्रमा त्यति नफस्टाएको तथा कृति विश्लेषणसम्बन्धी स्पष्ट प्रारूप नभएकाले यसले अन्य समालोचना प्रणालीकै अनुसरण गरी कृतिमा अभिव्यञ्जित नारीसम्बन्धी दृष्टिकोणको खोजी र व्याख्या विश्लेषण गर्ने कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ८ : *परिष्कारवाद*को संरचना शीर्षकभित्र *उद्देश्य, परिचय, परिष्कारवादका आधारभूत मान्यता, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी पाँच उपशीर्षक रहेका छन् । एकाइको प्रारम्भमा उक्त एकाइ पढाउनाका उद्देश्यहरू प्रस्तुत गरी त्यसभन्दापछि परिष्कारवादको परिचयसहित परिष्कारवादका आधारभूत मान्यताहरूको बारेमा चर्चा गरिएको छ । *उपसंहार*मा परिष्कारवादका शक्ति र सीमाहरू प्रस्तुत गरी परिष्कारवादले साहित्य क्षेत्रमा व्याप्त अव्यवस्थाहरूलाई पन्छाई सुव्यवस्था ल्याउने महत्वपूर्ण कार्य गरेको भए तापनि साहित्य सिर्जनासम्बन्धी नियमहरूको पालनाका निम्ति अत्यन्त आग्रह पाइने हुँदा परिष्कारवादी सिद्धान्त अन्धानुकरणको पर्याय बन्न गएको र यसले साहित्यलाई मरणासन्न तुल्याएको देखिने कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ ९ : *स्वच्छन्दतावाद*को संरचना शीर्षकभित्र *उद्देश्य, परिचय, स्वच्छन्दतावादका आधारभूत मान्यता, स्वच्छन्दतावाद र परिष्कारवादको तुलना, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । प्रारम्भमा यस एकाइ पढाउनाका उद्देश्यहरू प्रस्तुत गरी स्वच्छन्दतावादको परिचयसहित स्वच्छन्दतावादका आधारभूत मान्यताहरूका बारेमा चर्चा गरिएको छ । त्यसपछि स्वच्छन्दतावाद र परिष्कारवादको भिन्नता प्रस्तुत गरिएको छ भने *उपसंहार*मा स्वच्छन्दतावादका शक्ति र सीमाहरू उल्लेख गर्दै सांसारिकता भन्दा परको लालसा विशेष पक्ष रहेको स्वच्छन्दतावाद आफ्नै अतिवादिताका कारण रुग्ण भई अवसानका स्थितिमा पुगेको तथा एउटा धाराका रूपमा स्वच्छन्दतावाद समाप्त भएर गए पनि यसको प्रभाव विश्वव्यापी रहेको र यसको प्रवृत्ति अनुसार अत्यधिक साहित्य सिर्जना भएको कुरा प्रस्तुत गरिएको छ र अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

एकाइ १० : *यथार्थवाद*को संरचना शीर्षकअन्तर्गत *उद्देश्य, परिचय, यथार्थवादका प्रकार, यथार्थवादका आधारभूत मान्यता, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी छ उपशीर्षक रहेका छन् । यसको प्रारम्भमा यस एकाइ पढाउनाका उद्देश्य प्रस्तुत गरी त्यसभन्दापछि यथार्थवादको परिचयसहित यसका

प्रकारहरूका बारेमा चर्चा गरिएको छ । अर्को उपशीर्षकमा यथार्थवादका प्रमुख मान्यताहरू प्रस्तुत गर्दै *उपसंहार*मा भने यथार्थवादका शक्ति र सीमाहरू प्रस्तुत गरिएको छ । यसका साथै वैज्ञानिक दृष्टिकोण अँगाली सामाजिक यथार्थको वस्तुगत चित्रण गर्नु, विश्वसनीय र सहज ढङ्गले विषयवस्तु प्रस्तुत गर्नुजस्ता यसका शक्ति र कलात्मकताको ह्रास, नैतिक मुल्य, मान्यता र आदर्शको उपेक्षाजस्ता सीमाहरू प्रस्तुत गरी अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* प्रस्तुत गरिएको छ ।

एकाइ ११ : *उत्तर आधुनिकतावाद*को संरचना शीर्षकभित्र *उद्देश्य, परिचय, उत्तरआधुनिकताको विकासक्रम, आधुनिकता र उत्तर आधुनिकताको तुलना, उत्तरआधुनिकवादका परिचायक अभिलक्षण, उपसंहार* र *थप अध्ययनका लागि सन्दर्भसामग्री* गरी सात उपशीर्षक रहेका छन् । यस एकाइको प्रारम्भमा यस एकाइ पढाउनाका उद्देश्यबारे जानकारी गराइएको छ र त्यसपछि उत्तरआधुनिकताको परिचय दिँदै यसको विकासक्रम प्रस्तुत गरिएको छ । *आधुनिकता र उत्तर आधुनिकताको तुलना* उपशीर्षकमा आधुनिकता र उत्तरआधुनिकता बीचको तुलना गर्दै त्यसभन्दापछि उत्तरआधुनिकताका परिचायक अभिलक्षण प्रस्तुत गरिएको छ । *उपसंहार*मा उत्तरआधुनिकतावादका विशेषतासँगै समर्थकहरूले अति समर्थन र विरोधीहरूले अति निन्दा गर्ने यी दुवै दृष्टिकोण वस्तुवादी नभएर अतिवादी दृष्टिकोण भएका र यस्ता कार्यले उत्तरआधुनिकतालाई क्षति पु¥याएको कुरा प्रस्तुत गरी अतिले खति पु¥याउने र साहित्य समालोचनाको विकासलाई समेत बाधा पु¥याउने हुनाले दुवै थरी यस कुरातर्फ सचेत हुनुपर्ने कुरा जानकारी गराइएको छ र एकाइको अन्त्यमा *थप अध्ययनका लागि सन्दर्भसामग्री* दिइएको छ ।

३. भाषाशैली

पाश्चात्य साहित्य र समालोचना सिद्धान्त नामक प्रस्तुत पुस्तकमा स्तर अनुरूप सुहाउँदो र उपयुक्त भाषाको प्रयोग गरिएको छ । सरल शब्दहरूको प्रयोग गरी सूत्रात्मक शैलीमा विषयवस्तुको प्रयोग गरिएको यस पुस्तकका मानक नेपाली भाषाको प्रयोग गरिनाका साथै परिच्छेदका मूल शीर्षकहरूलाई भने अङ्ग्रेजी भाषामा समेत दिइएको छ ।

४. निष्कर्ष

एरिस्टोटलको अनुकरण सिद्धान्त, कलरिजको कल्पना सिद्धान्त, रिचर्डसको मूल्य सिद्धान्त, समाजपरक समालोचना, मनोविज्ञानपरक समालोचना, संरचनावादी समालोचना, नारीवादी समालोचना, शास्त्रीयतावाद, स्वच्छन्दतावाद, यथार्थवाद र *उत्तरआधुनिकतावाद* गरी एघार एकाइमा विभाजित **पाश्चात्य साहित्य र समालोचना** नामक पुस्तक पश्चिमी साहित्य सिद्धान्त, पाश्चात्य समालोचना प्रणाली तथा पाश्चात्य जगत्मा प्रचलित विभिन्न वादहरूमा केन्द्रित रहेको छ । विभिन्न सिद्धान्त, समालोचना र वादका बारेमा चर्चा गरिएको यो पुस्तक सम्बन्धित विश्वविद्यालयका सम्बन्धित तहका शिक्षक विद्यार्थीहरूका लागि अनिवार्य रहनका साथै पाश्चात्य साहित्यक्षेत्रमा रुचि लिने सबैका लागि निकै महत्वपूर्ण रहेको छ ।

७.५ समग्र निष्कर्ष

खगेन्द्रप्रसाद लुइटेलको प्राथमिक तहदेखि विश्वविद्यालय तहसम्मको पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखनमा विशिष्ट योगदान रहेको छ । उनले तहगत स्तरलाई ध्यानमा राखेर वस्तुगत ढङ्गबाट आधिकारिक र

प्रामाणिक पाठ्यपुस्तक लेखकका रूपमा राष्टि«य स्तरमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याति कमाइसकेका छन् ।[३३९] डा. लुइटेलका प्रकाशित पुस्तकहरूमध्ये केही पुस्तक अनुसन्धानको सैद्धान्तिक पक्षसँग, केही भाषाविज्ञानसँग, केही नेपाली व्याकरणसँग, केही समालोचना विधासँग तथा केही पुस्तकहरू नेपाली कविताको सैद्धान्तिक र ऐतिहासिक पक्षसँग सम्बन्धित रहेका छन् ।[३४०] लुइटेलद्वारा लिखित विविध विधासँग सम्बन्धित पाठ्यपुस्तकहरूमा सम्बन्धित विधाको सिद्धान्त र विकासक्रमसमेत प्रस्तुत गरी वस्तुगत आधारमा कृतिको विश्लेषण गरिएको हुनाले सिद्धान्त र प्रयोगमा सामञ्जस्यता रहेको पाइन्छ । विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका पाठ्यपुस्तकहरूका लेखक खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित केही पाठ्यपुस्तकहरू गौहाटी विश्वविद्यालय एम.ए. नेपालीको पाठ्यक्रममा समेत समावेश भएका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले विद्यालय तहको पाठ्यक्रममा आधारित भई **हाम्रो नेपाली** र **मेरो नेपाली किताब**को शृङ्खला तयार पारेका छन् । विद्यार्थीको मनोविज्ञान र तहगत स्तरलाई ध्यानमा राखेर तयार पारिएका विद्यालय तहका उक्त पुस्तक शृङ्खलाहरूमा स्तरअनुसार विषयवस्तु, भाषा र प्रस्तुतिको शैलीमा भिन्नता पाइन्छ । सरलताबाट जटिलतातर्फ क्रमशः उन्मुख लुइटेलद्वारा लिखित पाठ्यपुस्तकहरूमा शिक्षणको तरिकाबारे पनि जानकारी गराइएको पाइन्छ ।

यसका साथै लुइटेलले उच्च तहको पाठ्यक्रममा आधारित भएर प्रशस्तै पुस्तकहरू लेखेका छन् । उनले १०+२, आई.ए., आई.एड, बि.ए., बि.एड को पाठ्यक्रममा आधारित भएर थुप्रै पाठ्यपुस्तकहरू लेखेका छन् र उक्त पाठ्यपुस्तकहरू विभिन्न विश्वविद्यालयको पाठ्यक्रममा पनि समावेश छन् । प्रायः हरेक पुस्तकमा सम्बन्धित विधाको इतिहास प्रस्तुत गरी त्यहीअनुरूप कृतिको विश्लेषण गरिएका उनका कृतिहरूमा व्याख्यात्मक भन्दा सूत्रात्मक शैलीको प्रयोग गरिएको पाइन्छ । खगेन्द्रप्रसाद लुइटेलका माथि उल्लेख गरिएका पाठ्यपुस्तक तथा केही समालोचनाका पुस्तकमा मोहनराज शर्माको नाम जोडिएको देखिन्छ । यी पुस्तकहरू लुइटेलद्वारा एकल लेखनमै तयार पारिएका भए तापनि शर्माको विशेष आग्रहका कारण गुरूप्रतिको सद्भाव एवं सदासयता तथा उहाँको सहयोगका लागि उनको पनि नाम राखिएको हो भन्ने लुइटेलको भनाइ रहेको छ । लुइटेल र विभिन्न व्यक्तिको भनाइ तथा प्रस्तुतिको भाषाका आधारमा हेर्दा भने यो भनाइ उपयुक्त नै देखिन्छ । यसैगरी **नेपाली कविता** तथा **नेपाली कवि र कविता** नामक पुस्तकमा कृष्णविलास पौड्यालको नाम र **नेपाली प्रकृति प्रत्यय कोश** नामक पुस्तकमा भागवत ढकालको नाम रहेको छ । यी पुस्तकहरूमा उनीहरूको नाम भए तापनि वास्तवमा ती पनि सहलेखन नभएको भन्ने लुइटेल आफैंले शोधनिर्देशन गरेका विद्यार्थीप्रतिको सदाशयता र सहयोगका लागि मात्र गर्दा उनीहरूको नाम राखिएको बताउँछन् ।

खगेन्द्रप्रसाद लुइटेलले स्वदेशी विद्यालय र विश्वविद्यालयको पाठ्यक्रमअनुरूपका पाठ्यपुस्तकको लेखनका साथै गौहाटी विश्वविद्यालय एम.ए. नेपालीको पाठ्यक्रम निर्माण र पाठ्यपुस्तकको लेखनसमेत गरेका छन् । गौहाटी विश्वविद्यालयबाट प्रकाशित पाठ्यपुस्तकहरूमा नेपालका पाठ्यपुस्तकभन्दा विभिन्न पक्षमा

---

३३९. पैरवी प्रकाशन, *प्रकाशकीय*, खगेन्द्रप्रसाद लुइटेल, **नेपाली निबन्ध समालोचना**, (काठमाडौं : पैरवी प्रकाशन, २०६८) ।

३४० . माधवप्रसाद पाण्डेय, *कविता विधामा आधुनिक विस्फोट,* **स्पेसटाइम,** (२०६० बैशाख १९), पृ. ६ ।

भिन्नता पाइन्छ । नेपाली विषयका पाठ्यपुस्तक भए तापनि नेपालबाहिरबाट प्रकाशित भएकाले यी सबै पुस्तकहरूको आवरण पृष्ठमा भने अङ्ग्रेजी भाषाको प्रयोग गरी विषयवस्तुअनुरूपका तस्बिरहरू राखिएको छ । कवितासँग सम्बन्धित पुस्तकहरूमा भानुभक्त आर्चायदेखि मोतीराम भट्ट, लेखनाथ पौडेल हुँदै आधुनिक कालका लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ आदिका तस्बिरहरू राखिएको छ भने नाटकसँग सम्बन्धित पुस्तकको आवरणमा नाटक मञ्चन भइरहेको तस्बिर राखिएको छ । यसैगरी निबन्धसँग सम्बन्धित पुस्तकहरूमा पृथ्वीनारायण, जङ्गबहादुर, गोर्खे खबर कागज आदिका साथै लक्ष्मीप्रसाद देवकोटा, केशवराज पिँडाली, भैरव अर्याल आदिका तस्बिरहरू राखिएको छ । नेपालबाहिरका विश्वविद्यालयमा समेत यस प्रकारको पूरै नेपालीपन झल्कने खालको आवरण पृष्ठ प्रस्तुत गरी लुइटेलले आफ्नो राष्ट्र र राष्ट्रियताप्रति सम्मान प्रकट गरेका छन् ।

नेपाली साहित्यको इतिहाससँगै विविध विधाहरूका बारेमा चर्चा गरिएका यी सबै पुस्तकहरूको विषयवस्तु प्रस्तुतिको प्रारम्भमा प्राक्कथन शीर्षक राखी प्रत्येकको उद्देश्य, परिचय, त्यसपछि विषयवस्तु प्रस्तुत गरी उपसंहार र अन्त्यमा थप अध्ययनका लागि सन्दर्भसामग्री दिइएको छ । प्रत्येक पुस्तकमा प्राक्कथन शीर्षक प्रारम्भमा राखी पुस्तकमा प्रस्तुत विषयवस्तुबारे जानकारी गराइएको छ र पुस्तकको केही भाग विद्यार्थीका लागि खाली छोडिएको छ । स्वदेशी पाठ्यपुस्तकहरूमा भन्दा विभिन्न पक्षमा भिन्नता पाइने यी सबै पाठ्यपुस्तकमा विषयवस्तु प्रस्तुतिको शैलीमा पनि एकरूपता रहेको छ । स्तरअनुरूपको भाषाशैलीको प्रयोग गरिएका यी पाठ्यपुस्तकहरूमा द्वयर्थक शब्दहरूको प्रयोग पाइँदैन । नेपाली साहित्यमा कविताको आधुनिक कालबारे विवाद रहे तापनि गौहाटी विश्वविद्यालयका पाठ्यपुस्तकमा भने किटानीका साथ आधुनिक कालको प्रारम्भ वि.स. १९९१ लाई नै मानिएको छ । तहगत स्तर र क्षमतालाई ध्यानमा राखी त्यसैअनुरूप विषयवस्तु प्रस्तुत गर्ने लुइटेलले विषयवस्तुको प्रस्तुतिमा व्याख्यात्मक, विश्लेषणात्मकभन्दा सूत्रात्मकतालाई जोड दिएका छन् । सरल भाषाशैलीको प्रयोग गरी सम्बन्धित तहका विद्यार्थीको स्तरअनुरूप विषयवस्तु प्रस्तुत गरिएका प्रायः सबै पुस्तकमा सम्बन्धित विधाको विधागत सिद्धान्त र विकासक्रम प्रस्तुत गर्दै कृतिहरूको विश्लेषणमा वस्तुवादी पद्धतिको प्रयोग गरेका गरिएको छ ।

आवरण पृष्ठमै शिलालेख, ताम्रपत्रहरूका साथै नेपाली भाषाका साहित्यकारहरू, नेपाली संस्कृति, गोर्खे खबर कागज आदिलाई प्रस्तुत गरी तयार पारिएका यी सबै पाठ्यपुस्तकमा नेपालीपन झल्किएको छ । नेपाली भाषा र नेपाली साहित्य र साहित्यकारप्रति सम्मान प्रकट गरी विदेशी विश्वविद्यालयमासमेत यस प्रकारका पाठ्यपुस्तक निर्माण गरी लुइटेलले सह्राहनीय कार्य गरेका छन् । यिनै कार्यले गर्दा विदेशी विश्वविद्यालयको पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखनमा लुइटेलको विशिष्ट योगदान रहेको छ भन्न सकिन्छ । यो कार्य उनको महत्वपूर्ण उल्लेखनीय पक्ष हो ।

समग्रमा व्याख्या-विश्लेषणभन्दा सूत्रात्मकतामा जोड दिइएका लुइटेलद्वारा लिखित पुस्तकहरूमा पाठ्यक्रम निर्धारित विभिन्न कृतिहरूको विश्लेषण गर्ने क्रममा सरल भाषाशैलीको प्रयोग गरी सम्बन्धित तहका विद्यार्थीको स्तरअनुरूप विषयवस्तु प्रस्तुत गर्ने लुइटेलका प्रायः सबै पुस्तकमा सम्बन्धित विधाको विधागत सिद्धान्त र विकासक्रम प्रस्तुत गरी कृतिहरूको विश्लेषणमा वस्तुवादी पद्धतिको प्रयोग गरेको पाइन्छ । विभिन्न तहका पाठ्यपुस्तकका लेखक लुइटेलको पाठ्यपुस्तक लेखनमा यिनै विभिन्न विशेषताले गर्दा विशिष्ट

योगदान रहेको कुरा प्रष्ट हुन्छ । यी विभिन्न विशेषताहरू नै लुइटेल स्तरअनुरूपका पाठ्यपुस्तक लेखक हुन् भन्ने आधारहरू हुन् ।

आठौँ परिच्छेद

खगेन्द्रप्रसाद लुइटेलका सम्पादित, संशोधित-परिमार्जित र अनूदित कृतिहरूको परिचयात्मक अध्ययन

८.१ विषयप्रवेश

विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका थुप्रै पाठ्यपुस्तकहरू लेखेर प्रसिद्धि कमाइसकेका खगेन्द्रप्रसाद लुइटेलले नेपाली भाषासाहित्यका विशिष्ट विद्वान्हरूका विविध विधाका कृतिहरूको सम्पादनसमेत गरेका छन् । उनले **नेपाली प्रकृति प्रत्यय कोश**लगायत विभिन्न विधाका थुप्रै कृतिको सम्पादन पनि गरेका छन् । उनले श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्रको नेपाली विषयको विषय समितिमा रहेको बेला विद्यालय तहको नेपाली विषयको विभिन्न कक्षाको पाठ्यक्रम र पाठ्यपुस्तकको संशोधन-परिमार्जन गरेका छन् भने नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कोशनिर्माण समितिको सदस्य रही **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जन पनि गरेका छन् । यसका साथै उनले आर.के. नारायणद्वारा अङ्ग्रेजीमा लिखित **गाइड** उपन्यासको नेपालीमा अनुवादसमेत गरेका छन् । उनले सम्पादन गरेको **नेपाली प्रकृति प्रत्यय कोश** तथा संशोधन-परिमार्जन गरेको **नेपाली बृहत् शब्दकोश**को परिचयात्मक अध्ययन छैटौँ परिच्छेदमा प्रस्तुत गरिएको छ । यस परिच्छेदमा लुइटेलद्वारा सम्पादित, संशोधित-परिमार्जित र अनूदित कृतिहरूको परिचयात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

८.२ सम्पादित कृतिहरूको परिचयात्मक अध्ययन

विभिन्न विधाका थुप्रै पुस्तकाकार कृति तथा विभिन्न तहको पाठ्यक्रमअनुरूपका प्रशस्तै पाठ्यपुस्तकहरू पनि लेखेर आफ्नो छुट्टै पहिचान बनाएका खगेन्द्रप्रसाद लुइटेलले केही जीवित र तीभन्दा बढी दिवङ्गत भइसकेका नेपाली साहित्यका विशिष्ट विद्वान्हरूका विविध विधाका छरिएर रहेका रचनाहरूलाई एकीकृत गरी तिनको कुशलतापूर्वक सम्पादन गरेका छन् । उनले **सनत रेग्मीका प्रतिनिधि कथा, डा. बल्लभमणि दाहालका भाषिक चिन्तन, डा. बल्लभमणि दाहालका रचनाहरू, हरिहर शास्त्रीका प्रमुख कविता, बरालको आँसु**जस्ता कृतिको सम्पादन गरेका छन् । लुइटेलद्वारा सम्पादित विशिष्ट विद्वान्हरूका विविध विधाका कृतिहरूको प्रकाशन वर्षका आधारमा क्रमशः तल चर्चा गरिएको छ ।

८.२.१ सनत रेग्मीका प्रतिनिधि कथा

खगेन्द्रप्रसाद लुइटेलद्वारा सम्पादित **सनत रेग्मीका प्रतिनिधि कथा** नामक कृति २०६० सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित भएको हो । आवरण पृष्ठको अगाडिको भागमा कथाकार सनत रेग्मीको हाँसिरहेको रङ्गिन तस्विर र पछाडिपट्टिको माथिल्लो आधाजति भागमा कथाकार रेग्मीको सङ्क्षिप्त परिचय र तल्लो भागमा डा. ईश्वर बराल, डा. तारानाथ शर्मा, डा. केशवप्रसाद उपाध्याय, डा. दयाराम श्रेष्ठ, प्रा. कृष्ण गौतम, डा. मुरारी रेग्मी, डा. खेम दाहाल, नवराज कट्टेल र रमेश गोर्खालीका सनत रेग्मीबारेका सङ्क्षिप्त मन्तव्य प्रस्तुत गरिएको छ । यो कृति डिमाइ आकारको १८३ पृष्ठमा संरचित छ । यस कृतिको भित्रपट्टि

उपकुलपतिको मन्तव्य शीर्षकमा ने.रा.प्र.प्र. का उपकुलपति मोहन कोइरालाको मन्तव्य र त्यसभन्दा पछि *प्रकाशकीय* रहेको छ। यसको लगत्तैपछि *सम्पादकको कलमबाट* शीर्षकमा सम्पादक खगेन्द्रप्रसाद लुइटेलको १६ पृष्ठमा विस्तारित सम्पादकीय राखिएको छ। यसमा कथाकार सनत रेग्मीको परिचय, शिक्षादीक्षा, पारिवारिक अवस्था, संलग्नता, प्रकाशित कृति, प्राप्त सम्मान-पुरस्कार, उनको साहित्ययात्रा आदि विविध पक्षको चर्चा गर्दै प्रस्तुत कृतिको सम्पादन प्रक्रिया र सम्पादित कृतिमा प्रस्तुत कथाहरूको विषयवस्तुबारे जानकारी गराइएको छ। लुइटेलले यस कृतिको सम्पादन गर्दा निम्नलिखित आधारहरू अपनाइएको कुरा प्रस्तुत गरेका छन् :[३४१]

- पहिलोबाहेक प्रायः सबै कथासङ्ग्रहमा सङ्गृहीत र केही असङ्गृहीतसमेत गरी २५ वटा कथाहरूको चयन गरिएको,
- कथा चयन गर्दा कतिपय सन्दर्भमा लेखकसँग पनि आवश्यक छलफल गरिएको,
- कतिपय कथाका केही अंशहरू लेखकबाटै पुनर्लेखन गराइएको,
- पूर्वप्रकाशित सबै कथामा फेलापरेका भाषाशैलीय विन्यासगत त्रुटिहरू सँच्याइएको,
- कथाहरूको विन्यास वर्णानुक्रममा गरिएको,
- सम्पादकीयमा कथाको प्रकाशनक्रम र स्रोतसमेत खुलाइएको,
- विभिन्न कोणबाट कथाकारका कथा सिर्जनाको प्रतिनिधित्व हुनेतर्फ सचेष्टतापूर्वक विशेष ध्यान दिइएको।

सम्पादन गर्दा कृतिहरूलाई विभिन्न कोणबाट वस्तुगत ढङ्गले विन्यास गरी त्यसो गर्ने वस्तुगत आधार, सम्पादित विषयवस्तुसम्बन्धी आवश्यक जानकारी, त्यसको उपयोगिता आदि प्रस्तुत गर्नुपर्छ। प्रस्तुत कृतिको सम्पादन गर्दा यी सबै पक्षमाथि विशेष ध्यान दिइएको छ। **सनत रेग्मीका प्रतिनिधि कथा** शीर्षक प्रस्तुत कथा सङ्ग्रहमा सङ्कलित सबै कथाको पूर्वप्रकाशन वर्ष, प्रकाशन स्रोत, पछि सङ्कलित स्थान आदिलाई क्रमिक रूपमा प्रस्तुत गरिएको छ। त्यसभन्दा पछि कथाकार रेग्मीका यसमा सङ्कलित सबै कथाहरूको कथातत्व विषयवस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैलीय विन्यासका आधारमा विश्लेषण गरी समग्रमा उनका कथागत प्रवृत्ति निरूपण गरिएको छ।

लुइटेलद्वारा सम्पादित यस कृतिमा सतन रेग्मीका २०२५ सालदेखि २०५१ सालसम्ममा विभिन्न पुस्तक एवं पत्रपत्रिकाहरूमा प्रकाशित *अनावृत्त, अवतरण, घन्टाउके, घर, चकमन्न, चिरकुमारी, चिहान भइसकेको घर, चील, चोक बजारमा, छिनार, भ्यालबाहिर, दन्यकथाको राक्षस, नातासम्बन्ध, प्रश्नहरू, फूलमतिया, बन्द कोठाहरूको सहर, बिदाको दिन, मूल्य र मान्यता, रूपबजार, लछमनियाको गौना, लाटो, समयसत्य, समर्पिता, स्मृतिदंश, स्वीकारोक्ति* गरी जम्मा २५ वटा कथाहरू समावेश गरिएको छ। यसमा कथाहरूको विन्यास कथाका शीर्षकको वर्णानुक्रममा गरिएको छ।

---

३४१. खगेन्द्रप्रसाद लुइटेल, *सम्पादकका कलमबाट*, **सनत रेग्मीका प्रतिनिधि कथा**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०)।

यस कृतिको परिशिष्ट खण्डअन्तर्गत परिशिष्ट-१ **मातृत्वको चीत्कार** (२०२४) मा सङ्कलित कथा, परिशिष्ट-२ **चन्द्रज्योत्स्ना र कालो बादल** (२०२५) मा सङ्कलित कथा, परिशिष्ट-३ **दिनान्त** (२०३५) मा सङ्कलित कथा, परिशिष्ट-४ **बन्द कोठाहरूको सहर** (२०४५) मा सङ्कलित कथा, परिशिष्ट-५ **लछमनियाको गौना** (२०५०) मा सङ्कलित कथा, परिशिष्ट-६ **समयसत्य** (२०५४) मा सङ्कलित कथा गरी छ परिशिष्ट रहेका छन् ।

यस सम्पादित कृतिमा सनत रेग्मीका वर्तमान समयसम्मको कथा लेखनको दिशा, प्रवृत्ति र स्वभावको परिचय दिने प्रस्तुत चर्चित प्रतिनिधि कथाहरू एकैठाउँमा उपलब्ध हुने गरी सङ्गृहीत गरिएको छ ।[३४२] यसभन्दा अगि विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा विभिन्न वर्षमा प्रकाशित सनत रेग्मीका कथाहरूलाई समेटी एकीकृत रूप दिइएको प्रस्तुत कृतिले सनत रेग्मीको समग्र कथा लेखनको प्रतिनिधित्व गरेको देखिन्छ । यसपूर्व कुनै सङ्ग्रहका रूपमा प्रकाशित हुन नसकेका कथाहरूलाई समेत सम्पादन गरी एउटा पुस्तकको रूप दिनु लुइटेलको उल्लेखनीय कार्य हो । यो एउटा सामान्य कथा सङ्ग्रहका रूपमा मात्र नभएर निकै व्यवस्थित रूपमा सम्पादन गरी तयार पारिएको उल्लेख्य कृति हो र यसबाट सम्पादक लुइटेलको सम्पादकीय कौशल विशिष्ट प्रमाणित हुन्छ ।

८.२.२ डा. बल्लभमणि दाहालका भाषिक चिन्तन

डा. बल्लभमणि दाहालका भाषिक चिन्तन नामक प्रस्तुत सम्पादित कृति २०६१ सालमा रत्न पुस्तक भण्डारबाट प्रकाशित भएको हो । २५९ पृष्ठमा संरचित यो कृति भाषाविज्ञानसँग सम्बन्धित रहेको छ । आवरण पृष्ठको अगाडिको पूरै भागमा डा. बल्लभमणि दाहालको छाया तस्बिर र अन्त्यको देब्रेतिर उनको सानो रङ्गिन तस्बिर राखिएको छ । यस कृतिको पछाडिको भागमा डा. सुभद्रा सुब्बा दाहाल, प्रा.डा. त्रिरत्न मानन्धर, प्रा. मोहनराज शर्मा, प्रा.डा. योगेन्द्रप्रसाद यादवजस्ता विद्वान्हरूले बल्लभमणि दाहाल, उनका कृतिको सम्पादन कार्य र सम्पादकप्रति गरेको आभार प्रस्तुत गरिएको छ । यस कृतिमा *यो यस्तै भयो* शीर्षकमा डा. बल्लभमणि दाहालले २०४९-३-६ मा लेखेको केरमेटसहितको हस्तलिखित मन्तव्य राखिएको छ । यसपछि क्रमशः *मेरो कृतज्ञता* शीर्षकको डा. दाहालकी श्रीमती डा. सुभद्रा सुब्बा दाहालको सम्पादन कार्यप्रतिको कृतज्ञता, *डा. बल्लभमणि दाहाल : केही सम्झना* शीर्षकमा प्रा.डा. त्रिरत्न मानन्धरको भूमिका, *उद्गार* शीर्षकमा प्रा. मोहनराज शर्माको भूमिका र *स्व. दाहाललाई सम्झँदा* शीर्षकमा प्रा.डा. योगेन्द्रप्रसाद यादवको भूमिका रहेको छ । त्यसभन्दापछि *सम्पादकीय* रहेको छ । यस शीर्षकमा डा. दाहालको परिचय, उनको संलग्नता, प्राप्त पुरस्कार, योगदानबारे चर्चा गर्दै कृति सम्पादन प्रक्रिया प्रस्तुत गरिएको छ । प्रस्तुत कृति सम्पादन गर्दा निम्नलिखित प्रक्रिया अवलम्बन गरिएको कुरा उल्लेख गरिएको छ :[३४३]

- केही लेखको शीर्षक र उपशीर्षकमा सामान्य हेरफेर गरिएको छ ।
- उपशीर्षकको सङ्ख्याङ्कनमा एकरूपता र सरलीकरण गरिएको छ ।
- सकेसम्म मूल लेखको स्वरूपलाई कायम राखिएको छ ।
- विषयवस्तुको स्वरूपअनुसार यथासम्भव एउटै क्रममा संयोजन गरिएको छ ।

---

३४२. खगेन्द्रप्रसाद लुइटेल, सम्पा. **सनत रेग्मीका प्रतिनिधि कथा**, *प्रकाशकीय*, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०) ।

३४३. खगेन्द्रप्रसाद लुइटेल, सम्पा. **डा.बल्लभमणि दाहालका भाषिक चिन्तन**, *सम्पादकीय*, (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६१) ।

- पहिले भएजतिका सम्बद्ध लेखकै अन्त्यमा सन्दर्भग्रन्थसूची दिइएको छ ।
- सन्दर्भग्रन्थसूचीलाई विधिसम्मत ढङ्गले एकरूपता कायम गरिएको छ ।
- सम्बद्ध लेखको अन्त्यमा प्रकाशन स्रोत खुलाइएको छ ।
- लेखबारे सम्बद्ध पत्रपत्रिकामा सम्पादकीय टिप्पणी र कार्यपत्रमा पाठ्याशं विवरण आदि हटाइएको छ ।

यस कृतिमा *भाषाविज्ञानका विषयक्षेत्रहरू, भाषाविज्ञान र नेपाली भाषा, भाषिक भेद, पूर्वेली नेपाली भाषिकामा परावर्ण तŒव, नेपाली अक्षर, अभिश्रुति, नेपालका चिनीया-तिब्बती भाषाहरूको पारिवारिक वर्गीकरण, चिनियाँ साझा भाषाको आकृतिपरक विशेषता, लिम्बू तथा राई-किराँती भाषा र चिनियाँ भाषा, प्राचीन लेख्य सामग्रीको समालोचनात्मक सम्पादन, मध्यकालिक गोर्खाली भाषिकाबाट आधुनिक स्तरीय कथ्य..., प्राविधिक शब्दावली र लिप्यन्तरण, नेपाली वाक्य र वाक्यतŒवका प्रमुख पक्षहरू, मिश्र वाक्य : एक परिचय, प्रयोजनपरक नेपाली र नेपाल-भारतको साझा भाषा नेपाली* गरी भाषाविज्ञान तथा व्याकरणसँग सम्बन्धित १६ वटा लेखहरूको सम्पादन गरी एउटा सिङ्गो कृतिको रूप दिइएको छ । यस सम्पादित कृति भित्र डा. बल्लभमणि दाहालका प्रकाशित र अप्रकाशित दुवै प्रकारका लेखहरू समावेश भएका छन् । २०६० सालमा तृतीय भारत नेपाल नेपाली लेखक सम्मेलन, वाराणसीमा दाहालले प्रस्तुत गरेको उनको जीवनकालको अन्तिम रचना *नेपाल-भारतको साझा भाषा नेपाली* शीर्षक कार्यपत्र पनि यसै कृतिमा समावेश गरिएको छ । यस कृतिबारे गरिएको निम्नलिखित विश्लेषण उल्लेखनीय रहेको छ :[३४४]

> दाहालको वि.सं. २०६० कार्तिक २१ मा निधनपश्चात् प्रकाशित यस कृतिमा भाषाविज्ञानसम्बन्धी गहन एवं विश्लेषणमूलक सामग्रीहरू समेटिएको छ । ... प्रा.डा. दाहालको यस कृतिमा विविध विषय र सन्दर्भका सोर शीर्षकमा विभिन्न समयमा प्रकाशित तथा कार्यक्रमहरूमा प्रस्तुत गरिएका कार्यपत्रहरूलाई समावेश गरिएको पाइन्छ । ... भाषाविज्ञान र लेख्य परम्पराका तथ्यहरू एवं अनुसन्धानमूलक विश्लेषणहरू गरिएको छ । त्यस्तैगरी चीनको अन्तर्राष्ट्रिय रेडियोको नेपाली विशेषज्ञका रूपमा रहँदा गरेको अध्ययन र अनुसन्धानका आधारमा तयार पारेका सामग्रीहरूलगायतका तुलनात्मक भाषिक अध्ययनका खोजमूलक सामग्रीहरू पाइन्छन् । यसमा विभिन्न कार्यक्रमहरूमा प्रस्तुत गरिएका कार्यपत्रलगायतका शीर्षकहरूमा समेटिएका छन् । ...भाषाविज्ञान क्षेत्रका उत्कृष्ट विद्वान्का छरपस्ट सामग्रीहरूलाई समेटेर पुस्तकाकार रूपमा पाठकसमक्ष ल्याएर सम्पादकले उल्लेखनीय कार्य गरेका छन् । वि.सं. २०४९ सालमै भाषाविज्ञानसम्बन्धी कृति निकाल्ने तयारी स्वरूप हुनुपर्छ, डा. दाहाल स्वयम्ले लेखेको केरमेटसहितको भूमिकालाई उनकै हस्ताक्षरमा यस कृतिमा समावेश गरिदिएर सम्पादकले सह्राहनीय कार्य गरेका छन् ।... भाषाविज्ञानका क्षेत्रमा रहेको सामग्रीहरूको अभावलाई थोरै भए पनि यस कृतिबाट राहत मिलेको छ ।

डा. बल्लभमणि दाहालको मृत्युपश्चात् उनका प्रकाशित तथा अप्रकाशित भाषाव्याकरणसँग सम्बन्धित लेखरचनाहरूलाई सम्पादन गरी **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन** नामक सिङ्गो कृति तयार पारेर

---

३४४. तुलसी, *भाषाविज्ञानको गहन सँगालो,* **मधुपर्क** (३७/१०, २०६१ फागुन), पृ. ५६-५८ ।

लुइटेलले गुरूप्रतिको सम्मान प्रकट गर्नाका साथै डा. बल्लभमणिका लेखहरूलाई पाठकहरूमाझ चिनाउने जुन प्रयत्न गरेका छन् यो एक सह्राहनीय कार्य हुन पुगेको छ ।

८.२.३ डा. बल्लभमणि दाहालका रचनाहरू

डा. बल्लभमणि दाहालका रचनाहरू नामक कृति २०६३ सालमा प्रकाशित भएको हो । यसको प्रकाशक डा. बल्लभमणि दाहालकी श्रीमती डा. सुभद्रा सुब्बा दाहाल हुन् । ठूलो डिमाइ आकारको ४४० पृष्ठको बृहत् आकारमा सम्पादित यस कृतिको आवरण पृष्ठको अगाडिको पूरै भागमा डा. दाहालको छाया तस्बिर र अन्त्यको दायाँपट्टि वायाँ फर्काइएको सानो रङ्गिन तस्बिर राखिएको छ । किताबका पछाडिको गातामा प्रा. मोहनराज शर्माको सम्पादित कृतिमाथिको मन्तव्य रहेको छ । सुभद्रा सुब्बा दाहालको *प्रकाशकीय* भूमिका रहेको यस कृतिमा प्रकाशकीयपछि विषयसूची प्रस्तुत गरिएको छ । विविध विषयसँग सम्बद्ध ५३ वटा लेखरचनाहरूलाई समेटी सम्पादन गरिएको प्रस्तुत कृतिलाई नेपाली र अङ्ग्रेजी गरी दुई खण्डमा विभाजन गरिएको छ । यसको नेपाली खण्डअन्तर्गत निबन्ध-प्रबन्ध, समालोचना र भूमिका, भाषा-व्याकरण, कथा, कविता र अन्तर्वार्ता तथा अङ्ग्रेजी खण्डअन्तर्गत अङ्ग्रेजी भाषामा लेखिएका विभिन्न शीर्षकका दसवटा लेखहरूको सूची प्रस्तुत गरी अन्त्यमा डा. दाहालसँग सम्बन्धित तस्विरहरू राखिएको छ । यस कृतिको नेपाली खण्डमा *नस हाल्नु, आफ्नो गाउँ आफैँ बटुवा, बसका दुई बिसाउनी, सांस्कृतिक प्रदर्शनी कक्षमा एक घडी* आदि गरी १७ वटा निबन्ध, *बसाइँ सरसरी हेर्दा, कवि लेखनाथ र उनको काव्यधारा* आदि गरी १२ वटा समालोचना र भूमिका, *भाषाविज्ञान किन ?, नेपाली भाषा र कोश, जनसञ्चार र भाषा* आदि गरी आठवटा भाषा-व्याकरण, *देवे भुजेल, सहीको सही, बेइमानी कि इमानी* आदि सातवटा कथा, *छात्र ? तँ छात्रको रक्षा गर्, तैपनि जिउँदैछु, देख्दछु यस्तो किन हो आज !* गरी तिनवटा कविता, *आधुनिक भाषाविज्ञानको आवश्यकता टाक्सिएको छ, हाम्रो उच्च शिक्षा प्राप्त जनशक्ति नेपाली अङ्ग्रेजी दुवैमा पोख्त हुनुपर्छ* आदि विविध विषयसँग सम्बन्धित चारवटा अन्तर्वार्ता प्रस्तुत गरिएको छ । यस कृतिको अङ्ग्रेजी खण्डमा Phonesthetic Elements in Nepali लगायत विभिन्न शीर्षकका १० वटा अङ्ग्रेजी लेखहरूको सूची समावेश गरिएको छ ।

यस पुस्तकको विषयसूची पछि *डा. बल्लभमणि दाहालका रचनाहरूबारे* शीर्षकको सोर पृष्ठमा विस्तारित सम्पादकीयमा *बल्लभमणि दाहालको परिचय, सेवा, पेसा र संलग्नता, सम्मान तथा पुरस्कार, भ्रमण, विषयप्रवेश, सम्पादन प्रक्रिया, रचना परिचय* र *समापन* गरी आठवटा उपशीर्षकमा डा. दाहालको विभिन्न पक्षको बारेमा जानकारी दिँदै सम्पादन प्रक्रिया तथा सम्पादित रचनाहरूको परिचय प्रस्तुत गरिएको छ । सम्पादकले विविध क्षेत्रमा सम्बद्ध लेखरचनाहरूलाई सम्पादन गर्नाका साथै यी लेखरचनाबारे विभिन्न शीर्षकमा परिचय दिएका छन् । कृति सम्पादनमा सम्पादकले निम्नलिखित आधार र प्रक्रियाहरू अवलम्बन गरेको कुरा उल्लेख गरेका छन् :[३४५]

- सिङ्गो पुस्तकलाई नेपाली खण्ड र अङ्ग्रेजी खण्ड गरी दुई भागमा विभाजन गरिएको छ । नेपाली खण्डमा नेपाली माध्यममा प्रकाशित लेखरचनाहरू र अङ्ग्रेजी खण्डमा अङ्ग्रेजी माध्यममा प्रकाशित लेखरचनाहरू राखिएका छन् ।

---

३४५. *डा. बल्लभमणि दाहालका रचनाहरूबारे,* **डा. बल्लभमणि दाहालका रचनाहरू** सम्पा. (काठमाडौँ : डा. सुभद्रा सुब्बा दाहाल, २०६३), पृ. ७ ।

- नेपाली माध्यमका रचनाहरू पनि विविध विधा र विषयक्षेत्रका भएकाले तिनलाई छुS।छुS भागमा प्रस्तुत गरिएको छ र यसलाई विभाजन गर्दा सम्बद्ध विधा र त्यसलाई सम्बद्ध लेखहरूको शीर्षक छुS पानामा दिइएको छ ।
- अङ्ग्रेजी माध्यमका लेखहरू प्राय: एकै प्रकारका भएकाले तिनलाई पृथकीकरण गरिएको छैन ।
- रचना सङ्ख्याका आधारमा क्रम निर्धारण गरिएको छ । यस दृष्टिबाट क्रमश: निबन्ध-प्रबन्ध, समालोचना र भूमिका, भाषा-व्याकरण, कथा, कविता समावेश गरिएको छ । नेपाली खण्डको अन्त्यमा विभिन्न पत्रपत्रिकामा प्रकाशित अन्तर्वार्ताहरू राखिएको छ ।
- कतिपय रचनाहरू विधा छुSयाउन नसकिने अवस्थामा भएकाले तिनलाई प्रस्तुतिगत प्रमुखताका आधारमा सम्बद्ध विधा/विषयक्षेत्रमा समेटिएको छ ।
- सबै विधाका रचनाहरूलाई प्रकाशन मितिका आधारमा प्रस्तुत गरिएको छ र सम्बद्ध लेखका अन्त्यमा प्रकाशन स्रोत दिइएको छ ।
- कतिपय लेखहरू शीर्षक परिवर्तन गरी जस्ताको तस्तै अन्यत्र छापिएको पनि भेटिएकाले त्यस्ता लेखलाई पुनरावृत्त गरिएको छैन ।
- केही लेखको शीर्षक र उपशीर्षकमा सामान्य हेरफेर गरिएको छ ।
- अस्तव्यस्त रहेको शीर्षक-उपशीर्षकगत सङ्ख्याङ्कनमा एकरूपता र सरलीकरण गरिएको छ ।
- सकेसम्म मूल लेखको शीर्षकलाई कायम राखिएको छ ।
- विषयवस्तुको स्वरूपअनुसार यथासम्भव एउटै क्रममा संयोजन गरिएको छ ।
- पहिले भएजतिका सम्बद्ध लेखकै अन्त्यमा सन्दर्भग्रन्थसूची दिइएको छ ।
- अव्यवस्थित रहेको सन्दर्भग्रन्थसूचीलाई विधिसम्मत ढङ्गले एकरूपता कायम गरिएको छ ।
- कतिपय लेखबारे सम्बद्ध पत्रपत्रिकाका सम्पादकीय टिप्पणी आदि हटाइएको छ ।
- वर्णविन्यासमा प्रचलनबमोजिम सामान्य संशोधन-परिमार्जन गरिएको छ ।

सम्पादकीयको लगत्तैपछि पछि डा. गोविन्दराज भS्राईको *यो भयङ्कर सन्नाटाको अर्थ* शीर्षकको र डा. खगेन्द्रप्रसाद लुइटेलको *दाहाल सरलाई श्रद्धाका दुई थोपा आँसु* शीर्षकको व्यक्तिसंस्करणात्मक लेख राखिएको छ ।

खगेन्द्रप्रसाद लुइटेलद्वारा सम्पादित **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन** र **डा. बल्लभमणि दाहालका रचनाहरू** कृतिमा गोविन्दराज भट्टराईको नाम देखिए पनि उनको आग्रहमा नाम राखिएको र सम्पादन गर्ने तथा सम्पादकीय लेख्ने सबै काम आफैँ एक्लैले गरेको बताउने लुइटेल यी पुस्तकको सम्पादनमा गोविन्दराज भट्टराईको कुनै प्रकारको संलग्नता नै रहेको बताउँछन् । **डा. बल्लभमणि दाहालका रचनाहरू** पुस्तकमा समाविष्ट *दाहाल सरलाई श्रद्धाका दुई थोपा आँसु* शीर्षक लेखमा दाहाल सरको जीवनकालमा सम्भव नभएकाले मृत्युपश्चात् भए पनि **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन** तथा **डा. बल्लभमणि दाहालका रचनाहरू** शीर्षक पुस्तकहरू सम्पादन प्रकाशन गरी उनको इच्छा पूरा गर्न पाएकोमा सारै सन्तोष लागेको छ भन्ने लुइटेलको भनाइले पनि यो कृतिको सम्पादन उनैले गरेको स्पष्ट हुन्छ । यस अगि र पछि पनि

गोविन्दराज भट्टराईका यसखाले किताब प्रकाशित भएको नदेखिएको र यी सम्पादित कृतिहरूमा प्रस्तुत सम्पादकीयको भाषा पनि स्पष्ट छुट्टिने गरी लुइटेलकै भएकोले पनि यी पुस्तकको सम्पादन लुइटेलले नै गरेको भन्ने देखिन्छ ।

यसरी डा. बल्लभमणि दाहालका प्रकाशित तथा अप्रकाशित विविध विधाका लेखरचनाहरूलाई समेटेर तयार पारिएको यो कृति नेपाली भाषासाहित्यका क्षेत्रमा महत्वपूर्ण उपलब्धि बन्न पुगेको छ । भाषाव्याकरणविद् डा. बल्लभमणि दाहालका प्रकाशित तथा अप्रकाशित लेखरचना तथा अन्तर्वार्तालाई समेटेर सिङ्गो कृतिको सम्पादन गरेर सम्पादक लुइटेलले सह्राहनीय कार्य गरेका छन् । आफ्नो शिक्षकको मृत्युपश्चात उनका प्रकाशित तथा अप्रकाशित लेखरचनाहरूलाई खोजेर एकीकृत रूपमा प्रकाशन गरेर सम्पादक खगेन्द्रप्रसाद लुइटेलले आफ्नो गुरूप्रतिको सदासयता प्रकट गरेका छन् ।

८.२.४ हरिहर शास्त्रीका प्रमुख कविता

खगेन्द्रप्रसाद लुइटेलद्वारा सम्पादित **हरिहर शास्त्रीका प्रमुख कविता** नामक कृति शास्त्रीमार्ग उपभोक्ता समिति शास्त्रीमार्गबाट २०६९ सालमा प्रकाशित भएको हो । हरिहर शास्त्रीका विभिन्न छन्दोबद्ध र छन्दमुक्त कविताहरूको सम्पादन गरिएको यो कृति अगिल्लो खण्ड छन्दोबद्ध कविता र पछिल्लो खण्ड छन्दमुक्त कविता गरी दुई खण्डमा विस्तारित छ । डिमाइ आकारको १२६ पृष्ठमा संरचित यस कृतिको आवरण पृष्ठको अगाडिको भागमा हरिहर शास्त्रीको तस्विर र पछाडिको भागमा प्रकाशकको परिचय प्रस्तुत गरिएको छ । दस पृष्ठमा विस्तारित *सम्पादकीय* शीर्षकलाई विषयप्रवेश, हरिहर शास्त्रीको साहित्ययात्रा, सम्पादन प्रक्रिया र हरिहर शास्त्रीको कवित्व गरी चारवटा उपशीर्षकमा विभाजन गरिएको छ । यसमा हरिहर शास्त्रीको जन्म, जन्मस्थान, शिक्षादीक्षा, विवाह, संलग्नता, प्रकाशित कृतिहरू, प्राप्त सम्मान र पुरस्कारहरूसहित उनको साहित्ययात्राबारे चर्चा गर्दै सम्पादन प्रक्रियाबारे जानकारी गराइएको छ । हरिहर शास्त्रीका विभिन्न सङ्ग्रह र पत्रपत्रिकामा प्रकाशित कवितामध्येबाट चयन गरेर प्रमुख कविता छानी **हरिहर शास्त्रीका प्रमुख कविता** नाम दिइएको प्रस्तुत कविता सङ्ग्रहको सम्पादन निम्नलिखित प्रक्रिया अँगालेर गरिएको कुरा सम्पादकीयमा उल्लेख गरिएको छ :

- विभिन्न तिरबाट प्रमुख कविता भयन गरिएकाले यसको नाम हरिहर शास्त्रीका प्रमुख कविता राखिएको हो ।
- कविताको चयन हरिहर शास्त्रीका सुपुत्र कवि डा. विश्वदीप अधिकारीसँग पनि आवश्यक छलफल गरी गरिएको हो ।
- पूर्वप्रकाशित कवितासङ्ग्रहबाहेक अन्य विभिन्न पत्रपत्रिकाहरूमा छापिएका कविताहरूलाई सोही कविताको अन्त्यमा प्रकाशन स्रोत दिइएको छ ।
- चयन गरिएका सबै कवितालाई छन्दोबद्ध र छन्दमुक्त गरी दुई भागमा विभाजन गरी तिनलाई शीर्षकको वर्णानुक्रममा राखिएको छ ।
- यी सबै पूर्वप्रकाशित रचना भएकाले सामान्य वर्णविन्यासगत त्रुटि भएकाले सामान्य वर्णविन्यासगत त्रुटिबाहेक अन्य पक्षलाई हेरफेर नगरी जस्ताको तस्तै राखिएको छ ।
- सबै कविता सङ्ग्रह हाल सहज ढङ्गबाट उपलब्ध नहुने भएकाले तिनमा सङ्गृहीत कविताको विवरण पहिलेकै क्रममा यसै पुस्तकको परिशिष्टमा दिइएको छ ।

माथि उल्लिखित विभिन्न प्रक्रियाहरू अँगालेर सम्पादन गरिएको यस कृतिमा समावेश गरिएका रचनाहरू पूर्वप्रकाशित विभिन्न कविता सङ्ग्रहका साथै कतिपय पत्रपत्रिकाबाट लिइएको भन्दै कुनकुन कविता कहाँकहाँबाट लिइएको हो तिनको विवरण दिइएको छ । यो विवरण दिइसकेपछि हरिहर शास्त्रीको कवित्वबारे चर्चा गरिएको छ । *प्रकाशकीय* शीर्षकमा हरिहर शास्त्रीका छोरा विश्वदीप अधिकारीको मन्तव्य रहेको छ ।

यसपछिको विषयसूचीलाई छन्दोबद्ध कविता र छन्दमुक्त कविता गरी दुई भागमा विभाजन गरिएको छ । यसमा छन्दोबद्ध ३८ र छन्दमुक्त ३४ गरी जम्मा ७२ वटा कविता सङ्कलित छन् र यी दुवै खाले कवितालाई वर्णानुक्रममा प्रस्तुत गरिएको छ । पहिलो भागको छन्दोबद्ध कविताअन्तर्गत *अडी अडी बस्न सकूँ स्वदेशमा, अदालतीप्रति, आँट, आफ्नो काम, आमा, ईश्वर, उद्देश्य, उठ, किन ?, चिन्ता, छिमेकी, जरा, नारी, नेपाली पुकार, नेपालका खातिर, नेपाली, नेपाली भाषासित, प्रकृति, फुल्ने फल्ने रहर, फेरि जन्मूँ यही नेपालमा, बेग, भुसुनो, म नेपाल बनाउँछु, रहस्य, लज्जा, विश्व शान्ति, संसार यो प्यारको, सफल हो त्यो, सन्देश, सत्स्वर्ग, साहित्यको महिमा, सिर्जना भेटिँदैन, सुन्दर विपना, स्वदेशको माया, स्वदेशको विकास, स्वातन्त्र्य, हाम्रो झण्डा, हावा* गरी ३८ वटा छन्दोबद्ध कविता रहेका छन् भने दोस्रो भागको छन्दमुक्त कविताअन्तर्गत *आजका मान्छे, उज्यालो चाहिन्छ, क्यानभासमा कोरका रङ्गहरू, खरानीको आगो, ख्याक, चिन्दैन कोही कसैलाई, चोरिउका घाम, छोरासित, जालमा झुण्डिएका किरा, झ्याली पिट्छु, ठोक्किएका रित्ता हातहरू, डाँडामा परेका पाइला, तिमीलाई उठाइदिन्छु, नारीप्रति आह्वान, नौलो स्वर, परेलाभित्रको मृत्यु, भोलिको निर्माण, म त एक सिपाही, मभित्रको मान्छे, म मरिसकेको हुँला, म यस्तै कथा, माटोको सार्वभौमिकता, मूर्ति, मेरो जीवन एक प्रारम्भ, मेरो मनले सधैँ सपनामा पाइला टेकेको हुन्छ, युद्धको मादल, रण-मैदानमा लेलिनको स्वर, रातले चपाइएका अनुहार, विश्वास, विस्थापित ढुङ्गाहरू, श्रम र सीप, समय, सुधारकको सपना, स्वामिभक्त कुकुरहरू* गरी ३४ वटा छन्दमुक्त कविताहरू रहेका छन् ।

एकआपसमा राम्रो चिनजान भएको र कवितामा विद्यावारिधिसमेत गरेका लुइटेललाई विश्वदीप अधिकारीले हरिहर शास्त्रीका पुस्तकहरू लिई त्यहाँबाट कविता छान्न आग्रह गरेका हुन् । उनले शास्त्रीका पुस्तकहरूबाट केही कविता छाने र लुइटेललाई पनि केही कविता छान्न आग्रह गरे तर लुइटेल र विश्वदीप अधिकारीले छानेका कविताहरू भिडाउँदा कतिपय कविता नमिलेका हुनाले मिलेकोमा सहमति जनाई नमिलेकोमा अधिकारीकै आग्रहमा डा. लुइटेलकै छनौटलाई समावेश गरी **हरिहर शास्त्रीका प्रमुख कविता** नामक प्रस्तुत पुस्तक सम्पादन गरिएको हो ।[३४६]

छन्दोबद्ध र छन्दमुक्त गरी ७२ वटा कविताको सङ्कलनका रूपमा रहेको यो एउटा महत्वपूर्ण कृति हो ।यसमा कवि हरिहर शास्त्रीको परिचय र उनका काव्य प्रवृत्तिहरूको विस्तृत चर्चा गरिएको छ । कवि, उपन्यासकार, निबन्ध/प्रबन्धकार, पाठ्यपुस्तक लेखक हरिहर शास्त्रीका बारेमा गरिएको यो खोजमूलक सम्पादन कार्यबाट हरिहर शास्त्री र उनका कविताहरूका बारेमा जानकारी प्राप्त गर्न सकिने हुनाले यो उल्लेखनीय कार्य भएको छ । लुइटेलद्वारा सम्पादित यो कृति हरिहर शास्त्रीका कविताका बारेमा चासो लिनेहरूका लागि महत्वपूर्ण स्रोत सामग्री बनेको छ ।

---

३४६. (क) विश्वदीप अधिकारीबाट प्राप्त जानकारी ।

(ख) *प्रकाशकीय*, **हरिहर शास्त्रीका प्रमुख कविता**, (काठमाडौँ : शास्त्रीमार्ग टोल उपभोक्ता समिति) २०६८ ।

८.२.५ बरालको आँसु

माध्यमिककालीन कवि बहादुरसिंह बरालका विभिन्न कविताहरूलाई समेटी खगेन्द्रप्रसाद लुइटेलद्वारा सम्पादित **बरालको आँसु** नामक कृति २०६९ सालमा साझा प्रकाशनबाट प्रकाशित भएको हो । डिमाइ आकारको १९४ पृष्ठमा विस्तारित यस कृतिका आवरण पृष्ठको अगाडिको भागमा बहादुरसिंह बरालको दौरा सुरुवाल, कोट, टोपी लगाएको श्यामश्वेत तस्बिर र पछाडिको भागमा सम्पादकको पनि दौरा सुरुवाल, कोट, टोपी लगाएकै रङ्गिन तस्बिरसहित उनको लेखन/प्रकाशन, सेवा/संलग्नता, सम्मान/पुरस्कार आदि उपशीर्षकमा सङ्क्षिप्त परिचय दिइएको छ ।

सम्पादित कृतिको पहिलो भागमा ४०, दोस्रो भागमा ४१, तेस्रो भागमा ४०, चौथोमा ७, पाँचौंमा बीस, छैटौंमा बीस गरी जम्मा १६८ वटा गीत, गजल तथा भजनहरू प्रस्तुत गरिएको छ ।

यस कृतिको भित्रपट्टि साझा प्रकाशनको *प्रकाशकीय* रहेको छ भने त्यसको लगत्तैपछि *बरालको आँसु पुछ्पाछ गर्दा* शीर्षकको ४५ पृष्ठमा विस्तारित सम्पादकको सम्पादकीय रहेको छ । यसमा सम्पादक डा. लुइटेलले विषय परिचय, बहादुरसिंह बरालको परिचय, बरालको आँसुको परिचय, सम्पादन प्रक्रिया, बरालको आँसुको विश्लेषण गरी विभिन्न उपशीर्षकमा बहादुरसिंह बरालको परिचयसहित उनका प्रकाशित कृति, काव्यप्रवृत्ति आदिको बारेमा विस्तृत रूपमा चर्चा गर्दै उक्त कृतिको सम्पादन प्रक्रियाबारे पनि जानकारी गराएका छन् । **बरालको आँसु** कृतिको सम्पादन गर्दा निम्नलिखित आधार र प्रक्रियाहरू अवलम्वन गरिएको कुरा सम्पादकीयमा लेखिएको छ :

- फेला परेका कृतिहरूमध्ये **बरालको आँसु** (पाँचै भाग) लाई बढी आधार मानिए पनि तिनको तुलना प्राय अन्य सबै भागसँग पनि गरिएको छ । २०५० सालमा छापिएको कृति **बरालको आँसु** निकै भद्रगोल भएकाले पुरानैअनुसार कार्यसम्पादन गरिएको छ ।
- यो सहज रूपमा जतातै उपलब्ध हुन नसक्ने पुरानो कृति भएकाले पाठकीय हितलाई ध्यानमा राखी पहिलो, दोस्रो, तेस्रो र पाँचै भागका मुखपृष्ठ, पश्चपृष्ठ आदिका साथै दोस्रो भागको अन्त्यमा राखिएको मित्रसेनको भूमिका, पाँचै भागको अग्रभागमा राखिएको जगत्बहादुरको भूमिका तथा टंकेश्वर उपाध्यायले लेखेको लेखक परिचयलाई पनि जस्ताको तस्तै राखिएको छ ।
- पहिलेका कृतिको शीर्षकमा भजन, स्तुति आदि भनी सङ्ख्याङ्कन गरिएको र विषयसूचीमा चाहिँ रचनाको पहिलो पङ्क्तिको सुरुका अंश वा पूरै पङ्क्ति राखिएकाले र त्यसमा पनि एकरूपता कायम नगरिएकाले त्यो शीर्षकीकरण वस्तुगत र व्यवस्थित नभएको हुँदा सम्पादकीयमा पहिलेका पाँचै भागको शीर्षक सूची दिई यसमा एकरूपताका साथ प्रायः सबै रचनाको पहिलो पङ्क्तिका सुरुको अंश वा पूरै पङ्क्तिलाई शीर्षक बनाइएको छ ।
- रचनाक्रम पहिले नै कायम गरिएको र पछि फेला परे जति रचनालाई छैटौं भाग भनी छुट्टै समेटिएको छ तर पहिलेकोमा पहिलो भाग सुरु हुनुअगि मातृ-भूमि स्तुति राखिएको भए पनि त्यसलाई सङ्ख्याङ्कनमा १ मानिएकाले त्यसैबाट पहिलो भाग सुरु गरिएको छ र सबैजसो रचनाको विन्यासलाई नबिगारी जस्ताको तस्तै राखिएको छ ।

- पहिले मित्रसेन, गंगावती, दिलीप, दुर्गा मल्ल, मैतराम, जगत, पवित्रा, पृथिधोज, मन्वीर, शमशेर सिंह आदिका नाम कोष्ठमा दिई ठाउँठाउँमा राखिएका रचनालाई त्यहाँबाट हटाई परिशिष्टमा लगिएको छ । परिशिष्टमा राख्दा रचना सङ्ख्यालाई आधार बनाइएको छ र बराबर सङ्ख्यामा रचना भएकालाई चाहिँ वर्णानुक्रममा राखिएको छ ।
- कोष्ठमा नामोल्लेख नगरिएका कतिपय रचनाको अन्तिम पङ्क्तितिर रचनाभित्रै मित्र, मित्रसेन, मित्र बराल आदि शब्दको प्रयोग पाइए पनि ती रचनाबारे यकिन नहुने हुँदा तिनलाई यथास्थानमै राखिएको छ ।
- शोधखोजका क्रममा मातृकाप्रसाद कोइराला, बालकृष्ण सम, सूर्यविक्रम ज्ञवाली, सिद्धिचरण श्रेष्ठ, बालचन्द्र शर्मा, धर्मराज थापा आदिद्वारा पहिले नै लेखिएका भूमिकाहरू फेलापरेका र ती निकै उपयोगी र महत्वपूर्ण भएकाले तीमध्ये कतिपयलाई हस्तलिपिमै र कतिपयलाई टङ्कन गरी जस्ताको तस्तै राखिएको छ । (यिनमा सिद्धिचरणको चाहिँ हस्तलिपि नहुन सक्ने पनि देखिन्छ ।) यी मध्ये कतिपय भूमिकाका लेखकहरू दिवङ्गत भइसकेका छन् । यस क्रममा बराललाई नजिकबाट चिन्ने उनका लगभग समकालीन व्यक्तिहरू पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराई, पूर्वमेजर त्रिलोकसिंह थापा, केशवलाल जोशी, पूर्णबहादुर मल्ल आदिका साथै बहादुरसिंह बरालका सुपुत्र खड्गजीत बरालबाट लेखिएका भूमिका/मन्तव्यलाई पनि यसमा समेटिएको छ ।
- यस कृतिको भाषिक विन्यासलाई वर्तमान सन्दर्भबाट हेर्दा निकै अशुद्धजस्तो देखिए पनि यो इतिहासका कालखण्डको एउटा महत्वपूर्ण कृति भएकाले त्यसलाई खजमजिन नदिई अत्यावश्यक ठाउँमा पदयोग र पदवियोगलगायतका सामान्य संशोधन-परिमार्जनबाहेक अन्य वर्णविन्यासलाई प्राय: उही रूपमै प्रस्तुत गरिएको छ ।

यो पुरानो र दुर्लभप्राय: कृति भएकाले यसका विभिन्न भागहरूलाई स्क्यान गरेर जस्ताको तस्तै राखिएको छ ।

सम्पादकीयको लगत्तैपछि क्रमश: *मातृकाप्रसाद कोइरालाको मन्तव्य, कृष्णप्रसाद भट्टराईको मन्तव्य, बालकृष्ण समको मन्तव्य, सूर्यविक्रम ज्ञवालीको मन्तव्य, सिद्धिचरण श्रेष्ठको मन्तव्य* शीर्षकमा उनीहरूको हस्तलिखित मन्तव्य स्क्यान गरेर राखिएको छ । त्यसभन्दा पछि *प्रस्तावना* शीर्षकमा बालचन्द्र शर्माको मन्तव्य र *दुई शब्द* शीर्षकमा धर्मराज थापाको मन्तव्यलाई उनीहरूको हस्ताक्षरसहित प्रस्तुत गरिएको छ । त्यसपछि क्रमश: *प्रात: स्मरणीय मेजर स्व. बहादुरसिंह बराल* शीर्षकको भू.पू. मेजर त्रिलोकसिंह थापा क्षेत्रीको मन्तव्य, *ओझेलमा परेका राष्ट्रवादी बहादुरसि.ह बराल* शीर्षकको केशवलाल जोशीको मन्तव्य, *कप्तान बहादुरसिंह बरालले मैले कहिल्यै बिर्सन सकिनँ* शीर्षकको पूर्णबहादुर मल्लको मन्तव्य, *प्रात:स्मरणीय पूज्य पिताजीप्रति...*शीर्षकको खड्गजीत बरालको मन्तव्य, *मेरो सपना, मेरो कल्पना* शीर्षकको रो. हरिभक्त बुढाथोकीको मन्तव्य राखिएको छ । यी विभिन्न व्यक्तिहरूको मन्तव्यपछि राष्ट्रियताका उद्‌बोधक महान् राष्ट्रवादी कवि बहादुरसिंह बरालको सैनिक पोसाकमा रहेको तस्बिर राखिएको छ ।

यस पुस्तकको *विषयसूची*अन्तर्गत छ भागमा बरालका रचनाहरूलाई प्रस्तुत गरिएको छ । छ भागमा विभाजित यस कृतिमा बहादुरसिंह बरालका जम्मा १६८ वटा गीत, गजल तथा भजनहरू रहेका छन् । यस

कृतिको पहिलो भागमा *मातृभूमि नेपाल, Ç जय जगदीश, दुई हात जोरी, हजूर नै राखे लाज, हे हरि हे विपत्ति, बाँसुरीको तान सुनाउन कृष्ण, कृष्णको नाउँ धरी*जस्ता ४० वटा रचनाहरू रहेका छन् भने दोस्रो भागमा *हजूर एक मात्र, हे स्वामी डुब्यौं हामी, Ç नाउँ सबैभन्दा पहिले, हे दयालु बुबा जगदीश हरी, जनम भो जहाँ पुर्षाको* गरी ४१ वटा र तेस्रो भागमा *जय हरि, हरे कृष्ण, मरेझैं गोर्खाली जिऊमा, जस्ले मलाई मनले गरी* जम्मा ४० वटा शीर्षक रहेका छन् । चौथो भागमा *गोर्खाली काजी दाई, कसले भन्छन् राम्रा, चर्ण समाती सकैं, दुई छोरा येक बुबाको भाग्य* आदि गरी सातवटा तथा पाँचौं भागमा *पन्द्रह साल कि छोरी, जय गोरख, मन मोहित गर्‍यो, क्षत्रे टोपी झम्काई* आदि गरी २० वटा र छैटौं भागमा *यो हाम्रो चिन्न हो, हे नाथ, हे विपत भंजन, कृष्ण गोपी जस्तै, तिमी कृष्ण* आदि गरी २० वटा शीर्षक रहेका छन् ।

त्यसपछि परिशिष्टमा अन्य विभिन्न व्यक्तिका २६ वटा रचनाहरूलाई समावेश गरिएको छ । यसको परिशिष्ट-१ : गोरखाली ढोगभेट विधि, परिशिष्ट-२ : स्तुति भजनहरू, परिशिष्ट-३ : बहादुरसिंह बरालका हस्तलिपि, परिशिष्ट-४ : मित्रसेनका रचना, परिशिष्ट-५ : गंगावतीका रचना, परिशिष्ट-६ : दिलीपका रचना, परिशिष्ट-७ : दुर्गा मल्लका रचना, परिशिष्ट-८ : मैतरामका रचना, परिशिष्ट-९ : जगत् कारन्जिरको रचना, परिशिष्ट-१० : पवित्रादेवीको रचना, परिशिष्ट-११ : पृथिधोजका रचना, परिशिष्ट-१२ : ह. मन्वीर ग्रामोफोन सिंहरको रचना, परिशिष्ट-१३ : शमशेर सिंहको रचना गरी तेर परिशिष्टमा प्रस्तुत गरिएको छ ।

"माध्यमिककालीन नेपाली कविता/गजल/गीत/भजनका क्षेत्रमा बहादुरसिंह बराल कम चर्चामा आएका तर विशिष्ट स्रष्टा हुन् । अझ भारतीय नेपाली साहित्य र सैनिक क्षेत्रका स्रष्टाका रूपमा त उनको विशिष्ट योगदान देखिन्छ । वि.सं. १९४७ मा जन्मेर २०१९ मा दिवङ्गत भएका बहादुरसिंह बराल र उनको **बरालको आँसु** (सन् १९३२-१९३८) कृतिलाई सम्पादन गरेर प्रकाशमा ल्याउने काम समालोचक डा. खगेन्द्रप्रसाद लुइटेलले गरेका हुन् । ...उनले बरालको आँसुको पुनर्मुद्रित संस्करणलाई (२०५०) लाई आधार बनाएर सन् १९३२-१९३८ कै मूल कृतिहरूको खोजी गरी पाठालोचन र पाठानुसन्धानको पद्धतिलाई समेत अवलम्बन गरेर बरालको आँसुको सम्पादन गरिएको हुँदा यो कृति बढी विश्वसनीय हुन पुगेको छ । बहादुरसिंह बरालको **बरालको आँसु** कृतिका विभिन्न भागको पहिलो संस्करणलाई नै आधार बनाएर यस कृतिको सम्पादन गरिएको कुराको पुष्टि र प्रामाणिकताका लागि उनले प्रथम भाग, दोस्रो भाग, तेस्रो र पाँचौ भागका आवरण पृष्ठलाई जस्ताको तस्तै राखेका छन् भने पहिलेदेखि छैटौं भागसम्मका मूल पाठलाई पनि अति आवश्यकीय मात्रामा मात्र सम्पादन गरी जस्ताको तस्तै राखिएको छ । यसले गर्दा कृतिको मूल पाठ कहीं कतै भत्केको देखिँदैन र ऐतिहासिक सामग्रीलाई जस्ताको तस्तै राख्नुपर्छ भन्ने इतिहास लेखनका पद्धति तथा मान्यतालाई पनि अवलम्बन गरिएको छ । ...यसरी सम्पादक लुइटेलले ओझेलमा परेका पुराना स्रष्टा बहादुरसिंह बराल र उनका कृति तथा कृतित्वलाई प्रकाशमा ल्याएर उदाहरणीय काम गरेका छन् । मूल कृतिको वर्णविन्यासलाई समेत जस्ताको तस्तै राखिएकाले पाठकलाई यसबाट कृतिको मूलपाठ ठम्याउन र मूलपाठको पाठविश्लेषण गर्न सहज हुने देखिन्छ । सम्पादकले सन् १९३२-१९३८ का प्रथम संस्करण र वि.सं. २०५० को संस्करणका पाठभेद र अन्य पक्षहरूको तुलना गरिदिएको भए पाठकहरू अझ बढी लाभान्वित हुने थिए तापनि २०५० को संस्करण धेरै अव्यवस्थित भएकाले प्रथम संस्करणलाई नै आधार बनाइएको कुरा भने उनले उल्लेख गरेका छन् ।

बरालको आँसुको सम्पादनबाट नेपाली साहित्यका क्षेत्रमा उल्लेखनीय प्राप्ति थपिएको छ । यस कृतिको प्रकाशनबाट दुर्लभ कृति सुलभ भएको छ र नेपाली साहित्यका पाठकहरूले यसको ऐतिहासिक महत्वलाई बोध गर्ने नै छन् । यसरी धेरै पाठकहरूको ज्ञानबाट टाढा रहेका माध्यमिककालीन एकजना लाहुरे स्रष्टा अझ मगर जातका स्रष्टा बहादुरसिंह बराल र उनका कृतिहरूको सम्पादन-प्रकाशनबाट नेपाली वाङ्मयका पाठकहरू लाभान्वित हुने विश्वास लिन सकिने आधारहरू छन् । यो ग्रन्थ नेपाली साहित्यका अनुसन्धाता र पाठकहरूका लागि पठनीय र सङ्ग्रहणीय छ"[३४७] यसमा बहादुरसिंह बरालका गद्य कविता १९९० सालतिर प्रकाशित भइसकेको र उनको रचनामा जातीय उत्थान र जागरणको लागि सामाजिक, राजनैतिक चेतना अभिप्रेरित रहेको पाइन्छ ।[३४८]

विभिन्न व्यक्तिद्वारा यसअगि नै विभिन्न समयमा पाँच भाग छापिइसकेको बरालको आँसुका विभिन्न भागको परिचय, बरालसँग परिचित केही व्यक्तिहरूको मन्तव्यसहित बरालका थुप्रै गीत, गजल, भजनहरूलाई सम्पादन गरिएको यस कृतिबाट आजभन्दा लगभग १०० वर्षअगिको गीत, गजलहरूको बारेमा थाहा पाउन सकिन्छ । बहादुरसिंह बरालको लथालिङ्ग प्रकारले प्रकाशनमा आएको पाण्डुलिपि र छापिएका कृतिहरूलाई आधुनिक रूप दिएर प्रकाशनमा ल्याउनुपर्छ, यसलाई छाप्नुपर्छ यी अमूल्य कृतिहरू हराएर बिलाएर नजाउन् भन्ने भावनाले उनले यस कृतिको सम्पादन गरेका हुन् । सुनारले सुनको महत्व बुझेझैँ यस कृतिको मूल्य त त्यही विधाका विद्वान्ले न बुझ्छ । यस कृतिको सम्पादनमा केही सहयोग भने हरिभक्त बुढाथोकीको पनि रहेको छ नत्र यो सबै लुइटेलजीकै योगदान हो ।[३४९] भन्ने बहादुरसिँह बरालका छोरा खड्गजीत बरालको अभिव्यक्तिबाट पनि यस कृतिको सम्पादनमा लुइटेलको योगदानबारे थाहा पाइन्छ ।

"माध्यमिककालीन कवि बहादुरसिंहको **बरालको आँसु** कृतिको विभिन्न समयमा छापिएका सातवटा रूप र हस्तलिखित अन्य केही रचनाहरू प्रस्तुत कृतिको वस्तुगत प्रमाण हुन् । सम्पादकले मूलतः **'बरालको आँसु'** (पाँचै भाग) लाई आधार माने तापनि तिनको तुलना अन्य सबै भागसँग गरेका छन् । दुर्लभप्राय सामग्रीको सङ्कलनले यसलाई बढी विश्वसनीय बनाएको छ । यस कृतिको सम्पादन गर्दा निश्चित आधार र प्रक्रियाको अवलम्बन गरिएको छ । प्रामाणिक आधारको अन्वेषण भएकाले यो कृति नेपाली साहित्यको एक कालखण्डलाई प्रस्तुत गर्न सफल हुने विश्वास छ लिएका छौँ"[३५०] भन्ने साझा प्रकाशनको *प्रकाशकीय*बाट पनि कृतिको महत्वबारे जानकारी प्राप्त हुन्छ । यस सम्पादित कृतिमार्फत लुइटेलले चर्चामा नआएका तथा धेरैले नाम नसुनेका बहादुरसिंह बराल र उनका रचनाको खोजी गरी त्यसलाई उजागर गर्ने उल्लेखनीय कार्य गरेका छन् । सम्पादित रचनाहरूको भाषालाई जस्ताको तस्तै राखिएको छ । हालको व्याकरणिक नियमानुसार नरहेको भए तापनि त्यसलाई कुनै परिवर्तन नगरी सम्पादन गरिएको छ । जसले गर्दा उक्त समयको भाषाको प्रयोगबारे पनि जानकारी पाउन सकिएको छ । उनले सम्पादित कृति र कृतिभित्र समावेश भएका रचनाको

---

३४७. लक्ष्मणप्रसाद गौतम, *दुर्लभ र ऐतिहासिक कृतिको कुशल सम्पादन : बरालको आँसु,* **गरिमा** (३१/२, २०६९ माघ), पृ. १५५-१५६ ।

३४८. *पचास वर्ष पछि बरालको आँसु सङ्ग्रहित,* **कपन वानेश्वर**, (२०७० वैशाख १३), पृ. ८ ।

३४९. बहादुरसिंह बरालका छोरा खड्गजीत बरालसँग लिइएको लिखितअन्तर्वार्ताबाट प्राप्त जानकारी ।

३५०. खगेन्द्रप्रसाद लुइटेल, *प्रकाशकीय,* **बरालको आँसु** (ललितपुर : साझा प्रकाशन, २०६९) ।

बारेमा विश्लेषण गर्दै प्राप्त रचनाहरूलाई प्रस्तुत गरेका छन् । माध्यमिककालका पुराना कवि बरालका हराएर बिलाएर जान लागेका लेखरचनाहरूलाई एकीकृत गरी पुस्तकाकार रूपमा प्रकाशित गर्ने यस कार्यबाट उनको यस क्षेत्रको योगदानबारे थाहा पाउन सकिन्छ । सम्पादन क्षेत्रको उनको यो कार्य उल्लेखनीय र सह्राहनीय बनेको छ ।

८.३ संशोधित-परिमार्जित पाठ्यपुस्तकहरूको अध्ययन

श्री ५ को सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरद्वारा विभिन्न समयमा प्रकाशित विद्यालय तहको कक्षा ६ देखि कक्षा १० सम्मको नेपाली पाठ्यक्रम र पाठ्यपुस्तकको संशोधन-परिमार्जन खगेन्द्रप्रसाद लुइटेलसमेत रहेको विषय समितिबाट भएको हो । त्यसबेलाको विषय समितिमा खगेन्द्रप्रसाद लुइटेलबाहेक प्रा.डा. मोहनहिमांशु थापा, प्रा. मोहनराज शर्मा, डा. ध्रुवचन्द्र गौतम, केदार शर्मा, सावित्री मल्ल, शिवप्रसाद उप्रेती, शिवप्रसाद उपाध्याय र धनञ्जय शर्मा अधिकारी रहेको देखिन्छ । यस विषय समितिद्वारा २०५४ सालदेखि २०५९ सालसम्ममा यी विभिन्न पाठ्यपुस्तकको संशोधन-परिमार्जन गरिएको हो । यी विभिन्न पुस्तकहरूको बारेमा परिमार्जित समयक्रमका आधारमा तल चर्चा गरिएको छ :

८.३ .१ हाम्रो नेपाली किताब कक्षा ८

गोविन्दप्रसाद भट्टराई र द्रोण दाहालद्वारा २०५३ सालमा परीक्षणका लागि तयार पारी लागू गरिएको **हाम्रो नेपाली किताब** कक्षा ८ को २०५४ सालमा परिमार्जित विषयसमितिद्वारा संशोधन परिमार्जन गरिएको छ । पुस्तकमा प्रायः सबै पुराना शीर्षकहरू हटाएर नयाँ शीर्षक राखिएको छ भने शीर्षक उही रहेकामा पनि विषयवस्तुको प्रस्तुतिमा भिन्नता रहेको छ अर्थात् सम्पूर्ण पुस्तकको पुनर्लेखन गरिएको छ । पुरानो पुस्तकमा पाठको व्यवस्थित क्रम र व्याकरणक्रमसमेत नमिलेकोमा परिमार्जित पुस्तकमा यी दुवैको क्रम मिलाएर व्यवस्थित तुल्याइएको छ । उही शीर्षक रहेका पाठहरूको पनि विषयवस्तु र प्रस्तुतिको शैलीमा भिन्नता रहेको छ । उदाहरणका लागि कक्षा ८ को पुरानो पुस्तकमा रहेका *रावणलाई हनुमानको अर्ती, हर्ने र भर्ने बुहारी, नारायणगोपाल गुरूवाचार्य*जस्ता पुराना पाठका ठाउँमा *प्रश्नोत्तर, अल्छीको पुर्पुरो, दयावीरसिंह कंसाकार*जस्ता पाठहरू राखिएको छ भने *सबैको रक्षक कानुन, गोपालप्रसाद रिमाल, महाकवि कालीदास* आदि शीर्षकहरू उही राखिए तापनि विषयवस्तुको प्रस्तुतिमा पूरै भिन्नता रहेको छ ।

८.३ .२ हाम्रो नेपाली किताब कक्षा ९

दयाराम श्रेष्ठ, चूडामणि काफ्ले र विष्णुप्रसाद अधिकारीको लेखन तथा सम्पादनमा तयार पारिएको **हाम्रो नेपाली किताब** कक्षा ९ को २०५६ सालमा खगेन्द्रप्रसाद लुइटेलसमेत रहेको विषय समितिबाट संशोधन-परिमार्जन गरिएको छ । परिमार्जित पुस्तकमा पुराना पुस्तकमा भएका धेरैजसो पाठका शीर्षकहरू हटाई अरू राखिएको छ भने शीर्षक उही रहेकाहरूमा पनि प्रस्तुतिमा भिन्नता रहेको छ । पुरानो पुस्तकमा विधा र व्याकरणको क्रम मिलेको पाइँदैन तर परिमार्जित पुस्तकमा विधा र व्याकरण दुवैलाई क्रममा मिलाएर राखिएको छ ।

८.३.३ हाम्रो नेपाली किताब कक्षा १०

दयाराम श्रेष्ठ, चूडामणि काफ्ले र विष्णुप्रसाद अधिकारीको लेखन तथा सम्पादनमा तयार पारिएको **हाम्रो नेपाली किताब** कक्षा १० को २०५६ सालमा खगेन्द्रप्रसाद लुइटेलसमेत रहेको विषय समितिबाट संशोधन-परिमार्जन गरिएको छ। परिमार्जित पुस्तकमा पुराना पुस्तकमा भएका धेरैजसो पाठका शीर्षकहरू हटाई अरू राखिएको छ भने शीर्षक उही रहेकाहरूमा पनि प्रस्तुतिमा भिन्नता रहेको छ। पुरानो पुस्तकमा विधा र व्याकरणको क्रम मिलेको पाइँदैन तर परिमार्जित पुस्तकमा विधा र व्याकरण दुवैलाई क्रममा मिलाएर राखिएको छ।

८.३.४ हाम्रो नेपाली किताब कक्षा ६

गोविन्दप्रसाद भट्टराई र द्रोण दाहालद्वारा २०५१ सालमा तयार पारिएको **हाम्रो नेपाली किताब** कक्षा ६ को पुस्तक पुरानो कार्यदलद्वारा केही संशोधन-परिमार्जन गरिएकोमा यस पुस्तकको थप परिमार्जन २०५८ सालमा पुरानो पुस्तकमा क्रममा नरहेको विधा र व्याकरणलाई यस परिमार्जित पुस्तकमा भने क्रममा मिलाएर राखिएको छ।

८.३.५ हाम्रो नेपाली किताब कक्षा ७

भरत नेपाली प्याकुरेलद्वारा २०५२ सालमा तयार पारिएको **हाम्रो नेपाली किताब** कक्षा ७ को पाठ्यपुस्तक पुरानो कार्यदलद्वारा केही संशोधन-परिमार्जन गरिएकोमा यस पुस्तकको व्यवस्थित ढङ्गले थप संशोधन-परिमार्जन २०५९ सालमा खगेन्द्रप्रसाद लुइटेलसमेत रहेको विषय समितिबाट भएको हो। पुरानो पुस्तकमा क्रममा नरहेको विधा र व्याकरणलाई यस परिमार्जित पुस्तकमा भने क्रममा मिलाएर राखिएको छ।

पाठ्यपुस्तकको परिमार्जनमा "पाठ्यक्रमको उद्देश्य, विद्यार्थीको स्तर, उमेर र आवश्यकता, सिर्जनात्मक सीपको विकास, निर्धारित पाठ्यभार, शिक्षण सुगमता आदिलाई ध्यानमा राखी विषयवस्तुको चयनमा आधुनिकता, व्यवहारिकता र रोचकतालाई प्रमुख आधार बनाइएको छ। नेपाली भाषाको लेखनमा एकरूपताका लागि यी पाठ्यपुस्तकमा प्रयुक्त वर्णविन्यासमा आगन्तुक शब्दहरूलाई नेपाली वर्णविन्यासको शैलीमा ढालिएको छ। आगन्तुक शब्दको आदि र मध्यमा रहेका इकार र उकार ह्रश्व लेखिएका छन् भने अन्त्यका इकारउकारलाई नेपाली नियमअनुसार लेखिएका छन् र त्यस्ता सबै शब्दमा नेपाली वर्णविन्यासअनुसार दन्त्य 'स' को प्रयोग गरिएको छ। संस्कृत तत्सम शब्दहरू भने संस्कृतकै वर्णविन्यासको नियमअनुसार सम्पादन गरिएका छन्।"[३५१] "प्रस्तुत पाठ्यपुस्तक यस रूपमा आउनुभन्दा पहिले केही विद्यालयहरूमा परीक्षणका रूपमा लागू गरी सो क्रममा देखिएका कमीकमजोरीहरूलाई हटाई विभिन्न क्षेत्रबाट प्राप्त भएका सुझावहरूका आधारमा आवश्यक संशोधन एवं परिमार्जन समेत गरी राष्ट्रिय स्तरमा लागू

३५१. भरत नेपाली प्याकुरेल, **हाम्रो नेपाली किताब** कक्षा ७, *हाम्रो भनाइ*, (भक्तपुर : श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र) २०५९।

गरिएको छ।"[३५२] यी विभिन्न कक्षाका भाषाविषयको प्रस्तावित पाठ्यपुस्तकको पाण्डुलिपिलाई निम्नलिखित आधारमा अध्ययन गरी स्वीकृत गर्ने काम गरिएको देखिन्छ :[३५३]

- पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू,
- पाठ्यक्रमले निर्धारण गरेको विषयवस्तुका क्षेत्र र क्रम,
- विद्यार्थीहरूको स्तर, उमेर, आवश्यकता अनुसारको विषयवस्तु र भाषाशैली,
- क्षेत्रीय र सांस्कृतिक सन्तुलन,
- लैङ्गिक समानता,
- तहगत पाठ्यवस्तुको क्रमिकता,
- एकाइगत पाठ्यवस्तुहरूको क्रमिकता,
- पाठ्यवस्तुको कक्षा प्रयोगमा व्यवहारिकता,
- चित्रको उपयुक्तता आदि ।

खगेन्द्रप्रसाद लुइटेल श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्रमा नेपाली विषय समितिको सदस्य रहेका बेला पाठ्यक्रमको संशोधन-परिमार्जन गरी त्यसैअनुरूप पाठ्यपुस्तकहरूको संशोधन-परिमार्जन गरिएको हो । यिनले नेपाली विषय समितिमा रहेर नेपाली विषयको पाठ्यक्रम संशोधन-परिमार्जन गरी २०५४ सालदेखि २०५९ सालसम्ममा विभिन्न वर्षहरूमा विद्यालय स्तरीय कक्षा छदेखि दससम्मको **हाम्रो नेपाली किताब**को संशोधन-परिमार्जनसमेत गरेका छन् । यी पुस्तकहरूको संशोधन-परिमार्जन समूहले गरेको भए पनि यसमा सर्वाधिक महत्वपूर्ण भूमिका लुइटेलको रहेको पाइन्छ । पाठ्यपुस्तकहरूको संशोधन-परिमार्जन गर्दा यिनले त्यसमा लेखकहरूद्वारा पहिले नै तयार पारिएको पाठ्यपुस्तकमा समावेश गरिएका तथा नयाँ लेखकहरूद्वारा तयार पारिएका विभिन्न विधाका साहित्यिक रचनाहरूको हेरफेर गर्ने, हटाउने, नयाँ राख्ने, तिनको क्रम निर्धारण गर्ने आदि कार्य गर्नाका साथै क्रम नमिलेका व्याकरणलाई क्रम मिलाउने तथा स्तरअनुरूप तुल्याउने कार्यसमेत गरेका थिए । पाठ्यक्रम विकास केन्द्रको विषय समितिमा रहँदा कक्षा नौ र दसको पुस्तकका लेखकका रूपमा छानिएका व्यक्तिले निर्धारित समयमा पुस्तक नलेखेको र कतिपय निर्देशन नमानेका कारण तत्कालीन महाप्रबन्धक अर्जुन भण्डारीले ती लेखकलाई हटाउने प्रस्ताव राख्दा त्यसलाई अस्वीकार गरी उनलाई नै काम लगाउने निर्णय गरेर उनले त्यहीँ बसाएर लेखाए र त्यसबापत अतिरिक्त पारिश्रमिक दिने भन्ने महाप्रबन्धकको प्रस्तावलाई अस्वीकार गरेका थिए ।[३५४] विद्यालयस्तरीय पाठ्यपुस्तकको

---

३५२. गोविन्दप्रसाद भट्टराई र द्रोण दाहाल, **हाम्रो नेपाली किताब** कक्षा ८, *यस पुस्तकका सम्बन्धमा,* (भक्तपुर : श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र), २०५४ ।

३५३. पाठ्यक्रम विकास केन्द्रको २०५५ मङ्सिर २२ को पत्रबाट प्राप्त जानकारी ।

३५४. तत्कालीन नेपाली विषय समितिका सदस्य सचिव शिवप्रसाद उप्रेतीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

संशोधन-परिमार्जन गरी साहित्यिक विधा र व्याकरणलाई मिलाएर प्रस्तुत गर्ने काममा लुइटेलको उल्लेख्य भूमिका रहेको पाइन्छ ।

खगेन्द्रप्रसाद लुइटेलसमेत रहेको यस समितिले पुरानो पाठ्यक्रमलाई परिवर्तन गरी परिवर्तित पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक निर्माण गरेको छ । परिमार्जित पुस्तकमा पुराना पुस्तकमा रहेका प्रायः सबै पाठहरू हटाई नयाँ पाठ राखिएको छ । पुरानो पाठ्यपुस्तकमा विधा र व्याकरणलाई क्रम मिलाएर प्रस्तुत गरिएको छैन तर संशोधित पुस्तकमा यी दुवैलाई क्रममा प्रस्तुत गरिएको छ । पुरानो पुस्तकको परिमार्जन मात्र नभएर प्रायः सबै शीर्षक पुनर्लेखन गरिएको यी विभिन्न कक्षाका पुस्तकको संशोधन-परिमार्जनको काम गरेका लुइटेलको विद्यालय तहका नेपाली पाठ्यपुस्तकको संशोधन-परिमार्जनमा महत्वपूर्ण योगदान रहेको देखिन्छ ।

८.४ अनूदित कृति गाइड उपन्यासको परिचयात्मक अध्ययन

खगेन्द्रप्रसाद लुइटेलद्वारा आर.के. नारायणको अङ्ग्रेजी भाषामा प्रकाशित **गाइड** उपन्यास नेपालीमा अनुवाद भई २०४९ सालमा मदन पुरस्कार गुठीबाट प्रकाशित भएको हो । यस कृतिको अनुवाद खगेन्द्रप्रसाद लुइटेल र सम्पादन देवी गौतमले गरेका हुन् ।

अङ्ग्रेजी भाषामा रहेको उपन्यासलाई त्यसको भाव खज्मजिन नदिई नेपाली भाषामा रूपान्तरण गर्नु त्यति सहज काम होइन । यस पुस्तकलाई शब्दानुवाद मात्र नगरी मूल कथ्य नखज्मजिने गरी केही नवीनता दिने प्रयत्न समेत गरिएको छ ।[३५५] चेतनारायण भण्डारीले देवीप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षकको स्नातकोत्तर शोधपत्रमा गाइड उपन्यासको अनुवाद देवीप्रसाद गौतमले गरेका हुन् भन्ने कुरा उल्लेख गरे[३५६] तापनि गाइड नामक पुस्तकको अनुवाद खगेन्द्रप्रसाद लुइटेलले र सम्पादनमा देवीप्रसाद गौतमले गरेको देखिन्छ ।

८.५ निष्कर्ष

यस परिच्छेदमा खगेन्द्रप्रसादद्वारा सम्पादित, संशोधित-परिमार्जित र अनूदित कृतिहरूको बारेमा चर्चा गरिएको छ । उनले नेपाली भाषासाहित्यका विशिष्ट विद्वानहरूका विभिन्न ठाउँमा छरिएर रहेका साहित्यिक सामग्रीहरूलाई खोज अनुसन्धान गरी सम्पादन गरेका छन् । विभिन्न ठाउँमा छरिएर रहेका तथा प्रकाशित र अप्रकाशित दुवै प्रकारका सामग्रीहरूको सङ्कलन गरी सम्पादन गरेका लुइटेलको यस कार्यले उनी एक कुशल सम्पादक बन्न पुगेका छन् । विविध विधाका छरिएर रहेका सामग्रीहरूलाई एकीकृत गरी सम्पादन गरेका लुइटेलको सम्पादन कविता, कथा, भाषासाहित्य आदि विविध क्षेत्रमा फैलिएको छ । नेपाली भाषा र साहित्यको जगेर्ना गर्नामा क्रियाशील लुइटेलका विविध विधाका कृतिको सम्पादन कार्यबाट पनि उनको नेपाली भाषा साहित्यप्रतिको मोह बारे जानकारी पाउन सकिन्छ ।

---

३५५. खगेन्द्रप्रसाद लुइटेल, *अनुवादकको तर्फबाट,* (**गाइड** अनु., मदन पुरस्कार गुठी, २०४९) ।

३५६. चेतनारायण भण्डारी, **देवीप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्व,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६८), पृ. २८ ।

विभिन्न विधाका कृतिको सम्पादनका साथै खगेन्द्रप्रसाद लुइटेलले पाठ्यक्रम विकास केन्द्रको विद्यालय तहको नेपाली विषयको विषय समितिमा रही २०५४ सालदेखि २०५९ सालसम्ममा नि.मा.वि. र मा.वि. तहको नेपाली विषयको पाठ्यक्रम र पाठ्यपुस्तक संशोधन-परिमार्जन गरेका छन् । उनी सम्मिलित उक्त विषय समितिले त्यसबेला नि.मा.वि. र मा.वि. तहको नेपाली विषयको विधा र क्रम नमिलेको तथा विद्यार्थीको स्तर र क्षमता अनुरूप नभएको पाठ्यक्रम र पाठ्यपुस्तकको संशोधन-परिमार्जन गरेको पाइन्छ । यसमा उनको उल्लेख्य भूमिका रहेको थियो । यसबाहेक उनले ने.रा.प्र.प्र.द्वारा प्रकाशित **नेपाली बृहत् शब्दकोश**को २०५३ र २०६७ सालमा संशोधन-परिमार्जन गरेका छन् भने २०५८ सालमा नेपाली **प्रकृति प्रत्यय कोश**को सम्पादनसमेत गरेका छन् ।

यसैगरी लुइटेलले आर.के. नारायणको अङ्गेजी भाषामा रहेको **गाइड** उपन्यासको नेपाली भाषामा अनुवाद समेत गरेका छन् । यी विभिन्न कार्यले गर्दा लुइटेल एक कुशल सम्पादक, संशोधक-परिमार्जक र अनुवादकका रूपमा स्थापित भएका छन् । दिवङ्गत भइसकेका र जीवित दुवै प्रकारका नेपाली भाषासाहित्यका विशिष्ट विद्वान्हरूका विभिन्न ठाउँमा छरिएर रहेका लेखरचनाहरूलाई एकीकृत गरेर कुशल रूपमा सम्पादन गर्नाका साथै विद्यालय तहको नेपाली विषयको पाठ्यपुस्तक संशोधन-परिमार्जन र कोशको सम्पादन, संशोधन-परिमार्जनसमेत गरेका खगेन्द्रप्रसाद लुइटेलको यिनै विभिन्न कार्यहरूले गर्दा सम्पादन, संशोधन-परिमार्जन तथा अनुवादको क्षेत्रमा उल्लेख्य योगदान रहेको छ ।

नवौँ परिच्छेद

खगेन्द्रप्रसाद लुइटेलका निबन्धात्मक र प्रबन्धात्मक कृतिहरूको परिचयात्मक अध्ययन

९.१ विषयप्रवेश

खगेन्द्रप्रसाद लुइटेलले साहित्यका विभिन्न विधामा कलम चलाए तापनि समालोचनापछिको दोस्रो विशिष्ट योगदान रहेको साहित्यिक विधा निबन्ध हो । यिनले *वीरगन्जको यात्रा : खुर्सानीको डाहा* (**जनसाहित्य**, १÷४, २०४८) शीर्षकको निबन्धका माध्यमबाट निबन्ध विधाको सार्वजनिक यात्रा प्रारम्भ गरेका हुन् । यिनका **चाउरिएको जिन्दगी** (२०६८) र **बार वर्षपछि हनिमुन** (२०६८) निबन्ध सङ्ग्रह प्रकाशित छन् । यीबाहेक डा. लुइटेलका थुप्रै निबन्धहरू विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय पत्रपत्रिकाहरूमा छापिएका छन् । यिनका निबन्धहरू खगेन्द्रप्रसाद लुइटेल नामबाट मात्र नछापिएर डा. खलु, विज्ञान शर्मा छट्टुपाध्याय, डार्विन नेपालीजस्ता उपनामहरूबाट पनि छापिएका छन् । यसबाहेक यिनले विभिन्न विषयक्षेत्रमा थुप्रै प्रबन्ध र व्यक्तिसंस्करणहरू पनि लेखेका छन् । यस परिच्छेदमा खगेन्द्रप्रसाद लुइटेलका निबन्ध सङ्ग्रहहरूका साथै अन्य फुटकर निबन्ध, व्यक्तिसंस्मरण र प्रबन्धहरूको परिचयात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

९.२ निबन्ध सङ्ग्रहहरूको परिचयात्मक अध्ययन

खगेन्द्रप्रसाद लुइटेलका पुस्तकाकार रूपमा प्रकाशित **चाउरिएको जिन्दगी** (२०६८) श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह र **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रह (२०६८) को परिचय क्रमशः परिचय, विषयवस्तु, उद्देश्य, भाषाशैली आदिका आधारमा दिइएको छ ।

९.२.१ चाउरिएको जिन्दगी

१. परिचय

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **चाउरिएको जिन्दगी** श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह विद्यार्थी पुस्तक भण्डारबाट २०६८ सालमा प्रकाशित कृति हो । यसको आवरण पृष्ठमा एउटा चाउरिएको मानिसको तस्विर राखिएको छ । आकारप्रकारका दृष्टिले डिमाई आकारमा छापिएको यो निबन्ध सङ्ग्रह ११६ पृष्ठमा संरचित छ । २०५८ सालदेखि २०६४ सालसम्ममा खगेन्द्रप्रसाद लुइटेल, डा. खलु, विज्ञान शर्मा छट्टुपाध्याय, डार्विन नेपालीजस्ता विविध नामबाट विभिन्न पत्रपत्रिकाहरूमा पहिले नै प्रकाशित भएका *नेपाली शब्दसागर प्रकाशनको खुसीयालीमा..., कति भ्रष्टाचार कति सदाचार, न्यायका नौ सिङ र राष्ट्रिय स्वाभिमान, राष्ट्रिय चिन्ता उन्मूलन आयोग, सम्मान अभिनन्दन संस्कृति राष्ट्रिय अभियान, मैले सम्चार सुन्न छाडिदिएँ, सङ्घ खोल्ने तरखरमा, विज्ञापनिक विश्राम, प्रतिबद्धता पुराण, नेपाल बन्द जिन्दावाद !, नयाँ कार जोड्ने रहर, यसपालि म मन्त्री नहुने भएँ !, नाउँ फेरिपाऊँ, चाउरिएको जिन्दगी, खामरण अनसन, उत्तरआधुनिक चकचके बच्चो* गरी सोरवटा श्यामव्यङ्ग्यात्मक निबन्धहरूलाई पछिल्तिरबाट अगिल्तिरको कालक्रममा यस सङ्ग्रहभित्र समावेश गरिएको छ । यसमा सङ्कलित निबन्धमध्ये कुन निबन्ध के नामबाट पत्रिकामा छापिएको थियो भन्ने

कुरा सम्बद्ध निबन्धको शीर्षकमा चिह्नाङ्कित गरी उही पृष्ठको अन्त्यमा पादटिप्पणीका रूपमा उल्लेख गरिएको छ । यो नेपालीको पहिलो श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह हो । यस सङ्ग्रहका निबन्धहरू तिनदेखि उन्नाइस पृष्ठसम्मका रहेका हुँदा निबन्धको आयाममा भने एकरूपता पाइँदैन । यस सङ्ग्रहमा सङ्गृहीत सबैभन्दा छोटा निबन्ध *कति भ्रष्टचार र कति सदाचार !* तथा *नेपालबन्द जिन्दावाद* ३/३ पृष्ठमा विस्तारित छन् भने सबैभन्दा लामो निबन्ध *नेपाली शब्दसागर प्रकाशनको खुसीयालीमा* १९ पृष्ठमा विस्तारित छ ।

२. विषयवस्तु

खगेन्द्रप्रसाद लुइटेलको सोरवटा निबन्धहरूको सङ्कलनका रूपमा रहेको **चाउरिएको जिन्दगी** शीर्षक श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रहमा विषयवस्तुगत विविधता पाइन्छ । लुइटेलले यस निबन्ध सङ्ग्रहका निबन्धहरूमा राजनैतिक, सामाजिक, साञ्चारिक, शैक्षिक आदि विभिन्न क्षेत्रमा रहेका तथा आफूले सुनेका, देखेका, भोगेका र अनुभव गरेका विकृति र विसङ्गतिहरूलाई मुख्य विषयवस्तु बनाएका छन् । यस सङ्ग्रहमा सङ्गृहीत निबन्धहरूमा प्रयुक्त विषयवस्तुको विश्लेषण निबन्ध रखाइको क्रमका आधारमा तल सङ्क्षेपमा प्रस्तुत गरिन्छ ।

(१) नेपाली शब्दसागर प्रकाशनको खुसीयालीमा...

यस निबन्धमा लुइटेलले कोशविज्ञान पद्धति र प्रक्रियाका बारेमा जानकारी नराखी वसन्तकुमार शर्माले सम्पादन गरेको **नेपाली शब्दसागर** नामक शब्दकोशभित्रका त्रुटिहरूलाई प्रस्तुत गरेका छन् । उनले **नेपाली शब्दसागर** शब्दकोशलाई पूर्ण, वैज्ञानिक, त्रुटिरहित, सबैथोक पाइने सोपपत्तिक शब्दकोश भनिए तापनि उक्त शब्दकोश भनेअनुसारको नभएको कुरा उल्लेख गरेका छन् । वसन्तलाई बसन्त लेख्नु, शर्मालाई शर्म्मा लेख्नु तथा कतिपय थरहरू र केही शब्दहरू नपाइनु यस पुस्तकका कमजोरी पक्ष देखाउँदै निबन्धकार लुइटेलले आत्मपरक शैलीको प्रयोग गरी प्रस्तुत शब्दकोशका सीमा प्रस्तुत गरेका छन् । वसन्तकुमार शर्माको अप्रभावकारी सम्पादन कार्यप्रति नाटकीकरणका माध्यमबाट व्यङ्ग्य गरिएको यस निबन्धले पाठकमा उत्पन्न हुने भ्रमलाई हटाउनसमेत प्रभावकारी भूमिका खेल्ने देखिन्छ ।

(२) कति भ्रष्टाचार कति सदाचार

यस निबन्धमा निबन्धकार लुइटेलले मालपोत, नापी, अदालत आदिमा हुने गरेको खुलेआम भ्रष्टाचार र ढिलासुस्तीलाई प्रस्तुत गरेका छन् । उनले निबन्धमार्फत मालपोतमा बिना दक्षिणा फाइल एउटा टेबलबाट अर्को टेबलमा सर्नै नमान्ने, नापीमा दक्षिणा जोखेर होइन नापेरै असुलिने तथा अदालतका मुद्दा आफू वृद्ध भइसक्दा पनि नछिनिने, भ्रष्टाचार गर्न हुने तर भन्न नहुनेजस्ता कर्मचारी प्रवृत्तिमाथि व्यङ्ग्य प्रहार गरेका छन् । मानव आचरणसँग गाँसिएका भ्रष्टाचार र सदाचार शब्दमध्ये भ्रष्टाचार शब्द बहुप्रचलनका साथ सर्वत्र व्याप्त रही विशेष प्रसिद्धि प्राप्त गरेको र सदाचार भने भ्रष्टाचारको पेलानमा परी दीनहीन बन्दै गई सिला खोज्नुपर्ने अवस्थामा पुगेको कुरालाई निबन्धकार लुइटेलले कलात्मक र रोचक ढङ्गमा प्रस्तुत गरेका छन् ।

(३) न्यायका नौ सिङ र राष्ट्रिय स्वाभिमान

निबन्धकार लुइटेलले *न्यायका नौ सिङ र राष्ट्रिय स्वाभिमान* निबन्धमा न्यायालयका न्यायमूर्ति, वकिल, प्रहरी प्रशासन आदि देशको माथिल्लो निकायमा रहेका व्यक्तिहरूको मनोमानी क्रियाकलापको सुन्दर चित्रण गरेका छन् । तल्लोले गरेको फैसला माथ्लोले क्रमशः सच्याउँदै सर्वोच्च मूर्तिमा पुगेर टुङ्गिने तर तल्लोले उपयुक्त ठानेका प्रमाण माथ्लाका लागि पूरै अनुपयुक्त र काम नलाग्ने स्थिति रहेको कुरा प्रस्तुत गर्दै उनले राष्ट्रको कार्यपालिका दक्षिणलाम, न्यायपालिका पश्चिमहाम र व्यवस्थापिका सडकजामको स्थितिमा पुगेको कुरा प्रस्तुत गरेका छन् । राष्ट्रको सर्वोच्च निकायद्वारा न्यायको नाममा हुने गरेका अन्यायपूर्ण क्रियाकलापमाथि तीव्र व्यङ्ग्य प्रहार गर्दै निबन्धकार लुइटेलले बुढाबढीले भन्ने गरेका न्यायका नौ सिङ मात्र नभई अठार, छत्तिस, बहत्तर धेरैवटा सिङ हुने गरेको कुरा प्रस्तुत गरी विशेषतः न्याय क्षेत्रका विकृतिप्रति कटाक्ष गरेका छन् ।

(४) राष्ट्रिय चिन्ता उन्मूलन आयोग

राष्ट्रिय चिन्ता उन्मूलन आयोग निबन्धमार्फत निबन्धकार लुइटेलले मानिसमा बाल्यकालदेखि नै हरेक किसिमका चिन्ता प्रारम्भ हुने र क्रमशः नयाँनयाँ चिन्ताहरू थपिँदै जाने कुरासँगै राष्ट्र सञ्चालनमा संलग्न रहने खराब नियतका मान्छेहरू स्वकीय स्वार्थमा मात्र चिन्ताग्रस्त बन्ने कुरा प्रस्तुत गरेका छन् । उनले आफू शक्ति र सत्तामा रहुञ्जेल रातो पासपोर्टको काम गरेको, घरबेटीकी छोरी भिœयाएको, विपक्षीको चुरीफुरी ठेगान लगाउन अनेक आयोग बनाएको तर अन्त्यमा आफूले खनेको खाल्डामा आफैँ परेको अवस्थासँगै सत्ता र शक्तिमा हुँदा आफूले गरेका नराम्रा कामका कारण अन्त्यमा एक्लै परेको र भेट्नसमेत कोही नआएको कुरा जस्ता विविध क्षेत्रका विभिन्न व्यक्तिका क्रियाकलापप्रति व्यङग्य गर्दै अहम् रोग, सम्मान रोग र कुर्सी रोगले ग्रस्त उच्चस्तरीय राष्ट्रिय चिन्ता उन्मूलन आयोग गठन गर्नुपर्ने कुरालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । देशको राजनैतिक व्यवस्था, राजनैतिक कार्यकर्ता र नेताहरूका कार्य तथा तिनीहरूको सत्ताबाट झरेपछिको अवस्था प्रस्तुत गर्न निबन्ध सफल बनेको छ ।

(५) सम्मान अभिनन्दन संस्कृति राष्ट्रिय अभियान

प्रस्तुत निबन्धमा आजभोलि सम्मान अभिनन्दन व्यक्तिको योगदानको कदर स्वरूप नभएर चिनजान स्वरूप हचुवाका भरमा हुन थालेको विकृतजन्य अवस्था प्रस्तुत गरिएको छ । आजकल आफ्नै खर्च, आफ्नै माला र आफ्नै दोसल्ला तथा भाडाका प्रमुख अतिथिबाट हुने सम्मान अभिनन्दन सुनामीभन्दा पनि बेजोड भएको र यसले केके गर्ने हो टुङ्गो नभएको कुराप्रति पनि निबन्धकार लुइटेलले सचेत गराएका छन् । आत्मपरक शैलीको प्रयोग गर्दै लुइटेलले आफू पनि विभिन्न सम्मान कार्यक्रममा गएको, निमित्त प्रमुख अतिथि भएको, पूर्वपश्चिम सबै क्षेत्रबाट सम्मान ग्रहण गरेको कुरालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्दै सम्मान अभिनन्दन गराउने परिपाटी वर्तमान प्रदूषणको चरम रूप भएको र यस्तोमा सबैभन्दा बढी राष्ट्रभक्तभन्दा राष्ट्रभ्रष्टहरू नै अग्रपङ्क्तिमा रहेको कुराप्रति व्यङ्ग्य प्रहार गरेका छन् । उनले विभिन्न प्रसङ्गहरूलाई जोडी बिना प्रयोजन गरिने सम्मान अभिनन्दनप्रति व्यङ्ग्य गर्दै विकृतजन्य अवस्थाको चित्रण गरेका छन् ।

(६) मैले सम्चार सुन्न छाडिदिएँ

यस निबन्धमार्फत निबन्धकार लुइटेलले समाचार प्रसारणका क्रममा आउने विज्ञापनको प्रभावबाट निम्तिएका विसङ्गतिहरूलाई प्रस्तुत गरेका छन् । उनले आजकालका पत्रिका र टि.भी. मा देखाउने समाचार नाम मात्रका समाचार हुने, पत्रिकामा समाचारभन्दा पनि नेतानेती र हिरोहिरीकै कुरा बढी छापिने तथा नेताले मञ्चमा बोलेको कुरालाई विपरीत शीर्षकमा छपाउने परिपाटीलाई निबन्धको विषयवस्तु बनाएका छन् । पश्चिमी सभ्यताको प्रभावले गर्दा फेसन सो सँगै नग्नता बढ्दै गएको कुराका साथै दलबलको सदस्य भएपछि पदभन्दा ठूलो हुने प्रवृत्तिलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरी निबन्धकार लुइटेलले पत्रकारका आँखा चिप्लिएर समवेदना र बधाइको फोटोसमेत यताउति पर्ने कुरासमेत उठाउँदै पत्रकारहरूलाई समेत यस्ता कार्यबाट जोगिन सचेत गराएका छन् । उनले अचेलका समाचार नाम मात्रका हुने र विज्ञापनमा प्रभावबाट विभिन्न विकृति विसङ्गति बढ्दै गएका कुरासँगै आजकलका मानिस कार्टुन र सिरियलतिर लागेको कुरालाईसमेत प्रस्तुत गरेका छन् । सञ्चारका क्षेत्रमा देखिएका विसङ्गति र विकृतिको चित्रणमा निबन्धकार सफल देखिन्छन् ।

(७) सङ्घ खोल्ने तरखरमा

सङ्घ खोल्ने तरखरमा व्यङ्ग्यात्मक निबन्धमा निबन्धकार लुइटेलले प्रभावकारीविहीन सङ्घसङ्गठन खोली प्रतिष्ठा र पैसा कमाउन चाहने व्यक्तिको मनोवृत्ति चित्रण गरेका छन् । यस निबन्धमार्फत यिनले अर्काको प्रसिद्धि र योगदानलाई धमिल्याउन स्थापना हुने गरेका अनेक धर्मी र अनेक कर्मी सङ्घहरू व्यक्तिगत पेसा र स्वार्थसिद्धिका साधनका रूपमा विकसित भएको कुरालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । निबन्धकारले अनेक क्षेत्रका सङ्घको चर्चा गर्दै लेखक साहित्यकारका पनि विभिन्न नामधारी सङ्घ हुने गरेको कुरा पनि उल्लेख गरेका छन् । दिनभर प्रतिकारको योजना र स्थान निर्धारण गर्ने व्यक्तिहरू रातपर्ने बित्तिकै पूर्वयोजना र स्थान परिवर्तन गरी अर्कै ठाउँमा प्रतिकार समिति बनाउने स्थितिसमेत सिर्जना गर्ने कार्यप्रति व्यङ्ग्यात्मक प्रस्तुति रहेको यस निबन्धमा मान्छे सङ्घ खोलेर समूहमा हिँडेको देखेर पशुपन्छी पनि हुल बाँधेर हिँड्न थालेको हास्यव्यङ्ग्यात्मक प्रस्तुतिसहित आफूले पनि एउटा सङ्घ खोल्ने र त्यसमा फटाहालाई मात्र समावेश गरिने भन्दै निबन्धकार लुइटेलले सङ्घ खोल्ने प्रचलनप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

(८) विज्ञापनिक विश्राम

यस निबन्धमार्फत निबन्धकार लुइटेलले गुणस्तरीयताको मापन नभई प्रचारप्रसारका लागि मात्र गरिने विज्ञापन व्यापारिक क्षेत्रमा मात्र नभई अप्रत्यक्ष रूपमा राजनैतिक, शैक्षिक तथा प्रशासनिक क्षेत्रमा रहेको अवस्थालाई चित्रित गरेका छन् । आजकल सञ्चार विज्ञापनका लागि कि विज्ञापन सञ्चारका लागि हो छुट्ट्याउनै कठिन परेको कुरा प्रस्तुत गर्दै थर्मकोट लगाउँदा अन्डाले चल्ला कोरल्ने, हजमोला खानेवित्तिकै शत्रु पनि मित्रु हुने जस्ता अपत्यारिला बहुविज्ञापित विज्ञापनको प्रयोग हुने गरेको कुराको चर्चा गर्दै उनले त्यस्ता वृत्तिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । विज्ञापनमा बढी महिलाको प्रयोग गरिने र बढी नग्नता रहने हुँदा शिष्टता र श्लीलताहीन विज्ञापनको प्रयोग बढ्दै गएको कुरालाईसमेत उठाउँदै उनले साञ्चारिक क्षेत्रमा मात्र नभई शैक्षिक क्षेत्रमासमेत विज्ञापनको दुरूपयोग हुने गरेको र औपचारिकता पुऱ्याउन मात्र नामधारी सूचना टाँस गरिने गरेको कुरालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

(९) प्रतिबद्धता पुराण

आजका मान्छे विचार र भाषणमा मात्र सीमित हुने तर काममा कोही कसैले पनि व्यवहारमा प्रतिबद्धता लागु नगर्ने कुरासँगै जहाँसुकै र जहिलेसुकै गरिएको प्रतिबद्धताले विकास होइन विनास निम्त्याउने कुरालाई यस निबन्धमार्फत निबन्धकार लुइटेलले रावण र हिटलरको उदाहरणसहित प्रस्तुत गरेका छन् । उहिले निश्चित पूराण भए तापनि अहिले आएर प्रतिबद्धता पुराण एउटा महत्वपूर्ण पुराणका रूपमा थपिएको छ भन्दै उनले नामको मात्र प्रतिबद्धताका कारण उत्पन्न भण्डारखाल पर्व, नारायणहिटी पर्वजस्ता ऐतिहासिक उदाहरणसहित सात, सत्र, छत्तिस, छयालिस, बाउन्न, बैस¶ी-त्रिस¶ीजस्ता प्रतिबद्धताका खास वर्षहरूसमेत उल्लेख गरेका छन् । राजनैतिक क्षेत्र र राजनैतिक नेताहरू प्रति व्यङ्ग्यात्मक प्रस्तुति गरिएको यस निवन्धमा स्यालले कुखुरा नखाने प्रतिबद्धता गर्नु र हाम्रा नेताले भ्रष्टाचार नगरी देश विकास गर्ने प्रतिबद्धता गर्नु तथा शान्ति र संविधानबारे प्रतिबद्धता जनाउनु उस्तै भएको कुरा निबन्धकारले उल्लेख गरेका छन् । यस निबन्धमा देशका राजनैतिक पार्टी र मन्त्री, नेता भनाउँदाको कार्यशैलीप्रति व्यङ्ग्यात्मक प्रस्तुति गरिएको छ ।

(१०) नेपाल बन्द जिन्दावाद !

यस निबन्धमा निबन्धकार लुइटेलले नेपालमा दिन प्रतिदिन भइरहने बन्द र हड्तालले नेपाली जनमानसमा पुऱ्याएको समस्याको मार्मिक चित्रण गरेका छन् । जसलाई जति बेला बन्द गर्न मन लाग्छ त्यतिबेलै बन्दको घोषणा गर्ने तर त्यसको प्रभावबारे विचार नगर्ने प्रवृत्तिप्रति व्यङ्ग्यात्मक प्रस्तुति रहेको यस निबन्धमार्फत् निबन्धकार लुइटेलले बुद्ध जन्माउने मात्र होइन बृहत् शान्ति सम्झौतामा समेत हस्ताक्षर गरिसकेका हामीले त्यही शान्तिलाई नै बन्द गरेको कुरा व्यङ्ग्यात्मक ढङ्गमा प्रस्तुत गरेका छन् ।

(११) नयाँ कार जोड्ने रहर

नयाँ कार जोड्ने रहर निबन्धमार्फत निबन्धकार खगेन्द्रप्रसाद लुइटेलले साहित्य सौन्दर्यका बारेमा जानकारी नराखी सस्तो साहित्यकार बन्न चाहने व्यक्तिको मानसिकता प्रस्तुत गरेका छन् । यस निबन्धमा निबन्धकारले गीतकार, गजलकार, उपन्यासकार जस्तै कविताकार पनि हुनुपर्ने कुरासँगै कविताकार बन्न खासै गारो नहुने कुरा उल्लेख गरेका छन् । यसो भाषा भाँचकुँच पारेर हाइकु, ताङ्का, छोक आदिको नाम दिइएका उत्तरआधुनिक विनिर्माणवादी, उग्रप्रयोगवादी कविताको सिर्जना गर्न सकिने कुरासहित आफू पनि त्यही किसिमको कवि भएको र आफूलाई पनि कविताकार बन्ने रहर लागेको कुरालाई निबन्धकारले आत्मपरक शैलीमा प्रस्तुत गरेका छन् । आत्मपरक शैलीको प्रयोग गरेर व्यङ्ग्यात्मक प्रस्तुति गरिएको यस निबन्धमार्फत निबन्धकारले कुनै पनि कार हुन योग्यता र उपयुक्तता आवश्यक नभएको, साहित्यकार बन्न सजिलो हुँदै गएको, साहित्यिक कार्यक्रममा मन्त्री बोलाउन अनिवार्यता भइसकेको, भाडाका समालोचक पाइने गरेको कुरालाई प्रस्तुत गर्दै अरूका साहित्यमा केही हेरफेर गर्नेबित्तिकै मौलिक रचना सिर्जना गरेँ भन्ने र आफ्ना मात्र रचना पढ्ने आजका मान्छेका प्रवृत्तिप्रति व्यङ्ग्य गरी यस्तो प्रवृत्तिको सुधार गर्नुपर्ने कुरा प्रस्तुत गरेका छन् ।

(१२) यसपालि म मन्त्री नहुने भएँ !

प्रस्तुत निबन्धमार्फत निबन्धकार लुइटेलले मन्त्रीपरिषद्को कार्यसुस्तता तथा मन्त्रीहरूको उत्तरदायित्वविहीन कार्य प्रणालीप्रति कटाक्ष गरेका छन् । यस निबन्धमा उनले मन्त्री हुन कुनै पनि योग्यता नचाहिने, अन्तर्वार्तासमेत नलिई सोझै मन्त्री बन्न पाइने भन्दै मन्त्री बन्न चाहिने योग्यता भनेको प्रभु रिझाउनु र विरोधी भिजाउनु मात्र भएको कुरालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । विभिन्न प्रकार र

कोटाबाट मन्त्री हुन सकिने कुरालाई आत्मपरक शैलीको प्रयोग गर्री छेपाराले रङ्ग फेर्न पनि मबाटै सिकेको हो भन्दै मन्त्रीहरूका प्रवृत्ति र मन्त्री हुने प्रक्रिया माथि निबन्धकारले व्यङ्ग्यात्मक प्रहार गरेका छन् । जतातै भागबन्डा हुने गरेको कुराप्रति कटाक्ष गर्दै उनले काम न काज विदेश जाने गरेका हाम्रा मन्त्रीहरूको कार्यप्रति पनि व्यङ्ग्य हानेका छन् ।

(१३) नाउँ फेरिपाऊँ

यस निबन्धमा निबन्धकार लुइटेलले नाम मात्र फेर्ने तर काम भने उही कायम राख्ने परम्पराप्रति व्यङ्ग्य प्रस्तुत गरेका छन् । उनले प्रजातन्त्रको नाम फेरेर लोकतन्त्र राखे तापनि नाम मात्र फेरिएको तर काम उही भएको भन्दै क को ठाउँमा ख ल्याउनु र क को ठाउँमा ख को चाकडी गर्नु मात्र भएको कुरा उल्लेख गरेका छन् । कुरा फेर्ने त हाम्रो जन्मजात संस्कार नै रहेकाले गर्दा यो मात्र होइन नागरिकताको नामबाट नै नाम फेर्न प्रारम्भ गरी सर्टिफिकेटमा भएको नाम र श्रेणी पनि फेर्नुपर्ने कुरा उल्लेख गर्दै निबन्धकारले अनेक क्षेत्रका विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । उनले नाम फेर्दै जाने हो भने अब मन्त्रीको नाम हन्त्री, विद्यालयको नाम सिध्यालय, राजमार्गलाई लोकमार्ग, सिंहदरबारलाई स्यालगुफा, न्यायालयलाई खायालय र सर्वोच्चलाई सर्वनीच नाम राख्नुपर्ने कुरा अगि सारेका छन् । कसैको सदस्यता लिएकाजति विशेषज्ञ र नलिएकाजति अल्पज्ञ मानिने हाम्रो देशको परिपाटीप्रति पनि यस निबन्धमार्फत निबन्धकारले भण्डाफोर गरेका छन् ।

(१४) चाउरिएको जिन्दगी

यस निबन्धमा निबन्धकार लुइटेलले दिनदिनैको हत्याहिंसा, अप्रभावकारी सुरक्षा व्यवस्था, अनुत्तरदायी मन्त्री परिषद्, आधुनिकताले बिगारेको पहिरन संस्कृति, दिनदिनै बढ्दै गएको खानेपानी समस्या, पदमा रहेका व्यक्तिको भ्रष्टाचारवृत्ति आदिलाई विषयवस्तु बनाई ती सबैप्रति व्यङ्ग्य प्रस्तुत गरेका छन् । उनले खान नपाउनेलाई अलिकति खान पाए हुन्थ्यो भन्ने चिन्ता, खान पाउनेलाई लाउने चिन्ता, लाउन पाउनेलाई बचाउने चिन्ता तथा पिउनलाई मुखिया, मुखियालाई खरदार हुँदै सचिव मुख्य सचिव बन्न पाए हुन्थ्यो भन्ने पिर र चिन्ताले चाउरिएको चाउरिएकै हुने मान्छेको चिन्तालाई निबन्धमार्फत कलात्मक र मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । यस निबन्धमा किन चाउरिस् मरिच आफ्नै पिरले भन्ने चलन रहेकोमा मरिच एउटा प्रतीक मात्र भएको तर सडकदेखि संसद्सम्मका हरेक मानिसको जिन्दगी चाउरिरहेको कुरासहित निबन्धकार लुइटेलले सत्तामा नपुगुञ्जेल मात्र जातपातको कुरा गरिने प्रचलन, आफ्नै आँखाले देखेको कुरालाई पनि हो भन्न नसकिले स्थिति, चाकडी, चाप्लुसी तथा घुसखोरी प्रवृत्तिजस्ता क्रियाकलापप्रति कडा व्यङ्ग्य प्रहार गरेका छन् । यसका साथै फेसनका नाममा नग्नता बढ्दै गएको र देशमा पुलिसभन्दा चोर बढी भएको र त्यसमा पनि चोर पुलिसकै बीचमा मिलेमतो हुने गरेको कुराको समेत चर्चा गरिएको यो एउटा उत्कृष्ट श्यामव्यङ्ग्यात्मक निबन्ध हो ।

(१५) खामरण अनसन

सत्ता, भत्ता, लत्ता आदि प्राप्तिका नाममा जहाँसुकै, जहिलेसुकै र जोसुकैले गर्नसक्ने धर्ना, जुलुस, चक्काजाम तथा टन्न भुँडी भरेर गरिने अनसनको नामलाई आमरण अनसन नभएर खामरण अनसन राखिनुपर्ने कुरा प्रस्तुत गरिएको यस निबन्धमा निबन्धकार लुइटेलले भाडाका पाल, ओछ्यान, माला र सञ्चारकर्मीहरूको प्रयोग गर्ने र मान्छेले देखुञ्जेल खानपिन बन्द गर्ने आजको अनसन क्रियाकलापमाथि कडा व्यङ्ग्य प्रहार गरेका छन् । शैक्षिक, प्राविधिक एवं जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने पदहरूको परिपूर्तिसमेत योग्यता तथा स्वस्थ प्रतिस्पर्धाका आधारमा नभएर खामरण अनसनका माध्यमबाट हुने गरेको कुराप्रति कटाक्ष गर्दै यस्ता खामरण अनसनकारीका माग पूरा गर्दै जाँदा आउने नकारात्मक स्थितिप्रति पनि उनले सम्बद्ध सबैलाई सचेत गराएका छन् ।

(१६) उत्तरआधुनिक चकचके बच्चो

उत्तरआधुनिक चकचके बच्चो निबन्धमा निबन्धकार लुइटेलले मोबाइलको व्याप्तिसँगै यसको अनियन्त्रित प्रयोगले निम्त्याएको असरलाई प्रस्तुत गरेका छन् । तारे माउबाट घट्दै गई पछिल्लो समयमा तारविनाको भएका उत्तरआधुनिक बच्चाहरूको सङ्ख्या क्रमशः बढ्दै गएको र ती बच्चा रुवाउने होडबाजी चल्ने गरेको कुरासँगै यो बच्चा नबोक्ने र नरुवाउने मानिस पाखे र असभ्य मानिने कुरा प्रस्तुत गरी निबन्धकारले यसबाट उत्पन्न विकृतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । मोबाइलको अनियन्त्रित प्रयोगले गर्दा अनेक सभा समारोह र कक्षाकोठामा मात्र नभएर न्यायालयमा समेत प्रत्यक्ष असर पारेको कुरा उल्लेख गर्दै यसको अनियन्त्रित प्रयोग वा दुरूपयोगले अनेक समस्या निम्तन सक्ने कुराप्रति पनि निबन्धकारले सचेत गराएका छन् ।

३. उद्देश्य

चाउरिएको जिन्दगी निबन्ध सङ्ग्रह भित्रका निबन्धहरू दैनिक मानवीय जनजीवनका सङ्गत-असङ्गत यावत् घटनाहरूका माध्यमबाट युगीन सामाजिक, राजनैतिक, आर्थिक, साहित्यिक, न्यायिक आदि विविध क्षेत्रमा व्याप्त विकृति र विसङ्गतिप्रति व्यङ्ग्यात्मक प्रहार गर्न सफल बनेका छन् । विभिन्न क्षेत्रमा विद्यमान विकृति र विसङ्गतिहरूलाई खोतलखातल पारेर सबैका सामु प्रस्तुत गर्नु नै यस निबन्ध सङ्ग्रहको मुख्य उद्देश्य हो ।

४. भाषाशैली

भाषाशैलीका दृष्टिले प्रस्तुत निबन्ध सङ्ग्रहभित्रका निबन्धहरू सरल एवं स्वभाविक गद्यशैलीमा रचिएका देखिन्छन् । यस सङ्ग्रहका निबन्धहरूमा नेपालीमा प्रयोग भएका तत्सम, तत्भव, आगन्तुकका साथै अङ्ग्रेजी भाषाका शब्दहरूको पनि प्रयोग पाइन्छ । निबन्धलाई कलात्मकताको उत्कृष्टता प्रदान गर्न निबन्धकारले कपाली, झापाली, पाल्पाली, फुच्चे, चुच्चे, बुच्चे, लुइरे, सुइरे, धुइरेजस्ता तुकबन्दीयुक्त काव्यात्मक शब्दहरूको पनि प्रयोग गरेका छन् । पल्याकपुलुक, कचकच, गनगनजस्ता अनुकरणात्मक शब्द प्रयोगले निबन्धमा थप रोचकता ल्याएको छ । यस सङ्ग्रहका निबन्धमा डाँडापाखा, झारपात, कुइराकुइरीजस्ता द्वित्व शब्दहरूको पनि प्रयोग पनि पाइन्छ । यसमा बार्गेनिङ, युनियन, प्रेसजस्ता आगन्तुक शब्दको प्रयोग पाइए पनि यसमा धेरजसो ठेट नेपाली शब्दकै बाहुल्य पाइन्छ । कतिपय ठाउँमा प्रश्नवाचक र आश्चर्यबोधक शब्दहरूको प्रयोग गरिएको छ । प्रायः मानक भाषाको प्रयोग भेटिने उनका निबन्धभित्र पात्रगत चयनसँगै

नाटकीय शैलीको प्रयोग भेटिन्छ । अनेक ठाउँमा तुलनात्मक अभिव्यक्ति र विभिन्न उदाहरणका माध्यमबाट विषयवस्तुको प्रस्तुतिका कारण यस सङ्ग्रहका निबन्धहरू निकै रोचक र घोचक पनि बनेका छन् । सबै निबन्धहरू सरल, सुबोध र स्वाभाविक गद्यशैलीमा रचिएका छन् । आत्मपरक शैलीको प्रयोग पाइने सबैजसो निबन्धका शीर्षकहरू व्यङ्ग्यात्मक नै रहेका छन् । कतै आलङ्कारिक, कलात्मक, बिम्बात्मक प्रतीकात्मक बान्की पनि पाइन्छ तर यसबाट निबन्धमा जटिलता नभएर काव्यात्मक गुण थपिएकाले रोचकतामा अभिवृद्धि भएको छ । वाक्य प्रयोगका दृष्टिले यस सङ्ग्रहभित्रका निबन्धमा छोटा र कतै पदक्रम विचलनयुक्त वाक्यको प्रयोग पाइन्छ । सार्थक विचलनले गर्दा अर्थमा शक्ति प्रदान गर्नाका साथै भाषिक मिठास थपिएको छ । समग्रतः सरल, सुबोध र स्वाभाविक भाषा तथा निजात्मक शैलीको प्रयोग गरी स्मित हाँसोसहित तीव्र व्यङ्ग्य प्रहार गर्नु यस कृतिको भाषाशैलीगत वैशिष्ट्य हो ।

५. निष्कर्ष

नेपाली निबन्धका क्षेत्रमा नौलो शब्द श्यामव्यङ्ग्यको प्रयोग गरिएको यस निबन्ध सङ्ग्रहका सबै निबन्धहरूको विषयवस्तु भने विविध क्षेत्रमा हुने गरेका विकृति विसङ्गतिहरू रहेका छन् । "श्यामव्यङ्ग्य दैनिक मानवीय जनजीवनका सङ्गत-असङ्गत आदि यावत् घटनाहरूका माध्यमबाट युगीन सामाजिक, राजनैतिक, आर्थिक, साहित्यिक, न्यायिक आदि विविध क्षेत्रमा व्याप्त विसङ्गति र विकृति प्रति विनोदी व्यङ्ग्य प्रहार गर्ने अत्याधुनिक शक्तिशाली साहित्यअस्त्र हो । श्यामव्यङ्ग्य युगीन जनजीवनमा व्याप्त विकृति र विसङ्गतिप्रति कलात्मक ढङ्गले भित्तै पुऱ्याएर छेदन गर्ने साहित्यिक हतियार हो ।"[३५७] यस सङ्ग्रहभित्रका सबै निबन्धहरूले विविध क्षेत्रमा व्याप्त विसङ्गति र विकृतिप्रति स्मित हाँसो सँगै तीव्र व्यङ्ग्य प्रहार गरेका छन् । यस निबन्ध सङ्ग्रहमार्फत लुइटेलले आफूलाई हास्यव्यङ्ग्यभन्दा भिन्न श्यामव्यङ्ग्यको प्रथम प्रयोगकर्ताका रूपमा उभ्याएका छन् ।

वर्तमान विश्व समाजका विकृति एवं विसङ्गतिहरूलाई मूल प्रतिपाद्य विषयवस्तु बनाई त्यसका विरुद्ध तीव्र व्यङ्ग्य प्रहार गर्दै सुधारको अपेक्षा राखी सोद्देश्यमूलक विषयवस्तुको छनोट र त्यसैअनुरूप औचित्यको पुष्टि गरिएका निबन्धकार लुइटेलको यस सङ्ग्रहका निबन्धमा सरल, सुबोध तथा आत्मपरक शैलीमा विषयको वर्णन तथा विश्लेषण गरिएको पाइन्छ । समग्रमा तीव्र व्यङ्ग्य, कल्पना र तार्किक शक्तिको अन्तरमिश्रणबाट संरचित लुइटेलका निबन्धहरू सन्तुलित सङ्गठन, सोद्देश्यमूलक विषयवस्तु तथा स्पष्ट र सरल भाषाशैलीले उच्च सौन्दर्यको सिर्जना गरी पाठकीय प्रभाव दिन सफल छन् । यस सङ्ग्रहमा सङ्गृहीत सबै निबन्धहरूमा स्मित हाँसोसहित तीव्र व्यङ्ग्यचेत पाइन्छ । यथार्थ विषयवस्तु र घटनाहरूलाई सबैका सामु प्रस्तुत गर्नु नै लुइटेलको निबन्धगत मूल प्रवृत्ति बनेको छ । समाजका हरेक क्षेत्रमा हुने गरेका विकृति र विसङ्गतिहरूलाई काव्यात्मक रूपमा प्रस्तुत गर्न सफल बनेका यस सङ्ग्रहभित्रका निबन्धहरूले यस्ता विकृति र विसङ्गतिबाट पर्ने प्रभावसँगै त्यस्ता कार्यबाट जोगिनसमेत सचेत गराएका छन् ।

९.२.२ बार वर्षपछि हनिमुन

१. परिचय

---

[३५७]. खगेन्द्रप्रसाद लुइटेल, *मेरो भन्नु*, **चाउरिएको जिन्दगी**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६८) ।

नियात्राकार खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **बार वर्षपछि हनिमुन** २०६८ सालमा पैरवी प्रकाशनबाट प्रकाशित भएको नियात्रा सङ्ग्रह हो । निलो, पहँलो, हरियो आदि रङ्गको कलात्मक गाता भएको यस कृतिको पछिल्तिर गातामा नियात्राकारको फोटोसहित तिन अनुच्छेदमा सङ्क्षिप्त परिचय दिइएको छ । यस कृतिमा २०४८ सालदेखि २०६८ सालसम्ममा विभिन्न पत्रिकामा प्रकाशित नियात्राहरू सङ्गृहीत छन् । सङ्गृहीत नियात्राहरूमध्ये पहिलोबाहेक सबै पूर्वप्रकाशित रहेका छन् । यसमा सङ्गृहीत नियात्राहरूलाई क्रमशः प्रकाशित कालक्रममा पछाडिबाट अगाडि मिलाएर प्रस्तुत गरी प्रत्येक निबन्धको अन्त्यमा प्रकाशन स्रोतसमेत दिइएको छ । आकारप्रकारका दृष्टिले डिमाइ आकारको १३४ पृष्ठमा संरचित स्वराष्ट्रपरक र मित्रराष्ट्रपरक गरी दुई भागमा छुट्ट्याएर प्रस्तुत गरिएको यस नियात्रा सङ्ग्रहमा *महामण्डल साहित्ययात्रा, धनगढीमा आतङ्क, तेरवर्षपछि तेरथुम टेक्दा, गोरखनाथ बाजेचाहिँ सकुशल रहेछन्, चितवन, सम्मान र मकरस्नान, बार वर्षपछि हनिमुन, वीरगन्ज दर्शन : म्युजिकल फउन्टेन, जन्त जानुभन्दा अन्त जानु नै राम्रो, वीरगन्जको यात्रा : खुर्सानीको डाहा* गरी स्वराष्ट्रपरक नौ वटा र *गुवाहाटी यात्रामा पुत्लेछोराको करामत, गुवाहाटी एम.ए. प्रारम्भ गर्दाका तितामिठा अनुभूति, नेपाली उद्घाटनमा गुवाहाटी जाँदा, सिलोङमा डायरी हराउँदा, दक्षिणयात्रा : महाजात्रा* गरी मित्रराष्ट्रपरक पाँच वटा गरी जम्मा चौधवटा निबन्धहरू सङ्गृहीत छन् । यस नियात्रा सङ्ग्रहका नियात्राहरू घटीमा पाँच पृष्ठदेखि बढीमा सोर पृष्ठसम्म विस्तारित रहेका छन् । यसमा सबैभन्दा छोटो नियात्रा *जन्त जानुभन्दा अन्त जानु नै राम्रो* पाँच पृष्ठमा र सबैभन्दा लामो नियात्रा *तेरवर्षपछि तेरथुम टेक्दा* सोर पृष्ठमा संरचित छन् । यस कृतिमा *अभिव्यक्तिका जिउँदा उदाहरण डा. लुइटेल* शीर्षकको डा. तारानाथ शर्माको मन्तव्य रहेको छ ।

२. विषयवस्तु

चौधवटा नियात्राहरूको सङ्कलनका रूपमा रहेको **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रहमा नियात्राकार लुइटेलले आफ्नो स्वदेश र विदेश यात्राका क्रममा देखेका, भोगेका र सुनेका विविध विषयहरूलाई नियात्राको वर्ण्य विषय बनाएका छन् । यस सङ्ग्रहमा सङ्गृहीत नियात्राहरूमा प्रयुक्त विषयवस्तुको विश्लेषण नियात्रा रखाइको क्रमका आधारमा तल सङ्क्षेपमा प्रस्तुत गरिन्छ ।

(१) महामण्डल साहित्ययात्रा

प्रस्तुत नियात्रा *महामण्डल साहित्ययात्रा*मा नियात्राकार लुइटेलले २०६६ सालको गणतन्त्र दिवसको दिन नुवाकोट साहित्य प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा सहभागी हुँदाका घटनालाई मुख्य विषयवस्तु बनाएका छन् । साहित्यिक कार्यक्रममा काठमाडौँबाट नुवाकोट पुगेर फर्केसम्मका घटनाहरूलाई शृङ्खलित रूपमा प्रस्तुत गरिएको यस नियात्रामा काठमाडौँदेखि नुवाकोट नपुगुञ्जेलसम्मका बाटाका घटनाहरू, बट्टारमा भएका विविध कार्यक्रमहरू, आफूले कार्यपत्र प्रस्तुत गरेको प्रसङ्ग, नुवाकोट दरबारको वर्णन आदिलाई मुख्य विषयवस्तु बनाएका छन् । यस नियात्रामार्फत लुइटेलले समयलाई पटक्कै ध्यान नदिने अनि पुग्ने भनेको समयमा मात्र हिँड्न तरखर गर्ने हामी नेपालीहरूको खराब बानीप्रति व्यङ्ग्य हानेका छन् । यात्रामा संलग्न केही व्यक्तिहरूको नामसहित यात्राको समयमा घटेका घटनाहरू प्रस्तुत गरिएको यस नियात्रामा केवल घटनाको शृङ्खला मात्र छैन, यसले पाठकलाई आफैँ यो यात्रामा सामेल छु कि भन्ने अनुभूतिसमेत गराएको छ ।

(२) धनगढीमा आतङ्क

नेपालको सुदूरपश्चिमाञ्चलमा पर्ने धनगढीमा आयोजित भाषिक सङ्गोष्ठीलाई मुख्य विषयवस्तु बनाइएको यस नियात्रामा नियात्राकार लुइटेलले यात्राका समयमा बाटामा भएका घटनाहरू, कृष्णचन्द्रसिंहको मृत्युको सूचना, धनगढीमा भएको कार्यक्रमको प्रसङ्गसँगै फर्केर काठमाडौँ आइपुगुञ्जेलसम्मका घटनाहरूको कलात्मक वर्णन गरेका छन् । धनगढीमा गर्मी र लामखुट्टेले आतङ्क मच्चाएको कुरालाई रमाइलो पाराले प्रस्तुत गरिएको यस नियात्रामा एकेडेमीको नाममा रहेको जग्गाको हालतको प्रसङ्ग उठाउँदै उनले संस्थाको नाममा भएका जग्गाहरूमा हुने गरेको अतिक्रमणप्रति व्यङ्ग्य प्रहार गरेका छन् । यसका साथै पूर्व र पश्चिमको भाषिकामा पाइने अन्तरबारे चर्चा गदै उनले किलो उखेल्नु र किलो गाड्नुको प्रसङ्ग उठाएका छन् ।

(३) तेरवर्षपछि तेरथुम टेक्दा

प्रस्तुत नियात्रामा नियात्राकार लुइटेलले आफ्नो जन्मथलो तेरथुममा एम.ए. को पठनपाठन प्रारम्भ भइसकेपछि शिक्षकको छनोट गर्नुपर्ने कुरामा समस्या उत्पन्न भएको र त्यो समस्या समाधानका निम्ति आफू काठमाडौँदेखि तेरथुम पुगेर फर्केसम्मका घटनाहरूलाई समावेश गरेका छन् । तेरथुम पुग्दासम्मका बाटाका घटनाहरू, त्यहाँ आफूले सहभागिता जनाएका विभिन्न कार्यक्रमहरूका प्रसङ्गसहित धेरै वर्षदेखि नपुगेको जन्मथलो जाने धोको अधुरै रहेको र आफन्तहरूसँग भेट्न नपाएको कुरालाई उनले यस नियात्रामार्फत प्रस्तुत गरेका छन् । यस नियात्रामा लुइटेलले "धेरै जसो हाँगे हाकिम र राजनैतिक दलका ठुटे नेताहरूको कुरै भएन, घटीका अनेक धुन घन्केका घन्क्यै" भन्दै जिल्लाका हाकिम र राजनैतिक दलका नेताप्रति व्यङ्ग्य कसेका छन् । कागले कान लग्यो भन्दा कान नछामी कागतिर दगुर्ने बानीलाई उनले एल्डिओलाई पात्र बनाएर नाटकीय ढङ्गले कलात्मक पारामा प्रस्तुत गरेका छन् । यसका साथै यस नियात्रामा न्यायिक क्षेत्रमा व्याप्त विसङ्गतिपूर्ण क्रियाकलापप्रति पनि व्यङ्ग्यात्मक प्रस्तुति गरिएको छ ।

(४) गोरखनाथ बाजेचाहिँ सकुशल रहेछन्

खगेन्द्रप्रसाद लुइटेलले २०६६ साल मङ्सिर १६ गते काठमाडौँदेखि साहित्य सङ्गम, हरि सांस्कृतिक केन्द्र तथा गोर्खा साहित्यिक मञ्चद्वारा आयोजित विशेष साहित्यिक कार्यक्रममा आफू विशिष्ट अतिथि भएर गोर्खा पुगेको प्रसङ्गसँगै त्यहाँ भएको कार्यक्रम तथा त्यस ठाउँका ऐतिहासिक स्मारकहरूको अवस्थालाई नियात्राको मुख्य विषयवस्तु बनाएका छन् । उनले काठमाडौँबाट गोर्खातिर प्रस्थान गरेको, यात्रामा दुई टोली भएको, ती दुई टोलीको गन्तव्य उही तर उद्देश्य फरक रहेको कुरासँगै स्थानीयद्वारा स्वागतार्थ गरिएको नृत्य प्रदर्शन, गोर्खा उद्योग वाणिज्य सङ्घद्वारा आयोजित कार्यक्रमको आतिथ्य तथा पुरस्कार वितरणको कार्यक्रम आदिलाई नियात्रामा चर्चा गरेका छन् । यात्रामा रहेका दुई टोलीमार्फत साहित्यकारहरू पनि भिन्नभिन्न धारका हुने कुराको जानकारी गराइएको यस नियात्रामा उनले नयाँ बनाउने नाममा पुरानालाई नष्ट पारिएको प्रसङ्गलाइसमेत कलात्मक र व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । देशभित्रका नियात्राहरूमा 'गोरखनाथ बाजेचाहिँ सकुशल रहेछन्... !' शीर्षक रचना हृदय नै हल्लाउने खालको छ । के हाम्रा ऐतिहासिक स्मारकहरू आजका सिद्धान्तसँग मिलेनन् भन्दैमा भत्काइहाल्नुपर्ने र परिस्थितिसित राम्रो सामञ्जस्य गरेर बनाइएका स्मारकहरूलाई मात्र स्थान दिइनुपर्ने काम स्वीकारयोग्य छ ? इतिहासका कुरा सम्झाउन पुराना स्मारकहरू सुरक्षितै राख्नाले नै हाम्रो गौरव अविच्छिन्न रहन्छ भन्ने नियात्राकारको निष्कर्ष प्रशंसनीय मात्र होइन

अनुकरणीय पनि छ ।[३५८] नियात्राकारले के हाम्रा ऐतिहासिक स्मारकहरू आजका सिद्धान्तसँग मिलेनन् भन्दैमा भत्काइहाल्नुपर्ने र परिस्थितिसित राम्रो सामञ्जस्य गरेर बनाइएका स्मारकहरूलाई मात्र स्थान दिइनुपर्ने काम स्वीकारयोग्य छ ? भनी आजका मान्छेको मानसिक अवस्था तथा विकृतपूर्ण अभद्र व्यवहारप्रति प्रश्नचिह्न खडा गर्दै कडा व्यङ्ग्य प्रहार गरेका छन् ।

(५) चितवन, सम्मान र मकरस्नान

नियात्राकार लुइटेलले चितवन साहित्य प्रतिष्ठानद्वारा प्रत्येक दुई वर्षमा सर्वोत्कृष्ट कृतिका लागि प्रदान गरिने *कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार* २०६२ ग्रहण गर्नका लागि सपरिवार गरिएको चितवन यात्राको घटना प्रसङ्गलाई *चितवन, सम्मान र मकर स्नान* नियात्राको मूल विषयवस्तु बनाएका छन् । चितवन साहित्य परिषद्का अध्यक्ष केदार खनालले फोन गरेर पुरस्कार ग्रहण गर्न निम्त्याएको प्रसङ्गबाट सुरु भएको यस नियात्रामा चितवन प्रस्थान, त्यहाँको अतिथि सत्कार, भव्य सम्मान र हार्दिकतापूर्ण बधाइज्ञापन, महेश संस्कृत गुरुकुल विद्यापीठ, महेश सन्यास आश्रम देवघाटको मकर काव्ययामिनीको प्रमुख आतिथ्य ग्रहण, देवघाटको दृश्यावलोकन, मकर स्नानको प्रसङ्ग आदिलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् ।

(६) बार वर्षपछि हनिमुन

पारिवारिक रूपमा गरिएको चितवन यात्राको प्रसङ्गलाई *बार वर्षपछि हनिमुन* शीर्षक दिइएको यस नियात्रामा नियात्राकार लुइटेलले घटस्थापनाको दिन घरबाट चितवन यात्राको लागि निस्केपछि पुनः घर फर्केसम्मका घटना सन्दर्भहरूलाई मूल विषयवस्तु बनाएका छन् । मलेखु पुगेपछि बच्चालाई वैकुण्ठपुरी देखाएको, चितवन पुगेर लक्ष्मण गौतमकोमा खाना खाएको, सेनाको बडाभोजमा सामेल भएको, सौराहा यात्रा, देवघाट यात्रा आदि प्रसङ्गसँगै चितवन वाङ्मय प्रतिष्ठानद्वारा आयोजित कार्यक्रमको प्रमुख अतिथि भएर कथाकार सीताराम कोइरालाको **अनर्थ** नामक कथा सङ्ग्रहको विमोचन गरेर काठमाडौँ फर्केसम्मका घटना प्रसङ्गहरू नियात्राको विषयवस्तुका रूपमा आएका छन् । विभिन्न कार्यक्रमको प्रस्तुतिसहित नियात्राकार लुइटेलले आफ्नो कर्मप्रति विश्वास नभएका र पर्याप्त कुकर्म गर्ने पापीहरू पनि पापमोचन गर्ने तीव्र आकाङ्क्षाका साथ बढी धर्मकर्मतिर लाग्ने गरेको कुरासहित आजका मान्छेको मानसिकता, व्यवहार र सरकारी नीति तथा कर्मचारीहरूको जिम्मेवारीवहन नगर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् ।

(७) वीरगन्ज दर्शन : म्युजिकल फउन्टेन

प्रस्तुत नियात्रामा वीरगन्ज उपमहानगरपालिकाका प्रमुख विमलप्रसाद श्रीवास्तवको विशेष आमन्त्रणमा वीरगन्ज पुगेर काठमाडौँ फर्केसम्मका घटना प्रसङ्गहरू विषयवस्तका रूपमा आएका छन् । यात्रा टोलीमा संलग्न व्यक्तिको नामसहित उल्लेख गरिएको यस नियात्रामा नियात्राकार लुइटेलले वीरगन्जको झरोखर पोखरी, रनीबास, साङ्गीतिक फोहरा आदि विभिन्न ठाउँको चर्चा गरेका छन् । उनले राष्ट्रिय एकता दिवसका दिन साहित्यिक जुलुसको प्रसङ्ग उठाउँदै मेयरद्वारा गरिएको भव्य स्वागतको पनि स्मरण गरेका छन् । उनको वीरगन्ज यात्रा चौथो पटकको यात्रा भए तापनि यसपटकको यात्रा सबैभन्दा छोटो र रमाइलो भएको भन्दै नियात्रामा वीरगन्ज जाने तय भएदेखि फर्केसम्मका घटनाहरूलाई नियात्रात्मक रूप दिएका छन् ।

---

[३५८]. तारानाथ शर्मा, *अभिव्यक्तिका जिउँदा उदाहरण डा. लुइटेल,* खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् ।

(८) जन्त जानुभन्दा अन्त जानु नै राम्रो

फागुन ७ गते प्रजातन्त्र दिवस भए तापनि यस नियात्रामा नियात्राकार लुइटेलले बाल्यकालको हितैषी मित्रको विवाह दिवसको प्रसङ्गलाई नियात्राको मुख्य विषयवस्तु बनाएका छन् । जन्त जान भनेपछि हजुरबाकै बिहे भएको ठान्ने र जिन्दगीमा आफू यसभन्दा अगि एकपल्ट मात्र बिहेमा जन्त गएको जुन बिहेमा आफू नगए बिहे नै रोकिने रमाइलो प्रसङ्गसँगै अगि बढेको यस नियात्रामा नियात्राकारले काठमाडौँबाट हिँडेपछि थानकोटमै पुलिसले दिएको सास्ती, होटलवालाको यात्रु ठग्ने प्रवृत्ति आदिलाई कलात्मक र रोचक ढङ्गमा प्रस्तुत गरेका छन् । यसका साथै ड्राइभरको आङको ज्याकेट हराएको घटनासँगै विवाहको समयका रमाइला घटनाहरू, बेहुली दिएर फर्कंदाको गाडीको प्रसङ्गदेखि आफू घर आइपुगुञ्जेलसम्मका रमाइला घटनाहरू नियात्रामा समावेश भएका छन् । उनले ड्राइभरको ज्याकेट चोरी र मलेखुका होटलवालाले यात्रुलाई ठग्ने गरेको प्रसङ्ग उठाएर मानवीयता ह्रास हुँदै गएको कुरा प्रस्तुत गरेका छन् ।

(९) वीरगन्जको यात्रा : खुर्सानीको डाहा

वीरगन्ज धेरै गर्मी हुने ठाउँ भए तापनि आफू यसपल्ट जाडो समयमा वीरगन्ज गएको कुरासँगै प्रारम्भ भएको प्रस्तुत नियात्रामा नियात्राकार लुइटेलले वीरगन्ज गर्मी ठाउँ मात्र नभएर खुर्सानीको अत्यधिक प्रयोग गरिने क्षेत्र पनि भएको कुरालाई नियात्रामार्फत प्रस्तुत गरेका छन् । आफू काठमाडौँबाट हिँडेपछिका बाटाका विभिन्न घटना प्रसङ्ग जोड्दै वीरगन्ज पुगेको, त्यहाँका होटलमा खुर्सानीको अत्यधिक प्रयोगले गर्दा आफूलाई समायोजन हुन गारो परेको कुरालाई वीरगन्जमा गर्मी र खुर्सानी दुवै पोल्ने गुण भएका वस्तुको अनुभव गर्न पाइने कुरा प्रस्तुत गरेका छन् । यिनले गर्मी र खुर्सानी दुवैमा समान गुण पाइने हुँदा यी दुई सहोदर दाजुभाइ भएको कुरा चर्चा गर्दै "त्यहाँ खुर्सानी र गर्मीसँग समायोजन हुन नसकेका केही सेता वर्णका बाहेक अरू सबै मानिसको वर्ण कालो देखिन्थ्यो" भनी त्यहाँका स्थानीय बासिन्दाहरूको बारेमा पनि जानकारी गराएका छन् । गर्मी र पिरो दुवै अवगुणयुक्त वस्तु मात्र नभएर वीरगन्जमा केही राम्रा र गुणयुक्त वस्तु पनि पाइने कुरालाई "म त त्यहाँका पाकेका केराबाट निकै लोभिइसकेको पो रहेछु" भन्ने भनाइमार्फत प्रस्तुत गरेका छन् ।

(१०) गुवाहाटी यात्रामा पुत्नेछोराको करामत

नियात्राकार लुइटेलले गुवाहाटी विश्वविद्यालयबाट नेपाली स्नातकोत्तर कार्यक्रमको प्रारम्भसम्बन्धी विशेष गोष्ठीमा विशेषज्ञका रूपमा निमन्त्रणा आएको प्रसङ्गबाट सुरु भएको यस नियात्रामा माघ तिन गते केसु, रासु र आफू सपत्निक गुवाहाटी यात्रामा निस्केर त्यहाँको कार्यक्रम सकी काठमाडौँ फर्केर आउञ्जेलसम्मका घटना प्रसङ्गहरूलाई शृङ्खलित ढाँचामा विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । काठमाडौँबाट भद्रपुर, सिलिगुढी हुँदै गुवाहाटीसम्मको यात्रा, कामाख्या मन्दिरको दर्शन, विभिन्न व्यक्तिसँगको भेटघाट, गुवाहाटीमा परिचयपश्चात् टिकट काउन्टरको फुच्चेले गरेको सम्मान, उमानन्दको दर्शन, बेलाबेलाको पुत्नेछोराको रमाइलो प्रसङ्ग, न्यु जलपाइगुडी हुँदै दार्जिलिङसम्मको यात्रासँगै नेपाल फर्केर आउञ्जेलसम्मका घटना प्रसङ्गहरू नियात्रामा समावेश भएका छन् । नेपाल र भारतको सिमानाबारे सोध्दा एउटा व्यक्तिको "यहाँ सोध्नै पर्दैन, जङ्गल भएजति भारत नभएजति नेपाल, हामी कहाँ रूख काट्न पाइँदैन काटे जेल जानुपर्छ, तिमेर्का जसले जति काटे पनि हन्छ र रूख काट्ने नै ठूलो ठानिन्छ" भन्ने भनाइलाई

नियात्रामा समावेश गरी यस नियात्रामार्फत नियात्राकारले नेपालीहरूको क्रियाकलाप र अरूको नेपालप्रतिको हेराइ र सोचाइलाई पनि प्रस्तुत गरेका छन् ।

(११) गुवाहाटी एम.ए. प्रारम्भ गर्दाका तितामिठा अनुभूति

अगिल्लो पटक गुवाहाटी गएको बेला गुवाहाटी विश्वविद्यालयले नेपाली एम.ए. कार्यक्रमको स्पेसल कोर्स एड्भाइजर बनाई पाठ्यक्रम र पाठ्यसामग्री तयार गर्ने काम सुम्पेको, पाठ्यपुस्तक बनाउने समयमा निकै समस्या आएको कुरालाई जोड्दै गुवाहाटीमा एम.ए. प्रारम्भ गर्न जाँदाका तितामिठा अनुभूतिहरूलाई नियात्राकार लुइटेलले नियात्राको मुख्य विषयवस्तु बनाएका छन् । यसमा उनले काठमाडौँबाट भैरहवा हुँदै गुवाहाटी पुगेको कुरासँगै गुवाहाटी एयरपोर्टमा गरिएको स्वागत, पाठ्यक्रम एवं पाठ्यपुस्तकको निर्माणमा कम्प्युटरको फन्टसम्बन्धी देखापरेका समस्या आदिका बारेमा पनि चर्चा गरेका छन् । यसका साथै यस नियात्रामा ब्रह्मपुत्रको सराइघाट पुल, कामाख्या मन्दिरको दर्शन र विभिन्न कार्यक्रममा सरिक भएको कुरा प्रस्तुत गर्दै उनले समयमा काम नगर्ने नेपालीहरूको बानी त्यता पनि रहेको कुरालाई विभिन्न प्रसङ्गसहित प्रस्तुत गरेका छन् । त्यस ठाउँमा सभापतिले कार्यक्रम सञ्चालन गर्ने चलन रहेको कुरालाई पनि नियात्राकारले यस नियात्रामार्फत जानकारी गराएका छन् ।

(१२) नेपाली उद्घाटनमा गुवाहाटी जाँदा

गुवाहाटीमा एम.ए. नेपाली उद्घाटनका लागि काठमाडौँबाट गुवाहाटी प्रस्थान गरेदेखि फर्केर काठमाडौँ आइपुगुञ्जेलसम्मका घटनासन्दर्भहरूलाई नियात्राकार लुइटेलले यस नियात्राको मुख्य विषयवस्तु बनाएका छन् । बाटाका विभिन्न घटनासँगै गुवाहाटीका विभिन्न ठाउँमा घुमेको कुरालाई समेत प्रस्तुत गर्दै नियात्राकारले गुवाहाटीमा नेपाली एम.ए. कार्यक्रमको उद्घाटन, सिलोङमा भएको कार्यक्रम, दरङ कलेजको उदघाटन, ज्ञानपीठ डिग्री कलेज निकासीको कार्यक्रम, भारतीय गोर्खा परिसङ्घद्वारा आयोजित संवर्धना कार्यक्रम, असम साहित्यसभा शोणितपुरको चाँदमारीको सम्मान कार्यक्रम आदिको विशेष चर्चा गरेका छन् । यसका साथै नियात्राकारले बिहुपर्वको बारेमा पनि जानकारी गराएका छन् । विभिन्न ठाउँअनुसारको चलन रहने कुरालाई "असमतिर मान्छेलाई पहिलो स्वागत तामुल (काँचो सुपारी), पान र त्यसपछि चियाबाट गरिँदो रहेछ" भन्ने भनाइमार्फत प्रस्तुत गरेका छन् । माल पाएर चाल नपाउने हामी नेपालीहरूको बानीलाई प्रस्ट्याउन उनले मेची क्याम्पसका दुर्गतिको उदाहरण दिएका छन् ।

(१३) सिलोङमा डायरी हराउँदा

गुवाहाटी विश्वविद्यालयमा नेपाली एम.ए. कार्यक्रमको उद्घाटन सकेर सिलोङ गएका बेला डायरी हराएको कुरालाई नियात्राकार लुइटेलले यस नियात्राको मुख्य विषयवस्तु बनाएका छन् । नियात्राकारले गुवाहाटीबाट टेकनारायण उपाध्यायसँग सिलोङ घुम्न गएको त्यहाँका सिलोङ पिक, इलिफेन्ट फल्स, डन बस्को म्युजियम आदि ठाउँ घुम्दै एउटा गेस्ट हाउसमा पुगेर खाजा खाई खास कार्यक्रममा जानलाग्दा डायरी हराएको कुरा थाहा भएको, त्यस घटनाले आफूलाई चिन्तित तुल्याएको र धेरैतिरको फोन सम्पर्कपछि डायरी भेटिएको कुरालाई यस नियात्राका माध्यमबाट प्रस्तुत गरेका छन् । त्यस क्षेत्रमा इमानदारीको खडेरी नलागेको कुरालाई उनले डायरी भेटिएको प्रसङ्ग र अर्को मान्छे बोल्दाबोल्दै बीचमा प्रवेश नगर्ने त्यहाँका मानिसको बानीमार्फत प्रस्तुत गरेका छन् । यसका साथै 'त्यहाँका खसिनीले एकभन्दा बढी पोइ ल्याउनु भनेको नेपालीले एकभन्दा

बढी स्वास्नी ल्याउनुभन्दा पनि सरल ठानिँदो रहेछ' भन्ने भनाइबाट सिलोङको मातृसत्ता तथा त्यहाँको समाजको चिनारी पनि गराएका छन् ।

(१४) दक्षिणयात्रा : महाजात्रा

नियात्राकार खगेन्द्रप्रसाद लुइटेलले दक्षिण भारतको यात्राको समयमा भएका घटना प्रसङ्गहरूलाई यस नियात्राको मुख्य विषयवस्तु बनाएका छन् । अलि लामो आयामको यस नियात्राभित्र उनले अ.ने.सा.स.को पुरस्कार ग्रहण, कार्यपत्र प्रस्तुत गरेको कुरासहित भैरहवा हुँदै चेन्नै, साइबाबा क्षेत्र, बेङ्गलोर, विश्वेश्वरैया औद्योगिकी एवं प्रौद्योगिकी सङ्ग्रहालय, मैसुरको आठ सय वर्ष पुरानो महिषासुर मर्दिनी चामुण्डाश्री मन्दिर, वृन्दावन गार्डेन, उटी, मदुरैको प्रसिद्ध मन्दिर मिनाक्षी, कन्याकुमारी, कोताणुमालिम मन्दिर, केरलाको राजधानी आदि आफू घुमेका विभिन्न ठाउँ र धार्मिक स्थलहरूको बारेमा वर्णन गरेका छन् । दक्षिण भारतमा सबैले अङ्ग्रेजी बोल्छन् र त्यहाँका मान्छे निकै सभ्य छन् भन्ने कुरालाई बस नम्बर आइडुआइडु तथा प्लेटफर्म नम्बर नाइडुनाइडु भन्ने त्यहाँका स्थानीय बासीको भनाइ प्रस्तुत गरी गलत साबित गरिदिएका छन् । नियात्राकारले ठाउँअनुसार फरकफरक चालचलन हुने कुरालाई त्यहाँका मन्दिरमा देब्रे परिक्रमा गर्नुपर्ने, नाक दाहिने छेड्ने चलन र हाम्रातिर किरियापुत्रीले मात्र केराको पातमा भात खाने चलन भए तापनि त्यतातिर भने सबैले केराको पातमा भात खाने चलन भएको कुरामार्फत जानकारी गराएका छन् । आफूले कुनै पनि पाप नगरेको तर अरूले चाहिँ पाप गरेका नै हुन्छन् भन्ने हाम्रो गलत मानसिकतालाई रामेश्वर मन्दिर दर्शनको प्रसङ्ग जोड्दै नियात्राकारले "त्यो पापीले देख्दैनन् रे हाम्रो टोलीका कतिले देखेनन् पनि तर मैलेचाहिँ राम्ररी देखेँ" भन्ने भनाइमार्फत प्रस्तुत गरेका छन् ।

३. उद्देश्य

नियात्राकार खगेन्द्रप्रसाद लुइटेलले यस नियात्रा सङ्ग्रहमा सङ्गृहीत स्वदेशपरक तथा विदेशपरक नियात्राहरूमार्फत समाजलाई अस्वस्थ तथा भ्रष्ट तुल्याउने अनेकौँ स्वार्थी तत्त्वहरूको खोइरो खनेका छन् । यस नियात्राको मुख्य उद्देश्य आफू घुमेका ठाउँको यात्रा वर्णन मात्र नभएर समाजका विविध क्षेत्रमा देखापरेका विकृति विसङ्गतिको प्रस्तुतिसँगै विभिन्न ठाउँको परम्परा र चालचलनबारे पाठकलाई जानकारी गराउनु रहेको देखिन्छ ।

४. भाषाशैली

नियात्राकार लुइटेलको **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रहका नियात्राहरूमा सरल, स्वाभाविक र कलात्मक भाषाको प्रयोग गरिएको छ । यसभित्रका नियात्राहरूमा निजी भावना, दृष्टिकोण र निजात्मक अनुभूतिहरूलाई आत्मपरक शैलीमा प्रस्तुत गरिएको छ । समाजका विभिन्न क्षेत्रमा व्याप्त विसङ्गति र विकृतिहरूप्रति व्यङ्ग्यात्मक रूपमा प्रहार गरिएका यी सबै निबन्धहरूको प्रस्तुतिको शैली वर्णनात्मक र विवरणात्मक रहेको छ । विभिन्न ठाउँमा विचलनयुक्त वाक्यको प्रयोग पाइने यस नियात्रा सङ्ग्रहमा नियात्राकारले धेरै ठाउँमा अध्याहारको प्रयोग गरी केही शब्दलाई मौन राखेर वाक्य पूरा गर्ने अभिभारा पाठकमा सुम्पेका छन् । पल्ट्याङपुल्टुङ, गफगाफ, काईंकाईं कुईंकुईंजस्ता अनुकरणात्मक शब्दको प्रयोगले निबन्धमा थप रोचकता थपेको छ । उडाउने, गुडाउने, चुटाउने, फुटाउनेजस्ता समध्वन्यात्मक तुकबन्दीयुक्त शब्दका साथै जो चोर उसको ठूलो स्वर, डोकाले छोपेर लुकाउनुजस्ता उखानहरूको पनि प्रयोग गरिएको छ । प्रशंसा गर्नुपर्ने

ठाउँमा खुला हृदयले समर्थन गर्ने अनि असामाजिक कुचक्रको भण्डाफोर निर्भीकतापूर्वक गर्ने यो लुइटेलीय शैली मापाको छ, प्रशंसनीय छ।[३५९] गद्यशैलीमा लेखिएका यस सङ्ग्रहका नियात्रामा प्रश्नवाचक, आश्चर्यजनक र उद्धरण चिह्नको प्रशस्त प्रयोग गरिएको छ। समग्रमा यस सङ्ग्रहका निबन्धको भाषाशैली परिष्कृत, मानक, स्तरीय र तिखारिएको छ।

५. निष्कर्ष

खगेन्द्रप्रसाद लुइटेलको **बार वर्षपछि हनिमुन** शीर्षक नियात्रा सङ्ग्रहमा सङ्गृहीत सबै नियात्राहरूमा यात्राका क्रममा देखे, भोगेका र अनुभव गरेका कुराहरूलाई प्रस्तुत गरिएको छ। यो सँगालो लुइटेलको समयको क्रमले कान्छो भए पनि भावाभिव्यक्ति र अनुभवको प्रकटीकरणमा जेठो हुनतिरै लम्केको छ। यसमा देशभित्र र निकट छिमेकी मुलुकभित्रका भ्रमणहरूको निजात्मक वर्णन पाइन्छ तापनि लेखक सँगसँगै लेखकलाई भुलेर हामी पाठकहरू स्वयं नै यो यात्रा गरिरहेका छौँ कि जस्तो प्रतीत हुन्छ तर जहाँ गए पनि, जे गरे पनि र जसलाई भेटे पनि नियात्राकारको हृदयमा नेपाल र नेपालीकै स्वकीय चेतना भुलभुलिएको छ।[३६०] उनको यो नियात्रात्मक स्वर समस्त नेपाली संसारलाई नै जुरुक्क उचाल्दै साहित्यिक यात्रामा लाग्ने अजस्र प्रेरणाको स्रोत बनिरहेको छ। यो प्रेरणा, यो प्रोत्साहन र यो सन्देशबाहक अभिव्यक्ति एकातिर मधुमासमा मात्र सीमित नभई साहित्यिक, भाषिक, सांस्कृतिक तथा जातीय जागरणतर्फसमेत सहर्ष र सगर्व उन्मुख भएको छ। लेखक जहाँ पुगे पनि, जहाँ बसे पनि र जहाँ भावनामा आलोडित भएर गद्गद भए पनि आफूलाई नेपालीत्वमा छताछुल्ल पार्दै प्रगतितिर लम्किरहेको देख्दा एकएक शब्द र एकएक वाक्य पढिरहूँजस्ता, आत्मसात् गरिरहूँजस्ता र प्रशंसा गरिरहूँजस्ता रूपले प्रकट भएका छन्।

'दक्षिण यात्रा : महाजात्रा' शीर्षक यात्रात्मक निबन्धमा होस् अथवा 'सिलोङमा डायरी हराउँदा...' मा होस् विभिन्न मन्दिरहरूको वर्णनमा अथवा आफ्नो दैनिकी हराउँदाको पीडामा होस्, लेखक छट्पटाउँदा वा लेखक भावविह्वल हुँदा पाठक आफैँले स्वयं अनुभूति गरेको अत्यासलाग्दो र रमाइलो अनुभूति आफैँले गरेजस्तो हुन्छ। पानीविहीन काकाकुले काठमाड्यौलीहरूलाई भारतको पानीविहीन पोखरीले व्यङ्ग्य गर्न खोजेको, क्यामरा वर्जित कलात्मक केन्द्रहरू सम्झनैमा मात्र सीमित गरी घुमिएको वर्णन वास्तविकताको अत्यन्त निकट छ। हाम्रा ऐतिहासिक ऋषिमुनिहरूका गुफाहरू इत्यादि भएको भन्ठानिएको देवघाटको वर्णन होस् अथवा त्यहाँ प्राप्त सम्मान आदिको वर्णन अत्यन्त मार्मिक र दोहोऱ्याइरहूँजस्ता छन्।[३६१] **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रहमा नियात्राकारले यात्रात्मक अनुभूतिहरूलाई आत्मपरक शैलीमा रोमाञ्चक पाराले प्रस्तुत गरेका छन्। आफू घुमेका स्थान, त्यहाँको भौगोलिक अवस्था, रहनसहन, सामाजिक, सांस्कृतिक अवस्था र आफूले अनुभव गरेका कुरा सहित आफूले पाएको सम्मान आदिलाई नियात्राका मुख्य विषयवस्तु बनाइएको छ। राष्ट्रियता तथा देशप्रेम, भाषाप्रेम, यात्रा चित्रण, सामाजिक धार्मिक अवस्थाको चित्रण, वैयक्तिकता, सम्प्रेषणीयता आदि यस नियात्रा सङ्ग्रहका विशेषता हुन्। विविध विषय र क्षेत्रसँग सम्बन्धित

---

३५९. ऐजन।

३६०. ऐजन।

३६१. ऐजन।

प्रसङ्गहरू प्रस्तुत गरिएका यस सङ्ग्रहभित्रका नियात्राहरू समाजका विभिन्न क्षेत्रका विकृतिहरूलाई प्रस्तुत गर्न सफल भएका छन् साथै नियात्रामा विभिन्न ठाउँमा पाइने फरकफरक संस्कृतिको पनि चर्चा गरिएको छ । लेखकले विभिन्न तथ्यको प्रस्तुति गरी हामीलाई एकातिर ज्ञानको ढोका उघारिदिएका छन् र उत्सुकताको मार्ग निर्माण गरिदिएका छन् भने अर्कातिर आफूले नाम सुनिरहेका तर नपुगेका रमणीय स्थलहरूको हार्दिक वर्णनबाट यथेष्ट मनोरञ्जनसमेत प्रदान गरी ज्ञान र मनोरञ्जन एकसाथ प्रदान गर्नु यस कृतिको विशिष्ट प्रयोग हो ।[३६२]

आफ्नो पुण्य जन्मस्थल तेरथुमको विकट प्राकृतिक सौन्दर्य र स्नेहले पूर्ण स्थलको भावनात्मक वृत्तान्तका साथै नेपाली पुगेका अनेकौँ गाउँ, सहर र बस्तीबस्तीमा पुऱ्याएर लेखकले आफ्नोपनाप्रति ठूलो आदर देखाई हामीमा नेपालीत्वको गौरव अनुभूति गर्ने र गर्न पाउने अवसर यस ग्रन्थबाट दिएका छन् । यस प्रकारका कृति नेपालीमा कमै लेखिएका छन् ।

भारतका नेपाली भाषा र साहित्यका उच्च शिक्षण संस्थाहरूमा पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गर्दाका सबै पक्षको व्याख्या निकटबाट रही र अध्ययन गरी निस्वार्थतासाथ गर्ने यो ग्रन्थ साँच्चै नै हामी सबै नेपाली जातिका लागि पठनीय मात्र होइन सधैँ स्वीकारयोग्य पनि भएको छ । लेखकले त्यहाँ नेपाली भाषा र जातिका लागि निस्वार्थ ढङ्गले गरेका कार्य र प्राप्त गरेका सम्मान सिङ्गो नेपाली जातिले नै गौरव गर्नुपर्ने खालका छन् ।[३६३]

शीर्षकमा हुनुपर्ने उत्सुकता, रहस्यात्मकता, ध्वन्यात्मकता, सूक्ष्म सन्देशात्मकताजस्ता गुणहरू यसमा पाइने हुनाले शीर्षक सार्थक रहेको छ । नियात्राहरूको कथ्य विषय सामान्य भए पनि शिल्प पक्ष भने निकै गहन रहेको छ । यो नियात्रा सङ्ग्रह भए पनि प्रसङ्ग मिलाएर विभिन्न क्षेत्रमा देखिएका विसङ्गति र विकृतिप्रति व्यङ्ग्य प्रहार गर्नु यस नियात्रा सङ्ग्रहभित्र सन्निहित नियात्राहरूको विशिष्ट पक्ष हो । विविध क्षेत्रलाई विषयवस्तुका रूपमा प्रयोग गरिएको यो नियात्रा सङ्ग्रह आकर्षक भाषाशैली, स्पष्ट अभिव्यक्ति र शृङ्खलित वर्णनका कारण उत्कृष्ट नियात्रा सङ्ग्रह बन्न पुगेको छ । समाजलाई अस्वस्थ तथा भ्रष्ट तुल्याउने अनेकौँ स्वार्थी तत्त्वहरूको खोइरो खन्न तथा व्यङ्ग्यका मुङ्कीहरूले तिनलाई थिलथिलो पार्न नियात्राकार खगेन्द्रप्रसाद लुइटेलका यी नियात्राहरू पूरै सफल भएका छन् । ...अनेक प्रकारको प्रयोग पाइने यस सङ्ग्रहमा सङ्कलित सबै रचना उत्तिकै सशक्त र स्तरीय भएकाले यो नेपालीकै उत्कृष्ट नियात्रा सङ्ग्रह हो ।[३६४]

९.३ पत्रपत्रिकामा प्रकाशित फुटकर निबन्धहरूको परिचयात्मक अध्ययन

माथि चर्चा गरिएका दुई निबन्ध र नियात्रा सङ्ग्रहबाहेक खगेन्द्रप्रसाद लुइटेलका केही निबन्ध र नियात्राहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । तिनलाई कालक्रमिक आधारमा तल प्रस्तुत गरिएको छ :

---

३६२. ऐजन ।
३६३. ऐजन ।
३६४. ऐजन ।

१. जिन्दगी... ?	**रक्षाकवच,** १/६, २०६७ जेठ, पृ. २०-२१ ।
२. जिन्दगी... ?	**मधुपर्क**, ४३/३, २०६७ साउन, पृ. २५-२६ ।
३. महागाईजात्रा जिन्दाबाद	**हिमालय टाइम्स**, २०६८ भदौ २४, पृ. ७ ।
४. महागाईजात्रा जिन्दाबाद	**रचना,** ५१, २०६८ कात्तिक-मङ्सिर, पृ. २६-२८ ।
५. इलाम साहित्य सम्मेलन र माईपोखरी दर्शन	**मिर्मिरे,** ४१/१, २०६९ वैशाख-जेठ, पृ. ३२५-३२१ ।
६. जन्मभूमिमा नागरिक सम्मान पाउँदाको अनुभूति	**तीनजुरे,** ४/१, २०६९, पृ. ५४-५९ ।
७. जाऊँ न हरर, बेंसीसहर	**हिमाली गुराँस, १८**/५२, २०७१ मङ्सिर-पुस, पृ. ३-६ ।

निबन्धकार खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित *जिन्दगी...?* शीर्षक श्यामव्यङ्ग्यात्मक निबन्ध **रक्षाकवच** (१/६, २०६७ जेठ), **मधुपर्क** (४३/३, २०६७ साउन) र sanjaal.com मा समेत प्रकाशित छ । यसमा निबन्धकार लुइटेलले एउटा अपरिभाषेय वस्तु जिन्दगीलाई कसैले धर्म, कसैले कर्म, कसैले राजनीति कसैले अर्थनीति, कसैले भोक र कसैले भोगसँग जोडेर अर्थ्याउने गरेको कुरालाई उल्लेख गरी जिन्दगी चोरी पनि हो अनि जिन्दगी फोहोरी पनि हो, कसैका लागि घुस हो जिन्दगी अनि कसैका लागि भुस हो जिन्दगी भन्दै जिन्दगीका अनेक परिभाषाहरू प्रस्तुत गरेका छन् । पद्यात्मक शैलीमा प्रस्तुत यस निबन्धको अन्त्यमा निबन्धकारले सोचेजस्तो नहुने र भोगेजस्तो मात्र हुने वस्तुको नाम हो जिन्दगी भन्दै निबन्धलाई टुङ्ग्याएका छन् । विभिन्न व्यक्तिका जिन्दगीका परिभाषाहरू अलग-अलग रहने कुरालाई प्रस्तुत गरिएको यस निबन्धमार्फत उनले विविध क्षेत्रका विकृति र विसङ्गतिहरूलाई समेत प्रस्तुत गरेका छन् ।

महागाईजात्रा जिन्दावाद नामक निबन्ध **हिमालय टाइम्स** (२०६८ भदौ २४) र **रचना** (५१, २०६८ कात्तिक-मङ्सिर) मा प्रकाशित छ । यसमा निबन्धकार लुइटेलले प्रतापमल्ल नामक शासकका प्रतापबाट प्रारम्भ भएको गाइजात्राले त्यसबेला जातीय संस्कृतिको मात्र रूपधारण गरेको भए तापनि हाल आएर यसले राष्ट्रिय संस्कृतिकै रूप धारण गरेको प्रसङ्गलाई निबन्धको मूल विषयवस्तु बनाएका छन् । एकमतीय, समतीय, बौमतीय अवस्थाको प्रसङ्ग उठाउँदै लडाउने, भिडाउने, फुट्ने, फुटाउने नेपालको राजनीतिक अवस्थाप्रति व्यङ्ग्य गर्दै सिङ्गो कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका विकृतपूर्ण क्रियाकलाप प्रस्तुत गरिएको यस निबन्धमार्फत उनले देशमा भ्रष्टचार मौलाउँदै गएको र सदाचार चाउरिँदै गएको कुरा उल्लेख गरेका छन् । विभिन्न क्षेत्रमा रहेको आफू र आफ्ना भन्ने मानसिकताले गर्दा हुन पुगेका विकृतपूर्ण क्रियाकलापलाई "दानदातव्य र ल्याप्चेलाल मन्त्रीका सिफारिसमा कतै गएर डाक्टरी सर्टिफिकेट लिएर आएका डा. साबबाट यहाँभन्दा ठूलो अपेक्षा त के नै गर्नु छ र ? यसका विरूद्ध उजुर गरौँ भने डन्डा बर्सिहाल्छ ।" भन्ने अभिव्यक्तिमार्फत प्रस्तुत गरेका छन् । प्रस्तुत निबन्ध कानुन मिच्ने उत्तम र कानुन मान्ने खत्तम मानिने हाम्रो देशका हरेक क्षेत्रका विसङ्गति र विकृतपूर्ण क्रियाकलापलाई प्रस्तुत गर्न सक्षम बनेको छ ।

इलाम साहित्य सम्मेलन र माइपोखरी दर्शन नामक नियात्रामा नियात्राकारले अनेसास इलामद्वारा आयोजित कार्यक्रममा *समकालीन नेपाली साहित्यमा प्रवृत्ति* नामक कार्यपत्र प्रस्तुत गर्नाको लागि आफू इलाम पुगेको सन्दर्भलाई नियात्राको विषयवस्तु बनाएका छन् । काठमाडौँबाट हिँडेदेखि कुरिनटार रिसोर्टको खाजा र हेटौँडाको खानाको प्रसङ्ग उठाउँदै विभिन्न देशका नेपाली साहित्यकारहरू भेला भएको इलामको त्यस

साहित्यिक कार्यक्रमका विविध सन्दर्भहरूसँगै माइपोखरी दर्शन र फर्केर आएसम्मका घटनाहरू नियात्रामा समावेश भएका छन् । निबन्धकारले अदुवा, अम्लिसो, अलैंची, अकबरे र ओलनले प्रसिद्ध इलाममा अलैंची घटेको र आत्महत्या बढेको कुरालाई पनि सइको भनाइमार्फत प्रस्तुत गरेका छन् ।

जन्मभूमिमा नागरिक सम्मान पाउँदाको अनुभूति नामक नियात्रामा नियात्राकारले आफ्नो बाल्यकाल, अध्ययनको सन्दर्भ, नागरिकता लिँदाका घटनाहरू, जागिर र राजनीतिक जीवनको प्रसङ्गसँगै एम.ए.को अध्ययनपश्चात् आफू काठमाडौँ नै बस्न थाले पनि आफ्नो मातृभूमिप्रति श्रद्धाभाव रहिरहने कुरालाई नियात्रामा समावेश गरेका छन् । उनले गृह जिल्ला तेरथुमको म्याङ्लुङ क्याम्पसमा एम.ए. प्रारम्भ भएपछि शिक्षक राख्ने कुरामा मतभेद भएपछि त्यसको समाधानका निम्ति तेरथुम पुगेर उक्त समस्या समाधान गरी काठमाडौँ फर्केसम्मका घटनाहरू नै नियात्राको मूल विषयवस्तु बनाएका छन् । उनले तेरथुम जाँदाका बाटाका घटनाहरू, आफूले सहभागिता जनाएका विभिन्न कार्यक्रम र पाएको सम्मानलाई प्रस्तुत गर्दै त्यहाँ आफूले पाएको सम्मान अरू र अन्यत्र भन्दा फरक भएको कुरा उल्लेख गरेका छन् ।

जाऊँ न हरर, बेँसीसहर नामक नियात्रामा नियात्राकार लुइटेलले असार १५ दही चिउरा खाने दिन भीमनिधि तिवारीको शतवार्षिकी मनाउने क्रममा ने.प्र.प्र. र चिती साहित्य समाजद्वारा आयोजित गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्नको लागि काठमाडौँबाट बेँसीसहर प्रस्थान गरेदेखि त्यहाँको निर्धारित कार्यक्रम सकेर पुनः काठमाडौँ फर्केर आउञ्जेलसम्मका घटना प्रसङ्गहरूलाई नै नियात्राको मुख्य विषयवस्तु बनाएका छन् । प्रत्येक मान्छेका व्यवहार र सोचाइ फरक हुने कुरालाई मलेखुको खाजाको प्रसङ्ग उठाएर "थोरै सङ्ख्यामा भए पनि कोही शाकाहारी, कोही मांसाहारी र कोही सर्वहारी" भन्ने अभिव्यक्तिमार्फत प्रस्तुत गरेका छन् । बेँसीसहरमा असार पन्ध्रको दिन माटोको टीका र माला लगाइदिएर हातमा धानको बिउ दिई स्वागत गरेको कुरासँगै, त्यहाँ भएको कार्यक्रम र कार्यक्रम सकेर दही चिउरा खाएको प्रसङ्गलाई पनि नियात्राकारले यस नियात्रामा समेटेका छन् । यसका साथै दलान अन्य कतिपय पर्यटन स्थलभन्दा कम नभएको बताउँदै काठमाडौँलाई भने "दुर्गन्धित हावा छिरेपछि पो काठमाडौँ आइपुगेछ भन्ने थाहा पाइयो " भन्ने भनाइमार्फत दुर्गन्धित सहरका रूपमा प्रस्तुत गरेका छन् । यो निबन्ध कक्षा ६ को **नेपाली किताब**मा पनि समाविष्ट छ ।

९.४ विभिन्नतिर प्रकाशित संस्मरणात्मक निबन्धहरूको परिचयात्मक अध्ययन

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न विषयवस्तुमा आधारित निबन्ध एवं प्रबन्धहरूको रचना गर्नाका साथै नेपाली साहित्यका विभिन्न विशिष्ट विद्वान्हरूको संस्मरणमा पनि निबन्ध लेखेका छन् । शरद्चन्द्र भट्टराई, वासुदेव लुइटेल, बल्लभमणि दाहाल, दैवज्ञराज न्यौपाने आदिको संस्मरण गर्दै उनीहरूको मृत्युपश्चात् लुइटेलले व्यक्ति संस्मरण लेखेका छन् भने जीवित व्यक्तिका बारेमा पनि संस्मरण लेखेका छन् । उनले लेखेका व्यक्तिसंस्मरणहरूलाई मितिका क्रममा तल प्रस्तुत गरी त्यही क्रममा तिनीहरूको परिचयात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
८. शरद्का चन्द्र शरद्चन्द	**शरदचन्द्र भट्टराईको इतिवृत्त**, २०६२ पृ. ८६-९२ ।
९. नेपाली हास्यव्यङ्ग्यका जिजुबाजे वासुदेव– जिन्दाबाद !	**फित्कौली**, २/१२, २०६३ फागुन, पृ. ३१-३५ ।

१०. दाहाल सरलाई श्रद्धाका दुई थोपा आँसु	**डा. बल्लभमणि दाहालका रचनाहरू** (पुस्तक), २०६३, पृ. २१-२८ ।
११. दाहाल सरलाई श्रद्धाका दुई थोपा आँसु	**कृति र स्मृतिमा डा. बल्लभमणि दाहाल** (पुस्तक), २०६३, पृ.२९२-३००। ।
१२. नेपाली हास्यव्यङ्ग्यका जिजु वासुदेव लुइटेल– जिन्दाबाद !	**वासुदेव लुइटेल स्मृतिग्रन्थ**, २०६८ फागुन, पृ. ६७-७४ ।
१३. मेरो एम.ए., प्रश्रित र शोधपत्र	**हिमालय टाइम्स**, २०६८ असोज ७, पृ. ६ ।
१४. स्मृतिका बिम्बमा प्रतिबिम्बित दैवज्ञराज न्यौपाने	**प्रेरणा पुरुष : कवि दैवज्ञ स्मृतिग्रन्थ**, २०६९, पृ.६७-६९ ।

शरदका चन्द्र शीर्षक व्यक्ति संस्मरणमा डा. लुइटेलले शरद्चन्द्र प्रतिको आफ्नो धारणा र भेटघाटको प्रसङ्ग उठाउँदै उनीद्वारा सम्पादित **जोगमण्डलीका कवि र कविता** कृतिको समीक्षा गर्ने अवसर आफूलाई प्राप्त भएको र त्यसपछि सम्पर्क बढ्दै गएको कुरा प्रस्तुत गरेका छन् । यसका साथै **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जनको समयमा सँगै काम गरेको र उनीसँग क्रमशः सम्पर्क बढ्दै गएको कुरासँगै कामप्रतिको उनको इमान्दारिता, निष्ठा र लगनशीलता जो कोहीका लागि अनुकरणीय र अनुशरणीय रहेको कुरा पनि प्रस्तुत गरेका छन् । नेपाली साहित्यको माध्यमिक कालको अध्ययनका लागि अद्वितीय, निष्ठावान् शोधकर्ता, समालोचक र मृदुभाषी विद्वान् र आफूलाई दाग लगाउनेहरूलाई पनि उज्यालो दिने उनी शरद्का पूर्णचन्द्र नै भएको कुरा उल्लेख गर्दै "डाक्टर र प्रोफेसर हुने जुन इच्छा थियो त्यो कालकुटले गर्दा पूरा भएन" भन्ने शरद्चन्द्रको भनाइसमेत यहाँ प्रस्तुत गरी शैक्षिक क्षेत्रका विकृतिलाई पनि उजागर गरेका छन् ।

दाहाल सरलाई श्रद्धाका दुई थोपा आँसु शीर्षक व्यक्ति संस्मरण **डा. बल्लभमणि दाहालका रचनाहरू कृति र स्मृतिमा** (२०६३) र **कृति र स्मृतिमा डा. बल्लभमणि दाहाल** (२०६४) मा प्रकाशित छ । यस व्यक्ति संस्मरणमा लुइटेलले बल्लभमणि दाहालको बारेमा पहिलेदेखि नै सुनेको भए तापनि कीर्तिपुर क्याम्पसमा आएपछि भएको चिनजानको प्रसङ्गसँगै डा. दाहालको शारीरिक व्यक्तित्व पक्षबारे जानकारी गराएका छन् । विभागीय सिकारी वृत्तिलाई समेत उठाउँदै यिनले जुनियरलाई सधैँ अगि बढ्न ढाढस दिने, राजनीतिप्रति आस्थावान्, खुला र अस्तव्यस्त जीवन भएका सादा र सरल व्यक्तिका रूपमा डा. दाहाललाई चिनाएका छन् । त्यसपछि डा. दाहालको दुर्घटना, उनको उपचारार्थ विभिन्न व्यक्तिद्वारा प्रेस विज्ञप्ति निकालेको कुरासँगै उनको मृत्युसम्मको प्रसङ्ग प्रस्तुत गर्दै अन्त्यमा चिरशान्तिको कामनासहित यस व्यक्तिसंस्मरणका माध्यमबाट डा. दाहाललाई दुई थोपा आँसु श्रद्धाञ्जलीपूर्वक अर्पण गरेका छन् । डा. बल्लभमणि दाहालका बारेमा लेखिएको यो संस्मरणात्मक लेख पढेपछि प्रगतिवादी कित्ताका विशिष्ट विद्वान् आनन्ददेव भट्टले यति स्पष्ट रूपमा लेखेको लेख आफूले अरूको नदेखेको भनी दिल खोलेर पटकपटक प्रशंसा गरेको कुरा लुइटेल बताउँछन् ।

नेपाली हास्यव्यङ्ग्यका जिजुबाजे वासुदेव– जिन्दावाद ! शीर्षक व्यक्ति संस्मरण **फित्कौली** (२/१२, २०६३ फागुन) र **वासुदेव लुइटेल स्मृतिग्रन्थ** (२०६८ फागुन) मा प्रकाशित छ । यस व्यक्ति संस्मरणमा लुइटेलले वासुदेव शर्मा लुइटेलसँगको चिनजानको प्रसङ्ग, उनीसँग भेट्न मदन पुरस्कार गुठी पुगेको कुरासहित उनलाई अरूले भन्ने गरेका बाउँठेका, टिमुर्किएका भन्दा ठीक विपरीत रूपमा आफूले पाएको कुरा प्रस्तुत गर्दै हरेकलाई पहिलो भेटमै नाम राख्ने तथा आफ्नै पनि विभिन्न नाम राख्ने जस्ता उनका बानीहरूको बारेमा चर्चा गरेका छन् । यसका साथै विभिन्न प्रकाशन संस्था खोल्ने, थुप्रै हास्यव्यङ्ग्यात्मक कृतिहरूका साथै विभिन्न

व्यक्तिका जीवनी छाप्ने र विभिन्न पत्रिकाको सम्पादन गर्ने जस्ता विभिन्न कार्यहरू गरेका वासुदेव लुइटेलको बिरामी र मृत्युको प्रसङ्गसहित उनलाई नेपाली हास्यव्यङ्ग्य साहित्यलाई मलजल गरेर हुर्काउने विशिष्ट व्यक्तिका रूपमा चिनाएका छन् ।

मेरो एम.ए. प्रश्रित र शोधपत्र नामक निबन्धमा प्रश्रितको राजनीतिक क्रियाकलाप र उनीसँगको भेटघाटको प्रसङ्ग र शोधपत्रको प्रसङ्ग उठाउँदै आफू एम.ए. पढ्दाको समयमा पञ्चायती व्यवस्थाको बिगबिगी भएको समय भएकाले पञ्चायत विरोधी प्रगतिवादी वा प्रजातन्त्रवादी साहित्यकारका बारेमा शोध लेख्न नपाइने कुरा प्रस्तुत गरेका छन् । एम.ए. पढ्दा आफू पनि राजनीतिमा संलग्न भएकाले त्यस्तो परिपाटीको अन्त्य गर्नुपर्ने र त्यस्ता साहित्यकारको पनि शीर्षक निकालेर शोध गर्नुपर्ने कुरा पटकपटक उठाएको तर सुरुमा विभागले कुरा सुन्ने नचाहेता पनि दबाब बढेपछि कुरा सुन्न बाध्य भएको र मोदनाथ प्रश्रितको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षकमा शोधपत्र तयार भएको कुरासँगै आफ्नो राजनीतिक जीवनबारेको केही प्रसङ्ग पनि प्रस्तुत गरेका छन् । यसपछि मोदनाथ प्रश्रितको निबन्धकारिता, मानव महाकाव्यको कृतिपरक अध्ययन शीर्षकमा शोधपत्र तयार भइसकेको कुरा प्रस्तुत गरी आफ्ना विरुद्धमा प्रश्रितलाई कुनै व्यक्तिले कुरा लाए तापनि उनले वास्तविकता प्रस्तुत गरेका, प्रश्रितका कविता कृतिका बारेमा त्रिभुवन विश्वविद्यालय र संस्कृत विश्वविद्यालयबाट विद्यावारिधि शोधकार्यसमेत सम्पन्न भएसकेका कुरासँगै प्रश्रितको नेपाली साहित्यका फाँटमा उल्लेख्य योगदान रहेको कुरा प्रस्तुत गरेका छन् ।

स्मृतिका बिम्बमा प्रतिबिम्बित दैवज्ञराज न्यौपाने शीर्षक व्यक्ति संस्मरणमा दैवज्ञराज न्यौपानेसँगको चिनजान, विभागका शिक्षकहरूको नाम र थरको सुरुको अक्षर लेख्ने चलन पूरानै रहेको कुरा उठाउँदै संस्मरणकार लुइटेलले उनको झिल्के र आकर्षक व्यक्तित्वको चर्चा गरेका छन् । लुइटेलले यस संस्मरणमा आफू केन्द्रीय विभागमा प्रवेश गर्दाको समयका प्रसङ्गहरू उठाउँदै आफू त्रि.वि. नेपाली केन्द्रीय विभागमा आउँदा धेरैले विरोध गरे तापनि उनले भने समर्थन गरेको कुरा प्रस्तुत गरेका छन् । आफूहरूले गरेको कामको विपरीत भएर दैवज्ञराज एकपटक आफ्नो कामको विपक्षमा रहे पनि अन्त्यमा उनकै कुरा सही भएको कुरासमेत लुइटेलले यस व्यक्तिसंस्मरणमा प्रवेश गरेका छन् । फलानो ग्रुपको भनी बिल्ला भिराउने चलन त्यतिखेर पनि रहे तापनि दैवज्ञराज न्यौपानेमा कतै कुनै कलुश भाव नभएको कुरा उल्लेख गर्दै लुइटेलले उनलाई सधैँ प्रसन्न मुद्रामा रहने खुला किताब जस्तो व्यक्तिका रूपमा चिनाएका छन् ।

नेपाली भाषा साहित्य क्षेत्रका विशिष्ट व्यक्तिहरूका स्वभाव, बानी व्यवहार तथा उनीहरूले गरेका कार्यहरूलाई समेत प्रस्तुत गरिएका यी विभिन्न शीर्षकका व्यक्तिसंस्मरणहरू उनीहरूकै पुस्ता तथा पछिल्लो पुस्ताका भाषा साहित्यमा रुचि राख्ने जो कसैका लागि उपयोगी रहेका छन् । उक्त विभिन्न साहित्यकारहरूका बारेमा थप जानकारी लिनका लागि यी विभिन्न शीर्षकका विभिन्न व्यक्तिका बारेमा लेखिएका व्यक्तिसंस्मरणहरू निकै उपयोगी रहेका छन् ।

११.५ विभिन्नतिर प्रकाशित प्रबन्धहरूको परिचयात्मक अध्ययन

खगेन्दप्रसाद लुइटेलको **सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवन** शीर्षकको प्रबन्धात्मक कृतिका अतिरिक्त विविध क्षेत्रसँग सम्बन्धित प्रबन्धहरू विभिन्न पत्रिकामा प्रकाशित छन् । उनका प्रबन्धहरू नेपाली

भाषा, शिक्षा, साहित्य, संस्कृति विविध क्षेत्रसँग सम्बद्ध रहेका छन् । उक्त प्रबन्धहरूलाई तालिकामा मितिका क्रममा तल प्रस्तुत गरी त्यही क्रममा तिनीहरूको परिचयात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

शीर्षक	प्रकाशन स्रोत
१७. सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवन	अप्रकाशित भिलेज प्रोफाइल, त्रि.वि. राविसे कार्यक्रम, २०४५-२०४६ ।
१८. गुरुङ संस्कृतिको अभिन्न अङ्ग : रोदी	**गोरखापत्र**, २०४९ असार १३, पृ. ग ।
१९. गुरुङ जाति र लोकमनोरञ्जन	**गरिमा**, १०/८, २०४९ भदौ, पृ. ७९-८६ ।
२०. गुरुङ जातिमा प्रचलित सामाजिक संस्कारहरू	**मधुपर्क**, २६/५, २०५० असोज, पृ. ५२-५६ ।
२१. राष्ट्रिय गानको स्तर	**नेपाल समाचारपत्र**, २०६३ मङ्सिर २८ ।
२२. शुभकामना	**ऐतिहासिक रूपरेखा तथा स्वर्णमहोत्सव स्मारिका**, २०६३, श्री सिद्धकाली उमाविको मुखपत्र ।
२३. निजी विद्यालयको पाठचक्रम, पाठचपुस्तक र पठनपाठन	**अभियान स्मारिका**, २०६४ पृ. २९-३३ ।
२४. शिक्षाको गुणात्मक विकासमा विद्यालयको भूमिका	**सम्प्रेषण**, ४/४, २०६४, पृ. ५५-६१ ।
२५. निजी विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र पठनपाठन	**सम्प्रेषण**, ५/५, २०६५, पृ. १२९-१३३ ।
२६. जनमत जनमतअनुरूप नै चलिरहनु पर्छ	**जनमत**, २६/१, २०६५ माघ, पृ. ३६-३७ ।
२७. ज्ञानकुञ्ज ज्ञानको कुञ्ज नै बनिरहोस्	**अङ्कुर**, २०६५, ज्ञानकुञ्ज उमाविको वार्षिक मुखपत्र ।
२८. जलवायु परिवर्तन शिक्षा आजको अनिवार्य आवश्यकता	**हाम्रो सम्पदा**, ९/१०, २०६६ माघ, पृ. ९७-१०० ।
२९. संविधानमा भाषा, साहित्य, कला, संस्कृतिको स्थान	**गरिमा**, २९/२, २०६७ माघ, पृ. १२९-१३० ।
३०. खै ! बन्ला त हाम्रो संविधान ?	**हिमालय टाइम्स**, २०६८ असोज १४, पृ. ७ ।
३१. धाननाचसँगै मायाप्रीति	**हिमालय टाइम्स**, २०६८ कार्तिक २६, पृ. ६ ।
३२. हार्दिक शुभकामना	**अङ्कुर** (२०६९) ज्ञानकुञ्ज उमाविको वार्षिक मुखपत्र ।

लुइटेलको **सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवन** शीर्षक नामक सिङ्गो प्रबन्ध तिन खण्ड र २५५ पृष्ठमा संरचित छ । यसको पहिलो खण्डमा लुइटेलले सोल्मालीहरूको भौगोलिक, सामाजिक, आर्थिक र शैक्षिक परिचय प्रस्तुत गरेका छन् भने दोस्रो खण्डमा गुरुङहरूको परिचयात्मक पृष्ठभूमि, गुरुङ जातिको पुख्यौंली र सोल्माली गुरुङहरूको अवस्था र सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवनको बारेमा विस्तृत रूपमा चर्चा गरेका छन् । यस खण्डमा लुइटेलले गुरुङहरूको परिचय, ऐतिहासिकता, पुख्यौंनी, मूलथलो, गुरुङ नामाकरणसम्बन्धी मतमतान्तर, गुरुङका विभिन्न उपजाति तथा थरहरू, सोल्माली गुरुङहरूको आगमन,

आदिबासीका रूपमा गुरुङ जातिको बसोबास र जनसङ्ख्या, आदि पक्षको चर्चासहित संयुक्त परिवारमा बस्न रुचाउने, प्रशस्तै भाँडाहरूको प्रयोग गर्ने, सजातीय र विजातीय दुवै किसिमका पाहुनालाई अत्यन्तै सम्मान गर्ने जस्ता सोल्माली गुरुङहरूको स्वभावका बारेमा समेत व्याख्या गरेका छन् । तेस्रो खण्ड उपसंहार र परिशिष्ट रहेको छ । लुइटेलले यसमा उपसंहार, सुझावहरू, सम्भाव्य शोध शीर्षकहरू, परिशिष्ट सन्दर्भसूची, अन्तर्वार्ता लिएका व्यक्तिहरूको नामावली, स्थलगत भ्रमण गर्दा खिचिएका फोटाहरू प्रस्तुत गरेका छन् । तालिकासूची र ग्राफको प्रशस्तै प्रयोग गरिएको यस प्रबन्धमा उनले ४९ वटा तालिकासूची र ११ वटा ग्राफ चार्टसूचीको प्रयोग गरेका छन् । अल्पसङ्ख्यक र पिछडिएको गुरुङ जातिको बारेमा विस्तृत रूपमा खोजमूलक ढङ्गले अध्ययन गरिएको यो एउटा महत्वपूर्ण कृति हो ।

गुरूङ संस्कृतिको अभिन्न अङ्ग : रोदी शीर्षक नामक प्रबन्धमा प्रबन्धकार लुइटेलले गुरूङ जातिको महत्वपूर्ण सांस्कृतिक धरोहर रोदीको बारेमा जानकारी गराएका छन् । धान काट्ने याममा नाचघान गरेर मनाइने एक उत्सबको रूपमा रोदीलाई चिनाई रोदीको समुह निर्माण, तिनीहरूका कार्य र यसको महत्वबारे उल्लेख गरेका छन् । रोदीलाई अनुशासनहीन संस्कृति भन्ने गरेको कुरामा सत्यता नरहेको कुरालाई लुइटेलले सुव्यवस्थित र अनुशासित ढङ्गले निर्मित सांस्कृतिक-शैक्षिक संगठन रोदीले आपसी स्नेह, सद्भावना, सहयोगी भावना जस्ता जीवनोपयोगी तथा व्यवहारिक शिक्षाका अतिरिक्त मनोरञ्जन प्रदान गर्ने संस्कृतिका रूपमा प्रस्तुत गरी प्रष्ट्याएका छन् । उनले हाल रोदीको प्रचलन घट्दै गएकाले यसको संरक्षण र संबर्द्धन गरिनुपर्ने कुरामा समेत जोड दिएका छन् ।

गुरूङ जाति र लोकमनोरञ्जन नामक प्रबन्धमा लुइटेलले गुरूङ जातिको पृष्ठभूमि प्रस्तुत गर्दै आगम बिन्दु, नामाकरण र अवस्थिति, गुरूङ थरका विभिन्न मान्यता वा भनाइहरू प्रस्तुत गरेका छन् । गुरूङका शाखाहरू र बसोबासको स्थान उल्लेख गर्दै गुरूङ जातिका मनोरञ्जनात्मक गतिविधिहरूमा लोकवाद्य, लोकगीत, लोकनृत्यअन्तर्गत पर्ने ढोलकी गीत, सालीन्यू गीत, घाटु, सोरठी आदिको बारेमा विस्तृत रूपमा चर्चा गरेका छन् ।

गुरूङ जातिमा प्रचलित सामाजिक संस्कारहरू शीर्षक प्रबन्धमा प्रबन्धकार लुइटेलले संस्कृतिको बारेमा सामान्य परिचय दिँदै गुरूङ जातिमा रहेका जन्म, विवाह र मृत्यु संस्कारअन्तर्गत पर्ने विभिन्न संस्कारहरूको बारेमा चर्चा गरेका छन् । यसका साथै शुभ अशुभ सबै संस्कार, चाडपर्वमा जाँडरक्सी र मासु अधिक सेवन गर्नु यिनीहरूको जातिगत संस्कार भएको कुरालाई पनि यस प्रबन्धमा प्रस्तुत गरेका छन् ।

राष्ट्रिय गानको स्तर शीर्षक प्रबन्धमा प्रबन्धकार लुइटेलले अहिलेको ४७ शब्दको भनिएको व्याकुल माइलाद्वारा लिखित राष्ट्रिय गीतको बारेमा चर्चा गरेका छन् । उनले रचनाकार को र कुन दलको भन्दा रचना कस्तो छ भन्ने कुरा ठूलो हो भन्दै राष्ट्रिय गानभित्र राष्ट्र, राष्ट्रियता, नेपाली जातिको गौरवशाली अतीत र वर्तमान विविध पक्ष समेटिएको हुनुपर्ने कुरा उल्लेख गरेका छन् । अहिलेको राष्ट्रिय गीत माध्यमिक तहका बालबालिकाहरूका लागि रचित कक्षागत गीतभन्दा माथिल्लो कोटीको नभएको कुरा उठाउँदै लुइटेलले राष्ट्रिय गानमा राष्ट्रिय भावना मात्र नभएर प्रत्येक शब्द र पंक्तिकुञ्जमा राष्ट्र र राष्ट्रियताको भावना छचल्किएको

हुनुपर्ने कुरा प्रस्तुत गरेका छन् । अहिलेको राष्ट्रिय गानमा व्याकरणिक नियम नमिलेको कुरालाई उठाउँदै उनले केही शब्दलाई उदाहरणका रूपमा प्रस्तुत गरी राष्ट्रिय गान सर्वसाधारणले बुझ्ने र व्याकरणिक नियम मिलेको हुनुपर्ने कुरा प्रस्तुत गरेका छन् ।

शुभकामना शीर्षक प्रबन्धमा प्रबन्धकार लुइटेलले २०१३ सालमा प्राथमिक, २०३६ सालमा निम्न माध्यमिक, २०४१ सालमा प्रस्तावित मा.वि., २०५२ सालमा मा.वि. र २०५८ सालदेखि उ.मा.वि.को रूपमा सञ्चालन हुँदै आएको सिद्धकाली उ.मा.वि.मा केही समय आफूले पनि पढाएको तथा त्यहाँका स्थानीय बासीहरूले दर्शाएको प्रेम आदर भावलाई समेत प्रस्तुत गर्दै पूर्वी नेपालको दुर्गम गाउँमा रहेको सिद्धकाली उ.मा.वि.एकतिन जोरपाटी पाँचथरको स्वर्ण महोत्सवको अवसरमा त्यस विद्यालय र विद्यालय परिवारको प्रगतिको कामना गरेका छन् ।

निजी विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र पठनपाठन शीर्षक प्रबन्ध **अभियान स्मारिका** (२०६४) र **सम्प्रेषण** (५/५, २०६५) मा प्रकाशित छ । यस प्रबन्धमा लुइटेलले शिक्षाका उद्देश्य र पाठ्यवस्तु छनोटमा ध्यान पुऱ्याउनुपर्ने कुरासहित वर्तमान नेपालको सरकारी र निजी क्षेत्रबाट सञ्चालित शिक्षा प्रणाली प्रस्तुत गरेका छन् । निजी र सरकारी विद्यालयका पाठ्यक्रम, पाठ्यपुस्तक र पठनपाठनमा भिन्नता रहेको र निजी विद्यालयहरू सेवामुखी भन्दा व्यापारमुखी बनेका कुरालाई प्रस्तुत गर्दै उनले स्वदेशमै स्तर अनुरूपका पाठ्यपुस्तक पर्याप्त रहे तापनि विदेशी महङ्गा पाठ्यपुस्तक पढाउने प्रवृत्तिले एकातिर पैशा विदेसिने र अर्कातिर विदेशी संस्कृति भित्रिने हुँदा शिक्षा प्रणालीलाई व्यापारमुखी नभएर सेवामुखी र राष्ट्रमुखी बनाउनुपर्ने सुझाव दिएका छन् ।

शिक्षाको गुणात्मक विकासमा विद्यालयको भूमिका शीर्षक प्रबन्धमा प्रबन्धकार लुइटलले शिक्षाको परिचयसहित आयोग बनाएर प्रतिवेदन तयार गर्ने तर लागू नगर्ने क्रियाकलापको चर्चा गर्दै शिक्षा व्यक्तिबाट नभएर नीतिबाट चल्नुपर्ने कुरा प्रस्तुत गरेका छन् । सरकारी र निजी पाठ्यक्रम र पाठ्यपुस्तकमा एकरूपता नभएको, स्तरअनुरूपको पाठ्यक्रम नभएको र चाकडी चाप्लुसी वृत्ति, महङ्गो विद्यालयमा गुणस्तरीय शिक्षा पाइन्छ भन्ने विश्वास रहेको कुरालाई उठाउँदै उनले निजी लगानीमा सञ्चालित भन्दा सरकारी लगानीमा सञ्चालित शैक्षिक जगत् गुणात्मकताका दृष्टिले ह्रासोन्मुख अवस्थामा रहेको कुरा उल्लेख गरेका छन् । गुणात्मक शिक्षाको लागि शिक्षक, सञ्चालक र विद्यार्थी तिनै पक्षको महत्वपूर्ण भूमिका रहने कुरा प्रस्तुत गर्दै प्रबन्धकार लुइटेलले शिक्षक, सञ्चालक, विद्यार्थी, अभिभावक आदिको साझा रूप विद्यालयले गुणस्तरीय शिक्षाको लागि जिम्मेवारी, इमान्दारी र समझदारीपूर्ण ढङ्गबाट कार्य सम्पादन गर्नुपर्ने कुरा प्रस्तुत गरेका छन् ।

जनमत जनमतअनुरूप नै चलिरहनुपर्छ शीर्षक प्रबन्धमा लुइटेलले कुनैपनि पत्रिका प्रकाशित हुनुभन्दा निरन्तरता पाउनु ठूलो कुरा भएको भन्दै २०३९ सालदेखि मोफसलबाट निरन्तर प्रकाशित भइरहने पत्रिकाको सूचीमा पर्ने **जनमत** पत्रिकाको बारेमा चिनारी गराएका छन् । मोहन दुलालको व्यक्तिगत प्रयास र लगनमा सञ्चालित तथा बनेपाबाट प्रकाशित **जनमत**ले विभिन्न नामबाट विभिन्न नवप्रतिभाहरूलाई सम्मान गर्दै

आएको कुरा प्रस्तुत गर्दै उनले सम्पादक, प्रकाशक दोस्रो नेपाली भाषी तथा राजनीतिक सचेत व्यक्ति भएर पनि पत्रिकाको भाषा शुद्ध हुनाका साथै पत्रिकामा कतै राजनीतिको गन्ध नपरेको कुरा उल्लेख गरेका छन् ।

ज्ञानकुञ्ज ज्ञानको कुञ्ज नै बनिरहोस् शीर्षक प्रबन्धमा नीतिअनुरूप नभएर नेताअनुरूप चल्ने राष्ट्रको अवस्थाबारे जानकारी गराउँदै लुइटेलले शिक्षा प्रणाली नेताअनुरूप नभएर नीतिअनुरूप हुनुपर्ने कुरा प्रस्तुत गरेका छन् । निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूका सकरात्मक र नकरात्मक दुवै पक्षबारे चर्चा गर्दै उनले निजी क्षेत्रबाट सञ्चालित ज्ञानकुञ्जले उद्देश्य अनुरूप क्रियाकलाप गर्दै आएको तथा निजी विद्यालयको लाममा आफ्नो पहिचान बनाइसकेको कुरा उल्लेख गरी ज्ञानकुञ्ज सधैँ ज्ञानको कुञ्ज नै बनिरहोस् भन्ने शुभेच्छा व्यक्त गरेका छन् ।

जलवायु परिवर्तन शिक्षा आजको अनिवार्य आवश्यकता शीर्षक प्रबन्धमा जलवायु परिवर्तनको बारेमा परिचय दिई लुइटेलले ओजन तह पातलिएर जलवायु परिवर्तन हुनाको सर्वप्रमुख कारक मानवीय गतिविधि भएको कुरा प्रस्तुत गरेका छन् । यिनले जलवायु परिवर्तनका लागि विभिन्न नाममा हुने गरेका क्यान्टो, कोपनहेगनजस्ता सम्मेलनको नाम लिँदै विश्व तापमान वृद्धिबाट पर्ने प्रभाव र यसबाट सचेत हुनाका लागि गर्नुपर्ने कार्यका बारेमासमेत जानकारी गराई जलवायु परिवर्तन र विश्वतापमान वृद्धि रोक्नका लागि व्यवहारिक शिक्षा नै महŒवपूर्ण हुने हुनाले संसारका सबै मुलुकहरूले विद्यालय तह देखि नै वातावरण शिक्षा दिनुपर्ने तथा कुरा प्रस्तुत गरेका छन् ।

संविधानमा भाषा, साहित्य, कला, संस्कृतिको स्थान नामक शीर्षक प्रबन्धमा प्रबन्धकार लुइटेलले सरकारी कामकाजमा नेपाली भाषा प्रयोग गरिनुपर्ने, संविधानमा राज्यको निर्देशक सिद्धान्तमै भाषा, साहित्य, कलासंस्कृतिबारे किटान गरिनुपर्ने कुरा उठाउँदै शैक्षिक, प्राज्ञिक निकायमा भागवण्डा होइन, योग्यता र योगदानका आधारमा नियुक्ति दिइनुपर्ने, लेखन प्रकाशन र प्रसारण स्वतन्त्रतालाई मौलिक हककै रूपमा समावेश गरिनुपर्ने तथा भाषासाहित्य र कला संस्कृतिसम्बन्धी संवैधानिक व्यवस्था हुनुपर्ने जस्ता कुराहरू प्रस्तुत गरेका छन् । लागू गर्नसक्ने मात्र संविधानमा राख्नुपर्ने र लागू गर्न नसक्ने कुरा राखेर कसैलाई भुलाउन नहुने कुरा उठाउँदै उनले प्रबन्धमार्फत नेताहरूको दलीय स्वार्थ र गैरजिम्मेवारीपूर्ण क्रियाकलापको समेत चर्चा गरेका छन् ।

प्रबन्धकार खगेन्द्रप्रसाद लुइटेलले *खै ! बल्ला त हाम्रो संविधान* शीर्षक प्रबन्धमा २०६२/०६३ सालको राजनैतिक आन्दोलन र संविधान सभाको चुनाव, बैठक आदिको प्रसङ्गसहित संविधान निर्माण गर्नाको लागि प्रश्नावली बाँडेको हल्ला सुनिएको तर प्राप्त उत्तरलाई के कति भागमा कसरी व्यवस्थापन गरियो भन्ने कुरा अज्ञातै रहेको कुरा प्रस्तुत गरेका छन् । संविधान निर्माणलाई प्रतिशतमा नाप्दानाप्दै निर्धारित समय सकिएको र मध्यरातमा म्याद थपिएको, खुला र गोप्य भन्दाभन्दै राम्रा राम्रा रिसोर्ट र होटल बाँकी नराखेको, संविधान बनाउने भनेर बैठक बसे पनि बैठकमा अरू नै कुरा उठाउने गरेको कुरालाई प्रस्तुत गर्दै लुइटेलले लाजै नमानी म्याद थपिँदै गए पनि वादविवाद सेलाउनाको सßा झन् चर्किँदै गएको तर नेताहरूमा नभएको काममा अरूको कारण बताई आफू पानी माथिको ओभानो बन्न खोज्ने प्रवृत्ति रहेको कुराको समेत चर्चा गरेका छन् ।

यसका साथै उनले संविधान सभामा रहेका सबै व्यक्ति संविधान बनाउन सक्ने हैसियतका पनि नभएको कुरा उठाउँदै संविधानमा सूत्रात्मक ढङ्गबाट विभिन्न पक्ष समेट्नुपर्ने, हरेक राष्ट्रको पहिचान दिलाउन सक्ने महत्वपूर्ण पक्ष भाषा, साहित्य, कला, संस्कृतिलाई स्पष्ट रूपमा सूत्रात्मक पाराले उल्लेख गर्नुपर्नेजस्ता कुरासहित राष्ट्रभाषा नेपालीको चर्चा गरी व्यस्थापिका संसदमा अनेक भाषाभाषीको प्रतिनिधित्व हुने हुनाले त्यहाँ अनिवार्यतः सबैले बुझ्ने र बोल्ने नेपाली भाषाको प्रयोग गरिनुपर्ने, मातृभाषाको प्रयोग गर्दा भद्रगोलको स्थिति सिर्जना हुने हुनाले सबैको भाषा, कला र संस्कृतिको सम्मान गरिनुपर्ने तथा व्यक्तिहरू कुनै दलका नभई राष्ट्रका हुनुपर्ने र हाम्रा मान्छे जति राम्रा मान्छे भन्ने परिपाटीको अन्त्य गरिनुपर्ने कुरा उल्लेख गरेका छन् ।

धाननाचसँगै मायाप्रीति शीर्षक प्रबन्धमा लुइटेलले बहुभाषी, बहुजाती जनताको साझा थलो नेपालमा बसोबास गर्ने सबै जातिका संस्कृतिको साझा नाम नेपाली संस्कृति भएको कुरासँगै मानव जातिलाई परिश्रमका साथै मनोरञ्जन पनि आवश्यक पर्ने कुरा प्रस्तुत गरेका छन् । हरेक जातिको मनोरञ्जनका लागि विभिन्न प्रकारका नाचघान प्रयोग गरिँदै आएकोमा लिम्बू जातिको एउटा प्रचलित नाच धाननाच भएको बताउँदै यसको नाम धाननाच भए पनि यसको अर्थ र प्रयोग धानमा मात्र सीमित नरहेको कुराबारे जानकारी गराएका छन् । पूर्वी नेपालको तेरथुम, पाँचथर, ताप्लेजुङ, इलाम, धनकुटा आदि विभिन्न ठाउँमा बस्ने गरेका लिम्बूहरूले धान नाच नाच्दा गाइने गीत पालामको ताल र सुरमा पङ्तिकार र वृत्ताकार गरी दुई प्रकारले हात समाएर जोडीमा नाँचिने तर साइनो लाग्ने बीच ननाचिने धाननाच संवादयुक्त र संवादमुक्त दुवै किसिमको हुने र विशेषतः विभिन्न मेला, बजार, चाडवाड, अवसर आदिमा नाचिने भएकाले कतिपय अवसरमा नाचघानकै क्रममा युवायुवती बीच मायाप्रीति बसी बिहेसमेत हुने गरेको कुरा प्रस्तुत गरेका छन् । यसका साथै उनले संवादयुक्त र छोटो पालामको केही उदाहरणहरू प्रस्तुत गर्दै पछिल्लो समयमा पश्चिमी संस्कृतिको प्रभावका कारण यसको प्रयोग दिनदिनै घट्दै गएको यो नाच विशेषतः ग्रामीण भेगमा हाटबजार, मेलापात आदि ठाउँमा बढी मात्रामा प्रयोग हुने संस्कृति, मानिस शैक्षिक वा भौतिक रूपमा जतिसुकै माथि पुगे पनि उसको मौलिकता र जातीय पहिचान विशेषतः लोकसंस्कृतिमै निर्भर गर्ने हुनाले आ-आफ्नो लोककला र संस्कृतिलाई जातीय धरोहरका रूपमा लिई त्यसको जगेर्ना गर्नु आवश्यक भएको, त्यसलाई हृदयंगम गरी लिम्बू जातिको सांस्कृतिक धरोहरका रूपमा रहेको धान नाचलाई पनि कतैबाट नबिटुल्याई मौलिकताका साथ जगेर्ना गर्नु अत्यावश्यक भएको कुरा प्रस्तुत गरेका छन् ।

हार्दिक शुभकामना शीर्षक प्रबन्धमा प्रबन्धकार लुइटेलले दुई दशक अगिदेखि नै अनेकौँ आरोह-अवरोह एवं चुनौती पार गर्दै वर्तमानसम्म आइपुगेको ज्ञानकुञ्ज विद्यालयले सुरुका दिनमा भन्दा अझ बढी चुनौतीको सामना गर्न तत्पर हुनुपर्ने कुरा उठाउँदै सुरुमा शैक्षिकभन्दा भौतिक चुनौती रहेको यस विद्यालयमा पछिल्लो समयमा भौतिकभन्दा शैक्षिक चुनौती थपिएको कुरा प्रस्तुत गरेका छन् । उनले यथास्थितिमा चित्त बुझाउनु आजको आवश्यकता नभएर अग्रगति र उच्चगमनतिरको यात्रा आजको आवश्यकता भएको तथा सर्वसुलभ व्यवहारवादी शिक्षा एक्काइसौँ शताब्दीको अनिवार्य आवश्यकता भएकाले यही मूल मन्त्रलाई हृदयङ्गम गरी त्यसैतर्फको यात्रा गर्नुपर्ने कुरासहित शिक्षालाई सेवामुखी बनाउनेतर्फ सचेष्ट रहनुपर्ने कुरा प्रस्तुत गरेका छन् ।

गुणस्तरीय शिक्षाको लागि विद्यालय नै बढी क्रियाशील रहनुपर्ने, शिक्षक स्वयं अनुशासित र आदर्श बन्नुपर्ने र तिनका हरेक क्रियाकलाप विद्यार्थीका लागि अनुकरणीय बन्नुपर्ने कुरा उठाउँदै उनले व्यवस्थापन, शिक्षक र अभिभावकले आपसी समन्वय कायम गरी अगि बढेमा विद्यालयको उन्नति नहुने भन्ने कुरै नहुने भन्दै विद्यालयलाई कतैबाट आफूतिर औँलो ठड्याउने अवसर दिन नहुने कुरा प्रस्तुत गरी अन्त्यमा विद्यालय कसैको होइन सबैको बन्न सकोस् भन्ने शुभेच्छा प्रकट गरेका छन् ।

९.६ निष्कर्ष

कविताका क्षेत्रबाट नेपाली साहित्यमा प्रवेश गरेका खगेन्द्रप्रसाद लुइटेलका **चाउरिएको जिन्दगी** (२०६८) श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह र **बार वर्षपछि हनिमुन** (२०६८) नियात्रा सङ्ग्रह गरी दुई निबन्ध सङ्ग्रह प्रकाशित छन् । उनले समाजका हरेक क्षेत्रमा हुने गरेका विकृति र विसङ्गतिहरूलाई विषयवस्तु बनाएर नियात्रा तथा निबन्धको सिर्जना गरेका छन् । लुइटेलले निबन्धका माध्यमबाट सामाजिक, धार्मिक, राजनैतिक, साञ्चारिक, शैक्षिक, प्रशासनिक क्षेत्रमा भएका विकृतपूर्ण क्रियाकलापहरूलाई प्रस्तुत गरेका छन् । यथार्थ घटनाहरू नै विषयवस्तुका रूपमा प्रस्तुत भएका उनका निबन्धहरू आदर्शबाट विमुख रहेका छन् । **चाउरिएको जिन्दगी** निबन्ध सङ्ग्रहमार्फत नेपाली समाजका विकृति र विसङ्गतिहरू प्रस्तुत गरिएको छ र यसबाटै निबन्धका क्षेत्रमा श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रहको प्रारम्भ भएको छ भने **बार वर्षपछि हनिमुन** (२०६८) मा नियात्राकार आफूले विभिन्न ठाउँमा यात्रा गर्दाको समयका घटनाक्रमहरूलाई शृङ्खलित रूपमा प्रस्तुत गरेका छन् । उनले यात्राको समय तालिकामा ज्यादा जोड दिई विवरणात्मक पद्धतिलाई अँगालेका छन् । लुइटेलले हास्यव्यङ्ग्यभन्दा भिन्न श्यामव्यङ्ग्यको शब्दनिर्माण र प्रथम प्रयोगकर्ताका रूपमा आफूलाई उभ्याएका छन् ।[३६५] नेपाली निबन्धका क्षेत्रमा श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रहको प्रथम प्रकाशन नै उनको निबन्ध क्षेत्रको विशिष्ट उपलब्धि हो । नाटकीय शैली र मानक भाषाको प्रयोग पाइने लुइटेलका निबन्धहरू सरल, स्पष्ट, प्रभावपूर्ण तार्किक तथा सत्यनिष्ठ अभिव्यक्तिबाट देशभित्रका विविध क्षेत्रमा व्याप्त विसङ्गतिलाई कडा व्यङ्ग्य गर्न सफल छन् ।[३६६] यथार्थवादिता, आञ्चलिकता, आत्मपरकता, भाषिक सरलता, विषयवस्तुको शृङ्खलित प्रस्तुति आदि उनका निबन्धका विशेषताहरू हुन् । उनको *बारवर्षपछि हनिमुन* नियात्रा गुवाहाटीको एम.ए. नेपालीको पाठ्यक्रममा र *जन्त जानुभन्दा अन्त जानु नियात्रा* कक्षा ७ को पाठ्यक्रममा समावेश छन् भने *कार जोड्ने रहर* शीर्षक निबन्ध **मधुपर्क प्रतिनिधि हास्यव्यङ्ग्य** (२०६७) नामक सङ्ग्रहमा सङ्कलित छ । यसबाहेकका अरू थुप्रै निबन्धहरू विद्यालयतहका विभिन्न कक्षाका पाठ्यपुस्तकमा समावेश छन् ।

यसबाहेक खगेन्द्रप्रसाद लुइटेलले विभिन्न व्यक्तिका बारेमा व्यक्तिसंस्करणहरू पनि लेखेका छन् । यिनीद्वारा लिखित व्यक्ति संस्मरणहरू नेपाली साहित्यका शीर्षस्थ व्यक्तिहरूसँग सम्बन्धित रहेका छन् । उनले शरद्चन्द्र भट्टराई, बल्लभमणि दाहाल, वासुदेव लुइटेल, दैवज्ञराज न्यौपाने जस्ता नेपाली भाषासाहित्य क्षेत्रमा

---

३६५. तुलसी, *डा.लुइटेलका दुई कृति*, **मधुपर्क,** (४५/३, २०६९ साउन), पृ. ५८ ।

३६६. योगेन्द्रमणि दाहाल, **नेपाली हास्यव्यङ्ग्य निबन्ध (२०४७ पछि)** (अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६५), पृ. ५८ ।

अतुलनीय योगदान रहेका व्यक्तिहरूका बारेमा आफ्नो चिनजानदेखि उनीहरूका बानी व्यवहार, स्वभाव आदिको बारेमा चर्चा गर्दै यस क्षेत्रमा उनीहरूको योगदानबारे जानकारी गराएका छन् । यस्ता नेपाली भाषासाहित्य क्षेत्रमा उल्लेख्य व्यक्तिहरू जो आज जीवित छैनन् उनीहरूको बारेमा संस्मरण लेख्नाले उनीहरू भन्दा पछिल्लो पुस्ताका भाषा साहित्य क्षेत्रप्रति रुचि राख्नेहरूलाई यस्ता व्यक्तिबारे जानकारी प्राप्त गर्न सहयोग पुग्नेछ । तसर्थ यस्ता व्यक्तिहरूका बारेमा व्यक्तिसंस्मरण लेख्नु लुइटेलको एक उल्लेखनीय पक्ष हो ।

लुइटेलका प्रकाशित प्रबन्धहरू विविध क्षेत्रसँग सम्बद्ध रहेका छन् । प्रबन्धहरू विभिन्न कार्यपत्रको समीक्षा, जातीय संस्कृति, भाषा साहित्य, राष्ट्रिय गान, जलवायु, निजी र सरकारी विद्यालयमा पठनपाठनको अवस्था आदि विविध पक्षसँग सम्बधित रहेका छन् । विविध क्षेत्रसँग सम्बन्धित यी प्रबन्धहरूमा उनी कुनै विषयमा पूर्वाग्रही नबनी यथार्थ कुरा प्रस्तुत गरेका छन् । विषयवस्तुप्रति आग्रही पूर्वाग्रही नबनी वस्तुगत ढङ्गले यथार्थ प्रस्तुत गर्नु नै लुइटेलको प्रबन्धगत प्रमुख प्रवृत्ति बनेको छ ।

विविध क्षेत्रमा कलम चलाएका लुइटेलका प्रकाशित यी विभिन्न शीर्षकका निबन्ध, व्यक्तिसंस्मरण र प्रबन्धहरूका आधारमा उनी यथार्थलाई खुलेर प्रस्तुत गर्ने यथार्थवादी निबन्धकार तथा प्रबन्धकारका रूपमा सुपरिचित छन् ।

दसौँ परिच्छेद

साहित्यिक र साहित्येतर क्षेत्रमा खगेन्द्रप्रसाद लुइटेलको योगदान

१०.१ विषयप्रवेश

विभिन्न विद्यालयको शिक्षण तथा विश्वविद्यालयमा प्राध्यापनको लामो अनुभव सँगालेका खगेन्द्रप्रसाद लुइटेलको शिक्षण एवं प्राध्यापनका क्षेत्रमा विशिष्ट योगदान रहेको छ । आफ्नो प्राध्यापनको प्रारम्भ नै नेपालको पुरानो र सबभन्दा ठूलो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयको नेपाली केन्द्रीय विभागबाट गरेका लुइटेल हालसम्म यसै विभागमा प्राध्यापक पदमा प्राध्यापनरत छन् । प्राध्यापनलाई मुख्य पेसा बनाएका लुइटेलले बेलाबखत भिजिटिङ प्रोफेसरका रूपमा गौहाटीलगायतका विभिन्न विश्वविद्यालयमा पनि प्राध्यापन गरी आफ्नो प्राध्यापन कौशल प्रस्तुत गरेका छन् । प्राध्यापनका साथसाथै अध्ययन अनुसन्धानलाई पनि निरन्तरता दिइरहेका लुइटेलले नेपाली समालोचना र साहित्यका क्षेत्रमा पनि छुट्टै र विशिष्ट पहिचान निर्माण गरेका छन् । वरिष्ठ समालोचक तथा साहित्यकार खगेन्द्रप्रसाद लुइटेलले नेपाली समालोचना र साहित्यका क्षेत्रका साथै यससँग सम्बद्ध अन्य विभिन्न क्षेत्रमा पनि विशिष्ट योगदान पुऱ्याएका छन् । उनको नेपाली समालोचना र साहित्यका क्षेत्रमा महत्वपूर्ण योगदान रहेको छ । साहित्यमा स्रष्टा र द्रष्टा दुवै व्यक्तित्व भएका लुइटेलले कविता, कथा, निबन्ध, प्रबन्ध आदिको सिर्जना गरेका छन् भने प्रशस्तै समालोचना पनि लेखेका छन् । साहित्यिक र साहित्येतर क्षेत्रमा रहेको उनको महत्वपूर्ण योगदानलाई व्यक्तित्वका क्रममा प्रस्तुत गरिएका शीर्षककै क्रममा क्रमशः साहित्यिक र त्यसपछि साहित्येतर गरी प्रस्तुत गरिएको छ ।

१०.२ साहित्यिक क्षेत्रमा योगदान

खगेन्द्रप्रसाद लुइटेलले साहित्यका विविध विधामा कलम चलाएका छन् । स्रष्टा र द्रष्टा दुवै रुपमा देखिएका लुइटेलको नेपाली सिर्जना र समालोचनाका क्षेत्रमा उल्लेख्य योगदान रहेको छ । कविता, कथा, निबन्धलगायत विभिन्न विधामा कलम चलाएका लुइटेलको सिर्जना क्षेत्रअन्तर्गत निबन्ध र प्रबन्ध, भाषाविज्ञान, कोशविज्ञान, व्याकरण, बालसाहित्य, अनुवादजस्ता क्षेत्रमा विशेष योगदान रहेको देखिन्छ भने समालोचना क्षेत्रअन्तर्गत समालोचना र समीक्षा, प्रवर्तन, शैक्षिक-प्राज्ञिक, अनुसन्धान, डायस्पोरिक लेखन, सम्पादन, संशोधन-परिमार्जन आदि विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान रहेको देखिन्छ । साहित्यिक क्षेत्रअन्तर्गत उनले गरेको कार्य र उनको योगदानलाई विभिन्न शीर्षकमा तल प्रस्तुत गरिएको छ ।

१०.२.१ समालोचना र समीक्षामा योगदान

लेखनको मुख्य क्षेत्र समालोचनालाई बनाएका खगेन्द्रप्रसाद लुइटेलका **शोधविधि** (२०५२), **आधुनिक नेपाली समालोचना** (२०५७), **भाषासाहित्य सिद्धान्त** (२०५७), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (२०६१), **कविताको संरचनात्मक विश्लेषण** (२०६२),

लोकवार्ताविज्ञान र लोकसाहित्य (२०६३), **नेपाली काव्य समालोचना** (२०६७), **नेपाली नाट्य समालोचना** (२०६७), **नेपाली निबन्ध समालोचना** (२०६८), **पाश्चात्य साहित्य सिद्धान्त** (२०६८), **लोकसाहित्य परिचय** (२०६८), **नेपाली उपन्यासको इतिहास** (२०६९) गरी एक दर्जनभन्दा बढी विविध विधाका समालोचनात्मक कृतिहरूका साथै दुई सयभन्दा बढी फुटकर समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उनले विश्वको नवीन समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिको नेपाली समालोचनाका क्षेत्रमा प्रवर्तन, विकास र विस्तार गरेका छन् । नेपालीमा संरचनावादी समालोचनाको स्थापना र विस्तारका साथै सैद्धान्तिक तथा प्रायोगिक पक्षको निरूपणमा पनि उनको योगदान देखिन्छ ।[३६७] उनले सांस्कृतिक, डायस्पोरिक समालोचना पनि लेखेर नेपाली समालोचनामा विशिष्ट योगदान पुऱ्याएका छन् । सैद्धान्तिक, वस्तुवादी र यथार्थवादी दृष्टिकोण प्रस्तुत गर्ने लुइटेलका सबैजसो समालोचनात्मक कृति, विभिन्न तहका पाठ्यपुस्तक, सम्पादित पुस्तक र लेखहरूमा पनि संरचनावादी एवं वस्तुवादी पद्धतिको प्रयोग गरिएको पाइन्छ । उनले नेपाली साहित्यका सबै विधामा संरचनावादी पद्धतिको प्रयोग गरेका छन् । नेपाली समालोचनामा प्रभाववादी समालोचनाको बिग्बिगी रहेको बेला वस्तुवादी समालोचना पद्धतिको प्रारम्भ गर्नाका साथै सिद्धान्तसमेत निर्माण गरी त्यसैअनुरूप कृतिको विश्लेषण गर्ने लुइटेलको नेपाली समालोचनाका क्षेत्रमा महत्वपूर्ण योगदान रहेको छ । यस्तै सांस्कृतिक, डायस्पोरिक समालोचनाको प्रवर्तन गरी यस क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका छन् । नेपाली समालोचनामा उनको सबैभन्दा महत्वपूर्ण योगदान संरचनावादी समालोचना पद्धतिको प्रवर्तन, विकास, विस्तार र मानक स्थापना गर्नु हो ।

समालोचनाका साथै खगेन्द्रप्रसाद लुइटेलले विभिन्न व्यक्तिका विविध विधाका कृतिहरूको समीक्षा पनि गरेका छन् । उनले आफूभन्दा वरिष्ठ र कनिष्ठ दुवै थरीका व्यक्तिका पुस्तकको समीक्षा गरेका छन् । विभिन्न शीर्षकमा उनीद्वारा गरिएका पुस्तक समीक्षाहरू **शिक्षाशास्त्र सौरभ**, **गोरखापत्र**, **सयपत्री**, **गरिमा**, **समकालीन साहित्य, अन्तर्दृष्टि, नागरिक**जस्ता विभिन्न पत्रिका र अनलाइनहरूमा प्रकाशित छन् । हालसम्म उनले विभिन्न व्यक्तिका विविध विधाका दुई दर्जनजति कृतिहरूको समीक्षा गरेका छन् । समालोचनाका तुलनामा कृति समीक्षा निकै कम गर्ने लुइटेललाई समालोचनाभन्दा समीक्षा हल्काफुल्का लेखन लागेकाले पछिल्लो समयमा उनले कृति समीक्षा गर्न प्रायः छोडेको देखिन्छ । आफूले समीक्षा गरेका सबै कृतिमा वस्तुवादी दृष्टिकोण प्रस्तुत गर्ने लुइटेल वस्तुवादी, यथार्थवादी समीक्षक हुन् । विभिन्न विद्वान्हरूद्वारा लिखित विभिन्न विधाका पुस्तकहरूको समीक्षा गरेका लुइटेलका समीक्षा समालोचनाभन्दा कम भए पनि स्पष्ट दृष्टिकोणका साथ समीक्षा गरेको हुँदा उनको पुस्तक समीक्षाका क्षेत्रमा पनि उल्लेख्य योगदान रहेको छ ।

१०.२.२ निबन्ध र प्रबन्धमा योगदान

समालोचनापछि खगेन्द्रप्रसाद लुइटेलको विशिष्ट योगदान रहेको अर्को महत्त्वपूर्ण विधा निबन्ध हो । *वीरगञ्जको यात्रा : खुर्सानीको डाहा* (**जनसाहित्य**, १/४, २०४८ माघ-चैत) शीर्षकको निबन्धमार्फत नेपाली

---

[३६७]. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, सम्पा., **रत्न बृहत् नेपाली समालोचना**, (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६९), पृ. २४६ ।

निबन्धका क्षेत्रमा प्रवेश गरेका लुइटेलका हालसम्ममा **चाउरिएको जिन्दगी** श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह र **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रह प्रकाशित भएका छन् भने अन्य थुप्रै निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । नेपाली निबन्धका क्षेत्रमा श्यामव्यङ्ग्यात्मक निबन्ध लेखनको प्रारम्भ गर्ने निबन्धकार लुइटेलको **चाउरिएको जिन्दगी** शीर्षक श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह नेपालीको पहिलो निबन्ध सङ्ग्रह बनेको छ । उनले यस निबन्धमा सङ्कलित निबन्धका माध्यमबाट वर्तमान युगीन विभिन्न क्षेत्रमा व्याप्त विसङ्गति र विकृतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । यसका साथै उनले विभिन्न प्रयोजनका क्रममा स्वदेश तथा विदेश भ्रमण गरेका बेलाका घटनाक्रमहरूलाई यात्रामा सामेल भएका व्यक्ति र तिनका वास्तविक क्रियाकलापहरूको प्रस्तुतिका साथ नियात्रा लेखेका छन् । लुइटेलका नियात्राहरू स्वदेशपरक र विदेशपरक दुवै खालका छन् । उनको नियात्रा सङ्ग्रहलाई राष्ट्रप्रेम र जातिप्रेमको भावनाले ओतप्रोत नेपालीकै उत्कृष्ट नियात्रा सङ्ग्रह मानिएको छ । यसका साथै उनले बालनिबन्ध, व्यक्तिसंस्मरण, जीवनी आदिको पनि रचना गरेका छन् । उनले निबन्धका अतिरिक्त विभिन्न साहित्यिक एवं गैरसाहित्यिक विषयवस्तुमा आधारित प्रबन्धको पनि सिर्जना गरेका छन् । यसरी हेर्दा नेपालीमा श्यामव्यङ्ग्यात्मक निबन्धको लेखनको प्रारम्भ तथा उच्च कोटिका नियात्रा तथा विभिन्न प्रबन्धको लेखन गरी उनले नेपाली निबन्ध र प्रबन्धका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका छन् ।

१०.२.३ भाषाविज्ञानमा योगदान

खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **ध्वनिविज्ञान र वर्णविज्ञान**, **पहरी भाषासंस्कृति**, **आधुनिक भाषाविज्ञान**जस्ता पुस्तकहरू भाषाविज्ञानसँग सम्बन्धित रहेका छन् भने विभिन्न पत्रपत्रिकाहरूमा उनका भाषाविज्ञानसँग सम्बन्धित थुप्रै लेखहरू पनि प्रकाशित भएका छन् । भाषाविज्ञानका पुस्तकहरूमा विविध पक्षहरूलाई सरल रूपमा प्रस्तुत गरिएको छ भने लेखहरूले भाषाविज्ञानका विभिन्न पक्ष, नेपाली भाषाको वर्तमान अवस्था र नेपाली भाषामा रहेको अन्योलको अवस्था (चलखेल) आदि विविध पक्षबारे जानकारी गराएका छन् । भाषाविज्ञान क्षेत्रका यिनै प्रकाशित विभिन्न पुस्तकहरू र लेखहरूका आधारमा लुइटेलको भाषाविज्ञानी व्यक्तित्व उल्लेखनीय बन्न पुगेको छ । यी नै आधारहरूका उनको भाषाविज्ञानका क्षेत्रमा पनि योगदान रहेको पाइन्छ ।

१०.२.४ कोशविज्ञानका क्षेत्रमा योगदान

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न समयमा कोशको सम्पादन र संशोधन-परिमार्जन गरेका छन् । उनले २०५३ सालमा **नेपाली प्रकृति प्रत्यय कोश** सम्पादन गरेका छन् । यो कृति नेपालीको पहिलो व्युत्पत्तिमूलक कोश हो । यसैगरी उनले २०५३ र २०६७ सालमा नेपालीको आधिकारिक र मानक कोशका रूपमा रहेको **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जनसमेत गरेका छन् र २०५८ सालमा उनको **कोशविज्ञान** नामक कृति पनि प्रकाशित भएको छ । यो कृति कोशको सैद्धान्तिक र प्रायोगिक दुवै पक्षलाई समेटिएको महत्वपूर्ण कृति हो । यिनै विभिन्न कोशको सम्पादन, संशोधन-परिमार्जन एवं लेखनका आधारमा लुइटेलको कोशविज्ञानका क्षेत्रमा उल्लेखनीय योगदान रहेको देखिन्छ ।

१०.२.५ व्याकरणमा योगदान

खगेन्द्रप्रसाद लुइटेलले भाषाव्याकरणसँग सम्बन्धित विभिन्न शीर्षकका पुस्तकहरू र भाषासँग सम्बन्धित फुटकर लेखहरू लेखेका छन् । उनले कक्षा एकदेखि दशसम्मको नेपाली व्याकरण शृङ्खलाको निर्माण गरेका छन् । सरल र सहज भाषाशैलीको प्रयोग गरिएका उनका भाषाव्याकरणका पुस्तकहरूले सम्बन्धित क्षेत्रमा रहेको पुस्तकको अभावलाई केही हदसम्म निराकरण गरेका छन् । उक्त पुस्तकहरूमा विद्यार्थीको स्तर, क्षमतालाई ध्यानमा राखिएको छ । यसै आधारमा लुइटेलको भाषाव्याकरणका क्षेत्रमा योगदान रहेको छ भन्न सकिन्छ ।

१०.२.६ बालसाहित्यमा योगदान

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न विषय क्षेत्रमा केन्द्रित रही विभिन्न विधाका छ दर्जनजति बालसाहित्य लेखेका छन् र ती बालसाहित्यिक रचनाहरू विद्यालय तहको विभिन्न कक्षाको पाठ्यपुस्तकमा समाविष्ट छन् । यिनका बालसाहित्यसँग सम्बन्धित कथा, चित्रकला, निबन्ध, जीवनी, कविता, संवाद, मनोवाद, वादविवाद आदि विविध विधाका रचनाहरू प्रकाशित छन् । ती सबै रचनाहरू विद्यालय तहका विभिन्न कक्षाका पाठ्यपुस्तकमा समावेश छन् । प्रमाणपत्र, स्नातक र स्नातकोत्तर तहमा पाठ्यक्रमअनुरूपका पाठ्यपुस्तकहरू लेख्ने लुइटेलले विद्यालय तहका बालबालिकाहरूको तहगत स्तरलाई समेत ध्यानमा राखी तहगत स्तर र क्षमताअनुरूपका बालसाहित्यको सिर्जना गर्नु उनको उल्लेखनीय पक्ष हो । बालसाहित्यका विविध विधामा कलम चलाएका लुइटेलको यस क्षेत्रमा पनि विशेष योगदान रहेको छ ।

१०.२.७ अनुवादमा योगदान

आर.के.नारायणको अङ्ग्रेजी भाषामा रहेको **गाइड** उपन्यासलाई नेपालीमा अनुवाद गरेका लुइटेलले कृतिको भाव नखज्मजिने गरी उक्त उपन्यास अनुवाद गरेका छन् । उक्त अनूदित कृतिकै माध्यमबाट पुस्तकाकार कृतिको प्रकाशन समेत प्रारम्भ गरेका लुइटेलको यही अनूदित कृतिका आधारमा अनुवाद क्षेत्रमा योगदान रहेको छ भन्न सकिन्छ ।

१०.२.८ प्रवर्तनका क्षेत्रमा योगदान

खगेन्द्रप्रसाद लुइटेलले नेपाली समालोचनाका क्षेत्रमा विश्वको आधुनिक संरचनावादी समालोचना पद्धतिको प्रवर्तन गरेका छन् । उनले संरचनावादको थालनी मात्र नगरी विकास, विस्तारसमेत गरेको पाइन्छ । उनको *आशिष कविताको विश्लेषण* शीर्षक लेख संरचनावादी समालोचनाको पहिलो समालोचना हो । उनले प्रभाववादी समालोचना पद्धतिको प्रयोग भइरहेको नेपाली समालोचनाका क्षेत्रमा वस्तुवादी समालोचना पद्धति विश्व समालोचनाको आधुनिक समालोचना पद्धति संरचनावादी समालोचनाको प्रवर्तन, विकास तथा मानक स्थापनाका साथै सांस्कृतिक समालोचनाको पनि प्रवर्तन गरेका हुन् । यसका साथै उनी डायस्पोरिक समालोचना लेखनका प्रवर्तक पनि हुन् । उनको *नेपाली साहित्यमा डायस्पोराको योगदान* डायस्पोरिक

समालोचनाको पहिलो खोजमूलक कार्यपत्र हो । यिनै आधारमा लुइटेलको प्रवर्तन क्षेत्रमा विशेष योगदान रहेको देखिन्छ ।

१०.२.९ शैक्षिक -प्राज्ञिक योगदान

खगेन्द्रप्रसाद लुइटेल शिक्षण-प्राध्यापनसँग सम्बद्ध विद्यालय र विश्वविद्यालयका साथै विभिन्न विदेशी विश्वविद्यालय, श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्र, नेपाल प्रज्ञा प्रतिष्ठान आदि विभिन्न शैक्षिक-प्राज्ञिक क्षेत्रमा संलग्न छन् । राष्ट्रिय स्तरका सङ्घसंस्थामा मात्र नभएर अन्तर्राष्ट्रिय स्तरका विभिन्न सङ्घसंस्थाहरूमा पनि संलग्न लुइटेलको स्वदेशमा मात्र नभएर विदेशमा समेत शैक्षिक-प्राज्ञिक विशेष योगदान रहेको देखिन्छ । विद्यालयदेखि विश्वविद्यालय तहसम्मका पाठ्यपुस्तकहरू लेखेका लुइटेलले गौहाटी विश्वविद्यालयको विशिष्ट सल्लाहकारका रूपमा नेपाली एम.ए. को पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन तथा संयोजन पनि गरेका छन् । उनी गौहाटी विश्वविद्यालयको प्राज्ञिक सल्लाहकार परिषद् (निनाद) को सदस्य पनि रहेका छन् । यसका साथै उनले नेपाली पाठ्यपुस्तक समिति सिलोङको विशिष्ट सल्लाहकारका रूपमा नेपाली पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माणमा विशिष्ट योगदान पुऱ्याएका छन् । यसबाहेक उनी विभिन्न शैक्षिक-प्राज्ञिक सङ्घसंस्थाहरूको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, सल्लाहकार तथा आजीवन सदस्य आदि पदमा पनि रहेका छन् । यी विभिन्न आधारमा हेर्दा उनको राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा फैलिएको शैक्षिक-प्राज्ञिक योगदान विशिष्ट रहेको देखिन्छ ।

१०.२.१० अनुसन्धानका क्षेत्रमा योगदान

खगेन्द्रप्रसाद लुइटेलले संस्थागत तथा व्यक्तिगत रूपमा विभिन्न क्षेत्रअन्तर्गतका थुप्रै अनुसन्धान कार्य सम्पन्न गरेका छन् र अद्यावधि विभिन्न अनुसन्धान कार्यमा संलग्न पनि रहेका छन् । उनले आफ्नो अनुसन्धानको प्रमुख क्षेत्र कविता, उपन्यास, शोधविधि, कोशविज्ञान, भाषाविज्ञान, डायस्पोरा साहित्य आदिलाई बनाएका छन् । २०४५-२०४६ सालमा त्रिवि राविसे कार्यक्रमअन्तर्गत तयार पारिएको **सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवन** शीर्षकको भिलेज प्रोफाइल लुइटेलको सार्वजनिक पहिलो अनुसन्धानमूलक कृति हो । यसपछि उनले २०५८ सालमा **कविताको संरचनात्मक विश्लेषण** शीर्षकमा विद्यावारिधिसमेत गरेका छन् । उनको यो शोधप्रबन्ध निकै अनुसन्धानमूलक रहेको छ । विभिन्न विद्वान्हरूको पुस्तक माथिको मन्तव्य र पत्रपत्रिकामा प्रकाशित पुस्तक समीक्षाहरूबाट पनि यो कृति अद्वितीय अनुसन्धानमूलक रहेको देखिन्छ । यसबाहेक नेपाल प्रज्ञा प्रतिष्ठान, त्रिभुवन विश्वविद्यालय अनुसन्धान महाशाखा, अ.ने.सा.स. जस्ता अनेक राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका सङ्घसंस्थाहरूद्वारा सञ्चालित अनुसन्धान परियोजनाअन्तर्गत रहेर अनुसन्धान कार्यहरू सम्पन्न गर्दै आएका छन् । अनुसन्धान परियोजनाअन्तर्गत तयार पारिएका अनुसन्धानमा आधारित उनका **आधुनिक नेपाली समालोचना**, **पहरी भाषासंस्कृति**, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, **नेपाली उपन्यासको इतिहास** आदि पुस्तकका रूपमा प्रकाशित छन् । लोपोन्मुख जाति गुरुङको साँस्कृतिक जनजीवनको बारेमा विस्तृत रूपमा अनुसन्धान गरी अनुसन्धान कार्य प्रारम्भ गरेका लुइटेलले संरचनावादी समालोचना पद्धति, साहित्यका विविध विधा, भाषासंस्कृतिजस्ता विभिन्न क्षेत्रमा अनुसन्धान गर्दै आएका छन् ।

यी विभिन्न क्षेत्रमा अनुसन्धान गरी यथार्थतालाई तथ्यमूलक रूपमा प्रकाशमा ल्याउने लुइटेलले यिनै विभिन्न क्षेत्रमा गरेको अनुसन्धानका आधारमा उनको यस क्षेत्रमा उल्लेख्य योगदान रहेको देखिन्छ ।

१०.२.११ नयाँ शब्दनिर्माणमा योगदान

खगेन्द्रप्रसाद लुइटेलले नेपालीमा यसपूर्व नभएका विभिन्न नयाँ शब्दहरूको निर्माण गरेका छन् र ती यतिखेर सर्वत्र प्रचलित छन् । उनले अङ्ग्रेजीको black satire का लागि *श्यामव्यङ्ग्य* शब्दको निर्माण गरी सर्वप्रथम त्यसको सैद्धान्तिक चर्चाका साथ लेख पनि लेखेका छन् र यतिखेर यो शब्द बहुप्रचलित बनिसकेको छ र यसले शब्दकोशमा प्रविष्टि पाइसकेको छ । श्यामव्यङ्ग्य शब्दको निर्माणकर्ता लुइटेलले नेपाली निबन्धका क्षेत्रमा सर्वप्रथम श्यामव्यङ्ग्यात्मक निबन्ध पनि लेखेका छन् । उनले आफ्नो विद्यावारिधि शोधप्रबन्ध **कविताको संरचनात्मक विश्लेषण**मा *अग्रभूमि, अग्रभूमीकरण, अग्रभूमिकृत, पश्चभूमि, पश्चभूमीकरण, पश्चभूमिकृत, भाषाशैलीय विन्यास*लगायतका थुप्रै नयाँ पारिभाषिक शब्दको निर्माण गरेका छन् । यस्तैगरी उनले काठमाडौँ उपत्यकामा विद्यमान नेपाल प्रहरीको महानगरीय प्रहरीसम्बन्धी अवधारणा र नयाँ निकायको निर्माणमा विशिष्ट योगदान पुऱ्याएका छन् । नेपाल प्रहरीको सुरक्षा क्षेत्रमा हाल प्रयोग गरिँदै आएका *महानगरीय प्रहरी प्रभाग, महानगरीय प्रहरी वृत्त, महानगरीय प्रहरी परिसर, महानगरीय प्रहरी आयुक्त*जस्ता शब्दहरूको निर्माण उनैले गरेका हुन् । नेपाली भाषासाहित्य क्षेत्रका व्यक्ति भएर पनि सुरक्षा क्षेत्रमा प्रयोग हुँदै आएका यस्ता विभिन्न शब्दहरूको निर्माण गर्नु लुइटेलको एक उल्लेखनीय पक्ष हो । यसैगरी उनले **बृहत् नेपाली शब्दकोश**को संशोधन-परिमार्जन गर्ने क्रममा यस्ता विभिन्न शव्दहरूको प्रविष्टिका साथ केही ठेट नेपाली शब्दहरूको निर्माण तथा प्रयोगसमेत गरेका छन् । यिनै विभिन्न नवीन शब्दहरूको निर्माण र प्रयोगले गर्दा नै लुइटेलको नयाँ शब्दनिर्माणमा उल्लेख्य योगदान रहेको छ ।

१०.२.१२ डायस्पोराका क्षेत्रमा योगदान

खगेन्द्रप्रसाद लुइटेलको डायस्पोराका क्षेत्रमा उल्लेख्य योगदान रहेको छ । उनले नेपालीमा सर्वप्रथम डायस्पोरासम्बन्धी सैद्धान्तिक चर्चाको प्रारम्भ गरेका हुन् । उनको *नेपाली साहित्यमा डायस्पोराको योगदान* शीर्षकको कार्यपत्र डायस्पोराको सैद्धान्तिक स्वरूपका साथ प्रस्तुत गरिएको पहिलो कार्यपत्र हो ।[३६८] विभिन्न शीर्षकका डायस्पोरासँग सम्बन्धित समालोचनात्मक लेख प्रकाशित छन् भने उनले विभिन्न ठाउँमा कार्यपत्रहरू पनि प्रस्तुत छन् । उनले डायस्पोरा र डायस्पोरिक साहित्यको बारेमा विस्तृत रूपमा चर्चा गरी विभिन्न लेख र कार्यपत्रहरूमा डायस्पोराको सैद्धान्तिक र प्रायोगिक दुवै पक्षलाई प्रस्तुत गरेका छन् । उनी डायस्पोरा क्षेत्रको सैद्धान्तिक र प्रायोगिक स्वरूप प्रस्तुत गर्ने आधिकारिक व्यक्तिका रूपमा परिचित छन् । उनले स्वदेश तथा विदेशका विभिन्न ठाउँमा डायस्पोरासँग सम्बन्धित थुप्रै कार्यपत्रहरू प्रस्तुत गरी नेपाली जातिको विश्व समुदायलाई यससम्बन्धी जानकारी प्रदान गरिसकेका छन् । लुइटेलले नेपाली स्नातकोत्तर

---

३६८. गीता खत्री र अन्य, सम्पा., **अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन**, (अमेरिका : अनेसास, सन् २०१२), पृ. ५५ ।

तहका शोधार्थीहरूलाई डायस्पोरासँग सम्बन्धित **नेपाली साहित्यका हडकडको योगदान, नेपाली साहित्यमा ब्रिटिस गोरखा सैनिक साहित्यकारहरूको योगदान, दयाकृष्ण राईको जीवनी, व्यक्तित्व र कृतित्व, ईश्वर मानन्धरको जीवनी, व्यक्तित्व र कृतित्व, वसन्त श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व, प्रेम रिबुसालको जीवनी, व्यक्तित्व र कृतित्व, गोवर्द्धन पूजाको जीवनी, व्यक्तित्व र कृतित्व**जस्ता थुप्रै शीर्षकहरूमा निर्देशनसमेत गरिसकेका छन् र अहिले पनि उनी यस क्षेत्रको अनुसन्धानमा विशेष रूपमा लागिपरेका छन् । डायस्पोरासँग सम्बन्धित विभिन्न शीर्षकका लेख, कार्यपत्र, शोधनिर्देशनका आधारमा लुइटेलको डायस्पोराका क्षेत्रमा विशेष योगदान रहेको देखिन्छ ।

१०.२.१३ साहित्यिक इतिहास लेखनमा योगदान

खगेन्द्रप्रसाद लुइटेलले साहित्यका विभिन्न विधाको इतिहास लेखेका छन् । नेपाल प्रज्ञा प्रतिष्ठानको विशेष अनुसन्धान परियोजनाअन्तर्गत तयार पारिएका उनका **कविता सिद्धान्त र नेपाली कविताको इतिहास, नेपाली उपन्यासको इतिहास** तथा पैरवी प्रकाशनको अनुसन्धान परियोजनाअन्तर्गत तयार पारिएका **नेपाली नाट्य समालोचना**, **नेपाली निबन्ध समालोचना**जस्ता साहित्यिक इतिहासमूलक कृतिहरूमा सम्बन्धित विधाको सैद्धान्तिक परिचयका साथै समग्रतः इतिहासलाई समेटिएको छ । यसमध्ये लुइटेलले **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** नामक कृतिमा १९७५ सालदेखि यताको समयलाई आधुनिक काल मान्ने विभिन्न विद्वान्हरूका मतहरूको खण्डनमण्डनसहित लेखनाथ पौडेललाई माध्यमिक कालमै राखी उनलाई माध्यमिक कालमा राख्नाका कारणहरू प्रस्तुत गरेका छन् भने देवकोटाको आगमनपछिको समय अर्थात् १९९१ पछिको समयलाई मात्र आधुनिक कालमा समावेश गरेका छन् । **नेपाली नाट्य समालोचना**, **नेपाली निबन्ध समालोचना** नामक कृतिहरूमा उनले सम्बन्धित विधाको विधागत सिद्धान्तसहित इतिहास प्रस्तुत गरी त्यही सिद्धान्तअनुरूप नै कृति विश्लेषण गरेका छन् । उनले **नेपाली उपन्यासको इतिहास** कृतिमा यसपूर्व खासै नलेखिएको उपन्यासको समग्र इतिहासलाई समेटेर प्रस्तुत गरेका छन् । यसका साथै *नेपाली कथाको सेरोफेरो, कथा सिद्धान्त र नेपाली कथाको इतिहास*जस्ता शीर्षकका लामो आयामका लेखमा नेपाली कथाको विस्तृत इतिहास प्रस्तुत गरेका लुइटेलले अन्य विभिन्न शीर्षकका लेखहरूमा साहित्यका विविध विधाहरूको इतिहाससमेत प्रस्तुत गरेका छन् । उनले लेखेका विभिन्न तहका पाठ्यपुस्तकमा पनि साहित्यका विभिन्न विधाहरूको इतिहासलाई प्रस्तुत गरिएको पाइन्छ । साहित्यका विविध विधाहरूको इतिहास लेखेका लुइटेलका यी विभिन्न विधाको साहित्यिक इतिहास लेखनका कारणबाट यस क्षेत्रमा उनको विशिष्ट योगदान रहेको पाइन्छ ।

१०.२.१४ लोकवार्ताविज्ञान र लोकसाहित्यमा योगदान

खगेन्द्रप्रसाद लुइटेलका लोकसाहित्यसँग सम्बन्धित **लोकवार्ताविज्ञान र लोकसाहित्य, लोकसाहित्य परिचय**नामक समालोचनात्मक कृतिका साथै विभिन्न पत्रपत्रिकाहरूमा लोकवार्ता र लोकसाहित्यसँग सम्बन्धित थुप्रै समालोचनात्मक लेखहरू प्रकाशित भइसकेका छन् । यसका साथै उनले लोकसाहित्यसँग सम्बन्धित थुप्रै शीर्षकमा स्नातकोत्तर तहका शोधार्थीहरूलाई शोध निर्देशनसमेत गरिसकेका छन् । लोकसाहित्य क्षेत्रका पुस्तक

र लेखको प्रकाशन तथा शोध निर्देशनका आधारमा हेर्दा लुइटेलको यस क्षेत्रमा उल्लेखनीय योगदान रहेको देखिन्छ ।

१०.२.१५ भूमिका लेखनमा योगदान

विभिन्न व्यक्तिद्वारा लेखिएका साहित्यका विविध विधाका कृतिहरू तथा साहित्येतर कृतिहरूको समेत भूमिका लेखेका लुइटेलको भूमिका लेखनमा महत्वपूर्ण योगदान रहेको छ । आफूभन्दा वरिष्ठ, कनिष्ठ दुवैका कृतिमा भूमिका लेखेका लुइटेलको भूमिका लेखनमा यथार्थवादी दृष्टिकोण प्रस्तुत गरिएको पाइन्छ । विभिन्न व्यक्तिका भनाइ र उनले भूमिका लेखेका आधारमा उनी हेपिएको, थिचिएको र पछाछि परेको मान्छेका कृतिको भूमिका लेखनलाई प्राथमिकता दिने गर्दछन् । कुनै पनि कृतिको सस्तो प्रशंसा गरेर कृतिकारलाई फुर्क्याउनुहुन्न त्यसले कृतिकारलाई कुनै फाइदा गर्दैन भन्ने दृष्टिकोण प्रस्तुत गर्ने लुइटेलले कृतिको पूरै अध्ययन गरेर उक्त कृतिका दुवै पक्षहरूलाई प्रस्तुत गर्दछन् । सीमित क्षेत्रमा बस्ने व्यक्तिका मात्र नभएर देशका विभिन्न ठाउँ र विदेशमा बस्नेहरूका विभिन्न कृतिहरूको समेत भूमिका लेखेका लुइटेलले भूमिका लेखनका क्रममा विभिन्न कृतिहरूको नाम समेत परिवर्तन गरेको पाइन्छ । यस आधारबाट पनि उनी कृति पुरै पढेर मात्र उक्त कृतिको भूमिका लेख्ने भूमिका लेखकका रूपमा चिनिन्छन् । उनले भूमिका लेखनका क्रममा उक्त कृतिमा भएका केही मुख्य सन्दर्भहरू समेत प्रस्तुत गर्ने हुनाले भूमिकाबाटै उक्त कृतिबारे जानकारी लिन सकिन्छ । विभिन्न क्षेत्रका सात दर्जन जति कृतिहरूको भूमिका लेखिसकेका लुइटेलका यिनै विभिन्न विशेषताहरूकै आधारमा भूमिका लेखनमा महत्वपूर्ण योगदान रहेको देखिन्छ ।

१०.२.१६ पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखनमा योगदान

खगेन्द्रप्रसाद लुइटेलको विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको पाठ्यक्रम निर्माणमा उल्लेख्य योगदान रहेको छ । उनले श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्रको नेपाली विषय समितिमा रहेका बेला निम्नमाध्यमिक र माध्यमिक तहको नेपाली विषयको नयाँ पाठ्यक्रम निर्माणमा विशिष्ट भूमिका निर्वाह गरेका छन् । उनले देशभित्र मात्र नभई भारतको गौहाटी विश्वविद्यालयको एम.ए. नेपाली पहिलो र दोस्रो दुवै वर्षको सम्पूर्ण पाठ्यक्रम निर्माण गरेका छन् । यसरी एक्लै सिङ्गो विश्वविद्यालयको पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तकसमेत लेख्ने व्यक्ति विरलै पाइन्छन् र नेपालमा उनी एक मात्रै हुन् । यसका साथै उनले सिलोङ्मा नेपाली विषयको पाठ्यक्रम र पाठ्यपुस्तक लेखनमा समेत विशिष्ट भूमिका निर्वाह गरेका छन् । विद्यालय तहदेखि विश्वविद्यालयसम्म र स्वदेशदेखि विदेशसम्मको पाठ्यक्रम निर्माण गरेका लुइटेल तहगत स्तरलाई ध्यानमा राखी त्यसैअनुरूपको पाठ्यक्रम निर्माण गर्ने एक कुशल पाठ्यक्रम निर्माता हुन् । यी सबै सन्दर्भबाट हेर्दा लुइटेलको पाठ्यक्रम निर्माणमा विशिष्ट योगदान रहेको देखिन्छ ।

खगेन्द्रप्रसाद लुइटेलले विद्यार्थीको स्तर र क्षमता अनुरूपका विभिन्न तहका पाठ्यपुस्तकहरू लेखेका छन् । विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका पाठ्यपुस्तकहरू लेखेका लुइटेलद्वारा लिखित पाठ्यपुस्तकहरूले सम्बन्धित तहको पाठ्यक्रमलाई समेटिएको पाइन्छ । उनीद्वारा लिखित पाठ्यपुस्तकहरू

नेपालमा विभिन्न तहका साथै भारतको गौहाटी विश्वविद्यालयमा एम.ए. नेपालीको पहिलो र दोस्रो वर्षमा पढाइ हुने गर्दछन् । सम्बन्धित तहको पाठ्यक्रमलाई समेटी विद्यार्थीको तहगत स्तर र क्षमतालाई ध्यानमा राखी उपयुक्त पाठ्यपुस्तक लेख्ने लुइटेलका पुस्तकको भाषा सरल र सटिक रहेको हुन्छ । सम्पादित पाठबाहेक विषयवस्तुको प्रस्तुतिका साथै पाठ्यक्रम निर्देशित विभिन्न विधाका कृतिहरूको विश्लेषण गर्ने क्रममा वस्तुवादी पद्धतिको प्रयोग गरिएको पाइन्छ । विद्यालयदेखि विश्वविद्यालय र स्वदेशदेखि विदेशसम्मका पढाई हुने उनका पाठ्यपुस्तकहरूका आधारमा उनको यस क्षेत्रमा उल्लेख्य योगदान रहेको कुरा प्रस्ट हुन्छ ।

१०.२.१७ सम्पादन कार्यमा योगदान

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न व्यक्तिका विविध विधाका केही लेख रचनाहरूलाई समेटेर पुस्तकाकार कृतिको रूप दिएका छन् । लुइटेलले **सनत रेग्मीका प्रतिनिधि कथा**, **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन**, **डा.बल्लभमणि दाहालका रचनाहरू**, **हरिहर शास्त्रीका प्रमुख कविता**, **बरालको आँशु** जस्ता विविध विधाका कृतिहरूको सम्पादन गर्नका साथै नेपाली **प्रकृति प्रत्यय कोश**को पनि सम्पादन गरेका छन् । विभिन्न व्यक्तिका विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका फुटकर लेखरचनाहरूलाई समेटेर पुस्तकाकार कृतिको रूप दिनु उनको महŒवपूर्ण कार्य हो । यी विभिन्न व्यक्तिका कथा, कविता, निबन्ध, भाषिक लेखहरू आदिको सम्पादन गरेका लुइटेलको सम्पादन कार्यमा उल्लेखनीय योगदान रहेको छ ।

१०.२.१८ संशोधन-परिमार्जनमा योगदान

खगेन्द्रप्रसाद लुइटेलको संशोधन-परिमार्जनमा उल्लेख्य योगदान रहेको छ । पाठ्यक्रम विकास केन्द्रको नेपाली विषयको विषय समितिमा रहेका बेला विभिन्न वर्षमा नि.मा.वि. र मा.वि. तहको नेपाली पाठ्यक्रम र पाठ्यपुस्तकको संशोधन-परिमार्जन गरेका लुइटेलले नेपाली बृहत् शब्दकोशको समेत संशोधन-परिमार्जन गरेका छन् । विद्यालय तहको नेपाली विषयको उक्त संशोधित-परिमार्जित पाठ्यपुस्तकमा विधा र क्रम नमिलेको पाठ्यक्रमलाई विधा र क्रम मिलाएर प्रस्तुत गर्ने तथा विद्यार्थीको तहगत स्तर र क्षमता अनुरूपको भाषाशैलीको प्रयोग गरिएको छ । पाठ्यक्रम विकास केन्द्रको विषय समितिमा रहेर स्तर अनुरूपको पाठ्यक्रम र पाठ्यपुस्तकको संशोधन-परिमार्जन गरेका लुइटेलले सालमा ने.रा.प्र.प्र.द्वारा प्रकाशित **नेपाली बृहत् शब्दकोश**को पनि संशोधन-परिमार्जन गरेका छन् । यसै आधारमा लुइटेलको संशोधन-परिमार्जनमा योगदान रहेको छ भन्न सकिन्छ ।

१०.२.१९ कार्यपत्र प्रस्तुति र टिप्पणीमा योगदान

खगेन्द्रप्रसाद लुइटेलले विद्यार्थी जीवनदेखि हालसम्ममा स्वदेश तथा विदेशका अमेरिका, वेलायत, क्यानडा, बहराइन मुलुकहरूमा साहित्य, शिक्षा, राजनीतिजस्ता विविध क्षेत्रसँग सम्बन्धित लगभग डेढ सय जति कार्यपत्रहरू प्रस्तुत गरिसकेका छन् । विद्यार्थी कालमा सक्रिय राजनीतिक नेतृत्वमा रहेका लुइटेलले प्रारम्भतिर प्रस्तुत गरेका कार्यपत्रहरू राजनीतिसँग सम्बन्धित रहेका छन् भने पछिल्लो समयमा कार्यपत्रहरू साहित्य, शिक्षा, डायस्पोरा, भाषा आदि विविध विषयक्षेत्रसँग सम्बन्धित रहेका छन् । स्वदेशका विभिन्न ठाउँ र विदेशी मुलुकहरूमा विविध शीर्षकमा प्रस्तुत गरेका कार्यपत्रलाई हेर्दा यति धेरै कार्यपत्र प्रस्तुत गर्ने व्यक्ति कमै

पाइन्छन् । लुइटेलद्वारा प्रस्तुत गरिएका कार्यपत्रका आधारमा हेर्दा उनको ज्ञानको क्षेत्र पनि व्यापक रहेको देखिन्छ । यसरी स्वदेश र विदेश दुवैतिर विशिष्ट कार्यपत्र प्रस्तोताका रूपमा आफ्नो छुट्टै पहिचान बनाएका लुइटेलको कार्यपत्र प्रस्तोता व्यक्तित्व गौरवपूर्ण रहेको छ ।

कार्यपत्र प्रस्तुतका साथै खगेन्द्रप्रसाद लुइटेलले आफूभन्दा अग्रज प्रा. तेजरत्न कंसाकार, विष्णुसिंह राई, प्रा. मोहनराज शर्मा, प्रा. राजेन्द्र सुवेदी, प्रा.डा. दयाराम श्रेष्ठ, प्रा.डा. वासुदेव त्रिपाठी, डा. तारानाथ शर्मा, प्रा.डा. गोविन्दराज भट्टराई, चूडामणि बन्धु, प्रा.डा. योगेन्द्रप्रसाद यादव, प्रा.डा. बद्रीविशाल भट्टराई, प्रा.डा. व्रतराज आचार्य, डा. अभि सुवेदी, प्रा. डा. दानराज रेग्मी, प्रा. डा. माधवप्रसाद पोखेल, वैरागी काइँला, डा. तीर्थराज खनिया, डा. रामदयाल राकेस, रामभरोस कापडी भ्रमर, कृष्ण धरावासी, अमृत योञ्जन, अमर तुम्याहाङ, विक्रममणि त्रिपाठी, कृष्णराज सर्वहारी, हर्क खामधाक (सिक्किम), प्रा. सुवोधकुमार जस (उत्तरबङ्ग विश्वविद्यालय), राजकुमार क्षेत्री (दार्जिलिङ), बुद्धि खामधाक (दार्जिलिङ) लगायत अग्रज वरिष्ठ विद्वान्हरूका साथै समकालीन र कनिष्ठ व्यक्तिहरूद्वारा विभिन्न ठाउँमा प्रस्तुत गरिएका कार्यपत्रहरूको कडा र वस्तुपरक टिप्पणी गरेका छन् । उनले गरेका *राजेन्द्र सुवेदी र मोहनराज शर्मा दुवैका कार्यपत्रमाथिको संयुक्त टिप्पणी*, *वर्तमान नेपाली नाटक (२०३० पछि) कार्यपत्रमाथिको टिप्पणी* शीर्षकका टिप्पणीहरू **प्रवाह स्मारिका**, **साहित्यिक अभियान**जस्ता विभिन्न पत्रिका तथा पुस्तकहरूमा प्रकाशित भएका पनि छन् । विभिन्न क्षेत्रसँग सम्बन्धित कार्यपत्रहरू प्रस्तुत गर्नाका साथै आफूभन्दा वरिष्ठ र कनिष्ठ दुवैका कार्यपत्रको वस्तुपरक रूपमा टिप्पणी गर्ने लुइटेलको यस क्षेत्रमा उल्लेखनीय योगदान रहेको छ ।

१०.२.२० शोध तथा सिर्जनापत्र निर्देशनमा योगदान

खगेन्द्रप्रसाद लुइटेलले विद्यावारिधि र स्नातकोत्तर तहका शोधार्थीहरूलाई विविध विषयक्षेत्रसँग सम्बन्धित थुप्रै शोध शीर्षकमा शोधनिर्देशन गरी कुशल शोधनिर्देशकको भूमिका निर्वाह गरेका छन् । उनले भाषा, कथा, कविता, नाटक, गजल, डायस्पोरा आदि विभिन्न विधा र क्षेत्रसँग सम्बन्धित प्रशस्तै शोधकार्यहरूको शोधनिर्देशन गर्नाका साथै सिर्जनापत्रको समेत निर्देशन गरेका छन् । उनले त्रि.वि. नेपाली केन्द्रीय विभागबाहेक पूर्वाञ्चल विश्वविद्यालय र नेपाल संस्कृत विश्वविद्यालयका शोधार्थीहरूको पनि शोधनिर्देशन गरेका छन् । प्राप्त विवरणका आधारमा उनले अहिलेसम्ममा लगभग स्नातकोत्तर तहका डेढ सय जति शोध शीर्षकहरूमा शोधनिर्देशन गरिसकेका छन् भने विद्यावारिधि तहका छ जना शोधार्थीको विषय विशेषज्ञ तथा निर्देशक बनेका छन् । उनले निर्देशन गरेका थुप्रै शोधपत्रहरू पुस्तकाकार रूपमा समेत प्रकाशित भइसकेका छन् । यस आधारमा हेर्दा कुशलतापूर्वक विविध क्षेत्रका शीर्षकहरूमा शोध तथा सिर्जनापत्रहरू निर्देशन गरिसकेका लुइटेल कुशल एवं सक्षम शोध तथा सिर्जनापत्र निर्देशकका रूपमा देखापरेका छन् । यिनै आधारमा उनको शोध तथा सिर्जनापत्र निर्देशनमा योगदान रहेको देखिन्छ ।

१०.३ साहित्येतर क्षेत्रमा योगदान

साहित्यिक क्षेत्रका साथै साहित्येतर क्षेत्रमा पनि खगेन्द्रप्रसाद लुइटेलको उल्लेख्य योगदान रहेको छ । साहित्यिक क्षेत्रका अलावा साहित्येतर क्षेत्रअन्तर्गत पर्ने विभिन्न संस्थाहरूमा आबद्ध भई महत्वपूर्ण कार्य गर्दै आएका लुइटेलले आफू संलग्न भएका क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएका छन् । विभिन्नतिर संलग्न भएर महत्वपूर्ण कार्य गरेका उनको साहित्येतर क्षेत्रअन्तर्गत सबैभन्दा उल्लेख्य योगदान शिक्षण-प्राध्यापन र

संस्थापन कार्यमा रहेको देखिन्छ । उनको साहित्येतर क्षेत्रमा रहेको योगदानलाई तल विभिन्न शीर्षकमा प्रस्तुत गरिएको छ ।

१०.३.१ शिक्षण-प्राध्यापन क्षेत्रमा योगदान

खगेन्द्रप्रसाद लुइटेलको लगभग चार दशक लामो शिक्षण-प्राध्यापन एक सामान्य विद्यालयको शिक्षकबाट प्रारम्भ भई त्रि.वि.को मात्र नभई नेपाली विषयको संसारकै सर्वोच्च निकाय नेपाली केन्द्रीय विभागको प्राध्यापक पदसम्मको गरिमामय स्थानसम्म आइपुगेको छ । २०४७ साउन १ गतेदेखि त्रि.वि. नेपाली केन्द्रीय विभागमा सहायक प्राध्यापक पदमा करारमा काम गर्न थालेका लुइटेल २०५० जेठ १९ देखि सहायक प्राध्यापक पदमा रत्नराज्यलक्ष्मी क्याम्पसमा पदस्थापन भई त्यहाँ पदस्थापन भएको केही समयपछि नै २०५० असोज २५ देखि त्रि.वि. को स्थायी उपप्राध्यापक पदमा खुला प्रतियोगिताबाट सर्वप्रथम भएर पदोन्नति भई त्रि.वि. नेपाली केन्द्रीय विभागमै पदस्थापन भएको पाइन्छ । २०६६ असोज १९ मा सहप्राध्यापक पद र २०७० जेठ १४ मा प्राध्यापक पदमा पदोन्नति भई हाल त्रि.वि. नेपाली केन्द्रीय विभागमै प्राध्यापक पदमा प्राध्यापनरत छन् । छोटो समय रत्नराज्यलक्ष्मी क्याम्पसमा गएको देखिए पनि उनको प्राध्यापनको मूल थलो त्रि.वि. नेपाली केन्द्रीय विभाग नै रहेको देखिन्छ । विषयवस्तुमा दक्षता, कार्यप्रतिको निष्ठा, समयको पूर्ण रूपमा परिपालना र विद्यार्थीप्रति भेदभावरहित व्यवहारजस्ता विशेषताकै कारण एक कुशल प्राध्यापक बनेका लुइटेलको प्राध्यापक व्यक्तित्व विशिष्ट रहेको देखिन्छ ।

यसरी छुट्टै र विशिष्ट ढङ्गबाट निर्मित लुइटेलको प्राध्यापन कार्य राष्ट्रिय स्तरमा मात्र सीमित नभएर अन्तर्राष्ट्रिय स्तरमा समेत प्रसिद्ध रहेको छ । उनले गौहाटी विश्वविद्यालयमा भिजिटिङ प्रोफेसरको रूपमा केही समय प्राध्यापन गरी आफ्नो छुट्टै पहिचान बनाएका छन् । गौहाटी विश्वविद्यालयमा एम.ए. नेपाली पठनपाठन प्रारम्भको बेला उनले त्यहाँ पढाउँदा उनको प्राध्यापन शैलीबाट विद्यार्थी प्रभावित बनी दिनभर पढाउँदा पनि विद्यार्थीले छाड्न नमानेको हुँदा अरू केही समय कक्षा लिइदिन गौहाटी विश्वविद्यालयका निर्देशकले आग्रह गरेको पाइन्छ । यी सबै सन्दर्भलाई हेर्दा स्वदेशमा मात्र नभएर विदेशमा समेत आफ्नो छुट्टै र विशिष्ट पहिचान बनाएका लुइटेलको शिक्षण प्राध्यापन क्षेत्रमा विशिष्ट योगदान रहेको देखिन्छ ।

१०.३.२ संस्थापन क्षेत्रमा योगदान

खगेन्द्रप्रसाद लुइटेलले विभिन्न संस्थाहरूको स्थापना गरेका छन् । उनी लुइटेल वंशावली अनुसन्धान समिति, युनिभर्सिटी हाइट उपभोक्ता समिति, ट्याङ्ला एकीकृत विकास समाज, तेरथुम सरोकार समाज, महानगरीय प्रहरी, गौहाटी विश्वविद्यालयको नेपाली एम.ए. कार्यकम, ज्ञानकुञ्ज एजुकेसनल फाउन्डेसनजस्ता विभिन्न क्षेत्रअन्तर्गतका संस्थाहरूका संस्थापक हुन् । विभिन्न क्षेत्रका सङ्घसंस्थाहरूको संस्थापकका रूपमा रहेका लुइटेल यी सबैजसो संस्थाको पदाधिकारी एवं सल्लाहकार पनि रहेका छन् । यसैगरी महानगरीय प्रहरीको स्थापनामा पनि उनको विशिष्ट योगदान रहेको छ । नेपाल प्रहरीको महानगरीय प्रहरी प्रशासनको अवधारणा र नयाँ निकायको निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका लुइटेलले यस क्षेत्रमा हाल प्रचलित महानगरीय प्रहरी प्रभाग, वृत्त, परिसर, आयुक्तजस्ता शब्दहरूको निर्माण गरेका हुन् । यसका साथै लुइटेल

गौहाटी विश्वविद्यालयको नेपाली एम.ए.को पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन तथा संयोजनमा समेत संलग्न छन् । डा.लुइटेल गुवाहाटी विश्वविद्यालय एम्.ए. नेपालीको सञ्चालन तथा व्यवस्थापनको "महानायक" हो, "अवतार" नै हो, उहाँ नआइदिनु भएको भए यो कार्यक्रम नै चल्ने थिएन, यस्तो अन्तर्राष्ट्रिय ख्याति कमाइसकेको विशिष्ट विद्वान्बाट हाम्रो आग्रहलाई स्वीकारी हार्दिकतापूर्वक गर्नुभएको सहयोगप्रति विश्वविद्यालय सदैव ऋणी रहनेछ, गुवाहाटी विश्वविद्यालय रहुन्जेल डा.लुइटेलको नाम स्वर्णाक्षरमा लेखिने छ भन्ने भनाइले पनि उनको संस्थापन कार्यमा विशिष्ट योगदान रहेको देखिन्छ । यिनै विभिन्न संस्थाहरूको संस्थापनका आधारमा लुइटेलको संस्थापन क्षेत्रमा अतुलनीय योगदान रहेको छ ।

१०.४ उपसंहार

वरिष्ठ समालोचक तथा साहित्यकार खगेन्द्रप्रसाद लुइटेलले नेपाली समालोचना र साहित्यका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका छन् । राष्ट्रिय स्तरमा मात्र नभएर अन्तर्राष्ट्रिय स्तरमा पनि आफ्नो विशिष्ट पहिचान बनाएका लुइटेलको साहित्यिक योगदान अन्तर्राष्ट्रिय क्षेत्रमा पनि गौरवपूर्ण बनिसकेको छ । नेपालीमा संरचनावादी समालोचनाको प्रवर्तकका रूपमा ख्याति कमाएका लुइटेल मूल रूपमा संरचनावादी समालोचक भए पनि सांस्कृतिक, डायस्पोरिक, ऐतिहासिक, सैद्धान्तिक आदि समालोचनाका क्षेत्रमा पनि उनको विशिष्ट योगदान रहेको छ । नेपाली निबन्ध सिर्जनामा पनि विशिष्ट योगदान पुऱ्याएका लुइटेल नेपालीमा श्यामव्यङ्ग्यात्मक निबन्ध लेख्ने प्रथम व्यक्ति हुन् । उनका नियात्रा पनि त्यत्तिकै विशिष्ट र महत्वपूर्ण मानिएका छन् । भाषाविज्ञान, कोशविज्ञान, व्याकरण, लोकसाहित्य, पाठ्यपुस्तक लेखन आदि विविध क्षेत्रमा पनि उनको योगदान विशिष्ट रहेको छ । उनले नेपालमा मात्र नभएर भारतका गौहाटीलगायत विभिन्न विश्वविद्यालयमा समेत पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी आफ्नो अतुलनीय र अद्वितीय योगदान स्थापित गरेका छन् । माथि विभिन्न शीर्षकमा प्रस्तुत गरिएकाबाहेक व्यक्तित्वका पाटाहरूमा उल्लिखित कथा, कविता, लेखक, स्तम्भकार, साहित्यिक पत्रकार, सल्लाहकार, निर्णायक, पर्यवेक्षकजस्ता विभिन्न क्षेत्रहरूमा पनि उनको विशेष योगदान रहेको छ । उनले संसार भ्रमण गर्न, जतातै कार्यपत्र प्रस्तुत गर्न, अनेक व्यक्तिका पुस्तकमा भूमिका लेख्न, देशविदेशका पाठ्यक्रम र पाठ्यपुस्तक बनाउन, अनेक कार्यक्रममा प्रमुख अतिथि र प्रमुख वक्ता भएर भाषण गर्न, पुराना कृतिको अनुसन्धान गर्न, विश्वविद्यालयमा पढाउन जतातै भ्याएको देख्दा आश्चर्य लाग्छ । यति धेरै काम गर्नसक्ने मान्छे अरू देखेको छैन ।[३६९] उनले हात हालेजति सबै क्षेत्रमा सफलता प्राप्त गरी विशिष्ट योगदान पुऱ्याएका लुइटेलको नेपाली समालोचना र साहित्यका फाँटमा योगदान विशिष्ट रहेको देखिन्छ । यी सबै सन्दर्भबाट हेर्दा बहुआयामिक एवं विराट् व्यक्तित्वका धनी लुइटेलले साहित्य, शैक्षिक-प्राज्ञिक आदि विभिन्न क्षेत्रमा पुऱ्याएको योगदानलाई हेर्दा उनको व्यक्तित्व व्यक्तिविशेषमा सीमित नरही एउटा छुट्टै विशिष्ट संस्थाकै रूप बनिसकेको हुँदा उनको यी सबै क्षेत्रको योगदान अद्वितीय र अतुलनीय रहेको देखिन्छ ।

[३६९]. पूर्वप्रहरी निरीक्षक हरिभक्त बुढाथोकीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

एघारौँ परिच्छेद

सारांश तथा निष्कर्ष

११.१ सारांश

खगेन्द्रप्रसाद लुइटेलको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षकको प्रस्तुत शोधपत्रलाई विभिन्न शीर्षकका एघार परिच्छेदमा विभाजन गरिएको छ । यसको पहिलो परिच्छेद *शोधपरिचय* रहेको छ । यस परिच्छेदमा विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, महŒव र उपयोगिता, शोधकार्यको सीमाङ्कन, शोधविधि र सामग्री सङ्कलनविधि, शोधपत्रको रूपरेखा आदि विभिन्न उपशीर्षकमा शोधप्रस्तावको संशोधित-परिमार्जित रूप प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेद *खगेन्द्रप्रसाद लुइटेलको जीवनी* रहेको छ । यस परिच्छेदमा खगेन्द्रप्रसाद लुइटेलको पारिवारिक पृष्ठभूमि, जन्म र जन्मस्थान, शिक्षा आदि विभिन्न उपशीर्षकमा उनको जीवनीका विविध पक्षबारे चर्चा गरिएको छ । खगेन्द्रप्रसाद लुइटेलको जन्म इन्द्रप्रसाद लुइटेल र योगमाया लुइटेलका पाँच छोरा र तिन छोरी गरी आठ सन्तानमध्ये एक दिदीपछिको दोस्रो सन्तान तथा जेठो छोराका रूपमा वि.सं. २०१८ साल पुस २५ गते तेरथुम जिल्लाको सोल्मा गा.वि.स. वडा नं ९ कालिमाटीका प्रसिद्ध पण्डित परिवारमा भएको हो । सामाजिक, आर्थिक विविध क्षेत्रका प्रसिद्ध ब्राह्मण पण्डित परिवारमा जन्मिएका लुइटेलका बुबाले पनि शास्त्रीसम्मको अध्ययन गरेका हुनाले उनलाई घरमै बुबा इन्द्रप्रसादद्वारा अक्षरारम्भ गराई विद्यालयमा भर्ना गरिएको हो । सुरुमै कक्षा तिनमा भर्ना भएका लुइटेलले कक्षा तिनको वार्षिक परीक्षामा सर्वप्रथम भएपछि कक्षोन्नति गरी एकैपल्ट कक्षा पाँच र अर्को एकै वर्षमा कक्षा छ र सात एकै वर्षमा सर्वप्रथम नै भएर उत्तीर्ण गरे । विद्यालय भर्ना भएको छ वर्षमै २०३३ सालमा एस.एल.सी. उत्तीर्ण गरेका लुइटेल त्यस वर्ष तेरथुम जिल्लाबाट एस.एल.सी. उत्तीर्ण गर्ने एक मात्र विद्यार्थी थिए । यसबाट अगिल्लो दुई वर्षको एस.एल.सी. मा निल गरेको उक्त विद्यालय काटिनबाट समेत बचेको थियो । आई.ए उत्तीर्ण गरेपछि केही समय शिक्षकका रूपमा काम गरेका लुइटेलले आई.ए. र बी.ए. दुवै धनकुटा बहुमुखी क्याम्पसबाट उत्तीर्ण गरेका हुन् । राजनीति गर्नाका लागि केही समय पढाइ छाडेर अध्यापनतिर लागेका लुइटेलले २०४६ सालमा त्रि.वि. नेपाली केन्द्रीय विभागबाट स्नातकोत्तर तह र त्यसैबेला त्रिविबाटै अङ्ग्रेजी विषयमा एक वर्षे बि.एड.गरेका हुन् । उनले २०५८ सालमा **कविताको संरचनात्मक विश्लेषण** शीर्षकमा विद्यावारिधिसमेत गरेका हुन् । २०४७ सालदेखि त्रि.वि. नेपाली केन्द्रीय विभागबाट प्राध्यापन प्रारम्भ गरेका लुइटेल हाल यहीँ प्राध्यापक पदमा प्राध्यापनरत रहेका छन् ।

राजनीति र पढाइलाई सँगसँगै अगि बढाएका लुइटेलले विद्यार्थी जीवनबाटै राजनीति प्रारम्भ गरेको पाइन्छ । राजनीति गर्ने सिलसिलामा विभिन्न विद्यालयमा शिक्षकको रूपमा पुगेका उनी ती कुनै पनि विद्यालयमा विशुद्ध शिक्षकका रूपमा मात्र नपुगेकाले गर्दा छोटो समयमा नै उनले विभिन्न विद्यालयमा अध्यापन गरेको देखिन्छ । राजनीतिकै क्रममा धेरैपटक जेल, नेल र यातना भोगेको बताउने लुइटेलले पढाइ र राजनीतिलाई सँगसँगै अगि बढाउँदै जाने क्रममा धनकुटा बहुमुखी क्याम्पसको स्ववियु उपसभापति, सभापति तथा प्रारम्भिक कमिटिमा रहेर पनि काम गरेको पाइन्छ । त्रिभुवन विश्वविद्यालयमा अध्ययन गर्दा प्रारम्भिक

कमिटिमा रही काम गरेका उनी तेरथुम-काठमाडौँ सम्पर्क मञ्चको अध्यक्ष पनि बनेको देखिन्छ । राजनीतिमा दुई दशकजति समय सक्रिय रूपमा लागिपरेका लुइटेल २०५० सालपछि मूल्यमान्यताको राजनीति समाप्त भएपछि भने हाल कुनै पनि राजनीतिक पार्टीमा आबद्ध नरहे तापनि उनी मार्क्सवादी दर्शनमा विश्वास राख्छन् र मार्क्सवादी चिन्तनको आलोचनात्मक समर्थन गर्छन् ।

लुइटेलको संलग्नता विभिन्न साहित्येतर क्षेत्रहरूमा पनि रहेको देखिन्छ । प्रखर वक्ताका रूपमा चिनिएका लुइटेल शैक्षिक-प्राज्ञिक, राजनैतिक, सामाजिक, सांस्कृतिक आदि विभिन्न क्षेत्रमा संलग्न रहनाका साथै विभिन्न क्षेत्रका विविध संस्थाका संस्थापक, प्रवर्तक व्यक्तिसमेत हुन् । यसका साथै उनी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न कार्यक्रमहरूमा सल्लाहकार, प्रमुख अतिथि, निर्णायक आदिका रूपमा पनि सामेल भएका छन् । साहित्य र साहित्येतर दुवै क्षेत्रमा सक्रिय देखिने लुइटेलको मूल कार्यक्षेत्र भने प्राध्यापन नै रहेको देखिन्छ ।

साहित्य र साहित्येतर दुवै क्षेत्रमा संलग्न रहेका लुइटेल साहित्य स्रष्टा र द्रष्टा दुवै हुन् । उनका दुई वटा निबन्ध सङ्ग्रहका साथै प्रशस्तै निबन्ध तथा प्रबन्धहरू, केही कविता, कथा र बालसाहित्यहरू विभिन्न पत्रपत्रिका एवं पुस्तकहरूमा प्रकाशित छन् । उनका लेखनको सर्वाधिक महत्वपूर्ण पाटो समालोचना हो । उनका एक दर्जनभन्दा बढी विविध विधाका समालोचनात्मक कृति, विभिन्न तहका थुप्रै पाठ्यपुस्तक, विभिन्न व्यक्तिका कृतिको सम्पादन आदि गरी एक सयजति पुस्तकाकार कृति प्रकाशित छन् । यसका साथै साहित्यका विविध विधा, साहित्यिक व्यक्तित्व, संरचनावाद, डायस्पोरा आदि विविध क्षेत्रसँग सम्बद्ध दुई सयभन्दा बढी सैद्धान्तिक एवं प्रायोगिक समालोचनात्मक लेख प्रकाशित छन् । हालसम्ममा शिक्षा, साहित्य, राजनीति आदि विविध विषय क्षेत्रसँग सम्बन्धित लगभग डेढ सय जति कार्यपत्र प्रस्तुत गरिसकेका लुइटेलले विद्यावारिधि र स्नातकोत्तर तहका विभिन्न विषयका थुप्रै शोधार्थीहरूको शोधनिर्देशनसमेत गरिसकेका छन् । यसका साथै उनी भारतको गौहाटी विश्वविद्यालयको एम.ए. नेपाली विषयको पाठ्यक्रम निर्माता तथा पाठ्यपुस्तक लेखकसमेत हुन् । यी विभिन्न साहित्यिक आधारमा उनी एक वरिष्ठ साहित्यकार तथा समालोचकका रूपमा राष्ट्रिय स्तरमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा समेत स्थापित भइसकेका देखिन्छन् ।

साहित्यका साथै साहित्येतर क्षेत्रमा पनि सक्रिय रूपले संलग्न रही विशिष्ट योगदान पुऱ्याएबापत खगेन्द्रप्रसाद लुइटेल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका थुप्रै पुरस्कार र सम्मानबाट पुरस्कृत एवं सम्मानित भएका छन् । जीवनलाई सङ्घर्ष, क्रियाशील र परिवर्तनकामी रूपमा हेर्ने लुइटेल विभिन्न क्षेत्रमा संलग्न बहुप्रतिभा सम्पन्न व्यक्ति हुन् ।

तेस्रो परिच्छेद *खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्व* रहेको छ । यस परिच्छेदमा लुइटेलका व्यक्तित्वका विभिन्न पाटाहरूको बारेमा चर्चा गरिएको छ । बाह्य रूपमा अग्लो र पातलो शरीर, गहुँगोरो वर्णका प्रभावशाली व्यक्तित्व लुइटेलले साहित्यिक र साहित्येतर दुवै क्षेत्रमा संलग्न रही दुवै क्षेत्रमा आफ्नो छुट्टै स्पष्ट पहिचान बनाइसकेका छन् । साहित्य क्षेत्रका स्रष्टा र द्रष्टा दुवै रूपमा सक्रिय लुइटेलको स्रष्टा व्यक्तित्व मूलतः निबन्ध र त्यसपछि क्रमशः कविता, कथा, भाषा, व्याकरण, कोश, बालसाहित्य, अनुवाद, प्रबन्ध आदि विविध विधासम्म फैलिएको छ भने द्रष्टा व्यक्तित्व समालोचक, समीक्षक, प्रवर्तक, प्राज्ञिक, अनुसन्धाता, नयाँ शब्द निर्माता, डायस्पोरा विज्ञ, साहित्यिक इतिहास लेखक, लोकवार्ताविज्ञानी, भूमिका लेखक, पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखक, सहलेखक, सम्पादक, संशोधक-परिमार्जक, कार्यपत्र प्रस्तोता, टिप्पणीकार, शोध तथा

सिर्जनापत्र निर्देशक, स्तम्भकार, साहित्यिक पत्रकार, आन्तरिक र बाह्य परीक्षक विभिन्न क्षेत्रमा फैलिएको छ । त्यसैगरी साहित्येतर व्यक्तित्वअन्तर्गत उनको व्यक्तित्व शिक्षक, प्राध्यापक, राजनीतिक, सामाजिक, सङ्गठक, संस्थापक, प्रखर र स्पष्टवक्ता, सल्लाहकार, निर्णायक, अन्तर्वार्तादाता, प्रमुख अतिथि, निर्भीक, राष्ट्रवादी, खेलाडी, अभिनेय, साहित्येतर लेखक, बहुभाषी, पर्यवेक्षक, शोध विशेषज्ञ, नेतृत्वदायी जस्ता विभिन्न क्षेत्रमा फैलिएको छ । खरो स्वभाव र स्पष्ट वक्ताका रूपमा चिनिने लुइटेल साहित्य सिर्जना, चिन्तन मनन तथा साहित्यिक तथा वैचारिक अध्ययनमा रुचि राख्ने गर्दछन् । झट्ट हेर्दा साधारण व्यक्तित्व देखिने लुइटेल वास्तवमा गम्भीर र स्वाभिमानी प्राध्यापक हुन् । कहीँ कतै कसैसँग पनि नझुक्ने, अन्यायलाई थोरै पनि नसहने निर्भीक स्वभाव उनको परिचय हो । भ्याएसम्म निजी क्याम्पस, माबि र उच्चमाविमा पढाउने प्राध्यापकका माझमा लुइटेल विश्वविद्यालयमा पढाएको समय बचेपछि अध्ययन अनुसन्धानमा लगाउँछन् । लेखन र प्राध्यापनमा अलगअलग सन्तुष्टि पाइने बताउने लुइटेल पढाउने तयारी गरेर विश्वविद्यालय पुग्दा कुनै कारणले पढाउन नपाउँदाको क्षणलाई दुखद ठान्छन् । विद्यार्थी जीवनदेखि वाम राजनीतिको नेतृत्व तहमा सक्रिय रहेर त्यसैमा भविष्य खोजिरहेका लुइटेल कसैको चुनौतीलाई ललकार्दै प्राध्यापन क्षेत्रमा लागेका हुन् । उनको स्पष्ट वक्ता व्यक्तित्व प्रखर छ र उनको कर्मशील जीवन अरूका लागि प्रेरणाप्रद छ ।[३७०] यी विभिन्न आधारमा हेर्दा साहित्य र साहित्येतर दुवै क्षेत्रमा सक्रिय लुइटेलको व्यक्तित्व सामान्य व्यक्तिको भन्दा पृथक् देखिन्छ ।

चौथो परिच्छेद *खगेन्द्रप्रसाद लुइटेलको साहित्ययात्रा* रहेको छ । यस परिच्छेदमा उनको सुरुदेखि हालसम्मको साहित्ययात्रा निरूपण गरिएको छ । सर्वप्रथम २०२९ सालको **रत्नज्योति** पत्रिकामा *विद्यार्थी* शीर्षकको कविताका माध्यमबाट साहित्यिक यात्रा प्रारम्भ गरेका लुइटेलका त्यसभन्दापछि २०४८ सालसम्म भने कुनै पनि साहित्यिक रचनाहरू प्रकाशित भएको पाइँदैन । उनले यस बीचमा केही कार्यपत्रहरू प्रस्तुत गरेका आधारमा हेर्दा उनी यस समयमा राजनीतितिर बढी सक्रिय रहेको देखिन्छ । २०४८ सालपछि भने नेपाली साहित्य र समालोचनाका क्षेत्रमा सक्रिय रूपमा देखापरेका लुइटेलका हालसम्ममा थुप्रै पुस्तकाकार कृति र फुटकर लेख रचनाहरू प्रकाशित भइसकेका छन् । विभिन्न साहित्यिक कृति र प्रवृत्तिका आधारमा लुइटेलको साहित्ययात्रालाई २०५७ साल अगि र त्यसभन्दापछि गरी दुई चरणमा विभाजन गरिएको छ । २०२९ सालदेखि २०५६ सालसम्मको समयलाई साहित्ययात्राको पहिलो चरण र २०५७ सालको *आशिष कविताको संरचनावादी विश्लेषण*को लेख प्रकाशित भएपछिको समयलाई दोस्रो चरण मानिएको छ र दुवै चरणका प्रवृत्ति केलाइएको छ ।

पहिलो चरणमा केही समालोचनात्मक पुस्तकाकार कृति, पाठ्यपुस्तक तथा फुटकर रूपमा निबन्ध, कथा, कविता, समालोचनाजस्ता क्षेत्रमा संलग्न लुइटेलले दोस्रो चरणमा आएर त्यसलाई निरन्तरता दिनाका साथै विभिन्न पत्रिकाहरूमा छरिएर रहेका निबन्धहरूलाई सङ्ग्रहका रूपमा प्रकाशित गर्ने कामसमेत गरेका छन् । यसै चरणमा उनले गौहाटी विश्वविद्यालयको एम.ए. नेपाली विषयको पाठ्यक्रम र पाठ्यपुस्तक समेत निर्माण गरेका छन् । साहित्य क्षेत्रका विविध विधामा कलम चलाए तापनि उनको मूल क्षेत्र भने समालोचना नै देखिएको छ । पहिलो चरणमा स्वदेशी पत्रिकाहरूमा मात्र उनका लेखहरू प्रकाशित हुने गरेकोमा दोस्रो चरणमा आएर उनका लेखरचनाहरू विभिन्न अन्तर्राष्ट्रिय स्तरका पत्रिकाहरू तथा **समकालीन साहित्य डटकम, पल्लव ई पत्रिका** जस्ता विभिन्न वेवसाइट प्रकाशित भएका छन् र उनका कतिपय लेखहरूलाई विभिन्न भाषाहरूमा

---

[३७०]. रमेश शुभेच्छु, पूर्ववत्, पृ. १२-१३ ।

अनुवाद गरेर समेत प्रकाशित गरिएको छ । उनको साहित्ययात्राको पहिलो चरणको मूल प्रवृत्ति वस्तुवादी, भाषावादी पद्धतिको प्रयोग गरी समालोचना लेख्नु र फुटकर रूपमा श्यामव्यङ्ग्यात्मक निबन्ध, नियात्रा, संस्मरण, प्रबन्ध आदिको सिर्जना, राष्ट्रिय स्तरको पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखन आदि तथा दोस्रो चरणको मूल प्रवृत्ति संरचनावादी समालोचनाको प्रवर्तन, विकास, विस्तार र मानक स्थापना एवं डायस्पोरिक र सांस्कृतिक समालोचनाको प्रवर्तन, निबन्धात्मक पुस्तकाकार कृतिको प्रकाशन, अन्तर्राष्ट्रिय स्तरको पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखन, कविता, कथा लेखन आदि रहेको देखिन्छ ।

पाँचौं परिच्छेद *खगेन्द्रप्रसाद लुइटेलका समालोचनात्मक कृति, फुटकर समालोचना र समीक्षाहरूको परिचयात्मक अध्ययन* रहेको छ । यस परिच्छेदमा लुइटेलका समालोचनासम्बन्धी पुस्तकाकार कृतिहरू, फुटकर समालोचना र पुस्तक समीक्षाहरूको परिचयात्मक अध्ययन प्रस्तुत गरिएको छ । २०४९ सालको **गरिमा** पत्रिकामा प्रकाशित *क्षेत्रप्रताप अधिकारी : जीवनवृत्त र कवित्वका आलोकमा* शीर्षकको लेखबाट सार्वजनिक रूपमा समालोचनात्मक लेखको प्रारम्भ गरेका लुइटेलको पहिलो प्रकाशित समालोचनात्मक कृति **शोधविधि** (२०५२) हो । सैद्धान्तिक समालोचनाका माध्यमबाट समालोचनात्मक कृतिको प्रकाशन प्रारम्भ गरी समालोचना लेखनलाई निरन्तरता दिएका लुइटेलका हालसम्ममा **आधुनिक नेपाली समालोचना**, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, **कविताको संरचनात्मक विश्लेषण**, **लोकवार्ताविज्ञान र लोकसाहित्य**, **नेपाली काव्य समालोचना**, **नेपाली नाट्य समालोचना**, **नेपाली निबन्ध समालोचना**, **उपन्यासको इतिहास**जस्ता एक दर्जनभन्दा बढी विविध विधाका समालोचनात्मक कृतिहरू प्रकाशित भइसकेका छन् । यी विविध विधाका कृतिहरूमा उनले सम्बन्धित विधाको सिद्धान्त पक्ष, विकासक्रमका साथै विभिन्न कृतिहरूको वस्तुवादी कोणबाट व्याख्या विश्लेषण गरेका छन् । सरल भाषाशैलीको प्रयोग गरी विषयवस्तुलाई सकेसम्म सूत्रात्मक रूपमा प्रस्तुत गरिएका लुइटेलका यी सबै समालोचनात्मक कृतिहरूमा संरचनावादी, वस्तुवादी पद्धतिको प्रयोग गरिएको पाइन्छ । प्रभाववादी समालोचनाको प्रयोग भइरहेको समयमा वस्तुवादी समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिको नेपाली साहित्यमा प्रवर्तन गरी त्यसै अनुरूप कृतिको विश्लेषण गरिएका लुइटेलका सबै समालोचनात्मक कृतिमा सिद्धान्त पक्षलाई अगाडि राखी त्यसैअनुरूप कृतिको विश्लेषण गरिएको पाइन्छ ।

समालोचनात्मक पुस्तकाकार कृतिबाहेक लुइटेलका हालसम्ममा दुई सयभन्दा बढी समालोचनात्मक फुटकर लेखहरू विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्रिकाहरूमा छरिएर रहेका छन् । ती लेखहरू कविता, व्यक्ति, संरचनावाद, नाटक/एकाङ्की, कथा, उपन्यास, लोकसाहित्य, निबन्ध, डायस्पोरा, सैद्धान्तिक, साहित्यिक इतिहास आदि विविध क्षेत्रसँग सम्बद्ध रहेका छन् । सरल र सहज भाषाशैलीको प्रयोग गरिएका लुइटेलका यी विभिन्न क्षेत्रसँग सम्बन्धित सबै लेखहरूमा वस्तुवादी, यथार्थवादी र सैद्धान्तिक पद्धतिको प्रयोग गरिएको पाइन्छ ।

खगेन्द्रप्रसाद लुइटेलले आफूभन्दा वरिष्ठ र कनिष्ठ दुवै प्रकारका व्यक्तिहरूका विविध विधाका प्रकाशित पुस्तकहरूको समीक्षासमेत गरेका छन् । व्यक्तिलाई नभएर कृतिलाई आधार मानी उक्त कृतिको समीक्षा गर्नुपर्ने बताउने लुइटेलले वस्तुपरक ढङ्गबाट उक्त कृतिहरूको विश्लेषण गरेको देखिन्छ । विभिन्न व्यक्तिका पुस्तकका बारेमा उनीद्वारा गरिएका समीक्षाहरूका आधारमा हेर्दा उनी यथार्थवादी, वस्तुवादी तथा तटस्थ समीक्षकका रूपमा देखिएका छन् ।

छैटौँ परिच्छेद *खगेन्द्रप्रसाद लुइटेलका भाषाविज्ञान, कोश र व्याकरणका कृतिहरूको परिचयात्मक अध्ययन* रहेको छ । यस परिच्छेदमा खगेन्द्रप्रसाद लुइटेलका भाषाविज्ञान, कोश र व्याकरणसँग सम्बन्धित पुस्तकाकार र फुटकर रचनाहरूको विभिन्न कोणबाट अध्ययन गरिएको छ । यस परिच्छेदमा उनीद्वारा लिखित भाषाविज्ञानसँग सम्बन्धित **ध्वनिविज्ञान र वर्णविज्ञान**, **कोशविज्ञान**, **पहरी भाषा संस्कृति**, **आधुनिक भाषाविज्ञान**जस्ता पुस्तकहरूका साथै कक्षा एकदेखि दससम्मको पाठ्यक्रमअनुरूप तयार पारिएको **नेपाली व्याकरण** शृङ्खलाका बारेमा पनि चर्चा गरिएको छ ।

सातौँ परिच्छेद *खगेन्द्रप्रसाद लुइटेलका पाठ्यपुस्तकहरूको परिचयात्मक अध्ययन* रहेको छ । यस परिच्छेदमा खगेन्द्रप्रसाद लुइटेलद्वारा विभिन्न तहको पाठ्यक्रमअनुरूप लेखिएका स्वदेशी एवं विदेशी पाठ्यपुस्तकहरूको बारेमा चर्चा गरिएको छ । विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरेका लुइटेलले स्वदेश एवं विदेश दुवैतिरका विविध विधासँग सम्बद्ध प्रशस्तै पाठ्यपुस्तकहरू लेखेका छन् । लुइटेलद्वारा लिखित **नेपाली कवि र कविता**, **नेपाली कविता र आख्यान**, **नेपाली गद्य**जस्ता पुस्तकहरू उच्च तहको पाठ्यक्रमअनुरूप तयार पारिएका छन् भने **हाम्रो नेपाली** र **मेरो नेपाली किताब**को शृङ्खला विद्यालय तहको पाठ्यक्रमअनुरूप तयार पारिएका छन् । यी सबै तहका पाठ्यपुस्तकहरूले पूर्ण रूपमा पाठ्यक्रमलाई समेट्नाका साथै विषयवस्तुको प्रस्तुति तहगत स्तर र क्षमताअनुरूप रहेको पाइन्छ ।

लुइटेलले विदेशी विश्वविद्यालयको पाठ्यक्रमअनुरूपका पाठ्यपुस्तकहरू पनि लेखेका छन् । उनीद्वारा लिखित **देवकोटापूर्वका नेपाली कविता**, **समपूर्वका नेपाली नाटक**, **लोकसाहित्य**जस्ता पुस्तकहरू गौहाटी विश्वविद्यालयको नेपाली एम.ए. तहको पाठ्यक्रमअनुरूप तयार पारिएका हुन् र यिनै पुस्तकहरू अनिवार्य रूपमा त्यहाँ पढाइ हुने गर्दछन् । उनले गौहाटी विश्वविद्यालयको एम.ए. तहको नेपाली विषयको पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखन दुवै गरेका छन् ।

आठौँ परिच्छेद *खगेन्द्रप्रसाद लुइटेलद्वारा सम्पादित, संशोधित-परिमार्जित र अनूदित कृतिहरूको परिचयात्मक अध्ययन* रहेको छ । यस परिच्छेदमा लुइटेलद्वारा सम्पादित, संशोधित-परिमार्जित र अनूदित कृतिहरूको बारेमा चर्चा गरिएको छ । उनले **सनत रेग्मीका प्रतिनिधि कथा**, **डा.बल्लभमणि दाहालका भाषिक चिन्तन**, **डा.बल्लभमणि दाहालका रचनाहरू**, **हरिहर शास्त्रीका प्रमुख कविता**, **बरालको आँसु**जस्ता विभिन्न व्यक्तिका विविध विधाका लेख रचनाहरूलाई समेटी पुस्तककार कृतिको रूपमा सम्पादन गरेका छन् । यसका साथै उनले नेपाली **प्रकृति प्रत्यय कोश**को सम्पादन र **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जन पनि गरेका छन् । पाठ्यक्रम विकास केन्द्रको विषय समितिमा रहेर २०५४ सालदेखि २०५९ सालसम्ममा विद्यालय तहका नेपाली पाठ्यपुस्तकहरूको संशोधन-परिमार्जनमा उल्लेख्य भूमिका निर्वाह गरेका लुइटेलले **गाइड** नामक अङ्ग्रेजी उपन्यासलाई नेपालीमा अनुवाद पनि गरेका छन् । यो परिच्छेद यिनै सम्पादित, संशोधित-परिमार्जित र अनूदित कृतिहरू बारेको अध्ययनमा केन्द्रित रहेको छ ।

नवौँ परिच्छेद *खगेन्द्रप्रसाद लुइटेलका निबन्धात्मक कृतिको परिचयात्मक अध्ययन* रहेको छ । यस परिच्छेदमा लुइटेलका पुस्तकाकार रूपमा प्रकाशित निबन्धात्मक र प्रबन्धात्मक कृतिहरू र विभिन्न पत्रिकाहरूमा प्रकाशित फुटकर निबन्ध, प्रबन्ध, व्यक्तिसंस्मरणहरूको बारेमा चर्चा गरिएको छ । २०४८ सालबाट निबन्ध लेखन प्रारम्भ गरी यस क्षेत्रमा सक्रिय रूपमा देखापरेका लुइटेलको आफूले देखे, भोगेका र सुनेका राजनैतिक, साञ्चारिक, शैक्षिक, सामाजिक अदि विविध क्षेत्रका विकृति र विसङ्गतिहरूलाई स्मित

हाँसोसहित तीब्र व्यङ्ग्य गरिएको **चाउरिउको जिन्दगी** श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह पनि प्रकाशित छ । यस सङ्ग्रहमा सङ्गृहीत निबन्धहरू हामी आफैंले भोगेका, देखेका र अनुभव गरेका घटनाहरूसँग सम्बन्धित रहेका छन् । यसका साथै जीवनका विभिन्न प्रयोजनअनुरूप देश विदेशका विभिन्न स्थानको भ्रमण गरेका समयमा घटेका घटनाक्रमहरूलाई जस्ताको तस्तै प्रस्तुत गरिएको उनको **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रह प्रकाशित छ । विभिन्न पत्रिकाहरूमा प्रकाशित भइसकेका निबन्ध तथा नियात्राहरूलाई सङ्गृहीत गरी सङ्ग्रहको रूप दिइएका यी दुई निबन्ध सङ्ग्रहबाहेक उनका केही निबन्ध तथा प्रबन्धहरू अहिले पनि विभिन्न पत्रपत्रिकाहरूमा छरिएकै अवस्थामा छन् । डा. तारानाथ शर्माले **बार वर्षपछि हनिमुन** नियात्रासङ्ग्रहको मन्तव्यमा भनेझैं उनका नियात्राहरू पढ्दै जाँदा उक्त नियात्राहरूको प्रस्तुतिको शैलीले गर्दा आफू पनि त्यस यात्रामा सामेल भएको छु कि भन्ने भान गराउँछन् । नेपाली भाषा संस्कृति र नेपाली जातिप्रति गम्भीर देखिएका लुइटेलका निबन्धको भाषा चोखो नेपाली र सरल किसिमको रहेको हुँदा पनि उनका निबन्धहरू पठनीय रहेका छन् । यसका साथै लुइटेलका थुप्रै प्रबन्धहरू पनि प्रकाशित छन् । उनीद्वारा रचित प्रबन्धहरू विभिन्न संस्कृति, सरकारी र निजी विद्यालयको वर्तमान अवस्था, राष्ट्रिय गान आदि विविध क्षेत्रसँग सम्बन्धित रहेका छन् ।

दसौँ परिच्छेद *साहित्यिक र साहित्येतर क्षेत्रमा खगेन्द्रप्रसाद लुइटेलको योगदान* रहेको छ । यस परिच्छेदमा उनको साहित्यका विविध विधामा रहेको योगदानको बारेमा चर्चा गरिएको छ । मूलतः समालोचना क्षेत्रमा सक्रिय लुइटेलले नेपाली साहित्यमा संरचनावादी समालोचना पद्धतिको प्रारम्भ गर्नाका साथै यसको विकास र विस्तार समेत गरेका छन् । यसैगरी निबन्ध क्षेत्रमा श्यामव्यङ्ग्य शब्दको प्रयोग गरी त्यसै अनुरूपको श्यामव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह प्रकाशित गरेका छन् । यस परिच्छेदमा समालोचनात्मक लेखन, अनुसन्धान, साहित्यिक इतिहास लेखन, डायस्पोरा, शैक्षिक-प्राज्ञिक, पाठ्यपुस्तक लेखन, सम्पादन र संशोधन-परिमार्जन, निबन्ध-प्रबन्ध लेखन, शिक्षण प्राध्यापनजस्ता विविध क्षेत्रमा रहेको उनको योगदानको बारेमा चर्चा गरिएको छ ।

एघारौँ परिच्छेदमा शोधपत्रको सार प्रस्तुत गरिएको छ । यसमा खगेन्दप्रसाद लुइटेलको जीवनी, व्यक्तित्व र कृतित्व सबै पाटोको सार प्रस्तुत गरिएको छ । विभिन्न परिच्छेदमा प्रस्तुत भएको विषयवस्तुको मुख्य कुरालाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

११.२ निष्कर्ष

समग्रमा भन्दा नेपाली साहित्य र समालोचना क्षेत्रमा अनुसन्धानमूलक लेखन तथा शिक्षण प्राध्यापन गर्दै आएका खगेन्द्रप्रसाद लुइटेल नेपाली साहित्यका एक वरिष्ठ वस्तुवादी तथा सैद्धान्तिक समालोचक हुन् । जीवनका विविध घटना, व्यक्तित्वको उत्कृष्ट क्षमता र कृतिको परिवर्तनकारी र विकासकारी भूमिकाले उनी सशक्त साधक र वरिष्ठ प्राज्ञका रूपमा स्थापित भएका छन् । प्रभाववादी समालोचना पद्धतिको प्रयोग भइरहेको समयमा वस्तुवादी, यथार्थवादी समालोचना पद्धति संरचनावादी समालोचना पद्धतिको प्रवर्तन गरी त्यसैअनुरूप कृतिको विश्लेषण गर्ने लुइटेलको नेपाली समालोचनाका क्षेत्रमा महत्वपूर्ण योगदान रहेको छ । यसका साथै उनले विद्यालय तहदेखि विश्वविद्यालयसम्मको पाठ्यक्रम तथा पाठ्यपुस्तकसमेत निर्माण गरेका छन् । उनको प्राथमिक तहदेखि विश्वविद्यालय तहसम्मको पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखनमा विशिष्ट योगदान रहेको छ । तहगत स्तरलाई ध्यानमा राखेर वस्तुगत ढंगबाट आधिकारिक र प्रामाणिक पाठ्यपुस्तकका

रूपमा राष्ट्रिय स्तरमा मात्र नभई अन्तराष्ट्रिय स्तरमा समेत ख्याति कमाइसकेका छन् ।[३७१] डा. लुइटेलका प्रकाशित पुस्तकहरूमध्ये केही पुस्तक अनुसन्धानको सैद्धान्तिक पक्षसँग, केही भाषाविज्ञानसँग, केही नेपाली व्याकरणसँग, केही समालोचना विधासँग तथा केही पुस्तकहरू नेपाली कविताको सैद्धान्तिक र ऐतिहासिक पक्षसँग सम्बन्धित रहेका छन् ।[३७२] लुइटेलले नेपाली निबन्धका क्षेत्रमा श्यामव्यङ्ग्यात्मक निबन्ध लेखनको थालनीसमेत गरेका छन् । पाश्चात्य साहित्यमा बीसौँ साहित्यको उत्तरार्धतिरका आख्यान र नाटकमा टङ्कारो रूपमा देखापरेको श्यामव्यङ्ग्यलाई समालोचक लुइटेलले सर्वप्रथम नेपाली साहित्यमा चर्चा र प्रयोग गरेका छन् ।[३७३] भाषासाहित्य क्षेत्रबाहेक उनले सुरक्षा क्षेत्रमा प्रचलित थुप्रै शब्दहरूको समेत निर्माण गरेका छन् । उनी विविध क्षेत्रका थुप्रै सङ्घसंस्थाहरूमा समेत आबद्ध रही ती क्षेत्रमा महत्वपूर्ण योगदान दिएका लुइटेल देशभक्त, राष्ट्रवादी चिन्तकसमेत रहेका छन् । सम्पादन, संयोजन र समालोचनात्मक सिर्जनाका फाँटमा लुइटेलको महत्वपूर्ण योगदान रही आएको छ । [३७४] अनुसन्धाता एवं वस्तुनिष्ठ समालोचक खगेन्द्रप्रसाद लुइटेल आफ्नो प्रतिभा र परिश्रमले छोटो अवधिमा नै नेपाली वाङ्मयका क्षेत्रमा स्थापित र प्रतिष्ठित भइसकेका छन् । [३७५] उनी नेपाली साहित्यका विविध विधा, विषय र क्षेत्रमा नवीनतम् किसिमका गहन र अनुसन्धानात्मक ग्रन्थ लेखनमा आफ्नो विशिष्ट पहिचान बनाएर स्थापित भइसकेका वाङ्मय साधक हुन् ।[३७६] उनी एक अध्ययनशील अनुसन्धाता र लेखकजीवी युवा व्यक्तित्व हुन् । अत्यन्तै जाँगरिला र निडर लेखक हुन् । निरन्तर लेखनमा लागिपर्नु उनको विशेषता हो । संरचनावादी दृष्टिकोणका साथै ऐतिहासिक, अन्वेषणात्मक र विधा केन्द्रीयतालाई समालोचनात्मक प्रवृत्ति बनाएका छन् ।[३७७] सदैव सकरात्मक सोच राख्न पाए जीवन प्रफुल्लित बन्छ र सफलताको सिँढीमा चढ्न सजिलो हुन्छ भन्ने विचार दृष्टि बोकेर जीवनपथमा लम्किएका यिनी नेपाली समालोचनालाई स्वस्थ दिशा दिने प्रयासमा तल्लिन छन् ।[३७८] राजेन्द्र सुवेदीले **नेपाली समालोचना परम्परा र प्रवृत्ति** नामक पुस्तकमा लुइटेललाई प्रभाववादी समालोचकका सूचीमा राखेको र उनकै सम्पादनमा प्रकाशित **रत्न बृहत् समालोचना**मा संरचनावादी र वस्तुवादी समालोचकका रुपमा प्रस्तुत गरेका छन् । यस्ता विरोधाभाषपूर्ण कुरा देखिए पनि यिनी प्रभाववादी समालोचक नभएर वस्तुवादी समालोचक नै हुन् ।

---

[३७१]. पैरवी प्रकाशन, *प्रकाशकीय,* खगेन्द्रप्रसाद लुइटेल, **नेपाली निबन्ध समालोचना**, (काठमाडौँ : पैरवी प्रकाशन, २०६८) ।

[३७२]. माधवप्रसाद पाण्डेय, *कविता विधामा आधुनिक विस्फोट,* **स्पेसटाइम**, (२०६० वैशाख १९), पृ. ६ ।

[३७३]. यादव भण्डारी, *खगेन्द्रप्रसाद लुइटेलको समालोचना कला,* **हिमालय टाइम्स**, (२०५८ भदौ २३), पृ.४ ।

[३७४]. युवराज नयाँघरे, *लुइटेलको समालोचना : केही प्रश्नहरू,* **जनभावना साप्ताहिक**, (२०५८ बैशाख १७), पृ.७ ।

[३७५]. माधवप्रसाद पाण्डेय, *लुइटेलको कोशविज्ञान वैज्ञानिक दृष्टिकोण,* **राजधानी**, (२०५८ असोज २५), पृ. ७ ।

[३७६]. लक्ष्मणप्रसाद गौतम, *लोकवाङ्मयको मानक ग्रन्थ,* **मधुपर्क**, (३९/१०, २०६४ फागुन), पृ. १९ ।

[३७७]. सुकुम शर्मा, *कविता सिद्धान्त र नेपाली कविताको इतिहासका सन्दर्भमा डा. खगेन्द्रप्रसाद लुइटेलको समालोचकीयता,* **समकालीन साहित्य**, (१४/३, २०६१ वैशाख-असार), पृ. ७६-८१ ।

[३७८]. *दीपा जनमत सम्मान २०६४,* **जनमत**, (२६/१, २०६५ माघ), पृ. १५ ।

खगेन्द्रप्रसाद लुइटेलको समालोचनात्मक प्रवृत्तिबारे लेखिएको निम्नलिखित अभिव्यक्ति उल्लेखनीय रहेको छ :[३७९]

> खगेन्द्रप्रसाद लुइटेलले पूर्वीय पाश्चात्य साहित्य सिद्धान्त, शोध सिद्धान्त, संरचनावादी सिद्धान्त आदि प्रकृतिका सैद्धान्तिक समालोचना र ऐतिहासिक, कृतिपरक, भाषापरक, अन्तर्विषयक, बहुलवादी आदि प्रकृतिका प्रायोगिक समालोचना लेखेका छन् । संरचनावादी र विधातmव केन्द्रित एउटै प्रारूपभित्र प्रायोगिक समालोचना लेखन, सैद्धान्तिक र लोकसाहित्यिक अनुसन्धान, वस्तुनिष्ठ भाषाको प्रयोग, अनुसन्धानमूलक, विश्लेषणात्मक र वर्णनात्मक विधिको अवलम्बन र कृतिको सौन्दर्यको मूल्य निरूपण एवं स्पष्ट दृष्टिकोण आदि उनका समालोचनामा पाइने विशेषता हुन् । आधुनिक र नवीन मान्यतामा आधारित समालोचना लेख्ने लुइटेलका समालोचना वस्तुगत छन् । उनले धेरै शैक्षणिक समालोचना पनि लेखेका छन् । उनका समालोचनामा पाइने प्रमुख प्रवृत्तिगत विशेषता यसप्रकार छन् :
>
> १. जीवनी, व्यक्तित्व र कृतिपरक समालोचनाका साथै क्रमशः वस्तुवादी समालोचनातिरको अभिमुखता तथा विषयगत स्पष्टता,
> २. संरचनावादी समालोचनाको सैद्धान्तिक निरूपण र प्रायोगिक विश्लेषण तथा मूलतः संरचनावादी पद्धतिको अवलम्बन,
> ३. सैद्धान्तिक र प्रायोगिक दुवै किसिमका समालोचना लेखनका साथै प्रायोगिक समालोचनामा कृतिपरक, प्रवृत्तिपरक र ऐतिहासिक समालोचना लेखन,
> ४. अन्तर्विषयक र बहुलवादी समालोचना लेखनका साथै पाश्चात्य साहित्य सिद्धान्तको अवलम्बन,
> ५. वर्णनात्मक, विश्लेषणात्मक, तुलनात्मक, अनुसन्धानात्मक आदि विधिको अवलम्बनका साथै वस्तुनिष्ठ भाषाको प्रयोग र विषयलाई सरल भाषामा सम्प्रेषणीय बनाउने प्रवृत्ति आदि ।

माथिका सबै पक्षको अध्ययन गर्दा खगेन्द्रप्रसाद लुइटेलका साहित्यिक तथा समालोचनात्मक प्रवृत्तिहरू निम्नलिखित रहेका देखिन्छन् :

- संरचनावादी समालोचना पद्धतिका प्रवर्तन, विकास र मानक स्थापना,
- डायस्पोरिक र सांस्कृतिक समालोचनाको प्रारम्भकर्ता,
- सैद्धान्तिक र वस्तुपरकताका साथै ऐतिहासिक समालोचक,
- यथार्थवादी दृष्टिकोण प्रस्तुत,
- व्याख्याभन्दा सूत्रात्मकतामा जोड,
- अन्वेषणात्मक तथा खोजमूलक समालोचक,
- स्तरअनुरूपका उपयुक्त पाठ्यपुस्तक लेखन,
- विभिन्न तहका पाठ्यपुस्तकमा स्तरअनुरूपको सरल र सहज भाषाशैलीको प्रयोग,

---

[३७९]. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, सम्पा., **रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड**, (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६८), पृ. ५९२ ।

- सिद्धान्तमा आधारित प्रायोगिक समालोचक,
- वैज्ञानिक वस्तुवादी दृष्टिकोण,
- विश्लेषणात्मक शोधनिष्ठ भाषाको प्रयोगकर्ता र स्पष्ट दृष्टिकोण,
- विधापरक इतिहास लेखन,
- श्यामव्यङ्ग्यात्मक निबन्धलेखनको थालनीकर्ता
- राष्ट्रवादी चिन्तनका साथ नियात्रा लेखन,
- संस्मरण, प्रबन्ध आदिको सिर्जना आदि ।

११.३ सम्भाव्य शोधशीर्षकहरू

बहुमुखी प्रतिभाशाली व्यक्तित्व एवं विभिन्न प्रवृत्तियुक्त विविध विधाका अत्यधिक कृतिका स्रष्टा खगेन्द्रप्रसाद लुइटेलका प्रशस्त समालोचनात्मक कृतिहरू, निबन्ध सङ्ग्रह, विभिन्न तहका पाठ्यपुस्तक प्रकाशित हुनाका साथै थुप्रै लेखरचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका अवस्थामा छन् । यति धेरै कृतिका स्रष्टा लुइटेलको समग्र पक्षलाई यस शोधपत्रमा समेट्न सकिएको छैन । यस शोधपत्रका सबै परिच्छेदहरू परिचयात्मक प्रकारका रहेका छन् । उनका लेखनको सबै पक्ष र प्रकाशित सबै कृतिहरूको विस्तृत विश्लेषण एउटै शोधपत्रमा अटाउन सम्भव नभएकाले यस शोधपत्रमा उनका प्रकाशित पुस्तकाकार कृति र पत्रपत्रिकामा प्रकाशित फुटकर लेख रचनाहरूको परिचयात्मक रूपमा मात्र विषयवस्तु प्रस्तुत गरिएको छ। पुस्तकाकार र पत्रपत्रिकामा प्रकाशित रचनाबाहेक अनलाइनमा प्रकाशित उपलब्ध भएसम्मका लेखरचनाहरूको भने नाम मात्र दिइएको छ, विश्लेषण गरिएको छैन । उनका प्रकाशित केही समालोचनात्मक कृतिहरू कृतिपरक अध्ययन गर्न सकिने किसिमका रहेका छन् । यस शोधपत्र अगि खगेन्द्रप्रसाद लुइटेलको विषयमा कुनै पनि शोधपत्र तयार नभएको तथा यस शोधपत्रले पनि सबै पक्षलाई विस्तृत रूपमा समेट्न नसकेको हुँदा यो शोधपत्रभन्दा पछि निम्नानुसारका शीर्षकहरूमा केन्द्रित भएर उनका बारेमा थप शोधपत्रहरू तयार पार्न सकिने छ :

१. खगेन्द्रप्रसाद लुइटेलको समालोचनाकारिता,
२. खगेन्द्रप्रसाद लुइटेलको निबन्धकारिता,
३. खगेन्द्रप्रसाद लुइटेलका फुटकर समालोचनाहरूको अध्ययन,
४. खगेन्द्रप्रसाद लुइटेलको **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**को कृतिपरक अध्ययन,
५. खगेन्द्रप्रसाद लुइटेलको **कविताको संरचनात्मक विश्लेषण**को कृतिपरक अध्ययन,
६. खगेन्द्रप्रसाद लुइटेलको **नेपाली उपन्यासको इतिहास**को कृतिपरक अध्ययन,
७. खगेन्द्रप्रसाद लुइटेलद्वारा सम्पादित कृतिहरूको कृतिपरक अध्ययन,
८. खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित स्वदेशी पाठ्यपुस्तकहरूको अध्ययन,
९. खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित विदेशी विश्वविद्यालयका पाठ्यपुस्तकहरूको अध्ययन आदि ।

सन्दर्भ सामग्रीसूची

१. पुस्तकसूची

अधिकारी, बाबुराम, **समालोचनाको सिद्धान्त र नेपाली समालोचना**, काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०६१ ।

अधिकारी, बालाकृष्ण, **नेपाली साहित्यको काल विभाजन : ऐतिहासिक विश्लेषण**, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६९ ।

अनेसास, **नेपाली डायस्पोराका पुरस्कारहरूको सिंहावलोकन**, अमेरिका : अनेसास, २०६४ ।

काफ्ले, हरिप्रसाद, सम्पा., **बोस्टन चौतारी** अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज बोस्टन च्याप्टर, २०७१ ।

एटम, नेत्र, **समालोचनाको स्वरूप**, ललितपुर : साझा प्रकाशन, २०६१ ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताका प्रवृत्ति**, काठमाडौँ : पैरवी प्रकाशन, २०६६ ।

....., **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना**, दोस्रो संस्क., काठमाडौँ : ओरिएन्टल पब्लिकेसन प्रा.लि., २०७० ।

दुवाल, मोहन, सङ्क./सम्पा., **अक्षरभित्र : स्रष्टाहरु खण्ड १**, बनेपा : जनमत प्रकाशन, २०६७ ।

नेपाल, शैलेन्दुप्रकाश, सम्पा., **मुनामदन समालोचना**, काठमाडौँ : महाकवि देवकोटा शताब्दी महोत्सव, २०६६ ।

प्रभात, विष्णु, सम्पा., **साहित्यकार-कलाकार परिचय कोश**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०७० ।

पोखेल, केशवराज, **नेपाली समालोचना र प्रतिनिधि समालोचक**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५८ ।

पौड्याल, एकनारायण, **आधुनिक नेपाली समालोचनाको इतिहास**, चितवन: विमर्श नेपाल, २०७० ।

भट्टराई, घटराज, **नेपाली लेखक कोश**, काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६ ।

लुइटेल, खगेन्द्रप्रसाद, अनु., **गाइड**, नारायण, आर. के., काठमाडौँ : साहित्यगुठी, २०४९ ।

....., सम्पा., **नेपाली प्रकृति प्रत्यय कोश**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५३ ।

....., **नेपाली एकाङ्की**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५४ ।

....., **नेपाली कवि र कविता**, काठमाडौँ : विभु ऋभु प्रकाशन, २०५४ ।

....., **नेपाली कविता**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५४ ।

....., **नेपाली निबन्ध,** काठमाडौँ : नवीन प्रकाशन, २०५४ ।

....., **नेपाली कविता र आख्यान**, काठमाडौँ : नवीन प्रकाशन, २०५५ ।

....., **नेपाली गद्य र भाषासाहित्य**, काठमाडौँ : नवीन प्रकाशन, २०५५ ।

....., **नेपाली गद्य, भाषासाहित्य र इतिहास**, काठमाडौँ : नवीन प्रकाशन, २०५५ ।

....., **नेपाली कविता, नाटक र इतिहास**, काठमाडौँ : नवीन प्रकाशन, २०५६ ।

....., **आधुनिक नेपाली समालोचना**, काठमाडौँ : ने.रा.प्र.प्र., २०५७ ।

....., **भाषासाहित्य सिद्धान्त**, काठमाडौँ : कलम प्रकाशन, २०५७ ।

....., **कोशविज्ञान**, काठमाडौँ : प्रस्तुति प्रकाशन, २०५८ ।

....., **पहरी भाषा संस्कृति**, ललितपुर : मदन पुरस्कार गुठी, २०५९ ।

....., **आधुनिक भाषाविज्ञान**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

....., **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौँ : ने.रा.प्र.प्र., २०६० ।

....., **नेपाली काव्य र साहित्य**, काठमाडौँ : नवीन प्रकाशन, २०६० ।

....., **नेपाली गद्य**, काठमाडौँ : नवीन प्रकाशन, २०६० ।

....., **नेपाली भाषा व्याकरण र नाटक**, काठमाडौँ : नवीन प्रकाशन, २०६० ।

....., सम्पा., **सनत रेग्मीका प्रतिनिधि कथा**, काठमाडौँ : ने.रा.प्र.प्र., २०६० ।

....., सम्पा., **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन**, काठमाडौँ : रत्न पुस्तक भण्डार २०६१ ।

....., **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौँ : ने.रा.प्र.प्र., २०६१ ।

....., **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

....., **प्रयोजनपरक विशेष नेपाली**, काठमाडौँ : नवीन प्रकाशन, २०६२ ।

....., सम्पा., **डा. बल्लभमणि दाहालका रचनाहरू**, काठमाडौँ : डा. सुभद्रा सुब्बा दाहाल, २०६३

....., **लोकवार्ताविज्ञान र लोकसाहित्य**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

....., **नेपाली काव्य समालोचना**, काठमाडौँ : पैरवी प्रकाशन, २०६७ ।

....., **नेपाली गीत गजल भाग १**, ललितपुर : साझा प्रकाशन, २०६७ ।

....., **नेपाली नाट्य समालोचना**, काठमाडौँ : पैरवी प्रकाशन, २०६७ ।

....., **आधुनिक नेपाली साहित्यको इतिहास**, असम : गौहाटी युनिभर्सिटी, सन् २०१० ।

....., **देवकोटाउत्तरका नेपाली कविता**, असम : गौहाटी युनिभर्सिटी, सन् २०१० ।

....., **देवकोटापूर्वका नेपाली कविता**, असम : गौहाटी युनिभर्सिटी, सन् २०१० ।

....., **पूर्वआधुनिक नेपाली साहित्यको इतिहास**, असम : गौहाटी युनिभर्सिटी, सन् २०१० ।

....., **मोहन कोइरालाउत्तरका नेपाली कविता**, असम : गौहाटी युनिभर्सिटी, सन् २०१० ।

....., **समपूर्वका नेपाली नाटक**, असम : गौहाटी युनिभर्सिटी, सन् २०१० ।

....., **समउत्तरका नेपाली नाटक**, असम : गौहाटी युनिभर्सिटी, सन् २०१० ।

....., **पाश्चात्य साहित्य र समालोचना सिद्धान्त**, असम : गौहाटी युनिभर्सिटी, सन् २०११ ।

....., **पूर्वीय साहित्य सिद्धान्त**, असम : गौहाटी युनिभर्सिटी, सन् २०११ ।

....., **देवकोटापूर्वका नेपाली आख्यानेत्तर गद्य**, असम : गौहाटी युनिभर्सिटी, सन् २०११ ।

....., **लोकसाहित्य**, असम : गौहाटी युनिभर्सिटी, सन् २०११ ।

....., **चाउरिएको जिन्दगी**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६८ ।

....., **नेपाली निबन्ध समालोचना**, काठमाडौँ : पैरवी प्रकाशन, २०६८ ।

....., **पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६८ ।

....., **बार वर्षपछि हनिमुन**, काठमाडौँ : पैरवी प्रकाशन, २०६८ ।

....., **लोकसाहित्य परिचय**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६८ ।

....., **नेपाली उपन्यासको इतिहास**, काठमाडौँ : ने.रा.प्र.प्र. २०६९ ।

....., सम्पा., **बरालको आँसु**, ललितपुर : साझा प्रकाशन, २०६९ ।

....., सम्पा., **हरिहर शास्त्रीका प्रमुख कविता**, काठमाडौँ : शास्त्रीमार्ग टोल उपभोक्ता समिति, २०६९ ।

.....र अन्य, **ध्वनिविज्ञान र वर्णविज्ञान**, काठमाडौँ : नवीन प्रकाशन, २०५३ ।

.....र अन्य, संशो.-परि., **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५३ ।

.....र अन्य, संशो.-परि., **हाम्रो नेपाली किताब** कक्षा ८, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, २०५४ ।

.....र अन्य, संशो.-परि., **हाम्रो नेपाली किताब** कक्षा ९, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, २०५६ ।

.....र अन्य, संशो.-परि., **हाम्रो नेपाली किताब** कक्षा १०, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, २०५६ ।

.....र अन्य, संशो.-परि., **हाम्रो नेपाली किताब** कक्षा ६, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, २०५८ ।

.....र अन्य, **शोधविधि**, चौथो संस्क. ललितपुर : साझा प्रकाशन, २०६६ ।

.....र लुइटेल, लीला, **हाम्रो नेपाली** कक्षा नर्सरी, काठमाडौँ : पालुवा प्रकाशन, २०६४ ।

.....र लुइटेल, लीला, **हाम्रो नेपाली** कक्षा एल केजी, काठमाडौँ : पालुवा प्रकाशन, २०६४ ।

.....र लुइटेल, लीला, **हाम्रो नेपाली** कक्षा यु केजी, काठमाडौँ : पालुवा प्रकाशन, २०६४ ।

.....र लुइटेल, लीला, **हाम्रो नेपाली** कक्षा १, काठमाडौँ : पालुवा प्रकाशन, २०६४ ।

.....र लुइटेल, लीला, **हाम्रो नेपाली** कक्षा २, काठमाडौँ : पालुवा प्रकाशन, २०६४ ।

.....र लुइटेल, लीला, **हाम्रो नेपाली** कक्षा ३, काठमाडौँ : पालुवा प्रकाशन, २०६४ ।

.....र लुइटेल, लीला, **हाम्रो नेपाली** कक्षा ४, काठमाडौँ : पालुवा प्रकाशन, २०६४ ।

.....र लुइटेल, लीला, **हाम्रो नेपाली** कक्षा ५, काठमाडौँ : पालुवा प्रकाशन, २०६४ ।

.....र लुइटेल, लीला, **हाम्रो नेपाली** कक्षा ६, काठमाडौँ : पालुवा प्रकाशन, २०६४ ।

.....र लुइटेल, लीला, **हाम्रो नेपाली** कक्षा ७, काठमाडौँ : पालुवा प्रकाशन, २०६४ ।

.....र लुइटेल, लीला, **हाम्रो नेपाली** कक्षा ८, काठमाडौँ : पालुवा प्रकाशन, २०६४ ।

....., **नेपाली व्याकरण** कक्षा १, काठमाडौँ : रिडमोर प्रकाशन, २०६६ ।

....., **नेपाली व्याकरण** कक्षा २, काठमाडौँ : रिडमोर प्रकाशन, २०६६ ।

....., **नेपाली व्याकरण** कक्षा ३, काठमाडौँ : रिडमोर प्रकाशन, २०६६ ।

....., **नेपाली व्याकरण** कक्षा ४, काठमाडौँ : रिडमोर प्रकाशन, २०६६ ।

....., **नेपाली व्याकरण** कक्षा ५, काठमाडौँ : रिडमोर प्रकाशन, २०६६ ।

....., **नेपाली व्याकरण** कक्षा ६, काठमाडौँ : रिडमोर प्रकाशन, २०६६ ।

....., **नेपाली व्याकरण** कक्षा ७, काठमाडौँ : रिडमोर प्रकाशन, २०६६ ।

....., **नेपाली व्याकरण** कक्षा ८, काठमाडौँ : रिडमोर प्रकाशन, २०६६ ।

....., **नेपाली व्याकरण** कक्षा ९-१०, काठमाडौँ : रिडमोर प्रकाशन, २०६६ ।

....., **मेरो नेपाली किताब** कक्षा नर्सरी, काठमाडौँ : एसिया पब्लिकेसन प्रा.लि. २०७० ।

....., **मेरो नेपाली किताब** कक्षा एल केजी, काठमाडौँ : एसिया पब्लिकेसन प्रा.लि. २०७० ।

....., **मेरो नेपाली किताब** कक्षा यु केजी, काठमाडौँ : एसिया पब्लिकेसन प्रा.लि. २०७० ।

....., **मेरो नेपाली किताब** कक्षा १, काठमाडौँ : एसिया पब्लिकेसन प्रा.लि. २०७० ।

....., **मेरो नेपाली किताब** कक्षा २, काठमाडौँ : एसिया पब्लिकेसन प्रा.लि. २०७० ।

....., **मेरो नेपाली किताब** कक्षा ३, काठमाडौँ : एसिया पब्लिकेसन प्रा.लि. २०७० ।

....., **मेरो नेपाली किताब** कक्षा ४, काठमाडौँ : एसिया पब्लिकेसन प्रा.लि. २०७० ।

....., **मेरो नेपाली किताब** कक्षा ५, काठमाडौँ : एसिया पब्लिकेसन प्रा.लि. २०७० ।

....., **मेरो नेपाली किताब** कक्षा ६, काठमाडौँ : एसिया पब्लिकेसन प्रा.लि. २०७० ।

....., **मेरो नेपाली किताब** कक्षा ७, काठमाडौँ : एसिया पब्लिकेसन प्रा.लि. २०७० ।

....., *बालकृष्ण सम : इच्छा कविताका सन्दर्भमा,* **रजनीमाला**, सम्पा., बराल, कृष्णहरि, काठमाडौँ : रजनी प्रकाशन, २०५६ ।

....., *नेपाली वाक्यांश, वाक्पद्धति इत्यादिको कोषको संरचनात्मक विश्लेषण,* **पुष्करशमशेर स्मृतिग्रन्थ**, सम्पा., कोइराला, जीवनचन्द्र, काठमाडौँ : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०५८ ।

....., *समका नाटकमा सांस्कृतिक दृष्टिकोण,* **सम शतवार्षिकी स्मारिका**, सम्पा., थापा, हिमांशु र अन्य, काठमाडौँ : ने.रा.प्र.प्र. २०६० ।

....., *ध्रुवचन्द्रको बाँस,* **साठी वर्षमा हृदयाघात तथा कथा दृष्टिकोण**, सम्पा., नीरव रोशन, थापा, काठमाडौँ : प्रतिभा प्रकाशन, २०६० ।

....., **हितैषी** बाहिर र भित्र, **कालो अक्षरदेखि सग्लो अक्षरसम्म**, सम्पा., प्रसाईं, नरेन्द्रराज र प्रसाईं इन्दिरा, काठमाडौँ : नइ प्रकाशन, २०६० ।

....., *नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान,* **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम**, सम्पा, पौडेल, खुमनारायण र अन्य, चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०६० ।

....., *गिरीशबल्लभ जोशीको वीरचरित्र र नेपाली उपन्यासको सय वर्ष,* **नेपाली उपन्यास शतवार्षिकी स्मारिका**, सम्पा., रेग्मी, सनत र अन्य, काठमाडौँ : नेराप्रप्र, २०६० ।

....., *शरद्का चन्द्र,* **शरद्चन्द्र भट्टराईको इतिवृत्त**, सम्पा., प्रसाईं, इन्दिरा र प्रसाईं इन्दिरा, काठमाडौँ : श्रीमती कमला शर्मा, २०६२ ।

....., *दाहाल सरलाई श्रद्धाका दुई थोपा आँसु,* **कृति र स्मृतिमा डा. बल्लभमणि दाहाल**, सम्पा., उप्रेती, गंगाप्रसाद र पौडेल, हेमनाथ, काठमाडौँ : सगरमाथा मल्टिपल कलेज, २०६३ ।

....., *बर्बरहरू कविता बुझ्दैनन् को संरचना विश्लेषण,* **स्रष्टा नरेन्द्रराज पौडेल द्रष्टाहरूका आँखामा**, सम्पा., विनोदी, गोविन्दराज, चितवन : कालिका एफ.एम. प्रा.लि., २०६३ ।

....., *सनत रेग्मीको कथाशिल्प,* **सनत रेग्मी : सिर्जन सन्दर्भ**, सम्पा., लम्साल, सृजन र अन्य, नेपालगञ्ज : मध्यपश्चिम स्रष्टा समाज, २०६४ ।

....., *मुनामदनमा लयविधान,* **मुनामदन समालोचना**, सम्पा., नेपाल, शैलेन्दुप्रकाश, काठमाडौँ : महाकवि देवकोटा शताब्दी महोत्सव, २०६६ ।

....., *विजय मल्लको एकाङ्की शिल्प*, **विजय मल्ल स्मृति ग्रन्थ**, सम्पा., प्रधान, चैतन्य र अन्य, काठमाडौँ : विजय मल्ल स्मृति समाज, २०६६ ।

....., *विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प*, **साहित्यमा विश्वेश्वर**, सम्पा., लोहनी, पुष्कर र श्रेष्ठ, श्रीराम, नुवाकोट : नुवाकोट साहित्य प्रतिष्ठान, २०६६ ।

....., *कृष्णप्रसाद पराजुलीको कवित्व*, **कृष्णप्रसाद पराजुली साहित्य र साधना**, सम्पा., शर्मा, गोपीकृष्ण र अन्य, काठमाडौँ : कृष्ण साहित्य सदन, २०६६ ।

....., *ओझेलमा परेका साहित्यकार हरिहर शास्त्री*, **शास्त्रीमार्ग स्मारिका**, सम्पा., अधिकारी, विश्वदीप र अन्य, काठमाडौँ : शास्त्रीमार्ग टोल उपभोक्ता समिति, २०६७ ।

....., *नेपालीका विशिष्ट साहित्यकार रमेश विकल*, **रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक**, सम्पा., पौडेल, हेमराज र अन्य, काठमाडौँ : रमेश विकल साहित्य प्रतिष्ठान, २०६७ ।

....., *नेपाली हास्यव्यङ्ग्यका जिजु वासुदेव लुइटेल– जिन्दावाद !*, **वासुदेव लुइटेल स्मृतिग्रन्थ**, सम्पा., आचार्य, सुष्मा, वासिङ्टन डि.सी. : अनेसास मेट्रो च्याप्टर, २०६८ ।

....., *संरचनाको स्वरुप र विशेषता*, **रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड**, सम्पा., सुवेदी, राजेन्द्र, र गौतम, लक्ष्मणप्रसाद, काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६८ ।

....., *श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम*, **रत्न बृहत् नेपाली समालोचना प्रायोगिक खण्ड**, सम्पा., सुवेदी, राजेन्द्र, र गौतम, लक्ष्मणप्रसाद, काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६८ ।

....., *देवकोटाका काव्यकृतिमा सांस्कृतिक चेतना*, **महाकवि देवकोटा व्याख्यानमाला**, सम्पा., अवस्थी, महादेव, काठमाडौँ : नेराप्रप्र, २०६९ ।

....., *ऐतिहासिक उपन्यासकार डायमन शमशेर राणा*, **डायमन शमशेर : चिन्तन र चित्रण**, सम्पा., कोइराला, जीवनचन्द्र, काठमाडौँ : कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठी, २०६९ ।

....., *नेपाली साहित्यमा डायस्पोराको योगदान*, **अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन**, सम्पा, खत्री, गीता र अन्य, अमेरिका : अनेसास, सन् २०१२ ।

....., *स्मृतिका बिम्बमा प्रतिबिम्बित दैवज्ञराज न्यौपाने*, **प्रेरणा पुरुष : कवि दैवज्ञ स्मृतिग्रन्थ,** सम्पा., न्यौपाने केदार र अन्य, काठमाडौँ : दैवज्ञराज न्यौपाने स्मृति प्रतिष्ठान, २०६९ ।

....., *विशिष्ट समालोचक तारानाथ शर्मा*, **तारानाथ शर्मा सङ्घर्ष र प्राप्ति**, सम्पा., भट्टराई, डा. हरिराज, अमेरिका : अभिनन्दन शृङ्खला २००९ का लागि नव एकीकृत सांस्कृतिक केन्द्र, २०६९ ।

....., *नेपाली डायस्पोरिक साहित्य : सिद्धान्त र प्रयोग*, **अनेक डायस्पोराको साहित्य**, सम्पा., सुवेदी, होमनाथ र अन्य, अमेरिका : अनेसास, २०७० ।

....., *विश्वपरिप्रेक्ष्यमा उत्तरआधुनिकतासम्बन्धी दृष्टिकोण*, **बोस्टन चौतारी**, सम्पा., काफ्ले हरिप्रसाद, अमेरिका : अनेसास बोस्टन च्याप्टर, सन् २०१४ ।

....., *वानीरा गिरीको जीवन थाय्मरू*, **वानीरा गिरीको कृति स्तम्भ**, सम्पा., प्रसाईं, इन्दिरा र प्रसाईं इन्दिरा, काठमाडौँ : त्रिमूर्ति निकेतन, २०७१ ।

....., *एकाउन्न पुकारभित्र कञ्चन पुडासैनीको कवित्व*, **केही सृजन केही समीक्षा**, सम्पा., शर्मा, नगेन्द्रराज, काठमाडौँ : अभिव्यक्ति प्रकाशन, २०७१ ।

शर्मा, मोहनराज र श्रेष्ठ, दयाराम, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, ललितपुर : साझा प्रकाशन, २०५६ ।

शर्मा, सुकुम, **कृति परिचय**, काठमाडौँ : दोभान प्रकाशन, २०६८ ।

सुवेदी, राजेन्द्र, **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, दोस्रो संस्क., काठमाडौँ : पाठ्यसामग्री प्रकाशन, २०६८ ।

२. पत्रपत्रिकासूची

अधिकारी, खिलानाथ, *उत्तर-पूर्वाञ्चलीय नेपाली साहित्यमा सामन्त पढेपछि*, **सपरिवार**, (५/१०, २०१२ जनवरी), पृ. ५८-५९ ।

अधिकारी, ज्ञानु, *काव्य र नाट्य समालोचनाका नवीन कृति*, **जनमत**, (२८/४, २०६८ वैशाख), पृ. २५-२६ ।

अधिकारी, बालाकृष्ण, *नेपाली साहित्यको कालविभाजनसम्बन्धी विवादहरू*, **गरिमा**, (२३/५, २०६२ वैशाख), पृ. ४१-४९ ।

अधिकारी, वासुदेव, *उपयोगी शोध पुस्तक*, **प्रतिपक्ष साप्ताहिक**, (२०५२ पुस ७), पृ. ६ ।

अनर्थको विमोचन, **चितवन पोस्ट**, (२०६२ असोज २१), पृ. ४ ।

आरोही, विमल, *किन भइरहन्छ सिर्जनामा फट्याइँ*, **कान्तिपुर**, (२०६७ भदौ २७), पृ. ७ ।

आसाममा चम्किँदै नेपाली साहित्य, **अन्नपूर्ण पोस्ट**, (२०६८ असार २५), पृ. २ ।

उत्कृष्ट पुस्तक पुरस्कार, **कान्तिपुर**, (२०६२ पुस २०), पृ. २ ।

उपन्यासको इतिहास, **अन्नपूर्ण पोस्ट**, (२०६९ जेठ ५), पृ. १६ ।

उपन्यासको इतिवृत्त, **अन्नपूर्ण पोस्ट**, (२०६९ असोज ७), पृ. २ ।

उपयोगी कृति, **अन्नपूर्ण पोस्ट**, (२०६३ भदौ १७), पृ. ६ ।

एकतीसौँ शिक्षा दिवस, २०६२ अवसरमा पुरस्कृत हुनेहरुको नामावली विवरण पदक तथा प्रमाणपत्रबाट पुरस्कृत, **गोरखापत्र**, (२०६२ फागुन १३), पृ. ७ ।

कथा दिवसको अवसरमा विचार गोष्ठी, **अन्नपूर्ण पोस्ट**, (२०६२ चैत २०), पृ. ७ ।

कवितामा भावना प्रथम, **साझा कुरा राष्ट्रिय दैनिक**, (२०६८ कात्तिक ६), पृ. ४ ।

कविता सिद्धान्त र नेपाली कविताको इतिहास ग्रन्थ, (**पोखरा**, २०६१ वैशाख १६), पृ. २ ।

कविता सिद्धान्त र नेपाली कविताको इतिहास ग्रन्थ प्रकाशित, **गोरखापत्र**, (२०६१ वैशाख १६), पृ. २ ।

कविताको संरचनात्मक विश्लेषण पुस्तक, **गोरखापत्र**, (२०६२ साउन ३२), पृ. २ ।

कवितामा संरचनावादको प्रयोग, **हिमालय टाइम्स**, (२०६२ साउन ३२), पृ. ।

काव्य नाट्य सङ्ग्रह आयो, **राजधानी**, (२०६७ भदौ २६), पृ.३ ।

कोइराला, बद्री, *सटिक समालोचना*, **राजधानी**, (२०६७ फागुन २७), पृ. ११ ।

खगेन्द्रका दुई कृति, **अन्नपूर्ण पोस्ट**, (२०६७ असोज ५), पृ. १६ ।

खगेन्द्रको हनिमुन, **अन्नपूर्ण पोस्ट**, (२०६९ वैशाख ३), पृ. १६ ।

खगेन्द्र र भैरवलाई भीमनिधि, **कान्तिपुर**, (२०७१ फागुन २६), पृ. १२ ।

खनाल, कृष्णराज, *ध्वनिविज्ञान र वर्णविज्ञान*, **गोरखापत्र**, (२०५३ मङ्सिर २९), पृ. ख ।

गिरी, मधुसूदन, *प्रज्ञा प्रतिष्ठान र प्राज्ञिक मर्यादाका कुरा*, **नेपाल समाचारपत्र**, (२०६० चैत २७), पृ. ५ ।

....., *नेपाली काव्यको इन्साइक्लोपेडिया*, **राजधानी**, (२०६१ जेठ २), पृ. ख ।

गुवाहाटीमा नेपाली साहित्य, **अन्नपूर्ण पोस्ट**, (२०६७ माघ १५), पृ. १६ ।

गुवाहाटी विश्वविद्यालयमा एम. ए. नेपाली पाठ्यक्रम तयार पारे नेपाली प्राध्यापकले, **अन्नपूर्ण पोस्ट**, (२०६७ माघ २५), पृ.४-५ ।

गैरे, ईश्वरीप्रसाद, *अध्ययन अनुसन्धान क्षितिजमा उपयोगी कृति "शोधविधि"*, **नेपाल जागरण**, (२०५२ कार्तिक २०), पृ.४ ।

....., *भाषा विज्ञानको कोसेढुङ्गो ध्वनिविज्ञान र वर्णविज्ञान*, **साप्ताहिक जनज्योति**, (२०५३ असोज १४), पृ. ७ ।

गौतम, अङ्गद, *ध्वनिविज्ञान र वर्णविज्ञान*, **साप्ताहिक जनमत**, (२०५३ असोज १९), पृ. ६ ।

गौतम, देवीप्रसाद, *सञ्चाहनीय कार्य*, **मधुपर्क**, (२८/११, २०५२ चैत), पृ. १५-१६ ।

गौतम, लक्ष्मणप्रसाद, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास*, **गरिमा**, (२२/१२, २०६१ मङ्सिर), पृ. ६१-६६ ।

....., *कविता सिद्धान्त र नेपाली कविताको इतिहास : कविताका बारेमा लेखिएको मानक ग्रन्थ*, **नवप्रज्ञापन**, (१३/२, २०६२ असोज), पृ. १६-२० ।

....., *संरचनावादी समालोचनाको पहिलो ग्रन्थ*, **मधुपर्क**, (३८/११, २०६२ चैत), पृ. २२-२३ ।

....., *लोकवाङ्मयको मानक ग्रन्थ*, **मधुपर्क**, (३९/१०, २०६३ फागुन), पृ. १९ ।

....., *प्रथम शोधग्रन्थका रूपमा नेपालीमा संरचनावादी समालोचना*, **मधुपर्क**, (४०/७, २०६४ मङ्सिर), पृ. ८-१० ।

....., *दुर्लभ र ऐतिहासिक कृतिको कुशल सम्पादन : बरालको आँसु*, **गरिमा**, (३१/२, २०६९ माघ), पृ. १५५-१५६ ।

....., *विधा साहित्येतिहास लेखनमा व्यवस्थित अध्ययन*, **मधुपर्क**, (४५/१०, २०६९), पृ. ५६-५७ ।

गौहाटीमा नेपाली एम. ए., **अन्नपूर्ण पोस्ट**, (२०६८ माघ २२), पृ. १६ ।

घिमिरे, कृष्णप्रसाद, *कथा विशेषाङ्कका रूपमा कथाहरूको आलोडन*, **मधुपर्क**, (४०/७, २०६५ साउन), पृ. ९ ।

डा. दहालका रचनाहरु प्रकाशित, **गोरखापत्र**, (२०६३ माघ ८), पृ. २ ।

डा. लुइटेलको नयाँ कृति, **अन्नपूर्ण पोस्ट**, (२०६२ भदौ २), पृ. १२ ।

डा. लुइटेल पुरस्कृत, **गोरखापत्र**, (२०६२ पुस २१), पृ. २ ।

डा.लुइटेललाई विद्वत्वृत्ति, **बुधबार**, (२०६२ पुस ६), पृ. ४ ।

डा. लुइटेललाई विद्वत्वृत्ति, **अन्नपूर्ण पोस्ट**, (२०६२ पुस १२), पृ. १२ ।

डा. लुइटेललाई गुरुङ पुरस्कार, **अन्नपूर्ण पोस्ट**, (२०६२ पुस २१), पृ. १२ ।

डोटेली साहित्यको विकासमा साहित्यकारहरु चिन्तित, **श्री नेपाल टाइम्स**, (२०६७ असार २०), पृ. ४ ।

ढकाल, भागवत, *अनुसन्धानको सैद्धान्तिक चिनारीः शोधविधि*, **साप्ताहिक सुरुचि**, (२०५२ कार्तिक १९), पृ. ७ ।

ढुङ्गाना, गोपीकृष्ण, *पुरानो कोट नयाँ पुस्तक*, **अन्नपूर्ण पोस्ट**, (२०६७ मङ्सिर १), पृ. ३ ।

....., *समर्पण गर्नेप्रति समर्पण*, **अन्नपूर्ण पोस्ट**, (२०६८ माघ ६), पृ. १६ ।

....., *सभामुखको दन्ते 'स' र साहित्य सम्मेलन*, **अन्नपूर्ण पोष्ट**, (२०६८ फागुन २७), पृ. ४-५ ।

....., *फड्को मार्दै गीतकार*, **अन्नपूर्ण पोष्ट**, (२०६९ मङ्सिर ८), पृ. १६ ।

तुफान, रमेश, *निश्चित दिशा*, **मधुपर्क**, (३७/४, २०६१ भदौ), पृ.४८-४९ ।

....., *नयाँ कृति*, **गोरखापत्र**, (२०६७ मङ्सिर २५), पृ.ख ।

तुलसी, *भाषा विज्ञानको गहन सँगालो*, **मधुपर्क**, (३७/१०, २०६१ फागुन), पृ. ५६-५८ ।

....., *डा.लुइटेलका दुई कृति*, **मधुपर्क**, (४५/३, २०६९ साउन), पृ. ५८ ।

थापा, विजय र थापामगर, प्रदीप, *अमेरिकामा अनेसासद्वारा तेस्रो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन सम्पन्न*, (**USNepal online,** 2013 December 2) .

थानापति साहित्यिक महोत्सव २०७१ विशेष, **संसाक**, (२०७१ फागुन १६-३०), पृ. १-४ ।

थापा, रोशन, *एक उपलब्धिमूलक कोश*, **नेपाल समाचारपत्र**, (२०५४ कार्तिक ७), पृ. ५ ।

दिइयो भीमनिधि **कान्तिपुर**, (२०७१ चैत २), पृ. १२ ।

दीपा जनमत सम्मान, **जनमत**, (२६/१, २०६५ माघ २५), पृ. १५ ।

दुई जोडीलाई स्रष्टा सम्मान, **राजधानी**, (२०६७ कात्तिक २४), पृ. ११ ।

देवकोटा जयन्तीमा सम्मान कार्यक्रम लुइटेल, रिजाल र बजगाईं सम्मानित, **हेटौंडा टुडे**, (२०६८ कात्तिक ६), पृ. १ ।

धनगढीमा भाषिक तथा साहित्यिक सम्मेलन सुरु, **मर्निङ बेल**, (२०६७ असार २०), पृ. १-३ ।

धरातल र मलामी, **कान्तिपुर**, (२०६३ भदौ २८), पृ. १६ ।

नछुट्नुपर्ने छुटेका छन्, **कान्तिपुर**, (२०६९ असार ७), पृ. १२ ।

नयाँघरे, युवराज, *लुइटेलको समालोचना केही प्रश्नहरू*, **जनभावना साप्ताहिक**, (२०५८ वैशाख १७), पृ. ७ ।

निबन्धकार रिसाल पुरस्कृत, **कान्तिपुर**, (२०६८ मङ्सिर ७), पृ. १० ।

नेपाल, पारस, *आलोच्य उपलब्धि*, **कान्तिपुर**, (२०६९ साउन २०), पृ. च ।

नेपाल प्रज्ञा प्रतिष्ठानमा भानुजयन्ती, **प्रज्ञा गतिविधि**, (१८/२, २०७० वैशाख-असार), पृ. १५ ।

नेपालमा अङ्ग्रेजी भाषा : पाहुना, घरज्वाइँ कि धर्मपुत्र ?, **हिमालय टाइम्स**, (२०५२ पुस १२), पृ. १ ।

नेपाली कविताको इतिहास एउटै पुस्तकमा, **हिमालय टाइम्स**, (२०६१ वैशाख १६), पृ. २ ।

नेपाली आख्यान : सन्दर्भ समालोचना, **नेपाल समाचारपत्र**, (२०५९ पुस ९), पृ. ५ ।

न्यौपाने, गिरिराज, *पठनीय कृति: नेपाली उपन्यासको इतिहास*, **नवप्रज्ञापन**, (पू.६१, २०७०साउन-असोज), पृ. ६०-६१ ।

न्यौपाने, महेश्वर, *शोधविधि बारे नयाँ पुस्तक*, **कान्तिपुर**, (२०५२ फागुन १९), पृ. ख ।

पचास बर्षपछि बरालको आँसु सङ्ग्रहित, **कपन वानेश्वर राष्ट्रिय साहित्यिक साप्ताहिक**, (२०७० वैशाख १३), पृ. ८ ।

परिषद्द्वारा लुइटेल सम्मानित, **चितवन पोस्ट**, (२०६२ पुस २८), पृ. १ ।

पाण्डेय, माधवप्रसाद, *लुइटेलको कोशविज्ञान वैज्ञानिक दृष्टिकोण*, **राजधानी**, (२०५८ असोज २५), पृ. ७ ।

....., *कविता विधामा आधुनिक विष्फोट*, **स्पेसटाइम**, (२०६० वैशाख १९), पृ. ६ ।

पाँच स्रष्टाको आजको आकाश - २०६३ विमोचित, **गोरखापत्र**, (२०६३ पुस २९), पृ. २ ।

प्रा. लुइटेल असममा अभिनन्दित, **गोरखापत्र**, (२०६७ असार १५), पृ. ५ ।

पुरस्कार घोषणा, **अन्नपूर्ण पोस्ट**, (२०६९ चैत १८), पृ. १४ ।

पुरस्कार तथा सम्मानपत्र वितरण, **बागमती**, (२००७ जुलाई), पृ. ३ ।

पुरस्कार प्रदान, **अन्नपूर्ण पोस्ट**, (२०६२ माघ ५), पृ. १२ ।

पुस्तकमा सिडिओका सत्र वर्ष, **अन्नपूर्ण पोस्ट**, (२०७१ पुस २५), पृ. १२ ।

पुस्तक सार्वजनिक, **देशान्तर साप्ताहिक**, (२०६३ माघ ७), पृ. ७ ।

पोखरेल, माधवप्रसाद, *हास्यव्यङ्ग्य गोष्ठी दाङको घुइँया*, **कान्तिपुर**, (२०५६ चैत ३), पृ. ७ ।

प्रश्रित, मोदनाथ, *कविताको संरचनात्मक विश्लेषण*, **कान्तिपुर**, (२०६२ असोज १), पृ. ६ ।

....., *कोलकातामा साहित्य मेला*, **अन्नपूर्ण पोस्ट**, (२०६९ फागुन १२), पृ. ६ ।

प्रा.शर्मा र डा. लुइटेल पुरस्कृत, **देशान्तर साप्ताहिक**, (२०६४ असार १७), पृ. ७ ।

पौड्याल, कृष्णविलास, *सङ्ग्रहणीय पुस्तक नेपाली एकाङ्की*, **ज्ञानकुञ्ज,** (१/१, २०५४), पृ. ३८ ।

बराल, कृष्णहरि, *नयाँ कृति*, **गोरखापत्र**, (२०५२ पुस २०), पृ. ख ।

बराल, विमल, *नेपाली कविताको संरचनात्मक विश्लेषण*, **नेपालीपत्र**, (२०६२ भदौ ३), पृ. ७ ।

बराल, सुष्मा, *शोधविधि एउटा महत्वपूर्ण कृति*, **बाध्यता दैनिक**, (२०५२ पुस ३०), पृ.२ ।

बस्नेत, मनोज, *मनास्तु हर्दै कविता*, **कान्तिपुर**, (२०६७ कार्तिक १४), पृ. १२ ।

बस्नेत, वसन्त, *हरियो शहरमा शब्द उत्सव*, **नागरिक**, (२०६८ फागुन २०), पृ. अ ।

बोगटी, रामबहादुर, *सिद्धान्त र संरचना विश्लेषणको एकीकृत प्रस्तुति*, **देशान्तर साप्ताहिक**, (२०६३ साउन २८), पृ. ४ ।

....., *लोकसाहित्यमा गतिलो अनुसन्धान*, **देशान्तर साप्ताहिक**, (२०६३ असोज १), पृ. ४ ।

भट्टराई, गोविन्दराज, *कविता माथि भिन्न हेराई*, **कान्तिपुर**, (२०६१ जेठ १६), पृ. घ ।

....., *लोकवार्ता साहित्य र जीवन*, **कान्तिपुर**, (२०६३ भदौ ३१), पृ. ख ।

भट्टराई, जयदेव, *इर्ष्यालाग्दो इलाममा स्रष्टाहरु*, **गोरखापत्र**, (२०६८ फागुन २०),पृ. ग ।

भट्टराई, भरतकुमार, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास*, **गोरखापत्र**, (२०६१ असार १२), पृ. ख ।

....., *विधागत इतिहास लेखनमा अद्वितीय कृति*, **सुनकोसी**, (५/२०६१), पृ. २१६-२१८ ।

भण्डारी, यादव, *समालोचक खगेन्द्रप्रसाद लुइटेलको समालोचना कला*, **हिमालय टाइम्स**, (२०५८ भदौ २३), पृ. ४ ।

भाषिक तथा जातीय पहिचानको नाममा सद्भाव नखल्बलियोस्, **घोडाघोडी सन्देश**, (२०६७ असार २०), पृ. १-७ ।

भाषिक तथा साहित्य सम्मेलन सुरु डोटेली भाषालाई राष्ट्रिय मान्यता माग, **हिमाल अपी**, (२०६७ असार २०), पृ. १ ।

भारतको गौहाटी विश्वविद्यालयमा नेपाली एम. ए. कार्यक्रम, **गोरखापत्र**, (२०६७ माघ १५), पृ. ३ ।

भीमनिधि पुरस्कार लुइटेल र थापालाई, **गोरखापत्र**, (२०७१ फागुन २६), पृ. ५ ।

भुसाल, राजु, *समालोचनाको स्वरूप र प्रकार*, **कुञ्जिनी**, (१२/९, २०६१/६२), पृ. १८०-१८७ ।

....., *कविताको संरचनात्मक विश्लेषण : एक सङ्क्षिप्त आयाम*, **लुम्बिनी दैनिक**, (२०६३ असार २४), पृ. २ ।

....., *लोकसाहित्यको मानक ग्रन्थ लोकवार्ताविज्ञान र लोकसाहित्य*, **लुम्बिनी दैनिक**, (२०६३ मङ्सिर १४), पृ. ३ ।

भ्रमपूर्ण पाठ्यक्रमप्रति विज्ञहरुको आपत्ति, **कान्तिपुर**, (२०६० जेठ १६), पृ. २ ।

मावली जिल्लामा पीएचडीको लर्को, **राजधानी**, (२०६७ भदौ ६), पृ. ३ ।

मैनालीले सम्झे सम र देवकोटा, **कपन बानेश्वर राष्ट्रिय साहित्यिक साप्ताहिक**, (२०७० असार ७), पृ. १-८ ।

मैले खोजेको आकाश धर्ती कृति सार्वजनिक, **कान्तिपुर**, (२०५९ चैत २), पृ. २ ।

रिजाल सम्मानित, **हेटौँडा सन्देश राष्ट्रिय दैनिक**, (२०६८ कात्तिक ६), पृ. ४ ।

रुपकको बिगबेन र समयमाथि चर्चा, **अन्नपूर्ण पोस्ट**, (२०६८ पुस ६), पृ. १६ ।

लमजेल, रविमान, *बार वर्षपछि हनिमुनभित्र लुइटेलीय निबन्धको प्रस्तुति*, **मानाभराको कोशेली,** (१/१, २०७० पुस-चैत्र), पृ. १-२ ।

लुइटेल, खगेन्द्रप्रसाद, *गुरुङ संस्कृतिको अभिन्न अङ्ग : रोदी*, **गोरखापत्र**, (२०४९ असार १३), पृ. ग ।

....., *गुरुङ जाति र लोकमनोरञ्जन*, **गरिमा**, (१०/८, २०४९ भदौ), पृ. ७९-८६ ।

....., *क्षेत्रप्रताप अधिकारी : जीवनवृत्त र कवित्वका आलोकमा*, **गरिमा**, (११/३, २०४९ फागुन), पृ. ६८-७२ ।

....., *गुरुङ जातिमा प्रचलित सामाजिक संस्कारहरू*, **मधुपर्क**, (२६/५, २०५० असोज), पृ. ५२-५६ ।

....., *क्षेत्रप्रताप अधिकारी : जीवनवृत्त र कवित्वका आलोकमा*, **गरिमा**, (११/३, २०४९ फागुन), पृ. ६८-७२ ।

....., *नेपाली गद्यकवितामा भाषिक लयविधान*, **प्रज्ञा**, (२२/७८, २०५० असार-असोज), पृ. १३४-१४५ ।

....., *शैक्षिक जगत्मा नौलो पुस्तक*, **कान्तिपुर**, (२०५० फागुन २८), पृ. ख ।

....., *भाषिक क्षेत्रमा नयाँ उपलब्धि*, **शिक्षाशास्त्र सौरभ**, (२/२, २०५०), पृ. ३८-३९ ।

....., *अनुसन्धान र अनुसन्धान परम्पराका केही सन्दर्भ*, **उकुसमुकुस**, (१/१, २०५१ वैशाख-असार), पृ. ८२-९७ ।

....., *निलगिरिको छायामा : यात्रावृत्तको*, **मिमिरे**, (२३/४, २०५१ असोज), पृ. ६०-६३ ।

....., *ग्यास च्याम्बरको मृत्युभित्र मदनमणिलाई खोज्दा*, **उन्नयन**, (१६, २०५१ माघ-चैत), पृ. ४५०-४५७ ।

....., *नेपालीका भाषिकाको अध्ययन एक कदमअघि*, **कान्तिपुर**, (२०५२ जेठ ६), पृ. ख ।

....., *नेपाली साहित्यमा रमेश विकल*, **बिन्दु**, (३४/८८-९०, सन् १९९५ जनवरी-मार्च), पृ. १६-२३ ।

....., *क्षेत्रप्रताप अधिकारीका काव्यप्रवृत्तिको विश्लेषण*, **प्रक्रिया**, (९/१५, सन् १९९५), पृ. ९६-११५ ।

....., *क्षेत्रप्रताप अधिकारीको कवितायात्रा*, **मिमिरे**, (२४/६, २०५२ असोज), पृ. ७५-८९ ।

....., *श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम*, **समकालीन साहित्य**, (५/४, २०५२ कार्तिक-पुस), पृ. ११३-११९ ।

....., *साहित्यकार बालकृष्ण सम र उनको इच्छा कविता*, **रजनी**, (१/१, २०५२ पुस), पृ. ५२-५३ ।

....., ***दुविधा** उपन्यासमा घोत्लिँदा*, **कान्तिपुर**, (२०५२ माघ १३), पृ. ग ।

....., *दुविधा उपन्यास*, **गोरखापत्र**, (२०५२ माघ २७), पृ. ६ ।

....., *ध्वनि र आलेखन*, **गरिमा**, (१४/३, २०५२ फागुन), पृ. १२४-१२६ ।

....., *संस्कृत ध्वनितत्त्व*, **शिक्षाशास्त्र सौरभ**, (४/४, २०५२), पृ. ३७-४२ ।

....., *शैलीवैज्ञानिक समालोचक मोहनराज शर्मा*, **ब्रह्मपुत्र**, (२/२, २०५२-२०५३), पृ. ४४-४८ ।

....., *शब्दरचना र वर्णविन्यास*, **हिमालय टाइम्स**, (२०५३ वैशाख १५), पृ. ४ ।

....., *ग्यास च्याम्बरको मृत्युभित्रका मदनमणि दीक्षित*, **युगान्तर**, (२/५, सन् १९९६ अप्रिल-जुन), पृ. ३१-३८ ।

....., *माध्यमिक कालीन कविता सँगालो : जोगमण्डलीका कवि र कविता*, **समकालीन साहित्य**, (६/४, २०५३ कात्तिक-पुस), पृ. १२२-१३२ ।

....., *देशभक्तिको सुन्दर नमुना : अग्निदत्त+अग्निदत्त*, **गोरखापत्र**, (२०५३ पुस २७), पृ. ख ।

....., *कथाको आँखीभ्यालबाट कथाकारलाई चिहाउँदा*, **सुमन**, (१/१३, सन् १९९७/२०५३), पृ. २८-३१ ।

....., *नेपाली साहित्यमा मोहनराज शर्माको योगदान*, **प्रक्रिया**, (११/१९, सन् १९९७/२०५३), पृ. ६१-७२ ।

....., *शैक्षणिक उपलब्धि : शब्दरचना र वर्णविन्यास*, **सयपत्री**, (२/२-३, २०५३ भदौ-चैत), पृ. २११-२१४ ।

....., *साहित्यकार मोहनराज शर्मा*, **गरिमा**, (१५/५, २०५४ वैशाख), पृ. ७१-७९ ।

....., *अचानक एकदिन*, **गरिमा**, (१५/१०, २०५४ असोज), पृ. १११-११२ ।

....., *समसामयिक नेपाली जनजीवनको प्रतिकृति : अग्निदत्त+अग्निदत्त*, **प्रज्ञा**, (२८/८५, २०५४ असार-माघ), पृ. १८५-२०५ ।

....., *श्यामव्यङ्ग्रयका कसीबाट **दुविधा** उपन्यासको मूल्याङ्कन*, **बिन्दु**, (३६/९४-९७, सन् १९९७ सितम्बर-दिसम्बर), पृ. २९६-३०१ ।

....., *एकाङ्कीकार मोहनराज शर्मा र आऊ ढोका खोलौं एकाङ्कीको विश्लेषण*, **मिर्मिरे**, (२६/९, २०५४ पौष), पृ. २८-३५ ।

....., *गोविन्दबहादुर मल्ल गोठालेका एकाङ्कीगत प्रवृत्ति र आत्मदर्शन एकाङ्कीको विश्लेषण*, **गरिमा**, (१६/२, २०५४ माघ), पृ. ५०-५३ ।

....., *कशघका बुइँगलको एउटा बाकस खोली हेर्दा*, **गरिमा**, (१६/३, २०५४ फागुन), पृ. ११४-११६ ।

....., *भैरव अर्याल : निबन्धयात्रा र प्रवृत्ति*, **कुञ्जिनी**, (५/३, २०५४), पृ. ३३-४२ ।

....., *एकाङ्कीकार गोपाल पराजुली र गोलार्धका दुई छेउ*, **ज्ञानकुञ्ज**, (१/१, २०५४), पृ. ३३-३६ ।

....., *विजय मल्लका एकाङ्कीगत वैशिष्ट्य र कङ्काल एकाङ्कीको विश्लेषण*, **समकालीन साहित्य**, (८/२, २०५५ वैशाख-असार), पृ. १४३-१४५ ।

....., *युगीन यथार्थको अभिव्यक्ति : छुटेका यादहरू*, **गरिमा**, (१६/७, २०५५ असार), पृ. १०१-१०३ ।

....., *एकाङ्कीकार भीमनिधि तिवारी र साँढे एकाङ्कीको विश्लेषण*, **मधुपर्क**, (३१/५, २०५५ असोज), पृ.२९-३० ।

....., *क्षेत्रप्रताप अधिकारीका कवितामा वस्तुविधान*, **गरिमा**, (१६/११, २०५५ कात्तिक), पृ. ६९-७२ ।

....., *शङ्कर लामिछानेको निबन्धकला*, **कुञ्जिनी**, (६/४, २०५५), पृ. ४६-५० ।

....., *केशवप्रसाद उपाध्यायको समालोचकीयता,* **सगर**, (४/१-२, २०५६ वैशाख-असोज), पृ.२१-२५ ।

....., *नेपाली समालोचनामा विस्फोटक क्रान्ति,* **समकालीन साहित्य**, (९/३, २०५६ साउन-असोज), पृ. १७९-१८२ ।

....., *मोहनहिमांशु थापाको कविताशिल्प,* **गवेषण**, (१/१, २०५६ कात्तिक), पृ. ६२-६६ ।

....., *भोजपुरीका साहित्यकार गोपाल अश्क,* **नेपाल जागरण**, (२०५६ माघ १७), पृ. ३ ।

....., ***हिमालमाथि आलेख**मा आलेखित देशभक्ति,* **समष्टि**, (२०/६, २०५७ जेठ-असार), पृ. १२-२२ ।

....., *तारानाथ शर्माका समालोचनात्मक प्रवृत्ति,* **गरिमा**, (१८/९, २०५७ भदौ), पृ. २३-२७ ।

....., *राजेन्द्र सुवेदी र मोहनराज शर्मा दुवैका कार्यपत्रमाथिको संयुक्त टिप्पणी,* **प्रवाह स्मारिका**, (२०५७ भदौ), पृ. ३२-३८ ।

....., *आशिष कविताको संरचनावादी विश्लेषण,* **जुही**, (२०/१, २०५७-२०५८चैत-जेठ), पृ. ७७-८१ ।

....., *कोशविज्ञानका कसीमा डोटचाली बृहत् शब्दकोश,* **नेपाल समाचारपत्र**, (२०५८ मङ्सिर २५), पृ. ५ ।

....., *एकाङ्कीकार सम र रणदुल्लभ एकाङ्की,* **युगान्तर**, (६/९, सन् २००१ जनवरी), पृ. ११-१३ ।

....., *माइत कथाको संरचना विश्लेषण,* **कुञ्जिनी**, (९/६, २०५८), पृ. ४८-५३ ।

....., *डढेलो कथाको संरचनावादी विश्लेषण,* **समकालीन साहित्य**, (१२/३,२०५९ वैशाख-असार), पृ.२३१-२४८ ।

....., *नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान,* **गरिमा**, (२०/६, २०५९ जेठ), पृ. ३०-४३ ।

....., *संरचनावादको अर्थ र पृष्ठभूमि,* **मिर्मिरे**, (३१/६, २०५९ असोज), पृ. १७-२२ ।

....., *मेरो चोक प्रगीतात्मक कविताको संरचनात्मक विश्लेषण,* **जनमत**, (१९/१०-११, २०५९ मङ्सिर), पृ. ५-१३ ।

....., *संरचनावादी समालोचना पद्धति,* **गरिमा**, (२१/१, २०५९ पुस), पृ. २१-३० ।

....., *गोडा भए जुत्ताको के खाँचो कथाको संरचना विश्लेषण,* **जुही**, (२२/२, २०५९ पुस-फागुन), पृ. ४१८-४२६ ।

....., *नेपाली नाटचक्षेत्रमा समको उपस्थिति,* **गरिमा**, (२१/३, २०५९ फागुन), पृ. १९९-२०० ।

....., *कमला सरूपको कथाशिल्प,* **गरिमा**, (२१/४, २०५९ चैत), पृ. १९-२४ ।

....., *संरचनावादका आधारभूत अभिलक्षणहरू,* **मिर्मिरे**, (३१/१२, २०५९ चैत), पृ. ३९-४२ ।

....., *दिव्योपदेशको वैचारिक र साहित्यिक मूल्य,* **झङ्कार**, (५२/१-२, २०५९ चैत), पृ. ३७-४३ ।

....., *कवितामा विम्ब र विम्बविधान,* **प्रज्ञा**, पूर्णाङ्क (९७, २०५९ चैत), पृ. १३१-१३९ ।

....., *संरचना र रूपको तात्पर्य विश्लेषण,* **गोधूलि**, (१३, २०५९ वसन्त-शिशिर), पृ.४०-४४ ।

....., *दृष्टिबिन्दुको सैद्धान्तिक स्वरूप,* **दीपशिखा**, (१३/७, २०५९), पृ. २५-३२ ।

....., *संरचनावादको स्वरूप, धारा र सम्प्रदाय,* **अवलोकन**, (३/१, २०५९), पृ. १६-२३ ।

....., *वर्तमान नेपाली नाटक (२०३० पछि) कार्यपत्रमाथिको टिप्पणी,* **साहित्यिक अभियान**, (४/३, २०५९), पृ. ६९-७३ ।

....., *संरचनावादको विकासमा सस्युरको योगदान*, **पाठ्यक्रम विकास पत्रिका**, (२१/३५, २०५९-२०६०), पृ. १००-१०८ ।

....., *संरचनाको स्वरूप र विशेषता*, **वाङ्मय**, (११/११, २०५९-२०६०), पृ. ६-१२ ।

....., *संरचनात्मक आख्यानशास्त्र*, **समकालीन साहित्य**, (१३/४, साउन-असोज २०६०), पृ. २४-३४ ।

....., *युवराज नयाँघरेको निबन्धकला*, **गरिमा**, (२१/११, २०६० कात्तिक), पृ. ५१-५५ ।

....., *काव्यशास्त्रीय संरचनावादी चिन्तन पद्धति*, **प्रज्ञा**, (३४/९९, कात्तिक-चैत २०६०), पृ. १०८-११५ ।

....., *मुनामदन : वस्तुवादी विश्लेषणको निष्कर्ष*, **कुञ्जिनी**, (११/८, २०६०), पृ. ६८-७४ ।

....., *कृतिको भाषिक संरचना*, **सम्प्रेषण**, (१/१, २०६०-२०६१), पृ. २९ ।

....., *बिम्ब र नेपाली कवितामा बिम्बविधान*, **समकालीन साहित्य**, (१४/३, २०६१ वैशाख-असार), पृ. १६३-१६६ ।

....., *कृष्ण जोशीको कवित्वशक्ति*, **अन्नपूर्ण पोष्ट**, (३/१००, २०६१ साउन २३), पृ. ७ ।

....., *कृतिको साहित्यिक संरचना*, **नोबेल**, (३/३, २०६१), पृ. १५६-१६२ ।

....., *परिवेशको अभिप्राय र कृतिमा यसको अवस्थिति*, **सुनकोसी**, (५, २०६१), पृ. १८७-१८९ ।

....., *मुनामदनमा लयविधानको वस्तुगत स्थिति*, **कुञ्जिनी**, (१२/९, २०६१-२०६२), पृ. ३७-४१ ।

....., *एक्काईसौं शताब्दीका कविता एक्काईसौं शताब्दीजस्तै हुनुपर्छ*, **अक्षर**, (२/१, २०६२ भदौ-मङ्सिर), पृ. १-१० ।

....., *यमराजको निम्तोको प्रत्युत्तर*, **जुही**, (२५/३, २०६२ पुस-फागुन), पृ. ३२२-३२८ ।

....., *बहादुरसिंह बरालका रचनाको संरचना विश्लेषण*, **गरिमा**, (२४/२, २०६२ माघ), पृ. ४३-५३ ।

....., *आरआर चौलागाईंको कविता सिर्जनधर्मिता*, **शब्ददूत**, (२-३/४-५, २०६२ कात्तिक-२०६३ आश्विन), पृ. ४३-४९ ।

....., *लोकसाहित्यको विधागत वर्गीकरण*, **कुञ्जिनी**, (१३/१०, २०६२-२०६३), पृ. ४९-५२ ।

....., *बालाचन्द्र गाथाको संरचना विश्लेषण*, **शार्दूल**, (२/२-३, २०६३ वैशाख-असोज), पृ. ४२-५१ ।

....., *वर्तमान नेपाली नाटक (२०३० पछि) कार्यपत्रमाथिको टिप्पणी*, **साहित्यिक अभियान विगतदेखि वर्तमानसम्म**, (९/४, २०६३ असार), पृ. १६४-१६९ ।

....., *विश्वविमोहन श्रेष्ठको कवित्व*, **गरिमा**, (२४/८, २०६३ साउन), पृ. ५३-६० ।

....., *लोकसाहित्यको अध्ययन-अनुसन्धान पद्धति*, **मधुपर्क**, (३९/४, २०६३ भदौ), पृ. ६०-६२ ।

....., *मुनामदनमा लयविधानको वास्तविक स्थिति*, **गरिमा**, (२४/११, २०६३ कात्तिक), पृ. ५५-६४ ।

....., *राष्ट्रिय गानको स्तर*, **नेपाल समाचारपत्र**, (२०६३ मङ्सिर २८), पृ. ४ ।

....., *नेपाली नाटक र उपन्यासमा गोठालेको योगदान*, **मधुपर्क**, (३९/९, २०६३ माघ), पृ. १५-२० ।

....., *नेपाली हास्यव्यङ्ग्यका जिजुबाजे वासुदेव– जिन्दाबाद !*, **फित्कौली**, (२/१२, २०६३ फागुन), पृ. ३१-३५ ।

....., *नोबेल पुरस्कार विजेता साहित्यकार : पाठकका लागि उत्कृष्ट उपहार*, **मधुश्री**, (५/४, २०६३), पृ. ३-५ ।

....., *शुभकामना*, **ऐतिहासिक रूपरेखा तथा स्वर्णमहोत्सव स्मारिका**, २०६३, श्री सिद्धकाली उमाविको मुखपत्र ।

....., *कृतिमा शैलीय चयनको भूमिका*, **वाङ्मय**, (१३ /१३, २०६३-२०६४), पृ. ५३-५६ ।

....., *नेपाली कथाको सेरोफेरो*, **मिमिरि**, (३६/१, २०६४ वैशाख), पृ. ३६६-३७३ ।

....., *पिउन सा..प*, **नव उद्घोष**, (१/१, २०६४ वैशाख), पृ. ३७ ।

....., *लोकवार्ता, लोकसाहित्य र शिष्ट साहित्यको सैद्धान्तिक स्वरूप*, **मिमिरि**, (३६/११, २०६४ फागुन), पृ. ४८-६० ।

....., *युगकविको सम्झनामा*, **गोरखापत्र**, (२०६४ जेठ ९), पृ. ६ ।

....., *सिद्धिचरण श्रेष्ठका काव्यप्रवृत्ति*, **स्मारिका**, (जनक शिक्षा सामग्री केन्द्र), (२६/३०, २०६४ असोज), पृ. १७-२२ ।

....., *बालोपयोगी जीवनीहरू*, **मधुपर्क**, (४०/३, २०६४ साउन), पृ. १८ ।

....., *सनत रेग्मीको कथाशिल्प*, **सिर्जना**, (१/१, २०६४ असोज-मङ्सिर), पृ. ३०-३८ ।

....., *मिश्रित स्वादको कृति*, **मधुपर्क**, (४०/७, २०६४ मङ्सिर), पृ. ११-१२ ।

....., *नेपाली साहित्यमा डायस्पोराको योगदान*, **जनमत**, (२४/११-१२, २०६४ पुस), पृ. ९-१५ ।

....., *शिक्षाको गुणात्मक विकासमा विद्यालयको भूमिका*, **सम्प्रेषण**, (४/४, २०६४), पृ. ५५-६१ ।

....., *निजी विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र पठनपाठन*, **अभियान स्मारिका**, २०६४, पृ. २९-३३ ।

....., *उत्तरआधुनिकतासम्बन्धी विभ्रम*, **कुञ्जिनी**, (१५/१२, २०६४-२०६५), पृ. ४२-४७ ।

....., *वर्तमान नेपाली कथाको विकासमा समकालीन चेत*, **मधुपर्क**, (४१/१, २०६५ जेठ), पृ. ४-७ ।

....., *जनमत जनमतअनुरूप नै चलिरहनु पर्छ*, **जनमत**, (२६/१, २०६५ माघ), पृ. ३६-३७ ।

....., *निजी विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र पठनपाठन*, **सम्प्रेषण**, (५/५, २०६५), पृ. १२९-१३३ ।

....., *ज्ञानकुञ्ज ज्ञानको कुञ्ज नै बनिरहोस्*, **अङ्कुर**, २०६५, ज्ञानकुञ्ज उमाविको वार्षिक मुखपत्र ।

....., *तेरथुम जिल्लाको साहित्यिक सर्वेक्षण*, **तीनजुरे**, (२/१, २०६६ वैशाख-जेठ), पृ. २४-३२ ।

....., *देवकोटामा जनजातीय सांस्कृतिक चेतना*, **कुञ्जिनी**, (१६/१३, २०६५/२०६६), पृ. २३-२६ ।

....., *नेपाली साहित्यमा डायस्पोराको योगदान*, **हाम्रो ध्वनि**, (४०/९, २०६६ जेठ-असार), पृ १३-२१ ।

....., *जय सलाम*, **मिमिरि कविता विशेषाङ्क**, (३८/३, २०६६ असार), पृ. १५५-१५६ ।

....., *विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प*, **महामण्डल**, (२/१, २०६६ साउन-असोज), पृ १५६-१६४ ।

....., *पुरानो र नयाँ मुनामदनको तुलनात्मक अध्ययन*, **अक्षर**, (६/२, २०६६ साउन-असोज), पृ. १२-१७ ।

....., *मुनामदनमा भोटे र गुन्डाको सहभागिता*, **समष्टि**, (३०/२, २०६६ असोज-कात्तिक), पृ.३७-४० ।

....., *मुनामदनको भाषाशैलीय विन्यास*, **बगर**, (२८/८२, २०६६, असोज-मङ्सिर), पृ. ५१-५५ ।

....., *देवकोटाकी मुनाको चारित्रिक प्रकार र अभिलक्षण*, **शब्दयात्रा**, (१/१, २०६६, कात्तिक), पृ.४९-५२ ।

....., *पहाडी पुकारमा प्रगतिवादी क्रान्ति चेत*, **गरिमा**, (२७/११ २०६६, कात्तिक), पृ. ६१-६५ ।

....., *विजय मल्लको एकाङ्की शिल्प*, **हाम्रो ध्वनि**, (४१/११, २०६६, कात्तिक-मङ्सिर), पृ. ८-११ ।

....., *कुञ्जिनीको संरचना विश्लेषण*, **भृकुटी**, (पूर्णाङ्क ५, २०६६, कात्तिक-पुस), पृ. ७०-८३ ।

....., *जलवायु परिवर्तन शिक्षा आजको अनिवार्य आवश्यकता*, **हाम्रो सम्पदा**, (९/१०, २०६६ माघ), पृ. ९७-१०० ।

....., *सरुभक्तको काव्यसिर्जनधर्मिता*, **प्रज्ञा**, (४०/१०२, २०६६ कार्तिक-चैत), पृ. २८-४० ।

....., *नेपाली कविताका प्रमुख प्रवृत्ति* (कोरियाली भाषामा), **मुनहाकसन** (२०६६, नेपाली काव्य विशेषाङ्क, कोरिया), पृ. १५६-१७२ ।

....., *डायरीको पानाबाट*, **तेरथुम आवाज**, (२/१, २०६६ चैत), पृ. ३५ ।

....., *हाकिम साप र सेरू*, **स्मारिका**, (अख्तियार दुरुपयोग अनुसन्धान आयोग), (६/६, २०६६ माघ), पृ. ९०-९४ ।

....., *भीष्म उप्रेतीको कविता शिल्प*, **गरिमा**, (२८/५, २०६७ वैशाख), पृ. ६३-६९ ।

....., *अटलबहादुर नाटकको वस्तुवादी विश्लेषण*, **भृकुटी**, (पूर्णाङ्क ७, वैशाख-असार २०६७), पृ. ७७-८४ ।

....., *यात्रा साहित्यको उल्लेख्य कृति : प्रशान्तका छालहरूमा मेरो नेपाल*, **मिमिरे**, (३९/२, २०६७ जेठ), पृ. ३३-४२ ।

....., *नेपाली कविताका प्रवृत्ति*, **कविता**, (८८, २०६७ जेठ-भदौ), पृ. ११५-१३७ ।

....., *लोकगीतको सैद्धान्तिक स्वरूप*, **रक्षाकवच**, (१/८, २०६७ साउन), पृ. ३९-४३ ।

....., *नेपाली साहित्यमा रमेश विकलको योगदान*, **नवज्योति**, (६/६, २०६७ साउन-भदौ), पृ. १-१५ ।

....., *मोतीराम भट्टको नाट्यशिल्प*, **समकालीन साहित्य**, (३/६१, २०६७ साउन-असोज), पृ.३७-४१ ।

....., *लोकसाहित्य र शिष्टसाहित्यको तुलनात्मक अध्ययन*, **हिमाली गुराँस**, (१४/२९, २०६७ साउन-असोज), पृ. ६-९ ।

....., *गीतको सैद्धान्तिक स्वरूप*, **प्रहरी**, (५२/३, २०६७ भदौ), पृ. ९-१४ ।

....., *नेपालीका विशिष्ट समालोचक तारानाथ शर्मा*, **जनमत**, (२७/८, २०६७ भदौ), पृ. १२-१६ ।

....., *लिम्बू जातिको सांस्कृतिक धरोहर धाननाच*, **रक्षाकवच**, (१/९, २०६७ भदौ), पृ. ३२-३३ ।

....., *गोपीनारायण प्रधानको 'विश्वासघात' कविताको विश्लेषण*, **भानु**, (४८/१३४, २०६७ भदौ), पृ. १४-२१ ।

....., *लेखनाथ पौड्यालको तरुण तपसी काव्यको विश्लेषण*, **शब्दसंयोजन**, (७/५, २०६७ भदौ), पृ. २५-३४ ।

....., *गजलको सैद्धान्तिक स्वरूप*, **अभिव्यक्ति**, (४१/१४९, २०६७ भदौ-असोज), पृ. १७-२२ ।

....., *भारतीय नेपाली कवि पुष्पलाल उपाध्याय र 'बिचरा' कविता*, **रचना**, (५०/१०८, २०६७ भदौ-असोज), पृ. ३६-४२ ।

....., *गाउँखाने कथाको सैद्धान्तिक स्वरूप*, **रक्षाकवच**, (१/१०, २०६७ असोज), पृ. ४०-४२ ।

....., *नेपाली प्रथम कवि सुवानन्द दासको कवित्व*, **प्रज्ञा**, (४०/१०३,२०६७ वैशाख-असोज), पृ.४८-५५ ।

....., *तिहारको सांस्कृतिक महत्त्व*, **रक्षाकवच**, (१/११, २०६७ कात्तिक), पृ. ४-५ ।

....., *ज्ञानुवाकर पौडेलको गजलगत प्रवृत्ति र 'ओइली झरेछ फूल' गजलको विश्लेषण*, **अभिव्यक्ति**, (४१/१५०, २०६७ कात्तिक-मङ्सिर), पृ. ८७-९० ।

....., *घनत्ववादको सैद्धान्तिक स्वरूप*, **हिमाली गुराँस**, (१४/३०, २०६७ कात्तिक-मङ्सिर), पृ. ८-९ ।

....., *उखानको सैद्धान्तिक स्वरूप*, **रक्षाकवच**, (१/१२, २०६७ मङ्सिर), पृ. ... ।

....., *रत्नशमशेर थापाका गीति प्रवृत्ति र आँखैमा रात गली गीतको विश्लेषण*, **गरिमा**, (२९/१, २०६७ पुस), पृ. ७०-७३ ।

....., *लोकसाहित्य, लोकवार्ता र लोकवार्ताविज्ञानको सैद्धान्तिक स्वरूप*, **नवप्रज्ञापन**, (५०, २०६७ कात्तिक-पौष), पृ. ५९-७६ ।

....., *नेपालीमा पदयोग र पदवियोगसम्बन्धी दिग्भ्रम*, **भानु**, (४८/१३८, २०६७ पुस), पृ. ४-९ ।

....., *उत्तरआधुनिकतासम्बन्धी विभ्रम*, **हाम्रो ध्वनि**, (४१/१, २०६७, मङ्सिर-पुस), पृ. ५-१० ।

....., *नेपाली भाषाका भाषिकाहरू*, **हाम्रो ध्वनि**, (४१/२-३, २०६७, पुस-माघ), पृ.१८-२२ ।

....., *संविधानमा भाषा, साहित्य, कला, संस्कृतिको स्थान*, **गरिमा**,(२९/२, २०६७ माघ),पृ.१२९-१३० ।

....., *विशिष्ट नाटक/एकाङ्कीकार गोठाले*, **मधुपर्क**, (४३/१०, २०६७ फागुन), पृ.२८-३१ ।

....., *विश्वपरिप्रेक्षमा उत्तरआधुनिकतासम्बन्धी दृष्टिकोण*, **भृकुटी**,(१०, २०६७, माघ-चैत), पृ.१२८-१३७ ।

....., *भारतीय नेपाली कवि नव सापकोटाको 'मदिरा होइन मेरो पसिना' कविताको विश्लेषण*, **मिमिरे**, (३९/१२, २०६७ चैत), पृ. ९३-९९ ।

....., *भानुभक्तीय रामायणको संरचना विश्लेषण*, **दीपशिखा**, (२१/१३, २०६७), पृ. ७-१७ ।

....., *डायस्पोरा सिद्धान्त र नेपाली सन्दर्भ*, **शब्दाञ्जली**, (४/३, २०६८ वैशाख), पृ. ७-१४ ।

....., *भाषाको अर्थ, परिभाषा र विशेषता*, **सभा पत्रिका**, (१/१, २०६८ वैशाख), पृ. १३-१७ ।

....., *डायस्पोराको सैद्धान्तिक स्वरूप*, **प्रहरी**, (५३/१, २०६८ वैशाख), पृ. १३-१७ ।

....., *नेपालीका उत्तरआधुनिक धुपौरे*, **हिमालय टाइम्स**, (२०६८ भदौ ३१), पृ. ६ ।

....., *मेरो एम.ए., प्रश्रित र शोधपत्र*, **हिमालय टाइम्स**, (२०६८ असोज ७), पृ. ६ ।

....., *खै ! बन्ला त हाम्रो संविधान ?*, **हिमालय टाइम्स**, (२०६८ असोज १४), पृ. ७ ।

....., *गाउँमुखी साहित्य कि ठाउँमुखी ?*, **हिमालय टाइम्स**, (२०६८ असोज २८), पृ.७ ।

....., *वैरागी काइँलाको कविताशिल्प*, **मनोभाव**, (१७/४२, २०६८ असोज), पृ. १४७-१६२ ।

....., *पुरानो र नयाँ मुनामदनको तुलनात्मक अध्ययन*, **हेटौडा टुडे**, (२०६८ कात्तिक ५), पृ. ३ ।

....., *धाननाचसँगै मायाप्रीति*, **हिमालय टाइम्स**, (२०६८ कार्तिक २६), पृ. ६ ।

....., *सुधारवादी नाटककार पहलमानसिंह*, **नयाँ पत्रिका**, (२०६८ मङसिर ६), पृ. ५ ।

....., *सेलाएको घाम : एक मन्थन*, **हिमालय टाइम्स**, (२०६८ मङसिर २४), पृ. ६ ।

....., *समकालीन नेपाली कविताका प्रवृत्ति*, **हाम्रो ध्वनि**, (४१/४, २०६८ माघ-फागुन), पृ. २-५ ।

....., *नेताको डायरी*, **हाम्रो ध्वनि**, (४१/४, २०६८ माघ-फागुन), पृ. ४२ ।

....., *नेपाली कविताको इतिहासमा महिलाहरूको अवस्थिति*, **नारी सिर्जना र चिन्तना**, २०६८, पृ. ७२-९६ ।

....., *जङ्गबहादुरको बेलाइत यात्राको वस्तुवादी विश्लेषण*, **अन्तर्दृष्टि**, (१९/२, २०६८), पृ. १-१० ।

....., *नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप*, **अनामनगर रजत महोत्सव स्मारिका**, २०६८, पृ. १५७-१६४ ।

....., *तुलसी अपतनको कर्णकुन्ती काव्यको संरचना विश्लेषण*, **बिन्दु**, (५०-५१/११८-२१, सन् २०११-२०१२ मे-मार्च), पृ.६६-७९ ।

....., *भूपि शेरचनको 'हामी' कविताको संरचना विश्लेषण*, **भुजङ्ग**, (१६/१६, २०६८ माघ), पृ.९-१३ ।

....., *प्रगतिवादी उपन्यासकार हृदयचन्द्रसिंह प्रधान*, **दीपशिखा**, (२२/१४ २०६८), पृ. ५२-६५ ।

....., *नेपालीका विशिष्ट प्रगतिवादी साहित्यकार मोदनाथ प्रश्रित*, **शब्दसंयोजन** (मोदनाथ प्रश्रित विशेषाङ्क), (८/१२, २०६८ चैत), पृ. ८२-८७ ।

....., *युगकविका तीन चरण*, **कान्तिपुर**, (२०६९ वैशाख ९), पृ. ७ ।

....., *नेपाली भाषामाथि चलखेल*, **कान्तिपुर**, (२०६९ वैशाख २७), पृ. ७ ।

....., *नेपाली भाषामा बल्झाइएका समस्या र तिनका समाधान*, **गरिमा**, (३०/५ २०६९ वैशाख), पृ. १५७-१६२ ।

....., *उपन्यासकार कृष्ण जोशी*, **रचना**, (५२/११८, २०६९ वैशाख-जेठ), पृ. ६८-७० ।

....., *भीमनिधि तिवारीको एकाङ्की कौशल*, **तन्नेरी**, (३४/१, २०६९ वैशाख-असार), पृ. १६९-१७४ ।

....., *संसारका भाषा परिवार*, **ब्रह्मपुत्र**, (२०६९ जेठ), पृ. २२-२७ ।

....., *उपन्यास उहापोह*, **अन्नपूर्ण पोस्ट**, (२०६९ असार ९), पृ. ४-५ ।

....., *नियात्राकार प्रतीक ढकाल*, **जनमत**, (२९/७, २०६९ साउन), पृ. १३(१६ ।

....., *आप्रवासी नेपाली साहित्यको सैद्धान्तिक र व्यावहारिक पक्ष*, **गरिमा**, (३०/१२ २०६९ मङसिर), पृ. ८७-९६ ।

....., *डायस्पोरिक समालोचना सङ्ग्रह : अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन*, **अन्तर्दृष्टि**, (२०/१, २०६९ चैत), पृ. १६१-१६९ ।

....., *समकालीन नेपाली कथाको परिदृश्य*, **सुलेख**, (१/९, २०६९ चैत), पृ. ४१-४९ ।

....., *भैरव अर्यालको हास्यव्यङ्ग्य निबन्धकारिता*, **भैरव स्मारिका** (२०६९), पृ. ६५-८२ ।

....., *हार्दिक शुभकामना*, **अङ्कुर**, (२०६९), ज्ञानकुञ्ज उमाविको वार्षिक मुखपत्र ।

....., *समकालीन नेपाली उपन्यासका प्रवृत्ति,* **वागीश्वरी**, (२३/२०, २०६९), पृ. ६७-७६ ।

....., *शोधसामग्री सङ्कलनका प्रक्रिया र पद्धति,* **PERSPECTIVE ON HIGHER EDUCATION**, Volume 7, August 2012, पृ. १०-१६ ।

....., *हरिभक्त कटुवालको 'यो जिन्दगी खै के जिन्दगी' कविताको विश्लेषण,* **बिन्दु**, (५१/१२२-१२३, २०१२-२०१३ अक्टोबर-मार्च), पृ. २-९ ।

....., *देवकोटाका काव्यकृतिमा सांस्कृतिक चेतना,* **अन्वेषण**, (४/३, २०६९-२०७० वैशाख), पृ.२९-४७ ।

....., *नेपालीका विशिष्ट कवि वसन्त शर्मा लुइटेल,* **लुइटेल कल्प**, (१/१, २०७० वैशाख), पृ. ३३-३९ ।

....., *पिउन सा..प,* **सुलेख**, (२/५, २०७० भदौ), पृ. ३१-३२ ।

....., *नेपालबाहिर नेपाली साहित्यको अवस्था,* **साहित्य संसार**, (१,२०१३ सेप्टेम्बर-डिसेम्बर), पृ.२०-२३ ।

....., *नेपालीको विशिष्ट आख्यानात्मक काव्य श्रीकृष्णचरित्र,* **अन्तर्दृष्टि**, (२०/३, २०७० फागुन), पृ. २४-३८ ।

....., *विश्वेश्वरप्रसाद कोइरालाको कथाशिल्प,* **बगर**, (३२/८९, २०७० साउन-पुस), पृ. १९६-२०४ ।

....., *वानीरा गिरीको कविताशिल्प : जीवन थाय्मरूका सन्दर्भमा,* **वनिता**, (१५/५५, २०७०-२०७१ चैत-जेठ), पृ. ५५-६३ ।

....., *समाजवादी यथार्थवादी/प्रगतिवादी धाराका नेपाली उपन्यास,* **शब्दसंयोजन**, (११/१, २०७१ वैशाख), पृ. ३५-३८ ।

....., *नेपाली साहित्यमा भानुभक्त आचार्यको योगदान,* **सिर्जना**, (६/१७, २०७१ वैशाख-असार), पृ. २०-३१ ।

....., *विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्ति,* **सुलेख**, (३/२-३, २०७१ जेठ-असार), पृ.४१-४५ ।

....., *विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक कला,* **मधुपर्क**, (४७/४, २०७१ भदौ), पृ.८०-८२ ।

....., *पारिजातको औपन्यासिक शिल्प,* **बगर**, (३३/९०, २०७१ वैशाख-असोज), पृ. ३४४-३४९ ।

....., *विश्वेश्वरप्रसाद कोइरालाको कथाकारिता,* **रजस्थल**, (१७/६०, २०७१ साउन-असोज),पृ. ६-१७ ।

....., *म बिक्रीमा छु,* **जनमत**, (३१/९, २०७१ असोज), पृ. ५८ ।

....., *प्रथम मौलिक उपन्यासकार गिरीशबल्लभ,* **अन्नपूर्ण पोस्ट**, (२०७१ कात्तिक १५), पृ. ७ ।

....., *अनुभवको उत्कृष्ट सङ्ग्रह,* **नागरिक**, (२०७१ कार्तिक २२), पृ. १० ।

....., *समकालीन नेपाली साहित्यको परिदृश्य,* **नेपाली संगम**, (अङ्क २, अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन विशेषाङ्क-२०१३ कोलकाता), सन् २०१४, पृ. ११-४३ ।

....., *नेताको डायरी,* **नेपाली संगम**, (अङ्क २, अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन विशेषाङ्क-२०१३ कोलकाता, सन् २०१४), पृ. १०२ ।

....., *सिद्धिचरण श्रेष्ठको कवित्व,* **वाङ्मय**, (१५/१५, २०७१), पृ. ३४-४६ ।

....., *नेपाली कविताको इतिहासमा महिलाहरूको अवस्थिति,* **TMCसौगात,** (७/६,२०७१), पृ.१३-२६ ।

लुइटेललाई पुरस्कार, **नेपाल समाचारपत्र**, (२०६२ पुस २०), पृ. १२ ।

लुइटेललाई पुरस्कार, **अन्नपूर्ण पोस्ट**, (२०६८ कात्तिक २), पृ. १६ ।

लुइटेललाई विद्यावारिधि, **गोरखापत्र**, (२०५९ असार १५), पृ. ३ ।

लुइटेललाई विद्यावारिधि, **स्पेसटाइम दैनिक**, (२०५९ असार १७), पृ. २ ।

लुइटेललाई विद्यावारिधि, **राजधानी**, (२०५९ असार १९), पृ. २ ।

लुइटेललाई विद्यावारिधि, **नेपाल समाचारपत्र**, (२०५९ साउन १५), पृ. ७ ।

लुइटेललाई विद्यावारिधि : भाषा साहित्यमा नौलो शोधप्रबन्ध, **हिमालय टाइम्स**, (२०५९ असार १२), पृ. २ ।

लेखक परिचय, **भृकुटी**, (पू.१०, २०६७ माघ-चैत), पृ. १२८ ।

लोकसाहित्यको आधिकारिक ग्रन्थ प्रकाशित, **साप्ताहिक चितवन**, (२०६३ भदौ १८), पृ. ४ ।

वस्ती, विवश, *कविता विधाको गहन दस्तावेज,* **बुधबार**, (२०६१ जेठ २०), पृ. ४ ।

विकल कथा क्षेत्रका ग्रह, **नेपाल समाचारपत्र,** (२०६१ असार १६), पृ. २ ।

विद्यावारिधि, **त्रिभुवन विश्वविद्यालय बुलेटिन**, (३५/१, २०५९ साउन), पृ. ११ ।

विशिष्ट खुबीका कारण युगकविको सम्मान, **गोरखापत्र**, (२०६८ चैत १६), पृ. ५ ।

शर्मा, परशुराम, *गौहाटी विश्वविद्यालयमा नेपाली स्नातकोत्तर प्रथम वर्षको पाठदान र विदाइ समारोह सम्पन्न,* **नवयात्रा त्रैमासिक**, (६/१२, २०११ अक्टोबर), पृ. १ ।

शर्मा र लुइटेल पुरस्कृत, **अन्नपूर्ण पोस्ट**, (२०६४ असार १७), पृ. ५ ।

शर्मा, सुकुम, *कविता सिद्धान्त र नेपाली इतिहासका सन्दर्भमा डा.खगेन्द्रप्रसाद लुइटेलको समालोचकीयता,* **समकालीन साहित्य**, (१४/३, २०६१ वैशाख-असार), पृ. ७६-८१ ।

शुभेच्छु, रमेश, *डा.खगेन्द्रप्रसाद+लीला लुइटेल,* **शब्दाङ्कुर**, (६/४, २०६३ माघ), पृ. १०-१३ ।

शेर्पा, आङछिरिङ, *नेपालमा अझैसम्म असल नेता जन्मेको छैन,* **एभरेस्ट टाइम्स**, (सन् २०१४ डिसेम्बर २९) ।

श्रेष्ठ, राजेन्द्र, *नहाकरेको दिन नहारेको जीवन,* **अन्नपूर्ण पोष्ट**, (२०६२ असोज ९), पृ. ७ ।

समालोचनाको सङ्ग्रह, **अन्नपूर्ण पोस्ट**, (२०६८ पुस २३), पृ. १६ ।

सत्याल, शिवप्रसाद, *गर्जो टार्ने प्रकाशन शोधविधि,* **गरिमा**, (१४/४, २०५२ चैत), पृ. ११४-११६ ।

साधक सिंहको स्मृति कार्यक्रम, **गोरखापत्र**, (२०६८ मङ्सिर ७), पृ. ५ ।

साहित्य सम्मेलन धुमधाम आज कर्फोकमा समापन, **इलाम एक्सप्रेस**, (२०६८ फागुन १६), पृ.१ ।

साहित्य सम्मेलन सम्पन्न, **कान्तिपुर**, (२०६८ फागुन १७), पृ. १० ।

सिडिओका संस्मरण, **कान्तिपुर**, (२०७१ पुस २५), पृ. १० ।

सिद्धिचरण चर्चा, **कान्तिपुर**, (२०६८ चैत १६), पृ. ११ ।

सिग्देल, सुदर्शन, *नेपाली बोर्डिङ स्कुलहरुमा भारतीय राष्ट्रियता,* **राजधानी**, (२०६० जेठ १६), पृ. १ ।

सिद्धान्तको क्षेत्रमा गहकिलो पुस्तक, **अन्नपूर्ण पोस्ट**, (२०६१ वैशाख ५), पृ. ७ ।

सुवेदी, केशव र अन्य, *नेपाली शोधपरक समालोचना : परम्परा र प्राप्ति,* २०६१ सालमा नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र ।

संगम, फणीन्द्र, *कर्ममा जीवन्त भानु,* **नागरिक**, (२०७० असार २९), पृ. ११ ।

सिंह, मीना, *सबैको मन मखमलीमै*, **अन्नपूर्ण पोस्ट**, (२०६८ कार्तिक ९), पृ. ७ ।

हस्ताक्षर, **जनमत**, (१९/१-२, २०५८ फागुन) ।

१०२ औं लक्ष्मीजयन्ती संस्थापक र साहित्यकार सम्मानित, **समृद्ध समाज**, (२०६८ कात्तिक ६), पृ. १ ।

Lohani, Ambika, Felicitation to Professor Dr. Khagendra Prasad Luitel in Atlanta, USA - **Janapukar.com**, 2014 January 4) .

Republica, Prof Luitel feted, (2010 June 29), P. 2.

ROTARY CLUB OF PASHUPATI-KATHMANDU DISTRICT (2008 July 11), P. 59.

Sarup, B. Kamala, Writing For Life: Writing and Authoring (**Media for Freedom**, 2014 june 11).

THE RISING NEPAL, Ph.D. degree conferred on Luintel, (2002 June 29), P. 3.

३. शोधपत्रसूची

अधिकारी, यशोदा, **डी पी अधिकारीका समालोचनाको विश्लेषण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६५ ।

उपाध्याय, टेकनारायण, **नेपाली कविताको विकासमा मेघालयको योगदान**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, २०७० ।

कार्की, गङ्गादेवी, **तेरथुम जिल्लाका उपन्यासकारका उपन्यासहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६९ ।

गौतम, धर्मप्रसाद, **नेपाली साहित्यमा तेरथुम जिल्लाको योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६९ ।

दाहाल, योगेन्द्रमणि, **नेपाली हास्यव्यङ्ग्य निबन्ध (२०४६ पछि)**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६५ ।

पौड्याल, एकनारायण, **समकालीन नेपाली समालोचनाका प्रवृत्ति**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, २०६९ ।

भुसाल, राजु, **मोहनराज शर्माको समालोचना प्रवृत्ति**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६२ ।

भण्डारी, चेतनारायण, **देवीप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६९ ।

लुइटेल, खगेन्द्रप्रसाद, **सोल्माली गुरुङहरूको सांस्कृतिक जनजीवन**, अप्रकाशित भिलेज प्रोफाइल त्रि.वि. राविसे कार्यक्रम, २०४५-२०४६ ।

....., **क्षेत्रप्रताप अधिकारीका काव्यप्रवृत्ति**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय शिक्षण विभाग, २०४६ ।

सापकोटा, नवीन, **अनलाइन पत्रिकामा प्रकाशित नेपाली कथाको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६९ ।

सन्दर्भ स्रोतव्यक्तिहरू

अभि सुवेदी	प्रा.डा. तथा वरिष्ठ साहित्यकार
अम्बरराज खनाल	आई.ए. तहका सहपाठी
इन्द्रप्रसाद लुइटेल	शोधनायक खगेन्द्रप्रसाद लुइटेलका बुबा
ऋभु लुइटेल	शोधनायक खगेन्द्रप्रसाद लुइटेलकी कान्छी छोरी
कुमारप्रसाद कोइराला	प्रा.डा. तथा समालोचक
कृष्णप्रसाद दाहाल	फाक्चामारा मा.वि.का तत्कालीन प्रधानाध्यापक
कृष्णहरि बराल	प्रा.डा. नेपाली केन्द्रीय विभाग तथा गीतकार
खगेन्द्रप्रसाद लुइटेल	शोधनायक तथा प्रा.डा. नेपाली केन्द्रीय विभाग
खड्गजीत बराल	पूर्वप्रहरी महानिरीक्षक
गणेश खनाल	तत्कालीन तेरथुम-काठमाडौं सम्पर्क मञ्चका सदस्य
गोपालप्रसाद पराजुली	वरिष्ठ साहित्यकार
गोपीकृष्ण ढुङ्गाना	स्नातकोत्तर शोधार्थी तथा अन्नपूर्ण पोस्टका उपसम्पादक
गोविन्दसिंह रावत	विद्यावारिधि शोधार्थी तथा साहित्यकार
घनश्यामराज कर्णिकार	वरिष्ठ साहित्यकार
चन्द्रबहादुर कार्की	तेरथुम आम्बुङ निवासी पूर्वप्रशासक
जयराज पन्त	वरिष्ठ साहित्यकार
टेकनारायण उपाध्याय	विद्यावारिधिका शोधार्थी
दधिराम न्यौपाने प्रमुख	एउटै विद्यालयमा पढेका कालिमाटी निवासी म्याङ्लुङ क्याम्पसका
ध्रुवचन्द्र गौतम	नेराप्रप्रको पूर्वसदस्य सचिव तथा वरिष्ठ साहित्यकार
नरबहादुर लिम्बू	एउटै विद्यालयमा पढेका कालिमाटी निवासी
नारायणप्रसाद शर्मा गैरे सहप्राध्यापक	विद्यावारिधिका शोधार्थी तथा भक्तपुर बहुमुखी क्याम्पसका
बखतबहादुर थापा	साहित्यकार, काठमाडौं
भाउपन्थी	नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वप्राज्ञ सदस्य तथा साहित्यकार

मदन गौतम	अस्कल क्याम्पसका सहप्राध्यापक
महेन्द्र सिंह	प्रा.डा. तथा त्रि.वि.का पूर्वशिक्षाध्यक्ष
मानबहादुर भुजेल	विद्यालय तहका सहपाठी
मोदनाथ प्रश्रित	पूर्वशिक्षामन्त्री तथा वरिष्ठ साहित्यकार
मोहनराज शर्मा	प्राध्यापक तथा वरिष्ठ साहित्यकार
मोहन सिटौला	साहित्यकार तथा अनेसासका पूर्वअध्यक्ष
मोहनहिमांशु थापा	प्रा.डा., पूर्वविभागीय प्रमुख त्रि.वि. नेपाली केन्द्रीय विभाग
योगमाया लुइटेल	शोधनायक खगेन्द्रप्रसाद लुइटेलकी आमा
रविमान लमजेल	तेरथुम थोक्लुङ निवासी वरिष्ठ साहित्यकार
राजुबाबु श्रेष्ठ	एस.पी. तथा साहित्यकार
राधेश्याम लेकाली	अनेसासको वरिष्ठ उपाध्यक्ष तथा साहित्यकार
रामप्रसाद ढकाल	शोधनायक खगेन्द्रप्रसाद लुइटेलकी ससुराबुबा
राम्रीनानी ढकाल	शोधनायक खगेन्द्रप्रसाद लुइटेलकी सासूआमा
लीला लुइटेल	शोधनायक खगेन्द्रप्रसाद लुइटेलकी श्रीमती
लेखनाथ पौडेल	सहपाठी तथा त्यतिखेर सँगै राजनीति गरेको साथी
विजय अधिकारी	सिद्धकाली प्र.मा.वि.का विद्यार्थी
विजय सुब्बा	तेरथुम जिल्लाका पूर्वसांसद् तथा साहित्यकार
विनोद पोखरेल	स्नातक तहका सहपाठी
विभु लुइटेल	शोधनायक खगेन्द्रप्रसाद लुइटेलकी जेठी छोरी
विश्वदीप अधिकारी	साहित्यकार तथा कानुन व्यवसायी
शिवप्रसाद उप्रेती	स्नातकोत्तर तहका सहपाठी उपसचिव नेपाल सरकार शिक्षा मन्त्रालय
श्यामसिंह थापा	पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक
श्रीमान् काकी	एउटै विद्यालयमा पढेका सुङ्नाम निवासी बिमा समितिका निर्देशक
सूर्य सुवेदी	तेरथुम साब्ला निवासी वरिष्ठ साहित्यकार
हरिभक्त बुढाथोकी	पूर्वप्रहरी निरीक्षक तथा साहित्यकार
हेमसागर ढुङ्गेल	विराटनगर जेलमा सँगै बसेका साथी

परिशिष्ट

शोधका क्रममा विभिन्न व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ता

खगेन्द्रप्रसाद लुइटेलको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षकमा स्नातकोत्तर शोधपत्र तयार पार्ने क्रममा शोधनायक लुइटेल र उनका आफन्त तथा उनीसँग परिचित विभिन्न विद्वान्हरूसँग लिइएको अन्तर्वार्तालाई तल जस्ताको तस्तै प्रस्तुत गरिएको छ ।

परिशिष्ट-क

शोधनायक खगेन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ता

१. **तपाईंको बाल्यकालबारे केही बताइदिनोस् न ।**

बाल्यकालको सुरुकै अवस्थातिरका कुरा त आफूलाई केही थाहा हुँदैन । हाम्रो परिवार सम्पन्न परिवारमै पर्ने हुँदा बाल्यकालमा खासै दुख बेहोरेको सम्झना छैन । मेरो बाल्यकालको धेरै समय त अध्ययनमै बित्यो ।

२. **तपाईंको औपचारिक अध्ययनको थालनी कहिले र कहाँबाट भएको हो ?**

मेरो औपचारिक अध्ययनको थालनी मेरै हजुरबा गौरीशङ्करको नामबाट स्थापित विद्यालय गौरीशङ्कर प्रा.वि. बाट वि.सं. २०२६ सालमा भएको हो ।

३. **विद्यार्थी जीवनमा पढाइमा सधैँ प्रथम हुने तपाईं अतिरिक्त क्रियाकलापहरूमा कत्तिको भाग लिनुहुन्थ्यो ?**

म विद्यालयद्वारा आयोजित वक्तृत्वकला, वादविवाद, चेस, हाजिरीजवाफ आदि प्रायः सबै कार्यक्रमहरूमा भाग लिन्थेँ र सधैँ प्रथम हुन्थेँ । जिल्लास्तरीय निबन्ध प्रतियोगितामा पनि पुरस्कृत भएको थिएँ । स्कुल पढ्दा आफ्नै निर्देशनमा धेरै नाटकहरू पनि देखाएको थिएँ । त्यतिखेर म भलिबल, फुटबल पनि खेल्थेँ ।

४. **तपाईंले मा.वि. तह फाक्चामारामा बसेर अध्ययन गर्नुभएको रहेछ । त्यसबेलाका विशेष घटनाहरूबारे बताइदिनोस् न ।**

२०२९ सालमा फाक्चामारा पढ्न गएपछि सुरुमा सोल्माकै एउटा साथीसँग बस्थेँ । केही समयपछि उनी आफन्तकोमा गएकाले त्यसपछि म एक्लै बस्न थालेँ । म आफैँ खाना बनाएर खान्थेँ । अल्छी लाग्दा दाल, भात, तरकारी एकै ठाउँमा पकाएर खान्थेँ । घरबेटी हजुरआमाले प्रायः तरकारी, दही, मही ल्याइदिनुहुन्थ्यो । त्यस घरको नारायणजङ्ग पनि मसँगै पढ्थे । कुपी बालेर पढ्नुपर्ने त्यो बेलामा म पढ्न थालेपछि उनले बत्ती छेकिदिन्थे तर उनकी हजुरआमाले अर्को बत्ती बालेर ल्याइदिनुहुन्थ्यो । कहिलेकाहीँ झगडा पर्दा हजुरआमाले मेरो पक्ष लिएर नारायणजङ्ग नै गाली गर्नुहुन्थ्यो । आफ्नो नातिलाई भन्दा बढी मलाई माया गर्नुहुन्थ्यो । घरबाट फाक्चामारा पुग्न ६-७ घन्टा लाग्थ्यो । झोलामा चामल बोकेर जानुपर्थ्यो । लम्बुखोला तर्नुपर्थ्यो, त्यो त्यति सहज थिएन । आफैँ तर्न सकिँदैनथ्यो । प्रायः घोर्साने साइलाले तारिदिन्थे । भेल आएको बेलामा पनि एउटा हातले उचालेर तार्ने गर्थे । हामी खोलो जहाँ साँघुरो हुन्थ्यो त्यहींबाट फड्किन्थ्यौँ । एकदिन खोलो सड्लो भएको बेला एक्लै तनै खोज्दा खोलाले बगाएर केही तल पुऱ्याएर किनारातिर निकालिदियो । मलाई त्यहाँ बस्दा शनिबार कहिले आउला भन्ने लागिरहन्थ्यो । कहिलेकाहीँ स्कुल नजिकैको अँधेरी खोलामा पौडी खेल्न जान्थ्यौँ । पौडी खेल्दा एकपल्ट डुबेको थिएँ तर साथीले बचाए ।

चक्रजङ्ग निरौलाले केही गर्दैन पढ्छ मात्र भनेर कहिलेकाहीँ घरमा पोल लगाउने गर्थे । अघिल्लो दुई वर्ष एस.एल.सी. मा निल गएको त्यस विद्यालयमा मेरो ब्याजमा पनि एस.एल.सी. पास गर्ने म मात्र थिएँ । त्यसबेला चक्रजङ्ग म पास हुनमा शिक्षकको केही हात नभएको र विद्यार्थी आफ्नै कारणले पास भएको कुरा शिक्षकहरू सामु नै व्यक्त गर्थे । कक्षा ९ मा पढ्दा दश रूपैयाँ जम्मा गरेको थिएँ । एक जना साथीले तिहारमा तिर्छु भनेर मागेकाले उनलाई दिएको थिएँ । जुन पैसा आजसम्म तिरेका छैनन् । मलाई त्यो पैसा जिन्दगीको सबैभन्दा धेरै कमाइ गुमेजस्तो लाग्छ ।

५. **एस.एल.सी. पासपछि आई.ए. नै पढ्नुका कुनै कारण छन् कि ?**

आई.ए. पढ्नु नै सबैभन्दा राम्रो भन्ने गाउँको चलन थियो र त्यसबारे आफूलाई पनि त्यति थाहा थिएन । गाउँमा यो पढ्नुपर्छ भनेर सल्लाह दिने मान्छे पनि कोही थिएन त्यही भएर आई.ए. नै पढें ।

६. **धनकुटामा आई.ए. पढ्दाका क्षणबारे बताइदिनोस् न ?**

म धनकुटामा आई.ए. पढ्दा डेरा गरेर बस्थें र आफैं भात पकाएर खान्थें । म सबैलाई आफ्ना नोट दिन्थें । त्यसैले कक्षाका साथीहरू मसँग निकट हुन्थे । म सानो भए पनि पढाइमा तेज भएकाले शिक्षक, विद्यार्थी सबैले मलाई माया गर्थे । नेपाली पढाउने हेमचन्द्र पोखरेल मलाई मायालु पाराले जिरे खोर्सानी भन्थे । धनकुटा बहुमुखी क्याम्पसबाट २०३५ सालमा मैले प्रथम श्रेणीमा सर्वप्रथम भएर आई.ए. उत्तीर्ण गरें । आई.ए. उत्तीर्ण गरेपछि मैले सरकारी छात्रवृत्तिमा रुसमा पढ्ने अवसर (रस्सा प्लान) पाएको थिएँ तर गइन ।

७. **आई.ए. पढिसकेपछि जागिर खानुपर्ने बाध्यता, रहर वा अन्य कुनै कारण थियो ?**

मैले राजनीति गर्नको लागि जागिर खाएको हुँ ।

८. **राजनीतिक क्षेत्रमा कहिले कहाँबाट प्रवेश गर्नुभयो ? विशेष प्रभाव कसबाट पऱ्यो ?**

गाउँमा त्यति धेरै राजनीति हुँदैनथ्यो । आठ कक्षामा पढ्न थालेपछि केही राजनीतिक कुरा बुझ्दै गएँ र संलग्न पनि हुँदै गएँ । घरायसी परिवेश र फाक्चामारामा बस्दाका घरबेटीका गतिविधिबाट पनि राजनीतितर्फ प्रभावित भएको हुँ ।

९. **तपाईंको राजनीतिक जीवनबारे बताइदिनोस् न ।**

म विद्यालय तहमा पढ्दादेखि नै राजनीतितर्फ आकर्षित थिएँ । आई.ए. पढ्दा म राजनीतिमा सक्रिय हुन थालिसकेको थिएँ । २०३६ सालमा बि.ए. पढ्न भनी काठमाडौं आएको थिएँ तर पार्टीको निर्देशनअनुसार राजनीति गर्न फर्केर फेरि अध्यापन क्षेत्रतिरै लागें । २०३६ सालको राजनीतिक आन्दोलनमा शिक्षक सङ्गठनका माध्यमबाट शिक्षकको नेतृत्व गरेर आन्दोलनमा सक्रिय भएको म राजनीति गर्नकै लागि शिक्षक बनेको थिएँ । प्रत्येक विद्यालयमा जाँदा म सबैका सामु एउटा शिक्षकको रूपमा देखिए पनि मेरो मुख्य उद्देश्य भने राजनीतिक प्रचारप्रसार हुने गर्थ्यो । राजनीति गर्नाकै लागि जागिर खाएको हुनाले म छोटो समयमा नै विभिन्न विद्यालयमा पुगेको थिएँ । यसको मुख्य कारण पनि राजनीति नै थियो । राजनीति गरेको कुरा त्यस ठाउँमा पञ्चहरूले थाहा पाएपछि त्यो ठाउँ छाड्नुपर्ने हुनाले कुनै पनि विद्यालयमा मैले लामो समय काम गरेको गरिन ।

म धनकुटा बहुमुखी क्याम्पसका विद्यार्थीहरू लिएर शैक्षिक भ्रमणमा काठमाडौं आएका बेला सिंहदरबारमा बम पड्कियो भनी खैलाबैला मच्चियो । मलाई धनकुटादेखि नै मण्डलेले सुराकी गरेका कारण काठमाडौं विशालबजारमा घुमिरहेका बेला प्रहरीले पक्रन खोज्दा समूहका साथीहरू, क्याम्पस प्रमुख र लेखा अधिकृतसमेतले जोगाएर ट्याक्सीमा हाली अन्यत्र लगे । त्यसपछि म केही समय कीर्तिपुर नयाँबजारमा लुकेर बसें । त्यसको केही समयपछि धनकुटा फर्कने क्रममा थानकोट कट्ने बेलामा पुलिसले पिछा गरिरहेको थाहा पाई नागढुङ्गासम्म हिँड्दै गएँर त्यहाँदेखि ढल्केबरसम्म एउटा ट्रकमा गएँअनि त्यहाँदेखि उता इटहरीसम्म कसैले थाहा नपाई बसको छतमा बसेर गएँ र त्यहाँबाट पैदल यात्रा गरी लुक्दैछिप्दै धनकुटा पुगें ।

मैले राजनीतिका क्रममा जेल, नेल र यातना धेरैपटक भोगेको छु । धनकुटा पढ्दा म अनगिन्ती पटक पुलिस कस्टडीमा परेको थिएँ । सामान्य केही घटना भएमा स्थानीय प्रशासनले मलाई पक्रेर लगी पञ्चायती व्यवस्था विरोधी, अराष्ट्रिय तत्त्व आदि भन्दै कठोर यातना दिने गर्थ्यो । बि.ए. पढ्दापढ्दै पनि पार्टीको

निर्देशनअनुसार सरस्वती प्रस्तावित मा.वि. सिँदुवामा पढाउने निहुँले राजनीति गर्न गएँ र शिक्षक भई केही समय राजनीति गरेँ। त्यसैबेला २०४२ सालको राष्ट्रव्यापी आन्दोलनमा धनकुटाबाट आन्दोलनको नेतृत्व गरेर विराटनगर पुगेको बेला म महेन्द्र मोरङ क्याम्पस विराटनगरको हाताबाटै भाषण गर्दागर्दै पक्राउ परेँ। प्रहरीको लाठीबाट तत्कालै बेहोस भएँ। लामो समयसम्म मलाई कोसी अञ्चल अस्पताल विराटनगरमा भर्ना गरियो र केही बिसेक भएपछि जेल चलान गरियो। निकै समयसम्म मलाई विराटनगर जेलमा राखी जेलमा पनि कठोर यातना दिइएको थियो। म त्यसबेला जेलमा बस्दा विभिन्न विद्यार्थीहरूलाई पढाउने पनि गर्थेँ। आजका नेताहरूको चर्तीकला देख्दा म वाक्क भइसकेको छु र त्यसबेलाको घटना सम्झन पनि चाहन्न।

१०. **तपाई त विद्यालय तहदेखि नै राजनीति प्रारम्भ गरी खुब राजनीति गर्ने र सधैँ प्रथम पनि हुने मान्छे राजनीतिले पढाइमा कुनै असर पार्दैनथ्यो ? कसरी पढाइ र राजनीति दुवैको समयलाई व्यवस्थापन गर्नुहुन्थ्यो ?**

राजनीतिले मेरो पढाइमा कहिल्यै असर पारेन। म राजनीति र पढाइलाई सँगसँगै अगि लगेर पनि सधैँ प्रथम भएको मान्छे हुँ। म घोकेर भन्दा बुझेर पढ्थेँ। म कुनै पनि कुरा दोहोऱ्याएर कमै पढ्थेँ। राती अरू सुतिसकेपछि उठेर केही क्षण पढ्थेँ।

११. **विश्वविद्यालयमा अध्ययन गर्दाको समयसम्म पढाइसँगै राजनीतिलाई पनि अगि बढाउँदै लगेको मान्छे तपाईंले त्यसपछि किन राजनीति छाडेर शैक्षिक क्षेत्रलाई बढी महत्व दिनुभयो ?**

पार्टीले मलाई राजनीति गर्न जा भने तापनि त्यतिखेर केहीले त्रि.वि.मा पढाउन दिन्न भनेकाले त्यसैको प्रतिक्रिया स्वरूप नेपाली केन्द्रीय विभागमै पढाउन आएको हुँ। यसबाहेक राजनीति क्षेत्रमा अतिसय भागबन्डा हुन थालेको र मूल्य र मान्यताको राजनीति लागु हुन छाडेको देखेपछि पनि राजनीति छाडेर शैक्षिक क्षेत्रतिर लागेको हुँ। २०५० सालपछि मूल्य र मान्यताको राजनीतिको अन्त्य भई त्यस क्षेत्रमा व्यापक भ्रष्टाचार मौलाएको हुनाले प्रत्यक्ष राजनीति गर्न छाडेँ तर २०६२-२०६३ जनआन्दोलनमा भने निरङ्कुशताका विरुद्ध सक्रिय रहेँ। म राजनैतिक आस्थाका आधारमा कसैप्रति भेदभाव गर्दिन। सबैलाई गुणदोषका आधारमा मूल्याङ्कन गर्नुपर्छ भन्ने मेरो दृष्टिकोण हो। हाल म कुनै पनि पार्टीमा संलग्न नभएकाले जुनसुकै पार्टीको राम्रो कुरामा समर्थन र नराम्रा कुरामा विरोध जनाउँछु।

१२. **तपाईंको जागिरको विविध क्रमबारे बताइदिनोस् न।**

विद्यार्थी जीवनदेखि नै राजनीतिमा सक्रिय रहेको हुँदा राजनीति गर्ने क्रममा म पार्टीको निर्देशनअनुसार विभिन्न ठाउँका विद्यालयहरूमा शिक्षक बनेर पुगेको छु तर कुनै पनि विद्यालयमा मैले लामो समय पढाएको छैन। यसको मूल कारण राजनीति नै थियो। राजनीति गर्नाकै लागि जागिर खाएको हुनालेमपञ्चायत विरोधी राजनैतिक आन्दोलनमा सक्रिय रूपले लागिपरेको थिएँ। पञ्चायत विरोधी आन्दोलनमा संलग्न भएको कुरा स्थानीय पञ्चहरूले थाहा पाएपछि त्यो ठाउँ छाड्नुपर्ने हुनाले पनि म छोटोछोटै समयमा विभिन्न विद्यालयमा पुगेको हुँ। सबैजसो विद्यालयमा अस्थायी शिक्षकका रूपमा काम गरेको मलाई श्री महाकाली नि.मा.वि. पुल्दुङमा हुँदा निमावि तहको अङ्ग्रेजी शिक्षकका रूपमा स्थायीमा नाम निकालेर २०३९ भदौ ९ गते स्थायी शिक्षक भएँ तर तत्कालै पुलिस रिपोर्ट बिग्रिएको भनी प्रशासनले दुख दिन थाल्यो। मलाई प्रशासनले पञ्चायतको समर्थनमा कागज गरे पुलिस रिपोर्ट सच्च्याइदिने भनेको थियो तर मैले ठाडै अस्वीकार गरीजागिर नै छोडिदिएँ र बि.ए. पढ्न धनकुटातिर लागेँ। धनकुटामा पढ्दापढ्दै म त्यसै जिल्लाको सिँदुवा भन्ने ठाउँमा मावि तहको अङ्ग्रेजी शिक्षक भएँ तर त्यसै बेला म जेल परेकाले मेरो जागिर त्यत्तिकै गयो।

बि.ए.को परीक्षा दिएपछि म हेटौडा वन कार्यालयमा नायब सुब्बा भएक थिएँ । जागिर खान थालेको केही दिनमै अञ्चलाधीशको आदेशमा पथ्रीभन्दा केही परको जङ्गलमा रहेको सुकुम्बासी बस्ती हटाउन मसहितको टोली खटाइयो । त्यहाँ बसेका पुरुषजति सबै पहिले नै भागिसकेका रहेछन् । त्यहाँ हात्तीले घर भत्काएर आगो लगाइएको र महिला र केटाकेटीहरूप्रति गरिएको अमानवीय व्यवहार र तिनीहरूको दर्दनाक अवस्था देख्दा मलाई त्यो जागिर खान मन लागेन र भोलिपल्टै त्यो जागिर छोडें र पुनः शिक्षण कार्यमै संलग्न भएँ ।

श्री सरस्वती मा.वि. मच्छेबुङ मेमेङ, पाँचथरमा पढाउँदा पढाउँदै त्यो ठाउँ छोडी काठमाडौँ आएर त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा स्नातकोत्तर तह उत्तीर्ण गर्ने बित्तिकै तत्कालीन शिक्षामन्त्रीले मार्विनि वा सहायक जिल्ला शिक्षा अधिकारी हुन आग्रह गर्दा नमानी म प्राध्यापन क्षेत्रतिर लागें । मुख्य विषय अङ्ग्रेजी लिएर पढेको र पढाएको हुनाले ममा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान थियो । त्यसले गर्दा पनि म विभिन्न विदेशी निकायमा पटकपटक जागिरका लागि छनोट भएका थिएँ । विश्वविद्यालय प्रवेश गरेकै बखत मलाई अमेरिकी संस्थामा उहीं गएर काम गर्ने र प्रशस्त पैसा कमाउन सकिने राम्रो जागिर मिलेको थियो । त्यसबेला त्रिभुवन विश्वविद्यालयका सहायक प्राध्यापकको तलब रु. २२७०/- थियो भने अमेरिकी संस्थामा निकै गुणा बढी थियो तर म अमेरिका नगएर त्रिभुवन विश्वविद्यालयमै पढाउन थाले । त्यतिखेर मेरा शुभचिन्तक साथीहरूले मलाई अमेरिका जाने सल्लाह दिएका थिए तर म तिनीहरूको सल्लाह नमानी आफ्नै निर्णयबाट यहीं जागिर खान थालें । यसमा मलाई अहिले पनि कुनै पछुतो छैन । मेरा यी विभिन्न क्षेत्रको संलग्नतालाई कतिपयले ईर्ष्याका रूपमा हेरे पनि म त्यसको वास्ता गर्दिन ।

१३. **तपाईंले किन काठमाडौँ मै विवाह गर्नुभयो ? यसबारे केही बताइदिनोस् न ।**

तेरथुम जिल्लाको एउटा प्रतिष्ठित परिवारमा जन्मिएको हुनाले विवाहका लागि एस.एल.सी. उत्तीर्ण गरेदेखि नै गाउँघर वरपरबाट अनेक प्रस्ताव आए पनि तिनलाई घरपरिवारबाटै अस्वीकार गरिएको थियो । आई.ए. पास गरी म शिक्षक भएर विभिन्न विद्यालयमा पुगेका बेला ती ठाउँका अनेक व्यक्तिले बिहेको प्रस्ताव राख्थे तर म आफ्नो बिहे गर्ने बेलै भएको छैन भनी टारिदिन्थे । बि.ए. पढ्दा मलाई धेरैले मन पराउँथे तर म राजनैतिक नेतृत्वमा रहेका कारण सोझै प्रस्ताव राख्ने हिम्मत कसैले गर्दैनथे । एम.ए. पढ्दा प्रथम वर्षमा सर्वप्रथम भएपछि नेपाली विभागकै अग्रजहरूले समेत सोझै र अरू विभिन्न व्यक्तिका माध्यमबाट पटकपटक प्रस्ताव राख्दा पनि मैले त्यसलाई ठाडै अस्वीकार गरिदिएँ । यसबाहेक एम.ए. पढ्दाका बखत बिहेका लागि अरू विभिन्न विषयमा पढ्ने थुप्रै व्यक्तिहरूबाट अनेकौं प्रस्ताव आए पनि मैले तिनको वास्ता गरिँन । काठमाडौँमा बिहे नगर्ने पढाइ सकेर आफ्नै गृहजिल्लामा गई राजनीति गर्ने र उतै बिहे गर्ने योजना बनाएको थिएँ तर राजनीतिमा मूल्य र मान्यता स्खलित हुन थालेपछि म त्यतातिरबाट क्रमशः अलग्गिएर प्राध्यापन क्षेत्रमा प्रवेश गरें । यसपछि पनि मेरो बिहेका लागि प्रशस्तै प्रस्ताव आए । काठमाडौँमा बिहे नगर्ने र आफ्नै गृहजिल्लामा गई राजनीति गर्ने सोचाइमा परिवर्तन आएपछि मैले काठमाडौँमै बिहे गर्ने निधो गरें ।

१४. **हालसम्म कुनकुन देशको भ्रमण गर्नुभएको छ र भ्रमणको आवश्यकता किन देख्नुहुन्छ ?**

विभिन्न साहित्यिक कार्यक्रमहरूमा म प्रमुख अतिथि, प्रमुख वक्ता तथा कार्यपत्र प्रस्तोताका रूपमा यी विभिन्न ठाउँमा पुगेको हुँ । नेपालका अधिकांश जिल्ला र भारत, चीन, भुटान, बर्मा, बेलायत, अमेरिका, क्यानडालगायत मध्यपूर्वका बहराइन, साउदी अरब, कतारलगायत थुप्रै देशहरूको भ्रमण गरेको छु । गौहाटी विश्वविद्यालयको नेपाली एम.ए.को पाठ्यक्रम पाठ्यपुस्तक निर्माण तथा त्यस कार्यक्रमको उद्घाटनका क्रममा उत्तरपूर्वी भारतको असम क्षेत्रका गुवाहाटी, तेजपुर, निकासी, सिलोङ आदि विभिन्न ठाउँको भ्रमण गरेको छु ।

भ्रमणको आवश्यकता नेपाली भाषासाहित्यको विकास र विस्तार गर्न, आप्रवासी नेपाली साहित्य, डायस्पोरिक नेपाली साहित्यको अवस्था अध्ययन गर्नाका साथै नेपाली साहित्यको अवस्था अध्ययन गर्न र नेपाली साहित्यको प्रचार प्रसार गर्नको लागि रहने गर्दछ । निजी सुखसयलका लागि होइन ।

१५. **खासगरी कस्तो ठाउँको भ्रमण गर्न रुचाउनुहुन्छ ?**

म नेपाली भएको ठाउँ, नेपाली जाति, भाषासंस्कृति जीवित भएको ठाउँमा भ्रमण गर्न रुचाउँछु । यसका साथै नेपाली भाषा हराउन लागेको ठाउँमा त्यसको जगेर्ना गर्नको लागि त्यस्ता ठाउँको पनि भ्रमण गर्ने गर्छु । मेरो भ्रमणमा भूगोल कस्तो छ भन्ने कुराले माने राख्दैन । राष्ट्रियता र विश्वविद्यालयको गरिमाप्रति म सदैव सचेत छु । मेरो विचारमा हाम्रो विश्वविद्यालय पनि अक्सफोर्ड, क्याम्ब्रिज, हार्वट आदि विश्वविद्यालयभन्दा भन्दा कम्ती छैन । म विदेशमा हुने औपचारिक कार्यक्रमहरूमा प्रायः दौरासुरुवाल नै लगाउने गर्छु ।

१६. **भ्रमणले साहित्यिक क्षेत्रमा के कस्तो सहयोग पुऱ्याएको छ ?**

विभिन्न ठाउँको भ्रमणले साहित्यिक क्षेत्रमा प्रशस्तै सहयोग पुऱ्याएको छ । भ्रमणबाट यताको साहित्यिक गतिविधिबारे त्यता जानकारी गराउन र त्यताको गतिविधिबारे जानकारी लिनाका साथै त्यताकालाई साहित्यप्रति उत्प्रेरणा जगाउन पनि सकिन्छ । मेरो **बार वर्षपछि हनिमुन** नियात्रा सङ्ग्रह यात्रासँगै सम्बन्धित कृति हो ।

१७. **तपाईंको जीवनका सुखदुखका स्मरणीय क्षणहरू बताइदिनोस् न ।**

सुखमा हाँस्नु र दुखमा रुनु मानवीय व्यवहार भए पनि आत्तिनु, पात्तिनु र मात्तिनु स्वास्थका लागि हानिकारक हो । म कुनै बेला सुख पाइयो भनेर पात्तिने र मात्तिने अनि दुख पाइयो भनेर आत्तिने गर्दिन । सुखदुख जीवनका सामान्य चक्रवत् घटना ठान्छु । मैले जीवनमा एकदमै सुख र एकदमै दुखकोक्षणको अनुभूति लिन पाएको छैन । आफू फाक्चामारामा चक्रजङ निरौलाको घरमा बसेर पढ्दा उनकै छोरो आफ्नो सहपाठी साथीले कुप्पी छेलेर पढ्न बाधा पुऱ्याउँदा उनकी हजुरआमाले अर्कै कुपी बालिदिने गरेको र ती हजुरआमाले आफ्ना नातिलाई भन्दा आफूलाई बढ्ता माया गर्ने गरेको सुखद क्षण भने मेरो मस्तिष्कमा ताजै छ । एस.एल.सी.को परीक्षाफल प्रकाशित हुँदाको समयका घटना मेरो जीवनका विशेष सुख र दुखका क्षणहरू हुन् । त्यसबेला आफ्नो विद्यालय आफूभन्दा दुई वर्षअगि लगातार निल गएको र त्यस वर्ष पनि निल गएमा काटिने अवस्थामा पुगेको थियो । एस.एल.सी. को परीक्षाफल प्रकाशित हुँदा सुरुमा त्यो वर्ष पनि निल गयो भन्ने समाचार आयो । त्यसबेला थप शोधखोजका लागि कुनै सञ्चार साधन थिएन । यो मेरो जीवनको सबैभन्दा दुखको क्षण बनेको थियो तर त्यसको भोलिपल्ट त्यो ब्याजमा म मात्र उत्तीर्ण भएको र स्कुल पनि काटिनबाट जोगिएको समाचार आयो र यो नै मेरो जीवनको सबैभन्दा खुसीको क्षण थियो ।

मेरो जीवनको सबैभन्दा अविस्मरणीय क्षण भनेको त्रिभुवन विश्वविद्यालयमा नियुक्ति पाएको दिन हो । यो मेरो अविस्मरणीय मात्र नभएर सफलताको क्षण पनि हो । कक्षा तीनमा स्कुलमा सर्वप्रथम भई एक रूपैयाँ पुरस्कार पाउँदा र सबैले अबिर लगाइदिँदा मरो खुसीको सीमा नै रहेको थिएन । त्यसपछि सधैँ सर्वप्रथम हुँदै छात्रवृत्ति र विद्वतवृत्ति पाइरहँदा पनि मलाई सामान्य नै लाग्न थाल्यो । फाक्चामारामा अध्ययन गरेका बेला शुक्रवार घर फर्किँदा त्यहीँ स्कुल नजिकैको अँधेरी खोलाका दहमा साथीहरूसँग पौडी खेल्न पस्दा डुबेको र साथीहरूले बचाएको क्षणका साथै फाक्चामारावाट घर फर्किँदा बीचवाट तिर पर्ने लम्बु खोलो एक्लै तर्न खोज्दा खोलाले बगाएको र केही तल लगेर पानीले हुत्याएर किनारातिर फ्याँकिदिएको क्षण पनि मेराजीवनका अविस्मरणीय क्षण नै हुन् । एस.एल.सी. उत्तीर्ण गरेपछि आई.ए. भर्नाका क्रममा नागरिकता लिने बेलामा सानो भएका कारण उत्पन्न झमेलालाई पनि म स्मरणीय क्षणका रूपमा लिन्छु । धनकुटा बहुमुखी क्याम्पसमा आई.ए.

पढ्दा राजा वीरेन्द्रसँग भेट हुँदा उनले मेरा कुरा सुनेर हाँसीहाँसी अनेक प्रश्न सोधेको र आफूले सोझै उत्तर दिएको सन्दर्भबाट प्रभावित भएर होला अर्को दिन क्याम्पसका नाममा मलाई छात्रवृत्ति दिनू भन्ने चिठी आएको थियो तर आफू प्रथम विद्यार्थी भएकाले जेहेनदार छात्रवृत्ति पाइरहेकोमा यसको खासै अर्थ नभए पनि यो मेरा जीवनको एउटा स्मरणीय घटना हो। यसैगरी धनकुटा बहुमुखी क्याम्पसको स्ववियुको निर्वाचनमा निर्वाचित भइसकेपछि सर्वप्रथम टेलिफोन समातेर कुराकानी गरेको क्षण पनि अविस्मरणीय नै बनेको छ। विद्यार्थी जीवनमा राजनीतिक कार्यक्रमको लागि जनकपुर जाँदा पोखरीलाई सङ्केत चिह्न राखेर घुम्न निस्किएको बेला होटलको नाम पनि थाहा नभएको तथा जताजतै पोखरी भएकोले गर्दा केही क्षण अल्मलिएको र पछि आफू त्यही होटल भएकै ठाउँमा रहेको कुरा थाहा पाएको घटना पनि मेरो जीवनको अविस्मरणीय क्षण नै हो।

अङ्ग्रेजी सेवाकालीन शिक्षकका रूपमा विभिन्न विद्यालयको अवलोकन गर्ने सिलसिलामा काठमाडौँ आउँदा धारामा तातोपानीले नुहाएको घटना पनि मेरा लागि स्मरणीय रहेको छ। रसाप्लान पाउँदा त्यो छाडेर राजनीतिमा लाग्नु, अमेरिकी प्रोजेक्टमा जागिर पाई अमेरिका जाने अवसर र त्रिविको सहायक प्राध्यापक पदको नियुक्तिमध्येकुनलाई छान्ने भन्ने कुरामा दोधार भईत्रि.वि. को सहायक प्राध्यापक छान्नु पनि लुइटेलको जीवनका अविस्मरणीय क्षण नै हुन्। वासुदेव लुइटेलसँग पहिलो पटक मदन पुरस्कार गुठीमा भेट हुँदा कालेबाजेसँग टक्कर लिएर युनिभर्सिटीमा पढाउने खगेन्द्र लुइटेल एउटा अजङ्ग जिउडालको धम्मरधुस र भुसतिघ्रे होला भन्ठानेको त त्यसको ठीक विपरीत दुब्लो, पातलो, गोरो चिटिक्क परेको पो रहेछ भनेको प्रसङ्ग पनि मेरा लागि अविस्मरणीय रहेको छ। जेलमा परेका साथीहरू छुटाउन डेलिगेसन गएका बेला तपाईंहरूका साथीलाई छोड्दिन्छु जानुहोस् भनेर बाहिर गेटमा नपुग्दै पक्रेर जेल चलान गरेको घटना पनि मेरो अविस्मरणीय क्षण हो।

श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्रको विषय समितिमा रहँदा कक्षा नौ र दसको पुस्तकका लेखकका रूपमा छानिएका व्यक्तिले निर्धारित समयमा पुस्तक नलेखेको र कतिपय निर्देशन नमानेका कारण तत्कालीन महाप्रबन्धकले उनलाई हटाउने प्रस्ताव राख्दा त्यसलाई अस्वीकार गरी उनलाई नै काम लगाउने निर्णय गरेर घन्टौँघन्टासम्म लेखाएको कुरा पनि मेरो एउटा स्मरणीय क्षण बनेको छ। यसबाहेक विद्यावारिधि गर्ने सिलसिलामा तत्कालीन विभागीय प्रमुखले आफूलाई अध्ययन बिदामा बस्न नदिने भनेकोमा त्रिभुवन विश्वविद्यालयबाट दीर्घावधिक विद्वत्वृत्तिमा छनोट भई स्वतः बिदा पाएको सन्दर्भ पनि मेरा लागि स्मरणीय रहेको छ।

घरबाट खर्च गर्नाका लागि दिएको एकदुई पैसा जोगाएर जम्मा गरेको दस रूपैयाँ कक्षा नौमा पढ्दा एकजना सहपाठी साथीले सापटी मागेको र त्यो पैसा नतिरेको घटना, एक जना मित्रले धनकुटा जेलमा रहेका बेला जेलबाट छुटकारा पाउनाका लागि धरौटीबापत तिरिदिएको पैसा अहिलेसम्म नतिरेको, सार्वजनिक रूपमा ठूलैमा नाम दरिएका थुप्रै व्यक्ति र नेताहरूले लिएको ऋण नतिरेको प्रसङ्ग, आफूले लेखेका किताबमा अरूको पनि नाम राखिदिएर सहलेखक बनाइदिएका केहीले सम्पूर्ण लेखकस्व एक्लै खाएको सन्दर्भ, जग्गा किन्न वा घर बनाउन लिएको ऋणसमेत नतिरेको प्रसङ्ग आदि मेरो जीवनका दुखद स्मरणीय क्षणहरू हुन्। एकपटक म आफू दुर्घटनामा पर्दा स्वास्थ्य उपचारका लागि दुर्घटना गर्ने व्यक्तिबाट प्राप्त भएको रकम आफूले उपलब्ध गराउन सहयोग पुऱ्याएको भन्दै केही अंश आफूले आदर गरेकै नजिकको ठानिएको मान्छेले लिएको घटनालाई पनि अत्यन्त अमानवीय र दुखद क्षण ठान्छु। यसरी धेरैले मेरो कमाइको ठूलै रकम खाइदिए पनि म कहिल्यै आत्तिन।

म जीवनमा प्राविदेखि उच्च तहसम्म नै सदैव सर्वप्रथम भएको र एम.ए. प्रथम वर्षमा पनि सर्वप्रथम भएको तर दोस्रो वर्षमा योजनाबद्ध रूपमा तत्कालीन विभागीय प्रमुखले प्रथम हुन नदिएको घटना मेरो जीवनको दुखद क्षण हो तर त्यसपछाडिका घटनाक्रमले आफू नै प्रथम भएको पुष्टि भएको र आफूलाई त्यसो गर्नेले पश्चात्ताप बोधसमेत गरेकोमा म खुसी छु। विश्वविद्यालय सेवामा प्रवेश नै दिन्न भन्ने व्यक्तिकै ठाउँमा

विश्वविद्यालय प्रवेशको पहिलो नियुक्तिपत्र प्राप्त गरेको र प्राध्यापक पदको अन्तर्वार्तामा पनि विशेषज्ञका रूपमा उनी नै भएका बेला म प्राध्यापक भएको हुँ । यो सन्दर्भ मेरो जीवनको खुसीको क्षण हो । मलाई कतैबाट कसैले केही गर्न नसके पनि श्रीमतीलाई विश्वविद्यालय सेवामा प्रवेश नदिएको सन्दर्भ भने मेरो जीवनको दुखद क्षण हो ।

१८. **तपाईं जीवनमा सबैभन्दा खुसी र दुखी भएका केही विशेष घटनाहरू छन् कि ?**

एकदमै खुसी हुने र दुखी हुने तथा आत्तिने र पात्तिने त्यस्ता विशेष घटनाहरू त छैनन् तरपनि एस.एल.सी.मा आफूले पढेको स्कुल लगातार दुई वर्ष निल गइसकेको हुनाले त्यस वर्ष पनि निल गएमा स्कुल काटिने अवस्थामा पुग्थ्यो । सुरुमा मेरो व्याज पनि एस.एल.सी.मा निल गयो भन्ने गलत समाचार आयो जुन समाचारले म एकदमै दुखी भएको थिए । अर्को दिन त्यस स्कुलबाट म मात्र पास भएको भन्ने समाचार आयो जुन बेला म निकै खुसी भएको थिए । मेरो जीवनका सबैभन्दा खुसी र दुखी हुदाका क्षणहरू यी नै हुन् ।

१९. **जीवनसम्बन्धी तपाईंको दृष्टिकोण बताइदिनोस् न ।**

म जीवनलाई सङ्घर्षशील यात्राका रूपमा लिन्छु । कुनै पनि क्षण उम्केपछि फेरि फर्केर नआउने हुनाले जुनसुकै काम गर्दा सकेसम्म आज र अहिल्यै गर्नुपर्छ भन्ने मान्यता हो । जुनसुकै कामलाई निर्धारित समयमा सक्नुपर्छ र भोलिका लागि साँच्न हुँदैन । आर्थिकभन्दा प्राज्ञिक उन्नयनमा जोड दिनुपर्छ । जीवनप्रति सदैव सकारात्मक दृष्टिकोण राख्नुपर्छ । be positive and see positive भन्ने मेरो मान्यता हो । जीवनमा आत्तिनु, पात्तिनु र मात्तिनु मेरा दृष्टिकोणमा स्वास्थ्यका लागि हानिकारक हो । अनावश्यक फुर्क्याएर मान्छे बिगार्ने काम गर्नुहुन्न तर दिनानुदिन मानवता ह्रास हुँदै गएकोमा म चिन्तित छु र त्यसको जगेर्ना गर्नुपर्ने देख्छु म मानवतावादी दृष्टिकोणका पक्षपाती हुँ । समानता र स्वतन्त्रताको पक्षमा रहे पनि आफ्नो स्वतन्त्रताको उपयोग गर्दा अर्काको स्वतन्त्रतालाई पनि ध्यान दिनुपर्छ ।

कतिपय कुरामा तत्काल प्रतिक्रिया व्यक्त गर्नाले मैले केही नोक्सानी बेहोर्नु परेको भए पनि त्यसमा म कत्ति पनि पश्चात्ताप गर्दिन । म कसैलाई सुधार्नु उपयुक्त ठाने तत्काल प्रतिक्रिया व्यक्त गर्ने गर्छु भने उसलाई ठेगान लगाउनु आवश्यक ठाने कुनै प्रतिक्रिया व्यक्त नगरी त्यसका लागि थप योजना निर्माण गर्छु । म हरेक कार्यको निर्णय आफैँ गर्छु र त्यसबाट आउने परिणामप्रति कहिल्यै पश्चात्ताप गर्दिन । कुनै गम्भीर विषयमा भने नजिकका साथीभाइ, इष्टमित्रसँग सल्लाह लिन्छु तर अन्तिम निर्णय भने आफैँ गर्छु र त्यसबाट जस्तो परिणाम आए पनि पटक्कै चिन्तित हुन्न ।

हरेक व्यक्तिसँगको सम्बन्ध इस्यु बेस्ड हुनुपर्छ, कुनै एउटा इस्युमा कसैसँग नराम्रो भयो भन्दैमा उसका अन्य सबै गतिविधिमा ऊसँग सधैँ नराम्रो नै हुनुपर्छ भन्ने छैन, सकारात्मक कार्यमा राम्रो सम्बन्ध पनि हुनसक्छ । मेरो दृष्टिकोण गुणदोषका आधारमा सबैसँग समान व्यवहार गर्नुपर्छ भन्ने रहेको छ । राम्रो सम्बन्ध भएका बेलाको गोपनीयता सम्बन्धमा सामान्य कटुता आउनेबित्तिकै पहिलेका गोपनीयता सबै भङ्ग गर्नु राम्रो होइन । गोपनीयता भङ्ग गर्ने र विश्वासघात गर्ने व्यक्तिलाई पटक्कै म पटक्कै मन पराउँदिन । पहिले धेरै विश्वास गर्दा धोका पाएकाले यतिखेर ज्यादै कमलाई मात्र विश्वास गर्छु । म ब्याक बाइटिङ पटक्कै मन नपराउने हुनाले जसलाई जे भन्नु छ त्यो अगाडि नै भनिदियो रिसाउने, खुसाउने, सुध्रिने, नसुध्रिने सब उसको कुरा हो भन्ठान्छु । कमजोर व्यक्तिसँग लडेर जित्नुभन्दा बलवान्सँग लडेर हार्नु वा बराबरी हुनु उत्तम ठान्ने म हैसियत नभएका व्यक्तिसँग वादविवाद गरेर समय खेर फाल्नु निरर्थक ठान्छु । मेरो दृष्टिकोणमा अतीतलाई हेरेर चिन्ता लिने हैन त्यसबाट शिक्षा लिएर भविष्यतर्फ अग्रसर हुनु उत्तम हो ।

विद्यार्थी जीवनभर राजनीतिमा सक्रिय रहे पनि हाल म कुनै पनि राजनीतिक पार्टीमा संलग्न छैन तर पनि म मार्क्सवादी दर्शनमा विश्वास राख्छु । धर्मप्रति कट्टरता नभए पनि हिन्दु धर्ममा आस्था राख्ने म मार्क्सवादी चिन्तनको आलोचनात्मक समर्थन गर्छु । वामराजनीतिमा लागेर जीवन बिताएका गोविन्द भट्ट, भवानी घिमिरेलगायतका विद्वान्हरूले गरेको गुनासोलाई स्मरण गर्दै एक थोक भनेर अर्को थोक गर्नेसँग म सदैव टाढा रहन्छु । दीक्षान्त समारोहमा राजासँग खिचिएको फोटो सोफामुनि लुकाएर कमरेड हुने वृत्तिप्रति भने म घृणा गर्छु ।

विद्यार्थी, शोधार्थी र अन्य कतिपय साथीभाइलाई पहिले आफूसँग भएका पुस्तक, पत्रपत्रिका, शोधपत्र आदि दिएर सहयोग गर्ने गर्थें तर कतिपयले लिएका आफ्ना सामग्री फिर्ता नगर्ने वा अङ्गभङ्ग पारेर फिर्ता गर्ने गरेकाले त्यसबाट चिन्तित भई कसैलाई सामग्री दिएर सर्धैंका लागि सम्बन्ध बिगार्नु भन्दा सामग्री नदिएर नै सम्बन्ध यथावत् राख्नु कल्याणकारी ठानी यतिखेर कसैलाई भने कसैलाई सामग्री दिन्न ।

विश्वविद्यालयमा जागिर सुरु गर्नेबित्तिकैदेखि नेपाली विषयमा दुई समूह भन्दै वरिष्ठहरूले आफूलाई एउटा समूहको नेता बनाई प्रतिद्वन्दीका रूपमा लिएकाले म कहिल्यै कनिष्ठ हुन परेन । कुनै पनि विद्यार्थीलाई राजनैतिक आस्थाका आधारमा भेदभाव गर्ने प्रचलनको तीव्र विरोधी हुँ । म सबै विद्यार्थीसँग समान व्यवहार गर्छु ।

आफ्नो कामप्रति पूर्ण निष्ठावान् हुनुपर्छ । म तीन वर्ष अध्ययन बिदाबाहेक अन्य स्वाध्यायन आदि बिदा बसेको छैन ।

२०. **साहित्यतर्फ उन्मुख हुने प्रेरणा कहाँबाट र कसरी प्राप्त गर्नुभयो ?**

मेरो लेखनमा कुनै पनि निश्चित व्यक्तिको प्रेरणा र प्रभाव छैन । युगको प्रभावले मलाई साहित्य सिर्जनातर्फ अग्रसर गरायो । मेरो जन्म उच्चशिक्षित परिवारमा भएकोले गर्दा सानैदेखि म पढाइमा राम्रो थिएँ । म विद्यार्थी जीवनदेखि नै कविता लेख्ने गर्थें । मेरो लेखाइलाई पनि सबैले राम्रो मान्थे ।

२१. **साहित्य लेखन कुन विधाबाट प्रारम्भ गर्नुभयो ?**

मेरो लेखनको प्रारम्भ कविता विधाबाट भएको हो । समालोचना, निबन्ध आदि विभिन्न विधाक्षेत्रमा धेरै थोक लेखेको छु ।

२२. **तपाईंको लेखन प्रकाशनबारे बताइदिनोस् न ।**

मैले थुप्रै किताब लेखेको छु । जेजति कृति छापिएका छन्, सबै सार्वजनिक नै भएकाले सबैलाई थाहा छँदैछ । मैले विद्यालय तहदेखि स्वदेशी तथा विदेशी विश्वविद्यालय तहसम्मका थुप्रै किताब लेखेको छु । मैले पदोन्नतिका लागि मात्र भनेर कुनै कृति लेखेकै छैन । मेरा केही किताबमा मसँग जोडिएका अरू नाम पनि छन् । यी सबै पुस्तकहरू भने वास्तविक सहलेखन र सहसम्पादित नभएर विभिन्न कारणले ती व्यक्तिहरूको नाम राखिएको हो ।

२३. **साहित्यका विविध विधामा कलम चलाए तापनि मुख्यतः किन समालोचना क्षेत्र नै रोज्नुभयो ?**

आवश्यकता र कर्तव्यबोधका कारण समालोचनातिर बढी लागेको हुँ । नेपालीमा चरम प्रभाववादी समालोचनाले गाँजेर अस्तव्यस्त तुल्याएकोमा म सन्तुष्ट हुन सकिन । यसैले लेखनको सुरुदेखि नै वस्तुवादी समालोचना पद्धतिको प्रयोग गर्न थालें । वैज्ञानिक समालोचनाका रूपमा रहेको संरचनावादी समालोचना पद्धतिको प्रयोग नेपालीमा कसैले गरेका थिएनन् । मैले त्यही बाटो रोजें । त्यसैमा विद्यावारिधि पनि गरें । सिद्धान्तको निर्माण गरी त्यसलाई विभिन्न विधाका कृतिमा प्रयोग पनि गरें । अहिले पनि म यसलाई निरन्तरता दिएरहेको छु ।

२४. **तपाईंका थुप्रै पाठ्यपुस्तकहरू पनि प्रकाशित छन् । यति धेरै पाठ्यपुस्तक लेख्नमा केही कारण छन् कि ?**

हो, मैले प्राथमिक तहदेखि उच्च तहसम्मका थुप्रै पाठ्यपुस्तक लेखेको छु । खासमा आफूले पढ्दा सामग्री नपाइएको पीडाबोध पनि छँदै थियो । अबका विद्यार्थीले त्यस्ता समस्या भोग्न नपरोस् भनेर पाठ्यपुस्तक लेखेको हुँ । परिस्थितिले पनि पाठ्यपुस्तक लेख्न बाध्य तुल्यायो । श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्रमा रहेर धेरै लामो समयसम्म काम गरेको हुनाले पनि पाठ्यपुस्तक लेखनमा क्रियाशील भएँ । भारतको गौहाटी विश्वविद्यालयले मलाई नेपाली एम.ए. कार्यक्रमको स्पेसल कोर्स एड्भाइजर बनाएपछि त्यहाँका लागि पनि पाठ्यपुस्तक लेख्नुपऱ्यो । पाठ्यपुस्तक अलि बढी बिक्ने भएकाले पैसा पनि आउने नै भयो । यिनै विविध कारणले गर्दा पाठ्यपुस्तक लेखिएको हो ।

२५. **नेपालीसँगै नेपाल बाहिरका विभिन्न पत्रपत्रिकाहरूमा पनि तपाईंका प्रशस्तै लेखरचनाहरू प्रकाशित छन् । यस्तो हुनमा आफ्नै कारण वा कसैको विशेष भूमिका रहेको छ ?**

यो कुनै योजना बनाएर छपाइएको होइन । प्रकाशकहरूले नै लेख माग्छन् र छाप्छन् । विभिन्न अनलाइन र विदेशी पत्रिकाले भने लेख साभार गरेर पनि छाप्छन् ।

२६. **यति धेरै पुस्तक र लेख लेख्नुभएको छ । विदेशी विश्वविद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक पनि निर्माण गर्नुभएको छ, अनेक साहित्यिक कार्यक्रममा पनि प्रमुख अतिथि, प्रमुख वक्ता हुनुभएको छ, विदेश भ्रमण पनि गर्नुभएको छ, यति धेरैतिरको समयको व्यवस्थापन कसरी गर्नुहुन्छ नि ?**

म यहाँबाहेक अन्यत्र कतै पढाउन जान्न, अनावश्यक रूपमा कसैका कुरा काटेर समय बिताउँदिन । कसैकहाँ चाकडी गर्न जान्न । हरेक काम समय मिलाएर गर्छु । कुनै दिन समयमा गडबडी भयो भने त्यसको क्षतिपूर्ति त्यसै रात गर्छु । कामप्रति लगनशीलता हुने हो भने समय व्यवस्थापन गर्न कुनै गारो छैन ।

२७. **यति धेरै पुस्तक लेख्नुभएको छ । पुस्तक छाप्ने कुनै समस्या छैन ?**

लेखेर भ्याउन गारो छ । छाप्ने त कुनै समस्यै छैन । लेखिदिनुपऱ्यो भन्ने जति सबैलाई लेखिदिन पनि भ्याइएको छैन । अग्रिम रोयल्टी दिन्छौं लेखिदिनुपऱ्यो भन्ने पनि कम छैनन् । मलाई पुस्तक छाप्नमा पर्याप्त विकल्प छ, आफूलाई मन परेका प्रकाशकहरू छानी छानी प्रकाशन गर्न दिन्छु ।

२८. **विभिन्न विधाका यति धेरै सङ्ख्यामा पुस्तक प्रकाशित भएका छन् । कुनै पुस्तक विमोचन गराउनुभएको छैन ?**

अहिले विमोचनको त बाढी नै आएको छ । म भने पुस्तक विमोचन गरी प्रचारप्रसार गर्ने कार्यलाई उति महŒव दिन्न तैपनि मेरा केही कृतिहरू भने विमोचन गरिएका पनि छन् । सर्वप्रथम मेरो **कोशविज्ञान**को विमोचन गरिएको हो । यसको विमोचन समारोहमा प्रा.डा. बल्लभमणि दाहाल, प्रा.डा. केशवप्रसाद उपाध्याय, तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपति मोहन कोइरालालगायतका विशिष्ट विद्वान्हरूले यस कृतिलाई वर्षौंवर्षको मिहिनेतको प्रतिफल भनेर प्रशंसा गरेका थिए तर त्यो पुस्तक मेरो पिएच.डी.को थेसिस टाइप गर्दागर्दै हार्डडिस्क बिग्रिएको पीडामा एक हप्ताजतिमा लेखेको थिएँ । यसपछि मैले सम्पादन गरेका **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन, डा. बल्लभमणि दाहालका रचनाहरू, हरिहर शास्त्रीका प्रमुख कविता** र **बरालको आँसु**जस्ता पुस्तकहरू विमोचित भए । **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन, डा. बल्लभमणि दाहालका रचनाहरू**को विमोचनमा नेपालका मात्र नभएर विदेशका समेत विभिन्न लब्धप्रतिष्ठित विद्वान्हरूको उपस्थिति थियो र सबैले यस कार्यको खुलेर प्रशंसा गरेका थिए । **हरिहर शास्त्रीका प्रमुख कविता**को विमोचनमा भने रमाइलो घटना भयो । म कार्यपत्र प्रस्तुत गर्न लमजुङ गएका बेला मेरो अनुपस्थितिमै यसको विमोचन

भएको थियो । **बरालको आँसु**को विमोचन अनेसास नेपाल च्याप्टरको आयोजनामा नेपाल पुलिस क्लबमा विशिष्ट साहित्यकार तथा वरिष्ठ प्रहरी अधिकृतहरूको उपस्थितिमा भएको थियो । हराउन लागेका प्रतिभालाई प्रकाशमा ल्याएको भन्दै त्यहाँ उपस्थित सबैले खुसी व्यक्त गरेका थिए । यी सबै पुस्तकको विमोचन कार्यक्रमको आयोजना अरूले नै गरिदिएका हुन् । यीबाहेक मेरा अन्य कृतिको विमोचन तथा अनावश्यक प्रचारप्रसार गरिएको छैन तैपनि राम्रै बिकेका छन् । कृति उपयोगी भएपछि अनावश्यक विज्ञापन आवश्यक पर्दैन त्यसै बिक्छ भन्ने कुरा मेरा थुप्रै कृतिहरू अनेक संस्करण प्रकाशित हुनुले पनि पुष्टि गर्दैन र ?

२९. **आफ्ना प्रकाशित कृतिहरूमध्ये तपाईं आफूलाई सबैभन्दा मनपर्ने कृति कुन् हो र किन ?**

निश्चित यही भन्ने छैन । आफ्ना सबैजसो पुस्तक मन पर्ने नै भयो । सबै कृति आ-आफ्नै ठाउँमा महŒवपूर्ण छन् । नामै लिनुपर्दा **कविता सिद्धान्त र नेपाली कविताको इतिहास, कोशविज्ञान, कविताको संरचनात्मक विश्लेषण, नेपाली उपन्यासको इतिहास**जस्ता कृति विशेष मन पर्छन् । यसप्रकारका पुस्तक सधैं लेख्न सकिन्न । अप्रत्यासित रूपमा मान्छेले अनुमान नै गर्न नसकिने समयमा लेखिएको **कोशविज्ञान** धेरैले मन पराएका छन् । यो कृति मेरो पिएच.डी.को थेसिस टाइप गर्दागर्दै हार्डडिस्क बिग्रिएको पीडामा एक हप्ताजतिमा लेखेको थिएँ । **शोधविधि** विभिन्न विश्वविद्यालयका पाठ्यक्रममा राखिएको छ । **कविता सिद्धान्त र नेपाली कविताको इतिहास, नेपाली उपन्यासको इतिहास** एकेडेमीको विशेष आग्रहमा लेखिएको कृति हो । **आधुनिक नेपाली समालोचना**, **नेपाली प्रकृति प्रत्यय कोश** आवश्यकताबोधले लेखिएका कृति हुन् भने **नेपाली काव्य समालोचना, नेपाली नाट्य समालोचना**, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** आदि पुस्तकहरू पैसा कमाउने खालका नभए तापनि राम्रै पैसा कमाइ भएको छ । यसरी हरेक पुस्तकको आआफ्नै ठाउँमा महŒव रहेको छ ।

३०. **तपाईं आफूलाई कुन विधामा बढी सफल भएजस्तो लाग्छ ?**

कुनमा सफल भएँ त्यो मैले होइन, अरूले भन्ने कुरा हो । मेरै कुरा गर्ने हो भने म जीवनमा कुनै पनि कुरामा असफल भएकै छैन ।

३१. **तपाईंले थुप्रै पुस्तक लेख्नुभएको छ । ती बिकेका पनि छन् । रोयल्टी राम्रै आउँछ होला नि ?**

अँ, मेरा किताब राम्रै बिक्छन् । मेरा सबैजसो किताब देश विदेशका विभिन्न विश्वविद्यालयको पाठ्यक्रममा समावेश भएकाले नबिक्ने कुरै भएन नि । मेरा कृतिका पाठक पूर्ण समर्थक, विरोधी र तटस्थ तीनै खालका व्यक्ति भएकाले मेरा जुनसुकै कृति पनि थुप्रै बिक्री हुन्छन् । त्यसबाट आम्दानी राम्रै छ । मलाई मन नपराउनेहरूले पनि मेरा किताब किनेर गाता लगाई पढेको थाहा पाउँदा खुसी लाग्छ ।

३२. **तपाईंले राष्ट्रिय-अन्तर्राष्ट्रिय थुप्रै गोष्ठीमा प्रशस्तै कार्यपत्र पनि प्रस्तुत गर्नुभएको देखिन्छ । यसबारे केही बताइदिनोस् न ।**

हो, मैले राष्ट्रिय-अन्तर्राष्ट्रिय थुप्रै गोष्ठीमा विभिन्न विषयका प्रशस्तै कार्यपत्र प्रस्तुत गरेको छु । के गर्नु कार्यपत्र लेखिदे भन्छन् लेखिदिनै पऱ्यो । अहिलेसम्म कति ठाउँमा कतिवटा कार्यपत्र प्रस्तुत गरियो भन्ने अब त सम्झना पनि हुन छाडिसक्यो । सम्झना भएजति मैले टिपेको छु, मेरो व्यक्तिवृत्तमा हेर्नु ।

३३. **तपाईंले राष्ट्रिय-अन्तर्राष्ट्रिय थुप्रै गोष्ठीमा विभिन्न विद्वान्द्वारा प्रस्तुत कार्यपत्रको टिप्पणी पनि गर्नुभएको छ । तपाईंलाई कडा टिप्पणीकार भन्छन् नि, साँच्चै हो ?**

हो, मैले विभिन्न वरिष्ठ-कनिष्ठ थुप्रै विद्वान्द्वारा प्रस्तुत कार्यपत्रको टिप्पणी गरेको छु । कार्यपत्रको टिप्पणी गर्दा कार्यपत्र प्रस्तोताहरू रिसाउँछन् कि भन्ने कुराको वास्ता गर्दिन । मैले प्रा. मोहनराज शर्मा, प्रा. राजेन्द्र सुवेदी, प्रा.डा. दयाराम श्रेष्ठ, प्रा.डा. वासुदेव त्रिपाठी, प्रा.डा. गोविन्दराज भट्टराई, चूडामणि बन्धु, प्रा.डा. योगेन्द्रप्रसाद यादव, प्रा.डा. बद्रीविशाल भट्टराई, प्रा.डा. व्रतराज आचार्यलगायत थुप्रै वरिष्ठ विद्वान्हरूका साथै समकालीन र कनिष्ठ व्यक्तिहरूद्वारा विभिन्न ठाउँमा प्रस्तुत गरिएका कार्यपत्रहरूको टिप्पणी गरेको छु । यसको ज्वलन्त उदाहरणका रूपमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा दाङमा आयोजित हास्यव्यङ्ग्यसम्बन्धी गोष्ठीमा राजेन्द्र सुवेदी र मोहनराज शर्माद्वारा प्रस्तुत कार्यपत्रको टिप्पणीको प्रकाशित रूपलाई लिन सकिन्छ । मैले जसको टिप्पणी गरे पनि वस्तुगत टिप्पणी गर्ने गरेको छु । कार्यपत्रको टिप्पणी गर्दा अरूले के भन्छन् भन्ने कुरालाई म वास्ता गर्दिन । त्यसैले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा नेपालगन्जमा आयोजित गोष्ठीमा दयाराम श्रेष्ठद्वारा प्रस्तुत *२०२० अगिको नेपाली औपन्यासिक प्रवृत्ति* शीर्षक कार्यपत्रको टिप्पणी गरेको थिएँ । त्यही कारणबाट उनीसँगका बीचको सम्बन्धमा पनि कटुता आएको छ । यसैगरी नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित गोष्ठीमा गोविन्दराज भट्टराईद्वारा प्रस्तुत *समकालीन नेपाली कथाका प्रवृत्ति* शीर्षक कार्यपत्रको यथार्थमूलक टिप्पणी गर्दा सहभागीहरूले पूर्ण समर्थन गरेर जोडदार ताली बजाएका थिए । त्यसपछि हाम्रो सम्बन्धमा चिसोपन आयो । म कार्यपत्रको टिप्पणी गर्दा कार्यपत्र प्रस्तोताहरू रिसाउँछन् कि भन्ने कुराको वास्ता गर्दिन । जसको टिप्पणी गरे पनि वस्तुगत टिप्पणी गर्ने गरेको छु तर खै किन कडा टिप्पणीकार भन्छन् त्यो त मलाई थाहा भएन ।

३४. तपाईलाई धेरैले खरो र स्पष्टवादी भन्छन् नि । यसमा तपाईको कस्तो प्रतिक्रिया रहेको छ ?

खरो किन भन्छन् थाहा छैन तर स्पष्टवादी भने अवश्य हुँ । म कसैलाई उचाल्ने र पछार्ने काम गर्दिन । म कसैलाई खुसी पार्न समालोचना गर्ने व्यक्ति होइन । म वस्तुवादी समालोचक हुँ । मान्छे मेरा कारणले मसँग रिसाओस् र त्यसको प्रतिक्रिया स्वरूप कुनै कृति प्रकाशन तथा अरू कुनै राम्रो काम गर्‍यो भने त त्यो राम्रो हो नि ।

३५. तपाईंलाई कतिपयले अहम्वादी भन्छन् नि ।

खै किन भन्छन् त्यो त मलाई थाहा भएन तर विषयवस्तुप्रतिको कन्फिडेन्सलाई अहम् भनेको भए त्यो ठीक हो र यस प्रकारको अहम् सबैमा हुनुपर्छ । यदि छैन भने मानिस हुनुको अर्थ पनि छैन । अहम् नभएको मान्छे बाँच्नु निरर्थक छ । आफूले गरेको काम गरेँ भन्नु यथार्थ हो । अहम् होइन, झन् घमण्ड त हुँदै होइन । आफ्नो कामप्रति गर्व र अहम् सबैमा हुनैपर्छ । इख नभएको मान्छे र विष नभएको सर्प काम लाग्दैन भन्छन् नि, हो मलाई पनि परिवेशले त्यस्तै बनायो ।

३६. तपाईलाई आफ्नो कमजोरी के हो जस्तो लाग्छ ?

बढी उदारवादी हुनु मेरो कमजोरी हो । अर्काको दुखप्रति छिट्टै सहानुभूतिशील र संवेदनशील भएर भएभरको सहयोग गर्छु । त्यसबाट मलाई जीवनमा ठूलो घाटा भएको छ । अरूको सानो दुखमा पनि सहयोग गर्ने बानीले धेरैपल्ट घाटामा परेको छु ।

३७. तपाईलाई आफ्नो सकरात्मक पक्ष के हो जस्तो लाग्छ ?

कमजोरी मैले बताएँ । सकरात्मक कुरा अरूले बताउने हो । त्यो त मैले भन्दा अरूले नै मूल्याङ्कन गर्ने कुरा हो नि ।

परिशिष्ट-ख

शोधनायकका बुबा इन्द्रप्रसाद लुइटेलसँग लिइएको अन्तर्वार्ता

१. तपाईंहरूको पारिवारिक पृष्ठभूमिबारे केही बताइदिनोस् न ?

हामी लुइटेलहरू कौशिक ऋषिका सन्तान हौं । हाम्रो गोत्र कौशिक हो । हाम्रो पुर्ख्यौली थलो गोरखाको लुइटेल भन्ने ठाउँ हो । हाम्रा पुर्खाहरू गोरखा जिल्लाको आँपपिपलडाँडा भन्ने ठाउँबाट विभिन्न स्थानमा बसाइँ सर्दै जाने क्रममा तेरथुमको सोल्मा कालिमाटी भन्ने ठाउँमा आइपुगेका हुन् । पृथ्वीनारायण शाहले गोरखाबाट काठमाडौं आउने क्रममा ब्राह्मण (लुइटेल र ढकाल), सुतारकार्की, कामी, दमाईं, सार्की आदि विभिन्न जातका व्यक्तिहरूलाई साथमा ल्याएका थिए । पृथ्वीनारायण शाहले गोरखाबाट आउँदा राजपुरोहितका रूपमा साथमा ल्याएका मभन्दा एघार पुस्ताअगिका विश्वनाथ लुइटेललाई काठमाडौंको कालिमाटीमा बसोबासको बन्दोबस्त गरिदिएका थिए । विश्वनाथ लुइटेलका छोरा सिद्धिखर र उनका छोराहरू मनोरथ, बुद्धिखर, जयपति, गृहपति र कोमलकान्त थिए । यिनमा गृहपतिका छोरा रामपति र वसुदेव त्यहीं बसे । त्यसपछिको पुस्ताका प्रजापतिका दुई छोरा जनार्दन र लछुमन थिए । तिनमा जनार्दन भोजपुरको याकु भन्ने ठाउँमा बसाइँ सरे । आफ्ना सन्तानसहित त्यहाँ पुगेका लुइटेल, ढकाल, सुतारकार्की, कामी, दमाईं र सार्कीमध्ये कोही त्यहीं बसे र कोही धनकुटाको ओखे डाँडागाउँमा (हालको तेरथुम जिल्लाको ओखे) भन्ने ठाउँमा बसाइँ सरे र त्यहाँ एक पुस्ता बसे । तिनमा ढकाल र दमाईं त्यहीं बसे भने केही लुइटेल, सुतारकार्की, कामी र सार्की सोल्मा भन्ने ठाउँमा बसाइँ सरेर आए । त्यहाँ आउने लुइटेलमा जनार्दन र उनका छोरा नन्दीकेशर थिए । उनीहरू सोल्माबाट केही तल पर्ने कालिमाटी भन्ने ठाउँमा बसाइँ सरे । जनार्दनका तिन भाइ छोरा काशीनाथ, नन्दीकेशर र भुवानीशङ्करमध्ये काशीनाथका छोरा हेमसागर र गोविन्द थिए । त्यसपछिका पुस्ता जनार्दन, नन्दीकेशर, काशीनाथ, हेमसागर, गौरीशङ्कर र म इन्द्रप्रसाद गरी ६ पुस्ता तेरथुमको कालिमाटीमा बस्यौं । हेमसागरका नौ छोराहरू धनपति, अनन्तराम, चन्द्रप्रकाश, मित्रलाल, दशरथ, हीरालाल, भीमलाल, गौरीशङ्कर र घनश्याम थिए । मचाहिँ मन्तरे छोरा गौरीशङ्करको जेठो छोरो हुँ । मेरा टङ्कप्रसाद र लक्ष्मीप्रसाद नाम गरेका दुई भाइ र सात दिदीबहिनी छन् । खगेन्द्रप्रसाद मेरा जेठा छोरा हुन् ।

२. तपाईंहरूको पारिवारिक आर्थिक अवस्थाबारे बताइदिनोस् न ?

हामी पहिलेदेखि नै सम्पन्नै थियौं । खान लाउन खासै दुख थिएन । हामी सबै तेरथुमको सोल्मा कालिमाटीमै जन्मेहुर्केका हौं । त्यहाँ प्रशस्त जग्गाजमिन थियो । सुइनाम गाविसको बयरबोटे भन्ने ठाउँमा पनि प्रशस्तै जग्गाजमिन थियो । त्यहाँ खेतीपाती र गाईवस्तु पालन गरिन्थ्यो । त्यहाँबाट वरपरका विभिन्न ठाउँमा हाम्रो धनसार पनि थियो । हामी दाजुभाइ छुट्टिभिन्न भएपछि हामी कालिमाटीको नजिकै पर्ने हात्तीआहाल भन्ने ठाउँमा थुप्रै जग्गाजमिन भएको घनश्यामको घरबारी किनेर त्यहीं बसोबास गर्न थाल्यौं । हामी त्यहाँ एक दशकभन्दा केही बढी समय बस्यौं । २००७ सालमा गाउँमा सबैतिर आक्रमण हुन थालेपछि हामीले सुन, पैसा आदि भएका सम्पत्तिहरू घर नजिककैको बारीमा खाल्डो खनेर लुकाई त्यसमाथि केरा रोपेका थियौं । त्यो सम्पत्ति पछि खोज्दा पाइएन । त्यो कसले लग्यो वा के भयो केही थाहा भएन ।

हामी २०४० सालतिर तेरथुम सोल्मा कालिमाटी र हात्तीआहाल छोडेर काठमाडौं बसाइँ सर्‍यौं । अहिले हामी बालुवाटारमा बस्छौं । छोरीहरू महाराजगञ्जमा बस्छन् र खगेन्द्रको परिवार कीर्तिपुरमा बस्छन् । हाम्रो

कीर्तिपुर नगाउँमा पनि घर थियो । त्यो बेचिसक्यौं । पैतृक सम्पत्ति प्रशस्त भए पनि उनले पैतृक सम्पत्ति लिएका छैनन् ।

३.तपाईंहरूको पारिवारिक शैक्षिक स्थिति केकस्तो रहेको छ र तपाईंहरूले कतिसम्म पढ्नुभएको छ ?

पृथ्वीनारायण शाहले नै पण्डितका रूपमा गोरखाबाट लिएर काठमाडौं आएको हुँदा हाम्रा पुर्खा शिक्षित थिए । हाम्रा पुर्खाका सबैजसो व्यक्ति पण्डित थियौं । मैले शास्त्रीसम्म पढेको छु । सुरुमा याङ्ग्रुक सुवाङ पाँचथरमा पढें । तत्कालीन अवस्थामा त्यो ठाउँ इलाममा पर्थ्यो । त्यसपछि भोजपुरको दिङ्ला गएर पढें । त्यसपछि वनारस गएर शास्त्रीसम्म अध्ययन गरें । मेरी श्रीमती साक्षर हो । मेरा सन्तान पनि सबै उच्च शिक्षित छन् । त्यो कुरा तिमीलाई थाहा छँदै छ ।

४. तपाईंहरूका सन्तानचाहिँ कति छन् ?

हाम्रा पाँच भाइ छोरा र तिन छोरी छन् । उनीहरू सबै आआफ्नै क्षेत्रमा रहेर काम गरिरहेका छन् ।

५. खगेन्द्रप्रसाद लुइटेलको न्वारनको नाम के थियो ?

न्वारनको नाम पनि खगेन्द्रप्रसाद लुइटेल नै थियो ।

६. खगेन्द्रप्रसाद लुइटेलको बाल्यकालको बारेमा केही बताइदिनोस् न ।

उनको बाल्यकाल हजुरबुबा, हजुरआमा र काकाका छोराहरूसहितको संयुक्त परिवारमा बितेको हो । हामी छुट्टिभिन्न भएपछि पनि हाम्रो परिवार ठूलै थियो । खानलाउन पुग्ने हुँदा उनको बाल्यकालमा खासै दुख थिएन ।

७. उहाँको अक्षरारम्भ कहिले कसबाट गराइयो ?

अक्षरारम्भ घरमा मबाटै भएको हो । उनलाई एकैपटक तिन कक्षामा विद्यालयमा भर्ना गरिएको हो ।

८. किन विद्यालयमा एकैचोटी कक्षा तिनमा नै भर्ना गराउनुभयो ?

घरमा नै नेपाली, अङ्ग्रेजी, गणित सबैमा प्रारम्भिक ज्ञान दिएर एकैचोटी कक्षा तिनमा भर्ना गराएको हो । पढ्नसक्ने मान्छेलाई त्यसो गर्न मिलिहाल्छ नि ।

९. घरबाट स्कुल कति टाढा थियो ?

स्कुलघरको नजिकै थियो ।

१०. तपाईंहरूत नाम चलेका पण्डित परिवारका मान्छे छोरालाई संस्कृत नै पढाउनुपर्छ भन्ने लागेन ?

संस्कृत नै पढाउनुपर्छ भन्ने कहिल्यै लागेन । समयअनुसारको पढाउनुपर्ने मान्यताअनुरूप पढाएका हौं ।

११. तपाईंको बुबाको नामबाटै विद्यालयको नाम राखिएको रहेछ । यसबारे केही बताइदिनोस् न ?

हो, गौरीशङ्कर प्रा.वि. मेरा बुबाकै नाममा राखिएको हो । तत्कालीन अवस्थामा म त्यस विद्यालयको सेक्रेटरी थिएँ । गाउँमा रत्न नि.मा.वि. र गौरीशङ्कर प्रा.वि. गरी दुईवटा स्कुल मात्र थिए । जि.शि.अ.ले गौरीशङ्कर प्रा.वि. लाई कक्षा तिनबाट माथि लान नदिने भए तर हामी कक्षा सातसम्म चलाउन चाहन्थ्यौं । तत्काल एरिया बैठक बोलाएर सल्लाह गरी म क्षे.शि.नि. गएँ । त्यसबेला क्षे.शि.नि. धरानमा थियो भने त्यहाँका हाकिम अम्बिका रिजाल थिए । धरान आएर निवेदन पेस गरें । त्यसपछि गौरीशङ्कर नामबाटै कक्षा सातसम्मको स्वीकृति पाइयो । २००५ सालतिर स्थापना भएको त्यस स्कुलको सुरुमा केही नाम थिएन । २००९ सालमा

गौरीशङ्कर नाम राखिएको सो स्कुल २०१४ सालमा नि.मा.वि. स्वीकृत भयो । पछि केही समय कक्षा काटेर पाँचसम्म झारिएको थियो तर अहिले भने कक्षा सातसम्म नै सञ्चालित छ ।

१२. के कारणले गर्दा कक्षा छ इटहरीमा पढाउनुभयो ?

गौरीशङ्कर स्कुलमा त्यतिखेर कक्षा पाँचसम्म मात्र भएकाले कक्षा पाँच उत्तीर्ण भएपछि उनलाई कक्षा छ पढ्न जनता मा.वि. इटहरीमा लगिएको हो ।त्यसबेला मेरो इटहरी आउने काम परेको हुनाले सँगै लिएर आएको थिएँ । म बसुञ्जेल करिब छ महिना इटहरी पढाइयो । अर्धवार्षिक परीक्षामा त्यहाँ पनि उनी सर्वप्रथम भए । तराईको गर्मी खप्न नसकेकाले उनलाई पुनः तेरथुममै लगेर त्यसै वर्ष रत्नमिडिल स्कुल सोल्मामा कक्षा छमा भर्ना गरियो । तत्कालै भएकोअर्धवार्षिक परीक्षामा स्कुलमा सर्वप्रथमभएकाले उनलाई सात कक्षामा भर्ना गरियो, त्यसमा पनि उनलेस्कुल सर्वप्रथम नै भएर २०२९ सालमा कक्षा सात उत्तीर्ण गरे ।

१३. आठदेखि दस कक्षासम्म किन फाक्चामारा नै पढाउनुभयो ? त्योभन्दा म्याङ्लुङ नजिक पर्दैनथ्यो र ? फाक्चामारा नै पढाउनुपर्ने केही कारण थियो कि ?

फाक्चामाराका निरौला परिवारसँग मेरो राम्रो सम्बन्ध थियो । त्यहाँका शिक्षक पनि योग्य थिए । यिनै विभिन्न कारणले गर्दा फाक्चामारामा पढाइएको हो ।

१४. एस.एस.सी. पछि आई.ए. नै किन पढाउनुभयो ?अरू विषय पनि त थिए होलान् नि !

घरबाट धनकुटा क्याम्पस नजिक पर्थ्यो । त्यहाँ आई.एस्सी. थिएन । धरान विराटनगर सारै टाढा थियो । यातायातको सुविधा पनि थिएन । गाउँघरमा यो विषय यस्तो हो भनी सल्लाह दिनसक्ने उच्च शिक्षा हासिल गरेका व्यक्तिहरू नभएको र यसबारेमा आफूलाई पनि त्यति थाहा नभएको अनि एस.एल.सी. उत्तीर्ण गरेपछि आई.ए.पढ्नुपर्छ भन्ने गाउँको प्रचलन भएको हुनाले नै खगेन्द्रलाई आई.ए. पढाइएको हो ।

१४. खगेन्द्रप्रसाद लुइटेलको व्रतबन्ध र विवाह कहिले र कहाँ भएको हो ?

व्रतबन्ध २०३० सालमा आफ्नै घरमै भएको हो । हाम्रो आफ्नै संस्कृति र परम्पराअनुसार नै भएको हो । मन्त्र सुनाउने काम मैले नै गरेको हुँ । यतै जागिर खान थालेपछि यिनको बिहे चैं २०५० साल मङ्सिरमा काठमाडौँमा भएको हो ।

परिशिष्ट-ग

शोधनायककी आमा योगमाया लुइटेलसँग लिइएको अन्तर्वार्ता

१. तपाईंहरूको जेठो छोरो खगेन्द्रप्रसाद लुइटेलको बाल्यकालबारे बताइदिनोस् न ?

माहिला काकाका दुई भाइ छोरा पहिले नै जन्मिएका थिए । मेरो जेठो छोराको जन्म कुलको पहिलो सन्तानका रूपमा भएको हो । उनी जन्मँदा परिवारका सबैजना सारै खुसी भएका थिए । उनी हजुरबुबाहजुरआमा, काकाकाकी र काकाका छोराहरूसहितको ठूलो संयुक्त परिवारमा हुर्के ।

२. खगेन्द्रप्रसाद लुइटेलको बाल्यकालको स्वभाव कस्तो थियो ?

उनी पढ्न मात्र ध्यान दिन्थे । कसैसँग कल, झगडा गर्दैनथे । कुनै व्यक्ति लड्दा अरू हाँसेको पटक्कै मन पराउँदैनथे र हाँस्ने व्यक्तिसँग सारै रिसाउँथे ।

३. उहाँ खानामा विशेष के मन पराउनुहुन्थ्यो ?

उनी खानामा मिठो नमिठोमा खासै ध्यान दिँदैनथे । जे दियो त्यही केही नभनी खान्थे । पिरो मन पराउँदैनथे । लसुन, प्याज, टमाटर, लसुन खँदैनथे ।

४. स्कुल पढ्दाको शैक्षिक स्तर कस्तो थियो र पढाइमा कत्तिको रुचि थियो ?

उनी बाल्यकालदेखि नै पढाइमा एकदमै रुचि राख्थे । उनी सानैदेखि पढ्न मात्र ध्यान दिन्थे, कलझगडा कहिल्यै गर्दैनथे । त्यतिखेर खेल्ने चलन त्यति नभएकाले उनी त्यति धेरै खेल्दैनथे । धेरै समय अध्ययनमै बिताउँथे । उनलाई धेरै पढ्नु पर्दैनथ्यो एकपटक पढेपछि सबै विषय कण्ठस्थै आउँथ्यो । उनी बेलुका भात खाएर एकछिन सुत्थे र सबैजना सुतिसकेपछि उठेर पढ्ने गर्थे । त्यतिखेर गाउँका सबैजसो घरमा दियालो बाल्ने चलन भए पनि हाम्रा घरमा भने मट्टितेलको कुपी बाल्ने गरिन्थ्यो ।

५. साथीभाइ र शिक्षकहरू तथा घरपरिवारसँगको सम्बन्ध कस्तो थियो ?

वरपरका सबै साथीहरू उनकै पछि लागेर हिँड्ने गर्थे । बच्चा अवस्थादेखि नै उनलाई सबैले मान्थे ।

६. बाल्यकालमा कत्तिको आज्ञाकारी हुनुहुन्थ्यो ?

उनी घरका ठूलालाई आदर गर्थे र सानालाई माया गर्थे । सबैले भनेको कुरा मान्थे ।

७. घरको काम कत्तिको सघाउनुहुन्थ्यो ?

फुर्सदको समयमा घरको काम पनि सघाउने गर्दथे तर घरमा काम गर्ने मान्छे भएकाले घरको काम उनले त्यति धेरै गर्नुपर्दैनथ्यो । घरको काम त्यति धेरै गर्नु नपर्ने भएकाले उनी बिदाको दिन कहिलेकाहीँ गाउँका साथीहरूसँग गाईवस्तु चराउन र पिडुवा खोलामा माछा मारेको हेर्न जान्थे ।

परिशिष्ट-घ

पूर्वआई.जी.पी. खड्गजीत बरालसँग लिइएको अन्तर्वार्ता

१. तपाईं सुरक्षा क्षेत्रको सर्वोच्च पदमा पुग्नुभएको मान्छे, खगेन्द्रप्रसाद लुइटेल साहित्यिक क्षेत्रको मान्छे तपाईंहरूका बीच चिनजान कसरी भयो ?

खगेन्द्रप्रसाद लुइटेल सर साहित्यसम्बन्धी अनुसन्धानवेत्ता भएकाले उहाँले मेरा पिताजीको **बरालको आँसु**को बारेमा सुन्नुभएको रहेछ । **बरालको आँसु** नेपाली साहित्यमा एउटा अनमोल र ओझेलमा परेको साहित्यिक कृति रहेछ । नेपाली साहित्यमा यस कृतिको महत्व बुझी आधुनिक र व्यवस्थित ढङ्गले प्रकाशमा ल्याउनु उचित हुन्छ भन्दै उहाँले एउटा लेख लेख्नुभयो । हरिभक्त बुढाथोकीले त्रिभुवन विश्वविद्यालयमा पढाउने एकजना प्राध्यापकले यस कृतिप्रति चासो देखाएको कुरा मलाई बताउनुभएको हो । त्यपछि म लुइटेल सरलाई भेट्न म उहाँको घरमै गएँ । हरिभक्तलगायतका मेरा केही मित्रहरूमार्फत मेरो उहाँसँग भेट भएको हो ।

२. बरालको आँसु कृतिको सम्पादनमा खगेन्द्रप्रसाद लुइटेलको केकस्तो भूमिका रहेको छ ?

यस कृतिको सम्पादनको सम्पूर्ण अविभारा सबै लुइटेल सरमै रहेको छ । यो सबै उहाँकै देन हो र उहाँकै मेहनतको फल हो । बहुत मेहनत मात्र नभएर अर्को एउटा अलङ्कार पनि हो ।सुनारले सुनको महत्व बुझेझैं यस कृतिको मूल्य त त्यही विधाका विद्वान्ले न बुझ्छ । यो सुरुमा सन् १९३२ मा छापिएको थियो भने त्यसको केही समयपछि एक, दुई, तिन, चार, पाँच गरी पाँच भागसम्म छापिएको थियो । त्यसलाई बेलाबेलामा प्रकाशन गर्दै आइएको थियो । लुइटेल सरले **बरालको आँसु**को एक, दुई, तिन, चार, पाँच सबै भाग हेर्रें । यो अमूल्य धन रहेछ । यसलाई आधुनिक व्यवस्थित तरिकाले छाप्नुपर्‍यो । यो कृति सम्पादन गरौं भनेपछि मैले सहर्ष कृतज्ञताका साथ सहमति दिएको हुँ । यस कृतिको सम्पादनमा केही सहयोग हरिभक्त बुढाथोकीको पनि रहेको छ । नत्र बिलकुल लुइटेलजीकै योगदान हो ।

बहादुरसिंह बरालका अमूल्य कृतिहरूप्रति संवेदनशील रहेका लुइटेल सरबाट नै यो सङ्कलन र सम्पादन कार्य सम्भव भएको हो । बहादुरसिंह बरालको लथालिङ्ग प्रकारले प्रकाशनमा आएको पाण्डुलिपि र छरिएर रहेका कृतिहरूलाई आधुनिकतम रूप दिएर प्रकाशनमा ल्याउनुपर्छ,यसलाई छाप्नुपर्छ भनेर मलाई बीचबीचमा डा. खगेन्द्रप्रसाद लुइटेलले घच्घच्याइरहे तापनि मैले त्यसतर्फ लापर्वाह गरिरहेको थिएँ । उहाँले बहादुरसिंह बरालका यी अमूल्य, बहुआयमिक कृतिहरू हराएर, बिलाएर नजाउन् भन्ने पवित्र भावनाले सधैं घच्घच्याइरहनुभएको थियो ।

३. यस कृतिको सम्पादन-प्रकाशनमा तपाईंले के सहयोग गर्नुभयो त ?

म बहादुरसिंह बरालका अयोग्य सन्तानमध्ये एक हुँ किनकि मलाई यो कृति यति योग्य छ भन्ने कुरा थाहा थिएन । यसको सम्पादनमा मैले खासै सहयोग गर्न पनि सकिन । लुइटेल सरले आफ्नो बुबा र कृतिका बारेमा केही लेख्नु भन्नुभएको थियो तर मैले धेरै लामो समयसम्म लेख्नै सकिन । पछि उहाँ सारै रिसाएपछि मात्र म लेख्न बाध्य भएँ । यसमा मैले गरेको सहयोग भनेको कृष्णप्रसाद भट्टराईको मन्तव्य जुटाउने वातावरण मिलाइदिएको मात्र हो । कृष्णप्रसाद भट्टराईसँगको कुराकानीमा मैले मेरा पिताजीको **बरालको आँसु**को सम्पादन त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. खगेन्द्रप्रसाद लुइटेलले गर्दै हुनुहुन्छ । तपाईंको सम्मतिले पुस्तकको पूर्णतामा मदत होला भन्दा उहाँले आफ्नो अस्वस्थताका बाबजुत पनि बडो सहर्षताका साथ तुरुन्त सम्मति लेखिदिनुभएको थियो । देशमा प्रजातान्त्रिक आन्दोलनका बेला मेरा बुबा बहादुरसिंह बरालले कृष्णप्रसाद

भट्टराईलगायत अन्य कार्यकर्ताहरूलाई पनि सहयोग गर्नुभएको र आफू त्यसको ऋणी भएको व्यहोराका साथ आफ्नो मन्तव्य दिनुभएको थियो । यसमाअरू जे जति काम भएको छ त्यो सबै लुइटेल सरकै देन हो ।

४. यस कृतिको सम्पादनप्रति तपाईं कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

यसको सम्पादन कार्यप्रति म सन्तुष्ट रहेको छु । यो कृति सम्पादन गर्ने देखि लिएर प्रकाशन गर्नेसम्म सम्पूर्ण काम लुइटेलजीले नै गर्नुभएको हो र यसमा मैले उहाँलाई नै सर्वाधिकार दिएको छु । मेरा पिताजीको हराएर बिलाएर जान लागेको अमूल्य कृति सारै व्यवस्थित रूपमा सम्पादन गरी प्रकाशनसमेत गरिदिनुहुने नेपाली भाषासाहित्यका विद्वान् लुइटेलजीले तिर्नै नसकिने गुन लगाउनुभएको छ । उहाँलाई जति धन्यवाद लिए पनि कमै हुन्छ । मैले उहाँलाई सर्वाधिकार नै दिएको हुँदा पछि पनि उहाँले यसको राम्रो व्यवस्थापन गर्नुहुनेछ भन्ने कुरामा म विश्वस्त छु ।

परिशिष्ट-ङ

शोधार्थी गोपीकृष्ण ढुङ्गानासँग लिइएको अन्तर्वार्ता

१. तपाईं र खगेन्द्रप्रसाद लुइटेल सर बीचको चिनजान कहिलेदेखि भएको हो ?

नामले एक दशकदेखि परिचित भएको हुँ तर प्रत्यक्ष भेटघाट भएको त्यस्तै पाँच वर्ष भयो । लुइटेल सरले गुवाहाटी विश्वविद्यालयको एम. ए. को पाठ्यक्रम बनाएपछि २०६८ सालमा उहाँको अन्तर्वार्ता लिन कीर्तिपुरस्थित उहाँकै निवासमा भेट भएको हो । म अन्नपूर्ण पोष्टको परिशिष्टाङ्क 'शैली' को संयोजक थिएँ र त्यो विशेष अन्तर्वार्ता शैलीको मध्यपृष्ठमा पूरै छापेको थिएँ । त्यसपछि हाम्रो निरन्तर सम्बन्ध रहेको छ ।

२. खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्वबारे बताइदिनोस् न ।

सर्सर्ती बुझ्दा खगेन्द्रप्रसाद लुइटेल त्रिभुवन विश्वविद्यालयको नेपाली केन्द्रीय विभागमा प्राध्यापनरत प्राध्यापक डाक्टर नै हो तर उहाँलाई नेपालीमा संरचनावादी समालोचनाको प्रवर्तक, विद्यालयदेखि स्नातकोत्तर तहसम्मका पुस्तकहरूको लेखक, श्यामव्यङ्ग्यात्मक निबन्धकार, विभिन्न विधामा कलम चलाएर कृतिहरू लेखिसक्नु भएका साहित्यकार, साझा, प्रज्ञा प्रतिष्ठानलगायतका साहित्यिक संस्थाबाट अनुसन्धानमूलक कृतिहरू लेख्ने अनुसन्धानकर्ता आदि थुप्रै ढङ्गले परिचित गराउन सकिन्छ । दर्जनौं कृतिका भूमिकाकार, दर्जनौं विषयमा कार्यपत्र प्रस्तोता, वरिष्ठ समालोचक, प्रखर साहित्यिक वक्ता, देशविदेशमा साहित्यिक पकड जमाउन सफल व्यक्तित्व, सत्यवादी र सकारात्मक चिन्तन बोकेको मान्छे आदि जसरी बुझे पनि पूर्ण व्याख्या गर्न नसकिने बहुआयमिक व्यक्तित्वको पर्याय हो प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल ।

३. खगेन्द्र लुइटेलको स्वभावबारे बताइदिनुहोस् न ।

मानिस-मानिस बीचको सम्बन्ध सबैको सबैसँग एउटै हुँदैन । उहाँको व्यक्तिगत स्वाभाव सबैसँग मिल्नै पर्छ भन्ने छैन । सबै मानिस आफूले अपेक्षा गरेजस्ता पनि कहाँ हुन्छन् र ? सुनेको छु, लुइटेल सर खरो स्वभावको हुनुहुन्छ । धेरै साहित्यिक कार्यक्रमहरूमा बोलेको पनि सुनेको छु, खरो उत्रिनु हुन्छ । सत्य पचाउन नसक्नेले उहाँको खरो आलोचना गरेको पनि सुनेको छु । लाग्छ, जसले अरूका बारेमा खरो ढङ्गले बोल्छ उसले आफ्ना बारेमा बोलेका खरा कुराहरू पनि सहजै पचाउँछ । लुइटेल सरले पनि पचाउनु हुन्छ तर ती सत्य हुनुपर्छ र यथार्थमा आधारित तर्कपूर्ण हुनुपर्छ । अन्यथा उहाँले तत्कालै वा समयक्रममा त्यसको प्रतिवाद पनि गरिहाल्नु हुन्छ । लाग्छ, तथ्य र तथ्याङ्कमा आधारित भएर सत्य बोल्दा त्यसलाई कसैले खरो मान्नु पर्ने जरुरत छैन ।

उहाँले मेरो पत्रकारिताको स्नातकोत्तर तहको शोधमा निर्देशन गर्नु भएको थियो । त्यतिबेला हामीबीच शिक्षक-विद्यार्थीको सम्बन्ध छ । त्यसअघि र हालसम्म म पत्रकारका रूपमा उहाँसामु पुगेको थिएँ र छु । उहाँ कहिलेकाहीँ कडा रूपमा प्रस्तुत हुनुहुन्छ । परिवारमा बुबाआमाले गरेको गालीलाई अर्ती मानेझैं मैले उहाँले दिएका निर्देशनलाई सही ठानी व्यवहारमा लागु गर्छु तर त्यो सबैलाई सहज नलाग्न सक्छ ।

४. लुइटेल सर त्रिभुवन विश्वविद्यालयको प्राध्यापक तपाईं पूर्वाञ्चल विश्वविद्यालयको विद्यार्थी, तपाईंको शोधनिर्देशन कसरी सम्भव भयो ?

म पूर्वाञ्चल विश्वविद्यालयमा पढेको विद्यार्थी हुँ । त्यहाँ शोधनिर्देशक छान्दा अन्य विश्वविद्यालयका योग्य मान्छेलाई छान्ने चलन भएकाले मैले पनि लुइटेल सरलाई शोधनिर्देशक छानेको हुँ । शोधका क्रममा म बेलाबेलामा अलि अल्छी हुन पुग्थें अनेक कामले शोधलाई समय दिन नभ्याउँदा उहाँबाट व्यङ्ग्यात्मक झटारो पाउँथें । उहाँ अत्यन्तै सहयोग गर्नुहुन्थ्यो तर भनेको समयमा पुगेन भने सोझै फर्काइदिनुहुन्थ्यो । उहाँले यति

भनेर तोकेर दिएको काम पुनः भेट्न आउँदा पूरा नहुँदा वा बिगार्दा भने गाली खानु पर्थ्यो जुन स्वाभाविक हो । जसलाई म गाली भन्दिनँ, उहाँले झन्झट मानेको पनि ठान्दिनँ किनकि शोधनिर्देशकले विद्यार्थीलाई यति गर्नु सीमाभित्रै थियो ।

आफू सही भए अरू सही हुनेछन् भन्ने मान्यता राख्नेका लागि प्राडा लुइटेल पनि सही लाग्नु हुन्छ । उहाँको विद्वतापूर्ण निर्देशन र खरो मिजासले मैले कलेज अफ मास कम्युनिकेसन अफ जर्नालिज्म (एमएएमसिजे) मा यसअगिका विद्यार्थीभन्दा राम्रो शोधपत्र तयार पारेँछु । शोधपत्र मूल्याङ्कन समितिले मेरो **नेपाली दैनिक अखबारका साहित्यिक परिशिष्टाङ्कको अध्ययन** (२०६८) शीर्षकलाई उत्कृष्ट मूल्याङ्कन गरी त्यो क्याम्पसको रेकर्ड ब्रेक गरेको थियो । यसअघिको ९६ अङ्कको रेकर्ड मलाई ९७ नम्बर दिएर तोडिएको थियो, यो लुइटेल सरको कम्प्रमाइज नगर्ने बानीको परिणाम हो ।

परिशिष्ट- च

तेरथुम आम्बुङ निवासी पूर्वप्रशासक चन्द्रबहादुर कार्कीसँग लिइएको अन्तर्वार्ता

१. तपाईं तेरथुमको मान्छे, तपाईलाई खगेन्द्रप्रसाद लुइटेलको पारिवारिक पृष्ठभूमिबारे केही थाहा छ कि ?

सारै राम्रो थाहा छ । म उहाँको पुर्खादेखि जान्दछु उहाँहरूको घरको आर्थिक र शैक्षिक अवस्था ज्यादै राम्रो थियो । हुन त उहाँको र मेरो पुस्ता अलग हो । म खगेन्द्रजीको परिवारलाई कसरी जान्दछु भने मेरी हजुरआमा अत्यन्त धार्मिक मान्छे हजुरआमाले अठार पुराण लगाउँदाखेरि त्यस पुराणको मूल पण्डित उहाँको हजुरबा गौरीशङ्कर हुनुहुन्थ्यो । उहाँको हजुरबा गौरीशङ्कर चैं हाम्रो जिल्लाकै महान् पण्डित, जिल्लाका मात्र के त्यस क्षेत्रकै प्रसिद्ध विद्वान् पण्डित । उहाँ चारै वेदको ज्ञाता भएकाले उहाँलाई चतुर्वेदी पण्डित पनि भन्ने गर्थे । खगेन्द्रजीको बुबा पनि शास्त्रीसम्मको अध्ययन गरेका त्यस्तै विद्वान् हो । आमा पनि साक्षर । उहाँहरू के भने एउटा वैदिक परम्पराको हिसाबले विद्वान् परिवारका सम्पन्न मान्छे हुन् । त्यतिबेला विद्वान् भन्नाले वनारस, वृन्दावन वा हरिद्वार गएर शास्त्री आचार्य गरेर आएका मान्छे भन्ने बुझिन्थ्यो । मलाई यति थाहा छ लुइटेलहरू भनेका जिल्लाकै अत्यन्तै प्रतिष्ठित मान्छे । उहाँका पुर्खाहरू सम्पन्न परिवारका हुनाको साथै उहाँहरू सामाजिक कार्यहरूमा सक्रिय थिए । उहाँका पुर्खाहरू हेमसागर, दशरथ, हीरालाल, गौरीशङ्कर, घनश्यामलगायतले सालबोटे, चौरबारी, अन्तरी बुढीको, गैरीको, खिरखिरेका दुईवटा, नागेश्वरी, मुड्केजस्ता विभिन्न चौताराहरूको निर्माण गरेका छन् ।

उहाँहरूको परिवारसँग हाम्रो विशेष सम्बन्ध थियो । उहाँहरू त सज्जनमान्छे मात्र हो अब हामी चैं कस्तो भने हामी पावरका नजिकका मान्छे मेरो बाजेलाई श्री ३ को भारदारमा बोलाउने गर्थे । हाम्रो यस्तो दुई किसिमको अनौठो सम्बन्ध थियो । अहिले आएर को कहाँ पुग्यौं विस्थापित हँदै गयौं तर म उहाँको हजुरबासम्म राम्रो जान्दछु ।

२. खगेन्द्र लुइटेलसँग तपाईंको चिनजान तेरथुममै कि यतै काठमाडौंमै भएको हो ?

खगेन्द्रजीले एउटा कार्यक्रममा बोलेको सुनेपछि मैले बोलाएँ र घर सोधैं । उहाँले तेरथुम कालिमाटी भनेपछि म सानो छँदा मेरी हजुरआमाले लगाउनुभएको अठार पुराण सम्झैं । उहाँ एक विद्वान् परिवारको मान्छे, त्यसबारे मलाई पहिले नै थाहा थियो उहाँको परिवारबारे जानकारी पहिले नै भए पनि उहाँसँग भने चिनजान यहीं भएको हो । त्यसबेलादेखिको हाम्रो सम्बन्ध । भेटपछि उहाँसँग मेरो निकटता बढ्दै गयो । अनि उहाँ र म प्रायः सम्पर्कमा रहिरह्यौं । एउटा फेसन चलेको थियो नि पर्यटन महोत्सवको । हामीले तेरथुममा पनि त्यो महोत्सव गरेका थियौं । त्यसमा हामीले एउटा नयाँ सोच बनायौं कि जिल्लाबाट पिएच्.डी. गर्नेलाई सम्मान गर्ने त्यसमा उहाँ पनि पर्नुभो । त्यसपछि हामीमा झन् निकटता बढ्दै गयो ।

३. उहाँको कुन पक्षबाट तपाईं प्रभावित बन्नुभयो ?

खगेन्द्रजीको मलाई सबैभन्दा मनपर्ने पक्ष भनेको स्पष्ट वक्ता व्यक्तित्व हो । उहाँले कार्यक्रममा बोलेको सुनेपछि उहाँको विद्वताबाट म प्रभावित बनेको हुँ ।

४. खगेन्द्रप्रसाद लुइटेलमा वक्ता व्यक्तित्वबाट प्रभावित बन्ने त्यस्तो के विशेषता पाउनुभयो ?

उहाँ हरेक कुरालाई तार्किक रूपले प्रस्तुत गर्नुहुन्छ म त्यसैबाट प्रभावित भएको हुँ । म आजकल उहाँले बोल्ने भन्ने थाहा पाएका कुनै पनि कार्यक्रम छुटाउँदिन । म उहाँको त्यस्तो फ्यान पो भएको छु त ।

५. तपाईलाई उहाँको बारेमा थाहा भएका अरू कुरा पनि बताइदिनुस् न?

खगेन्द्रजीको बारेमा मलाई धेरै भन्नु छैन । तपाईंहरूको गुरु तपाईंहरूलाई नै थाहा छ उहाँ कत्तिको योग्य मान्छे हो भन्ने कुरा तर एउटा कुरा के भने धेरै समय ग्याप भइसकेको ताना शर्माको जुन प्रवृत्ति हो अब त्योभन्दा अगाडिका बारेमा तपाईंहरू अलि कमै पढ्नुहुन्छ होला अब जुनबेला हामी रामकृष्ण शर्मा पढ्थ्यौं । त्यो बेलाको परम्परालाई नयाँ मोड दिएका ताना शर्मालाई जसले जतिसुकै गाली गरेपनि नेपाली साहित्यको समालोचनामा एउटा नयाँ धार सुरु गरे उनले । २०४६ सालपछि नेपाली समालोचनामा अर्को छुट्टै नयाँ धार सुरु गरी नयाँ मोड ल्याउने काम खगेन्द्रजीले गर्नुभयो । उहाँ नेपाली साहित्यमा अहिलेका शीर्षस्थ समालोचकहरूमै पर्नुहुन्छ । कसैसँग मोलाइजा छैन । अहिलेको पुस्तामा उहाँजस्तो प्रतिभाशाली व्यक्ति अर्को छैन ।

खगेन्द्रजीको विशेषता के हो थाहा छ ? उहाँका अरू विशेषताहरू तपाईंहरूले जे पढ्नुभो पढ्नुभो तर म सार्वजनिक रूपमा के भन्छु भने उहाँ ताना शर्माको नयाँ रूप हो । २०४६ सालपछि त झन् कस्तो भयो भने पन्थीको कुरा त्यसअनुसार समालोचना हुन थाल्यो । खगेन्द्रजीलाई को के वादी मतलब छैन ।

साहित्य लेखनमा उहाँको आफ्नो दृष्टिकोण छ । उहाँ साहित्यको मात्र दृष्टिकोण राख्नुहुन्छ । उहाँ यथार्थ र सिधा कुरा गर्नुहुन्छ जसलाई हामी पोष्टमोर्डन भन्छौं । त्यसैकारण पनि मैले मेरो कृतिको भूमिका उहाँलाई लेखाएको छु । उहाँले आमा मेरी **आमा** नामक मेरो कृतिको भूमिका बडो मजाले लेख्नुभएको छ ।

परिशिष्ट- छ

वरिष्ठ साहित्यकार डा.ध्रुवचन्द्र गौतमसँग लिइएको अन्तर्वार्ता

१. **खगेन्द्रप्रसाद लुइटेलसँगको तपाईंको चिनजान कहिलेदेखि भएको हो ?**

उहाँ कुन ब्याजको विद्यार्थी हो भन्ने त मलाई थाहा भएन । उहाँ एम्.ए. पढ्न आउँदा म निस्किसकेको थिएँ । त्यसकारणले विद्यार्थीका रूपमा चैं उहाँ सँग मेरो भेट भएन । त्यसबेलाको म त्यति सम्झन्न । उहाँ स्कुल कलेजको बेलादेखि नै प्रतिभाशाली र प्रभावशाली विद्यार्थी र प्रखर वक्ता हुनुहुन्थ्यो भन्ने सुनिन्छ, स्कुल र कलेज बेलाको उहाँको पढाइ पनि अति राम्रो थियो भन्ने सुनेको छु तर खगेन्द्रजीको सम्झनाचैं मलाई सबै पछिकै छ ।

२. **खगेन्द्रप्रसाद लुइटेलसँगको तपाईंको सम्बन्ध कस्तो छ ?**

खगेन्द्रजीसँग मेरो राम्रो सम्बन्ध छ । मैले चिन्या उहाँ एउटा असल मित्र त हो त्यसपछि समालोचक हो त्यसपछि एउटा राम्रो प्राध्यापक हो । म उहाँलाई यिनै रूपमा चिन्छु । म उहाँको घरमा पनि गएको छु । यदाकदा भेट पनि हुने गर्छ । खगेन्द्रजी र म सँगै काठमाडौं बाहिर पनि गएका छौं । बेलाबेलामा हाम्रो फोन पनि भइरहन्छ । उहाँ एक्टिभ लाइफमा हुनुहुन्छ म पनि त्यति बाहिर निस्कने गरेको छैन । जे होस् उहाँ चैं मेरो असल मित्रमध्ये नै हुनुहुन्छ । खासगरी प्राध्यापकहरू केही मित्रहरू छन् त्यसमध्ये उहाँ पनि हुनुहुन्छ । मैले **फूलको आतङ्क** सूत्र उपन्यासको भूमिका मोहनराज शर्मासँग लेखाउनको लागि लुइटेलजीको पनि सहारा लिएको हुँ ।

धेरै कुरा छन् कुनैबेला लुइटेलजी, मोहनराज शर्मा, म सारै निकट थियौं । हाम्रो एउटा टिम नै थियो । टिम एउटा हुन्छ गुटबन्दी भने अर्को हुन्छ । गुटमा चैं धेरैजसो कसरी अरूलाई लडाउने भन्ने यस्तो हुन्छ तर टिममा यस्तो हुँदैन । यतिखेर म उति बाहिर निस्कन्न त्यसैले मेरो लुइटेलजीसँग त्यति भेट नभए तापनि सद्भाव छ त्यो अर्थमा हामी एउटै ब्राकेटमा पर्छौं । हामी गुटबन्दीमा नभएर टिममा भएकाले हाम्रो सम्बन्ध बिग्रने खालको होइन ।

३. **खगेन्द्रप्रसाद लुइटेलले तपाईंको बारेमा थुप्रै लेख्नुभएको छ, उहाँको लेखाइप्रति तपाईंको प्रतिक्रिया के छ ?**

हो, उहाँले मेरो बारेमा थुप्रै लेख्नुभएको छ । उहाँले मेरो बारेमा मात्र होइन अरू धेरैका बारेमा र धेरै विषयमा नयाँनयाँ ढङ्गले लेख्नुभएको छ । उहाँ निकै गहिरिएर अध्ययन गरेर मात्र लेख्नुहुन्छ । हल्काफुल्का लेख्नुहुन्न । श्यामव्यङ्ग्य, अङ्ग्रेजीमा ब्ल्याक ह्युमर भन्छ नि, त्यसलाई लेखाइमा प्रयोग गर्ने म हुँ र नेपालीमा पहिलोचोटी श्यामव्यङ्ग्य नाम दिई त्यसको बारेमा सबैभन्दा पहिले लेख्ने चैं लुइटेलजी नै हो । श्यामव्यङ्ग्य भनेर नेपाली साहित्यमा सुरु भएको लेख नै उहाँकै हो । श्यामव्यङ्ग्य भन्ने शब्द त्यसभन्दा अगाडि तपाईं कतै पाउनुहुन्न । लुइटेलजीको *श्यामव्यङ्ग्यका कसीबाट दुविधा उपन्यासको मूल्याङ्कन* शीर्षकको लेख नै यस क्षेत्रको नेपाली साहित्यकै पहिलो लेख हो ।

उहाँले धेरै कृति लेख्नुभएको छ । उपन्यासबारेको **नेपाली उपन्यासको इतिहास** नामक पुस्तक पनि लेख्नुभएको छ । उहाँको त्यो किताब सारै राम्रो र वस्तुगत छ ।म पनि एउटा टिचर थिएँ मैले पनि लेख्नुपर्ने हो तर लेख्न सकिन । धेरै रेस्पोन्सबिलिटी हुन्छ । यस्ता पुस्तकमा केही छुट्न सक्छन् । सबैले आफूलाई महत्वपूर्ण नै ठानेका हुन्छन् तर इतिहासमा सबैलाई समेट्न सकिँदैन । कहिलेकाहीँ कोहीकोही छुट्दोरहेछ त्यो स्वाभाविक हो ।

छुटाउन नचाहँदा पनि छुट्दो रहेछ । हाम्रो उपन्यास वा कथा यस्तो किन लेखिनस् भनेर कोही आउँदैन नि अनि यो नाम छुट्यो भनेर पनि कसैले भन्दैन नि । केही व्यक्ति छुट्नु स्वाभाविक हो । धेरैलाई समेटेर नेपाली उपन्यासमा यस्तो गहन कृति अहिलेसम्म लेखिएको थिएन ।

४. खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्वबारे बताइदिनोस् न ।

लुइटेलजी एक राम्रो शिक्षक, असल मित्र, प्रभावशाली वक्ता र समालोचक हुनुहुन्छ । उहाँ मेरा केही असल प्राध्यापक मित्रमा पर्नुहुन्छ । उहाँ स्पष्टवादी, सहयोगी, परिश्रमी र मेहनती हुनुहुन्छ । व्यक्तिगत रूपमा मात्र नभएर संस्थागत रूपमा पनि परिश्रम गर्ने उहाँमा आफ्नो पेसाप्रति जागरुक सामान्य, सरल व्यक्तित्व पाइन्छ । उहाँको आलोचना पनि हुनेगर्छ तर जो एक्टिभ छ त्यसकै आलोचना हुने त हो नि । चुप लागेर बसे त हुँदैहुँदैन नि फेरि । ठिकै छ स्वभाव आआफूले लिएर आएको हुन्छ । त्यो स्वभाव मैले चाहेर २/४ दिनमा हटोस् भनेर हट्ने पनि होइन र हटाउने पनि किन फेरि ? काम चलिरहेकै छ । उहाँले सफलता पाइनै रहनुभएको छ । आफ्नो सोचाइ जस्तो छ त्यसअनुसार नै त कुनै पनि कुराको जज गर्ने हो । डे टु डे लाइफबाट पनि धेरै कुरा थाहा हुन्छ नि । समग्रमा उहाँ अध्ययनशील र प्रतिभाशाली व्यक्ति हो । उहाँले नेपाली समालोचनामा नयाँ धार निर्माण गर्नुभएको छ र उहाँ वर्तमान समयका शीर्षस्थ समालोचकमा पर्नुहुन्छ ।

परिशिष्ट- ज

साहित्यकार बखतबहादुर थापासँग लिइएको अन्तर्वार्ता

१. खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्वबारे बताइदिनोस् न ।

लुइटेल सर खरो बोल्नुहुन्छ मनमा केही कुरा राख्नुहुन्न । कुनै पनि कुरा हुन्छ भने हुन्छ हुन्न भने हुन्न त्यस्तो छ उहाँको बानी चैं । उहाँ स्पष्टवक्ता हो र जहिले पनि वस्तुगत दृष्टिकोण प्रस्तुत गर्नुहुन्छ । उहाँमा भएको खरो स्वभावले गर्दा उहाँको पछाडि धेरैले कुरा काटे तापनि अगाडि कसैले भन्ने आँट गर्दैनन् । उहाँ एकदमै सहयोगी पनि हुनुहुन्छ । मेहनती पनि हुनुहुन्छ उहाँको काम चाँडै गर्ने र यथार्थवादी स्वभाव छ । कुनै पनि पुस्तकको भूमिका लेखनमा होस् वा बोलाइमा उहाँले यथार्थवादी र वस्तुगत दृष्टिकोण प्रस्तुत गर्नुहुन्छ । आँटेको काम समयमै सक्नुहुन्छ । मलाई उहाँका सबैभन्दा मनपर्ने बानीहरू यिनै हुन् ।

२. खगेन्द्रप्रसाद लुइटेलले तपाईको धेरै किताबको भूमिका लेख्नुभएको छ । किन सधैं उहाँलाई नै भूमिका लेखाउनुभएको हो ?

उहाँले मेरा मात्र हैन अरू थुप्रैका किताबमा भूमिका लेखिदिनुभएको छ । उहाँले मेरा तिनवटा किताबको भूमिका लेख्नुभएको छ । उहाँलाई लेखिदिनु भनैं उहाँले लेखिदिनुभयो । उहाँले भूमिका लेखेको पुस्तक कुन क्वालिटीको छ भनेर सजिलै थाहा पाउन सकिन्छ । उहाँले अनावश्यक प्रशंसा गर्नुहुन्न । ठ्याक्कै लेख्नुहुन्छ । थपघट गरेर लेख्नुहुन्न । धेरैजसोले चाहिनेभन्दा बढी प्रशंसा गर्ने गर्छन् त्यसै भएर म जो कोहीसँग भूमिका लेखाउँदिन । उहाँले त्यसो नगर्ने हुनाले उहाँसँग भूमिका लेखाएको हुँ । कृति छापिनुभन्दा पहिले केही थपघट गर्ने प्रसङ्गहरू आउँछन् नि त्यसमा सुझाव पनि दिनुहुन्छ । मेरा कृतिको भूमिका लेख्दा उहाँले कतिपय कृतिलाई त पूरै काटकुट पारी नयाँ जस्तै पारिदिनुहुन्छ । उहाँसँग चिनजान भएपछि छापिएका मेरा सबैजसो किताबको नाम उहाँले नै राखिदिनुभएको हो ।

ल न त सर यति काम गरिदिनुपऱ्यो भन्यो भने उहाँ रातभर लगाएर भए पनि गरिदिनुहुन्छ । हामीजस्ता सामान्यलाई उहाँ सारै माया गर्नुहुन्छ तर मै हुँ भन्नेलाई गन्नुहुन्न । उहाँ ठूलाभन्दा साना मान्छेको भूमिका लेख्न रुचाउनुहुन्छ । अरूलाई भन्यो भने २/४ महिना लाग्छ भाइ फुर्सद छैन या छैन उ छैन भन्ने गर्छन् । मान्छे त लेखिसकेका २/४ महिनामा त किताब नै निस्क्योस् भन्ने हुन्छ आफूलाई चैं तर उनीहरू चैं २/४ महिना क्युमा बस्नुपर्छ भन्ने के भन्ने । लुइटेल सरले पहिले पनि लेखिदिनभएको थियो । उहाँलाई भनैं ए हुन्छ नि म लेखिदिन्छु नि भन्नुभयो । कतिपयले भूमिका लेखाउन जाँदा तपाईं नै लेखेर ल्याउनुहोस् न त्यही राखिदिउँला भन्छन् । मैले धेरैलाई भेट्या छु बढाइचढाइ गरिदिने । कोही तपाईं भन्नोस् कसरी लेखिदिउँ, कस्तो लेखिदिउँ, कतिको लेखिदिउँ पनि भन्छन् तर लुइटेल सरले चाहिँ त्यसो भन्नुहुन्न । फुर्सद भएमा र भूमिका लेख्न उपयुक्त लागेमा लेखिदिनुहुन्छ नत्र लेखिदिनुहुन्न ।

परिशिष्ट- झ

त्रिभुवन विश्वविद्यालयका पूर्वशिक्षाध्यक्ष प्रा.डा. महेन्द्रसिंहसँग लिइएको अन्तर्वार्ता

१. डा.खगेन्द्रप्रसाद लुइटेलसँग तपाईंको चिनजान कहिले र कसरी भएको हो ?

म २०४३ सालदेखि २०४६ सालसम्म युनिभर्सिटीमा प्रोक्टर थिएँ । लुइटेलजी त्यसबेलाको विद्यार्थी मास्टर लेभलको नेपाली विषयको । लुइटेलजी त्यस बेलाको विद्यार्थी नेता हुनुहुन्थ्यो । उहाँ मेधावी विद्यार्थी मात्रै हैन, राजनीतिमा पनि राम्रो दखल भएको व्यक्ति हुनुहुन्थ्यो । राजनीतिक दृष्टिकोणबाट पनि असाध्यै निर्वाहमय युगचेतना भएको व्यक्ति हुनुहुन्थ्यो । पोल्टिकल्ली पनि इन्टेलिजेन्ट र राम्रै दखल भएको । मसँग जतिबेला सम्पर्क भयो मलाई त्यो बेला नै आभाष थियो कि लइटेलजी सम्भावनाले भरिएको विद्यार्थी हो । मलाई लाग्थ्यो कहीं न कहीं पक्कै भविष्यमा राम्रो गर्ला भनेर । म उहाँलाई त्यहीबेला राजनीतिक र प्राज्ञिक क्षेत्र जुन रोजे पनि दुवै क्षेत्र राम्रो देखिएको एक सम्भावनाले भरिएको विद्यार्थीका रूपमा पाउथें ।

२. डा.खगेन्द्रप्रसाद लुइटेलको बानीव्यवहारबारे केही बताइदिनोस् न ।

अब उहाँले कुन पक्ष रोज्नुहुन्छ राजनीतिक कि एकेडेमिक त्यसमा भर पर्छ तर जता गएपनि उहाँको भविष्य उज्ज्वल छ भनेर मलाई आभाष हुन्थ्यो । एउटा सम्भावनाले भरिएको केटाको रूपमा मैले पाएको उहाँले रोज्नुभयो प्राज्ञिक क्षेत्रलाई । प्राज्ञिक क्षेत्रको रोजाइपछि बेलाबेलामा कृतिहरू प्रकाशित हुँदै गए । पिएच.डी. पनि गर्नुभयो । कम उमेरमै प्राध्यापक हुनुभयो ।मैले पाएको आभाष र उहाँले गरेको जुन प्रगति हो त्यसमा कहीं न कहीं तालमेल भएको मैले पाएँ । मलाई असाध्यै खुसी लाग्यो । हिजो पनि भेट्दा म बधाइ दिन्थें र अगाडि बढ्न प्रोत्साहन पनि गर्थें । उहाँ अगाडि बढ्दै जानुभयो । मान्छे इन्टेलिजेन्ट मात्र हैन कि निर्भीक पनि हो र खरो स्वभावको पनि हो उहाँ ।

उहाँको साहित्यमा शब्दको त कुनै अभाव छैन । धारावाहिक रूपमा अगाडि बढ्न सक्नुहुन्छ । कुनै पनि विषयमा प्रखरता छ, निडरता पनि छ र उहाँ स्पष्ट वक्ता पनि हो । उहाँको प्रस्तुतीकरणको शैली राजनीतिक होस्, साहित्य होस् जुनसुकै विषय होस् प्रखरता छ । निडरता पनि छ । आफ्नो अडान राख्दाखेरि उहाँ कसैलाई चोट लाग्छ कि भन्ने पनि विचार गर्नुहुन्न । दायाँबायाँ यसबाट कसलाई कस्तो प्रभाव पर्न जाने हो, नो एउटा स्टेट फरवाडनेस छ । स्टेट फरवाडनेस भयो तर भित्र केही हुँदैन भने त्यो बिना गोलीको बन्दुक पड्काएजस्तो हो । उहाँमा त्यस्तो छैन भित्र पनि छ र त्यो भित्रको ज्ञानले उहाँमा धेरै आत्मबल बढाएको छ ।

मेरो नेपाली त हैन उहाँको जुन कृति हो यसो कहिलेकाहीं पल्टाउँछु । उहाँको विचार, टिप्पणी अनि इन्टरभ्यु इत्यादि सुन्दा उहाँ सही बाटोमा बडो तीव्र गतिमा अग्रसर भइरहनुभएको छ । लुइटेलजीको राष्ट्रिय मात्र हैन अन्तर्राष्ट्रिय क्षेत्रमा पनि उहाँको एक्सपोजल भइरहेको छ । विदेशी युनिभर्सिटीमा पनि उहाँको संलग्नता रहेको छ । यसरी म हेर्छु स्वदेशमा मात्र हैन, छरछिमेकमा मात्र हैन समुन्द्रपारिका तेस्रो मुलुकमा पनि उहाँको जुन क्षमता छ, योग्यता छ, विद्वता छ त्यसबाट दुनियाँ परिचित भइरहेको छ ।

हामी अधिकांश व्यक्ति दोहोरो भूमिकामा बाँचेका छौं । त्यो दोहोरो व्यक्तित्व चैं लुइटेलजीमा छैन । त्यो दोहोरोपना छैन, ढाँगीपन छैन, आडम्बरी छैन । उहाँको बोलीले त कहीं न कहीं कतै न कतै त कुनै कसैलाई हर्ट त गर्छ नि चोट त पुऱ्याउँछ । लुइटेलजीको मन चैं नराम्रो हुँदैन । यसलाई नै चोट पुऱ्याउने गरी एकदमै प्रतिशोधात्मक भएर हैन कि सुधारात्मक हुन्छ । आफ्नो ब्रह्मले जे देख्छ त्यो चैं उहाँले बोल्नुहुन्छ ।

उहाँमा निर्भीक र खरोपन पाइन्छ। सामान्यतः हामी पाउँछौ कि मसिनो बोल्ने, पेचिलो र घुमाउरो कुरा गर्ने मान्छे तर उहाँमा त्यस्तो पाइन्न।

उहाँ विद्वान् ब्राह्मण हो र उहाँको प्रस्तुति शैली बोली नै विलक्षण छ। यो विलक्षणताबाट म पनि कहिलेकाहीँ जिल्ल पर्छु। उहाँमा त्यो खुलस्तपना छ त्यसैले दुनियाँले कुन नजरबाट हेर्छ त्यो हैन कि म उहाँको असाध्यै प्रशंसा गर्छु। म उहाँको त्यो पक्षको प्रशंसक नेपालमा प्रस्ट बोलिदिने मान्छेको अभाव छ। जुनसुकै मुद्दामा राष्ट्रिय अन्तराष्ट्रिय आर्थिक समस्या एकातिर छ, यथार्थ एकातिर छ प्रस्तुतीकरण अर्कैतिर भएको छ। यो मैले पाएको छु। मान्छे कति तनावमा भएर मनमा गुनेको कुरा प्रस्तुतीकरणमा नराख्ने यो जुन मानसिक तनावको अवस्था हो त्यो मानसिक द्वन्द्वबाट उहाँ मुक्त हुनुहुन्छ। उहाँमा त्यस्तो द्वन्द्व छैन। उहाँको जुन पार्टीसँग ज्यादै सन्निकटता थियो ती पार्टीका शीर्षस्थ नेताहरूको सामुन्ने पनि उहाँ त्यस्तै बोल्दिनुहुन्छ। तिमी मूल्याङ्कन गर नगर तिम्रो यो भएन। यसलाई राम्रो भन्ने कि नराम्रो ? यस्तो बोल्दिने मान्छे पनि त नेपालमा चाहिन्छ।

५. यथार्थ कुरा सबै भन्ने हो भने अरूले छुचो पनि त भन्लान् नि।

प्रस्ट बोल्नु छुचोपन होइन नि। चिनीमा चोबेर कुरा राख्नु त चाकडी हो नि, चाप्लुसी हो नि। मधुरो लाग्ने, मिठो लाग्ने, कसैलाई आनन्द पार्ने फुर्क्याउने कुरा गर्‍यो भने त्यो त चाप्लुसी हो। त्यहाँ त स्वार्थ हुन्छ। आफ्नो दुनो सोझो गर्नका लागि अगाडि जो छ ऊ सुहाउँदो कुरा सुनाइदिने भनिदिने त्यो त चाप्लुसी हो। चाप्लुसीभन्दा त यो छुचोपन भनाउँदो वर्ड नै ठिक हो नि। छुचोपन शब्दको हामी बढी मिस युज गर्छौं। सदुपयोगभन्दा पनि बढी हामी दुरूपयोग गरिरहेका छौं। चित्त बुझेन भने कस्तो छुचो कुरा गरेको भन्छौं तर त्यो त होइन नि। बुद्धिजीवी भनेको त बडो वस्तुपरक भएर मूल्याङ्कन गर्छ नि। पोल्टिकल कार्यकर्ता होइनन्। पोल्टिकल कार्यकर्ताले न नेता सुहाउँदो काम गर्छ। एउटा विद्वान्ले नेता सुहाउँदो हैन कि यथार्थपरक कुरा राख्नुपर्छ। अब्जेटिभ एनलाइसिस गुण र दोषका आधारमा टिप्पणी गर्‍यो भने त्यो बुद्धिजीवी हो। गुणदोष नहेर्ने अनुहार हेर्ने त्यो अनुसारले कुरा राख्ने भयो भने त्यो चैं छुचोपन हो। म त यस कुरामा सहमत छैन। द्यात्स ह्वाट टु मेक्स मिस्टर डक्टर लुइटेल डिफरेन्ट फर अदर। अरूभन्दा अलगपना जुन हो लुइटेलपना जुन हो त्यो त्यहीँ छ। त्यही हो लुइटेलपना। अरू समान भइदिया भए त म अरूका लागि त समय खर्चै गर्न सक्दिन नि। अलि फरक, अलि असामान्य, प्रखर बौद्धिकता भएको हुनाले मैले पनि तपाईंलाई टायम दिएको हुँ। नेपालमा बोल्दिनुपर्ने त धेरै मान्छे हुन्छन् तर अरूको हनुमान चालिसा मैले किन गाउने ?अरूको अनावश्यक गाथामा आफ्नो बहुमूल्य समय म किन खर्च गर्ने ? लुइटेलजी निडर, सक्षम हुनुहुन्छ यस्ता कुरामा। मैले बोलेको अतिशयोक्ति होइन।

मानिस हो, उसका राम्रा नराम्रा दुवै पक्ष हुन्छन्। लुइटेलमा मात्रै चैं सकरात्मक पक्ष मात्र छन्। आलोचनात्मक पक्ष चैं कहीँ केही छँदै छैन भनेर भन्न सकिँदैन। हो अहिलेको समसामयिक परिवेशमा उहाँले बोलेको कुरा कसैलाई पच्दैन भने त्यसको पछाडि कारण मनोवैज्ञानिक पनि हुनसक्छ। उमेरअनुसारको उहाँको उपलब्धि कम छैन। समवयस्क, समकालीन विद्वान्हरूमा उहाँ अग्रपङ्क्तिमै हुनुहुन्छ। दोस्रो पङ्क्तिको व्यक्तिले खुट्टा तान्न खोज्यो भने त्यसलाई अस्वाभाविक मान्नुहुँदैन। उही उमेर, उही क्षेत्र छ भने त्यहाँ पेसागत प्रतिस्पर्धा हुन्छ। पेसागत प्रतिस्पर्धामा पनि म पछाडि परेँ कि भन्ने भावना राख्ने विद्वान् साथीहरूबाट पनि म कहिलेकाहीँ सुन्छु नसुनेको होइन त्यो खरोपन हो। जुन त्यो खरोपन हो नि त्यो खरोपनाले नै उहाँलाई अरूभन्दा फरक बनाइरहेको छ। धेरै बोल्ने भडभडाउने त्यस्तो केही हैन। भित्र केही छ भने स्वाभाविक रूपमा केही फरक मत आउँछ। लुइटेलजी बोलेर मात्रै हैन लेखेर पनि दिनुहुन्छ। यो पनि एउटा प्रतिभा हो नि। उहाँले आफ्नो विचारलाई लेखनमा पनि उतार्नुहुन्छ। मैले हेरेको छु भाषाको कुरामा यसलाई कोही सङ्कीर्ण बनाउन चाहन्छ भने कोही फराकिलो बनाउन चाहन्छ। यो डिबेट छ नेपालीमा। डिबेटमा उहाँलाई चित्त नबुझेको ठाउँमा

शीर्षस्थ भनाउँदा व्यक्तिहरूबाट आएको भनाइलाई पनि उहाँ खण्डित गर्दिनुहुन्छ । म भाषाको विद्यार्थी नभए तापनि नेपाली भाषा यसको प्रक्रिया कसरी अगाडि बढिरहेको छ अलिकति इम्प्रेस आउँछ अनि म पढ्छु । यस्तायस्ता कुराहरू खोजेर पढ्छु त्यसैले उहाँको बारेमा अलिकति बढी थाहा पाउँछु ।

३. अहिले खगेन्द्रप्रसाद लुइटेल र तपाईं एउटै संस्थामा हुनुहुन्छ भन्ने सुनिन्छ नि ।

हो, संयोग यस्तो छ कि हिजोआज फेरि हामी एउटा प्रोजेक्टमा सँगै छौं । उहाँलाई एउटा विद्यार्थीका रूपमा, एउटा विद्वान्का रूपमा र एउटा सहकर्मीका रूपमा देखियो । हामी ज्ञानकुञ्ज एजुकेसनल फाउन्डेसन नाम गरेको शैक्षिक संस्थाको संस्थापकमा पनि संलग्न रहेका छौं । उहाँ त्यस संस्थाको सञ्चालक समितिको सदस्य, प्रबन्ध समितिको सदस्य एवं योजना तथा सुपरिवेक्षण समितिको संयोजकसमेत हुनुहुन्छ । उहाँमा व्यवस्थापकीय क्षमता पनि छ । उहाँलाई गलत कुरा असहज हुन्छ र तत्काल प्रतिक्रिया जनाइहाल्नुहुन्छ । गलत कामलाई चैं स्वीकार गर्दैनगर्ने । जुनसुकै लेभलबाट होस् तत्कालै लुइटेलजीलाई चैं गलत कुरा असहज जस्तो हुन्छ । म कहिलेकाहीं भन्छु यो अर्कै क्षेत्र हो । यहाँ कहीं हामीले आँखा चिम्लनुपर्ने अवस्था आउँछ । केही नबोल्दा पनि हुन्छ तर त्यो उहाँ मान्नुहुन्न । त्यो राम्रो पनि हो ।

४. खगेन्द्रप्रसाद लुइटेलका बारेमा अरू केही बाँकी भए बताइदिनोस् न ।

अहिलेका धेरै जल्दाबल्दा नेतृत्व पङ्क्तिमा पुगेका विद्यार्थी नेताहरू छन् नि तिनैका ब्याजको हुनुहुन्थ्यो खगेन्द्र लुइटेल । २०४३-४६ भन्दा अगिको समय कल्पना गर्नुहोस् पञ्चायती व्यवस्था थियो पञ्चायती व्यवस्था ढाल्नुपर्ने अविभारा विद्यार्थीले बोकेको थियो । स्टुडेन्ट फोरमले स्टुडेन्ट कहाँ जाने, के गर्ने, भन्ने टार्गेट त्यसबेलामा पदाधिकारीहरूले गर्थे । त्यो बेलाको डेलिकेसनमा लुइटेलजी पनि आउने गर्नुहुन्थ्यो । जहिलेको डेलिकेसनमा पनि उहाँ आउने गर्नुहुन्थ्यो । आफ्नो कुरा राख्ने गर्नुहुन्थ्यो । मलाई त्यसबेला नै उहाँमा केही क्षमता छ भन्ने लाग्थ्यो । मैले त्यसबेला गरेको आभाष र उहाँले गरेको प्रगतिले कहीं न कहीं र कतै न कतै मेल खाएको छ ।

आफूमा भएको ज्ञानले नै उहाँमा यो आत्मबल बढाएको हो । तीव्र रूपमा अगि बढिरहनुभएको छ । उहाँको क्षमता र योग्यताको कदर स्वदेशमा र छरछिमेकमा मात्र हैन कि समुन्द्रपारीका मुलुकमा पनि भएको छ । आजकालका अधिकांश मानिसहरू दोहोरो व्यक्तित्व लिएर बाँचेका छौं तर उहाँमा त्यस्तो ढोँगी र आडम्बरीपन पाइन्न । उहाँको बोलीबाट पनि कहिलेकाहीं म अचम्ममा पर्ने गर्छु । नेपालमा स्पष्ट बोल्ने मान्छेको अभाव भएको बेलामा उहाँमा त्यो विलक्षण प्रकारको बोली पाउन सकिन्छ । उहाँ मानसिक द्वन्द्वबाट मुक्त हुनुहुन्छ । टिप्पणी गर्ने क्रममा पनि प्रतिशोधात्मक भएर हैन कि आफ्नो ब्रह्माले जे देख्छ त्यही कुरा प्रस्तुत गर्नुहुन्छ । गुणदोषका आधारमा टिप्पणी गर्नुहुन्छ । जुन त्यो अरूभन्दा अलगपना छ त्यो नै लुइटेलपना हो । राजनीति गर्दाको समयमा जुन पार्टीका नेताहरूसँग निकटता थियो ती पाटीका नेताहरूसँग पनि सिधै कुरा गर्ने र तिमीहरूको यो काम गल्ती भयो भनेर गल्ती औंल्याएदिनुहुन्छ । वस्तुपरक र यथार्थ कुरा गर्नुहुन्छ । उहाँमा प्रखर बौद्धिकता पाउन सकिन्छ । उमेर अनुसारको उपलब्धि कम छैन । समकालीनविद्वान्हरूमा अग्रपङ्क्ति मै पर्नुहुन्छ । उहाँको खरोपनाले नै अरूभन्दा भिन्न बनाएको छ । खरोपना छ तर बाचार भने होइन । उहाँ बोल्ने मात्र हैन कि बोलेको कुरालाई लेखनमा पनि उतार्न सक्नुहुन्छ । केही छ र केही आउँछ, जसले धेरैतिर हेर्न सक्छ उसैले फरक मत प्रस्तुत गर्नसक्छ ।

परिशिष्ट- ञ

पूर्वशिक्षामन्त्री तथा परिष्ठ साहित्यकार मोदनाथ प्रश्रितसँग लिइएको अन्तर्वार्ता

१. खगेन्द्रप्रसाद लुइटेलसँग तपाईंको चिनजान कहिले र कसरी भएको हो ?

नामबाट धेरै पहिलेदेखि नै चिनेको हो तर हाम्रो भेटघाट चैं उनले मेरो बारेमा थेसिस लेखाएको कुरा तेरथुमका सांसद् क. विजय सुब्बाले बताएपछि हाम्रो भेटघाट भयो । त्यसपछि हाम्रो सम्पर्क निरन्तर छ । हामीले नेपालका विभिन्न ठाउँ, कलकत्ता र अमेरिकाको यात्रा पनि सँगै गरेका छौं ।

२.खगेन्द्रप्रसाद लुइटेलसँग तपाईंको लामै सङ्गत रहेछ । उहाँलाई कस्तो व्यक्तिका रूपमा चिन्नुहुन्छ ?

म उनलाई विविध विधाको गहन अध्ययनमा रुचि राख्ने, आफ्नो अध्ययनका निम्ति अधिकतम पुस्तकहरू आफ्नै घरको पुस्तकालयमा सङ्ग्रह गर्ने र खुब मन लगाएर पढ्ने व्यक्तिका रूपमा चिन्छु । यसबाहेक उनी नेपाली र अङ्ग्रेजी दुवै भाषामा दखल भएका, शोधविधि, ध्वनिविज्ञान र वर्णविज्ञानमा निकै गहिरिएका र ती विषयमा पुस्तकसमेत लेखेका विद्वान् हुन् । कविता, नाटक, निबन्ध विषयको समीक्षामा कलम चलाइरहेका उनी लेखरचनाहरू बराबर प्रकाशित गराइरहने जाँगर गर्ने तथाप्राध्यापन कार्यबाट विद्यार्थीलाई सन्तुष्ट तुल्याउन सक्ने प्राध्यापक हुन् । यसका साथै उनले गौहाटी विश्वविद्यालयको नेपाली पाठ्यविषय निर्माणमा महत्वपूर्ण भूमिका खेलेकाछन् । म उनलाई यिनै विविध पक्षबाट चिन्छु ।

३.. तपाईंले खगेन्द्रप्रसाद लुइटेलको कविताको संरचनात्मक विश्लेषण पुस्तक को समीक्षा पनि गर्नुभएको छ नि ?

हो, मैले उहाँको **कविताको संरचनात्मक विश्लेषण** नामक कृतिको समीक्षा गरेको छु । यो उहाँका समीक्षासम्बन्धी धारणामा लेखिएको कृति हो । यो उहाँको विद्यावारिधिको शोधग्रन्थ हो । कविताको संरचनात्मक विश्लेषणबारे यस्तो सुव्यवस्थित कृति नेपाली साहित्यमा यो पहिलो हो । यसबाहेक उनको चर्चित पुस्तक **शोधविधि**ले नेपाल र भारतका विश्वविद्यालयहमा पाठ्यविषयको ठाउँ लिएको छ ।

४. उहाँको बानीव्यवहारबारे केही बताइदिनोस् न ?

खगेन्द्रप्रसाद लुइटेल पढाइ, लेखाइ, अध्यापन, समीक्षा, यात्रा आदि विषयमा स्पष्टवादी यथार्थ वक्ता हुनुहुन्छ । उनको बोली र व्यवहार एकदमै खरो र स्पष्ट भएकाले गर्दा कहिलेकाहीं कसैकसैलाई अलिक बिझेझैं पनि लाग्छ होला । अलिक ठाडै भाषामा अरूबारे व्याङ्व्याङ्ती बोल्ने हुनाले उनलाई नजिकबाट नचिन्नेहरूलाई उनी अलि खस्रो स्वभावका व्यक्ति जस्तो लाग्छन् तर यथार्थमा त्यस्तो होइन ।

परिशिष्ट- ट

नेपाली केन्द्रीय विभागका पूर्वविभागीय प्रमुख मोहनहिमांशु थापासँग लिइएको अन्तर्वार्ता

१. **खगेन्द्रप्रसाद लुइटेलसँग तपाईंको चिनजान कहिले र कसरी भएको हो ?**

मैले पढाएकै बेलामा खगेन्द्रप्रसाद लुइटेल कीर्तिपुर पढ्न आउनुभएको हो । म उहाँलाई विद्यार्थी जीवनदेखि नै चिन्छु । उहाँ अध्ययनशील र मेधावी विद्यार्थी हुनुहुन्थ्यो । म विभागीय प्रमुख हुँदा उहाँ विभागमा पढाउन आउनुभएको हो र हामीले सँगै काम गर्‍यौं पनि ।

२. **खगेन्द्रप्रसाद लुइटेल र तपाईंले विभागमा सँगै काममा गर्नुभएको रहेछ । त्यसबेलाको उहाँको बानीव्यवहारबारे बताइदिनोस् न ।**

म विभागीय प्रमुख हुँदा उहाँले पढाउन थाल्नुभएको हो । त्यस्तै ७-८ वर्ष सँगै काम गर्‍यौं तर हामी बीच नराम्रो कहिल्यै भएन । उहाँ एकदमै सहयोगी हुनुहुन्थ्यो । हरेक काममा आफ्नो क्षेत्रबाट सहयोग गर्नुहुन्थ्यो । विभिन्न विभागीय समितिहरूमा रहेर उहाँले राम्रो काम गर्नुभयो । उहाँ हरेक काम पक्का गर्ने मान्छे हो ।

मैले तिन वर्ष टायम छँदै विभाग छाडेको हुँ । ज्यादै गन्जागोल भयो गुटबन्दी हुनथाल्यो । सब कुरालाई पार्टी पोलिटिक्सबाट हेर्न थालियो । अझ आजकल त यो गुटबन्दी भागबन्डाले कस्तो भएको छ भने ज्यादै कनिष्ठहरू ओहदामा पुग्ने वरिष्ठहरू चैं कनिष्ठ भएर बस्नुपर्ने । त्यो मलाई मन पर्दैन । लुइटेलजी पनि मन पराउनुहुन्न । यो हामी स्वतन्त्रजीवीहरू कसैलाई पनि मन पर्दैन । त्यही भएर मलाई असाध्यै असह्य भयो, गाह्रो भो । अनि म त्यस्तो बोलेर हिँड्ने, कराएर हिँड्ने खालको पनि हैन । त्यसो भएर मैले छाडेँ तर उहाँ अडान लिएर जोसुकैसँग मुकाबिला गर्नसक्ने भएकाले अहिलेसम्म काम गरिरहनुभएको छ ।

जुन दुख, जुन पीडा, जुन यातना लुइटेलजीले पनि भोग्नुभएको छ । उहाँले भन्दा अगाडि मैले भोगेँ तर म पनि कसैसँग दबिन त्यो नदबेको हुनाले नै अरूसँग मिल्न नसकेको हुँ । मैले कसैलाई दास पनि बनाइन, हनुमानदास पनि बनाइन । उहाँ जसरी बोल्नुहुन्छ म त्यसरी बोल्न सक्दिन । हामी गम्भीर भएर बोल्छौं होला अथवा त्यसको बदला कहीं कतै गएर लिन्छौं होला तर उहाँले कुनै पनि कुराको प्रतिकार तुरुन्त गर्नुहुन्छ । त्यो बानीले उहाँलाई कतिपय ठाउँमा हानी पनि गरेको छ तर हानी गरे पनि त्यसलाई जितेर अगाडि बढ्नुभएको छ । म पनि त्यस्तै वर्गमा पर्छु । म पनि अडान लिएरै बसेको हुँ विभागमा तर त्यसको सबैभन्दा चरम सिकार चैं उहाँ हुनुभयो । आफ्नो स्वाभिमान र अहंमा आघात पर्‍यो भने उहाँ अलि छटपटाउनुहुन्छ र प्रतिक्रिया व्यक्त गर्नुहुन्छ ।

उहाँ अध्ययनशील र लगनशील पनि हुनुहुन्छ । पढ्नु पनि हुन्छ लेख्नु पनि हुन्छ । जति किताबहरू निस्के नि त्यो डिपार्टमेन्टमा हन्डर ठक्कर खाएको उपज हो । उहाँलाई परेको दुख, दिइएको कष्ट यातनाको विरोधमा उहाँले यी सबै कृति लेख्नुभएको हो । उहाँले विभागमा धेरै सङ्घर्ष गर्नुपर्‍यो । धेरै हन्डर खानुपर्‍यो । त्यसैको उपज उहाँ यति धेरै पुस्तक निकाल्न सफल हुनुभयो । समयमै पिएच.डी पनि गर्नुभयो, प्रोफेसर पनि हुनुभयो । डिपार्टमा मनमुटाव नभएको भए र हन्डर खानु नपरेको भए सायदै उहाँका यति धेरै पुस्तक प्रकाशित हुने थिएनन् कि अनि यति छिटै यस्तो प्रगति हुने थिइन कि !

३. **खगेन्द्रप्रसाद लुइटेललाई तपाईं कस्तो व्यक्तिका रूपमा चिन्नुहुन्छ ?**

उहाँ तेरथुमबाट आउनुभएको बहुत सङ्घर्षशील मान्छे अनि बहुत लगनशील प्लस चैं अध्ययनशील पनि । उहाँ सारै अध्ययनशील हुनुहुन्थ्यो । अहिले प्रशस्तैद किताबहरू पनि निकै लेख्नुभयो । लगनशील भनेको प्रमाणचाहिँ त्यो हो । उहाँजस्तो लगनशील मान्छे त विभागमा आएर निकै हन्डर र ठक्कर खानुभो भने अरूको के कुरा । सुन्नुभएको होला नि । सङ्घर्ष भनेको त्यो पनि हो । जेलमा पनि सङ्घर्ष गर्नुभो, डिपार्टमेन्टमा आएर पनि निकै सङ्घर्ष गर्नुभो । केहीसँग मनमुटाव यताउति यस्तै पनि भयो । आफू केही बन्न खोज्यो भने अरूलाई असह्य हुने यस्तै यस्तै । हामी चैं अलि गाह्रो अफ्ठेरो पऱ्यो भने सहन्छौं होला तर उहाँ सहनुहुन्न । उहाँले दिइहाल्नुहुन्छ । छुचो त म भन्दिन वहाँ स्पष्टवक्ता हो । त्यो लप्पनछप्पन उहाँमा छैन । जे छ स्पष्ट रूपमा हो भने हो होइन भने होइन त्यो खालको मान्छे । उहाँको अहंमा कसैले चोट पुयायो भने अनि झगडा पनि गर्नसक्ने मान्छे ।

उहाँ टिमवर्क पनि गर्नुहुन्छ, सहयोगी पनि हुनुहुन्छ अनि संवेदनशील पनि हुनुहुन्छ । उहाँलाई अलिकति मार्का पऱ्यो कि असह्य स्थिति सिर्जना भयो कि त्यसको डिफेन्स उहाँले गर्नुहुन्छ । धेरै मान्छेमा आफूभन्दा माथिल्लो मान्छेले दबायो भने अलि सहने प्रवृत्ति हुन्छ तर उहाँ सहनुहुन्न, योग्य मान्छेले सहँदैन । मैले डिपार्टमेन्ट छोडेर आउँदा पनि भनेको छु कुनैपनि व्यक्तिले दासको दास हनुमानदास चैं नहुनु किनभने तपाईंहरू सबै सक्षम हुनुहुन्छ । ऊ फलानाको मान्छे ऊ उसको मान्छे भन्ने गर्छन् नि, त्यस्तो हुनु राम्रो होइन ।

४. **खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्वबारे बताइदिनुहोस् न ।**

लुइटेलजीको प्रत्यक्ष नराम्रो पक्ष मैले भोगेको छैन । मसँग त त्यस्तो केही परेन पनि । विभागमा सँगै काम गर्दा मैले पनि उहाँलाई नराम्रो गरिन, उहाँले पनि नराम्रो शब्द प्रयोग गर्ने अवस्था कहिल्यै आएन । हामी सँगै मिलेर काम गऱ्यौं टिमवर्क भनेको त्यो हो । उहाँ र देवी गौतम मेरा नजिकका सहयोगी हुन् । हामी मिलेर नै काम गऱ्यौं । उहाँसँग नराम्रो हुने स्थिति नै आएन । मैले नभन्न खोजेको भने होइन । नराम्रो भन्न कुनै घटना त हुनुपऱ्यो नि तर छुचो भन्ने धेरैको कमेन्ट चैं रहेको सुनेको छु तर उहाँ छुचो चैं होइन ।

खगेन्द्रप्रसाद लुइटेल बहुत संवेदनशील, सङ्घर्षशील, बहुत लगनशील र अध्ययनशील प्राध्यापक हो । उहाँ एकदमै सहयोगी, लप्पनछप्पन नभएको, टिमवर्क पनि गर्ने, आफूलाई चित्त नबुझेको र आफ्नो स्वाभिमानमा आघात पुऱ्याउने कुरामा तुरुन्तै बदला लिन तथा प्रतिकार गर्न सक्ने र झगडा पनि गर्न सक्ने व्यक्ति हो ।नेपाली विभागको विकासका लागि उहाँजस्तो व्यक्ति आवश्यक छ ।

परिशिष्ट-ठ

सहपाठी तथा तत्कालीन नेपाली विषय समितिका सदस्य सचिव शिवप्रसाद उप्रेतीसँग लिइएको अन्तर्वार्ता

१. खगेन्द्रप्रसाद लुइटेल र तपाईं सहपाठी हुनुहुँदो रहेछ । पढ्दाका केही कुरा बताइदिनुहुन्छ कि ?

अँ हामी सँगै पढ्थ्यौं र मिल्ने साथी पनि थियौं । कहिलेकाहीं ठाकठुक पनि पर्थ्यो । खगेन्द्रप्रसाद लुइटेल सर्वोत्कृष्ट विद्यार्थी भएकाले उहाँसँग नोट एवं पाठ्यसामग्री प्राप्त गर्न सबैखाले विद्यार्थी लालायित हुन्थे । उहाँ पनि विनाभेदभाव साथीहरूलाई नोट एवं पाठ्यसामग्री उपलब्ध गराउनुहुन्थ्यो र धेरैले उहाँकै नोट पढेर उत्तीर्ण गरेका छन् । विद्यार्थी जीवनमा सधैं सक्रिय राजनीति गरेर पनि सधैंभरि सर्वप्रथम हुन्थे । उनी कुनै पनि विषय घोकेर पढ्दैनथे, राम्ररी पढेर बुझेपछि बिर्सनुहुन्नथ्यो । उहाँ राती सबै सुतेपछि शान्त वातावरणमा पढ्ने गर्नुहुन्थ्यो र बिहान अलि ढिलो उठ्ने गर्नुहुन्थ्यो । उहाँले राती पढेको कुरो कसैलाई पत्तै हुँदैनथ्यो ।

२. खगेन्द्रप्रसाद लुइटेलको राजनीतिक गतिविधिबारे बताइदिनोस् न ।

उहाँ राजनीतिमा सक्रिय रूपमा लागिपर्नुहुन्थ्यो र हामीले अनेरास्ववियु प्रारम्भिक कमिटिमा बसेर सँगै काम गर्‍यौं । उहाँ राजनीतिमा क्रियाशील भएर पनि पढाइमा पनि सर्वोत्कृष्ट हुनुहुन्थ्यो । कीर्तिपुरमा पढ्दा स्ववियु निर्वाचनमा विजय प्राप्त गर्ने उद्देश्यले अतिरिक्त विद्यार्थी भर्नाका लागि छुट्ट्याएको पैसा उहाँकै जिम्मामा रहँदा पनि कहिल्यै व्यक्तिगत खर्चमा प्रयोग गर्नुहुन्नथ्यो । चियाखाजासमेत आफ्नै पैसाले खाने गर्नुहुन्थ्यो । राजनीतिप्रति उहाँको त्यसबेला एकदमै लगाव रहेको थियो ।

३. खगेन्द्रप्रसाद लुइटेल र तपाईं सहपाठी अनि तपाईंको शोधनिर्देशक उहाँ नै हुनुभएछ, यस्तो कसरी भयो ?

हो, हामी सहपाठी साथी पनि हौं र उहाँ मेरो गुरु पनि हो । पढ्दा उहाँकै नोट पढेर पास गरेको हुँ । भिलेज प्रोफाइल लेख्दा पनि उहाँले ठूलो सहयोग गर्नुभयो । मेरो त के कुरा त्यतिखेर उहाँ अरूका पनि लेखिदिनुहुन्थ्यो । सुरुमा मेरो गाइड अर्कै हुनुहुन्थ्यो । उहाँले सारै ढिलो गरिदिनुभयो । हुनत जागिर खान थालेपछि मैले पनि ढिलो गरें । पछि समय सकिन एक हप्ता मात्र बाँकी रहेकाले उहाँलाई गाइड बनाइएको हो । उहाँ गाइड भएपछि त्यही एक हप्तामा मेरो शोधपत्र पनि सकियो र मैले एम.ए. पास गरें ।

४. खगेन्द्रप्रसाद लुइटेलले श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्रको नेपाली विषय समितिमा रहेर गरेका कार्यहरूबारे केही बताइदिनोस् न ?

खगेन्द्रप्रसाद लुइटेलले श्री ५ को सरकार पाठ्यक्रम विकास केन्द्रको नेपाली विषय समितिमा रहेका बेला निम्नमाध्यमिक र माध्यमिक तहको नेपाली विषयको नयाँ पाठ्यक्रम निर्माणमा विशिष्ट भूमिका निर्वाह गर्नुभएको छ । नेपाली विषयको पठनपाठनको र नेपाली विषयप्रतिको धारणा बुझ्न हामी त्यसबेला नेपालका विभिन्न ठाउँमा घुमेका थियौं । त्यसपछि नेपाली विषयको पाठ्यक्रम संशोधन-परिमार्जन गरी २०५४ सालदेखि २०५९ सालसम्ममा विभिन्न वर्षहरूमा विद्यालय स्तरीय कक्षा छदेखि दससम्मको **हाम्रो नेपाली किताब**को संशोधन-परिमार्जनसमेत गरिएको थियो । यी पुस्तकहरूको संशोधन-परिमार्जन समूहले गरेको भए पनि यसमा सर्वाधिक महत्वपूर्ण भूमिका लुइटेलको नै रहेको छ । यसरी पाठ्यपुस्तकहरूको संशोधन-परिमार्जन गर्दा उहाँले लेखकहरूद्वारा पहिले नै तयार पारिएको पाठ्यपुस्तकमा समावेश गरिएका तथा नयाँ लेखकहरूद्वारा तयार पारिएका विभिन्न विधाका साहित्यिक रचनाहरूको हेरफेर गर्ने, हटाउने, नयाँ राख्ने, तिनको क्रम निर्धारण

गर्ने आदि कार्य गर्नाका साथै क्रम नमिलेका व्याकरणलाई क्रम मिलाउने तथा स्तरअनुरूप तुल्याउने कार्यसमेत गर्नुभएको थियो । विद्यालयस्तरीय पाठ्यपुस्तकको संशोधन-परिमार्जनका साथै साहित्यिक विधा र व्याकरणलाई मिलाएर प्रस्तुत गर्ने काममा उहाँको उल्लेख्य भूमिका रहेको छ । पाठ्यक्रम विकास केन्द्रको विषय समितिमा रहँदा कक्षा माध्यमिक तहको पुस्तकका लेखकका रूपमा छानिएका व्यक्तिले निर्धारित समयमा पुस्तक नलेखेको र कतिपय निर्देशन नमानेका कारण तत्कालीन महाप्रबन्धकले यिनलाई हटाउने प्रस्ताव राख्दा लुइटेलले त्यसलाई अस्वीकार गरी उनलाई नै काम लगाउने निर्णय गरेर त्यहीँ बसाएर लेखाउनुभयो र त्यसबापत अतिरिक्त पारिश्रमिक दिने भन्ने महाप्रबन्धकको प्रस्तावलाई पनि उहाँले अस्वीकार गर्नुभयो र दिने भए समितिका सबैलाई दिनु मलाई मात्र चाहिँदैन भन्नुभयो ।

परिशिष्ट-ड

पूर्वए.आई.जी.पी. श्यामसिंह थापासँग लिइएको अन्तर्वार्ता

१. खगेन्द्रप्रसाद लुइटेल र तपाईंको कार्यक्षेत्र त बेग्लै पर्‍यो । तपाईंहरूको चिनजान चैं कसरी भयो ?

एस.पी. राजुबाबु र लुइटेल सरको चिनजान कसरी, कहाँ भयो मलाई थाहा भएन तर मैले भने उनै एस.पी. राजुबाबुमार्फत लुइटेल सरलाई चिनेको हुँ । लुइटेल सर साहित्यिक क्षेत्रको विशिष्ट मान्छे, हाम्रा पुलिस क्षेत्रका मान्छेहरू पनि समय भएको बेला साहित्य रचना गर्ने धेरै छन् । पत्रिका निकाल्ने हाम्रो एउटा जनसम्पर्क शाखा छ । जसमा विभिन्न व्यक्तिका लेखहरू छापिने गर्दछन् । त्यहाँ सरका पनि लेखहरू छापिएका हुन्थे । त्यसै क्रममा राजुबाबुसँग चिनजान भएको हो कि ! मैले त्यसबेला नेपालका चर्चित दङ्गाहरूबारे एउटा पुस्तक तयार पारेको थिएँ । त्यो पुस्तक राजुबाबुलाई देखाउँदा उनले पुस्तकको भूमिका डा. खगेन्द्रप्रसाद लुइटेललाई लेखाउनुपर्छ भनेको हुनाले उनकै सल्लाहअनुसार भूमिका लेखिदिन अनुरोध गरेँ र यही क्रममा हाम्रो भेट भएको हो ।

२. खगेन्द्रप्रसाद लुइटेलले प्रहरी प्रशासन क्षेत्रबाट पनि प्रशस्तै सम्मानहरू पाउनुभएको छ, यस क्षेत्रमा उहाँको खास के योगदान रहेको छ ?

काठमाडौँ उपत्यकामा विद्यमान नेपाल प्रहरीको महानगरीय प्रहरीसम्बन्धी अवधारणा र नयाँ निकायको निर्माणमा उहाँले विशिष्ट योगदान पुर्‍याउनुभएको छ ।उपत्यकामा सुनिने पुलिसका विभिन्न नामहरू महानगरीय प्रहरी आयुक्त, महानगरीय प्रहरी प्रभाग, महानगरीय प्रहरी वृत्त, महानगरीय प्रहरी परिसर आदि जेजस्ता शब्दहरू छन्, यी सबै शब्दहरू उहाँले नै निर्माण गर्नुभएको हो । महानगरीय प्रहरी कन्सेप्ट आएपछि नाम के दिने भन्ने कुरामा कसैमा सोच आएन । प्रहरी प्रशासनले उहाँलाई अनुरोध गर्‍यो । उहाँले यस्ता शब्दहरू जन्माउनुभयो । पुलिसले कतिपयबाट काम लिन्छ र कहिलेकाहीँ त्यसै भुल्ने गर्छ । त्यसबेला पनि त्यस्तै भयो । शब्द त प्रयोगमा आए तर शब्द निर्माण कसले गर्‍यो र यसको बाबु को हो ?भन्नेतिर कसैको ध्यान गएन । म त्यतिबेला हेडक्वाटरतिर थिएँ । त्यो काम रानीपोखरीको ए.आई.जी.पी.को जिम्मामा थियो । मेरो क्षेत्र नभएकाले यो काम कसले गर्‍यो मलाई थाहा भएन । बैठकमा पनि यसबारे कुरा भएन । जब मैले लुइटेल सरले यो काम गर्नुभएको भन्ने थाहा पाएँ तब मैले केही नभए पनि एकचोटी उहाँलाई ल्याएर सम्मान त गर्न सक्नुपर्थ्यो नि । यही पुरस्कार दिनुपर्छ भन्ने छैन, जस्तो दिए तापनि हाम्रो सङ्गठनले गर्ने भनेको पुलिसले गर्ने सम्मान हो । भोलि इतिहासले यो शब्द कहाँबाट आयो र कसले निर्माण गर्‍यो भनेर इतिहास पल्टाउँदा यो बिना बाबुको शब्द बन्छ भन्ने कुरा उठाएपछि प्रत्यक्षत: मेरै कारणले उहाँले पुलिसलाई लगाएको ऋण तिर्न हामीले उहाँलाई पुरस्कृत गर्‍यौं । पुलिस डेको दिन उहाँलाई हेडक्वाटरले महानगरीय प्रहरीको स्थापनामा पुयाएको विशिष्ट योगदानका लागि नेपाल प्रहरी सम्मानद्वारा सम्मानित गर्‍यो । उहाँ एक वर्ष सम्मानित हुन छुट्नुभयो । पछिआई.जी.पी. र सबै ए.आई.जी.पी.हरूले यो काम कसरी छुट्नगयो भन्नेकुरा महसुस गरे । समस्या समाधान भएपछि सबै सुते र म पनि सुतेँछु । उहाँले पुलिस सङ्गठनमा ठूलो काम गर्नुभएको छ । पुरस्कार नामको लागि पनि दिइने गरिन्छ तर उहाँलाई सिर्जनात्मक कार्यका लागि पुरस्कृत गरिएको हो । मेरो सम्बन्ध विस्तारका क्रममा मैले त्यति गरेँ । प्रत्येक वर्ष लेखको मूल्याङ्कन गरी सर्वोत्कृष्टलाई सम्मान गर्ने चलन छ । सरले प्रहरी प्रधान कार्यालयबाट सर्वोत्कृष्ट साहित्य पुरस्कार पनि पाउनुभएको छ ।

३. खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्वबारे केही बताइदिनुहोस् न ।

अहमता नभएको सरलतामा रमाउने कसैलाई केही गर भन्ने सोच भएको, आफ्नो विषयमा अथाह ज्ञान र पूरा जानकारी भएको, बोलीका हिसाबले, आवाजका हिसाबले र प्रस्तुति गर्ने कलाका हिसाबले पनि सबैलाई आकर्षित गर्नसक्ने क्षमता भएको व्यक्तिका रूपमा चिन्छु । छोटो समयमा नै उहाँको काम गर्ने शैली र व्यवहारबाट म प्रभावित बनेको छु । उहाँमा साहित्यमा दाग लाग्ने ठाउँ कतै देखिँदैन । बहुत परिपक्वता पाइन्छ । म त उहाँको भावना र शब्दशब्दमा लठ्ठिन्छु । साँच्चिकै उहाँले राम्रो इमेज बनाउनुभएको छ । जे गर्नुभएको छ आफ्नो मेहनतले गर्नुभएको छ । उहाँले गर्नुभएको कामबाटै प्रभावित भएर विदेशी युनिभर्सिटीले पनि बोलाउने, काम लिने र सम्मान गर्ने गरेका छन् । उहाँले राष्ट्रिय स्तरमा मात्र नभएर अन्तर्राष्ट्रिय स्तरमा समेत आफ्नो विशिष्ट पहिचान बनाइसक्नु भएको छ । यो हामी नेपालीहरूका लागि गौरबको विषय हो ।

परिशिष्ट-ढ

तेरथुम साब्ला निवासी सूर्य सुवेदीसँग लिइएको अन्तर्वार्ता

१. तपाईं त खगेन्द्रप्रसाद लुइटेलको घर नजिकको मान्छे, उहाँको पारिवारिक अवस्थाबारे बताइदिनोस् न ।

खगेन्द्रप्रसाद लुइटेल तेरथुमको सोल्मा गा.वि.स. कालिमाटी भन्ने ठाउँमा बस्ने पढेलेखेका लुइटेल परिवारका व्यक्ति हुन् । उनका पुस्ताहरू शिक्षित पण्डित थिए र तिनीहरूले पैतृक रूपमै संस्कृतको राम्रो ज्ञान हासिल गरेका थिए । यिनका हजुरबुबा गौरीशङ्कर त्यसबेलाका थोरैमात्र पढेलेखेका मानिसमा पर्ने जिल्लाका मात्र नभई त्यस क्षेत्रकै प्रख्यात विद्वान् पण्डित थिए । उनी त्यस क्षेत्रमाठूलाघरे पण्डित, मन्तरे पण्डित र गौरीशङ्कर पण्डितका नामले सुप्रसिद्ध थिए । मैले जानेअनुसार गौरीशङ्कर पण्डितको परिवार सम्पन्न थियो । वहाँ हाम्रा घरतिर आएर भागवत पुराण भन्ने गर्नुहुन्थ्यो । त्यस ठाउँमा उहाँको राम्रो सम्मान थियो । सोल्माका लुइटेलहरू त्यस क्षेत्रमा प्रसिद्ध नै हुन् । उनको परिवारमा खान लाउनको दुख थिएन । उनी खानपुग्ने र दिनसक्ने परिवारका मान्छे हुन् । यिनका पुर्खा हलो जोत्दैनथे । कालिमाटी डाँडामा उनीहरूको टाढैबाट देखिने घरभित्रै दाइँ गर्न मिल्ने निकै ठूलो घर थियो । १९९० सालको भूकम्पको बेला अरूका सबै घर भत्किएर नष्ट भए तापनि उनीहरूको घर भने भत्किएको थिएन तर २०४५ सालको भूकम्पले भने केही क्षति पुऱ्यायो । जिल्ला सदरमुकाम म्याङ्लुङबाट नजिकै पर्ने सोल्मा कालिमाटी अन्तभन्दा उर्वर ठाउँ हो ।

सोल्माबेंसी र सुङ्नामको बयरबोटे भन्ने ठाउँमा उनीहरूका ठूलाठूला खेत र प्रशस्तै जग्गाजमिन तथा विभिन्न ठाउँमा धनसार पनि थियो । त्यस क्षेत्रकै समथर ठाउँमा उनीहरूको खेतका साथै प्रशस्त बारी तथा फलफूल बगैँचा पनि थियो । उनीहरूको रैकर र किपट/बन्धकी दुवै खाले जग्गाजमिनमध्ये केही बन्धकी जग्गाचाहिँ सम्बन्धित व्यक्तिले उकासिसकेका छन् । उनीहरूको आफ्ना गाईवस्तु चराउन पुग्ने निजी वनसमेत थियो । लुइटेलका हजुरबुबाका पालामा भारतको असममा समेत खेतीपाती र पशुपालन थियो । त्यस क्षेत्रमै गुज्राँती भैँसी उनको घरमा मात्र पालिएको थियो भने गाई र बाखागोठका लागि छुट्टाछुट्टै घरै थिए । उनका घरमा ठूलाठूला भोटे कुकुर र घोडा पालिएको थियो । गाउँमा धुलो उडेको देखेपछि मन्तरे पण्डितका गाईवस्तु चराउन फुकाएको भन्ने सबैले बुझ्थे । उनको घरमा घरमुली, परिवारका अन्य सदस्य र काम गर्नेहरूका लागि बेग्लाबेग्लै खाना पाक्ने गर्थ्यो र घरमा प्रत्येकले निजी भाँडाकुडा प्रयोग गर्ने गर्थे । पछि यो क्रम क्रमशः हट्दै गयो ।

आर्थिक रूपमा सम्पन्न भएर पनि सामाजिक रूपमा समेत लब्धप्रतिष्ठित भएकाले २००७ सालतिर गाउँका सबै घरमा आक्रमण हुँदा उनको घरमा भने आक्रमण भएको थिएन । लुइटेलका हजुरबुबा, काकाहजुरबुबा र बुबाले सोल्मा र सुङ्नाममा पानीको अभाव हुने तल्लो भेगका डोब्किले, मुङ्के, भालुखोप, चितुवाखोर आदि विभिन्न ठाउँका जङ्गलमा गाईवस्तुलाई पानी खान ठूलाठूला आहाल खनिदिएका थिए । उनका बुबाले हजुरबुबाका नाममा विद्यालयको स्थापना गरिदिएका थिए । गाउँमा प्रतिष्ठित परिवार भएकाले पहिले खेतीका समयमा गाउँका सबै मानिसहरू उनकोमा सघाउन आउने गर्दथे । गाउँमा कुनै पनि कुराको निर्णय लिनुपर्दा उनकै हजुरबुबा गौरीशङ्करसँग सल्लाह लिन्थे र उनको सल्लाहलाई नै सबैले अन्तिम निर्णय मान्थे, उनका बुबाले पनि त्यो भूमिका निर्वाह गरे भने अहिले खगेन्द्र पनि आफ्नो निर्णयमा अडिग रहन्छन् ।

२. खगेन्द्रप्रसाद लुइटेलको बारेमा तपाईंलाई थाहा भएका अरू कुराहरू बताइदिनोस् न ।

खगेन्द्र संस्कृतसम्बन्धी राम्रो परम्परा भएको परिवारको व्यक्ति भएकाले उनले पनि संस्कृतको राम्रो अध्ययन गरेका छन् । उनी मेरो भाइपुस्ताका मान्छे हुन् । उनका दुई तिनवटा कुरा बडो स्पष्ट छन् । उनी कुरा नचपाइ बोल्ने साहित्यकार हुन् । मनमा लागेका कुरा निर्भीकतापूर्वक ठाडै भन्नसक्ने व्यक्ति हुन् । त्यो लिम्बूहरूको सङ्गत

र तिनका संस्कृतिको छाप होला । उनी कृति राम्ररी नपढी नलेख्ने समालोचकमा गनिन्छन् । कीर्तिपुरको उनको घरमै हेर्दा पनि खगेन्द्रको जस्तो पढ्ने लेख्ने व्यवस्थित लाइब्रेरी थोरै मात्र प्राध्यापकहरूले बनाएका हुन्छन् । मेरा विभिन्न कार्यक्रममा उनले बोलेका छन् । मैले देख्दा वारपार बोल्ने, भएका कुरालाई स्पष्ट रूपमा प्रस्तुत गर्ने उनका केही निश्चित बानीहरू रहेका छन् । अहिले म सुन्छु खगेन्द्रलाई बाहिरी जगत्मा पनि साहित्यको बारेमा बोल्न अनेक ठाउँबाट निम्ता आउने गर्दछन् र पटकपटक बाहिर पनि जाने गर्दछन् । देशव्यापी रूपमा पूर्वपश्चिम र बाहिरतिर गएका नेपालीहरू माझ आफूलाई एउटा बौद्धिक व्यक्तित्वका रूपमा स्थापित गर्न सफल भएकाले मलाई लाग्छ, नेपाली साहित्यका इनेगिनेका आठ-दस लेखक समालोचकहरूमा लुइटेल पनि पर्दछन् । समग्रमा उनी नेपाली साहित्य र समालोचना क्षेत्रमा स्थापित र प्रतिष्ठित व्यक्ति नै हुन् ।

जो परनिर्भर नभएर आत्मनिर्भर हुन्छ त्यही खरोपन हो । धेरैले प्रस्ट वक्ताभन्दा मिठो बोलेर चाप्लुसी गर्ने मान्छे खोज्छन् । काठमाडौँको संस्कार चैं मीठो बोल्ने र सूर्यमुखी फूलको जस्तो जता पावर छ त्यतै ढल्कने खालको स्वभाव छ तर हामी पूर्वेलीहरूमा त्यस्तो स्वभाव पाइन्न । खरोपन खगेन्द्रमा मात्र होइन पूर्वेलीहरू धेरैजसोमा पाइन्छ । व्यक्तिपिच्छेको मूल्याङ्कन हो । उनको खरोपनभन्दा पनि स्पष्टवादितालाई अरूले पचाउन नसकेका हुन् कि ! म त उनलाई खरोभन्दा पनि प्रष्टवादी निर्भीक व्यक्तिका रूपमा चिन्छु ।

३. तपाईंका विचारमा पछिल्ला पुस्ताका लेखक साहित्यकारहरूले खगेन्द्रप्रसाद लुइटेलबाट सिक्नुपर्ने कुरा के हो ?

खगेन्द्रको मलाई सबैभन्दा मनपर्ने पक्ष भनेको उनको विद्वता नै हो । उनी कसैको दया, माया, सेवरभन्दा आफ्नै मेहनत र कलाको कुचो सुधारक हो । उनमा जुन निरन्तर लेख्ने, पढ्ने, वस्तुपरक ढङ्गले समीक्षात्मक रूपमा कृतिलाई हेर्ने एउटा समालोचक व्यक्तित्व छ, नयाँ पुस्ताका लेखक साहित्यकारहरूले उनबाट सिक्नुपर्ने कुरा पनि नै यही हो । तेरथुम जिल्लाका सबै अभिभावकले आफ्ना सन्तानलाई खगेन्द्रप्रसाद लुइटेलले जस्तै गरी पढ्नुपर्छ भन्ने गर्थे र अहिले पनि त्यसै भन्छन् ।

मान्छे हो समग्रमा सबै खालको स्वभाव हुने गर्दछ । खगेन्द्रमा जुन समग्र बौद्धिकता छ उनका नराम्रा पक्षहरूलाई त्यो बौद्धिकताले ओझेलमा पारिसकेको छ । त्यसैले मलाई उनको सकरात्मक पाटो मात्र हेर्नुपर्छ जस्तो लाग्छ । कोही मान्छे आफ्नो बारेमा गलत भन्यो भनेर रिसाउँछ भने त्यो गणनीय कुरा हैन तर खगेन्द्रलाई किन धेरै मान्छेले बौद्धिक रूपमा जताततै प्रयोग गर्छन् भन्दा उनको प्रखर बौद्धिकता, अध्ययन अनुसन्धान, खोजी, लेखन आदि नै हो । अहिलेको पुस्तामा यति प्रतिभाशाली र अद्भुत क्षमता भएको व्यक्ति अर्को छैन तर यो कुरा कतिपयले बुझेका छैनन् र कतिपयले बुझेर पनि बुझ पचाएका छन् । उनलाई कतिपयले मन नपराउने कारण उनको अद्भुत प्रतिभा र विराट व्यक्तित्वप्रतिको ईर्ष्या हो । तेरथुमजस्तो दुर्गम पहाडी जिल्लाको एउटा गाउँको सामान्य परिवारबाट आएको एउटा व्यक्ति त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागको प्राध्यापक र नेपाली समालोचनाका क्षेत्रमा किन प्रख्यात भए त भन्दा उनको क्षमता, खुवी, बौद्धिकता, निरन्तरता र तटस्थता पनि त होला नि । उनको विद्वताबाट धेरैले धेरै कुरा सिक्न सक्नुपर्छ ।

परिशिष्ट-ण

साहित्यकार तथा पूर्वप्रहरी निरीक्षक हरिभक्त बुढाथोकीसँग लिइएको अन्तर्वार्ता

१. खगेन्द्रप्रसाद लुइटेल र तपाईं एउटै जिल्लाको मान्छे, तपाईंहरूको चिनजान र सम्पर्कबारे बताइदिनोस् न ।

हामी एउटै जिल्लाका मान्छे भए पनि चिनजान धेरै पछि काठमाडौँमा भएको हो । तेरथुम सदरमुकाममा आगलागी भएको बेला त्यहाँका लागि केही सहयोग जुटाऊँ भनेर हामीले ल क्याम्पसमा एउटा सानो मिटिङ राखेका थियौँ । त्यहाँ बोल्दै जाने क्रममा खगेन्द्र लुइटेल सर पनि बोल्नुभयो । सानोसानो केटो तर बोल्न चैँ एकदमै मिलाएर राम्रोसँग बोल्ने, त्यही बोलीबाटै प्रभावित बनेर मैले बोलाएर घर कहाँ हो ? कहाँ पढ्छौ भनी सोधेँ । उहाँ त डा. पो हुनुहुँदोरहेछ । हाम्रो त्यहीँ चिनजान भयो र विस्तारै हामी बीच घनिष्टता बढ्दै गएको छ । मेरी छोरी कमला सरूपको **सम्झौताको मोड**मा पुस्तकको भूमिका सरले नै लेख्नुभएको थियो तर त्यतिबेला सरसँग मेरो चिनजान थिएन । मैले सरलाई पहिलोपल्ट त्यही मिटिङमै चिनेको हुँ । त्यसपछि बेलाबेलामा हाम्रो भेट भइरहन्छ, कुरा मिल्छ । हामी एकैठाउँका मानिस पनि हौँ । उहाँले मलाई आदर गर्नुहुन्छ । म पनि उहाँलाई उमेरका नाताले माया र विद्वताका नाताले सम्मान गर्छु ।

२. तपाईंले चारवटा साहित्यिक कृतिको भूमिका खगेन्द्रप्रसाद लुइटेललाई नै लेखाउनु भएको रहेछ । यसको केही कारण छ कि ?

उहाँले वास्तवमा वस्तुगत र यथार्थ लेख्नुहुन्छ । राम्रो छ भने राम्रो र नराम्रो छ भने नराम्रो नै भन्नुहुन्छ । कसैको सस्तो प्रशंसा गर्नुहुन्न । वहाँमा कसैलाई पनि नफुर्क्याउने स्वभाव रहेको र सम्बन्धित विषयको विज्ञ भएकोले गर्दा उहाँसँग भेट भएपछिका मेरा प्रकाशित सबै साहित्यिक कृतिको भूमिका उहाँलाई नै लेखाएको हुँ ।

३. खगेन्द्रप्रसाद लुइटेलको बानीव्यवहारबारे बताइदिनोस् न ।

उहाँ स्पष्ट वक्ता हुनुहुन्छ । जुन विद्वता आफूसँग त्यो अरूलाई पनि बाँड्नुहुन्छ । सहयोगी हुनुहुन्छ । उहाँ आफूमा जति खँदिलो हुनुहुन्छ त्यो गर्व गर्न लायक छ र अरूले हेप्दा हेपिनुहुन्न । कुनै लडेको छ भने त्यसलाई उठाउने, अन्धकारमा परेकोलाई प्रकाशमा ल्याउने कामका साथै सांस्कृतिक, पुरातात्त्विक, साहित्यिक आदि पुराना कुराहरूलाई जसरी भए पनि खोजेर प्रकाशमा ल्याउने जुन उहाँको निस्वार्थ भावनाको काम गराई छ । मलाई उहाँको मनपर्ने बानी त्यो पनि हो । म पनि एउटा ओझेलमा परेको मान्छे मेरो साहित्यिक प्रतिभालाई पनि उहाँले नै खोज्नुभएको हो । अरूलाई बिगार्रौं, अरूभन्दा ममाथि पुगौँ मभन्दा माथि कोही जान नपाओस् भन्ने स्वार्थी भावना उहाँमा छैन । बाँडेर खाऊँ भन्ने भावना रहेको छ । **लोकवार्ताविज्ञान र लोकसाहित्य** पुस्तकको लागि मैले भगवती बुढाथोकी पुरस्कार उहाँलाई दिन खोजेको थिएँ । मैले यो पुरस्कार तपाईंलाई दिन्छु भन्दा उहाँले नै मलाई मात्र हैन यो पुरस्कार मोहनराज शर्मालाई पनि दिनुपर्छ भनेकोले उहाँकै सिफारिसमा त्यो पुरस्कार दुईजनालाई दिइएको हो । यो एउटा उदाहरण मात्र हो । मेरो आफ्नो ठाउँको मलाई आदर गर्ने मान्छे भनेर मैले प्रशंसा गरेको होइन । समयको सारै व्यवस्थापन गर्नसक्ने, जोसुकैसँग मिल्नसक्ने, आर्थिक लोभ नगर्ने र अर्कालाई सहयोग गर्ने जुन निस्वार्थी भावनाको काम गराइ छ मलाई उहाँको सबैभन्दा मनपर्ने बानी पनि त्यही नै हो ।

३. खगेन्द्रप्रसाद लुइटेलको व्यक्तित्वबारे बताइदिनोस् न ।

लुइटेल सर निर्भीक व्यक्ति हुनुहुन्छ । स्पष्टवादी हुनुहुन्छ र खरो पनि हुनुहुन्छ । आफूमा जुन गर्व र आत्मविश्वास छ जसले गर्दा उहाँ आफू पनि गल्ती गर्नुहुन्न, अरूका गल्ती कमजोरी पनि स्वीकार्नुहुन्न र अरूसँग

पनि डराउनुहुन्न । नेपालमा मात्र नभएर विदेशमा जाँदा पनि कसैलाई फुर्क्याउनुहुन्न । गजबसँगले गाली गर्नुहुन्छ । राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो नै भन्नुहुन्छ । त्यसो भन्नु कमजोरी सुधार्नु पनि त हो ।

हामीले यु.के.भ्रमण सँगै गरेका हौँ । उहाँले त्यहाँ गएर आफ्नो उचाइ थाहा पाउनुभयो । आफू, आफ्ना कृति र लेखहरूलाई अरूले कस्तो मान्दा रहेछन् भन्नेकुरा वहाँलाई थाहा भयो । त्यसपछि उहाँ अमेरिकाका विभिन्न साहित्यिक कार्यक्रमहरूमा जानुभयो । उहाँलाई वास्तवमा पहिले विभिन्न देश विदेशका कार्यक्रममा जान रहर थियो, त्यसपछि कर लाग्यो । विभिन्न ठाउँका साहित्य, संस्कृतिबारे थाहा पाइसक्नुभयो । अब उहाँलाई डर लागेको छ किनकि कसले कहिले बोलाउने हुन् म भ्याउँदिन कि नबोलाए पनि हुन्थ्यो जस्तो भएको छ । उहाँले संसार भ्रमण गर्न, जतातै कार्यपत्र प्रस्तुत गर्न, अनेक व्यक्तिका पुस्तकमा भूमिका लेख्न, देशविदेशका पाठ्यक्रम र पाठ्यपुस्तक बनाउन, अनेक कार्यक्रममा प्रमुख अतिथि र प्रमुख वक्ता भएर भाषण गर्न, पुराना कृतिको अनुसन्धान गर्न, विश्वविद्यालयमा पढाउन जतातै भ्याएको देख्दा आश्चर्य लाग्छ । यति धेरै काम गर्नसक्ने मान्छे मैले अरू देखेको छैन ।

४. खगेन्द्रप्रसाद लुइटेलको स्पष्टवादी र खरोपनलाई तपाईंले कस्तो रूपमा लिनुभएको छ ?

लुइटेल सर आफूभन्दा सिनियर जुनियर सबैसँग स्पष्ट र खरो ढङ्गले तर्क गर्नुहुन्छ र सबैका गल्ती कमजोरी औँल्याइदिनुहुन्छ । जसको जेजस्तो स्वभाव छ त्यसैलाई कायम राख्दा पनि नराम्रोचाहिँ हुँदैन, जस्तो पूर्वआई.जी.पी. खड्गजीत बराल हुनुहुन्छ नि, उहाँ जहिल्यै बाघजस्तो बन्नुभयो । कसैसँग डराउनुहुन्नथ्यो । त्यही भएर पनि नेपालको इतिहासमा हालसम्मका निष्कलङ्क र खरो स्वभावको आई.जी. पी. उहाँ नै हुनुहुन्छ । लुइटेल सर पनि त्यस्तै निष्कलङ्क र खरो स्वभावको हुनुहुन्छ त्यसकारण पनि त्यो खरोपनलाई सकरात्मक रूपमै लिनुपर्छ । त्यो उहाँको छुट्टै पहिचान हो ।